॥ शंका-समाधान ॥

स्वामी श्री अड़गड़ानन्दजी

NEPALI

॥ शंका-समाधान ॥

स्वामी श्री अड़गड़ानन्दजी

।। ॐ नमः सद्गुरुदेवाय ।।

शंका-समाधान

संकलनकर्ता एवं व्याख्याकार :

परमपूज्य श्री परमहंसज्यूको कृपा-प्रसाद

स्वामी श्री अड़गड़ानन्दजी

श्री परमहंस आश्रम शक्तेषगढ़

ग्राम-पत्रालय - शक्तेषगढ़, जिला-मीरजापुर

उत्तर प्रदेश, भारत - फोन - (०५४४३) २३८०४०

प्रकाशक :

श्री परमहंस स्वामी अड़गड़ानन्दजी आश्रम ट्रस्ट

न्यू अपोलो एस्टेट, गाला नं 5, मोगरा लेन (रेलवे सबवे के पास), अंधेरी (पूर्व), मुम्बई - 400069

फोन - (022) 28255300 • ई-मेल - contact@yatharthgeeta.com • वेबसाइट - www.yatharthgeeta.com

अनन्तश्री विभूषित,

योगिराज, युग पितामह

परमपूज्य श्री स्वामी परमानन्द जी

श्री परमहंस आश्रम अनुसुइया

(चित्रकूट)को

परम पावन चरणमा सादर समर्पित

अन्तःप्रेरणा

गुरु-वन्दना

।। ॐ श्री सद्गुरुदेव भगवान् की जय ।।

जय सद्गुरुदेवं, परमानन्दं, अमर शरीरं अविकारी।।
निर्गुण निर्मूलं, धरि स्थूलं, काटन शूलं भवभारी।।

सूरत निज सोहं, कलिमल खोहं, जनमन मोहन छविभारी।।
अमरापुर वासी, सब सुख राशी, सदा एकरस निर्विकारी।।

अनुभव गम्भीरा, मति के धीरा, अलख फकीरा अवतारी।।
योगी अद्वैष्टा, त्रिकाल द्रष्टा, केवल पद आनन्दकारी।।

चित्रकूटहिं आयो, अद्वैत लखायो, अनुसुइया आसन मारी।।
श्री परमहंस स्वामी, अन्तर्यामी, हैं बड़नामी संसारी।।

हंसन हितकारी, जग पगुधारी, गर्व प्रहारी उपकारी।।
सत्-पंथ चलायो, भरम मिटायो, रूप लखायो करतारी।।

यह शिष्य है तेरो, करत निहोरो, मोपर हेरो प्रणधारी।।
जय सद्गुरु.....भारी।।

।। ॐ ।।



श्री श्री १००८ श्री स्वामी परमानन्दजी महाराज (परमहंसजी)
जन्मः शुभ सम्वत् विक्रम १९६९ (१९११ ई.)
महाप्रयाण ज्येष्ठ शुक्ल ७, २०२६, दिनांक २३/०५/१९६९ ई.
परमहंस आश्रम अनुसुइया, चित्रकूट



श्री स्वामी अड़गड़ानन्द जी महाराज

दर्शन

बन्धुहरू हो!

परम आदरणीय, परमपूज्य, श्रद्धेय श्री परमानन्दजी महाराजको जीवनी **'जीवनादर्श एवं आत्मानुभूति'**को माध्यमबाट ज्ञात भयो होला कि श्री परमहंसजी विरह–वैराग्यले पूर्ण साधनामा सधैं अनुरक्त एउटा महापुरुष हुनुहुन्थ्यो। इष्टको आकाशवाणिहरूको आधारमा चित्रकूट स्थित अनुसुइयाको घोर वनमा वहाँको पदार्पण त्यो ताका भयो जब भारतको स्वतन्त्रताको कुराकानी अत्यधिक मात्रामा भैरहेको थियो। वहाँले यहाँ आएर बसेपछि भन्नुभयो, "हो, नेहरु राजा हुनेछ। दिल्लीको भरिभराउ दरबारमा मैले उनलाई राजतिलक गरेर आएको छु। मलाई भगवान्ले देखाउनुभएको छ। त्यो नै हुनेछ।" केही दिनपछि सुनियो कि स्वतन्त्रता प्राप्त भयो र नेहरुजी भारतको प्रधानमन्त्री नियुक्त भए।

अनुसुइयामा वहाँको निवास उपवासबाट आरम्भ भयो। चौधौं दिन अत्यधिक गर्मीको कारण लघुशंकामा रगत–जस्तो केहि देखा पऱ्यो, तब वहाँलाई अलिकति करुणा भएर आयो। भगवान्संग भन्न थाल्नु– घोर जंगलमा ल्याएर फ्याँकि दिएका छौं? न त खानेको कुनै व्यवस्था छ र न कुनै सेवक! शरीर नै रहेन भने भजन कसले गर्छ? त्यस दिनदेखि नै आगन्तुकहरू आउन थाले, आकाशवृत्तीय व्यवस्था चल्न थाल्यो। न खेती थियो न कुनै सेठ–साहूकारबाट निश्चित वृत्ति, न कुनै मन्दिर र न वाटिका! मात्र एउटा खप्पर र उपवासबाट आरम्भ भएको वहाँको निवास केही समयपछि नै सुव्यवस्थित आश्रममा परिणत भयो। यो नै सती अनुसुइयाको स्थान प्रथम आश्रम हो।

विस्तारै–विस्तारै विरक्त शिष्य प्रवेश गर्न थाले। पूज्य स्वामी श्री सच्चिदानन्द जी महाराज, पूज्य स्वामी श्री अखण्डानन्द जी महाराज, अनुसुइया आश्रम स्थित पूज्य स्वामी श्री भगवानानन्द जी महाराज, स्वामी श्री शिवानन्द जी, स्वामी श्री रामानन्द जी, स्वामी श्री स्वयमानन्द इत्यादि आठ–दस जना प्रतिभावान् शिष्यहरू वहाँको प्रतिबिम्ब बनेर निस्किनु भयो र वहाँको ब्रह्मविद्याको आलोकमा आजको साधक समाजलाई मार्गदर्शन गरिराख्नु भएको छ।

श्री परमहंसजीको लीला–संवरणपछि यी शिष्यहरूमध्ये प्रथम प्रवेश र उत्कट भक्तिको प्रभावले स्वामी श्री सच्चिदानन्द जी महाराज सर्वश्रेष्ठ हुनुहुन्छ, जसको प्रेरणा, निर्देशन र देखरेखमा यी पुस्तक–पुस्तिकाहरूका माध्यमबाट समाजमा व्याप्त विखण्डनको मूलमा रहेका भ्रान्तिहरूको उन्मूलनको लागि यो प्रयास गरिएको हो, जसले गर्दा तपाईंहरू लोकमा सम्वृद्धि र अनन्त आनन्दको भागीदार बन्न सकोस्। यी पुस्तकहरूलाई यथाशीघ्र तपाईंहरूको हातमा पुऱ्याउने प्रयास गरिने छ।

हाल पूज्य स्वामीजीको संरक्षणमा बीस–पच्चीसवटा आश्रमहरू छन्, जसमा सेवा–साधना तथा सतत् चिन्तनमा प्रवृत्त दुई–साढ़े दुई सय विरक्त शिष्यहरू तथा हजारौं अनन्य सेवकहरू छन् र समाजमा श्रद्धालु भक्तहरू छन्। यी सबैमाथी र सबै आश्रममाथी वहाँले अन्तःप्रेरणाद्वारा कृपा प्रदान गरी रहनु हुन्छ।

वहाँको मूल निवास धारकुण्डी हो। 'सर्वसुखाय सर्वहिताय' अनेकौं रचनात्मक कार्यक्रमहरू श्री परमहंस आश्रम, धारकुण्डी, सतना, मध्यप्रदेशको तपस्थलीबाट प्रसारित भई नै रहेको हुन्छ; तर दायित्वबोध प्रति सतर्क न रहने कारणले गर्दा हामीहरूले यसको सम्पूर्ण लाभ उठाउन सक्दैनौ, किनकी '**श्रद्धावाँल्लभते ज्ञानं तत्परः संयतेन्द्रियः।**'– जो श्रद्धावान छ, तत्पर छ, संयतेन्द्रिय छ– यस्तो पुरुषले नै त्यसलाई प्राप्त गर्दछ। कृपया श्रद्धाले परमपूज्य गुरुदेवको कृपा–प्रसादबाट प्राप्त यी वाणिहरूको अध्ययन, मनन, चिन्तन गर्नुहोस्। प्रश्न र सुझावको लागि तपाईं र तपाईंको सुझावहरूको सधैं स्वागत छ।

निवेदक :

स्वामी अड़गड़ानन्द

दुई शब्द

प्रश्न त विश्वभरिको छ तर त्यसको कथानक भारतीय छ। केही धार्मिक प्रश्न आफ्नो स्वरूपबाट हटिसकेका छन्। कल्याणप्रद अनेकौं प्रश्नहरू आफ्नो आशयबाट टाढा भएर अन्धविश्वासहरूको स्रष्टा बनेका छन्। उदाहरणको लागि युग योगपथका क्रमोन्नत सिढ़ी हो, अन्तःकरणका अवस्थाहरू हुन्, जसलाई मानिसहरूले काल–गणनाको इकाईको रूपमा प्रयोग गरेका छन्। व्यवस्थाहरूमा यौगिक नामकरणको औचित्य त छ, तर त्यसको मूल आशयमाथी आवरण हाल्नु के उचित छ?

यसै प्रकार अहिंसाको सन्दर्भमा समाजमा भ्रामक धारणाहरू छन्। योग–साधनाका आठ अंगहरू छन्– यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि; जसमा यमका पाँच विभाग– अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह हुन्। अतः अहिंसा योगमा प्रवेश गरिसकेपछि मात्र शुरू हुन्छ; तर समाजमा मुसा मार्‍यो भने गाई दान दिनुपर्छ, विरालो मार्‍यो भने सुनको विरालो दान दिनुपर्छ भन्ने भ्रामक धारणा छ। जीव–जन्तु, लामखुटे, कमिलासम्मको हत्यामा हिंसा–अहिंसाको प्रश्न समाहित गरिदियो। करोडौं भगवान्, देवी–देवताहरूको आकर्षणमा मान्छेहरूले निर्णय नै गर्न सक्दैनन् कि भजन कसको गर्ने? पार कसले लगाउँछ? एउटा परमात्मालाई छोड़ेर गाईको पुच्छर समातेर परमधामको यात्रा गर्दै गरेको भारतमा मानिसहरू देखा पर्दछन्। शास्त्रको नाममा देवी–देवताहरूको स्तुति, चालीसा पाठ गरिहालौं, भैहाल्यो शास्त्रको पाठ!

यस्ता अनेकौं प्रश्नहरूको समाधानको लागि श्री परमहंस आश्रमबाट द्वादश लघु पुस्तिकाहरूको प्रसारण भएको थियो। प्रत्येक पुस्तिकाले भजनको विषयमा एउटै निर्देशन प्रस्तुत गर्दछे। सुविधाको दृष्टिले समय–समयमा प्रकाशित यी पुस्तिकाहरूलाई एउटा लघुपुस्तकको रूप दिइदै छ। सामाजिक विखण्डनको उन्मूलन तथा धार्मिक भ्रान्तिहरूको निवारणको लागि यसको अनुशीलन गर्नुस्।

– आश्रमको सौजन्यबाट

शास्त्र-सार

* सम्पूर्ण सृष्टिमा धर्म एउटै हो– अमृत–तत्वको प्राप्ति, सधैं रहि रहने शाश्वत शान्ति, अनन्त सुख र त्यसको आरम्भ छ परमात्मामा श्रद्धा।
* सत्य एकमात्र परमात्मा हो। जसले यस सत्यलाई बलियो बनाउदैन, त्यो धर्म होइन् । यदि धर्ममा यो सच्चाई छैन भने जीवन पनि निरर्थक भएर जान्छ।
* जुन व्यक्तिले एक परमात्मामा श्रद्धा र ॐ अथवा राम अथवा जुन त्यस परमात्माको परिचायक हो, यस्तो कुनै एउटा नामको स्मरण गर्दछ ऊ धर्मलाई न जान्ने पनि शुद्ध धार्मिक हो।
* जुन शाश्वत छ, अपरिवर्तनशील छ, सनातन छ, त्यो धर्म हो र जुन आज छ तर भोली रहने छैन, नश्वर छ त्यो अधर्म हो।
* विश्वमा धर्म एउटै छ। शाश्वत एकमात्र परमात्मालाई प्राप्त गर्ने यत्न नै धर्म हो। परमात्मा पनि यदि दुइवटा छन् भने उसको लागि अर्को सृष्टि चाहिन्छ, उसलाई व्याप्त हुनको लागि, बस्नको लागि।

हमारे प्रकाशन

पुस्तकें	भाषाएँ
यथार्थ गीता ❖ *भारतीय भाषायें*	हिन्दी, मराठी, पंजाबी, गुजराती, उर्दू, संस्कृत, उड़िया, बंगला, तमिल, तेलगू, मलयालम, कन्नड़, आसामी, सिन्धी।
❖ *विदेशी भाषायें*	अंग्रेजी, जर्मन, फ्रेंच, नेपाली, स्पेनीश, फारसी, नार्वेजीयन, चायनीज, डच, इटालियन, रूसी।
शंका समाधान	हिन्दी, मराठी, गुजराती, नेपाली, अंग्रेजी।
जीवनादर्श एवं आत्मानुभूति	हिन्दी, मराठी, गुजराती, अंग्रेजी।
अंग क्यों फड़कते हैं? क्या कहते हैं?	हिन्दी, अंग्रेजी, गुजराती, जर्मन।
अनछुए प्रश्न	हिन्दी, मराठी, गुजराती।
एकलव्य का अंगूठा	हिन्दी, मराठी, गुजराती।
भजन किसका करें?	हिन्दी, मराठी, गुजराती, जर्मन, बंगला, नेपाली, अंग्रेजी।
योगशास्त्रीय प्राणायाम	हिन्दी, मराठी, गुजराती।
षोडशोपचार पूजन-पद्धति	हिन्दी, मराठी, गुजराती।
योगदर्शन-प्रत्यक्षानुभूत व्याख्या	हिन्दी, गुजराती, संस्कृत।
ग्लोरिस् ऑफ योगा	अंग्रेजी।
प्रश्न समाज के- उत्तर गीता से	हिन्दी।
बारहमासी	हिन्दी।
अहिंसा का स्वरूप	हिन्दी, मराठी।
ऑडियो कैसेट्स	
यथार्थ गीता	हिन्दी, गुजराती, मराठी, अंग्रेजी।
अमृतवाणी (श्री स्वामीजी के मुखारविन्द से निःसृत अमृतवाणियों का संकलन वाल्यूम १ से ५५ तक।)	हिन्दी।
गुरुवंदना (आरती)	
ऑडियो सिडिज् (MP3)	
यथार्थ गीता	हिन्दी, गुजराती, मराठी, अंग्रेजी, जर्मन, बंगला।
अमृतवाणी	हिन्दी।

© सर्वाधिकार-लेखक

उपरोक्त पुस्तकों का कोई भी अंश प्रकाशन, रिकार्डिंग, प्रतिलिपि प्रकाशन तथा संशोधन बिना लेखक की अनुमति के वर्जित है।

अनुसूची विषय

सि. नं.	विषय	पृष्ठ संख्या
१.	वेदान्त	१
२.	भजन कसको गर्ने	५
३.	कर्मकाण्ड	३९
४.	यज्ञ (हवन)	४९
५.	ब्रह्मचर्य	६३
६	गायत्री	६७
७.	युग–धर्म	७३
८.	अहिंसा	८७
९.	पाप र पुण्य	११७
१०.	सनातन धर्म	१४५
११.	वर्ण–व्यवस्था	१८५
१२.	विप्र– एक स्थिति	२११
१३.	आर्य	२४७
१४.	गोरक्षा	२५७
१५.	सती	३०९
१६.	अवतारको अनन्त विधान	
	कबीर र अवतार	३४५
	कच्छपावतार : सागर–मन्थन	३४७
	मत्स्यावतार	३९६
	बराह अवतार	४०३

सि. नं.	विषय	पृष्ठ संख्या
	नरसिंह (नृसिंह) अवतार	४०५
	अजामिल उद्धार	४०८
	गजराजको उद्धार	४०९
	अवतारको विस्तृत दर्शन	
	१. महापुरुष	४१२
	२. श्रीकृष्ण परिचय	४१५
	३. श्रीकृष्णको शब्दहरूमा अवतार	४२५
	उपसंहार	४२९
	प्रश्न	४३१
१७.	अस्तिकताको नाममा.....	४३३
१८.	वेदहरूको नाममा.....	४७५
१९.	दान	५१४
२०.	पूज्य श्री स्वामीजी द्वारा विरचित साधनापरक दोहाहरू 'ज्ञान-गंगा'	५२९

वेदान्त

एउटा भाविकको प्रश्न

प्रश्न- ***महाराजजी! भारतीय मनीषिहरूले वेदान्तको धेरै महिमा बताएका छन्। कृपया स्पष्ट गरी बनिसयोस् कि वेदान्त के हो?***

उत्तर- परमात्माको शोधको विधिको परिणाम वेदान्त हो। भारतको सम्पूर्ण आदिसत्य यो नै हो। पछिका महापुरुषहरूले क्षेत्रीय र राष्ट्रीय भाषाहरूमा यसै सत्यलाई दृढाएका छन्, तर वेदान्त उत्तर-मीमांसा अथवा ब्रह्मसूत्रको नामले प्रचलित कुनै दार्शनिक पुस्तक होइन। वेदान्त नाम 'श्रीमद्भगवद्-गीता'को हो।

स्वामी विवेकानन्दजीले विश्वभरि जताततै वेदान्त सोसाइटीको स्थापना गरी त्यहाँ आफ्ना गुरुभाईहरूलाई नियुक्त गरेर निर्देश दिनुभयो कि यहाँ गीता-पाठ र त्यसको उपदेश हुन पर्छ, अरू कुनै पनि भारतीय दर्शन पढ्न सकिन्छ। भारत आएपछि आफ्नो वेलूर मठमा वहाँले आफ्ना गुरुभाईहरूलाई आफू स्वयंले गीता र उपनिषद् पढाउने गर्नु हुन्थ्यो; किनकि उपनिषद्हरूका सारांश गीता हो। वेदको अर्थ हो जानकारी। त्यस अविदित तत्त्वलाई विदित गर्ने सम्पूर्ण विधि गीता हो, त्यसैले गीता नै वेदान्त हो। गीतामा भगवान श्रीकृष्ण भन्नुहुन्छ कि-

सर्वस्य चाहं हृदि सन्निविष्टो
मत्तः स्मृतिर्ज्ञानमपोहनं च।
वेदैश्च सर्वैरहमेववेद्यो
वेदान्तकृद्वेदविदेव चाहम्।। (१५/१५)

अर्जुन! म नै सबै प्राणीहरूको हृदयमा निवास गर्दछ। मबाट नै स्व-स्वरूपको स्मृति, सम्पूर्ण ज्ञान र अपोहन अर्थात् बाधाहरूको नाश हुन्छ। सबै वेदहरूद्वारा मलाई नै जानिन्छ र म नै वेदान्त अर्थात् वेदको अन्तिम स्थितिको

कर्ता हूँ। त्यो परमतत्त्वको जानकारी भएपछि जब जानने योग्य कुनै सत्ता नै बाँकी रहेन, त्यहाँ वेदको पनि अन्त भई हाल्छ, त्यसैको नाम हो विशुद्ध वेदान्त। यो एउटा स्थिति हो। वेदान्त साधनाको परिणाम हो। यसैको नाम मुक्ति हो। यो नै कैवल्य ज्ञान हो।

भगवान्ले श्रीमद्भगवद्गीतामा वेदान्तमाथी धेरै जोर दिनुभएको छ–

वेदाहं समतीतानि वर्तमानानि चार्जुन।

भविष्याणि च भूतानि मां तु वेद न कश्चन।। (७/२६)

अर्जुन! भूत, भविष्य र वर्तमान तीनवटैलाई म जान्दछु; तर मलाई कसैले पनि जान्दैन। किन जान्न पाउँदैन? यसमाथी भन्नुहुन्छ–

इच्छाद्वेषसमुत्थेन द्वन्द्वमोहेन भारत।

सर्वभूतानि सम्मोहं सर्गे यान्ति परन्तप।। (७/२७)

इच्छा, द्वेष अर्थात् राग र द्वेषका द्वन्द्वले गर्दा प्राणीहरू अत्यन्त अज्ञानलाई प्राप्त गरी रहेका छन्, त्यसैले मलाई जान्दैन्न । त्यसो भए के कोही जान्न पाउने छैन? यसमाथी भन्नुहुन्छ–

येषां त्वन्तगतं पाप जनानां पुण्यकर्मणाम् ।

ते द्वन्द्वमोहनिर्मुक्ता भजन्ते मां दृढव्रताः।। (७/२८)

तर पुण्यकर्म (जसले तपाईंलाई पूर्णत्व प्रदान गर्दछ जसलाई नियत कर्म, यज्ञार्थ कर्म, तदर्थ कर्म, मदर्थ कर्म, कार्यम् कर्म, यज्ञको प्रक्रिया भनेर बुझाइयो त्यस कर्मलाई) जसले गर्दछ, व्रतमा दृढ़ भएर जसले सधैं भज्दछन्, उनीहरू सम्पूर्ण पापहरूबाट मुक्त हुन जान्छन्। जरा–मृत्युबाट छुटकारा पाउनको लागि जसले सधैं अभ्यास गर्दछन्, उनीहरूले सम्पूर्ण ब्रह्मलाई जान्दछन्, सम्पूर्ण अध्यात्म, सम्पूर्ण कर्म, अधिभूत, अधिदैव र अधियज्ञ समेत मलाई जान्दछन् र त्यस अवस्थाबाट फेरि कहिले पनि विचलित न भइकन सधैं रहि रहने धाम र शान्तिलाई प्राप्त गर्दछन्। यहाँ वेद जुन जानकारीमा आयो र वेदको पनि अन्त अर्थात् सहज स्वरूपमा स्थिति वेदान्त हो। वेदान्त परिणाम हो। यसरी वेदान्त एउटा साधना हो, क्रियाजन्य हो, जसको परिणाममा ब्रह्मको प्रत्यक्ष दर्शन र सधैंको लागि त्यसै स्वरूपमा स्थिति पाउँछ।

समय बितेपछि मानिसहरूले वेदान्तलाई वाद–विवादको साधन बनाए र दार्शनिक मतहरूका खण्डन–मण्डनलाई नै वेदान्तको संज्ञा दिए। भन्न थाले– "म ब्रह्म छु, आत्मा छु"; तर वास्तविक वेदान्त परिणाम हो, साधनजन्य हो। भगवान भन्नुहुन्छ कि साधनाको परिणाममा त्यस वेदान्तको अवस्थालाई प्राप्त गरेको साधकले सम्पूर्ण ब्रह्म (अब केही पनि जान्न बाँकी रहेन), सम्पूर्ण कर्म (अब गर्ने लायक केही पनि बाँकी रहेन), सम्पूर्ण अध्यात्म (प्रत्येक काम आत्माको आधिपत्यमा हुन लागोस्) र अधियज्ञ सहित मलाई जान्दछन्। मलाई जानेर मभित्र स्थित हुनजान्छ। स्थिति प्राप्ति पछि कर्म गरेर त्यो महापुरुषलाई न कुनै लाभ हुन्छ, न त कर्म छोड़नाले त्यसको कुनै हानि नै हुन्छ, न त प्राप्त गर्ने योग्य कुनै वस्तु अप्राप्त नै हुन्छ, तापनि यस्तो महापुरुषले लोकहितको लागि कर्म गर्दछ। आफ्नो लागि वहाँको कुनै प्रयोजन छैन। यस्ता महापुरुषहरू सद्गुरु हुन्छन्।

भगवान् श्रीकृष्णको भनाई छ– "अर्जुन! हामी दुई जनाको यो संवाद (गीता)लाई जसले यी भौंतारिएका भक्तहरूलाई भन्ने छ, प्रसारित गर्नेछ, त्यो जस्तो मेरो प्रिय कार्य गर्ने अरू कोही पनि छैन। सुनेर जसले पालन गर्छ उसले मलाई प्राप्त गर्दछ। जसले मात्र सुन्ने छ, त्यसले पनि उत्तम लोक प्राप्त गर्नेछ। अर्जुन! अहंकारवश यदि तिमीले सुनेनौ भने जरा–मूलदेखि नै विनष्ट हुनेछौ।" अर्थात् मोक्षको अरू कुनै बाटो छैन।

अतः भारतमा अनादिकाल देखि हुँदै आएको छ, विशुद्ध वेदान्त शास्त्र, परमात्माको श्रीमुखको सोझो गायन 'श्रीमद्भगवद्गीता' नै विशुद्ध वेदान्त हो। वेदको प्राण अनेकौं उपनिषद्हरू यसैको विस्तार हुन्। यसको अनुशीलन गरेर आचरणमा ढाल्नुस् र अमरकृति प्राप्त गर्नुस् ।

अब संस्कृत लोक प्रचलित भाषा रहेन। अतः गीतालाई यथावत् बुझ्नको लागि कि धर्म के हो? सत्य के हो? कर्म के हो? वर्ण के हो? कर्म गर्ने अधिकार कसलाई छ? भजन कसको र कसरी गर्ने?– यी सबै शंकाहरूका समाधानको लागि 'श्रीमद्भगवद्गीता'को भाष्य 'यथार्थ गीता'लाई तीन–चार पल्ट आवश्य पढ्नु होस्। यसैको प्रकाशमा तपाईंले विशुद्ध वेदान्तलाई प्राप्त गर्न सक्षम हुनु हुनेछ।

विवेकानन्दजीको मान्यता थियो कि सुकेको वेदान्त साधना हराई सकेको छ। यो नै कारण थियो कि वेदान्त सोसाइटीको स्थापना गरेपछि पनि वहाँले ब्रह्मसूत्रको नामले प्रचलित दर्शन–ग्रन्थको नामसम्म पनि लिख्नु भएन मात्र गीताको प्रशंसा गर्नुभयो र कतै–कतै त्यससंग संदर्भित उपनिषद्हरूलाई अनुशीलन गर्ने सल्लाह दिनुभयो।

।। ॐ ।।

प्रश्न– महाराजजी! के घरमा भजन हुन सक्दैन?

उत्तर– घरमा पुण्य र पुरुषार्थलाई बढाउन सकिन्छ तर त्यस भजनले निवृत्ति पाउन सकिंदैन। सेवा, भजन त्यतिकै लगनले गरी राख्नु पर्दछ, जबसम्म त्यसको कुनै निर्धारित सीमा प्राप्त न होस् । त्यस सीमापछि नै भगवान आफैले घर छुटाई दिनु हुनेछ। आज हामीले सोच्दछौं कि घर छोड्न असंभव छ तर इष्टदेव अनुकूल भएपछि सबै थोक सुलभ हुन जान्छ।

–'**जीवनादर्श एवं आत्मानुभूति**'बाट उद्धृत

भजन कसको गर्ने?

सत्यको अभाव छैन, त्यसलाई मेटिन सकिंदैन।
द्रष्टव्य छ कि सत्य के हो।

महाकुम्भको अवसरमा चण्डीद्वीप (हरिद्वार)मा मिति १०-०४-१९८६को जनसभामा स्वामी श्री अड़गड़ानन्दजीको प्रवचन।

बन्धुहरू हो!

सागर-मंथनको परिणामबाट निस्किएको अमृतघटको केही अंश यिनै स्थलहरूमा छल्किएको थियो, जहाँ कुम्भमेलाहरूको आयोजनहरूको इतिहास छ। त्यो अमृत-तत्त्वको शोधको विधि थाहा पाउनको लागि यी आयोजनहरू हुने गर्दछन्। यस्तो होइन कि मेलामा आयो, स्नान गऱ्यो, दृश्यहरू हेरियो र फर्कियो। धर्मको विषयमा, इष्टको विषयमा, आफ्नो कल्याणको बाटोमा हाम्रा जुन भ्रान्तिहरू छन् त्यसलाई मेटाउनको लागि यी कुम्भमेलाहरू लाग्दछन्। आज गीता र अरू योगशास्त्रहरू अनुसार एक परमात्मा र त्यसको प्राप्तिको एउटा निर्धारित क्रियाको ठाउँमा असंख्य पूजा-पद्धतिहरू प्रचलनमा छन्। कसैले भन्छ- गाई धर्म हो, कसैले भन्छ- पीपल धर्म हो तथा कसैले वर्ण-व्यवस्था र कसैले आश्रमको महत्त्व बताउँछ। अतः 'सनातन धर्म के हो?'- भन्ने प्रश्न अल्झिदै गइरहेको छ। आजको प्रश्न पनि यस्तो नै छ कि इष्ट के हो? भजन कसको गर्ने?

संसारमा सबैभन्दा बढ़ी धार्मिक, भजन-चिन्तन गर्नेवाला, पूजा-पाठ गर्नेवाला हिन्दू नै हुन्; तर आश्चर्य लाग्ने कुरा यो छ कि धर्मप्रति यति आस्थावान् हिन्दूले जीवनको अन्तिमसम्म पनि यो निश्चय नै गर्न सक्दैन कि मेरो इष्ट को हो? मैले कसको पूजा गरेर कल्याण प्राप्त गर्न सक्दछु? यसको मूलमा हेर्दा बहुदेववादको प्रचार नै एकनिष्ठ हुनमा सबैभन्दा बढ़ी बाधक सिद्ध हुन्छ। एउटा परिवारमा दस सदस्यहरू छन् भने सबैको देवता अलग-अलग हुन्छन्। कोही हनुमानको भक्त छ भने कोही शिवको, कोही देवीको, कोही कुनै अरू देवताको। आ-आफ्नो देवी-देवताहरूको लागि मान्छेहरू एक-आपसमा झगड़ा गरिरहेको

पनि देखिन्छ। कसैलाई पनि यो थाहा छैन कि शाश्वत के हो? कसको उपासना गर्नाले शाश्वत धामको प्राप्ति हुन्छ? अनेकौं देवी–देवता हाम्रो मनमा यसप्रकारले पसीसकेका छन् कि अन्तिम समयसम्म पनि हामीले कसैमाथी विश्वास टिकाउन सक्दैनौं। मृत्युको समयमा जब छोरा–छोरीहरू वरिपरि उभिएर भन्दछन् कि हजुरबा, अब चिन्ता त्यागेर भगवान्को स्मरण गर्नुहोस्, तब हजुरबाले एउटै साँसमा भन्दछ– हे हनुमानजी, हे दुर्गाजी, हे शीतला माई, हे विन्ध्यवासिनी देवी, हे मैहरवाली माता, हे हरसू ब्रह्म बाबा, हे शंकर जी अर्थात् औसतन पचीस–तीस नामहरू एकै चोटीमा स्मरण गर्न थाल्दछ। यसप्रकार अन्तसम्म पनि भ्रान्ति भइरहन्छ भने 'एउटा मन्दिर दश देवता बजार कसरी बस्ने?' हृदय एउटा मन्दिर हो, जसले एक परमात्मालाई आफूभित्र ठाउँ दिन सक्दछ, त्यसमा अनेकहरूलाई ठाउँ दिन सकिंदैन। '**दुविधामा दुवै गयो, माया पायो न राम।**' अतः हृदय–देशमा कुनै एउटालाई बसाउनु नै उचित हुनेछ।

आउनुस् हेरौं कि यस सन्दर्भमा हाम्रा पूर्व महापुरुषहरूले के भनेका छन्। भगवान् श्रीकृष्णले कसलाई इष्ट भन्नुभयो? भगवान् रामले कसको भजन गर्नको लागि भन्नुभयो? भगवान् शिवले कसको स्मरण गर्ने निर्देश दिनुभयो? स्वयं यी आप्तपुरुषहरूले कसको चिन्तन गर्नुभयो? यति कुरा मात्रै तपाईंले जस्ताको त्यस्तै मान्नुभयो भने न शंका हुन्छ र न भविष्यमा हुनेछ। लाजमर्दो कुरा यो छ कि हामी त्यसमाथी विचार नै गर्दैनौं। कहिलेकाहिं विचार आए पनि हामी यति भयभीत छौं कि यस विषयमा आफ्नो निर्णयलाई फेर्न सक्दैनौं कि कतै पहिलेवाला देवता महाराज रिसाई न हालोस्, दुःख दिन न थालोस्।

हेर्नुस्, यस विषयमा योगेश्वर श्रीकृष्णले गीतामा आफ्नो स्पष्ट विचार प्रकट गर्नुभएको छ–

मामुपेत्य पुनर्जन्म दुःखालयमशाश्वतम्।
नाप्नुवन्ति महात्मानः संसिद्धिं परमां गताः।। (गीता, ८/१५)

अर्जुन! मलाई प्राप्त गरेर पुरुषले क्षणभंगुर, दुःखहरूको खानि पुनर्जन्म लिनु पर्दैन, बरू त्यो पुरुषले मलाई प्राप्त गर्दछ। जो पुनर्जन्ममा आउँछ त्यो दुःखहरूको खानि हो। मलाई प्राप्त गरेपछि मात्र उसले पुनर्जन्म लिनु पर्दैन, बरू '**स्थानम् प्राप्स्यसि शाश्वतम्**' (**गीता, १८/६२**)– त्यो शाश्वत, सधैं रहने ठाउँ, परमधाम पाउने छ। अब हेरौं पुनर्जन्ममा को–को आउँछन्?–

आब्रह्मभुवनाल्लोकाः पुनरावर्तिनोऽर्जुन।
मामुपेत्य तु कौन्तेय पुनर्जन्म न विद्यते।। (गीता, ८/१६)

अर्जुन! ब्रह्मादेखि चौधौं भुवन, चराचर जगत् पुनरावर्ती स्वभाववाला छ; तर मलाई प्राप्त गर्ने पुरुषले पुनर्जन्म न लिएर शाश्वत धाम पाउँछ। स्पष्ट छ कि ब्रह्मा र उनी द्वारा सृजित सम्पूर्ण सृष्टि मरणधर्मा छ। यो भित्र देवता, पितृ, दानव, ऋषि, सूर्य, चन्द्र सबैथरी आउँछन्। मानव जीवनको परम लक्ष्य हो– अमरत्व प्राप्ति। यो लक्ष्यको प्राप्ति श्रीकृष्णको अनुसार एक परमात्माको चिन्तनबाट नै सम्भव हुन्छ। उदाहरणार्थ– तपाईंलाई समुद्र पार गर्नु छ। तपाईंले कुनै कागजको बण्डलको साहार लिनुभयो भने केही दूर जाने वित्तिकै त्यो भिजेर समाप्त हुन्छ र तपाईं डुब्नु हुनेछ। यसै प्रकारले अरू कुनै पनि साधन, जो आफै डुब्ने खाले छ, कमजोर छ, त्यसलाई ग्रहण गरेर पार जाने आशा गर्नु दुराशा मात्र हुनेछ। यसै प्रकार, जो आफै मरणधर्मा छ, नश्वर छ, उसले तपाईंलाई शाश्वत धाम दिन सक्दैन, अमरत्व दिन सक्दैन; हो, मृत्यु अवश्य दिन सक्छ। अतः एउटा परमात्माको चिन्तन नै गीताको उपदेश हो।

जब गीताको अनुसार देवता अशाश्वत र दुःखहरूको खानि हो भने फेरि उनीहरूको पूजा किन गरिन्छ? यस सन्दर्भमा श्रीकृष्णले भन्नुभयो (अध्याय ७/२०)– अर्जुन! जसको बुद्धि कामनाहरूले आक्रान्त छ, यस्ता मूढ़बुद्धि भएका व्यक्तिहरूले नै अरू देवताहरूको पूजा गर्दछन्। त्यहाँ देवता नामको कुनै सक्षम वस्तु हुँदैन, तर जहाँ पनि पानीमा, ढुङ्गामा, रुखमा मान्छेहरूको श्रद्धा झुक्दछ, त्यहाँ म नै खड़ा भएर उसको श्रद्धालाई पुष्ट गर्दछु, फलको विधान गर्दछु, अर्थात् यी पूज्ने मान्छेहरूले फल पनि पाउँछन्, तर त्यो फल भोगेपछि नष्ट भएर जान्छ। रात–दिन श्रम गरेर जे जस्तो फल प्राप्त भएको थियो त्यो पनि नष्ट भएर गयो। सम्पूर्ण परिश्रम व्यर्थ हुनजान्छ।

नष्ट हुने भए पनि, केही समयको लागि मात्रै भए पनि, फल त पाइन्छ नै! त्यसो भए नराम्रो के छ? यस सन्दर्भमा अध्याय नौमा भन्नुहुन्छ कि देवताहरूलाई पूज्नेले पनि मेरै पूजा गर्दछ; तर त्यो पूजा अविधिपूर्वक भएको हुन्छ, त्यसैले नष्ट हुनजान्छ। सबै थोक त्यागेर, रगत–पसीना एक गरेर तपाईंले पूजामा मेहनत गर्नुहुन्छ तर परिणाम यो निस्कियो कि त्यो नष्ट भएर गयो–

किनकी पूजा अविधिपूर्वक छ। त्यसो भए जब श्रम गर्नु नै छ भने विधिपूर्वक किन गर्दैनौं? बाटो हिड्नु नै छ भने ठीक बाटोबाट किन हिड्दैनौं?

यदि त्यो देवपूजा अविधिपूर्वक छ भने विधि के हो? यस सन्दर्भमा अठारौं अध्यायमा भन्नुहुन्छ कि अर्जुन! आ–आफ्नो स्वभावमा हुने क्षमता अनुसार नियत कर्ममा लागेको पुरुष (मानिस)ले जसरी भगवत् प्राप्तिरूपी परमसिद्धि प्राप्त गर्दछ, त्यो विधि मबाट सुन। जुन परमात्माबाट सबै भूतहरूको उत्पत्ति भएको छ, जुन परमात्माद्वारा सम्पूर्ण जगत् व्याप्त छ, त्यो परमेश्वरलाई आफ्नो स्वभावबाट उत्पन्न क्षमताद्वारा राम्रो प्रकारले अर्चन गरेर, सन्तुष्ट पारेर मनुष्यले परमसिद्धि प्राप्त गर्दछ। अतः एक परमात्माको पूजा नै विधि हो। यो पूजा पनि चिन्तनको एउटा निर्धारित क्रिया हो। जसमा श्वासको यजन, इन्द्रियहरूको संयम, यज्ञस्वरूप महापुरुषको ध्यान इत्यादि क्रियाहरूको समावेश हुन्छ, जसको चर्चा योगेश्वर श्रीकृष्णले चौधौं अध्यायको यज्ञ प्रकरणमा तथा सम्पूर्ण गीतामा ठाउँ–ठाउँमा गर्नुभएको छ। तपाईंले यसलाई सनातन शीर्षक भएको व्याख्यानमा विस्ताररूपले थाहा पाउन सक्नु हुनेछ। आवश्यकता पऱ्यो भने फेरि सोध्न सकिन्छ।

धेरै होइन, मात्र एक परमात्माप्रति श्रद्धा र त्यो परमात्माको कुनै नाम ओम् अथवा रामको यदि तपाईंले जप गर्नुहुन्छ भने (धर्मको बारेमा केही थाहा नभए पनि) तपाईं शुद्ध धार्मिक हुनुहुन्छ, सम्पूर्ण क्रियालाई न जाने पनि तपाईं क्रियावान् हुनुहुन्छ। न यसको फल नष्ट हुनेछ, न तपाईं।

सम्पूर्ण गीतामा योगेश्वर श्रीकृष्णले कतै पनि देवताहरूको समर्थन गर्नुभएको छैन। अध्याय नौमा वहाँले भन्नुभएको छ कि केही व्यक्तिहरूले मलाई पूजेर स्वर्गको कामना गर्दछन्, मैले उनीहरूलाई विशाल स्वर्गलोकको भोग दिन्छु; तर उनीहरू '**क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति**'– पुण्य क्षीण हुने वित्तिकै स्वर्गबाट खस्दछन्। तर खसेपछि पनि उनीहरूको विनाश हुँदैन, किनकी उनीहरू विहित कर्मद्वारा चल्ने खाले हुन्, जुन सही विधि हो। अर्जुन! यस विहित कर्ममा आरम्भको नाश हुँदैन। साधकले साधनाको क्रममा कुनै इच्छा गरिहाल्यो भने पनि भगवान्ले त्यसको पूर्ति गरिदिनु हुन्छ। त्यो वस्तु शाश्वत नै कहिले थियो र? त्यसैले वस्तु भोग पछि सकी हाल्छ, तर त्यो भक्तको विनाश हुँदैन; किनकी उसले विधिपूर्वक कर्म गरेको छ। वास्तवमा ब्रह्माद्वारा उत्पन्न

ब्रह्मलोक, देवलोक, पशु–कीट–पतंगादि लोक सबै भोगयोनिहरू हुन्, मात्र मानिस नै कर्महरूको रचयिता हो। जुन कर्महरूद्वारा उसले परमात्मासम्मलाई पनि प्राप्त गर्न सक्दछ, अपवर्ग साध्न सक्दछ। शरीर धारणको क्षेत्रमा तपाईंहरू देवताहरू भन्दा पनि भाग्यशाली हुनुहुन्छ, बढ़ी हुनुहुन्छ; किनकी यो शरीर सुरदुर्लभ छ र तपाईंले पाई सक्नुभएको छ। तपाईं उनीहरूबाट के आशा गर्नुहुन्छ? तपाईं देवता बन्नुहोस्, ब्रह्माको स्थिति प्राप्त गर्नुहोस्, तर पुनर्जन्मको कर्म तबसम्म टुट्दैन जबसम्म मनको निरोध र विलयको साथ–साथै परमात्माको साक्षात्कार गरेर त्यही परमभावमा स्थित हुन न जाओस्। त्यसको विधि हो– गीतोक्त विहित कर्म, त्यसलाई भज्ने निश्चित क्रिया।

सोह्रौं अध्यायको अन्तमा भगवान् भन्नुहुन्छ– अर्जुन! तिमी शास्त्रद्वारा निर्धारित गरिएको कर्म गर। कुन शास्त्र? कतै अन्यत्र भौंतारिने आवश्यकता छैन, '**किमन्यैः शास्त्रविस्तरैः**'– अरू शास्त्रहरूको अन्योलमा किन पर्नु पर्‍यो? भगवान्ले आफै बताउनुभयो– '**इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ।**' **(गीता, १५/२०)**– अर्जुन! यो गोपनीयभन्दा पनि अतिगोपनीय शास्त्र मैले तिम्रो लागि भने। त्यसपछिकै श्लोकमा भन्नुहुन्छ कि तिम्रो कर्तव्य र अकर्तव्यको व्यवस्थामा शास्त्र नै प्रमाण छ, त्यसैले तिमी शास्त्रद्वारा नियत कर्म गर। जसले शास्त्रविधि त्यागेर आफ्नो इच्छानुसारको कर्म गर्दछ उसको लागि न सुख छ, न परमगति छ, न लोक छ र न परलोक। अतः तपाईंहरू सबै गीता शास्त्रद्वारा प्रतिपादित नियत कर्म गर्नुहोस्। भूत–भवानीको पूजा गरेर आफ्नो यो लोक र परलोक न बिगार्नु होस्।

योगेश्वर श्रीकृष्णको उपर्युक्त निर्देशको सन्दर्भमा अर्जुनले जान्न चाहे कि जुन व्यक्तिले शास्त्रविधि त्यागेर, तर श्रद्धापूर्वक भज्ने गर्दछ, उनीहरूको कस्तो गति हुन्छ? भगवान्ले बताउनुभयो कि अर्जुन! यो पुरुष श्रद्धामय छ। यसको कतै न कतै श्रद्धा अवश्य हुन्छ। शास्त्रविधिलाई त्यागेर भज्नेहरूको श्रद्धा तीन प्रकारको हुने गर्दछ– सात्विक श्रद्धावालाले देवताको, राजसी श्रद्धावालाले यक्ष–राक्षसहरूको र तामसी श्रद्धावालाले भूत–प्रेतहरूको पूजा गर्दछन्। यी तीनैथरीले पूजा मात्र गर्दैन, अथक परिश्रम गर्दछन्, घोर तपद्वारा तप्दछन्; तर अर्जुन! यी तीनै प्रकारका श्रद्धा भएकाहरूले शरीररूपमा स्थित भूतसमुदायलाई र अन्तःकरणमा स्थित म अन्तर्यामी परमात्मालाई कमजोर गर्ने खाले हुन्।

मदेखि टाढा पार्दछन्, न कि भजन गर्दछन्। अर्जुन! यिनीहरू सबैलाई तिमी असुर जान अर्थात् देवी–देवताहरूलाई पूज्नेहरू पनि असुर हुन्।

असुरको मतलब– के दुई सींग भएका, ठूला–ठूला दाँत भएका कुनै अनौंठो विचित्र जीव? हैन, परमदेव परमात्माको देवत्वबाट जो वंचित हुन्छ, ऊ असुर हो। श्रीकृष्णको अनुसार संसारमा मानिस दुई प्रकारका हुन्छन्– एकथरी देवताहरू जस्ता, अर्काथरी असुरहरू जस्ता। दैवी सम्पद् नामक गुणहरू धारण गर्नेहरू देवताहरू जस्ता र आसुरी सम्पद् भएका दुर्गुणहरू धारण गर्नेवाला पुरुषहरू असुरहरू जस्ता हुन्छन्। तपाईंको एउटा साख्खै भाई देवता र अर्को साख्खै भाई असुर हुन सक्दछ। अतः योगेश्वर भन्नुहुन्छ कि यी सबैलाई तिमी असुर जान। योभन्दा बढ़ी कसैले के भन्ने छन्?

बन्धुहरू हो! तपाईंहरूले यतिका श्रम पनि गर्नुभयो, शास्त्रविधि त्यागेर यति तप पनि तप्नुभयो, तर परिणाम यो निस्कियो कि त्यो परमदेवको देवत्वबाट वंचित हुनुभयो, 'असुरजान'– असुर हुनुभयो। जुन आत्मालाई, परमात्मालाई प्रसन्न पार्नु थियो त्यो अझै दुर्बल र टाढा हुनगयो। जब श्रम नै गर्नु छ भने यस तरीकाले गर्नुहोस् जसबाट त्यो परमात्मा तपाईंको अनुकूल होस्, प्रतिकूल होइन। शास्त्रविधिद्वारा नियत गरिएको कर्म किन नगर्ने? अतः जसको यी सबै अंशमात्र हुन् त्यो मूल एक परमात्माको चिन्तन गीताको मूल उपदेश हो।

अब यो चिन्तनको अधिकारी को हो? 'म त धेरै पापी छु, अर्जुन– जस्तो मेरो भाग्य कहाँ छ र'– कतै यस्तो धारण बनाई न हाल्नुस्। कतै तपाईं हताश भएर बसी न हाल्नुस्, त्यसैले योगेश्वर श्रीकृष्ण भन्नुहुन्छ–

अपि चेत्सुदुराचारो भजते मामनन्यभाक्।
साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः।। (गीता, ९/३०)

अर्जुन! अत्यन्त दुराचारीले पनि यदि अनन्य अर्थात् अन्य न, म बाहेक अरू कुनै देवतालाई न भजीकन मात्र मलाइ भज्दछ भने ऊ साधु नै मान्ने योग्य छ, किनकी ऊ यथार्थ निश्चयको साथ लागि सकेको छ। '**क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति।**' (**गीता, ९/३१**)– यसप्रकार लाग्नाले ऊ चाँड़ै नै धर्मात्मा बन्दछ, परमधर्म परमात्मासंग संयुक्त अन्तःकरणवाला बन्दछ, र सधैं रहिरहने शाश्वत शान्ति प्राप्त गर्दछ।

अतः तपाईं अत्यन्त दुराचारी अथवा दुराचारीहरूको नाइके नै भए पनि (अरू धेरै थरीका दुराचारहरूको योजना बनाइरहेको भए पनि) यदि एक परमात्मा प्रति श्रद्धा र त्यो परमात्मालाई प्राप्त गर्ने क्रिया (यज्ञको प्रक्रिया) नियत कर्ममा श्रद्धासाथ लाग्नु हुन्छ भने तपाईं चाँड़ै नै धर्मात्मा बन्नु हुनेछ। **'कौन्तेय प्रतिजानीहि न मे भक्तः प्रणश्यति।' (गीता, ९/३१)**– अर्जुन! तिमी निश्चयपूर्वक सत्य जान कि मेरो भक्त कहिल्यै पनि नष्ट हुँदैन। अतः अरू कसैलाई पनि पुज्ने विधान छैन।

ठीक छ, एक परमात्माप्रति श्रद्धा स्थिर भयो, धर्माचरणको लागि तयार पनि हुनु भयो; तर त्यो एक परमात्मालाई कहाँ खोज्ने? के तीर्थहरूमा, मन्दिरहरूमा? भजन गर्ने हो भने कहाँ बसेर गर्ने? यस सन्दर्भमा भन्नुहुन्छ–

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति।
भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया।। (गीता, १८/६१)

अर्जुन! त्यो ईश्वर सम्पूर्ण भूत–प्राणिहरूको हृदय–देशमा निवास गर्दछ। जब यति नजिक छ भने किन देखिंदैन?– तब भन्नुहुन्छ कि मायारूपी यन्त्रमा आरूढ़ भएर सबैजना भ्रमवश भौंतारि रहेका हुन्छन् त्यसैले देख्न पाउँदैनन्। त्यसो भए के गर्ने, कसको शरणमा जाने?

गीताको १८/६२ श्लोकमा भन्नुहुन्छ, **'तमेव शरणं गच्छ'**– अर्जुन! त्यही हृदय–देशमा स्थित ईश्वरको शरणमा जाऊ। **'सर्वभावेन'**– सम्पूर्ण भावको साथ जाऊ। यस्तो हैन कि आधा भाव देवीमा त चौथाई देवतामा, सम्पूर्ण हृदयले समर्पित होऊ। यसबाट लाभ? तब भन्नुहुन्छ, **'तत्प्रसादात्परां शान्तिं स्थानं प्राप्स्यसि शाश्वतम्।'**– उसको कृपा–प्रसादले तिमी परमशान्ति प्राप्त गर्नेछौ। त्यो स्थान पाउनेछौ जुन शाश्वत छ, सधैं छ। अतः परमात्माको खोजी गर्ने ठाउँ हृदय–देश हो, बाहिर कतै पनि होइन।

तर समस्या त यो छ कि त्यो हृदयस्थ ईश्वर आरम्भमा देखा पर्दैन। हृदयवाला ईश्वरको शरणमा जान त जाने, तर कसरी जाने? अर्को श्लोकमा भन्नुहुन्छ– अर्जुन! गोपनीयभन्दा पनि अतिगोपनीय एउटा कुरा अरू सुन। त्यसो भए त्यो गोपनीय कुरा के हो?–

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु।
मामेवैष्यसि सत्यं ते प्रतिजाने प्रियोऽसि मे।। (गीता, १८/६५)

अर्जुन! तिमी ममा अनन्य मनवाला होऊ, मेरो अनन्य भक्त होऊ, मप्रति श्रद्धाले पूर्ण होऊ। मलाई नमन गर, मद्वारा निर्दिष्ट कर्म गर। यस्तो गरेमा तिमीले मलाई नै प्राप्त गर्नेछौ।

पहिले भन्नुभयो- तत्त्वदर्शीको शरणमा जाऊ, अहिले भर्खरै भन्नुभयो- ईश्वर हृदय-देशमा हुनुहुन्छ, उसको शरणमा जाऊ, शाश्वत स्थान प्राप्त गर्नेछौ। यहाँ भन्नुहुन्छ- मेरो शरणमा आऊ। वास्तवमा योगेश्वर श्रीकृष्ण र भगवान् एक अर्काका पूरक हुन्। शाश्वतधाम पाउनु र सद्गुरु जुन परमात्म-भावमा स्थित हुनुहुन्छ, त्यसलाई पाउनु एउटै कुरा हो। त्यसैले सद्गुरुको शरण नितान्त आवश्यक छ। सद्गुरु नै भगवान्को धाममा प्रवेश गर्ने साँचो हो। भगवान् हुनुहुन्छ, तर सद्गुरुको अभावमा हामीले वहाँको दर्शन र वहाँमा प्रवेश पाउन सक्दैनौं। श्रीकृष्ण एउटा योगेश्वर हुनुहुन्थ्यो, सद्गुरु हुनुहुन्थ्यो। यो कुरा सजिलै संग घाँटीको तल ओर्लदैन, त्यसैले योगेश्वरले पुनः जोड़ दिंदै भन्नुहुन्छ-

सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज।
अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः।। (गीता, १८/६६)

अर्जुन! सबै धर्महरूलाई त्यागेर मात्र मेरो शरणमा आऊ, म तिमीलाई सम्पूर्ण पापहरूबाट मुक्त गरीदिन्छु। म प्रतिज्ञा गर्दछु कि तिमीले निश्चय नै मेरो स्वरूप प्राप्त गर्नेछौ। तिमी शोक न गर।

प्रत्येक महापुरुषहरूले यही भन्नुभएको छ। भगवान् राम भन्नुहुन्छ- 'भगति मोरि।' यसै क्रममा बौद्धले भन्छ- 'बुद्धं शरणं गच्छामि।' जैनले भन्छ- 'सम्यक् दर्शन ज्ञान चरित्राणि'- तीर्थंकरहरूको दर्शन, उनीहरूले बताएको ज्ञान र उनीहरू- जस्तो चरित्र-निर्माण मोक्षको साधन हो। सिख भन्छ- 'वाहे गुरु'। इस्लाम भन्छ- "मुहम्मद साहब अल्लाहका रसूल हुन्।" ईसाले भन्छ- "संसारको भारले थिचिएका मान्छेहरू मकहाँ आऊ, म तिमीहरूलाई विश्राम दिनेछु।" पूज्य महाराजजी भन्नुहुन्थ्यो- "हो! म भगवान्को दूत हुँ। मसंग नभेटीकन कोही पनि भगवान्संग भेट्न सक्दैन।" तपाईंलाई त सबैले बोलाई रहेका छन्, तपाईं कसको-कसको नजिक जानु हुन्छ? महापुरुषहरूका यी कथनहरूको आशय मात्र यति हो कि आफ्नो समकालीन कुनै तत्त्वदर्शीको शरणमा जानुहोस्।

अतः एक परमात्मा प्रति समर्पण र त्यसैको पकड़ भएका कुनै महापुरुष भए वहाँको सान्निध्य, वहाँको सेवा तथा त्यो परमात्माको परिचायक दुई-अढ़ाई अक्षरको नाम छान्नु होस्- 'राम' अथवा 'ॐ', जुन तपाईंलाई उचित लाग्दछ। क्षणमा राम, क्षणमा ॐ यस्तो दुविधामा न पर्नुहोस्, कुनै एउटा नाम छान्नु होस्, सबैको अर्थ एउटै हो, परिणाम एउटै हो- तपाईंले यति नै गर्नु छ। यदि तपाईंले हिन्दी बुझ्नु हुन्न भने जुन कण-कणमा व्याप्त त्यो एक परमात्माको परिचायक छ, यस्तो कुनै छोटो दुई-अढ़ाई अक्षरको नाम ग्रहण गर्नुहोस्। जब नामको सूक्ष्म सतहहरूमा पुग्नु हुनेछ, तब यही छोटो नाम श्वासमा प्रवाहित भएको पाउनु हुनेछ।

'श्रीरामचरितमानस'को अनुसार इष्ट को हुन्?

अब आउनुस् श्रीरामचरितमानसको आलोकमा विचार गरौं कि इष्ट को हो? भजन कसको गर्नु पर्दछ?

'मानस' जसको हृदयको उपज हो त्यो भगवान् शंकरको निर्णय छ-

धर्म परायन सोइ कुल त्राता। राम चरन जा कर मन राता।।
नीति निपुन सोई परम सयाना। श्रुति सिद्धान्त नीक तेहिं जाना।।

(मानस, ७/१२६/२-३)

सो कुल धन्य उमा सुनु, जगत पूज्य सुपुनीत।
श्री रघुबीर परायन, जेहिं नर उपज बिनीत।।

(मानस, ७/१२७)

उही नीतिमा निपुण छ, उही विद्धान् छ, वेदहरूको सार उसले राम्ररी बुझेको छ, उही कुलीन छ जसको मन एकमात्र रामको चरणहरूमा अनुरक्त छ।

सम्पूर्ण रामायणमा आरम्भदेखि अन्तसम्म एउटै कुरालाई पटक-पटक पुष्टि गरिएको छ कि हामीले भजन कसको गर्ने? वनवासकालको प्रसंग हो- भगवान् राम शृङ्गवेरपुरमा शयन गरिरहनु भएको थियो। कुश र फारपातको कोमल ओछ्यायनमाथि सुतिरहेको देखेर निषादराज गुहलाई महान कष्ट भयो। उनले छेउमा बसेको लक्ष्मणसंग भने, 'कैकेयी असाध्यै कुटिल थिइन्, जसले रघुनन्दन राम र जानकीलाई सुखको अवसरमा दुःख दिइन्।' लक्ष्मणले भने- यस्तो कुरा होइन,

काहु न कोउ सुख दुःख कर दाता। निज कृत करम भोग सबु भ्राता।।
जोग बियोग भोग भल मंदा। हित अनहित मध्यम भ्रम फंदा।।
(मानस, २/९१/४-५)

धरनि धामु धन पुर परिवारू। सरगु नरकु जहँ लगि व्यवहारू।।
देखिअ सुनिअ गुनिअ मन माहीं। मोह मूल परमारथु नाहीं।।
(मानस, २/९१/७-८)

धरणी, धाम, धन, पुर, परिवार, जन्म–मृत्यु, सम्पत्ति–विपत्ति, स्वर्ग–नरक– यी विषयहरूमा भन्नु–सुन्नु–गुन्नु मोहको मूल हो। मान्छेहरूले स्वर्गको कामना गर्दछन् भने त्यो पनि मोहको मूल हो। परमार्थको त्यहाँ प्रश्न नै उठ्दैन। त्यसो भए परमार्थ के हो? परमार्थ एउटा मात्र हो, परम पुरुष परमात्माको चिन्तन–

सखा परम परमारथु एहू।
मन क्रम बचन राम पद नेहू।। (२/९३/६)

यस प्रकरणमा स्वर्ग र नरकसम्मको व्यवहार मोहको मूल हो, उद्गम हो र तपाईं स्वर्गका अधिकारी देवताहरूको पूजा गरेर मोहबाट मुक्त हुन चाहनु हुन्छ। कति विसंगतिहरू छन्।

(क)

हम देवता परम अधिकारी।
स्वारथ रत प्रभु भगति बिसारी।। (६/१०९/११)

हामी देवताहरू परम अधिकारी थियौं; तर विषयहरूको अधिनमा परेर तपाईंको भक्ति बिर्सियौं। '**हम देवता परम दुख पायो।**'– एक छ दुःख र अर्को परम दुःख, त्यस परम दुःखले देवता पनि आक्रान्त छन्। देवताहरू पनि विषयहरूको अधिनमा छन्। यदि तपाईंहरूले उनीहरूको सेवा गर्नुहुन्छ भने विषयहरू कै सेवा गर्नुहुन्छ।

(ख)

बिधि प्रपंच गुन अवगुन साना। (१/५/४)
दानव देव ऊँच अरु नीचू। अमिअ सुजीवन माहुरु मीचू।। (१/५/६)
सरग नरक अनुराग बिरागा। निगमागम गुन दोष बिभागा।। (१/५/९)

अर्थात् विधाताको प्रपंच गुण र अवगुणहरूले भरिएको छ। प्रपंच के हो? पाप र पुण्य, सुजाति र कुजाति, सुन्दर जीवन अमृत, विषालु जीवन मृत्यु, स्वर्ग र नरक– यी सबै विधाताका प्रपंचहरू हुन्। स्वर्ग र स्वर्ग निवासी देवताहरू प्रपंच हुन्। शास्त्रहरूमा आप्तकाम महापुरुषहरूले यसैको विभाजन गरेका थिए। यदि तपाईंले देवताहरूको पूजा गर्नुहुन्छ भने प्रपंचको पूजा गरिरहनु भएको छ। यो यसै संसारको गुण–दोषहरूको चित्रण मात्र हो। संसारभन्दा बेग्लै न कुनै देवता छ न स्वर्ग।

(ग)

गरुड़लाई मोह भयो। उनी ब्रह्माकहाँ पुगे। ब्रह्माले मनमनै विचार गरे कि गरुड़लाई त मैले नै बनाएको हुँ। भगवान्को मायाले जब मलाई नै अनेकौं पटक नचायो भने पक्षिराजलाई मोह हुनु कुनै आश्चर्यको कुरा होइन– '**बिपुल बार जेहिं मोहि नचावा।**' (७/५९/४) देवताहरूको पितामह ब्रह्मा नै जब नाची रहेका छन् भने देवताले तपाईंलाई मायाबाट बचाउन सक्छन्?

सोई प्रभु भ्रू बिलास खगराजा।
नाच नटी इव सहित समाजा।। (७/७१ ख २)

त्यही माया भगवान्को संकेत मात्रले नर्तकी–जस्तै नाच्दछे। मायाले विवश भएर नाच्नेहरूको तपाईंले पूजा गर्नुहुन्छ। जब पूजा नै गर्नु छ भने उसको पूजा गर्नुस्, जसको संकेत मात्रले माया स्वयं नाच्दछे। गरुड़जी भन्नुहुन्छ– त्यो माया रघुवीर की दासी छिन् र त्यो रामको कृपा नभई छुट्दै छुट्दैन, यो म प्रतिज्ञापूर्वक भनीरहेको छु। अतः त्यो एक परमात्माको भजन गर्नुहोस् जो मायाधीश हुनुहुन्छ, जसको लागि मानसमा पटक–पटक संकेत गरिएको छ।

(घ)

अग जग जीव नाग नर देवा।
नाथ सकल जग काल कलेवा।।

देवता, मनुष्यादि चराचर जगत् कालका खाजा हुन्। देवताहरू पनि कालका खाजा हुन्, जलपानका सामग्री हुन्। तपाईंहरू खाजाको भजन किन गर्नुहुन्छ? '**भजसि न मन तेहिं राम कहँ, काल जासु को दण्ड।**', '**भुवनेश्वर कालहु कर काला।**' कालको पनि काल, जगत्का स्वामी भगवान् रामको

भजन किन गर्दैनौं? जो स्वयं मरणधर्मा छ, उसले तपाईंलाई मृत्यु दिन सक्दछ, मृत्युबाट बचाउन सक्दैन।

(ङ)

देवताहरू तपाईंहरूको मनोगत भाव बुझ्नमा पनि सक्षम छैनन्। देवर्षि नारद हिमालयको गुफामा तपस्या गरिरहेको थियो। देवताहरूका राजा इन्द्र नारदजीको तपस्या देखेर सशंकित भए कि कतै यिनले मेरो पद (इन्द्र–पद) लिन त चाहेको छैन? देवताहरूको राजालाई यति पनि थाहा छैन कि नारदले किन भजन गरिरहेको छ? के उनले तपाईंहरूको मनोकामना पूरा गर्न सक्छ?

(च)

भगवत्–पथमा यदि कुनै रुकावट छ भने त्यो हो देवता। नारद मात्र होइन, जस–जसले भजनमा अग्रसर भए, देवताहरूले उसलाई खसाल्न भरपूर प्रयास गरे। सामान्य मानवहरूलाई पनि उनीहरूले यो पथमा जान दिंदैनन्–

इन्द्रीं द्वार झरोखा नाना। तहँ तहँ सुर बैठे करि थाना।।
आवत देखहिं बिषय बयारी। ते हठि देहिं कपाट उघारी।।

(मानस, ७/११७/११–१२)

इन्द्रियहरूका ढोका हृदयरूपी घरका अनेकौं झ्यालहरू हुन्। प्रत्येक झ्यालहरूमा देवताहरू अड्डा जमाएर बसेका छन्। विषयरूपी हावालाई आइरहेको देख्ने वित्तिकै देवताहरूले जबरदस्ती झ्याल खोली दिन्छन्। व्यक्तिहरू विषयहरूमा अल्झिन्छन्। इन्द्रियहरू र उनीहरूको देवताहरूलाई ज्ञान राम्रो लाग्दैन। यिनीहरू सँग नै तपाईंहरूले लड्नु छ। यी विकार हुन्, बाधा हुन्। यदि यिनीहरूलाई पूज्नु हुन्छ भने तपाईंहरूले विकार पूजी रहनु भएको छ, बाधा पूजी रहनु भएको छ। बाधाहरूलाई त हटाउनु पर्दछ, हैन त।

बिषय करन सुर जीव समेता। सकल एक तें एक सचेता।।
सबकर परम प्रकासक जोई। राम अनादि अवधपति सोई।।

(मानस, १/११६/५–६)

विषय, इन्द्रियहरू, तिनीहरूको देवता र जीवात्मा यी सबै (ओर्लने क्रमबाट) एउटाको सहायताले अर्को क्रियाशील हुन्छन् र यी सबैभन्दा माथी

जो परम प्रकाशक हुनुहुन्छ, उही अनादि अवधपति राम हो। देवता पनि जसको प्रकाश लिएर प्रकाशित हुने गर्दछ, त्यो मूल परमात्माको चिन्तन गर्नुहोस्।

(छ)

देवताहरू त्रिकालज्ञ पनि छैनन्। राम–रावण युद्धको सन्दर्भ छ– भयंकर युद्ध चलिरहेको थियो, रावण मर्नै लागेको थियो। देवताहरूले पनि यो युद्धलाई हेरी रहेका थिए। उनीहरूले कसैको पक्ष लिई रहेका थिएनन्। उनीहरूले '**विकल बोलहिं जय जये**'– 'जय होस्, जय होस्'को रट लगाई रहेका थिए। थाहै छैन कसले जित्ने छ? रामको जय होस्– यस्तो भन्नुमा खतरा थियो। रामको विजय पक्का भएपछि मात्र युद्धको अन्तिम दिनहरूमा देवराजले आफ्नो रथ सहायताको लागि पठाए र रावण मर्ने वित्तिकै 'सधैं स्वार्थी' देवता पुगी हाले, उनीहरूका पितामह पनि आई पुगे। भन्न थाले–

कृतकृत्य विभो सब बानर ए। निरखन्ति तवानन सादर ए।।
धिग जीवन देव सरीर हरे। तव भक्ति बिना भव भूलि परे।।

(मानस, ६/११० छन्द)

प्रभो! यी वानरहरू कृतकृत्य छन् जसले हजुरको मुखारविन्दको दर्शन गरिरहेका छन्। हामी देवताहरूको शरीरलाई धिक्कार छ, जसले हजुरको भक्ति बिर्सेर आवागमनमा परी रहेका छौं। जसले आफैं बाटो विराएको छ, के उसले तपाईंलाई बाटो देखाउन सक्ला? देवताहरूले भने–

भव प्रवाह संतत हम परे।
अब प्रभु पाहि सरन अनुसरे।। (६/१०९/१२)

जो आफै बगी रहेको छ, के उसले तपाईंलाई पार उतार्न सक्दछ? (यदि उसले जानेको भए त आफै पार उत्रन सक्दैन थियो?) जो आफै भव–प्रवाहबाट आफूलाई बचाउनको लागि त्राहि–त्राहि गरिरहेका छन् कि मलाई पार गरिदिनुस्, के उसले तपाईंलाई पार गराउन सक्ला? उसले तपाईंमाथी चढ़ेर बस्दछ र केही गरी पार भैहाले पनि तपाईं कुन घाटतिर लाग्नु हुनेछ? अतः देवताले पनि जसको शरण माग्दछ तपाईं सीधै उनै भगवान्लाई समात्नु होस्। जो देवता आफै विपत्तिमा फँसेको छ उसले तपाईंलाई कस्तो सहायता गर्ला?

(ज)

गोस्वामी तुलसीदासजीले देवताहरूको समर्थन कतै पनि गर्नु भएन। **'माया विवश बिचारे' (विनय०)**– उनीहरू मायाद्वारा विवश छन्, विचरा छन्– उनीहरू संग चारा छैन भने तपाईं किन उसको नजिक जानु हुन्छ? देवता तपाईंको इष्ट होइन।

(झ)

देवताहरूको पराक्रम कति छ? गोस्वामीजीले मानसमा ठाउँ–ठाउँमा चित्रित गर्नुभएको छ–

रावन आवत सुनेउ सकोहा।
देवन्ह तकेउ मेरु गिरि खोहा।। (१/१८१/६)

रावण क्रोधित भएर आइरहेको सुनेका मात्र थिए, लड़ाई गर्नु त परको कुरा, क्रोधित भएर आइरहेको सुनेको मात्र थियो, **'देवन्ह तकेउ मेरु गिरि खोहा।'**– देवता मेरु पर्वतको गुफाहरूमा गएर लुके। तर देवीहरू कहाँसम्म भाग्न सक्दथिन्? रावणले उनीहरू सबैलाई पुष्पक विमानमा बसाली हाल्यो।

देव जच्छ गंधर्व नर, किन्नर नाग कुमारि।
जीति बरीं निज बाहुबल, बहु सुन्दर बर नारि।। (१/१८२ ख)

आफ्नो बाहुलाहरूको बलबाट ती सबैलाई जित्यो, उनीहरूलाई वरण गऱ्यो र निशाचरहरूमा बाँडेर उनीहरूलाई देवलोक–जस्तो सुख–भोगको व्यवस्था दिएर सुखी पाऱ्यो। देवताहरूले सुने कि परिवार त रावण कहाँ कैद छिन्, अनि बिना परिवारको एक्लै बाँचेर के गर्न सक्थे? उनीहरूलाई त्यहाँबाट छुटाउन लंका पुगे। रावणले उनीहरूलाई पनि सेवा–कार्यमा नियुक्त गरिदियो– **'कर जोरे सुर दिसिप विनीता। भृकुटि विलोकहिं सकल सभीता।।'** सबैजना हात जोड़ेर विनीत भावले उभिई रहन्थे। आँखीभौं हेरी रहन्थे कि कतै उठ्न–बस्नमा गल्ती न भईजाओस्, कतै आदेश–पालनमा ढिलाई हुन न जाओस्, कतै रावण रिसाई न हालुन्।

रबि ससि पवन बरुन धनधारी।
अगिनी काल जम सब अधिकारी।। (१/१८१/१०)

सूर्य, चन्द्रमा, अग्नि, यमराज, कुबेर र देवताहरूका सबै अधिकारीहरू रावणको आज्ञाको पालन गर्दथे, भयभीत थिए र दिनुहुँ हाजिर भएर रावणको चरणहरूमा ढोक्दथे। जसले पुग्न सक्दैन थियो, उसले घरबाटै प्रार्थना गर्दथ्यो कि कसैले कुरा न लगाई देओस्। यस्तो त देवताहरूको अस्तित्व थियो, तापनि हामीले पूजा गर्दछौं।

(ञ)

अब ती प्रकरणहरूमाथी पनि विचार गरौं, जसमा देवताहरूसंग सहायताको लागि गुहार गरिएको थियो। हामी हेर्ने प्रयास गरौं कि उनीहरूले कस्तो खाले सहायता गरे। एकपटक निशाचरहरूको आतंकले डराएकी पृथ्वी आफ्नो रक्षाको लागि गाईको रूप धारण गरेर देवताहरू कहाँ गइन् र भनिन् कि मेरो रक्षा गर। उनीहरूले जवाफ दिए कि हामी तिम्रो कष्ट-निवारण गर्नमा असमर्थ छौं। पृथ्वी संगसंगै सुर, मुनि, गन्धर्व सबैले देवताहरूका बाजे ब्रह्मा कहाँ पुगे। ब्रह्माले सबै कुरा थाहा पाइहाले कि यिनीहरू किन आएका हुन्? मनमनै अनुमान गरे कि मेरो पनि त केही वश चल्दैन। भन्नुभयो- जसको तिमी दासी छौ, उनी अविनाशी हुन्, उनको कहिल्यै पनि विनाश हुँदैन। उनी अजर, अमर, शाश्वत र अमृतस्वरूप हुन्, वहाँलाई नै प्रार्थना गर। वहाँ नै तिम्रो-हाम्रो सबैका सहायक हुन्।

समस्या यो थियो, त्यो परमात्मालाई खोज्ने कहाँ? '**पुर बैकुण्ठ जान कह कोई। कोई कह पयनिधि बस प्रभु सोई।।**' (१/१८४/२)- कुनै देवताले उनलाई बैकुण्ठ जानको लागि प्रेरित गरिरहेको थियो, भने कुनैले भनिरहेको थियो कि भगवान् क्षीरसागरमा बस्नु हुन्छ। त्यो समाजमा शंकरजी पनि थिए, तर उनले बोल्ने मौका नै पाइरहेको थिएन। जसो-तसो एक वचन सम्म बोल्ने मौका पाए, '**अवसर पाइ बचन एक कहेऊँ।**' तब उनले भने-

हरि ब्यापक सर्बत्र समाना।
प्रेम तें प्रगट होहिं मैं जाना।। (१/१८४/५)
अग जगमय सब रहित बिरागी।
प्रेम तें प्रभु प्रगटइ जिमि आगी।। (१/१८४/७)

भगवान् शंकरले आफूले जानेको उपाय बताए कि भगवान् कण-

कणमा समान रूपले व्याप्त छन्। सम्पूर्ण हृदयले मनलाई समेटेर (एकत्रित गरेर) उनको चरणहरूमा लगाए पछि वहाँ तत्काल प्रकट हुनु हुनेछ। वहाँको विचार सबैले स्वीकार गरे। ब्रह्माले पनि समर्थन दिए। त्यस विधिले स्तुति हुने वित्तिकै आकाशवाणी भयो कि तिमीहरूको दुःख म समाप्त गरिदिनेछु।

यी सबै प्रकरणमा देवताहरूले के निर्णय दिए र कस्तो खाले सहायता गरे? जसलाई यतिसम्म पनि ज्ञान छैन कि भगवान्को चिन्तन कसरी गर्नु पर्दछ, उनीहरूले तपाईंहरूलाई कसरी बाटो देखाउन सक्लान्? परमकल्याणको बाटो जसलाई थाहा नै छैन भने उसले के कल्याण गर्न सक्लान्?

दोष कसको? तापनि हामी त्यसकै पछि लागिरहेको छौं। कत्रो ठूलो जड़ता छ। यो जड़ताको स्रोत के हो? यसमा कसको दोष छ? के हाम्रो दोष हो? हैन, हाम्रो पनि कुनै दोष छैन। यी हामीलाई परम्पराबाट प्राप्त भएका रीति हुन्। केटाकेटीहरूले बालकाल देखि नै आमाहरूले, छर-छिमेकीले, भाई-बन्धुहरूले केही न केही पूजापाठ गरिरहेका देख्दछन्। तिनीले त्यही समाती हाल्छ। बालकाल देखि नै हाम्रो मन-मस्तिष्कमा त्यो पूजा-पद्धतिको अमिट छाप पर्दछ; त्यसैले लाखौं चोटि सम्झाउँदा-बुझाउँदा पनि हामी बुझ्न सक्दैनौं, बुझ्न चाहँदैनौं। धेरैजसो आमाहरूले अबोध बच्चाहरूलाई धूप-अगरबत्ति इत्यादि बालेर कहिले पीपलको मूनि, कहिले कतै बसाई दिन्छिन्। भन्छिन्- "हात जोड़! यी बरम बाबा हुन्, यी ग्राम-देवी हुन्। यिनलाई यसरी प्रणाम गर।" बालकको कोमल-निर्मल चित्तमा आरम्भिक वर्षहरूका ती संस्कारहरू जीवनभरि उसको मनबाट हट्दैन। जो बच्चा बालकालमा भयभीत हुन्छ, ऊ जीवनभरि नै रहन्छ। एकान्तमा, अंध्यारोमा जानलाई डराउँछ। पता हल्लिँदा पनि भयभीत हुने गर्दछ। दस-पन्द्र देवी-देवता त उसलाई बालकाल देखि नै समात्न लगाइन्छ। समय आएपछि केही गरी उसले छोड़ी दिए पनि केही न केही शंकालु भई नै रहन्छ। माता-पिताहरूसँग मेरो निवेदन छ कि उनीहरूले आफ्नो बच्चाको भविष्य अन्धकारमय न बनाउन्।

(ट)

ठीक यसै प्रकार माता सीताजीलाई पनि देवी-देवताहरूको पूजा परम्पराबाट प्राप्त भएको थियो- **'गिरिजा पूजन जननि पठाई।'** (१/

२२७/२) सीता त्यहाँ आउने–जाने गर्दथिन्। स्वयंवरको आयोजन भइरहेको थियो। एक दिन सीताजी गिरिजाको पूजा गरेर फर्किरहेकी थिइन्, त्यसै बगैचामा राम दृष्टिमा परे। पूजा गरेर फर्किरहेकी थिइन्, तर फेरि गिरिजा कहाँ गइन्, हात जोड़ेर भन्न थालिन्, "आमा, आजसम्म जुन मैले तपाईंको सेवा गरे, त्यसबाट प्रसन्न भएर त्यही साँवला पति दिने कृपा गर्नुहोस्।"

पार्वतीजीले आफूले कुनै आशीर्वाद दिइनन्। आवाज आयो, '**नारद बचन सदा सुचि साचा। सो बरु मिलिहि जाहिं मनु राचा।।**' (१/१३५/८)– देवर्षि नारद, जो गुरु थिए, उनको वचन सत्य छ, निर्दोष छ। त्यही पति तिमीले पाउछौ, जसमा तिम्रो मन रमेको छ। देवर्षि नारदले जुन कुरा पहिले सीतालाई भनेका थिए, पार्वतीले त्यसको स्मृति मात्र गरादिइन्। सीता आश्वस्त भइन्।

धनुष–यज्ञको ठाउँमा पुगेर सीताले जब त्यो विशाल धनुषमाथी दृष्टिपात गरिन्, जसलाई तोड्न दसहजार राजा असफल भएका थिए, तब उनी हताश हुन थालिन् कि यी सुकुमारले यसलाई कसरी तोड्न सक्लान्? देवी–देवताहरूलाई मनाउन लागिन्–

तब रामहि बिलोकि बैदेही।
सभय हृदयँ बिनवति जेहि तेही।। (१/२५६/४)

जस–जसको सम्झना आयो, सानो देखि ठूलोसम्म सबैलाई प्रार्थना गर्न थालिन्। जस्तै– '**होहु प्रसन्न महेस भवानी।**' (१/२५६/५)– शंकरजीलाई मनाउन थालिन्, उनलाई छोड़ेर भवानीलाई मनाउन थालिन्, जोसँग वरदान माँगेकी थिइन्। त्यहाँ पनि स्थिर हुन सकिन्– '**गननायक बरदायक देवा। आजु लगें कीन्हिउँ तुअ सेवा।।**' (१/२५६/७)– आजसम्म तपाईंको पनि धेरै सेवा गरेकी छु, तपाईंले नै ध्यान दिनुस्। मेरो विनय सुन्नुस् र चापलाई हलुको गरिदिनुस्। उनलाई पनि छोड़ि दिइन्। '**सुर मनाव धरि धीर**' (१/२५७)– देवताहरूलाई मनाउन थालिन्। धनुष समेतलाई पनि प्रार्थना गर्न थालिन् कि कसैले पनि सुनि रहेका छैनन्, अब त चाप तपाईंको मात्रै भरोसा छ। तपाईं आफै हलुका हुनुहोस्; तर अहिले देखि नै हलुका न हुनु होला किनभने अरू कसैले तोड़ी देला। राम आइरहेको देखेपछि मात्र हलुका हुनुहोला।

कतैबाट पनि सफलता हुने न देखेर सीताजीले सबै देवी–देवताहरूबाट चित्त हटाएर एक परमात्मामा श्रद्धा स्थिर गरिन्– त्यो परमात्मामा, जो सबैको हृदयमा रहन्छ।

तन मन बचन मोर पनु साँचा। रघुपति पद सरोज चितु राचा।।
तौ भगवान सकल उरबासी। करिहि मोहि रघुबर कै दासी।।
(मानस, १/२५८/४-५)

यदि मन–क्रम–वचनले मेरो प्रेम सच्चा छ र रामको चरण–कमलहरूमा निवास गर्दछ भने त्यही भगवान्ले मलाई रामको दासी बनाई दिउन्। हृदयस्थ एक परमात्मामा श्रद्धा स्थिर हुने वित्तिकै '**कृपा निधान राम सबु जाना।**' (१/२५८/७)– ती अन्तर्यामीले बुझी हाले कि अब ठीक ठाउँमा पूजा गरी रहेकी छिन्। त्यसपछि सीतालाई कुनै देवी–देवताकहाँ जानु परेन– '**तेहि छन राम मध्य धनु तोरा।**' (१/२६०/८) रामले धनुष तोड़े। सीताले सफलता पाइन्। अतः हामीहरूले जुन विविध पूजाहरू गर्दछौं, त्यो परम्परामा पाएका छौं, तर सफलता तब मात्र पाइनेछ जब एक परमात्मामा श्रद्धा स्थिर हुनेछ।

(ठ)

ठीक यस्तै प्रकारको पूजा माता कौशल्याले गरेकी थिइन्। रामको राज्याभिषेक सुनेर उनी आनन्दमग्न भइन्, पूजा–घरमा गइन्। '**पूजीं ग्रामदेबि सुर नागा। कहेउ बहोरि देन बलि भागा।।**' (२/७/५) उनले ग्राम–देवीहरू, देवताहरू र नागहरूको विशाल आयोजन (वैभव)को साथ पूजन गरिन् र आफ्नो कार्य सिद्ध भएपछि सबैलाई बलि–भोग चढ़ाउने भाकल गरिन्।

त्यसबेलासम्म देवताहरूलाई राज्याभिषेकको सूचना थिएन, तर ग्रामदेवीहरूले कौशल्या द्वारा त्यो खबर थाहा पाएपछि उनीहरूले देवताहरूलाई र देवताहरूले इन्द्रलाई सूचना दिए। उनीहरू तत्काल सरस्वती कहाँ गए–

सारद बोलि बिनय सुर करहीं।
बारहिं बार पायँ लै परहीं।।
बिपति हमारि बिलोकि बड़ि, मातु करिअ सोइ आजु।
रामु जाहिं बन राजु तजि, होइ सकल सुरकाजु।। (२/११)

हे माता! हामीमाथी ठूलो विपत्ति आएको छ। तपाईंले यस्तो केही गर्नु पर्‍यो जसले गर्दा राम वन जाउन् र देवताहरूको काम पूर्ण होस्। कौशल्याले आफ्नो कार्य पूर्ण होस् भनेर प्रार्थना दिएकी थिइन्, तर देवताहरूले भने कि माता! हामी देवताहरूले कार्य पूर्ण होस्। उनीहरूलाई कर्मको भरमा छोड़ि दिनुहोस्। तपाईं देवताहरूको हित हेर्नुहोस्।

सरस्वतीले भनिन्, "कुनै शुभ कार्यमा विघ्न पार्न तिमीहरूलाई लाज लाग्दैन। राम वन गयो भने उनलाई कति कष्ट होला, अवध अनाथ हुनेछ। मान्छेहरूले मलाई के भन्लान्?" देवताहरूले विनय गरिनै रहे– '**जीव करम बस सुख दुख भागी। जाइअ अवध देव हित लागी।।**' (२/११/४) अयोध्यावासीहरूको चिन्ता तपाईं किन गर्नुहुन्छ; उनीहरू त जीव हुन्, कर्म अनुसार सुख–दुःख भोगी नै रहन्छन्, उनीहरूलाई भोग्न दिनुस् र देवताहरूको हितको लागि, कौशल्याको हितको लागि होइन, कौशलपुर जानुस्। जबकि कौशल्याले तिनै देवताहरूको पूजा गरेकी थिइन्। यस्ता देवताहरूबाट तपाईंले कुन आशा राख्नु भएको छ? तपाईंहरूले त्यसको पूजा किन गर्नु हुन्न, जसको लागि गोस्वामीजी जोर दिनुभएको छ। जसको नाम '**मेटत कठिन कुअंक भाल के**'– जसको आराधनाले कर्मको बन्धन कटेर जान्छ।

सरस्वतीले हच्किएको देखेर देवताहरू पटक–पटक उनको चरणहरूमा परेर निवेदन गर्न थाले– '**बार बार गहि चरन संकोची। चली बिचारि बिबुध मति पोची।।**' (२/११/५) विचरी संकोचमा परिन्। बाटोभरि विचार गरिरहिन् कि देवताहरूको बुद्धि कति खोटले भरिएको छ– '**ऊँच निवासु नीच करतूती। देखि न सकहिं पराइ बिभूति।।**' (२/११/६)– यिनीहरूको निवास धेरै अग्लो छ तर करनी (कर्म) धेरै खोट छ। यिनीहरूले कसैको पनि प्रगति देख्न सक्दैनन्। जसमा यति डाह छ, जलन छ, के यिनीहरू नै तपाईंहरूका आदर्श हुन्?

हरषि हृदयँ दसरथ पुर आई।
जनु ग्रह दसा दुसह दुखदाई।। (२/११/८)

देवताहरू कि माता सरस्वती अयोध्यामा आई रहेकी थिइन्। कति सौभाग्य थियो अवधवासिहरूको। तर गोस्वामीजी भन्नुहुन्छ– होइन, '**जनु ग्रह**

दसा दुसह दुखदाई।'– विपत्तिको पहाड़ नै खनिए जस्तो भयो। भनिन्छ कि शनि सबैभन्दा दुष्ट ग्रह हो, जसले साढे सात वर्षसम्म कष्ट दिन्छ; तर सरस्वतीले त चौध वर्षको दुर्दशा लिएर आइन्। राम कल्याणस्वरूप थिए, उनको के कल्याण गर्थिन्? उनी त देवताहरूको पनि कल्याण गर्न आउनु भएका थिए। पूजा गरेकी थिइन् कौशल्याले, उनले के पाइन्? जीवनभरिको विधवापन र दुःख।

नामु मन्थरा मन्दमति, चेरी कैकइ केरि।
अजस पेटारी ताहि करि, गई गिरा मति फेरि।। (२/१२)

मन्थरा नाम गरेकी एउटी मन्दबुद्धि भएकी दासी थिइन्, उसको मस्तिष्कमा प्रवेश गरी उसको बुद्धिलाई विकृत गरेर सरस्वती गइन्। तपाईंले ध्यान दिनुहोला कि बुद्धिमान र विवेकी व्यक्तिहरूमाथी यी देवी–देवताहरूको प्रभाव पर्दैन। मात्र मन्दबुद्धि भएकाहरू नै देवी–देवताहरूबाट प्रभावित हुन्छन्।

देवी–देवताहरूको यस्तै चरित्र त्यो बेला पनि देख्न सकिन्छ जब भरतजी श्रीरामलाई लिन चित्रकूट जान्छ। देवताहरूले प्रयास गर्दछन् कि राम र भरतको मिलन नै नहोस्। उनीहरूको कुत्सित चरित्रको पराकाष्ठा भरत–राम सम्वादको अवसरमा देखेर मानसकारले भन्दछ– **'मधवा महा मलीन, मुए मारि मंगल चहत।' (२/३०१)**– इन्द्र कति मैलो छ कि पहिले देखि नै दुःखी अयोध्या र जनकपुर निवासिहरूलाई अरू पनि कष्ट दिइरहेको छ, मानौं मरीसकेको लाई मारेर आफ्नो मंगल चाहन्छ।

कपट कुचालि सींव सुरराजू। पर अकाज प्रिय आपन काजू।।
काक समान पाक रिपु रीती। छली मलीन कतहुँ न प्रतीती।।
(मानस, २/३०१/१-२)

देवराज इन्द्र कपट र खराब आचरणका सीमा हुन्। उसलाई अर्काको हानि र आफ्नो लाभ नै प्रिय छ। यस्ता देवताहरूबाट तपाईं लाभको आशा गर्नु हुन्छ? त्यो सभामा पनि देवताहरूले नराम्रो विचार, कपट, भय र उच्चाटनको प्रवेश गराए। त्यही उनीहरूको देवमाया हो। तपाईंहरूले यही गुण उनीहरूबाट सिक्न सक्नु हुन्छ। यो देवमायाको शिकार को–को भए?–

भरत जनकु मुनिजन सहित, साधु सचेत बिहाइ।
लागि देवमाया सबहि, जथा जोगु जनु पाइ।। (२/३०२)

भरतजी, जनक, मुनिहरू, मन्त्रीहरू, साधु–सन्त र बुद्धिमान यति व्यक्तिहरू छोड़ेर अरू सबैमाथी, जसको जति बुद्धिको स्तर थियो, त्यसमाथी त्यति नै देवमायाको प्रभाव पऱ्यो। स्पष्ट छ कि मात्र मन्दबुद्धिहरूमाथी नै देवताहरूको प्रभावले असर पार्दछ।

सरस्वती मन्थरा कहाँ आएर मन्थराले के पाइन्? सरस्वतीको कृपाले नै मन्थराको बुद्धि विकृत भयो। उसले चाहिंदो–नचाहिंदो सोच्न थालिन्। षड्यन्त्रको सूत्रधार उसले बन्नु पऱ्यो र अन्तमा लात खानु पऱ्यो–

कूबर टूटेउ फूट कपारू।
दलित दसन मुख रुधिर प्रचारू।। (२/१६२/५)

उसको कुप्रो भाँच्चियो, निधार फुट्यो, दाँत झऱ्यो, मुखबाट रगत बग्न थाल्यो। यति हुँदा पनि उसको दुर्दशाको अन्त भएन, उसको कपाल समातेर लछार–पछार गरियो। जसको घाँटीमा देवताहरूको माता सरस्वती बसेकी थिइन् उसको सम्मान बढ्नु पर्ने थियो, तर ऊ यति अभागी भई कि यो घटनापछि सम्पूर्ण रामायणमा उसको नामसम्म पनि कतै आएन र आजसम्म कसैले पनि आफ्नो छोरीको नाम मन्थरा राख्ने साहस गर्न सकेको छैन। मन्थरा त एउटा प्रतीक हो। ती मन्दबुद्धि भएकाहरूको प्रतिनिधि हो जसले देवी–देवताहरूको पूजा गर्दै आएका छन्। यसको परिणाम चित्रित गरेर गोस्वामीजीले तपाईंहरूलाई कस्तो सन्देश दिइरहनु भएको छ? के तपाईंहरूले कहिल्यै विचार गर्नुभएको छ कि पूजनीय को छ?

(ङ)

श्रीरामचरितमानसमा सरस्वतीको प्रयोग तीनवटा अवसरहरूमा देखाइएको छ। एउटा त यही मन्थरा प्रसंगमा; दोस्रो अवसर तब आयो जब देवताहरूले भरतको बुद्धि विकृत पार्नको लागि प्रार्थना गरे, जसले गर्दा देवताहरूको परिवार सुखी रह्न सकुन्। तर सरस्वती रिसाइन कि हजारवटा आँखा भएर पनि तिमीले सुमेरु पर्वत देख्न सक्दैन? कस्तो सुमेरु थियो भरत भित्र? **'भरत हृदयँ सियराम निवासू। तहँ कि तिमिर जहँ तरनि प्रकासू।।' (२/२९४/७)** के त्यहाँ कहिले पनि अन्धकार हुन्छ जहाँ सूर्यको प्रकाश राम्ररी पर्दछ? त्यसो भए भरतमा कस्तो प्रकाश छ? भरतको हृदयमा राम र सीताको

निवास नै प्रकाश हो। त्यहाँ मेरो कपट र चतुराई चल्न सक्दैन। को छ अन्धकार? देवता! प्रकाश के हो? एक परमात्मा! यस स्थलबाट अर्को कुरा यो पनि स्पष्ट हुन्छ- जसको हृदयमा भगवान्को निवास हुन्छ, देवताले उसको केही बिगार्न सक्दैन। अतः मन-क्रम-वचनले तपाईं एक परमात्माप्रति समर्पित हुनु होस्। यदि तपाईंले वहाँलाई हृदयबाट देख्नुहुन्छ भने हृदयको स्वामीले पनि तपाईंलाई हेर्नु हुनेछ, तपाईंको रक्षाको जिम्मेवारी आफ्नो हातमा लिनुहुन्छ।

तेस्रो अवसरमा हामीले सरस्वतीलाई कुम्भकर्णको नजिक गएको देख्छौं। उसको तपस्याबाट सन्तुष्ट भएर ब्रह्मा वर दिन पुगे। ब्रह्माले विचार गरे कि यो दुष्टले केही पनि नगरीकन, बसेर भोजन मात्र गरी रह्यो भने यो संसार नै समाप्त हुनेछ, अतः **'सारद प्रेरि तासु मति फेरी। मागेसि नींद मास षट केरी।।'** (१/१७६/८) सरस्वतीलाई बोलाए, उसको बुद्धि विकृत गराई दिए र छः महिनाको निद्रा माग्न पुग्यो। कुम्भकर्णमा सरस्वतीको प्रवेश उसको मृत्युको कारण बन्यो। देवताहरूको पूजाले कस्तो र कसको कल्याण भएको छ?

(ढ)

वर्तमान समयमा सबै देवताहरूमध्ये तीन देवताहरू बढी श्रेष्ठ मानिन्छन्- ब्रह्मा, विष्णु र महेश। महाराज मनु घर-द्वार छोड़ेर तपस्या गर्न नैमिषारण्य पुगे र चिन्तनमा लागे। उनको लक्ष्य के थियो? उनी कसको उपासक थिए? उनी मन-मनै विचार गरिरहेका थिए- **'संभु बिरंचि बिष्नु भगवाना। उपजहि जासु अंस तें नाना।।'** (१/१४३/६) यस्तो भगवान् जसको अंशमात्रले अनेकौं ब्रह्मा, विष्णु र शंकर उत्पन्न हुन्छन्, **'ऐसेउ प्रभु सेवक बस अहई।'** (२/१४३/७) यस्तो भगवान् पनि सेवकको वशमा हुन्छ, सेवकको लागि उपलब्ध रहन्छ भने म वहाँकै भजन गर्नेछु। वहाँले मेरो अभिलाषा पूरा गर्नु हुनेछ। मनु चिन्तनमा लागि हाले। साधनमा केही वेग आयो, साधना केही सुदृढ़ हुन थाल्यो, तब देवताहरू आउन थाले-

बिधि हरि हर तप देखि अपारा। मनु समीप आये बहुबारा।।
माँगहु बर बहु भाँति लोभाए। परमधीर नहिं चलहिं चलाए।।

(मानस, १/१४४/२-३)

ब्रह्मा, विष्णु र महेश सबैजना पुगे। मनुलाई पहिले देखि नै थाहा न भएको भए उनी विचलित हुने थिए। वहाँलाई ज्ञान थियो कि यस्ता अनेकौं ब्रह्मा, विष्णु र शंकर त्यो भगवान्को अंश मात्र हुन्। त्यसैले मनुले उनीहरूतिर ध्यान नै दिएन। यो पनि भनेन कि देव! मेरो अहोभाग्य कि तपाईंहरूले दर्शन दिनुभयो। तर यी देवताहरू पनि यति निर्लज्ज थिए कि आफ्नो स्वाभिमान गुमाएर मनुकहाँ पटक-पटक पुगी रहे। यस्तो लाग्दछ कि विघ्न पार्नु नै उनीहरूको उद्देश्य थियो। उनीहरू मनुको कल्याण गर्न गएका थिएन, केही दिन लागेका थिएन; प्रलोभन दिइरहेका थिए- '**बहु भाँति लोभाए।**' लोभ पनि मोहको एउटा प्रबलधारा नै हो- '**काम क्रोध लोभादि मद, प्रबल मोह के धारि।**' मोहको नै सेना हो, त्यसैले मनुले उतातिर ध्यान दिएन, चिन्तनमा लागि नै रहे। '**अस्थिमात्र होइ रहे सरीरा। तदपि मनाग मनहिं नहिं पीरा।।**' **(१/१४४/४)** हड्डीहरूको कंकाल मात्र रह्यो, तापनि मनमा अलिकति पनि पीड़ा थिएन। उनी प्रसन्न थिए, उनको लगन लागिरहेको थियो र चिन्तन सन्तोषजनकरूपले चलिरहेको थियो।

भगवान्ले देख्नुभयो कि यो मन-क्रम-वचनले मेरो आश्रित छ, यसको मन एकत्रित भैसकेको छ, तब वहाँले आकाशवाणी दिनुभयो कि वर माग, वर माग्नको लागि भन्दा, मनुले मागे-

जो सरूप बस सिव मन माहीं। जेहि कारन मुनि जतन कराहीं।।
जो भुसुण्डि मन मानस हंसा। अगुन सगुन जेहि निगम प्रसंसा।।
देखहिं हम सो रूप भरि लोचन। कृपा करहु प्रनतारति मोचन।।

(मानस, १/१४५/४-६)

मनु शंकरजीको दर्शनबाट सन्तुष्ट थिएन। उनी पटक-पटक आए, तर उनीसँग केही पनि मागेन। यद्यपि भगवान् शिवजी तत्त्वमा स्थित, तत्त्वस्वरूप महापुरुष थिए, पूर्ण प्राप्तिवाला थिए; तर उनको दर्शन मात्र गरेर बस्नु, त्यो बाटोमा न हिड़नु ठीक होइन। शंकरजीको हृदयमा जुन अनुभूति छ, त्यसलाई आफैं लागेर प्राप्त गर्नु मनुको लक्ष्य थियो। मनुले जानेका थिए कि आचरण गरेर मात्रै पाउने विधान छ। कुनै पहलवानलाई मात्र हात जोड़नाले पहलवान बन्न सक्दैन। चिकित्सकको दर्शन मात्रले रोग-निवृत्ति हुन सक्दैन।

महात्मा बुद्धले पनि आफ्नो शिष्यहरूसंग भन्ने गर्नुहुन्थ्यो कि मैले जुन उपदेश दिएको छु, यदि तपाईंहरू त्यसमा चल्नु हुन्छ भने टाढ़ा रहेर पनि मेरो नजिक नै हुन्छौं र यदि आचरणमा ढाल्दैन भने मेरो नजिक रहेर, दर्शन गरेर पनि कुनै लाभ हुँदैन, नजिक रहेर पनि धेरै टाढ़ा हुनेछौं। यसैले आचरण गर।

मनुलाई थाहा थियो कि भगवान् शंकर सही छन्, तापनि उनीसंग केही मागेन; तर जब भगवान्ले आकाशवाणी दिनुभयो, तब त्यही मागे जुन शंकरको हृदयमा थियो। '**जेहि कारन मुनि जतन कराहीं।**'– जसको लागि मुनिहरूले यत्न गर्दछन्। आजकल कुनै मुनिमाथि विन्ध्यवासिनी आउँछिन्, त कुनै माथि हनुमान जी, कोही भन्छ यक्षिणी सिद्ध गरिरहेको छु– यी सबै मुनि होइनन्। यस्तो मुनि अझै मुनि नै होइन जसले त्यो परमतत्त्व परमात्माको लागि यत्न गर्दैन, अहिलेसम्म त्यसले बाटो विराएको छ, प्रत्याशी छ।

मनुको कामनाबाट भगवान् प्रकट भए– '**बिस्वबास प्रगटे भगवाना।**' (**मानस, १/१४५/८**) कुन भगवान्? '**हरि ब्यापक सर्बत्र समाना।**'– जस्तो कि शिवले भनेका थिए। '**जेहि जाने जग जाइ हेराई।**' मनुले देखे, जहाँ विश्व थियो, त्यहाँ सबै ठाउँमा भगवान्को वास देखा पऱ्यो। जता पनि दृष्टि पऱ्यो, ढुङ्गा–पानीमा– सबैमा ती प्रभुको स्वरूप फिजियो। आफू पनि हरायो, विश्व पनि हरायो, मनुको जीव–संस्कार हरायो। जहाँ पहिले विश्व देखिन्थ्यो, त्यहाँ भगवान् सर्वत्र देखिन् थाले।

'**ॐ ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत्।**'– यो अवस्थालाई जुन–जुन महापुरुषहरूले पाए, सबैले यही निर्णयलाई दोहऱ्याए कि जे–जसो देखिन्छ–सुनिन्छ सर्वत्र ईश्वरको वास छ, तापनि हामीहरूले देख्दैनौं। कारण के हो? '**जेहि जाने जग जाइ हेराई। जागे यथा स्वपन भ्रम जाई।।**', '**अस प्रभु अछत हृदय अविकारी।**' त्यो राम मात्र भक्तको हृदयका वस्तु हुन्, बाहिरको होइन। तपाईंहरूको हृदयमा पनि राम छ, तर प्रसुप्त छ। उनलाई जान्नको लागि एक परमात्मामा श्रद्धा, त्यो परमात्मालाई तपाईंको हृदयबाट जागृत गराई दिने महापुरुषको सान्निध्य अपेक्षित हुन्छ। बाहिर न कुनै देवी छ न देवता। बाहिरका वस्तुहरू पूजी रह्यो भने कल्याण कहिले पनि हुँदैन र वस्तु पनि कहिल्यै पाउने छैनौ– रामायणको यस्तै निर्णय छ।

(ण)

करोड़ौं–करोड़ौं देवी–देवताहरू त्यो परमतत्त्व परमात्माका अंश मात्रै हुन्। कागभुशुण्डिजी भन्नुहुन्छ– **'राम काम सतकोटि सुभग तन। दुर्गा कोटि अमित अरि मर्दन।।'** (७/९०/७) भगवान् अरबौं कामदेवको समान सुन्दर छ। करोड़ौं–करोड़ौं दुर्गा समान शत्रुको नाश गर्नमा सक्षम छन्। **'सारद कोटि अमित चतुराई।'**– अनन्त कोटि सरस्वतिहरू समान उनी चतुर छन्। **'बिधि सतकोटि सृष्टि निपुनाई।।'** (७/९१/५)– अरबौं ब्रह्मा समान सृष्टिरचनामा निपुण छ। **'विष्नु कोटिसम पालनकर्ता। रुद्र कोटिसत सम संहर्ता।।'** (७/९१/६)– पालन गर्नमा करोड़ौं विष्णु समान र संहारमा अरबौं रुद्र समान छ। करोड़ौं इन्द्र समान उनको ऐश्वर्य छ, अरबौं कुबेर समान धनवान छ र अरबौं कामधेनुहरू समान इच्छित पदार्थहरू दिनमा सक्षम छ। करोड़ौं–करोड़ौं सूर्य पनि जसको अगाड़ि जुनकिरा जस्तो छ, तापनि हामी पूजा सूर्यको नै गर्दछौं, प्रभुको होइन। तपाईं त्यो मूललाई किन समाउनु हुन्न, जसका यी सबै नगण्य अंश मात्र हुन्। **'तुलसी मूलहि सेइये फुलइ फलइ अघाइ।'** मूलको सेवा गर्नुभयो भने फल–रुख–पात–फूल–हाङ्गा–विङ्गा सबै तपाईंको हुन्छ र पात–पातमा दौड़िनु भयो भने रुखलाई (मूल परमात्मालाई) पनि गुमाउनु हुनेछ। देवताहरूमा, ढुङ्गामा, पानीमा, पशु र चराहरूमा कल्याणको नाममा आफ्नो अमुल्य समय नष्ट न गर्नुस्। कसैमाथि उपकार होइन, स्वयं आफ्नो उद्धार गर्नुस्।

(त)

देवी–देवताहरूको त होइन, हो, शंकरजीको पूजा भरतजीले आरम्भमा गर्ने गर्दथे। रामको राज्याभिषेक सम्बन्धमा जब अयोध्यामा षड्यन्त्र प्रारम्भ भयो, त्यसबेला भरतजी मावलीमा थिए। रातमा उनले भयंकर सपना देख्न थाले। मन दुश्चिन्ताहरूले भरिएको थियो। त्यसको शान्तिको लागि **'बिप्र जेवाँइ देहिं दिन दाना। सिव अभिषेक करहिं बिधि नाना।।' (मानस, २/१५६/७)**– भरतजीले ब्राह्मण भोजन गराउने गर्दथे, दान दिने गर्दथे, अनेक प्रकारले शंकरको अभिषेक गर्ने गर्दथे। **'माँगहि हृदयँ महेस मनाई। कुसल मातु पितु परिजन भाई।।'** (२/१५६/८)– हृदयमा शंकरजीलाई राम्ररी

मनाएर माग्नु हुन्थ्यो कि माता कुशलसाथ रहुन्, पिता कुशलसाथ रहुन्, भाई र परिजन सबै सकुशल रहुन्।

पायो के? पिताजी स्वर्गलोक गए, माता विधवा भइन्, भाई वन गए र सात दिनपछि जबसम्म भरत अयोध्या पुगेन, कसैको घरको चुल्होमा आगो बलेको थिएन। त्यसो भए के भगवान् शिवको पूजा पनि गलत हो? होइन, **'सिव सेवा कर फल सुत सोई। अबिरल भगति राम पद होई।।' (मानस, ७/१०५/२)**– आदिगुरु भगवान् शिवको सेवाको एकमात्र फल यही हो कि रामको चरण–कमलमा अविरल भक्ति जागृत भैजाओस्। भगवान् शिव आफ्नो भक्तिले त्यति सन्तुष्ट हुँदैन, उनी जब पनि सन्तुष्ट हुन्छन्, रामको भक्तिले मात्र संतुष्ट हुन्छन्। सानो–तिनो याचनाहरूमाथि ध्यान नदिएर उनलाई भगवान् रामको अनन्य भक्त बनाई दिए। भगवान् शंकरको जुन कर्तव्य थियो, त्यसको उनले निर्वाह गरेर देखाए। यसपछि भरतजीले जीवनभरि रामको अविरल भक्तिमा समय दिए, शिवमा होइन।

यस्तै उदाहरण कागभुशुण्डिजीको पनि छ। आफ्नो अघिल्लो जन्ममा उनी भगवान् शिवका अनन्य सेवक थिए, अरू सबैको विरोधी थिए। उनका गुरु दयालु थिए, नीति–निपुण थिए। भनि रहने गर्दथे कि शिवको सेवाको फल भगवान् रामको चरणहरूको भक्ति हो। उनको यस्तो उपदेश कागभुशुण्डिजीलाई राम्रो लाग्दैनथ्यो। उनले त्यो गुरुदेवको अपमान गर्न थाले।

एक दिन कागभुशुण्डिजी शिवको मन्दिरमा बसेर शंकरजीको नाम जपि रहेका थिए। गुरुदेव आए, तर कागभुशुण्डिजीले उठेर प्रणाम गरेन। गुरुदेव त कोमल–शील स्वभावका थिए, तर गुरुको अपमान स्वयं शंकरजीले पनि सहन गर्न सकेन। अजगर बन्न र एक हजार जन्म लिने र मर्ने श्राप पाए। जुन शंकरजीको उनले पक्ष लिने गर्दथे त्यही शिव रुष्ट हुन गए। गुरु महाराजलाई असाध्यै करुणा लाग्यो। भगवान् शिवसंग अनुग्रह गरे, प्रार्थना गरे। शंकरजी सन्तुष्ट भएर भने– जन्म त यसले लिनै पर्दछ, तर जन्म र मृत्युको असहनीय पीड़ा यसलाई हुने छैन। कुनै पनि जन्ममा यसको ज्ञान मेटिने छैन र अन्तमा यसले मानिस–शरीरमा रामको भक्ति प्राप्त गर्नेछ।

हुनत उनी शिवका भक्त थिए, तर शंकरजी प्रसन्न भएर के दिए? रामको भक्ति! अन्तिम जन्ममा उनको **'मन ते सकल बासना भागी। केवल राम**

चरन लय लागी।।' (७/१०९/६)– शिव–सेवाको फल हो '**अबिरल भगति राम पद होई।**' रामको चरणहरूमा लगन लाग्यो र त्यसपछि प्राप्तिभयो।

(थ)

भारतमा आज पनि शिव–पूजा प्रतिष्ठित छ। भगवान् शिवको मन्दिर धेरै छन्। यदि त्यहाँ यस्तो जानकारी दिइन्छ कि भगवान् शिवले कुन अभीष्ट प्राप्त गरेका थिए? वहाँको विद्या के थियो? वहाँले कसरी तपस्या गर्नुभयो? वहाँले के अर्ती दिनुभयो? हामीले त्यसलाई कसरी प्राप्त गर्ने?– त्यसो छ भने त्यो मन्दिर सार्थक छ। यतिमात्र सिक्नको लागि तपाईं त्यहाँ जानुहुन्छ। जहाँ यो जानकारी दिने गरिदैन कि महापुरुषले त्यो सत्यलाई कसरी प्राप्त गरे? त्यहाँ गएमा तपाईंको क्षति हुनेछ, लाभ कहिल्यै पनि हुने छैन। मात्र चरणामृत बाँडनेवाला मन्दिर केही पनि होइन, धोखा हो। भगवान् शिवको चरणमा जो गयो उसलाई वहाँले रामको चरणमा सुम्पि दिए (प्रीति दिए)। उनी सधैं राम–नाम जप्दथे।

तुम्ह पुनि राम राम दिन राती।
सादर जपहु अनंग आराती।। (१/१०७/७)
कासीं मरत जन्तु अवलोकी।
जासु नाम बल करउँ बिसोकी।। (१/११८/१)

काशीमा शंकरजीले आफ्नो पराक्रमले मुक्ति दिनु हुन्न, बरू नामको बलले नै मोक्ष प्रदान गर्नुहुन्छ। एक परमात्माको चिन्तनमा नै शंकरजीले जोड़ दिए।

ठीक त्यस्तै प्रकार हनुमान एउटा सन्त थिए। उनको पनि जपको नाम राम थियो। '**सुमिरि पवनसुत पावन नामू। अपने बस करि राखे रामू।।**' (१/२५/६) पवनसुतले त्यो परम पवित्र रामको नामको जप गरेका थिए। हनुमान–हनुमान जप्नको लागि, हनुमानले कहिल्यै पनि भनेका छैन। वहाँको जीवनमा जति पनि अधिकारी भक्त भेटियो वहाँले तिनको हात समाएर रामको चरणहरूमा लोटाई दिए।

हनूमान सम नहिं बड़भागी।
नहिं कोउ राम चरन अनुरागी।। (७/४९/८)

हनुमानको जस्तो भाग्यशाली कोही पनि थिएन। त्यसो भए भाग्यको स्रोत के हो? '**नहिं कोउ राम चरन अनुरागी।**'– रामको चरणहरूको अनुराग नै भाग्यको जन्मदाता हो।

यी दुबै महापुरुषको कथाहरूबाट स्पष्ट हुन्छ कि देवताहरूमा केही महापुरुष पनि छन् जो तपाईं–हाम्रो पूर्वज रहेका छन्। तर करोड़ौं कल्पित देवताहरूको बिचमा वहाँहरूको संख्या एक प्रतिशत पनि छैन। वहाँहरूप्रति श्रद्धा अपेक्षित छ किनकी वहाँहरूले कुनै कालमा साधन गरेर परमात्मस्वरूपको स्थिति प्राप्त गरेका थिए। आफ्नो पुस्ताको लागि उनीहरू सद्गुरु थिए; तर आजको लागि उनीहरूको पूजाको विधान छैन र न उनीहरूको नाम जपको, तर यदि कसैले यस्तो गऱ्यो भने ती महापुरुषले एक परमात्मातिर तथा त्यो व्यक्तिको समकालीन सद्गुरुतिर उसलाई पठाई दिन्छन्। अतः तपाईं प्रारम्भदेखि नै एक परमात्माप्रति श्रद्धा स्थिर गर्नुस् जसले गर्दा तपाईंको समय नष्ट हुन न पाओस्, र वहाँहरूबाट प्रेरणा लिने गर्नुस्।

(द)

गोस्वामीजीले रामचरित मानसको रचना गरेपछि अन्तमा मानस रोग पनि बताए कि यसका विरोधी को हुन्, '**मोह सकल ब्याधिन्ह कर मूला।**' (७/१२०/२९)– मोह सम्पूर्ण रोगहरूको मूल हो। काम वात हो, कफ लोभ हो, क्रोध पित्त हो। काम क्रोध र लोभ तीनवटै दाजु–भाईहरूले जब एउटै हृदयमा, एउटै ठाउँमा भेला हुन्छन् तब त्यो व्यक्ति सन्निपातको रोगी जस्तो हुन्छ। '**अहंकार अति दुखद डमरुआ।**', '**तृस्ना उदर वृद्धि अति भारी।।**' यसप्रकारले पन्ध्र–पच्चीस रोगहरूको चित्रण गरेर अन्तमा भने, '**मानस रोग कछुक मैं गाये।**'– मैले केही मानस–रोगहरूको मात्र वर्णन गरेको छु। '**है सबके लखि विरलन्ह पाये।**'– हुन त सबैसँग छ तर कुनै विरलैले मात्र यसलाई चिन्यो। त्यसो भए यी रोगहरूबाट मुक्ति कसरी पाइने छ? यस सन्दर्भमा भन्नुहुन्छ–

सद्गुर बैद बचन बिस्वासा। संजम यह न विषय कै आसा।।
रघुपति भगति संजीवन मूरी। अनूपान श्रद्धा मति पूरी।।
एहि बिधि भलेहिं सो रोग नसाहीं। नाहिं त जतन कोटि नहिं जाहीं।।

(मानस, ७/१२१/६–८)

सद्गुरु नै वैद्य हुन्, उनको वचनहरूमा पूरा श्रद्धा होस्। भगवान्को भक्ति (देवी–देवताहरूको भक्ति होइन, मात्र भगवान्को भक्ति) यही संजीवनी जड़ी हो। अनुपानको लागि सद्गुरुमा पूरा श्रद्धा होस्। यो विधिद्वारा रोग नष्ट हुन सक्ला होइन भने करोडौं यत्न गर्दा पनि रोग निको हुनेवाला छैन। जुन

प्रयासद्वारा रोग निको हुन सक्दैन त्यसलाई तपाईं किन गर्नुहुन्छ? त्यो प्रभुको भक्ति किन गर्नु हुन्न, जसबाट यो मानस–रोग नष्ट हुन्छ?

(ध)

अहिलेसम्म तपाईंहरूले बुझिसक्नु भयो होला कि हाम्रो–तपाईंको इष्ट के हो? इष्ट त्यसलाई भनिन्छ जसले हामीलाई अनिष्टहरूबाट बचाउँछ। अनिष्ट भनिन्छ क्षतिलाई, नोक्सानलाई। दैनिक जीवनमा साना–तिना नोक्सान त भई नै रहन्छन्। कसैको टाउको दुखीरहेको छ, नोकरीमा बाधा आएको छ, कतै गाड़ी लड़ेको छ, इत्यादि परेशानिहरू त आई नै रहन्छन्। यसै प्रकार लाखौं कामनाहरू मानिसभित्र भरिरहेको हुन्छ। जसले यी सम्पूर्ण अनिष्टहरूबाट बचाउँछ, कामनाहरूको पूर्ति गरिदिन्छ उसको नाम हो इष्ट।

सब थोक सुरक्षित भएपछि र समृद्ध जीवन प्राप्त भएपछि पनि शरीर त क्षणभंगुर छ। आज छ भने भोलीको लागि कुनै ग्यारेण्टी दिन सकिंदैन। यो नश्वर छ। योगेश्वर श्रीकृष्ण भन्नुहुन्छ– अर्जुन! यो आत्मा नै शाश्वत छ र शरीर नाशवान छ, **'अनित्यमसुखं लोकमिमं प्राप्य भजस्व माम्।' (गीता, ९/३३)** तब त तपाईंको वैभव–विलास यही नै छुट्ने छ। काललेे जबरजस्ति घिसारेर लै जानेछ। के कुनै यस्तो उपाय पनि छ कि यस जन्म र मृत्युबाट पनि छुट्कारा पाउन सकियोस्? त्यो को हो जसले यस भयंकर अनिष्टबाट बचाएर हामीलाई शाश्वत स्वरूप प्रदान गर्न सक्दछ, अकाल स्थिति प्रदान गर्न सक्दछ, शाश्वतधाम प्रदान गर्न सक्दछ, सधैं रहने अक्षय शान्ति दिन सक्दछ। यस्तो गर्नमा यदि कोही सक्षम छ भने त्यो हो एकमात्र परमतत्त्व परमात्मा, शाश्वत ब्रह्म। उसको परिचायक नाम राम हो। उसैको जप गर्नुहोस्, ऊ नै इष्ट हो।

(न)

एकपटक भगवान् रामले सभा बोलाउनुभयो–

एक बार रघुनाथ बोलाए। गुरु द्विज पुरवासी सब आए।।
बैठे गुर मुनि अरु द्विज सज्जन। बोले बचन भक्त भव भंजन।।

(मानस, ७/४२/१–२)

गुरु, मुनि, द्विज, सज्जन सबैजना बसेका थिए, तब भक्तहरूको जन्म–मरणको दुःख मेटाउने श्रीरामले भन्नुभयो–

बड़ें भाग मानुष तनु पावा। सुर दुर्लभ सबग्रन्थन्हि गावा।।
साधन धाम मोच्छ कर द्वारा। पाइ न जेहिं परलोक सँवारा।।

(मानस, ७/४२/७-८)

ठूलो भाग्यले मानिसको शरीर पाइएको छ। यो देवताहरूलाई पनि दुर्लभ छ। देवताहरूले राम्रो कर्मको फलस्वरूप भोगमात्र भोग्दछन्; तर स्वर्ग पनि थोरै दिनको लागि छ त्यसकारण देवताहरू पनि मानव शरीरबाट आशावान् छन्। यो शरीर साधनको धाम हो, मुक्तिको ढोका हो। यसलाई पाएर जसले आफ्नो परलोक सुधार्दैन, उसले जन्म–जन्मान्तरसम्म दुःख पाउँछ। टाउको ठोकी–ठोकी पछुताउने गर्छ। काल, कर्म र ईश्वरलाई व्यर्थमा दोष दिन्छ। वास्तवमा यदि मानिस शरीर उपलब्ध छ र उसले परलोक सपार्नको लागि उद्योग गर्दैन भने न कालको दोष छ, न कर्मको दोष छ र न ईश्वरको। सबै दोष उसैको छ।

प्रायः दुई–तीन बहानाहरू मानिसहरूले गर्ने गर्छ कि मेरो त कर्ममा नै लेखिएको छैन– कर्मलाई दोष दिनु, समय अनुकूल छैन– काललाई दोष दिनु र कर्त्ता–धर्त्ता त भगवान् हुन्– ईश्वरलाई दोष दिनु। तर भगवान् रामले स्वयं भन्नुहुन्छ कि यदि मानव शरीर उपलब्ध छ भने यीमध्ये कसैको पनि दोष छैन, दोष आफ्नो छ। अन्तमा भन्नुहुन्छ–

नर तनु भव बारिधि कहुँ बेरो। सन्मुख मरुत अनुग्रह मेरो।।
करनधार सद्गुर दृढ़ नावा। दुर्लभ साज सुलभ करि पावा।।
जो न तरै भवसागर, नर समाज अस पाइ।
सो कृत निंदक मंदमति, आत्माहन गति जाइ।। (७/४४)

यो मानव शरीर संसार–सागरबाट पार हुनको लागि एउटा जहाज हो। सद्गुरु माँझी हुन्। मेरो कृपा अनुकूल वायु हो। यस्तो दुर्लभ संयोग, व्यवस्था पाएर जो भवसागर पार हुँदैन ऊ आफ्नो पौरुषको निन्दक अकर्मण्य हो, मुर्ख हो र आफ्नो आत्माको हत्यारा हो।

तर पार हुनको लागि उपाय के हो? यस सन्दर्भमा भन्नुहुन्छ–

जौं परलोक इहाँ सुख चहहू। सुनि मम बचन हृदयँ दृढ़ गहहू।।
सुलभ सुखद मारग यह भाई। भगति मोरि पुरान श्रुति गाई।।

(मानस, ७/४४/२-३)

यदि तपाईं परलोक चाहनु हुन्छ, परमश्रेय शाश्वतधाम चाहनु हुन्छ, अमृततत्त्व प्राप्त गर्न चाहनु हुन्छ अथवा यसै लोकमा आफ्नो कामनाहरूको पूर्ति चाहनु हुन्छ भने मेरो वचन सुन र दृढ़ताको साथ धारण गर। त्यसो भए त्यो के हो त? दुबैको लागि मात्र एउटै बाटो छ कि '**भगति मोरि**'– मेरो भक्ति गर। शेषनागको होइन, कुनै देवताको होइन, मेरो भक्ति गर। यही श्रुतिहरूले गाएको छ। अतः इष्ट को हो? एक परमतत्त्व परमात्मा। (यसबाहेक अनिष्टहरूबाट बचाउनेवाला कोही छँदै छैन। हाम्रो दरिद्रताको कारण यो छ कि हामीहरू त्यो प्रभुलाई मान्दैनौं।)

श्रीरामको नाम लिने वित्तिकै प्रायः सबै जना झस्किन्छन् कि कुन राम? मानसकारले रामको परिचय दिए, '**रामु ब्रह्म व्यापक अविनासी।**'– जो व्यापक छ, चिन्मय छ, कण–कणमा छ, अविनाशी छ, उसैको अर्को नाम हो राम। अतः इष्ट को हो? एक परमतत्त्व परमात्मा। जसले उनीमाथी निर्भर रहेर आफ्नो कार्यमा लागि रहन्छ, समृद्धिले अकारण नै उसलाई अपनाउँछ। उसले सुखी लामो जीवन प्राप्त गर्दछ। उसलाई स्नायुरोग हुने छैन। ऊ तनावमुक्त हुनजान्छ। तपाईं संसारमा अल्झिएको भएको पनि परलोक र परमश्रेयको व्यवस्था तपाईंको लागि सुरक्षित छ। योगेश्वर श्रीकृष्णको भनाई छ– अर्जुन! यस निष्काम कर्ममा, त्यो परमात्मामा जो निष्ठाको साथ लागेको छ, अहिलेसम्म केही गरेको छैन मात्र लागेको छ, तब पनि अर्जुन! त्यो पुरुषको कहिल्यै विनाश हुँदैन। यस पथमा आरम्भको कहिल्यै पनि नाश हुँदैन। तपाईंले राम्ररी बीजारोपण गर्नुभयो भने यसले परमश्रेयसम्म पुऱ्याएर मात्र छोड्छ। कामनाहरूले बाधा मात्र पार्दछन्, सत्यको अनुष्ठानलाई नष्ट पार्न सक्दैन। अतः मानसको अनुसार एक परमतत्त्व परमात्मा नै इष्ट हुन्।

देवता र देवी– यी भ्रान्तिहरू हुन्। मानस अनुसार एउटा पनि ठाउँ यस्तो छैन, जहाँ यिनीहरूको पूजाको विधान छ र न त पूजनेहरूले नै सफलता पाएका छन्। तर दुर्भाग्यको कुरा यो छ कि यो हामीले पुस्तौं देखि नासोमा पाएका छौं र हामीले यसैको अन्धो अनुकरण गरिरहेको छौं। दुःख लाग्दो कुरा छ कि विरक्त महात्माहरूले पनि त्यही पुस्तैनीमा पाएका रीति–रिवाजहरूको अन्धो अनुकरण गरिरहेका छन्। उनीहरू भन्ने गर्दछ कि रामकृष्ण परमहंसजीले कालीको पूजा गर्नुहुन्थ्यो, तर वहाँले त्यही पूजा आफ्नो अनन्य शिष्य

विवेकानन्दलाई सिकाउनु भएन। विवेकानन्दजीको उपदेशमा तपाईं कतै पनि देवीको नाम पाउनु हुन्न।

अयोध्यावासी पनि चित्रकूटमा यस्तै अन्धो अनुकरण गरेको देखिन्छ। जब उनीहरू श्रीरामलाई मनाउन गए तब 'गनप गौरी त्रिपुरारि तमारि'को पूजा गर्ने गर्दथे। तर श्रीरामको राज्याभिषेक र वहाँको सभापछि ती अयोध्यावासीहरूले आफ्ना बच्चाहरू समेतलाई शिक्षा दिन्छन्– '**भजहु प्रनत प्रतिपालक रामहि।**' (७/२९/२)– जसले प्रणतको परिपालन गर्दछ त्यस्तो श्रीरामलाई भज। जसरी परेलाले आँखाको नानीलाई रक्षा गर्दछ त्यसै गरी श्रीरामलाई तिमी भज। स्वयं उनीद्वारा देवताहरूलाई पूजने त प्रश्न नै उठ्दैन।

यसप्रकार तपाईंले देख्नुभयो कि गीता कै स्वरहरूमा, श्रीरामचरित मानसमा गोस्वामी तुलसीदासजीले आरम्भदेखि अन्तसम्म क्रम–क्रम गरी एक परमात्मामा नै जोर दिनुभयो र उत्तरकाण्डको अन्तमा त निर्णय नै दिनुभयो कि– '**सोइ कबि कोविद सोइ रनधीरा। जो छल छाड़ि भजइ रघुबीरा।।**' (७/१२६/४) इत्यादि कैयौं चौपाईहरूमा प्रस्तुत छन् कि ऊ नै कवि हो, पण्डित हो, रणधीर हो जसको मन श्रीराममा अनुरक्त छ। त्यही कुल धर्मपरायण हो, नीति–निपुण र परम बुद्धिमान हो, दक्ष तथा सम्पूर्ण गुणहरूबाट युक्त हो, वेदको सिद्धान्त उसले राम्रो प्रकारले जानेको छ, जसको मन श्रीराममा अनुरक्त छ।

यति हुँदाहुँदै पनि, किन हो कुन्नि मानिसहरू श्रीरामको भजन गर्दैनन्? व्यासजीहरू (कथावाचकहरू) दिन–रात कथा त रामायणको भन्छन् तर आफू चाहिं भजनको समयमा चालीसा पढ्छन्, सप्तशतीको पाठ गर्दछन्। कम से कम यस रामायणको अर्तीमाथी ध्यान दिएर आचरण गर्नु पर्दछ। अहिलेसम्म गर्नुभएको छैन भने बुझ्नुस् र जनतालाई पनि बुझाउने प्रयास गर्नुस्। मानसको अन्तिम पंक्तिहरूसम्म गोस्वामीजीले तपाईंसंग यही आग्रह गरिरहनु भएको छ कि अरू कसैलाई होइन, '**रामहि सुमिरिअ गाइअ रामहि। संतत सुनिअ राम गुन ग्रामहि।।**' (७/१२९/८) श्रीरामको नै स्मरण गर्नुहोस्, वहाँ कै मनन गर्नुहोस् र वहाँ कै गुण–समूहहरूको श्रवण गर्नुहोस्।

सुन्दर सुजान कृपा निधान अनाथ पर कर प्रीति जो।
सो एक राम अकाम हित निर्बानप्रद प्रभु आन को।।

(७/१२९ छन्द)

सुन्दर, सुजान, कृपानिधान र अनाथहरूलाई प्रेमगर्ने एकमात्र राम हुन्। वहाँ जस्तो निःस्वार्थ हित गर्नेवाला र निर्वाण (मोक्ष) पनि दिनेवाला अर्को को छ?

स्वतःसिद्ध एक इष्टको ठाउँमा अनेकौं इष्ट बनाएर आज हामी सबै छरिएका छौं। शाश्वत एकमात्र सर्वव्याप्त परम ईश्वर परमात्मा हुन्। त्यसैले सम्पूर्ण विश्वको इष्ट एकमात्र परमात्मा हुन्। हामीमध्ये जो पनि नश्वरको पूजामा लागेका छन्, नास्तिक छन्। यी अस्तित्व नभएकाहरूको पूजा गर्नु–गराउनु, प्रोत्साहन दिनु नास्तिकतालाई बढ़ाउनु हो। ब्रह्मादेखि यावन्मात्र परिवर्तनशील जगत्को बिचमा एउटा परमात्मा नै अविनाशी अमृतस्वरूप हुन्। यसैकारण वहाँ नै सम्पूर्ण जगत्को पूज्य (इष्ट) हुन्। वहाँको आवश्यकता समाजमा सधैं छ र सबैको लागि छ। अतः सबै थोक गर्दा–गर्दै पनि यदि हामी एक परमात्मामा श्रद्धा र त्यो परमतत्त्व परमात्माको परिचायक दुई–अढाई अक्षरको नाम ॐ अथवा रामको सुमिरन गर्दछौं भने हामी आस्तिक छौं; किनकि हामीले अस्तित्वको पूजा गरिरहेका छौं। त्यो भजनको शुरुवात परमात्मामा श्रद्धा र उनको नामको जपबाट हुन्छ। हो, त्यसको प्राप्ति सद्गुरुद्वारा हुन्छ, जहाँ पुगेर यो क्रिया अनुभवगम्य र सूक्ष्म हुनजान्छ।

सृष्टिमा भगवान् एउटा मात्रै छ, दुई हुन सक्दैन, अनेक हुन सक्दैन। उनी कण–कणमा व्याप्त छन्। यदि अर्को भगवान् छ भने उनलाई व्याप्त हुनको लागि अर्को संसार चाहिन्छ। त्यो प्रभु बस्छ कहाँ– **'अस प्रभु हृदयँ अछत अबिकारी। सकल जीव जग दीन दुखारी।।'** (१/२२/७) प्रभु सबैको हृदयमा निवास गर्दछ तर देखिंदैन। अब वहाँलाई देख्ने विधि बताउनु हुन्छ– **'नाम निरुपन नाम जतन तें। सोइ प्रगटत जिमि मोल रतन तें।।'** (१/२२/८) पहिले नामको निरूपण गर्नुस् कि नाम कुन प्रकारले छ? त्यसलाई कसरी जप्ने? श्वासमा उठ्ने ध्वनि कसरी समात्न सकिन्छ? त्यसको प्रेरक को हुन्? बुझिसकेपछि त्यसको लागि अभ्यास गर। रगत–पसीना एक गरेर त्यो परमात्मालाई विदित गर, त्यो प्रकट हुनेछ। त्यो परमात्मा एउटा धाम हो र सद्गुरु नै वहाँमा प्रवेशको माध्यम हो। **'गुरु राखइ जो कोप विधाता। गुरु रुठे नहीं कोउ जग त्राता।।'** यदि भाग्य बिग्रेको भए पनि, घोर यातना लेखिएको भए पनि, सद्गुरुले रक्षा गर्न सक्नु हुन्छ र यदि सद्गुरु नै उपलब्ध

छैन भने भगवान् नामको कुनै वस्तु चिनारीमा आउन सक्दैन। भगवान् हृदय–देशमा नै हुनुहुन्छ, तर यदि सद्गुरु छैन भने वहाँको चिनारी हुँदैन। यसै प्रकार जुन गुरुले एकमात्र परमात्माको उपलब्धिको क्रिया जान्दैन, जो सत्यमा प्रवेशवाला छैन, जसले त्यो क्रियालाई तपाईं–हाम्रो हृदय–देशमा जगाउनमा, अनुभवी जागृति दिनमा सक्षम छैन, त्यो सद्गुरु होइन, कुलगुरु हो। जबसम्म सद्गुरु उपलब्ध छैन, तबसम्म त्यो एक परमात्माको परिचायक दुई–अढाई अक्षरको नाम र एक परमतत्त्व परमात्मा प्रति श्रद्धा यदि तपाईंमा छ भने तपाईंको सुमिरन, भजन र इष्ट सही छ। यो श्रद्धा तपाईंको भावको एक परमात्मामा केन्द्रीयकरण, एक ठाउँमा स्थिरीकरण नै तपाईंको पुण्य र पुरुषार्थ बन्न जानेछ। यसको साथै त्यो आत्मा जागृत भएर जहाँ सद्गुरु हुनुहुन्छ, वहाँसंग भेट गराइदिन्छ र सद्गुरुसित भेट भएपछि यौगिक क्रियाको जागृति तपाईंको हृदय–देशमा हुनजानेछ। अनुभव, संकेत, इष्टको आदेश तपाईंले पाउन थाल्नु हुनेछ। जुन आत्मा प्रसुप्त छ, तटस्थ छ, जागृत हुनेछ।

आज भनिन्छ कि ईश्वर हृदयमा वास गर्दछ, तर चार–छः महीना मात्र कुनै तत्त्वदर्शी महापुरुषको सेवा, वहाँद्वारा बताएका साना–तिना साधना तपाईंले गर्न सक्नुभयो भने वहाँ जागृत हुनेछ। तपाईंसंग कुरा गर्न थाल्नु हुनेछ, तपाईंको मार्ग–दर्शन गर्न थाल्नु हुनेछ। त्यो प्रभुले तपाईंलाई हिड़ाउनु हुनेछ। वहाँ कै निर्देशनमा हिड़ेर साधकले वहाँलाई प्राप्त गर्दछ। **'न अयं आत्मा प्रवचनेन लभ्यः'**– यो आत्मा न प्रवचनबाट प्राप्त हुन्छ, न विशिष्ट बुद्धिबाट प्राप्त हुन्छ, न त धेरै सुनेर–बुझेर नै प्राप्त हुन्छ, बरू लाखौं भाविकहरूमध्ये जसलाई वहाँले वरण गर्नुहुन्छ, जसको हृदयबाट जागृत भएर औंला समाएर डोऱ्याउन थाल्नु हुन्छ, उसले वहाँको निर्देशनमा हिड़ेर वहाँलाई प्राप्त गर्छ र औंला तब मात्र समाउने छ जब एकमात्र परमतत्त्व परमात्मामा श्रद्धा होस् र तत्त्वदर्शी सद्गुरु उपलब्ध होस्। विचार–विमर्शको लागि तपाईंको र तपाईंको अमूल्य विचारहरूको सधैं स्वागत छ।

।। ॐ।।

कर्मकाण्ड

कर्मकाण्ड पोंगापंथी छैन, मानव जीवनको अनिवार्य आवश्यकता हो। यसलाई जन-जनको हृदयमा पुऱ्याउनु पुरोहित जनहरूको उद्देश्य हो।

- स्वामी अड़गड़ानन्द

मानिसको जीवनमा घटित हुने प्रत्येक घटना एउटा काण्ड हो, र प्रत्येक घटनामा कर्त्तव्य-बोध गराउनु कर्मकाण्ड हो। घटना हरेक परिवारमा भई नै रहेको हुन्छ। कतै जन्म भएको हुन्छ त कतैं मुत्यु। कतैं विवाह भएको हुन्छ भने कसैको अन्नप्राशन। कसैको गृह-निष्क्रमण हुन्छ भने कसैको गृह-प्रवेश। भारतीय मनीषिहरूले मानव-जीवनमा हुने यी स्वाभाविक घटनाहरू मध्येबाट पन्ध्र-सोह्र घटनाहरूलाई छाने र यी अवसरहरूमा प्रत्येक परिवारमा गएर त्यो एक परमात्माको आंशिक आकारको बीजारोपण गर्नको लागि षोडश संस्कारहरूको विधान बनाए। प्रत्येक बच्चामा गर्भावस्था देखि नै एक परमात्माको संस्कार स्थापित गर्नु र त्यो एक परमात्मालाई प्राप्त गर्नु नै तिम्रो कर्म हो- यस कर्मको जानकारी गराईदिनु- बस यति नै शुद्ध कर्मकाण्ड हो।

वैदिक युगमा घर-घरमा गएर शाश्वत एकमात्र परमात्माको जानकारी गराईदिने कर्तव्य पुरोहितको थियो। उपर्युक्त अवसरहरूमा वेदको पुरुष-सूक्तको ऋचाहरू पढ़िन्थ्यो र साथै मानिसहरूलाई मन पर्ने वस्तुहरू मिठो भोजन, सुपारी, नया कपड़ा, अतर इत्यादि दिइन्थ्यो, जसबाट यी वस्तुहरूको प्रयोग गर्ने बेलामा, त्यही एक परमात्मालाई प्राप्त गर्ने लक्ष्य सधै संझना रहोस्। प्रत्येक वस्तु धारण गर्दा परमात्माका विभूतिहरूको स्मरण भइरहोस्। यी मन्त्रहरूको अन्तमा अर्घ्यं, पाद्यं, नैवेद्यं भनेर पुरोहितले भगवान्को हाथ-पाउँ धुवाउने भावना गर्दछ र प्रत्येक वस्तु त्यो प्रभुको लागि हुने गर्दछ। न कतै भगवान्को हाथ-पाउँ धुवाउँछ न आफ्नो धुन्छ बरू यजमानको, ऊ नबालिक भए कर्मकाण्ड गर्ने परिवारको मुलीको हाथ-पाउँ धुवाउँछ, जसको उद्देश्य यति मात्र हो कि हात धुँदा, पाउँ धुँदा, पानी पिउँदा, भोजन गर्दा, वस्त्र लगाउँदा, गन्ध लिंदा, ओछ्यायनमा जाँदा आदि प्रत्येक मांगलिक वस्तुको उपयोगमा

त्यो परमप्रभुको विभिन्न अवस्थाहरूको (विभूतिहरूको) चिन्तन भैरहोस्। यी वस्तुहरू हृदयमा स्थित परमात्मालाई अर्पित गरिन्छ, हाथ–पाउँ धुवाउने गरिन्छ, जसबाट मानवमात्रले, प्रत्येक बच्चाले त्यही सधैं रहिरहने शाश्वत परमात्माको जानकारी प्राप्त गरुन्, सार्वभौम कल्याण हुन सकोस्, यस लक्ष्यबाट भटकिने अवसर नपाओस्।

कालान्तरमा ईश्वरलाई सधैं स्मरण राख्ने भावनाको नाममा बुद्धिजीवी वर्ग–विशेषले आफ्नो जीविकाको लागि दैनिक जीवनको प्रत्येक क्रियालाई काण्डको संज्ञा दिएर बृहत् कर्मकाण्डको रचना गरे, जसमा शौच जाने मन्त्र, स्नान गर्ने मन्त्र, भोजन गर्ने मन्त्र, विधि–निषेध र यसको पालनमा भूल भयो भने प्रायश्चित स्वरूप दान लिने क्षेत्रलाई विस्तृत बनाए। हृदयस्थित एक परमात्माको खोजी गर्नुको स्थानमा बाहिरका अनेकौं देवी–देवताहरूको पूजालाई धर्म घोषित गरेर तत्सम्बन्धी पूजा विधिहरूलाई कर्मकाण्डको रूपमा प्रचार गरियो। परमात्मालाई जान्ने–बुझने क्रिया छुट्यो, अनुष्ठान र मन्त्र मात्र कण्ठस्थ गर्ने परम्परा बस्यो। एक धर्मको स्थानमा संकीर्ण साम्प्रदायिक संगठनहरू बने। शाश्वतको पुजारी नश्वरको पछाड़ि दगुर्न थाले।

अण्डाको सुरक्षाको लागि जुन खोका शुरूमा आवश्यक हुन्छ, बच्चा जन्मे पछि त्यसलाई फुटाई दिने त्योभन्दा पनि जरूरी हुन्छ, होइन भने बच्चा त्यसभित्र निस्सासिएर मर्नेछ। यसै प्रकार पूर्वजहरूले जुन परिस्थितिहरूमा यी कुरीतिहरूलाई खेप्नु परेको थियो अब त्यस्ता परिस्थितिहरू छैनन्। सामाजिक शिष्टाचार र रहन–सहनका प्रत्येक उपयोगी–अनुपयोगी नियमहरूलाई धर्म भनेर जनतालाई पथभ्रष्ट पार्ने अब कुनै औचित्य रहेन। सयौं वर्ष पहिलेदेखि सुखी भौतिक जीवनको व्यवस्था जनादेशमा आधारित राज्यको हातमा गयो। यसैकारण यो स्पष्ट पार्न जरूरी भएको छ कि धर्म अन्तर्गत एउटै मात्र कुरा आउँछ, त्यो हो– आवागमनरहित शाश्वत शान्तिको खोजी गर्नु। यो शान्ति सर्वत्र व्याप्त त्यही एउटा शाश्वत परमात्मामा नै छ, जसलाई खोज्नको लागि प्रत्येक मानिसले आफ्नो हृदयमा ओर्लिनु पर्दछ।

त्यही एक परमात्माका विभूतिहरूको राम्ररी चित्रण वेदको पुरुष–सूक्तमा छ। पुरुष–सूक्त नामकरणले पनि विशेष अर्थ राख्दछ– **'पुरः शेते इति पुरुषः'**– त्यो हृदयरूपी पुरमा निवास गर्दछ, त्यसैले त्यो परमपुरुषलाई खोज्ने ठाउँ

हृदय–देश नै हो; बाहिर होइन। आज पनि कर्मकाण्डको नाममा पुरुष–सूक्तको त्यही मन्त्रहरूको पाठ गरिन्छ; तर जन सामान्यको भाषा संस्कृत न भएकोले उनीहरूले यसको अर्थ बुझ्न सक्दैनन्।

अतः प्रत्येक पुरोहितले यी ऋचाहरूको अर्थ क्षेत्रीय बोली–चालीको भाषामा बुझाएर यो जानकारी गराइदिनु पर्दछ कि परमात्मा एक हुन्, वहाँ नै शाश्वत हुन्। ब्रह्मासमेत सम्पूर्ण जगत् नाशवान छ। ब्रह्माबाट उत्पन्न भएको देवी–देवता पनि '**क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति**'– पुण्य क्षीण भएपछि मृत्युलोकमा खस्दछन्, अर्काको वशमा छन्, उनीहरूको पूजा अविधिपूर्वक हुन्छ। त्यसैले देवी–देवताहरूको पूजा बन्द गरेर एक परमात्मा प्रति आस्थावान हुनु होस्। वेदको ऋषिले भन्नुहुन्छ–

हिरण्यगर्भः समवर्तताग्रे भूतस्य जातः पतिरेक आसीत्।
स दाधार पृथ्वीन्यामुते मां कस्मै देवाय हविषा विधेम्।।

(ऋग्वेद, १/१२१/१)

अर्थात् सुन–जस्तो चम्किलो परमात्मा सबैभन्दा पहिले उत्पन्न हुनुभयो। उत्पत्ति भएका सबै प्राणिहरूका वहाँ नै एकमात्र पति हुनुभयो। वहाँले नै पृथ्वी र आकाशलाई धारण गर्नुभयो। वहाँबाहेक अरू कुन देवताको हवन द्वारा पूजा गर्ने?

स्पष्ट छ कि एकमात्र परमात्मालाई पाउनु तपाईं–हाम्रो कर्तव्य, कर्म हो। यही नियत कर्मको क्रमबद्ध वर्णन गीतामा छ, जस अन्तर्गत दैवी सम्पद् नामक सद्गुणहरूको विकास गर्नु, एकान्त–देशको सेवन, श्वास–प्रश्वासद्वारा 'ॐ' अथवा भगवान्को दुई–अढाई अक्षरको कुनै नामको जप, इन्द्रियहरूको दमन, मनको शमन, धारावाही चिन्तन, युक्ताहार–विहार र तत्त्वदर्शी महापुरुषको शरणमा जानु पर्ने हुन्छ। यिनै क्रियाद्वारा हिड़ेर हृदयस्थ परमात्मालाई जान्नु बाहेक मृत्युलाई जित्ने अरू कुनै बाटो नै छैन।

साधन–सम्पन्न पूर्वजहरूले जुन शाश्वत सत्यलाई प्राप्त गरेका थिए, त्यो परमपुरुष यही हृदयस्थित परमात्मा हुन्। प्रत्येक परिवारमा पटक–पटक गएर उनले यही शाश्वत सत्यलाई दरिलो पारेका थिए र आज पनि जसले सत्यलाई दरिलो पार्दछ, ऊ श्रद्धाको पात्र छ। दक्षिणा यसको मूल्य होइन, कृतज्ञता ज्ञापन

मात्र हो। यसको सट्टामा वहाँलाई दक्षिणा दिनु शाश्वत सत्यलाई कायम राख्नु हो, जसबाट जन–जनमा यस जानकारीको प्रसार गर्नेलाई प्रोत्साहन मिलोस्।

केही प्रदेशहरूमा माल्य–गन्ध इत्यादि अर्पित गर्दा पुरुष–सूक्तभन्दा भिन्न वैदिक तथा लौकिक मन्त्र–पाठको पनि परम्परा छ। उदाहरणार्थ–

त्वां गन्धर्वोऽत्खनस्त्वांमिन्द्रस्त्वां बृहस्पतिः।
त्वामोषधे सोमो राजा विद्वान यक्ष्मादमुच्यतः।।

हे औषधि! तिमीलाई गन्धर्व, इन्द्र तथा वृहस्पतिले खने। विद्वान् सोम राजा तिमीद्वारा राजयक्ष्माबाट मुक्त भए।

ओषधीः प्रतिमोदध्वं पुण्यवती प्रसूवरीः।
अश्वाऽइव सजित्वरीर्व्वीरुधः पारयिष्णवः।।

हे बढ्नेखाले औषधिहरू! फूलहरू र फलहरूले पूर्ण भएर आनन्दित होउ। घोड़ाहरू–जस्तै शीघ्रता साथ हामीलाई दुःखबाट पार गराई देऊ।

धूरसि धूर्व धूर्वन्तं धूर्वतं योस्मान्धूर्वति तं धूर्वयं वयं धूर्वामः।
देवानामसि वह्नितम ँसस्नितमं पप्रितमं जुष्टतमं देवहूतमम्।।

तपाईं सबैलाई कम्पित गर्ने हुनुहुन्छ। जसले हामीलाई कम्पित गर्छ त्यसलाई नष्ट गरिदिनु होस्। हामीहरूले जसको विरोध गर्दछौं, त्यसलाई पनि नष्ट गरिदिनु होस्। तपाईं देवताहरूका वाहन, सामर्थ्य वाला, पूर्ण सेवनीय तथा देवताहरूबाट आवाहित हुनुहुन्छ।

ये तीर्थानि प्रचरन्ति शस्त्रहस्ता निषंगिणः।
तेषां सहस्त्रयोजनेऽव धन्वानि तन्मसि।।

जुन शस्त्रधारी–तरकसधारीहरूले हाम्रो तीर्थहरूलाई दुषित गर्दछन्, उनीहरूलाई धनुषबाट छुटेको बाण–जस्तै हजारौं योजन टाढा गरिदिनु होस्।

धनुष–बाण र घोड़ाहरूको त्यो बेला कुनै उपयोग रहेको होला, आजको युगमा योभन्दा पनि श्रेष्ठ आविष्कार भइसकेको छ। यी मन्त्रहरूबाट न त्यो परमपुरुषको महिमा व्यक्त हुन्छ र न त यिनीहरूको आजको वैज्ञानिक युगका अस्त्र–शस्त्रहरूको अगाड़ि समाजको कुनै काममा उपयोग हुन्छ। कसैले औषधिको आविष्कार गऱ्यो, परीक्षण गऱ्यो र रोगीलाई निरोग गरिदियो; तर औषधिलाई हाथ जोड़नाले औषधिले के दिन सक्छ? त्यो घोड़ा–जस्तो कुदेर

आउने छैन; त्यसले फाइदा तब मात्र गर्दछ, जब प्रयोगशालामा त्यसमाथी परीक्षण हुन्छ। जुन चिकित्सा प्रणालीले आविष्कार गरिराखेको छ, आज त्यो प्रणाली अगाड़ि बढ़ेको छ। कुनै जड़ी-बुटीले फायदा गऱ्यो भने त्यसलाई देवता मानेर हात जोड़ेर बस्नु मन्दबुद्धिको देन हो। 'जसले हामीलाई कम्पित तुल्याउँछ, त्यसलाई नष्ट गरिदिनुहोस्।'- यो कुनै धार्मिक मन्त्र होइन, व्यक्तिगत सुरक्षा मात्र हो। धनुष-बाणबाट आज रक्षा हुनेवाला छैन। आज ती युक्तिहरू समाप्त भैसके। अन्धो अनुकरण गरेर के हुन्छ? यदि पढ़नु नै छ भने शिक्षाप्रद सधैं रहने शाश्वत ऋचाहरू पढ़ौं जुन मुक्तिका संदेशवाहक छन्।

अब त्यो प्रभुको महिमा-सूत्रको अवलोकन गरौं जसको स्मरण गर्नु पर्दछ-

अथ पुरुष-सूक्तम्

ॐ सहस्त्रशीर्षाः पुरुषः सहस्त्राक्षः सहस्त्रपात्।
स भूमिं विश्वतो वृत्वात्यतिष्ठद्दशांगुलम्।।१।।

त्यो परमपुरुष हजारौं टाउको, हजारौं आँखा र हजारौं खुट्टाहरू भएका छन्। उनले विश्वको सम्पूर्ण भूमिलाई सबैतिरबाट व्याप्त गरेर पंच स्थूलभूत र पंच सूक्ष्मभूत (रूप, रस, गन्ध, शब्द र स्पर्श)- यिनै दशको घेरामा निवास गर्दछ, अर्थात् हृदय-देशमा स्थित छ। यस्तो प्रभुको म कामना गर्दछु। उनको आवाहन गर्नुहोस्-

ॐ पुरुष एवेदं सर्वं यद्भूतं यच्च भाव्यम्।
उतामृतत्वस्येशानो यदन्नेनातिरोहति।।२।।

भूत, भविष्य र वर्तमान- यी सबै ती परमपुरुष नै हुन्। वहाँ नै अमरत्वका स्वामी हुन्। ईश्वरीय चिन्तनरूपी अन्नबाट उनी बढ्छन्। सामान्य अन्नले शरीरको पोषण गर्दछ; तर आत्माको पोषक अन्न भनेको चिन्तन हो, जसबाट हृदयस्थ ईश्वर बढ्दछ। वास्तवमा परमात्मा घट्ने-बढ्ने होइन तर साधकको लागि यस्तै छ। आसन लगाउनु होस्।

ॐ एतावानस्य महिमातो ज्यायांश्च पूरुषः।
पादोऽस्य विश्वा भूतानि त्रिपादस्यामृतं दिवि।।३।।

भूत, भविष्य र वर्तमानले समेटिएको यो सम्पूर्ण ब्रह्माण्ड त्यही परम पुरुषको वैभव हो र उनी सबैभन्दा श्रेष्ठ छन्। यी सबै आकाश, पृथ्वी आदि

चराचर जगत् ती परमात्माका एक अंश हुन् तथा तीन अंश अमृत र ज्योतिस्वरूप छ। अतः वहाँ नै एकमात्र धारण गर्ने योग्य हुनुहुन्छ, अरू होइन। पाउँ धुनुस्।

ॐ त्रिपादूर्ध्व उदैत् पुरुषः पादोऽस्येहाभवत्पुनः।

ततो विष्वङ् व्यक्रामत् साशनानशने अभि।।४।।

उपर्युक्त तीन अंश भएका परमपुरुष उत्तम मुक्तिस्वरूप छ, जो संसार भन्दा बेग्लै प्रकट हुन्छ। उनको एक चरणबाट नै सम्पूर्ण जगत् उत्पन्न हुन्छ र उनी नै सम्पूर्ण जड़–चेतनमा व्याप्त छन्। मुक्ति उनीसंग नै छ। अर्घ दिनुस्, मुख धुवाउनुस्।

ॐ तस्माद् विराडजायत विराजो अधि पूरुषः।

स जातो अत्यरिच्यत पश्चाद् भूमिमथो पुरः।।५।।

ती परमपुरुषबाट विराट् ब्रह्माण्ड उत्पन्न भयो र वहाँ नै यस विराट्का अधिपुरुष भए। उनी उत्पन्न भएर अत्यधिक प्रकाशित भए। पछि उनैले भूमि र शरीर उत्पन्न गरे। अतः उनलाई जान्नु पर्दछ। स्नान गराउनुस्।

ॐ यत्पुरुषेण हविषा देवा यज्ञमतन्वत।

वसन्तोऽस्यासीदाज्यं ग्रीष्मः इध्म शरद् हविः।।६।।

देवताहरूले त्यही पुरुषमा हविको भावनाद्वारा यज्ञ सम्पन्न गरे। त्यस यज्ञमा वसंत घृत, ग्रीष्म ईंधन र शरद् हवि थिए। यसप्रकार दिव्यवृत्तिहरूले प्रत्येक वस्तुमा उनको चिन्तन गरेर उनलाई जाने। अतः सधैं उनै एकको चिन्तन गर्नु पर्दछ। वस्त्र पहिराउनुस्।

ॐ तं यज्ञं बर्हिषि प्रौक्षन् पुरुषं जातमग्रतः।

तेन देवा अयजन्त साध्या ऋषयश्च ये।।७।।

देवाः अर्थात् दैवी सम्पद्लाई हृदयमा उतारिदिने साध्य, साध्याः अर्थात् परमात्माको लागि साधन गर्नेवाला योगाभ्यासी तथा कवयः अर्थात् मनको निरोध गर्नेवाला ज्ञानीहरूले शरीरस्थ पुरुषलाई साधनहरूद्वारा विशुद्ध गरे उनलाई अग्रजन्मा अर्थात् अग्रगण्य बनाए, पुरुषोत्तम बनाए। यही रीतिबाट यजन गरेर, आत्मशोधन गरेर सबैले मोक्ष प्राप्त गरे। तिमीले पनि यस्तै गर्नु पर्दछ। गन्ध देउँ।

ॐ तस्माद् यज्ञात् सर्वहुत सम्भृतं पृषदाज्यम्।

पशून्तांश्चके वायव्यानारण्यान् ग्राम्याश्च ये।।८।।

जसमा सबैथोक हवन गरिएको थियो, यसप्रकार त्यो यज्ञबाट धेरै घृत उत्पन्न भयो– आविष्कार भयो। त्यो परमपुरुषले यज्ञबाट नै वायुमा रहनेवाला, गाउँमा रहनेवाला, वनमा रहनेवाला र अर्का थरी पशुहरूलाई उत्पन्न गरे। सबैमा उनै परमपुरुषको प्रकाश छ। उनलाई जान। माल्यार्पण गर।

ॐ तस्माद्यज्ञात्सर्वहुत ऋचः सामानि जज्ञिरे।

छन्दांसि जज्ञिरे तस्माद् यजुस्तस्मादजायत।।९।।

जसमा सबैथोक हवन गरिन्छ, त्यही यज्ञबाट ऋग्वेद र सामवेद प्रकट भए, त्यसैबाट अथर्ववेद प्रकट भए, त्यसैबाट यजुर्वेद अर्थात् यजन गर्ने मन्त्रहरूको पनि उत्पत्ति भयो। यसप्रकार वेदहरूको पनि मूल यज्ञ हो। यज्ञद्वारा ती परमपुरुषलाई जान्नु पर्दछ। धुप देउँ।

ॐ तस्मादश्वा अजायन्त ये के चोभयादतः।

गावो ह जज्ञिरे तस्मात्तस्माज्जाता अजावयः।।१०।।

उनै परमपुरुषबाट घोड़ाहरू उत्पन्न भए। यी बाहेक दुबैतिर दाँत भएका, गाई, बाख्रा इत्यादि अनेक थरी पशु–पक्षी उत्पन्न भए। सबैको उत्पत्ति उनै परमात्माबाट भएको छ। मात्र उनै एक परमेश्वरमाथि विश्वास राख्नु पर्दछ। अरू कोही पनि पूजनीय छैन। अत्तर लगाउँ।

ॐ यत्पुरुषं व्यदधुः कतिधा व्यकल्पयन्।

मुखं किमस्य किं बाहू का ऊरू पादा उच्येते।।११।।

जुन पुरुषको विधान गरियो, विचार–कुशल पुरुषहरूले ती परमपुरुषको कल्पना कयौं प्रकारले गरे, उनको मुख के थियो, बाहुलाहरू के थिए र पाउँ के थियो? अब यसको वर्णन गरिन्छ। सामयिक फल चढाउँ।

ॐ ब्राह्मणोऽस्य मुखमासीद् बाहू राजन्यः कृतः।

ऊरू तदस्य यद् वैश्यः पदभ्यां शूद्रो अजायत।।१२।।

बाहुन उनको मुख थियो। क्षत्रिय दुबै बाहुलाहरू भए। वहाँको जुन दुई तिघ्राहरू थिए त्यही वैश्य भए र पाउँहरूबाट शूद्र जन्मे। द्रव्य चढाउँ।

(**विशेष–** ध्यान दिने कुरा के छ भने शूद्रको मात्रै जन्म हुन्छ किनकि उत्पत्ति–कालमा भजन शूद्र स्तरको नै हुन्छ। वैश्य, क्षत्रिय र ब्राह्मण स्तर विकास भएर हुँदै जान्छन्। जो भजन गर्दैन ऊ शूद्र पनि होइन, ऊ जड़–जीव मात्र हो। साधनका यी चार श्रेणिहरूलाई पार गरेपछि साधक ब्राह्मण पनि रहँदैन। '**न ब्राह्मणो न क्षत्रियः न वैश्यो न शूद्रः चिदानन्दरूपो शिवो केवलोऽहम्**'को स्थित आउँदछ।)

यो गलत कुरा हो कि यी खुड़किलाहरूको देखासिकी गरेर समाजमा चार जातिहरू यिनै नामबाट बनीसकेको छ र यसै प्रथाको उदाहरण दिएर शूद्रहरूलाई सबैभन्दा तल्लो स्तरको मानिन्छ, किनभने उनीहरू पाउँबाट जन्मिए। विचारणीय कुरा छ कि परमपुरुष त सबैतिर हात, पाउँ र मुख भएका थिए, जहाँ पाउँ थियो के त्यहाँ टाउको थिएन? वहाँको एउटै पाउँमा त सम्पूर्ण सृष्टि छ, त्यसो भए त सबै जना शूद्र भए। जुन चरणबाट पतित पावनि गंगा निस्किइन् उनै चरणबाट निस्केको शूद्र यति अपवित्र भयो कि छोई दियो भने धर्म नष्ट हुने, परमपुरुष नै मर्ने? कति भ्रान्ति हो?

वास्तविकतालाई लुकाएर मनुस्मृतिकारले भन्दछ कि जन्मबाट त सबै शूद्र नै हुन्छन्। हो, संस्कार गरेपछि ब्राह्मण बन्दछन् र संस्कारको नाउँमा यज्ञोपवीत धारण गराएर दुई–चार मन्त्र पढ़ाई दिन्छन्। यदि यसै प्रकारले ब्राह्मण बन्न सक्छ भने सबैलाई ब्राह्मण बनाएर आफ्नो संख्या किन बढाउनु हुन्न। वास्तवमा त्यो संस्कार पनि होइन। संस्कारको अर्थ हो– 'स अंश आकारः' त्यो परमात्माको आंशिक आकार हालीदिने, वहाँलाई खोज्ने चाहना उत्पन्न गरिदिने। यतिको लागि मात्र कर्मकाण्डको सार्थकता छ। अतः वेदको नाममा मानव–मानवमा फाटो न पारौं। परमात्मा सबैमा हुनुहुन्छ र सबैजना यस दृष्टिबाट बराबर छन्, सबैजना वहाँलाई पाउनको लागि हकदार छन्।

ॐ चन्द्रमा मनसो जातश्चक्षोः सूर्यो अजायत।
मुखादिन्द्रश्चाग्निश्च प्राणाद्वायुरजायत।।१३।।

उनै परमपुरुषको मनबाट चन्द्रमा उत्पन्न भए, नेत्रहरूबाट सूर्य प्रकट भए, कानहरूबाट वायु र प्राण तथा मुखबाट अग्नि उत्पन्न भए। दियो बाल।

ॐ नाभ्या आसीदन्तरिक्ष शीर्ष्णो द्यौः समवर्तत।
पद्भ्यां भूमिर्दिशः श्रोत्रात्तथा लोकाँ अकल्पयन्।।१४।।

त्यो परमपुरुषको नाइटो अन्तरिक्ष थियो। टाउकोबाट स्वर्ग प्रकट भयो, पाउँबाट पृथ्वी, कानहरूबाट दिशाहरू भए। यसप्रकार सम्पूर्ण लोक त्यो पुरुषमा नै विद्यमान छ। कल्पित भएका यी सबै एउटै पुरुषका विभूतिहरू हुन्, त्यसलाई जान। नैवेद्य टक्राउँ।

ॐ सप्तास्यासन् परिधयस्त्रिः सप्तसमिधः कृताः।
देवा यद्यज्ञं तन्वाना अवध्न पुरुषं पशुम्।।१५।।

दैवी सम्पद्युक्त मानिसहरूले यज्ञगर्दा योगका सात भूमिकाहरूमा प्रकृति, महत्तत्व, अहंकार, पाँच स्थूलभूत, पाँच सूक्ष्मभूत, पाँच ज्ञानेन्द्रिय तथा तीन गुण यी एक्काइस समिधाहरूको हवन गरेर त्यो पुरुषरूपी पशुलाई बाँधे। यी सबैको हवन भएपछि जो बाँकी रहन्छ, त्यसलाई जान। साधनद्वारा त्यो अवश्य प्राप्त हुन्छ। सुपारी–सुकमेल चढाउँ।

ॐ यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन्।
ते ह नाकं महिमानः सचन्त यत्र पूर्वे साध्याः सन्ति देवाः।।१६।।

दैवी सम्पद्लाई हृदयमा संग्रह गर्नेहरूले परमपुरुषको प्राप्तिरूपी उपरोक्त यज्ञद्वारा यज्ञरूपी परमपुरुषको यजन गरे। यसप्रकारको यज्ञद्वारा सर्वप्रथम धर्मको उत्पत्ति भयो। यसको आचरणबाट दैवी सम्पद्बाट सम्पन्न मानिसहरूले महान् महिमावाला भएर त्यो स्वर्गलोकको सेवन गर्दछन्, जहाँ साधनसम्पन्न योगी र दैवी गुणसम्पन्न मानिसहरू निवास गर्दछन्। प्रदक्षिणा गर।

(**नोट–** निम्नलिखित दुई मन्त्र ऋग्वेदमा छैन, तर 'मूल उपनिषद्' 'परमात्मिको–पनिषद्', 'महावाक्योपनिषद्', 'चित्युपनिषद्'मा पुरुष–सूक्त नामबाट छन्।)

ॐ वेदाहमेतं पुरुषं महान्तमादित्यवर्णं तमसस्तु पारे।
सर्वाणि भूतानि विचिन्त्य धीरः नामानि कृत्वाभिवदन् यदास्ते।।१७।।

मैले ती महान् पुरुषलाई जानी सकेको छु, जो आदित्यको समान प्रकाश स्वरूप र तामसबाट पर छन्। उनले सबै रूपहरूको रचना गरेर तिनीहरूको नामकरण गर्दछ र त्यस्तै व्यवहार गर्दै सबैको बुद्धिमा रमण गर्दछ। त्यही इष्ट हुन्।

ॐ धाता पुरस्ताद्यमुजहार शक्रः प्रविद्वान् प्रदिशश्चतस्त्रः।
तमेवं विदानमृत इह भवति नान्यः पन्था विद्यते अयनाय।।१८।।

पूर्वकालमा ब्रह्माजीले जसको स्तुति गरेका थिए, इन्द्रले चारै दिशाहरूमा जसलाई व्याप्त जानेका थिए, त्यस परमपुरुषलाई जसले जान्दछ, उसले यहीं, यसै जन्ममा अमृतपद प्राप्त गर्दछ; यसबाहेक अमर हुने अरू कुनै पनि बाटो छैन। त्यही एउटा मात्र परमेश्वरमा विश्वास राख्नु पर्दछ र यसै जीवनमा उसलाई प्राप्त गर्नु पर्दछ।

पुरुष–सूक्तको यी मन्त्रहरूको अनुशीलनबाट स्पष्ट हुन्छ कि एक परमात्मामा आफ्नो श्रद्धालाई स्थिर राख्नु नै कर्मकाण्डको लक्ष्य हो। त्यो परमात्मालाई कतैं बाहिर खोज्नु पर्दैन। पुरुष–सूक्तको मान्यता छ कि त्यो परमात्मालाई मानसिक यज्ञद्वारा मात्र प्राप्त गरिन्छ, अरू कुनै बाटो छैन; तर आज कर्मकाण्डहरूमा वेदी बनाइन्छ, चौकि पुर्ने गरिन्छ, नैवेद्य चढ़ाउन थालिएको छ। जसको उद्देश्य यत्ति मात्र हो कि भगवान्को लागि हृदय पवित्र कसरी बनाउन सकिन्छ। यस्तै स्वच्छता, समर्पणको भावना आफ्नो हृदयमा गरौं। बाहिर त नमूना (दृष्टान्त) मात्र छ। अन्तमा परमात्माको लागि अर्पित सात्विक वस्तुहरू आपसमा बाँडेर खाने चलन छ जसबाट आत्मीयता, संगठन र एकताको सम्बन्ध बनी रहोस्।

आजको संसारको प्रबुद्ध समाजले प्रचलित कर्मकाण्डलाई ढोंगको संज्ञा दिन्छ, आरोप लगाउँछ कि शिक्षालाई एउटा वर्गमा सिमित राखेर वर्ग–विशेषले यसको माध्यमबाट आफ्नो जीविका चलाउँदै आइरहेका छन्। कुनै बेला पुरोहित समाजमा गौरवका साथ प्रवेश गर्दथे, आज पात्रो लिएका पुरोहित दरिद्रहरू–जस्ता भएका छन्, यस्तो हुनको कारण यो भ्रान्ति नै हो। यस्तो परिस्थितिमा आफ्नो गौरवको उज्वलता फेरि प्राप्त गर्न कसले चाहँदैन? यसको लागि कर्मकाण्डको यस वास्तविक विधिको प्रचार सबैले बुझ्ने प्रचलित सरल भाषामा गर्नु पर्नेछ, यसलाई प्रत्येक मानिसको हृदयमा पुऱ्याउनु पर्नेछ।

सबै पुरोहितहरूले सधैं ध्यानमा राख्नुस् कि एक परमपुरुष बाहेक अरू देवी–देवताहरूतिर श्रद्धालाई न लै जानुस्, किनकि ब्रह्मादेखि सम्पूर्ण जगत् आवागमनको चक्रमा छन्, जसको कुनै अस्तित्व नै छैन, त्यसलाई प्रोत्साहन दिनु अज्ञानीहरूको काम हो। अस्तित्वविहीनलाई प्रोत्साहन दिनु नास्तिकतालाई बढ़ाउनु हो।

।।ॐ।।

हवन

यज्ञमा दृष्टि-क्रम

गीताशास्त्र अनुसार बाहिर आगो बालेर यज्ञ गर्ने कतै कुनै विधान पाइँदैन भने आगोमा हवन कस्तो र किन? अल्झिएको प्रश्नमाथि युक्तिसंगत विचार।

- स्वामी अड़गड़ानन्द

कर्मकाण्डमा पूजा-भागको प्रत्येक श्लोकमा परमपुरुष परमात्माको विविध अवस्थाहरूको चित्रण छ। प्रत्येक श्लोकपछि मांगलिक वस्तुहरू समर्पित गर्ने गरिन्छ। कर्मकाण्डको अर्को भाग हो हवन, जसमा वेदी बनाएर आँप अथवा कुनै सुगन्धित रुखको दाउरामा अग्नि प्रज्वलित गरेर तिल, जौं, अगरबत्ती इत्यादिको मिश्रण गरिन्छ। अनेकौं देवताहरू र वस्तुहरूको नाम लिन्छन् कि यो वस्तु तपाईंको लागि हो, मेरो होइन, तपाईं यसलाई स्वीकार गर्नुहोस्; तर यहाँ पनि एउटा भुलले कुन्नी कहिले देखि स्थान पाइसकेको छ कि श्लोक त परमपुरुषको महिमाको पढ़िन्छ, जसको अर्थ यो हो कि त्यो प्रभुबाहेक सबै नाशवान हुन्; तर स्वाहा गर्दा खेरी अनेकौं तेत्तिस कोटि देवी-देवताहरूको नाममा हामी समर्पण गर्न थाल्छौं, जसको कुनै अस्तित्व छैन, चाहिन्छ भने वेद पल्टाएर हेर्नुहोस्।

हवनमा पच्चीस-तीस देवी-देवताहरूसम्मको नाम लिइन्छ; तर त्यस पछि जड़-चेतन जीवहरूको नामको गन्ती शुरू हुन्छ, किनभने सबै देवताहरूको नाम कोही पनि जान्दैन। उच्चारण गर्दछन्- समुद्रेभ्यो नमः र साथ-साथै क्षीर-समुद्र, दधि-समुद्र, घृत-समुद्र, इक्षु (उखुको रसको)- समुद्र र सुरा-समुद्रेभ्यो नमः। यी सबै खाने-पिउने वस्तुहरू हुन्। यति मात्र होइन नदीहरू र साना तिना खोला नालासम्मलाई स्वाहा गरिन्छ, फेरि छः-सात प्रकारका सर्पहरूको गन्ती गरिन्छ, जस्तै- सहसनाग, वासुकी, कर्कोटकाय, तक्षकाय नमः स्वाहा। अनि वृश्चिकाय नमः, कृकलाय (छेपारो) लाई पनि स्वाहा। शरीरका इन्द्रियहरूको नाम पनि छन्, जस्तै- भगाय नमः। स्वर्गका अप्सराहरू प्रति पनि समर्पण

गराइन्छ जस्तै– मेनकायै स्वाहा, उर्वश्यैः नमः, तिलोत्तमायै नमः स्वाहा। यसै प्रकार मानवनिर्मित कालगणना र ग्रह–नक्षत्रहरू प्रति पनि समर्पण गराइन्छ। जस्तै– सोमाय नमः, भौमाय नमः, ध्रुवाय नमः, राहवे–केतवे नमः। यसै क्रममा अस्त्र–शस्त्रहरूलाई नमन, जस्तै– दण्डाय नमः, गदा–अंकुश–पाश–त्रिशूल र चक्राय नमः, जबकि यी आविष्कारहरू हजारौं वर्ष पुराना भइसके। फेरि भन्छ– इन्द्र र उसको हुल्याहा छोरा जयन्तलाई पनि स्वाहा। पीपल देखि कमिलासम्मलाई समर्पण, भूत–भवानीसम्मलाई नमन गर्न सिकाइन्छ। सारांशतः प्रचलित हवन–पद्धतिमा शाश्वत एक परमात्माको स्थानमा क्षणभंगुर आकृतिहरू प्रति हाम्रो श्रद्धालाई विभाजन गराई दिन्छ। यस्तो किन?

देवता '**क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति**'– पुण्य क्षीण भएपछि मृत्युलोकमा खस्दछन्। देवताहरूको राजा हुनै लागेका नहुष खसेपछि अजीङ्गर बने। तैंतीस कोटि देवताको गणना त धेरै पहिले नै गरिएको थियो। कुन्नी अहिलेसम्म तिनीहरू मध्ये कति खसि सकेका छन्? चन्द्रयानबाट पृथ्वीको परिक्रमा गर्नेहरूले के त्यो सहसनागलाई देखे जसको फनमाथि पृथ्वी अड़िएको भनिन्छ, जसलाई तपाईं स्वाहा भन्नुहुन्छ? जसलाई तपाईं हवि दिनुहुन्छ, उनीहरू छन् वा छैनन्?

कसै–कसैले भन्छ कि जड़–चेतन सबैलाई यस कारणले नमस्कार गराइन्छ कि मनीषिहरूले यी सबैमा परमात्मालाई देखे। तर यो त प्राप्ति हुने बेला महापुरुषको आफ्नो निजी अनुभूति हो। अरूको लागि त्यसको के उपयोग? अग्नि त प्रत्येक काठमा छ तर त्यसलाई न बालीकन के भोजन पाक्न सक्छ? जसले कहिल्यै देखेको छैन, बाल्ने विधि सिकेको छैन, क्रिया गर्दैन, काठमा आगो हुँदाहुँदै पनि त्यसको लागि आगो छैन।

यसै प्रकार 'परमात्मा कण–कणमा हुनुहुन्छ'– यस्तो भगवत् प्राप्तिको बेलामा अवश्य देखिन्छ, तापनि महापुरुष जड़–चेतन सबैलाई समर्पण गर्न थाल्दैन, बरू उसको हृदयस्थ इष्ट नै बाहिर सर्वत्र देखिन थाल्दछ। उनले सर्वत्र आफ्नो इष्टलाई नै प्रणाम गर्दछ, अरूलाई होइन। आफ्ना विभूतिहरूलाई गन्ती गर्दै–देखाउँदै योगेश्वर श्रीकृष्णले अर्जुनसंग भन्नुभयो कि धेरै जानेर–सुनेर तँलाई के प्रयोजन? यति बुझि राख कि संसारमा जे पनि तेजयुक्त वस्तु छ, मेरो नै

तेजांश प्रभावबाट भएको हो। त्यसो भए के अर्जुनले ती सबैको पूजा गर्न थाले? के उनले सूर्य र चन्द्रमाको पूजा गरे? उनी श्रीकृष्ण प्रति मात्र समर्पित रहे। मात्र भक्तको लागि प्राप्तिकालमा सृष्टि हराउँछ, भगवान् नै सर्वत्र देखिन थाल्छ। बाँकी सबैले कण–कणमा संसार नै देख्छन्, भगवान् कतै पनि देखिंदैन। भगवान् सर्वत्र भए पनि साधनात्मक जागृति न भइकन तपाईं–हाम्रो लागि हुनुहुन्न। भगवान् सर्वत्र हुनुहुन्छ, यो योग साधनाद्वारा हिड़ेर देख्नको लागि छ, मानेर बस्नेको लागि होइन।

यो पनि भन्ने गरिन्छ कि जुन उपयोगी वस्तुहरूको हामीले प्रयोग गर्दछौं, तिनीहरू प्रति कृतज्ञता–ज्ञापनको लागि यी मन्त्रहरू द्वारा समर्पण गराइन्छ। त्यसो हो भने ती उपयोगी आधुनिक आविष्कारहरू प्रति समर्पण किन गराइदैन कि 'पम्प सेटाय स्वाहा'। फाउन्टेन पेनाय नमः। टेलिविजनाय स्वाहाः। उर्वरकाय स्वाहाः। ट्रैक्टराय नमः। कम्प्युटराय नमः स्वाहा। दुई नम्बरको कमाई नमः स्वाहा। स्टेनगनाय नमः इत्यादि। परमाणु पिस्टल भन्नु पर्‍यो। अब दण्ड–मुग्दरको के उपयोग?

संतोषको लागि केही व्यक्तिहरू मान्दछन् कि देवी–देवता भगवान्का नै विभिन्न नाम हुन्, तर जुन नामबाट तपाईंले हवन गर्नु हुन्छ के त्यसबाट एक परमात्माको बोध हुन्छ? मानिसहरू साना–ठूला देवताहरूको कल्पना गरेर उनीहरूको पछाड़ि भाग्न थाल्छन्। कसै–कसैले मान्दछ कि 'देवता पनि भगवान् का अंश वा सेवक हुन्, उनीहरूलाई पनि मिलाएर राख्नु जरूरी छ। कुनै काम लिनु छ भने भगवान्लाई कष्ट किन दिने? यिनीहरूबाटै काम गराउँ। तर वास्तवमा यस्तो होइन। उपनिषद्हरूमा भनिएको छ कि 'देवताहरूको उपासना गर्नेले वास्तविकता जानेको हुँदैन। उनीहरू एउटा–एउटा देवताहरूका पशु हुन्, देवताले त्यसको शोषण नै गर्दछ।' अर्थात् यिनीहरूमा अल्झेर उसले एक परमात्माको चिन्तनमा समय दिन पाउँदैन, परमश्रेयबाट वंचित रहन्छ।

वास्तवमा देवता र असुर हृदयभित्रका दैवी र आसुरी गुणहरूको नाम हो। परमदेव परमात्मातिर बढ़ाउने शम–दम, यम–नियम, धारणा–ध्यान अथवा समाधिसम्मका गुण नै देवता हुन्। आफूभित्र यी गुणहरूलाई विकसित गर्न कठिन जानेर, बाहिर यी गुणहरूको आकृति पूजेर सन्तोष गर्नु नै भ्रान्तिको मूल

हो, जस्तो कि बुद्धिकी देवी, क्रोधको देवता, प्रेमको देवता, समृद्धिको देवता, भोजनको देवी, बिमारीको देवी, उनीहरूका स्त्री–बच्चा–निवास–वाहन इत्यादि कल्पित गरिएका छन्। यी सबै गुणहरू मात्र हुन् र जसमा जति मात्रामा प्रस्फुटित हुन्छन् त्यति मात्रामा शक्ति प्रदान गर्छ। यी गुणहरूको पराकाष्ठा परमदेव परमात्मामा नै छ। अतः पूजा यी गुणहरूको कल्पित आकृतिहरूको होइन बरू यी सबैको एउटा मात्र अर्थ परमात्माको पूजा र एक उनै प्रति समर्पण उचित छ।

पूजाको श्लोकहरू क्लिष्ट संस्कृतमा भएकोले, शिक्षामा गिरावट र शिक्षा सर्वसुलभ नभएकाले जन–समाजले त्यसलाई थोरै बुझ्दथे; तर हवनको मन्त्र सरल संस्कृतमा भएकोले तथा हिन्दी भाषासंग मिल्दा–जुल्दा शब्दहरू भएकाले र शिक्षाको प्रचारको कारणले पनि अब प्रायः सबैले बुझ्न थालेका छन्। जुन घरहरूमा कर्मकाण्डका यी उत्सवहरू हुन्छन्, त्यहाँका माताहरू र केटाकेटीहरूको निर्मल मनमा यी अस्तित्वहीन शरीरहरूको संस्कारको गहिरो छाप पर्दछ, जुन जीवनभरि उनीहरूको मनबाट हट्दैन। उनीहरू परमात्माको नाम त लिन्छन्; तर त्यसको साथ–साथै पन्द्रह–पच्चीस देवी–देवताहरूलाई पनि बालकाल देखि नै पुस्तैनिमा पाएको हुन्छ। लाख बुझाउँदा पनि उनीहरू सत्यलाई अपनाउन हच्किन्छन् कि कतै पहिलेको देवता महाराज रिसाई न हालुन्? हजारौं खर्च गरेर मानिसहरूले यस्ता आयोजनहरू के यसैको निम्ति गराउँछन् कि उनीहरूलाई शाश्वतबाट हटाएर नश्वरको पछि लाग्न गलत बाटोमा डोऱ्याई हाल्ने?

पूजामा प्रयोग भएका पुरुष–सूक्तको मन्त्रहरूद्वारा एक परमात्मा प्रति समर्पण त ठीकै छ, तर स्वाहा गर्ने बेलामा शाश्वतको त्यही शिक्षक नश्वरको पछि लागेर बाटो बिराउन थाल्दछ। हवन–पद्धतिमा हुने गरेको यही सानो भुलको कारणले त्यो कलंकित भएको छ। अब यसको सुधार किन नगर्ने?

पहिलेका अधिकांश समाज पढ़े–लेखेका थिएन। धर्मको नाममा जे सुकै भनि दिए सजिलो थियो। अब मानिसहरू साक्षर छन् र बुझ्दै गइरहेका छन्। यदि उनीहरूले सोधे भने कि "पुस्ता–दर–पुस्तालाई एक परमसत्यबाट टाढा पारेर, नश्वरको पछाड़ि भुलाई दिने तपाईंलाई के अधिकार छ?" तब

गाह्रो पर्नेछ। अतः अहिले देखि नै (जस्तो कि वेदका मूल ऋचाहरू भन्दछिन्) त्यो एक परमात्माको नामको सेवन गरौं।

भगवान् महावीर, गौतम बुद्ध, गुरु नानक इत्यादिले पनि परमात्मालाई राम्ररी मान्दथे। परमात्माको अनन्त नामहरू मध्येबाट आठ–दसको उनीहरूले राम्ररी प्रयोग गरे। जस्तै– बुद्धको भनाई छ कि साधनाको पूर्तिकालमा, रातको चौथो प्रहरमा मैले त्यो अविनाशी पदलाई पाएँ जसलाई पूर्वका महर्षिहरूले पनि पाएका थिए। मैले सर्वज्ञता प्राप्त गरे। त्यसो भए बुद्धको धर्म नयाँ कसरी भयो? उनीभन्दा पूर्वका महर्षिले पनि त्यही सत्यलाई पाइसकेका थिए। गीतामा पनि छ– त्यो आत्मा अविनाशी छ, शस्त्रले त्यसलाई काट्न सक्दैन, वायुले सुकाउन सक्दैन, त्यो आत्मा नै सर्वज्ञ छ, त्यसो भए बुद्ध नै कुन बञ्चरो हानि रहेको छ? यी नामहरू मध्येबाट नै कुनै एउटाको प्रयोग गरिरहेको छ।

महावीर स्वामीले पनि त्यही परमात्माको नामलाई पटक–पटक दोहऱ्याउँछ कि आत्मा नै सत्य हो। धेरै नामहरूको प्रयोग वहाँले गर्नु भएन कि कतै मानिसहरूले यी नामहरूलाई नै बेग्ला–बेग्लै देवी–देवताको रूप दिन न थालुन्। वहाँले मात्र आत्मालाई लिए। गीता (अध्याय २/१६)मा पनि छ कि असत् वस्तुको अस्तित्व छैन र सत्य वस्तुको तीनवटै कालमा अभाव छैन। अर्जुन! यो आत्मा नै सत्य हो। यसको प्राप्ति नै परमसिद्धि हो। ठीक यस्तै स्वरमा सर्वसिद्धि, सर्वसमर्थ, आत्मा जस्तो पर्यायवाची शब्दहरूको प्रयोग महावीरले परमात्माको लागि गरेका छन्।

गुरु नानकले भने कि एक ओंकार नै सत्य छ। हरिका अनन्त नाम छन्, जसमा राम–नाम सर्वोपरि छ। यसप्रकार सम्पूर्ण ग्रन्थसाहिबमा छब्बीस हजार सात सय पटक भगवान्को नाम आएको छ, जस्तो– राम, हरि, ओम्, प्रभु, कर्ता पुरुष, अकाल पुरुष इत्यादि। गीतामा छ कि म कालभन्दा पर छु। ठीक त्यही कुरा, जुन ग्रन्थसाहिबमा छ। तपाईंको रामचरित मानस, पातंजल योगदर्शन, उपनिषद्, वेद यी सबैको एउटै निर्णय छ, जसको समर्थन नानकले पनि गर्दछ।

सुखमनि साहिब

'सिमिरहु सिमिरि सिमिरि सुख पावहु। कलि कलेस तन माहिं मिटावहु।।' त्यसो भए कसको स्मरण गर्ने? **'सिमिरहु जासु बिसम्भर**

एके। नाम जपत अनगनत अनेके।।' उनको नाम अनगिन्ति र अनेक छन्; तर **'वेद पुरान सुमृति सुधाकर। कीन्हें राम नाम इक आखर।।'** राम–नाम सर्वोपरि छ– **'किनका एक जासु जिय बसावै। ताकी महिमा गनी न जावै।।'** राम–नामको एक कनिका पनि जसको हृदय बस्दछ, उसको महिमा अपार हुन्छ। **'काँखी एकै दरस तुम्हारो। नानक उन संग मोहि उधारो।।'** जसलाई नाम जप्दा खेरि एउटै इच्छा हुन्छ कि म तपाईंको दर्शन पाउँ, म नानकलाई पनि ती मध्येका एउटा जानेर उद्धार गरिदिनुस्।

अतः जैन, बौद्ध, सिख इत्यादि सनातनका नै अनुयायी हुन्। परमात्मातिर लागेको विश्वको प्रत्येक व्यक्ति सनातनधर्मी हुन्, उसको भाषा चाहे जे सुकै होस्। उनीहरूलाई आफूभन्दा अलग देख्नु भ्रम–विशेषको उपज हो र सत्यबाट टाढ़ा हुनु हो। विद्वान् पुरोहित वर्गहरूले वेद, उपनिषद्, गीता इत्यादि शास्त्रहरूबाट अनुमोदित परमात्माको त्यही नामहरूको हवन गर्नु पर्दछ, जुन एक परमात्माको नै परिचायक होस्। जस्तै– **'सर्वसुखाय सच्चिदानन्दात्मने नमः।'**– सबै सुख दिने उनी नै हुन्, सत्–चित्–आनन्दघन उही हो। **'सर्व उरालये स्थितये नमः।'**– उनी सबैको हृदयमा वास गर्दछन्। **'अगोचराय अचिन्त्याय नमः'**– उनी इन्द्रियहरू र चित्तको निरोध गरेपछि विस्तारै–विस्तारै क्रमशः सुलभ हुन्छन्। **'परम पुरुषाय नमः'**– परम पुरुष उनी नै हुन्। **'शाश्वताय अमृताय अकालपुरुषाय नमः'**– अमृत उनी नै हुन्, मृत्युदेखि पर अकाल पुरुष पनि उनी नै हुन्। यसप्रकारले सबैलाई जानकारी गराई दियो भने कर्मकाण्डको सबै रीति पुरा हुन्छ कि परमात्मा नै लोकमा समृद्धि र परलोकमा शाश्वत शान्ति र परमधामका दाता हुन्। मानिसलाई अरू के नै चाहिन्छ र? यदि तपाईंलाई लोकमा समृद्धि र परलोकमा मुक्ति चाहिन्छ भने परमपुरुष परमात्माको नै आराधना गर्नुहोस्। अन्त कतै कल्याण छँदै छैन भने, कहाँबाट पाउनुहुन्छ? अतः श्रद्धालाई चारैतिरबाट बटुलेर एक परमात्मामा दृढ़ गरौं–गराऔं, आफ्नो उद्योग गरौं।

यज्ञको वास्तविक स्वरूप

देवी–देवताहरूको सट्टामा एक परमात्माको नाम लिएर यज्ञ गर्नाले नामको सुधार त भयो; तर धेरै ठूलो भूल अझ पनि जीवित छ। किनकि

हामीसंग त्यो अग्नि उपलब्ध छैन, जसबाट हवन हुन्छ। यज्ञको लागि **'योग अगिनि करि प्रकट तब, करम शुभाशुभ लाइ।'** अनुकूल अग्नि चाहिन्छ।

अरू शास्त्रहरूको साथ-साथै गीता (अध्याय ४, श्लोक २५ देखि ३०)मा यज्ञको राम्ररी वर्णन छ। धेरैजसो योगीहरूले यज्ञस्वरूप महापुरुषलाई माध्यम बनाएर ब्रह्मरूपी अग्निमा यज्ञको हवन गर्दछन् अर्थात् सद्गुरुको स्वरूपको ध्यान गर्दछन्। यहाँ ब्रह्म एउटा अग्नि हो। धेरैजसो योगीहरूले इन्द्रियहरूको बाहिरतिर दुगर्ने प्रवाहलाई **'संयमाग्निषु जुह्वति।' (गीता, ४/२६)**- यहाँ संयम एउटा अग्नि हो। धेरैजसो योगीहरूले शब्दादिक विषयहरूलाई **'इन्द्रियाग्निषु जुह्वति'**- इन्द्रियरूपी अग्निमा हवन गर्दछन् अर्थात् दर्शन-श्रवण इत्यादिद्वारा जुन विषयको प्राप्ति हुन्छ, त्यसको अर्थलाई साधनापरक बदलेर ग्रहण गर्दछन्। यहाँ इन्द्रिय एउटा अग्नि हो। **'आत्मसंयम योगाग्नौ' (गीता, ४/२७)**- यहाँ योग एउटा अग्नि हो। यो अन्तःकरणलाई परमतत्त्वसंग संयोग गराउनेवाला अग्नि हो। धेरैजसो योगीहरू प्राणलाई अपानाग्निमा र अपानलाई प्राणमा हवन गर्दछन्। धेरैजसोले प्राणलाई मात्र प्राणमा हवन गर्दछन् अर्थात् सुरतलाई प्राणमा मात्र केन्द्रित गर्दछन्। जब-जब श्वास लिन्छन्, ओम्को स्मरण गर्दछन् र अन्तिम स्थितिमा भन्नुहुन्छ कि धेरैजसो योगीहरू प्राण र अपानको गतिलाई निरोध गरेर प्राणायाम-परायण हुन जान्छन्। न त भित्रबाट कुनै संकल्प उठ्दछ र न बाहिरी वायुमण्डलको संकल्प भित्र प्रवेश गर्न पाउँछ। यस्तो अवस्थामा प्राणहरूको आयाम अर्थात् निरोध हुनजान्छ। यही नै मनको विजेतावस्था हो। मन (चित्त)को प्रसारको नाम नै संसार हो। मन बिना संकल्प-विकल्पको हुने वित्तिकै यस मनमा स्थित संसारको नै हवन हुनजान्छ। यस मानस-यज्ञमा सम्पूर्ण संसार अर्थात् सांसारिक सम्बन्ध नै हवन-सामग्रीको रूपमा छ। यही कुरा भगवान्ले आफ्नो शब्दहरूमा भन्नुहुन्छ-

इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः।
निर्दोषं हि समं ब्रह्म तस्माद् ब्रह्मणि ते स्थिताः।। (५/१९)

त्यो पुरुषद्वारा जीवित अवस्थामा नै सम्पूर्ण संसार जितिन्छ, जसको मन समत्वमा स्थित छ। किन? मनको समत्व र संसार जित्नेसंग के सम्बन्ध?

संसार जीति नै सक्यो भने जित्नेवाला कहाँ बस्दछ? यस सम्बन्धमा योगेश्वर भन्नुहुन्छ कि '**निर्दोषं हि समं ब्रह्म**'– त्यो ब्रह्म निर्दोष र सम छ र यता उसको मन पनि समत्वको अवस्थावाला भयो। '**तस्माद् ब्रह्मणि ते स्थिताः**'– यसकारण ऊ ब्रह्ममा स्थित हुन्छ। यसै स्थितिलाई यज्ञ–प्रकरणमा भन्नुहुन्छ– प्राणायामको स्थिति, जहाँ प्राणहरूको व्यापार (मनको भाग–दौड़) शान्त भएको हुन्छ, यो मनको विजेतावस्था हो। यसको साथै यज्ञको परिणाम निस्किन्छ।

'**यज्ञशिष्टामृतभुजो यान्ति ब्रह्म सनातनम्।**' पूर्तिकालमा यज्ञले जसको संरचना गर्दछ त्यस ज्ञानामृतको पान गर्नेवाला योगी '**यान्ति ब्रह्म सनातनम्**'– शाश्वत सनातन ब्रह्ममा प्रवेश पाउँछ र जसले यज्ञ गर्दैन त्यस यज्ञरहित पुरुषको लागि '**नायं लोकोऽस्त्ययज्ञस्य कुतोऽन्यः कुरुसत्तम**' (**गीता, ४/३१**)– यो मानव शरीर पनि संभव छैन भने परलोक कसरी संभव होला? यसप्रकारको यज्ञबाट जस–जसको पाप नष्ट भयो ती सबै पुरुष यज्ञका जानकार हुन्। अतः तपाईंले पनि यिनै यज्ञहरू मध्येबाट आफ्नो श्रेणी छान्नुस् र यज्ञ गर्नुहोस्। यो चिन्तन–क्रम सबैको लागि सुलभ छ।

संसारमा द्रव्ययज्ञ पनि प्रचलित छ, जसमा धर्मशाला, कुवाँ, तलाउ इत्यादिको निर्माण र मानव–सेवामा द्रव्य लगाइन्छ; तर गीताको अनुसार यिनीहरू अल्पज्ञ हुन्। योगेश्वरद्वारा बताइएको यज्ञ आफ्नो सबै स्तरहरूमा मन र इन्द्रियहरूको क्रियाद्वारा नै सम्पन्न हुन्छ। यस यज्ञमा भौतिक संसारको एक पैसा पनि प्रयोग हुँदैन र यही मानसिक यज्ञ वेदको पुरुष–सूक्तमा छ, जसमा बसन्त ऋतु आज्य हो, ग्रीष्म ईंधन हो, शरद् हवि हो अर्थात् सबै कालमा सधैं यज्ञ गर्ने विधान छ।

सप्तास्यासन् परिधयस्त्रिः सप्त समिधः कृताः।
देवा यद् यज्ञं तन्वाना अवध्नन् पुरुषं पशुम्।।

दैवी सम्पद्युक्त मानिसहरूले यज्ञ गर्दा खेरी यज्ञका सात भूमिकाहरूमा प्रकृति, महत्तत्व (बुद्धि), अहंकार, पंच स्थूलभूत, पंच सूक्ष्मभूत, पंच ज्ञानेन्द्रिय र तीन गुण– यी एक्काइस समिधाहरूको हवन गरेर त्यस पुरुषरूपी पशुलाई बाँधे। यी सबै एक्काइस समिधाहरूको हवन गरेपछि जो बाँकी रहन्छ, उसलाई जान। त्यही हो परम आराध्य, परमात्मा पनि त्यही नै हो।

श्रीकृष्णले पनि यही भन्नुहुन्छ कि संसारका सम्पूर्ण संस्कारहरूको हवनको साथ–साथै मनको साम्य स्थितिपछि ईश्वरको जानकारी मात्रै बाँकी रहन्छ जसको नाम ज्ञान हो। **'न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते।' (गीता, ४/३८)**– ज्ञानको समान पवित्र गर्नेवाला यस संसारमा निःसन्देह केही पनि छैन। **'तत्स्वयं'**– त्यस ज्ञानलाई तिमी आफैले **'योगसंसिद्धः कालेन'**– योगसिद्धि हुने समयमा (आरम्भमा होइन, बिचमा होइन, परिपक्व अवस्थाकालमा) **'आत्मनि विन्दति'**– आफ्नो अन्तरात्मामा नै देख्नेछौ, अनुभव गर्नेछौ। ज्ञान अनुभवको वस्तु हो, पढ्ने वस्तु होइन। यही ज्ञानलाई योगेश्वरले अग्नि भन्नुहुन्छ, जसमा सम्पूर्ण कर्म, कर्मसंस्कार र कर्मकाण्ड पनि जलेर जान्छ।

यस्य सर्वे समारम्भाः कामसङ्कल्पवर्जिताः।

ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः।। (गीता, ४/१९)

'यस्य सर्वे समारम्भाः'– जुन पुरुषद्वारा दैवी सम्पद्को अर्जन इत्यादि सम्पूर्णताबाट आरम्भ गरिएको क्रिया यति उन्नत भयो कि **'कामसंकल्प वर्जिताः'**– कामना र मनको संकल्प–विकल्पबाट माथि उठ्यो (कामना र संकल्पको निरोध हुनु मनको विजेतावस्था हो)। कामना र संकल्पबाट पुरुष माथि उठेपछि **'ज्ञानाग्निदग्धकर्माणं'**– जसलाई जान्नको लागि हामी इच्छुक थियौं, त्यो तत्त्व विदित हुन जान्छ, त्यसको प्रत्यक्ष जानकारीको नाम नै ज्ञान हो। त्यस ज्ञानाग्निमा सबै कर्म डढेर समाप्त हुन्छ। यस्तो स्थितिवालाहरूलाई बोधस्वरूप महापुरुषहरूले पण्डित भनेर सम्बोधित गरे।

यसप्रकार तपाईंहरूको वेद, जसको ऋचाहरूलाई तपाईंले कर्मकाण्डमा पढ्नु हुन्छ र उपनिषद्हरूको सम्पूर्णं सारांश गीता शास्त्र अनुसार बाहिर अग्नि बालेर यज्ञ गर्ने विधान कतै पनि छैन। त्यसो भए अग्निमा हवन कस्तो र किन?

गीता अनुसार सृष्टिमा जीव धारण गर्नेवाला सबै प्राणी भूत हुन्। **'ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति।' (गीता, १८/६१)**– त्यो ईश्वर सम्पूर्ण भूत (प्राणीहरू)को हृदयमा निवास गर्दछ। संसारका यी सम्पूर्ण भूत जसबाट उत्पन्न हुन्छन् उसको नाम पंच महाभूत हो– पृथ्वी, जल, अग्नि, आकाश र वायु। यिनीहरूमा मन, बुद्धि र अहंकार मिलेपछि अष्टधा मूल

प्रकृति कहलाउँछ। यदि हामीले यिनीहरू मध्येबाट कसैको पूजा गर्दछौं भने भूतको नै पूजा गर्दछौं।

यी पंचमहाभूतहरूबाट नै संसारका वस्तुहरूको, शरीरको सृजन हुन्छ र अन्तमा अस्तित्व नभएका सबै भूत यिनै पंच महाभूतहरूमा विलिन हुन्छन्– अग्निले जलाएर आफूमा आत्मसात् गरिलिन्छ, पृथ्वीले आफूमा मिसाउँछिन्, जल आफूमा प्रवाहित गर्दछ, आकाशले आफूमा समाहित गर्दछ। यी अग्नि इत्यादिहरू मुख खोलेर उभि नै रहेका छन्– सबै थोक आफूमा आत्मसात् गर्नको लागि। यिनीहरूमा आहुति दिएर तपाईंले कसलाई तृप्त गरीरहनु भएको छ? यो पनि एउटा रुढ़िको पुनरावृत्ति मात्र हो। तपाईं त्यो एक परमात्मालाई जान्ने प्रयास गर्नुस्, जसको शक्ति बिना आगोले एउटा सिन्कालाई पनि जलाउन सक्दैन। अहिलेसम्म जड़–चेतनहरूको नाम लिएर, कल्पित देवी–देवताहरूको नाम लिएर हामीले स्वाहा समर्पण भन्दथ्यौं, अब उनीहरूको ठाउँमा हामीहरू एक ईश्वरको परिचायक नामको सुमिरन गरेर त्यही अग्निमा हवन गर्‍यौं भने यो पनि एउटा भूल हो, किनकि अझै ती नश्वर पंचमहाभूतहरूमा नै पूजा गरिएको छ।

प्रत्येक पूजाको आरम्भमा 'श्री गणेशाय नमः' बोल्ने परम्परा छ। भनिन्छ कि गणेशको काम प्रत्येक कार्यमा विघ्न पार्नु नै हो। त्यसैले उनको पूजा गरिदियो भने उनी नै तपाईंको लागि विघ्ननाशक बनी दिन्छन्।

यो पनि दान लिने योजना मात्र हो। जुन नामको जपबाट गणेश सर्वश्रेष्ठ मानिए त्यो नाम–जपमा कसैले पनि समय दिंदैन, मात्र गणेशाय नमः भनेर हाथ जोड़ी दिनाले के पाइन्छ? अतः **'यज्ञानां जपयज्ञोऽस्मि'**– भगवान् श्रीकृष्ण भन्नुहुन्छ– यज्ञहरूमा जपयज्ञ सर्वश्रेष्ठ हो। त्यसमा म नै स्थित छु। त्यसैले हामी सबैले ती परमपुरुषको परिचायक नाम ॐ अथवा रामको जप गर्नु पर्दछ। सबै खाले पर्वहरू र उत्सवहरूमा पनि त्यही ईश्वरको नामको जप गर्नु पर्दछ, जसबाट मानिसले विविध आकांक्षाहरूको पूर्तिको साधन–स्रोत र परमश्रेय पाउन सकोस्, जान्न सकोस्।

भनिन्छ कि अग्निमा हवन गर्नाले वर्षा हुन्छ, तर यो पनि युक्तिसंगत कुरा छैन; किनकि सबैभन्दा धेरै यज्ञ राजस्थानका धर्मप्राण जनताले गर्दछिन्।

धर्मको लागि युद्धमा प्राणको होम गर्नु परोस् अथवा अग्निमा हवन होस्– तर वर्षाको तथ्याङ्कहरूमा परिवर्तन हुन सकेको छैन। राजस्थान रेगिस्तान हो, जबकि भारतमा नै एउटा ठाउँ चेरापूँजी छ र हवाई द्वीपको वायअले अले नामक पर्वत प्रदेशमा, जहाँ यज्ञको सम्बन्धमा कहिल्यै विचार पनि गर्न सकिंदैन, विश्वको सबैभन्दा बढ़ी वर्षा हुने गर्दछ। वास्तवमा यी सबै यज्ञहरू जुन–जुन अग्निहरूमा र जुन–जुन प्रकारले हुन्छन्, ती सबै मानसिक हुन्, चिन्तनका विधि–विशेष हुन्। जति–जति तपाईंहरूले यस मानसिक यज्ञमा प्रवेश पाउनु हुन्छ, ईश्वरीय विभूतिहरूको वर्षा हुनेछ र तपाईं विस्तारै–विस्तारै ब्रह्मपियूषबाट भिजेर तृप्त हुनु हुनेछ। त्यो अन्न पाउनु हुनेछ जसबाट सधैंको लागि भोक मेटिनेछ। यस्तो महापुरुषहरूको इच्छाशक्तिबाट जस्तो सुकै रूप पनि बन्न सक्दछ– कतै पानी पनि पर्न सक्दछ; तर बाहिरी यज्ञ र अग्निलाई योगेश्वरले भन्नुभएको छैन भने बाहिरी वर्षा कसरी सम्भव हुन्छ।

तापनि हामी अगरबत्ति बाल्दछौ, दसांगको हवन गर्दछौं, धूप–दीप बाल्दछौं, किन? के का लागि? मात्र वायुमण्डल शुद्ध गर्नको लागि, विषाक्त कीटाणुहरू नाश गर्नका लागि। प्राचीनकालीन यज्ञमा हवनको प्रचलन वायुमण्डलको शुद्धिकरणको अभियान मात्र थियो, जसलाई एक आध्यात्मिक रूप पनि दिइएको थियो कि जुन प्रकार अग्निले सबै वस्तुहरूलाई आफ्नो स्वरूप प्रदान गर्दछ, त्यस्तै प्रकारले परमात्माले पनि हामीलाई आफ्नो रूप देउन्, आत्मसात् गरून्। वर्तमान वैज्ञानिक युगमा किटाणुहरूको नाश गर्नको लागि कम खर्चमा रसायनहरूको प्रयोग हुन थालेको छ, अतः हवनको औचित्य छैन। कीटाणुनाशक औषधिहरू पनि धेरै मात्रामा प्रयोग हुँदा प्रतिकूल परिणाम प्रदान गर्दछ। यस्तै प्रकारले कुनै पनि वस्तु बढ़ी मात्रामा जल्यो भने, आधुनिक शोध अनुसार, आक्सीजनलाई कम गरेर कार्बन डाई–आक्साइडको मात्रालाई बढाउँछ, जुन मानवको लागि अनुकुल हुँदैन। मात्र सीमित क्षेत्रमा गृह–शुद्धि वा वायु–शुद्धिको लागि हवन सहज उपाय हो। यत्तिको लागि मात्र गुगुल–घृत–शक्कर इत्यादिको पाँच–सात पटक आहुति दिन सकिन्छ, दिनु पनि पर्दछ, त्यो पनि मोक्षको लागि होइन। भौतिक सुख र मोक्षको लागि त्यही अग्नि चाहिन्छ, जसमा योगेश्वर श्रीकृष्णले जोर दिनु हुन्छ। परमश्रेय त्यसैमा छ। त्यस

संयमाग्नि, योगाग्निमा, प्राण–अपानको अग्निमा, श्वास–प्रश्वासको अग्निमा संस्कारहरूको हवन गर्नको लागि जप–यज्ञ नै गर्नु पर्दछ, जसमा सबै यज्ञ प्रतिष्ठित हुन्छन्।

यदि कुनै पुरोहितले यति गर्दछ अर्थात् एक परमात्माको परिचायक मन्त्रहरूको जानकारी गराउँछ कि परमात्मालाई खोज्ने ठाउँ तपाईंको आफ्नो हृदय–देश नै हो, त्यही परमात्माको नाम लिएर अग्निमा पाँच–सात पटक हवन गरेर सीधै वहाँबाट मंगलको माँग गर्दछ, फेरि पन्द्रह–पच्चीस मिनेट त्यही परमात्माको दुई–अढाई अक्षरको नामको मानसिक जपको अभ्यास गराउँछ र प्रतिदिन बिहान–बेलुका नियमित रूपले त्यस नामलाई एकान्तमा बसेर जप्नको लागि प्रोत्साहित गर्दछ भने यस्तो सिकाउने पुरोहित श्रद्धाका पात्र हुन्; किनकि उनले एक परमात्माको अमिट छाप छोड़ेको छ, सत्य प्रति उसले हाम्रो आँखा खोली दिए, पूर्वजहरूद्वारा गरिएको कर्मकाण्डलाई वास्तविक रूपमा उतारेको छ र यस अमूल्य मानव–शरीरलाई नष्ट हुनबाट जोगाएको छ। त्यस्तो पुरोहित कल्याणको बीजारोपणकर्त्ता बन्ने छ र संसारभरि यस विधि–विधानमाथी कसैले पनि औंला उठाउन सक्ने छैन।

घर–घरमा, कुना–काप्चामा, झुप्रो–झुप्रोमा प्रवेश गर्नेवाला पुरोहित एउटा शिक्षक हो। अव्यक्तको, शाश्वतको यस्तो शिक्षकहरूलाई आदर गर्नु पर्दछ। यस्तो पाठशालालाई भत्काउनु हुँदैन, यसलाई कायम राख्नु पर्दछ। यस कल्याण–पथमा जति पनि त्रुटिहरू आएका छन्, अवरोध आएका छन्, ती सबैलाई हटाउनु पर्दछ। एशिया, यूरोप र नयाँ दुनियाको नामबाट विख्यात अमेरिका सम्ममा प्राचीन भारतीय संस्कृतिको अवशेष प्राप्त भइरहेका छन्। पारसी, यहूदी, इसाई र इस्लाम विचारधाराहरूको उद्‌गम भारतीय मनीषा नै हो। जबसम्म शाश्वतको यो शिक्षक ठीक थियो, भारत विश्वगुरु थियो, भारतीय संस्कृति सबैतिर फैलियो र भ्रान्ति आएपछि साँगुरो भएर बस्यो।

यो सोच्नु हुँदैन कि यस सुधारबाट पुरोहितहरूको वृत्ति वा जीविकामा कुनै व्यवधान आउने छ। यस प्रस्तावित सुधारबाट उनीहरूको जग अझै बलियो हुनेछ। यसो नभएमा पहिले देखि अन्धविश्वासबाट छिन्न–भिन्न भएका हिन्दू समाजबाट उपेक्षित मानिसहरू उनीहरूतिर आकर्षित हुनेछन् जसले

उनीहरूलाई प्रचलित कर्मकाण्डलाई नै ठीक भनेर स्वागत गरिरहेका छन्। त्यसो भयो भने तपाईं औंलामा गनिन सक्ने गरी थोरै मात्र बाँकी रहनु हुनेछ। कर्मकाण्ड कसबाट गराउनु हुनेछ? कसलाई सिकाउनु हुनेछ?

अतः पूर्वाग्रह र अन्धविश्वासलाई समाती राख्ने जड़तालाई छोड़ेर फेरि त्यस्तै जस्तो कि वेदको पुरुष–सूक्त इत्यादि पाठहरूको संदेश छ, त्यसलाई जस्ताको त्यस्तै प्रदान गर्नुभयो भने निश्चय नै तपाईंले आफ्नो गुमेको ख्याति पाउनु हुनेछ। जसले तपाईंलाई घृणा गर्दछ, उनीहरू आदर र श्रद्धा गर्न थाल्ने छन्। जसले तपाईंलाई छोड़ेर गएका छन्, फर्केर आउने छन्। त्यही पुरोहित परम श्रद्धाका पात्र हुने छन्।

तर एउटा कुरा ध्यानमा राख्नुस् कि ज्ञानाग्निमा जसको सम्पूर्ण कर्म जली सकेको छ, जो पूर्णज्ञाता छ, त्यस्तो कुनै महापुरुषबाट परामर्श लिन विर्सिनु हुँदैन; किनकि शिक्षकहरूको पनि कुनै प्रशिक्षण स्थल हुनु पर्दछ र त्यो स्थल त्यही महापुरुष हो। यो प्रश्न बेग्लै छ कि महापुरुष को हुन्? महिमा देखेर सबैतिर गुरुहरूको भीड़ लागेको छ। पहिचान गर्न गाह्रो भए पनि यस्तो महापुरुषहरूको कहिल्यै अभाव हुँदैन। वहाँहरूसंग परामर्श लिई राख्यो भने गल्ती हुने संभावना हुँदैन। यदि बहुमतबाट अथवा मात्र डिग्रीधारिहरूको गोष्ठी वा संस्था बनाएर निर्णय लिने गऱ्यो भने 'अन्धे अन्धन्ह ठेलिया, दोऊ कूप परन्त।' अतः आफ्नो वंशलाई, अनुयायिहरूलाई, विश्वभरिको मानवमात्रलाई तपाईंले आफ्नो संदेश– एक परमात्माको संदेश दिनुहोस्।

विशेष : कर्मकाण्डमा सर्वतोभद्र इत्यादि धेरै थरिका चक्र बनाउने प्रथा पनि छ। सर्वतोभद्रको अर्थ हो सबैतिर सुख, सबैतिर सफलता, दसवटै दिशाहरूमा कल्याण। यसमा भिन्न–भिन्न देवताहरूको पहिचानको लागि नीलो, पहेंलो, कालो इत्यादि रंगहरूमा चामल रंगाएर बेग्ला–बेग्लै कोठाहरूमा देवताहरूको आवाहन गरेर, उनीहरूबाट कल्याणको माँग गर्ने गरिन्छ। जो आफै कालबाट बाँधिएका छन्, आफ्नो शरीर छोड़ेर जानेवाला छन् त्यसले तपाईंलाई कसरी राख्न सक्ला? जो आफै अधुरो छ उसले तपाईंलाई कसरी पूर्ण गर्ला? फेरि त्यही गल्ती यहाँ पनि दोहोऱ्याउन थालिएको छ कि देवताहरू र वस्तुहरूबाट हामी सुखको कामना गर्न लाग्दछौं।

कर्मकाण्डको उपरोक्त सजिलो विधिलाई जटिल र खर्चिलो बनाउनु भएन भने राम्रो हुन्थ्यो होला। मनोवैज्ञानिक प्रभावको लागि एक–दुइवटा चक्र बनाए हुन्छ, तर त्यसमा रंग देवताहरूको होइन, सफलताको प्रतीकको रूपमा हुनु पर्दछ। जस्तै– हरियो रंग जीवनको, पहेंलो रंग समृद्धिको, सेतो रंग बुद्धिको इत्यादि। बल, बुद्धि, आयु अथवा यशको लागि प्रार्थना सीधै परमात्मासंग गरौं कुनै देवतासंग होइन। '**सर्व समृद्धिप्रदे परमात्मने नमः, आयुवर्धकाय परमात्मने नमः**'* यी आशयहरूद्वारा परमात्माको स्तुति गर्नुस्, तब मात्र वास्तविक सर्वतोभद्र संभव हुन्छ। एक परमात्मामा निष्ठा सुशान्ति र समृद्धिको जरो हो। हाम्रो दरिद्रताको कारण यही हो कि हामीले एक परमात्मालाई मान्दैनौं। हाम्रो श्रद्धा अनेक देवी–देवताहरूमा बाँड़िएका छन्। यो नै तपाईं–हाम्रो दुःख–दरिद्रताको कारण हो र यही फूटको पनि कारण हो। यसबाट बचौं र एक परमात्मामा श्रद्धालाई केन्द्रित गरेर कल्याणको भागी बनौं।

।। ॐ।।

---

* यी नामहरू हरिको गुणानुवाद मात्र हुन्। '**जब बोले तो हरि गुन गावै, मौन रहें तो नाम जपावै।**' कर्मकाण्डको उद्देश्य यति मात्र हो कि प्रत्येक कर्ममा प्रभुको स्मरण भइरहोस्। वास्तवमा वहाँ आफूमा अनाम हुनुहुन्छ। स्तुतिद्वारा श्रद्धको जागृति हुन्छ, अतः सर्वतोभद्रादि चक्रहरूको लागि आर्षग्रन्थहरूबाट केही नामहरू छान्न सकिन्छ। जस्तै– **सहस्त्रशीर्षाय नमः (वेद), योगेश्वराय नमः, क्षेत्रज्ञाय नमः (गीता), णमो सर्वसिद्धानाम्, आत्मने नमः (जैनग्रन्थ), सर्वज्ञाय नमः, अविनाशिने नमः (बौद्धग्रन्थ), एक ओंकाराय नमः, अकाल पुरुषाय नमः (ग्रन्थसाहिबबाट), अनुभवगम्याय नमः, स्वान्तस्थमीश्वराय नमः, प्रणत प्रतिपालकाय नमः, नरतनधारकाय नमः (रामचरित मानस)** इत्यादि।

ब्रह्मचर्य

मनले विषयहरूको चिन्तन नगरीकन एक परमात्माको निरन्तर चिन्तन नै ब्रह्मचर्यको आचरण हो।

– स्वामी अड़गड़ानन्द

ब्रह्मचर्यको नाममा संसारमा धेरै ठूलो भ्रान्ति छ। जननेन्द्रियको संयमलाई नै समाजले ब्रह्मचर्यको नामबाट जान्दछ; तर यो सत्य होइन। यदि कोही कसैले हाथले वासना–उत्तेजक वस्तुको स्पर्श गर्दछ, कानले वासना बढ़ाउने शब्दहरूको श्रवण गर्दछ, मुखले यस्तो बोल्दछ, आँखाले त्यस्तो नै दृश्य हेर्दछ, मनले वासनाहरूको चिन्तन गर्दछ भने उसले ब्रह्मचर्य व्रतको पालन गर्न सक्दैन। भगवान् श्रीकृष्णको भनाई अनुसार– जसले हठपूर्वक इन्द्रियहरूलाई रोकेर, मनले विषयहरूको चिन्तन गर्दछ त्यो दम्भाचारी हो, पाखण्डी हो।

पूज्य महाराजजी भन्ने गर्नुहुन्थ्यो कि वहाँको अघिल्लो जन्ममा नै निवृत्ति हुने लागेको थियो; तर स्त्री र गाँजा तान्ने सम्बन्धि दुई इच्छाहरू मनमा बसि नै रह्यो। शरीरलाई वहाँले दृढ़तापूर्वक रोकेर राख्नु भएको थियो; तर मनमा यिनीहरूको चिन्तन भइरहेको थियो जसले गर्दा वहाँको निवृत्ति भएन, जन्म लिनु पर्‍यो र जन्म लिएको केही समयपछि नै भगवान्‌ले सबै थोक देखाएर–सुनाएर दुई झापड़ लगाएर भन्नुभयो कि "यो महान् पाप हो, भजन गर। यस मन्दिरमा तिम्रो गुरु महाराज हुनुहुन्छ, वहाँको सेवा गर।" यसप्रकार दुई–तीन आकाशवाणिहरू भए। जब गुरु महाराजको दर्शन भयो, श्रद्धा स्थिर भयो अनि तेस्रो दिन देखि नै अनुभव आरम्भ भयो। इष्टदेव हृदयबाट रथी भए, निवृत्ति भयो।

मैले सोधेको थिएँ कि महाराजजी के गाँजा पिउनाले भजनमा सहयोग मिल्छ? वहाँ धेरै हाँस्नुभयो र भन्नुभयो, "नही रे! **गाँजा पीकर धरे ध्यान, गृहस्थ होकर छाँटे ज्ञान। साधु होकर कूटे भग, कहैं कबीर ये तीनों ठग।**" गाँजा पीएर ध्यान हुने भए मानिसहरू क्लोरोफार्म सुँघेर, नशीलो वस्तु खाएर पर्दथे होला। यसको भजनसंग कुनै सम्बन्ध छैन। भजन एकमात्र परमात्माको स्मृतिको नाम हो। सबै थोक बिर्सेर एक परमात्माको चिन्तन गर्नु नै भजन हो। प्रत्येक क्षण उसको स्मृति अन्तःकरणमा रही रहोस्, यसो भएन

भने त्यहाँबाट हटेर मन मायामा नै जानेछ। अतः मनबाट विषयहरूको चिन्तन गर्दै जननेन्द्रियलाई मात्र रोक्नु असम्भव छ। केही गरी यस्तो भए पनि व्यर्थ हो, दम्भाचरण हो। फेरि जन्मलिनु पर्नेछ र भोगेर निस्कनु पर्नेछ, जस्तो कि महापुरुषहरूको जीवन–चरित्रबाट स्पष्ट हुन्छ।

ब्रह्मचारीको अर्थ यो हो कि '**ब्रह्म आचरति सः ब्रह्मचारी**'– जसले ब्रह्मको आचरण गर्दछ, शाश्वत–सनातन ब्रह्मको लागि जो प्रयत्नशील छ, ऊ ब्रह्मचारी हो। '**यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति**' (**गीता, ८/११**)– त्यस शाश्वत परमब्रह्मलाई जान्नको लागि जति पनि साधनहरू छन्, ती साधनहरूलाई आफूमा ढाल्ने प्रयत्न व्यक्तिले जुन दिनदेखि शुरू गर्दछ, त्यही दिनदेखि त्यो ब्रह्मचारी हो। जीवनभरि घरमा बसेर दसवटा पुत्र जन्माए पछि पनि पचहत्तर वर्षको आयुवाला व्यक्तिले पनि जुन दिनदेखि मायिक सम्बन्ध छोड़ेर ईश्वरतिर प्रवृत्त हुन्छ, महापुरुषले त्यसलाई ब्रह्मचारी भनेर सम्बोधित गर्दछ। साधन आरम्भ गर्नुभन्दा पहिले सबै अबोध छन्, प्रकृतिमा रुमल्लिएका छन्, भुलेका छन्; तर जुन दिनदेखि उसले मन–क्रम–वचनले काम, क्रोध, लोभ, मोह, अर्थ, धर्म इत्यादि सम्पूर्ण चिन्ताहरू छोड़ेर मात्र एउटा इच्छा लिएर– '**इच्छा राखे मोक्ष की, ताहि शिष्य पहचान।**' मात्र एउटा दर्शनको इच्छा लिएर, त्यो दर्शनको लागि जे–जस्तो साधन प्रक्रियाहरू छन्, ती सबैलाई धारण गर्दछ, त्यस दिनदेखि ऊ ब्रह्मतिर लाग्नेवाला हो, ब्रह्मचारी हो।

प्रारम्भिक स्तरमा संग–दोष पाउने वित्तिकै मन भटकी हाल्छ। इन्द्रियहरूले घिसारेर साधन–पथबाट विचलित गरिदिन्छन्। प्रकृति बलियो हुन्छ, उक्लिने ओर्लिने क्रम भइरहन्छ, तापनि सधैं लक्ष्यतिर प्रयत्नशील साधक ब्रह्मचारी नै हो। यद्यपि अहिले भएको छैन तर हुनेमा सन्देह पनि छैन। ब्रह्मचर्य व्रतमा लागेको यही साधकले जब सबै इन्द्रियहरूलाई संयमित गरेर, मनलाई राम्ररी इष्टमा प्रवाहित गर्न सक्ने हुन्छ, त्यो दिनदेखि 'स्वामी'को उपाधि पाउँछ। अब ऊ इन्द्रियहरूको गुलाम होइन बरू तिनीहरूको मालिक हुन्छ। अब इन्द्रियहरूले उसलाई घिसारेर विचलित गर्न सक्दैन बरू उसले इन्द्रियहरूलाई चाहेको ठाउँमा तानेर राख्न समर्थ हुन्छ, त्यसैले 'स्वामी' भनिन्छ।

क्रमशः अभ्यास गर्दा–गर्दा साधना अझ सूक्ष्म भएपछि साधक सम्पूर्ण संकल्पहरूलाई समाप्त गर्नमा सक्षम हुन्छ र '**सर्वसंकल्पसंन्यासी योगा–**

रूढस्तदोच्यते' (गीता, ६/४)- सम्पूर्ण संकल्पहरूको जब अभाव हुन्छ, त्यहीं योगारूढ़ता हुन्छ, त्यहीं संन्यास हुन्छ। त्यस अवस्थामा उसले जुन प्रभुलाई खोज्दथ्यो, त्यो प्रभुको दिग्दर्शन, स्पर्श र प्रवेश पाउँछ। जब ब्रह्म बेग्लै छैन भने आचरण कसको गर्ने र किन गर्ने? यहाँ व्रत पूरा हुनजान्छ।

साधनाको नाममा पनि समाजमा भ्रान्तिहरू छन्। जसले जे सुकै गरे पनि साधना हो भन्दछ। वास्तवमा योग–साधनाका आठ अंग छन्– यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि। यी आठवटै अंग र योग शब्दको बारेमा समाजमा रूढिहरू प्रचलित छन्, जबकि योगेश्वर श्रीकृष्णको अनुसार, प्रकृतिको संयोग र वियोगबाट रितो जुन अत्यन्त शान्त र सम परमतत्त्व छ, त्यसको मिलनको नाम योग हो। जब त्यो परमतत्त्वलाई साध्नको लागि तपाईं–हामी लाग्दछौं भने त्यसको उपर्युक्त आठ साधनहरू छन्।

यमभित्र अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह पर्दछन्। अहिंसाको नाममा मानिसहरू कसैको हत्याबाट बच्ने गर्दछन्; कमिलासम्म पनि मार्दैनन्; तर यससंग यौगिक अहिंसाको टाढ़ासम्मको पनि सम्बन्ध छैन। यदि तपाईं–हामी योगको सबै अंगहरूको पालना गर्नमा प्रवृत्त भएनौं भने कमिला मात्र बचाएर केही लाभ हुने छैन? जसले जन्म लिएको छ, उसले मर्नु पर्ने नै हुन्छ, तपाईंले बचाएर पनि उसको प्राणरक्षा हुनेवाला छैन। यी त वस्त्र हुन् जसलाई एकदिन परिवर्तन हुनु नै छ। हात भएकाहरूको लागि हात नभएकाहरू भोजन हुन्, खुट्टा भएकाहरूको लागि खुट्टा नभएकाहरू भोजन हुन्, बलियोहरूको लागि दुर्बलहरू भोजन हुन्। चराचर संसार नै एक अर्काका भोजन हुन्। जब सबै भोजन मात्र हुन् भने रक्षा कसको गर्नुहुन्छ। जसको भोजन बन्द हुनेछ, उसले भोकले गर्दा प्राण त्यागि दिनेछ। हानि–लाभ, जीवन–मरण, यश–अपयश तपाईंहरूको हातमा छैन; तापनि तपाईंहरू कमिलालाई बचाउने ढोंग किन गर्नु हुन्छ? आफ्नो आत्मालाई अधोगतितिर जानबाट बचाउने प्रयास नै वास्तविक अहिंसा हो।

सत्य के हो? योगेश्वर श्रीकृष्णको अनुसार यो आत्मा नै सत्य हो, शाश्वत हो, सनातन हो। यस आत्मामाथी दृष्टि राख्नु नै सत्य हो। अस्तेयको अर्थ हो– न लुकाउनु। जे–जसो हृदयमा छ त्यही वाणीमा पनि हुनु पर्छ। जब साधकलाई कसैबाट केही लिनु छैन, सृष्टिमा कुनै प्रकारको प्रयोजन छैन भने उसले के को लागि लुकाउँछ? के लुकाउँछ? के खोजिरहेको छ?

यसप्रकार मात्र जननेन्द्रिय संयम ब्रह्मचर्य होइन। रूप–रस–गन्ध–शब्द सबै स्पर्श नै हुन्। सबै विषय इन्द्रियहरूका स्पर्शमात्र हुन्– **'मात्रास्पर्शास्तु कौन्तेय' (गीता, २/१४)**। चिन्तनमा जननेन्द्रिय समान रूपले बाधक छ। यी सबैको संचालक एउटा मन हो। एउटा इष्टको चिन्तन गर्दा–गर्दै यी इन्द्रियहरूले बाहिरी संसारमा आफ्नो खुराक खोज्न बन्द गरिदिन्छिन्, हृदय–देशमा शब्द–स्पर्श, रूप, रस र गन्धको भन्डार इष्टलाई बनाउँछिन् र त्यसपछि त्यो साधक राम्ररी यमको योग्यतावाला हुनजान्छ। यदि कुनै पनि इन्द्रियले बाहिरी स्पर्श–रस लिन्छ भने त्यो भगवान्तिर बढेकै कहिले थियो?

अतः मात्र जननेन्द्रिय संयम साधनको मुख्य लक्ष्य होइन। लक्ष्य त्यो परमात्मा हो जसलाई पाउनको लागि सबै इन्द्रियहरूको बहिर्मुखी प्रभावलाई रोक्नु पर्दछ। त्यो एक परमात्माको निरन्तर स्मरणबाट जननेन्द्रिय संयम मात्र होइन सकलेन्द्रिय संयम पनि हुनजान्छ। सकलेन्द्रिय संयमपछि नै जननेन्द्रिय संयम राम्ररी हुन्छ– सम्भव छ। यो कुरा बेग्लै छ कि स्पर्श नाम भएको इन्द्रिय बढी भयंकर छ। यो त्यो मापदण्ड हो जसबाट थाहा हुन्छ कि को पतित भयो र को बचेको छ? **'शृङ्गी की भृङ्गी करि डारी, पराशर के उदर बिदार।'** इन्द्रियहरू बाहिरी स्पर्शतिर जान्छिन् भने यसको सोझो अर्थ हो कि पहिले मनले अनुमति दियो, त्यो इन्द्रियको साथमा हिड्यो र ब्रह्म आचरणबाट अर्थात् ब्रह्मचर्यबाट विचलित भयो। अतः एक परमात्माको निरन्तर चिन्तन नै ब्रह्मचर्यको साँचो हो।

पुरुष नपुंसक नारि वा, जीव चराचर कोइ।
सर्व भाव भज कपट तजि, मोहि परमप्रिय सोइ।। (मानस, ७/८७ क)

भगवान् राम भन्नुहुन्छ कि पुरुष होस्, नपुंसक होस् (नपुंसकले कुन ब्रह्मचर्य व्रतको पालन गर्नेछ?) तर त्यो नपुंसक भए पनि, नारी भए पनि अथवा चराचर संसारको जे सुकै पनि किन नहोस्; यदि सर्वतोभावेन, सम्पूर्ण हृदयबाट जसले मेरो चिन्तन गर्दछ, त्यो मलाई परमप्रिय छ। अतः मन, क्रम, वचनबाट जसले इष्ट (परात्पर ब्रह्म) तिर झुक्दछ, त्यसै दिनदेखि ब्रह्मप्राप्तिको आचरण गर्नेवाला छ, त्यसैकारण ब्रह्मचारी हो। प्रकृतिबाट सम्बन्ध तोड़ेर जसले आफूलाई त्यो परमात्मासंग जोड्दछ, ऊ त्यही दिनदेखि ब्रह्मचारी हुन्छ। (ब्रह्मतिर हिड़नेवाला हो) र यसै दृष्टिबाट नपुंसक पनि ब्रह्मचारी हुन सक्दछ। ।। ॐ।।

गायत्री

'वेद-माता गायत्री, ब्राह्मण-माता गायत्री'

गायत्री कण-कणमा व्याप्त परमात्माप्रति आफूलाई समर्पित गर्ने संस्कृत भाषामा एउटा सूत्र हो।

- स्वामी अड़गड़ानन्द

प्रश्न- गायत्री के हो? यसलाई वेद-माता र ब्राह्मण-माता किन भनिन्छ?

उत्तर- धर्मानुरागिहरूलाई गायत्रीको महत्त्व राम्ररी थाहा छ। यो एक सिद्धिदायिनी मन्त्रको रूपमा प्रतिष्ठित छ। धर्मको प्राण वेद र वेद-माता गायत्री, धर्मोपदेशक ब्राह्मण र ब्राह्मणको माता गायत्री। गायत्री जप ब्राह्मणको अनिवार्य दैनिक कर्म हो। आजकल यसको महत्त्वको उद्घोष गर्नको लागि एउटा धार्मिक संस्था पनि बनेको छ, जुन 'गायत्री परिवार'को नामले चिनिन्छ। हरेक महिना एउटा पत्रिका र प्रतिवर्ष एउटा राम्रो आकारको पुस्तक पनि प्रकाशित हुन्छ, जसको माध्यमले गायत्रीको महत्त्वको विवेचन गरिन्छ। गायत्रीको एक-एक शब्द र एक-एक अक्षरको धर्म-विज्ञान र योगशास्त्रको दृष्टिबाट व्याख्या गरिन्छ। जीवनमा लौकिक र पारलौकिक सुखहरूको अनुभूति यसको पाठ र सधैं अभ्यासद्वारा नै सम्भव हुन्छ, भनेर भनिन्छ। आउनुस्, यसको ऐतिहासिक परिप्रेक्ष्यको अवलोकन गरेर यसको उत्पतिको पत्ता लगाऔं।

प्राचीनकालमा गाधिका पुत्र विश्वरथ नाम गरेका एउटा क्षत्री राजा थिए, जुन पछि गएर आफ्नो गुणहरूको कारण विश्वामित्रको नामबाट विख्यात भए। राजा विश्वरथ एकपटक आफ्नो सेनालाई साथ लिएर वनमा गए। धेरै बेर शिकार गरेपछि भोका, तिर्खाएका र थकित राजा घुम्दै-फिर्दै सेनासहित मुनि वशिष्ठको आश्रममा पुगे। मुनि वशिष्ठले सेनासहित राजाको शाही सत्कार गरे, त्यो देखेर राजा विश्वरथ आश्चर्यचकित भए। आश्चर्यको कुरा थियो- घोर जंगलमा

सुख–सुविधाको चीजहरू पर्याप्त मात्रामा हुनु। आश्रमको व्यवस्थाको बारेमा प्रश्न गर्दा मुनि वशिष्ठले भने कि आश्रममा एउटी गाई छिन्– नन्दिनी (कामधेनुकी पुत्री), उसैको कृपाबाट व्यवस्था हुने गर्दछ।

नन्दिनीको प्रभाव देखेर राजाले विचार गरे, यो त एउटा रत्न हो र रत्न राजाहरूलाई शोभा दिन्छ, यिनीसंग रहेर के हुन्छ? मुनि वशिष्ठकहाँ पुगेर राजाले भने कि नन्दिनी मलाई दिनुहोस्। मुनि वशिष्ठले भने– यसैको सहाराले यस घोर जंगलमा आश्रम चलिरहेको छ। मेरो यज्ञ इत्यादि यसैद्वारा सम्पन्न हुन्छन्, यसलाई म दिन सक्दिन। राजा विश्वरथले पहिले अनुरोध गरे, फेरि हठ गरे र अन्तमा बल–प्रयोगमा उद्यत भए। उनले सैनिकहरूलाई नन्दिनीको अपहरण गर्ने आदेश दिए। अनि के थियो, सैनिकहरूले बलपूर्वक नन्दिनीलाई तानेर लग्न थाले। यत्तिकैमा नन्दिनीले क्रोधित भएर आफ्नो शरीर हल्लाउँदै जोड़ले हुँकार गरिन्। उनको शरीरबाट स्फुर्लिंगहरू निस्किए, जसबाट यवन, शक, म्लेच्छ इत्यादि अनेक जातिका सैनिक हातमा शस्त्र लिएर निस्के। ती सैनिकहरूले राजाका सैनिकहरूलाई खेदे। फेरि विश्वरथले तपको प्रभावबाट प्राप्त गरेका धेरै अस्त्रहरू वशिष्ठमाथि चलाए। मुनि वशिष्ठले जब आफूमाथि अस्त्र आइरहेको देखेर आफ्नो अघिल्तिर एउटा लौरो गाड़े र निश्चिन्त भएर बसे। विश्वरथद्वारा चलाइएका सबै अस्त्रहरूलाई त्यो दण्डले भस्म गरिदियो। हतास भएर विश्वरथले आफ्नो क्षत्री–तेजको निन्दा गरे।

धिग्बलं क्षत्रियबलं ब्रह्मतेजो बलं बलम्।
एकेन ब्रह्म दण्डेन सर्वाणि अस्त्राणि हतानि मे।।

अन्तमा उनले निश्चय गरे कि म तपस्याद्वारा ब्राह्मणत्व प्राप्त गर्नेछु। घर आएर राज्यको कार्यभार छोराहरूलाई सुम्पेर वन गए। उनले घोर तपस्या आरम्भ गरे। स्वर्गमा निवास गर्ने देवताहरूलाई डर हुन लाग्यो। उनीहरूले विश्वामित्रको तपस्या नष्ट गर्ने कैयौं प्रयास गरे।

सर्वप्रथम स्वर्गलोककी अप्सरा मेनका आइन्। उसले धेरै अनुनय–विनय गरेर रातभर कुटीमा बस्नको लागि शरण मागिन्। दयावश उनले शरण दिए। तर उनको अप्रतिम सुन्दरताको जादू विश्वामित्रमाथि (मनमा) यस्तो छायो कि कामको वशीभूत भएर आफ्नो धैर्य पनि गुमाए। फेरि तिनी वहाँको

आश्रममा धेरै दिनसम्म बसी नै रहीन्। उसले एउटा केटीलाई जन्म दिइन् र अदृश्य भइन्। उसको वियोगमा व्याकुल विश्वामित्र जंगलमा उसलाई खोजी रहेका थिए। त्यसै बेला आकाशवाणी भयो– ब्रह्मतेज प्राप्त गर्न हिड़ेका थियौ, तिमी पतित भयौ।

फेरि त्यस्तै निश्चयको साथ विश्वामित्रले तपस्या आरम्भ गरे। केही दिन पछि इन्द्रले फेरि एउटा चाल चले। उनले राजा अम्बरीषको यज्ञको घोड़ा चोरे। घोड़ाको सट्टामा बलि दिनको लागि सुनहशेफ नामक एउटा मुनिको छोरालाई किनियो। संयोगवश ऊ विश्वामित्रको भान्जा पर्दो रहेछ। उसले वहाँसंग आफ्नो प्राण–रक्षाको लागि याचना गऱ्यो। विश्वामित्रले आफ्नो सयवटा पुत्रहरू मध्येबाट कुनै एउटालाई उसको सट्टामा जानलाई भने; तर वहाँका छोराहरू यो कुरामा राजी भएनन्। परिणामस्वरूप विश्वामित्रले क्रोधित भएर आफ्नै छोराहरूलाई नष्ट हुने घोर श्राप दिए। फेरि आकाशवाणी भयो– विश्वामित्र! तिमी क्रोधको कारणले पतित भयौ। फेरि तपस्यामा लीन हुँदा एकपटक राजा त्रिशंकुलाई स्वर्ग पुऱ्याउनमा तपस्या नष्ट भयो; एकपटक भगवान शिवले परीक्षा लिनु भयो त्यसमा पनि असफल भए; एकपटक रम्भा अप्सराको कारण तपस्या नष्ट भयो।

वास्तवमा काम र क्रोध साधन–पथका सबैभन्दा ठुला शत्रु हुन्। जसले अलिकति पनि असावधानी हुने वित्तिकै वर्षौंको तपस्या (परिश्रम)लाई विफल बनाई दिन्छ। आज प्रत्येक मानवको अगाड़ि विश्वामित्रको त्यही अवस्था, त्यही असमन्जस र त्यही साधनाका समस्याहरू उपस्थित भएका छन्।

यसप्रकार पटक–पटक आउने विघ्नहरूलाई देखेर विश्वामित्रले सोचे– म अथक परिश्रम गर्दछु र विवेकबाट अलिकति पनि त्रुटि हुन दिनन्, तापनि कुनै न कुनै गल्ती भई नै हाल्छ। धेरै सोच–विचार गरेपछि उनले निर्णय लिए कि म आफूलाई भगवान् कहाँ समर्पित किन न गर्ने– आफ्नो मन, बुद्धि, हृदय सबै वहाँलाई नै सम्पी दिउँ। मेरो योगक्षेमको निर्वाह वहाँले गर्ने छन्। यस्तो निश्चय गरेर विश्वामित्र भावविभोर भएर बोलाउन थाले–

ॐ भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि
धियो यो नः प्रचोदयात्।।

ॐ शब्द द्वारा उच्चरित तीनवटै लोकहरूमा तत्त्वरूपले व्याप्त, आफै प्रकाशरूप वरण गर्ने योग्य एकमात्र शरणस्थली प्रभु! मलाई त्यो बुद्धि दिनुहोस्, जसले गर्दा म तपाईंलाई तत्त्वरूपले जान्न सकुँ, परमश्रेय प्राप्त गर्न सकुँ।

मानव मात्रले आज त्यही समर्पण भावको यो छन्दको अध्ययन, चिन्तन र मनन गर्नु पर्दछ। यसप्रकार सर्वभावेन प्रभु प्रति समर्पित भएर जब विश्वामित्रले फेरि तपस्या प्रारम्भ गरेपछि निरन्तर अगाड़ि बढ्दै गए। कैयौं पटक विघ्न उपस्थित गरिसकेका देवताहरू डराए। काम र क्रोधको कतै अतोपत्तो छैन, **'रवि सन्मुख तम कबहुँ कि जाहीं।'** जहाँ भगवान् स्वयं नै रक्षकको रूपमा खड़ा हुनु भएको छ, त्यहाँ कसैले के गर्न सक्दछ? देवताहरूले ब्रह्माजी कहाँ गएर प्रार्थना गर्न थाले कि यसले जे माग्दछ त्यही दिएर यिनको तपस्या समाप्त गराउनु होस् होइन भने उग्र तपको कारणले हामी सबै जल्ने छौं।

ब्रह्माजी विश्वामित्र नजिक पुगेर भने– आजदेखि तपाईं जितेन्द्रिय ब्रह्मर्षि हुनुभयो। विश्वामित्रको मनोकामना पूर्ण भयो। उनले भने– म ब्रह्मर्षि छु, म ब्राह्मण छु। ब्राह्मणको जन्मदाता को? गायत्री। यसको अर्थ के? ती परम प्रभु, शाश्वत प्रभु प्रति मन, वचन र कर्मले समर्पणको नाम नै गायत्री हो। वहाँमाथि निर्भर भएर चिन्तनमा लाग। जब वहाँले प्रार्थना सुन्नु हुनेछ, तब परमश्रेयको प्राप्ति गराई दिनु हुनेछ।

विश्वामित्रले भने– यदि म ब्राह्मण छु भने वेदले मेरो वरण गरोस्। ब्रह्माजीले तथास्तु भने र वेद विश्वामित्रको हृदयमा उत्रियो। जो तत्त्व विदित थिएन त्यो विदित भयो। वास्तवमा परमात्माको प्रत्यक्ष जानकारीको नाम नै वेद हो। अविदित तत्त्व विदित हुनु नै वेद हृदयमा उत्रिनु हो। यो भगवत् कृपाबाट नै सम्भव हुन्छ। यसकारण वेदहरूलाई अपौरुषेय भनिएको छ। वेद कुनै पुस्तकको नाम होइन। जुन पुस्तक हामीलाई वेदको रूपमा उपलब्ध छ त्यो त यसको प्रवेशिका मात्र हो, जसले प्रेरणा मात्र दिन्छ। विश्वामित्रको हृदयमा वेद उतारने श्रेय कसले पायो? गायत्रीले! वेदको जन्मदाता को? गायत्री!

यसप्रकार गायत्री एउटा निर्णायक उपदेश हो। कण–कणमा व्याप्त परमात्मा प्रति आफूलाई समर्पित गर्ने संस्कृत भाषामा एउटा सूत्र हो। यसमा

कुनै देवी–देवता छैन; तर यसै वाक्यको आधारमा कसैले गायत्री देवीको मूर्ति बनाउँछ भने कसैले यसलाई तीन भागहरूमा बाँडेर उल्टो–पुल्टो पारेर क्रमशः ब्रह्मा, विष्णु, महेशको ध्यान गर्दछ। कसै–कसैको भनाई यो छ कि यो अति गोपनीय महामन्त्र हो। यसलाई उल्टाएर 'तयादचोप्र नः यो' जप गर्ने विधान छ। विश्वामित्रको जीवनबाट नै यो स्पष्ट भैसक्यो होला कि साधन–पथमा देवता नै सबैभन्दा ठूला शत्रु हुन्। तापनि जन्म–जन्मान्तरदेखि हाम्रो मन देवताबाट यति प्रभावित भएको छ कि हामीलाई जे राम्रो लाग्यो त्यसलाई देवता मानेर पूजा गर्ने थाल्छौं।

एक शाश्वत स्वयं प्रकाशस्वरूप प्रभु प्रति समर्पण गर्दै कर्ममा (तपमा) लाग्नुको नाम गायत्री हो। यदि तपाईं यसप्रकारले लाग्नु हुन्छ भने सफलता अवश्य पाउनु हुनेछ। त्यो सर्वशक्तिमान प्रभुबाट निर्मल बुद्धि, जुन परमश्रेय दिलाउने खालको छ, प्रभुप्राप्तिको लागि गायत्री एउटा प्रार्थना मात्र हो। तदर्थ कर्म पनि गर्नु पर्नेछ। यस्तो होइन कि जीवनभरि प्रार्थनामात्र गरिरहने र नियत कर्ममा ध्यानै न दिने। यस्तो अवस्थामा परिणाम केही पनि निस्कने छैन। नियत कर्म नै त्यो साधन हो जसले लक्ष्यसम्म पुऱ्याउन सक्छ। कर्म बाधारहित भइराखोस्, यसैको लागि प्रार्थना गरिन्छ।

समर्पणको साथ कुनै दुई–अढाई अक्षरको नाम लिएर जप शुरू गरौं। कुनै अनुभवी महापुरुषको शरण लिएर अगाड़ि बढ्दै गरौं, तब ब्राह्मणत्वको जन्म हुनेछ, त्यसपछि वेदको आविर्भाव हुनेछ। तपाईंको हृदयमा यी दुबैको जन्म नै गायत्री हो। जब विश्वामित्र पूर्ण हुनु भयो, वेदज्ञ र ब्रह्मस्थित हुनु भयो, त्यसपछि अगाड़ी कुनै यस्तो सत्ता थिएन जसको खोजी गर्नु थियो। जब आफू स्वयं नै ब्रह्मस्वरूपमा स्थित भए भने कसको प्रार्थना गर्ने र किन गर्ने? '**जानत तुम्हहि तुम्हइ होइ जाई।**'– अब उनले गायत्रीद्वारा कसको आवाहन गर्ने? गायत्रीको महत्व क्षत्रिय श्रेणीको साधकको लागि हुन्छ। किनभने सर्वभावेन समर्पणको क्षमता यस्तै साधकहरूमा हुन्छ। जसमा ईश्वरप्रति व्याकुलता उत्पन्न भएको हुन्छ, ईश्वरको वियोगमा एक–एक क्षण कल्प बराबर बित्ने गर्दछ, त्यही साधक गायत्रीको अधिकारी हो, अरू होइन। वैश्य र शूद्र स्तरका साधकहरू राम्ररी समर्पण गर्न पनि सक्दैनन्। ध्यान दिने कुरा यो छ कि यी स्तरहरू

क्षत्रिय, वैश्य र शूद्र जातिवाचक होइनन्, बरू एउटै साधकका चिन्तनका खुड़किलाहरू हुन्। साधनाका ती स्तरहरूमा पुगेर क्रमशः चारवटै सोपानहरूलाई पार गर्दै साधकले परमसिद्धि प्राप्त गर्दछ।

एउटा कर्मकाण्डको जानकार केटासित मैले सोधें कि गायत्री के हो? उसले भन्यो– महाराज! जसरी '**बल बुद्धि विद्या देहु मोहि, हरहु कलेस विकार।**' यस्तै एउटा प्रार्थना हो। मैले सोधें– दुबैमा के फरक छ? उसले भन्यो– बल, बुद्धि, विद्या भगवानको सेवकसंग मागिएको छ र गायत्रीवाला सोझै भगवान्संग मागिएको छ। जब माग्नु नै छ भने सोझै भगवान्संग माग्नु ठीक हुन्छ। '**तुलसी मूलहिं सींचिए फूलइ फरइ अघाइ।**' तलकाले के दिन सक्छन्? भक्तिको बाटो दिन्छन्। सद्गुरुबिना भक्ति पाइँदैन।

'**संतो! भगति सद्गुरु आनी।**'– सन्त कबीर

।। ॐ शान्तिः।।

प्रश्न– महाराजजी! के घरमा भजन हुन सक्दैन?

उत्तर– घरमा पुण्य र पुरुषार्थ बढ़ाउन सकिन्छ तर त्यो भजनद्वारा निवृत्ति हुन सक्दैन। सेवा, भजन यत्तिकै लगनको साथ जारी राख्नु पर्दछ, जबसम्म त्यसको कुनै निर्धारित सीमासम्म पुगिदैन। त्यस सीमामा पुगेपछि भगवान् आफैले घर छुटाई दिनु हुन्छ। आज हामी सोच्दछौं कि घर छोड्न असंभव छ तर इष्टदेव अनुकूल भएपछि सबै सुलभ हुन्छ।

–जीवनादर्श एवं आत्मानुभूति

(द्वितीय उच्छवास, प्रश्न ५)बाट उद्धृत

युगधर्म

युगधर्म साधनाका चारवटा खुड़किलाहरू हुन् न कि चार प्रकारका धर्म। साधकले यिनै चारवटै खुड़किलाहरू पार गर्नु पर्ने हुन्छ। युगहरूको उतार-चढ़ाव मनको अन्तरालमा हुन्छ, सबैजनाभित्र यसको व्यवस्था हुन्छ।

- स्वामी अड़गड़ानन्द

(महाकुम्भको अवसरमा चण्डीद्वीप हरिद्वारमा मिति १८-०४-१९८६को जनसभामा स्वामी श्री अड़गड़ानन्दजीको प्रवचन।)

बन्धुहरू हो!

समाजमा दिनहुँ सुनिनमा आउँछ कि, "महाराज! घोर कलियुग आयो, अब धरम-करम कसरी हुनेछ?" उनीहरूको मान्यता छ कि सृष्टिको आरम्भमा कुनै बेला सत्ययुग थियो। जुन बेलामा वेदहरूको अवतरण भारतमा हुन्छ, त्यस समयमा मानिसहरू धार्मिक हुन्छन् र त्रेता, द्वापर र कलियुगसम्म क्रमशः वेद, गंगा र धर्मको ह्रास हुँदाहुँदै उनीहरू यस मृत्युलोकबाट ब्रह्मलोकमा जान्छन्। चार लाख बत्तीस हजार मानव वर्षहरूको कलियुग, यसभन्दा दोब्बर द्वापर, कलियुगको तीन गुना त्रेता र चार गुना मानव वर्षहरूको सत्ययुग- यी सबै मिलाएर ब्रह्माको एक दिन र यति नै लामो रातलाई एक कल्प भनिन्छ। एकहत्तर महायुगहरू अर्थात् तीस करोड़ सड़सट्ठी लाख बीस हजार वर्षहरूको एउटा मन्वन्तर हुन्छ, जसमा देवराज इन्द्र र मनु आदि जस्ता ठूल-ठूला पदाधिकारी पनि कालको मुखमा जान्छन्। प्रत्येक मन्वन्तरको अन्तमा खण्ड प्रलय हुन्छ। एकाइस पद्म दस नील चालीस खरब मानव वर्षहरूपछि एउटा ब्रह्मा पदधारी फेरिन्छन्। ब्रह्माको हजार गुणा आयु विष्णुको र बारह लाख विष्णुको आयु अर्थात् चौवालीस लाख अठहत्तर हजार नौ सय छिहत्तर महाशंख मानव वर्ष भगवान् शिवको आयु मानिन्छ। जति समयमा अनन्तकोटि ब्रह्माण्ड भाण्डोदरी ब्रह्मशक्ति जगदम्बाले एकपटक आँखा झिम्क्याउँछिन्, त्यति समयमा भगवान्

शिवले एक खरब पचास अरब पल्ट आफ्नो आँखा झिम्क्याएर। ब्रह्माण्डको सम्पूर्ण प्रलय गरेर ब्रह्ममा लय भैहाल्नु हुन्छ र यसै क्रममा फेरि सृष्टिको आविर्भाव हुन्छ। यसप्रकारको काल–गणना 'देवी मीमांसा', 'देवी भागवत', 'शक्ति–रहस्य', 'मार्कण्डेय पुराण', 'मनुस्मृति' इत्यादि ग्रन्थहरूमा पाइन्छ। जसको निष्कर्ष यो निकालिन्छ कि युगहरूको उतार–चढ़ावको साथ मानिसको क्षमता घट–बढ़ भइरहन्छ, उसले चाहँदा–चाहँदै पनि धर्मको आचरण गर्न सक्दैन, यसकारण प्रत्येक युगको धर्म बेग्ला–बेग्लै निर्धारित छन् जस्तो कि गोस्वामी तुलसीदासजीको रामचरित मानसमा पनि दृष्टिगोचर हुन्छ। गीतामा पनि भगवान्ले युग–युगमा अवतार लिने कुरा गर्नुहुन्छ। जब कलियुगमा धर्मको उत्तरोत्तर ह्रास नै हुनु छ, भने धर्माचरणको प्रयास नै किन गर्ने?

अतः आउनुहोस् यस प्रश्नमाथी विचार गरौं कि युग के हो? हाम्रा पूर्व मनीषीहरूले यस सन्दर्भमा के भनेका छन्? जहाँसम्म रामचरित मानसमा कलियुग–महिमा गायनको प्रसंग छ त्यसमा दृष्टिपात् गर्नाले ज्ञात हुन्छ कि कुनै बेला सत्ययुग थियो र आज कलियुग आएको छ, यस्तो कुनै कुरा होइन। कागभुशुण्डिजीले आफ्नो पूर्वजन्मको वृतान्त प्रस्तुत गर्ने क्रममा मल–मूल कलियुगको वर्णन जुन शब्दहरूमा गर्नुभयो, ठीक त्यही शब्दावली र तिनै लक्षणहरूको उल्लेख गोस्वामीजीले उत्तरकाण्डमा असन्त लक्षण र बालकाण्डमा रावणको उत्पत्ति र निशाचरहरूको आतंकको अवसरहरूमा पनि गर्नुभएको छ। कलियुगमा '**सब नर काम लोभ रत क्रोधी।**' (**मानस, ७/९८/३**) हुन्छन् भने असन्तहरू '**काम क्रोध मद लोभ परायन।**' (**मानस, ७/३८/५**) हुन्छन्। दुबै एउटै कुरा हो। कलियुगमा '**पर त्रिय लंपट कपट सयाने।**' (**मानस, ७/९९/१**) मानिसहरू हुन्छन् भने असन्तहरू '**पर द्रोही पर दार रत, परधन पर अपवाद।**' (**मानस, ७/३०**) हुन्छन्। यसै प्रकार निशाचरहरूको आतंकको समय '**बाढ़े खल बहुचोर जुआरा। जे लंपट परधन परदारा।।**' (**मानस, ७/१८३/१**)को समानता हेर्न पाइन्छ।

साना–तिना ठाउँहरू त अनेकौं छन्; तर उपर्युक्त तीन–चार ठाउँहरूमा गोस्वामीजीले कलिको गुणधर्ममाथि प्रकाश पारे, कलियुगको अनेक लक्षण बताए–

बरन धर्म नहिं आश्रम चारी। श्रुति बिरोध रत सब नर नारी।।
द्विज श्रुति बेचक भूप प्रजासन। कोई नहिं मान निगम अनुसासन।।

(मानस, ७/९७/१-२)

यसै प्रकार–

नारि बिबस नर सकल गोसाईं।
नाचहिं नट मर्कट की नाईं।। (मानस, ७/९८/१)
मातु पिता बालकन्हि बोलावहिं।
उदर भरै सोई धर्म सिखावहिं।। (मानस, ७/९८/८)
ब्रह्म ज्ञान बिनु नारि नर, कहहिं न दूसरि बात।
कौड़ी लागि लोभ बस, करहिं बिप्र गुर घात।।

(मानस, ७/९१ क)

इत्यादि पचासौं लक्षण गनाउनु भयो र अन्तमा निर्णय दिनुहुन्छ कि–

ऐसे अधम मनुज खल, कृतजुग त्रेताँ नाहिं।
द्वापर कछुक बृन्द बहु, होइहैं कलिजुग माहिं।।

(मानस, ७/४०)

अर्थात् यस्ता अधम मनुष्य सत्ययुग र त्रेतामा त हुँदै हुदैनन्, द्वापरमा केही हुन्छन् र कलियुगमा समुहका–समुहमा हुन्छन्। प्रश्न उठ्छ कि के सत्ययुग र त्रेतामा अधम मानिसहरू छँदै थिएन?

ऐतिहासिक प्रमाण पाइन्छ कि सत्ययुगमा हिरण्यकशिपु नाम गरेका एउटा राजा थिए। आफ्नो वेधशालामा उसले यस्तो आविष्कार गरे कि न उनी दिनमा मर्ने, न रातमा मर्ने, न अस्त्र–शस्त्रले मर्ने, न पशु–पक्षीद्वारा र न मानव–देवताद्वारा। जब उसले देखे कि मैले मर्नु पर्दैन भने भगवान्को के आवश्यकता? अतः उनले घोषणा गरे कि म नै भगवान् हूँ। जसले मबाहेक अरू कुनै भगवान्को नाम लिनेछ उसलाई मृत्युदण्ड दिइनेछ। आफ्नो सिद्धान्तमा त्यो यति कट्टर थियो कि आफ्नो एक्लो छोरो प्रह्लादलाई पनि क्षमा गरेन। प्रह्लादलाई पनि फाँसीमा चढ़ायो, मार्ने अनेक प्रयास गऱ्यो। तर भगवान्ले यदि एउटा

निर्दोष बच्चालाई पनि स्पर्श गरिदिए भने संसारमा कुनै शक्ति नै छैन जसले उसलाई नष्ट गरिदेओस्। प्रह्लादको माध्यमबाट त्यस युगमा भक्तिको एउटा लहर सबैतिर फैलियो।

यसप्रकार त्यस सत्ययुगमा पनि यस्तो परिस्थिति आयो कि धर्मको चर्चा मात्र गर्दा मृत्युदण्डको विधान थियो र यहाँ तुलसीदासजी भन्नुहुन्छ कि यस्ता अधम मानिस '**कृतजुग त्रेता नाहिं**'– सत्ययुग र त्रेतामा हुँदै हुँदैनन्, जबकि त्यही सत्ययुगमा यस्ता भयंकर मानिसहरू भए कि भगवान्को नाम मात्र लिंदा पनि फाँसीको सजाय सुनाई दिन्थे। आज कसैले फाँसी त दिंदैन। धेरै भयो भने दशजनाले घोंच–पेंच गर्लान् कि बड़ो भक्त बनेको छ; तर त्यति नै प्रशंसक पनि भेटिने छन् कि बाबाले महात्माहरूकहाँ जानुहुन्छ, तीर्थयात्रा गर्नुहुन्छ, चौथोपपनको यही शोभा हो इत्यादि।

आउनुस्, त्यस त्रेतामा दृष्टिपात् गरौं जसको इतिवृत्त मानसमा चित्रित छ। त्रेतामा पनि अधम नर थिए। रावणले '**धर्म सुनिअ नहिं काना।**', '**आपुनु उठि धावइ रहै न पावइ**'– धर्म कतै कानले सुन्यो भने रिसाएर आफै धर्मलाई नष्ट गर्न जान्थ्यो, सेनालाई पठाउँथ्यो। अधर्मिहरूलाई नष्ट गर्ने आज्ञा थिएन, धर्मलाई मात्रै निर्मूल पार्ने योजना थियो। चोर–डाकुहरूलाई नष्ट गर्नु पर्दैनथ्यो बरू राम–राम भन्नेहरूलाई नष्ट गर्ने आदेश थियो। ऋषि–महात्माहरूबाट रगतको रूपमा कर असुल गरिन्थ्यो। उनीहरूको अपराध मात्र यति थियो कि उनीहरूले भगवान्को चिन्तन गर्दथे। निशाचरहरूका समुहहरू लुकेर हिंड्थे, जसले धार्मिकहरूलाई मौका पाउने वित्तिकै मारेर खाई दिन्थे। वनवासी राम जब चित्रकूटबाट अगाड़ि बढ़े, तब नर–कंकालहरूको एउटा पहाड़ भेटियो–

अस्थि समूह देखि रघुराया।
पूछा मुनिन्ह लागि अति दाया।। (मानस, ३/८/६)

हाड़हरूको विशाल भंडार देखेर भगवान् रामले मुनिहरूसंग सोध्नुभयो कि यतिका नर–कंकाल कसरी भए? मुनिहरूले भने कि तपाईं त अन्तर्यामी हुनुहुन्छ, थाहा पाएर पनि किन सोध्नु हुन्छ? तर तपाईंले सोधेपछि त भन्नै पर्‍यो। '**निसिचर निकर सकल मुनि खाये।**' (**मानस, ३/८/८**)– यो

उनीहरूकै हाड़हरूको थुप्रो हो। आज तपाईंहरूले नाम त लिन सक्नु हुन्छ, कसैले यसको लागि टैक्स त लिंदैन, वेद–पुराण पढ्दा देश–निकाला त हुँदैन। पुरै संसार त रावणको वशमा थियो भने देश–निकालाको अर्थ के? यस लोकबाट छुट्टी! वेद–पुराण भन्दा खेरि आज कसैले मार्न त मार्दैन? त्यस बेला युग कुन थियो? त्रेता! र गोस्वामीजी भन्नुहुन्छ कि यस्ता अधम मानिसहरू सत्युग त्रेतामा हुँदै हुँदैनन्।

कलियुगको एउटा अर्को लक्षण त्रेताको सन्दर्भमा नै हेरौं–

सौभागिनीं विभूषन हीना।

विधवन्ह के सिंगार नवीना।। (मानस, ७/९८/५)

त्यस त्रेतामा सूपनखा विधवा नै थिइन्। उसको पति विद्युतजिह्व युद्धमा रावणद्वारा मारिएपछि उसले घुर्कि लगाउँदै भनिन्, "तिमी मेरो दाजु छौ वा शत्रु? तैंले मलाई विधवा बनाई दियौ?" रावणले सान्त्वना दिंदै भन्यो– "बहिनी! मबाट अवश्य भूल भयो, तर हाम्रो जातिको स्त्री पनि के कहिल्यै विधवा हुन्छे? म हजारौं स्त्रीहरू राख्दछु, तिमी पनि हजारौं पुरुष राख्न सक्छ्यौ। भाई खर–दूषण संग जाउ र जनस्थानमा मनपरी भ्रमण गर।" यसै उद्देश्यले,

पंचवटी सो गई एक बारा।

देखि बिकल भइ जुगल कुमारा।। (मानस, ३/१६/४)

जब ऊ राम नजिक पुगी र रूप–स्वरूप बनाएर मुस्कुराएर भनिन्– **'मन माना कछु तुम्हहि निहारी।' (मानस, ३/१६/१०)** तिमी धेरै राम्रो छौ– यस्तो कुरा होइन; हो, काम चलि हाल्छ, त्यसैकारण अहिलेसम्म कुमारी छु। जबकि एउटा पनि कुकर्म उसले छुटाएको थिइन्। सूपनखा जस्ती अधःपतिता आज त पाइँदैन? तापनि गोस्वामीजीको कथन छ कि त्रेतामा यस्ता अधम नर छँदै थिएन।

फेरि जब त्रेतामा अधम नर छँदै थिएन भने रामले लड़ाई गर्नु पर्ने आवश्यकता के थियो? उनीहरूको चरित्र प्रत्यक्ष प्रमाण हो कि त्रेतामा पनि अधम दुष्टहरूको अस्तित्व थियो र अस्तित्व मात्र होइन उनीहरूको अत्याचारहरूबाट पृथ्वी पनि व्याकुल भएकी थिइन्। वास्तविकता त यो छ

कि आजभन्दा पनि बढ़ी अधम मानिसहरूको अस्तित्व त्यस युगमा पाइएको छ। फेरि गोस्वामी तुलसीदासजीले के भन्न चाहनु हुन्छ?

युगधर्म! युग भनिन्छ दुइलाई। स्त्री–पुरुष, राम्रो–नराम्रो, पाप–पुण्य, सुख–दुःख सबै दुई नै छन्; तर होइन, यी प्रकृतिका नै दुई पाटा हुन्। प्रकृतिमा स्थित सम्पूर्ण जीव–जगत् अचेत छ, प्रसुप्त छ, **'या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी।'**– मात्र संयमी पुरुष जाग्दछ। जुन दिनदेखि ऊ जाग्दछ, त्यसै दिनदेखि ऊ परमतत्त्व परमात्माको सामुने हुनजान्छ। एकातिर त्यो संयमी पुरुष, अर्कातिर परमात्मा– यही हो युग। त्यस दिनदेखि त्यो परमात्माले हेर–चाह गर्न थाल्छ, आत्माबाट संचालक हुन थाल्छ। त्यही दिनदेखि युगधर्मको शुरूवात हुन्छ।

समाज जसलाई युगको रूपमा जान्दछ, वास्तवमा त्यो काल–गणना हो, धर्म होइन। काल अनन्त छ, असीम छ। सृष्टि अनादि छ र यसै प्रकार निर्बाध गतिले चली नै रहनेछ। जीव कहिलेदेखि आयो? संसारको उत्पत्ति कसरी भयो?– यस प्रश्नमाथि दिमाग खियाउन गौतम बुद्धले पनि अनावश्यक ठाने। योगेश्वर श्रीकृष्णको अनुसार–

प्रकृतिं पुरुषं चैव विद्ध्यनादी उभावपि। (गीता, १३/१९)

अर्थात् प्रकृति र पुरुष दुबै अनादि हुन्। कहिलेदेखि यो चलिरहेको छ यो कुनै प्रश्न नै होइन, बरू श्रीकृष्णको अनुसार सृष्टि सधैंदेखि यसै प्रकारले चल्दै आइरहेको छ; तर पुराण र स्मृतिग्रन्थहरूमा यो तथ्यलाई न बुझ्न सकेको कारणले सृष्टि प्रकरणलाई रेखांकित गर्ने असफल र अनावश्यक प्रयास गरिएको छ।

पश्चिमका विद्वान्हरूले पनि सभ्यताको विकास–क्रमको आधारमा सृष्टिको तिथि–क्रम निश्चित गर्ने प्रयासमा लागेका छन्; तर सभ्यता पनि यसको मापदण्ड होइन। पहिले कुनै बेला मानिसहरू रुखमा बस्दथे, जंगली पशुहरूको तुलनामा सभ्य हुँदै गए। बुद्धि–बलले आकाश र समुद्रमा पौड़ी खेल्न थाले। उन्नतिको चरमोत्कर्षमा पुगेको मानव कहिले–काहिं युद्धको विभीषिकाहरूद्वारा दुःख भोगे। धन–जन र संचित ज्ञानराशिको नाश हुन गयो। एउटा दीपक यहाँ बलिरहेको छ भने अर्को उत्तरी ध्रुवमा। मानिस, मानिसलाई हेर्नको लागि तड़पिन थाल्यो।

इतिहासले आफूलाई दोहऱ्याउँछ। फेरि प्राकृतिक जीवन जीउनको लागि मानिसहरू विवश हुन्छन्। उत्तरोत्तर विकास भएपछि पुराना मानिसहरूलाई असभ्य भनिन्छ। यसै प्रकारले यो काल अबाध गतिबाट उत्थान र पतन देख्दै आइरहेको छ; तर जुन दिनबाट युगधर्मको सूत्रपात् तपाईंको हृदयमा हुन थाल्छ, त्यस दिनदेखि यो असीम काल सिमाना भित्र हुनजान्छ, त्यही दिनदेखि काल गणितमा चढ्दछ, काल कट्न र घटन लाग्दछ, कालबाट पार पाउन सकिन्छ। मरणधर्मा मानिसले मृत्युलाई अतिक्रमण गर्न थाल्छ, अकाल पुरुष अमृततत्त्व परमात्मामा प्रवेश पाउँछ– **'काल न खाय, कलप नहि ब्यापै, देह जरा नहिं छीजै।।'**

युगधर्म के हो? यो कहाँ हुन्छ? कस्तो हुन्छ?– यसलाई स्पष्ट पार्दै गोस्वामी तुलसीदासजी भन्नुहुन्छ–

नित जुग धर्म होहिं सब केरे।
हृदय राम माया के प्रेरे।। (मानस, ७/१०३/१)

सबै युगहरूको धर्म सबैको हृदयमा हुन्छ। कसरी हुन्छ? 'राममाया'को प्रेरणाबाट हुन्छ। राममाया, आत्ममाया, योगमाया इत्यादि एक अर्काका पर्याय हुन् र यसैको अर्को नाम विद्या हो। युगधर्मको श्रीगणेश राममायाको प्रेरणाबाट हुन्छ। जबसम्म राममाया जागृत हुँदैन तबसम्म युगधर्म आरम्भै हुँदैन। यो राममाया अथवा विद्या के हो? हेरौं, 'राम–माया'–

जब भगवान् रामले वनवासकालमा पंचवटीमा कुटी बनाएर विश्राम गरिरहेका थिए, त्यसै समयमा **'लछिमन बचन कहे छल हीना।' (मानस, ३/१३/५)**– लक्ष्मणले छलहीन भएर केही प्रश्न गरे कि माया के हो? ईश्वर के हो? जीव के हो? ज्ञान–वैराग्य के हो? र त्यो कुन चाहिं भक्ति हो जसबाट तपाईं प्रसन्न हुनुहुन्छ? (यस प्रकार पाँच–सात प्रश्न गरे) तब भगवान् रामले भन्नुभयो कि **'थोरेहि महँ सब कहउँ बुझाई। सुनहु तात मति मन चित लाई।।' (मानस, ३/१४/१)**– म संक्षेपमा भन्दछु, मन र बुद्धि लगाएर सुन–

मैं अरू मोर तोर तैं माया।
जेहिं बस कीन्हे जीव निकाया।। (मानस, ३/१४/२)

'म हुँ, यो मेरो हो', 'तँ छस्, तेरो हो'– यही माया हो, जसले चराचरलाई पराधीन गरिराखेको छ। **'तेहिं कर भेद सुनहु तुम्ह सोऊ। विद्या अपर**

अविद्या दोऊ।।' (मानस, ३/१४/४)– यस मायाका दुइटा भेद छन्– एउटा विद्या, अर्को अविद्या। '**एक दुष्ट अतिसय दुखरूपा। जा बस जीव परा भवकूपा।।' (मानस, ३/१४/५)** एउटा अविद्या अत्यन्त दुष्ट छ जसबाट विवश भएर जीव भवकूपमा परेको छ र '**एक रचइ जग गुन बस जाकें। प्रभु प्रेरित नहिं निज बल ताकें।।' (मानस, ३/१४/६)**– अर्को विद्या हो जसले संसारलाई रच्दछे, सजाउँछे, र '**गुन बस जाके**'– गुण जसको वशमा छ, जो सत्–रज र तम तीनवटै गुणहरूलाई नियन्त्रित गर्दछे; तर यो विद्या प्रभुप्रेरित छ। जबसम्म प्रेरकको रूपमा प्रभु उभिनु हुन्न, तबसम्म त्यो विद्या आउँदै आउँदैन। आफूमा उसको आफ्नो कुनै बल छैन। उसले तीनवटै गुणहरूलाई संयत गरेर गुणहरूबाट पार गरिदिन्छे। तर सम्भव तब मात्र हुन्छ जब प्रेरकको रूपमा प्रभु स्वयं जागृत होस् र तपाईं वहाँकै निर्देशनमा हिड्न थाल्नु हुन्छ। जुन दिनदेखि यो विद्याको शुरूवात हुन्छ, त्यसै दिनदेखि तपाईंको अन्तःकरणमा युगधर्म शुरू हुन्छ। स्वामी र सेवक एक अर्काको अगाड़ि हुन्छन्, र यही युग हो।

'कुनै बेला सत्ययुग थियो र आज कलियुग छ।'– यस्तो केही पनि कुरा होइन। गोस्वामीजी भन्नुहुन्छ, '**नित जुग धर्म होहिं**'– युगधर्म दिनहुँ हुन्छ। एउटै समयमा कोही सत्ययुगी र अर्को कलियुगी हुन सक्दछ। यो कसरी थाहा पाउने कि कुन युग काम गरिरहेको छ? यसमा भन्नुहुन्छ– '**तामस बहुत रजोगुन थोरा। कलि प्रभाव विरोध चहुँ ओरा।।' (मानस, ७/१०३/५)**– जब तामसी गुणको मात्रा बढ़ी छ, चारैतिर बैर–विरोध छ भने यो कलियुगको प्रभाव हो। यस्तो परिस्थितिमा उसले चिन्तनको आरम्भ कहाँबाट गर्ने? यसमा भन्नुहुन्छ, '**कलिजुग केवल हरि गुनगाहा। गावत नर पावहिं भव थाहा।।' (मानस, ७/१०२/४)**– भगवान्को लीला–गायन गर र सेवा गर। भवको थाह पाउने छौ।

साधना अझै सूक्ष्म भयो, साधकको स्तर उठ्यो, तब '**बहु रज स्वल्प सत्व कछु तामस। द्वापर धर्म हरष भय मानस।।' (मानस, ७/१०३/४)**– राजसी गुणको मात्रा बढ़ी छ, केही सात्विक गुण छ र केही तामसी गुण पनि जीवित छ, मनमा हर्ष र भय छ, दुविधाजनक स्थिति बनेको छ भने द्वापर

श्रेणीको युगधर्म हुन्छ। त्यस समयमा '**द्वापर करि रघुपति पद पूजा। नर भव तरहिं उपाय न दूजा।।' (मानस, ७/१०२/३)**– उसले भगवान्को पाउँलाई पूज्ने, चरणमा सुरत (ध्यान) लगाउने यत्न र ती चरणहरूको चिन्तनको प्रयास गर्दछ। (ध्यान त लाग्दैन किनकि मनमा दुविधा छ। मात्र अभ्यास गर्ने क्षमता हुन्छ।) यस्तो गरेर उसले भवसागरको पार पाउनेछ। अझ अलिकति उन्नति गरेपछि '**सत्व बहुत रज कछु रति कर्मा। सब विधि सुख त्रेता कर धर्मा।।' (मानस, ७/१०३/३)**– सत्वगुण धरै मात्रामा छ, केही राजसी गुण जीवित छ, तामसी गुण समाप्त भैसकेको छ, सबै प्रकारको सुख–समृद्धि हुनु – यो त्रेताको धर्म हो। यस परिस्थितिमा भजन कुन स्तरको हुन्छ? '**त्रेता बिबिध जज्ञ नर करहीं। हरिहिं समर्पि कर्म भव तरहीं।।' (मानस, ७/१०२/२)**– विविध यज्ञ– मनको शमन, इन्द्रियहरूको दमन, धारावाही चिन्तन र '**यज्ञानां जप यज्ञोऽस्मि**'– यज्ञहरूमा सर्वश्रेष्ठ यज्ञ, जपयज्ञ (यज्ञ श्रेणीवाला जपको उतार–चढ़ाव श्वासमा हुन्छ) अतः श्वास–प्रश्वासको यजन र यसै प्रकार गीतामा ईश्वर–प्राप्तिको निमित्त जुन यज्ञहरूको चर्चा छ– ती सबैको उसमा क्षमता हुन्छ, सबै क्रियाहरू उसमा जागृत हुन्छ।

धेरै समयको अभ्यास द्वारा हिड्दा–हिड्दा साधना अझै सूक्ष्म भयो भने '**सुद्ध सत्व समता विज्ञाना। कृत प्रभाव प्रसन्न मन जाना।।' (मानस, ७/१०३/२)** पहिले भनिएको थियो कि राममाया वा विद्याले गुणहरूलाई संयत गर्दछ। त्यही प्रभु–प्रेरित विद्याको देन हो कि अब दुई गुणहरू बिल्कुलै शान्त भए, सात्विक गुण मात्र बाँकी बचेको छ, अनुभवी उपलब्धि हुन्छ। उसले बुद्धिबाट कुनै काम लिंदैन, आकाशबाट (हृदयाकाश) जुन शब्द पाउँछ त्यसको भरमा हिड्ने क्षमतावाला विज्ञानी हुन्छ। त्यसमा भएको विषमता समाप्त भयो, समता छ– यी सबै सत्ययुगका प्रभावहरू हुन्, '**कृत प्रभाव प्रसन्न मन जाना।**'– ऊ सधैं प्रसन्नचित्त रहन्छ। यस अवस्थालाई प्राप्त गरेको व्यक्तिले के गर्दछ? उसको चिन्तनको नाप–तौल के हो? '**कृतजुग सब जोगी बिज्ञानी। करि हरि ध्यान तरहिं भव प्रानी।।' (मानस, ७/१०२/१)** यस स्तरमा सबै योगी हुन्छन्, ईश्वरीय निर्देशनमा हिड़नेहरू विज्ञानी हुन्छन्। सहजै हरिको ध्यानमा लव लाग्दछ र उसले भवको पार पाउँछ। आज

तपाईंको ध्यान लाग्दैन, त्यस युगको योग्यतामा सहजै ध्यानको स्थिति रहन्छ र उसले भवको पार पाउँछ।

उपर्युक्त विवेचनाबाट यस्तो लाग्दछ कि चारवटा भवसागर छन्, तर यस्तो कुनै कुरा होइन। भवसागर एउटै छ। भव अर्थात् जन्म हुनु। जन्म र पुनर्जन्म, आवागमनको चक्कर– यही हो भवसागर। यही एउटा भवसागरलाई पार गर्नको निमित्त चिन्तन–पथलाई चार श्रेणीहरूमा बाँडिएको छ। त्यसैलाई कलियुग, द्वापर, त्रेता र सत्ययुग यी शब्दहरूबाट सम्बोधित गरिएको छ। आरम्भमा तामसी गुण धेरै हुन्छ, त्यस समयमा भवको जानकारी पाइन्छ लीला–गायनबाट, नाम–जपबाट। धेरै समयसम्म सेवा–चिन्तन गरेपछि त्यही साधक द्वापर श्रेणीमा परिवर्तित हुन्छ। कलियुगबाट सोझै भवसागरबाट पार हुँदैन बरू द्वापरमा प्रवेश पाइन्छ। मनभित्र पद–पूजाको क्षमता आउनेछ। त्यही साधन अझै सूक्ष्म भयो भने त्रेतामा परिवर्तित हुन्छ। त्यस बेलामा श्वास–प्रश्वासको यजन, ईश्वरमा कर्महरू समर्पण गर्ने योग्यता हामीमा स्वाभाविक रूपले हुनेछ। चिन्तन अझै सूक्ष्म भयो भने त्यही बटुवा ध्यान र समाधिको क्षमतावाला हुनेछ। जुन बेला ध्यान लगाउन चाहन्छौं, जुन क्षण लगाउन चाहन्छौं, मनले तुरुन्तै स्वरूपलाई समात्छ, मन केन्द्रित हुनेछ। प्रत्येक समस्याको समाधान बुद्धिबाट नभएर ईश्वरको निर्देशनमा आधारित हुनेछ। यस्तो गरेर उसले भवसागरबाट पार पाउनेछ।

यसप्रकार युगधर्म एउटै साधकका चारवटा खुड़किलाहरू हुन् न कि चार प्रकारका धर्म (वा चारवटा भवसागर)। एउटै साधकले यी चारवटै खुड़किलाहरूलाई पार गर्नु पर्दछ। गीतामा यिनीहरूलाई नै चार वर्ण भनिएको छ। महर्षि पतञ्जलिले 'योगदर्शन'मा यिनै चारवटालाई अति उत्तम, उत्तम, मध्यम र निकृष्ट श्रेणीको साधकहरूको रूपमा बताउनु भएको छ। गोस्वामी तुलसीदासजीले अरण्यकाण्डमा '**उत्तम के अस बस मन माही।**'– माताहरूको माध्यमबाट यिनै चारवटा युगधर्महरूको निरूपण गर्नुभएको छ।

युगधर्म तबसम्म रहन्छ जबसम्म ईश्वर भिन्दै छ, हामी भिन्दै छौं। साधना पराकाष्ठामा पुगेपछि युगधर्म र त्यसको केन्द्रभूमि दुबै शान्त हुन्छन्, मनमा प्रवाहित तीनवटै गुणहरूको पनि विलीनीकरण राममायाद्वारा हुन्छ। यही

त्रिगुणातीत वा गुणहरूबाट माथि उठने अवस्था हो, जसको चित्रण गीतामा छ। यही राममयी स्थिति हो– '**जानत तुम्हहि तुम्हइ होइ जाई।**' त्यसकारण युगधर्मको कार्य पनि पूर्ण हुन्छ– '**कालधर्म व्यापइ नहिं ताहीं। रघुपति चरन प्रीति अति जाहीं।।**'

संक्षेपमा युग भनिन्छ दुइलाई। मानसको अनुसार विद्या जागृत हुने बित्तिकै स्वामी संचालक हुन्छ, सेवक हिड़नेवाला हुन्छ, स्वामी र सेवक एक अर्काको सामुन्ने हुन्छन्, यही हुन् दुई। त्यसै दिनदेखि युगधर्मको शुरूवात हुन्छ र काल जो अनन्त छ त्यसको अन्तको गणना शुरू हुन्छ, कालको बन्धन कट्न थाल्छ र यस सात्विक गुणको समाप्तिको साथै युगहरूको अन्त हुन्छ। प्रकृति शान्त भएपछि पुरुष नै बाँकी रहन्छ र त्यसको अनुभूतिको साथै– '**सोइ जानइ जेहि देहु जनाई। जानत तुम्हहि तुम्हइ होइ जाई।।**'– त्यसलाई जानेर द्रष्टा आफ्नो स्वरूपमा स्थित हुन्छ। आत्मभाव, परमात्म–स्थिति प्राप्त हुन्छ। त्यस बेलामा कालको क्रम 'युग' पनि समाप्त हुनजान्छ। जब अर्को छँदै छैन, युग हुन सक्दैन– '**सहजे सहज समानी।**'

गीतामा (अध्याय ४/८) भगवान् श्रीकृष्णले पनि यस युगमाथी जोर दिनुभएको छ, '**संभवामि युगे युगे**'– म युग–युगमा प्रकट हुन्छु। वास्तवमा प्रत्येक युगमा इष्टले प्रत्यक्ष साथ दिन्छ, त्यसैबाट त युगधर्म शुरू हुन्छ। हो, उच्चश्रेणिहरूमा अनुकूलता बढ़ी प्रतीत हुन्छ, तल्लो श्रेणिमा (युगहरूमा) सहयोग थोरै प्रतीत हुन्छ, त्यसो भए तपाईं कसरी प्रकट हुने गर्नुहुन्छ? यस भन्दा अगाड़िको श्लोकमा भनिएको छ–

अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन्।
प्रकृतिं स्वामधिष्ठाय संभवाम्यात्ममायया।। (गीता, ४/६)

अजन्मा र सम्पूर्ण भूत–प्राणिहरूको स्वरमा प्रवाहित हुनेवाला ईश्वर, अव्यक्त हुँदाहुँदै पनि आत्ममाया द्वारा आफ्नो त्रिगुणमयी प्रकृतिलाई आफ्नो अधिन गरेर म प्रकट हुन्छु। जुन कुरा मानसमा छ, ठीक त्यही गीतामा पनि छ। त्यहाँ भन्नुहुन्छ– विद्याले गुणहरूलाई वशमा गर्दछे, यहाँ भन्नुहुन्छ– आत्ममायाले गर्दछे। वास्तवमा आत्माको स्थिति दिलाउनेवाला विधि आत्ममाया हो। अर्को शब्दमा त्यही योगमाया हो जसले परमात्मासंग जोड़ी दिन्छे, मिलन गराई

दिन्छे, संसारको संयोग–वियोगबाट रहित, शाश्वत नैष्कर्म्यको परमसिद्धि प्रदान गर्छे। यसैको तेस्रो नाम विद्या हो।

यो विद्या सम्भव तब हुन्छ जब भाविक भक्तको हृदयमा भगवान् आफै जागृत भएर रथी बननु हुन्छ। यसकारण यहाँनेर वहाँकै महत्व छ। साधक त निमित्त मात्र हुन्छ। साधक द्वारा जे जति पार लाग्दछ, त्यो ऊनै प्रभुको देन हो। यसैको लागि भगवान्को जरूरत हुन्छ। यिनै प्रेरणाहरूबाट भगवान्को पहिचान हुन्छ। योगेश्वर भन्नुहुन्छ, म प्रकट हुन्छु– **'संभवामि युगे युगे'**। जुन दिनदेखि जागृत हुन्छ, त्यस समयमा तामसी गुणको प्रचुरता हुनेछ, अहिले भखरै त ऊ जागेको छ, अतः प्रचुरता हुनेछ। राजसी गुणको थोरै संचार हुनेछ, सात्विक गुण प्रसुप्त हुनेछ। यस्तो परिस्थितिमा बटुवा कलियुगीन हुन्छ; तर आत्ममाया जागृत छ, ऊ गुण–गायनद्वारा, सेवा र समर्पणद्वारा लाग्दछ। यो लगन पनि प्रेरक प्रभुको देन हो, उनी प्रत्येक युगमा आमुने–सामुने उभिई रहनु हुन्छ। यदि वहाँले बताउनु भएन भने अहिलेसम्म विद्या जागृत नै भएको छैन, युग–धर्मको प्रश्न नै उठ्दैन।

अतः बन्धुहरू हो! यो बिर्सिनु होस् कि आज कलियुग छ वा धेरै चाँडैं सत्ययुग आउनेवाला छ, जस्तो कि आजकल तथाकथित धर्माचार्यहरू भन्दछन्। सृष्टिमा युगहरूको कतैं कुनै चर्चा छैन। संसारभरिमा, मात्र भारतमा र त्यसमा पनि मात्र हिन्दूशास्त्रहरूमा यसको चर्चा छ। भारतमा मात्र यो धर्मसंग सम्बन्धित भ्रम हो। जब चारवटै युगहरू सृष्टिको लागि बनेका हुन् भने यिनीहरू सबै ठाउँमा हुनु पर्दथ्यो; तर यस्तो कतैं छैन। भारतका आध्यात्मिक ग्रन्थहरूमा पनि यसको जुन उल्लेख पाइन्छ, ती कल्याण–पथका नियम हुन्। कल्याण–पथको नियमहरूलाई न बुझेको कारण, मात्र सामाजिक व्यवस्था दिने स्मृतिकारहरूले यसलाई बाहिर हेर्न शुरू गरे, वास्तविकता देखि टाढ़ा हुन गए। उनीहरूले एउटा भ्रमित पार्ने गफ दिए कि चार लाख बत्तीस हजार वर्षको कलियुग हुन्छ र फेरि सज्जनहरू! त्यसको दोबर भयो द्वापर! त्यसको तेबर भयो त्रेता! र चौबर भयो सत्ययुग। यो एउटा टाउको पुच्छर न भएको कुरा थियो, जसको प्रयोग उनीहरूले आफ्नो जीवनमा कहिल्यै पनि गरेनन् बरू यसको उपयोग उनीहरूले आफ्नो साम्प्रदायिक देवताहरूको महानता बढाउन

र आश्चर्यको सृजना गरेर निरीह जनतालाई डर देखाएर शोषण गर्नको लागि गरे। मानसको एउटा कथामा यसै मनोवृत्तिमाथी घतलाग्दो व्यङ्ग गरिएको छ, जसमा राजा प्रतापभानुसंग भेटेका एउटा कपटी मुनिले सृष्टिको उत्पत्ति र प्रलयको आश्चर्यजनक कथा सुनाएर उनीसंग विश्वासघात गरे। वास्तवमा यस्तो कुनै गणना छैन, यस गणनाको कुनै विधान छैन, कुनै उपयोग छैन र आर्ष-ग्रन्थहरूमा यसको कुनै समर्थन छैन।

मनुस्मृति र पाराशर स्मृति दुबै समकालीन हुन्, कुनै विशेष फरक छैन, दुबै गौतम बुद्धको अघि-पछि लेखिएको हो; तर पाराशर स्मृतिले भन्दछ कि मनुस्मृति त सत्ययुगको मानिसहरूको लागि थियो, कलियुगको लागि त यो पाराशर स्मृति नै प्रमाण हो। यी स्मृतिकारहरूलाई यो पनि ज्ञान छैन कि युग कहाँ रहन्छ? वास्तवमा यी युगहरूको घट्ने-बढ्ने क्रिया मनको अन्तरालमा हुने गर्दछ, सबैमा त्यसको व्यवस्था छ। सबै त्यसका पात्र हुन्। सबै युग तपाईंहरूको लागि नै हो र तपाईंहरूले क्रमशः लागेर यी युगहरूको परिणाम पाउनु पर्दछ-

बुध जुग धर्म जानि मन माहीं।
तजि अधर्म रति धर्म कराहीं।। (मानस, ७/१०३/६)

विवेकी पुरुषले युगधर्मलाई मनको अन्तरालमा जान्दछ, शरीरमा होइन, बाहिर समाजमा होइन; सूर्य, चन्द्रमा, नदी र पहाड़हरू भएको पृथ्वीमा होइन। मनमा नै यसको जागृति सम्भव छ। यसकारण विवेकी पुरुषले अधर्मको त्याग गरेर धर्ममा अनुरक्त हुन्छन्। त्यो प्रभुको संचार र उनको प्रेरणा प्राप्त गर्दछन्। यसप्रकार युगहरूलाई जागृत गरेर र क्रमशः चारवटै युगहरूलाई पार गरेर परमभाव प्राप्त गर्दछन्। अब रह्यो यी युगहरूको सामाजिक उपयोगको कुरा, त व्यक्तिबाट नै समाज बन्छ। यदि तपाईं समाजको वास्तविक कल्याण चाहनु हुन्छ भने सबै जना मिलेर सत्यको लागि प्रयास गर्नुहोस्। जब बहुमतमा सत्यप्रधान मानिसहरू हुनेछन् तब वातावरणमा सत्य समावेश हुनेछ। अतः सत्ययुग आपसे आप आउने छ। समाजमा तपाईं परम कल्याणको स्रष्टा कहलाउनु हुनेछ। लोककल्याण पनि हुनेछ र तपाईं आफू त कल्याणको हकदार बन्नु नै हुनेछ।

अनुभवी अन्तस्प्रेरक महापुरुषद्वारा नै युगधर्मको पार पाउने विधान छ। अतः कुनै अनुभवी तत्त्वदर्शी महापुरुषको लागि अन्तःकरणमा सधैं खोजी र सत्यको लालसा राख्नुहोस्।

।। ॐ।।

बहूनां जन्मनामन्ते ज्ञानवान्मां प्रपद्यते।
वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः।।

अभ्यास गर्दा–गर्दै धेरै जन्महरू पछि अन्तिम जन्ममा, प्राप्तिवाला जन्ममा साक्षात्कारलाई प्राप्तगरि सकेको ज्ञानी 'सबै थोक वासुदेव नै हुन्' यसप्रकारले मलाई भज्दछन्, यस्तो महात्मा अति दुर्लभ हुन्। त्यसले कुनै वासुदेवको मूर्ति बनाउन लगाउँदैन बरू आफूभित्रै त्यो परमदेवको निवास भएको पाउँछ। त्यही ज्ञानी महात्मालाई श्रीकृष्णले तत्त्वदर्शी पनि भनेका छन्। यिनै महापुरूषहरूद्वारा बाहिर समाजमा कल्याण संभव हुन्छ। यसप्रकारको प्रत्यक्ष तत्त्वदर्शी महापुरुष श्रीकृष्णको शब्दहरूमा अत्यन्त दुर्लभ हुन्।

– यथार्थ गीता : श्रीमद्भगवद्गीता

(अध्याय ७, श्लोक १९)

अहिंसा

अहिंसा योग-साधनाको अङ्ग हो।

(महाकुम्भको अवसरमा चण्डीद्वीप हरिद्वारमा मिति १९-०४-१९८६को जनसभामा स्वामी श्री अड़गड़ानन्दजीको प्रवचन।)

बन्धुहरू हो!

संसारको प्रायः प्रत्येक देशमा, प्रत्येक कालमा अहिंसाको उपदेशक हुँदै आएका छन्; तर अहिंसाको बढी समर्थक र कट्टर पालक जति भारतमा भएका छन्, त्यति संसारको अरू कुनै पनि देशमा भएका छैनन्। आत्मा–जस्तै अहिंसाको अवधारणा भारतीयहरूले विश्वलाई दिएको महानतम् शिक्षाहरू मध्येको एउटा हो। त्यसो त मूसा, ईसा, मुहम्मद साहब, जरथुस्त्र, कनफ्यूशियस, लाओत्से र प्राचीन यूनानिहरूले खराब कामहरूको बदला राम्रो कामबाट दिनु पर्दछ, भनेका थिए, सबैले प्रेम, शान्ति, दया, करुणा र सेवाको सन्देश दिएका थिए; तर यी सबैका जरोमा छन् भारतीय ऋषिहरूको चिन्तन, जसको परम्परा वेद, उपनिषद्, महावीर, बुद्ध र गुरु नानकदेखि अहिलेसम्म अटुट छ।

कति विरोधाभास छ कि जुन भारत अनादि कालदेखि पुराना प्रश्नहरूको खोजी गर्ने ठाउँ रहि आएको छ, विश्वको लागि प्रेरणाको स्रोत रहेको छ, विश्वगुरु कहलाइएको छ, त्यहाँ कै निवासी गुणहरूबाट हीन हुँदै गईरहेका छन् र यस पतनको कारणहरूमा अहिंसाको नाम पनि जोड़िएको छ। कस्तो अनौठो कुरा छ कि आफ्नो मूल देशमा नै अहिंसा एउटा भ्रम बनेर रहेको छ।

आज स्थिति यो छ कि मान्छेहरू बिच्छु वा भँवरालाई मार्न पनि डराउँछन्, साँप मार्नबाट डराउँछन्, जबकि प्रत्येक दिन साँपले टोकेर मर्ने घटनाहरू भई रहन्छन्। केही मानिसहरू पाप हुने डरले उपियाँ मार्न पनि डराउँछन्। यस्ता भावनाहरूले देशलाई काँतर बनाई सकेको छ, काम नलाग्ने बनाई सकेको छ। हामीमाथी आक्रमण हुन्छ, दुई–चार–पन्ध्र–पच्चीस मानिसहरू युद्धमा काम पनि आउछन् तबसम्म हामीलाई सुरक्षाको जानकारी हुँदैन। जब जानकारी हुन्छ, तबसम्ममा हामीले धेरै नोक्सानी उठाई सकेको हुन्छौं। घत लाग्दो कुरा

छ कि मानिसहरूले माछा–मासु त खान्छन्, आफ्ना छिमेकीहरूको हक पनि खोस्ने प्रयास गर्दछन्, तर तब सुरक्षाको प्रश्न आउँछ तब घरभित्र पस्छन्। यो अहिंसा–पालन होइन, कातरपना हो।

कुनै पनि जीवलाई नमार्ने भावनाको पछाड़ि दुईवटा कारण छन्। एउटा त यो मान्यता छ कि जीवन त दुःखमय छँदैछ, तर योभन्दा पनि दुःखद मृत्यु छ; किनकि घोर कष्ट पाउने व्यक्ति पनि मर्न चाहँदैन, यसकारण जबसम्म सम्भव हुन्छ आफ्नो नोक्सान उठाएर भए पनि मृत्युबाट बच्नु पर्दछ। कति अच्चमको कुरा छ कि भारतीयहरू पनि मृत्युबाट डराउँछ, जबकि संसारमा भारतीयहरूले मृत्युबाट सबैभन्दा कम डर्नु पर्दथ्यो; किनकि उनीहरूले नै खोजेका थिए कि आत्मा अमर छ। र मृत्यु के छ? पुरानो वस्त्र–जस्तै नश्वर शरीरको परिवर्तन मात्र!

अहिंसाको धेरै प्रयोगको अर्को कारण स्मृतिहरू हुन्, जसमा भनिएको छ कि साँप अथवा मूसा मार्‍यो भने फलामको डण्डी दान दिनु पर्छ, बिरालो मार्‍यो भने सुनको बिरालो दान दिनु पर्छ, न्याउरी मूसा–भ्यागुतो, कौवा–कुकुर अथवा शूद्र– यीमध्ये कसैलाई मार्‍यो भने एउटा सेतो गोरु र दसवटा गाई बाहुनलाई दान दिनु पर्छ, वैश्य र क्षत्रियलाई मार्‍यो भने बीसवटा गाई र बाहुनलाई मार्‍यो भने यति दान! जस्तो जीव त्यस्तै दान! हाड़ नभएका कीरा–फट्यांग्रा मार्दा पनि दसवटा गाई र एउटा गोरु दान दिनु पर्दछ। हिंसाबाट उत्पन्न पापको कथा यति प्रचलित भयो कि पानी भर्दा पनि पाप हुन्छ, दान दिनु पर्छ। चुलो बाल्दा पनि हिंसा हुन्छ, दान दिनु पर्छ। ढिकी वा जाँतोको त कुरै छोडौं, कुचो लगाउँदा खेरी पनि हिंसा हुने गर्दछ, दान दिनुहोस्। फाँसी लगाउनेले, माछा मार्नेले, चरा मार्नेले र शिकारीले जति हिंसा गर्दछ त्यत्ति नै हिंसा एउटा किसानले काठको हलोमा फलामको फाली लगाएर हल जोत्दा खेरी गर्दछ। यस हिंसाबाट मुक्त हुनको लागि जसले भित्र्याइएको अन्नको एक भाग बाहुनलाई दान गर्दैन उसलाई ब्रह्महत्याको एउटा पाप अरू लाग्दछ।

यसप्रकार जीवनको प्रत्येक क्रियामा हिंसा घोषित गर्नु र हिंसाको संभावनामा यति धेरै मृत्युकर कि मानिसहरू असहाय र घाइते हुन गयो। उसले बुझ्यो कि कुनै पनि जीवतिर औंला ठड्याउँदा पनि मार्ने कर लागि

रहेको छ, जुन त तिर्दा खेरी त्यो भन्दा पनि डर लाग्दो सामाजिक बहिष्कारको कष्ट खेप्नु परिरहेको छ, त्यसमाथी पनि नरकको आतंक छ, अतः मान्छेहरूको अन्तःकरण यति दबेको छ कि अब ऊ कमिला मार्न पनि डराउन थाल्यो। यस मृत्युकरको आतंक यति बढ्यो कि मान्छेहरू 'जीवहत्या हो'– यस्तो विचार मात्रले पनि काप्न थाले।

यही मनोवृत्तिको परिणाम थियो कि तैमूरका केही सिपाहीहरूले बन्दी बनाइएका लाखौं हिन्दुहरूलाई तलवारले काटि दिए। दिल्लीमा तपाईंको घरभित्र पन्ध्र दिनसम्म सामुहिक हत्याको खेल चल्यो। त्यस बेलासम्म तोप वा बन्दूकको आविष्कार भएको थिएन, तलवारहरू मात्र थिए। मान्छेहरू खालि हात नै जाईलागेको भए इतिहास आज केही अर्कै हुने थियो। यस हीनभावनाको लागि पनि स्मृतिहरू नै जिम्मेवार छन्, जसमा लेखिएको छ कि शस्त्र क्षत्रियहरूले मात्र उठाउन सक्छन्। अरू जातिहरूले शस्त्र उठाए भने त्यो पाप हो। सयमा सात जना क्षत्रिय र त्यसैमा स्त्री–बच्चाहरू पनि पर्दछन्। लड़नेहरू तीन जना मात्र बाँकी बचे। ती तीनजनालाई कब्जामा लियो भने सय जनालाई भेड़ा जस्तै हाँकेर लग्न सकिन्छ।

स्मृतिहरूमा हिंसाबाट उत्पन्न पापको निवारणको विधान थियो दान। जबकि रामचरितमानसको अनुसार '**सनमुख होइ जीव मोहि जबहीं। जन्मकोटि अघ नासहिं तबहीं।।' (मानस, ५/४३/२)** भगवान्को सामुने भएपछि पापको निवारण हुन्छ; तर स्मृतिहरूको व्यवस्था अनुसार जस्तो सुकै पनि जघन्य पाप होस्, मात्र बाहुनलाई दान दिएर त्यसबाट मुक्ति पाइन्छ। दान त्यस समयका बुद्धिजीवी वर्गको जीविका थियो। अतः सकेसम्म धेरै पर्वहरू र अवसरहरूमा बढ़ी भन्दा बढ़ी दान लिनमा अहिंसा उनीहरूको लागि सुरक्षा कवच बन्न गयो। यो ती विद्वानहरूको गल्ती होइन, समय त्यस्तै थियो।

परजीविहरूले एकातिर त अहिंसामाथी जोर दिएर दानको क्षेत्रलाई विस्तृत बनाए र अर्कोतिर आफ्नो लागि मासुको आपूर्ति सुनिश्चित गर्नको लागि हिंसालाई पनि उचित ठहऱ्याए। उनीहरूलाई हिंसा अथवा अहिंसासंग के मतलब? मतलब त वस्तुसंग थियो– अहिंसाबाट आओस् अथवा हिंसाबाट। मन्त्र पढ़ेर पशुलाई काट्यो भने त्यो देव–भोजन हो, अहिंसा हो। मन्त्र न पढ़ी काट्यो भने त्यो

असुर भोजन हो, हिंसा हो। मन्त्रसंग पनि उनीहरूलाई के मतलब? मतलब त मन्त्र पढ्नेवालाको भाग–बन्डा लगाउनुमा छ। मन्त्रमा के पढ्छन्? 'स्वर्गम् गच्छेत' यस सूत्रलाई पढ़ने वित्तिकै के त्यो मर्नेवाला जीव स्वर्ग जान्छ? यही त पोपले पनि गर्दथे। 'अछिद्रमस्तु' यति भन्ने पछि यज्ञको सबै कमी पुरा हुन्छ? हिंसालाई समर्थन दिने नशामा वहाँलाई वैदिक यज्ञहरूमा पनि हिंसा देखियो। वहाँले व्यवस्था दिनुभयो कि 'वैदिकी हिंसा हिंसा न भवति।'– वेदमा वर्णित हिंसा, हिंसा होइन। तब के वेदमा हिंसा छ? निर्णय मबाट होइन, महाभारतकारबाट सुन्नुहोस्–

सुरां मत्स्यान मधुं मांसमासवं कृसरौदनम्।
धूर्तैः प्रवर्तितं ह्येतन्नैतद् वेदेषु कल्पितम्।।

(शान्तिपर्व, १६५/९)

महर्षि व्यासको भनाई छ कि मासु–रक्सीको अनिवार्यता त पछिका मानिसहरूले चलाए, वेदहरूमा यस्तो कल्पना पनि छैन। ती ऋचाहरूको अर्थ न बुझेको कारण अथवा शाकाहारीको साथ–साथै मासाहार प्राप्त गर्ने उद्देश्यबाट नै स्मृति–ग्रन्थहरूमा त्यस्तो पशु–पक्षिहरूको लामि सूची पाइन्छ जसलाई यज्ञहरूमा काट्न त उचित छँदैछ, श्राद्धमा पनि तिनीहरूको मासुबाट गर्ने तर्पणलाई धेरै पुण्यदायक भनेर भनिएको छ।

यस्ता कुरीतिहरूको निन्दा विशुद्ध सनातनधर्मी महात्मा बुद्धले गरे। आफ्नो जीविकाको भण्डाफोर हुन लागेको र तथागतको नै प्रभाव देखेर बुद्धिजीविहरूले वहाँलाई पनि भगवान्को दस अवतारहरू मध्येका एउटा मानेर वहाँको समुहमा मिसिन पुगे र उनीहरूको आफ्नो संगठन बलियो हुने वित्तिकै बौद्ध धर्ममा कुरीतिहरू आए। उनीहरूले भन्न थाले कि बुद्ध अवतार त हुन्; तर यस्तो अवतार, जसको शिक्षा असुरहरूको लागि हो। उनीहरू भन्न थाले कि गौतमको अहिंसा–प्रचारबाट भारतीयहरूको शस्त्राभ्यास बन्द भयो, मौर्य साम्राज्यको पतन भयो, बुद्धको निवृत्तिमार्गी शिक्षाबाट भारत अकर्मण्य हुन गयो। कस्तो उल्टो कुरा छ कि त्यही महापुरुषको शिक्षाबाट भारत हिंसक हुन गयो र चीन अहिंसक, भारत अकर्मण्य हुन गयो र जापानले कर्मठताको कीर्तिमान स्थापित गर्दै गईरहेको छ।

अहिंसा आधुनिक समाज (भारत)को एउटा अल्झिएको प्रश्न छ। कसैले भन्दछ– जीवहरूको हत्या न गर्नु अहिंसा हो। कसैले नम्रतालाई अहिंसा भन्दछ त कसैले दयालाई, कसैले समय नष्ट गर्नलाई हिंसा मान्दछ भने कसैले आवश्यकता भन्दा बढ़ी वस्तुहरूको संग्रहलाई अहिंसाको घेरामा लिई रहेको छ। एउटा वर्ग श्वासमा नष्ट हुने अदृश्य कीटाणुहरूको हिंसाबाट बच्नको लागि मुखमा पट्टी बाध्ने गरेको छ। यसप्रकार अहिंसाको जरोमा जीवहरूलाई मार्ने, न मार्नेको भावना धेरै देखिन्छ र त्यसको सीमा क्षेत्रको क्रमागत विस्तार देखिन्छ, अतिवादी प्रयोग देखिन्छ।

प्रश्न उठ्छ कि अहिंसाको औचित्य के हो? जीवहरूलाई किन न मार्ने? यस प्रश्नमाथी पनि मतभेद छ। कोही भन्दछ– प्रत्येक जीवभित्र भगवान् बस्नुहुन्छ। त्यसो भए कठिन हुनेछ, भगवान् कहाँ हुनुहुन्न? खाने के? के दही अथवा मह खादा खेरी हिंसा हुनेछ? एक कचौरा दही खाँदा तपाईं करोड़ौं कीटाणु खानु हुन्छ। जब सबैमा एउटै भगवान् हुनुहुन्छ भने कुनै जीव–हिंसा सानो र कुनै ठूलो किन? कम से कम मानिस–मानिसमा त फरक हुनु हुँदैन थियो कि शूद्र मार्दा खेरि कुकुर मारेको बराबर हिंसा लाग्छ र बाहुन मार्दा खेरि शूद्रको तीन गुणा बढ़ी। जानी–जानी मार्दा त कुनै उपाय छँदै छैन। विचार मात्रले पनि कसैलाई कष्ट न पुगोस् त्यसो भए के आफ्नो छोरालाई पथ–भ्रष्ट हुनबाट न रोक्ने? चोर, डाँकु, बलात्कारीहरू र अत्याचारीहरूलाई पनि न रोक्ने? उनीहरूको अगाड़ि हात जोड़ेर धर्ना दिने? कष्टलाई हटाउनको लागि दिइने कष्ट, उपचार गर्दा खेरि भएको मृत्युहरू के हिंसा हो?

अहिंसाको पक्षमा अर्को तर्क दिइने गरिन्छ कि जुन वस्तुहरूलाई तपाईंले उत्पन्न गर्न सक्नु हुन्न, त्यसलाई नष्ट गर्ने तपाईंलाई कुनै अधिकार छैन। यदि तपाईंले कसैलाई जीवन दिन सक्नु हुन्न भने जीवन लिन कसरी सक्नु हुन्छ? अन्न र वनस्पतिहरूको उत्पादन तपाईंले बढाउन सक्नु हुन्छ, तिनीहरूको प्रजाति फेर्न सक्नु हुन्छ, अतः तिनीहरूलाई प्रयोग गर्दा हुने हिंसा क्षम्य हुन्छ; तर यस्तै तर्क माछा–पालन वा कुखुरा–पालन गर्नेहरूले पनि दिने गर्दछन्, अरू सबै पशु–पक्षिहरूको प्रजाति उनीहरूले बढ़ाउने गर्दछन्। खेती गर्ने किसानहरूले जोत्ने–बीउ छर्ने क्रियामा हुने हिंसामाथी ध्यान न दिए पनि, कीटनाशक औषधिहरूको प्रयोग गरेर धमिरा इत्यादि आँखाले देखिने जीवाणुहरू र आँखाले

न देखिने खाले असंख्य कीटाणुहरूको संहार गर्ने अधिकार उनीहरूलाई कहाँबाट प्राप्त हुन्छ? यस्ता हिंसाले त उनीहरूलाई विचलित गर्दैन; तर त्यही फसलहरूको सुरक्षाको लागि उत्पाती बाँदरहरू र बाली चर्दै गरेको गाईलाई धपाउने क्रममा उनीहरू हिंसा र अहिंसाको शास्त्र लिए बस्छन्। दादुराका कीटाणुहरू र मलेरियाको उन्मूलनमा असंख्य लामखुट्टेहरूको हिंसा उनीहरूले देख्दैनन्। जुन अदृश्य कीटाणुहरूको हिंसाबाट बच्नको लागि एक वर्गले नाकमा पट्टी बाँध्छ, त्यो प्रयास अहिंसाकै हो; तर त्यस्तै खाले कीटाणुहरूलाई मार्नको लागि 'एण्टी–बायोटिक' औषधिहरू खानमा उनीहरू पछि पर्दैनन्। कसैले सोच्न पनि चाहँदैन कि छालाको उद्योगले कसरी प्रगति गर्दछ? छालाको वस्तुहरूको प्रयोग पनि गर्छन् तर अहिंसाको लागि चिन्तित पनि छन्? तपाईंले अहिंसा कसलाई मान्नु हुन्छ?

फेरि अहिंसाको समर्थनमा एउटा मात्र तर्क बाँकी रहन्छ– जुन वस्तुहरू मानव समाजको लागि उपयोगी छन् तिनीहरूको उपेक्षा अहिंसा हो र जुन कम उपयोगी छन् अथवा अनुपयोगी छन् तिनीहरूको उपेक्षा गर्न सकिन्छ। त्यसो भए त उपयोगिता आधार बन्न गयो, अहिंसा होइन। यदि उपयोगिता नै आधार हो भने जुन मगन्ते, अन्धो–बहिरो, अपाङ्ग अथवा भयङ्कर संक्रामक रोगको कारणले समाजको लागि समस्या बनि सकेका छन्, उनीहरूलाई के गर्ने? बुढ़ो आमा–बुबालाई पनि के उपयोगी बुझ्नु पर्‍यो? भनिन्छ, यदि डाक्टरको भावना राम्रो छ भने उसको हिंसा पनि अहिंसा हो। त्यसो भए त महत्व हिंसा वा अहिंसाको होइन, त्यसमा निहित भावनाको हुन गयो। फेरि असाध्य रोगको पीड़ाबाट छटपटाई रहेका मानिसहरू र पशुहरूलाई सजिलो मृत्यु दिने अथवा न दिने? परिवार नियोजन वा भ्रूण–हत्या अहिंसाको अनुकूल छ अथवा प्रतिकूल? फाँसी उचित छ कि अनुचित?– इत्यादि प्रश्न पनि विवादको घेरामा आउँछन्। अतः विचारणीय छ कि अहिंसालाई बुझ्नमा कहीं गल्ती त भई रहेको छैन? अहिंसा के हो? यदि यही नै अहिंसा हो भने किसान यसबाट वंचित हुनेछन्। गृहस्थहरूको लागि यसको पालन असम्भव हुन जानेछ। विदेशिहरूको त कुरै छोड़ौं, माछा–मासु खाने हिन्दूहरूले पनि अहिंसा धर्मबाट निष्कासित हुनु पर्नेछ। त्यसो भए त तपाईंको यो धर्म विश्वव्यापक हुन सक्दैन। अहिंसाका यी प्रचलित धारणाहरू के वास्तवमा अहिंसा हुन्?

सच्चाई के हो भने यिनीहरू मध्ये कुनै पनि प्रश्नको सम्बन्ध अहिंसासंग छँदै छैन। यसमा दोष अहिंसाको होइन, अहिंसाको अर्थ परिवर्तन गराउनेवालाको हो। अहिंसा जसको देन हो, आउनुस् हेरौं, हाम्रा ती पहिलेका मनीषीहरूले अहिंसाको प्रयोग कुन अर्थहरूमा गर्ने गर्दथे।

अहिंसा शब्दको प्रयोग सर्वप्रथम छान्दोग्य उपनिषद्मा पाइन्छ। यस उपनिषद्को तेस्रो अध्यायको चतुर्दश खण्डमा बताइएको छ कि यो सम्पूर्ण संसार निश्चय नै ब्रह्म हो। त्यसलाई विदित गर्नको लागि यसै उपनिषद्को पंचदश खण्डमा प्राणापानको यज्ञ र साह्रौं खण्डमा समर्पणको साथ यज्ञस्वरूप महापुरुषको उपासना गर्नको लागि भनिएको छ र सत्रौं खण्डमा भनिएको छ कि "**अथ यत्तपोदानमार्जवमहिंसा सत्यवचनमिति वा अस्य दक्षिणाः।**" अर्थात् जुन तप, दान, आर्जव, अहिंसा र सत्य वचन छन्, तिनीहरू नै यज्ञका दक्षिणा हुन्।

यज्ञको सम्पूर्णता पछि नै दक्षिणाको विधान छ। अहिंसा यस आत्मयज्ञको दक्षिणा हो अर्थात् दान, अहिंसा, सत्य इत्यादि त्यसको क्षेत्रको वस्तु हो जसले आत्मयज्ञ गरिसकेको छ, आत्मालाई जसले विदित गरिसकेको छ, 'ईशावास्यमिदं सर्वम्' जसले देखेको छ, उसले नै भन्न सक्दछ। 'तत्वमसि', 'वसुधैव कुटुम्बकम्'को उद्घोष उनले नै गर्न सक्छन्। चराचर जगत्को अन्तिम एकता–आत्मिक एकतालाई जसले आफै देखेको छ, अहिंसा उसको वस्तु हो। जब उनी नै सर्वत्र छन्, अर्को छँदै छैन भने विरोध कोसँग? हत्या कसको? यही कुरा मानसकारले भन्नुहुन्छ–

उमा जे राम चरन रत, बिगत काम मद क्रोध।
निज प्रभुमय देखहिं जगत, केहि सन करहि बिरोध।।

(मानस, ७/११२ ख)

उनी नै शुद्ध अहिंसक हुन्। तर यो स्थिति कहिले पाइन्छ? जब '**बिगत काम मद क्रोध**'– काम, क्रोध, मद इत्यादि विकारहरू विशेषरूपले समाप्त भइसकेको हुन्छ, पूर्णरूपले शान्त भइसकेको हुन्छ। जसले संसारलाई प्रभुमय देख्दछ, अहिंसा उसको लागि हो। अहिंसा पालन होइन, परिणाम हो, दक्षिणा हो। अतः जसले काम–क्रोधादि विकारहरूलाई जितेर आत्मालाई विदित

गरिसकेको छ, ऊ नै शुद्ध अहिंसक हो। सदन कसाई मासाहारी भएर पनि अहिंसक थिए र यसै श्रेणिमा महाभारतको धर्मव्याध पनि पर्दछ। जुन व्यक्ति काम–क्रोधको दास छ, संसारलाई समेट्नमा लागेको छ, साथै अहिंसाको पूर्तिको लागि प्रतिदिन कमिलाहरूलाई पिठो खुवाउँछ, उडुस–उपियासम्म पनि मार्दैन, अहिंसाको लागि नै फलाहार गर्दछ तापनि उसको अहिंसा रूढ़िवादिता हो, देखावटी हो, दम्भ हो तर आत्मज्ञानको सूचक त पटकै होइन।

यस्तै कुरा अर्को किसिमले महाभारतको अनुशासन पर्वमा भीष्मले युधिष्ठिरलाई बताए– '**अहिंसा परमो धर्मः।**' परम धर्म परमात्मा हुन्, उनैको क्षेत्रमा अहिंसा पर्दछ।

यसैको पुनरुक्ति गोस्वामी तुलसीदासजीले पनि गर्नुहुन्छ– '**परम धरम श्रुति विदित अहिंसा।**' श्रुति भनिन्छ वेदलाई र परमात्माको प्रत्यक्ष जानकारीको नाम नै वेद हो। त्यो परमात्मालाई सबैतिर देख्ने ऋषिहरूको गुण हो अहिंसा, उनीहरूको रहन–सहन हो अहिंसा। यस्ता तत्त्वदर्शीहरूले यजुर्वेदमा भनेका छन्– '**पशून पाहि। गां मा हिंसीः। अजां मा हिंसीः। अविर्मा हिंसीः। इमं मा हिंसी द्विपादं। मां हिंसी रेकशफं पशुम्। मा हिंस्यात् सर्वभूतानि।**' पशुहरूको रक्षा गर। गाईलाई न मार। खसी–बोकालाई न मार। भेंड़ालाई न मार। यी दुई खुट्टा भएका प्राणिहरूलाई न मार। एक खुर भएका पशुहरूलाई न मार। कुनै पनि प्राणिको हिंसा न गर। अतः अहिंसा उनीहरूको अनुभूति हो जसले यी सबैमा आफ्नै आत्मालाई व्याप्त पाए। एकत्वको अनुभूति र त्यसबाट उत्पन्न अहिंसा आत्मदर्शनको कारण हो, शरीरको कारणले होइन। शरीर धारण गरिरहनु नै हिंसा हो। शुद्ध अहिंसा त्यहाँ छ जहाँ पुगेर यस आत्मालाई फेरि शरीर धारण गर्नु पर्दैन।

वेदहरूमा प्रतिपादित धर्म यज्ञप्रधान हो। यज्ञलाई वैदिक वाङ्मयमा अध्वर पनि भनिन्छ। ध्वरको शाब्दिक अर्थ हो हिंसा। अध्वर अर्थात् अहिंसा। यस यज्ञको आचरण नै अहिंसाचरण हो। त्यसो भए उनीहरूले कस्तो खाले यज्ञ गर्दथे, जसलाई गर्नु नै अहिंसा हो? महाभारतको अनुशासन पर्वमा संकेत छ–

श्रूयते हि पुरा कल्पे नृणां ब्रीहिमयः पशुः।
येनायजयन्त यज्वानः पुण्यलोकपरायणाः।। (११५/५६)

अर्थात् पहिलेका कल्पहरूमा पुण्यलोक परायण यज्ञकर्ताहरू ब्रीहिमय पशुद्वारा यज्ञ गर्ने गर्दथे। यो ब्रीहि के हो? ब्रीहिको एउटा अर्थ धान पनि हुन्छ। त्यसो भए के उनीहरू तिल, जौ वा धानद्वारा यज्ञ गर्दथे? वेदी बनाएर? होइन, अथर्ववेदका ऋषिहरूले भन्नुहुन्छ, '**प्राणापानौ ब्रीहियवौ अनड्वान प्राण उच्यते।**'– ब्रीहि र यव क्रमशः प्राण र अपानका नाम हुन्। अनड्वान पनि प्राणको नाम हो अर्थात् यी यज्ञ प्राण र अपान अथवा श्वास–प्रश्वासको क्रियामा आधारित थिए र गीतामा श्रीकृष्ण भन्नुहुन्छ कि यसै यज्ञको परिणाममा सनातन ब्रह्म छ– '**यज्ञशिष्टामृतभुजो यान्ति ब्रह्म सनातनम्।**' ब्रह्मलाई प्राप्त गरिसकेको महापुरुषले सबैतिर आफ्नो आत्मालाई नै देखेर अहिंसाको कुरा गर्दछ भने के को आश्चर्य? श्वास–प्रश्वासको यज्ञ गर्नेवाला नै वेदको भाषामा शुद्ध अहिंसक हो।

अतः पूर्ण अहिंसा सबैतिर आत्मदर्शन गर्नेवाला तत्त्वदर्शीको क्षेत्रको वस्तु हो र यसको आंशिक उपयोग उसको लागि पनि छ जो प्राण–अपानको यज्ञको कर्त्ता हो, बटुवा हो, त्यस पथको श्रद्धालु हो। जसले अहिलेसम्म त्यो पथको लागि विचारै गरेको छैन उसको लागि अहिंसाको के उपयोग? जसले डाक्टरीमा प्रवेश नै गरेको छैन, उसलाई अपरेशन बाक्स सुम्पि दिएपछि जुन परिणाम हुनेछ, त्यस्तै नै अहिंसाको बारेमा भइराखेको छ। जो नपुंसक छ उसलाई विवाह–मण्डप वा मौर–मुकुटको के उपयोग?

यस्तै निर्णय योगदर्शनकारको पनि छ। योगको नाममा मानिसहरूले कस्ता–कस्ता नचाहिंदो कुराहरू लिने गरेका छन्; तर भगवान् श्रीकृष्णको भनाई छ, (गीता, ६/२३) कि जो संसारको संयोग–वियोगबाट रहित अनन्त आनन्द छ, त्यससंग मिल्नेको नाम योग हो। यसै योगलाई महर्षि पतञ्जलिले पनि भन्नुभएको छ, '**योगश्चित्तवृत्तिनिरोधः।**' (**योगदर्शन, १/२**)– चित्तको वृत्तिहरूको निरोध हुनु नै योग हो। निरोध भएपछि के लाभ हुन्छ? यसमा भन्नुहुन्छ, '**तदा द्रष्टुः स्वरूपेऽवस्थानम्।**' (**योगदर्शन, १/३**)– त्यस समयमा द्रष्टा आफ्नै शाश्वत स्वरूप परमात्मामा स्थित हुनजान्छ। त्यस परमात्म–तत्त्वसम्मको जुन दुरी पार गरिन्छ त्यहाँसम्मको साधनाक्रमका आठ अंग छन्– यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि।

यसलाई अष्टांग योग भनिन्छ। यीमध्येको यम पनि पाँच अंगहरूवाला हुन्छ– अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह। यसप्रकार योगको आठ अंगहरू मध्ये एउटा अंगको उपांग हो अहिंसा, त्यसो भए जसले योग–पथमा अझै पाइला चालेको छैन उसको लागि अहिंसाको के उपयोग?

गीतामा भगवान् श्रीकृष्णको भन्नुहुन्छ कि अर्जुन! असत् वस्तुको अस्तित्व छैन र सत्य वस्तुको तीनवटै कालमा अभाव छैन। आत्मा नै सत्य हो, परमसत्य हो, अशीर्य छ, शाश्वत र सनातन छ, यो सधैं रहनेवाला छ, यसको कहिल्यै अभाव छैन र भूतादिकहरूको सम्पूर्ण शरीर नाशवान् छन्, जसको अस्तित्व छँदै छैन। शरीर नाशवान् छ।

अगाड़ि अध्याय दुईमा भन्नुहुन्छ कि **'वासांसि जीर्णानि यथा विहाय' (गीता, २/२२)**– पुरानो वस्त्रलाई त्यागेर मानिसले जसरी नयाँ वस्त्र धारण गर्दछ, ठीक यसै प्रकार भूतादिकहरूको स्वामी यो जीवात्मा शरीररूपी वस्त्रलाई त्यागेर अर्को शरीर धारण गर्दछ। शरीर एउटा वस्त्र हो। अब यदि तपाईंमाथी हमला हुन्छ र कसैले तपाईंको वस्त्र लुकाएर राखिदियो भने के तपाईंको रक्षा हुन गयो, कहिले पनि हुँदैन। हामीमा जुन नश्वर छ, अस्तित्वविहीन छ, यस्तो वस्तुको रक्षा गर्दा पनि त्यो रक्षित हुँदैन, उसले त जानु नै पर्ने छ। मानौं, बरफको टुक्रा हातमा छ, एकछिन पछि पानी हुन जानेछ, भूईंमा मिल्ने छ, त्यसको नाम–निशानसम्म पनि रहने छैन, त्यसो भए तपाईंले के बचाई रहनु भएको छ? यो त एक–आपसमा दया र सहृदयताको लेन–देन हो, संगठित र सुरक्षित रहेर जिउने–खाने एउटा व्रत हो, सामाजिक नियम हो, अमूल्य मानव–शरीरको सुरक्षा हो, अहिंसा होइन। अध्याय तीनमा योगेश्वर श्रीकृष्ण भन्नुहुन्छ कि त्यो मूढ़बुद्धि र अविवेकी हो, पापायु र व्यर्थ जिउनेवाला हो जो मात्र शरीरको लागि परिश्रम गर्छ।

त्यसो भए अहिंसा के हो? यसको बारेमा श्रीकृष्ण भन्नुहुन्छ कि अर्जुन! यस निष्काम कर्मयोगको आचरण नगरीकन त्यो शाश्वत सत्यलाई न कसैले पाएको छ र न भविष्यमा कसैले पाउने छ। तर जसले आत्मालाई विदित गरेको छ, जो आत्मामा नै स्थित र त्यसैबाट तृप्त छ, त्यस पुरुषको लागि कर्म गर्नाले न कुनै लाभ छ र कर्म छोड़िदिनाले न उसको कुनै हानि नै हुन्छ, तापनि

त्यो महापुरुषले पछिका व्यक्तिहरूको हितको लागि राम्रो प्रकारले क्रिया गर्दछन्। निष्काम कर्म भनेको चिन्तन, आराधना। यसलाई गरेर ऊ आत्मदर्शनतिर नै बढ़िरहेको थियो।

कर्म गर्दा–गर्दा साधना यति सूक्ष्म हुनगयो कि मनको निरोधको साथै त्यो आत्मा विदित हुनगयो, त्यसैबाट तृप्त र त्यसैमा राम्रो प्रकारले स्थित भयो, आत्मभावबाट परिपूर्ण छ, यस्तो महापुरुषको लागि अब कर्म गर्नाले न कुनै लाभ हुन्छ र न छोड़िदिनाले कुनै हानि नै हुन्छ, किनकि अगाड़ि कुनै यस्तो सत्ता छैन जसको उनले खोजी गरोस्। अब कर्म गरेर कसलाई खोज्ने? वहाँले कर्म न गरे तापनि वहाँको कुनै नोक्सानि हुँदैन; किनकि जे जति पाउनु थियो त्यो पाई सक्नु भयो, सधैं–सधैंको लागि पाई सक्नु भयो, तापनि यस्तो स्थितिवाला महापुरुषले पछि आउने व्यक्तिहरूको हितको लागि राम्रो प्रकारले क्रिया गर्दछ।

यस्तो महापुरुषसंग आफ्नो तुलना गर्दै योगेश्वर श्रीकृष्णले आफ्नो परिचय दिनुहुन्छ– अर्जुन! मलाई पनि तीनवटै कालहरूमा अलिकति पनि कर्तव्य बाँकी छैन, प्राप्त हुने योग्य वस्तु अप्राप्त छैन, तापनि म पछि आउने व्यक्तिहरूको हितको इच्छाले राम्ररी कर्म गरिरहन्छु। यदि म सावधान भएर कर्म गरेन भने सम्पूर्ण प्रजाको हनन गर्नेवाला बन्नेछु, मार्नेवाला बन्नेछु र वर्णसंकरको कर्त्ता हुनेछु। अर्थात् श्रीकृष्ण एउटा योगी हुनुहुन्थ्यो, योगेश्वर हुनुहुन्थ्यो, आत्मभावमा, परमतत्वमा स्थित परमात्म–स्वरूप हुनुहुन्थ्यो। वहाँ भन्नुहुन्छ– यदि म सावधान भएर कर्म गरेन भने र आफूले कर्म गर्दै पछिका व्यक्तिहरूलाई क्रियामा लगाएन भने सम्पूर्ण प्रजाको हत्या गर्नेवाला बन्नेछु, वर्णसंकरको कर्त्ता हुनेछु।

जीवात्माको शुद्ध वर्ण परमात्मा हो र कर्मद्वारा नै त्यो स्वरूप पाउन सम्भव छ। यदि महापुरुषले पछिका व्यक्तिहरूलाई कर्ममा लगाएन भने सबै मान्छेहरू आत्मपथबाट बरालिन्छन्, प्रकृतिमा मिश्रित हुनजान्छन्। यो मिश्रण नै वर्णसंकर हो। उनी आफ्नो आत्मपथबाट बरालिन्छन्, प्रकृतिमा मिश्रित हुनजान्छन्। यो मिश्रण नै वर्णसंकर हो। यदि हो हिंसा र त्यो स्वरूपतिर बढ्नु शुद्ध अहिंसा हो। साँच्चिकै भन्ने हो भने सबैभन्दा ठूलो अहिंसक त्यो महापुरुष हो जो तत्त्वमा स्थित भएर पनि कर्म गर्दै सबैलाई आफ्नो अनुकरन गर्न

लगाउँछ। उनले सबै भ्रान्तिहरूबाट निकालेर आत्मालाई जगाउँछ, जागृत गरेपछि त्यसलाई आत्मपथमा चलाउँछ। विस्तारै–विस्तारै लाग्दा–लाग्दै साधकले आफ्नो स्वरूपलाई जान्दछ, स्थिति पाउँछ, यस्तो जन्म पाउँछ, जसको पछि मृत्यु हुँदैन। यही शुद्ध अहिंसा हो। यसप्रकार उनले सबैको रक्षा गर्दछ र यदि उनले चलाएन भने उनी पनि हत्यारा हुन्। अतः श्रीकृष्णको अनुसार आफ्नो स्वरूपतिर बढ्नु–बढ़ाउनु अहिंसा हो र त्यसबाट विचलित हुनु हिंसा हो।

गीताको छैठौं अध्यायमा योगेश्वर श्रीकृष्ण भन्नुहुन्छ कि अर्जुन! आत्मा नै मित्र हो र आत्मा नै शत्रु हो। जुन पुरुषले मनसहित इन्द्रियहरूलाई जितिसकेको छ उसको लागि उसैको आत्माले मित्र बनेर मित्रताको बर्ताव गर्दछ, परम कल्याण गर्नेवाला हुन्छ र जुन पुरुषले इन्द्रियहरूलाई जितेको छैन, उसको लागि उसैको आत्मा शत्रु हो, शत्रु बनेर शत्रुताको बर्ताव गर्दछ। यसकारण पुरुषले आफूद्वारा आफ्नो उद्धार गर्नु पर्दछ, आफ्नो आत्मालाई अधोगतिमा पुऱ्याउनु हुँदैन। अधोगतिमा पुऱ्याउनु, प्रकृतिको अनन्त योनिमा फ्याक्नु हिंसा हो र यसको उद्धार, आत्मभावको प्राप्ति नै अहिंसा हो। मानसको अनुसार– **'जो न तरै भवसागर, नर समाज अस पाइ। सो कृत निन्दक मन्दमति, आत्माहन गति जाइ।।' (७/४४)** नर–शरीर पाएर जसले भवसागर पार गर्दैन, ऊ मन्दबुद्धि हो, कृतनिन्दक हो अर्थात् गर्न सक्छ तर पन्छाई रहन्छ, त्यो आफ्नो आत्माको हत्यारा हो, हिंसक हो। भवसागरलाई पार नगर्नु आत्महत्या हो, जघन्य हिंसा हो र भवसागरबाट पार पाउनु अहिंसा हो।

अतः योगेश्वर श्रीकृष्णको अनुसार महापुरुषद्वारा पछिका व्यक्तिहरूलाई आत्मपथमा चलाउनु, जसलाई छान्दोग्यका ऋषिले आत्मयज्ञको दक्षिणा भनेका छन्– यही सामूहिक अहिंसा हो र प्रत्येक व्यक्तिको दायित्व हो कि आफ्नो आत्मालाई अधोगतिमा न पुऱ्याउने, यही व्यक्तिगत अहिंसा हो। साथै अहिंसाको व्रत लिनेहरूले आफ्ना छिमेकिहरू प्रति सहृदयता र प्रेम राख्नुपर्दछ। यत्ति गर्नाले त्यो पनि अहिंसाको बाटोमा हिड्नेछ र तपाईं हिड्नमा प्रेरणा दिनेवाला हुनुहुनेछ।

बाहिरी मार–काटबाट उत्पन्न हत्याको विषयमा श्रीकृष्णको के दृष्टिकोण छ? यो के हो? यसबारेमा वहाँ भन्नुहुन्छ (गीता, अध्याय १८ मा) कि अर्जुन!

शुभ अथवा अशुभ प्रत्येक कार्य हुनुमा पाँच माध्यम हुन्छन्– कर्त्ता यो मन हो, करण इन्द्रियहरू, नाना प्रकारका चेष्टाहरू, आधार अर्थात् साधन (किनकी चेष्टाहरू अनन्त हुन्छन् तर जुन इच्छाले आधार पाउँछ त्यही इच्छा पूरा हुनलाग्दछ) र पांचौं (कारण) दैव हुन्। दैव भनेको होनी, संस्कार, पहिले गरेका कर्म। शुभ अथवा अशुभ हुनुमा यिनै पाँच माध्यम हुन्– तपाईं शाश्वत परमात्मातिर इष्टोन्मुख भएर दौड़ लगाउनुस् वा प्रकृतितिर भौंतारिनुस्– यिनै पाँच माध्यम हुन्। यति हुँदाहुँदै पनि जसले कैवल्य स्वरूप परमात्मालाई कर्त्ता देख्छ, भन्छ, भने त्यो मूढ़बुद्धिले वास्तविकतालाई जान्दैन। यस पछिको श्लोकमा भन्नुहुन्छ कि अर्जुन! जुन पुरुषले जान्दछ कि यिनै पाँच माध्यम हुन्, तब उसले कसरी कसैलाई मार्दछ र कसरी कसैलाई मार्न लगाउँछ। सम्पूर्ण लोकलाई मारेर पनि त्यो महापुरुष न पापले बाधिन्छ र न कर्महरूले बाँधिन्छ।

अतः योगेश्वर श्रीकृष्णको अनुसार बाहिरी मार–काट मात्र सामाजिक समस्या र बदला हुन्, शान्ति र व्यवस्थाका प्रश्न हुन्। समाजमा जो संगठित रहन्छन् उनीहरू बलिया हुन्छन्, जो आपसमा झगड़ा गरेर बस्दछ ऊ कमजोर हुन्छ। जो आविष्कारक छ, बुद्धिजीवी छ, ऊ बलियो हुन्छ र जोसंग मात्र शरीरको बल छ, ऊ कमजोर हुन्छ। भीमसंग शरीर–बल थियो; तर अनेक अवसरहरूमा मेधावी युधिष्ठिरले उसलाई बचाए। अर्जुनले पनि त्यसलाई बचायो; किनकि अर्जुनसंग दिव्यास्त्र थियो, आविष्कार थियो। विधि जानेको कारण अभिमन्यु चक्रव्यूहको सातौं फाटकसम्म पुगे; तर बाहुलाको बलको भरोसा राख्ने भीमले व्यर्थमा गदा मात्र घुमाएर बस्यो। जोसंग शरीरबलको साथ–साथै बुद्धिबल छ, संगठन पनि छ, त्यो बलियो छ र जहाँ आपसी कलह धेरै छ, त्यो गुलाम हुन्छ। अफ्रिकामा कबीलाहरू धेरै छन्, फाटो धेरै छ, अफ्रिका आज पनि गुलाम छ। अतः संगठन जरूरी छ।

यहाँ योगेश्वर श्रीकृष्णको भनाई छ कि यो जुन बाहिरी मारकाट छ, यो न पाप हो न पुण्य हो। हो, यो सामाजिक दायित्व अवश्य हो। एक अर्काको लागि सहृदय र आत्मवान् हुनै पर्दछ। जसले तपाईंलाई क्षति पुऱ्याउँदैन, बिना कारण तपाईं त्यसको हत्या किन गर्नुहुन्छ? पशुहरूबाट छुटै बसेर यस मानव समाजले अहिलेसम्म यति नै सभ्यता सिकेको छ। एक–आपसमा सहायता गर्नै पर्छ।

सहायताद्वारा नै **'लोक लाहु परलोक निबाहू।'**– दुबैतिरको विकास सम्भव हुन्छ, तपाईं–हामी बढ़न सक्छौं। तर भौतिक समृद्धिले पनि शाश्वत शान्ति दिन सक्दैन। जन्म–मृत्यु, जरा–व्याधि, दुःख र दोषहरूबाट दुखित भएर नै हाम्रा पूर्वजहरू शाश्वत आनन्दको खोजीमा निस्किएको थिए र जब उनीहरूले त्यसको प्राप्तिको विधि थाहा पाए तब खोजीको यस परिणामलाई आफूसम्म मात्र सीमित न राखेर प्राणिमात्रमा यसको प्रचार–प्रसारको लागि उनीहरू आतुर हुन थाले– **'पर दुःख द्रवहिं संत सुपुनीता।'** मानिसमा नै परमात्माको खोजी गर्ने सबैभन्दा बढ़ी क्षमता देखेर ऋषिहरूले उनीहरूलाई सृष्टिमा सर्वोपरि स्थान दिए। **'न हि मानुषात् श्रेष्ठतरं हि किञ्चित्।'** ढुङ्गा–पानी, गाई–बाखी कोही पनि मानिसभन्दा ठूलो छैन। यसकारण आप्तकाम ऋषिहरूले आफू कष्ट उठाएर भए पनि मानव–मानवसम्म पुग्न, उनीहरूलाई सम्बोधित गर्न र उनीहरूको सुरक्षा तथा सेवालाई पनि अहिंसा अन्तर्गत लिए; किन भने यदि मानिस जीवित नै रहेन भने अहिंसाको मार्गमा, आत्मोद्धारको मार्गमा कसले हिड़ने छ? आत्मोद्धारको लागि नै उनीहरूले शरीर–रक्षा, एक–आपसमा सहयोग र सहृदयताको कुरामा जोर दिउ। अतः शरीरको रक्षा आवश्यक छ, तर अहिंसा होइन।

एकपटक भ्रमण गर्दा–गर्दै म नैमिषारण्य पुगें। त्यहाँ एउटा हत्याहरण तलाउ छ, त्यसको नजिकै नौ–दशवटी केटीहरू राम्रो लुगा लगाएर, पान चपाउँदै खाटमा बसेका थिए। मानिसहरूले तलाउमा नुहाएर, केटीहरूको पाउ छोएर दक्षिणा चढ़ाएर पापमुक्त भैरहेका थिए। छेउ–छाउमा पण्डाहरू घुमि–घुमि मानिसहरूलाई बोलाई रहेका थिए। केही पर उभिएर म पनि यो तमाशा हेरिरहेको थिएँ। त्यसैबेला लठ्ठी लिएका केही तीर्थ–पुरोहितहरू मेरो नजिक आए र भने– "यता आउनुस्! तलाउमा स्नान गरेर केटीहरूको चरण स्पर्श गर्नुस् र जन्मभरिको हत्याहरूबाट मुक्त हुनु होस्।" मैले भने– "भाई! मैले त कुनै हत्या गरेकै छैन।" उनीहरूले भने, "वाह! यस्तो कसरी हुन सक्छ। तपाईं नैमिषारण्यमा पैदल घुमिरहनु भएको छ। अनजानमा अनेकौं कमिलाहरू खुट्टाले कुल्चेर अकाल मृत्युमा मरेका होलान्। हत्याबाट कसले बचेको छ?" मैले भने, "भाई! मरेका भए आफ्नो मृत्युबाट मरेको होला। मैले ताकेर कसैमाथि

खुट्टा राखेको छैन। भगवान्‌ले मेरो खुट्टालाई तिनीहरू तिर र उनीहरूलाई मेरो खुट्टातिर बढ़ाएको होला; किनकि '**हानि लाभ जीवन मरन, जस अपजस बिधि हाथ।**' यो त वहाँको व्यवस्था हो। यसमा हामीले के गर्न सक्छौं? जसको जब जाने समय आउँछ, जानै पर्छ। एउटा श्वास पनि बढी लिन सक्दैन। जुन शरीरलाई जुन कारणबाट नष्ट हुनु छ पहिले देखि नै निर्धारित छ भने अकाल मृत्यु कस्तो? काल आएकै छैन भने मार्ने कसले? त्यसो भए त संसारका अधिकांश महापुरुषहरू अकाल मृत्यु नै मरे?"

तर ती पण्डाहरू मान्नेवाला थिएनन्। उनीहरूलाई त दक्षिणासंग मतलब थियो। उनीहरूले भने, "ठीक छ, स्नान न गर्नुस्, केटीको पाउँलाई स्पर्श त गर्नुस्।" मैले भने, "बस यत्ति कुरा नै गुरु महाराजले मनाही गर्नुभएको छ कि जसले स्त्रीको दर्शन गर्दछ, देखेको स्त्रीको स्मरण गर्दछ, स्पर्श गर्दछ, कुराकानी गर्दछ, त्यो संन्यासी एक दिन संन्यासी रहने छैन। छोएँ भने मनमा कुनै प्रकारको हत्या जरूर लाग्न सक्छ, क्षमा गर्नुहोस्।" पण्डाहरू तुरुन्तै अर्कोतिर गए। उनीहरूले सोचे कि अरू ग्राहकहरूलाई पनि यसले फुटाउन सक्छ होला। अतः नश्वर शरीरको लागि प्रयत्न गर्नु अहिंसा होइन। आत्मस्वरूपको रक्षा नै अहिंसा हो, आत्मालाई अधोगतितिर लैजानु नै हिंसा हो।

के खानु पर्छ र के खानु हुँदैन– यस सम्बन्धमा श्रीकृष्ण भन्नुहुन्छ, अर्जुन! भोजन तीन प्रकारका छन्। आयु, बुद्धि, बल, आरोग्य, सुख र प्रीति बढ़ाउनेवाला, रसयुक्त, चिल्लो र स्थिर रहनेवाला तथा स्वभाव नै हृदयलाई प्रिय लाग्ने खाद्य पदार्थ सात्विक पुरुषलाई प्रिय लाग्छ। तितो, अमिलो, धेरै नुनिलो, धेरै तातो, पिरो, रुखो, पेट पोल्ने र रोगहरू उत्पन्न गर्ने भोजन राजसी पुरुषलाई प्रिय लाग्छ तथा जुन भोजन एक प्रहर अर्थात् तीन घण्टा पहिले बनेको छ, 'गतरसं'– रस नभएको, दुर्गन्धयुक्त, बासी, जूठो र अपवित्र छ त्यो तामस पुरुषलाई प्रिय लाग्छ। अर्जुन! संसारभरिमा भोजन तीन प्रकारका नै छन्, जुन सबैलाई आ–आफ्नो प्रकृति अनुसार प्रिय हुन्छ। वहाँले यो भन्नु भएन कि प्याज न खाउ, लहसुन वा गाजर न खाउ।

जहाँसम्म हृदयलाई प्रिय लाग्ने प्रश्न छ बंगालीहरूलाई माछा, मद्रासीहरूलाई चामल, पंजाबीहरूलाई रोटी, यूरोपियनहरूलाई गाईको मासु,

अरबीहरूलाई दुम्बा र सामान्य रूपले भारतीयहरूलाई हरियो तरकारीहरू प्रिय लाग्दछ। विकासोन्मुखी बुद्धिमा विदेशीहरू पनि पछि छैनन्। निरोग हुने र लामो आयु हुनेमा पनि विश्वस्तरीय रेकर्ड उनीहरूको राम्रो छ र गीताको अनुसार, आयु–बल–बुद्धि बढ़ाउनेवाला प्रत्येक खाद्य पदार्थ सात्विक हुन्छ। जुन सुकै खाद्य पदार्थमा उपर्युक्त गुणहरू हुन्छन्, तपाईं त्यही खान सक्नु हुन्छ।

योगेश्वरको उद्देश्य यत्ति मात्र हो कि समाजमा र भजनको लागि पनि स्वस्थ शरीर आवश्यक छ। प्राचीन योगीहरूले यसकारण आसन गर्ने गर्दथे। बुद्धले सम्यक् व्यायामलाई योगको आवश्यक अंग मान्दथे र रोगहरूबाट कुनै पनि प्रकारले मुक्ति पाएर यथाशीघ्र भजनमा लाग्नको लागि भगवान् श्रीकृष्णले युक्ताहार–विहारमा जोर दिनु हुन्थ्यो। वहाँ भन्नुहुन्छ– अर्जुन! यो योग न धेरै खानेवालाको सिद्ध हुन्छ र न पटक्कै न खानेवालाको नै सिद्ध हुन्छ। धेरै भोजन गर्नाले आलस्य, निद्रा र प्रमादले घेर्छ। भोजन छोड़िदिनाले इन्द्रियहरू शिथिल हुनेछन्, चिन्तनमा बस्ने क्षमता रहँदैन। अतः त्यस्तै भोजन गर्नु पर्दछ, जुन चिन्तनमा सहयोग गर्दछ।

यसै तथ्यलाई बुझेर महात्मा बुद्ध इत्यादि महापुरुषहरूले अहिंसामाथी जोर त दिए; तर भोजनको कड़ा नियम बनाएनन्। देवदत्त नाम गरेका वहाँको भाई (काकाको छोरा) थियो। उसले भन्यो, "भन्ते! जब तपाईं अहिंसाको पुजारी हुनुहुन्छ भने भोजनको कड़ा नियम किन बनाउनु हुन्न?" भगवान् बुद्धले भन्नुभयो, "म कड़ा नियम बनाउन सक्तिन्। तिमी धनिहरूले गरे जस्तो यी गरीब मानिसहरूले पौष्टिक आहार जुटाउन सक्तैनन्। उनीहरूले जुन चरा–चरी–माछा आदि भेटाउँछन् त्यही खाएर जीवन निर्वाह गर्दछन्। यदि कड़ा नियम लगायो भने यिनीहरू भोक–भोकै मर्ने छन्।" देवदत्तले फेरि प्रश्न गरे, "भगवन्! तब भिक्षुले के भोजन गर्ने?" उत्तर पायो, "भिक्षुले त्यही भोजन गरोस् जुन गृहस्थको घरमा बनेको होस्। भिक्षुहरूको लागि छुटै व्यवस्था न गर्नुस्। यस्तो व्यवस्था गर्नमा गृहस्थहरूलाई कष्ट हुनेछ। हुन सक्छ, उनीहरूको गृहस्थीका परिस्थितिहरू विपरीत हुन थाल्यो भने भिक्षु बोझ हुनेछ।"

देवदत्तलाई अझै शंका थियो। उसले परीक्षा गर्न चाह्यो कि गौतमको भनाई र गराईमा कति फरक छ? त्यसको प्रेरणाबाट गौतमले पनि एकपटक

'बङ्गुरको बोसो' खानु पर्‍यो। सिद्धान्तको लागि वहाँले आफ्नो समेत बलिदान दिनुभयो। यसै भोजनबाट वहाँ बिरामी पनि हुनु भयो, वहाँको शरीरान्त भयो; किनकि वहाँले त्यस्तो भोजन कहिले पनि गर्नु नै भएको थिएन? त्यस्तो भोजन वहाँलाई कसले दिन्थ्यो र? अतः के खाने, के नखाने?– यसको अहिंसासंग केही सम्बन्ध छैन।

यसको अर्थ यो होइन कि तपाईंले जे–सुकै पाए पनि त्यसलाई खाई हाल्ने। सिद्धान्तबाट तल झरेका मानिसहरूको आचरण प्रमाण हुन सक्दैन। महापुरुषको आचरणको देखासिकी न गर्नुहोस् बरू वहाँले जे जसो भन्नुहुन्छ त्यही गर्नुहोस्। पूज्य महाराजजीको जीवनको एउटा घटना छ– पुरै नांगै विचरण गर्दै एकपटक वहाँ बम्बईको गल्लिहरूमा हिड़िरहनु भएको थियो। मानिसहरू अझै सुतिरहेका थिए। बिहान हुन लागेको थियो। एउटी महिलाले दोस्रो तल्लाबाट सड़कमा केही फ्याक्नै लागेकी थिइन्। महाराजजीमाथी दृष्टि पर्ने वित्तिकै भनिन्, "ओ बाबाजी! खान्छौ? पराठा छ।" महाराजजीले विचार गर्नुभयो कि न मागीकन पाइरहेको छ। यो नै दूधभिक्षा हो। उभिनु भयो। उनी तल ओर्लिन् र महाराजजीको हातमा दिइन् चिल्लो–चिल्लो तीन–चारवटा परौठा र त्यसमाथी घुइयाँ–जस्तो सब्जी।

चिन्तनमा सधैं लागि रहने महाराजजीले हिड्दा–हिड्दै एक गाँस मुखमा हाले पछि झस्किनु भयो। माछाको जस्तो स्वाद लाग्यो। बचपनमा खाने गर्नु हुन्थ्यो, स्वाद थाहा पाउनु भयो। विचार गर्न थाल्नु भयो कि साधुले मासु–रक्सीको सेवन गर्नु हुँदैन। उसले न मागिकन नै दिएकी छिन्। एक प्रकारले यो दूधभिक्षा हो। नमागिकन पाइएको वस्तुको त्याग पनि गर्नु हुँदैन। मैले त मागेको पनि थिएन। भगवान्‌ले यो किन दिन लगाउनु भयो? खाउँ कि न खाउँ? कुनै बेला मनमा आउँथ्यो कि फ्याकी दिउँ, त कहिले विचार आउँथ्यो न मागीकन पाइएको छ। यस्तै असमन्जसमा धेरै टाढा पुग्नु भयो। गाँस मुखमा नै थियो। अन्तमा महाराजजीले त्यसलाई थुकि दिनुभयो। एउटा धारामा मुख धुनु भयो। नजिकै एउटा पानको पसल थियो। पसलेले दौड़ेर आयो र भन्यो– लिनुस् सन्तजी! पान खानुहोस्। महाराजजीले लिनुभयो र अगाड़ि हिड़नु भयो। मुख शुद्ध भयो।

मैले उत्सुकतावश सोधेको थिएँ कि महाराजजी! तपाईंले माछा किन पाउनुभयो? वहाँले भन्नुभयो कि जब रेलगाड़ीमा बसेर बम्बई गइरहेको थिएँ, छेउको सीटमा एउटा मुसलमान यात्रीले माछा खाइरहेको थियो। मेरो मनमा कल्पना आयो कि माछा खाने तरीका त यो हो, यसरी समातिन्छ, यसरी खाइन्छ। भगवान्‌ले देखे कि भजन छोड़ेर माछाको चिन्तन गरिरहेको छ। त्यसकारण भगवान्‌ले त्यो दिलाएर त्यसबाट निवृत्ति उत्पन्न गरिदिनुभयो।

अतः जसले घर–द्वार छोड़ेर सन्त भएका छन्, जो सधैं चिन्तन–परायण छन्, मासु–रक्सी उनीहरूको अनुकूल हुँदैन। एकपल्ट महात्मा बुद्ध आफ्ना शिष्यहरूका साथ एउटा गाउँको नजिकबाट हिड़िरहेका थिए। गाउँवासिहरूले निवेदन गरे, "भन्ते! हजुर यस बाटोबाट न जानुहोस्। त्यहाँ एउटा भयंकर साँप बस्दछ, जसले पचासौं जनालाई टोकी सकेको छ। उनीहरू सबैको मृत्यु भयो। हामीहरूले त त्यो बाटो नै छोड़ी दिएका छौं। कोही भुल–चुकले त्यताबाट गयो भने दुर्घटना भई नै हाल्छ।" बुद्ध त्यही गाउँमा बसे।

महात्मा बुद्धको एउटा शिष्य आरम्भिक जीवनमा सँपेरा हुने गर्दथ्यो। ऊ लुकेर त्यही बाटोतिर गयो, जतातिर साँप थियो। गाउँवासिहरूले उता जाने मनाही गरेपछि उसले भन्यो, "म नागलाई वशमा गर्न जान्दछु।" मानिसहरूले उसलाई जान दिए। पदचाप सुन्ने वित्तिकै साँपले फुकार मार्दै आफ्नो ठाउँबाट निस्कियो। भिझुले साँप–विद्याको प्रयोग गर्नासाथ साँप शान्त हुन थाल्यो। आखिरमा भिक्षुले त्यसलाई समात्यो, त्यसको दाँत भाँचिदियो, विष–ग्रन्थी निकाली दियो र त्यो साँपलाई जमीनमा जिउँदै केंचुली जस्तो फ्याँकी दियो।

गाँउलेहरू धेरै प्रभावित भए। भन्न थाले, "भन्ते! तपाईंले हामीलाई ठूलो संकटबाट बचाउनु भएको छ। भन्नुहोस्, हामी के सेवा गरौं? के खुवाउँ? भिक्षुले भन्यो यदि तपाईंहरू प्रसन्न नै हुनुहुन्छ भने अंगुरको रक्सी पिलाउनुस्।" तुरुन्त व्यवस्था भयो। सबैले मात्र चाखे तर त्यो भिक्षुले धेरै लिए, बेहोस भएर लड़े। भक्तहरूले त्यसलाई उठाए। बुद्धको नजिक लिएर गए। उसको टाउको बुद्धको चरणमा राखेर सुताई दिए। गाउँलेहरूले भने, "भन्ते! यसैले नागलाई वशमा गरेको हो, तर धेरै रक्सी पिएको हुनाले आफ्नो चेतना गुमाएर बेहोस भएको छ।" यति शब्द कानमा पर्ने वित्तिकै त्यो भिक्षु बल गरेर उठ्यो तर

तुरुन्तै अर्को क्षणमा आफ्नो खुट्टालाई बुद्धको चरणसंग टाँसेर फेरि बेहोस भएर सुत्यो।

तब बुद्धले भने, "के यो त्यही भिक्षु हो, जसले नागलाई वशमा गरेको थियो?" "हो, भन्ते!" "के यस्तो हालतमा पनि यसले नागलाई वशमा गर्न सक्छ?" "सक्दैन भन्ते!" "भिक्षुहरू! यदि त्यो नागले यसलाई अहिले फेला पारेको भए तब के हुन्थ्यो?" "भन्ते! तब यो मर्ने थियो।" तब बुद्ध भने, "आबुसो! यसैकारणले म तिमीहरूलाई मासु-रक्सी पिउनलाई मनाही गर्दछु। यसको प्रयोगबाट स्मृति हराउँछ। स्मृति नै कवच हो। जो स्मृतिको साथ हिड्दछ, उठ्छ, बस्छ, चिन्तन गर्दछ, उसले कहिल्यै पनि धोखा खाँदैन। ऊ स्मृतिको साथ नै अगाड़ि बढ्दछ। मासु-रक्सीले चिन्तनको विपरीत मनोभावहरूलाई जन्म दिन्छ, चिन्तनमा बाधक हुन्छ, त्यसैले चिन्तन-परायण पुरुषहरूको लागि यसको प्रयोग मनाही गरिएको छ, यसकारण होइन कि यो पाप वा पुण्य हो, हिंसा अथवा अहिंसा हो। यो आध्यात्मिक बाटोको लागि बाधा हो, र त्यसको प्रगतिलाई सुस्त गर्दछ।"

पूज्य महाराजजी यस सम्बन्धमा एउटा कथा सुनाउने गर्नुहुन्थ्यो। एउटा महात्मा थियो। जीवनभरि वहाँले भजन मात्र गर्नुभएको थियो। वहाँको कुटिको सामुन्ने एउटा तलाउ थियो। जब वहाँको शरीर छुट्ने समय आयो त्यस बेला वहाँले देख्नुभयो कि एउटा बकुलाले माछा मारिरहेको छ। वहाँले बकुलालाई धपाई दिनुभयो। वहाँको मृत्यु भएपछि नरक जानुभयो। वहाँको चेलाले स्वप्नमा देख्यो; वहाँ भनिरहनु भएको थियो, "बाबु! मैले जीवनभरि कुनै पाप गरिनँ, मात्र बकुला उड़ाई दिएको कारणले नरक जानु पर्‍यो। तिमी सावधान रहनु।"

जब शिष्यको पनि शरीर छुट्ने समय आयो त्यस बेला पनि त्यस्तै दृश्य फेरि देखा पर्‍यो। बकुला माछा समाति रहेको थियो। गुरुको निर्देश मानेर उसले बकुलालाई उडाएन। मरेपछि ऊ पनि नरक जान लाग्यो अनि गुरुभाईलाई आकाशवाणी भयो कि गुरुजीले बकुलालाई उड़ाई दिएका थिए यसकारण नरक गए। मैले बकुलालाई न उड़ाएको कारणले नरक गइरहेको छु। तिमी बच्नु।

गुरुभाईको पनि शरीर छुट्ने समय आयो तब संयोगले फेरि बकुला माछा मारिरहेको दृश्य देखा पर्‍यो। गुरुभाईले भगवान्‌लाई प्रणाम गरे र भने,

"भगवन्! तपाईं नै माछामा हुनुहुन्छ र तपाईं नै बकुलामा पनि हुनुहुन्छ। मलाई थाहा छैन कि यसमा के झुठो हो, के साँचो हो? कुन पाप हो, कुन पुण्य हो? तपाईं आफ्नो व्यवस्था हेर्नुहोस्। मलाई त तपाईंको चिन्तनको डोरीसंग प्रयोजन छ। ऊ शरीर छुटेपछि प्रभुको धाम गयो।

नारदजीले सोध्नुभयो, "भगवन्! आखिरमा उनीहरू नरक किन गए? महात्माजीले बकुला उड़ाएर कुनै पाप त गरेन?" वहाँले भन्नुभयो, "नारद! त्यो दिन बकुलाको भोजन त्यही थियो। वहाँले उडाई दिनुभयो। भोकले छटपटाएर बकुला मऱ्यो। अतः पाप भयो, यसकारण नरक गए।" नारदले सोधे, "अर्कोले त उड़ाएको थिएन, उनी किन नरक गए?" भन्नुभयो, "त्यो दिन बकुलाको पेट अघाएको थियो। ऊ खेल खेल्न माछालाई समाति रहेको थियो, त्यसलाई उड़ाई दिनु पर्दथ्यो। शिष्यबाट गल्ती भयो, यसै पापले गर्दा नरक गयो।" नारदले सोधे, "र तेस्रो नि?" भगवान्ले भन्नुभयो, "तेस्रो आफ्नो भजनमा लागि रह्यो, सम्पूर्ण जिम्मेदारी ममाथि सुम्पि दियो। जस्तो हुनु थियो त्यही भयो; तर मसंग सम्बन्ध जोड़ी राखेको कारण मेरो नै चिन्तनको प्रभावबाट उसले मेरो धाम प्राप्त गऱ्यो।" अतः–

पाप पुण्य की करे न आसा। सो पहुँचे रघुनायक पासा।।

पाप–पुण्यको चिन्तामा समयलाई खेर न फालेर जसले सधैं चिन्तनमा लागि रहन्छ, उसले प्राप्त गर्नेछ। भगवान्को भजन नै पुण्य हो, बाँकी सबै पाप हो। भगवान् श्रीकृष्ण भन्नुहुन्छ '**यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः।**'– यज्ञबाहेक जे–जति पनि गरिन्छ ती सबै यसै लोकमा बाँधेर राख्ने मात्र हुन्, जसमा खानु–पिउनु सबै थोक आउँछ। जब बन्धन गर्ने खालका सबै कार्य गरि नै रहनुभएको छ भने हत्याको मात्रै यति चिन्ता किन लिनु हुन्छ? त्यो नियत कर्म गर्नुहोस् जसले भव–बन्धनबाट छुटाई दिन्छ।

श्रीमद्भागवत महापुराणको निर्णय छ कि सृष्टिमा सबै जीव एक–अर्काको भोजन हुन्। हात भएकाहरूको लागि हात न भएकाहरू भोजन हुन्, खुट्टा भएकाहरूका लागि खुट्टा न भएकाहरू भोजन हुन्। यसप्रकार चराचर संसार भोजन हो। कमजोरहरू बलियाहरूका भोजन हुन्। बलियो त्यही हुन्छ, जो संगठित हुन्छ। कमजोर त्यही हो जो असंगठित छ। अतः आपसी फुटको

कारणहरूलाई समाप्त गरौं, काँधमा काँध मिलाएर हिड़ौं, शूरवीर बनौं। जहाँसम्म खाने र न खानेको प्रश्न छ, यो देशकाल र आविष्कारहरू अनुसार परिवर्तनशील छ। कुनै बेला मानिसहरू काँचो मासु खान्थे; तर अहिले? हिमालयको उपत्यकामा हिंड़दा तातो पेय पदार्थ र मरुभूमिमा हिड़दा खेरी चिसो पेय पदार्थको आवश्यकता महसूस हुन लाग्छ। यो आवश्यकता प्रकृतिको देन हो। यो न तो अहिंसा हो र न धर्मसंग नै सम्बन्धित छ।

हो, राम, कृष्ण, बुद्ध इत्यादि महापुरुषहरूले समाजलाई आत्मिकपथमा लगाउनको लागि सुधारको जुन प्रयास गरे, त्यो पनि एउटा अहिंसा थियो। यस चिन्तन–पथमा आन्तरिक विकारहरूको साथै बाहिरी विरोधी विचारधाराहरूलाई नष्ट गर्नु नै अहिंसा हो। नास्तिकतालाई आस्तिकतामा परिवर्तन गर्नु अहिंसा हो। योगेश्वर श्रीकृष्णको अनुसार जो आत्मपथमा लाग्दैन त्यो आफ्नो आत्माको हत्यारा हो, जुन महापुरुषले लगाउँदैन त्यो पनि हत्यारा हो र जसले आत्मपथमा लाग्नबाट रोक्छ भने ऊ त सबैभन्दा ठूलो हत्यारा हो। समाजको एउटा वर्गले सधैंदेखि आत्मपथको विरोध गर्दै आइरहेको छ। उनीहरूले भन्दछन् कि ईश्वर नामको कुनै वस्तु छैन। स्त्री र पुरुषको संयोगबाट सृष्टि उत्पन्न हुन्छ, यति नै सत्य हो। अतः खाउ, पिउ र मोज गर– जो यस्तो विचारधाराहरू राख्ने खालका छन्, उनीहरू आत्माको हत्या गर्नेवाला हुन्। साथै जो रूढ़िहरूको पुजारी छन्, उनीहरूले पनि तपाईंलाई परमात्माको स्वरूपबाट वंचित गराईरहेका छन्, परमात्मासंग दुरी उत्पन्न गराईरहेका छन्। उनीहरूलाई न मारीकन मात्र उनीहरूको हृदय परिवर्तन गरीदिनु पनि अहिंसाको एउटा धेरै ठूलो अंग हो।

परमदेव परमात्माको देवत्वबाट टाढ़ा गर्नेवाला आसुरी प्रवृत्तिका मानिसहरूलाई नष्ट गर्नको लागि महापुरुषहरूले दुबै तरीकाहरू प्रयोग गरे– सम्भव भएसम्म त्यस्ता व्यक्तिहरूको हृदय परिवर्तन गरियो र जो कुनै पनि तरीकाले सुधिन तैयार थिएनन्, चिन्तन–पथमा बाधा उपस्थित गरिरहेका थिए, उनीहरूको जरासमेत उखेलि दिनुभयो। धर्मप्रचारको लागि शस्त्रको प्रयोगमा रामको देखासिखी केही आदिवासीहरूले गरे। ईसाईहरूले हृदय परिवर्तन गर्ने कुरा गौतम बुद्धबाट सिके, तर उनीहरूले यसको सट्टामा के सिकाई रहेका छन्? मात्र कुरीतिहरू! कालो गोरोकोमा फरक! किनकि परमात्माको प्राप्तिको

विधिलाई क्रमबद्ध रूपमा प्रस्तुत गर्ने तथा समाजलाई त्यो बाटोमा लगाउने मौका न त अल्लाहको रसूलले पाए र न महात्मा ईसाले।

हृदय–परिवर्तन प्रत्येक महापुरुषको हृदयको वस्तु हो तर तलवारको घाट उतार्ने काम अवतारको अधिकार–क्षेत्रको कुरा हो। अवतार पनि महापुरुष नै हुन्, आकाशबाट झरेको कुने विचित्र काल्पनिक जीव विशेष होइन। मानिस–शरीरबाट नै साधन गरेर उनीहरूले यो स्थिति पाएका हुन्। वास्तवमा प्राप्तिकालमा सबै महापुरुषहरूलाई परमात्माको एकै खाले अनुभूति हुन्छ; तर साथ–साथै समाजको संस्कारहरूको अनुरूप केही कार्यहरूको जिम्मेवारी भगवान्ले वहाँहरूलाई सुम्पि दिनु हुन्छ। वहाँहरूलाई विशेषाधिकार सम्पन्न बनाई दिनु हुन्छ। जुन महापुरुषले जुन सीमासम्म लोककल्याण गर्नु पर्ने हुन्छ त्यति भूमिका 'रोल' निभाएर उनी संसारको रंगमंचबाट हटेर जान्छन्। यो त ती प्रभुको चुनाव हो कसबाट कति कार्य लिने?

प्राप्ति र स्थितिको दृष्टिबाट पनि सबै महापुरुष बराबर हुन्; तर समाजमा वहाँको भूमिको अनुसार महापुरुषहरूको रहन–सहन बेग्ला–बेग्लै प्रतीत हुन्छ। चौबीस मात्र होइन, अवतार अनन्त भएका छन्। तपाईंभित्र पनि अवतार संभव छ, यदि आत्मानुभूति गर्नुभयो भने र त्यस्तो समाज भयो भने। समाजमा वहाँको कार्यहरूलाई मूल्यांकन गरेर हामीले कसैलाई सानो र कसैलाई ठूलो अवतार मान्ने गर्दछौं, तर आन्तरिक उपलब्धिको दृष्टिले सबै महापुरुष बराबर छन्। जब आसुरी प्रवृत्तिहरू चरम सीमामा पुग्दछन्, समाज रूढ़िप्रधान हुन जान्छन्, सम्झाउँदा–बुझाउँदा पनि बुझ्दैन, बुझ्न पनि चाहँदैन, त्यस समयमा विशेषाधिकार सम्पन्न महापुरुषको उदय हुन्छ, जसलाई पूर्व मनीषिहरूले अवतारको संज्ञा दिएका छन्। भगवान् श्रीराम र श्रीकृष्णले समाज सुधारको लागि दुबै उपायहरूको प्रयोग गरे। वहाँहरूको प्रभावशाली व्यक्तित्वलाई देखेर असभ्य वनवासी पनि धार्मिक हुन गए। आदिवासिहरूले आफै भने–

सपनेहुँ धरम बुद्धि कस काऊ।
यह रघुनन्दन दरस प्रभाऊ।। (मानस, २/५०/६)

मानिसहरूको मात्र के कुरा गर्ने? श्रीरामले त बाँदर र भालुहरू समेतको हृदय परिवर्तन गरिदिए। '**जड़ चेतन मग जीव घनेरे। जे चितए प्रभु जिन्ह**

प्रभु हेरे।। ते सब भये परम पद जोगू।' (मानस, २/२१६/१-२) ती महापुरुषको दृष्टि जड़-चेतन जो सुकै माथि पऱ्यो, उनीहरूमा परमपद प्राप्त गराउने क्रिया जागृत भयो। यो नै महापुरुषको दायित्व हो, अहिंसा हो। वास्तवमा हृदयका आसुरी वृत्तिहरूको सट्टामा दैवी सम्पद्का गुणहरूलाई स्थापित गर्नु, एक परमात्मातिर लाग्ने खालको बनाईदिनु नै हृदय परिवर्तन हो र यसको माध्यमबाट हाम्रा पूर्वका महापुरुषहरूले समाजमा एउटा नयाँ विधिको शुरूवात गरे कि पापीलाई नष्ट न गरिकन पनि पापको उन्मूलन गर्न सकिन्छ। यो सधैं स्मरणीय छ कि मात्र भगवान्को भजनबाट नै पापहरू नष्ट हुन्छन्। '**अरिहुक अनभल कीन्ह न रामा।' (मानस, २/१८२/६)** वहाँसंग शत्रुताको भाव राख्नेहरू प्रति पनि रामको दृष्टि उनीहरूको वास्तविक कल्याण गर्नको लागि नै हुन्थ्यो। यसकारण '**बैरिउ राम बडाई करहीं।' (मानस, २/१९९/७)**- शत्रुहरूले पनि वहाँको प्रशंसा नै गर्दथे।

योगदर्शनकार महर्षि पतंजलिले साधनपादको पैंतिसौं सूत्रमा अहिंसाको महत्वपूर्ण कसीको बारेमा भन्नुहुन्छ कि '**अहिंसा प्रतिष्ठायां तत्सन्निधौ बैरत्यागः।**' जब अहिंसा राम्ररी प्रतिष्ठित हुन्छ तब त्यो योगीको सम्पर्कमा बस्ने सबै प्राणीहरूले शत्रुताको त्याग गर्दछन्। उनी सहिष्णु मात्र होइन जयिष्णु पनि हुन जान्छन्। त्यो महापुरुषमा सबैलाई सम्हाल्ने क्षमता र सबैको कल्याणको व्याकुलता रहन्छ।

यो अहिंसा भगवान् श्रीराममा पूर्ण प्रतिष्ठित थियो। मानिसहरू त वहाँलाई आँखामा बसाउनको लागि आतुर नै थिए, वहाँको नजिकमा '**करि केहरि कपि कोल कुरंगा। विगत बैर विचरहिं एक संगा।।**' अथवा '**खग मृग सहज बयरु बिसराई।' (मानस, ७/२१/२)** जंगली पशुले पनि आफ्नो क्रूरता त्यागी दिन्थे। यति मात्र होइन '**जिन्हहिं निरखि मग सांपिनि बीछी। तजहिं विषम विष तामस तीछी।।'**- जहरीलो नागिन पनि वहाँलाई देखेर आफ्नो तीखो विष त्यागी दिन्थी।

उनै अहिंसक रामले पटक-पटक सम्झाउँदा र खबर पठाउँदा पनि जसको हृदय-परिवर्तन भएन ती सबैलाई रामले काटि दिए। '**रहा न कुल कोउ रोवनिहारा।' (मानस, ६/१०३/१०)**- अयोध्यावासिहरू समेतलाई

उनी आत्मिक पथमा हिंडन र भवसागर पार गर्नको लागि प्रेरित गर्नुहुन्छ, आत्मपथबाट अलगिएका मानिसहरूलाई चेतावनी पनि दिनुहुन्छ– **'काल रूप तिन्ह कहँ मैं भ्राता।'** अतः अहिंसाको अर्थ यो होइन कि कसैलाई न मार वा कसैलाई कष्ट न पुऱ्याउ। अहिंसाको अर्थ हो शाश्वत स्वरूपको उपलब्धि र त्यहाँसम्म पुग्नको लागि निर्धारित क्रियाको आचरण। यस अहिंसाको बाटोमा जसले बाधा पुऱ्याउँछ, तपाईं त्यसमा लाग्न चाहनु हुन्छ तर कसैले लाग्न दिइराखेको छैन भने त्यसको विनाश गरिदिनु पनि एउटा अहिंसा हो र विनाश पनि के हुनु छ र? आत्माले एउटा वस्त्र फेर्नेछ र फेरि त्यो तपाईंकै बाटोमा, जहाँबाट साधन छोड़ेको थियो, आउनेछ। अहिंसक जति कोमल हुन्छ, कहिलेकाहिं त्योभन्दा बढ़ी कठोर पनि हुन्छ।

कुलसहु चाहि कठोर अति, कोमल कुसुमहु चाहि।
चित्त खगेस राम कर, समुझि परइ कहु काहि।।

(मानस, ७/१९ ग)

अहिंसा कातरता होइन, काँतरता त हिंसाभन्दा पनि खराब हुन्छ। काँतर बदला लिन त चाहन्छ तर मर्नबाट डराउँछ। त्यो चाहन्छ कि उसको रक्षा अरूले गरिदिउन्, तर अहिंसक लोक–कल्याणको भावनाले आफ्नो प्राण त्याग्न पनि तैयार रहन्छ। विश्वका महानतम विभूतिहरू मानवताको कल्याणको लागि आफ्नो बलिदान गर्नमा पछि परेनन्। अहिंसाको व्रत लिनेले धर्मको रक्षा र आफ्नो अस्तित्वको रक्षाको लागि आफ्नो टाउको दिन सधैं तयार रहन्छ र स्वभावबाट उत्पन्न जड़ताको कुनै पनि प्रकारले अन्त हुने न देखेमा त्यसको टाउको काट्न पनि पछि पर्दैन।

तर तपाईंलाई फेरि स्मरण गराई दिउँ कि आत्मपथको विरोधी विजातीय समाजलाई तलवारको घाट उतार्ने काम जन–सामान्यको विषय होइन। जन–सामान्यको लागि अहिंसा वा अहिंसाको प्रतिष्ठा छँदा पनि छैन। यो स्वरूपबाट आदेश पाउनेवाला महापुरुषको क्षेत्रको कुरा हो, जोसंग विशेष अधिकार थियो कि त्यसरी मुक्ति पाएन भने यस्तो गरी नै दिने। रावणको तेज श्रीरामभित्र पस्यो, कुम्भकर्णको तेज श्रीरामभित्र पस्यो। श्रीकृष्णले कंस र शिशुपाललाई मारेपछि तिनीहरूको तेज श्रीकृष्णभित्र पस्यो।

हजरत मुहम्मद साहबले यही कुरा मुसलमानहरूलाई सिखाए कि जसले एक परमात्मा र एक गुरुलाई मान्दैन कि त त्यसलाई काटी दिनु कि आफूमा मिलाउनु तर तत्कालीन समाजका धेरै कम मानिसहरूले वहाँको उद्देश्यलाई बुझ्ने प्रयास गरे, अधिकांशले शब्दहरूको पछि मात्र लागे। मुहम्मद साहबमा त आयतहरू उत्रिन्थे। वहाँले खुदाको आवाज सुन्दथे। (यो बिल्कुल व्यक्तिगत कुरा हो, जसले परमात्माको आवाज सुन्छ, उसको क्षेत्रको कुरा हो, अरूको लागि त्यसको कुनै अर्थ छैन।) वहाँको जीवनकालसम्म तलवार उठाउने कुरा जायज थियो, तर पछि वहाँका समर्थकहरूले पनि त्यही विशेषाधिकारहरूको देखासिखी गर्न थाले। धर्मप्रचारको नसामा उनीहरूले सबैलाई आफ्नो रहन-सहनमा ढाल्ने प्रयास गर्न लागे, जुन कुरा समाजमा झगड़ाको कारण बन्यो। समाजको रहन-सहन, खान-पान वा भेष-भूषा धर्म होइन। यसको पालन इन्द्रियहरू र मन अथवा अन्तःकरणको क्रियाहरूबाट हुन्छ। भजन मानसिक हुन्छ। तपाईंको नजिक बसेको व्यक्तिले पनि यो थाहा पाउन सक्दैन कि तपाईं कहिले भजन गरिरहनु भएको हुन्छ?

आत्मिक खोजको विधिको प्रश्नमा संसारका सबै महापुरुषहरू एकमत छन् र त्यो विधि पनि यति मात्र नै हो कि (१) सबैतिर व्याप्त एउटा परमात्मामा श्रद्धा हुनु, (२) त्यस परमात्माको परिचायक दुई-अढाई अक्षरको कुनै एउटा नामको प्रत्येक श्वासमा जप गर्ने (यो नाम कुनै पनि भाषाको हुन सक्छ, केही पनि हुन सक्छ, शर्त यो छ कि त्यसबाट परमात्माको सर्वव्यापकताको बोध होस्) र (३) साधनद्वारा हिंड़ेर त्यसै परमात्माको प्राप्तिवाला कुनै समकालीन महापुरुषको सेवा, उनी प्रति समर्पण र वहाँलाई गुरु, सद्गुरु वा पैगम्बर जुन सुकै उपाधि दिए हुन्छ- यसविधि अनुसार हिंडेर आफ्नो हृदयभित्र निवास गर्ने त्यही परमात्मालाई विदित गर्नु, त्यसको लागि यत्न गर्नु- बस यत्ति नै त अहिंसा हो। आफ्नो स्वरूपलाई प्राप्त गर्ने यत्न अहिंसा हो।

संसारका प्राप्तिवाला सबै महापुरुषहरूको उपदेशहरूको सारांश मात्र यत्ति नै छ। अहिंसाको ठाउँ एउटै छ, धर्मको मान्यता पनि एउटै छ; तर परिवर्तनशील व्यवस्थाको सम्बन्धमा वहाँको निर्देशनहरूलाई पनि धर्म मान्ने गल्ती वहाँका समर्थकहरूले गर्ने गर्दछन्। महापुरुषद्वारा निर्देशित ती नियमहरू

त्यस समयको लागि मात्र हुन्छ, स्थायी हुँदैन, समाज विशेषको लागि हुन्छ, सधैंको लागि हुँदैन, जबकि धर्म सार्वभौम हुन्छ। रहन–सहनका नियमहरूलाई यदि धर्मबाट झिकी दियो भने धर्मका नाममा हुने झगड़ाहरूको कारण नै समाप्त हुनेछ। अपठ्यारो त त्यस बेला आउँछ, जब महापुरुषहरूका समर्थकहरूले एउटा सम्प्रदायको मुखौटा ओढ़ने गल्ती गर्दछन्। धर्मको साथ–साथै आफ्नो रहन–सहन, रीति–रिवाज, सामाजिक परम्पराहरू, आफ्नो त्योहार, खान–पान, भवन निर्माण शैली, भेष, भाषा र संक्षेपमा आफ्नो सभ्यता अरू माथी थुपार्ने प्रयास गर्न लाग्दछन्। झगड़ा यो कुरालाई लिएर होइन कि एउटा परमात्मालाई मान। झगड़ा यस कुराको हो कि त्यस परमात्मालाई के भनेर बोलाउने? राम भन्ने अथवा अल्लाह वा गौड?

शब्दहरूलाई मात्र महत्व दिएर बस्नाले गल्ती हुन्छ। यस्तै गल्ती त्यहाँ पनि हुन्छ, जब हामी भन्छौं कि ईसालाई न मानिकन कसैले पनि स्वर्गको राज्यमा प्रवेश गर्न सक्दैन। ईसाको समयमा यो कुरा ठीक थियो, किनकि सद्गुरु नै परमात्माको धामको साँचो हो। उनी बिना कोही पनि परमात्मासम्म पुग्न सक्दैन। तर आज? आज तपाईं वहाँबाट प्रेरणा मात्र लिनुहोस् र प्राप्तिवाला कुनै महापुरुषलाई प्राप्त गर्नुहोस्। श्रद्धा सबैमा राख्नुस्, कुनै पनि प्राप्तिवाला महापुरुषको अपमान न गर्नुस्, उनी जुन सुकै कालमा भएका किन न हुन्; किनकि सबैले एउटै क्रिया गरेका छन्, सबैले त्यही एक परमात्माको सधैं चिन्तन, ध्यान र इन्द्रियहरूको संयम गरेका छन् र सबैले त्यही एक परमात्मालाई पाएका छन्– कसैले हिन्दू भगवान्, मुसलमान भगवान् वा ईसाई भगवान् पाएका होइनन्।

यदि परमात्मा पनि दुई छन् भने एउटामा धोखा छ, जरूर धोखा छ। जब सबैतिर एक त्यही व्याप्त छ भने अर्को कहाँ बस्ने? यदि अर्को छ भने उसको लागि अर्को सृष्टि चाहिन्छ, किनकि यस सृष्टिको कण–कणमा त्यही एउटा व्याप्त छ। यदि त्यसैमा अर्को पनि व्याप्त छ भने एउटा इकाई, एउटै तत्त्व एउटा नै भयो। दुइटा कसरी? दुइवटा भगवान् छ, यसो भन्नेहरू बिल्कुल भ्रममा छन्।

यस संसारमा एउटै शाश्वत भगवान् रहनु हुनेछ। वहाँलाई कसैले गौड फादर भन्दछ भने अरू कसैले वहाँलाई परमपिता पनि भन्न सक्दछ। वहाँ

यहोवा, अल्लाह, अहुरमजदा अथवा जे जसो पनि हुनुहुन्छ, तपाईंको लागि तपाईंको हृदयमा छ। तपाईंलाई वहाँको जुन नाम मन पर्छ, तर कुनै सानो नाम जुन श्वासमा ढल्न सकोस्, त्यही नामले बोलाउनुस्। यो त तपाईं र तपाईंको हृदयस्थ परमात्माको अत्यन्त व्यक्तिगत कुरा हो। मुख्य कुरा छ कि तपाईं त्यस एक परमात्मालाई मान्नु हुन्छ कि मान्नु हुन्न? वहाँलाई प्राप्त गर्नको लागि निर्धारित आचरण गर्नुहुन्छ कि गर्नु हुन्न? यति मात्र यदि कसैले गर्दछ भने ऊसंग झगड़ा गर्ने प्रश्न नै उठ्दैन। उसको धर्म–परिवर्तन पनि गर्न सकिंदैन। परिवर्तन गरेर पनि तपाईंले कुन चाहिं नया धर्म दिनुहुन्छ? अतः रहन–सहन र आफ्नो महापुरुष पनि कसै माथी थोपार्ने प्रयास धर्म होइन। तपाईंको लागि तपाईंको समयमा भएको महापुरुष नै उपयोगी हुन्छ, किनकि उसले नै तपाईंको हृदयमा योगको जागृति गर्न सक्दछ, प्राचीन महापुरुषले गर्ने होइन, यदि प्राचीनकालको कुनै महापुरुषबाट नै यो जागृति हुन सक्ने भए अरू महापुरुषहरूको अवतारको परम्परा किन हुन्थ्यो? यस आत्मिक पथको यो नै विशेषता छ कि यसले तपाईंलाई सधैंको लागि स्वर्ग अथवा नरकको व्यवस्थासम्म अल्झाएर छोड्ने छैन जसमा तपाईंले न त सुध्रिने मौका पाउनु हुन्छ र न बन्धनबाट मुक्ति पाउनु हुन्छ, चाहे त्यो बन्धन कुनै तथाकथित परमात्माको नै किन नहोस्। जबसम्म तपाईं त्यही परमात्मा जस्तो बन्न सक्नु हुन्न, यो बन्धनबाट, आवागमनबाट मुक्ति असम्भव छ। यो दर्शनको क्रियाले तपाईंलाई नोकर होइन, मालिक बनाएर छोड्छ। नियत कर्मको आचरण गरेर यस्तै स्थिति प्रत्येक देश र प्रत्येक समयको व्यक्तिको लागि सम्भव छ भने कुनै प्राचीन महापुरुषसंग टाँसिएर बस्ने कुनै औचित्य नै छैन।

ती महापुरुषहरू तपाईं–हाम्रो सम्मानित पूर्वज रहेका छन्। वहाँहरूबाट तपाईं–हामी प्रेरणा लिउँ र वर्तमानमा उपलब्ध कुनै महापुरुषको प्राप्तिको लागि मनमा इच्छा राखौं, क्रियाद्वारा लागेर तपाईं पनि त्यस्तै बन्नुस्। तपाईं एउटा मात्र परमात्मामा श्रद्धावान भएर वहाँको कुनै नाम जपमा केही समय दिनुस्। पुण्य–पुरुषार्थ संग्रहित हुने बित्तिकै तपाईंको लागि जुन संत अथवा सद्गुरु निर्धारित छ, तपाईंले सजिलै साथ पाउनु हुनेछ। यदि पुण्य–पुरुषार्थ त्यस स्तरको अहिले भएको छैन, तापनि कुनै महापुरुषसंग तपाईंको सम्बन्ध गराइदियो भने यसबाट पनि तपाईंलाई कुनै फाइदा हुने छैन। यसबाट सम्बन्ध

जोड़नेवालाको स्वार्थ बरू सिद्ध हुन सक्छ; तर जुन विचरालाई अल्झाइएको छ त्यसले अन्धविश्वास बाहेक अरू केहि पनि पाउने छैन। अतः यस जिद्दीपनाको पनि कुनै औचित्य छैन कि मात्र मेरो महापुरुषलाई मान।

हाम्रा पूर्वका मनीषिहरूले यस्तै गरे। उनीहरूले मात्र नास्तिकतालाई आस्तिकतामा परिवर्तन गरे। कसै रहन–सहन अथवा खान–पानको नियम लगाउनन्। खान–पान, भेष–भूषा, भाषा इत्यादिले तपाईंलाई अलग्याउँछ, जबकि धर्मले तपाईंहरू सबैको आत्मिक एकताको प्रत्यक्ष अनुभूति गराउँछ, त्यसले तपाईंहरूलाई एकताको सूत्रमा गाँस्छ। त्यसले बताउँछ कि कुन बिन्दुमा तपाईंहरू समान हुनुहुन्छ। धर्मले अनेकताहरूमा लुकेको आत्मिक एकताको दृष्टि दिन्छ। कति विरोधाभास छ मानिसहरू बाँड़िएका छन्, झगड़ा गरिरहेका छन् त्यो पनि धर्मको नाममा, महापुरुषको नाममा। समृद्धि र आफ्नो अहंकारको सन्तुष्टिको लागि मानिसहरू झगड़ा गरी नै रहन्छन्, तपाईं आरामको साथ झगड़ा गर्नुस्; तर धर्मको नाममा झगड़ा गर्ने कुन कारण छैन।

मानवमात्रको लागि एउटा धर्मको कोसेली लिएर हाम्रा पूर्वजहरू चीन, जापान हुँदै मिस्रसम्म पुगे, अमेरिकामा पनि वहाँहरूको पुरानो स्मृति–चिह्नहरू फेला परिरहेका छन्, दक्षिण–पूर्वी एशियालाई त मानिसहरूले विस्तृत भारत नै भन्न थालेका थिए। सम्पूर्ण विश्वले वहाँहरूको शिक्षाहरूलाई ग्रहन गरेर उनीहरूको धर्म–विजयमा सहयोग गरे र जो सुकै व्यक्तिले धर्मको नाममा समाजमा फाटो हाल्ने कोशिश गऱ्यो त्यसलाई उनीहरूले भयंकर चेतावनी दिए, जुन कुरा प्रियदर्शी सम्राट अशोकको शिलालेखहरूबाट स्पष्ट हुन्छ। अहिंसाको व्रत लिने त्यो सम्राटसित सुसंगठित सेना पनि थियो। यो अहिंसाको उल्लंघन थिएन बरू अहिंसाकै प्रतिष्ठामा बाधक असामाजिक तत्त्वहरूको लागि दण्डको विधान थियो।

यसै अहिंसाको व्रती सम्राट हर्षवर्धन, जसले आफ्नो राज्यमा अशोकले गरे जस्तै जीव–हिंसा बन्द गराएका थिए, त्यही हर्षवर्धनले आत्मिक पथमा आएका कुरीतिहरूलाई हटाउनको लागि प्रयागमा विद्वानहरूको सम्मेलन आयोजित गरे, जसमा गौतम बुद्धका समर्थक चीनी यात्री ह्वेनसांगको विचारहरूले प्राथमिकता पायो। डाहले गर्दा केही विद्वानहरूले त्यसलाई अपमानित गर्ने योजना बनाए। यस षड़यन्त्र बारेमा थाहा पाउने बित्तिकै सम्राटले घोषना गरे

कि यदि कसैले त्यो विद्वानलाई क्षति पुऱ्याउने प्रयास गऱ्यो भने त्यसलाई मृत्युदण्ड दिनेछु। एकातिर अहिंसाको पुजारी र अर्को हातमा तलवार। वास्तवमा आत्मिक पथमा हिड्नु र हिड़ाउनु नै अहिंसा हो र यसका बाधक तत्त्वहरूको उन्मूलन गर्नु पनि अहिंसा नै हो।

सम्पूर्ण भारतीय इतिहासमा अहिंसाको स्थापनाको लागि शस्त्रको प्रयोग मात्र दुई महापुरुषहरूले गरे– भगवान् श्रीरामले र योगश्वर श्रीकृष्णले, त्यो पनि त्यस बेला जब अरू कुनै पनि उपाय बाँकी रहेको थिएन। बाँकी अरू सबै महापुरुषहरूले मात्र हृदय–परिवर्तनद्वारा काम लिए। भगवान् बुद्धले यस्तै गरे। एकजना बाहुनले सात सय बाछी, सात सय खसी र सात सय भेंडा जम्मा गरेर यज्ञमा हवन गर्नेको थियो कि त्यसबेला गौतम बुद्ध त्यहाँ पुग्नु भयो। उनले भने, "यी बोल्न न सक्ने पशुहरूलाई मारेर भगवान् कसरी खुशी हुनुहुनेछ? सृष्टिमा अनन्त जीवहरूको जन्म र मृत्यु भई नै रहन्छन्। तिनीहरूलाई मारेर भगवान्लाई कस्तो खाले सन्तुष्टि हुनेछ? तिमी त जीव मार्दा–मार्दै नै मर्नेछौ। तिमीले चिन्तन गर्ने समय कहिले पायौ? तिमीसंग चिन्तनको विधि के छ? मसंग आऊ, जसको नाम मोक्ष हो त्यो म दिनेछु।" त्यसलाई विधिमात्र सिकाउनु भएन बरू आफ्नो पछि लगाएर त्यसलाई त्यो पथमा हिड़न पनि लगाउनु भयो। त्यसैले दुनियामा सबैभन्दा बढ़ी विरक्त शिष्य र मुक्त महापुरुष भगवान् बुद्धले तयार पारे र वहाँको शरीर छुट्ने बेलामा पाँच सय जीवनमुक्त महापुरुषहरू वहाँको वरिपरि बसीरहेका थिए।

भगवान् बुद्ध भिक्षुहरूको उपदेशको लागि बेग्लै समय निर्धारित गर्दथे र गृहस्थहरूको लागि बेग्लै। दुबैथरीको लागि नियम पनि बेग्ला–बैग्लै थियो किनकि एउटालाई गृहस्थीको भारी पनि बोकेर हिड्नु छ भने अर्कोलाई मात्र चिन्तनमा अनुरक्त हुनु छ। यदि महात्माहरूको वस्तुलाई आफूभित्र न खोजी बाहिर खोज्न थालियो भने व्यवस्था बिग्रिनेछ, जीवन भार हुन जाने छ, जस्तो कि अहिंसाको पक्षलाई आफूतिर जानेर तपाईंले भार बनाउनुभयो।

जब कुनै भाविक भक्त साधन–क्रममा लाग्दछ भने आरम्भिक अवस्थामा उसलाई भगवान्ले आफ्नो अलि–अलि अनुभूति दिन थाल्नु हुन्छ। जब साधना अत्यन्त सुक्ष्म हुन्छ तब एउटा स्तर यस्तो पनि आउँछ कि जहाँ प्रकृति देखिन्थ्यो त्यहाँ परमात्माको स्वरूप देखिन थाल्छ– **'सरगु नरकु अपबरगु समाना।**

जहँ तहँ देख धरे धनु बाना।।' (मानस, २/१३०/७) न स्वर्ग स्वर्गको रूपमा रहन गयो र नरक नरकको रूपमा रहन गयो। जहाँ जता पनि दृष्टि पर्दछ, त्यहाँ आफ्नो आराध्य देवको स्वरूपलाई नै उभेको हेर्दछ। यस्ता महापुरुषलाई कमिला मार्न पनि पनि कष्ट हुन्छ, बोट–विरुवा भाँच्न पनि हच्किन थाल्छ।

पूज्य महाराजजीलाई पनि यो अवस्थामा आएको थियो। एकपटक मैले सोधें, "तपाईंको दाँतमा पायरिया रोग किन भयो?" वहाँले भन्नुभयो, "हो! दुई वर्षसम्म मैले दतिउन नै गरिन।" मैले सोधें, "भगवन्! यसको कारण?" वहाँले भन्नुभयो– "हो, ती दिनहरूमा म नाङ्गै–भूतुङ्गै विचरण गर्दथे। एउटा यस्तो अवस्था आयो कि जहाँ पनि दृष्टि पर्दथ्यो त्यहाँ आफ्नो आराध्य देवको स्वरूप नै देखिने गर्दथ्यो। जहिले पनि दतिउनको लागि बोट–विरुवाको हाँङ्गा भाँच्न लाग्दा यस्तो अनुभूति हुन्थ्यो कि कसैले मेरो रौं उखेल्यो भने हामीलाई जति कष्ट हुन्छ, त्यस्तै कष्ट यो रुखलाई पनि हुन्छ होला। आत्मा र वस्तुहरूमा एकता आउन थाल्यो। त्यसैले मैले त्यसलाई भाँच्न छोड़ी दिए। सुकेको पात पाइयो भने त्यही चपाएर थुकी दिन्थे। त्यसैले दाँतमा किरा लाग्यो, पायरिया भयो।"

मैले सोधें, "भगवन्! यो कस्तो दर्शन थियो?" भन्नुभयो, "हो, त्यो बेला त यो साधनाको एउटा अभिन्न अंग थियो। अहिले जुन स्वरूपमा म छु, यहाँबाट हेर्दा ती सबै पनि एउटा अज्ञान नै थियो।"

अतः सबै ठाउँमा भगवान् हुनुहुन्छ– यस्तो मानेर बस्ने जरूरत छैन। साधनद्वारा हिंडेर त्यस अवस्थामा पुगेपछि कमिला मार्दा, पात टिप्दा पनि उसले दर्दको अनुभव गर्न थाल्दछ। यो अहिंसाको एउटा स्तर हो, श्रेणी हो; तर यो अहिंसाको अवस्था साधना द्वारा नै सुलभ हुन्छ। यस अवस्थावाला महापुरुषले कसैलाई पनि कष्ट पुऱ्याउन सक्दैन। त्यसैले कर्म, वचन र मनबाट पनि कसैलाई कष्ट न पुऱ्याउनु अहिंसा हो। समाजमा प्रचलित अहिंसा महापुरुषहरूको यस्तै स्तरको देखासिकी हो। वास्तवमा अहिंसा क्रमागत चिन्तन–पथको अंग हो। आत्मिक पथमा हिड़ेर विश्वमा जो कोही पनि अहिंसक हुन सक्छ र तपाईं पनि हुन सक्नु हुन्छ।

।। श्री गुरुदेव भगवान्को जय ।।

पाप र पुण्य

जो जन्म–मृत्युको कारण हुन्छ त्यो पापकर्म हो र जसले त्यसबाट निकालेर शाश्वत परमधाम दिलाई दिन्छ, त्यो पुण्यकर्म हो।

– स्वामी अड़गड़ानन्द

(महाकुम्भ पर्वको अवसरमा चण्डीद्वीप हरिद्वारमा मिति २०–०४–१९८६को जनसभामा स्वामी श्री अड़गड़ानन्दजीको प्रवचन।)

बन्धुहरू हो!

पाप के हो र पुण्य के हो?– यस विषयमा समाजमा अनेक भ्रान्तिहरू छन्। कसैले भन्छ– झूठो बोल्नु पाप हो, कोही भन्छ– चोरी गर्नु पाप हो, हत्या र प्रत्येक मृत्यु पाप हो, धोखा दिनु पाप हो, खेत–खलिहान वा घरमा आगो लगाउनु पाप हो। पाप गर्नु त पाप हो नै, पाप कर्मलाई समर्थन गर्नु वा त्यसलाई हेर्नु पनि पाप हो। पापबाट मुक्ति पनि सजिलो छ। मान्यता छ कि दानबाट, तीर्थहरूमा स्नान गर्नाले र त्यहाँ कपाल खौराउनाले पाप नष्ट हुन्छ; किनकि पापको निवास कपालहरूमा हुन्छ। यसप्रकार पाप–पुण्य समाजमा एउटा भ्रम बनेर रहेको छ।

यता हजारौं वर्षदेखि हिन्दू जनमानसमा जरा गाड़ेको बहुचर्चित स्मृतिहरूको भनाई छ कि केही जातिहरू जन्मदेखि नै पापी हुन्छन्, त्यसैले अछूत छन्। उनीहरूले वेद पढ़े अथवा सुने भने पाप लाग्छ। यति मात्र होइन, माछा मार्ने माझिले, पशु–पक्षीले समात्ने र मार्ने शिकारीले, तेल पेल्ने तेलीले जति पाप पाँच वर्षमा गर्दछन्, त्यति नै पाप किसानले हल जोत्दा खेरि एक दिनमा गर्दछ। यस पापबाट निवृत्तिको लागि उसले उब्जनीको एक भाग दान दिनु पर्दछ, होइन भने उसलाई ब्रह्महत्याको एउटा अर्को पाप पनि लाग्दछ।

स्मृतिग्रन्थहरूमा मानिसहरूको आपसी व्यवहार निर्धारण गरिएको छ। भनिएको छ कि यस सामाजिक व्यवस्थाहरूलाई तोड़नु पाप हो र त्यसको पालन गर्नु पुण्य हो– जबकि यी व्यवस्थाहरू परिवर्तनशील छन्। एउटा समय

यस्तो पनि थियो कि दसवटा छोरा–छोरी उत्पन्न गर्नेलाई पुण्यात्मा मानिन्थ्यो, आज एउटा अथवा दुइवटा भए पुग्छ, पछि गएर यतिको लागि पनि सजाय हुन सक्छ। कुनै बेला भ्रूणहत्या भन्दा ठूलो पाप नै थिएन, आज त्यो क्षम्य छ। कुनै बेला सती जाँदा आइमाइहरू सोझै स्वर्ग जान्थिन्, आज त्यो दण्डनीय अपराध छ। यी त मानिसद्वारा बनाइएका विधान हुन्, समस्याहरूका हल हुन्। यिनीहरूको उल्लंघनको सजाय मानिसले लिने–दिने गर्दछ। यसको निर्माण गर्न मानिस नै सक्षम छ। अतः समाजमा कुनै समयमा प्रचलित कानून अथवा दण्ड–विधानलाई पाप र पुण्यको सीमा निर्धारित गर्ने रेखा बनाउन सकिनन्।

यसै प्रकारले संसारभरिको लागि धर्म पनि एउटै हो; तर धर्मको नाममा धेरै सम्प्रदाय प्रचलनमा छन्। हिन्दूले गाईको रक्षा गरेर पुण्य अर्जित गर्दछ भने मुसलमानले त्यसैलाई काटेर शबाब कमाउँछ। जैनले आफ्नो मन्दिरमा तीर्थंकरको दर्शनलाई पुण्य मान्दछ भने हिन्दूको लागि जैन मन्दिर अथवा बौद्ध विहारमा जानु पनि ठूलो पाप हो। कुनै बेला भनिन्थ्यो कि राजाको विरोध गर्नु पाप हो; किनकि राजामा सबै देवताहरूको तेज हुने गर्दछ। उनै राजाहरूको आज उन्मूलन भयो। देवताहरूको त्यो तेज, पाप–पुण्यका ती व्यवस्थाहरू समाप्त हुन गयो। कुनै बेला काठको हलोमा फलामको फाली लगाएर पृथ्वीमाताको पेट चिर्न पाप थियो, आज ट्रैक्टरको दाँतबाट हरितक्रान्तिको गीत लेखिन्छन्। कतै अण्डा मांसाहार हो भने कतै त्यो पनि शाकाहार मानिन्छ। कुनै जमानामा एलोपैथी औषधीहरूको सेवन गर्नु पाप थियो, साबुन लगाउनु पाप थियो, समुद्र यात्रा अथवा विदेश यात्रा गर्नु पाप थियो, आज त्यस बिना काम नै चल्दैन। केही गरी कुनै केटा विदेश गई हाल्यो भने परिवारका सबैले आफ्नो अहोभाग्य र परमपुण्य मान्दछन् र पुरोहितले पनि स्वस्तिवाचन गरेर त्यसको विदाई गरिरहेको देखिन्छ।

जाड़ोमा पच्चीस डिग्री तापमान गर्मी कहलाउँछ र गर्मीमा त्यही तापमान एयर कण्डीशन कहलाउँछ भने कसलाई तातो भन्ने र कसलाई चिसो? ठीक यसै प्रकार मानवको व्यवस्थामा के पाप हो र के पुण्य?– यसको सीमा निर्धारित गर्न सकिंदैन। परिवर्तनशील सामाजिक, साम्प्रदायिक, राजनीतिक, आर्थिक र स्वास्थ्य–सम्बन्धी निर्देशहरूको सजिलै साथ पालन गराउने लोभमा यी व्यवस्थाहरूसंग पाप–पुण्य गाँसी दिनाले पाप र पुण्यको वास्तविक उद्देश्य

नै धमिलो भएको छ। धेरैजसो समाज यस प्रश्नमा संशयग्रस्त छ, मानिसहरूले घंटौं सोधपुछ गर्दा पनि कसैले एक किसिमको उत्तर दिन सक्दैन। अतः विचारणीय छ कि पाप के हो र पुण्य के हो?

वेद –

पाप र पुण्यको छोटो तर स्पष्ट विवरण सर्वप्रथम वैदिक साहित्यमा पाइन्छ। सामवेदको तलवकार शाखामा छान्दोग्य ब्राह्मणको प्रथम अध्यायमा उल्लेख छ कि ओम् परमात्माको परिचायक हो। ओम्को यजनद्वारा देवताहरूले असुरहरूलाई पराजित गर्न चाहे। उनीहरूले वाणी, आँखा, कान, नाक र मनद्वारा यो उपासना गर्न चाहे; तर असुरहरूले यी सबैलाई राग–द्वेषरूपी पाप द्वारा अवरुद्ध गरिदिए। इन्द्रियहरू राग र द्वेषसंग युक्त भए, यसैकारण मानिसहरूले इन्द्रियहरूद्वारा राम्रो र नराम्रो दुबै प्रकारको कार्य गर्दछ। तब देवताहरूले प्राणद्वारा ओंकारको उपासना गरे। असुरहरूले प्राणलाई पनि दूषित गर्न चाहे तर प्राणको नजीक जाने बित्तिकै असुरहरू छिन्न–भिन्न भए। देवताहरूको यज्ञ सफल भयो। स्पष्ट छ कि इन्द्रियहरू वासनासंग बाँधिनु पाप हो र त्यसबाट मुक्त हुनु पुण्य हो।

उपनिषद् –

यस घटनाको जस्ताको त्यस्तै उल्लेख बृहदारण्यक उपनिषद्मा पनि छ। यसैको विस्तार गर्दै ऋषिले भन्नुहुन्छ कि "प्राणको सहारा लिएकाले देवताहरू मृत्युबाट पार भए। वाणी अग्निमा परिवर्तित भयो, नाक वायु भयो, कान दिशा बन्यो, आँखा सूर्य भयो र मन जब मृत्युबाट पार भयो तब चन्द्रमा बन्यो।" भनाईको अर्थ यो हो कि प्राण–संयमद्वारा अन्तःकरण जब ईश्वरीय गुण–धर्महरूबाट रंगियो, आसुरी प्रवृत्तिहरू शान्त भए, ऊ सधैं–सधैंको लागि पापबाट मुक्त भयो। अतः प्राण–अपानको क्रिया जान्नु पर्दछ कि यो के हो? कसरी हुन्छ? कहाँ पाइन्छ? यसमा सबैले ध्यान दिनु पर्दछ।

यसै उपनिषद्मा अगाड़ि भन्नुभएको छ कि त्यो महान अजन्मा आत्मा हृदयाकाशमा विश्राम गर्दै सम्पूर्ण शरीरमा व्याप्त छ। श्वास–प्रश्वासको क्रियाको कारण वहाँ प्राण हुन्, बोल्ने कारणले मुख हुन्, हेर्ने कारणले आँखा हुन्, सुनने कारणले कान हुन् र मनन गर्ने कारणले मन हुन्। यी वहाँका कर्मको अनुसार

नाम हुन्। अतः जसले यिनीहरू मध्ये एउटा-एउटाको उपासना गर्दछ, सूर्य, चन्द्रमा अथवा दिशाहरूको उपासना गर्दछ वा अर्को शब्दमा आँखा, कान वा नाकको उपासना गर्दछ, आत्मादेखि भिन्दै कसैको उपासना गर्दछ भने उसले जान्दैन। ऊ एउटा-एउटा देवताहरूको पशु हो। जसरी पशुले मानिसहरूले पालन गर्दछ त्यस्तै प्रकारले यस्ता मानिसहरूले देवताहरूको पालन गर्दछ। एउटा पनि पशुको अपहरण हुनु ठीक लाग्दैन, त्यसै कारणले देवताहरूलाई राम्रो लाग्दैन कि मानिसहरूले आत्मतत्वलाई जानुन्। आत्मालाई न जान्ने मानिसले यदि त्यस लोकमा महान पुण्य-कर्म गरे तापनि अन्तमा उसको कर्म नष्ट भएर नै जानेछ।

अतः आत्माको उपासना गरौं। यसको लागि एउटै व्रतको आचरण, प्राण-अपानको चिन्तन गरौं। आत्मभावलाई प्राप्त गरेपछि यो पुरुष पापबाट मुक्त तथा पुण्यबाट पनि मुक्त हुन्छ, हृदयको सम्पूर्ण शोकहरूलाई पार गर्दछ। त्यसपछि पापले उसलाई ताप पुऱ्याउँदैन बरू उसले नै पापहरूलाई सताउने गर्दछ। ऊ पापरहित, निष्काम, निःसंशय ब्राह्मण हुन्छ। अर्थात् ब्राह्मण त्यो परात्पर ब्रह्मलाई अन्तःकरणमा विदित गरेपछि पाउने स्थिति हो। यस्तै निर्णय मुण्डकोपनिषद्को पनि छ। यो स्थिति मात्र आत्माको उपासनाबाट पाइन्छ र उपासनामा पनि मात्र प्राण-अपानद्वारा परमात्माको चिन्तन गर्नु पर्दछ। उपनिषद्हरूको अनुसार पापबाट बच्ने र पुण्य प्राप्त गर्ने यो नै एउटा मात्र तरीका हो- प्राण-अपानको चिन्तन, यसबाहेक संसारमा केही पाउनको लागि जे-जसो पनि गरिन्छ ती सबै नश्वर छन्।

इष्टापूर्तं मन्यमाना वरिष्ठं नान्यच्छ्रेया वेदयन्ते प्रमूढाः।
नाकस्य पृष्ठे सुकृतेऽनुभूत्वेमं लोकं हीनतरं वा विशन्ति।।

(मुण्डकोपनिषद्, १/२/१०)

'इष्टापूर्त'- भिन्दा-भिन्दै देवताहरूको लागि वेदी बनाएर जुन यज्ञ-योगादि श्रौत कर्म गरिन्छन् त्यसलाई इष्टकर्म तथा कुलो, कुवा खनाउनु, बगैंचा लगाउनु इत्यादि स्मृतिद्वारा निर्धारित कर्मलाई पूर्त भनिन्छ। यी इष्ट र पूर्त कर्महरूलाई नै श्रेष्ठ मान्ने अत्यन्त मूढ़हरू त्यसबाट भिन्दै वास्तविक श्रेयलाई जान्दैनन्। यी पुण्यकर्मको फलस्वरूप उनीहरू स्वर्गको सबैभन्दा अग्लो स्थानमा

त्यहाँको भोगहरूलाई अनुभव गरेर यस मृत्युलोकका विभिन्न योनिहरूमा प्रवेश गर्छन्; तर '**स यो ह वै तत्परं ब्रह्म वेद ब्रह्मैव भवति नास्याब्रह्मवित्कुले भवति तरति शोकं तरति पाप्मानं गुहाग्रन्थिभ्यो विमुक्तोऽमृतो भवति।' (मुण्डकोपनिषद्, ३/२/९)**– साधनाको वास्तविक क्रियाद्वारा जो सुकैले पनि त्यस परम ब्रह्मलाई जान्दछ, ऊ ब्रह्म नै हुन्छ। ऊ शोकबाट पार हुन्छ, पापहरूबाट पार हुन्छ र हृदयको गाँठबाट सम्पूर्ण रूपले छुटेर अमर हुन्छ।

यो स्मरणीय छ कि किताबहरूलाई घोक्नेवाला वेदज्ञ होइन। वेद कुनै पुस्तकको नाम होइन, बरू यही प्राण–अपानको चिन्तनको क्रियामा लागेर अविदित परमतत्त्व परमात्मालाई विदित गर्नासाथ पाइने अनुभूतिको नाम हो वेद। त्यस अनुभुतिको नाम हो ज्ञान। त्यसैले गौतम बुद्धले पुस्तकलाई प्रमाण न मानेर पनि आफूलाई वास्तविक वेदज्ञ र आफूलाई वास्तविक ब्राह्मण भन्दथे।

परमात्माको अनुभवपरक ऋचाहरूको संकलन वेद हो। भाषा र व्याकरणको ज्ञानद्वारा वेदको रहस्यलाई बुझ्न सकिंदैन। वेदको रहस्य बुझ्नको लागि प्राण–अपानको चिन्तन गरेर त्यस स्तरमा पुग्नु पर्दछ, जुन स्तरमा पुगेर ऋषिहरूले परमात्माको वाणीलाई सुनेका थिए। त्यस स्तरसम्म न पुगिकन प्राण–अपानको साधना बिना यदि कसैले वेदहरूको अर्थ मात्र निसर्ग र व्याकरणको आधारमा गर्दछ भने त्यसले भ्रान्तिहरू मात्र फैलिन्छन्। यही कारण हो कि वेदको एउटै ऋचाको अर्थ सायणले एउटा, दयानन्दले केही अरू नै तथा मैकडानल, कीथ, मैक्समूलर इत्यादि पाश्चात्य विद्वानहरूद्वारा तेस्रो अर्थ प्रस्तुत गरिएको छ। अतः वास्तविक वेदज्ञ त्यो हो जसको भित्र वेद उत्रिरहेको छ। यसैले यो उपनिषद्मा स्पष्ट गरिएको छ कि श्रोत्रिय त्यही हो जो ब्रह्मनिष्ठ छ, ब्रह्ममा जसले स्थिति पाइसकेको छ।

अब पापबाट तर्नको लागि, त्यस ब्रह्मलाई जान्नको लागि, प्राण–अपानको क्रियाको जानकारीको लागि के गर्ने? यसै उपनिषद्को ऋषिले भन्दछ, '**तद्विज्ञानार्थं स गुरुमेवाभिगच्छेत्।**'– त्यस परमब्रह्मलाई जान्नको लागि ऊ सद्गुरुको शरणमा जाओस्। कस्तो गुरु? '**श्रोत्रियं ब्रह्मनिष्ठम्**'– जसले वेदको रहस्यलाई जानेको छ र परमब्रह्म परमात्मामा स्थित भइसकेको छ।

यसप्रकार पाप र पुण्यको प्रश्नमा वेद र उपनिषद् दुबैको एउटै मत छ कि राग र द्वेष नै पापको जरा हो। इन्द्रियहरू र मन नै यिनीहरूको निवास स्थान हो। आत्मा अथवा परमात्मालाई विदित गरेपछि, मात्रै पापबाट छुटकारा हुन्छ। प्राण र अपानको चिन्तन परमात्मालाई विदित गर्ने उपाय हो र यी सबैका माध्यम सद्गुरु हुन्।

गीता –

(क) यस्तै निर्णय योगेश्वर श्रीकृष्णोक्त गीताको पनि छ–

इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ।
तयोर्न वशमागच्छेत्तौ ह्यस्य परिपन्थिनौ।। (३/३४)

इन्द्रिय र इन्द्रियहरूको भोगहरूमा राग र द्वेष स्थित छन्। यी दुबैको अधिनमा हुनु हुँदैन; किनकि यी दुई नै आत्मपथका लुटेरा हुन्।

श्रीकृष्णकालमा पनि धर्म–अधर्म तथा पाप र पुण्यलाई लिएर समाजमा अनेकौं रूढ़िहरू प्रचलित थिए, जसमध्ये केही रूढ़िको शिकार अर्जुन पनि थियो। उसले पनि सुनेको थियो कि कुलको क्षय गर्नु पाप हो, आइमाइहरूले मनपरी आचरण गर्नु पाप हो, वर्णसंकर पाप हो, पिण्डोदक क्रिया समाप्त हुनु पाप हो, मित्रद्रोह पाप हो, राज्य र सुखको लागि आफ्नै मान्छेहरूलाई मार्नु महापाप हो; तर यी सबै मान्यताहरूलाई योगेश्वरले 'क्षुद्रं हृदयदौर्बल्यं' भन्नुभयो, 'कश्मल' अर्थात् अज्ञान ठहराउनु भयो। भन्नुभयो कि न त सम्भावित पुरुषहरूले यसको कहिल्यै आचरण गरे, न यो स्वर्ग दिलाउने वाला छ र न यश बढ़ाउनेवाला छ। अतः सिद्धभयो कि सामाजिक व्यवस्थाहरूको पाप–पुण्यसंग कुनै सम्बन्ध छैन। श्रीकृष्णको अनुसार यी व्यवस्थाहरूलाई पाप–पुण्य मानि लिनु अज्ञान हो। यी सबै अज्ञान नै थियो, फेरि पाप के हो?

(ख) यस सम्बन्धमा भन्नुहुन्छ (अध्याय २, श्लोक ३३) कि अर्जुन! सुख–दुःख, लाभ–हानि, जय–पराजयलाई बराबर सम्झेर तिमी युद्ध गर। यदि तिमीले युद्ध गर्दैनौ भने पापलाई प्राप्त गर्नेछौ। यहाँ युद्ध नगर्नु पाप हो। युद्धको विधि पनि भन्नुहुन्छ–

मयि सर्वाणि कर्माणि संन्यस्याध्यात्मचेतसा।
निराशीर्निर्ममो भूत्वा युध्यस्व विगतज्वरः।। (३/३०)

'अध्यात्म चेतसा'– अन्तरात्मामा चित्तलाई निरोध गरेर अर्थात् ध्यानस्थ भएर सम्पूर्ण कर्महरूलाई ममा अर्पण गरेर आशा, ममता र सन्तापबाट रहित भएर युद्ध गर। अर्जुन! मेरो यो मतको अनुसार आचरण गर्ने जुन सुकै मानिस पनि सम्पूर्ण कर्महरूबाट मुक्त हुन्छन् र दोष–दृष्टि भएकाहरू जसले मेरो यो मत अनुसार आचरण गर्दैनन् अर्थात् यसप्रकारको युद्ध गर्दैनन् ती अचेत चित्त भएकाहरूलाई तिमी सम्पूर्ण ज्ञानबाट भ्रष्ट भएको जान। त्यसको कर्म–बन्धन छुट्ने छैन। कर्मको बन्धनबाट छुट्ने उपाय युद्ध हो।

वास्तवमा यो अन्तःकरणको एउटा लड़ाई हो। जसको चित्त सबैतिरबाट समेटिएर ध्यानमा स्थिर भएको छ, इन्द्रियहरू केन्द्रित भएको छ, एकान्तदेशको सेवन छ, नजिकमा कोही पनि छैन भने कसले युद्ध गर्छ र कोसंग गर्छ? जब तपाईंहरूले चित्तलाई सबैतिरबाट समेटेर ईश्वरमा लगाउनु हुन्छ, ध्यानमा प्रवेश गर्न चाहनु हुन्छ त्यसबेला काम–क्रोध, राग–द्वेष, आशा–तृष्णा इत्यादि विजातीय प्रवृत्तिहरू बाधाको रूपमा उभेका हुन्छन्। ती प्रवृत्तिहरूलाई पार गरेर ध्यानस्थ हुँदै जानु नै वास्तविक युद्ध हो। यो युद्ध अर्जुनको मात्र होइन, श्रीकृष्ण भन्नुहुन्छ सबैले यतै मत अनुसार आचरण गर्नु पर्दछ।

(ग) यसमाथी अर्जुनले प्रश्न गरे, भगवन्! जब पापबाट बच्ने यो नै एउटा मात्र उपाय छ भने मानिसहरूले यो उपाय किन गर्दैनन्? मानिसहरूले न चाहेर पनि जबरदस्ती लगाइएको जस्तै कसको प्रेरणाबाट पापको आचरण गर्दछन्? उनीहरू तपाईंको मत अनुसार यस युद्धमा प्रवृत्त किन हुँदैनन्? यसमा योगेश्वरले यसै अध्यायमा भन्नुभएको छ–

काम एष क्रोध एष रजोगुणसमुद्भवः।
महाशनो महापाप्मा विद्ध्येनमिह वैरिणम्।। (३/३७)

अर्जुन! रजोगुणबाट उत्पन्न यो काम–क्रोध अग्नि जस्तै भोगहरूबाट कहिल्यै पनि न अघाउनेवाला महान पापी हुन् अर्थात् काम र क्रोध नै पापको जरा हुन्, जन्मदाता हुन्। कामको अर्थ हुन्छ– कामना।

यसको वासस्थान इन्द्रियहरू, मन र बुद्धिमा भनिएको छ, यस कारण अर्जुन! तिमीले सबैभन्दा पहिले इन्द्रियहरूलाई संयमित गरेर ज्ञान र विज्ञानलाई नाश गर्ने यस कामरूपी पापीलाई नै मार अर्थात् काम नै पापी छ र इन्द्रियहरूलाई संयमित गरेर यसलाई मार्ने विधान छ। (३/४१)

(घ) अध्याय २मा भनी सक्नु भएको छ कि इन्द्रियहरूद्वारा विषयहरूलाई ग्रहण न गर्नेवाला पुरुषहरूको विषय त निवृत्त हुन्छन् किनकि उनीहरूले विषयलाई ग्रहण नै गर्दैनन् किनकि विषयमा आसक्ति रहि रहन्छ; तर परमात्माको साक्षात्कारको साथै त्यो पनि निवृत्त हुनजान्छ। अतः परमात्माको साक्षात्कार हुनुभन्दा पहिले पापको जरा राग जरासहित नष्ट हुँदैन।

(ङ) योगेश्वर श्रीकृष्णले गीतामा यसै सत्यलाई पटक–पटक बलियो पार्नु भएको छ। अध्याय ३, श्लोक १३मा भन्नुहुन्छ कि यज्ञबाट बाँकी बचेको अन्नलाई खानेवाला सन्तहरू सम्पूर्ण पापहरूबाट मुक्त हुन्छन्। योगेश्वरको अनुसार यज्ञ चिन्तनको एउटा निर्धारित प्रक्रिया हो जसमा मनमा स्थित चराचर संसारको संस्कार नै हवन सामग्री हुन्। मनमा नै राग–द्वेष पनि छन्। मनका संस्कारहरू नष्ट हुने बित्तिकै यज्ञको परिणाम निस्किन्छ– **'यज्ञशिष्टामृतभुजो यान्ति ब्रह्म सनातनम्।'** यज्ञ सम्पन्न भएपछि यज्ञ जसको संरचना गर्दछ त्यस ज्ञानामृतलाई पिउनेवाला योगी शाश्वत सनातन ब्रह्ममा प्रवेश पाउँछ। यज्ञको समापनमा बाँकी परमात्मा नै रहन्छ; प्रकृति हराउँछ, पुरुष नै बाँकी बच्दछ। त्यो ब्रह्म नै अन्न हो। त्यस ब्रह्मलाई प्राप्त गर्नेवाला सन्तहरू सम्पूर्ण पापहरूबाट छुट्दछन्, र जसले चिन्तन त गर्दछन् तर त्यसको सट्टामा शरीरका भोगहरूको लागि कामना गर्दछन्, श्रीकृष्ण भन्नुहुन्छ– उनीहरू पापी हुन् अर्थात् शरीरहरूको पटक–पटक जन्मको जुन कारण हो त्यो पाप हो र जसले ब्रह्मसंग परिचित गराई दिन्छ, त्यही पुण्यकर्म हो।

(च) अध्याय १०, श्लोक ३मा भन्नुहुन्छ कि जसले म जन्म–मृत्युबाट रहित, आदि–अन्तबाट रहित सबै लोकहरूको महान् ईश्वरलाई साक्षात्कारको साथ विदित गर्दछ, उही ज्ञानी हो र ऊ सम्पूर्ण पापहरूबाट मुक्त हुन्छ। अतः ईश्वरको साक्षात्कारको साथ पाइने जानकारीको नाम नै ज्ञान हो र साक्षात्कारको साथै पापहरूबाट पूर्ण निवृत्ति पाइन्छ, योभन्दा पहिले पाइदैन।

(छ) अध्याय ७, श्लोक २७–२८मा भन्नुहुन्छ कि अर्जुन! राग र द्वेषबाट संसारका सम्पूर्ण प्राणीहरूले धेरै अज्ञानतालाई प्राप्त गरिरहेका छन्; तर 'पुण्यकर्म' गर्नेवाला जुन पुरुषहरूको पाप नष्ट भैसकेको छ, उनीहरू राग–द्वेषादि द्वन्द्वहरूबाट मुक्त भएर आफ्नो व्रतमा अडिग भएर मलाई भज्दछन्। जसले मेरो शरणमा

बसेर जन्म–मृत्युबाट छुट्नको लागि यत्न गर्दछ, उनीहरूले त्यस ब्रह्मलाई जान्दछन्, सम्पूर्ण कर्महरू समेत मलाई जान्दछन् र मलाई जानेर तत्काल ममा सधैं–सधैंको लागि स्थित हुन्छन् अर्थात् पुण्यकर्म त्यो हो जसले जन्म–मृत्युबाट छुटकारा दिलाउँछ। 'पुण्यकर्म' त्यो हो जसले शाश्वतको जानकारी गराउँछ र त्यसैमा स्थिति दिलाउँछ। यस पुण्यकर्मको आचरणको लागि शरण लिइन्छ श्रीकृष्णको, जानिन्छ ब्रह्मलाई र सधैं–सधैंको लागि स्थिति पाउँछ श्रीकृष्णमा। तात्पर्य यो छ कि यस पुण्यकर्मको माध्यम सद्गुरु हुन्। ठीक त्यही कुरा, जुन उपनिषद्को ऋषिले भन्नुभएको छ।

(ज) यसै 'पुण्यकर्म'लाई योगेश्वरले गीता शास्त्रमा ठाउँ–ठाउँमा 'विहित कर्म', 'यज्ञार्थ कर्म', 'कार्यम् कर्म', 'नियत कर्म' अथवा 'निष्काम कर्म' भनेर सम्बोधित गर्नुभएको छ। जस अन्तर्गत तीन कुराहरू आउँछन्– **(१)** एउटा परमात्माप्रति श्रद्धा, **(२)** त्यही परमात्माको नामको जप र **(३)** समकालीन तत्त्वदर्शी महात्माको सेवा र उनीप्रति समर्पण, जसको लागि वहाँले प्रोत्साहित गर्नुभएको छ, '**तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया।**' **(गीता, ४/३४)**– तत्त्वदर्शी महापुरुषको शरणमा गएर निष्कपट भावले सेवा र प्रश्न गरेर तिमीले त्यस ज्ञानलाई प्राप्त गर, जसको प्राप्तिबाट सबै पाप जरासहित नष्ट हुन्छन्।

(झ) यसैमाथी फेरि जोर दिनुहुन्छ। (अध्याय ८/१३) कि 'ॐ' यो अक्षय ब्रह्मको परिचायक हो, यसको जाप गर र ध्यान मेरो गर। अध्याय १८/६६मा छ कि सम्पूर्ण धर्महरूको चिन्ता छोड़ेर तिमी मेरो शरणमा आउ, म तिमीलाई सबै पापबाट मुक्त गराई दिन्छु। पहिले भन्नुभयो, हृदयस्थ ईश्वरको शरणमा गयो भने पाप नष्ट हुन्छ, फेरि भन्नुभयो, तत्त्वदर्शीको शरणमा गयो भने पाप नष्ट हुन्छ र यहाँ भन्नुहुन्छ मेरो शरणमा आउ, म पनि तिमीलाई सम्पूर्ण पापहरूबाट मुक्त गरिदिन्छु अर्थात् श्रीकृष्ण एउटा योगी थिए, परमात्म–भावमा स्थित योगेश्वर थिए, सद्गुरु थिए। अर्जुनले भनेका पनि थिए कि 'शिष्यस्तेऽहं'– भगवन्! म तपाईंको शिष्य छु।

संक्षेपमा योगेश्वर श्रीकृष्णले पनि पाप र पुण्यको निर्णयमा तपाईंलाई वेद उपनिषद्को त्यही स्तरमा उभ्याई दिनुहुन्छ कि राग र द्वेष अथवा काम र

क्रोध नै पापको जरा हुन्। इन्द्रियहरू र मन नै यिनीहरूको निवास हो। पापबाट मुक्तिको एउटै बाटो छ– परमात्मालाई विदित गर्नु। वेद र उपनिषद्ले जसलाई प्राण–अपानको चिन्तन भनेको छ, योगेश्वरले त्यसैलाई 'यज्ञार्थ कर्म' भन्नुहुन्छ र त्यसैबाट परमात्माको प्राप्ति हुन्छ। वहाँद्वारा नियत यज्ञमा प्राण–अपानद्वारा नाम–जप नै मुख्य क्रिया हो, साथै योगेश्वरले दैवी सम्पद्को संग्रह र इन्द्रियसंयममा जोर दिनुहुन्छ तथा सद्गुरुको शरणागति र ध्यानमा पनि जोर दिनुभएको छ, जसको पुष्टि उपनिषद्हरूमा ठाउँ–ठाउँमा गरिएको छ। उदाहरणको लागि कठोपनिषद् द्वितीय बल्लीमा छ कि जसले नराम्रो चरित्र त्याग्न सकेको छैन, जसका इन्द्रियहरू संयमित छैनन् र जसको मन चंचल छ, उसले परमात्माको प्राप्ति गर्न सक्दैन। पापबाट मुक्तिको लागि तथा पुण्यकर्मद्वारा आत्मानुभूति गर्ने क्रियाहरूको एउटै ठाउँमा जति क्रमबद्ध, स्पष्ट, सजिलै बुझ्ने र पूर्ण विवरण गीताशास्त्रमा छ त्यति अरू कुनै धर्मग्रन्थमा छैन, यसकारण गीता विश्वभरिका मानवमात्रको एउटा मात्र विशुद्ध शास्त्र हो। यति मात्र होइन बरू पाप र पुण्यको विश्लेषणमा योगेश्वर श्रीकृष्णले उपनिषद्हरू भन्दा पनि धेरै गहिरोमा ओर्लेर भन्नुहुन्छ कि पापको जरा राग अथवा कामको पनि जरा आसक्ति हो र आसक्तिको पनि जरा विषयहरूको चिन्तन हो, अतः विषयहरूको चिन्तन न गरी मनलाई सधैं एउटा परमात्माको नाममा अथवा सद्गुरुको ध्यानमा लगाई राख्नुभयो भने तपाईंले थाहा पाउनु हुनेछ कि पापको जरा यी विकारहरूको अस्तित्व छँदै छैन। विकारहरूलाई त्यसका विरोधी विचारहरूद्वारा जित्नु सम्भव छैन। विकारहरू परमात्म–चिन्तनबाट नै मेटिन्छन्। मानिसहरूले अभ्यास गर्दै गर्दैनन् होइन भने सधैं चिन्तनद्वारा यी विकारहरूको बस्ने ठाउँ मनसमेतलाई मेटाउन सकिन्छ। यो यति सजिलो छ कि योभन्दा सजिलो अरू केही छँदै छैन।

पापको जरा काम हो, अतः एउटालाई छोड़ेर सबै कामनाहरू त्याग्ने योग्य छन्, (गीता, अध्याय ७/११) कि '**धर्माविरुद्धो भूतेषु कामोऽस्मि भरतर्षभ।**'– धर्मलाई जसले विरोध गर्दैन, जो धर्मको अनुकूल छ, जो परमधर्म परमात्माको अनुकूल छ, यस्तो काम, यस्तो कामना म छु, मेरो प्राप्तिको कामना गर्नु पर्दछ। एउटा यो कामना यस्तो छ जुन उचित मात्र होइन, आवश्यक पनि छ, '**मामिच्छाप्तुं धनञ्जय**'– मलाई प्राप्त गर्ने इच्छा गर (गीता, १२/९)।

यसको लागि '**मत्कर्मपरमो भव**'– मलाई प्राप्त गर्नको लागि नियत कर्म गर; किनकि यो नै एउटा यस्तो कर्म हो जसले अरू सबै कर्महरूको बन्धनलाई काटी दिन्छ र आफू पनि डढेर जान्छ र यसप्रकारले जन्म–मृत्युको क्रममाथी पूर्ण विराम लगाई दिन्छ।

सबै परिस्थितिहरूमा शाश्वत एउटा मात्र परमात्माको प्राप्तिको लागि नियत कर्मको आचरण नै पुण्य हो र आत्मिक क्रियामा बाधा उत्पन्न गर्नु पाप हो। सम्पूर्ण गीतामा यसबाहेक पाप–पुण्यको अरू कुनै मान्यताले समर्थन पाएको छैन। अतः परमात्मामा श्रद्धा र त्यसको प्राप्तिको लागि निर्धारित यज्ञ, जुन यज्ञहरू श्रीकृष्णले भन्नुभएको छ, त्यस मध्येबाट तपाईंले जति पार लगाउन सक्नु हुन्छ, जति समय तपाईंले दिन सक्नु हुन्छ, त्यति चिन्तन तपाईं अवश्य गर्नुस्। यो अभ्यासलाई विस्तारै बढाउँदै लग्नुस्, यस्तै निर्देशन दिंदै अध्याय ६, श्लोक ३५मा भन्नुभएको छ कि प्रयत्नपूर्वक अभ्यास गर्नेवाला योगी अर्थात् परमात्मासंग भेट्नको लागि प्रयत्नशील व्यक्ति सबै पापहरूबाट राम्ररी शुद्ध भएर परमगति पाउँछ।

'रामचरित मानस'मा पाप र पुण्य –

पाप र पुण्यको प्रश्नमा जस्ताको त्यस्तै त्यही निर्णय गोस्वामी तुलसीदासजी रामचरित मानसको पनि छ। पापको जरा राग अथवा कामलाई नै सांख्यशास्त्रमा मोह भनिएको छ। गोस्वामीजीले पनि भन्नुहुन्छ– '**करहिं मोह बस नर अघ नाना।**' मोह को अधिन भएर मानिसहरू गर्न न हुने पाप पनि गर्दछन्। '**क्रोध पाप कर मूल।**'– यहाँ क्रोध पापको जरा हो, जुन कुरा गीतामा पनि भनिएको छ–

काम एष क्रोध एष रजोगुण समुद्भवः।
महाशनो महापाप्मा विद्ध्येनमिह वैरिणम्।। (३/३७)

काम र क्रोध यी पापका जरा हुन्। अब यिनीहरू कहाँ बस्दछन्? यसमा भन्नुहुन्छ–

तात तीनि अति प्रबल खल, काम क्रोध अरु लोभ।
मुनि विज्ञान धाम मन, करहिं निमिष महुँ छोभ।।
(मानस, ३/३८ क)

यिनीहरूले विज्ञानको घर मुनिहरूको मनलाई पनि पलभरिमा चंचल गरिदिने गर्दछन्। अतः यिनीहरू मनमा रहन्छन् र योगेश्वर श्रीकृष्णको भनाई अनुसार यिनीहरूको निवास स्थान मन र इन्द्रियहरू हुन्। यिनीहरूलाई कसरी मेटाउन सकिन्छ? यसमा भन्नुहुन्छ–

रामहि सुमिरिअ गाइअ रामहि। संतत सुनिअ रामगुन ग्रामहि।।

(मानस, ७/१२९/६)

सधैं एउटा रामको नै चिन्तन गर्नु पर्छ। रामचरित मानस अनुसार भगवान्को सम्मुख भएपछि पापको उन्मूलन हुन्छ– **'सनमुख होइ जीव मोहि जबहीं। जन्म कोटि अघ नासहिं तबहीं।।' (मानस, ५/४३/२)** एकमात्र राम, परमतत्त्व प्रति श्रद्धावान् र लगनशील हुनु भयो भने करोड़ौं जन्मको पापहरूको उन्मूलन हुनेछ। तपाईं जुन सुकै काम गर्दै गरेको भए पनि, जहाँ सुकै बस्दै गरेको भए पनि, मात्र एउटा परमात्मा प्रति अनन्य भावको साथ श्रद्धा होस्। **'पापिउ जाकर नाम सुमिरहीं। अति अपार भवसागर तरहीं।।'** तपाईं पापी नै भए पनि, त्यो एउटा परमात्माको परिचायक नामको चिन्तन गर्नुभयो भने भवसागरबाट पार पाउनु हुनेछ। **'शरण गये मो से अघरासी। होहि शुद्ध नमामि अविनासी।।'** कोही पापको भन्डार नै भए पनि, भगवान्को आश्रय लिने बित्तिकै शुद्ध हुन्छ।

मध्यकालीन भारतमा मानिसहरूको मनमा यो विचार गहिरो रूपमा बसेको थियो कि केही जातिहरू जन्मदेखि नै पापी हुन्छन्। जस्तै आभीर, यमन, किरात, खस, श्वपच, निषाद, तेली, कुमाले, वैश्य, शूद्र र आइमाइहरू; तर पुरानो आर्ष–ग्रन्थहरूमा न त यसको समर्थन गरिएको छ र न महापुरुषहरूले यस्तो कुनै रूढ़िलाई मान्यता नै दिएका छन्। यिनीहरूको छायाले छोए भने उच्च जातिहरूले स्थान गर्ने गर्दथे, तर महापुरुषहरूले यस्तो कुनै रूढ़िलाई मान्यता नै दिएका छन्। यिनीहरूको छायाले छोए भने उच्च जातिहरूले स्नान गर्ने गर्दथे; तर महापुरुषहरूले यिनीहरूलाई बराबर दृष्टिले नै हेरेका छन्, सबै पवित्र थिए। पापबाट छुट्ने जुन तरीकाहरू उच्च जातिको लागि थियो तथाकथित अछुतहरूको लागि पनि त्यही नै छ।

स्वपच सबर खस जमन जड़, पावँर कोल किरात।
नामु कहत पावन परम, होत भुवन बिख्यात।। (२/१९४)

नाम लिने बित्तिकै ऊ परम पवित्र हुन्छ। संसारभरिमा यदि कुनै निर्मल व्यक्ति छ भने त्यो ऊ नै हो। संसारभरिको लागि एउटै पाप र एउटै पुण्य छ जसलाई प्राप्त गर्नमा सबैको बराबर अधिकार छ।

'**जासु नाम पावक अघ तूला।**'- उनको नाम पापरूपी कपासको लागि आगो हो। '**गिरिजा जासु नाम जपि, नर काटहिं भव पास।**' (**मानस, ६/७३**) कालको फाँसी समेत काटिन्छ; तर चार चरणहरूबाट उक्लेर नै यस स्थितिलाई पाउने विधान छ–

राम भगत जग चारि प्रकारा।
सुकृती चारिउ अनघ उदारा।। (मानस, १/२१/६)

गोस्वामीजीको दृष्टिमा यी चार श्रेणिवालाहरू मात्र पुण्य गर्नेहरू हुन्। चारवटै श्रेणिवाला निष्पाप छन्; तर यो पुण्यको आधार के हो? भगवान्को नाम!

चहूँ चतुर कहुँ नाम अधारा।
ग्यानी प्रभुहि बिशेषि पियारा।। (मानस, १/२१/७)

तर ज्ञानी पाप र पुण्य दुबैबाट करीब–करीब पार भैसकेका हुन्छन्, त्यसैले विशेष प्रिय छन्। यिनै चार खुड़किलाहरूलाई गोस्वामीजीले कतै चार प्रकारका भक्त, कतै चार प्रकारका भव (भवसिन्धु, भवसरिता, भवकूप र गोपद) भनेर सम्बोधित गर्नुभएको छ। चिन्तन गरेर नै भगवान्लाई पाउने विधान छ; तर आफ्नो क्षमताको अनुसार मानिसहरू क्रमशः यी चारै खुड़किलाहरूमा लाग्दैनन्, उच्च क्षमतावालाहरूको देखासिखी गर्न लाग्दछन्। जीवात्माको आफ्नो शुद्ध वर्ण परमात्मातिर लम्किने क्रम रोकिन्छ। व्यक्ति प्रकृतिमा मिसिंदै जान्छ। यस्तो गर्नेहरूले पापलाई प्राप्त गर्दछन् र यो नै वर्णसंकरको रूप हो–

भये बरन संकर कलि, भिन्न सेतु सब लोग।
करहिं पाप पावहिं दुख, भय रुज शोक बियोग।।
(मानस, ७/१०० क)

अतः क्षमता अनुसार नै चिन्तन गर्नु पर्दछ।

युग पनि साधनाका चार खुड़किलाहरू हुन्, जसमध्ये कलियुग पहिलो खुड़किला हो। कलियुगीन व्यक्तिहरूलाई गोस्वामीजीले एउटा महत्वपूर्ण आश्वासन पनि दिनुहुन्छ–

कलिजुग कर एक पुनीत प्रतापा।
मानस पुन्य होहिं नहिं पापा।। (मानस, ७/१०२/८)

कलियुग भगवत्–पथको आरम्भिक खुड़किला हो। अचेत आत्मा जागृत हुने बित्तिकै यो आत्मपथको पहिलो चरण हो। कलियुग स्तरमा तामसी गुणहरू बढ़ी भएकोले यस्ता साधकहरूले सन्त सद्गुरुको सेवा तथा भगवान्को गुण–गायनद्वारा कलियुगबाट पार भएर द्वापरमा प्रवेश पाउँछन्। अहिले त्यसमा मनलाई बुझ्ने क्षमता हुँदैन। अतः मनमा जतिसुकै संकल्प आओस्, यदि शरीरबाट गल्ती भएन भने, विकारहरूलाई कर्ममा परिणत गर्नु भएन भने पाप लाग्दैन। तर मनले नै भए पनि यदि उसले सत्यको बाटोमा हिड़नको लागि संकल्प लिन्छ भने त्यसको पुण्य हुनेछ; किनकि पुण्यकै बाटोमा त लागेको थियो। तर जब त्यही साधक तेस्रो र चौथो श्रेणिमा पुग्दछ, तब संकल्पमात्र गर्नाले पाप हुन लाग्दछ र त्यसको प्रायश्चित गर्नु पर्ने हुन्छ।

पुण्यको एउटा मात्र स्रोतको घोषणा भगवान् रामले अयोध्याको जनसभामा गर्नुहुन्छ– **'पुन्य एक जग महुँ नहिं दूजा। मन क्रम वचन बिप्र पद पूजा।।' (मानस, ७/४४/७)** संसारमा यो नै एउटा मात्र पुण्य छ, अर्को कुनै पुण्य छँदै छैन। कुन? त्यो पुण्य छ– मन, कर्म र वचनले विप्रको चरणको पूजा गर। जस्तो कि उपनिषद्को निर्णय छ कि ब्राह्मण एउटा स्थिति हो। जो ब्रह्मको परायण छ, त्यसबाट परिपूर्ण छ, वहाँ नै विप्र हुन्, वहाँलाई नै सन्त पनि भनिन्छ। वहाँको चरणको आश्रय लिनु नै पुण्य हो। गोस्वामीजीले संकेत पनि गर्नुहुन्छ– **'बंदउ प्रथम महीसुर चरना।'** उनको लक्षण के हो? भन्नुहुन्छ, **'मोह जनित संसय सब हरना।' (मानस, १/१/३)**– वहाँले मोहबाट उत्पन्न सम्पूर्ण शंकाहरूलाई हटाई दिनुहुन्छ र यस्तै लक्षण सन्तको पनि हुन्छ। सन्त भेटेपछि शंका र भ्रमहरूको समुदाय नै मेटिन्छन्। यिनी नै हुन् त्यो द्विज, जसले द्वैतमाथी विजय पाएर परमात्मासंग मिलेर एउटै भइसकेका छन्। उनकै आश्रय लिनु पुण्य हो, उनी नै पूजनीय हुन्।

आदि शंकराचार्य भन्नुहुन्छ– '**कः पूजनीयः शिवतत्त्वनिष्ठः।**'– पूजनीय को छ? जो शिवतत्त्वमा स्थित महापुरुष छन् उनी नै पूजनीय हुन्। यसको पुष्टि सन्त तुलसीदासजीले पनि गर्नुहुन्छ, मानसको मंगलाचरण हेरौं– '**वन्दे बोधमयं नित्यं गुरुं शंकररूपिणम्।**'– ती ज्ञानस्वरूप, नित्यस्वरूप, शिवस्वरूप गुरुदेवको म वन्दना गर्दछु, जसको आश्रय लिनाले टेढो चन्द्रमा पनि वन्दनीय हुन जान्छ। '**मन ससि चित्त महान।**'– मन नै चन्द्रमा हो। यो टेढ़ो स्वभाव भएको छ, तर सद्गुरुको शरण लिए पछि यसले नै वन्दनीय स्थितिलाई प्राप्त गर्दछ।

उपर्युक्त प्रकरणहरूमा र अरू ठाउँमा पनि भगवान् राम भन्नुहुन्छ कि विप्रको पूजाबाट पुण्य मात्र पाउँदैन बरू सबै देवी–देवताहरू समेत म पनि त्यसको वशमा हुन्छु। '**मन क्रम बचन कपट तजि, जो कर भूसुर सेव। मोहि समेत बिरंचि सिव, बस ताके सब देव।।**' (३/३३), '**शंकर भजन बिना नर, भगति न पावइ मोरि।**' भक्ति मेरो पाउने छ तर सेवा शंकरको, शिवस्वरूप गुरुदेवको। '**मोते संत अधिक करि लेखा।**' (३/३५/३) मभन्दा बढ़ी सन्तको सेवा। '**तुम्ह तें अधिक गुरहिं जियँ जानी। सकल भायँ सेवहिं सनमानी।।**' (**मानस, २/१२८/८**) श्रद्धा परमात्मामा हुन पर्छ तर पूजा सद्गुरुको गर्ने। लक्ष्य परमात्मा हुन्; तर माध्यम सद्गुरु। '**हरि तोषन व्रत द्विज सेवकाई।**' संतुष्ट हरिलाई गर्नु छ; तर सेवा द्विजको। ध्यान गुरुपद नखको गर्नु पर्दछ; तर ज्ञान रामचरितको हुन्छ। यो नै तरीका हो।

मानस लेख्नुको साथ–साथै गोस्वामीजीले केही मानस रोगहरूको पनि वर्णन गर्नुभएको छ, जस्तो '**मोह सकल व्याधिन्ह कर मूला। तिन्ह ते पुनि उपजहिं बहु सूला।।**' (७/१२०/२९) मोह सम्पूर्ण रोगहरूका जरा हो, जसबाट धेरै जसो कष्टहरूको उत्पति हुन्छ। काम वात हो, कफ लोभ हो, क्रोध पित्त हो जसले छातीलाई जलाउँछ। अहंकार गाँठको रोग हो। यसप्रकार केही रोगहरूको चित्रण गर्दै अन्तमा निर्णय दिनुभयो कि यिनीहरू असंख्य छन्। '**जाने ते छीजहिं कछु पापी।**' (७/१२१/३) थाहा पाए पछि यी पापीहरू केही कमजोर हुन्छन् अर्थात् यिनीहरू नै पापी हुन्। काम, क्रोध, लोभ, मोह यिनीहरू नै पापका उद्गम हुन्। यिनीहरू राम्ररी नष्ट कहिले हुन्छन्? यस सन्दर्भमा भन्नुहुन्छ–

सद्गुर बैद बचन बिस्वासा। संजम यह न विषय कै आसा।।
रघुपति भगति सजीवनि मूरी। अनूपान श्रद्धा मति पूरी।।
एहि विधि भलेहिं सो रोग नसाहीं। नाहिं त कोटि जतन नहिं जाहीं।।

(मानस, ७/१२१/६-८)

भगवान् रामको भक्ति नै संजीवनी जड़ी हो, वहाँमा श्रद्धा नै अनुपान हो अर्थात् एक परमात्मामा श्रद्धा। सद्गुरु नै वैद्य हुन्, सद्गुरुमा अटुट विश्वास गर्नु पर्दछ। वहाँकै निर्देशनमा हिड़नु पर्दछ। तेस्रो कुरा छ– विषयहरूबाट वैराग्य हुनु। यसप्रकारले गरेपछि पापको थलो यी रोगहरू भलै नष्ट हुन सक्छन् होइन भने करौड़ौं उपायहरूद्वारा पनि नष्ट हुन सक्दैनन्। जब तिनीहरू नष्ट नै हुदैनन्, अरू करौडौं उपायहरूबाट पनि नष्ट हुँदैनन् भने पापलाई नष्ट गर्न तपाईंले कुन चाहिं उपाय गरिरहनु भएको छ?

इन्द्रिय संयम नै हरिमा श्रद्धा र हरको पूजाको प्रारम्भ हो। '**हरिहर निन्दा सुनइ जे काना।**'– हरि र हरको निन्दा त्यसले मात्र सुन्दछ जसका इन्द्रियहरू संयमित छैनन्। त्यसो भए त उसको इन्द्रियहरूको सबै ढोकाहरू खुला छन्। निन्दा गर्नु र निन्दा सुन्नु नै ऊसंग रहन्छ, जुन भयानक पाप हो।

सन्त अथवा सद्गुरुको दर्शन जति ठूलो पुण्य हो, असन्तको दर्शन र सम्पर्क, त्यो कुनै पनि भेषमा किन नहोस्, पापको कारण बन्दछ– जस्तो कि प्रतापभानुलाई भयो। मानसको एउटा घटना हो कि प्रतापभानु नाम गरेका एउटा चक्रवर्ती नरेश थिए। उनले हराएका एउटा राजाले मुनिको भेष बनाएर बाक्लो जंगलमा मौका छोप्नको लागि समयलाई पर्खेर बसी रहेका थिए। एकपटक शिकारलाई पछ्याउँदै त्यो राजा पनि बाटो बिराएर त्यही बाक्लो जंगलमा पुगे; तर तपस्वीको भेष धारण गरेको त्यो मुनिलाई राजाले चिन्न सकेन। उसको वाणीबाट प्रभावित भएर राजाले आफ्नो लागि एकछत्र, अकंटक राज्य र दुखबाटरहित शरीरको कामना गरे, जबकि यी सबैथोक त्यो नरेशलाई त्यस समयमा प्राप्त थियो।

मुनिभेषधारी त्यो राजाले त्यस कामनाको पूर्ति हुने यस्तो उपाय बताए कि प्रतापभानुले राज्य र वैभवलाई पनि गुमाउनु पर्‍यो। उनको वंशको सत्यानाश भयो र '**भये सकल अघरूप**' **(मानस, १/१७६)** सबका सब पापस्वरूप

भए जबकि जीवनभरि वहाँले पुण्यकै लागि प्रयास गरेका थिए; तर कुन कार्यहरू द्वारा? उनले गुरु, देवता, संत, पितृ र ब्राह्मणहरूको सेवा गरेका थिए, राजधर्मको पालन गरेका थिए, दान दिएका थिए। वेद–शास्त्र र पुराण सुनने गर्दथे। कुवा, तलाउ, ब्राह्मणहरूको लागि भवन तथा प्रत्येक तीर्थमा देवताहरूका लागि मन्दिर बनाएका थिए। वेद–पुराणहरूमा भने जस्तो प्रत्येक यज्ञलाई हजार–हजार पटक गरेका थिए, उनलाई यी सबैको फलको कामना पनि थिएन, तापनि '**भये सकल अघरूप**'– एउटा पनि पुण्यले साथ दिएन। गोस्वामीजीले यस कथाको माध्यमले के भन्न चाहनु भएको छ?

वास्तवमा यसभन्दा अघि तपाईंहरूले जुन उपनिषद्हरूको निर्णय सुन्नु भयो, गोस्वामाजीले पनि त्यही कुरा भन्न खोज्दै हुनुहुन्छ कि आत्मदर्शनको निर्धारित क्रियाबाहेक प्रत्येक कर्मको पुण्य सामाजिक हो, परम कल्याणको लागि होइन। त्यो पुण्य धेरै कम हुन्छ। प्रतापभानुको कामना परमात्माको लागि भएको भए संसारका यी सबै कामनाहरू स्वतः पुरा हुन्थे। यिनै भौतिक इच्छाहरूको पूर्तिको लागि व्याकुल भएर मानिसहरू भगवान्को शरणमा जान्छन् र उनीहरूले पाउँछन् पनि। ध्रुवले अचल स्थिति पाए, विभीषणले कल्पभरिको राज्य पाए, कागभुशुण्डि कालजयी भए। जन्म–मृत्यु, बुढापा–रोग र दुःखहरूबाट मुक्ति पाउनको लागि नै हाम्रा पूर्वजहरूले परमात्माको कामना गरे र प्रतापभानुको पनि यस्तै कामना थियो।

कामना पापको जरा हो, जस्तो कि श्रीकृष्ण भन्नुहुन्छ, एउटा मात्र कामना बाहेक– त्यो हो परमात्माको कामना र त्यसको लागि निर्धारित क्रिया अवश्य गर्नु पर्दछ, जसलाई पाएपछि केही पनि पाउन बाँकी रहँदैन। पूज्य गुरुदेव भन्नुहुन्थ्यो– '**इच्छा राखे मोक्ष की, ताहि शिष्य पहचान।**' जसमा मोक्षको इच्छा नै छैन त्यो कस्तो शिष्य? यसै प्रकार जसले शिष्यलाई मोक्षको बाटोमा हिडाउनु सक्दैन, उसको हृदयबाट रथी भएर उसलाई जानकारी गराउन सक्दैन त्यो कस्तो सद्गुरु?

सद्गुरुको शरण पाउनु महान् पुण्यहरूको फल र अक्षय पुण्यको स्रोत हो; तर जबसम्म यस्तो खालको सद्गुरु प्राप्त गर्नुभएको छैन तबसम्म तपाईंहरू सन्तहरूमा श्रद्धा राख्नुहोस्, सेवा गर्नुहोस्, उनीसंग परम कल्याणको नै कामना गर्नुहोस्। एक परमात्मामा निष्ठा राख्नुहोस्, उनको नाम जप्नु होस्। भोकोलाई

भोजन र तिर्खाएकालाई पानी दिनुहोस्, स्नेह दिनुहोस्। यी सबै कर्महरूको पुण्य जम्मा भएर तपाईंलाई कल्याणको प्रेरक ती सन्तहरू वा सद्गुरुहरूको पहिचानसम्म स्वतः पुऱ्याई दिनेछ। मानसमा यस कुरामाथी जोर दिइएको छ कि **'पुन्य पुंज बिनु मिलहिं न सन्ता।' (मानस, ७/४४/६)**

'सन्त दरस जिमि पातक टरई।'– सन्तहरूको दर्शनबाट पाप तर्केर जान्छ र भगवान्को सन्मुख भएपछि मेटिन्छ; तर समाजमा एउटा अरू विशिष्ट धारणा पनि पाइन्छ कि तीर्थहरूको सेवनबाट पनि पापको हानि र पुण्यको वृद्धि हुन्छ र केही गरी तीर्थहरूमा कसैले पाप गरी नै हाल्यो भने त्यो पाप अनन्त गुणा बढ्छ– **'जिमि तीरथ कर पाप।'** अतः एउटा नौलो प्रश्न ऊठ्दछ कि तीर्थ के हो? यसमा पनि विचार गर्नु अप्रासंगिक हुने छैन। महापुरुषहरूको वाणीमा–

साधूनां दर्शनं पुण्यं तीर्थभूता हि साधवः।
काले पलन्ति तीर्थानि सद्यः साधु समागमः।।

सन्तहरूको दर्शन नै पुण्य हो। भूतकालको सन्त–स्थल नै आजको तीर्थ हो। तीर्थहरूले केही समयपछि फल दिन्छन् तर साधु–दर्शनले त तत्काल फल दिन्छन्। भारतीय जनमानसमा मात्र होइन, बरू विश्वभरिमा तीर्थस्थलहरूलाई पापनाशक र पुण्यदायक मान्ने परम्परा रहेको छ। वास्तवमा सन्तहरूको तपस्थली नै तीर्थ हो। संसारमा जति पनि तीर्थ छन्, चाहे त्यो जुनसुकै धर्मको किन न हुन्, विश्वको जुनसुकै ठाउँमा किन न होस्, ती सबै सन्तहरूले क्रियाकलाप गरेको ठाउँ बाहेक अरू केही पनि छैन। कतै उनको जन्म भएको ठाउँ छ, कतैं साधना गरेको ठाउँ छ, कतै शिष्यहरूलाई उपदेश गरेको ठाउँ छ भने कतै वहाँले महाप्रयाण गरेको ठाउँ छ। हो यो कुरा बेग्लै हो कि समय बितेपछि हामीले ती ठाउँहरू र त्योसंग सम्बन्धित महापुरुषहरूलाई पनि एउटा चमत्कारिक आवरण लगाई दिने गर्छौं।

तीर्थहरूको मूलमा सन्त नै हुन्। महापुरुषहरूले त्यो सत्यलाई कसरी पाए?– यस्तो मार्गदर्शन, प्रेरणा र सामूहिक उपदेश केन्द्रको रूपमा नै ती ठाउँहरूको उपयोग छ। त्यहाँको वायुमण्डल शुद्ध हुन्छ, किनकि वहाँले मनन गरेको ठाउँ हो। चिन्तनको भावनाले त्यहाँ जाँदा सजिलै साथ भगवान्मा मन

लाग्छ। ती महापुरुषहरूलाई हामी दण्डवत् गर्छौं, उनीसंग शाश्वत सत्यलाई पाउन र समृद्धिको कामना गर्दछौं। देखा–सिकी दान–पुण्य पनि हुन्छ र जसले साधन गरेर परमात्मामा लीन भएको छ अथवा त्यस बाटोको बटुवा छन् त्यस्ता क्रियावान पुरुष दानको अधिकारी पनि छ। पण्डा–पुजारीहरूले गर्दा निश्चित रूपले केही फोहर पनि रहेको हुन्छ, तर समयको चक्रले आप से आप त्यसको सफाई गरी दिन्छ। साथै तीर्थहरूको पवित्रता कायम राख्नु सबैको दायित्व हो र यस सम्बन्धमा सबैको चनाखो दृष्टि हुनु पर्दछ।

समाजका करीब शत–प्रतिशत मानिसहरूको लागि तीर्थहरूको उपयोग छ। यी ठाउँहरूमा आउँदा–जाँदा जसलाई आत्मिक पथको जानकारी भयो, जसले यस बाटोमा हिड़न थाले, आफ्नो मनभित्र नै चित्तवृत्तिहरूलाई प्रवाहित गर्ने क्षमता जसमा आयो, त्यसपछि उसले मनमा सांगुरिएर आत्मदर्शनको बाटोमा लाग्नु पर्दछ। पार्वतीजीसित भगवान् शिवले भन्नुहुन्छ–

इदं तीर्थं इदं तीर्थं भ्रमन्ति तामसा जनाः।
आत्मतीर्थं न जानन्ति कुतः मोक्षः शृणु प्रिये।।

यो तीर्थ हो, यो तीर्थ हो– यस्तो भन्दै तामसी गुण भएका मानिसहरू भौंतारि रहन्छन्। उनीहरूले आफ्नो भित्रको आत्मतीर्थलाई जान्दैनन्। यस्ता मानिसहरूको लागि कतै पनि मोक्ष छैन? वास्तवमा चिन्तनमा लागि सकेको साधकको लागि तीर्थहरूको विधान छैन बरू बढी से बढी समय चिन्तनमा दिने विधान छ, सधैं चिन्तनको विधान छ। तर यस्तो मानिस हजारमा एउटा हुन्छ– **'नर सहस्त्र महँ सुनहु पुरारी। कोउ एक होई धर्म ब्रतधारी।।'** (७/५३/१) बाँकी बचेको उनान्शय दशमलव नौ प्रतिशत मानिसहरूको लागि तीर्थको पूर्ण महत्व छ, मन्दिर नै आरम्भिक प्रेरणा स्थल हो।

तीर्थाटन साधन समुदाई। योग बिराग ग्यान निपुनाई।।
(मानस, ७/१२५, ख/४)

जहँ लगि साधन बेद बखानी। सबकर फल हरि भगति भवानी।।
(मानस, ७/१२५, ख/७)

तीर्थाटन इत्यादि सबै साधनाको एउटा मात्र फल हो– भगवान्को भक्ति। अतः जुन ठाउँमा जाँदा खेरी श्रद्धा सबैतिरबाट एकत्रित भएर सर्वत्र व्याप्त

एउटा परमात्मामा स्थिर हुँदैन, जुन ठाउँमा आत्मदर्शनको विधिको जानकारी दिइदैन, मानिसहरू आफू क्रियामा लागेर तपाईंलाई पनि आत्मपथमा हिंडनको लागि प्रेरणा गर्दैन, जहाँ जनाले विषयहरूबाट वैराग्य र इन्द्रिय संयमको प्रेरणा, प्रोत्साहन पाइदैन भने त्यो तीर्थ तीर्थ नै होइन, त्यो मन्दिर मन्दिर नै होइन, त्यहाँ जानाले तपाईंको नोक्सान हुनेछ, कल्याण कहिले पनि हुने छैन।

जो आफू पवित्र भइसकेको छ र तपाईंलाई पवित्र गर्ने क्षमता भएको छ, ऊ नै तीर्थ हो। त्यसैकारण जैन समाजमा महापुरुषहरूलाई तीर्थंकर भनिन्छ र चिन्तनको यस पवित्र बाटोमा जो–जो आए तिनीहरू तीर्थका निवासी हुन्। पूज्य महाराजजीले यसैलाई लक्ष्य गरेर भन्नुहुन्थ्यो कि घरमा बसेर भजन गर। यदि गल्ती गऱ्यौ भने भगवान्ले क्षमा गरिदिनु हुन्छ, तर घर छोड़ेपछि, चिन्तनको यस बाटोमा यदि अलिकति पनि गल्ती भयो भने भगवान्ले कहिल्यै क्षमा गुर्नहुन्, त्यसको उपचार गर्नुहुन्छ। '**जिमि तीरथ कर पाप**'– यो तीर्थको पाप हो।

प्रश्नोत्तरीमा आदि शंकराचार्य भन्नुहुन्छ– **तीर्थ परं किं?**– सर्वश्रेष्ठ तीर्थ कुन हो? '**स्वमनो विशुद्धः**'– विशेष रूपले शुद्ध गरिएको आफ्नो मन नै सबैभन्दा ठूलो तीर्थ हो। जुन महापुरुषहरूको अन्तःकरणमा मानिसहरूलाई पवित्र गर्ने क्षमता आयो, बाहिर वहाँको निवास स्थानहरूमा पनि वहाँको यो क्षमताको प्रभाव पऱ्यो। यसकारण तीर्थहरूका दुई स्वरूप छन्। रामचरित मानसमा पनि प्रयाग, चित्रकूट, काशी, कैलाश, अवध इत्यादि जुन तीर्थहरू र गंगा, यमुना, गोदावरी, सरयू र मंदाकिनी जस्तो जुन पवित्र नदीहरूको वर्णन छ ती सबै बाहिरी तीर्थस्थलहरूको साथ–साथै मानसिक तीर्थ पनि हुन् र जुन विशेषताहरूको वर्णन मानसमा छ त्यस्तो बाहिरका यी नामहरू भएका कुनै पनि ठाउँमा खोज्दा खेरी भेटिदैन।

उदाहरणको लागि प्रयागलाई लिउँ। जुन महापुरुषहरूको अन्तःकरणमा प्रयागको अवस्था आयो बाहिर वहाँको निवास–स्थान पनि प्रयाग हुन गयो। भगवान् अफै भन्नुहुन्छ– '**तीरथपति पुनि देखु प्रयागा। निरखत जनम कोटि अघ भागा।।**' (**मानस, ६/११९/७**) चौरासी लाख जन्महरूको मात्र होइन करोड़ौं जन्महरूको पाप प्रयाग हेर्दा भाग्छ; तर बाहिर हेर्दा खेरि हेर्नेवालाको शोक–कष्ट जस्ताको त्यस्तै भई रहन्छ। पापको परिणाम भय, रोग,

शोक, वियोग, जन्म, मृत्यु भई नै रहन्छ भने कसरी मान्ने कि पाप खतम भयो। भनिन्छ कि प्रयागमा '**चारि पदारथ भरा भंडारू।**' तर यस जन्ममा प्राप्त भएको त देखिदैन?

एउटा अरू प्रयागको पनि वर्णन मानसमा छ–

मुद मंगलमय सन्त समाजू।
जो जग जंगम तीरथराजू।। (मानस, १/१/७)

सन्तसमाज हिड़ने–डुल्ने प्रयाग हो। यो प्रयाग प्रेमको हो, भक्तिको हो, मंगलको हो। यस प्रयागमा भगवान्‌को चरण–कमलहरूमा प्रेमको प्रगटीकरण हुन्छ, जसबाट– '**लहहिं चारि फल अछत तनु, साधु समाज प्रयाग।**' (१/२) चारवटै फलहरू मृत्युपछि होइन बरू जीवितै अवस्थामा यसै शरीरमा प्राप्त हुन्छन्। दुई प्रयाग भनेर गोस्वामीजीले के भन्न खोज्दै हुनुहुन्छ? तात्पर्य यो छ कि मानस तीर्थ पनि हो र लोकमा प्रचलित प्रयागभन्दा सन्त समागमले उत्पन्न हुने प्रयाग प्रत्यक्ष फलवाला हो र श्रेष्ठ छ। अतः यस मानस तीर्थलाई पनि आफूभित्र खोजी गर्नुस्, यस तीर्थलाई आफूमा ढालने प्रयत्न गर्नुस्। भगवान् आफै अनन्तकोटि तीर्थहरूभन्दा बढ़ी पवित्र छ– '**तीर्थ अमित कोटि सम पावन। नाम अखिल अघ पूग नसावन।।**' यता तीर्थहरूबाट पवित्रता आउँछ, उता नामबाटको पापको निवारण हुन्छ। नामले पनि पवित्र बनाउँछ– '**कहि नाम बारक तेपि पावन होहिं राम नमामि ते।**' (७/१२९ **छन्द**) भगवान्‌को 'पावन पावनानाम्' नाममा तीर्थ सृजना गर्ने क्षमता छ।

मानसको मन्दाकिनी यसै प्रकारको मानसिक नदी हो। त्यसमा लेखिएको छ–

सुरसरि धार नाउँ मन्दाकिनि।
जो सब पातक पोतक डाकिनि।। (मानस, २/१३१/६)

यो मन्दाकिनी गंगाजीको धारा हो। यस्तो लाग्दछ कि गोस्वामीजीलाई भूगोलको पनि ज्ञान छैन। यस्तै वहाँ सरयूको लागि पनि लेख्नुहुन्छ– '**नदी पुनीत सुमानस नन्दिनि।**' (१/३८/१३), '**मानस मूल मिली सुरसरिही।।**' (१/३९/५) पवित्र नदी सरयू मानसरोवरबाट निस्केर गंगामा मिसिन्छिन्। के गोस्वामीजीलाई यति पनि थाहा थिएन कि न मंदाकिनी गंगाबाट निस्किन्छिन्

र न त सरयू मानसरोवरबाट निस्किन्छिन्। यसै प्रकार न त मंदाकिनी गंगामा मिसिन्छिन् र न सरयू। तर वास्तवमा यस्तै हो। गोस्वामीजीको मानसमा राम–भक्ति नै सुरसरिको धारा हो र रामकथा मन्दाकिनी हो। कथा भक्तिको नै एउटा अंग हो, आरम्भिक स्तर हो। सुस्त गतिले हिंड़नेहरूको अवस्थाको प्रतीक हो मन्दाकिनी। त्यसैले पापलाई होइन, '**पातक पोतक**'– पापका बच्चाहरूलाई मात्रै खानमा सक्षम छ। यस्तै स्वरूप सरयूको र अरू तीर्थहरूको पनि छ।

बाहिरी तीर्थले मानसिक तीर्थहरूको योग्यता प्रदान गर्दछन्। अकस्मात् कसैले मानसिक पवित्रता पाउन पनि सक्दैन। यसैको प्रतिपादन सन्त कबीरले गर्दछ–

तीरथ गये एक फल, सन्त मिले फल चारि।
सद्गुरु मिले अनन्त फल, कहै कबीर विचारि।।

'**तीरथ गये एक फल**'– तीर्थहरूमा जानुको एउटा फल यो हो कि पुण्य–पुरुषार्थ बढ्छ, जसले तपाईंलाई जागृत सन्तसंग भेट गराई दिन्छ। '**सन्त मिले फल चारि**'– सन्तसंग भेट हुने बित्तिकै अर्थ, धर्म, काम र मोक्ष– यी चारवटै फलको मुहान खुल्न जान्छ। यिनै सन्तहरूमा सद्गुरु पनि हुनुहुन्छ। केही गरी सद्गुरु भेटिनु भयो भने '**अनन्त फल**'– जो अनन्त छ, असीम छ, जो शाश्वत र एक छ, त्यो परमतत्त्व परमात्माको प्राप्ति सजिलो हुनेछ।

सांसारिक व्यवस्थाहरूको लागि बनाइएका सामाजिक नियमहरूको साथमा पाप र पुण्यको जुन मान्यताहरू गाँसिएका छन्, गोस्वामीजीले त्यसलाई संसार अन्तर्गत र विधाताको प्रपंच भन्नुहुन्छ– '**विधि प्रपंच गुन अवगुन साना।**' प्रपंच के हो? '**सुख दुःख पाप पुण्य दिन राती।।**' पाप र पुण्य प्रपंच हुन्। संसारमा यी नियमहरूको पालन गर्नेलाई पुण्य मानने परम्परा छ, तर आत्मदर्शनको क्रियाबाट वञ्चित भएकोले उपनिषद्हरूले भने जस्तै गोस्वामीजी यिनीहरूलाई प्रपंच भन्नुहुन्छ र केही गरी यिनीहरू आत्मदर्शनको लागि बाधक छन् भने गोस्वामीजीले यी सबै डढेर जाओस् भन्ने कामना गर्नुहुन्छ– '**सो सुखु धरमु करमु जरि जाऊ। जहँ न राम पद पंकज भाऊ।।**' सामाजिक मर्यादाहरू आफ्नो ठाउँमा ठीकै छन्, त्यसको उपयोगिता पनि छ; तर आत्मदर्शनको बाटोमा यी मर्यादाहरूको पाप–पुण्यसंग कुनै प्रयोजन रहँदैन। भगवान् भन्नुहुन्छ–

'गुरु पितु मातु बन्धु पति देवा। सब मोहि कहँ जानें दृढ़ सेवा।।' उसले मेरो नै सेवा गरोस्। अरू कसैसंग उसको कुनै पनि कर्तव्य बाँकी रहँदैन। **'पाप पुण्य की करे न आसा। सो पहुँचे रघुनायक पासा।।'**

एकातिर वहाँ भन्नुहुन्छ– **'नहि असत्य सम पातक पुंजा।'** कि झूठो जस्तो कुनै पाप छैन; तर त्यसै मानसमा भन्नुहुन्छ– **'समुझि न परइ झूठ का साँचा।'** एउटा दृष्टिबाट हेर्दा खेरि जुन वस्तु सत्य लाग्दछ अर्को दृष्टिबाट प्रतीत हुन्छ कि यो भन्दा ठूलो झूठो त केही हुनै सक्दैन। तपाईं भन्नुहुन्छ– यो लुगा मेरो हो, मेरो नाम यो हो। तपाईंले बुझे अनुसार तपाईं साँचो नै बोली रहनु भएको छ; तर जब शरीर नै तपाईंको छैन भने लुगा तपाईंको कसरी भयो? आमाको गर्भमा तपाईं नै हुनुहुन्थ्यो, के त्यस बेला पनि तपाईंको यही नाम थियो? के यही नाम पछिसम्म पनि रहनेछ? कहिलेसम्म रहनेछ? जो वस्तु तपाईंको हो त्यसमाथि तपाईंको अधिकार हुनुपर्छ, अनि तपाईंका आफन्तहरू समय न पुग्दै किन बित्छन्? यसकारण जब गोस्वामीजी भन्नुहुन्छ– **'नहिं असत्य सम पातक पुंजा।'** यसमा वहाँको अभिप्राय के हो? वास्तवमा परमात्मा नै एउटा मात्र सत्य हुन्– **'ब्यापक एकु ब्रह्म अबिनासी। सत् चेतन घन आनन्द रासी।।'** त्यही सत्य हो, परम चेतन, असीम र अनन्त आनन्दको राशि हो, अरू कुनै सत्य छँदै छैन। यसको पालन नै पुण्य हो र यसको विपरीत हुनु, यस 'सत्य'लाई बिर्सी दिनु अर्थात् परमात्मालाई बिर्सी दिनु नै पापको भन्डार हो।

उपशम

हामीले राम्रो कार्य नै किन गर्ने?– यस सम्बन्धमा गीताको निर्णय छ कि मानिसहरूले कर्महरूको रचयिता हुन्– **'कर्मानुबन्धीनि मनुष्यलोके।'** यस शरीरमा राम्रा–नराम्रा कर्महरूद्वारा दुबै प्रकारका संस्कार बनाउने र नष्ट गर्ने क्षमता छ। यदि मानिसले राग र द्वेषबाट प्रेरित भएर नै कार्यहरू गरी रहन्छ भने त्यस्तै प्रकारको संस्कार बनी रहन्छ, अन्तिम समयमा पनि त्यसकै चिन्तन भई रहन्छ र यी संस्कारहरूको अनुरूप आगामी शरीरमा पनि त्यही गरी रहनेछ भने परमात्माको चिन्तन गर्ने मौका नै उसले कहिले पाउला? यी कार्यहरू गरी रहँदा ऊ आफ्नो वास्तविक कल्याणबाट वंचित हुनेछ। अतः पाप र पुण्यले

मात्र संस्कार बनाउँछ, जबकि परमात्मालाई विदित गराउने क्रियाले यी संस्कारहरूको निरोध गर्दछ।

मन एउटा पनि क्षण शान्त भएर बस्दैन। संकल्पको नाम नै मन हो। यसले सधैं केही न केही गरी रहेकै हुन्छ, तर एउटा समयमा एउटा मात्र काम गर्छ। नियत कर्म, आराधना र माता–पिता गुरुजनहरूको सेवा, देश–सेवा, समाज–सेवा र यसको विपरीत अविहित कर्म, चोरी–बेइमानीसम्म जे–जसो पनि तपाईं गर्नुहुन्छ, आफ्नो लागि संसारको एउटा संस्कार नै तैयार गरिरहनु भएको छ, जुन तपाईंले नै भोग्नु पर्नेछ र भोग्नको लागि शरीर धारण गर्नु पर्नेछ। अतः बढ़ी से बढ़ी समय चिन्तनमा दिनुहोस्, जसले जन्म–मृत्युको बन्धनबाट छुटाएर तपाईंलाई अनन्त आनन्दमा स्थिति प्रदान गरोस्। पापबाट बच्ने र पुण्य अर्जित गर्ने यो नै एउटा मात्र मूल हो। विकार मनमा हुन्छ, शरीरमा होइन, रौंमा होइन, अतः शरीर धोएर त्यो विकार कहिल्यै नष्ट हुने छैन। भजन यी मानसिक विकारहरूको मानसिक उपचार हो।

संक्षेपमा पाप र पुण्यको प्रश्नमा वेद, उपनिषद्, गीता, रामचरित मानस र संसारभरिका महापुरुषहरूको एउटै निष्कर्ष छ। ईसाई, यहूदी र इस्लाम विचारधाराहरूमा पनि यसैको अंश छ। उनीहरू पनि पापको कारण शैतानलाई मान्दछन्। शैतान कुनै अदृश्य जीव हो जो मानव–शरीरको बाहिर बसेर पनि उसलाई अल्लाह वा गौडको आज्ञा नमान्नको लागि प्रेरित गर्दछ, जबकि भारतीय मनीषिहरूले यस बिन्दुलाई धेरै स्पष्ट पार्दै देवता र असुरहरूलाई मानवको शरीरभित्र लुकेका गुणहरूको रूपमा हेर्दछन् तथा मानव शरीरमा नै चराचर संसारको बीउ र त्यसको पनि संचालक परमात्मालाई जान्दछन्। राग र द्वेषको जन्मदाताको रूपमा असुरहरू र त्यसको विपरीत शम, दम, विवेक, वैराग्य, धारणा, ध्यान इत्यादि दैवी सम्पदाको गुणहरूको स्वाभाविक मान्यता विचारधारालाई धेरै ग्रहण गर्ने योग्य बनाई दिन्छ।

भारतीयबाहेक अरू विचारधाराहरूले पनि पापको परिणाम मृत्यु मान्दछन्। आदमको मूल पाप हामीले जन्म लिएर भोग्नु परिरहेको छ। र आफ्नो जीवनमा जो पाप गरिन्छ, त्यसको परिणाम सधैंको लागि दोजख, सुध्रिने कुनै मौका छैन, जबकि भारतीय मनीषिहरूले पुनर्जन्मको नारकीय जीवनबाट छुटकारा

हुन सक्ने बताउँछन् र पटक–पटकको जन्म र मृत्युलाई त्यही पापको परिणाम, आफ्नो कर्महरूको परिणाम मान्दछन्। अचेल विश्वभरीमा प्रकाशमा आउने गरेका पुनर्जन्मका अनगणित घटनाहरूलाई छोड़िदिए पनि, यदि यति मात्र मानौं कि यो जीवन नै अन्तिम जीवन हो, तब त ईश्वर र सामाजिक नैतिकताको नियमहरूको पनि कुनै औचित्य रहँदैन। जुन सत्तालाई हामीले देखेका छैनौं र त्यसको विषयमा केही देखाई राखेको पनि छैनौं, मात्र यति भनेर उसलाई कसरी मनाउन सकिन्छ कि त्यसलाई मानेन भने मरेपछि कष्टहरू पाउने छौ, यदि त्यो छ भने त्यसलाई जान्न सकिन्छ। श्रीकृष्ण भन्नुहुन्छ, त्यही त एउटा मात्र सत् हुन्। त्यसलाई यसै शरीरमा, यसै जीवनमा जान्न सकिने मात्र होइन् बरू वहाँ तपाईंको दर्शन, स्पर्श र प्रवेशको लागि पनि सुलभ हुन्। प्रत्येक भारतीय महापुरुषहरूको यस्तै अनुभूति रहेको छ। '**जाने बिनु न होई परतीति**'– न जानीकन कुनै कुरा मान्नु विश्वास होइन बरू त्यसलाई अन्धविश्वास भनिन्छ।

इस्लाम विचारधारा पुण्यको परिणाम सधैं–सधैंको लागि जन्नत, जसमा चिसो जलको चश्माहरू, रक्सीको झर्नाहरू, मिठाईहरू, सुन्दरीहरू र सेवकहरू हुन्, सांसारिक दुर्लभ वस्तुहरूसंग मिल्दो–जुल्दो वस्तुहरूको धेरै मात्रामा भोगहरू हुन् जबकि भारतीय मनीषिहरूको अनुभूतिमा पुण्यको परिणाम त्यो परमात्माको प्राप्ति हुनुमा छ, जुन अनन्त तर अनिर्वचनीय आनन्द स्वरूप हुन्। यो आनन्द भोगको होइन, बरू आप्तकामताको हो। यस सम्बन्धमा ईसाको विचार भारतीयहरूको विचारको नजिक लाग्छ कि एउटा परमात्मा र ईसामा विश्वासको परिणाम अनन्त जीवन हो– शब्दहरूमा धेरैं समानता देखिन्छ। ईसाका केही अरू कथनहरूमा पनि यस्तै गरी समानता छ– "म प्रभुमा छु र प्रभु ममा छु। म तिम्रो पिता र आफ्नो पिता कहाँ जान्छु। जसले ममा विश्वास गर्नेछ, उसले म जस्तै काम गर्न सक्नेछ बरू मभन्दा पनि ठूलो काम गर्नेछ।" तर ईसाईहरूले वहाँलाई ईश्वरको एकलौटो छोरा मानेर आफू ईश्वरको जस्तो छोरा बन्ने प्रयास छोड्दछन् र इस्लामका समर्थक पनि यो मानेर बस्छन् कि मानिस खुदा (भगवान्) हुन सक्दैन। मुहम्मद अल्लाहको संदेशवाहक मात्र थिए, नबी थिए। सबै नबीहरूमाथी ईमान (श्रद्धा) गर, तर इस्लामलाई मान। "मुहम्मद साहब अन्तिम नबी हुन्।"– यसप्रकार भविष्यमा कसैलाई पनि त्यस्तो बन्ने बाटो नै बन्द हुनजान्छ। तर जुन सूफिहरूले मुहम्मदले भनेका अर्थलाई बुझे,

उनीहरूले वहाँ जस्तै साधना गरे र प्राप्त गरे– **'देखते देखते क्या से क्या हो गया। कतरा दरिया में गिरा तो फना हो गया।'** उनीहरूले कयामत (प्रलय)लाई पर्खिनु परेन, न त जन्नत (स्वर्ग) जानु पऱ्यो, न दोजख (नरक)को खतरा रह्यो। उनीहरू खुदामा प्रवेश पाए। केही त्यस्तै अनुभूति उनीहरूले पनि पाए जस्तो कि भारतीय चिन्तनमा छ।

पाप–निवारणको प्रश्नमा ईसाईहरूले प्रार्थनमा जोर दिन्छन्। धर्मगुरु (पोप) अगाड़ि (Confession) पाप स्वीकार गरेर उनीसंग यहाँ नै क्षमादान लिन्छन्। कुरान शरीफमा पनि छ कि जसले प्रायश्चित (तौबा) गर्छ, ईमान ल्याउँछ, नेकीको (असल) काम गर्छ, म त्यसको गुनाहहरूलाई (अपराध) क्षमा गरिदिन्छु। पापहरू फेरि न दोहोरिओस्, यसको लागि हार्दिक पश्चातापको भारतीय दर्शनमा पनि महत्व छ; तर यसको साथै भारतीय विचारधारामा पाप समूल नष्ट गर्नको लागि एउटा निर्धारित क्रिया द्वारा लागेर परमात्मामा प्रवेश पाउने विधान छ। दुबै विचारधाराहरूमा फरक देखिनुको मुख्य कारण यो होइन कि ती महापुरुषहरूले यी क्रियाहरूलाई बताउने र त्यसमा समाजलाई लगाउने मौका नै पाएनन्। बाटो बिराएको समाजलाई एउटा परमात्मातिर डोऱ्याउने काम गर्दा–गर्दै नै उनीहरूको समय पूरा भयो जुन आत्मिक बाटोको प्रवेशिका हो।

भारतीय विचारधारामा जस्तो महत्व सद्गुरुको छ, त्यस्तै नै स्थान यी विचारधाराहरूमा पैगम्बरहरूको छ कि सद्गुरु वा पैगम्बर बिना कसैले पनि भगवान्संग भेट्न सक्दैन वा स्वर्गको राज्यमा प्रवेश गर्न सक्दैन र न कसैको पाप माफ हुनेछ; तर उनीहरू मान्दछन् कि पैगम्बर यस मानवताको लागि अन्तिम व्यक्ति थिए, हामीहरू मध्येबाट कोही पनि वहाँ–जस्तो हुन असम्भव मात्र होइन बरू वहाँ–जस्तो स्थिति प्राप्त गर्ने कामना गर्नु पनि अपराध हो, जबकि भारतीय विचारधारामा गुरुले शिष्यलाई आफू जस्तै बनाएरै छोड्छन् र प्रत्येक शिष्यले गुरुको गुरुत्व पाउने दिशामा प्रयत्नशील पनि रहन्छ। भारतीय चिन्तनमा सद्गुरुलाई इष्टको रूपमा पूज्ने र सद्गुरुद्वारा अचेत आत्माहरूको जागृति, सद्गुरुद्वारा हृदयमा यौगिक क्रियाहरूको जागृतिको जुन विधान छ, यी विचारधाराहरूमा यसको पुरै अभाव छ।

एउटै परमात्मा र एउटै गुरुमा विश्वासले तपाईंलाई सत्यको ढोकासम्म लैजान सक्छ; तर त्यो सत्यको अनुभूतिको लागि हृदयबाट सद्गुरुको जागृति र उनीद्वारा बताइएका क्रियामा लागेर परमात्मामा प्रवेश पाउने विधान छ, जहाँ पुगेर पापहरूको उन्मूलन हुनुको साथै पुण्यले पनि आफ्नो कार्य पूरा गरेर सधैं–सधैंको लागि शान्त हुन्छ, जस्तो कि उपनिषद्का ऋषिहरूको अनुभूति छ कि यस्तो व्यक्ति पाप र पुण्यबाट पनि छुटकारा पाउँछ। गीतामा अर्जुनले देखे कि कौरव पक्ष पछि पाण्डव पक्षका योद्धाहरू पनि योगेश्वरमा समाहित हुँदै गइरहेका थिए, मुखमा धूलो हुँदै गइरहेका थिए। पुण्यहरूको अर्जन गरिन्छ; तर पापहरू नाश भएपछि पुण्य आफै शान्त हुनजान्छ। अतः एउटा मात्र पुण्य यो हो कि निर्धारित क्रियाको आचरण गर्नुस्।

समाजमा सदाचार र सद्व्यवहार पनि पुण्य नै हुन्, जस अन्तर्गत सत्य बोल्नु पुण्य हो, परोपकार पुण्य हो, ईमानदारी पुण्य हो– जस्तो कि धेरैजसो धर्मग्रन्थहरूमा र कन्फ्यूशियस, प्राचीन यूनानी विचारधाराहरूमा पनि छ; तर यी ससाना स्तरहरूबाट लाग्दा–लाग्दै जसले एउटा परमात्मातिर डोऱ्याउँछ त्यो आत्मदर्शनको क्रियाको पालन गर्नु सबैभन्दा ठूलो पुण्य हो, भलै बीचमा स्वर्गको कामना हुन गयो। श्रीकृष्ण भन्नुहुन्छ– म त्यो पनि दिन्छु। भगवान् श्रीराम भन्नुहुन्छ– **'जन कहँ नहिं अदेय कछु मोरे।'** परम कल्याणको साथ–साथै लौकिक समृद्धि आप से आप पाइन्छ– **'तिमी सुख सम्पत्ति बिनहिं बोलाये। धर्म शील पहिं जाहिं सुहाये।।'** ती सबैथोक पनि पाइन्छ, तर सीधै एउटा परमात्मासंग मागिएकोले, साधना विधि अनुसार गरिएको कारणले त्यो पुरुषले शाश्वत धाम पाउँछ। फेरि त्यसको पतन हुन पाउँदैन।

आखिरमा एकपटक फेरि बुझ्नुस्– पाप त्यो हो जसले पतनतिर लैजान्छ, तल खसाल्छ। परलोकमा मात्र होइन बरू यस लोकमा पनि जीवन दुःखमय बनाई दिन्छ र पुण्यकर्म त्यो हो जसले पूर्णत्व प्रदान गर्छ। यस लोकमा तपाईंलाई भरिभराउ राखोस् र परलोकमा शाश्वत धाम दिलाओस्। जो जन्म–मत्युको कारण बन्दछ, त्यो पापकर्म हो र जसले त्यहाँबाट ऊठाएर शाश्वत परमधाम दिलाउँछ त्यो पुण्यकर्म हो। त्यो पुण्य एउटा परमात्मामा श्रद्धा स्थिर गर्नाले र त्यसको लागि निर्धारित क्रिया गरेर पाइन्छ– **'सुर दुर्लभ सुख करि जग**

माहीं। अन्तकाल रघुपति पुर जाहीं।।' आखिरमा शाश्वत धाममा प्रवेश पाइन्छ। यति हुँदा-हुँदै पनि मानिसहरू दुःखी छन् भने हाम्रो दुःख-दीनता र गरीबीको एउटा मात्र कारण एउटा परमात्मामा अश्रद्धा हुनु नै हो, अरू कोही पनि बाधक छैन।

सच्चाई, ईमानदारी, निष्कपट स्वभाव इत्यादि पनि साँचिकै पुण्य हो; किनकि कुनै व्यक्तिको यस्तो आचरण उसको स्वच्छ मनको प्रतिबिम्ब हो। यदि दैनिक जीवनमा कुनै व्यक्ति सदाचारी छ, रहन-सहनमा सफाई छ, चरित्रमा सुगन्ध छ भने आत्मिक पथमा पनि ऊ त्यस्तै सजिलो साथ अगाड़ि बढ्न सक्छ।

निर्मल मन जन सो मोहिं पावा।
मोहिं कपट छल छिद्र न भावा।।

अतः सन्त-सत्पुरुषहरूद्वारा अनुमोदित सदाचार, शिष्टाचार, सद्व्यवहारको पालना गर्दै आत्मदर्शनको नियत क्रियामा लागौं। चिन्तनको नियत क्रियामा पनि तपाईंले यति मात्र त गर्नु छ कि एक परमात्मामा श्रद्धा, उनको नामको जप र सद्गुरुको शरण। के तपाईं यति पनि गर्न सक्नु हुन्न? यत्ति नै धर्म हो! जब यति नै धर्मको मूल हो भने यसबाहेक अरू तपाईंले के गर्नुहुन्छ र किन गर्नुहुन्छ? अतः राम्ररी गृहस्थीको निर्वाह गर्दै यसको लागि पनि केही समय अवश्य दिनुस्। **'जासु नाम पावक अघ तूला।'** नाम-चिन्तनको अग्नि सल्किन मात्र समय लाग्दछ, त्यसपछि लाख मनको पापको रूई भए पनि भस्म हुन बेर लाग्दैन। **'राम नाम आधी रती, तुलसी पाप पहार।'**- पापको पहाड़ नै किन नहोस्, चिन्तनको सही प्रक्रिया समात्ने बित्तिकै त्यो पनि स्वाहा हुनजान्छ। अतः सही विधिले चिन्तनमा लाग्नुस्।

विचार-विमर्शको लागि तपाईंहरूको र तपाईंको सल्लाहहरूको सधैं स्वागत छ।

।।ॐ।।

सनातन धर्म

धर्मको लागि झगड़ा व्यर्थ हो। विश्वभरिमा धर्म एउटै छ, यदि दुइटा छन् भने धोखा हो। जसमा सत्य छैन, त्यो धर्म होइन। धर्ममा सच्चाई छैन भने जीवन पनि निरर्थक हुन्छ।

– स्वामी अड़गड़ानन्द

बन्धुहरू हो!

यस संसारमा सानो कीरादेखि लिए चक्रवर्ती सम्राटसम्म सबैले कुनै न कुनै दुःखबाट निवृत्तिको यत्न गर्दछन्; तापनि दुःखहरूबाट छुटकारा पाउँदैनन्। मृगतृष्णा–जस्तो जुन विषयहरूको पछि मनुष्यले सुख सम्झेर दौड़िन्छ, प्राप्त भएपछि त्यो पनि दुःख नै सिद्ध हुन्छ। लाग्छ, सुख कतैं यसको अगाड़ि छ। यिनै परिस्थितिहरूको बीचमा पूर्व मनीषिहरूले दुःखभन्दा पर सुख र नश्वर देखि पर शाश्वतको खोज आरम्भ गरे। उनीहरूले शोधको परिणाम घोषित गरे, '**शृण्वन्तु विश्वेऽमृतस्य पुत्राः**'– अमृत अंश विश्वभरका मानिसहरू सुन्नुहोस्। '**वेदाहमेतं पुरुषं महान्तम्**'– मैले त्यो परम पुरुष परमात्मालाई राम्रो प्रकारले जानीसके, जो '**आदित्यवर्णः तमसः परस्तात्**'– प्रकाशस्वरूप र अन्धकारबाट पर हुनुहुन्छ। '**तदेव विदित्वाऽति मृत्युमेति**'– वहाँलाई जाने पछि मात्र मृत्युबाट छुटकारा पाउन सकिन्छ। '**नान्यः पन्था विद्यते अयनाय**'– यसबाहेक अरू कुनै शाश्वत सुखको मार्ग छैन।

खोजीको यसै क्रममा याज्ञवल्क्य र मैत्रेयीको कथा आउँछ। याज्ञवल्क्यको मन जब सांसारिक भोगहरूबाट तृप्त भएन तब उनले ऋषिसंग भेटे, उनीहरूबाट साधनक्रम बुझे र उनै परमात्माको शोधको लागि जंगलमा जान थाले। आफ्नी भार्या मैत्रेयीलाई धन–संपत्ति दिन थाले। मैत्रेयीले सोधिन्– के यो सम्पत्तिले म अमर हुनेछ? याज्ञवल्क्यले भने– होइन, यसबाट यति मात्र हुनेछ कि जसरी धनी मानिसहरूले जीवन निर्वाह गर्दछन्, त्यस्तै तिमीले पनि गर्नेछ्यौ। मैत्रेयीले भनिन्– त्यसो भए यो सबै लिएर पनि के गर्ने, जसबाट मत्युको भय भैरहने छ। त्यो वस्तु दिनुहोस् जसद्वारा म अमर हुन सकुँ, कुनै शोक नरहोस्। याज्ञवल्क्यले

उनलाई पनि एक परमात्माको प्राप्तिको विधि बताए। आज पनि वैदिक युगको महान नारिहरूमा मैत्रेयीको नाम श्रद्धाको साथ लिने गरिन्छ।

जीवन र मृत्युको यसै रहस्यलाई जान्नको लागि, दुःखहरूबाट बच्न र सम्पूर्ण प्राणिहरूलाई बचाउने विधि बताउनको लागि नै गौतम बुद्धले प्रतिज्ञा गरे कि जबसम्म म यसलाई जान्दिन तबसम्म राजधानी कपिलवस्तु भित्र पाइला राख्दिन। महात्मा ईसा भन्नुहुन्छ– (For what is a man profited if he shall gain the whole world and lose his soul.) "यो भन्दा ठूलो हानी के हुन सक्ला यदि मनुष्यले संसारभरको वैभव पाउँछ तर आफ्नो आत्मा नै हराउँछ। पहिले ईश्वरको राज्यमा प्रवेश पाऊ, बाँकी सबै चीजहरू तिमीले आफैं पाउनेछौ।"

मुहम्मद साहबले पनि भन्नुहुन्छ– "उनीहरूले ठूलो हानि बेहोर्नु पर्‍यो, जसले अल्लाहलाई जानेनन्।" यसै प्रकार सबै महापुरुषहरूको एउटै निर्णय रह्यो कि दुःखहरूबाट बच्नको लागि, शाश्वत शान्ति र भौतिक समृद्धिको लागि पनि परमात्मालाई विदित गर्नु आवश्यक छ। यस शोधको स्मृतिलाई कायम राख्नुको लागि महर्षि व्यासले ऋषिहरूद्वारा अनुभूत ऋचाहरूको संकलन वेदको रूपमा गरे। वेदग्रन्थहरूको संख्या चार छन्, जसलाई कालान्तरमा सम्झिन–सम्झाउनको लागि आचार्यहरूले उपवेद, वेदांग, ब्राह्मण–ग्रंथ, आरण्यक र उपनिषद्हरूको रचना गरे र यी सबैको सारांश पनि महर्षि व्यासले भगवान श्रीकृष्णोक्त गीतामा प्रस्तुत गरे।

सर्ववेदाः यत्पदम् आमनन्ति– सबै वेदहरू जुन एक परमात्माको मनन गर्दछन्, तिनै परमात्मालाई देख्ने विधिको वर्णन मुनिहरूले सूत्ररूपमा दर्शनशास्त्रहरूमा गरे। **दृश्यते अनेन इति दर्शनम्–** जसद्वारा उनलाई देख्न सकियोस्, यस्ता छः शास्त्र– सांख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्तको नामले प्रसिद्ध छन्; तर यसका अनुयायी "ईश्वर उपादन कारण हो अथवा निमित्त कारण? साधक अन्तमा ईश्वर बन्दछ र कि ईश्वरको समान?"– यिनै प्रश्नहरूमा अल्झेर ताना–तान गर्दा–गर्दै द्वैत, अद्वैत, विशिष्टाद्वैत, शुद्धाद्वैत, द्वैताद्वैत इत्यादि साम्प्रदायिक संगठनहरूमा संकुचित हुँदै गए। शास्त्रार्थ प्रधान बन्न गयो। हृदयस्थ परमपुरुषको शोधको क्रिया धमिलो हुन पुग्यो। एक धर्मको

स्थानमा तांत्रिक, पाशुपत, पांचरात्र, शाक्त, सौर, गाणपत्य, शैव, वैष्णव, नाथपंथी, जैन, बौद्ध, हीनयान, महायान, ब्रजयान, सौतांत्रिक, वैभाषिक, योगाचार, माध्यमिक, श्वेताम्बर, दिगम्बर, दक्षिणमार्गी, वाममार्गी– कति हो कति सम्प्रदायहरू र परस्पर विरोधी पूजा–पद्धतिहरूको बाहुल्य हुन थाल्यो। शाश्वतको पुजारी नश्वरको पछि भौंतारिन थाले।

आजकल संसारमा प्रचलित प्रचार–प्रसार विरत सनातनी हिन्दू, जैन, सिख, पारसी, यहूदी तथा प्रचार एवं संख्या–विस्तारमा लागेका, बौद्ध, ईसाई र इस्लाम विचारधाराहरू धर्म होइनन्। महापुरुष प्रत्येक देशकालमा हुँदै आएका छन्। उनीहरूको उपदेशहरूलाई जीवित राख्नको लागि संस्थाहरू बनाइन्छन्, ग्रन्थहरू लेखिन्छन् र उनीहरूको मूर्ति पनि बनाउने गरिन्छ, आदर्श पुरुषको स्मृतिको लागि। तर कालान्तरमा संस्थाहरू, पूजनस्थल, उनीहरूको गद्दीमा बस्ने आचार्य र उनीद्वारा परिवर्द्धित क्रियाहरू नै धर्म बन्न लाग्दछन्। महापुरुषलाई गौण बनाउने गरिन्छ। मन्दिर, मस्जिद, चर्च र गुरुद्वाराहरूमा जानु नै धर्म हुन थालेको छ। श्रीराम, श्रीकृष्ण, ईसा र नानकको नाम धमिलो हुन थालि सक्यो। धर्मको स्थानमा प्रचलित यी विचारधाराहरूले नाम त लिन्छन् आध्यात्मिकताको, जो उनीहरूबाट कहिले हो कुनि विस्मृत भैसकेको छ। उनीहरूमा बाँकि रहेको छ मात्र असहिष्णु संगठन वृत्ति। हो, अर्का सम्प्रदायहरूसंग लड्नको लागि सबै एक छन्।

आफूलाई सनातन भन्ने हिन्दू–धर्म पनि दुई भागमा बाँडिएको छ– श्रौत धर्म र स्मार्त धर्म। श्रौत–धर्ममा संस्कार र कृतिहरू आउछन्, जसको उल्लेख वैदिक संहिताहरूमा छ, जस्तै– अग्निहरूको प्रतिष्ठा यज्ञ र सोमकृत्य, जसलाई आजको समाजले जान्दै जान्दैन। स्मार्त–धर्ममा ती कर्तव्यहरूको चर्चा छ, जसको वर्णन स्मृतिग्रन्थहरूमा छ, जसलाई धर्मशास्त्र पनि भनिन्छ।

यी धर्मशास्त्रहरूमा धर्मका कैयौं रूप भेटिन्छन्, जस्तै– विशिष्ट धर्म त्यो हो जसको पालन वर्ण–विशेष अथवा आश्रम–विशेषका सदस्यहरूद्वारा आवश्यक ठहराइएको छ, जस्तै– आफ्नो जीविकाको लागि ब्राह्मणले अध्ययन–अध्यापन, यज्ञ र दानको आश्रय लिउन्। क्षत्रियले रक्षा–कार्य हेरून्। वैश्यले कृषि–गोरक्षा र व्यापार गरून् तथा शूद्रले सेवा गरून्। आश्रम–धर्ममा जीवनको

प्रारम्भिक पच्चीस वर्षसम्म विद्याध्ययन, पचास वर्षपर्यन्त विवाह–वारी र परिवारको पालन–पोषण, यसको उपरान्त वानप्रस्थ आश्रममा गृहत्याग गरेर विषयहरूको प्रलोभनबाट मुक्त हुने प्रयास तथा पचहत्तर वर्षपछि मोक्ष–साधनको योजना राखिएको थियो।

सामान्य धर्म ती हुन्, जसको पालन सबैले गर्नु पर्दथ्यो, जस्तै– कुनै जीवलाई कष्ट न दिनु, सत्य बोल्नु, लेन–देनमा ईमानदार हुनु, दान–दया–क्षमा। यसको साथमा नै चोरी, व्यभिचार, अभक्ष्य भोजन, ईर्ष्या, कुरा लगाउने, मान–सम्मान, छल–कपट इत्यादिको त्याग तथा यज्ञ, दान र तप इत्यादि काम्य कर्महरू आफ्नो स्वार्थको लागि नगर्नु धर्म भनिएको छ।

निमित्त धर्म विशेष अवसरहरूमा गरिने गरिन्छ। देशधर्म र युगधर्म जस्तै आपत्ति कालमा यी नियमहरूमा दिइएको शिथिलतालाई आपद्–धर्म तथा राजकीय कर्तव्यहरूलाई राजधर्म भनिएको छ। परधर्म त्यसलाई भनियो, जसका अनुयायीहरू अलग छन्। यसै प्रकार चलधर्म केही कालसम्म रहनेवाला धर्म र धर्माभासलाई भनिन्छ। यो राजाको कर्तव्य हो कि जो यी धर्महरूबाट च्युत भइरहेका छन्, तिनीहरूलाई यस धर्महरूतिर बढ्नको लागि नियन्त्रित गरून्।

तपाईं विचार गर्नुहोस् कि धर्मको यस अवधारणा परमात्माको खोज कुन सीमासम्म छ? यो मात्र सामाजिक व्यवस्था हो। चार वर्णहरूको रूपमा यो समाजको स्तरीकरण र चार आश्रमहरूको रूपमा मानव–आयुको स्तरीकरण मात्र हो। समाजविरोधी कार्यहरूको उन्मूलनको जुन व्यवस्था आज राज्यले गर्दछ, त्यही कार्य प्राचीनकालमा स्मृतिहरूले धर्मको नाममा गराउँथ्यो। के यो धर्म हो?

सनातन धर्मको नाममा रूढ़िहरू र कुरीतिहरूलाई पूज्ने गरिएको छ। संसारभरमा हिन्दूले सबैभन्दा धेरै श्रद्धाले भजन गर्छ, तर सबैभन्दा ठूलो अधार्मिक पनि उही छ। जाति, देवता र भ्रान्तिहरू– बस यति नै त सनातन धर्म रहन गएको छ।

यदि वर्ण र आश्रम–व्यवस्था नै सनातन धर्म हो भने यो शूद्रहरूको लागि बेकार छ। धर्मको एउटा वाक्यमा पनि विचार गर्दा उनीहरूको लागि नरक आरक्षित छ। उनीहरूलाई पढ्ने अधिकार पनि थिएन। ब्रह्मचर्य आश्रम

उनीहरूको लागि थिएन भने उनीहरूलाई संन्यास किन हुन्थ्यो? जब जग नै समाप्त भै सक्यो भने घर कसरी बन्ने छ? उनीहरूलाई कहिले सिकाइयो जो वैराग्यको लागि व्याकुलता होस्? यदि यो नै सनातन धर्म हो भने यो समाजका मुट्ठीभर विशेषाधिकार प्राप्त मानिसहरूको धर्म हो।

आधुनिक सुधारवादी आचार्यले देशसेवा, सदाचार र परस्पर मानव-प्रेमलाई नै सनातन धर्म मान्दै आएका छन्। यदि यही सनातन धर्म हो भने तपाईंले यी गुण विदेशबाट सिक्नु पर्दछ; किनभने देशभक्ति, ईमानदारीको क्षेत्रमा तपाईंहरू भन्दा राम्रो कीर्तिमान विदेशमा स्थापित भएका छन्। त्यसी भए भारत विश्वगुरु कसरी? पचास करोड़ हिन्दूहरूको बीचमा तेत्तिस करोड़ भन्दा पनि बढ़ी देवता, तिनीहरूको भागमा पर्ने डेढ़-डेढ़ हिन्दूहरूको संगठन के सनातन धर्म हो?

वास्तवमा यी धर्म होइनन्, बरू भयंकर भ्रम हुन्। यी सबैले देशलाई गुलाम बनाए- राजनीति ढंगबाट र वैचारिक ढंगले पनि। समय र परिस्थिति अनुसारको सामाजिक हथकण्डा धर्मको नाममा अपनाइयो। कुनै बेलाको सती प्रथा जस्तो आज पनि जाति प्रथा, अस्पृश्यता, वेश्यावृत्ति, देवदासी प्रथा, बाल विवाह, दाईजो प्रथा, नशाखोरी, विवाह-पारपाचुके, शाकाहार-मांसाहार, पेशाहरूको निर्धारण, जनसंख्या नियोजन इत्यादि विशुद्ध सामाजिक समस्याहरू हुन्, जसको निराकरणको लागि समाज र समाजमा बहुमतमा आधारित शासन तन्त्र छ। यो न त धर्माचार्यहरूको क्षेत्र हो र न त उनीहरूले यसमा हस्तक्षेप गर्नु पर्छ।

मानव समाज गतिशील छ। अतः सामाजिक व्यवस्थाको सम्बन्धमा आजका उपयोगी नियम, प्रथाहरू, आचार-विचार, आहार-विहार इत्यादि भोलीको परिस्थितिमा अनुपयोगी हुन सक्छन्, यसकारण यो आवश्यक छैन कि जुन रीति-रिवाजहरू र संस्थाहरूलाई हाम्रा पूर्वजहरूले स्थापित गरे, तिनीहरूलाई हामीले उनीहरूको धरोहर ठानेर जस्ताको-तस्तै अपनाइदै रहौं। धर्मको नामले प्रचारित यी रिवाजहरूमा काव्य छन्, चरित्र संगठन छ तथा सामाजिक व्यवस्था पनि निःसन्देह छ; तर यो धर्म कसरी भयो? त्यो समयमा त्यही आवश्यक थियो, आज त्यो बाधक छ, यो पहिचान गरेर हामीले आदर

सहित त्यसको विसर्जन गर्न सक्छौ र यिनीहरूको विसर्जनको दिन आई पनि सक्यो।

प्राचीनकालको यज्ञ-प्रथा, बलि-प्रथा, दास-प्रथा, स्वयंवर-प्रथा समाप्त भयो। इन्द्र र वरुणको पूजा समाप्त भैसक्यो, उनीहरूको स्थानमा ब्रह्मा, विष्णु, महेश र नयाँ-नयाँ देवी-देवता स्थानासीन भए। सोमयज्ञको स्थानमा अखण्ड कीर्तन र अखण्ड रामायण भैरहेको छ। स्त्रीहरू र शूद्रहरू संबंधी निर्देश, भोजन-भाडाँ-पोशाक-पेशा सबै थोक त बदलिदै गई रहेका छन्। यदि यो नै सनातन धर्म हो भने अहिले किन फेरबदल भैरहेको छ? जो बदलिन्छ, त्यो सनातन कस्तो?

सनातन त सधैं रहनेवाला सत्ताको नाम हो। त्यो सत्ता हो परमात्मा। एउटा परमात्मा नै सबैतिर व्याप्त पहिले पनि थियो, आज पनि छन्। यदि परमात्मा पनि दुइटा छन् भने उनीहरूलाई व्याप्त हुनको लागि छुट्टा-छुट्टै सृष्टि चाहिन्छ। ऊ एउटै छ र एउटै रहनेछ। त्यही एउटालाई खोज्नु नै धर्म हो, जस्तो कि ऋषिहरूले थाहा पाएका थिए। सृष्टिमा धर्म एउटा मात्र छ- अमृततत्त्वको प्राप्ति, सधैं रहने शाश्वत धामको प्राप्ति। चराचर जगत्को धर्म एउटै छ। यदि धर्म पनि दुइवटा छन् भने एउटामा धोखा छ, जरूर धोखा छ।

'धर्म' शब्द आज विशेषण मात्र बनेर रहेको छ। स्थूल-धर्म, सूक्ष्म-धर्म, उप-धर्म, कुल-धर्म, गुण-धर्म, श्रौत-धर्म, वर्ण-धर्म, आश्रम-धर्म र अरू पनि धेरै छन्। अहिले उल्लेख गरिएका धर्महरूको बिचमा वास्तविक धर्मले आफ्नो पहिचान गुमाई सकेको छ। धर्म शब्दलाई त्यसको शुद्ध रूपमा पुनर्प्रतिष्ठित गर्दा व्रत-उपवास, तीर्थ-पर्व, शुद्धि-श्राद्ध, देवी-देवता, भूत-प्रेत, रुख-पशु-नागपूजा तथा मूर्ति-मजारहरूको पूजा- जस्ता कुरीतिहरूमा पनि डढ़ेलो लागि हाल्छ। सामाजिक नीति एवं अर्थव्यवस्थाको उपयोगी कुराहरूलाई पनि धर्म भन्न छोड़नु पर्छ। आजको परिवेशमा यो स्पष्ट गर्न जरूरी भएको छ कि धर्म अन्तर्गत मात्र एउटा कुरा आउँछ- त्यो निर्धारित क्रिया, जुन गर्नाले आत्मसाक्षात्कार हुन्छ।

धर्मको शुद्ध स्वरूप जान्नको लागि धर्म जसको देन हो, ती महापुरुषहरू द्वारा बुझ्नु पर्दछ र उनीहरूको शरणमा जानु पर्दछ, अरू कुनै बाटो नै छैन।

पुस्तक पढ़ेर र पुस्तकको वरिपरि घेरा हालेर कसैले धर्मलाई बुझ्न सक्दैन। वेद–शास्त्र सही छन् तर शास्त्र कुनै विरलै महापुरुषले जान्दछ र उनको निर्देशनमा कुनै विरलै पथिकले पढ्दछ। सबैले न त पढ्दछ्, न त जान्दछन्। ती महापुरुषहरू नै शास्त्रलाई अक्षरशः जान्नमा सक्षम छन्, जसको हृदयमा त्यो शास्त्र ओर्लेको छ।

वेद के हो? त्यो परमात्माको वाणी! परमात्मा त बोल्न आएन, बोल्नेवाला सय–सवा सय महापुरुष नै थिए। कतै नारायण ऋषि छन् भने कतै कुनै ऋषि। ती ऋषिहरूको अन्तःकरणमा जे प्रस्फुटित भैरहेको थियो, बुद्धि मात्र यन्त्र थियो। उनीहरूद्वारा जे व्यक्त हुन्थ्यो, परमात्माले आफ्नो निर्देशन दिई रहेका थिए। तिनै महापुरुषहरूको वाणीको संकलन वेद हो। आज पनि जो इष्टको परिधिमा पुग्छ, उसको हृदय–देशमा त्यो इष्टले आफ्नो वाणी, आफ्नो निर्णय दिन्छ कि सत्य के हो, झुठो के हो? जसको हृदयको इष्ट जागृत छ, जसको हृदयमा शास्त्र अवतरित भैरहेको छ, उसले राम्ररी जान्दछ कि पुराना शास्त्रहरूमा के लेखिएको छ? किनभने जुन कुरा उनीहरूको हृदयमा ओर्लेको थियो, त्यही यिनीहरूको हृदयमा पनि ओर्ली रहेको छ। अतः आउनुस् हेरौं कि महापुरुषहरूले 'धर्म' शब्दलाई कुन अर्थमा लिएका छन्। त्यसो त धर्म शब्द धृञ् धातुबाट बनेको छ, जसको अर्थ हो– धारण गर्नु। '**धारयति धर्मः।**' परमात्मा नै सबैलाई धारण गर्नमा सक्षम छन, उही एकमात्र धर्म हो। धर्म त्यो हो कि जब हामी त्यसतिर झुक्छौं भने उसले हामीलाई धारण गरोस्, मार्ग बताउन लागोस्, औंला समातेर चलाउन लागोस्, हृदयबाट रथी बनोस्, हृदयमा ईश्वरीय आदेशहरूको सूत्रपात् हुन लागोस्।

यही मीमांसाकार जैमिनिले भन्दछ कि– '**चोदना लक्षणो धर्मः।**'– ईश्वरीय आदेशहरूको पालन नै धर्मको लक्षण हो। अर्थात् जबसम्म हृदयबाट रथी भएर उनले निर्देश दिन थाल्दैन र त्यो अनुसार हामी हिड्न आरम्भ गर्दैनौं तबसम्म सही मात्रामा धर्मको लक्षण प्रकट नै भएको छैन।

'वैशेषिक दर्शन'मा महर्षि कणाद भन्नुहुन्छ– '**यतोऽभ्युदय निःश्रेयस सिद्धि स धर्मः**'– जसद्वारा जीवनको हरेक परिस्थितिमा सर्वांगीण विकास होस् तथा जसले निःश्रेयस परमश्रेयको प्राप्ति गराई देओस्, त्यही धर्म हो।

न्यायशास्त्रका प्रणेता गौतम भन्दछ कि **'विहित कर्मजन्यो धर्मः।'**– धर्म विहित कर्मजन्य हो। विहितकर्म, नियतकर्म, कार्यंकर्म, पुण्यकर्म इत्यादिलाई गीतामा एक ईश्वरप्राप्तिको क्रिया भनेर सम्बोधित गरिएको छ, जो यज्ञको प्रक्रिया हो, चिन्तनको विधि–विशेष हो, आत्मदर्शनको पद्धति हो।

योगेश्वर श्रीकृष्ण अनुसार– आफ्नो स्वभावमा पाइने क्षमता अनुसार नियत कर्म (यज्ञको प्रक्रिया)को आचरण धर्माचरण हो। आत्मा जुन विधिबाट विदित हुन्छ, त्यस विधिलाई क्रियान्वित गरिरहनु धर्मको आचरण हो। श्रीकृष्ण भन्नुहुन्छ कि यदि तिम्रो बुद्धिले यसलाई क्रियान्वित गर्नमा सक्षम छैन भने सबै धर्महरूको चिन्ता छोड़ेर एकमात्र मेरो शरणमा आऊ– यही हो धर्म।

भगवान् बुद्धले भन्नुभयो कि सम्यक् वाणी, सम्यक् दृष्टि, सम्यक् जीविका, सम्यक् कर्म, सम्यक् संकल्प, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधिको जसले राम्ररी आचरण गर्दछ, त्यसले परिनिर्वाण पाउँछ।

महाराज मनुले धर्मको दस लक्षण भनेका थिए– 'धृति, क्षमा, दम, अस्तेय, शौच, इन्द्रिय निग्रह, धी, विद्या, सत्य र अक्रोध। एक स्थानमा भन्नु हुन्छ– **'विद्वद्भिः सेवितः पन्था नित्यमद्वेषरागभिः हृदयेनाभ्यनुज्ञात यो धर्मः .....।।'**– विद्वानहरूले राग–द्वेषरहित हृदयद्वारा जसलाई प्राप्त गरे त्यो नित्यपथको सेवन धर्म हो।

विद्वानको अर्थ शिक्षाविद् हुँदैन। **विद्या हि का ब्रह्मगति प्रदाया।**– विद्या त्यो हो कि जोसंग आउँछ, उसलाई तानेर ब्रह्मगति प्रदान गरिदिन्छ। वनवास कालमा भगवान रामले लक्ष्मणलाई भने कि विद्या र अविद्या मायाका दुई पाटा हुन्। अविद्याले अधोगति र भवकूपमा हाली दिन्छे। विद्याले परमश्रेय दिलाउँछे; तर त्यो छ– हरिप्रेरित। हामी जुन सतहमा उभिएका छौं, जुन परमात्माको हामीलाई चाहना छ, उनी हृदयदेशबाट जागृत होउन्, हामीलाई प्रेरित गरेर चलाउन थालुन्।

यही कारण हो कि योगपथका जति पनि राम्रा विद्वान भए, पार्थिव शिक्षा–दीक्षामा शून्य थिए। उग्रबुद्धिवाला कागभुशुण्डिजीले त्यसलाई सुन्थे, बुझ्थे; तर राम्रो लागेन, पढ़ेन, तापनि आफ्नो युगका सर्वोपरि विद्वान थिए। जुन ज्ञानी गरुड़को सन्देह ब्रह्माले पनि हटाउन सकेन, कागभुशुण्डि आश्रममा

जाने बित्तिकै उनको शंकाहरू मेटिए, समाधान निस्कियो। तात्पर्य यो हो कि भगवत्पथमा जुन विद्याको उपयोग हुन्छ, त्यसलाई भगवान्ले नै पढ़ाउनु हुन्छ।

अतः जो व्यक्तिमा एक परमात्मामा अटूट श्रद्धा छ र 'ॐ' अथवा 'राम' (जो त्यो परमात्माको परिचायक हो)को स्मरण गर्छ, ऊ धर्मलाई न जान्दा-जान्दै पनि शुद्ध धार्मिक छ।

यसप्रकार सबै महापुरुषहरूले एउटै परमात्मातिर संकेत गरेका छन्, तापनि मानिसहरू शाश्वत एकमात्र परमात्माको स्थानमा नश्वरको पछि भौंतारि रहेका छन्। धर्मको नाममा आजभोलि जस्ता खालका कुरीतिहरू र रूढ़िहरू फैलिएका छन्, यस्तै प्रकारका रूढ़िहरू श्रीकृष्णकालमा पनि थिए। यीमध्ये केही रूढ़िहरूको शिकार अर्जुन पनि थियो। कुलको रक्षालाई सनातन धर्म मान्दथ्यो, पितृहरूलाई पिण्ड-पानी दिनु सनातन धर्म मान्दथ्यो। भन्न लाग्यो कि यस्तो युद्ध गर्नाले सनातन धर्म नष्ट हुनेछ, किनभने कुलधर्म नै सनातन धर्म हो; तर योगेश्वरले भने- अर्जुन! यस विषम स्थलमा तिमीलाई यो अज्ञान कहाँबाट उत्पन्न भयो? अर्जुन सनातन धर्मको रक्षाको लागि नै छटपटाई रहेको थियो। के सनातनधर्मको रक्षा पनि अज्ञान हो? श्रीकृष्णले भन्नुभयो कि जुन कुराहरूको लागि तिमी व्याकुल छौ, न त श्रेष्ठ पुरुषहरूले यसमाथी कहिल्यै पाइला राखे, न त यिनीहरू कीर्ति बढ़ाउनेवाला छन् र न स्वर्ग नै दिनेवाला छन्। कल्याण छैन, कीर्ति छैन, संभावित पुरुषहरूले बिर्सेर पनि कहिल्यै आचरण गरेन भने सिद्ध छ कि ती सबै अज्ञान थिए।

त्यसपछि अर्जुनले विनीत भावले सोध्यो- भगवन्! यदि यो धर्म होइन भने म धर्म जान्दिन। धर्मको विषयमा म विशेष रूपले मूढ़चित छु। अतः जो निश्चित रूपले कल्याणकारी छ, त्यो तपाईंले मलाई भन्नुहोस्।

भगवानले भन्नुभयो कि- अर्जुन! असत् वस्तुको अस्तित्व छैन र सत्य वस्तुको तीनवटै कालमा अभाव छैन। त्यो सत्य के हो? तब भन्नुहुन्छ- अर्जुन! यो आत्मा नै सत्य हो, आत्मा परमसत्य हो, आत्मा नै सनातन हो र यी सम्पूर्ण भूतादिकहरूको शरीर नाशवान् हुन्। यिनीहरूको कुनै अस्तित्व नै छैन। शरीरहरूलाई रोक्न सकिंदैन। आत्मा नै शाश्वत छ।

तपाईं को हुनुहुन्छ? सनातनधर्मी! सनातन के हो? आत्मा! तब सनातनधर्मी को भयो? आत्माको पुजारी! यदि आत्मिक पथको जानकारी छैन भने हामी सनातनधर्मी कसरी भयो? यस आत्मालाई शस्त्रले काट्न सक्दैन, अग्निले यसलाई जलाउन सक्दैन, वायुले सुकाउन सक्दैन, जलले यसलाई भिजाउन सक्दैन, आकाशले यसलाई आफूमा समाहित गर्न सक्दैन, पाँच तत्त्वहरूबाट निर्मित कुनै पनि पदार्थले जब यस आत्माको स्पर्श नै गर्न सक्दैनन् भने पंचतत्त्वहरूबाट निर्मित अन्न-जलले यसलाई कसरी स्पर्श गर्न सक्दछन्? फेरि कसैले छोएर अथवा कसैको हातबाट दुई गाँस भात खाएर, दुई घुटको पानी पिएर हाम्रो शाश्वत सनातन धर्म नष्ट कसरी भयो? सिद्ध छ कि हाम्रा पूर्वजहरूले धर्मको नाममा जसको पालन गर्नुहुन्थ्यो, त्यो गल्ती थियो-त्यसैले नै श्रीकृष्णले यसको खण्डन गर्नुभयो। यो गल्ती आज पनि भैरहेको छ, जसको कारण साख्खै भाइहरूलाई हामीले सनातन धर्मबाट अलग हुनको लागि विवश गरिराखेका छौं।

जब शरीर नै नाशवान छ, तब यसको जन्ममा आधारित जाति-व्यवस्था सनातन कसरी भयो? शरीर पोषणको लागि व्यवसायमा आधारित वर्ण-व्यवस्था सनातन कसरी भयो? **अचलोऽयं सनातनः (गीता, ९/२४)-** यो सनातन आत्मा अचल छ, शाश्वत छ, अपरिवर्तनशील छ भने कसरी बदलियो, सनातनधर्मीको धर्म-परिवर्तन कसरी भयो? के सनातन बदलियो? होइन, र जस-जसले यसप्रकारको परिवर्तन गरे अथवा गरिरहेका छन्, उनीहरूले मात्र एक प्रकारको कुरीति छोड़ेर अर्को कुरीतिमा जाकिदै छन्, न कि उनीहरूले कुनै धर्म पाई रहेका छन्। उनीहरू धर्मलाई जान्दै-जान्दैनन्। यदि हामीले आत्मपथलाई जान्दैनौं, आत्मालाई स्थिति दिलाई दिने विधि-विशेषलाई जान्दैनौं भने सनातन धर्मसंग हाम्रो कस्तो सम्बन्ध? भूतादिकहरूको सम्पूर्ण शरीर नाशवान छन्। ब्रह्माबाट उत्पन्न चराचर जगत् परिवर्तनशील, अशाश्वत र क्षणभंगुर छ, तापनि कसैले रुखलाई पूजा गरिरहेको छ भने कसैले ढुङ्गालाई, त्यो पनि सनातनको नाममा।

आत्मा अकाट्य, अशोक्य र अपरिवर्तनशील छ। त्यो सबैतिर सधैं एकरस छ; तर त्यसलाई खोज्ने र पाउने स्थल हृदय-देश हो, बाहिर होइन-

'हृद्देशेऽर्जुन तिष्ठति' (गीता, १८/६१); तर अकाट्य, अशोष्य, अजर-अमर जस्तो कुनै सत्ता हामीभित्र देखिंदैन। सूक्ष्मताले निरीक्षण गर्दा शोक-संताप, मृत्यु र मोह नै देखा पर्छ। यसमाथी भगवान श्रीकृष्णले भन्नुभएको छ कि यो आत्मा हुन त यस्तै छ; तर अचिन्त्य र अगोचर छ। जबसम्म चित्त र चित्तको लहर छ, तबसम्म त्यो अगोचर छ, देखिंदैन। अगोचरको अर्थ यो होइन कि भगवान इन्द्रियहरू रहुन्जेल देखिंदैन। वहाँलाई देख्न सकिनेछ तर संयमको पश्चात् ती प्रभुको दृष्टिले। एकादस अध्यायमा उनले स्वयं भनेका छन् कि अनन्य भक्तिद्वारा मलाई देख्न सकिन्छ र ममा प्रवेश पाउन पनि सकिन्छ।

अब एउटा नयाँ प्रश्न उभिएको छ कि चित्तको निरोध कसरी हुन्छ? यसको लागि योगेश्वर श्रीकृष्णले भन्नुभयो- अर्जुन! तिमी कर्म गर। त्यो नियत कर्म हो- यज्ञलाई कार्य-रूप दिनु। आरम्भमा दैवी सम्पद्का गुणहरूलाई हृदयमा राम्ररी धारण गर्नु यज्ञ हो। आहार र इन्द्रियहरूको संयम यज्ञ हो। साधना सूक्ष्म भएपछि श्वास-प्रश्वासको जप यज्ञ हो। यज्ञस्वरूप महापुरुषको ध्यान गर्नु यज्ञ हो। यसप्रकार चौध अंगहरूबाट यज्ञको चित्रण अध्याय चारमा प्रस्तुत गर्नुभयो, जो सबै मिलाएर चित्तको निरोधको विधि-विशेष हो, जसको आचरणले प्राणहरूको आयाम हुन्छ- न भित्रबाट संकल्प उठ्छ र न बाह्य वायुमण्डलको संकल्पले भित्र प्रवेश पाउँछन्। यही चित्तको अचिन्त्य अवस्था हो, मनको निरोधावस्था हो, साम्यावस्था हो।

प्राणहरूको व्यापार शान्त हुने वित्तिकै यज्ञ पुरा हुन्छ, परिणाम निस्किन्छ, जस्तो कि अर्को श्लोकमा भन्नुहुन्छ- **'यज्ञशिष्टामृतभुजो शान्ति ब्रह्म सनातनम्।'**- यज्ञको पूर्तिकालमा यज्ञले जसको संरचना गर्दछ, त्यो अमृत हो। त्यस ज्ञानामृतलाई प्राप्त गर्ने योगी सनातन ब्रह्मलाई प्राप्त गर्दछ। पहिले भन्नुभयो- आत्मा सनातन छ। यहाँ भन्नुहुन्छ- ब्रह्म सनातन छ। वास्तवमा आत्मा, परमात्मा, तत्त्व, परमतत्त्व, ईश्वर, सच्चिदानन्द, भगवान, शाश्वत, ब्रह्म इत्यादि एउटै परमात्माका विविध नाम हुन्।

यसप्रकार चित्तको अचिन्त्यावस्थामा, निरोधावस्थामा त्यो अगोचर सनातन यिनै इन्द्रियहरूमा प्रवाहित हुन गयो। प्रवाहित मात्र होइन, प्राप्त हुन गयो; तर यति भनेर नै योगेश्वर श्रीकृष्ण रोकिनु हुन्न। वहाँले यो पनि स्पष्ट

पारिदिनु चाहनु हुन्छ कि '**ब्रह्मवेत्ता ब्रह्मैव भवति**', '**जानत तुम्हहि तुम्हइ होइ जाई।**' वहाँकै शब्दमा हेरौं– '**इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः।**' (**गीता, ५/१९**)– ती पुरुषहरूद्वारा जीवित अवस्थामा नै सम्पूर्ण संसार जितियो, जसको मन समत्वमा स्थित छ। अब समत्वको स्थिति र संसारलाई जित्नेसंग के सम्बन्ध छ? यदि संसार जिति नै हाल्यो भने उनी कता गए? कता बसेका छन्? यस सन्दर्भमा भन्नुहुन्छ कि '**निर्दोषं हि समं ब्रह्म**'– त्यो ब्रह्म निर्दोष र सम छ, यता उसको मन पनि समत्वको स्थितिवाला भयो। '**तस्माद् ब्रह्मणि ते स्थिताः**'– त्यसै कारण ऊ ब्रह्ममा स्थित हुन्छ।

यो स्थिति जुन यज्ञबाट पाइएको छ, त्यसै यज्ञलाई कार्यरूप दिनु कर्म हो। यसै कर्ममा जोर दिंदै योगेश्वर श्रीकृष्णले अध्याय २को ३९सौं श्लोकमा भन्नुभयो कि अब तिमी निष्काम कर्मयोगको विषयमा सुन, जससंग युक्त भएर तिमी कर्महरूको बन्धनलाई राम्रो प्रकारले नष्ट गर्नेछौ। अतः कर्म त्यसलाई भनिन्छ, जसले कर्म–बन्धनबाट छुटकारा दिलाई दिन्छ। यस नियत कर्मको अर्को विशेषता भन्नुहुन्छ कि '**नेहाभिक्रम नाशोऽस्ति**' (**गीता, २/४०**)– यस निष्काम कर्मयोगमा आरम्भको नाश हुँदैन। यदि कर्म आरम्भ मात्र गरे पनि त्यो पुरुषको र त्यो क्रियाको कहिल्यै नाश हुँदैन, कल्याण गरेर मात्र छोड़नेछ। अहिले भएको छैन, तर कल्याणको आरक्षण राम्ररी भैसक्यो। यस जन्ममा जहाँबाट साधन छुट्छ, अर्को जन्ममा त्यहींबाट शुरू गर्दछ। दुई–चार जन्मको अन्तरले त्यहीं पुग्दछ जसको नाम परमगति हो। यसै कर्मको तेस्रो विशेषता भन्नुहुन्छ कि '**प्रत्यवायो न विद्यते**'– यो कर्म गर्नाले विपरीत र सीमित फलरूपी दोष पनि पाईने छैन कि तपाईंलाई स्वर्ग–बैकुण्ठ, ऋद्धिहरू–सिद्धिहरू, धर्मशाला–पाठशाला, आश्रम अथवा लिप्सामा अल्झाएर राखिदेओस्। चौथो विशेषता हो कि '**स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात्।**'– यस धर्मको अलिकति पनि पालनले जन्म–मृत्युको महान भयबाट उद्धार गर्नेवाला हुन्छ।

कुन धर्मको? यही नियत कर्मको आचरण नै धर्म हो। यहींबाट धर्मको आचरण शुरू हुन्छ, जसको परिणाममा सनातन विदित हुनजान्छ। जुन कर्मको आचरण नै धर्म हो, त्यस कर्मलाई योगेश्वर श्रीकृष्णले साधकहरूको अन्तः–

दुर्बलताको आधारमा चार भागमा बाँड्नु भयो। अध्याय ४ को १३औं श्लोकमा वहाँ भन्नुहुन्छ कि '**चातुर्वर्ण्यं मया सृष्टं**'– चार वर्णहरूको संरचना मैले गरें। त्यसो भए मानिसहरूलाई चार भागमा बाँड्नु भयो? भन्नुहुन्छ कि होइन, '**गुणकर्म विभागशः**'– गुणहरूको माध्यमले कर्महरूलाई चार भागमा बाँडे।

गुण यस विभाजनको मापदण्ड हो। जब अन्तःकरणमा तामसी गुणको बाहुल्य हुन्छ, तब आलस्य, निद्रा, प्रमाद, कर्तव्य–कर्ममा प्रवृत्त न हुने स्वभाव, अकर्तव्य–कार्यलाई न चिन्ने स्वभाव हुनेछ। मोहमयी प्रवृत्तिहरूको दबाव रहन्छ। दुई घण्टा ध्यान लगाउँदा दस मिनेट पनि मनको स्थिरता आफ्नो पक्षमा पाउँदैन। यस्तो परिस्थितिमा धर्मको आचरण कहाँबाट शुरू गर्ने? यसमा भन्नुहुन्छ, '**परिचर्यात्मकं कर्म**' (**गीता, १८/४४**)– यसै कर्मलाई सेवाबाट शुरू गर।

ठीक यसै प्रकार आधा तामसी गुण समाप्त भएको छ भने वैश्य हुनेछ। ध्यानमा मन लाग्न थाल्नेछ, इन्द्रिय संयमको क्षमता हुनेछ। तामसी गुणको साथै आधा राजसी गुण पनि शान्त भयो र आधा सात्विक गुण पनि आयो, तब क्षत्रिय वर्णको योग्यता हुनेछ। ऊ प्रकृतिको द्वन्द्वमा न डराउने स्वभाव भएको, शौर्य–तेजद्वारा संयुक्त हुनेछ र यसै निष्काम कर्मलाई राम्ररी चरितार्थ गर्नेछ। तामसी र राजसी गुण एकदमै शान्त भैसकेको छ, सात्त्विक गुण नै कार्यमा छ, तब उसको स्वभावमा ब्रह्ममा प्रवेश गराईदिने योग्यता हुनेछ। अतः ऊ ब्राह्मण श्रेणीको व्यक्तित्व हो। यसमा मनको शमन, इन्द्रियहरूको दमन, तप, धारणा, ध्यान, ईश्वरीय अनुभूति इत्यादि ब्रह्ममा प्रवेश दिलाईदिने योग्यता सहज रूपमा नै स्वभावमा प्रवाहित हुन्छ, यसकारण ब्राह्मण श्रेणीको कर्मको कर्ता हो। यी सबै '**स्वभाव प्रभवैर्गुणैः**' (**गीता, १८/४१**)– स्वभावमा उत्पन्न भएका गुणहरूको आधारमा बन्दछन् र यसै अनुसारको कर्म गर्नु त्यस व्यक्तिको धर्म हो।

अध्याय १८को ४५सौं श्लोकमा योगेश्वर श्रीकृष्ण भन्नुहुन्छ– '**स्वे स्वे कर्मण्यभिरतः संसिद्धिं लभते नरः।**'– स्वभावबाट उत्पन्न कर्मको क्षमता अनुसार कर्माचरण गरेर मनुष्यले भगवत् प्राप्तिरूपी परम सिद्धिलाई प्राप्त गर्दछ। अर्जुन! जुन प्रकारले स्वभावमा पाइने क्षमता अनुसारको कर्ममा लागेको

मनुष्यले परमसिद्धि प्राप्त गर्दछ, त्यस विधिलाई तिमी मबाट सुन। तपाईंहरू पनि यस विधिमा ध्यान दिनुहोस्। (अध्याय १८, श्लोक ४६) विधि छ कि जुन परमात्माबाट सम्पूर्ण भूतहरूको उत्पत्ति भएको छ, जो सबैतिर व्याप्त छ, त्यस परमात्मालाई स्वभावबाट उत्पन्न कर्म गर्ने क्षमता अनुसारले अर्चन गरेर, राम्ररी श्रद्धाले पूजेर (जसको चित्रण सम्पूर्ण गीतामा ठाउँ–ठाउँमा छ) मनुष्यले परमसिद्धि प्राप्त गर्दछ। यसबाट स्पष्ट हुन्छ कि यस कर्मपथमा एक परमात्माको अर्चन, सर्वाङ्गीण पूजन गर्नु तथा क्रमागत खुड़किलाहरूमा हिड्नु नै मुख्य विधि हो।

पछि यसैलाई धर्म भनेर सम्बोधित गरियो। (हेरौं– अध्याय १८, श्लोक ४७) '**श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात्।**' स्वभावबाट उत्पन्न कर्म गर्ने क्षमता अनुसारले कर्ममा प्रवृत्त हुनु हाम्रो धर्म हो, दायित्व हो। ऊ शूद्र श्रेणीको नै किन नहोस्, सेवा–वृत्तिमा लागेको होस्, तापनि यसै स्तरबाट गऱ्यो भने यसले परमश्रेय दिलाउँछ। यदि आफूभित्र क्षमता न भए पनि र क्षमता हुनेको देखासिकी गर्न थाल्यो, राम्रोसंग अनुष्ठान गर्ने कोशिश गरे पनि उसले भय नै प्राप्त गर्नेछ। परमश्रेय पाउँदैन। यसकारण स्वभावद्वारा उत्पन्न कर्मको श्रेणी अनुसारको धर्माचरण गरेर तपाईं सम्पूर्ण पापहरूबाट अर्थात् जन्म–मृत्युको चक्करबाट मुक्त हुनु हुनेछ।

साथै ब्राह्मण श्रेणीको कर्म पनि दोषहरूबाट भरिभराउ छ; किनभने प्रकृतिको अन्तिम सात्विक गुण अझै जीवित छ। त्यहाँ पनि पतनको लक्षण विद्यमान छ, ऊ त्यसबाट खस्न पनि सक्छ। यसकारण त्यो गुण पनि जबसम्म शान्त हुँदैन, तबसम्म स्वभावद्वारा उत्पन्न कर्म नै हाम्रो स्वधर्म हो। यसको क्रमागत पालन गर्दै मनुष्यले त्यस शाश्वत अमृततत्त्व आत्मभावलाई राम्ररी विदित गर्दछ। दर्शन, स्पर्श र प्रवेश पाउँछ। त्यसैले यस कर्मको पालन नै धर्मको पालन हो।

गीताको अनुसार यस धर्माचरणको अधिकारी को हो? कतै तपाईं यो त मानी राख्नुभएको छैन कि धर्म त साधु–महात्माहरूको लागि हो, गृहस्थले यसलाई गर्न सक्छ वा सक्दैन। यसमाथी भन्नुहुन्छ (अध्याय ४/३६)– अर्जुन! तिमी सबै पापीहरूभन्दा पनि धेरै पाप गर्नेवाला भए पनि (अध्याय ९को तेस्रो

श्लोक पनि छ '**अपि चेत्सुदुराचारो**'- अर्जुन! अत्यन्त दुराचारीले पनि) यदि अनन्य अर्थात् अन्य न, मलाई छोड़ेर कुनै अरू देवतालाई न भजेर मात्र मलाई भज्दछ, ऊ साधु नै मान्ने योग्य छ; किनभने उसले यथार्थ निश्चयले लागेको छ। '**क्षिप्रं भवति धर्मात्मा**'- ऊ चाँड़ै नै धर्मात्मा हुनेछ। परमधर्म परमात्मासंग संयुक्त अन्तःकरणवाला हुनेछ र सधैं रहिरहने शाश्वत शान्तिलाई प्राप्त गर्नेछ।

अतः तपाईं अत्यन्त दुराचारी नै किन नहोस् र अरू धेरै दुराचारहरूको योजना पनि बनाई रहेको किन न होस्, यदि एक परमात्माप्रति श्रद्धा र उसको प्राप्तिको क्रिया- यज्ञको प्रक्रिया कर्ममा श्रद्धाको साथ लाग्नु हुन्छ भने तपाईं सन्त हुनुहुन्छ, शुद्ध धार्मिक हुनुहुन्छ। हो, क्रियाको लागि तत्त्वदर्शीप्रति श्रद्धा र सान्निध्य आवश्यक छ। त्यो एक परमात्मा बाहेक सृष्टिमा अरू केही पनि सत्य छैन, अरू कसैको पूजा गर्ने विधान छैन।

नोट- यति स्पष्ट निर्देश हुँदाहुँदै पनि मानिसहरूहले ढुङ्गा-पानीको पूजा गरि नै रहन्छन्। भन्छन्- "के ढुङ्गामा भगवान छैन? मूर्तिपूजा सगुण उपासना हो। हृदयमा ध्यान लगाउनु त ज्ञानमार्ग हो।"- वास्तवमा यी सबै भ्रान्तिहरू हुन्। आउनुस्, गीताको आलोकमा यस प्रश्नमाथि पनि विचार गरौं।

योगेश्वर श्रीकृष्णले भन्नुभयो कि आत्मा अकाट्य छ, अशोष्य छ, सनातन छ, अमृतस्वरूप छ, सधैं र सबैतिर रहनेवाला उही एक शाश्वत छ। प्रश्न उठ्छ कि के तपाईं भगवान भएको नाताले यस्तो भन्नुहुन्छ? श्रीकृष्णले समाधान गर्न हुन्छ कि होइन, अर्जुन! अजर-अमर-शाश्वत-सनातन-सर्वव्यापी-अमृतस्वरूप इत्यादि गुणधर्महरूयुक्त आत्मालाई तत्त्वदर्शीहरूले राम्ररी देखेका छन्। कसले देख्यो? तत्त्वदर्शीहरूले देखे। न दस भाषाका विद्वानले देखे, न व्याकरण घोक्नेवालाले देखे र न कुनै समृद्धशालीले देखे, बरू तत्त्वदर्शीहरूले देखे। श्रीकृष्ण पनि त्यसै सत्यको उद्घाटन गरिरहनु भएको छ, जसलाई तत्त्वदर्शीहरूले पहिले कुनै बेला देखेका थिए। त्यो सत्य सधैं एकनास नै रह्यो। समय-समयमा त्यस सत्यको नाममा भ्रान्तिहरू आउँदै गर्ने गरेको छ। जति पनि महापुरुष संसारमा भएका छन्, सबैले यी भ्रान्तिहरूको निराकरण गरेर समाजलाई फेरि सत्यको त्यही प्रशस्त पथमा खड़ा गरेका छन्। श्रीकृष्णले पनि त्यही भन्नु भयो, जो '**ऋषिभिर्बहुधा गीतम्**'।

अब एउटा नयाँ प्रश्न खड़ा भयो कि यो तत्त्वदर्शन के हो? तत्त्वदर्शी को हुन्? के हामी पनि तत्त्वदर्शी छौं? यस सन्दर्भमा अध्याय १८, श्लोक ४९मा भन्नुहुन्छ कि अर्जुन! तत्त्वदर्शनको चाहना भएको पुरुषले एकान्त-देशको सेवन गर्नु पर्दछ। इन्द्रियहरूलाई विषयहरूबाट राम्ररी समेटेर मनलाई ध्यानमा लगाउनु पर्दछ। वैराग्यमा रहँदै (वैरागीको भेष बनाएर होइन) सधैं ध्यानमा लाग्दा-लाग्दा काम, क्रोध, लोभ, मोह, मद, मत्सर यी बहिर्मुखी प्रवृत्तिहरू जब राम्ररी शान्त हुन्छन् तथा विवेक, वैराग्य, शम, दम, धारणा, ध्यान र समाधि पनि परिपुष्ट हुन्छन्, यिनिहरूमा स्थिति आउँछ, तब त्यस बेला ऊ ब्रह्मलाई जान्ने योग्य हुन्छ।

आवश्यकता त थियो तत्त्वको, एक नयाँ कुरा बीचमा आयो कि त्यो व्यक्ति ब्रह्मलाई जान्ने योग्य हुन्छ। वास्तवमा तत्त्व, ब्रह्म, भगवान्, आत्मा, ईश्वर- सब एकै हुन्।

जुन योग्यताहरूको सम्पूर्ण दक्षतामा व्यक्ति ब्रह्मलाई जान्ने योग्य हुन्छ, श्रीकृष्णको शब्दहरूमा त्यस योग्यताको नाम पराभक्ति हो अर्थात् भक्ति पराकाष्ठामा छ, आफ्नो परिणाम दिने अवस्थामा छ। यस पराभक्तिको अवस्थामा त्यो पुरुषले तत्त्वलाई जान्दछ।

उसले तत्त्वलाई त जान्दछ, तर त्यो तत्त्व के हो? पाँच तत्त्व अथवा पच्चीस तत्त्व, जस्तो कि मानिसहरूले गणना गर्ने गर्छन्। यो तत्त्व प्रकृतिजन्य छ। यस सन्दर्भमा श्रीकृष्ण भन्नुहुन्छ- होइन, म जो हुँ, अजर-अमर-शाश्वत-अलौकिक जुन गुणधर्मवाला हुँ, मलाई जान्दछ र मलाई जानेर तत्क्षण ऊ ममा प्रविष्ट हुन्छ। तत्त्व माने त्यो परमात्मा। प्राप्तिकालमा साधकले पहिले भगवान्लाई देख्दछ, तर अर्को क्षणमा उसले स्वयंमा नै अजर, अमर, शाश्वत, सनातन इत्यादि गुणधर्महरूद्वारा भरिभराउ आफ्नो आत्मालाई देख्दछ। त्यो हो तत्त्वदर्शी। ती तत्त्वदर्शीहरूले देखे कि आत्मा अथवा परमात्मा शाश्वत छ, सनातन छ। यो उनीहरूको अनुभूति हो कि ऊ कण-कणमा व्याप्त छ- '**ईशावास्यमिदं सर्वं**', '**सीयराममय सब जग जानी।**', '**वासुदेव सर्वमिति स महात्मा सुदुर्लभः।**' अब ऊ महान आत्मा हो। ढुङ्गा-पानी पूजेर ऊ तत्त्वदर्शी भएको त होइन; तर आरंभिक साधनाको प्रवेशद्वार तिनीहरू नै हुन्।

तपाईं–हाम्रो लागि जस्तो योगेश्वर श्रीकृष्णले भन्नुभएको छ कि आफ्नो स्वभावबाट उत्पन्न क्षमता अनुसार नियत कर्म (यज्ञको प्रक्रिया)को आचरण नै धर्म हो, जसको विधि वहाँले गीतामा भन्नुभएको छ, जसले गर्दा विधिको नाममा पनि कसैले पाखण्ड गर्ने कुनै मौका न पाओस्। परमात्माको शोधको स्थल हृदय–देश हो। **'तमेव शरणं गच्छ' (गीता, १८/६२)–** त्यही हृदयस्थ ईश्वरको शरणमा जान योगेश्वरले स्पष्ट निर्देश दिनुहुन्छ। त्यसको अनुभूतिको स्थल पनि हृदय नै हो। 'आत्मनि विन्दति', बाहिर कतै होइन। अतः जो मानिसहरू बाहिर तत्त्व–प्राप्तिको आशा लगाएर बसेका छन्, भ्रममा छन्। भगवान सबैतिर व्याप्त भएपनि प्राप्त हुनुहुन्छ हृदयमा ध्यान गर्नाले। **'हृदि अयम्'–** यो हृदयमा छ, यो नै हृदय शब्दको निष्पत्ति पनि हो।

सारांशतः योगेश्वर श्रीकृष्णले भन्नुभयो कि आत्मा शाश्वत छ, आत्मा नै सनातन छ, ऊ नै अविनाशी अमृततत्त्व हो। त्यस परमतत्त्वलाई पाउनु हाम्रो–तपाईंको, मानवमात्रको दायित्व हो। यसै दायित्वलाई योगेश्वर श्रीकृष्णले तपाईंको धर्म भनेर सम्बोधित गर्नुभएको छ। यो नै सनातन धर्म हो। सनातन धर्म के हो? सनातनसम्मको दूरीलाई पार गराउने क्रियाको आचरण।

अब यदि तपाईंले आत्मदर्शनको विधि–विशेषलाई, आत्मदर्शनको प्रक्रियालाई जान्नु भएको छैन भने धर्म नामको कुनै वस्तु तपाईंसंग छैन। यदि धर्मको लागि व्यग्र हनुहुन्छ भने प्रत्याशी अवश्य हुनुहुन्छ, तर धार्मिक होइन। त्यसको लागि हृदयमा छटपटाहट भए तापनि वस्तु तब मात्रै संभव हुन्छ, जब क्रिया उपलब्ध हुन्छ, एक परमात्मामा श्रद्धा होस्।

एक परमात्माको भक्ति सृष्टिको एकमात्र धर्म हो। त्यसै एक धर्मलाई गोस्वामी तुलसीदासजीले रामचरित मानसमा चार प्रकारले बुझाउनु भएको छ– **(१) धरमु न दूसर सत्य समाना, (२) परहित सरिस धरम नहिं भाई, (३) परम धर्म श्रुति विदित अहिंसा** र **(४) एकइ धर्म एक ब्रत नेमा।** चारवटैको अर्थ एक जस्तो छ, क्रिया एक छ र परिणाम पनि एउटै छ। यिनीहरूमध्ये सर्वप्रथम प्रस्तुत छ–

(१) धरमु न दूसर सत्य समाना।
आगम निगम पुरान बखाना।। (मानस, २/९४/५)

अर्थात् सत्य-जस्तो कुनै अर्को धर्म छैन- जसको प्रशंसा वेद, पुराण तथा शास्त्रहरूमा छ। प्रश्न उठ्छ- सत्य के हो? कसैले भन्छ- म सत्य बोल्छु, झूठो न बोल। कसैले भन्छ कि पृथ्वी घुम्छ- यो सत्य हो, भने कसैले केही भन्छ। मानिसहरूले नश्वर प्रकृतिमा सत्य र झूठोको सीमाहरू बनाएका छन्। कसैले यो सीमाभित्र भन्छ भने त्यो सत्य र यो सीमाभन्दा बाहिर बोल्छ भने झूठो। विनयपत्रिकामा गोस्वामीजी भन्नुहुन्छ- '**कोउ कह सत्य झूठ कह कोऊ, युगल प्रबल करि माने।**' कसैले यस सृष्टिलाई सत्य भन्छ भने कसैले यस संसारलाई मिथ्या भन्दछ, कसैले ब्रह्म र संसार दुबैलाई नै सत्य मान्दछ; तर '**तुलसीदास परिहरै तीन भ्रम, सो आतम पहिचाने।**'- तुलसीदास भन्नुहुन्छ कि यी तीनवटै विचारहरू भ्रामक हुन्। यी तीनवटै भ्रमहरूको परित्याग गरेपछि नै आत्मानुभूति संभव हुन्छ। अर्थात् सृष्टिमा कतै पनि सत्य छँदै छैन- '**झूठई लेना झूठइ देना। झूठई भोजन झूठ चबेना।।**' जगत्को व्यवहार सबै झूठा हुन्। भगवान शिवको निर्णय छ- '**जेहि जाने जग जाइ हेराई। जागे जथा सपन भ्रम जाई।।**' **(मानस, १/१११/२)**- जसलाई जानेपछि संसार नै हराउँछ, जसरी निद्राबाट ब्यूझिए पछि सपनाको भ्रम समाप्त हुन्छ। अर्थात् संसार एउटा भ्रम हो जो हराएर जान्छ। त्यो प्रभुलाई जानेपछि यो संसार सधैं-सधैंको लागि समाप्त हुन्छ। जो समाप्त हुन्छ त्यसमा सत्य नै के छ? जसको कुनै अस्तित्व छैन, त्यो सत्य कस्तो? संसार सत्य वा असत्य छ अथवा दुबै छ- यस्ता विचारहरू भ्रामक हुन्। यी तीनवटै विचारहरूलाई जसले त्यागि दिन्छ, उसले आफ्नो स्वरूपलाई चिन्दछ। अतः संसारमा सत्य छँदै छैन। त्यसो भए सत्य के हो?- यस बारेमा ती महापुरुषले स्वयं निर्णय दिए-

व्यापक एकु ब्रह्म अविनासी। सत चेतन घन आनन्द रासी।।
अस प्रभु हृदयँ अछत अबिकारी। सकल जीव जग दीन दुखारी।।

(मानस, १/२२/६-७)

त्यो प्रभु कण-कणमा व्याप्त छ। एउटै छ, आजसम्म एउटा बाहेक दुइटा कहिले पनि भएन। उनी बृहत् छन्, यसैकारण ब्रह्म भनिन्छ। उनी अविनाशी छ, जसको कहिल्यै विनाश हुँदैन। उनी सत्, चेतन र आनन्दको राशि हुन्। त्यही परम सत्य हो। यस्तो प्रभु सबैको हृदयमा निवास गर्दछ। ऊ अविकारी

छ। कसैले कुकुर–बिलारो जे सुकै खाओस्, ती विकारहरूसंग उनको कुनै लिनु–दिनु छैन। ऊ द्रष्टाको रूपमा हृदय–देशमा विद्यमान छ। यस्तो परमात्मा जो हृदय–देशमा छ, उनलाई विदित कसरी गर्ने? '**नाम निरूपन नाम जतन ते। सोइ प्रकटत जिमि मोल रतन ते।।**' (**मानस, १/२२/८**) पहिला त नामको निरूपण गर्नु पर्‍यो कि नाम के हो र समझमा आएपछि दिन–रात त्यसको लागि यत्न गर्नुहोस् जसले गर्दा उनी प्रकट होउन्। एउटै नामलाई जप्नको लागि कयौं श्रेणिहरू पार गर्नु पर्ने हुन्छ– '**राम नाम में अन्तर है, कहीं हीरा है कहीं पत्थर है।**' नाम त्यही हो। कसैले चौबिस घण्टा जप्यो, केही गिर्खाहरू हात लाग्यो। त्यही नामलाई कसैले त्यति नै जप्यो, हिरा हात लाग्यो। नाम जप्ने विधि महापुरुषहरूद्वारा जागृत हुन्छ। वहाँहरूको निर्देशानुसार हिड्नु नै धर्म हो। मात्र श्रद्धा समर्पित गरेर नाम–जपद्वारा त्यो परमात्मालाई, जो तपाईंको हृदय–देशमा छ, जगाउनु मात्र पर्दछ। त्यो परमात्माप्रति समर्पण, श्रद्धा स्थिर गर्नु धर्माचरण हो।

(२) एक ठाउँमा धर्मलाई संकेत गर्दै गोस्वामीजी भन्नुहुन्छ–

परहित सरिस धरम नहिं भाई।
पर पीड़ा सम नहिं अधमाई।। (**मानस, ७/४०/१**)

जे–जति पनि जीव जगत्मा देखिन्छन्, सुनिन्छन् ती सबै प्रकृति अन्तर्गत छन्। यी सबैभन्दा पर मात्र आत्मा छ– '**प्रकृति पार प्रभु सब उरबासी।**'

ऊ प्रकृतिभन्दा पर छ, यसैकारण पर कहलाउँछ। यस आत्माको हित बराबर कुनै धर्म छैन र यस आत्मालाई पीड़ा पुऱ्याउने जस्तो कुनै अधम कृत्य छैन। भगवान श्रीकृष्ण पनि भन्नुहुन्छ कि अर्जुन! आत्मा नै शत्रु र आत्मा नै मित्र हो। जुन पुरुषद्वारा मनसहित इन्द्रियहरू जितिएका छन्, उसको लागि उसैको आत्मा मित्र बनेर मित्रताको व्यवहार गर्दछ र परम कल्याण गर्नेवाला हुन्छ। तर जुन पुरुषद्वारा मनसहित इन्द्रियहरू जितिएका छैनन् उसको लागि उसैको आत्मा शत्रु बनेर शत्रुताको व्यवहार गर्दछ, अधोगति र नीच योनिहरूमा फ्याँक्दछ। यसकारण अर्जुन! तिमी आफैले आफ्नो आत्माको उद्धार गर। यसलाई अधोगतिमा न फ्याँक। वास्तवमा यो नै परहित हो। आत्मा प्रकृति पारी छ, यसकारण पर कहलाउँछ; तर '**सो माया बस भयउ गोसाईं। बँध्यो**

कीर मरकट की नाईं।।' (मानस, ७/११६/३) यो बाँधिएको छ। यसलाई बन्धनबाट छुटाएर आफ्नो सहज स्वरूपमा स्थिति दिलाउनु, यसको बराबर अरू कुनै धर्म छैन।

(३) 'परम धर्म श्रुति विदित अहिंसा।' श्रुति अर्थात् वेद, भजनमा डुबेका महात्माहरूलाई प्रभुले समय-समयमा दिनुभएको जानकारीहरूको संकलन वेद हो। यसमा ती महापुरुषको अनुभूतिहरूको संग्रह छ जो ईश्वरको तद्रूप थिए, समीप पुगेका थिए। प्राप्ति गरिसकेपछि ईश्वरले कसलाई पढ़ाउनेछ र कसले पढ़ने्छ? जबसम्म केही दूरी रहन्छ तबसम्म मात्र भगवान्ले केही सम्झाउनु (बुझाउनु) हुन्छ। यी अनुभूतिहरूलाई केही समयसम्म शिष्य-परम्परामा कण्ठ गर्न लगाइयो। वेदव्यासले त्यसलाई पुस्तकाकार प्रदान गरे। तर तपाईंले भजन गर्नुभयो भने वेद तपाईंको लागि नयाँ तरिकाबाट ओर्लिनेछ। पुस्तकले काम दिंदैन किनकि ईश्वर सधैं बोल्छ, सधैं सम्झाउँछ। जड़-चेतन सबैतिरबाट बोल्दछ। ती निर्देशहरूलाई समात्न सक्ने साधकले नै उनको अनुभूति पाउँछ। विस्तारै-विस्तारै साधकमा दृष्टि जागृत हुन्छ। त्यो दृष्टिद्वारा प्रभुको विभूतिहरू देख्न-सुन्न, बुझ्न सकिन्छ। तर पुस्तकले हामीलाई दृष्टि दिन सक्दैन। त्यसले हामीलाई यति मात्र बोध गराउँछ कि हामीले प्रयास गर्ने हो भने कुन दिशामा गर्ने।

निर्देशहरू अनुसारको प्रयासबाट आत्मा जागृत भएर मार्गदर्शन गर्न लाग्दछिन्। परमात्मामा सुरत लगाउँदा जे-जति विदित हुन्छ त्यसै अनुसारको आचरण गर्नु परम धर्म हो। धर्मको यी परिभाषा प्रयोगात्मक छ। ईश्वर प्रदत्त निर्देशहरूको पालन अहिंसा हो र यदि साधकले यी आदेशहरूमा हेरफेर गर्दछ, यसको अवहेलना गर्दछ भने त्यो हिंसा हो, ऊ हत्यारा हो। अहिंसाको शुद्ध अर्थ हो- एक परमात्माको चिन्तन।

भगवान श्रीरामले एकपटक सभा बोलाउनु भयो। एउटा दृष्टान्त प्रस्तुत गर्नुभयो कि मानव शरीर भवसागरबाट पार हुनको लागि एउटा जहाज-जस्तो छ, मेरो अनुकूलता नै अनुकूल वायु हो, सद्गुरु कर्णधार अर्थात् केवट हुन्। यो दुर्लभ संयोग यदि उपलब्ध छ र तापनि जसले यस भवसागरबाट पार हुँदैन, भजन गर्दैन भने ऊ कृतनिन्दक हो, भोली-भोली भन्दै टारी रहन्छ, पन्छिने गर्छ, मन्दबुद्धि छ र आफ्नो आत्माको हत्यारा हो। यो नै हिंसा हो। तर

जति–जति सुरत लगाउँछौं, प्रभुको स्मृति प्राप्त हुँदै जानेछ। त्यस अनुसारको आचरण अहिंसा हो, यो नै धर्माचरण हो।

(४) एकइ धर्म एक ब्रत नेमा।

काय बचन मन पति पद प्रेमा।। (मानस, ३/४/१०)

सृष्टिमा धर्म एउटै मात्र छ– मन, कर्म र वचनले पतिको चरण कमलहरूमा प्रीति। आइमाइहरूले त पतिको चरणहरूको सेवा गर्न सक्छिन्, तर पुरुष वर्गले यस धर्मबाट वंचित रहनु पर्नेछ। तर वास्तवमा यस्तो होइन। आध्यात्मिक परिवेशमा महापुरुषहरूले परमात्मालाई नै पति इत्यादि शब्दहरूद्वारा सम्बोधित गरेका छन्। किष्किन्धाकाण्डको प्रकरण छ कि हनुमान्ले भगवान श्रीरामसंग भेटेपछि आफ्नो दैन्य निवेदन गरे, दुःख व्यक्त गरे कि प्रभुले सेवकलाई किन बिर्सनु भयो? भगवानले आश्वस्त गर्नुभयो कि कपि! तिमी आफ्नो मनमा अलिकति पनि ग्लानि न गर, तिमी मलाई लक्ष्मणभन्दा पनि दुई गुणा धेरै प्रिय छौ। **'देखि पवनसुत पति अनुकूला। हृदयँ हरष बीती सब सूला।।' (मानस, ४/३/१)**– हनुमानले पतिलाई अनुकूल देखेपछि उनको हृदय हर्षले प्रफुल्लित भयो, सम्पूर्ण दुःख हरायो। के हनुमान नारी थिए? वानर जातीय पुरुष थिए। पत अर्थात् इज्जतको रक्षा गर्नेवाला पति हो। 'पुनरपि जननम् पुनरपि मरणम्'को दयनीय दशाबाट बचाएर सहज स्वरूपको स्थिति दिलाउनमा जो समर्थ छ, यस्तो समर्थवान परमात्मा मात्र छ, वहाँ नै सम्पूर्ण जीवहरूका वास्तविक पति हुन्। यसैकारण हनुमानले भगवान श्रीरामलाई पति भनेर सम्बोधित गरे। सन्तहरूले निवेदन गरेका छन् कि **'अस अभिमान जाइ जनि भोरे। मैं सेवक रघुपति पति मोरे।।' (मानस)** अतः यदि हामीले नियमको पालना गर्नु छ, व्रत लिनु छ, धर्माचरण गर्नु छ भने मन–कर्म–वचनले पत राख्नेवाला एकमात्र परमात्माको चरण कमलहरूमा प्रीति गर्नु पर्दछ, यो नै पातिव्रत्य हो। एक परमात्माप्रति समर्पण तथा सत्पुरुषहरूको सेवा– यसबाहेक सृष्टिमा कुनै धर्म छँदै छैन।

सोइ सर्बग्य गुनी सोइ ज्ञाता। सोइ महिमंडित पंडित दाता।।
धर्म परायन सोइ कुल त्राता। राम चरन जाकर मन राता।

(मानस, ७/१२६/१-२)

उही सर्वज्ञ हो, धर्मको विशेषज्ञ हो, उही गुणी हो, ज्ञाता हो, सबै थोक जान्दछ, पृथ्वीमा उही सम्मानित पुरुष हो, उही पण्डित हो– उसको पाण्डित्यमा कुनै कमी छैन, उही दाता हो अर्थात् ऊसंग दिन योग्य कुनै वस्तु छ, त्यो कुल नै पूर्ण धार्मिक छ जसको मन रामचरणमा, एक परमात्माको चरणहरूमा अनुरक्त छ। एक परमात्माको प्राप्तिको क्रिया नै धर्म हो। रामचरणले मन रंगिनु नै धर्म हो। गोस्वामीजीको अनुसार एक परमात्माप्रति समर्पण नै सनातन धर्म हो।

सनातन धर्म हिन्दू भनिने सम्प्रदायको मात्र धर्म होइन, भारतको मात्र धर्म होइन बरू सार्वभौम हो। उत्तरी ध्रुवदेखि दक्षिणी ध्रुवसम्म सबै ठाउँका मानिसहरूमा एकसमान धारणा, त्यही दस इन्द्रियहरू र एउटा मन, प्रकृतिको लिप्सा र शान्तिको खोजी विद्यमान छ। प्रकृतिका भयानक लहरहरूबाट डराएर जहिले पनि ऊ सुख र शान्तिको खोजीमा निस्किने छ, उसले त्यही शाश्वत सनातनको शरणमा आउनु पर्नेछ। '**राम बिमुख सुख सपनेहु नाहीं।**'– रामबाट विमुख रहनेहरूको लागि स्वप्नमा पनि सुख छँदै छैन, भने पाउने छ कसरी? उसले यस आत्मदर्शनको क्रियात्मक पथमा आउनै पर्दछ र विश्वमा जो पनि यस आत्मपथतिर, शाश्वत शान्तितिर बढद्छ, त्यो शुद्ध सनातनधर्मी हो।

आत्मालाई विदित गराई दिने क्रियाको आविष्कार विश्वमा कतै पनि हुन सक्दथ्यो, तर सौभाग्यले भारतमा भयो। भारतले नै सबैलाई यो देन दियो, यसकारण भारतलाई विश्वगुरु भनियो। भारतकै महापुरुष बुद्ध भए। उनका अनुयायी आधा संसार थियो। उनकै अनुयायी परम्परामा ईसा भए। एक परमात्माको पूजाको उपदेश उनले गरि नै रहेका थिए कि यहूदीहरूले शूलीमा चढ़ाइदिए। यस्तै परिस्थिति मुहम्मद साहबको समक्ष पनि भएको थियो। आत्मालाई विदित गराई दिने क्रियाको क्रमबद्ध वर्णन गर्ने मौका उनले पनि पाएन।

यसकारण धर्मको विषयमा अधिकांश समाजले बाटो बिराएको छ। कसैले यसलाई पोंगापंथी मान्दछ भने कसैले यसलाई अकर्मण्यता भन्दछ, कसैले यसलाई डराएका मानिसहरूको सुरक्षा–कवच भन्दछ भने कसैले परोपजीविहरूको स्वर्ग भन्दछ। भन्नेहरूको दोष होइन, उनीहरूलाई धर्म बताएको कहिले थियो?

हेर्नुस्, धर्मको नाममा जे पनि गर्ने अथवा बाहिरी विचारहरूलाई बौद्धिक मान्यता दिनाले कोही धार्मिक हुन सक्दैन। धार्मिक त्यो हो जो आत्मदर्शनको नियमहरूको संकल्पबाट अनुप्राणित रहन्छ। उसको आत्मानुशासन, एकाग्रता युक्ताहार–विहार, इन्द्रिय संयम इत्यादि गुण देश र मानव समाजलाई उन्नतिको शिखरमा लिएर जानमा उपयोगी छन्। धर्मको सही निष्ठा आएपछि मनुष्यलाई स्नायुरोग वा घातक रोग कहिल्यै हुँदैन; किनकि विनय र श्रद्धाद्वारा उसको हृदय द्रवीभूत रहने गर्दछ। उसलाई भरोसा रहन्छ कि त्यो प्रभुले हेर्न हुनेछ। मानसिक तनावहरूबाट पनि ऊ मुक्त रहन्छ। समृद्धिलाई पनि ईश्वरको देन मानेर अहंकारबाट बच्दछ। एक परमात्माको पथमा यदि तपाईं अग्रसर हुनुहुन्छ र सामूहिक जानकारी राख्नुहुन्छ भने तपाईं एक संगठन र एक सूत्रमा बाँधिनु हुनेछ र जुन समाज एक सूत्रमा बाँधिएको हुन्छ, त्यहाँ दुःख रहँदैन।

बन्धुहरू हो! धर्मको जानकारीको लागि तपाईं तीर्थहरूमा जानु हुन्छ। धर्ममा यदि सच्चाई छैन भने जीवन व्यर्थ हुन्छ। यो मानव शरीर सृष्टिमा सर्वोत्कृष्ट छ– **'न हि मानुषात् श्रेष्ठतरं हि किंचित्।'** किनकि सृष्टिमा एकमात्र ऊ नै विचारशील प्राणी हो, उसमा परमात्मासम्मको शोधको क्षमता देखिएको छ। मानव तनको सबैभन्दा ठूलो उपयोग पनि यही हो कि शरीर रहँदै परमात्माको अनुभूति गर्नुहोस्।

जब मानव यस दिशामा हिड्दछ भने केही पूजा–पद्धतिहरू, कुनै पंथ त्यसले पारिवारिक परम्परामा पाएको हुन्छ। मैले पनि पाएको थिएँ; तर पंथ, सम्प्रदाय, पूजा–पद्धति, भेष, अखाड़ा वा दुआरा लक्ष्य हुन सक्दैन। यिनीहरूको समर्थन गर्नको लागि हामी सबैले नरतन पाएका छैनौं। श्रीकृष्णको अनुसार यी सबै अविवेकीहरू र मूढ़बुद्धि भएकाहरूको देन हो। भगवत्पथमा निर्धारित क्रिया एउटा मात्र छ; तर अविवेकीहरूको बुद्धि अनन्त शाखाहरूवाला हुन्छन्, यसकारण उनीहरू एक निर्धारित क्रियाको स्थानमा अनेक क्रियाहरूको संरचना गर्दछन्। यतिमात्र होइन, उनीहरू देखावटी शोभायुक्त वाणीमा त्यसलाई व्यक्त पनि गर्दछन्। उनीहरूको वाणीको छाप जसको चित्तमा पर्दछ, अर्जुन! उनीहरूको पनि बुद्धि नष्ट हुन्छ, न कि उनीहरू भजन गर्दछन्। फेरि उनीहरूलाई सही कुरा भने पनि सुन्दैनन्, चाँड़ै स्वीकार गर्दैनन् किनकि उनीहरू पूर्वाग्रह छोड्न सक्दैनन्,

रूढ़िसंग टाँसिएर बस्दछन् कि "सबै जनाले त यस्तै गरिरहेका छन्, मैले गरेन भने मानिसहरूले के भन्ने छन्?" वास्तवमा कुनै सम्प्रदायको अनुयायिहरूको संख्या धर्मको कुनै कसी होइन। यसैलाई लक्ष्य गर्दै संत कबीर भन्नुहुन्छ–

मैं भी भागा जाइयाँ, लोक वेद के साथ।
आगे ते सतगुरु मिल्या, दीपक दीन्हा हाथ।।
दीपक दीन्हा तेल भरि, बाती दई अघट्ट।
पूरा किया बेसाहुणा, बहुरि न आवौं हट्ट।।

धर्म मानिसको लागि हो, मानिस धर्मको लागि होइन। जसरी रोटी मानिसको लागि हो, मानिस रोटीको लागि होइन। अतः व्यक्तिको निजी कल्याणको लागि तथा समष्टिको कल्याणको लागि पनि यो बोध गराउनु जरूरी छ कि हरेक मानिसभित्र कतै कुनै परमात्मा छ, जसलाई खोज्नु प्रत्येकको दायित्व हो। शाश्वत परमात्माको प्राप्तिको नियत क्रिया नै धर्म हो। जसमा मात्र त्यो परमात्माको प्राप्तिको विधान छ, लोक-रीतिको जसमा अलिकति पनि समावेश छैन, त्यही तपाईं-हाम्रो, मानव मात्रको विशुद्ध धर्मशास्त्र हो र त्यो हो भगवान श्रीकृष्णोक्त 'गीता', जसमा स्वभावद्वारा उत्पन्न क्षमताको अनुसार मात्र एक परमात्माको चिन्तनलाई नै नियत कर्म भनिएको छ र यसै नियत कर्म अन्तर्गत त्यही परमात्माको परिचायक दुई-अढाई अक्षरको नाम 'ॐ' अथवा 'राम'को जप तथा समकालीन कुनै तत्त्वदर्शीको शरणमा जाने विधान छ।

सबै महापुरुषहरूले तत्त्वदर्शी महात्माहरूको शरण र सान्निध्यमाथि जोर दिएका छन्; किनकि धर्म वहाँहरूकै अनुभूति हो। एक पटक अनुसुइया आश्रममा इलाहाबाद विश्वविद्यालयका केही प्रोफेसर आए। उनीहरूले पूज्य गुरुदेवजी समक्ष एउटा प्रश्न सोधे- "भगवन्! हामीहरू दर्शनशास्त्र पढ्छौं, कबीरको कृतिहरू पढ्छौं, यी सबैलाई पढाउँछौं पनि; तर साधन समझमा आउँदैन।" पूज्य महाराजजीले भन्नुभयो- "हो! के भन्नु, दुई-दुई पैसामा वेदान्त बिक्री हुन्छ (त्यस बेलामा गीता प्रेस गोरखपुरको गीता दुई पैसामा पाइन्थ्यो।)। मान्छेहरूले पढ्ने गर्दछन् र थाहा छैन के-के लेख्ने गर्दछन्?" साधना एउटा यस्तो चीज हो, जो लेख्न सकिंदैन। त्यो त कुनै प्राप्ति गरिसकेका महापुरुषद्वारा कुनै-कुनै लगनशील अधिकारी साधकको हृदयमा जागृत गर्ने गरिन्छ। यस्ता

महापुरुषहरूको सानो–तिनो सेवाबाट दुई–चार महिनाको सान्निध्यबाट आत्मदर्शनको क्रिया हृदयमा जागृत हुनजान्छ। त्यो इष्टले निर्देशन, संकेत र अनुभव प्रदान गर्न थाल्दछ, बाटो देखाउन थाल्दछ र धारण गर्दछ।

यसैकारण भगवान श्रीरामले भन्नुभयो– 'भगति मोरि'। श्रीकृष्णले भन्नु भयो, 'मामेकं शरणं व्रज'– मात्र मेरो शरणमा आऊ, बरू धर्मको चिन्ता छोड़ेर मेरो शरणमा आऊ। पहिले भन्नुभयो– हृदयस्थ ईश्वरको शरणमा जाऊ, फेरि भन्नुभयो– तत्वदर्शीको शरणमा जाऊ। किन? यसै धर्माचरणलाई सिक्नको लागि। यहाँ भन्नुहुन्छ– धर्मलाई पनि छोड़ेर मेरो शरण आऊ। आखिर भगवान्ले के भन्न खोज्नु भएको छ?

वास्तवमा समर्पणको साथ लाग्ने साधकको धर्म, कर्म, भगवान् सबै थोक त्यही तत्त्वद्रष्टा महापुरुष हुन्। उनी धर्मको प्रत्यक्ष अनुभूतिवाला हुन्। धर्मस्वरूप, कर्मस्वरूप र त्यस धर्म–कर्ममा हिड्नेवाला सबै थोक हुन्। पूज्य महाराजजी भन्नुहुन्थ्यो–

तात मोर अति पुन्य बहूता। देखेउँ नयन राम कर दूता।।

"हो! म भगवनको दुत हुँ। मसंग न भेटिकन कोही पनि भगवान्सम्म पुग्नै सक्दैन।" भगवान् हुनुहुन्छ, तर तत्त्वदर्शी सद्गुरु बिना वहाँ राम्रो दर्शन र प्रवेशको लागि हुनुहुन्न। किनकि वहाँको अनुभूति अन्तःकरणमा हुने गर्दछ, यसकारण हृदयबाट योग–क्रिया जागृत गराउने तत्त्वदर्शी महापुरुषको अभावमा त्यो परमात्माको कुनै उपयोग हाम्रो लागि छैन। तर एक परमात्मामा श्रद्धा र त्यो प्रभुको परिचायक दुई अथवा अढाई अक्षरको नामको जप– यो धर्मनिष्ठाको नै अंग हो।

बौद्धले भन्दछ– '**बुद्धं शरणं गच्छामि**', जैनले भन्दछ– '**सम्यक् दर्शन ज्ञान चरित्राणि**' अर्थात् तीर्थंकरहरूको दर्शन, उनीहरूले बताएको ज्ञान र उनीहरू जस्तै चरित्र बनायो भने मोक्ष पाइन्छ। इस्लामका अनुयायी भन्दछन् कि मुहम्मद नै अल्लाहका रसूल (दूत) हुन्, सन्देशवाहक हुन्, दूत हुन्। सिख भन्दछन्, '**वाहे गुरु**'। ईसाले भन्दछ– सांसारिक भारीबाट थिचिएका मानिसहरू! मकहाँ आऊ, म तिमीहरूलाई विश्राम दिनेछु। जो मेरो पछि लाग्नेछ, उसले आफूलाई बिर्सिनु पनेछ र मेरो अनुसरण गर्नु पर्नेछ। (Come to me, all

that are weary and heaven ladden and I will give you rest. If any man will come after me let him deny himself and follow me.)

सबै महापुरुषहरूले आफूतिर बोलाई रहेका छन्। यस्तो लाग्दछ कि सबैजना आ-आफ्नो पसल खोलेर बसेका छन्; तर यस्तो केही पनि होइन। आफ्नो-अर्काको भावना त तपाईं-हामी भित्र छ, यसैकारण यस्तो सोच्दछौं। महापुरुषको भनाईको अर्थ यति मात्र हो कि जो महापुरुषले साधनद्वारा हिड़ेर त्यो हृदयस्थ परमात्मामा स्थिति पाइसकेको छ, आफ्नो समकालीन त्यस्तो तत्त्वदर्शीको शरणमा जाऊ।

तर तत्त्वदर्शीहलाई तपाईं-हामीले कसरी चिन्ने? धूर्तहरूले पनि यस भेषबाट लाभ उठाएका छन्। राजा प्रतापभानु र भगवती सीता यसै भेषद्वारा छलिएका थिए, हनुमान बल्ल-बल्ल बाँचे। सबैजना तत्त्वदर्शी भएको ठोकुवा गर्न थाले भने के होला?

वास्तवमा यो कुनै समस्या नै होइन। हृदयबाट क्रिया जागृत गरिदिने क्षमता भएको तत्त्वदर्शी यदि दृष्टिमा छैन भने यसको कारण छ आफ्नो पुण्य-पुरुषार्थमा कमी हुनु- **'पुन्य पुंज बिनु मिलहिं न संता।'** तबसम्म तपाईं एक परमात्मामा निष्ठा र त्यो परमात्माको परिचायक कुनै दुई-अढाई अक्षरको नाम जप गर्दै पुण्य अर्जित गर्नुहोस्। जुन दिन यो पुण्यको तराजुको काँटा स्थिर हुनेछ, तब संत-सद्गुरु जुन सिंहासनमा विराजमान हुनु होला अथवा जुन हिलोमा लटपटिनु भएको होला, तपाईं त्यहाँसम्म आफै पुग्नु हुनेछ अथवा वहाँले नै तपाईंसंग भेट गर्नु हुनेछ। तपाईंले वहाँलाई चिन्नु हुनेछ, अनुभवी सूत्रपात्हरूद्वारा वहाँले तपाईंलाई बुझाउनु हुनेछ।

आत्मालाई विदित गर्ने यस पथमा जो कोही पनि लगन र श्रद्धाको साथ लाग्दछ, मार्गदर्शनको आवश्यकताको समय आएपछि उसको पुण्य-पुरुषार्थ सद्गुरुसंग ठोक्किन लाग्छ। महापुरुषहरूले यस्ता पथिकहरूलाई मार्गदर्शन गर्ने आफ्नो दायित्व मानेका छन्। पूज्य महाराजजी प्रायः भन्ने गर्नु हुन्थ्यो- "यस्तो नाम भएको, यस्तो रंग-रूपको साधक आउनेछ, जसको मैले मार्गदर्शन गर्नु छ।" केही साधकहरूको बारेमा त यस्तो संकेत एक-दुई वर्ष पहिले देखि नै हुन थाल्थ्यो र उनीहरू पछि आए पनि।

अतः सद्गुरु खोज्न कतै जाने र देखासिकी कसैलाई सद्गुरु मान्ने कुनै आवश्यकता छैन। वहाँलाई जुन दृष्टिले चिन्न सकिन्छ, त्यो दृष्टि नै पुण्यमयी हुन्छ। संत–सद्गुरु मात्र होइन, स्वयं भगवान नै सामुन्ने उभिनु भए पनि यदि ऊ संग पुण्य सहयोग छैन भने, वहाँलाई पागल मान्न सक्दछ। भन्न सक्छ, कस्तो रूप बनाएको? पूज्य महाराजजीको गुरुदेवलाई वहाँका क्षेत्रीय मानिसहरूले आजीवन पागल मान्दथे, तर महाराजजीको लागि वहाँ नै सद्गुरु हुनुहुन्थ्यो। वहाँ कै निर्देशनमा हिड़ेर महाराजजी महाराज हुनु भयो। हो! पुण्य–पुरुषार्थको कमीले गर्दा जबसम्म सबै संशयहरूको अन्त गर्नेवाला सद्गुरु भेटिदैन तबसम्म सन्तहरूमा श्रद्धा नै पर्याप्त छ; किनकि– '**श्रद्धावाँल्लभते ज्ञानम्**' (**गीता, ४/३९**)– उसले पाउने छ।

प्रश्नोत्तर : ***महाकुम्भ (हरिद्वार)मा यी विचारहरूलाई सुनेर केही विचारकहरूले धर्मलाई अझ स्पष्ट पार्न आग्रह गरे। उनीहरूले महाराजजीसंग यो पनि सोधे कि तपाईं हिन्दू धर्म मान्नु हुन्छ कि मान्नु हुन्न? तपाईं कुन धर्म मान्नु हुन्छ? तपाईंको धर्मको नाम के हो? धर्ममा कुन–कुन कुराहरू आउँछन्? तपाईंको धर्मको तालिका के हो? इत्यादि।***

यिनीहरू मध्येका केही महत्वपूर्ण बिन्दुहरूमाथि विचार व्यक्त गर्दै महाराजजीले भन्नुभयो कि– हेर्नुस्, धर्म न त हिन्दू हुन्छ र न मुसलमान। त्यसमा बौद्ध, जैन, पारसी, ईसाई, यहूदी, मेरो अथवा तपाईंको– कसैको पनि एकाधिकार वा विशेषाधिकार हुँदैन। सृष्टिभरिमा धर्म एउटै छ। जो शाश्वत छ, त्यो धर्म हो– त्यसले नै शाश्वत धाम दिनेछ। जो नश्वर छ, त्यो अधर्म हो– त्यसले मृत्यु दिनेछ। ऋग्वेदमा छ '**अतोधर्मानि धारयन्**' (**१/२२/१८**)– जसले सबैलाई धारण गर्दछ (त्यो हो परमात्मा) ऊ नै धर्म हो, न कि हिन्दू अथवा मुसलमान।

यो अवश्य छ कि भारतमा धर्मको जुन नाम समग्र रूपले दिइएको छ, त्यो हो हिन्दू। हिन्दू महासभा, विश्व हिन्दू परिषद इत्यादि अनेक संगठनले हिन्दू शब्दको प्रयोग गरेका छन्। बौद्ध, जैन, सिख सबै यसैको शाखा मानिन्छन्; तर यी सबैको झगड़ा हिन्दूहरूसंग नै छ। बौद्ध अलग हुन चाहन्छ भने हिन्दूबाट, सिखले छुटै पहिचान बनाउन चाहन्छ भने हिन्दूबाट, आतंकवादिहरूको आक्रोश छ भने हिन्दूसंग, जबकि हिन्दू कुनै धर्म छँदै छैन।

'हिन्दू' त एउटा क्षेत्रीय विशेषण हो। गजनीका लुटेराहरूलाई भारतीय मन्दिरहरूमा संचित धन–भण्डार लुट्ने लत लाग्यो, तब उनीहरूले सीमावर्ती सिन्धु नदीको छेउमा बस्नेहरूसंग यस देशको जानकारी लिए। त्यस क्षेत्रमा आज पनि 'स'को उच्चारण 'ह' गरिन्छ। लेख्दछन् 'शेरसिंह' तर पढ़छन् 'हेरसिंग'। उनीहरूले सिन्ध दरियालाई हिन्द दरिया र दरियाको पारी बस्नेहरूलाई हिन्दू भने। वेदमा सरितोलाई हरितो पढ्नु, सरस्वत्योलाई हरःवत्यो पढ्नु, बोलचालमा मासलाई माह, सप्ताहलाई हप्ता र केसरीलाई केहरी भन्नु उनीहरूकै उच्चारणको देन हो। 'हिन्दूस्तान जानु छ, हिन्दूहरूलाई समात', 'हिन्दूहरूलाई लुट' भन्ने गरेका आक्रमणकारीहरूको हातमा शासन–व्यवस्था आएपछि उनीहरूले यहाँका निवासिहरूलाई हिन्दू भनेर सम्बोधित गरे, जो यहाँका सोझा–साझा अशिक्षित जनताहरूको मुखमा बसी हाल्यो।

त्यस समयमा मानिसहरू जानाजान शिक्षाको विरुद्ध भएका थिए–यस्तो कुरो होइन। हाम्रो स्मृतिहरूको कानून नै यस्तो थियो कि धेरै कम मानिसहरूले पढ्न पाउँथे। यसकारण पटक–पटक प्रयोगमा आउनुको कारणले हिन्दू शब्द प्रचलनमा आयो होइन भने हाम्रो कुनै पनि धर्मशास्त्रमा हिन्दू शब्द छैन। संस्कृत ग्रन्थहरूको त कुरै छोड़ौं, रामचरितमानस त्यसबेला लेखिएको थियो जुन बेला मुगलहरूको प्रभाव थियो। शाहंशाह अकबरको शासनकाल थियो। 'हिन्दू' शब्द प्रचलनमा थियो। समसामयिक कविहरूले यसको प्रयोग गरे; तर गोस्वामी तुलसीदासजीले यो अनावश्यक शब्दको प्रयोग आफ्नो लेखाइमा गरेन। स्वामी दयानन्द सरस्वतीले पनि 'आर्य'को स्थानमा हिन्दू शब्दको प्रयोग उचित ठानेन। सन्तहरूले यस शब्दलाई मात्र सम्बोधनको रूपमा लिएर।

अतः हिन्दू शब्द न त धर्मको पर्याय हो र न यो नाम अरबवालाहरूकै देन हो। यो त सिन्धु नदीको छेउका निवासिहरूको उच्चारणको देन हो। हिन्दू नदीको पूर्व वारीको यो प्रदेश हिन्द–क्षेत्र हो, हिन्दुस्तान हो। यो शब्द स्थानवाचक हो न कि धर्मको नाम।

चीनमा बस्नेहरू चाइनिज कहलाउँछ, त के चाइनिज कुनै धर्म हो? अमेरिका निवासी अमेरिकन कहलाउँछ, त के अमेरिकन कुनै धर्म हो? यसैप्रकार हिन्दुस्तानमा बस्नेहरूलाई हिन्दू भनियो भने हिन्दू धर्म कसरी भयो? हुन त

यस देशको नाम हिन्दुस्तान कहिले पनि रहेन। अत्यन्त प्राचीनकालदेखि आजसम्मको सरकारी अभिलेखहरूमा यसलाई भारत नै लेखिने गरिन्छ। कुनै पनि देशको नाम पृथ्वीको एउटा-एउटा अंशको नाम हो, धर्म होइन।

धर्म त सर्वदेशीय, सार्वकालिक र सबैको लागि हुन्छ र यस्तो मात्र एक परमात्मा छ। त्यो अव्यक्त, मन-वाणी भन्दा परको सत्ताको के नाम हुन्छ? त्यो त अनिर्वचनीय छ। तापनि ईश्वरको संकेत गर्ने हजारौं नामहरू मध्येबाट केही नामहरूको छनौट समय-समयमा गरियो। उदाहरणको लागि वैदिक वाङ्मयमा जसलाई ध्रुव, सत् र सनता धर्माणि अर्थात् सनातन धर्म भनियो, पछिको भारतमा त्यसैको नाम थियो ब्राह्मण धर्म। यहाँ ब्राह्मणको अर्थ कुनै सामाजिक वर्ग होइन, गोपथ-शतपथ, ऐतरेय अथवा ताण्ड्य नाम ब्राह्मण ग्रंथ होइन बरू ब्रह्मको प्राप्ति गराउने क्रियाबाट पार हुने प्रत्येक व्यक्ति ब्राह्मण हो। यिनै क्रियाहरूको अनुशीलन गर्ने मानिसहरूलाई आर्य भनियो। आर्यको अर्थ आर्य समाजी होइन।

आर्य र अनार्य शब्दको प्रयोगले हाम्रो प्राचीन आर्षग्रंथ भरिएको छ। बाल्मीकि रामायणको अनुसार उत्तर भारतीय, दक्षिण भारतीय, सुग्रीवको परिवार, वानर-भालू जातिहरू सबै आर्य थिए। रावण जति अनार्य थियो, उसको पूर्वज पुलस्त्य, विश्रवा तथा उसको साखै भाई विभीषण त्यति नै आर्य थियो। रणक्षेत्रमा विशाल शरीर भएको कुम्भकर्णलाई देखेर वानरी सेना विचलित हुन लागो। तब अंगदले उनीहरूलाई साहस दिए, "शूरवीरहरू! हामी त्यस्ता आर्यहरूका सन्तान छौं, जसले युद्धमा कहिल्यै पिठ्यू फर्कायौ भने हामी अनार्य कहलाउँछ छौं।" अतः आर्य त्यसलाई भनिन्छ, जो लक्ष्यमा दृढ़तापूर्वक डटी रहन्छ। गीतामा छ, '**अनार्यजुष्टम्' (गीता, २/२)**- अर्जुन! तिमीले यो अनार्यहरूको आचरण कहाँबाट सिक्यौ? आलस्य त्यागेर युद्ध गर।

आर्य र अनार्य शब्दहरू माथि भगवान बुद्धको विचार मज्झिम निकायको पाशराशि सुत्तमा संकलित छन्। वहाँले सम्झाउनु भयो- "भिक्षुहरू हो! यस संसारमा दुई प्रकारका अनुसंधान छन्- आर्य र अनार्य। अनार्य अनुसंधान त्यसलाई भनिन्छ जो स्वयं जातधर्मा (जन्मने वाला) हुँदा-हुँदै पनि जात-धर्मको नै खोजी गर्दछ। स्वयं जराधर्मा (बूढो हुने स्वभाववाला) भएर पनि जरा-धर्मलाई नै आह्वान गर्दछ, व्याधि-मरण-शोक र संक्लेशधर्मा हुँदा-हुँदै

पनि तिनीहरूकै खोजी गर्दछ। पुत्र र भार्या जातधर्मा हुन्। सुन, चाँदी तथा सृष्टिका सम्पूर्ण भोग–सामग्री जातधर्मा हुन्। यिनैमा यो पुरुष ग्रसित, मूर्च्छित र आसक्त भएर स्वयं जातधर्मा भएर अर्को जातधर्मा अर्थात् नश्वर पदार्थहरूको खोजी गर्दछ– यो अनार्य खोजी हो।

तर भिक्षुहरू हो! कुनै–कुनै पुरुष स्वयं जातधर्मा हुँदा–हुँदै, जातधर्ममा दुष्परिणाम देखेर अजात (जन्मरहित), सर्वोत्तम, मंगलमय निर्वाणको खोजी गर्छ। स्वयं व्याधिधर्मा (व्याधिरहित), मरणधर्मा (मृत्युरहित), अमृत, शोकधर्मा (शोकरहित), स्वयं संक्लेशधर्मा (मलरहित), अति उत्तम योगेक्षेम निर्वाणको खोजी गर्दछ– ऊ आर्य–पथमा छ।"

स्पष्ट छ कि आर्य एउटा पथ हो, मनको एउटा अवस्था हो, एउटा निर्धारित दिशा हो। तपाईंको साखै भाई आर्य र अर्को अनार्य हुन सक्दछ। एउटै व्यक्ति जीवनको कुनै क्षणमा आर्य र अर्को क्षणमा अनार्य हुन सक्दछ। कोही कहिले आस्तिक त कहिले नास्तिक हुन सक्दछ। जो त्यो अस्तित्वको उपासक हो, आस्तिक छ, ऊ आर्य हो। निष्ठाको साथ त्यस परमात्मालाई पाउने विधिको आचरण आर्य–शोध हो र यसको विपरीत जो अस्तित्वविहीन, नश्वर, क्षणभंगुर आकृतिहरूको कामना गर्दै भौंतारि रहेको छ, ऊ अनार्य हो। यसैलाई महापुरुषहरूले कहिले विद्या र अविद्या भने, कसैले यसलाई अन्तर्मुखी–बहिर्मुखी, सजातीय–विजातीय, दैवी सम्पद्–आसुरी सम्पद् भने। यो वृत्ति हो, एउटा प्रवृत्ति हो। सत्यको वृत्ति आर्य हो, असत्यको प्रवृत्ति अनार्य हो। यसकारण पूरा संसार आर्य हो र पूरा संसार अनार्य हो। वेदमा छ कि '**कृण्वन्तु विश्वमार्यम्**' अर्थात् विश्वलाई आर्य बनाऊँ। आर्य बनाइन्छन्, न कि जन्म अथवा स्थानबाट कोही आर्य हुन्छ।

संसारको सबैभन्दा प्राचीन पुस्तक वेददेखि गौतम बुद्धसम्म सबैले आर्यको आशय इष्टोन्मुखी प्रवृत्ति माने, गुणवाचक माने, न कि भारत बाहिरबाट आएको कुनै जाति। हो! भारतमा त्यो परमात्माको शोध गर्नेहरू बहुसंख्यामा थिए, यसैकारण भारतलाई कुनै बेला आर्यावर्त पनि भनिने गरिन्थ्यो। जुन समाजको बहुमत एक परमात्माको लागि संकल्पवान थियो, इन्द्रिय संयम र मनको निरोधको लागि जो प्रतिबद्ध थिए, उनीहरूको रहन–सहन, खान–पान, वेष–भूषा, शादी–विवाह, नियम–कानून– सबै थोक सुसंस्कृत थियो, जसलाई

आर्य–संस्कृति भनियो; तर आर्यहरूको जुन मूल क्रिया छ, त्यसमा भारतीयहरूको मात्रै वर्चस्व छैन। त्यो त विश्वको मानिस मात्रको हो। आफूलाई ईसाई मान्नेवाला पनि यदि त्यस अविनाशी परमात्माको खोजीमा तत्पर छ, जसमा अनन्त जीवन छ भने ऊ आर्य हो, अरू केही पनि होइन। मुसलमान नै किन नहोस् (सूफी सन्तहरू जस्तै) एक परमात्माको लागि जो हृदय–मनले प्रयत्नशील छ, ऊ आर्य–शोधमा लागेको छ, आर्य नै हो। आर्यत्वको मुख्य पहिचान खान–पान, वेष–भूषा, बस्ने ढंग अथवा सामाजिक व्यवस्था होइन बरू त्यो योगक्रिया हो, जसमा लागेर यो जीवात्माले आफ्नो मूल परमात्मासम्मको दूरी पार गर्दछ। सनातन आर्यहरूको साध्य हो। जो दैवी सम्पद्संग युक्त छ, ऊ आर्य हो। जो आसुरी सम्पद्संग युक्त छ, ऊ अनार्य हो।

धर्मको लागि वेदमा प्रयोग भएको सनातन शब्दको अर्थ हो– जो सधैं थियो, छ र रहिरहने छ। त्यो हो एकमात्र परमात्मा। उसैको अंशमात्रबाट सृष्टिको संचार छ, हरेक कणमा ऊ विद्यमान छ, हरेक आत्माको लागि उसमा प्रवेश गर्ने व्यवस्था छ, सबैले त्यो अविनाशी तत्त्व पाउनु छ– ऊ नै सनातन छ, ऊ नै सत्य छ। त्यो प्रभु सबैतिर वास गर्दछ र सुमिरणद्वारा ऊ जागृत हुन्छ। जागृत भएर आफ्नो स्वरूपसम्मको दूरी पार गराउँछ। यो सनातन सत्य हो, यसैकारण धर्मको नाम सनातन हो।

सत्यान्वेषी महापुरुषहरूपछि क्रमशः क्रियाहीन मानिसहरूले उनीहरूको स्थान ग्रहण गर्न थाल्यो भने धर्ममाथि आवरण आउँदछ। अनेकौं कल्पित पूजा–पद्धतिहरू, विकृतिहरू, ढोङ्गहरू तथा रीति–रिवाजले धर्मलाई ढाकि दिन्छन्। यस्तै अन्धकारले छोपिएको अवस्थामा कुनै महापुरुष प्रकाश पुंज बनेर आउँछ। उनको आविर्भावको लागि कुनै शिष्य–परम्परा वा गद्दी–परम्पराको आवश्यकता छैन, **'अनेकजन्मसंसिद्धस्ततो याति परां गतिम्' (गीता, ६/४५)**– अनेकौं जन्महरूदेखि लागेको पथिकले कतै पनि जन्म लिन सक्दछ, पूर्वजन्महरूको अभ्यासद्वारा उसले त्यो योग्यतालाई अर्जित गरिसकेको हुन्छ, जहाँ पुगेर उसलाई कसैको सहयोगको अपेक्षा हुँदैन। सयौं जन्मदेखि बुद्ध साधु थिए। श्रीकृष्णको दस जन्महरूको उल्लेख महाभारतमा छ। अतः अनेकौं जन्महरूदेखि लागेका पथिकको जुन प्राप्तिवाला अन्तिम जन्म हुन्छ, योगेश्वर श्रीकृष्ण भन्नुहुन्छ कि त्यो ज्ञानी साक्षात् मेरो स्वरूप हो। यस्तो पुण्यात्माले

कतै पनि जन्म लिन सक्दछ। जन्म लिएर उसले त्यस क्रियालाई फेरि गर्नेछ र चाँड़ै नै आफ्नो लक्ष्य प्राप्त गर्नेछ। लक्ष्य विदित गरेर जब उसले समाजलाई सम्बोधित गर्छ भने त्यही सत्य उसको मुखबाट पनि प्रस्फुटित हुनेछ; किनकि त्यसमा बोल्ने त ईश्वर हो। त्यस महात्माको बुद्धि मात्र यन्त्र हो। मूल सत्य नै उसको मुखबाट निस्किन्छ– जो शाश्वत छ, सनातन छ। यसकारण विश्वको कुनै पनि कुनामा अथवा कुनै पनि जातिमा जन्म भएको कुनै पनि सन्त निन्दाको पात्र हुँदैन। सन्त सबै एक हुन् र समान भावबाट नै पूज्य छन्।

ती महापुरुषहरूले कुनै नयाँ धर्मको आविष्कार गरेका हुन्, कुनै नयाँ मार्ग चलाएका हुन्, यस्तो कुनै कुरा होइन। अतः आउनुस् हामी सबै एउटै धर्मका उपासक बनौं– जुन सत्य छ, शाश्वत छ, सधैं एकरस छ। यसमा कुनै अलगाव वा आविष्कार हुनै सक्दैन। योगेश्वर श्रीकृष्णले त यतिसम्म भन्नुभयो कि यस्तो यो आत्मा अरू केही हुनेवाला पनि छैन। जब अरू केही हुनेवाला नै छैन भने तपाईंले कुनचाहिं आविष्कार गर्नु हुनेछ? मेरो पनि अर्को कुनै धर्म वा पन्थ छैन। कुनै पनि महापुरुषले नयाँ धर्म चलाउँदैन; तापनि धर्मको जुन पुरातन नाम छ, त्यसमा अलिकति परिवर्तन प्रतीत हुने गर्दछ; किनकि ईश्वरका हजारौं नामहरू मध्येबाट कुनै एउटा नामको प्रयोग त्यो महापुरुषले धेरै गर्दछ। जस्तै महात्मा बुद्धलाई लिउँ। वहाँले कुनै नयाँ धर्म चलाउनु भएको थिएन बरू साधनामा अथक परिश्रम गरेर जब वहाँले भगवानको कृपाको अनुभव गर्नु भयो तब भन्नुभयो कि रात्रिको अन्तिम प्रहरमा मैले त्यो अविनाशी पदलाई पाएँ, त्यस सर्वज्ञतालाई प्राप्त गरें, जो मभन्दा पहिलेका महापुरुषहरूले प्राप्त गरेका थिए (अश्वघोषकृत, बुद्धचरित, सर्ग १४, श्लोक ८५–८६)।

विचारणीय छ कि बुद्धभन्दा पहिले बौद्ध धर्म थिएन भने बुद्धको पूर्वज को थिए? त्यही, जुन तपाईंको थिए। बुद्ध तपाईं–हामी बीच कै थिए। क्षत्रिय कुलमा जन्म भयो, यिनै रीति–रिवाजहरूमा हुर्के। भजन गरेर के पाए? त्यही अविनाशी परमपद, जो वहाँभन्दा पूर्वका मनीषिहरूले प्राप्त गरेका थिए। महात्मा बुद्धभन्दा पूर्व कुनचाहिं महर्षि थिए? त्यही भगवान श्रीराम, भगवान श्रीकृष्ण, वशिष्ठ, विश्वामित्र, वाल्मीकि इत्यादि।

गीताले भन्छ कि सत्को तीनवटै कालहरूमा कहिल्यै अभाव छैन। शरीर नाशवान छ, मरणधर्मा छ र आत्मा नै परम सत्य हो, सनातन हो, शाश्वत

हो। यद्यपि स्वयंमा ईश्वरको कुनै नाम छैन, तर विविध दृष्टिहरूबाट यी नामहरू उनको सम्बोधन हुन्। यिनीहरू मध्ये एउटा सम्बोधन अविनाशी पनि हो। बुद्धले भन्नुभयो– मैले त्यस अविनाशीलाई पाएँ। त्यही परमात्माको एउटा अर्को सम्बोधन हो– सर्वज्ञ। बुद्धले भन्नुभयो कि मैले त्यस सर्वज्ञतालाई पाएँ। स्पष्ट छ कि महात्मा बुद्धले त्यही शाश्वत सत्यलाई दोहऱ्याउनु भयो जुन आदिसत्य थियो, जो मूल सत्य छ। वहाँले अविनाशी, सनातन, अमृत तत्त्व, परमात्मा अथवा त्यो सर्वज्ञतालाई नै दृढ़ाउनु भयो, जस्तो कि गीतामा छ।

तथागतको मुखबाट बोध शब्दको धेरै प्रयोग भयो। बोधको अर्थ हो– ज्ञान। आदि शंकराचार्य भन्नुहुन्छ, '**बोधो हि को यस्तु विमुक्तिहेतुः**'– बोध के हो? जुन मुक्तिको साधन हो! गीतामा यसै बोधलाई ज्ञान भनियो–

यस्तु सर्वे समारम्भाः कामसङ्कल्पवर्जिताः।
ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः।। (४/१९)

वेदमा पनि छ कि '**ऋते ज्ञानान्न मुक्तिः**'– ज्ञानको बिना मुक्ति हुँदैन। यसप्रकार यो बोध शब्द पनि त्यो परमात्माको नै एउटा सम्बोधन हो, एउटा विभूति हो। गौतमद्वारा व्यवहृत शब्दको आधारमा पछिका मानिसहरूले एउटा नारा बनाए– '**बुद्धं शरणं गच्छामि**', '**संघं शरणं गच्छामि**', '**धम्मं शरण गच्छामि**'– धर्मको शरणमा जाऊ। कुन धर्म? त्यही शाश्वत, सनातन, जो तपाईं–हाम्रो सबैको धर्म हो। यो बोध (ज्ञान) शब्द पनि सनातनको नै क्रिया–पक्ष हो। ठीक त्यसै प्रकार हाम्रा चौबीस अवतारहरूमा एक ऋषभदेवको शिष्य परम्परामा महावीर स्वामी भए जसको तपश्चर्या, सहनशीलता विख्यात छ। राजपरिवारको हुँदा–हुँदै पनि उनले अयाचित (आफै पाइने) भिक्षावृत्तिबाट निर्वाह गरे। कसै–कसैले उनलाई पागल घोषित गरेर ढुङ्गाहरूले हाने, कसैले कानमा किला ठोकिदिए। तर उनलाई न क्रोध आयो, न क्षोभ, भजनमा लागि नै रहे। उनले जब स्थिति पाए, तब निर्णय दिए कि आत्मा नै सत्य हो, शाश्वत हो। कठोर तपस्याद्वारा, इन्द्रिय संयमद्वारा तीर्थस्वरूप महापुरुषहरू अर्थात् तीर्थङ्करहरूको सेवाद्वारा– यसै कर्मद्वारा उसलाई प्राप्त गर्न सकिन्छ, उसलाई खोज। उनको विचारधारालाई जैन भनेर छुट्टै धर्म मान्ने गरिन्छ, जबकि आत्मा र कर्मको ठीक यही सिद्धान्त गीतामा छ– आत्मा नै सत्य हो, सनातन हो र त्यसलाई जान्नको लागि कुनै तत्त्वदर्शीको शरणमा जाऊ।

'जीव अयन स जैन।' अयन भनिन्छ घरलाई। यस जीवात्माको आफ्नो घर, आफ्नो शाश्वत स्वरूप प्रदान गर्ने व्रत जैन विचारधारा हो। यो पाइन्छ जिन बनेर, जितेन्द्रिय बनेर, केवली बनेर, कैवल्य (परमपद) प्राप्त गरेर। यही भगवान् श्रीकृष्ण पनि भन्नुहुन्छ कि हृदयमा स्थित ईश्वरको शरणमा जाऊ। **'तत्प्रसादात्परां शान्तिं स्थानं प्राप्स्यसि शाश्वतम्।' (गीता, १८/६२)–** उसको कृपाबाट तिमीले त्यस स्थानलाई प्राप्त गर्नेछौ जो शाश्वत छ। यही घोषण महावीर स्वामीको छ– 'जीवात्मालाई उसको अयन दिन्छु।' इन्द्रिय संयमद्वारा साधन पथमा लागेर (हिंड़ेर) त्यो मूलको स्पर्श, आत्माको साक्षात्कार, प्रवेश र स्थिति– यही त उनको घोषणा हो; फेरि उनको धर्म नयाँ कसरी भयो? सनातनदेखि भिन्न कहाँ भयो। जो श्रीकृष्णले भन्नुभयो, त्यही महावीर स्वामीले पनि त भनिरहनु भएका छ। अतः कुनै नयाँ धर्मको सृजन गर्दैनन् बरू शाश्वतको नाममा जुन अवरोध रीति–रिवाजको रूपमा पलाएका, फैलिएका हुन्छन्, धर्म लुप्त–जस्तै हुन्छ तब यस्ता युगान्तकारी महापुरुषहरूद्वारा त्यो आवरण पखालिन्छ र जुन मूल बिन्दु छ, महापुरुषले समाजलाई त्यस सत्य बिन्दुमा उभ्याई दिन्छ। यसै प्रयासमा सनातनको नै एउटा नाम 'जैन' भयो। गौतम बुद्धले पनि आफूलाई जिन, केवली र वेदगू भन्नु हुन्थ्यो।

ठीक यसै प्रकार सिख समुदाय सनातन भन्दा छुट्टै अलग पहिचान बनाउनको लागि संघर्षरत छ। सिखको अर्थ हुन्छ शिष्य– जसले सिख (शिक्षा) प्राप्त गऱ्यो। सद्गुरुको सीखमा हिड्नेवाला हरेक व्यक्ति सिख हो। यो पनि सनातनको नै एउटा नाम हो, जसमा सनातनतिर लैजाने माध्यम (सद्गुरु)मा धेरै जोर दिइएको छ। कसैले लक्ष्यमा जोर दियो भने कसैले साधनामा– कुरा सबैको एउटै हो।

साँच्चि नै भन्ने हो भने यो सनातन धर्म सद्गुरुहरूको शिक्षामा हिड्ने शिष्यहरूको परम्पराको नै नाम हो। गीता शुद्ध धर्मशास्त्र हो, तर यो पनि गुरु–शिष्य संवाद बाहेक अरू केही पनि होइन। गुरु–शिष्य परम्पराको नाम नै धर्म हो। भारत मात्रै होइन, बरू सम्पूर्ण संसारमा धर्मको नाममा जे पनि छ, गुरुहरूको पछि समेटिएको समाज नै छ। अतः भारतमा कुनै दुई–चार प्रकारका धर्म छैनन्। वास्तवमा धर्म एउटा मात्रै छ। जो कालभन्दा परको पुरुष छ, जो

अविनाशी छ, हाम्रो धर्म हो। यस जीवलाई आफ्नो धाम दिनमा उद्यत जैन हाम्रो धर्म हो। परमात्माको सहज बोध गर्नु–गराउनु हाम्रो धर्म हो। सद्गुरुको पदचिन्हहरूको अनुसरण गरेर त्यो सत्यमा प्रवेश पाउनु हाम्रो धर्म हो। यही गुरुनानकले भन्नुभयो कि एक परम प्रभु नै सत्य हो। यसबाहेक सृष्टिमा जे सुकै पनि छन्, सबै अस्तित्वविहीन छन्, नश्वर छन्। अतः एक परमात्माको नै सुमिरन गर्नु पर्दछ।

सिमिरहु सिमरि सिमरि सुख पावहु।
कलि कलेस तन माहिं मिटावहु।।

अर्थात् सुमिरन गर; किनकि सुमिरन गरेर नै सुख पाउने र कलेश मेटाउने विधान छ। त्यसो भए कसको स्मरण गर्ने? 'सुखमनि साहेब'मा नानक भन्नुहुन्छ–

सिमिरहु जासु बिसम्भर एके।
नाम जपत अनगनत अनेके।।

उनको स्मरण गर, जसले सम्पूर्ण विश्वलाई एक्लैले भरण–पोषण गर्दछ। ऊ एउटै छ, यद्यपि उनका नाम अनन्त छन्, अनेक छन्। त्यसो भए उनलाई के भनेर बोलाउने? कुन नाम जप्ने? भन्नुहुन्छ–

वेद पुरान सिमृति सुधाख्यर।
कीन्हे राम नाम इक आख्यर।।

वेद, पुराण, स्मृति इत्यादि सबै एक राम–नामको देन हो।

किनका एक जिसु जिय बसावे।
ताकी महिमा गनी न आवे।।

यो राम–नामको एक कण जसको हृदयमा बस्दछ, उसको महिमाको गन्ति गर्न सकिंदैन।

राम नाम उर में गह्यो, ताके सम नहिं कोय।
जा सुमिरत संकट कटे, दरस तुम्हारो होय।।

राम–नाम जसको हृदयमा बस्यो, त्यसको समान केही पनि छैन। यस नामको स्मरणबाट संकट मेटिन्छ र प्रभु! तपाईंको दर्शन पाइन्छ। अब तपाईं नै भन्नुस् कि नानकले कुनचाहिं बन्चरो हानि रहनु भएको छ। वहाँले पनि त

ठीक त्यही कुरा गरिरहनु भएको छ जो गोस्वामी तुलसीदास, महात्मा बुद्ध, महावीर स्वामी र गीताको सन्देश छ। नानकलाई तपाईं सनातनबाट अलग कसरी गर्नुहुन्छ; किनकि वहाँले भन्नुभयो– **'एक ओंकार सत्गुरु प्रसादि'**– सत्य एक ओंकार हो, र सनातन के हो?

अतः यदि यी महापुरुषहरूलाई हामीले त्यागी दिनेछौं कि यिनीहरू हाम्रा होइनन् अथवा हाम्रा धर्मका विपरीत छन् भने हामीले आफ्नै पूर्वजहरूको शोधलाई गुमाउनेछौं। उनीहरूले जुन सत्यलाई सबैको कल्याणको लागि प्रस्तुत गरे, हामीले त्यसको रेकर्ड (लेखा–जोखा) नै हरायौं। यो हाम्रो आफ्नै क्षति हो, अरू केही पनि होइन। सत्यलाई उद्घाटित गर्ने प्रत्येक महापुरुष समर्चनीय छ।

सबैको लागि धर्मका शुद्ध नाम सनातन हो। 'भोजन यस्तो गर', 'वस्त्र यस्तो लगाऊ'– यी कुराहरूको धर्मसंग केही पनि लिनु–दिनु छैन। यो सनातन होइन। सनातन त एक मात्र परमात्मा हुन्, ऊ नै शाश्वत हो, अविनाशी हो। उसलाई शस्त्रले काट्न सक्दैन, अग्निले जलाउन सक्दैन, जलले भिजाउन सक्दैन, आकाशले उसलाई आफूमा समाहित गर्न सक्दैन, **'न हन्यते हन्यमाने शरीरे' (गीता, २/१०)** शरीर मरेपछि पनि ऊ मर्दैन, ऊ सधैं रहने अमृततत्त्व हो, ऊ नै एकमात्र धर्म हो, ऊ नै सनातन हो। ऊबाहेक सम्पूर्ण सृष्टि, कश्यप र अदितिका सन्तानहरू, सूर्य, चन्द्रमा, पृथ्वी, पाताल– सबै थोक पुनरावर्ती स्वभाववाला हुन्, जसको कुनै अस्तित्व छैन। मात्र एउटा त्यो परमात्मा नै शाश्वत र सत्य छ। यदि त्यो परमात्मालाई हामीले जीवनको उद्देश्य बनाएनौं, उनको सर्वव्यापकतामाथी हृदयमा विश्वास अर्जित गरेनौं भने हामी के को सनातनी वा कसरी?

त्यसो भए धार्मिक को छ? धर्मशास्त्र गीताको निर्णय छ कि सृष्टिमा जन्म लिने कुनै पनि प्राणीले यदि अनन्य भावले एउटा परमात्मालाई भज्दछ भने **'क्षिप्रं भवति धर्मात्मा' (गीता, ९/३१)**– ऊ चाँडै नै धर्मात्मा हुनेछ। अतः गीताको अनुसार धार्मिक हुनको लागि एउटा मात्र शर्त छ, धर्मात्माको एउटा मात्र पहिचान छ कि **'भजते मामनन्यभाक्' (गीता, ९/३०)**– अनन्य अर्थात् अन्य न। मात्र एक परमात्माको जसले चिन्तन गर्दछ, त्यही धार्मिक हो। अध्याय १८/६१मा छ कि त्यो ईश्वर **'सर्वभूतानां हृद्देशे .....**

तिष्ठति'– सबै प्राणीहरूको हृदयमा निवास गर्दछ, अतः त्यसमा प्रवेशको अधिकार पनि सबै प्राणिहरूलाई छ। ऊ धनी–गरीब, कालो–गोरो सबैको हो, सबैको लागि ऊ सुलभ छ। उसलाई प्राप्त गर्ने विधिलाई कठिन भनेर जनतालाई झुक्याउनेहरूले सनातनलाई जान्दैनन् बरू अचेत आत्माहरूको हत्या नै गर्दछन्। उनीहरूले धर्मको यथार्थ स्वरूपको निरूपण गर्नु पर्दछ।

सत्यसंग संयुक्त सद्गुरुको उपदेशहरूको पालन गर्नु, वहाँहरूको आचरण अनुसार हिड्नु नै धर्म हो। जो स्वयं तत्त्वमा स्थित हुनुहुन्छ, ईश्वरीय संकेत बुझ्नु हुन्छ, बुझाउन सक्नुहुन्छ, वहाँ नै सद्गुरु हो। वहाँको शरणमा जानको लागि वेद, गीता, मुहम्मद, महावीर, ईसा, बुद्ध, नानक र जरथुस्त्रले भन्नुभएको छ। यसको विधि सिक्नको लागि पण्डा–पुजारीहरू र मौलवीहरू कहाँ जानु नै गल्ती हो; किनकि कुनै पनि महापुरुषले यिनीहरूकहाँ जान भनेको छैन। यिनीहरू त पाठशालाका व्यवस्थापक मात्र हुन्।

'गुरोर्वाक्यं सतत् गेयं न ज्ञेयं शास्त्रकोटिभिः' अर्थात् गुरुको यदि एक वाक्य पाइयो भने त्यो सत्य हो, धारण तथा अनुकरण गर्न योग्य छ र त्यसको अगाड़ि करोडौं शास्त्र पनि व्यर्थ छन्। **'महाजनो येन गतः स पंथा'**– वास्तवमा त्यो अविनाशी तत्त्व (परमात्मा)को पूर्ण ज्ञाता महापुरुषले जुन क्रियाद्वारा हिड़ेर उनलाई प्राप्त गरे, त्यही एउटा पथ हो। ती आप्तपुरुषहरूको शिक्षाको अनुसरण गर्नु नै संसारमा धर्माचरण हो। अतः सृष्टिमा धर्म एउटै छ।

इतिहासविद् एकमतले स्वीकार गर्छन् कि ऋग्वेद संसारको प्राचीनतम ग्रन्थ हो, पहिलो धर्मशास्त्र हो। सर्वप्रथम धर्म र ज्ञानको उद्घोष गर्ने वैदिक ऋषिहरूको सुविख्यात निर्णय पुरुष–सूक्तमा छ कि त्यो एक परमात्मा नै सत्य हो। जसको तेजको अंशमात्रले सृष्टिको संचालन हुन्छ। उनी नै अमृत तत्त्व हुन्। उसलाई प्राप्त गर्नुबाहेक अमर हुने अरू कुनै मार्ग नै छैन। पूर्व मनीषिहरूले त्यही अविनाशी परमात्मालाई मानस यज्ञद्वारा हृदयमा जाने। सबैतिर व्याप्त हुँदा–हुँदै पनि उनको निवास हृदय–देशमा छ। तत्त्वदर्शीहरूको शरणमा गएर यसलाई जान।

आजभन्दा छः हजार वर्ष पूर्व भगवान श्रीकृष्णको श्रीमुखबाट निःसृत गीताको निर्णय छ कि एकमात्र आत्मा नै सत्य, शाश्वत, सनातन र अमृत–

स्वरूप छ। त्यसबाहेक केही पनि सत्य छैन, पूज्य छैन। उनको निवास हृदय–देशमा छ र मानस यज्ञद्वारा नै उनलाई पाउन सकिन्छ। त्यसको विधि कुनै तत्त्वदर्शी महात्माबाट नै पाउन सकिन्छ।

भारतका विविध भाषाहरूका विविध ग्रन्थहरूमा यसै मूलज्ञान (वेद र गीता)को विस्तार छ। बुद्ध, महावीर, गुरुनानक, कबीर इत्यादि महापुरुषहरूको उपदेशहरूको सारांश यही हो कि परमात्मा एक छ र कठोर तपश्चर्याद्वारा हृदय–देशमा जागृत हुन्छ। बुद्धले त्यहीं तप गरे र त्यही सर्वज्ञतालाई प्राप्त गरे।

आजभन्दा लगभग दुई हजार वर्ष पूर्व ईसा मसीहले पनि यही भने, जसलाई वहाँपछिका शिष्यहरूले बाइबलमा संकलित गरे– ईश्वर एक छ र उसको निवास सबैतिर हुँदा–हुँदै पनि प्राप्तिस्थल हृदय–देशमा छ। "मेरो नजिक आउ, तिमी पनि ईश्वरको पुत्र कहलाउने छौ।" नजिक आउनुको अभिप्राय ध्यानद्वारा त्यस ऊँचाईसम्म पुग्नु हो, जहाँ महापुरुष उभिनु भएको छ। एकान्त सेवन, निरन्तर सुमिरण (स्मरण), पहिलेका भूलहरूको लागि पश्चाताप– यही उनलाई प्राप्त गर्ने उपाय हो। स्पष्ट छ कि ईसाले पनि त्यही भने, जो वेद र गीताले भन्दछ।

मुहम्मद साहबले चौध सय वर्ष पूर्व आफ्नो वाणी कुरानमा त्यही परमतत्त्वमाथि प्रकाश पारे, जुन वेद र गीताको निर्णय छ कि '**ला इलाह इल्लिलाह**' अर्थात् अल्लाह (परमात्मा) बाहेक अरू कोही पनि पूजनीय छैन। त्यो अल्लाहको निवास दिलमा छ– '**दिल मत किसी का दुखाओ बन्दे, यह घर खास ख़ुदा का है।**' प्राणिमात्रमा आफ्नो आत्मालाई देख्दै उनले भने कि हरियो घास न काट, कुनै जीवलाई न काट, कुनै पनि प्राणीको आत्मालाई ठेस न पुऱ्याउ। जसले यस बाटोमा हिड्दै प्रार्थना गर्छ, उसले अल्लाहको आसमानी आवाज सुन्छ। वहाँलाई प्राप्त गर्नै साधन बताउँदै भन्नुहुन्छ कि जो खुदाको बन्दा छ, तत्त्वदर्शी सन्त छ त्यसमा ईमान ल्याउ (विश्वास गर)। उनको निर्देशनमा लागेर संसारको हरेक वस्तुलाई तिलांजलि दिएर, कठोर चिन्तन गरेर वहाँलाई हृदय–देशमा पाउन सक्छौ। निष्कर्षतः मुहम्मद साहबको उपदेश, वेद र गीताको उपदेशहरू भन्दा अलिकति पनि भिन्न छैन।

वेद तथा वेदहरूको सम्पूर्णांश गीतामा भगवान श्रीकृष्णले जुन निर्णय

दिनुभयो, त्यही ज्ञान विश्वका अनेक स्थलहरूमा अनेक भाषाहरूको माध्यमबाट अभिव्यक्त भएको छ। कतै कुनै तात्त्विक भेद छैन। वेद र गीताद्वारा उद्घाटित सत्य र साधन–पद्धति नै विभिन्न मानिसहरूलाई बुझाउनको लागि विभिन्न सन्तहरूद्वारा विभिन्न क्षेत्रीय भाषाहरूमा भनिएका छन्। ती भक्तहरूको हृदयमा आन्तरिक अनुभूतिहरूद्वारा परमात्माले एकजस्तो निर्णय दिएको छ।

जब ईश्वर एक छ, धर्म एक छ भने धर्म निरपेक्षताको कुरा महत्त्वहीन लाग्दछ। सापेक्ष र निरपेक्षको कुरो त तब उठ्छ जब धर्म एकभन्दा धेरै (दुई–चार) हुन्थ्यो। एउटै सत्यलाई उद्घाटित गर्ने धर्म एउटा नै छ भने निरपेक्ष कस्तो? भाषाहरू र वेश–भूषाको वकालत गर्नेले धर्मसंग सम्बन्ध राख्दैन। यसकारण भारत सरकारले सबै धर्माचार्यहरूबाट धर्मको शुद्ध स्वरूप प्रस्तुत गर्नको लागि यस पुस्तिका–जस्तै तालिको माँग गर्नु पर्दछ। यसबाट समाजको सम्पूर्ण झगड़ा स्वतः शान्त हुनेछन्। जसरी सूर्यको किरणहरूले कुहिरोलाई मेटाई दिन्छ, अन्धकारलाई नष्ट गरिदिन्छन्, त्यसैप्रकार ईश्वरीय प्रकाशले अज्ञानको कुहिरो छाटिन्छ, एकजस्तो बोध, एकजस्तो इष्ट र एकजस्तो मार्ग भए पछि झगड़ा गर्ने कुनै कारण कहाँ रहन पाउँछ?

रहन–सहन, आचार–विचार, वेश–भूषा, भाषा दुइटा हुन सक्छन्; तर साधना दुइटा छैनन्– किनकि सबै अविनाशी कल्याण तत्त्वतिर नै बढ्नेवाला हुन्, एउटै वस्तुको उपासक। जस्तो कपड़ाको पचासौं पसलहरू छन् तर सबैको साइनबोर्ड, सबैको ट्रेडमार्क छुट्टा–छुट्टै छन्; तर प्रत्येक पसलमा वस्त्र नै पाइन्छ। ठीक यसैप्रकार सम्पूर्ण सम्प्रदायहरूमा एउटै अविनाशी सत्यको शोध हुन्छ। यी चिन्ह गुरुघरानाहरूका हुन्। कुनै महापुरुषको शिष्य–परम्परामा जब संख्या बढ्दछ तब त्यहाँ नै मज़हब वा सम्प्रदाय बन्न जान्छ।

प्रत्येक सम्प्रदायमा कालान्तरमा साँचो फकीर र साधनारत मानिसहरू ओझल हुँदै जान्छन्, व्यवस्था नै प्रमुख हुँदै जान्छ त्यसपछि उनीहरूले बाहिरी ट्रेडमार्कलाई नै सजाउन थाल्दछन्, भित्री वस्तु छोड़ी दिन्छन्। यसप्रकार धर्मको नाममा भ्रान्तिहरू र संकीर्णताहरूले प्रवेश पाउँछन्।

तपाईं स्वयंले विचार गर्नुहोस् कि सबै सम्प्रदायहरूमा आराध्य एक छ। जो सबैतिर व्याप्त छ, त्यो अविनाशी तत्त्व एउटै छ। उनलाई खोज्ने तरीका हो

महापुरुषको सान्निध्य– जो परमात्माका रसुल हुन्, ईश्वरका दूत हुन्, तत्त्वदर्शी हुन्, परमतत्त्व परमात्माको तद्रूप अनुभूतिवाला हुन्। प्रकृतिको प्रवाहबाट हटेर परमात्माको तद्रूप हुने साधन एउटा नै छ। मरणधर्मालाई अनन्त जीवन दिलाउनु, दुःखको स्थानमा अनन्त आनन्द सबैको लक्ष्य हो, जसको प्राप्तिको साथ देहाध्यास शान्त हुन्छ। शाश्वत– जुन अपरिवर्तनशील छ, अमृत तत्त्व– जो मृत्युदेखि पर छ, अकालपुरुष– जहाँ काल छैन, यसको प्राप्ति जुन विधिद्वारा हुन्छ त्यो विधिलाई धारण गर्नु नै धर्म हो। वास्तवमा सनातन– जो सधैं थियो, छ र रहिरहने छ– त्यो अविनाशीलाई धारण गर्नु, उसको प्राप्तिको क्रियामा अनुरक्त रहनु धर्म हो। यस पथमा कोही आरम्भमा छ, कोही मध्यमा छ भने कोही प्राप्तिमा। यसमा सम्प्रदाय कस्तो? फाटो कस्तो? विरोध कस्तो?

मन्दिर, मस्जिद, गुरुद्वारा र गिरजाघर परमात्माका प्रार्थना स्थल हुन्। यी ईश्वरका दरबार हुन्, परमात्म–तत्त्वको शिक्षास्थलीहरू हुन्, ईश्वरीय पाठशालाहरू हुन्। यदि यी स्थलहरूमा यो भनिदैन कि ईश्वर के हो, कहाँ रहन्छ र उसलाई प्राप्त गर्ने तरीका के हो? भने त्यसको स्थापनाको उद्देश्य नै समाप्त हुन्छ। यस्ता स्थलहरूले कालान्तरमा धर्मको नाममा कुनै धोखालाई नै जन्म दिन्छ। जुन स्थलहरूमा उक्त प्रश्नहरूको समाधान प्रस्तुत गरिदैन, ती यस्ता पाठशालाहरू जस्ता हुन् जहाँ पढ़ाई हुँदैन। मात्र पूजा गराउने र प्रसाद बाँडने मन्दिर आफ्नो महान उद्देश्यबाट टाढा हट्न सक्दछन्। भेदभावको पर्खाल खड़ा गरेर आफ्नो जीविका चलाउने मानिसहरूले सनातनलाई जान्दैनन्, धर्मलाई जान्दै जान्दैनन्।

सृष्टिमा मानिस मात्र एक छ। ईश्वर–पथमा धनी–गरीब, कालो–गोरो, बुद्धिमान र मुर्खको भेद छैन। यसमा त अनन्य चिन्तनले, अनन्य भावले लाग्नु नै मुख्य हुन्छ। एक परमात्माबाहेक अन्त कतै पनि श्रद्धा छ भने ऊ भट्किएको छ, शोचनीय छ। त्यो एक परमात्माको लागि यदि तपाईंले त्यसैको प्राप्तिवाला कुनै महापुरुषलाई समाएर हिड्नु भयो भने परमात्मा आफैले आफ्नो बोध गराउने छ, अगाड़ि उभिएर सम्झाउने छ र अन्तमा आफ्नो स्वरूपमा विलय गराउने छ। यसैको नाम शाश्वत शान्ति हो। अनेक जन्मदेखि साधन गर्ने पथिकले यस लक्ष्यलाई बाल्यकालमा नै पाउँछ।

।। ॐ ।।

वर्ण-व्यवस्था

वर्ण आत्मपथको जागृतिपछि नै शुरू हुन्छ। वर्ण एउटै साधन-पथका चार खुड़किलाहरू हुन् र सम्पूर्ण संसार यिनै चार वर्णहरू अन्तर्गत छन्। बाहिर (जातिहरूमा) वर्ण हुन सक्दैन। स्मृतिहरू व्यवस्था थिए, कानून थिए, धर्म होइन।

- स्वामी अड़गड़ानन्द

(महाकुंभको पर्वमा चंडीद्वीप हरिद्वारमा मिति ८-०४-१९८६ ई०को जनसभामा स्वामी श्री अड़गड़ानन्दजीद्वारा वर्ण-व्यवस्थाको रहस्योद्घाटन)

बन्धुहरू हो!

भारतको एउटा अल्झिएको प्रश्न छ, जसबाट सबै मानिसहरू त्रस्त छन्, त्यो हो 'जाति'। यी जातिहरूको कारणले गर्दा नै देशको विभाजन भयो, साम्प्रदायिक निर्वाचनको मांग उठ्यो र आज पनि विभिन्न प्रदेशहरूमा यस्तो खाले मांग आइरहेको छ। जातीयताको कारणले गर्दा नै लड़ाई हुने गर्दछ, मानिस एक-अर्काको रगतको लागि प्यासा हुने गर्दछन् र अझै पनि भन्ने गर्दछन् कि यो त भगवान्ले नै बनाएको हो। जबकि एउटा पनि श्लोक न त गीतामा छ र न कुनै शास्त्रमा, जसले जातिहरूको विभाजन गरेको छ, मनुष्यलाई बाँडेको छ।

आज हामी सबैले यो प्रश्नमाथी विचार गर्छौं की वर्ण-व्यवस्था के हो? के भगवान्ले बाँड्नु भएको हो? वर्णको विषयमा चारवटै वेदहरूमा मात्र एउटा ऋचा छ, स्मृतिहरूमा यसैको चर्चा छ र गीतामा योगेश्वर श्रीकृष्णले यसमाथी पूरा जोर दिनुभएको छ। आउनुहोस्, हेरौं कि शास्त्रले के भन्दछन् र तपाईं हामीले के मानेका छौं?

पहिले सबै शास्त्र मौखिक थिए। सर्वप्रथम कृष्ण द्वैपायन व्यासले तिनीहरूलाई लिपिबद्ध गरे, भोजपत्रहरूमा लेखे। त्यो महर्षिले चारवटै वेद, छः शास्त्र, भागवत महापुराण, महाभारत- यी सबैका संकलन गरे। अंतमा

उनले विचार गरे कि मैले यति लेखिसकेको छु कि पढ्दा–पढ्दै मनुष्यको एक–दुई जन्म नै बितिहाल्छ। अतः यी सबै मध्ये सर्वोपरि शास्त्र कुन हो? स्वयं उनले नै निर्णय दिए–

गीता सुगीता कर्त्तव्या किमन्यैः शास्त्रविस्तरैः।
या स्वयं पद्मनाभस्य मुखपद्माद्विनिःसृता।।

गीता राम्ररी मनन गरेर हृदयमा धारण गर्ने योग्य छ, जो स्वयं योगेश्वर भगवान् श्रीकृष्णको श्रीमुखबाट निस्किएको हो। अरू शास्त्रको बेली विस्तारको के आवश्यकता? अतः गीता स्वयंमा एक पूर्ण शास्त्र हो। 'इति गुह्यतमं शास्त्रं' भनेर भगवान्ले यसलाई शास्त्रको संज्ञा दिनुभएको छ। परमात्म–धर्मको शुद्ध शास्त्र गीता हो। गीता सार्वभौम हो। विश्वको प्रत्येक मानवको यदि कुनै निर्दोष शास्त्र छ भने गीता नै हो।

अब गीताले के भन्छ? कुनै व्यापारीले गीता उठाउँछ भने भन्छ **'व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन' (गीता, २/४१)**– गीताले भन्छ– आ–आफ्नो व्यवसाय गर। राजनीतिज्ञ भन्छन्, लाभको लागि विदेशी कपड़ा बेच्नुहुन्छ भने तपाईं सकाम कर्मयोगी हुनुहुन्छ। देशको कपड़ा देशमा बेच्नुभयो भने तपाईं निष्काम कर्मयोगी हुनुहुन्छ। कर्मयोग माने आफ्नो व्यवसाय।

गीताको बारेमा लाखौं विद्वानहरूले व्याख्यान दिने गर्दछन्; हजारौं टिका–टिप्पणिहरू छन्, सैकडौं टिकाहरू त मात्र संस्कृतमा छन्, तर आजसम्म कसैले पनि यो भन्न सकेनन् कि गीताले 'कर्म' कसलाई भन्छ? जसलाई तपाईंले कर्म भन्नुहुन्छ, गीताले त्यसलाई कुकर्म र अचेत कर्म भन्छिन्। गीता पढ़ेर नै हामीले जान्दछौं कि युद्ध भएको थियो; तर गीतामा एउटा पनि श्लोक यस्तो छैन जसले मार–काटको समर्थन गरेको होस्। यस्तै खाले पन्द्र–पच्चिस प्रश्नहरू छन्, जो छन् पूर्वतिर, तर तपाईं–हामीले खोजी गर्दछौं पश्चिमतिर। हृदयका योग्यताहरू छन्, खोज्दछौं बाहिरतिर। उनीहरू मध्ये कै एउटा प्रश्न हो– वर्ण–व्यवस्था। जुन जातिप्रथालाई आजसम्म वर्ण भनियो, गीताले त्यसलाई वर्ण भन्दै भन्दैन।

गीताको चौथो अध्यायमा भगवान् श्रीकृष्ण भन्नुहुन्छ– **'चातुर्वर्ण्यं मया सृष्टम्'**– अर्जुन! चार वर्णहरूको सृष्टि मैले गरें। विचार गर्नुहोस्– के

सृष्टिको अर्थ मात्र भारत हुन्छ? भारतभन्दा बाहिर पनि के यी चारै वर्णहरू छन्? चार वर्णलाई भगवान्ले बनाउनुभयो भने विश्वका अरू जातिहरूलाई कसैले उत्पन्न गऱ्यो? भगवान्को कथनको अभिप्राय के हो?

हालसालै मद्रासमा सामूहिक धर्म–परिवर्तनको घटना भयो। हरिजनहरूले आफ्नो धर्म त्यागेर मुसलमान भए। मानिसहरू धर्माचार्यहरू कहाँ गए। निवेदन गरे कि "भगवन्! केही गर्नुहोस।" उनीहरूले निर्णय दिए– "वर्ण त भगवान्ले बनाउनु भएको हो। मनुष्यलाई धर्म फेर्ने कुनै अधिकार छैन। हामी कुनै पनि व्यवस्था दिन सक्दैनौ।"

भगवान्को व्यवस्थालाई बदल्नु हुदैन थियो; तर मानिसहरूले बदलीरहेका छन्। एउटा–दुइटा होइन्, करोडौंले बदल्दै गइरहेका छन्। मात्र बाऱ्ह हजार मुसलमान बाहिरबाट भारतमा आएका थिए र देशको विभाजनपछि पनि भारतमा उनान्तीस करोड़को लगभगमा छन्। जन्मको दर बढ़ेको भए बाऱ्ह हजारबाट लाख हुन जान्थे, करोड़मा हुन जान्थे। यी उनान्तीस करोड़ कहाँबाट आए? यी सबै तपाईंकै साख्खै दाजुभाई हुन्। तपाईंले नै पेलेर यिनिहरूलाई आफूबाट अलग गर्नुभयो। चार वर्णको ईश्वरीय आज्ञालाई कम से कम तपाईंले मान्नु पर्दथ्यो। चारको ठाउँमा असंख्य जातिहरू–उपजातिहरूको सृष्टि कहाँबाट हुन गयो?

धर्म–परिवर्तनको उपर्युक्त घटनाको बारेमा अर्का आचार्यले भनेका थिए कि यदि वर्ण बदलिंदै रह्यो भने सनातन धर्म नष्ट हुनेछ। वर्ण–व्यवस्था हाम्रो सनातन धर्म हो कि तिमी शूद्र भई राख, म वैश्य भई रहन्छु। तिमी क्षत्रिय भई राख, म ब्राह्मण भई रहन्छु। यदि शूद्र रहेन भने सनातन धर्म रहने छैनः किनकि त्यसको एउटा संग टुटी हाल्नेछ।

तेस्रो आचार्यले आशंका व्यक्त गरे कि धर्म–परिवर्तनबाट उनीहरूको संख्या बढ्नेछ। उनीहरूले फेरि अलग राष्ट्रको माँग गर्नेछन्। देशको अखंडतालाई खतरा छ। यसकारण सरकारले धर्म–परिवर्तनमाथी रोक लगाउनु पर्दछ। अब सरकार त धर्म–निरपेक्ष छ, उसलाई त बहुमत चाहिन्छ। तपाईंबाट पाओस् अथवा उनीहरूबाट। अलग राष्ट्रको माँग उनीहरूले किन गर्छन्? माँग त अल्पसंख्यकले गर्छन् र संख्या तपाईंको घट्छ।

वास्तवमा सनातन धर्मको पोको च्याति सकेको छ। दुई–दुई दाना चामल खस्दै गइरहेको छ। यदि यी भ्रान्तिहरूको निवारण गरिएन भने एक समय यस्तो पनि आउनेछ कि पोको बिल्कुल हलुको भएर जानेछ।

यो सत्य हो कि गीता अनुसार वर्ण भगवान्को सृष्टि हो; तर गीतामा एउटा पनि श्लोक यस्तो छैन जसले मानिस–मानिसमा फाँटो पार्दछ। योगेश्वर श्रीकृष्ण भन्नुहुन्छ कि तपाईं स्त्री होस् वा पुरुष, शूद्र होस् अथवा वैश्य, कुनै पापयोनिवाला किरा–फट्यांग्रा नै किन न होस्, जसले सर्वभावले मलाई भज्दछ, ऊ मलाई परमप्रिय छ।

यति मात्र होइन '**अपि चेत्सुदुराचारो**'– दुराचारीहरूको नाइके नै किन न होस्, यदि '**भजते माम् अनन्य भाक्**'– अनन्य माने अन्य न अर्थात् एक म बाहेक अरू कुनै देवी–देवतालाई न भजेर मलाई मात्र भज्दछ भने '**साधुरेव स मन्तव्यः**'– ऊ साधु मान्ने योग्य छ; किनकि '**सम्यग् व्यवसितो हि सः**'– ऊ यथार्थ निश्चयको साथ लागेको छ। यसको परिणाम बताउनु हुन्छ कि ऊ चाँडै नै धर्मात्मा बन्नेछ र सधैं रहनेवाला शाश्वत शान्ति प्राप्त गर्नेछ। पुण्यात्मा त लागि नै हाल्छ, मूलतः गीता पापीहरूको उद्धारको पद्धति हो। यसले मानिस–मानिसमा अलिकति पनि भेदभावको स्थान दिंदैन।

अध्याय ४/१३मा योगेश्वर श्रीकृष्णले भन्नुभयो– '**चातुर्वर्ण्यं मया सृष्टं**'– चार वर्णहरूको सृष्टि मैले गरें। त्यसो भए के मानिसहरूलाई चार भागमा बाँडियो? श्रीकृष्ण भन्नुहुन्छ, होइन '**गुणकर्म विभागशः**'– गुणको आधारमा कर्मलाई चार भागमा बाँडियो। अब यदि तपाईंले कर्म बुझ्नुभयो भने विभाजन पनि राम्ररी बुझ्नु हुनेछ, किनकि जुन वस्तुको विभाजन गरिएको छ त्यो हो कर्म। कसैले भन्दछ– खेती गर्नु कर्म हो, त कसैले व्यवसायलाई, देशसेवा–समाजसेवालाई, आफ्नो नोकरीलाई कर्म भन्छ। कसैले भन्छ– '**स्वे स्वे कर्मण्यभिरतः**'– आ–आफ्नो ड्यूटी गर। वास्तवमा श्रीकृष्णले पनि केही भन्नुभएको होला कि कर्म के हो? श्रीकृष्णले जसलाई कर्म भन्नुभएको छ, त्यसलाई जस्ताको त्यस्तै मान्नुभयो भने तपाईंलाई वर्णको सम्बन्धमा कहिल्यै पनि भ्रान्ति हुने छैन।

गीताको तेस्रो अध्यायमा वहाँले भन्नुहुन्छ, '**नियतं कुरु कर्म त्वं**'- अर्जुन! तिमी निर्धारित गरिएको कर्म गर। सिद्ध छ कि कर्म धेरै छन्, तिनीहरू मध्ये कुनै कर्म निर्धारित गरिएको छ। त्यस कर्मको विशेषता भन्नुहुन्छ कि कर्म नगर्नाले तिम्रो शरीर-यात्रा पनि सिद्ध हुने छैन। अतः कर्म यस्तो वस्तु हो जसले त्यो पुरुषको शरीर-यात्रालाई सिद्ध गराउँछ, पूर्ण गराउँछ। यो आत्माले जन्म-जन्मान्तरदेखि शरीरहरूको यात्रा गर्दै आइरहेको छ। किरा-फट्यांग्रा, देवता-दानव तथा जड़-चेतन भएर आएको छ। वस्त्र बदलिन्छ, तर यो कर्मले यसप्रकारको नश्वर शरीर-यात्रालाई पूर्ण गरेर यस आत्मालाई त्यो अचल स्थिति दिलाउँछ जसपछि शरीरहरूको यात्रा गरिरहनु पर्दैन।

अब त्यो निर्धारित कर्म के हो? यस सम्बन्धमा योगेश्वर श्रीकृष्ण भन्नुहुन्छ, '**यज्ञार्थात् कर्मणो**'- अर्जुन! यज्ञको प्रक्रिया नै कर्म हो। त्यो क्रियाकलाप कर्म हो जसबाट यज्ञ पूर्ण हुन्छ। यस यज्ञबाहेक संसारमा जे जति पनि गरिन्छ, दिन-रात जसमा मानिसहरू व्यस्त रहन्छन्, के त्यो कर्म होइन? श्रीकृष्ण भन्नुहुन्छ- होइन '**अन्यत्र लोकोऽयं कर्मबन्धनः**'- यज्ञको प्रक्रियाबाहेक जे जति पनि गरिन्छ, ती सबै यसै लोकको एउटा बन्धन हो, यसै लोकमा बाँधेर राख्ने उपाय हो। '**तदर्थं कर्म कौन्तेय मुक्तसंगः समाचर।**' यसकारण, अर्जुन! त्यो यज्ञको पूर्तिको लागि तिमी संग-दोषबाट अलग भएर राम्ररी कर्मको आचरण गर। अतः कर्म यस्तो विधा हो जसको आचरण संग-दोष रहुञ्जेल गर्न सकिंदैन।

अब त्यो यज्ञ के हो जसलाई गर्नु नै कर्म हो? योगेश्वर श्रीकृष्णले यज्ञको विशेषता भन्नुहुन्छ कि यस यज्ञद्वारा देवत्वको वृद्धि गर। दैवी सम्पद् जसो-जसो बलियो हुँदै जानेछ त्यसरी नै तिम्रो प्रगति हुँदै जानेछ। यसप्रकारले क्रमशः परस्पर उत्थान गर्दा-गर्दै परम कल्याणलाई प्राप्त गर। अतः यज्ञ कुनै यस्तो वस्तु हो जसले परम कल्याणलाई सुलभ गर्दछ।

त्यस यज्ञमा के गरिन्छ? यस बारेमा अध्याय चारमा भन्नुहुन्छ- अर्जुन! धेरै जसो योगीहरूले श्वासलाई प्रश्वासमा हवन गर्छन्। इन्द्रिहरूलाई संयत गरेर, मनलाई विषयहरूबाट तानेर एक इष्टको ध्यानमा लागउँछन्। साधन अझै सूक्ष्म भएपछि श्वास-प्रश्वासको गतिलाई निरोध गरेर प्राणायाम परायण हुन्छन्। न भित्र संकल्प उठ्छ र न बाहिरी वायुमण्डलको संकल्प भित्र प्रवेश गर्न

पाउँछ। मनको अन्तरालमा उठने तरंगहरूकै अर्को नाम संकल्प हो। यस मनको निरोधको साथै परिणाम निस्केर आउँछ–

'यज्ञशिष्टामृतभुजो यान्ति ब्रह्म सनातनम्।' (गीता, ४/३१)

पूर्तिकालमा यज्ञले जसको सृष्टि गर्दछ, यज्ञको अन्तमा शेष त्यस ज्ञानामृतको पान गर्ने योगी सनातन शाश्वत ब्रह्ममा प्रवेश पाउँछ। अर्जुन! यो सम्पूर्ण यज्ञ मन र इन्द्रियहरूको क्रियाद्वारा सम्पन्न हुने खालका हुन्। मात्र मन र इन्द्रियहरूको संयमद्वारा सम्पन्न हुन्छ। त्यसै यज्ञलाई वहाँले फेरि स्पष्ट पार्नु भयो कि **'यज्ञानां जप यज्ञोऽस्मि' (गीता, १०/२५)**, त्यसो भए जौं–तिल–घिउ–वेदी इत्यादि भौतिक द्रव्यहरूद्वारा जो गरिन्छ, के त्यो यज्ञ होइन? श्रीकृष्ण भन्नुहुन्छ (अध्याय चारको उनान्चालिस श्लोकमा) कि अर्जुन! भौतिक द्रव्यहरूबाट सिद्ध हुने यज्ञ अत्यन्त अल्प छ, प्रारम्भिक शिक्षाको लागि प्रोत्साहन मात्र हो र जुन अहिले भरखरै श्रीकृष्णले बताउनुभयो ती सबै यज्ञ मात्र मनको संयमद्वारा हुने गर्दछ तथा परिणाममा ब्रह्मको दिग्दर्शन गराउनेवाला छ। अब बाहिरी कुनै चिजद्वारा तपाईंको श्वासको निरोध हुन्छ भने गर्नुहोस्, प्राणहरूको गतिको आयाम हुन्छ भने गर्नुहोस्। कुनै प्रक्रियाद्वारा इन्द्रियहरूको दमन हुन्छ भने गर्नुहोस्। कहिले पनि हुने छैन। यो जहिले पनि हुन्छ, चिन्तनद्वारा नै हुन्छ। अतः यज्ञको मतलब हो आराधना। यज्ञको अर्थ हो चिन्तनको विधि र त्यस विधिलाई कार्यरूप दिनु कर्म हो।

योगेश्वर श्रीकृष्ण पनि भन्नुहुन्छ कि अर्जुन! कर्म के हो? अकर्म के हो र विकर्म के हो?– यस विषयमा ठूला–ठूला विवेकी पुरुषहरू पनि मोहित रहन्छन्, यसकारण म यसलाई भन्छु, जसलाई जानेर तिमी संसार–बन्धनबाट राम्ररी छुट्नेछौ। कर्मले संसार–बन्धनबाट छुटकारा दिलाउँछ। त्यस कर्मको अर्थ हो, आराधनालाई कार्यरूप दिनु।

अर्जुन! जुन पुरुषले कर्ममा अकर्म देख्दछ अर्थात् चिन्तन त गर्दछ तर यो मान्दैन कि गर्नेवाला म हुँ, चिन्तन त गुणहरूद्वारा प्रेरित भएर हामीले गर्नु परिरहेको छ, इष्टदेवले हृदयबाट रथी भएर हामीबाट गराउनु हुन्छ, म त एउटा यन्त्रमात्र हुँ। यसप्रकार जसले कर्ममा अकर्म देख्दछ र यस्तो देख्ने क्षमता आउनु नै अकर्म हो। यस कर्मलाई कर्म देख्दछ कि मबाट सही कर्म पार

लागिरहेछ। इष्टको आदेशहरूमा समर्पित त्यो व्यक्ति मानिसहरूमा बुद्धिमान छ र ऊ नै सम्पूर्ण कर्महरू गर्नेवाला छ।

के हामीले कर्म गरी नै रहनेछौं अथवा कुनै बेला कर्म गर्नबाट छुटकारा पनि पाइनेछ? यस सम्बन्धमा योगेश्वर भन्नुहुन्छ '**यस सर्वे समारम्भाः**'– अर्थात् सम्पूर्णताले आरम्भ गरिएको कर्म यति सूक्ष्म हुनजान्छ कि '**काम सङ्कल्पवर्जिताः**'– कामना र संकल्पहरूको निरोध हुन्छ अर्थात् मन संकल्प–विकल्प रहित शुन्यमा टिक्न थाल्छ, त्यस समय '**ज्ञानाग्नि दग्ध कर्माणम्**'– जसलाई हामीले जानेको थिएनौं, जसको लागि प्रयत्नशील थियौं, अजर–अमर–शाश्वत गुणधर्महरूवाला त्यो परमात्मा विदित हुन्छ। यस अनुभूतिको नाम हो ज्ञान र त्यो ज्ञानमा '**दग्ध कर्माणम्**'– कर्म सधैं–सधैंको लागि जल्दछ। यस्तो अवस्था भएकालाई बोधस्वरूप महात्माहरूले पण्डित भन्छन्। यहाँ पनि कर्म कुनै यस्तो वस्तु हो, जसले हाम्रो चित्तलाई समेटेर संकल्पहरू भन्दा माथि उठाई दिन्छ। कर्म माने आराधना। सातौं अध्यायको अन्तमा भन्नुहुन्छ कि जो मनुष्यले जरा–मरणबाट छुट्नको लागि मेरो शरण भएर यत्न गर्दछ, उनीहरूले सम्पूर्ण कर्मलाई जान्दछन्, सम्पूर्ण अध्यात्मलाई जान्दछन्, पूर्ण रूपले मलाई जान्दछन् र मलाई जानेर सधैंको लागि ममा स्थित हुन्छन्। कर्मले जरा–मरणबाट छुटकारा दिन्छ। अर्जुनले सोधे, भगवन्! त्यो सम्पूर्ण कर्म के हो? सम्पूर्ण ब्रह्म के हो र सम्पूर्ण अध्यात्म के हो? योगेश्वरले भन्नुभयो '**अक्षरं ब्रह्म परमम्**'– जो अक्षय छ, अमिट छ, त्यही परम ब्रह्म हो। '**स्वभावो अध्यात्मं उच्यते**'– स्व अर्थात् आफ्नो स्वरूपमा स्थिरभाव, स्वरूपको उपलब्धिको भाव नै अध्यात्म हो। केही भनि दिनु अध्यात्म होइन। अधि माने आधिपत्य। स्वरूपको उपलब्धि भएपछि व्यक्ति मायाको आधिपत्यबाट निस्किन्छ। आत्माको आधिपत्य प्राप्त हुन्छ। यो नै अध्यात्म हो र '**भूतभावोद्भवकरो विसर्गः कर्मसंज्ञितः।**' (**गीता, ८/३**)– भूतहरूका ती भाव जसले केही न केही रचना गरि नै रहन्छन्, तपाईंको संकल्पहरूका ती भाव जसले तपाईंको संस्कारहरूको सृष्टि गरिनै रहन्छन्, तिनीहरू रोकिनु नै कर्मको पराकाष्ठा हो। कर्म कुनै यस्तो वस्तु हो जसले तपाईंको मनभित्र लुकेका संस्कारहरूको अन्त गरेर, राम्रा र नराम्रा, शुभ र अशुभ संस्कारहरूमाथी

विसर्ग-पूर्ण विराम लगाएर, तिनीहरूको निरोध गरेर तपाईंलाई बेग्लै उभ्याईं दिन्छ। अतः कर्म भनेको चिन्तन हो।

अध्याय सोह्रमा भन्नुहुन्छ कि काम, क्रोध र लोभ- यी नरक का तीन ढोकाहरू हुन्। अर्जुन! यी तीनवटालाई त्यागेपछि मात्र कर्मको शुरुवात हुन्छ जसले परमश्रेयलाई दिलाउँछ। कर्म यो प्रक्रिया हो, काम-क्रोध-लोभ त्यागेपछि नै जसमा प्रवेश पाइन्छ।

सांसारिक कार्यहरूमा जो जति धेरै व्यस्त छ त्यसमा काम-क्रोधादि त्यत्तिकै मात्रामा सजी-सजाउ देखिन्छ। श्रीकृष्णले जसलाई कर्म मान्नु हुन्छ त्यो एकमात्र आराधना नै हो। त्याग बिना त्यसको आरम्भ नै हुँदैन। साधना सिद्ध हुने बित्तिकै जति-जति यी विकारहरू भित्रबाट घट्दै जानेछन्, त्यति-त्यति कर्ममा प्रवेश हुँदै जानेछ।

यसै कर्मलाई योगेश्वर श्रीकृष्णले चार भागहरूमा बाँडनु भएको छ, किनकि एक्कासी कसैले पनि एकै साथ त्यस उद्देश्यलाई पाउन सक्दैन। जसरी सांसारिक कुनै विद्या सिक्नको लागि पनि कैयौं श्रेणीहरू पार गर्नु पर्दछ। यसकारण योगेश्वरले भन्नुहुन्छ, अर्जुन! चार वर्णहरूको सृष्टि मैले गरें। वर्ण भनेको आकृति। यस जीवात्माको वर्ण शुद्ध हो, शाश्वत हो, निर्दोष हो, निर्लेप हो, **'आदित्यवर्णं तमसः परस्तात्' (गीता, ८/९)-** त्यही हाम्रो वर्ण हो। वर्णको अर्थ हो तपाईंको स्वरूप। चार वर्णहरूको सृष्टि गरे, त्यसो भए के मानिसहरूको विभाजन गरे? योगेश्वर भन्नुहुन्छ, होइन, **'गुणकर्म विभागशः'-** गुणहरूको माध्यमले कर्मलाई चार भागमा बाँड़े। कर्म भनेका चिन्तन, कर्म भनेको साधनाको पद्धति। त्यस साधन-पथलाई चार श्रेणिमा बाँड़े। एउटै साधनाका चार खुड़किलाहरू छन्। जस्तो कि-

१. यदि तामसी गुण छ भने आलस्य, प्रमाद, निद्रा, कर्तव्य-कर्ममा प्रवृत्त नहुने स्वभाव, अकर्तव्य कार्यबाट निवृत्त नहुने स्वभाव तपाईंमा स्वाभाविक रहने छ। यस्तो परिस्थितिमा यदि तपाईंले आँखा चिम्लेर बस्नुभयो भने दुई घण्टा बसेर दुई मिनेट पनि आफ्नो पक्षमा पाउनु हुन्न। शरीर अवश्य बसिरहन्छ; तर मन, जसलाई भजनमा एकाग्र हुनुछ, हावासँग कुरा गर्न थाल्छ, संकल्पहरूको जालो बुनि रहन्छ। यस आरम्भिक अवस्थामा तपाईं शूद्र हुनुहुन्छ, क्षुद्र हुनुहुन्छ,

अल्पज्ञ हुनुहुन्छ। यस्तो परिस्थितिमा आँखा चिम्लेर बस्ने दम्भ न गर्नुहोस् बरू जुन सोझो नियम छ, यस वर्णको कि त्यस पथका जो ज्ञाता महापुरुष छन्, उनको सेवा गर्नुहोस्। '**परिचयात्मकं कर्म शूद्रस्यापि स्वभावजम्।**' **(गीता, १८/४४)** मन-कर्म-वचनले उनको सेवामा लाग्नुहोस्। यो साधनाको पहिलो सीढ़ी हो। त्यस कर्मपथको पहिलो हिस्सा (भाग) हो।

२. महापुरुषको सेवाद्वारा तामसी गुण विस्तारै-विस्तारै शान्त हुँदै जानेछ, राजसी गुणहरूको प्रवेश हुन थाल्नेछ र जब आधा राजसी गुणको प्रवेश हुनेछ तब तपाईंको मनमा टिक्ने क्षमता आउनेछ। त्यहाँ फेरि '**कृषिगौरक्ष्यवाणिज्यं वैश्यकर्म स्वभावजम्।**' **(गीता, १८/४४)** स्वभाव भनिन्छ लतलाई। जब तपाईंको मनभित्र तामसी गुणहरूको दमन हुनेछ, आधा राजसी गुणको प्रवेश भयो भने स्वाभाविक चिन्तन हुन थाल्नेछ।

गो रक्षा? त्यसो भए के भैसीलाई चाहि मारी हाल्ने? होइन! '**गो गोचर जहँ लगि मन जाई। सो सब माया जानेहु भाई।।**' **(मानस, ३/१४/३)** गो भनेको इन्द्रियहरू। आज गो भनेको इन्द्रियहरू भनेर बुझाउनु पर्दछ, तर वैदिक वाङ्मयमा गो शब्द मुखबाट निस्किने वित्तिकै मानिसहरूको ध्यान टाउको, हाथ, खुट्टा, नाक, कान सहज रूपमा नै यिनिहरूतिर जान्थ्यो।

एउटा मुसलमान कव्वाली गाइरहेको थियो- 'मुहम्मद न होते तो कुछ भी न होता।'- यदि मुहम्मद साहब न भएको भए केही पनि हुने थिएन। हाम्रो स्वामीजीले सुन्नुभयो, तब भन्नुभयो ठीकै त भनिरहेको छ। यदि मोह-मद न भएको भए, केही पनि हुने थिएन, संसारमा जन्म-मृत्युको कारण नै हुने थिएन। वहाँले मुहम्मदको अर्थ विकार लगाउनुभयो जबकि उता मुहम्मद उनको आचार्य थियो। ठीक यसैप्रकार गो नामको एउटा पशु पनि छ। त्यसको महत्व छ आर्थिक; तर भ्रमवश मानिसहरूले त्यसलाई धर्म मानेर पूज्ने गर्दछन्। यस भ्रान्तिको निराकरण अरू कुनै दिन गर्नेछौ।

यहाँ गोरक्षाको अर्थ हो मायिक प्रवृत्तिहरूबाट आफ्नो इन्द्रियहरूको रक्षा। काम-क्रोध, लोभ-मोह, आशा-तृष्णा यिनिहरूबाट गो छरिएर टुक्रा-टुक्रा हुन्छ, योनिहरूको कारण बन्छन् र विवेक-वैराग्य, शम-दम, नियम-श्रद्धा र समर्पणद्वारा इन्द्रियहरू संयत हुन्छिन्, सुरक्षित हुँदै जान्छिन्। वाणिज्यको

अर्थ हो व्यापार, धन–संग्रह। आत्मिक सम्पत्ति नै स्थिर सम्पत्ति हो। प्रकृतिको द्वन्द्व मध्येबाट विस्तारै–विस्तारै त्यस आत्मिक सम्पत्तिको संग्रह गर्नुहोस्।

र खेती? जहाँ खेत वा क्षेत्रको प्रश्न आयो, योगेश्वर श्रीकृष्णले भन्नुभयो कि **'इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते।' (गीता, १३/१)** अर्जुन! यो शरीर नै क्षेत्र हो जसमा राम्रो अथवा नराम्रो रोपेको बिउ संस्कारहरूको रूपमा उम्रिन्छ। यसकारण यस क्षेत्रको गोड–मेल गर्नुस्। यस भित्रबाट विकारहरूलाई निकालेर फ्याकि दिनुस् र ठीक तरिकाले राख्नुहोस्। यो वैश्य श्रेणीको कर्म हो– **'वैश्यकर्म स्वभावजम्।'** तपाईंको स्वभावले यसलाई जन्म दियो र स्वभाव परिवर्तनशील हुन्छ। आज जुन स्वभाव छ भोलि त्यो रहने छैन। वाल्मीकि पहिले आक्रमणकारी, डाँकू र हत्यारा थियो। सन्त सत्पुरुषहरूको जब सान्निध्य प्राप्त भयो तब **'बालमीकी भए ब्रह्म समाना।'** उनको के बदलिएको थियो? शरीर त्यही थियो, हाथ–खुट्टा त्यही थियो, मात्र गुण बदलियो तब स्वभाव पनि बदलियो। गुण परिवर्तन हुन गयो।

३. यसै प्रकार जब तामसी गुण शान्त हुन जान्छ जब सात्विक गुणमा प्रवेश हुन्छ। केही राजसी र सात्विक गुणको प्रचुरता भयो भने तपाईं नै क्षत्रिय हुनुहुन्छ। सबै भावरूमा स्वामी भाव, शौर्य, तेज, दया र प्रकृतिको द्वन्दमा चिन्तन पथबाट पछि नहट्ने स्वभाव– यी क्षत्रियको स्वभावबाट उत्पन्न हुने कर्म हुन्। त्यो साधक महान विपत्ति आउँदा पनि हरेस भएर चिन्तन पथबाट पछि हट्दैन। मीरालाई जहर दिइयो। **'लोग कहें मीरा भई बावरी, सास कहे कुलनासी।'** आज त्यो कुलवन्ती सासुलाई कसैले पनि चिन्दैन र मीरालाई दुनियाले चिन्दछ। लाख विपत्ति आउँदा पनि मीरा आफ्नो कर्मपथबाट, इष्टमा श्रद्धा र समर्पणबाट कहिल्यै विचलित भइनन्। क्षत्रित्वको यो श्रेणी तपाईंको स्वभावको अन्तरालमा जन्मेको हो।

यो भन्दा उन्नत भएपछि जब सात्विक गुण मात्र रहन्छ, तामसी र राजसी गुण एकदम शान्त भैसकेको हुन्छ, तपाईंको अन्तःकरणमा, त्यस समय ब्रह्ममा प्रवेश गराउने सम्पूर्ण योग्यता तपाईंको स्वभावमा हुन्छ।

शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेव च।

ज्ञानं विज्ञानमास्तिक्यं ब्रह्मकर्म स्वभावजम्।।(गीता, १८/४२)

मनको शमन, इन्द्रियहरूको दमन, त्यस चिन्तन–पथमा इन्द्रियहरूलाई तपाउने क्षमता, धारणा–ध्यान र समाधिको क्षमता, अनुभवी उपलब्धि अर्थात् प्रत्येक कार्यमा इष्टको प्रत्यक्ष निर्देशन र त्यस निर्देशनमा हिड्ने क्षमता– यी सबै ब्राह्मण श्रेणिको कर्म स्वभावबाट उत्पन्न भएका हुन् र स्वभावमा पाइने गर्दछन्।

विज्ञानको मतलब कुनै कल्पना होइन, इष्टले हृदयदेशबाट रथी भएर जुन संकेतहरूद्वारा मार्गदर्शन गर्दछ त्यो प्रत्यक्ष अनुभूति (ईश्वरीय अनुशासन)को नाम विज्ञान हो। पूज्य महाराजजीले प्रायः भन्नुहुन्थ्यो कि हो! त्यस स्थानमा भगवान्ले मलाई बचाउनुभयो। भगवान्ले मलाई यो भन्नुभयो। यो आशीर्वाद दिनुभयो। मैले सोधे– के भगवान्ले पनि कुरा गर्नुहुन्छ? वहाँले भन्नुभयो– हाँ हो! भगवान्ले त्यस्तै गरी कुरा गर्नु हुन्छ जसरी तिमी–हामी एक आपसमा बसेर कुरा गर्छौं, घण्टौ कुरा गर्नु हुन्छ र क्रम टुट्दैन। केही समयपछि भन्नुभयो, 'किन आँतिन्छौ तिमीसंग पनि कुरा गर्नु हुनेछ।'

वास्तवमा जुन परमात्माको हामीलाई चाहना छ र जुन स्तरमा हामी उभिएका छौं, हाम्रो श्रद्धा यस्तो होस् कि त्यो परमात्मा त्यसै स्तरमा ओर्लेर आउन्, आत्मासंग अभिन्न भएर खड़ा होउन् र मार्गदर्शन गर्न थालुन्। जबसम्म भगवान् हृदय–देशबाट रथी भएर मार्गदर्शन गर्न थाल्नु हुन्न तबसम्म पूर्ण निवृत्ति गराउने साधनाको शुरूआत अझै भएको छैन। केही समयपछि त्यस्तो कृपा पाउन थाले, जस्तो गुरुदेवले भन्नुभएको थियो। यही अव्यक्तको बोल्नु विज्ञान हो। यो हाम्रो मनको ज्ञान होइन, बेज्ञानको ज्ञान हो जसलाई परमात्माको संचार भनिन्छ। प्रयास बिना नै इष्टको चरणहरूमा स्वाभाविक डोरी लाग्दछ। ब्रह्ममा प्रवेश गराउने सम्पूर्ण योग्यता स्वभावमा ढल्दछ, त्यस बेला '**ब्रह्मकर्म स्वभावजम्**' यो ब्राह्मण श्रेणिको कर्म कसले दियो? तपाईंको स्वभावमा नै त्यो जन्म्यो र स्वभाव परिवर्तनशील छ।

ब्राह्मण श्रेणी पनि दोषमुक्त छैन। '**सर्वारम्भा हि दोषेण धूमेनाग्नि-रिवावृता।**'– धुवाँमा अग्निको समान सबै कर्म कुनै न कुनै दोषबाट आवृत्त छन्। ब्राह्मण श्रेणीको कर्म नै किन नहोस्, सात्विक गुणमात्र शेष किन नहोस्; जबसम्म गुण जीवित छन्, प्रकृति जीवित छ, तबसम्म माया सफल हुनेछिन्।

यी चारवटै खुड़किलाहरूभन्दा माथि ब्रह्ममा स्थिति पाएपछि '**न ब्राह्मणः न क्षत्रियो न वैश्यो न शूद्रः चिदानन्दरूपो शिवो केवलोऽहम्**'– ऊ न ब्राह्मण हो, न क्षत्रिय र न वैश्य हो न शूद्र। उसको चित्त परमानन्द स्वरूप हो। कैवल्य स्वरूप शिव मात्र बाँकी रहन्छ।

योगेश्वरले स्पष्ट भन्नुहुन्छ– अर्जुन! मैले मानिसहरूलाई बाँडेको होइन। त्यसो भए कलाई बाँडियो? '**कर्माणि प्रविभक्तानि**'– कर्महरूलाई बाँडिएको हो। कसरी बाँडियो? '**स्वभाव प्रभवैर्गुणैः**'– यी कर्महरू स्वभावमा पाइने गुणहरूको आधारमा बन्दछन्, त्यो गुणहरूको आधारमा कर्मलाई बाँडिएको हो। जन्मको समयमा सबैजना मानिस नै हुन्छन्। जन्मैदेखि कोही न क्षत्रिय छ, न वैश्य, न ब्राह्मण, न शूद्र नै छ। जसले मेडिकलमा प्रवेश गरेको छैन, ऊ कसरी डाक्टर भयो? जब भर्ती नै भएको छैन भने श्रेणी कस्तो?

अतः जबसम्म तपाईंले यस चिन्तन–पथलाई जान्नु हुन्न, गीतोक्त कर्म– जो साधनाको एक निश्चित विधि हो– त्यसलाई जान्नु हुन्न र जानेर त्यो बाटोमा दुई पाइला हिड्नु हुन्न, तबसम्म तपाईं न शूद्र हो, न क्षत्रिय हो, न ब्राह्मण र न वैश्य नै। तबसम्म तपाईं केही पनि हुनुहुन्न, जड़ जीव मात्र हुनुहुन्छ। जब तपाईंले त्यो विधिलाई बुझेर हिड्न आरम्भ गर्नुहुन्छ, त्यसपछि तपाईं अरबको निवासी होस् अथवा ध्रुव प्रदेशको, तपाईं त्यस दिनदेखि शूद्र हुनुहुन्छ। चिन्तन कर्मको प्रथम खुड़किलामा उभिनु भएको छ, अतः तपाईं शूद्र हुनुहुन्छ। फरक यति छ कि शूद्र श्रेणिवाला अहिले प्रारम्भिक स्तरमा छ। जस्तो कि तपाईंको ठूलो छोरा एम. ए.मा छ र सानो शिशु अहिले प्रथम कक्षामा छ भने के तपाईं सानो संग घृणा गर्नुहुन्छ? प्राप्तिपछि एक परमात्माको एकैथरी अनुभूति सबैको लागि हुन्छ।

पूजा–विधिको नाममा मानिसहरू प्रायः भौतारि रहन्छन्। कसैले देवीलाई पूज्न लाग्दछ भने कसैले देवताहरूलाई; तर अठारौं अध्यायमा योगेश्वर श्रीकृष्ण भन्नुहुन्छ कि आ–आफ्नो स्वभावमा पाइने क्षमता अनुसार कर्मको आचरण गरेर मानिसले भगवत्प्राप्तिरूपी परमसिद्धिलाई जुन प्रकारले प्राप्त गर्दछ त्यस विधिलाई तिमी मबाट सुन। कुन चाहिं विधि? वहाँले विधि बताउनुभयो कि जुन परमात्माबाट सम्पूर्ण भूतहरूको उत्पत्ति भयो, जो सबैतिर व्याप्त छ,

हृदय-देशमा निवास गर्नेवाला छ, त्यस परमात्मालाई आफ्नो स्वभावबाट उत्पन्न कर्मको क्षमता अनुसारको अर्चन गरेर अर्थात् सर्वांगीण समर्पण र चिन्तनद्वारा सन्तुष्ट पारेर मनुष्यले भगवत्प्राप्तिरूपी परमसिद्धिलाई प्राप्त गर्दछ। श्रीकृष्णको अनुसार पूजाको विधि यही हो कि मात्र एक परमात्मामा श्रद्धा होस्। जबसम्म एक परमात्मामा श्रद्धा स्थिर हुँदैन तबसम्म कर्मको आरम्भ नै हुँदैन। अतः जुन मानिसहरू क्रिया आरम्भ गर्दा 'श्री गणेशाय नमः', 'देव्यै नमः' इत्यादि भन्दछन्, तिनीहरू अझै भयंकर भ्रममा छन्।

यसप्रकार योगेश्वर श्रीकृष्णले मानिसहरूलाई होइन बरू चिन्तन-पथलाई चार खुड़किलाहरूमा बाँड्नुभयो किनकि एकैचोटि कसैले पनि भगवत्प्राप्तिरूपी परमसिद्धिलाई प्राप्त गर्ने सक्दैन। तर मानिसहरू साधनामा धैर्यको साथ क्रम-क्रमसंग यी खुड़किलाहरूमा टिक्न सक्दैनन्। अगाड़िवालाको स्थिति राम्रो देखेर तुरुन्त नक्कल गर्ने प्रयास गर्न थाल्दछन्। साधुभेषमा दुई-तीन वर्ष व्यतीत गरेपछि आफूलाई ब्रह्म भन्न थाल्दछन्, जसले गर्दा आफ्नो सम्मान हुन लागोस्। यसबाट सतर्क गर्दै श्रीकृष्णले अध्याय तीन तथा अध्याय अठारहमा भन्नुहुन्छ कि '**श्रेयान् स्वधर्मो विगुणः**' गुणरहित भए पनि स्वभावबाट उत्पन्न भएको कर्मक्षमता नै हाम्रो धर्म हो। त्यसलाई हामीले धारण गर्नुछ, यसकारण त्यो धर्म हो। यो हाम्रो दायित्व हो। '**परधर्मो भयावहः**'- अर्काको धर्म भय दिनेवाला हुन्छ। भय प्रकृतिमा छ, आवागमनमा छ। त्यसले प्रकृतिमा पुऱ्याउँछ। प्राइमरीको विद्यार्थीले यदि एम. ए. कक्षामा बस्न थाल्यो भने उत्तीर्ण हुने त के कुरा, उसले प्राइमरीको योग्यता पनि गुमाउँछ, किनकि उसले पढ़ेकै कहिले थियो र? त्यसकारण वहाँले भन्नुभएको छ, '**श्रेयान् स्वधर्मो विगुणः**'।

अठारौं अध्यायमा फेरि यसैको पुष्टि गर्दै योगेश्वर भन्नुहुन्छ कि अर्जुन! स्वभावबाट उत्पन्न कर्म गरेर तिमीले सम्पूर्ण पापहरूबाट छुटकारा पाउने छौ। मतलब यो हो कि क्रम-क्रमले नै हिड्नु पर्दछ। गीतामा वर्ण अन्तःकरणको स्थितिहरूको चित्रण हो र सबैको हृदयमा त्यसको व्यवस्था छ। जसले त्यो कर्मपथलाई बुझेर हिड्न प्रारम्भ गर्दछ उसको लागि वर्णको योग्यता सुलभ हुन्छ, चाहे ऊ विश्वको कुनै पनि ठाउँमा जन्मेको होस्, निश्चय नै प्राप्त गर्दछ र जबसम्म कर्म प्रारम्भ गर्दैन तबसम्म ऊ कुनै पनि वर्णको

हुँदैन, ऊ मोहरूपी निशामा अचेत भएर बसेको छ। उसले रात–दिन जो दौड़–धूप गर्दछ, प्रयास मात्र हो।

वेदमा वर्ण

प्रचलित जाति–प्रथाको समर्थनमा पुरुष–सूक्तको जुन वैदिक ऋचाको उदाहरण दिइन्छ, त्यसको समीक्षा पनि आवश्यक छ। यस सूक्तमा ऋषिले भन्नुभएको छ कि त्यो परमात्मा अनन्त हात, पाउ, आँखा र मुखवाला छन्। वहाँले फेरि भन्नुभएको छ– त्यो परमपुरुष चार पाउँवाला छ, जसको एक चरणमा सम्पूर्ण ब्रह्माण्ड– सूर्य, चन्द्रमा, पृथ्वी, पर्वत, समुद्र र नक्षत्र छन्। ऋषिहरूले विभिन्न प्रकारले त्यो परमपुरुषको कल्पना गर्नुभयो– '**कतिधा व्यकल्पयन्**'। वहाँले फेरि कल्पना गर्नुभयो कि त्यो परमात्माको खुट्टाको बराबर को छ? तिघ्राको बराबर को छ? हातहरूको बराबर को छ? र मुखको बराबर को छ? अगाड़िको ऋचामा वहाँले कल्पना गर्नुभयो–

ब्राह्मणोऽस्य मुखमासीत् बाहू राजन्यः कृतः।
उरू तदस्य यद्वैश्यम् पदभ्यां शूद्रोऽजायत्।।

अर्थात् पाउमा शूद्र छ, तिघ्रामा वैश्य छ, बाहुलामा क्षत्रिय छ र त्यो परमात्माको मुख सहस ब्राह्मण छन्। जो सबैतिर समानरूपले व्याप्त छ, उसको हात–खुट्टा, कहाँ छ र? जब मनुलाई दर्शन दिनुभयो तब '**विश्ववास प्रकटे भगवाना**' विश्वमा जहाँ प्रकृति थियो, मनुको लागि पुरुषत्वमा विलीन हुन गयो।

एकपटक जुन प्रभुको चरणहरूलाई धुनाले गंगाजी निस्किन् जसमा तीनवटै लोकहरूलाई पार गर्ने शक्ति छ, जुन चरणहरूमा भरत टाँसी रहे, जुन चरणहरूमा लक्ष्मीजी एकाधिकारले बसेकि छिन् कि कुनै अनाधिकारीले छुन नपाओस्, जुन चरणहरूको रज टाउकोका धारण गरेर ऋषि–मुनिले आफूलाई धन्य मान्दछन्, जसको चरणोदक लिएर तपाईं–हामी कृतार्थ हुन्छौ, भगवान्को 'पावन पावनानाम्' त्यही चरणहरूबाट एउटा यस्तो किटाणु निस्कियो कि यदि त्यसले भगवान्लाई छोइदियो भने भगवान् फोहर भइहाल्ने, त्यो हो– शूद्र! यो धोखा होइन भने के हो? यो कुरीतिहरू र रूढिहरूको कृत्य हो,

अशिक्षित जनताको बीचमा फैलाइएको विचार हो। शिक्षा पाएपछि मूर्खहरूलाई चलाउने यो तरीका आक्रोशमा बदलिएको छ।

काशी विश्वनाथ मन्दिरमा हरिजनले प्रवेश गरेपछि एक धर्माचार्यले यो घोषणा गरे– "शंकरजी नष्ट हुनुभयो, भगवान् भ्रष्ट हुनुभयो, अब त्यस मन्दिरमा गयो भने अधोगतिमा जानेछौ। मैले नयाँ मन्दिर बनाएको छु, यसमा दर्शन गर। यसमा शंकरजी शुद्ध हुनुहुन्छ।" कति भयंकर भ्रान्ति छ? शास्त्रको एउटा पनि सूत्रले भन्दैन कि बाहिरका जातिहरूको विभाजन भगवान्ले गर्नुभयो। हो, तपाईं–हामीले अवश्य विभाजन गरिरहेका छौं। तीनबाट तेरह र तेरहबाट सवा लाख हुन जान्छ। भाई–भाई त लड्ने नै गर्दछन्। अफ्रीकामा यो फूट धेरै छ, कबीला धेरै छन् र अफ्रीका आज पनि गुलाम छ। त्यही कबीला सिस्टम यदि तपाईंमा रह्यो भने गुलामी तपाईंको टाउकोमाथी घुमिराखेको छ।

वास्तवमा यो वैदिक ऋचाको पनि त्यही अर्थ हो जो योगेश्वरले गीतामा व्यक्त गर्नु भएको छ। भजनको आरम्भिक अवस्थामा सबै शूद्र हुन्, परमात्माको चरणस्थलमा छन्। ती चरणहरूको सेवा गर्दा–गर्दा भजन–पथमा आफ्नो खुट्टामा उभिने क्षमता आयो भने तपाईं–हामी वैश्य हुन्छौं, मानौं कि बच्चा तिघ्राले उभिन थाल्यो। त्यस समय आत्मिक सम्पत्ति अर्जित गर्नेतिर हामी अग्रसर छौं। र क्षत्रिय– 'क्ष' भनिन्छ काट्नुलाई र 'त्रि'को अर्थ तीनवटै गुण। यी तीनवटै गुणहरूबाट निर्मित प्रकृतिलाई काट्ने क्षमता आयो भने त्यही साधक क्षत्रिय हो। **'बाहू राजन्यः कृत'–** अर्जुनको जस्तै त्यस समय ऊ इष्टको बाहुलाहरूमाथी निर्भर रहन्छ र जब ब्रह्मको अनुभूति प्राप्त गर्दछ, त्यस समय परमात्मा त्यसमा प्रवाहित हुनजान्छ। ऊ ब्रह्ममा प्रवेश पाउने सम्पूर्ण योग्यतावाला हुन्छ, यसकारण ब्राह्मण हो। त्यो महापुरुषको बुद्धि मात्र यन्त्र हुन्छ। उनको माध्यमबाट परमात्मा नै निर्णय दिन्छ, बोल्छ, यसकारण ब्राह्मणलाई परमात्माको मुख भनिएको छ।

नोट – भगवान् सर्वांगीण पवित्र हुनुहुन्छ; तर त्यो प्रभुको अंगहरू मध्येबाट कुनै अंग–विशेष मानिसको हितमा विशेष सहायक र पवित्र छ, त्यो अंग प्रभुको चरण नै हो र त्यसै चरण–स्थलमा उत्पन्न हुन्छ घृणाजनक शूद्र। कसरी सम्भव छ? सुधीजन विचार गर्नुहोस्।

स्मृति

वर्णको सन्दर्भमा अत्रि–स्मृतिको एक श्लोक गीतासंग मिल्दो–जुल्दो छ; तर स्मृतिहरूमा रंगिएको दिमागले त्यो बुझ्न सक्दैन।

जन्मना जायते शूद्रः संस्कारात् द्विज उच्यते।
वेदाध्यायी भवेद् विप्र ब्रह्म जानाति ब्राह्मणः।।

अर्थात् यस धरा–धाममा जन्मलिने हरेक प्राणी शूद्र हो। '**संस्कारात् द्विज उच्यते**'– जब संस्कार प्राप्त गर्दछ तब ऊ द्विज हो। संस्कारको यो अर्थ होइन कि केही मन्त्र पढ़ेर यज्ञोपवीत लगायो र भइहाल्यो संस्कारी। सः माने त्यो परमात्मा र उसको आंशिक प्रवाह तपाईंको हृदयमा आउँछ, संचितको तहमा, मनको अन्तरालमा त्यो परमात्माको बीजारोपण हुन्छ, तब ऊ द्विज हो। उसले द्वितीय जन्म प्राप्त गऱ्यो। एक प्रकारको जन्म गर्भवास हो जसमा चराचर जगत्का सबै प्राणी आउँछन्। त्योभन्दा ठीक विपरीत आत्माको आफ्नो निर्मल र शाश्वत स्वरूप छ, त्यसमा प्रवेश पाउनु अर्को प्रकारको जन्म हो। यद्यपि उसले अहिले प्रवेश मात्रै पाएको छ, आरम्भ मात्रै गरेको छ, तर उसले निश्चित नै स्वरूप पाउने छ। श्रीकृष्ण भन्नुहुन्छ कि अर्जुन! यस निष्काम कर्मयोगमा बीजको नाश हुँदैन। साधन शुरू मात्र गर, बीजारोपण मात्र गरी देऊ, फेरि मायासंग यस्तो कुनै यन्त्र छैन, जसले त्यस सत्यलाई मेटाई देओस्। मायाले केही अवरोध हाल्न सक्छे, ढिलो गर्न सक्छे, तर गरिएको थोरै पनि साधनलाई मेटाउन सक्दैन।

यसकारण त्यो अलिकति साधनको प्रभावबाट हरेक जन्ममा उसले त्यही साधन गर्दछ। जहाँबाट छुट्छ, त्यहींबाट आरम्भ गर्दछ। जन्म लिएर विषयमा अल्झिए पनि अघिल्लो जन्ममा जहाँबाट साधन छुटेको छ, त्यसको बुद्धि–संयोगलाई अनायास नै प्राप्त गर्दछ, चिन्तन गर्दछ र दुई–चार जन्मको हेर–फेरपछि त्यहीं पुग्दछ जसको नाम परमगति हो, परमधाम हो। यसकारण '**संस्कारात् द्विज उच्यते**'– स माने त्यो परमात्मा। उनको आंशिक आकार जब हृदय–देशमा जागृत भयो, बीजारोपण मात्र भयो, तब ऊ द्विज हो। उसले द्वितीय निर्मल जन्म प्राप्त गऱ्यो। अब उसको मुक्ति निश्चित छ।

'वेदाध्यायी भवेद् विप्र'– चिन्तन अझै सूक्ष्म भएपछि त्यो अव्यक्त प्रभुले आफ्नो जानकारी प्रदान गर्न थाल्दछ, जो तत्व विदित थिएन, त्यो विदित हुन लाग्दछ। अनुभूतिमा इष्टले जस्तो बाटो बताउँछ, जे निर्देश दिन्छ, जो त्यो निर्देशको अध्यायी छ, राम्ररी त्यसको अध्ययन गरेर, त्यसमा स्थिर रहेर जो हिड्दछ, इष्टको निर्देशनको अनुरूप हिड्ने क्षमता जसमा आउँछ, उही वेदाध्यायी हो, विप्र हो। ऊ राम्ररी ब्रह्मको परायण छ। उसको आचरणमा अलिकति पनि त्रुटि छैन, ऊ विप्र हो।

'ब्रह्म जानाति ब्राह्मणः'– त्यही इष्टको निर्देशनमा हिड्दा–हिड्दा साधकले जब मूलको स्पर्श प्राप्त गर्दछ, उसलाई विदित गर्दछ, तब ऊ ब्राह्मण हुन्छ। यसप्रकार अत्रिस्मृतिले मात्र यति भन्दछ कि ऊ पुरुष कसरी बन्दछ, वर्ण कसरी बन्दछ? यो ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्रको श्रेणी विभाजन छैन। लोकमा छैन।

वास्तवमा यी साधन–पथका चार खुड़किलाहरू हुन्। आरम्भमा निकृष्ट, त्यसपछि मध्यम, त्योभन्दा उन्नत भएपछि उत्तम र अति उत्तम– यसप्रकार एउटै पथका यी चार खुड़किलाहरूलाई पार गरेर त्यस शाश्वत सनातन ब्रह्ममा प्रवेश पाउनु पर्दछ। यो साधन–पथ हो, धर्माचरण हो।

याज्ञवल्क्य स्मृतिको भनाई छ कि सबै प्राणीहरू आमाबाट एकैनास जन्म लिन्छन्। तिनीहरू मध्ये जसको उपनयन संस्कार हुन्छ त्यो द्विज हो। आठ वर्षमा ब्राह्मण, एघारौंमा क्षत्रिय, बाह्रौमा वैश्यको उपनयन हुन्छ र जसको संस्कार हुँदैन ऊ शूद्र हो। यदि मन्त्र पढेर अथवा जनै लगाएर ब्राह्मण, क्षत्रिय, वैश्य बन्दछ भने सबैको लागि मन्त्र किन पढिएन। उपवीत धारण गर्दा यो मन्त्र पढिन्छ–

यज्ञोपवीतं परमं पवित्रं प्रजायतेः यत्सहजं पुरस्तात्।
आयुष्यमग्र्यं प्रतिमुञ्च शुभ्रं यज्ञोपवीतं बलमस्तु तेजः।।

यो मन्त्रलाई पढेर आठ वर्षको केटाले के पाउँछ? वास्तवमा यो सामाजिक व्यवस्था मात्र थियो, धर्मसंग यसको कुनै संबन्ध छैन। ती दिनहरूमा यस संस्कारद्वारा बालकलाई विद्याध्ययनको अधिकार दिइन्थ्यो। बाह्र वर्ष पुगेकाललाई शस्त्र–संचालन र रक्षा विभागमा प्रवेश दिइन्थ्यो। जुनप्रकार आजको

कुनै केटा नेभीमा जान्छ भने कोही अरू कुनै ट्रेनिङ्गमा र विशेषज्ञ बनेर निस्किन्छन्।

आजकल यी व्यवस्थाहरू सरकारको हातमा गएको छ। अध्ययन–अध्यापन, धनोपार्जनको लागि उद्योग र नोकरीहरू, रक्षाको दायित्व योग्यता र सामाजिक समानतामा आधारित हुँदै गएको छ। राजा फेरिए, राजतन्त्र बदलियो र त्यो तरीका पनि बदलियो कि मात्र उपनयनवाला नै पढुन्। स्मृतिहरूमा निषेध थियो कि शूद्रहरूलाई पढाउनेहरू, धर्मको उपदेश गर्नेहरू, अन्धकारमय नरकमा जानेछ। आज सबैले पढिरहेका छन्, पढाई रहेका छन्।

बाहिरी वर्ण महाराज मनुले बनाए र जोर दिए कि वर्णमा रहनाले मोक्ष पाइन्छ। मोक्षको लागि घर छोड्ने आवश्यकता छैन। यदि कस्तो नै थियो भने स्वयं महाराजा मनुले त्यसै कल्याणको लागि घर किन छोडे, नैमिषारण्यमा गएर तपमा लीन किन भए? उनले त राजधर्म र क्षत्रिय धर्मको पालन गर्नु पर्दथ्यो।

प्राचीनकालमा विस्तारै–विस्तारै सभ्यता आयो। महाराज मनुले त्यसको व्यवस्था गरे। केही मानिसहरूलाई पढ्ने–लेख्ने र नियम बनाउने कार्यमा नियुक्त गरियो, जसलाई ब्राह्मण भनियो। केहीलाई शस्त्र–संचालन र सुरक्षाको भार दिए, उनीहरू क्षत्रिय कहलाए। कसैलाई धन–सम्पत्ति संग्रह र खाद्य पदार्थहरूको आपूर्तिमा लगाए, जो वैश्य कहलाए र यी सबैको सेवामा नियुक्त मानिसहरूलाई शूद्र भनियो। तर आज महाराजा मनु र उनका अनुयायी गइसके। यस व्यवस्थालाई कार्यरूप दिने स्टेटहरूको सन् १९५२मा उन्मूलन भयो, सत्ता जनताको हातमा आयो।

व्यवस्था बदलियो, दण्ड विधान बदलियो, पुराना कानून जलाइए, कसैले नाम पनि लिंदैन, नाम लिएर पनि केही हुनेवाला छैन भने यी व्यवस्थाहरूको किन गुणगान गर्छन्। यी स्मृतिहरू समाजमा अब काँढा जस्तो हुन्, एउटा फाटो हुन्।

सौभाग्यको कुरा त यो छ कि यी स्मृतिहरूमा लेखिएको छ कि यसलाई कसैलाई पनि न देखाउनु, कसैले छुन पनि नपाओस्। गर्भाधानदेखि चितासम्मको जसलाई मन्त्र थाहा छ, यसलाई पढ्ने अधिकारी त्यही हुन्छ। उसलाई बताउन सकिन्छ किनकि उसलाई जरूरत छ। उसले यी सबै गर्नेछ। लाखौं ब्राह्मणहरूमा

दस–पन्द्रह यसको जानकार थिए, बाँकी सबै उनीहरूको संकेतमा हिड्दथे। यसकारण यसमा ब्राह्मणको पटक्कै दोष छैन। दोष त केही मानिसहरूको थियो, जसले राजाको छेउमा बसेर उपाधि र मन्त्री–पद पाएका थिए। लेखिएको छ– राजा बिहान उठेर ब्राह्मणहरूको पुजन गरून् र उनीहरूसंग सोधेर हरेक कार्य गरून्। वास्तविक राजा त उनीहरू थिए। दोष त उनीहरूको थियो, जसले धर्मको उदाहरण दिएर, नरकको आतंक देखाएर राजसत्ताको माध्यमले सम्पूर्ण निरक्षर जनताको मनमानी शोषण गर्दथे। स्मृतिहरूमा सामाजिक व्यवस्थाका अनेक उपयोगी सूत्र पनि छन्, तर मेरो विनीत निवेदन यो छ कि पूर्वजहरूको प्रत्येक उपयोगी–अनुपयोगी व्यवस्थाहरूलाई धरौटी मानेर रूढ़ि पाल्ने कुनै उपयोग छैन।

यो जाति, उँच–नीच, छुआछूत इत्यादि मानिसको अन्तःकरणमा स्थित राग–द्वेषबाट उत्पन्न काम–क्रोध–मोह–अहंकार–दम्भ–द्वेष– यी प्रकृतिबाट उत्पन्न विकारहरूको देन हो। संसारले सधैं आफूलाई श्रेष्ठ घोषित गर्दै आएको छ। भाई–भाई लड्दै आएका छन्। यो गुटबन्दी अज्ञान र अविवेकको उपज हो। पूरा विश्व कालो–गोरो–रातो–पहेंलो रंगहरूको आधारमा बाँडिएको छ। परस्पर दमनको लागि शस्त्रहरूको होड़ लागेको छ, शीत–युद्धको वातावरण बनेको छ। कहिले यो लड़ाई जाति र जमीनलाई लिएर हुन्छ भने कहिले व्यवसाय र आकृतिलाई लिएर हुन्छ। हुन्छ जरूर र हुँदै पनि रहने छ; तर यसको धर्मसंग कुनै सम्बन्ध छैन।

आज जातिवादी कौ छैन? जाति, सम्प्रदाय, भाषा र क्षेत्रीय संकीर्णतालाई आधार बनाएर चुनावमा टिकट दिइन्छ, त्यसै जातिका मानिसहरूलाई चुनाव प्रचारमा पठाइन्छ, तिनीहरूबाट नै प्रभावित भएर तपाइले पनि मत दिनु हुन्छ। कर्मचारीहरूको चयनमा पनि जातिवादबाट के तपाईं अपरिचित हुनुहुन्छ? कुरा गर्ने मात्र होइन, आचरणमा पनि ढाल्नु पर्दछ। दोष तपाईं–हाम्रो हो, जसलाई तपाईं–हामीले कहिले सरकारको आरक्षण नीतिमा खोज्दछौं भने कहिले त्यसको लागि धर्मलाई दोषी ठहऱ्याउँछौं। हुन त शास्त्रहरूमा एउटा पनि श्लोक यस्तो छैन जसमा भगवान्ले कहिले पनि मानिसहरूलाई विभाजित गरेको होस्, उँच–नीच, छूत अथवा अछूत बनाएको होस्।

गीताको अनुसार संसारभरिमा मानिसहरू दुई प्रकारका हुन्छन्– न चार प्रकार, न तीन प्रकारका, न तेरह र न सवा लाख। मानिसहरू मात्र दुई प्रकारका छन्– एक देवताहरू जस्तो, अर्को असुरहरू जस्तो। ऊ नास्तिक होला अथवा आस्तिक। परमात्मातिर अग्रसर होला अथवा मायातिर। प्रकृतिमा विश्वासवाला छ भने असुरहरू जस्ता छन् र यदि परमतत्त्व परमात्माको देवत्वको लागि प्रयत्नशील छ भने देवताहरू जस्ता छन्। संसारमा यी नै दुई जातिहरू छन् जो अन्तःकरणका दुई प्रवृत्तिहरू– आसुरी सम्पद् र दैवी सम्पद्मा आधारित छन्, जसको उल्लेख गीताको सोह्रौं अध्यायमा छ। त्यस कसीमा तपाईंको एउटा साख्खै भाई असुर र अर्को देवता हुन सक्छ। यही कारण थियो कि श्रीकृष्णका केही साख्खै नातेदार असुर थिए। उनी स्वयं देवता थिए, परमात्मतत्वमा स्थित भगवान् थिए। योगशास्त्रहरूको अनुसार जातिको यति नै स्वरूप छ। बाहिर न कुनै जाति छ र न विभाजन गर्ने तरिका नै छ।

स्मृतिहरू व्यवस्था थिए, धर्म होइन्–

मानिस–मानिसको बीचमा भयंकर घृणा फैलाउने काम स्मृतिहरूले गरेका छन्। जन्ममा आधारित जाति–प्रथा तिनीहरूकै देन हो। सबै स्मृतिहरू महाभारतकाल पछि लेखिएको हुन् र केही त गौतम बुद्ध पछि लेखियो। यिनीहरूमा मनुस्मृति, याज्ञवल्क्य र पराशर स्मृति धेरै प्रसिद्ध छन्। इतिहासका विद्वानहरूले जानेका छन् कि महाभारतकाल र आजको बीचमा न त कुनै मनु नामक राजा भए र न गौतम बुद्धपछि याज्ञवल्क्य नाम ऋषि। वैदिक युगका आत्मपुरुषहरूको नाममा यी स्मृतिहरूको रचना गरेर बिचका बुद्धिजीवी वर्ग–विशेषले आफ्नो अनुकूल परिस्थिति बनाए, प्रशासनिक व्यवस्था रचे र राजकीय संरक्षणमा यसै जाति–व्यवस्थालाई धर्मको नाममा प्रचार गराए। धर्मसंग यी स्मृतिहरूको केही पनि सरोकार छैन।

मनुस्मृतिको कथन छ कि प्रारम्भमा एउटा अण्डा थियो। त्यस अण्डामा जो प्राणी थियो, उसले आफ्नो पराक्रमबाट अण्डालाई फुटायो। जो निस्कियो, त्यसको नाम थियो ब्रह्मा। ब्रह्माले आफ्नो शरीरको दुई भाग गरेर आधाबाट स्त्री, आधाबाट पुरुष बनाए र संसारको विकासको लागि मुख, बाहुला, तिघ्रा र चरणबाट क्रमशः ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र बनाए। त्यस ब्रह्माले मनुलाई

उत्पन्न गरे। मनुले दस महर्षिहरूलाई र ती महर्षिहरूले सात मनुहरू, देव-दानव, सुख-दुःख, पाप-पुण्य, स्वर्ग-नर्क, जल-थल, जड़-चेतन जीवहरूलाई उत्पन्न गरे। श्रीरामचरित मानसको भनाईमा यी सबै विधि-प्रपंच हुन्- '**विधि प्रपंच गुन अवगुन साना।**' ब्रह्माले आफ्नो सृष्टिको संचारको लागि यी वर्गहरूको रचना गरे। यो प्रपंच हो न कि कुनै शाश्वत व्यवस्था। यस प्रपंचको कुनै एक अंशको पूजा गरेर के हुन्छ? यस प्रपंचबाट बाहिर हामी कहाँ निस्कने? जबकि स्वयं ब्रह्मा पनि आफ्नो लोकसहित मरणधर्मा छ।

साथ-साथै ब्रह्माजीको सृष्टि पनि हेरिहालौं। दृषद्वती नदीदेखि सरस्वती नदीको बीचको भू-भागलाई ब्रह्मावर्त भनियो, जो आजकल कानपुरको नजिक छ, बिठूर नामले चिनिन्छ। मथुरादेखि तक्षशिलासम्म पांचाल प्रदेश ब्राह्मणहरूको पवित्र देश हो। विन्ध्याचलदेखि हिमालयको फेदिसम्म मध्यदेश छ र त्यसको दक्षिण म्लेच्छ देश छ। यत्तिमा नै संसारको उत्पत्तिको वर्णन समाप्त भयो। यस ब्रह्मालाई यति पनि ज्ञान थिएन कि हिमालयको पारी चीन र जापान पनि छन्, समुद्रमा ठूला-ठूला द्वीप निस्केका छन्। वास्तवमा न कुनै ब्रह्माले सृष्टि रचेका थिए र न त्यो स्मृतिकारलाई भूगोलको नै ज्ञान थियो। जीव-जन्तुहरूको रचनामा भारतीय पशु-पक्षीहरूको नाम त गणना गराइयो; तर कंगारू, जेबरा, जिराफको नाम कतै पनि छैन र संक्षेपमा सृष्टिको प्रकरण समाप्त भयो भनेर लेख्यो।

यी ब्रह्माजीले पवित्र-अपवित्र बताएर स्थान-स्थानमा, भूखण्डहरूमा भेदभाव हाल्ने काम गरे, उनले यो पनि भने कि तपाईंको शरीरको कुनचाहिं भाग शुद्ध छ र कुनचाहिं अशुद्ध- नाभिभन्दा माथि शुद्ध र तल अशुद्ध। ब्राह्मण ब्रह्माको मुखबाट उत्पन्न भएको थियो त्यसैले ऊ सम्पूर्ण संसारको स्वामी हो। शूद्र चरणबाट उत्पन्न भएकोले अपवित्र छ, दास छ। शूद्रको नाम घृणासूचक हुन पर्छ। शूद्रसंग कुरा गर्नु पर्‍यो भने दाहिना कान छोई रहनु पर्छ किनकि ब्राह्मणको दाहिने कानमा अग्नि, जल, वेद, सूर्य, चन्द्रमा, तीर्थ र गंगा जस्ता नदीहरू निवास गर्छिन्; यो पराशर स्मृतिको खोज हो। कस्तो मुर्खता हो? यो शुद्ध र अशुद्धको कल्पना, उँच र नीचको कल्पना, स्वामी र दासको कल्पना घृणा र द्वेषको कल्पना, मन्त्र पढेर शुद्ध हुने कल्पना यिनै स्मृतिहरूको देन हो।

स्मृतिहरूको मान्यता छ कि माता–पिताले कामनावश जुन सन्तान उत्पन्न गर्दछ त्यो पशु जस्तो हुन्छ। तर वेदाध्यायीबाट गर्भाधान मन्त्रद्वारा संस्कारपूर्वक जुन बच्चा उत्पन्न हुन्छ त्यो द्विज हो। विचार गर्नु पर्दछ कि कतिजनाको पिता वेदाध्यायी छ। लेखेको छ कि संस्कारहरूबाट बच्चाहरू स्वस्थ्य हुन्छन् र देश भयो गुलाम। कस्तो खाले स्वस्थता हो? ब्राह्मण हुने एउटा अरू सूत्र पनि स्मृतिहरूमा पाइन्छ कि जो वेद पढ्छ, उही ब्राह्मण हो। वेदको एक शाखा मात्र पढ्छ, त्यो पनि ब्राह्मण नै हो। सत्ययुगमा मनुस्मृति प्रमाण थियो र कलियुगको लागि पराशर स्मृति बनाइयो। शूद्रलाई यी स्मृति पढ्ने अधिकार छैन र अन्तमा यो पनि लेखियो कि स्मृति पढ्ने र वेद पढ्नेको फल एउटै हो। वेद पढे पनि अथवा नपढे पनि, पराशर स्मृति नै पढ्यो भने वेदको ज्ञाता भयो। कता अपौरुषेय वेद परमात्माको वाणी र कताको पराशर स्मृति, कलियुगका ऋषिहरूले लेखेको किताब। यदि किताब पढेर ब्राह्मण बन्दछ भने सबैलाई पढाएर आफ्नो संख्या किन बढानु हुन्न। अब त सौभाग्यले सबैले पढ्ने अधिकार पनि पाएका छन्। जब एक अध्याय वेद पढेपछि पनि ब्राह्मण हुन्छ भने सबैलाई किन न बनाएको? अब यी स्मृतिहरूलाई यति पनि थाहा छैन कि युग कतै बाहिर हुँदैन, युगहरूको घट–बढ़ गुणहरूको आधारमा अन्तःकरणमा हुन्छ–

बुध युग धर्म जानि मन माहिं। (मानस, ७/१०३/६)

नित युग धर्म होहि सब केरे।

हृदय राम माया के प्रेरे।। (मानस, ७/१०३/१)

मनुस्मृतिमा उल्लेख छ कि यदि शूद्रले द्विज जातिहरूलाई कठोर वचन भन्यो भने, उसको जिभ्रोमा प्वाल पार्ने सजाय दिनु पर्छ। दस औंला बराबरको बल्दै गरेको फलामको डण्डी उसको मुखमा हाली दिनु पर्दछ; किनकि उसको उत्पत्ति तल्लो स्थानबाट भएको छ। यदि शूद्र कुनै ब्राह्मणलाई धर्मको उपदेश गऱ्यो भने राजाले उसको मुख र कानमा उम्ली रहेको तेल हाल्न लगाउनु पर्छ। यदि शूद्रले माथिल्लो वर्णहरूसंग बस्न खोज्यो भने उसको चाकको मासु काटि दिनु पर्छ।

यदि चाण्डाल राती घरमा बस्यो भने बिहान घरबाट खाद्य सामग्री निकालेर घरमा आगो लगाई दिनु पर्दछ, फेरि त्यहाँ लिप–पोत गरेर ब्राह्मणलाई भोजन गराउनु पर्दछ र बीस गाई दान दिनु पर्दछ, त्यसपछि मात्र तपाईं शुद्ध हुनुहुनेछ होइन भने कुम्भीपाक नरकमा जानु हुनेछ। घर त तपाईंले जलाई नै दिनुभयो, खाद्य–सामग्री अर्को दिन खानुभयो, बीस गाईहरू पनि लिनुभयो। अब त्यो गरीबसंग के बच्यो? शूद्र यत्ति त्याज्य छ; तर त्यसको घरको दूध, घिउ, अन्न, मह र राम्री स्त्री लिन योग्य हुन्छ– '**स्त्री रत्नं दुष्कुलादपि।**'

भोजन गरिरहेको ब्राह्मणलाई कुकुर अथवा शूद्रले देखे भने त्यो भोजन राक्षसले खान्छन्। ख्वाउनेवाला पनि नरकमा जान्छ। शूद्रलाई जूठो अन्न, पुरानो वस्त्र, सारहीन अन्न, पुरानो ओढ्ने र बिछ्याउने दिनु पर्दछ। यदि उसले वेदको एक वाक्यमा पनि विचार गर्दछ भने विचार मात्रले अन्धो कुम्भीपाक नरकमा जाने छ। न कहिल्यै काइदाले खान दिइयो र न लगाउन दिइयो। भगवान्संग पनि उनीहरूलाई वंचित राखे यी स्मृतिहरूले।

यिनै कट्टरताको देन हो कि केरल ईसाईहरूको हातमा गयो, त्यहाँ दस प्रतिशत सवर्ण बाँकी रहेका छन् र आफ्नो सम्पत्ति कौड़िको मुल्यमा बेचेर मुम्बईतिर भागि रहेका छन्। कोल–भील–जंगली जातिहरू ईसाई बनि रहेका छन्, किनकि तपाईंहरूले उनीहरूलाई अछूत भनेर भगाई रहनु भएको छ र ईसाईहरूले अंगालो हाली रहेका छन्। छुने र खानेले तपाईंको धर्म नष्ट हुन्छ र जब कुनै शूद्र ईसाई बनेर फर्किन्छ भने हामी–तपाईंले त्यसलाई हजुर–हजुर भन्ने गर्दछौं। कुर्सीमा बसाउँछौं, लुकेर सम्मान गर्छौं र कराउने पनि गर्छौं कि धर्म–परिवर्तन भैरहेको छ।

ऋषिहरूले स्मृतिहरूको व्यवस्था दिएका थिए। मनुस्मृतिको अनुसार 'जसले उपनयन संस्कारपछि २५ वर्षको आयुसम्म गुरुकुलमा निवास गर्दछ, त्यो ऋषि हो र त्यो ऋषिले विवाह गर्नु पर्दछ।' ऋषिहरू अत्रि, दुर्वासा र चन्द्रमा–जस्तो जितेन्द्रिय हुन्थे भने कुरा बिर्सनुहोस्। एउटा छात्र जसले अहिले भर्खरै आचार्यको डिग्रि लिएको छ, त्यो नै ऋषि हो। प्राचीन ऋषिहरूको स्थानमा कृत्रिम ऋषिहरू उत्पन्न भए। आज स्थान–स्थानमा गुरुकुल खुलेका

छन्, त्यहाँ कोही पनि संस्कृत पढ्न जादैनन्। सबैले आफ्नो बच्चाहरूलाई ऋषि किन बनाउँदैनन्।

र गुरु को हुन्? मनुस्मृति अनुसार– जसले गर्भाधानदेखि चितासम्मको कृत्य गर्दछ, त्यसलाई गुरु भनिन्छ। गुरु मरे भने गुरुपत्नीमा गुरुभाव राख, उनी पनि मरिन् भने गुरुको भाईहरूमा र उनीहरू पछि गुरुको छोराहरूमा गुरुभाव राख, जसद्वारा ब्रह्मधामको प्राप्ति हुन्छ। यसप्रकार पेट भर्नको लागि मात्र नयाँ परिभाषाहरू गढ़ने स्मृतिहरू, शाश्वत त्यस सनातन धर्मका अनुयायिहरूको विनाशको कारण बन्न गयो, भ्रमको सृजना गरिदियो। भारतमा सिकन्दरको आक्रमणको समयमा साथमा आए यूनानी इतिहासकार मेगस्थनीजले लेखेका छन् कि क्षत्रिय लड़िरहेका थिए र छेउमा किसानले आफ्नो खेत जोति रहेका थिए। मानिसहरू आ–आफ्नो धन्धामा लागेका थिए; किनकि स्मृतिहरूमा लेखिएको छ कि शस्त्र मात्र क्षत्रियले उठानेछ। हो, दानमा प्राप्त भएका वस्तुहरूमाथी आपत्ति आयो भने ब्राह्मणले पनि उठाउन सक्छ। ब्राह्मणले सेनाको पछि बिसेर स्वस्तिवाचन गर्दथे र युद्धमा प्रस्थान गर्ने राजाहरूसंग धेरै दान–दक्षिणा लिने गर्दथे। लेखिएको छ कि राजाले सम्पूर्ण खजाना ब्राह्मणहरूलाई दान दिएर, पुत्रलाई राज्य दिएर युद्धको लागि प्रस्थान गरून्। यिनै स्मृतिहरू भारतको गुलामी र मानव–मानवमा घृणाको कारण बन्यो। लेखिएको छ कि सबैभन्दा तल कसाई (मासु बेच्ने) हो, दस कसाईको बराबर एक तेली हुन्छ। जबकि तेलीले कुनै पाप गर्दैन। गहुँ, चना पिस्नु र तोरी पेल्नु वनस्पतिको एउटै खाले प्रयोग हो। तर तेल बगेको देखेर उनीहरूलाई लाग्यो कि तोरी रुन्छ। दस तेलीको बराबर एक कलवार हुन्छ जसले यसरी नै रक्सी बनाउँछ। दस कलवारको बराबर एक वैश्योपजीवी हुन्छ र दस वैश्योपजीवीको बराबर एउटा राजा हुन्छ। यसप्रकार राजा सबैभन्दा तल हुन्छ। यदि यस्तो नै थियो भने मनुस्मृतिकार ऋषिहरूले राजा मनुको पूजा किन गरे? वास्तवमा यदि कुनै मनु थियो भने यस्तो लेख्नेवालालाई जीवित छोड्दैन थियो। यिनीहरूको मनु त कथाको एउटा पात्र हो– जस्तो कालिदासको मेघदूत। सय वर्षको क्षत्रिय र दस वर्षको ब्राह्मणमा पनि ब्राह्मण पिता र क्षत्रिय पुत्र हुन्छ।

लेखिएको छ कि अग्निमा गरिएको हवनभन्दा ब्राह्मणको मुखमा गरेको हवन श्रेष्ठ हुन्छ। श्राद्धमा भोजन गर्ने अन्धोले ९० सद्ब्राह्मणहरूको, कानोले ६० ब्राह्मणहरूको, आँखामा मोतियाबिन्द भएकोले १०० ब्राह्मणहरूको र पापी, रोगीले दाताको एक हजार ब्राह्मणहरूलाई खुवाएको फल नाश गर्दछ। अपांगहरूप्रतिको यो दृष्टिकोण मानवताको अपमान हो।

कसको अन्न खाने र कसको न खाने?- यसमाथी लेख्छन् कि व्याज लिने वैश्य, कामी, डकर्मी, कलपुर्जा बनाउनेवालाको अन्न अर्थात् आजको भाषामा बैंक कर्मचारिहरू, डाक्टर र इन्जीनियरहरूको अन्न, तलब लिएर शिक्षा दिनेवालाहरूको अन्न, नगरमा पाइनेवाला अन्न, न बेचनेवालाको अन्न, नट-दर्जी, मल्लाह-सुनार र नपुंसकको अर्थात् आजको अवस्थामा परिवार नियोजन गराउनेवालाको अन्न र कुकुर पाल्नेवालाको अन्न खानु हुँदैन। हो, कुकुरले हरिण समातेर ल्यायो भने कुनै दोष छैन। राजा र राज्य कर्मचारीहरूको अन्नले तेजलाई, सुनारको अन्नले आयुलाई र सार्कीको अन्नले यशलाई नष्ट गर्दछ। चिकित्सकको अन्न विष्टाको समान र शस्त्र बेच्नेवालाको अन्न मलको समान हुन्छ। यिनीहरूको अन्न खाएमा सात दिनसम्म गो-मुत्रमा पकाएको जौ खाएर निर्वाह गरेपछि शुद्धि हुन्छ। मानिस-मानिसमा फरक गरेर, फूट हालेर राज्य गर्नु यिनै व्यवस्थाकारहरूको देन हो।

यी स्मृतिहरूमा लसुन, प्याज, गाजर, ओल, टमाटर, मूला, हींग, गुँद इत्यादि खान निषेध छ; तर देव-पितृ कार्यहरूमा पशु-पक्षीहरूलाई मंत्र पढ़ेर काट्नु पर्दछ र मन्त्र कसले पढ्छ? लेखेको छ, ब्राह्मण र शूद्रकन्याबाट उत्पन्न सन्तानको संस्कार गरेपछि हजाम बन्दछ। प्रत्येक मांगलिक अवसरहरूमा ब्राह्मणको छेउमा हजामको उपस्थिति यसै दुरभिसन्धिको परिणाम हो। शूद्रहरूमा हजामहरूको अन्न भक्षणीय बताइएको छ।

दक्षिणा कति दिने? लेखिएको छ, यज्ञमा थोरै दक्षिणा दिंदा इन्द्रिय, यश, स्वर्ग, आयु र पशुहरूको नाश हुन्छ। ब्राह्मणको धन चोर्नेले आफ्नो हातमा मूसल लिएर आफ्नो वधको लागि राजासंग निवेदन गरून्। यो खाली बाँच्ने-खाने व्यवस्था थियो, धर्म होइन। लेखिएको छ- ब्राह्मण कुनै पनि जातिको केटीसंग विवाह गर्न सक्दछ; तर यदि शूद्रहरूले बाहुनी भित्र्यायो भने उसले

आफ्नो लिंग र अण्डकोष आफ्नो हातमा लिएर नैर्ऋत्य दिशामा हात गरेर तबसम्म हिड्नुपर्दछ जबसम्म ऊ मर्दैन। यो मात्र सुरक्षा व्यवस्था हो।

हुन त ब्राह्मणलाई सिन्काले पनि पिटनु नहुने विधान छ, तर गल्तीले कसैले पिट्यो भने उसले पापबाट कसरी मुक्ति पाउने, यसको लागि उसले बलिरहेको आगोमा टाउको तल पारेर तीन पटक कुद्नु पर्दछ। राजाले अरू जातिलाई प्राणदण्ड दिन सक्छ, तर कपाल खौराउनु नै ब्राह्मणको लागि प्राणदण्ड हो। प्रत्येक प्रकारको पाप गर्ने बाहुनलाई दण्ड दिनु पर्दैन; किनकि ब्राह्मण स्वंय आफ्नो तपस्या र मन्त्रहरूद्वारा शुद्ध हुन्ने गर्दछ।

दोष त्यो व्यवस्थाकारहरूको पनि होइन, जसले आफ्नो युग जमानाको लागि यी कानूनहरूको संरचना गरे। दोष त तपाईं–हाम्रो हो जो आज पनि यसलाई मान्दछौं। सच्चाई त यो हो कि यी कानूनहरूलाई नमानेर पनि हामी खोक्रो दावा गर्दछौं। उनीहरूलाई गाली गर्नुको सट्टा आफूलाई सुधार्न धेरै उपयोगी हुनेछ।

हो, यो कुरा बेग्लै छ कि हामी बिजुली बनाउँछौं भने लाईन मैन, फलाम ठोक्छौं भने कामी, सुन गढ़छौं भने सुनार– यी कुनै जाति होइन, व्यवसायको नाम हो। यसप्रकारको वर्गीकरण सधैं हुने गर्दथ्यो र हुँदै रहनेछ। तर भगवत् पथमा न कुनै जाति छ र न सम्प्रदाय। **'अपि चेत्सुदुराचारो'–** अत्यन्त दुराचारी पनि यस कर्मको सच्चा अधिकारी हुन्छ। अतः यदि छुवाछुत, उँच–नीच, जाति र सम्प्रदाय छ भने त्यो धर्म होइन र यिनीहरूलाई मान्नेले अहिलेसम्म धर्मी भएको छैन। परमात्मा एउटै छ र उसको एक जस्तो अनुभूति सबैको लागि छ। उनको अनुभूति पाउने महात्माले समाजमा कहिल्यै पनि फाटो हाल्न सक्दैन। अधूरो जानकारी र न बुझेको हुनाले मानिसहरूले यस्तो भन्ठान्छन् र गर्दछन्।

।। ॐ श्री सद्गुरु भगवान्को जय।।

विप्र : एक स्थिति

क्रियात्मक पथमा हिड़ेर ब्रह्मको अनुभूति गर्नेहरू ब्राह्मण हुन्। त्यो क्रिया हो मात्र परमात्मामा निष्ठा।

– स्वामी अड़गड़ानन्द

'भागवत'मा विप्र

श्रीमद्भागवतको समापनमा भगवान् व्यासले भन्नुभयो, "हे परीक्षित! यसप्रकार मैले मनुवंशको मात्र संक्षेपमा वर्णन गरेको छु। जसरी मनुवंशको यो गणना छ यस्तै गरी प्रत्येक युगमा ब्राह्मण, वैश्य र शूद्रहरूको वंश–परम्परा बुझ्नु पर्दछ।" यस ग्रन्थबाट स्पष्ट हुन्छ कि केही साहसी क्षत्रिय नै पछि गएर ब्राह्मण बने। ब्राह्मणको उत्पत्ति क्षत्रियहरूबाट हुन्छ; किनकि जब विधाताले सृष्टि रचना गरे तब सनकादि चार पुत्रहरूलाई उत्पन्न गरे। विधाताले उनीहरूलाई भने कि तिमीहरूले सृष्टि रचना गर। उनीहरूले भने– "होइन, हामीहरू ब्रह्म चिन्तन गर्नेछौं।" उनीहरूले सृष्टि–रचना गर्न मानेनन्। यी चारजनालाई सृष्टिको आदि ब्राह्मण भनिन्छ, जसको कुनै वंश चलेन। त्यसपछि ब्रह्माले क्षत्रिय श्रेणीको गुण–धर्महरूबाट मनु–शतरूपालाई उत्पन्न गरे, जसका तीन छोरीहरूको सन्ततिबाट सम्पूर्ण संसार भरियो। प्रत्येक मन्वन्तरमा ईश्वरभक्त मनु तथा उनको वंशावलीको गौरव–गाथा भागवतमा छ र यस दृष्टिबाट नृवंश तथा सम्पूर्ण भागवत क्षत्रियहरूको इतिहास हो। मनुको वंशज भएकोले उनीहरूलाई मानिस वा मानव भनिन्छ।

ईश्वर–पथमा साधनाका चार खुड़किलाहरू– ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र मध्ये मनु–सन्तान क्षत्रिय श्रेणीमा बिरलै होलान्, तर इतिहासमा हजारौं वर्षदेखि क्षत्रियहरूको जुन परिभाषा प्रचलित छ– शासन, सुरक्षा, युद्ध, पृथ्वीको भार संभाल्नु, शौर्य इत्यादि जुन प्रचलित छन्, ती सबै लक्षण यी मनु राजवंशहरूमा राम्ररी विद्यमान थिए, जसको ब्राह्मणत्व सिद्धिमा प्रतिशत धेरै पाइएको छ।

मनुका दस पुत्रहरू मध्ये पाँचौं पुत्र धृष्ट द्वारा धार्ष्ट नाम क्षत्रिय उत्पन्न भए। उनी यस शरीरबाटै ब्राह्मण भए (९/२/१७)। मनुका नवौं पुत्र नरिष्यन्तको

दशौं पीढ़ीमा अग्निवेश्य उत्पन्न भए। ब्राह्मणहरूको अग्निवेश्यायन गोत्र वहाँबाट नै चल्यो (९/२/२२)। क्षत्रिय मनुका चौथो पुत्र दिष्टको पुत्र नाभाग आफ्नो कर्मको कारण वैश्य हुन पुग्यो; तर त्यही नाभागको बाह्रौं पीढ़ीमा उत्पन्न मरुत्त फेरि चक्रवर्ती नरेश (क्षत्रिय) भए। यसप्रकार ती क्षत्रियहरूको ब्राह्मण तथा वैश्य बनेका र फेरि क्षत्रिय बनेका उदाहरणहरू भागवतमा छ।

मनुको तेस्रो पुत्र शर्याति आचार्य बने। अंगिरा गोत्रका ऋषिहरूलाई यज्ञमा अर्को स्तरको कर्म उनले बताएका थिए (९/३/१)। स्वायंभू मनुको चौथो पीढ़िमा उत्पन्न आठौं अवतार महाराजा ऋषभदेवजीको सय पुत्रहरूमध्ये दस राजा भए, नौ संन्यासी भए तथा शेष एकासी कर्ममा दक्ष ब्राह्मण भए। मानिसहरूले भन्छन् कि चरणबाट शूद्र, मुखबाट ब्राह्मण, तिघ्राबाट वैश्य र बाहुलाबाट क्षत्रिय हुन्छ; तर यहाँ एक माता–पिताको संतानहरू मध्ये केही क्षत्रिय, केही संन्यासी तथा धेरैजसो ब्राह्मण भए। स्पष्ट छ कि भागवतको अनुसार ब्राह्मण एउटा योग्यता हो।

आफ्ना छोराहरूलाई उपदेश गर्दै भगवान् ऋषभले भन्नुभयो कि पंचभूतहरू भन्दा रुख श्रेष्ठ हुन्छ। रुखहरू भन्दा हिड्ने–डुल्ने जीवहरू श्रेष्ठ हुन्छन्। तिनीहरू मध्ये पनि कीरा–फट्यांग्रा इत्यादिभन्दा ज्ञानयुक्त पशुहरू श्रेष्ठ हुन्छन्। पशुहरूभन्दा मानिसहरू, मानिसहरूभन्दा प्रमथगण, प्रमथगणहरूभन्दा गन्धर्व–सिद्ध–किन्नर श्रेष्ठतर हुन्छन्। उनीहरूभन्दा असुरहरू श्रेष्ठ हुन्छन्। असुरहरूभन्दा देवता, देवताहरू भन्दा इन्द्र, उनीभन्दा ब्रह्माजीको पुत्र रुद्र, उनीभन्दा ब्रह्मा तथा ब्रह्माभन्दा म श्रेष्ठ छु; तर ब्राह्मणहरू मभन्दा पनि श्रेष्ठ छन् किनकि उनीहरू शम, दम, सत्य, दया, तप, तितिक्षा, अध्ययन र ज्ञान– यी आठ गुणहरूबाट सम्पन्न छन्। यसरी भागवतकारको निर्णय छ कि जो ब्रह्मको परायण छ ऊ नै ब्राह्मण हो, न कि कुनै जाति।

भागवतको चौथो स्कन्धमा मनु–पुत्र ध्रुवको चौथो पीढ़ीमा उत्पन्न अत्याचारी राजा वेनको इतिहास छ। उनी निःसन्तान मरेपछि ऋषिहरूले उनको तिघ्राको मंथन गरे। त्यसबाट जुन पुरुष उत्पन्न भयो त्यसैको वंशजलाई निषाद भनियो। त्यसै वेनको बाहुलाहरूको मंथनबाट पृथु र अर्चि उत्पन्न भए। एउटै शरीरबाट उत्पन्न यी तीनवटै साख्खै दाजु–भाई र बहिनी थिए। पृथुलाई योग्य सम्झेर

ऋषिहरूले उसलाई पैतृक गद्दीमा बसाए र निषादले समुद्रसम्म जंगलहरूको राज्य पाए। यसप्रकार निषाद क्षत्रिय वंशमा उत्पन्न महाराज पृथुको साख्खै भाई क्षत्रिय हुन्। निषादराज र निषादहरूको सामाजिक अवमूल्यन, जंगली रहन–सहन पछिका व्यवस्थाकारहरूको उपज हो।

महाराज पृथलाई प्रथम चक्रवर्ती सम्राट हुने गौरव प्राप्त छ। उनले पृथ्वीलाई समतल बनाउने काम गरे, पृथ्वीलाई गाई बनाएर दुहे, प्रतिकूल बीउहरूलाई हटाएर अनुकूल बीउहरू उमारे। खेती गर्न, पशुपालन, रुखहरूबाट ओर्लेर गाउँहरूमा बस्न उनले सिकाए। चौबीस अवतारहरू मध्ये महाराज पृथु पनि एउटा अवतार हुन्। एकपटक उनको सभामा सनकादि ऋषिहरू आए। सम्पूर्ण सभा उनको स्वागतमा उठेर खड़ा भयो। ऋषि–चरणमा पृथुले प्रणाम गरे। सभालाई सम्बोधित गर्दै महाराज पृथुले भन्नुभयो– "सभ्यगणहरू! जुन जनपदमा तिनीहरू जस्तो ब्राह्मण विचरण गर्नुहुन्छ, त्यो जनपद धन्य छ। दृष्टि–निक्षेप मात्रले जो अरूको अन्तःकरणमा प्रसारित हुन्छन्, यस्ता ब्राह्मणहरूको दर्शन दुर्लभ हुन्छ। (दृष्टि पर्ने वित्तिकै अनुभवहरूको सूत्रपात् गर्ने पूज्य गुरुदेव भगवान्को विद्याको सहज गुण थियो) परब्रह्मलाई जान्नको लागि जसले श्रद्धापूर्वक इन्द्रियहरूको दमन, मनको शमन, स्वाध्याय, विरोधी विचारहरूको त्याग गर्दछन्, लामो समयसम्म संयमपूर्वक समाधिको अभ्यास गरेर जसले त्यस ब्रह्मलाई जान्दछ, यस्तो ब्राह्मणहरूको चरण–धूलि म बाचुञ्जेल आफ्नो टाउकोमा धारण गरी रहुँ किनकि जसले पनि धारण गर्नेछ, सम्पूर्ण सद्गुणहरू उसमा आफैं आउने छ।"

यस प्रकरणमा ब्राह्मण त्यसलाई भनिएको छ जो एकमात्र ब्रह्मको लागि जप–तप, इन्द्रियहरूको दमन, मनको शमन, धारावाही चिन्तन, एकान्त देशको सेवन, स्वाध्याय, विरोधी विचारहरूको त्याग, योग–साधना, उसलाई तत्त्वसहित जान्नको लागि समाधिद्वारा प्रयत्नशील छ। जसले उसलाई जानेको छ, त्यो ब्राह्मण हो।

दशम स्कन्धको एकानबे अध्यायमा कथा छ कि इक्ष्वाकुवंशीय महाराजा मान्धाताको पुत्र राजा मुचुकुन्दको दृष्टि–निक्षेप मात्रले कालयवन भस्मभयो। तब भगवान् श्रीकृष्णले उनलाई आफ्नो दर्शन दिनुभयो, वरदान माग्न भन्नु

भयो। मुचुकुन्दले भने, "म हजुरको चरणहरूको सेवाबाहेक कुनै पनि वरदान चाहनन्।" यसलाई स्वीकार्दै भगवान्ले भन्नुभयो कि अर्को जन्ममा तिमी ब्राह्मण बन्नेछौ तथा मलाई, परमात्मालाई प्राप्त गर्नेछौ।

विचारणीय छ कि जसमा दृष्टि–निक्षेप मात्रले राक्षसहरूलाई भस्म गर्ने क्षमता छ, यस्तो तपोधनले पनि ब्राह्मणत्व अर्को जन्ममा मात्र पाउँदै छ भने के ब्राह्मणत्व यति सस्तो छ? स्पष्ट छ कि ब्राह्मणत्व योगको पराकाष्ठामा प्राप्त हुने स्थिति हो। सैकड़ौं वर्षदेखि जसको लागि मन्दिरहरूको ढोका बन्द छन् कि मन्दिरमा न जाऊ, शास्त्र न पढ, वेदवाक्यमा विचार न गर, रुखको मुनि बस, काठको थालमा खाऊ, सत्कर्म तिमीहरूको लागि होइन, ब्राह्मण भएर जन्मेपछि गर्नु– यति कड़ा प्रतिबन्ध लागेको छ कि सत्कर्म छैन भने उनीहरू अर्को जन्ममा ब्राह्मण कसरी हुनेछन्? यदि कस्तो आचरणहीन ब्राह्मण हुन्छ भने यी कुकुर, स्यालको हुनेछ? त्यति ठूलो तपस्यापछि श्रीकृष्णले आशीर्वाद दिनुभयो कि अर्को जन्ममा ब्राह्मणत्व प्राप्त गर्नेछौ। अतः ब्राह्मण एउटा स्थिति हो। परब्रह्म परमात्मा जसलाई विदित भएको छ, जो ऊसंग संयुक्त छ, उसमा राम्रो प्रकारले स्थितिवाला छ, त्यो ब्राह्मण हो र त्यसको शुरुवात सेवाबाट हुन्छ।

सेवाको महत्त्व भागवतको तृतीय स्कन्धमा मैत्रेय ऋषिले विदुरजीलाई भन्नुभयो कि धर्मको सिद्धिको लागि भगवान्को चरणहरूबाट सेवा तथा त्यसको अधिकारी शूद्रको आविर्भाव भयो– परमात्माको प्रसन्नताको लागि। यहाँ स्पष्ट छ कि श्रीहरिलाई सन्तुष्ट पार्नु छ, धर्मको सिद्धि गर्नु छ भने सेवावृत्तिबाट आरम्भ गर्नु पर्दछ। शूद्रबाट नै भगवत्पथमा प्रवेश हुन्छ। त्यहीं ईश्वरको उत्पत्ति हो। शूद्र नै श्रम हो। यहींबाट ईश्वरीय जागृति हुन्छ। बाँकी तीन श्रेणिहरू त त्यस बिरुवाको विकास मात्र हो। त्यसपछि त्यस बिरुवाले निश्चितपूर्वक बढ्नु नै छ। '**नेहाभिक्रमनाशोऽस्ति प्रत्यवायो न विद्यते।**'– यस ईश्वर–पथमा आरम्भको नाश हुँदैन। जब प्रभु प्रसन्न नै हुनुभयो भने वहाँ आफैले प्राप्तिको विधि बताउनु हुनेछ। विधि जानेर जो हिड्दछ, त्यो वैश्य हो। भजन आरम्भ गर्नको लागि सबैले शूद्रबाट आरम्भ गर्नु पर्नेछ र जो शूद्र भैसक्यो उसको ब्राह्मणत्व पनि सुनिश्चित छ। लगनशील साधकले एउटै जन्ममा यी चारवटै खुड़किलाहरूलाई अतिक्रमण गरेर परमात्म–भावलाई प्राप्त गर्दछ। "अर्जुन!

तिमी सम्पूर्ण पापिहरूभन्दा पनि धेरै पाप गर्नेवाला भए पनि ज्ञानरूपी डुङ्गाद्वारा निःसन्देह पार हुनेछौ।" (गीता)

भागवतको दशम स्कन्धमा कथा छ कि एकपटक भगवान् श्रीकृष्ण नारद, वामदेव, अत्रि, कण्व, परशुराम, व्यास, शुकदेव, बृहस्पति, मैत्रेय तथा च्यवन इत्यादि ऋषिहरूको साथमा ब्राह्मण श्रुतदेव कहाँ जानुभयो। भगवान् श्रीकृष्णले भन्नुभयो, "ब्राह्मण जन्मदेखि नै सबै प्राणिहरूभन्दा श्रेष्ठ हुन्छ। यसकारण श्रुतदेव! तिमीले यी ब्रह्मर्षिहरूलाई मेरो नै स्वरूप ठानेर यिनीहरूको पूजा गर। यस्ता ब्राह्मणहरूको पूजनद्वारा नै मेरो पूजा हुन्छ होइन भने अरू करोडौं प्रकारले पनि मेरो पूजा हुन सक्दैन।" यहाँ भगवान् श्रीकृष्णले एउटा ब्राह्मणलाई यस्ता ब्राह्मणहरूको पूजा गर्ने निर्देशन दिनुभयो जो जन्मले ब्राह्मण थिएन। सुधीजन, विचार गर्नुभयो भने थाहा पाउनु हुनेछ कि यी ब्रह्मर्षिहरूको सामाजिक कुलीनता, जातिगत वरिष्ठता थिएन। उनीहरू विवाहित माता–पिताको सन्तान पनि होइनन्। साधनाको सही क्रियामा लागेर उनीहरू सबैले क्रमशः खुड़किलाहरूलाई पार गरे, ब्राह्मणको जन्म पाए र यो स्वरूपात्मक जन्म निःसन्देह भाग्यवानिहरूले नै पाउँछन्; तर यस प्रकारको जन्म हुनमा कुनै कुलीन माता–पिताको सहयोग हुँदैन। ब्राह्मण जाति त हुँदै हुँदैन, एक स्वरूप हो, स्थिति हो। वास्तवमा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र भगवत्पथका चार खुड़किलाहरू हुन्, यिनीहरू भगवत्पथमा लाग्ने पथिकका चार आन्तरिक अवस्थाहरू हुन्। जो सुकैले पनि साधना गरेपछि यो जन्म पाउन सक्छ र यस दृष्टिबाट यी ऋषिहरूमा चाण्डाल पनि ब्राह्मण बन्न सक्दछ।

द्वादश स्कन्धमा मार्कण्डेयजीको कथा छ। भगवान् शंकरले वहाँलाई भन्नुभयो– "ब्राह्मणले चित्तको एकाग्रता, तपस्या, स्वाध्याय, धारणा, ध्यान र समाधिद्वारा मेरो वेदमय शरीरलाई धारण गर्दछ, यसैकारण म तिमी जस्तो महात्माहरूको स्तुति र सेवा गर्दछु, मैले त ब्राह्मणहरूलाई नै नमस्कार गर्दछु।" यस प्रकरणमा पनि आत्मतृप्त, आत्मस्थित महात्मालाई नै ब्राह्मण भनियो। यसैकारण जन्ममा धेरै कुलीन नभए पनि नारद, वशिष्ठ, शुकदेव, व्यास, परशुराम, भरद्वाज, च्यवन इत्यादिलाई विशुद्ध ब्राह्मण मानिएको छ।

भागवतमा ठाउँ-ठाउँमा क्षत्रियहरूले तपस्या गरेको, ब्रह्मपद पाएको, ब्राह्मण भएको देखाइएको छ। महाराज पृथुका नाति बर्हिषदका प्रचेता नामक दस पुत्रले नारदजीबाट उपदेश ग्रहण गरेर भगवद् चिन्तनमा लागे र ब्रह्ममा लीन भए। यिनै प्रचेताहरूका पुत्र राजा दक्षका एघार हजार पुत्रहरूले नारदजीबाट उपदेश लिएर तपस्यामा लागे, जसको कथा भागवतको षष्टम स्कन्धमा राम्ररी छ। अतः त्यो भन्नुबढ़ी न होला कि ब्राह्मणत्वको मार्ग यी क्षत्रियहरू भएर जान्छ। हुनत सृष्टिको आदिपुरुष मनु र शतरूपा नै थिए, जसबाट सबैको उत्पत्ति भएको मानिन्छ। अतः मानव मात्रले ब्राह्मण बन्न सक्दछ, तापनि ब्राह्मणको योग्यता अर्जित गर्नमा क्षत्रिय जातिका मान्छेहरूको प्रतिशत धेरै रहेको छ; किनकि समाज तथा राष्ट्रको रक्षामा जुन साहस र शौर्यको साथ उनीहरूले कर्त्तव्य-निर्वाह गरे, टाउको दिए, त्यस्तै सच्चाई र इमानदारीको साथ प्राण-पणले ईश्वर-पथमा पनि लाग्नु पर्ने हुन्छ। यसकारण ब्राह्मणत्व प्राप्तिमा क्षत्रियकुमारहरूले धेरै सफलता पाए।

श्रीमद्भागवत परमहंस संहिता हो। वास्तवमा परमहंस र ब्राह्मण शब्द एक अर्काको पर्यायवाची हो। यसैकारण यसमा ठाउँ-ठाँउमा ब्राह्मणत्वको महिमाको गायन देख्न-सुन्न पाइन्छ। भागवतमा धेरैजसो राजकुमारहरूले नै यस पदलाई प्राप्त गरेका छन् तथा हरेक परिस्थितिमा जन्म लिनेवाला यस पदलाई प्राप्त गरिसकेका छन्, जस्तो- भरद्वाज। स्पष्ट छ कि यस पदलाई कुनै पनि मानिसले प्राप्त गर्न सक्दछ, ऊ चाहे जहाँ सुकै जन्मेको होस्, कुनै पनि वृत्तिद्वारा जीवनयापन गरोस्। साधन बुझेर आचरण गर्नेले ब्रह्मलाई जानेर ब्राह्मणत्व अर्जित गर्न सक्दछ।

'बड़े भाग मानुष तनु पावा।' (मानस, ७/४२/७)- यहाँ मानव-शरीरको महत्व छ, कुनै जाति वा कुल-विशेषको होइन।

'महाभारत'मा विप्रको अवधारणा

भागवतको रचयिता भगवान् वेदव्यास महाभारतको पनि रचयिता हुनुहुन्छ, जसमा जताततै सबैतिर विप्रको मौलिक चित्रण छ। वनपर्वको कथा छ कि एकपटक महाराज नहुषले सयवटा अश्वमेध यज्ञ गरेर इन्द्रपद प्राप्त गरे। अधिकार पाउने वित्तिकै उनी मदान्ध हुन थाले। उसले भने, "जब म देवराज इन्द्र छु भने

महारानी शचीले मलाई वरण गरून्।" शचीले गुरुदेव बृहस्पतिसंग रक्षाको प्रार्थना गरिन्। उनले उपाय बताए कि नहुष यस्तो पालकीमा चढ़ेर आउन् जसलाई सप्तर्षिले काँधमा बोकेको होस्। शचीको प्रस्ताव सुनेर नहुषले त्यस्तै व्यवस्था गरे। अगस्त्य, अंगिरा, वशिष्ठ, इत्यादि ऋषिहरूद्वारा बोकिएको पालकी शचीको महलतिर बढ्यो। मिलनको आतुरताले गर्दा नहुषले महर्षिहरूलाई चाँड़ै हिडाउनको लागि 'सर्प–सर्प' भन्दा पनि उनीहरूको चालमा कुनै विशेष फरक न आएको देखेर उसले अगस्त्य ऋषिलाई लात्ति हान्यो। तब अगस्त्यले श्राप दिए कि जाऊ सर्प नै भई हाल। तत्क्षण नहुष पालकीबाट खस्यो। उसलाई आफ्नो गल्तीको ज्ञान भयो, महर्षिहरूसंग विनय गऱ्यो, आफ्नो उद्धारको उपाय सोध्यो। महर्षिहरूले भने कि जब कसैले तिमीलाई ब्राह्मणको विशुद्ध व्याख्या बताई दिनेछ र त्यसलाई तिमीले स्वीकार गर्नेछौ तब मात्र तिमीले यस शरीरबाट मुक्ति पाउनेछौ। (ब्राह्मणको परिभाषा न जानेर नै नहुषले सप्तर्षिहरूद्वारा पालकी बोकाउने दुस्साहस गरेको थियो।)

सप्तर्षिहरूले भने कि यस समयमा ब्राह्मणको यथार्थ व्याख्या गर्नेवाला पृथ्वीमा कोही पनि छैन। द्वापर युगमा तिम्रो कुलको महाराज युधिष्ठिर वनवास कालमा तिमीकहाँ आउनेछ, वहाँले नै तिमीलाई ब्राह्मणको महिमाको उचित उपदेश दिनेछ। त्यो महिमा सुन्ने वित्तिकै तिमीले यस सर्पयोनिबाट मुक्त भएर फेरि इन्द्रपद प्राप्त गर्नेछौ। सर्पले भन्यो, "भगवन्! त्यति दिनसम्म मेरो जीवन निर्वाह कसरी हुनेछ?" ऋषिहरूले व्यवस्था दिए कि दिनको चौथो प्रहरमा जो कोही पनि तिम्रो अधिकृत क्षेत्रमा आए भने त्यो जतिसुकै बलशाली भए तापनि तिम्रो आहार बन्ने छ।

यिनै परिस्थितिहरूको बीचमा अजगर वनेको नहुष जंगलमा दिन बिताई रहेको थियो। यता पाण्डवहरूको वनवास भयो। अरू पाण्डवहरू त कुटियामा रहन्थे; तर हठी भीम विचरण गर्दै एक दिन त्यही अजगर कहाँ पुगे। अजगरले भीमलाई सावधान पनि गऱ्यो कि नजिक न आऊ। तिमीलाई देखेर मलाई दया लागिरहेको छ। म भोको छु, नजिक आयो भने समातेर खानेछु। भीमले भने, "क्षुद्र जन्तु! तिमीले मलाई खान्छौ?" भीमले आक्रमण गरे तर जब अजगरले स्पर्श भयो, भीम निश्चेष्ट हुँदै गयो।

उता युधिष्ठिरलाई अपशकुन हुन थाल्यो। उनले देखे कि अरू सबै भाईहरू त छन्, मात्र भीम देखिएको छैन। लाग्छ ऊ कतै संकटमा परेको छ। पुरोहित ऋषि धौम्यलाई साथमा लिएर उनी भीमको खोजीमा निस्के। भीमद्वारा मारिएका सिंह, हात्ति, भैंसीहरू, गैड़ाहरूलाई हेर्दै, भीमद्वारा उखेलिएका रुखहरूको अनुकरण गर्दै उनी त्यहाँ पुगे जहाँ अजगरसंग लपेटिएको भीम लथपथ भएको थियो। युधिष्ठिरले भने, "भीम! कुनै साधारण जीवले तिमीलाई वशमा गर्न सक्दैन, अजगरको भेषमा यी महाभाग को हुन्?" भीम, जसले पहिले नै परिचय जानि सकेको थियो, भने, "यी हामीहरूको पूर्वज महाराज नहुष हुन् जो इन्द्रपदबाट च्युत भएको थियो।"

युधिष्ठिरले प्रार्थना गरे कि, "राजन्! तपाईंले कृपा गरेर मेरो भाईलाई छोड़ी दिनुहोस्, यसको साथमा हामीहरू जंगलमा विघ्नरहित विचरण गर्दछौं। जबसम्म हामी वनवासमा रहनेछौं तपाईंको भोजनको व्यवस्था गरिरहनेछौं।" सर्पले भन्यो, "राजन्! म अर्को भोजन गर्नै सक्दिन, यस्तै श्राप पाएको छु। भोलीसम्म यहाँ उभिरहनु भयो भने तिमीलाई पनि खानेछु।" युधिष्ठिरले सोधे, "हजारौं यज्ञ गर्नेवाला तपाईंको यो दुर्गति कसरी भयो?" तब सर्पले भन्यो कि विप्रश्रापले यस्तो भएको हो। युधिष्ठिरले प्रश्न गरे कि विप्रहरूको अपमान तपाईं जस्तो महात्माबाट कसरी हुन गयो? के तपाईं ब्राह्मणको महिमाबाट अपरिचित हुनुहुन्थ्यो? ब्राह्मण नाम सुन्ने वित्तिकै अजगरलाई पूर्वजन्मको स्मृति भयो। उसले भन्यो–

ब्राह्मणः को भवेद् राजन् वेद्यं किञ्च युधिष्ठिर।
ब्रवीह्यमिमतिं त्वां हि वाक्यैरनुमिमीमहे।। (१८०/२०)

सर्पले भन्यो– "राजा युधिष्ठिर! यो भन कि ब्राह्मण को हुन र त्यसको लागि जान्न योग्य के छ?"

सत्यं दानं क्षमाशीलमानृशंस्यं तपो दया।
दृश्यन्ते यत्र नागेन्द्र स ब्राह्मण इति स्मृतः।। (१८०/२१)

"नागराज! जसमा सत्य, दान, क्षमा, सुशीलता, क्रुरताको अभाव, तपस्या र दया यी सद्गुणहरू देखिन्छन्, त्यसैलाई ब्राह्मण भनिएको छ।"

शूद्रेष्वपि च सत्यं च दानमक्रोध एव च।
आनृशंस्यमहिंसा च दया चैव युधिष्ठिर।। (१८०/२३)

सर्पले भन्यो– सत्य, दान, अक्रोध, क्रूरताको अभाव, अहिंसा र दया आदि सद्‌गुण त शूद्रमा पनि हुन सक्छन्?

शूद्रे तु यद् भवेल्लक्ष्यं द्विजे तच्च न विद्यते।
न वै शूद्रो भवेच्छूद्रो ब्राह्मणो न च ब्राह्मणः।। (१८०/२५)
यत्रै तल्लक्ष्यते सर्प वृत्तं स ब्राह्मणः स्मृतः।
यत्रै तन्नभवेत् सर्प तं शूद्रमिति निर्दिशेत।। (१८०/२६)

युधिष्ठिरले भने, "यदि शूद्रमा सत्य आदि उपर्युक्त लक्षणहरू छन् र ब्राह्मणमा छैन भने त्यो शूद्र शूद्र होइन र त्यो ब्राह्मण ब्राह्मण होइन। सर्प! जसमा यी सत्य आदि लक्षणहरू छन् त्यसलाई ब्राह्मण मानिएको छ र जसमा यी लक्षणहरूको अभाव छ त्यसलाई शूद्र भन्नु पर्दछ।"

युधिष्ठिरले यति भन्ने वित्तिकै अजगरको शरीर छूट्यो। नहुष एउटा दिव्य पुरुषको रूपमा उपस्थित भयो, पाण्डवलाई विजयको आशीर्वाद दिए र गए। अतः ब्राह्मणत्व योग–साधना पुरा भएपछिको एउटा स्थिति हो। जन्मबाट कोही ब्राह्मण हुनै सक्दैन। महाभारतकै सुविख्यात कथा यक्ष–प्रश्नमा यसै निर्णयलाई परिपुष्ट गरिएको छ। यक्षले युधिष्ठिरसंग सोध्यो–

राजन् कुलेन वृत्तेन स्वाध्यायेन श्रुतेन वा।
ब्राह्मण्यं केन भवति प्रब्रूह्येतत् सुनिश्चितम्।।

हे राजन्! कुल–परम्परा, शास्त्र–श्रवण, स्वाध्याय र आचरण यिनीहरूमध्ये केबाट ब्राह्मणत्व सिद्ध हुन्छ? यो निश्चय गरेर भन्नुहोस्।

शृणु यक्ष कुलं तात न स्वाध्यायो न च श्रुतम्।
कारणं हि द्विजत्वे च वृत्तमेव न संशयः।। (३१३/१०८)

युधिष्ठिरले भने, "हे यक्ष! न त कुल–परम्परा (जन्म)बाट, न शास्त्र–श्रवणबाट, न स्वाध्यायबाट नै ब्राह्मणत्व सिद्ध हुन्छ। ब्राह्मणत्व सिद्धिको कारण आचरण मात्र हो। जसमा इन्द्रियहरूको दमन हुन्छ, मनको शमन हुन्छ, राम्ररी अन्तःकरण र मनका वृत्तिहरू शान्त भएको हुन्छ, ध्यान र समाधिको क्षमता हुन्छ, त्यो ब्राह्मण हो। यी संयमहरूद्वारा जसले ब्रह्मलाई जानेको हुन्छ,

ऊ ब्राह्मण हो। साधन गरेर जो गुणातीत भएको हुन्छ, ऊ ब्राह्मण हो। अतः ब्राह्मण योग–साधनामा प्रवृत्त पुरुषले पाउने अवस्था हो।

यक्षले फेरि प्रश्न गऱ्यो, "राजन्! यी लक्षणहरू त शूद्रमा पनि पाउन सकिन्छ?" युधिष्ठिरले समाधान गरे कि यदि यी लक्षणहरू शूद्रमा छ भने ऊ शूद्र होइन, बरू ब्राह्मण हो। यक्षले भन्यो कि यी लक्षणहरूबाट हीन ब्राह्मण पनि पाइन्छन्? युधिष्ठिरले भने कि तब त्यो ब्राह्मण होइन, शूद्र हो।

युधिष्ठिर उवाच–

पठकाः पाठकाश्चैव ये चान्ये शास्त्रचिन्तकाः।
सर्वे व्यसनिनो मूर्खो य क्रियावान् स पण्डितः।। (३१३/११०)

पढ़नेवाला, पढ़ाउनेवाला तथा शास्त्रको विचार गर्नेवाला– यी सबै व्यसनी र मूर्ख हुन्। पण्डित त त्यही हो जो क्रियावान् छ।

चतुर्वेदोऽपि दुर्वृत्तः स शूद्रादतिरिच्यते।
योऽग्निहोत्र परो दान्तः स ब्राह्मण इति स्मृतः।।

चारै वेद पढ़ेको भए पनि जो दुराचारी छ, ऊ अधमतामा शूद्र भन्दा पनि बढ़ी छ। जो यज्ञमा तत्पर तथा जितेन्द्रिय छ, त्यसैलाई ब्राह्मण भनिन्छ।

अतः ब्राह्मणत्व जन्म लिएपछि सिद्ध गरिन्छ। यक्षले (जो स्वयं धर्मराज थिए) युधिष्ठिरको उत्तरहरूको प्रामाणिक स्वीकार गरे, उनका भाईहरूलाई जीवनदान दिए, आशीर्वाद दिए र गए। अतः सबैले एक ब्रह्म–चिन्तनको आचरण गर्न पर्दछ; जो ब्राह्मणत्वको स्रोत हो।

'श्रीरामचरितमानस'मा 'विप्र'को अवधारणा

भागवत कै निर्णयको समर्थन महाभारतमा पाइन्छ किनकि लेखक त्यही थिए। गोस्वामी तुलसीदासजीले वहाँकै निर्णयको अनुसरण रामचरित मानसमा गरे। भागवतमा भगवान्ले भन्नुहुन्छ कि यी विप्रहरूको पूजाबाट नै म पूजित हुन्छु। ठीक यस्तै गोस्वामीजीले पनि लेख्नुभएको छ–

मन क्रम बचन कपट तजि, जो कर भूसुर सेव।
मोहि समेत बिरंचि सिव, बस ताकें सब देव।।

(मानस, ३/३३)

जसले कपट त्यागेर मन–क्रम–वचनले पृथ्वीका देवता ब्राह्मणहरूको चरणको सेवा गर्दछ, ब्रह्मा–विष्णु–महेश तथा सम्पूर्ण देवताहरू सहित म परमात्मा ऊ द्वारा पूजित हुन्छु। अक्षरशः त्यही निर्णय छ, जुन भागवतमा छ।

सर्वप्रथम गोस्वामीजीले अवतार प्रकरण लिनुभयो र बताउनुभयो कि भगवान्‌को अवतार विप्रको लागि हुन्छ–

जब जब होइ धरम कै हानी। बाढ़हिं असुर अधम अभिमानी।।
करहिं अनीति जाई नहिं बरनी। सीदहिं बिप्र धेनु सुर धरनी।।
(मानस, १/१२०/६-७)

जब कष्ट पाउँछे गाईले, कष्ट पाउँछे पृथ्वीले, कष्ट पाउँछन् ब्राह्मण र देवताले, तब–तब भगवान्‌ले विविध शरीरहरू धारण गरेर, '**हरहिं कृपानिधि सज्जन पीरा।**' **(मानस, १/२२०/८)** यी सज्जनहरूको दुःख हरन गर्नुहुन्छ। अवतार लिएर के यिनीहरूलाई दुःख न देउ भने सम्झाउने–बुझाउने गर्नुहुन्छ? तब भन्नुहुन्छ– होइन,

असुर मारि थापहिं सुरन्ह, राखहिं निज श्रुति सेतु।
जग बिस्तारहिं बिसद जश, राम जन्म कर हेतु।।
(मानस, १/१२१)

ती असुरहरूलाई ज्यानले मार्नुहुन्छ, हृदय परिवर्तन गर्नुहुन्न, देवताहरूलाई आश्वस्त गरिदिनु हुन्छ। '**राखहिं निज श्रुति सेतु**'– वेदमा जुन भ्रान्तिहरू छन् त्यसलाई समाप्त गर्नु हुन्छ। श्रुति–सेतुलाई फेरि स्थापित गर्नुहुन्छ र आफ्नो विशाल यशको विस्तार गर्नुहुन्छ। यो नै रामजन्मको उद्देश्य हो।

पञ्चभूतहरू मध्ये को एउटा जड़ पदार्थ पृथ्वीको लागि भगवान्‌ले अवतार लिनु हुन्छ– न आकाशको लागि, न वायुको लागि। वहाँले अवतार लिनु हुन्छ पृथ्वीको लागि। त्यो अवतारको जुन सुख–दुःख पृथ्वीलाई भयो, त्यो उनलाई नै थाहा होला। तपाईं पृथ्वी त हुनुहुन्न। अर्को बाँकी रह्यो देवता। भगवान्‌ले अवतार लिनु हुन्छ भारतमा तर हित गर्नुहुन्छ देवताहरूको। देवताहरू जहाँ छन् उनीहरूको सुख–दुःख उनीहरूले नै जानुन्। पशुहरूमा पशु–विशेष गाई त हामीहरू छैनौं कि अवतारबाट हामीले पनि केही पाउँछौं। मानिसहरूमा एउटा वर्ग–विशेष ब्राह्मण मात्रको लागि अवतार हुन्छ। संसारमा तीन–चार सय देश

छन्। ती देशहरूमा कतै पनि ब्राह्मण पाइदैन। विश्वको नक्सामा भारत धेरै नै सानो! त्यसमा पनि अनेकौं जातिहरू! चार वर्ण! त्यसमा पनि परमात्माको अवतार केही मानिसहरूको लागि मात्र हुन्छ, मानिसहरू मध्ये ब्राह्मणको लागि। अरू मानिसहरूको लागि परमात्माको अवतार हुँदै हुँदैन भने हामीले संसारलाई के उपदेश दिन सक्छौं? यो भगवान् त एउटा सम्प्रदायको मात्र भयो। संयोगले तपाईं ब्राह्मण भएर जन्मिनु भएन भने मानिस भएको व्यर्थ हुने भयो। बोलाउँदा केही गरी त्यो भगवान् प्रगट भैहाले पनि बञ्चरोले नै हान्नेछ। किनकि ब्राह्मणले त ब्राह्मणलाई सताउँने छैन, विजातीयले नै सताउँनेछ। जुन मानिसहरूले यिनीहरूलाई सताउँछन्, उनी नै असुर हुन्। भगवान्ले तिनीहरूको हृदय-परिवर्तन गर्दैन, तिनीहरूलाई मार्नको लागि नै आउँछ भने यस्तो भगवान्लाई कसैले किन भज्नेछ? जसको रक्षा उनले गर्छ त्यसैले भजोस्। यदि बाँकी दुनियाले भजे पनि उनले उठेर घाँटी नै काट्नेछ। यस्तो सुतेको सिंहलाई कसले जगाओस्?

अर्को ठाउँमा भन्नुहुन्छ- **'निज इच्छा प्रभु अवतरइ, सुर महि गो द्विज लागि।'** प्रभुले आफ्नो इच्छाले नै अवतार लिनुहुन्छ तर उनको इच्छा तब हुन्छ जब देवता, पृथ्वी, गाई र द्विजमाथि संकट आउँछ। पछि गएर भगवान् **'गो द्विज हितकारी जय असुरारी'-** गाई र द्विजको मात्र हितैषी हुनजान्छ। मानिसहरूमा भगवान्ले ब्राह्मण वर्णको मात्र आवाज सुन्नु हुन्छ, जुन भारतमा मात्र पाइन्छन्। यस्तो भगवान्संग विश्वको अरू मानवहरूलाई के लिनु-दिनु छ र? अरू वर्ग र सम्प्रदायले उनको लागि किन आँसु बगाउने? फेरि विश्वगुरु कसरी? अतः विचारणीय छ कि त्यो द्विज को हो जसको लागि भगवान्ले अवतार लिनुहुन्छ?

वास्तवमा मानसको यो कथन अक्षरशः सत्य छ कि भगवान् गो-द्विज हितकारी हुनुहुन्छ, तर जुन ब्राह्मणको लागि वहाँ अवतरित हुनुहुन्छ, त्यो संसारमा प्रचलित कुनै जाति होइन बरू योग-साधनाको स्थिति हो, जस्तो कि भागवत तथा महाभारतका पंक्तिहरूमा तपाईंले देख्नुभयो। मानसको अनुशीलनबाट स्पष्ट हुन्छ कि अवतार लिएपछि परिनिर्वाणको एघार हजार वर्षको अवधिमा परमात्मा श्रीरामले आफ्नो श्रीमुखबाट न त कहिल्यै गो-महिमाको गायन गर्नुभयो, न गो-संवर्द्धनका योजनाहरूको सूत्रपात् गर्नुभयो, न त एउटा पनि

गौशाला खोल्नुभयो र न एउटा पनि गाईलाई लंकाबाट छुटाउनु भयो। जुन गो-हितको लागि अवतार लिनुभयो, त्यसको कहिल्यै नामसम्म लिनु भएन र यसैप्रकार जीवनभरि एउटा पनि विप्रलाई आश्वस्त पार्नु भएन कि अब म आई सकें तिमी निश्चिन्त होऊ, तब कस्तो खाले गो-द्विज हितकारी?

परमात्माले जब अवतार लिए, जस-जसलाई तारे, ती सबका सब अधम थिए, उनीहरूमा कोही पनि द्विज थिएन। वनवासतिर लाग्दा केवल भेटियो-

लोक बेद सब भाँतिहि नीचा।
जासु छाँह छुइ लेइअ सींचा।। (मानस, २/१९२/३)
राम कीन्ह आपन जबही तें।
भयऊँ भुवन भूषन तबहीं तें।। (मानस, २/१९५/२)

केवटले भन्यो कि समाजले मेरो छायाँ पनि छुदैन। ब्रह्माले भक्तिको रेखा हातमा लेखेको थिएन; तर श्रीरामले शरण दियो। भाग्यमा लेखेको नभए पनि केही फरक पर्दैन; भाग्यमा दुई हात-खुट्टावाला मानव हुन त लेखेको छ, यति नै धेरै छ- '**बड़ें भाग मानुष तनु पावा।**' (**मानस, ७/४२/७**) मानिस शरीर उपलब्ध छ भने तपाईं मात्र श्रद्धाको साथ लाग्नुहोस्, प्राप्त गर्नु हुनेछ। भगवान् अनाथहरूको नाथ हुन्, अधम उद्धारक हुन्। तपाईं लागेर हेर्नुस् न! केवट द्विज थिएन। उसको छाया मात्र पऱ्यो भने मानिसहरू स्नान गरेपछि मात्र पवित्र हुन्थे; तर श्रीरामले उसलाई शरण दिए, यो भनेन कि त्यहाँ टाढ़ा बस, बरू अंगालो हाले। '**तुम मम सखा भरत सम भ्राता। सदा रहेहु पुर आवत जाता।।**' (**मानस, ७/१९/३**) श्रीरामले उसको लागि आफ्नो घरको ढोका नै खोली दिनुभयो। जो स्थान श्रीरामको हृदयमा भरतको लागि थियो, त्यही वहाँले केवटलाई पनि दिनुभयो र भन्नुभयो कि मेरो घर तिम्रो घर हो, सधैं आउने-जाने गर्नु।

वनवास कालमा कोल-भीलहरूले प्रभुको सेवा गरे। श्रीरामले उनीहरूलाई पनि शरण दिनुभयो। गीधराजसंग मित्रता गर्नुभयो- '**गीध अधम खग आमिष भोगी। गति दीन्ही जेहि जाचत जोगी।।**' (**मानस, ३/३२/२**) मासाहारी अधम गीधको सेवाको पनि वहाँले मूल्यांकन गर्नुभयो। उसलाई त्यो गति दिनुभयो जो योगीहरूको लागि दुर्लभ छ। उसको दाह-संस्कार भगवान् श्रीरामले आफ्नो हाथले गर्नुभयो।

भगवान् श्रीराम शबरीको आश्रममा जानुभयो। शबरीले आफ्नो परिचय दिइन्– **'अधम ते अधम अधम अति नारी। तिन्ह महँ मैं मतिमन्द अघारी।।' (मानस, ३/३४/३)** सबैभन्दा अधम कोल–भील आदिवासी, त्यसमा पनि अधम नारी जाति, त्यसमा पनि म बुद्धिहीन हरेक प्रकारले अधम छु। परमात्मा श्रीरामले भन्नुभयो– भामिनी! म एउटा मात्र भक्तिको नाता जान्दछु। **'भक्तिवन्त अति नीचहु प्राणी। मोहिं परम प्रिय अस मम बानी।।'** भक्तिमान् अत्यन्त नीच पनि मलाई परमप्रिय छ। भगवान् भक्तिको नाताले आउनु हुन्छ न कि कुनै जातिको नाताले।

वाल्मीकि रामायण अनुसार, जब श्रीरामले शबरीलाई दर्शन दिनुभयो तब उनी चरणमा परीन्। श्रीरामले कुशलक्षेम सोध्दै भन्नुभयो– शबरी! तिम्रो तपस्या सुचारू रूपले त चलिरहेको छ? तिमीले गुरुजनहरूको सेवा गरेकी थियौ, त्यसको फल त पाइरहेकी छौ? जुन व्रतहरू तिमीले धारण गरेकी थियौ, ती नियमहरूको निर्वाह सुचारू रूपले त भइरहेको छ? धर्मको नाममा प्रचारित स्मृतिहरूमा छ कि शूद्रलाई भजनको अधिकार छैन, जबकि श्रीरामले शबरीको तपस्या, व्रत, नियम–संयमलाई बलियो पारी रहनुभएको छ कि सुचारू रूपले तपस्या चलिरहेको छ? भगवान्ले शबरीलाई परमगति प्रदान गर्नुभयो जबकि आउनुभएको थियो मात्र द्विजको लागि।

त्यसपछि भगवान्ले बाँदर र भालुहरूलाई शरण दिनुभयो। शरणमा आउनुभन्दा पूर्व विभीषणले हनुमानसंग सोधे कि के भगवान्ले मजस्तो निशाचरमाथी पनि कृपा गर्नुहुनेछ? हनुमानले विभीषणलाई सान्त्वना प्रदान गर्दै भन्नुभयो– **'कहहु कवन मैं परम कुलीना। कपि चंचल सबहीं बिधि हीना।।' (मानस, ५/६/७), 'अस मैं अधम सखा सुनु, ...। (मानस, ५/७)'** म यति अधम छु तापनि प्रभुले मलाई शरण दिनुभयो। तिमी राजपरिवारको छौ, तिमीमाथी अवश्य कृपा गर्नु हुनेछ।

निशाचरहरूको अधम हुनुमा त सन्देह नै छैन– **'अधम निसाचर लीन्हें जाई। जिमि मलेच्छ बस कपिला गाई।।' (मानस, ३/२८/८)** तर जुन सुकै निशाचर शरणमा आए, प्रभुले सबैको कल्याण गर्नुभयो, सबैलाई शरण दिनुभयो। अवतार त भएको थियो विप्रको लागि; तर श्रीरामले उद्धार गर्नु

भयो यी जनजातिहरूको, कोल–भीलहरूको, अधम निशाचरहरूको, आदिवासी बाँदर–भालुहरूको, गिद्धहरूको, छाया निषिद्ध पुरुषहरूको– एउटा पनि विप्रको टाउकोमा हात राखेर आश्वस्त पार्नु भएन। तार्नु भयो अधमहरूलाई, जसको लागि अवतार नै हुँदैन। वास्तवमा यिनीहरू नै द्विज हुन्।

वास्तवमा अवतार कुनै–कुनै योगीको हृदयमा हुन्छ, बाहिर होइन। भगवान् साँच्चै नै विप्र हितकारी वा द्विज हितकारी हुनुहुन्छ; तर यो द्विज कुनै जाति होइन, योग्यता हो। जो ब्रह्मको परायण छ, त्यो विप्र हो। 'द्वि' को अर्थ हो द्वितीय, 'ज' को अर्थ जन्म, जसले द्वितीय जन्म पाएको छ, भगवान् उसको हितैषी हुनुहुन्छ। एउटा जन्म त त्यो हो जो मल–मूत्र–पीपले भरिएको गर्भवासको अनन्त योनिहरूको भ्रमण हो। यो शरीर छुट्यो भने फेरि अर्को शरीर धारण गर्नेछौ। यस प्रकृतिजन्य जन्मको विपरीत आत्मिक स्थितिको जन्म हुन्छ, जब साधक त्यो ब्रह्मको राम्ररी परायण हुन्छ, ईश्वरीय संकल्पहरूलाई आफूमा धारण गर्दछ। एकपटक ईश्वरीय संस्कारहरूको बीजारोपण भयो भने त्यो बीजको कहिल्यै नाश हुँदैन। त्यो स्वरूप साधनको प्रभावबाट उसले हरेक जन्ममा साधना नै गर्दछ तथा केही जन्महरूको अन्तरालमा ऊ त्यहीं पुग्दछ जो आत्माको शुद्ध स्वरूप हो। यसकारण जसमा पनि आंशिक आकारको बीजारोपण भएको छ ऊ द्विज हो, उसले द्वितीय जन्म पाएको छ।

जसमा पनि आत्मस्वरूपको जागृति भएको छ, ऊ द्विज हो। भगवान् उसैको हितैषी हुनुहुन्छ। जो पनि परमात्मातिर अग्रसर हुन्छ, वहाँले उसैको प्रार्थना सुन्नु हुन्छ, उसको लागि ओर्लेर आउनु हुन्छ, उसको हित गर्नु हुन्छ। विप्र को हो? जो ब्रह्मको परायण छ। जो पनि प्रभुको परायण अथवा आश्रित हुन्छ, प्रभुले उसलाई हेर्नु हुन्छ, उसको आत्माबाट अभिन्न भएर ओर्लनु हुन्छ। अर्को शब्दमा– **'सो केवल भगतन हित लागी। परम कृपाल प्रनत अनुरागी।।' (मानस, १/१२/५)** जो प्रणत छ, समर्पित छ, त्यही विप्र हो। प्रभुले त्यसमा अनुराग राख्नु हुन्छ। **'राम भक्त हित नर तनु धारी। सहि संकट किये साधु सुखारी।।'** भक्तको हितको लागि भगवान्ले त्यस भक्तको शरीरलाई धारण गर्नु हुन्छ। महापुरुषको सानो–तिनो सेवाको प्रभावबाट जुन दिनदेखि वहाँ हृदयमा जागृत हुन्छ, साधकले सद्गुणहरूको अर्जन गर्न लाग्दछ, त्यो दिनदेखि ऊ वैश्य हुन्छ, द्विजत्वको प्रवेशिकामा हुन्छ।

भगवान्‌ले जस–जसलाई तार्नुभयो, ती सबैजना विप्र थिए। तार्नुभएको थियो अधमहरूलाई किनकि ती सबै विप्र थिए। मानसको अनुसार ब्राह्मण योगपथको एउटा अवस्था हो। भक्तको लागि अवतार, विप्रको लागि अवतार पर्यायवाची हुन्। सृष्टिमा जहाँ पनि मानिस छ, प्रभुको लागि व्याकुल भएर, प्रणत भएर लाग्दछ, उसैको लागि अवतार हुन्छ। विप्र, द्विज, ब्राह्मण तपाईंको हृदयको एउटा योग्यताको नाम हो।

जबदेखि भगवान् श्रीरामले होश सम्हाल्नु भयो, विप्रहरूको उद्धारमा नै लागि रहनुभयो। भर्खरको सुकुमार नै हुनुहुन्थ्यो कि **'विश्वामित्र महामुनि ग्यानी' (मानस, १/२०५/२)** महान ज्ञानी मुनि विश्वामित्र यज्ञ–रक्षार्थ श्रीराम र लक्ष्मणलाई माँग्न दशरथजीको दरबारमा आउनुभयो। तब दशरथजी आँत्तिनुभयो, भन्नुभयो– **'चौथेपन पायउँ सुत चारी। बिप्र बचन नहिं कहेहु बिचारी।।' (मानस, १/२९७/२)** विप्रवर! तपाईंले विचार गरेर वचन भन्नु भएन। दशरथजीले विश्वामित्रजलाई राम्ररी चिन्नु हुन्थ्यो, समकालीन नरेश हुनुहुन्थ्यो, दशरथजीको नातेदार नै हुनुहुन्थ्यो; तर दशरथजीले विश्वामित्रलाई विप्र भनेर सम्बोधित गर्नुभयो। विश्वामित्रजी 'महामुनी ज्ञानी' थिए। जो मुनि छ, जसको इन्द्रियहरू मौन छन्, ईश्वरीय जानकारी जसमा प्रसारित छ त्यही विप्र हो। विप्र एउटा स्थिति हो।

वनवासकालमा भगवान् श्रीराम विविध ऋषिहरूको आश्रममा पुग्नु भयो। कतै श्रीरामले ऋषिहरूलाई नमन गर्नुभयो, कतै चरण स्पर्श गर्नुभयो, तर एउटा वरिष्ठ मुनि वाल्मीकि भेटिनुभयो। मुनिलाई भगवान् श्रीरामले साष्टांग दण्डवत गर्नुभयो– **'मुनि कहँ राम दण्डवत कीन्हा। आसिरबादु बिप्रवर दीन्हा।।' (मानस, २/१२४/१)** ती विप्रश्रेष्ठले आशीर्वाद दिए। वाल्मीकि मुनि थिए। जसको मनसहित इन्द्रियहरू मौन छन्, परमात्मामा समाहित छन्, वहाँ नै विप्र हुन्। शरीर हेर्ने हो भने **'भील जाति करनी कठिन, धरम सुना नहिं कान। सद्‌गुरु के कारन मिला, विप्र रूप सम्मान।।'** कोल–भीलहरूमा शादी–विवाह, उठ्नु–बस्नु, करनीले चाण्डाल, कुलीनताको कुनै लक्षण छैन; तर सद्‌गुरुको कृपाले उनले विप्रको स्वरूप र सम्मान प्राप्त गरे।

ऋषिहरूको आश्रममा विचरण गर्दै भगवान् अगाड़ि बढ़ेपछि हाड़हरूको थुप्रो देखियो। श्रीरामलाई धेरै दया लाग्यो। जिज्ञासा गरेपछि मुनिहरूले भने– **'निसिचर निकर सकल मुनि खाये। सुनि रघुबीर नयन जल छाये।।' (मानस, ३/८/८)** निशाचरहरूले ऋषि–मुनिहरूलाई भजन गरेका कारणले खाएका थिए। कुनै दुराचारीलाई उनीहरूले दण्ड दिएका थिएनन् बरू भजन गर्नेवालाहरूलाई खाएका थिए। सुनेर भगवान्को आँसु भरिएर आयो। भुजा उठाएर तुरुन्तै वहाँले प्रण गर्नुभयो–

निसिचर हीन करउँ महि, भुज उठाइ प्रन कीन्ह।
सकल मुनिन्ह के आश्रमन्हि, जाइ जाइ सुख दीन्ह।। (३/९)

वहाँले प्रण गर्नुभयो कि पृथ्वीलाई म निशाचारबाट रहित गरिदिनेछु। एक–एक मुनिको आश्रममा गएर आश्वस्त पार्नुभयो, उनीहरूलाई सुख दिनु भयो। वास्तवमा मुनि नै विप्र हुन्। जो ब्रह्मको परायण छ, परमात्मा उसैको लागि आउनु हुन्छ। वहाँ प्रणतपाल हुनुहुन्छ अरू कुनै विधा छैन। विश्वामित्र विप्र हुनुहुन्छ, वाल्मीकि विप्र हुनुहुन्छ, सम्पूर्ण मुनिगण विप्र छन् जसको अस्थि–पंजरहरूलाई देखेर वहाँले 'निसिचर हीन करउँ महि'को प्रतिज्ञा गर्नु भयो, त्यसलाई पूरा गर्नुभयो, अवतारको प्रयोजन पूरा भयो। वास्तवमा यही विप्र हो। **'धरउँ देह नहिं आन निहोरे।'–** अरू कुनै प्रकारको प्रार्थनाबाट वहाँले शरीर धारण गर्नु हुन्न। मानसको अनुसार परमात्माको अवतार मानव मात्रको लागि समान रूपले उपयोगी छ। तपाईंले मात्र श्रद्धाले समातेर हेर्नुहोस् र पाउनुहोस्।

गोस्वामीजीले द्विज–हितैषीलाई नै अर्को प्रकारले गो–हितैषी भन्नुभएको छ। 'गो' भनिन्छ मनसहित इन्द्रियहरूलाई। **'गो गोचर जहँ लगि मन जाई। सो सब माया जानेहु भाई।।'** जहाँसम्म मनले जान सक्छ, ती सबै माया हुन्। परमात्मा यही इन्द्रियहरूको सीमादेखि पर हुनुहुन्छ। **'जिति पवन मन गो निरस करि मुनि ध्यान कबहुंक पावहीं।'** मुनिहरूले इन्द्रियहरूलाई विषय–रसबाट शून्य गरेर नै ध्यानमा प्रभुलाई देख्न सक्दछन्। आफ्नो बुद्धिद्वारा साधकले इन्द्रियहरूलाई वशमा गर्न सक्दैन। इन्द्रियहरू घोड़ा हुन्, मन लगाम हो, यसलाई समातेर प्रभु स्वयंले संचालित गर्न थाल्नु हुन्छ, तब मात्र यिनीहरू

वशमा हुन्छिन्। त्यसपछि मात्रै यिनीहरूले फेरि इन्द्रियहरूको रूप धारण गर्नु पर्दैन, तब मात्र सहज स्वरूप पाइने छ। इन्द्रियहरूलाई संयत बनाउनको लागि नै भगवान्‌को अवतार हुन्छ। **'माया गुन गो पार'**– भगवान् मायादेखि पर हुनुहुन्छ। मायाको अर्को स्वरूप हो त्रिगुणमयी प्रकृति, यसैकारण भगवान् गुणहरूदेखि पर हुनुहुन्छ। मायाको तेस्रो स्वरूप हो इन्द्रियहरू, अतः प्रभु इन्द्रियहरूदेखि पर हुनुहुन्छ। मायाबाट पर हुनु, गोबाट पर हुनु, गुणहरूबाट पर हुनु एउटै प्रक्रिया हो। गोबाट पर नभइकन कोही गुणहरूबाट पर हुन सक्दैन। गुणहरूबाट पर नभइकन कोही मायाबाट पर हुन सक्दैन। यिनीहरू साधकको संयमको क्रमोन्नत अवस्थाहरू हुन्। यिनीहरूलाई पार गरेपछि नै भगवत्ताको दर्शन हुन्छ, न कि गाई चराएर।

निशाचरहरूको आतंकले पृथ्वी त्रस्त हुन्छे तब प्रभुले अवतार लिनु हुन्छ। **'धड़ धरतीका एकै लेखा, जो बाहर सो भीतर देखा।'** जे–जसो हृदय–देशमा छ त्यसैको विस्तार बाहिर पृथ्वीमा छ। गोस्वामीजीले विनयपत्रिकामा लेख्नुभएको छ–

असन बसन पशु वस्तु विविध विधि सब रह मनि महँ जैसे।
सरग नरक चर अचर लोक बहु बसत मध्य मन तैसे।।

जुन प्रकार भोजन, वस्त्र, सुख–समृद्धिका व्यवस्थाहरू एउटै बहुमूल्य मणिको अन्तरालमा निहित छन् ठीक यसैप्रकार स्वर्ग, नरक, अपवर्ग इत्यादि मनको अन्तरालमा रहन्छन्। जब जसको क्रम आउँछ मनले त्यसलाई प्रकट गर्ने गर्दछ। जब यो पृथ्वी ग्लानिले भरिन्छ, साधकले आफ्नो बलले नराम्रा कर्महरूबाट पार पाउँदैन, तब प्रभुको शरणमा जान्छ। प्रभुले उसको हृदयमा आफ्नो अवतरणको रचना गर्नुहुन्छ, साधकको आत्माबाट रथी बन्नुहुन्छ र उसको शरीररूपी पृथ्वीको उद्धार गर्नुहुन्छ।

प्रभुले अवतार लिनुहुन्छ ब्राह्मणको लागि, तर रक्षा गर्नुहुन्छ देवताहरूको। अन्तःकरणका दुई प्रवृत्तिहरू छन्– दैवी सम्पद् तथा आसुरी सम्पद्। परमदेव परमात्मासंग मिलाउने दैवी सम्पत्तिलाई प्रभुले स्थिरता प्रदान गर्नुहुन्छ, **'असुर मारि थापहिं सुरन्ह'**– प्रभु जब करुणार्द्र भएर ओर्लनु हुन्छ तब आसुरी सम्पद्, जो अवरोध छ, त्यसलाई समाप्त गर्नुहुन्छ, दैवी सम्पदालाई स्थिर

पार्नुहुन्छ। **'राखहिं निज श्रुति सेतु' (मानस, १/१२१)-** वैदिक पथमा जुन भ्रान्तिहरू छन् त्यसलाई मेटी दिनुहुन्छ, श्रुति-सेतुलाई स्थापित गर्नुहुन्छ, आफ्नो यशको विस्तार गर्नुहुन्छ, यो नै राम जन्मको कारण हो। अतः गो-हितैषी, द्विज-हितैषी, पृथ्वी-हितैषी, देव-हितैषी, सन्त-हितैषी, भक्त-हितैषी-यी सबैको एउटै अर्थ छ, एउटै साधकको क्रमोन्नत अवस्थाहरू हुन्।

विप्रको स्वरूपलाई लिएर समाजमा भ्रान्तिहरू देख्न पाइन्छ। अनेक सहृदय विद्वानले पनि यी प्रकरणहरूमा आरोप लगाउने गर्दछन्। उदाहरणको लागि डा. राममनोहर लोहियाले भनेका थिए- "निःसन्देह रामचरितमानसले सम्पूर्ण भारतीय समाजलाई एकताको सूत्रमा गाँस्न सक्छ, तर गोस्वामीजीबाट एक-दुइवटा गल्ती भएको छ, जस्तै स्त्रीहरूको निन्दा र ब्राह्मणहरू प्रति पक्षपात।" यस्तो लाग्दछ कि त्यो महापुरुषबाट यो गल्ती गराइएको छ। जस्तो कि-

पूजिअ बिप्र सील गुन हीना।
शूद्र न गुन गन ज्ञान प्रबीना।। (मानस, ३/३३/२)

शूद्र ज्ञान र गुणमा प्रवीण भएपनि ताड़न योग्य छ। वास्तवमा मानस एउटा योगशास्त्र हो, जसलाई योगीजनले नै यथार्थ जान्दछन् र उनीहरूको निर्देशनमा कुनै क्रियावान साधकले नै त्यसलाई बुझ्न सक्दछ। मात्र भाषाको विद्वता र बुद्धिको बलमा यसलाई कसैले बुझ्न सक्दैन। अतः प्रखर विद्वान हुँदा-हुँदै पनि डॉ० साहेबको यो आरोप स्वाभाविक नै छ।

भागवतमा श्रुतदेव ब्राह्मणलाई भगवान्ले सम्झाउनु भएको थियो कि मेरो साथ आउनुभएका यी महर्षि जगत्गुरु हुनुहुन्छ। संसारको कल्याण गर्दै विचरण गरिरहनुभएको छ, वहाँको चरण-पूजाले नै मेरो पूजा हुन्छ। यो नै भगवान् श्रीरामले कबन्धलाई भन्नुभयो, यही शरणागत विभीषणलाई भन्नुभयो कि **'ते नर प्राण समान मम, जिन्हके द्विज पद प्रेम।'** सन्त-महिमा प्रसंगमा नारद तथा भरतलाई पनि यही सम्झाउनु भयो कि मेरो पूजा गर्नुछ भने विप्रको पूजा गर। प्रस्तुत छ कबन्ध प्रकरण-

श्रीराम सीताजीको खोजमा दण्डकारण्यबाट मतंग मुनिको आश्रमतिर बढ्नुभयो कि त्यसै बेला चौड़ा छातीवाला विशाल शरीर भएको राक्षस कबन्धमाथि वहाँको दृष्टि पऱ्यो। कबन्ध अर्थात् धड़मात्र त्यसको स्वरूप

थियो। पेटमा बल्दै गरेको दुइटा आँखा, दुई विशाल बाहुलाहरू र बिना खुट्टाको गुल्टेर हिड्नेवाला विकराल राक्षसले श्रीराम र लक्ष्मणलाई एकै चोटी समातेर विवश गरिदियो। लक्ष्मण आँत्तिन थाले। श्रीरामले उनलाई सान्त्वना दिनुभयो। दुबै भाईले मिलेर कबन्धको हात काटि दिए तथा शरीरलाई एउटा खाल्टोमा हालेर त्यसमा आगो लगाई दिए। रामको हातबाट मर्ने वित्तिकै कबन्धले दिव्य शरीर धारण गऱ्यो र उसले भन्यो–

दुरबासा मोहि दीन्ही सापा।
प्रभु पद पेखि मिटा सो पापा।। (मानस, ३/३२/७)

भगवान् रामलाई कबन्धको यो कुरा राम्रो लागेन। वहाँले भन्नुभयो– "गन्धर्व! तिमीबाट यो गल्ती कसरी भयो? तिमी त ज्ञानी थियौ, विप्रको अपमान कसरी गऱ्यौ?" गन्धर्व ईश्वरीय पथको त्यो गायक हो, श्वासको तार जसको पकड़मा आएको हुन्छ। यस्तो साधक प्रायः उद्दण्ड हुने गर्दछ। यतिलाई नै उपलब्धि मानेर उनीहरूले महापुरुषहरूको अपमान गर्ने गल्ती गर्दछन्। यस्तै गल्ती कबन्धबाट पनि भएको थियो। श्रीरामले उसलाई आफ्नो धर्म सम्झाउनुभयो–

मन क्रम बचन कपट तजि, जो कर भूसुर सेव।
मोहि समेत बिरंचि सिव, बस ताके सब देव।।
(मानस, ३/३३)

मन, कर्म र वचनले छल–कपट त्यागेर जसले विप्रको चरण–कमलको सेवा गर्दछ, ब्रह्मा, शिव र चराचर देवताहरू सहित म परमात्मा पनि उसको वशमा हुन जान्छु। एउटा मात्र सूत्र याद राख्नु छ, त्यो हो विप्रको चरण–कमलको सेवा। चिन्ता न गर्नुस्, न त तपाईंसंग कहिल्यै विंध्यवासिनी माई रुष्ट हुनेछिन् र न कहिल्यै कुनै अरू देवता। मात्र विप्रको चरण–कमलको पूजा गरिरहनुभयो भने परमतत्त्व परमात्मासम्म विदित हुनेछ। यति अवश्य सम्झिनु होस्–

सापत ताड़त परुष कहन्ता।
बिप्र पूज्य अस गावहिं सन्ता।। (मानस, ३/३३/१)

श्राप दिंदै गरेको, हपकाउँदै गरेको, अपशब्द बोल्ने गरेको, शील र गुण दुबैबाट हीन भए तापनि विप्र पूजनीय छन्। तथा–

पूजिअ विप्र सील गुन हीना।
सूद्र न गुन गन ग्यान प्रबीना।। (मानस, ३/३३/२)

यस्तो मान्यता थियो भगवान् श्रीरामको; तर जब थाहा भयो कि सीताको अपहरणकर्ता रावण एउटा ब्राह्मण हो तब उसको त्यो दुर्गति गर्नुभयो कि '**रहा न कुल कोउ रोवनिहारा।**' (**मानस, ६/१०३/१०**)- त्यस रावणको कुलमा कुनै जलदाता वा आँसु बगाउनेवाला बचेन। लाग्दछ कि यस मर्यादाको रचयिता भगवान् आफै त्यसमा टिक्न सक्नु भएन। श्रीरामले उसलाई आफै मारेको भए केहि पनि आपत्तिजनक हुँदैनथ्यो किनकि '**समरथ कहुँ नहिं दोषु गोसाईं।**' (**मानस, १/६८/८**) अथवा '**प्रभु समरथ कोसलपुर राजा। जो कछु करहिं तिनहिं सब छाजा।।**' तर रामको अनुयायी बाँदर-भालुहरूले रावणको वंशको जरासमेत उखेलि दिए। यज्ञ गरिरहेको रावणलाई लात्ताले हाने, उसको नारिहरूको कपाल समातेर बाहिर घिसारे। श्रीरामले कम से कम आफ्ना अनुयायीहरूलाई त भन्न सक्नु हुन्थ्यो कि ब्राह्मण पूजनीय हुन्छ।

रावण चारवटै वेदहरूको प्रकाण्ड विद्वान थियो, ज्योतिषको मर्मज्ञ थियो, ब्रह्माको लेख पढ़ेर उसलाई आफ्नो आयुको ज्ञान थियो। निःसन्देह रावण गुणी थियो, यद्यपि शीलको अभाव थियो। गुणहरूको अनुरूप उसको आचरण थिएन। श्रीरामले त शील-गुण दुबैबाट हीन ब्राह्मणलाई पनि पूज्य मान्नु हुन्थ्यो। वहाँ स्वयंले आफ्नो नियमको पालन गर्नु भएन। वास्तवमा गोस्वामी तुलसीदासजीले के भन्न चाहनु भएको छ?

रावण ब्राह्मणमा पनि उत्तम कुल भएको महर्षि पुलस्तिको पुत्र थियो। उसको कान्छो भाई विभीषण श्रीरामको शरणमा आयो। उसलाई शंका थियो कि श्रीरामले शरण दिनुहुन्छ कि दिनु हुन्न। रामले आफ्नो सिद्धान्त बताउँदै उसलाई आश्वस्त पार्नुभयो-

सगुन उपासक परहित, निरत नीति दृढ़ नेम।
ते नर प्रान समान मम, जिन्हकें द्विज पद प्रेम।। (५/४८)

जो म सगुणको उपासक छ, परको हितमा अनुरक्त छ, त्यो नर मलाई आफ्नो प्राण समान प्रिय हुन्छ जसको द्विजको चरण-कमलमा अटूट प्रेम छ।

सुनु लंकेस सकल गुन तोरें।
ताते तुम अतिसय प्रिय मोरें।। (मानस, ५/४८/१)

विभीषण! तिमीसंग सम्पूर्ण गुणहरू छन्, यसकारण तिमी मलाई अत्यन्त प्रिय छौ। मानसका मर्मज्ञजन विचार गर्नुहोस् कि के विभीषण द्विजको चरण–कमलको प्रेमी थियो? विभीषण अथवा उसका अनुयायी बाँदर–भालुहरू मध्ये कसैले पनि त द्विजको सेवा गरेनन्, तब यहाँ कुन द्विजको सेवामा श्रीरामले जोर दिइरहनु भएको छ?

वास्तवमा द्विज त्यो महापुरुष हो जसले द्वैतमाथी विजय पाएको छ। जो ब्रह्म–परायण हो, आत्म–साक्षात्कारको लागि जो क्रियाशील छ ऊ ब्रह्मकुलमा आउँछ। साधनाको पूर्तिकालमा जो ब्रह्मबाट भरिभराउ हुन्छ, ऊ नै विप्र हो, ऊ नै ब्राह्मण हो, भूसुर हो, महीसुर पनि ऊ नै हो। यस्ता महापुरुषहरूको लागि विधि–निषेध हुँदैन। वहाँको मापदण्ड बाहिरी क्रिया–कलापहरूबाट होइन बरू आन्तरिक उपलब्धिबाट हुन्छ। उनको वेशभूषा, उनको स्नान–ध्यान पनि जन–साधारणभन्दा भिन्नै हुन्छ। पूज्य महाराजले भन्नुहुन्थ्यो कि महापुरुषले कहिले भजन गर्दछ, वहाँसंगै बस्ने साधकले पनि तबसम्म थाहा पाउन सक्दैन जबसम्म उनले आफैं भन्दैन। यस्ता महापुरुषहरूको आचरण साधकहरूको लागि निर्धारित आचरणभन्दा बिलकुलै अलग हुन्छ। योगेश्वर श्रीकृष्णले गीतामा भन्नुहुन्छ–

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः।

आत्मन्येव च सन्तुष्टस्तस्य कार्यं न विद्यते।। (गीता, ३/१७)

जो पुरुष आत्मामा नै सन्तुष्ट, त्यसैबाट भरिभराउ र त्यसै आत्मामा राम्ररी स्थित छ, त्यो महापुरुषले कर्म गर्नाले न कुनै लाभ हुन्छ र यदि वहाँले कर्म छोड़ि दिए पनि न त वहाँको कुनै हानि नै हुन्छ, किनकि वहाँले जुन लक्ष्यलाई पाउनु थियो, पाइसकेको छ, त्यसैमा डुबेको छ, त्यसैमा स्थित छ भने कर्म गरेर अब कसलाई खोज्ने? अब त '**भजन हमार हरि करें, हम पायो विश्राम।**' यस्तो महापुरुष पेन्शनीयर (पेन्सन पाइसकेको) हुन्छ। महाराजजीले भन्नुहुन्थ्यो– "हो! मोके पेंशन मिल गई है, तुम लोग आपन देखो। बगैर किये कोई पायी न, भजनियाँ करै का परी।" (हो! मैले पेन्सन पाइसकें, तिमीहरू आफ्नो लागि विचार गर। नगरीकन कसैले पनि पाउँदैन। भजन गर्नु नै पर्ने हुन्छ।)

बारि मथे घृत होय बरु, सिकता ते बरु तेल।
बिन हरि भजन न भव तरिअ, यह सिद्धान्त अपेल।।
(मानस, ७/१२२ क)

तर हाम्रो देखासिकी न गर।

यदि कुनै प्रोफेसरलाई राती दुई बजे उठेर, बत्ती बालेर पढ्नु होस्, भनेर भनियो भने कति लाज मर्दो कुरा होला? महापुरुषको लागि विधान केही अर्कै हुन्छ। सन्त कबीरले त्यस रहनीमाथि प्रकाश पार्नुभएको छ–

अवधू! बेगम देश है मेरा।
तहाँ न ईश्वर जीव न माया, पूजक पूज्य न चेरा।।

त्यहाँ ईश्वर–जीवको द्वैत छैन। पूजने योग्य कोही छैन, पूजनेवाला कोही छैन। यही हो विप्र। जड़भरत यस्तै महापुरुष थियो। उनी स्नान गर्दैनथे। यस्तै महापुरुषको सन्दर्भमा मानसकारले लेख्नुभएको छ–

सापत ताड़त परुष कहन्ता।
बिप्र पूज्य अस गावहिं सन्ता।। (मानस, ३/३३/१)

श्राप दिंदै गरेको, ताड़ना गर्दै गरेको र कठोर वचन बोल्दै गरेको विप्र पनि पूज्य हुन्छ। महर्षि दुर्वासाको क्रोध प्रसिद्ध छ। पूज्य महाराजजी पनि भन्ने गर्नुहुन्थ्यो– "गाली देत न पावत शोभा! लेकिन करीं का? भगवान् मोके आदेश दिए हैं कि गाली देइहै त कल्यान होई जाई। कल फाँसी होनी है और आज मेरी छड़ी लग जाय तो फाँसी नहीं होगी, सजा चाहे जो हो जाय, इसीलिए ताड़ना देते हैं। नहीं तो मोके कहाँ शोभा है गाली देना।' (गाली गर्न मलाई शोभा दिंदैन। तर के गर्ने? भगवान्ले मलाई आदेश दिनुभएको छ कि गाली गऱ्यो भने कल्याण हुनेछ। यदि भोली फाँसी हुनेवाला छ र आज मैले छड़ीले हाने भने सजाय जे सुकै भए पनि फाँसी चाहि हुने छैन। त्यसैले ताड़ना गर्दछु। हैन भने गाली दिन कहाँ शोभा हुन्छ मलाई।) ब्रह्मबाट परिपूर्ण यस्तो महापुरुष विप्र हो, परमपूज्य हो– सन्तहरूले यस्तो गायन गरेका छन्। उनीहरूको आचार–विचार समाजभन्दा अलग हुन्छ। बाहिरी आचरणलाई देखेर कसैले उनीहरूको अपमान न गरोस्, यसैकारण भगवान्को आदेश छ– '**पूजिअ बिप्र सील गुन हीना।**'

गुणातीत त्यो महापुरुषमा कुनै आचरण पनि देखा पर्दैन। तत्त्व विदित छ, सत्ता अलग छँदै छैन भने के को लागि आचरण गर्ने? वहाँसंग अध्ययन पनि छैन, वहाँको वाणी नै वेद हो। जसमा न शील छ, न गुण छ र न आचरण छ, त्यो शूद्र होइन भने के हो? तर मानसकार भन्नुहुन्छ– होइन, ऊ '**सूद्र न गुन गन ग्यान प्रबीना।**'– ऊ शूद्र होइन बरू ज्ञान–प्रवीण हो। हृदयमा ईश्वरको प्रत्यक्ष जानकारीको नाम ज्ञान हो। त्यो साक्षात्को साथै आत्माबाट भरिभराउ र आत्मस्थित भएकोले उनी प्रवीण छन्। वहाँ शूद्रजस्तो देखिएको मात्र हो, वास्तवमा ऊ परमपूज्य छ। द्विज एउटा स्थिति–विशेषको नाम हो।

सामाजिक परिस्थितिमा जाति–प्रथाको निर्धारण जस्तो सुकै भएको होस् तर धर्मग्रन्थहरूमा ब्राह्मणत्वको निर्धारण जन्मले कहिल्यै भएन। वास्तवमा जो ब्रह्मपरायण छ, ऊ ऋषिकुलमा आउँछ। भजनको पूर्तिकालमा जो ब्रह्मद्वारा ढाकिएको हुन्छ, ऊ नै पूर्ण विप्र हो। त्यही ब्राह्मणत्वका अधिकतम सीमा हो।

वाल्मीकि रामायणको प्रसंग छ कि एकपटक विश्वामित्रजीको तपस्याबाट प्रसन्न भएर ब्रह्माजी आउनुभयो र भन्नुभयो– "तपाईं ऋषि हुनुभयो।" विश्वामित्रजीलाई यो उपाधि राम्रो लागेन। वहाँ फेरि तपस्यामा गर्न लाग्नुभयो। देवताहरूको साथमा ब्रह्माजी फेरि आएर भन्नुभयो– "आजदेखि तपाईं राजर्षि हुनुभयो।" तापनि वहाँले तपस्यामा विराम गर्नु भएन। ब्रह्माले वहाँलाई महर्षिको उपाधि दिनुभयो। तब वहाँले भन्नुभयो– के तपाईं मलाई जितेन्द्रिय ब्रह्मर्षि भन्नु हुन्न? ब्रह्माले उत्तर दिनुभयो– तपाईंमा अझै त्यो क्षमता अएको छैन। विश्वामित्र फेरि तपस्यामा लाग्नुभयो। तपस्याको धुँवा स्वर्गसम्म पुग्यो। ब्रह्मा फेरि देवताहरूको साथमा आउनुभयो र भन्नुभयो– विश्वामित्र! हठ छोड़ देउ। आजदेखि तपाईं ब्रह्मर्षि हुनुभयो। विश्वामित्रले निवेदन गर्नुभयो– "यदि म ब्रह्मर्षि भएँ भने वशिष्ठजीले आएर प्रमाणित गरोस् र वेदले मेरो वरण गरोस्।"

ब्रह्माजीले तथास्तु भन्नुभयो। वशिष्ठजीले समर्थन दिनुभयो र वेद विश्वामित्रजीको हृदयमा उत्रियो। वेद कुनै पुस्तक होइन कि अध्ययनबाट आओस्। वास्तवमा जुन परमतत्त्वको हामीलाई चाहना छ, चिन्तनकालमा त्यसको विदित हुनु नै वेद हो। तब त्यो महापुरुषले जान्दछ कि ईश्वर कसरी हिड्छ? कसरी सुन्दछ? कसरी बस्दछ? '**कर बिनु करम करइ विधि नाना**' **(मानस, १/११७/५)**– गर्छ कसरी? यसलाई त्यही व्यक्तिले जान्दछ जसको

हृदयमा वेद ओर्लेको छ, ऊ नै विप्र हो। यस कथाबाट पनि यो स्पष्ट हुन्छ कि ब्राह्मण कोही जन्मले हुँदैन बरू तपस्याद्वारा अर्जित उपाधि हो। भागवत, महाभारत, भगवान् वाल्मीकि तथा गोस्वामी तुलसीदासजी सबैको निर्णय एउटै छ।

वनवासी र व्याकुल श्रीरामसंग नारदले आफ्नो मनको एउटा कसकको (मनमा बिझेको एउटा कुरा) समाधान गर्न चाहे कि तपाईंले मलाई विवाह गर्न किन दिनु भएन? भगवान्ले भन्नुभयो कि जसरी शिशुको रक्षा माताले गर्छिन्, त्यसरी नै म आफ्नो भक्तको रक्षा सधैं गर्दछु। नारदजीको मनमा उत्सुकता भयो कि ममा ती लक्षणहरू छन् कि छैनन्? अतः उनले सोधे कि भगवन्! जुन सन्तहरूको तपाईंले रक्षा गर्नुहुन्छ उनीहरूको लक्षण के हो? प्रभुले भन्नुभयो–

सुनि मुनि सन्तन्ह के गुन कहउँ। जिन्ह ते मैं उन्हके बस रहउँ।।
षट बिकार जित अनघ अकामा। अचल अकिंचन सुचि सुखधामा।।
(मानस, ३/४४/७)

सन्तले काम, क्रोध, लोभ, मोह, मद तथा मत्सर– यी छःवटा विकारहरू माथि विजय प्राप्त गरेका हुन्छन्। उनीहरू पापबाट रहित, कामनाहरूबाट रहित, पवित्र र सुखका धाम हुन्छन्। यसै सन्दर्भमा वहाँले भन्नुभयो–

बिरति बिबेक बिनय बिज्ञाना।
बोध जथारथ बेद पुराना।। (मानस, ३/४५/५)

उनीहरू विरक्त हुन्छन्– कोही प्रति कुनै लगाव हुँदैन, उनीहरू विवेकी हुन्छन्, आफ्नो पथको उनीहरूलाई वास्तविक जानकारी हुन्छ। उनीहरू निरन्तर चिन्तन–परायण हुन्छन्।

जप तप ब्रत दम संजम नेमा।
गुरु गोविन्द बिप्र पद प्रेमा।। (मानस, ३/४५/३)

जप–तप, संयम–नियम, गुरु–गोविन्द तथा विप्रको चरणहरूमा प्रीति इत्यादि सन्तका लक्षण हुन्। विचारणीय छ कि जो विरक्त छ, घर–द्वार छोड़ेको छ, उसले कुन विप्रको चरणको ध्यान गर्ने? कुनै गृहासक्तको? होइन; विश्वामित्र जस्तै तपस्याको पूर्तिकालमा जसले ब्राह्मणत्व अर्जित गरेको हुन्छ, वास्तवमा यस्ता विप्र नै सद्गुरु हुन्। उनीसित नै विश्वलाई सिकाउनको लागि केही हुन्छ।

राज्याभिषेक पछि भगवान् श्रीराम एकपटक बगैचामा बस्नुभएको थियो। भरत, लक्ष्मण, शत्रुघ्न, हनुमान इत्यादि सेवामा थिए कि एक्कासी चारजना ऋषिहरू देखा परे। श्रीराम खड़ा हुनुभयो। पीताम्बर ओछ्याउनु भयो। जबसम्म ऋषिहरू त्यहाँ बसे, सेवकहरू हुँदा–हुँदै पनि श्रीराम स्वयंले उनीहरूको सेवामा लागि रहनुभयो। यो देखेर भरतजीलाई उत्सुकता भयो कि यसै सन्त–भेषमा माता सीताको चोरी भयो, यसै भेषले भाई लक्ष्मणको मृत्युको सक्दो प्रयास गऱ्यो, तैपनि श्रीराम सेवामा लाग्नुभएको छ। भरतले हनुमानको माध्यमले अनुमति लिएर प्रश्न राखे कि सन्तहरूको महिमा वेद–पुराणहरूमा छ, तपाईंले पनि त्यसको प्रशंसा गर्नुभएको छ, ती सन्तहरूको लक्षण कस्तो हुन्छ? भगवान्ले भन्नुभयो, "भाई! सन्तहरूको लक्षण त अगणित छन्। उनीहरू विषयहरूबाट विरक्त, गुण र भक्तिको भण्डार, मदरहित तथा अजातशत्रु हुन्छन्।

सम अभूत रिपु बिमद विरागी।
लोभामरष हरष भय त्यागी।। (मानस, ७/३७/२)
सीतलता सरलता मयत्री।
द्विज पद प्रीति धरम जनयत्री।। (मानस, ७/३७/६)

उनीहरू लोभ, अमर्ष, हर्ष तथा भयबाट रहित हुन्छन्। त्यसमा शीतलता हुन्छ, सरलता हुन्छ, सबैतिर मैत्री भाव हुन्छ र द्विजको चरणमा अटूट प्रीति हुन्छ। द्विज–पद प्रीति नै धर्मको जन्मदात्री हो। विचार गर्नुहोस्, घर–द्वार छोड़ेर एकान्त सेवी, परम विरक्तले कुन द्विजको चरण हृदयमा धारण गर्ने?

वास्तवमा द्विज एक स्थिति–विशेष हो। यो सन्तको अवस्था हो, परमसंग संयुक्त महापुरुषको अवस्था हो। यिनै सन्तहरूलाई भूसुर, महिसुर, महिदेव इत्यादि उपाधिहरूद्वारा सम्बोधित गरिएको छ। मानसको मंगलाचरणमा गोस्वामीजीले सर्वप्रथम महीसुरको चरणहरूको वन्दना गरे–

बन्दउँ प्रथम महीसुर चरना।
मोह जनित संसय सब हरना।। (मानस, १/३)

सर्वप्रथम म पृथ्वीको देवता विप्रको चरण–कमलको वन्दना गर्दछु जसले मोहबाट उत्पन्न सम्पूर्ण संशयहरूको अपहरण गर्नुहुन्छ। विप्रको परिभाषा यो नै हो। तर जो स्वयं मोहले ढाकिएको छ, उसले अर्काको मोहलाई कसरी

हरण गर्न सक्छ? स्वयं हिलोमा फँसेको जीवले अरूलाई कसरी निकाल्न सक्छ? जन्मले ब्राह्मणत्वको निर्धारण गर्ने समाजमा तथाकथित ठेकेदारहरू के मोहजनित संशयहरूलाई शमन गर्नमा सक्षम छन्? मानसमा स्थान–स्थानमा महीसुरलाई सन्तको पर्याय मानिएको छ। यस्तै सन्त (सद्गुरु)को शरण तथा उनको सान्निध्य जब प्राप्त भयो, तब **'बालमीकि भये ब्रह्म समाना।' (मानस, २/१९३/८)** यस्तै द्विजको सेवाबाट वाल्मीकि, नारद, घटयोनि अगस्त्य, भरद्वाज इत्यादिले त्रिकालज्ञ ब्रह्मर्षिको पद पाए, जबकि शरीरले यी सबै धेरै कुलीन थिएनन्।

वास्तवमा ब्राह्मण, सद्गुरु अथवा ब्रह्मर्षि पर्यायवाची शब्दहरू हुन्। क्रियात्मक पथमा लागेर ब्रह्मको अनुभूति गर्नेहरू ब्राह्मण हुन्। त्यो क्रिया हो मात्र एक परमात्मामा निष्ठा। त्यस परमात्माको शोधको स्थल हो आफ्नो हृदय तथा शोधको विधान हो श्वासद्वारा परमात्माको कुनै दुई–ढाई अक्षरको नाम 'राम' अथवा 'ॐ'को जप तथा त्यस नामको अर्थस्वरूप कुनै स्थितिवाला महापुरुष (सद्गुरु)को स्वरूपको चिन्तन एवं उनको सेवा। यस क्रियाद्वारा हिड़ेर आत्मस्वरूपमा स्थित भएको महापुरुष वर्णभन्दा माथि उठ्दछ। तर वहाँलाई विप्रबाहेक अरू के भन्ने? यसकारण यी स्वरूपस्थ महापुरुषको उपाधि ब्राह्मण हो।

'गीता'मा ब्राह्मणको स्वरूप

चारवटै वेद, छःवटै शास्त्र, भागवत, महाभारत इत्यादि सबै लिपिबद्ध गरेपछि भगवान् व्यासले विचार गरे कि यिनीहरू मध्ये मूल शास्त्र कुन हो? वहाँले स्वयंको सुविचारित मत बताए कि गीता राम्ररी मनन गरेर हृदयमा धारण गर्न योग्य छ; किनकि यो पद्मनाभ भगवान्को श्रीमुखबाट निःसृत परमात्माको वाणी हो। अतः अरू शास्त्रहरूको संग्रहको के आवश्यकता छ? गीतामा छ–

इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ।
एतद्बुद्ध्वा बुद्धिमान्स्यात् कृतकृत्यश्च भारत।।

(गीता, १५/२०)

गोपनीयभन्दा पनि अत्यन्त गोपनीय यो ज्ञान मबाट भनियो। यसलाई जानेर तिमी ज्ञानवान् तथा कृतार्थ हुनेछौ। अतः हाम्रो मूलशास्त्र गीता हो। अरू

शास्त्र त गीताका अनुकृति हुन्। यस गीतामा पनि तीन–चार स्थानहरूमा ब्राह्मत्वमाथी प्रकाश पारिएको छ।

गीताको अनुसार ब्राह्मण एक स्थिति हो। भगवत्–पथका चार स्तरहरू छन्– ब्राह्मण, क्षत्रिय, वैश्य तथा शूद्र। साधकले चारवटै स्तर पार गर्नु पर्दछ। जसले यस चिन्तन–पथमा प्रवेश गरेको छैन ऊ शूद्र पनि होइन। योगेश्वरले कर्मलाई चार भागमा बाँड्नु भयो, जसले साधकको वर्णको निर्धारण गर्दछ। त्यो कर्म परमात्माको दर्शनको साधना–पद्धति हो। यसै चिन्तन–पथको सर्वोत्कृष्ट स्तर ब्राह्मण हो–

ब्राह्मणक्षत्रियविशां शूद्राणां च परन्तप।
कर्माणि प्रविभक्तानि स्वभावप्रभवैर्गुणैः।। (१८/४१)

ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र– यी चारवटैको कर्म स्वभावबाट उत्पन्न गुणहरूद्वारा विभक्त गरिएका छन्। स्वभाव परिवर्तनशील छ। आजको उद्दण्ड स्वभाववाला भोली नम्र पनि हुन सक्दछ। वाल्मीकि तथा अंगुलिमाल जस्ता व्यक्ति पनि जीवन्मुक्त महापुरुषको रूपमा बदलिए। अतः गीताको अनुसार कर्म एउटै छ– विहित कर्म, नियत कर्म जो आत्मदर्शन, योग–साधनाको निर्धारित विधि हो। यस क्रियाको आरम्भमा प्रत्येक प्राणी शूद्र हुन्छ– '**परिचर्यात्मकं कर्म शूद्रस्यापि स्वभावजम्।**' उसले सेवा गरोस्। दीर्घकालसम्म सेवाको परिणामस्वरूप साधन सूक्ष्म हुन थाल्छ। '**कृषि गौरक्ष्य वाणिज्यं वैश्यकर्म स्वभावजम्।**' **(गीता, १८/४४)** आत्मिक सम्पत्ति नै स्थिर सम्पत्ति हो। यसको संग्रह, गोरक्षा अर्थात् इन्द्रिय संयमको साथै हुन थाल्छ। क्रमशः '**शौर्यं तेजो धृतिर्दाक्ष्यं युद्धे चाप्यपलायनम्।**' **(गीता, १८/४३)** शौर्य, तेज, पराक्रम, धैर्य, चिन्तनमा दक्षता, आसुरी वृत्तिहरूसंग युद्धमा पछि न हट्ने स्वभाव, समर्पण, ईश्वरभाव, सबै जीवहरूप्रति स्वामीभाव इत्यादि '**क्षात्रकर्म स्वभावजम्**'– क्षत्रिय श्रेणीको स्वभावजन्य कर्म हुन्। जब साधनाहरू अरू सूक्ष्म भयो भने त्यो कर्ता ब्राह्मण श्रेणीको हुनजान्छ।–

शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेव च।
ज्ञानं विज्ञानमास्तिक्यं ब्रह्मकर्म स्वभावजम्।।
(गीता, १८/४२)

शम, दम, यम, नियम, तप, शुद्धता, ईश्वर प्रदत्त जानकारी अर्थात् विज्ञान, त्यसमा राम्ररी हिड्ने क्षमता– यी ब्राह्मणहरूको स्वभावबाट उत्पन्न कर्म हुन्। जब यो दक्षता स्वभावमा ढल्दछ, तब ऊ ब्राह्मण हुन्छ। ब्रह्ममा प्रवेश गराउने यी नौ गुणहरू जसमा स्वभावबाट नै कार्यरत छ, ऊ ब्राह्मण श्रेणीको कर्त्ता हो। ब्रह्ममा प्रवेश र स्थितिको साथै ऊ कुनै श्रेणीको कर्मको कर्त्ता रहने छैन। जसलाई पाउनु थियो पाइसक्यो, जब अगाड़ि कुनै सत्ता नै छैन भने क्रिया गरेर अरू कसलाई खोज्ने? आदि शंकराचार्य यसै स्तरमा पुगेर भन्नुभयो– '**न ब्राह्मणो न क्षत्रियः न वैश्यो न शूद्रश्चिदानन्दरूपो शिवोऽहम् शिवोऽहम्**'– अब म न शूद्र हुँ, न वैश्य हुँ, न क्षत्रिय हुँ, न ब्राह्मण हुँ। चित्त परम आनन्द स्वरूपमय छ। म कैवल्यधाम, कल्याणस्वरूप शिवमात्र शेष छु। यो अवस्थालाई सबैले पाउनु छ।

अर्जुन क्षत्रिय श्रेणीको साधक थियो। योगेश्वर श्रीकृष्णले उनलाई ब्राह्मणत्व अर्जित गर्ने प्रेरणा दिनुभयो–

त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन।
निर्द्वन्द्वो नित्यसत्त्वस्थो निर्योगक्षेम आत्मवान्।।

(गीता, २/४५)

अर्जुन! वेदले तीन गुणसम्म मात्र प्रकाश पार्न सक्दछ, त्योभन्दा पछिको कुरा उसले जान्दैन, यसकारण तिमी तीनवटै गुणहरूभन्दा माथि उठ। बढ़ने विधि बताउनु हुन्छ कि '**निर्द्वन्द्वः**'– सुख–दुखको द्वन्द्वहरूबाट रहित सधैं सत्य वस्तुमा स्थिर भएर, योगक्षेमको चाहना न राखिकन, आत्मपरायण होऊ। म मात्रै बढ़ने छु कि यसभन्दा अघि अरू पनि कोही बढ़ेका छन्? अगाड़ि बढ्यौ भने कहाँ पुग्छौ? यसमाथी भन्नुहुन्छ कि जो वेद र गुणहरूभन्दा अगाड़ि बढ्छ त्यो ब्राह्मण हो–

यावानर्थ उदपाने सर्वतः संप्लुतोदके।
तावान्सर्वेषु वेदेषु ब्राह्मणस्य विजानतः।। (गीता, २/४६)

सबैतिरबाट परिपूर्ण जलाशय प्राप्त भएपछि मानिसलाई सानो जलाशयसंग जति प्रयोजन शेष रहन्छ, राम्रो प्रकारले ब्रह्मलाई जान्नेवाला ब्राह्मणको वेदसंग त्यत्तिनै प्रयोजन रहन जान्छ। अर्थात् जो वेदहरूभन्दा माथि उठेको हुन्छ, ब्रह्मलाई

जान्दछ, त्यही ब्राह्मण हो। श्रीकृष्ण भन्नुहुन्छ– अर्जुन! तिमी ब्रह्मलाई जान, ब्राह्मण बन। अतः ब्राह्मणत्व पूर्ण जानकारीको साथै पाउने एउटा स्थिति हो। क्षत्रिय श्रेणीको अर्जुन यसको अधिकारी छ। वास्तवमा अनुराग नै अर्जुन हो। जुन हृदयमा अनुराग हुन्छ, उसैले पाउने छ र यसप्रकार सबैजना वास्तविक रूपमा यस पथका अधिकारी हुन्। योगेश्वर श्रीकृष्ण अत्यन्त दुराचारीलाई पनि राम्ररी कल्याणको उपदेश दिनुहुन्छ– (गीता, ९/३०)।

यस यौगिक आत्मदर्शन, ब्रह्मदर्शनको क्रियालाई योगेश्वर कर्म भन्नु हुन्छ। कर्म के हो, अकर्म के हो, विकर्म के हो– यसलाई राम्रो प्रकारले बुझ्नु पर्दछ। यसै सन्दर्भमा त्यसको अनुष्ठानको तरीका भन्नुभयो–

यस्य सर्वे समारम्भाः कामसंकल्पवर्जिताः।
ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः।।

(गीता, ४/१९)

अर्जुन! '**यस्य सर्वे समारम्भाः**'– जुन पुरुषद्वारा सम्पूर्णताले आरम्भ गरिएको क्रिया क्रमशः उत्थान हुँदा–हुँदा यति सूक्ष्म हुन गयो कि कामना र मनको संकल्प–विकल्पभन्दा माथि उठ्यो (संकल्पहरूको घटी–बढ़ी मनमाथि निर्भर गर्दछ, जब यसको केन्द्र मन नै समाप्त भयो।) तब '**ज्ञानाग्नि दग्ध कर्माणम्**'– जसलाई जानेको थिएन र जसलाई जानने चाहना थियो, त्यसको जानकारी हुनजान्छ। त्यस प्रत्यक्ष जानकारीको नाम ज्ञान हो। त्यस ज्ञानको अग्निमा कर्म सधैं–सधैंको लागि जल्दछ। यस्तो स्थिति भएकाहरूलाई बोधस्वरूप महापुरुषहरूले पण्डित भनेर सम्बोधित गरेका छन्। ऊ पूर्ण ज्ञाता छ, त्यसैकारण पण्डित हो। त्यस पण्डितको रहन–सहन कस्तो हुने गर्दछ?–

विद्याविनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि।
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः।।

(गीता, ५/१८)

ज्ञानद्वारा जसको पाप नष्ट भैसकेको छ, यस्तो ज्ञानीजन विद्या–विनययुक्त ब्राह्मण तथा चाण्डालमा; गाई, हात्ति र कुकुरमा समान दृष्टिवाला हुन्छ। उनीहरूको दृष्टिमा विद्या–विनययुक्त ब्राह्मणले न त कुनै विशेषता राख्दछ र न चाण्डालले कुनै तुच्छता राख्दछ। न गाई धर्म हुन्छ र न कुकुर अधर्म। उनीहरूको दृष्टि

शरीरमा पर्दैन बरू हृदयस्थित आत्मामा पर्दछ। फरक यति मात्र छ कि कोही परमात्माको धेरै नजिक छ भने कोही अलिकति पर छ, तर सबै त्यही पदका प्रत्याशी छन्। जुन विप्रहरूको चरणको पूजा भगवान् श्रीरामले बताउनुभयो ती सर्वज्ञ विप्रहरूको यही स्वरूप हो।

भगवान् महावीर

भक्तिपथमा प्रवेशको साथै जीवको जुन क्रमोन्नत विकास हुन्छ, त्यसैको नाम वर्ण हो। जुन आकृति बनेर सामुन्ने आउँछ, त्यसैको चित्रण प्रत्येक महापुरुषको वाणीमा पाइन्छ। अतः साढ़े दुई हजार वर्षभन्दा पनि धेरै समय पहिले भगवान् महावीरले पनि त्यसै सत्यलाई सम्बोधित गऱ्यो जुन वहाँभन्दा पनि धेरै पहिलेका वैदिक ऋषिहरूले लिएर वाल्मीकि, व्यास इत्यादि महापुरुषहरूले भन्नुभयो। जो गीताको उद्घोष छ, भागवतको जुन निर्णय छ ठीक त्यही अनुभूति भगवान् महावीरलाई तपस्याद्वारा प्राप्त भयो। ब्राह्मणको स्वरूपको सम्बन्धमा वहाँको विचार अक्षरशः त्यही छ जुन वहाँका पूर्वपुरुष भगवान् ऋषभ, भगवान् श्रीकृष्णको थियो। 'उत्तराध्ययन'को 'यज्ञीय सूत्र'मा आफ्नो प्रिय शिष्य गौतमका अनेक शंकाहरूको समाधान प्रस्तुत गर्दै वहाँले भन्नुभयो–

(१) जो प्रिय स्वजनादि आउँदा आसक्त हुँदैन र जाँदा खेरी शोक गर्दैन, जो आर्य वचन अर्हत् वाणीमा रमण गर्दछ म त्यसलाई ब्राह्मण भन्दछु।

(२) जो राग, द्वेष र भयबाट मुक्त छ, त्यसलाई म ब्राह्मण भन्दछु।

(३) जो देव, मानिस र तिर्यक् सम्बन्धी मैथुनलाई मन, वचन र शरीरद्वारा सेवन गर्दैन, त्यसलाई म ब्राह्मण भन्दछु।

(४) जसरी जलबाट उत्पन्न कमल जलसंग लिप्तु हुँदैन, त्यसैप्रकार जो काम–भोगहरूबाट अलिप्त रहन्छ, त्यसलाई म ब्राह्मण भन्दछु।

(५) जो रसादिमा लोलुप छैन, जो निर्दोष भिक्षाद्वारा जीवन–निर्वाह गर्दछ, जो गृहत्यागी छ, जो अकिंचन छ, जो गृहस्थमा अनासक्त छ, त्यसलाई म ब्राह्मण भन्दछु।

(६) जो स्वजातिको आसक्ति तथा बान्धवहरूलाई छोड़ेपछि फेरि उनीहरूमा आसक्त हुँदैन, त्यसलाई म ब्राह्मण भन्दछु।

(७) कर्मबाट ब्राह्मण हुन्छ, कर्मबाट क्षत्रिय हुन्छ, कर्मबाट वैश्य तथा कर्मबाट नै शूद्र हुन्छ।

(८) अर्हत्ले यी तत्त्वहरूको निरूपण गरेको छ। यिनीहरूद्वारा जो साधक पूर्ण हुन्छ, कर्महरूबाट मुक्त हुन्छ, त्यसलाई म ब्राह्मण भन्दछु।

(९) जो आफ्नो र अरूको उद्धार गर्नमा समर्थ छ, त्यसलाई म ब्राह्मण भन्दछु।

(१०) सच्चरित्रले नै सच्चा ब्राह्मण हुन्छ। जातिबाट कोही मानव ब्राह्मण हुँदैन। न जातिबाट कोही क्षत्रिय छ, न वैश्य छ, न शूद्र छ।

यसप्रकार भगवान् महावीरको वाणी पूर्व महापुरुषहरूको पदचिह्न–हरूको अनुसरण तथा गीताको अनुवाद मात्र हो। राजकुमार तथा विज्ञ विद्वान् हुँदा–हुँदै पनि जनताको लागि वहाँले अर्द्धमागधी भाषाको प्रयोग गर्नुभयो। फरक मात्र भाषाको हो, भावको होइन। अतः सबैले आत्मदर्शनको लागि सक्रिय हुनु पर्छ।

भगवान् बुद्ध

महावीर स्वामीको समकालीन महामानव गौतम बुद्धको महिमाको यति प्रसार भयो कि आधा विश्व उनको अनुयायी भयो। उनी राजकुमार थिए, विद्वान् थिए तैपनि उनले बोलचालको भाषा क्षेत्रीय पाली भाषाको प्रयोग आफ्नो उपदेशहरूमा गरे। ती महापुरुषले त्यही निर्णय दिए, जुन भागवतको छ, जो गीताको छ, उपनिषद्हरूको छ, परम्परागत महापुरुषहरूको छ। अश्वघोषको बुद्धचरितमा उनको उक्ति छ कि चालीस उपवासहरूपछि रात्रिको चौथो प्रहरमा मैले त्यस अविनाशी पदलाई पाएँ, जो मभन्दा पूर्वका ऋषिहरूले पाएका थिए। मैले सर्वज्ञता प्राप्त गरे। ठीक यही गीतामा छ कि आत्मा नै अविनाशी छ, ऊ नै सर्वज्ञ छ। मैले त्यस सर्वज्ञ पदलाई प्राप्त गरे। त्यस अविनाशी पदलाई प्राप्त गरे जो मभन्दा पहिलेका ऋषिहरूले पाएका थिए। गौतमभन्दा पहिले के बौद्धधर्म थियो? गौतमका पूर्व ऋषिहरू को थिए?– त्यही जो तपाईं–हाम्रो थिए, त्यही राम, त्यही कृष्ण, त्यही वैदिक मनीषी। उनीहरूबाहेक गौतमसंग अरू केही पनि छैन। ईश्वर एक, पाउने विधि एक, अनुभूति एक छ भने अर्को कोही भन्न पनि के भन्ने? आन्तरिक योग्यताको

स्थानमा समाजमा जन्मले वर्ण निर्धारण गर्ने मौलाई रहेको प्रवृत्तिमाथी कड़ा प्रहार उनको उपदेशहरूमा छ।

मज्झिम निकायका वासेट्ठ सुत्त (२/५/८)मा कथा आउँछ कि एक पटक वशिष्ठ तथा भरद्वाज दुबै छात्रहरूमा वार्ता चल्यो कि ब्राह्मण कसरी हुन्छ? एउटाले जन्मले हुन्छ भने, अर्कोले कर्मले ब्राह्मण हुने प्रतिपादित गरि रहेको थियो। जब दुबैले एक अर्कोलाई सम्झाउन सकेनन् तब भगवान् बुद्ध कहाँ निर्णयको लागि गए। भगवान्ले भन्नुभयो कि जसरी कीरा-फट्याङ्ग्रा, साना-ठूला चौखुट्टेहरू, घिर्सिने जन्तुहरू, जलचर, आकाशचारी जीवहरूको पृथक्-पृथक् जातिहरू छन् यसै प्रकारका भेद मानिस-मानिसमा छैन। न केशमा न टउकोमा, न कानमा न आँखामा, न मुखमा न नासिकामा, न पीठ्युँमा न पेटमा, न गोप्य स्थानमा न मैथुन इत्यादिमा नै जातिको कुनै पृथक् चिन्ह पाइन्छ। मानिसहरूमा जो गोरक्षाबाट जीविका गर्दछ, वशिष्ठ! त्यसलाई कृषक जान, ब्राह्मण होइन। मानिसहरूमा जो पुरोहितीद्वारा जीवनयापन गर्छ, त्यसलाई याचक जान, ब्राह्मण होइन। माता र योनिबाट उत्पन्न भएको कारणले म उसलाई ब्राह्मण भन्दिन। म ब्राह्मण त्यसलाई भन्दछु जो अपरिग्रही छ, कमलको पातमा जल र आरीको दाँतको टुप्पोमा तोरीको गेंडा जस्तो जो भोगहरूमा लिप्त हुँदैन त्यसलाई म ब्राह्मण भन्छु। तप, ब्रह्मचर्य, संयम र दम-यिनीहरूबाट ब्राह्मण हुने गर्दछ।

गुरु नानक

ठीक यसैप्रकार गुरु नानक आफ्नो समयको सर्वोपरि महापुरुष थियो। स्थिति पाएपछि वहाँले मक्का मदीनासम्मको यात्रा गरेको थियो। भाई मरदाना इत्यादि अनेक मुसलमान पनि वहाँका शिष्य थिए। वहाँको कथन छ- '**एक नूर ते सब उपज्या है, कौन भला को मन्दा।**' अतः उनी मानव-मानवमा भेदभावलाई मान्दैनथे। उनको विचार थियो कि '**बन्दे एक खुदाय के हिन्दू मुसलमान। झगड़ा राम रहीम करि लड़दे बेईमान।।**' सर्वव्यापी परमात्मा रामका उनी अनन्य भक्त थिए। उनको वाणी छ- '**राम नाम उर में गह्यो, ताके सम नहीं कोय। जा सुमिरत संकट कटै, दरस तिहारो होय।।**' जसको हृदयमा राम-नाम ओर्लिएको छ उसको समान कोही छैन। यसै राम-

नामको सुमिरनबाट प्रभु तपाईंको दर्शन हुन्छ। उनले त्यही शिक्षा दिए जो सबै ऋषिहरूले भनेका छन्, जो सद्गुरुहरूको शिक्षा छ, सीख छ, तापनि मानिसहरूले बाटो बिराउनमा लागि परेका छन् कि सिख अलग धर्म हो। ब्राह्मणको बारेमा गुरु नानकले भने– '**योग शब्द गियान शब्द ते ब्राह्मण।**'– ज्ञान शब्द, योग शब्द, यिनीहरूको जसले रहस्य जान्दछ त्यो ब्राह्मण हो। जो योगको विधि जान्दछ त्यो ब्राह्मण हो। जानेर हिड्नेवाला छ त्यो ब्राह्मण हो। ब्राह्मण योग–पथको अवस्था हो। ठीक त्यस्तै निर्णय, जस्तो कि 'शमः दमः तपः शौचः' इत्यादि गीताको निर्णय छ।

भजनद्वारा अर्जित योग्यताहरूको देखासिखीमा जन्मबाट निर्धारित सामाजिक जाति–पाँतिलाई धर्म मान्ने प्रथा केही अंशमा श्रीकृष्णकालमा पनि थियो। युद्धको मैदानमा आफ्नो स्वजनहरूलाई देखेर अर्जुन काँप्न थाल्यो। युद्धबाट अलग हुनको लागि उसले धर्मको उदाहरण दिन थाल्यो कि '**कुलक्षये प्रणश्यन्ति कुलधर्माः सनातनाः।**' (**गीता, १/४०**)– भगवन्! कुलधर्म सनातन धर्म हो। '**उत्साद्यन्ते जातिधर्माः कुलधर्माश्च शाश्वताः।**'– जाति धर्म हो, यही शाश्वत छ। अर्जुनले कुलक्षय, पिण्डोदक क्रियाको समाप्ति, वर्णसंकर इत्यादि चार–पाँच आशंकाहरूलाई गन्ति गरायो, जसमा उसले जातिको पनि नाम लियो कि जाति धर्म हो। यसमा भगवान् श्रीकृष्णले हाँस्दै भन्नुभयो कि '**कुतस्त्वा कश्मलमिदं विषमे समुपस्थितम्।**' (**गीता, २/२**) तँलाई यस विषम–स्थलमा यो अज्ञान कहाँबाट उत्पन्न भयो? जे जति अर्जुनले भनेको थियो, भगवान्ले त्यसलाई अज्ञान ठम्याउनु भयो। अर्थात् जातिको आसक्ति पनि धर्म होइन, अज्ञान हो। त्यसपछि भगवान्ले धर्मको विस्तृत व्याख्या दिनुभयो, जसको लागि हेर्नुहोस् 'यथार्थ गीता'।

संक्षेपमा गीता (२/१६–२९)मा योगेश्वर श्रीकृष्णको अनुसार असत् वस्तुको अस्तित्व छैन र सत् वस्तुको कहिल्यै अभाव छैन। परमात्मा नै सत्य हो, शाश्वत हो, अजर–अमर–अपरिवर्तनशील र सनातन हो। तर त्यो परमात्मा अचिन्त्य र अगोचर छ, चित्तको तरंगहरूभन्दा पर छ। चित्तको निरोध गरेर त्यस परमात्मालाई पाउने विधि–विशेषको नाम यज्ञ हो। यज्ञ योग–साधनाको विधि हो। यस यज्ञलाई चरितार्थ गर्नु, कार्यरूप दिनु नै कर्म हो, दायित्व हो।

यसलाई राम्ररी आचरणमा ल्याउनु नै तपाईंको धर्म हो। यसै कर्मको विशेषतामाथी प्रकाश पार्दै योगेश्वर श्रीकृष्णले भन्नुभयो–

नेहाभिक्रम नाशोऽस्ति प्रत्यवायो न विद्यते।
स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात्।।

(गीता, २/४०)

अर्जुन! यस कर्मयोगमा आरम्भको नाश हुँदैन। यस कर्मरूपी धर्मको थोरै मात्र साधन जन्म–मृत्युको महान् भयबाट उद्धार गर्नेवाला हुन्छ अर्थात् यस कर्मलाई कार्यरूप दिनु नै धर्म हो।

यस नियत कर्म (साधन–पथ)लाई साधकको स्वभावमा उपलब्ध क्षमताको अनुसार चार भागहरूमा बाँडिएको छ। कर्मलाई बुझेर मानिसले जबदेखि आरम्भ गर्दछ, त्यस आरम्भिक अवस्थामा ऊ शूद्र हो। क्रमशः विधि पकड़मा आयो भने त्यही वैश्य हो। प्रकृतिको संघर्षलाई सहने क्षमता र शौर्य आएपछि त्यही व्यक्ति क्षत्रिय र ब्रह्मको तद्रूप हुने क्षमता, ज्ञान (वास्तविक जानकारी), विज्ञान (ईश्वरीय वाणी) पाउनु, त्यस अस्तित्वमाथी निर्भर रहने क्षमता– यस्ता योग्यताहरू आएपछि त्यही ब्राह्मण हो। यसैकारण योगेश्वर श्रीकृष्ण (गीता, अध्याय १८/४६–४७मा) भन्नुहुन्छ कि स्वभावमा पाइने क्षमताको अनुसार कर्ममा लाग्नु स्वधर्म हो। हलुको भए पनि स्वभावबाट उपलब्ध स्वधर्म श्रेयतर हुन्छ र क्षमता अर्जित नगरिकन नै अरूको उन्नत कर्मको परिपालन पनि हानिकारक हुन्छ। स्वधर्ममा मर्न पनि श्रेयस्कर छ; किनकि वस्त्र फेर्नेवाला त बदलिदैन। उसको साधनको क्रम त्यहींबाट फेरि आरम्भ हुनेछ, जहाँबाट छुटेको थियो। क्रमागत खुड़किलाहरूमा हिड़ेर त्यसले परमसिद्धि, अविनाशी पद पाउने छ।

यसैमा फेरि जोर दिनुहुन्छ कि जुन परमात्माबाट सबै प्राणीहरूका उत्पत्ति भएको छ, जो सबैतिर व्याप्त छ, स्वभावबाट उत्पन्न क्षमता अनुसार त्यसलाई राम्ररी पूजेर मानवले परमसिद्धि प्राप्त गर्दछ। अर्थात् निश्चित विधिद्वारा एक परमात्माको चिन्तन नै धर्म हो।

धर्ममा प्रवेश कसलाई छ? कर्म गर्ने अधिकार कसलाई छ?– यसलाई स्पष्ट पार्दै योगेश्वरले भन्नुभयो कि–

अपि चेत्सुदुराचारो भजते मामनन्यभाक्।
साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः।। (गीता, ९/३०)

अर्जुन! अत्यन्त दुराचारीले पनि यदि अनन्य भावले मलाई भज्दछ (अनन्य अर्थात् अन्य न), मलाई छोड़ेर अरू कसैलाई पनि न भजेर मात्र मलाई भज्दछ भने '**क्षिप्रं भवति धर्मात्मा**'– त्यो चाँडै नै धर्मात्मा हुनेछ, उनका आत्मा धर्मसंग संयुक्त हुन्छ। अतः श्रीकृष्णको अनुसार– धर्मात्मा त्यो हो जो एक परमात्मामा अनन्य निष्ठाको साथ लागेको छ। धर्मात्मा त्यो हो जो एक परमात्माको प्राप्तिको लागि नियत कर्मको आचरण गर्दछ। धर्मात्मा त्यो हो जो स्वभावबाट नियत क्षमताको अनुसार परमात्माको खोजीमा संलग्न छ।

अन्तमा निर्णय दिनुहुन्छ कि '**सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज।**' **(गीता, १८/६६)**– अर्जुन! सम्पूर्ण धर्मको चिन्ता छोड़ेर मेरो शरणमा आउ। अतः एक परमात्माप्रति समर्पित व्यक्ति नै धार्मिक हो। एक परमात्मामा श्रद्धा स्थिर गर्नु नै धर्म हो। त्यस एक परमात्माको प्राप्तिको निश्चित क्रियालाई गर्नु धर्म हो। यस स्थितिलाई प्राप्त महापुरुष, आत्मतृप्त महापुरुषहरूको सिद्धान्त नै सृष्टिमा एकमात्र धर्म हो। उनको शरणमा जानु पर्दछ कि ती महापुरुषहरूले कसरी त्यस परमात्मालाई पाए? कुन मार्गबाट हिड़े? त्यो मार्ग सधैं एउटै छ, त्यस मार्गबाट हिड्नु धर्म हो।

धर्म मानिसको आचरणको वस्तु हो। त्यो आचरण मात्र एउटा छ– '**व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन।**' **(गीता, २/४१)** यस कर्मयोगमा निश्चयात्मक क्रिया एउटै छ– इन्द्रियहरूको चेष्टा र मनको व्यापारलाई संयमित गरेर आत्मामा (परात्पर ब्रह्ममा) प्रवाहित गर्ने (४/२७)।

गीताको अनुसार धर्मको सही व्याख्यालाई मान्यता दिने हो भने त्यसको अन्तरालमा विभिन्न जातिहरू फुल्ने–फल्ने छन्, विकास गर्नेछन्। पूर्वजहरूले कुनै गौरव अर्जित गरे, कुनै पदक पाए, त्यो सम्मान नै यी जातिहरू हुन्। पूवर्जहरूद्वारा अर्जित सम्मानलाई त्याग्ने आवश्यकता छैन, त्यस वंश–मर्यादाको रक्षा पनि गर्नु पर्दछ; तर यसलाई नै शाश्वत–सनातन न भनौं। शाश्वत–सनातन त त्यसलाई नै भनौं जसलाई भगवान्ले भन्नुभयो, पूर्वका महापुरुषहरूले जसलाई पाए। त्यसलाई बुझ्नको लागि कुनै तत्त्वदर्शी महापुरुषको शरणमा जानु पर्दछ।

।। भन्नुहोस् सद्गुरुदेव भगवान्को जय।।

आर्य

जो सत्यमार्गमा दृढ़तापूर्वक टिकेको छ, आर्य हो। – **गीता**

भाग १ : 'जीवनादर्श एवं आत्मानुभूति' हेर्नुहोस्।
भाग २ : प्रस्तुत लेख।

भारतवर्षलाई धेरै प्राचीन वैदिक युगदेखि नै आर्यावर्त कहलाउने गौरव प्राप्त छ, जसको अर्थ हो आर्यहरूको निवास स्थान। एक ईश्वरप्रति आस्थावान र उसको प्राप्तिको लागि निर्धारित क्रियाको आचरण गर्नेहरूलाई आर्य भनिन्थ्यो, जसको बढ़ी संख्या यस पुण्यभूमिमा थियो। धार्मिक अनुष्ठानहरूको संकल्प गर्दा 'जम्बूद्वीपे भरतखण्डे आर्यावर्तिक क्षेत्रान्तर्गते' भनेर यस व्रतको स्मरणको परम्परा थियो; तर भारतमा प्रवेश गर्ने यूरोपीय जातिहरूले 'फूट डालो और राज्य करो' (फुट पार र राज्य गर)को योजना अन्तर्गत यो भ्रम सृजना गर्ने प्रयास गरे कि गोरो रंगको एउटा प्रजाति 'आर्य' यूरोपीय विदेशीहरू जस्तै भारतमा आए, जसले यहाँका मूल निवासी कालो द्रविड़हरूलाई दक्षिण भारततिर लखेटे। यसै विचारधारालाई मानेर कसै–कसैले यहाँसम्म भन्न लागेका छन् कि ब्राह्मण, क्षत्रिय, कायस्थ (सवर्ण जातिहरू) आर्य हुन् जो बाहिरबाट आएका हुन्। यसैकारण उनीहरूले अब यो देश छोड़ेर जानु पर्दछ। यहाँका मूल निवासी त सार्की इत्यादि दलित एवं पछाड़ि परेका जातिहरू हुन्। यस्तो विषाक्त वातावरणमा विचारणीय छ कि आर्य को हुन्? आर्यत्वको निर्धारण कसरी हुन्छ?

करीब सम्पूर्ण भारतमा यस प्रश्नबारे वादविवाद छ कि भारतमा आर्य कहाँबाट आए? वास्तविकता त यो हो कि आर्यत्व न कतैबाट आउँछ र न जान्छ। आर्य तपाईंहरू मध्येबाट नै कोही हुनजान्छ। विचारणीय त यो छ कि जब अंग्रेजहरू भारत आए, तब उनीहरूले नै यो प्रश्नको जन्म दिए। योभन्दा पहिले मुगल, तुर्क अथवा राजपूत युगमा यस्तो प्रश्नको कल्पनासम्म पनि थिएन। तत्सामयिक कुनै पनि इतिहासकारले यस्तो प्रश्न उठाएनन् कि आर्य कतै बाहिरबाट भारत आएका हुन्।

लार्ड मैकालेको प्रसिद्ध उक्ति छ कि कुनै देश वा जातिलाई सधैं-सधैंको लागि गुलाम पारेर राख्नु छ भने उसको भाषा, उसको इतिहास, उसको संस्कृति नष्ट गरिदिनु पर्छ। यसै मानसिकताको परिणाम यो प्रश्न हो कि आर्य कहाँबाट आए? यस दूषित योजनाको सूत्रपात् इटालियन व्यापारी फिलिप्पोले गरे, जसले १५८३ देखि १५८८ ई. सम्म भारतमा आफ्नो पाँच वर्षको निवासपछि पहिलो पटक यो घोषणा गऱ्यो कि भारतको प्राचीन भाषा संस्कृत र यूरोपका केही प्रमुख भाषाहरू निश्चित रूपले सम्बन्धित छन् र यस सम्बन्धको कारण तिनीहरूको एउटै उद्गम स्थान हो अर्थात् आर्यहरूको पूर्वज पनि यूरोपबाटै आएका थिए। मूलतः दुबै एउटै नस्लका हुन्।

सर विलियम जोन्सले संगठित रूपले यस विचारधारालाई गति प्रदान गरे, जसले १७८४मा बंगालको एशियाटिक सोसाइटीको स्थापनाको समयमा संकेत गऱ्यो कि ग्रीक, लेटीन, ग्रोथिक, संस्कृत र फारसी भाषाहरूको, जसलाई विद्वानहरूले इण्डो-यूरोपियन वा इण्डो-जर्मन भाषा-परिवार नाम दिए- मूल स्थान एक हो। यस उद्बोधनले विद्वानहरूलाई एउटा नयाँ दिशा प्रदान गऱ्यो। फलतः प्रजातीयताको निर्धारणामा भाषा एउटा महत्वपूर्ण साधन बन्यो। प्रसिद्ध जर्मन विद्वान मैक्समूलर, जो १८५०ई. मा आक्सफोर्ड विश्वविद्यालयमा भाषा विज्ञानको प्राध्यापक नियुक्त भएको थियो, ले भने कि आर्य शब्द प्रजातिको बोधक होइन बरू भाषासूचक शब्द मात्र हो, र जब हामी प्रजातिको रूपमा आर्य शब्दको व्यवहार गर्दछौं भने यसको अर्थ हो त्यो प्रजाति, जो आर्य-भाषा बोल्नेवाला हो।

डॉ. गाइल्सको विचार थियो कि आर्यहरूको मूल निवास आस्ट्रिया-हंगेरीको मैदान वा डेन्यूब नदीको घाटी थियो होला; किनकि आर्यहरूले घोड़ा, गाई, भेड़ा, बाख्रा आदि पाल्दथे र खेती गर्दथे। त्यहाँ पशुहरूलाई चराउने र कृषियोग्य भूमि थियो। यिनै सुविधाहरूको आधारमा पार्किन महोदयले रूसको दक्षिणी मैदानलाई आर्यहरूको आदिभूमि भएको सम्भावना व्यक्त गरे, केही विद्वानहरूले यसै आधारमा पोलैण्ड र कैस्पियन सागरको बीच आर्यहरूको आदि निवास रेखांकित गर्ने प्रयास गरे।

एडमर्ड मेयरको विचार छ कि आर्यहरूको मूल निवास काकेशस पर्वत वा पामीरको मरूभूमि नजिक थियो होला; किनकि यसै क्षेत्रको एल अमर्ना नामक स्थानको उत्खनन गर्दा एउटा रथ प्राप्त भएको छ जसलाई आर्यहरूको हो, भनिन्छ, जसको धुरामा भोजपत्र बाँधिएको छ जो काकेशस पर्वतमा नै पाइन्छ। अतः आर्य पहिले यहाँ बस्थे होलान्।

टर्कीको बोगाज नामक कुनै स्थानको उत्खननमा केही अभिलेखहरू प्राप्त भएका छन्, जसमा वरुण, इन्द्र देवताहरूको नाम र एक, तेर पंज, सत्त आदि संख्या लेखिएका छन्। देवताहरूको मिल्दो-जुल्दो नामहरूबाट मैक्समूलर महोदयले आर्यहरूको निवास मध्य एशिया भएको संभावना व्यक्त गरे।

केही विद्वानहरूको विचार छ कि सुनौलो कपाल भारोपीय जातिको विशेषता थियो, जसको स्थान जर्मन प्रदेश थियो होला। यूनानी देवता अपोलोको कपाल सुनौलो बताइएको छ। रोमन शासकहरूको कपाल खैरो थियो। प्रसिद्ध योगप्रणेता व्याकरणाचार्य महर्षि पतंजलिको अनुसार भारतका ब्राह्मणहरूको कपाल सुनौलो खैरो छ, अतः जर्मनीलाई आर्यहरूको मूल निवास मान्न उचित हुनेछ।

प्रजातिको अधारमा आर्यहरूको मूल निवासको शोधकर्ताहरूको अनुसार आर्यहरूले वायु, सूर्य, विद्युत, अग्नि इत्यादि प्राकृतिक शक्तिहरूले विचित्र कार्य गरेको देखेर डरले यिनीहरूलाई देवता माने। यही कारण हो कि भारतमा देवता धेरै छन्। सैन्धव सभ्यताको प्रणेता अनार्य थियो जो सिन्धु घाटीको मूल निवासी थियो। आर्यहरू र अनार्यहरूको दीर्घकालीन सहवासको फलस्वरूप दुबैमा विचारहरूको आदान-प्रदान भयो। अनार्यहरूको धर्म, उनीहरूको पूजा-पद्धति, अन्धविश्वासमा आधारित जादू-टोना इत्यादिले आर्यहरूमाथि क्रमशः आफ्नो प्रभाव जमाउन प्रारम्भ गर्न थाले। आर्यहरू चाहँदा नचाहँदै अनार्य संस्कृतिबाट अछूतो रहन सकेनन्। उनीहरूको चौथो वेद अथर्ववेदमा त जादू-टोना, भूत-प्रेत र अभिचार नै मंत्रहरूको वैराग्यमार्गी परम्पराले आर्य मनीषिहरूलाई पर्याप्त रूपमा प्रभावित गऱ्यो र ब्राह्मण-कालमा नै तप र त्यागतिर आर्यहरूको आकर्षण बढ्न थाल्यो। फलतः आर्यहरूले यति, मुनि

आदिको रूपमा वनहरूको शान्त वातावरणमा आफ्नो आश्रम बनाएर बस्न प्रारम्भ गरे र ब्राह्मण–ग्रन्थ लेखे।

उपर्युक्त व्याख्याबाट यो निष्कर्ष निस्किन्छ कि आर्यहरू मूर्ख थिए। सिन्धु घाटीमा आएपछि आर्यहरू केही सभ्य भए। जादू–टोना, वैराग्य मार्गी परम्परा इत्यादि उनीहरूले अनार्यबाट सिके। यस्तो प्रतीक हुन्छ कि यो संस्कृतिलाई मेटाएर हीनता जगाउने प्रयास हो। भारतको जुन–जुन जनजातिलाई आजका विद्धानले अनार्य भन्दछ, ती सबै पिछड्एका छन्। उनीहरूबाटै सबै पद्धतिहरू सिकेर यी आर्य सुसभ्य भए र ती अनार्यले पनि सिक्न सक्दैनन्। उनीहरूको लागि उनीहरूकै परम्परा पालना गर्नमा रोक लाग्यो कि शूद्र वैराग्य नलिउन्? पश्चिमेली मनीषिहरू देखाउन चाहन्छन् कि आर्य मूर्ख मात्र थिएन बरू कायर पनि थिए, जो तुच्छ प्राकृतिक शक्तिहरूबाट डराएर उनीहरूलाई देवता मान्न थाले वा उनीहरू प्रकृतिका सत्यहरूबाट अवगत थिएनन्। भन्न पनि न सकिने कुरा यो छ कि आर्य–चरित्रलाई लिएर पनि पश्चिमेली विचारकहरूले जे–जसो प्रचारित गरे त्यो उनीहरूको संकीर्ण मानसिकताको द्योतक हो।

सारांशतः पश्चिमेली विद्वानहरू मध्ये कसैले भाषा र पुरातत्वलाई, कसैले रुख–विरुवा–पशुहरू वा रहन–सहनलाई आधार बनाएर र यसबाट पनि आफ्नो मन्तव्यको पुष्टि न देखेर केही विद्वानहरूले शरीर विज्ञानलाई माध्यम बनाएर यो अडकल लगाए कि आर्य एशिया महादेशमा सीरीया वा टर्कीबाट, युरोपमा आष्ट्रिया, हंगेरी, जर्मनी, यूनान, यूक्रेन (रूस) इत्यादि देशहरूमध्ये कतैबाट भारत आएका होलान्। त्यस्तै प्रकारका पच्चीसौं मतहरू छन् जसमा दस–बाह्रले धेरै मान्यता प्राप्त गरेका छन्; तर जसले आर्य जीवन–पद्धतिमा बाँचे, जो आर्य थिए, उनीहरूले पनि आर्य शब्दको आशय बताएका छन्, आर्य संस्कृतिको परिचय प्रस्तुत गरेका छन्, आर्यत्वमा धेरै जोर दिएका छन्। वहाँहरूको आँखाले देखेको उपदेशलाई जस्तो कि भगवान् श्रीकृष्ण, भगवान् महावीर, भगवान् बुद्धको वक्तव्य, महात्मा वाल्मीकिको आदिकाव्य रामायण, महर्षि व्यासरचित महाभारत इत्यादि आर्षग्रन्थहरूमा स्थान–स्थानमा प्रयोग भएको आर्य शब्दको भावलाई कसैले पनि लिएनन्। यिनीहरू मध्ये कुनै एउटाको पनि उदाहरण यी युरोपिय विद्वानहरूले प्रस्तुत गरेका छैनन्।

भगवान् श्रीकृष्णको अनुसार, जो एक परमात्माको चिन्तनमा दृढ़ताको साथ प्रवृत्त छ, त्यो आर्य हो। सत्यमार्गमा जो दृढ़तापूर्वक टिकेको छ, त्यो आर्य हो। महाभारत युद्धको आरम्भमा अर्जुन कुलको रक्षालाई नै सनातन धर्म मानेर त्यसको लागि व्याकुल थियो, जसलाई भगवान्ले 'अनार्यजुष्टम्' भनेर निन्दा गर्नुभयो कि अर्जुन! यो अनार्यहरूको आचरण तिमीले कहाँबाट समात्यौ। आर्यपुरुषहरूको यो आचरण होइन, न यो कीर्ति बढ़ाउनेवाला र न कल्याण नै गर्नेवाला छ। जसमा कीर्ति छैन, कल्याण छैन, जुन आर्य-पद्धति होइन तब सिद्ध छ त्यो अज्ञान हो। सनातन एकमात्र आत्मा हो। जो आत्माको खोजीमा लागेको छ, आर्य हो।

भगवान् बुद्धको अनुसार पनि यही हो कि जो मरणधर्मा भएर पनि अमरत्वको खोजी गर्दछ, त्यो आर्य हो। दुःखमा बस्दा पनि शाश्वत सुखको खोजी गर्दछु, त्यो आर्य हो। यो आर्यत्वको अधिकतम कसी हो। तर यसको शुरूवात जहाँबाट हुन्छ त्यो निम्नतम सीमा हो आर्य संस्कारहरूको बीजारोपण (आर्य-सत्कर्महरूको एउटा लामो शृंखला), जसको पालन आर्य-संस्कृति हो।

आर्य-संस्कृतिको परिचय ऋषि वाल्मीकिको रामायणमा शुरूदेखि अन्तसम्म भरिभराउ छ। कुम्भकर्णलाई देखेर जब वानरी सेना भाग्न थाल्यो तब युवराज अंगदले आफ्नो सैनिकहरूलाई आश्वस्त गर्दै भनेका थिए, "शूरवीरहरू हो! हाम्रा पूर्वजहरूले ठूला-ठूला लड़ाईहरू लड़ेका थिए। उनीहरूले विजय प्राप्त गरेका थिए अथवा वीरगति प्राप्त गरेका थिए तर कहिल्यै पीठ्यूँ देखाएनन्, हामी उनै आर्यहरूको सन्तान हौं। आज पीठ्यू देखायो भने हामी अनार्य कहलाउनेछौं। शूरवीरहरू हो! आफ्नो सम्मान नहराउ। कालजस्तो भए पनि हामीले शत्रुलाई जित्नेछौं वा वीरगति प्राप्त गर्नेछौं।" सेना फर्केर आयो। यो थियो आर्य संस्कृति। आर्यले कहिल्यै पीठ्यू देखाउदैन।

पंचवटीमा स्वर्णमृगको आवाज सुनेर पनि लक्ष्मणलाई रामको सहायतामा न गएको देखेर सीताले झपार्न थालिन्- "कपटी अनार्य लक्ष्मण! तँलाई धिक्कार छ। तिमीले भरतको इशारामा ठूलो दाजुको भक्तिको अभिनय गरेर पछि-पछि लाग्यौ कि राम संकटमा परे भने सीतालाई म प्राप्त गर्ने

छु।" लक्ष्मणको धैर्य हरायो र उनले जानु पऱ्यो। आर्य कहिल्यै चरित्रबाट तल झर्दैन।

श्रीराम आर्य हुनुहुन्थ्यो। आदिकविले स्थान-स्थानमा आर्यशब्दद्वारा वहाँलाई सम्बोधित गर्नुभएको छ। हिन्दीमा रामकथाका अमरप्रणेता गोस्वामी तुलसीदासजीले पनि रामको लागि यो शब्दको प्रयोग गर्नुभयो '**आरज सुत पद कमल बिनु बादि जहाँ लगि नात।**' आर्यसंस्कृतिको एक झलक गोस्वामीजीको रामचरित मानसबाट हेरौं- '**रघुबंसिन्ह कर सहज सुभाऊ। मन कुपंथ पग धरइ न काऊ।।**' (१/२३०/५) सीताको रूपलाई देखेर श्रीरामको मनको भाव केही बदलियो। तब निष्कपट निश्छल श्रीरामले लक्ष्मणसंग भन्नुभयो कि भाई लक्ष्मण! यो सबैका कारण त विधाताले जानुन्। हुन त मलाई आफ्नो मनमाथी पूर्ण भरोसा छ जसले भूलेर पनि कुपंथमा कदम राखेको छैन। यो आर्यको सहज स्वभाव हो।

'**राम कहा सब कौशिक पाहीं। सरल सुभाउ छुआ छल नाहीं।।**' (**मानस, १/२३६/२**) निष्कपट भावले सम्पूर्ण प्रकरण रामले विश्वामित्रजीलाई पनि सुनाउनु भयो। यो आर्य-संस्कृति हो कि आर्य कपटरहित, छलरहित, मन-अन्तःकरणबाट सरल, परोपकारी, चरित्रवान र शरणागतवत्सल हुन्छन्।

आर्य शब्दको ठीक यही परिभाषा भगवान् महावीरले गर्नुभएको छ। वहाँको अनुसार जुन मानिस मनले सरल छ, वाणीले सरल छ, आचरणले सरल छ, कपटरहित छ, परोपकारी छ, जसले आफ्नो दोषहरूलाई लुकाउदैन तथा जसको यथार्थ दृष्टि छ, ऊ आर्यत्वलाई प्राप्त छ। ऊ शुद्ध आर्य हो। जो मानिस बाङ्गो छ, वाणीले आचारले बाङ्गो छ, मनले कपटी छ, मिथ्या दृष्टिवाला छ, ऊ अनार्य हो। आर्य एक दृष्टिको नाम हो, निष्ठा हो, स्थिति हो; न कि कुनै प्रजाति। तपाईंको एउटा साख्खै भाई आर्यत्व प्राप्त गरेर आर्य हुन सक्दछ र अर्को आर्यत्वबाट च्युत भएर असुर पनि हुन सक्दछ।

आर्यहरूमा भाई-भाईको प्रति सहृदयता, मित्र-व्यवहार, अतिथि सत्कार, स्त्री-पुरुषको निष्ठापूर्ण सम्बन्ध इत्यादि जीव-जगत्मा पाइने सम्पूर्ण व्यवहार निश्छल र आदर्श हुन्छन्। उनीहरू छिमेकिको हित गर्नेवाला हुन्छन्। माता-पिता-गुरुजनहरूको सेवा, रोगी तथा बृद्धजनहरूको निस्वार्थ टहल सेवा,

अरूको दुःख बाँड्ने, सहज कल्याण गर्ने, आर्यत्व प्राप्त पुरुषहरूको रहन-सहन हो। यसकारण भारतले परमकल्याणको उपदेश दियो, उनीहरूले कसैको सभ्यता सिक्ने प्रश्न नै उठ्दैन।

जनकल्याणको भावनाले प्रेरित भएर नै हाम्रा पूर्वजहरूले 'कृण्वन्तु विश्वमार्यम्'- सम्पूर्ण विश्वलाई नै आर्य बनाउने व्रत लिएका थिए। ती सत्यद्रष्टा यसैकारणले विश्वभरिमा फैलिए। जहाँ-जहाँ पनि तिनीहरू गए, त्यहाँको क्षेत्रीय भाषा सिके र त्यसको माध्यमबाट आर्य-प्रणाली ईश्वर-पथको उपदेश दिए। यही कारण हो कि भारतको संस्कृत भाषा र प्राचीन भारतीय सभ्यतासंग मिल्दो-जुल्दो पुरातात्विक अवशेष विश्वव्यापी छ, न कि केही शब्द कतै भेटियो भने त्यहाँबाट आएको भनेर अनुमान गर्ने। मानिसहरू यति पनि सोच्दैनन् कि आर्यहरूले त्यहाँबाट पूरा संस्कृत भाषा नै बाँधेर ल्याए र त्यहाँ केही शब्द नै बाँकी रह्यो। आर्यले वेद पनि लिएर आए र बाँकी रहेका परिवारहरूको लागि केही पनि छोडेनन्; किनकि विदेशमा मात्र भाषा भेटियो वेद होइन, इतिहास होइन, रहन-सहन पनि होइन।

भारतीय मनीषिहरूले सुतेका आत्माहरूलाई जगाए, परमात्माको रूपमा स्थिति दिलाए, तर नश्वर भौतिक सामग्रीहरूको संग्रहमा कहिल्यै रूचि लिएनन् किनकि यहाँ बच्चा-बच्चालाई आर्यशिक्षा प्राप्त हुनुको साथै यो ज्ञान हुन्छ कि सृष्टिमा के सत्य हो र के झुठो हो? यो व्यवहार उनीहरूको छ, जस-जसको आर्यभावमा अलिकति प्रवेश भएको हुन्छ, जसलाई आर्य-संस्कृति भनिन्छ। तर भगवान् श्रीकृष्णको अनुसार एक आत्मा नै सत्य हो। त्यसलाई प्राप्त गर्ने निश्चित, नियत विधिको आचरण नै आर्य-धर्म हो। यो आर्यत्वको पराकाष्ठा हो, त्यसको विशुद्ध स्वरूप हो। जबसम्म अनुभवी सद्गुरु भेटिदैन आर्यत्वको यो प्रशिक्षण पूर्ण हुँदैन।

आश्चर्य छ कि विलियम जोन्सको समयदेखि अर्थात् मात्र दुई सय वर्षदेखि यो प्रश्नलाई विद्यालयहरूमा पढ़ाएर प्रत्येक बच्चालाई भ्रममा पारी रहेका छन् कि आर्य कहाँबाट आए? तर वैदिक कालदेखि गौतम बुद्धको समयसम्म विश्वको कुना-कुनामा जो आर्य-संस्कृतिका ध्वजवाहक भए, जसको साहित्य आर्य-संस्कृतिको दर्पण हो, विभिन्न अड़कलहरूको माझमा उनीहरूको

सुस्पष्ट विचारहरूलाई उद्धृत गर्ने ध्यान कुनै शोधकर्तालाई किन आएन? ध्यान अवश्य आएको होला तर विदेशी शासकहरूको मनगढ़न्त मन्तव्यहरूमा सहायक नहुने, बरू विरोधी भएको हुनाले यस्ता शोधपत्रहरूले मान्यता पाउने थिएन, यसकारण मानिसहरूले सत्यबाट आँखा चिम्लिए। अतः तपाईं सबैले सधैं-सधैंको लागि यो बिर्सिनु होस् कि आर्य कतैबाट आउँछ-जान्छ। यो शब्द साधनासूचक हो, भाषा वा प्रजातिसूचक पटक्कै होइन। यस विवादलाई विराम दिएर कुनै तत्त्वदर्शी महापुरुषको शरणमा गएर आर्यत्वको गुणहरूलाई सिक्नु होस्। आर्य र देवता, अनार्य र असुर पर्यायवाची हुन्। कुनै समयमा देवासुर शब्दको साथै आर्य र असुर शब्द प्रचलनमा थियो, कालान्तरमा आर्य-अनार्य शब्दको प्रयोग हुन थाल्यो। आर्य शब्द जाति-पाँति, भेदभावबाट पर छ। विश्वभरिका मानव मात्र एक इकाई हो। प्रकृतिका लहरहरूबाट आतंकित भएर विश्वको कुनै पनि मानव जब आर्यत्वको शोधमा निस्कन्छ भने मृत्युबाट अमरत्वतिर, दुःखहरूबाट सहज सुखतिर गमन गर्दछ।

आर्य र अनार्य शब्दको प्रयोगले हाम्रो प्राचीन आर्षग्रन्थहरू भरिएका छन्। वाल्मीकि रामायणको अनुसार उत्तर भारतीय, दक्षिण भारतीय, सुग्रीवको परिवार, वानर-भालू जातिहरू सबै आर्य थिए। रावण जति अनार्य थियो उसको पूर्वज पुलस्त्य, विश्रवा तथा उसको साख्खै भाई विभीषण त्यत्ति नै आर्य थियो।

आर्य र अनार्य शब्दमाथी भगवान् बुद्धको विचार मज्झिम निकायको पाशराशि सुत्तमा संकलित छ। वहाँले सम्झाउनु भयो कि, "भिक्षुहरू हो! यस संसारमा दुई प्रकारका खोज (पर्येषण) छन्- आर्य र अनार्य। अनार्य खोज त्यसलाई भनिन्छ जो स्वयं जातधर्मा (जन्मनेवाला) भएर पनि जातधर्मको नै पर्येषण गर्दछ। स्वयं जराधर्मा (बूढ़ो हुने स्वभाववाला) भएर पनि जरा-धर्मको नै आह्वान गर्दछ, व्याधि-मरण-शोक र संक्लेशधर्मा भएर पनि यिनीहरू कै खोज गर्दछ। पुत्र र भार्या जातधर्मा हुन्। सुन-चाँदी तथा सृष्टिका सम्पूर्ण भोग सामग्री जातधर्मा हुन्। यिनीहरूमा जो पुरुष ग्रसित, मुर्च्छित र आसक्त भएर स्वयं जातधर्मा भएर अर्को जातधर्मा अर्थात् नश्वर पदार्थहरूको खोज गर्दछ- यो अनार्य खोज हो। तर भिक्षुहरू हो! कुनै-कुनै पुरुष स्वयं जातधर्मा

भए पनि, जातधर्मको दुष्परिणाम देखेर अजात (जन्मरहित), सर्वोत्तम, मंगलमय निर्वाणको खोजी गर्दछ। स्वयं व्याधिधर्मा (व्याधिरहित), मरणधर्मा (मरणरहित) अमृत, शोकधर्मा (शोकरहित), स्वयं संक्लेशधर्मा (मलरहित) अति उत्तम योगक्षेम, निर्वाणको खोजी गर्दछ– ऊ आर्य–पथमा छ।"

स्पष्ट छ कि आर्य एक पथ हो, मनको एउटा झुकाव हो, एक निर्धारित दिशा हो। तपाईंको एउटा साख्खै भाई आर्य, अर्को अनार्य हुन सक्दछ। एउटै व्यक्ति जीवनको कुनै क्षणमा आर्य र अर्को क्षणमा अनार्य हुन सक्दछ। कोही कहिले आस्तिक त कहिले नास्तिक हुन सक्दछ। जो त्यस अस्तित्वको उपासक छ, आस्तिक छ, ऊ आर्य हो। निष्ठाको साथ त्यस परमात्मालाई पाउने विधिको आचरण आर्य–शोध हो र यसको विपरीत जो अस्तित्वविहीन, नश्वर, क्षण–भंगुर यी शरीरहरूको कामना गर्दै भौंतारिदै हिड्छ, कतै–न–कतै ऊ अनार्य हो। यसैलाई महापुरुषहरूले कहिले विद्या र अविद्या भने, कसैले यसैलाई अन्तर्मुखी–बहिर्मुखी, सजातीय–विजातीय, दैवी सम्पद्–आसुरी सम्पद् भने। यो वृत्ति हो, एक प्रवृत्ति हो। सत्य–शोधको प्रवृत्ति आर्य हो। असत्य–शोधको प्रवृत्ति अनार्य हो। यसकारण पूरा संसार आर्य छ र पूरा संसार अनार्य छ। वेदमा छ कि 'कृण्वन्तु विश्वमार्यम्' अर्थात् विश्वलाई आर्य बनाऔं। आर्य बनाउन सकिन्छ, न कि जन्म वा स्थानबाट कोही आर्य हुन्छ।

संसारको सबैभन्दा प्राचीन पुस्तक वेददेखि गौतम बुद्धसम्म सबैले आर्यको अर्थ इष्टोन्मुखी प्रवृत्ति माने, गुणवाचक माने, न कि भारतभन्दा बाहिरबाट आउने कुनै जाति। हो, भारतमा त्यस परमात्माको शोधगर्नेहरू बढ़ी संख्यामा थिए, यसैकारण भारतलाई पहिले आर्यावर्त पनि भनिन्थ्यो। जुन समाजको बहुमत एक परमात्माको लागि संकल्पवान थियो, इन्द्रिय संयम र मनको निरोधको लागि जो प्रतिबद्ध थियो, उनीहरूको रहन–सहन, खान–पान, भेष–भूषा, शादी–विवाह, नियम–कानून सबै थोक सुसंस्कृत थियो, जसलाई आर्य–संस्कृति भनियो; तर आर्यहरूको जुन मूलक्रिया हो, त्यसमा भारतीयहरूको मात्रै वर्चस्व छैन। त्यो त विश्वको मानिस–मात्रको हो। आफूलाई ईसाई मान्ने पनि यदि त्यो अविनाशी परमात्माको खोजीमा तत्पर छ, जसमा अनन्त जीवन छ भने त्यो आर्य हो, अरू केही पनि होइन। मुसलमान नै किन नहोस् (सूफी

सन्तहरू जस्तै) एक परमात्माको लागि जो हृदय–मनले प्रयत्नशील छ, ऊ आर्य हो। शोधमा लागेको छ, आर्य नै हो। आर्यत्वको मुख्य चिनारी खान–पान, भेष–भूषा, रहन–सहनको तरिका वा सामाजिक व्यवस्था होइन बरू त्यो योगक्रिया हो, जसमा हिड़ेर जीवात्माले आफ्नो मूल परमात्मासम्मको दूरी पार गर्दछ। आर्यहरूको लागि सनातन साध्य हो। जो दैवी सम्पद्संग युक्त छ, त्यो आर्य हो। जो आसुरी सम्पद्संग युक्त छ, त्यो अनार्य हो। यिनै क्रियाहरूको अनुशीलन गर्नेहरूलाई आर्य भनियो। आर्यको अर्थ आर्यसमाजी होइन, आस्तिक हो। आर्य एउटा स्थिति हो।

।। ॐ।।

चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन।
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ।।

हे अर्जुन! '**सुकृतिनः**'– उत्तम अर्थात् नियत कर्म (जसको परिणाम श्रेयको प्राप्ति हो, उसलाई) गर्नेवाला, अर्थार्थी अर्थात् सकाम, '**आर्तः**' अर्थात् दुखबाट छुट्ने इच्छावाला '**जिज्ञासुः**' अर्थात् प्रत्यक्ष रूपबाट जान्ने इच्छावाला र '**ज्ञानी**' अर्थात् जो प्रवेशको स्थितिमा छन्– यी चार प्रकारका भक्तजनहरू मलाई भज्दछन्।

– यथार्थ गीता : श्रीमद्भगवद्गीता

(अध्याय ७, श्लोक १६)

गो-रक्षा

गो-रक्षा हाम्रो सनातन धर्म हो; तर पशु गाई धर्म होइन।

- स्वामी अड़गड़ानन्द

बन्धुहरू हो!

'गो-वध बन्द होस्'को नारा धेरै जसो लाग्दछ। धर्माचार्यहरूको अनशन र लाखौं रुँपैयाको चन्दा यसैको नामबाट हुने गर्दछ। यी सबैको परिणाम यति मात्र निस्केको छ कि यदि सन् १९४२मा १७,००० गाईहरू सधैं काटिन्थ्यो भने आज तिनीहरूको संख्या ५०,००० सम्म पुगी सकेको छ। विचारणीय छ कि के गाई हाम्रो धर्म हो? के यसको समर्थनमा हाम्रा पूर्वजहरूले वेद, गीता र रामचरितमानस जस्ता आर्षग्रन्थहरूमा केही भनेका छन्? यदि भनेका छैनन् भने यो एउटा धोखा हो। यसबाट हामी सबैले सतर्क हुनु पर्दछ।

गाईलाई धर्म मानेको कुपरिणाम सम्पूर्ण भारतले भोग्नु परेको छ। गाईको ओटबाट निशाना गरेर मुट्ठीभरिका तुर्कहरूले वीर राजपूतहरूलाई उनीहरूकै देशमा हराई दिए। अंग्रेजहरूले हिन्दू-मुसलमानहरूको बिचमा फूट हाल्नको लागि यसै गाईलाई साधन बनाए। स्वतन्त्र भारतको साम्प्रदायिक दंगाहरूमा गाई कतै न कतै अवश्य रहन्छ। यस पागलपनको मूलमा धारणा यो छ कि गाई हाम्रो धर्म हो। तर के तपाईंले यसको समर्थनमा प्रमाण दिन सक्नु हुन्छ?

श्रीरामचरितमानसको अनुसार भगवान्को अवतार चारवटा वस्तुको लागि मात्र हुन्छ- **'गो द्विज धेनु देव हितकारी। कृपा सिन्धु मानुष तनुधारी।।' (मानस, ५/३८/३), 'निज इच्छा प्रभु अवतरइ, सुर महि गो द्विज लागि।।' (मानस, ४/२६), 'बिप्र धेनु सुर सन्त हित, लीन्ह मनुज अवतार।।' (मानस, १/१९२)** इत्यादि।

जनसाधारणमा यिनै दोहा-चौपाईहरूको यो अर्थ प्रचलित छ कि भगवान्ले जहिले पनि अवतार लिनु हुन्छ भने पशुहरूमा एक पशु गाई-

विशेषको लागि र मानिसहरूमा एक–वर्ण विशेष ब्राह्मणहरूको लागि लिनुहुन्छ र त्यो द्विज समुदाय भारतमा मात्र पाइन्छ। जब गाई र ब्राह्मणमाथी विपत्ति आउँछ– **'सीदहिं बिप्र धेनु सुर धरनी।' (मानस, १/१२०/७)** तब भगवान्‌ले अवतार लिनुहुन्छ। यो विपत्ति ब्राह्मणबाहेक अरू जातिले नै ल्याउने छन्, भगवान्‌ले तिनीहरूलाई मारेर गो र द्विजलाई निर्भय बनाउनु हुन्छ। त्यसो भए प्रत्येक देश, प्रत्येक जातिका मानिसहरूले यस्तो भगवान्‌बाट कस्तो खालको आशा गरेर बसेका छन्? त्यसो भए के भगवान् सबैको लागि होइन? यो रामचरितमानसले भन्न के चाहन्छ? विचारणीय छ कि भगवान् गाईको लागि अवतार लिनुहुन्छ, तर गाईबाट पर हुनुहुन्छ। यो गाई कुन–चाहिं पासो हो, जसमा सम्पूर्ण संसार फँसेको छ; तर भगवान् त्यसबाट पर हनुहुन्छ। गाई के हो? यहाँ एउटा प्रश्न छ– **'माया गुन गो पार।'**

मानसको अनुसार भगवान्‌ले अवतार त लिनुभयो, तर न त द्विजको सहायता गर्नुभयो र न त एउटा पनि गाईलाई लंकाबाट छुटाउनु भयो। गौशाला वा गौचारण बनाउन पनि वहाँले कतै जोर दिनुभएन। अतः तपाईं विचार गर्नु होस् कि वास्तवमा गाई के हो? कतै कुनै भ्रान्तिले हाम्रो पछि लागिरहेको त छैन?

श्रीरामचरितमानसमा करीब सत्तरी पटक गाई शब्दको प्रयोग भएको छ, जसमा सत्रह पटक गाई मात्र उदाहरण छ, तेह्र पटक वस्तु छ, सम्पत्ति छ र करीब चालीस पटक 'गो'को प्रयोग इन्द्रियहरूको लागि गरिएको छ। उदाहरणको रूपमा गाईको प्रयोग हेरौं–

अधम निसाचर लीन्हें जाई।
जिमि मलेछ बस कपिला गाई।। (मानस, ३/२८/८)
भूप प्रतापभानु बल पाई।
कामधेनु भै भूमि सुहाई।। (मानस, १/१५४/१)
पैठत नगर सचिव सकुचाई।
जनु मारेसि गुर बाँभन गाई।। (मानस, २/१४६/३)

यहाँ गाई उदाहरण मात्र छ। यसै अर्थमा हेरौं–

स्याम सुरभि पय बिसद अति, गुनद करहिं सब पान।
गिरा ग्राम्य सिय राम जस, गावहिं सुनहिं सुजान।।
(मानस, १/१० ख)

गाई कालो रंगको भए पनि दूध गुणकारी भएकाले सबैले यसलाई पिउने गर्दछन्। यसैप्रकार ग्रामीन भाषामा लिखित यो कथा कालो गाई–जस्तै भए पनि सियारामको यश यसमा अंकित भएकोले सबैले यसलाई स्वीकार गर्नेछन्। यहाँ गाई उदाहरण मात्र हो, धर्म होइन।

रामजन्मको अवसरमा '**हाटक धेनु बसन मनि**' **(मानस, १/१९३)**– राजाले गाई दानमा दिए। विश्वामित्रको याचनामा दशरथले सहरोष भने, '**मागहु भूमि धेनु धन कोसा**' **(मानस, १/२०७/३)** जमिन, गाई, धन र खजाना सबै एउटा श्रेणिमा छन्। जनकजीले '**गज रथ तुरग दास अरू दासी। धेनु अलंकृत काम दुहासी।।**' **(मानस, १/३२५/४)** दाइजोमा दिए। हात्ती–घोड़ा जस्तै गाई पनि यहाँ एउटा वस्तुको रूपमा छ। पिताको मृत्युपछि भरतजी '**धेनु बाजि गज बाहन नाना।**' **(मानस, २/१६९/८)**को दान दिएर विशुद्ध भए। रामराज्यमा पनि विदेहनगर जस्तो '**मनभावती धेनु पय स्त्रवहीं।**' **(मानस, ७/२२/५)** मनले चाहे अनुसार दूध दिनेवाला गाईहरू थिइन्। थोरै मात्रामा दूध दिने गाईहरूलाई कहाँ पठाइएको थियो, यो त भनेन तर एउटा पनि थिएन। तात्पर्य यो हो कि हात्ती, घोड़ा, गाई, दास, दासी, वस्त्र, सुन र मणि लेन–देनका वस्तुहरू थिए, धर्म होइन।

अब आउनुहोस् ती चालीस प्रसंगहरू मध्येबाट केही केहीलाई हेरौं, जहाँ 'गो'शब्द इन्द्रियहरूको प्रतीक हो–

अनवद्य अखण्ड न गोचर गो।
सब रूप सदा सब होइन गो।। (मानस, ६/११० छन्द)

जो 'अनवद्य' अर्थात् निर्दोष छ, अखण्ड छ, तिनीहरू न त गोचर हुन्, न त गो नै हुन्। अर्थात् त्यो भगवान् न त इन्द्रियहरू हुन् र न ती विषयहरू हुन् जहाँबाट इन्द्रियहरूले आफ्नो आहार पाउछिन्।

सो नयन गोचर जासु गुन, नित नेति कहि श्रुति गावहीं।।
जिति पवन मन गो निरस करि, मुनि ध्यान कबहुँक पावहीं।।

आज मेरो आँखाको अगाड़ि त्यही भगवान् उपस्थित हुनुहुन्छ, 'न इति न इति' भनेर श्रुतिले जसको गायन गर्दछ, पवन र मनलाई जितेर तथा 'गो'लाई निरस गरेर मुनिहरूले कहिले काँहि नै भगवान्लाई ध्यानमा पाउँछन्। 'गो'लाई निरस पारेपछि मात्र भगवान् ध्यानमा आउनु हुन्छ। तब के गाईको दूध, रगत तथा हाड़हरू सुखाई दिएपछि भगवान् ध्यानमा आउनु हुन्छ। 'गो निरस'को तात्पर्य के हो? वास्तवमा 'गो'को अर्थ हो 'मनसमेत इन्द्रियहरू'। जबसम्म एउटा पनि इन्द्रियले एउटा पनि विषयमा अलिकति पनि रस लिन्छ तबसम्म ध्यानमा त्यही विषय आउँछ। तबसम्म ध्यानमा भगवान् कहिले पनि देखापर्नु हुन्न। भगवान् धमिलो हुनजानेछ। त्यसो भए कसरी पार्ने 'गो'लाई निरस?

बलं अप्रमेयं अनादि अजम्, अव्यक्त एकं गोचरम्।
गोविन्द गोपर द्वन्द हर, विज्ञान घन धरणी धरम्।।

भगवान्को बल अतुलनीय छ। उनी अनादि छन्, अजन्मा छन्, अव्यक्त छन्, एक छन्, अगोचर छन् अर्थात् इन्द्रियहरूको विषय होइन, तापनि यिनै इन्द्रियहरूको बीचमा हृदय–देशमा उनको निवास छ यसकारण उनी गोविन्द हुन्, वास्तवमा 'गो'भन्दा पर हुन्। उनी इन्द्रियहरूको द्वन्द्वलाई अपहरण गर्नेवाला हुन्। हामीले आफ्नो बुद्धिले यी विकारहरूबाट पार पाउन सक्दैनौं। इन्द्रियहरूमा यति क्षमता कहाँ छ कि यथार्थ निर्णय लिन सकोस्, कारण कि–

गो गोचर जहँ लगि मन जाई।
सो सब माया जानेहु भाई।। (मानस, ३/१४/३)

इन्द्रियहरू र इन्द्रियहरूको विषयमा जहाँसम्म मन जान्छ, बुद्धिले जहाँसम्म निर्णय लिन्छ त्यो सबै माया हो, यसैकारण तपाईंले आफ्नो भरमा 'गो'लाई निरस गर्न सक्नु हुन्न। यदि बुद्धि, विवेक वा विचारले कुनै निर्णय लिनु हुन्छ भने त्यो मायिक क्षेत्रको नै ठूलो–सानो निर्णय हुनेछ किनकि बुद्धिले यसपछिको हाल जान्दैन। यसकारण यी मनसमेत इन्द्रियहरू (गो)लाई निरस पार्नको लागि भगवान्को अवतार हुन्छ। भगवान् विज्ञान–घन हुनुहुन्छ, अनुभवस्वरूप हुनुहुन्छ। वहाँ आत्माबाट रथी भएर (अनुभव वा आन्तरिक निर्देशनहरूद्वारा) यस पृथ्वीलाई धारण गर्नुहुन्छ। यसै गाईको सुरक्षाको लागि भगवान्ले अवतार

लिनुहुन्छ। गो वा इन्द्रियजनित विकारहरूलाई हटाउनको लागि अवतारको व्यवस्था साधकको हृदयमा प्रसारित, तर कुनै–कुनै लगनशील साधकको हृदय–देशमा यो घटना घटित हुन्छ, अवतार हुन्छ।

गीता

गीताको उपदेश दिंदै योगेश्वर श्रीकृष्णले भन्नुभयो– सात्विक गुणको कार्यकालमा जसले शरीरको त्याग गर्दछ, उसले देव इत्यादि उन्नत योनिहरू प्राप्त गर्दछ। राजसी गुणको बढ़ोतरीमा शरीर त्याग्नेवाला मानव हुन्छ र तामसी गुणको कार्यकालमा जसले शरीरको त्याग गर्दछ, उसले पशु–पक्षी, कीरा–फट्यांग्रा इत्यादि अधम योनि प्राप्त गर्दछ। गीताको अनुसार पशु एक अधम योनि हो। जसले आफै निकृष्ट योनि भोगी रहेको छ, त्यो गाईले तपाईंलाई शाश्वत धाम कसरी दिनेछ? जो तपाईंभन्दा पनि गहिरो हिलोमा फसेको छ, त्यसले तपाइलाई त्यहाँबाट कसरी निकाल्न सक्छ?

योगेश्वर श्रीकृष्णको अनुसार– जसरी पुरानो वस्त्रलाई त्यागेर पुरुषले नयाँ वस्त्र धारण गर्दछ, ठीक त्यसै प्रकार भूतादिकहरूका स्वामी यो आत्माले पुरानो शरीरलाई त्यागेर संस्कारहरूको अनुसार नयाँ शरीर धारण गर्दछ। अर्जुन! यो शरीर अनित्य छ। जो स्वयं नश्वर छ, त्यो अधम शरीरले शाश्वत, सनातन धाम कसरी दिनेछ? यिनै शरीरहरू मध्येबाट गाई पनि एउटा शरीर हो, त्यो शाश्वत सनातन कसरी बन्न सक्छ?

आश्चर्य छ कि स्मृतिहरूमा र पुराणहरूमा गाईको पुच्छर समातेर त्यस्तो वैतरणीलाई पार गर्ने विधान छ, जसमा कुनै तरणीले काम गर्दैन। दिनहु सैकड़ौं मानिसहरूले गाईको पुच्छर तानेर त्यसलाई अधमरा बनाई दिन्छन्, ती पुजारीहरूलाई दया लाग्दैन। मरणासन्न भएकी गाईले तपाईंलाई वैतरणी पार गराई दिने छिन्, किनकि गाईको शरीरमा देवताहरूको निवास हुन्छ भनेर भनिएको छ। यदि गाईको मल–मूत्र, रौं–रौंमा देवताहरू छन् भने गाई अझ ठूलो धोका हो। डूबेर मर्नको लागि नै काफी दियो, त्यसमाथि यो देवता; देवता आफैं बगिरहेका छन्– **'भव प्रवाह संतत हम परे।' (मानस, ६/१०९/१२)** तपाईंहरू जस्तै उनीहरू पनि विचरा बगीरहेका छन्, के तपाईंलाई पार गर्न सक्लान्?

कृतकृत्य विभो सब बानर ए, निरखन्ति तवानन सादर ए।
धिग जीवन देव सरीर हरे, तव भक्ति बिना भव भूलि परे।।

(मानस, ६/११० छन्द)

यस देवशरीरलाई धिक्कार छ, तपाईंको भक्ति बिना '**भव भूलि परे**'- भवमा भूलेर बसेको छ।

महाभारतकारको निर्णय छ कि यस सृष्टिमा मानिस सर्वोत्कृष्ट छ- '**गुह्यं ब्रह्म तदीतं ब्रवीमि। न हि मानुषात् श्रेष्ठतरं हि किञ्चित्।**' श्रीकृष्ण भन्नु हुन्छ, अर्जुन! तिमी इन्द्रियहरूलाई सबैतिरबाट समेटेर मेरो नै चिन्तन गर। म प्रतिज्ञा गर्दछु कि तिमीले मेरो स्वरूपलाई प्राप्त गर्नेछौ। अर्थात् जस्तो स्वरूप श्रीकृष्णको छ त्यस्तै स्वरूपमा अर्जुन पनि स्थित हुनेछ। जुन मानिसले यसै स्वरूपमा त्यस स्थितिलाई प्राप्त गर्दैन श्रीकृष्णले उसलाई आत्महत्यारा भन्नु हुन्छ। स्पष्ट छ कि मानवको परमधर्म छ परमात्मालाई प्राप्त गर्नु। मानिस शरीर नै साधन-शरीर हो। देवताहरूले पनि मुक्तिको लागि यसै नर-तनबाट आशावान् छन्, जसलाई ठूलो सौभाग्यले तपाईंले प्राप्त गर्नुभएको छ। यो शरीरप्राप्तिमा तपाईं देवताहरू भन्दा पनि अगाड़ि हुनुहुन्छ; फेरि ढुङ्गा, पानी, पशु, पक्षी, रुख, विरुवा तपाईंको धर्म, तपाईंको आदर्श कसरी हुन सक्छन्।

योगेश्वर श्रीकृष्णको गीतामा दुई स्थानहरूमा गाईको स्पष्ट उल्लेख भएको पनि पाइन्छ। एउटा त वैश्य श्रेणीको साधनको लागि गो-रक्षा अर्थात् इन्द्रिय संयमको सन्दर्भमा र अर्को तत्त्वदर्शी महापुरुषहरूको रहनीको सन्दर्भमा कि यस्ता पंडितजन गाई, कुकुर, हात्ती, चाण्डालमा समान दृष्टिवाला हुन्छन्। उनीहरूको दृष्टिमा गाई न कुनै धर्म हो, न कुकुर कुनै अधर्म अथवा न विशाल शरीर भएको हात्तीले नै कुनै विशेषता राख्दछ, किनकि ती महापुरुषको दृष्टि छालामा होइन बरू सबैको हृदयमा आत्मिक संचारमाथी पर्दछ।

केही व्यक्तिहरू गाईको पछि यसकारण ज्यान दिन लागि परेका छन् कि श्रीकृष्णले गाई चराउँथे। यदुवंशमा जन्म र पालन-पोषण भएको थियो, गाई न चराएर हात्ती-घोड़ा कहाँबाट पाउँथे। रैदासले छाला पाए, कबीरले साँचा पाए, रामले धनुष पाए- तब के यी सबै धर्म भए? श्रीकृष्णले त एउटा चंचल बलरूपी धेनुकासुरलाई मारे। द्वारिकाधीश बनेपछि उनले एक दिन गाई चराउन पाएन।

पशुको रूपमा गाई धन हो– **'गोधन गजधन वाजिधन और रतन धन खान।'** प्राचीनकालमा गोधन एउटा विशिष्ट सम्पत्ति थियो। जोताई, रोपाई, मड़ाई, खराई, खाद–पानी, प्रदूषण निवारण, पौष्टिक आहार, वाहन र भारवाहक साधनको रूपमा यिनीहरूको उपयोगिता निश्चित रूपले थियो। गोवंश बढ़ाउने प्रति समाजको सतर्क दृष्टि थियो। जसरी नागासाकीलाई फेरि बसाउने प्रयासमा उनान्तीसवटा बच्चा पाएको महिलालाई त्यहाँ मदरलैण्डको उपाधिबाट सम्मानित गरियो, केही यस्तै प्रकारले गाईको उपयोगितालाई देखेर प्राचीनकालमा त्यसलाई 'गोमाता'को पदवी प्रदान गरियो थियो। जसरी आजकल सिंहलाई राष्ट्रिय पशु घोषित गरेर त्यसको हत्या गर्नेहरूलाई दण्डित गर्ने विधान छ, केहि यस्तै व्यवस्था प्राचीनकालमा गाईको लागि थियो। आज दण्डसंहिता छ, विधान छ; त्यो बेला स्मृतिहरू थिए।

वास्तवमा विशेषता गाईमा होइन, मानव मस्तिष्कमा छ, जसले गाईमा यति उपयोगिताको दर्शन गऱ्यो। विशेषता फलाममा होइन, अणुमा होइन बरू त्यस मानिसमा छ जसले त्यसको प्रयोग गरेर अन्तरिक्षमा उड़िरहेको छ, समुद्रको लहरहरूमा पौड़ी रहेको छ। आवश्यकतानुसार नयाँ आविष्कार गर्ने मानव–मस्तिष्कको स्वभाव हो। यसैकारण आधुनिक वैज्ञानिक उपकरणहरूको अगाड़ि गाई धनको स्थानबाट तल झरेकि छिन्। गोवंशको यस अवमूल्यनबाट मनमा जति चोट लागे पनि, गाईलाई धर्म भनेर भन्ने कति मानिसहरूले आफै गाई पाल्ने, चराउने गर्दछन्? सात्विक आहारमा फलहरूपछि गाईको दूधको नै स्थान छ, तब के फल धर्म हुन गयो? गाई मात्र सम्पत्ति हो र सबैको हो।

प्राचीनकालमा गाई विनिमयको माध्यम पनि थियो। आजकल रुपियाँले गरे जस्तै त्यो दिनहरूमा गाईको माध्यमबाट वस्तुहरू आपसमा साटिने गरिन्थ्यो। वैदिककालीन समाज व्यवस्थामा यसको व्यवहार आफ्नो चोटीमा थियो। यति मात्र होइन, 'सोमयाग'को प्रकरणमा त गाईद्वारा सोम लिनु आवश्यक मानिन्थ्यो। यसको संग्रह समृद्धिको प्रतीक थियो। त्यसैले त्यस समयका बुद्धिजीवी वर्गले गाईहरूलाई बढ़ीभन्दा बढ़ी पाउनको लागि नयाँ–नयाँ स्मृतिहरूको माध्यमले उद्योग गरे। सामाजिक स्मृतिहरू न्यायशास्त्र हुन्। दैनिक जीवनको प्रत्येक क्रियाकलापलाई पापको संज्ञादिनु र प्रत्येक पापको लागि

गाई दान दिने विधान उनीहरू कै देन हो। किनकि उनीहरूको जीविकाको लागि निर्धारित तीन साधन– भिक्षा, शीलोच्छवृत्ति र दान मध्ये मात्र दानको क्षेत्र बढ़ाउन सकिन्छ र त्यो उनीहरूले बढ़ाए पनि। न्याउरी–मुसा मार्दा पनि कम से कम दस गाईको दान दिने विधान छ मनुस्मृतिमा। प्रशासनलाई आफ्नो मुट्ठिमा राखेर धेरैजसो जनतालाई निरक्षर बनाएर उनीहरू नै धर्मको व्याख्या गर्ने बनेका थिए। उनीहरूले परिभाषाहरू बदले; जस्तो कि ऋषि त्यसलाई भनिन्छ जसले गुरुकुलमा पढ़ाउँछ। इन्द्रियहरूको स्थानमा 'गो'को समीकरण पशुमा प्रयोग गर्नु, पशु गाईलाई धर्मको नाममा प्रयोग गर्नु, महाराजाहरू वा महापुरुषहरूको नाम लिएर नयाँ–नयाँ नियम गढ़नु उनीहरूकै देन हो। यी स्मृतिहरू एक वर्ग–विशेषको भोजन–व्यवस्था बाहेक अरू केही होइनन्।

स्वतन्त्र भारतका प्रत्येक नागरिकसंग, जसले सौभाग्यले अब पढ़ने अधिकार पाएका छन्, ती सबैसंग मेरो यो नम्र निवेदन छ कि यी स्मृतिहरूलाई एकपटक अध्ययन गर्नुहोस्; किनकि अदालतहरूमा आज पनि हिन्दू–विधिको सम्बन्धमा, हिन्दू धर्मावलम्बिहरूलाई न्याय दिनको लागि स्मृतिहरूलाई नै प्रमाण मानिन्छ। त्याग, तपस्या र साधनको त कुरै छोड़नुस्, सम्पूर्ण स्मृतिमा एकपटक पनि भगवान्को नामसम्म आएको छैन र यो पनि लेखिएको छ कि पराशर स्मृति र वेद पढ़नु एउटै कुरा हो। तपाईंले यही पढ़नुहोस्, वेद न पढ़नुहोस्, तापनि तपाईं वेदज्ञ बन्नुहुन्छ।

यिनै स्मृतिकारहरूको देन हो कि आज हामी गाईको नश्वर शरीरमा सनातन धर्म देख्न लागेका छौं। हामीहरू घरमा बस्छौं, तर हाम्रो धर्म गोठमा बाँधिएका हुन्छन्। गोठालाहरू समेतले रुखको छायामा बस्छन्, तर हाम्रो धर्म जंगलमा घुम्दै रहन्छ। हाम्रो धर्मलाई सिंहले खाइदिन्छ, मर्दछ, कसैले पनि हाम्रो धर्मलाई बाँधेर लैजान सक्छ। गाईको पूजा तपाईंले गरिरहनु भएको छ तर उसले आशीर्वाद दिइरहेकि छिन् डेनमार्कमा, तब तर हाम्रो धर्म कता गयो। डेनमार्कको गाईले दूध दिनमा कीर्तिमान स्थापित गरिसकेकि छिन्। त्यहाँ उनीहरूले पूजा गर्दैनन्, नस्ल उत्पन्न गर्दछन्।

यदि गाई धर्म हो भने सबभन्दा बढ़ि धार्मिक पनि त्यही हुन्छ, जो गाईको धेरै नजिक हुन्छ र त्यो हो ग्वाला परिवार, जसले सयकड़ौं वर्षहरू,

पुस्तौंदेखि तिनै गाईको सेवा गर्दै आइरहेका छन्। आज न उनीहरूको शरीरमा वस्त्र छ र न खानको लागि पेटभरि अन्न। बुद्धिको स्तरमा मूर्ख–चौपट भनेर तिनीहरूको हाँसो गर्ने काम तपाईंहरूले नै गर्नुहुन्छ।

प्राचीन शास्त्रहरूमा मात्र होइन बरू हरेक युगको संतवाणीहरूमा पनि 'गो'को अर्थ इन्द्रियहरू नै हो। सन्त कबीरले गाईलाई काट्ने कुरा गर्नुहुन्छ–

माता मारि परम पद पावै, पिता बधे सुख होय।
गो काटे बैकुण्ठ सिधावै, सन्त कहावै सोय।।

श्रीकृष्ण भन्नुहुन्छ कि यस संसारमा त्रिगुणमयी प्रकृति नै आमा हुन् र म नै परम चैतन्य बीजरूपी पिता हूँ। यसै स्वरमा कबीरले पनि भन्नुहुन्छ कि जसले यस प्रकृतिरूपी आमाको दमन गर्दछ, त्यसले त्यो परमपदलाई पाउन सक्छ। उसैको नाम हो पिता र त्यो पद हो परमात्मा। उसको जानकारीको साथै ऊ पनि भिन्न रहँदैन, उसैमा विलय हुनजान्छ, जहाँ उसले सधैं रहनेवाला शाश्वत शान्ति, शाश्वत सुख प्राप्त गर्दछ। तर यी सबैको प्राप्तिको लागि 'गो' काट्नु नै एकमात्र साँचो हो। 'गो' माने यी इन्द्रियहरूको दौड़लाई जसले काटेर, संयत इन्द्रियहरूको स्वरूपलाई पनि मिटाई दिन्छ, ऊ त्यो प्रभुको प्राप्तिवाला हुन्छ र ऊ नै सन्त कहलाउने अधिकारी हो। यही कारण हो कि तुलसीदासजीलाई गोस्वामी भनिन्छ। एउटा गोठालालाई घड़ी हेर्न सिकाइयो। उसले साढ़े तीन त भन्न सक्थ्यो, तर तीन चालीस भन्न सकेन। बुद्धिको त यो हाल छ भने उसको समृद्धि कसरी होला। समृद्धिको मूल त बुद्धि हो, स्मृति हो र यहाँ त्यो नै छैन। पशु चराउँदा–चराउँदा मस्तिष्क पशुवत् हुन गयो, किनकि संगत पाएन। प्रचार गरिन्छ कि गाईले समृद्धि र मोक्ष दिन्छे, यिनीहरूलाई किन दिंदैन। आज त गो ग्वालवाल खुशहाल छन्; उनीहरूले ७० प्रतिशत भैंसी पाल्छन्, गाई होइन।

शास्त्रहरूको यो कथन अक्षरशः सत्य छ कि भगवान्ले गो र द्विजको लागि अवतार लिनुहुन्छ। तर त्यस 'गो'को अर्थ गाई नामक पशु होइन बरू मनसहित इन्द्रियहरू हो। इन्द्रियजन्य विकारहरूलाई हटाउनको लागि भगवान्को अवतार हुन्छ। यसैप्रकार संसाररूपी रातबाट जब योगी जाग्दछ, गर्भवासको यातनाहरूबाट अलग आत्मस्वरूपतिर अग्रसर हुनलाग्दछ तब ऊ द्विज हो।

द्वितीय जन्म पाएको छ यसकारण त्यो द्विज हो। यिनै भक्तहरू, साधकहरू, विरही अनुरागिहरूको लागि भगवान्‌को अवतार हुन्छ, न कि कुनै जाति वा पशुको लागि।

म यो भन्दिन कि तपाईंले गाईलाई न मान्नुहोस्। जब गोरक्षा न त आप्तपुरुषहरूको वाणीमा छ र न वरिष्ठ शास्त्रहरूमा नै यसको कतै उल्लेख छ, तब रूढ़ि समातेर किन बसेका छन्? यदि कतै लेखेको छ भने मानौं, देखाउनुभयो भने हामी पनि मान्नेछौं। यदि यो पहिले देखि नै चलनमा आएको छ जो भूलमात्र हो भने सुधार्नको लागि हामी सम्पूर्ण समाजलाई आह्वान गर्दछौं कि तपाईं साहसको साथ अगाड़ि आउनुस् होइन भने गाई प्रतिको यो पूर्वाग्रहले हामीलाई, तपाईंलाई, सबैलाई नष्ट गरेर छोड्नेछ।

निःसन्देह गाई उपयोगी पशु हो। मूल्यवान धनको सुरक्षा कसले चाहँदैन? तपाईं रक्षा गर्नुहोस्, तर 'गाई धर्म हो', 'गाई नै सनातन धर्म हो'– यस्तो भनेर समाजलाई दिशाहीन न गर्नुस्। विचार–विमर्शको लागि तपाईंको र तपाईंको सुझावहरूको सधैं स्वागत छ।

विशेष– ती प्रत्यक्षदर्शी महापुरुषहरूको यो निर्णय अक्षरशः सत्य छ कि भगवान्‌ले गो र द्विजको लागि नै अवतार लिनुहुन्छ; तर न त त्यस 'गो'को अर्थ गाई नामक पशु हो र न द्विजको अर्थ ब्राह्मण हो। यदि यी दुई मात्र अवतारको कारण र रक्षाका पात्र हुन् भने अरू सबै जातिहरूको के हुनेछ? तब त अरू सबैले परमात्माको संरक्षण पाउनको लागि, उनको दर्शन र प्रवेशको लागि कुनै अरू उदार धार्मिक संघलाई समात्नु पर्नेछ, किनकि भगवान् मात्र गाई र ब्राह्मणको लागि ओर्लनु हुन्छ तर शास्त्र र पूर्णत्व प्राप्त महापुरुषको वाणीमा यस्तो धोखा छैन।

शास्त्रमा 'गो'को अर्थ मनसमेत इन्द्रियहरू हुन्। इन्द्रियहरू प्रमथन स्वभाववाला छिन्। यिनीहरू सधैं विषयहरूतिर भाग्दछिन्। काम, क्रोध, लोभ, मोह र अनन्त वासनाहरूद्वारा यिनीहरू विकृत हुन्छिन्, अनन्त योनिहरूको कारण बन्दछिन्। यही नै गो–हत्या हो। त्यसैले सनातन परमात्माबाट दूरी पैदा गर्दछिन्। यसैकारण सनातनको रक्षाको उपाय गो–रक्षाद्वारा छ। यसको विपरीत

शम, दम र नियमहरूद्वारा इन्द्रियहरूलाई इष्टको आदेशको अनुरूप संयमित राख्नु गो–रक्षा हो। यही हाम्रो दायित्व हो, धर्म हो। गो–रक्षा हाम्रो सनातन धर्म हो किनकि विवेक, वैराग्य, धारणा, ध्यान, सतत् चिन्तन तथा त्यो परमात्माको निर्देशनहरूको अनुसार इन्द्रियहरूलाई ढाल्नाले त्यो सनातन, शाश्वत भनिएको अमृततत्त्व विदित हुनजान्छ।

इष्टको अनुरूप संयत इन्द्रियहरूले ब्रह्मपीयूष धारण गर्न थाल्दछिन्, त्यसबाट ईश्वरीय आनन्दको अनुभूति हुन थाल्दछ, तब यही नन्दिनी हुन्। जसमा ईश्वरीय आनन्द जागृत छ, यस्ता महापुरुषहरूको सान्निध्य र वहाँहरूद्वारा निर्दिष्ट साना–तिना सेवाबाट कामनाहरूको स्वाभाविक पूर्ति हुनथाल्दछ। (जस्तो कि पूर्व महापुरुषहरूको गाई राजाहरूले चराउने गर्दथे) र जब यही संयत इन्द्रियहरू ईश्वरको तद्रूप खड़ा हुन्छिन्, तब यिनीहरू सबै कामनाहरूको पूर्ति गर्नेवाला हुनजान्छिन्, यसकारण कामधेनु हुन्। त्यो महापुरुषको इच्छा इच्छा–शक्तिमा बदलिन्छ। यहाँसम्म कि भगवान् आफैले उसको इच्छाको पूर्ति गर्न थाल्नु हुन्छ।

जो इच्छा करिहहु मन माहीं।
हरि प्रसाद कछु दुर्लभ नाहीं।। (मानस, ७/११३/४)

कामधेनु कुनै पशु होइन, जसले मन पर्ने परिकार पस्कि दिन्छिन्, अथवा कल्पवृक्ष जस्तो कुनै काल्पनिक वृक्ष हुँदैन। वास्तवमा '**सुनु सेवक सुरतरु सुरधेनु**'– भगवान् नै सेवकको लागि कल्पवृक्ष र कामधेनु बन्नु हुन्छ। उसको कामनाहरू पूरा हुन लाग्छिन्।

निःसन्देह गो–विकृतिबाट (इन्द्रियहरूको विकृतिबाट) नरक हुन्छ, अनन्त योनिहरू हुन्छ र 'गो'लाई राम्ररी संयत राख्नाले शाश्वत धाम हुन्छ। यसैमा हाम्रो शाश्वत सनातन धर्म टिकेको छ, किनकि यही सनातन परमात्माको उपलब्धिको तरीका हो र संसारभरिमा यही छ।

।। ॐ शान्तिः शान्तिः शान्तिः ।।

समीक्षा

शंका-समाधान

श्रीपरमहंस आश्रम जगतानन्दद्वारा प्रकाशित पुस्तिका 'पशु गाय धर्म नहीं' माथी आक्षेप गर्दै चित्रकूटका एक समादरणीय आचार्यले पुस्तिका लेख्नुभएको छ– 'सनातन धर्मको विग्रह स्वरूपा गौ माता'। वहाँको भनाई छ कि गाई भगवान् हो, मोक्ष पाइन्छ भने गाईद्वारा पाइन्छ; यसैकारण त्यसको पूजा गर। अथर्ववेद ९/७/१–२६को गोपरक अर्थ लगाएर वहाँको भनाई छ कि गाईको शरीरमा देवता बस्दछन्। प्रजापति परमेष्ठी यसको सींगमा छ, टाउकोमा इन्द्र, निधारमा अग्नि, घाँटीमा यमराज, मस्तिष्कमा चन्द्रमा छ। माथिको जबड़ा द्युलोक, तलको जबड़ा पृथ्वीलोक, जिब्रो बिजुलीको चमक र मरूत दाँत हुन्। पीठ्यूको हाड़ रुद्र हुन्, वायु देवता पुच्छर हुन्। जब यो पूर्वतिर मुख गरेर उभिन्छे तब इन्द्र हो, यो नै जब दक्षिणोन्मुख उभिएको हुन्छे तब यमराज हो। यसप्रकार जति पनि देवता छन्, सबै गाईमा नै निवास गर्दछन्। गाई के हो पूरा देव–समूह हो। सबै शक्तिशाली देवता यसमा निवास गर्दछन्। वज्रधारी इन्द्र, दण्डधारी यम उसको अन्तरालमा छन्।

ती देवताहरूले गाईको रक्षा त गर्नु पर्दछ; जबकि दक्षिणमा नै धेरै काटिन्छिन्। अमृत जसको नाइटोमा छ, ती गाईहरू भारतकै कैयौं राज्यहरूमा काटिन्छिन्, विश्वको त कुरै छोड़ौं।

वास्तवमा अथर्ववेदको नवौं काण्ड, चतुर्थ अनुवाक्, सप्तम सूक्तको यी मंत्रहरूमा कुनै गाईको वर्णन छैन, किनकि यसको तेह्रौं मन्त्र हो– '**क्रोधो वृक्को मन्युराण्डौ प्रजा शेपः।**'– क्रोध नै यसका दुबै वृक्क हुन्, मन्यु (तेज) दुबै अण्डकोश र प्रजा जननेन्द्रिय हुन्। यो उक्ति गाई–जस्तो स्त्रीलिंगीय पशुको लागि चरितार्थ हुँदैन।

यस्तो नै कल्पना अथर्ववेद, नवम काण्ड, चतुर्थ सूक्त (ऋषभ सूक्त)मा पनि देख्न पाइन्छ। जसमा भनिएको छ कि देवताहरूले ऋषभको दुबै कुल्हामा (कुहिनोमा) बृहस्पति, पुच्छरमा वायुदेव, पेडूमा (पिडुल्लामा) सूर्यलोक इत्यादिको कल्पना गरे। जसले ब्राह्मण ऋषभलाई प्रसन्न पार्दछ, त्यो शतयाजी हुन्छ, अग्निले त्यसलाई पोल्दैन, सबै देवता उसलाई तृप्त गर्दछन्।

प्रश्न उठ्छ– त्यो ऋषभ के हो? के कुनै साँढे हो? होइन, किनकि यजुर्वेदको सत्रौं अध्यायको एकानब्बे मन्त्रमा चार सींगवाला वृषभको वर्णन छ भने अथर्ववेद ४/५/१मा '**सहस्त्र शृङ्गो वृषभो**'– हजारौं सींगवाला गोरूको वर्णन छ। यजुर्वेद ९/११मा यसको रहस्य स्पष्ट गर्दै भन्नुहुन्छ– '**इन्द्रस्य रूपमृषभो**'। अतः यो इन्द्र, ऋषभ परमात्मा नै हुन्, कुनै साँढे होइन र गाई त कदापि होइन।

ऋग्वेदीय ऐतरेयोपनिषद्को अनुसार गाईको शरीरमा त कुनै देवता बस्दै बस्दैन। कुनै देवताले गाईको शरीरलाई मनपराएका पनि छैनन्। यस उपनिषद्को प्रथम अध्याय, द्वितीय खण्डको चार मन्त्रहरूमा छ कि परमात्माद्वारा रचिएका सबै देवताले भने कि हाम्रो लागि एउटा यस्तो स्थानको व्यवस्था गरिदिनुस् जसमा बसेर हामीहरू अन्न भक्षण गर्न सकौं। परमात्माले ती देवताहरूको लागि गाईको शरीर लिएर आउनुभयो। त्यसलाई देखेर उनीहरूले भने कि यो हाम्रो लागि पर्याप्त छैन। उनीहरूले यस्तो भनेपछि परमात्माले उनीहरूको लागि घोड़ाको शरीर ल्याउनुभयो। उनीहरूले भने कि यो पनि हाम्रो लागि पर्याप्त छैन। तब परमात्माले उनीहरूको लागि मानिसको शरीर ल्याउनु भयो। उनीहरूले भने– बस! यो धेरै राम्रो बन्न गयो। साच्चै नै मानिस शरीर सुन्दर रचना हो।

यहाँ गाईको शरीरभन्दा मानव–शरीरलाई श्रेष्ठ मानियो। परमात्माले ती सबै देवताहरूसंग भन्यो कि आ–आफ्नो योग्य स्थान हेरेर यस शरीरमा प्रविष्ट होऊ, तब अग्नि देवता वाक् इन्द्रिय बनेर मुखमा प्रविष्ट भए, वायु देवता प्राण बनेर नासिका छिद्रमा प्रविष्ट भए, दिशाहरू कानमा र चन्द्रमा मन बनेर हृदयमा प्रविष्ट भए। यही कुरा गोस्वामी तुलसीदासजी भन्नुहुन्छ कि '**इन्द्रि द्वार झरोखा नाना। तहँ तहँ सुर बैठे करि थाना।।**' (**मानस, ७/११७/११**) देवता मानव–शरीर भित्र छन्, बाहिर कतै छदैं छैनन्; त्यो पनि दैवी र आसुरी वृत्तिहरूको रूपमा, जस्तो कि गीतामा योगेश्वर श्रीकृष्ण पनि भन्नुहुन्छ। कसले भन्दछ कि देवताहरू गाईको शरीरमा बस्दछन्?

* एक स्थानमा लेख्नुहुन्छ कि त्रिपुरासुरले अमृतको कुण्ड चोऱ्यो, जसको प्रभावले गर्दा ऊ मरिरहेको थिएन। तब भगवान् विष्णुले गाईको

रूप धारण गर्नुभयो, ब्रह्मालाई बाच्छो बन्न लगाए र पूरा अमृत पिए। राक्षस मारियो। सफलता पाइयो। यसैकारण गाईलाई मान्नु पर्दछ, किनकि गाई विष्णुस्वरूपा भइन्।

विष्णुले त भस्मासुरबाट शंकरको रक्षाको लागि एकपटक मोहिनी रूप धारण गरे, सागर–मंथनको बेला मोहिनी रूपद्वारा नै राक्षसहरूमा सुराको वितरण गरे, त्यसो भए के सौन्दर्यस्वरूपा सबै स्त्रीहरूको पूजा गर्दै हिड्ने? **'समर जलंधर सन सब हारे।' (मानस, १/१२२/५)** आफ्नो पत्नीको सतित्वको प्रभावबाट जलंधर मरिरहेको थिएन, तब **'छल करि टारेउ तासु ब्रत' (मानस, १/१२३)** यिनै विष्णुले छल गरे। जलंधरको रूप बनाएर उसको पत्नीको सतित्व नष्ट गरे। सफलता पाए। राक्षस मारियो। यदि एक पटक एउटा गाईको रूप बनाउनाले सबै गाईहरू पूज्य छन्, तब त सबै चारित्रिक मर्यादाको उल्लंघन गर्नेहरू विष्णुरूप नै हुन्। गर न पूजा! मत्स्यावतार, कच्छपावतार, वराह अवतारको नाताले माछा, कछुआ वा सुंगुर कसैलाई पनि पूजिदैन, भने गाईप्रति नै आसक्ति किन? ब्रह्मा–विष्णु–शिवले सृष्टिको संचालन गर्दछन्। जसरी काम चल्छ उनीहरूले चलाउँनै छन्। यसमा पूज्ने कुरा कहाँबाट आयो?

* प्रायश्चित तत्व, मदन पारिजात, अपरार्क इत्यादि अर्वाचीन पुस्तकहरूमा गोमती विद्याको वर्णन छ जसमा गो–हत्याबाट शुद्धिको लागि गाईहरूको प्रशंसामा भनिएको छ कि गाईहरू ब्रह्माका पुत्री हुन्। ब्राह्मण र गाई एउटै कुलका हुन् र दुई भागहरूमा बाँड़िएका छन् जस मध्ये ब्राह्मणहरूमा वैदिक मन्त्र निवास गर्दछन् र गाईहरूमा देवताहरूको लागि आहुतिहरू रहन्छन्।

वास्तवमा ब्रह्मा र ब्रह्माको सृष्टि दुबै नश्वर हुन्। **'आब्रह्मभुवनाल्लोकाः पुनरावर्तिनोऽर्जुन।'**– ब्रह्मा र उसको सृष्टि पुनर्जन्मको परिधिमा आउँछन्। जब ऊ नै शाश्वत र सनातन छैन भने ऊद्वारा उत्पन्न गाई सनातन धर्म कसरी भयो? उसको भजन किन गर्दैनौं जो जन्म–मरणको सीमाभन्दा पर छ। **'मामुपेत्य तु कौन्तेय पुनर्जन्म न विद्यते।' (गीता, ८/१६)**– मलाई प्राप्त गरेपछि उसको पुनर्जन्म हुँदैन, अतः **'भजस्व माम्'**– मेरो भजन गर। गाई अथवा अरू कसैको होइन।

रामचरितमानसमा छ कि '**विधि प्रपंच गुन अवगुन साना।**' प्रपंच के हो? भन्नुहुन्छ कि– '**दानव देव ऊँच अरू नीचु। अमिअ सुजीवन माहुर मीचू।।**' (**मानस, १/५/६**), '**सरग नरक अनुराग बिरागा। निगमागम गुन दोष विभागा।।**' (**मानस, १/५/९**) स्वर्ग–नरक, दानव–देवता, स्थावर, जड़–चेतन सबै विधाताका प्रपंच हुन् जसमा गाई पनि छ। तपाईं प्रपंचको, जंजालको वा धोखाको पूजा किन गर्नुहुन्छ?

श्रृंगवेरपुरमा निषादराज गुहलाई सांत्वना दिंदै लक्ष्मणले भन्नुभयो कि जगत्को जाल के हो– '**धरनि धामु धनु पुर परिवारू। सरगु नरकु जहँ लगि व्यवहारू।।**' (**मानस, २/९१/७**) स्वर्ग र नरक पनि जगत्को नै जाल हो, यसको बारेमा सोच्नु पनि मोह हो, अज्ञान हो, परमार्थ होइन र तपाईं यसलाई पूजने कुरा गर्नुहुन्छ? त्यसो भए परमार्थ के हो? तब '**सखा परम परमारथु एहू। मन क्रम वचन राम पद नेहू।।**' (**अयोध्याकाण्ड, ९२/६**) मन, कर्म र वचन तीनवटैलाई राममा लगाउनु छ। अब तपाईंसंग बचेको के छ, जसलाई गाईको पूजामा लगाउनु हुन्छ?

भगत भूमि भूसुर सुरभि, सुर हित लागि कृपाल।
करत चरित धरि मनुज तनु, सुनत मिटहिं जग जाल।।

(**मानस, २/९३**)

परम प्रभु श्रीराम भक्तको भूमि, इन्द्रियहरूमा दैवी सम्पद्को विकासको लागि, अमलात्मा भूसुरको हितको लागि कुनै भाग्यशाली मानिसको शरीरलाई धारण गर्दछ, उसको अन्तरालमा चरित्र लाग्दछन्, यस चरित्रलाई जसले सुन्दछ अर्थात् परमात्माको आवाजलाई सुन्दछ, त्यसमा दृढ़तापूर्वक हिड्दछ उसको लागि जगत्को जाल मेटिन जान्छ।

सखा समुझि अस परिहरि मोहू।
सिय रघुबीर चरन रत होहू।। (**मानस, २/९३/१**)

हे सखा! यस्तो बुझेर मोहलाई त्यागेर सीतारामजीको चरणमा अनुरक्त होऊ। मोह के हो? धरणि, धाम, धन, स्वर्ग–नरक, देवी–देवता जसमा गाई पनि पर्दछ– यसको त्याग गर। र प्रेम कोसंग गर्नुछ? भगवान्संग, कुनै गाई–गोरुसंग होइन।

यहाँ अवतरण–विधितिर पनि विज्ञजनहरूको ध्यानाकर्षण अप्रासंगिक हुने छैन। अवतारको शाब्दिक अर्थ माथिबाट तल ओर्लनु, शरीर धारण गर्नु वा प्रादुर्भाव हो। यसको केही झलक वैदिक वाङ्मयमा हेर्न पाइन्छ, जसमा भनिएको छ कि त्यो एक परमात्मा नै सत् हो। त्यही इन्द्र, वरुण, मित्र र अर्यमा छ (ऋग्वेद, १/१६४/४६)। अवतार कसरी हुन्थ्यो? ऋग्वेदको दशम मण्डल एक सय पच्चीसौं सूक्तको पाँचौं ऋचामा छ कि '**यं कामये तमुग्रं कृणोमि तं ब्रह्माणं तमृषि तं सुमेधाम्**' जसलाई म चाहन्छु उसलाई तेजस्वी, ब्रह्मज्ञाता ब्राह्मण, ऋषि तथा निर्मल मेधायुक्त पारिदिन्छु। यसै विचारधाराको समर्थन कठोपनिषद्को प्रथम अध्याय, द्वितीय वल्ली, तेइसौं मन्त्रमा छ कि '**नायमात्मा प्रवचनेन लभ्यो न मेधया न बहुना श्रुतेन। यमेवैष वृणुते तेन लभ्यस्तस्यैष आत्मा विवृणुते तनुँ स्वाम्।**'– यो आत्मा न त प्रवचनद्वारा, न विशिष्ट बुद्धिद्वारा र न धेरै थोक सुन्नेलाई प्राप्त हुन सक्दछ। त्यसतिर हिड्ने हजारौं, लाखौं पथिकहरू मध्येबाट जसलाई उसले वरण (चयन) गर्दछ, त्यसैले उसलाई देख्न पाउँछ। उसको निर्देशनमा हिड़ेर त्यसले उसलाई जान्न पाउँछ। भगवान् सबैको हृदयमा हुनुहुन्छ तर वहाँलाई उसैले देख्न पाउँछ, जसको वहाँले वरण गर्नुहुन्छ। '**सब घट मेरा साइयाँ, सूनी सेज न कोय।**'– प्रभु सबैतिर हुनुहुन्छ तर जान्न उसैले पाउँछ जसमा वहाँ अवतरित हुन्छ। यसैलाई गोस्वामीजी भन्नुहुन्छ– '**सो केवल भगतन हित लागि।**' (**मानस, १/१२/५**), '**कृपासिन्धु जन हित तन धरहीं।**' (**मानस, १/१२१/१**) भगवान्ले मात्र भक्तको हितको लागि शरीर धारण गर्नुहुन्छ। कुनै अव्यक्त स्वरूपलाई प्राप्त महापुरुषद्वारा लगनशील साधकको हृदयमा जागृत हुनजान्छ। अवतरणको यो नै वेदोक्त तरीका हो। गाईको लागि अवतार वेदमा कतै छँदै छैन। अवतार कुनै योगीको हृदयमा हुन्छ, बाहिर कतै पनि होइन।

* यी सबै आक्षेपहरूबाट बच्नको लागि लेखक महोदयले भन्नुहुन्छ कि गाई विधाताको सृष्टिभन्दा बाहिर छ, लोकेतर छ। उसले स्वेच्छाले पशु शरीर धारण गरेको छ। उसको पशु–जस्तो आहार–विहार र शरीर–त्याग पनि लीलामात्र हो, लोकहितको लागि हो।

गाई के भयो, भगवान् नै भयो। ठीक छ, यदि गाई पशु हो भने उसको

कुनै अर्को नाम राख्नुहोस्, तर भगवान् कसरी भयो? गाई शरीरधारी हो, आँखाले देख्न सकिने, बुद्धिले चिन्न सकिने, जबकि ती प्रभु मन–बुद्धिबाट पर हुनुहुन्छ।

गाईले मानव हितको लागि नै अवतार लिएको छ भने कसैले आफ्नो हित संझयो उसको दूध–दही तथा घीउमा, कसैले हित संझयो उसको छाला–हाड़–मांस–मज्जा र गोरोचनबाट बनेका औषधिहरूमा, तब नराम्रो के छ? यो त भनिएको छैन कि हित कसरी सम्झिने?

महाभारतको लड़ाई मैदानमा दिव्यास्त्रहरूको प्रभाव जसमाथी परेन, त्यही श्रीकृष्णले साधारण शिकारीको एउटा बाण स्वीकार गरेर आफ्नो लीलाको संवरण गर्नुभयो। यदि गाईले पनि लीलाबाट नै शरीर त्याग्छे भने उसलाई लीला गर्न देऊ, उसको लीलामा अवरोध कसले उत्पन्न गर्न सक्छ।

लेखकको अनुसार गाईमाथी संकट आउने वित्तिकै भगवान्ले अवतार लिनु हुनेछ। यदि गाईको रक्षा त्यही बेला हुन्छ जब भगवान् आउनुहुन्छ भने बीचमा मानिसहरू किन परेशान छन्? यदि गाई अरक्षित छिन् रक्षाको लागि तपाईंसंग आशावान छिन् भने तपाईंको रक्षा कसरी गर्छे? जो गाईसमेत सबैको रक्षक छ, **'जाकर तैं** (गाई) **दासी सो अबिनासी, हमरेउ तोर सहाई।' (मानस, ७/१८३ छन्द)**– त्यो अविनाशी भगवान्लाई किन भज्दैनौं?

भगवान्को अवतार चाँड़ै होस् भनेर नारद–जस्तो महर्षिले कंसद्वारा देवकीका छवटा अबोध र निरपराध शिशुहरूको हत्या गराई दिए। एक महात्माले यस्तो हत्याको लागि प्रोत्साहन दिनु के शोभा दिन्छ? उनले गाई मार्न लगाई रहेको थिएन, मानव बालकहरूलाई मार्न लगाई रहेको थियो, त्यो पनि श्रीकृष्णका साखै दाजुहरूलाई! तापनि नारदलाई पाप लागेन। श्रीकृष्णकहाँ उनको आवत–जावत र सम्मान पहिले जस्तै रह्यो। अतः कम से कम महात्माहरूले यो संकट नारद–जस्तै चरम सीमासम्म पुऱ्याउनु पर्दछ, जसले गर्दा अवतार लिने कुरा भगवान्ले केहि गरी बिर्सी न जाउन्।

* लेखकले कवि कुलगुरु कालिदास प्रणीत 'रघुवंश' महाकाव्यको उद्धरण दिनुभएको छ कि महाराज दिलीपले गो–सेवा गरे, जसले गर्दा उनले पुत्र प्राप्त गरे।

दिलीप चक्रवर्ती नरेश थिए। यदि गाई चराउनाले मात्र संतान उत्पन्न हुन्थ्यो भने आफ्नै गाईलाई किन चराएनन्? वस्तुतः सन्तानको अभावको दुःख लिएर उनी गुरु वशिष्ठकहाँ गए, विनय सुनाए। वशिष्ठ द्रवीभूत भएर एउटा सेवा सुम्पिदिए। उनीसंग गाई नै थियो, मोटर सफा गर्ने सेवा कहाँबाट दिन्थे।

कथा आउँछ कि त्यस गाईलाई सिंहले समात्यो। दिलीपले भने यो ऋषिको गाई हो यसकारण यसलाई छोड़ देऊ। यो भनेन कि गाई धर्म हो, यसकारण छोड़ देऊ। वास्तवमा महापुरुषप्रति गरिएको सेवा नै आशीर्वाद बनेर फर्किन्छ। महापुरुषको इच्छालाई भगवान्ले नै पूरा गर्नुहुन्छ– '**जो इच्छा करिहउ मन माहीं। हरि प्रसाद कछु दुर्लभ नाहीं।।**' हाम्रो परमहंसजी महाराजले पनि धेरैलाई आशीर्वाद दिनुभयो; तर यो देन महापुरुषको हो, गाईको होइन। दशरथलाई पुत्रप्राप्तिको आशीर्वाद महापुरुषले नै दिएका थिए। फर्मूला पुरानो हुँदा–हुँदै पनि गो–सेवाको शर्त त्यही महर्षि वशिष्ठले राखेन, महाराज दशरथको पुत्र उत्पत्तिको निमित्त अर्को उपाय गरे। महाभारतकालमा नियोग विधि अपनाइयो। गाई चराउनु पुत्रप्राप्तिको कुनै बाटो भएको भए वंशसमाप्तिको स्थितिमा पुगेका अनेक परिवारहरूमा आशाको दियो बलथ्यो होला। केही पनि सन्तानविहीन रहँदैन थिए।

* गाईको समर्थनमा लेखकले महाभारतमा उल्लेखित वशिष्ठको कामनालाई उद्धृत गरेका छन् कि जुन प्रकार नदीहरू समुद्रमा खस्दछन् त्यसै गरी स्वतन्त्र रूपले दूध दिने, सुनले सींग बेरिएका गाई मैले सधैं पाई रहोस्। लेख्नुहुन्छ कि यदि गाई धर्म न भएको भए वशिष्ठले गाईहरूको बीचमा रहन किन मन पराउँथे?

वास्तवमा महर्षि वशिष्ठ चक्रवर्ती नरेशहरूको पुरोहित थिए, त्यसैले त सुनले सींग बेरिएका गाईको कामना गर्छ। सुनको सींग भएको गाई उत्पन्न त हुँदैनन्। यसलाई त कुनै व्यक्तिले नै सुन बेरिएर दिन्छ। उनले केही गाईहरू प्राप्त गरेपछि सन्तुष्ट हुनु पर्ने थियो। तर भनाई छ कि '**जिमी प्रतिलाभ लोभ अधिकाई।**' सम्पत्तिले मन भरेन भने के आश्चर्य? यसैको त उनलाई दुःख थियो– '**उपरोहित्य कर्म अति मन्दा। बेद पुराण सुमृति कर निन्दा।।**' **(मानस, ७/४७/६)**

वशिष्ठ मात्रै किन, वैदिक ऋषिहरूको कामना हेरौं– '**सनेयमश्वं गां वासऽआत्मानं तव पूरुषः।**' (यजुर्वेद, १२/७८) कि हे परमात्मा! मैले घोड़ा, गाई, वस्त्र र आत्माको निरन्तर सेवन गरी रहुँ। '**अन्नवतां ओदनवतां अमिक्षवतां एषः राजा भूयासम्।**'– हे भगवन्! जहाँ अन्न हुन्छ, जहाँ चामल हुन्छ, जहाँ दूध–दही र छेना हुन्छ, म यस्ता मानिसहरूका राजा बनूँ। आजका मानिसहरू भएका भए यस्तो भन्थे– भगवन्! म बम्बईमा बसूँ, फ्लैट किनुँ, तब के यो धर्म भयो? वशिष्ठले कामना गरे त के भयो? पुरोहितले अरू के मागोस्? धेरैजसो दानहरूमा, सम्पत्तिहरूमा श्रेष्ठ त गोधन नै थियो।

* महाभारतमा नै गाईभन्दा पनि ठूलो एउटा वस्तुको उल्लेख छ र त्यो हो सुन! अनुशासन पर्वमा छ कि क्षत्रियहरूको संहारको पाप नष्ट गर्नको लागि परशुरामजीले पृथ्वी, गाई र अन्न आदिको दान गरे, यहाँसम्म कि अश्वमेध यज्ञ गरे, तर पापबाट मुक्त भएन। तब उनले वशिष्ठ इत्यादि ऋषिहरूसंग सोधे। उनीहरूले भने कि भृगुनन्दन! पृथ्वीमा भूमि, गाई र सबै दानहरू मध्ये पवित्र छ सुनको दान।

* जुन गाईको रक्षा भगवान्ले गर्नुहुन्छ त्यो वास्तवमा मनसमेत इन्द्रियहरू नै हुन् आफ्नो बलमा साधकले यिनीहरूले वशमा गर्न सक्दैन– '**छूटइ मल कि मलहि के धोये।**' किनकि '**गो गोचर जहँ लगि मन जाई। सो सब माया जानेहु भाई।।**' (**मानस, ३/१४/३**) बुद्धि–विवेकद्वारा जे–जस्तो पनि तपाईंले गर्नुहुन्छ, त्यो मायिक क्षेत्रभित्रको नै ठूलो–सानो निर्णय हुन्छ। त्यो मायाबाट पर अविनाशीको निर्णय हुन सक्दैन। यसकारण '**तुलसी मन वश होइ तबहिं, जब प्रेरक प्रभु बरजै।**' जबसम्म ती प्रभुले हृदयबाट रथी भएर रोकथाम गर्न लाग्न हुन्न (हृदयबाट रथी हुनु नै उनको अवतार हो, जबसम्म उनी यस्तो गर्दैन) तबसम्म तपाईंमाथि भगवान्को कुनै कृपा छैन। कृपा मानेर मात्र कृपा हुँदैन, मानसमा छ कि '**जेहि पर कृपा करहिं जनु जानी। कवि उर अजिर नचावहिं बानी।**' अनुभूति हुनलाग्छ। श्रीकृष्ण भन्नुहुन्छ कि साधनको सही मार्ग नियत कर्ममा लाग्ने वित्तिकै त्यो निर्लेप, साक्षी परमात्मा हृदय–देशमा जागृत हुनजान्छ, क्रमशः 'अनुमन्ता उपद्रष्टा च भर्ता भोक्ता महेश्वरः' र 'परमात्मेति' बन्न जान्छ। पूज्य महाराजजी भन्नुहुन्थ्यो, "हो! भगवान् ऐसे

बतियावत हैं जैसे हम तूँ बैठ के घंटों बतिआईं और क्रम न टूटे। भजन कोई करता नहीं बल्कि भगवान् ही करा लेते हैं। वे साथ न रहें तो निवृत्ति दिलानेवाला भजन आरम्भ ही नहीं होता।" (हो! भगवान्ले यस्तै कुरा गर्नुहुन्छ जस्तो कि हामी–तपाईं बसेर घंटौं कुराकानी गर्दछौं र क्रम नै टूट्दैन। भजन कसैले गर्दैन बरू भगवान्ले नै गराउनु हुन्छ। वहाँ साथमा भएन भने निवृत्ति दिलाउनेवाला भजनको आरम्भ नै हुँदैन।)

बाहिर संसारमा पशुयोनिमा जो गाई छ, त्यो मात्र सम्पत्ति हो। अथर्ववेदमा छ कि– **'गावो भगो' (४/२१/५)** अर्थात् गाई धन हो। महाभारतमा छ कि **'गोभिस्तुल्यं नं पश्यामि धनं किञ्चित् इहाच्युत' (अनुशासन पर्व, ५१/२६)** अर्थात् गाईको समान कुनै धन यस संसारमा म देख्दिन। अतः गाई धन हो। धन सामाजिक व्यवस्थाको लागि आवश्यक पनि छ, धनोपार्जन र संग्रहको लागि मानिसहरू कति कष्ट उठाउँछन्? तपाईं गोधनको सुरक्षा गर्नुहोस्, तर गाईलाई बैकुण्ठको साधन, परम धर्म भनेर सोझा–साझा जनताको भयादोहन न गर्नुहोस्।

* यस पुस्तिकाको लेखकले एक मनोरंजक तर्क यो दिनुभएको छ कि **'गो द्विज धेनु देव हितकारी।'**– यस अर्धालीमा गोस्वामीजीले गो तथा धेनु, यी समानार्थक दुई शब्दहरूको प्रयोग यसै अभिप्रायले गर्नुभएको छ कि गो शब्दलाई मानिसहरूले अनेकार्थक मान्न सक्लान्, तर धेनु शब्दले कुनै पनि प्रकारले गाई बाहेक कुनै पनि अर्थको बोध गराउन सक्दैन। तर अब यसको के गर्ने कि धेनु शब्द पनि अनेकार्थक हुन्छ। वेदमा यो शब्द वाणीको लागि पनि प्रयुक्त भएको छ– **'सा ते काम दुहिता धेनुरुच्यते यामाहुर्वाचं कवयो विराजम्' (अथर्ववेद, ९/२/५)** धेनु शब्द धनसूचक पनि हो। मत्स्य पुराण, वाराह पुराण इत्यादिमा दश–बाह्र प्रकारका धेनुहरूको वर्णन आउँछ, जस्तै– गुडधेनु, तिलधेनु, मधुधेनु, शर्कराधेनु, दधिधेनु, घृतधेनु, नवनीतधेनु, रत्नधेनु, जलधेनु, लवणधेनु, कपासधेनु, धान्य अर्थात् अनाजधेनु। यी सबै धन होइन भने के हो? आजको युगमा रेडियम धेनु हो, पेट्रोल धेनु हो, बिजुली धेनु हो।

भौतिक सम्पत्तिको उपयोग मानवको आयुसम्म मात्रै सीमित हुन्छ, तर मृत्युपछि पनि जुन सम्पत्तिले साथ दिन्छ त्यो हो आत्मिक सम्पत्ति। त्यो निजी

धन हो। एकपटक यदि प्राप्त भयो भने निश्चित कल्याण गरेरै छोड्दछ। गो–संयमद्वारा नै त्यो आत्मिक सम्पत्ति अर्जित हुन्छ। यसैकारण 'गो'को अर्को नाम धेनु हो। आत्मिक सम्पत्तिलाई नै श्रीकृष्णले गीतामा दैवी सम्पद् भन्नु भएको छ, यसकारण 'गो'को तेस्रो नाम सुरभि हो किनकि यसले परमदेव परमात्माको सुरत्वलाई आफूमा स्थान दिन्छे।

* भन्नुहुन्छ कि गो–चारणबाट फर्किदा खेरी श्रीकृष्णको टाउकोमा गो–धूलि लागको हुन्थ्यो; यसकारण धन्य छिन् ती गौ माता!

कसैले कथा भनिरहेको थियो कि एउटा मौलवी साहब (मुसलमान गुरु)ले प्रतिदिन एक पाऊ दूध किन्थे। एक दिन मौलवी साहब धेरै रिसाए, कस्तो दूध दिएको थियो, हिजो तिम्रो दूधबाट झिंगा निस्कियो? ग्वाला हाँस्यो र भन्यो– मौलवी साहब! एक पाऊ दूधबाट झिंगा न निस्के, के हात्ति निस्किन्छ त? यसैप्रकार श्रीकृष्णले पनि बाल्यकालमा गाई चराउनु हुन्थ्यो। नन्दजीकहाँ त्यही व्यवस्था थियो, गो–धूलिले शोभा बढ्छ भने आजकलका गोठालाहरूलाई किन हेर्नु हुन्न? यो पनि कुनै तर्क होइन कि स्वेच्छाले अथवा गाईलाई धर्म सम्झेर चराउनु हुन्थ्यो किनकि अक्रूरद्वारा थाहा पाउनासाथ श्रीकृष्ण मथुरा जानुभयो र त्यसपछि कहिल्यै पनि गाई चराउने प्रसंग पाइदैन। कहाँ गयो वहाँको इच्छा? किन छोड़ि दिनुभयो वहाँले गाई चराउने धर्म? रह्यो गोमूत्रद्वारा श्रीकृष्णलाई नुहाउने कुरा, आज पनि आदिवासी पिछड़िएका क्षेत्रहरूमा जहाँ अस्पताल छैन, लूतो इत्यादि चर्मरोग हुँदा गोबर दलेर स्नान गर्छन्, घीउ र दूधको घैंटोमाथि गोबर लगाएर बजार लिएर जान्छन्, ग्रहण लाग्दा गोबरले लिप्छन्। यो टोटका हो, रीति हो, सुरक्षाको प्रयास हो न कि धर्म।

* विद्वान लेखकले यसतिर पनि ध्यान आकर्षित गर्नुभएको छ कि निशाचरहरूले गो–ब्राह्मणमाथी धेरै अत्याचार गर्थे, सुंगुर वा गधामाथि होइन। गाई धर्म होइन भने निशाचरहरूको सर्वाधिक शिकार किन बन्दथ्यो?

तर यस्तो कुनै कुरा होइन। रावणकहाँ '**महिष मानुष धेनु खर अज**' (**मानस, ५/२ छन्द**) इत्यादि सबै थोक खान्थे। गाई मात्र होइन गधा पनि खान्थे। कसले भन्छ कि गधा खादैन थिए। हो, गाई त्यस समयको सम्पत्ति थियो र ब्राह्मणहरू बुद्धिजीवी थिए। सामाजिक व्यवस्थाको दुबै आधार–

स्तम्भ थिए। यसकारण यिनीहरू सजिलै पाइदैन थिए। यसकारण रावणले यिनीहरूलाई प्राप्त गर्नमा बलप्रयोग गर्नु पर्दथ्यो। आज पनि जब कुनै देशले अर्को देशमाथि हमला गर्दछ भने त्यहाँ सम्पत्ति खोस्ने र बुद्धिजीवीहरूलाई नष्ट गर्ने प्रयास गर्छ। फेरि कसैमाथि अत्याचार भयो भने के त्यो सनातन धर्म हुनेछ? दानव र देवता विधाताको प्रपंचका दुइटा किनारा हुन्। एउटा गुणहरूको नाम र अर्को दुर्गुणहरूको नाम हो, न कि कतै कोहीं सींगवाला राक्षस हुन्छन्। श्रीकृष्णलाई भगवान् मानिएको छ, वसुदेवलाई देवता, नन्द-यशोदालाई मानव तथा बाणासुर, कंस इत्यादि नाता सम्बन्धिहरू राक्षस थिए। जसमा जस्तो गुणहरूको बाहुल्य थियो त्यस्तै संज्ञा पाए। श्रीकृष्णको अनुसार (गीता, अ. १६) सृष्टिमा मानिसहरू मात्र दुई प्रकारका हुन्छन्, न चार प्रकार का, न दस प्रकार का, तेस्रो कुनै जाति हुनै सक्दैन। दैवी सम्पद् प्रधान व्यक्ति देवता हो र आसुरी सम्पद्लाई धारण गर्नेवाला असुर हो। दुइटा साख्खै भाईहरू मध्ये एउटा देवता र अर्को असुर हुन सक्दछ र उनीहरूको खाने-पिउने धर्मको मापदण्ड हुन सक्दैन।

* लेख्नुभएको छ कि गाईले हव्यद्वारा देवताहरूको, कव्यद्वारा पितृहरूको, दूध-दहीद्वारा मानिसहरूको र मल-मूत्रद्वारा अनाजको पोषण गर्दछ। मान्यता छ कि स्वाहा भनेर हवन-सामग्री अग्निमा हालेर जुन यज्ञ गरिन्छ, त्यसैबाट देवताहरूको पालन-पोषण हुन्छ।

पहिले त यही विचार गर्नु पर्दछ कि आगोमा घीउ र हवि जलाउनु यज्ञ हो कि होइन? गीतामा श्रीकृष्णको भनाई छ कि परमात्मासंग मिलन गराईदिने विधि-विशेषको नाम यज्ञ हो। श्वास-प्रश्वासको हवन यज्ञ हो। इन्द्रियहरूको निरोध यज्ञ हो। महापुरुषहरूको स्वरूपको स्मरण यज्ञ हो। श्वास-प्रश्वासको गतिलाई निरोध गरेर प्राणायामको स्थिति पाउनु यज्ञ हो। संकल्पहरूको निरोध नै प्राणायाम हो। यही मनको विजेतावस्था हो, चित्त-वृत्तिहरूको निरोधको अवस्था हो- यहाँ यज्ञको परिणाम निस्कन्छ कि **'यज्ञशिष्टामृतभुजो यान्ति ब्रह्म सनातनम्।' (गीता, ४/३१)** यज्ञको परिणाम हो परमात्मा, सनातन ब्रह्म! जसको पूर्तिकालमा सनातन ब्रह्म पाइदैन, त्यो यज्ञ कस्तो? स्वाहा बोल्नाले, चरणामृत पीउनाले त्यो परमात्मा पाएको देखिंदैन।

योगेश्वर श्रीकृष्णले निर्णय दिनु हुन्छ कि अर्जुन! यो सम्पूर्ण यज्ञ मन र इन्द्रियहरूको क्रियाद्वारा सम्पन्न हुनेवाला छ। श्वासमा तपाईं लाग्नु भयो, सुरत (मनको दृष्टि) स्थिर हुन गयो भने तपाईंको श्रद्धा, तपाईंको मन, अनुराग, व्याकुलता यज्ञको लागि आवश्यक हुन्छ। श्रीकृष्णले भन्नुहुन्छ कि भौतिक द्रव्यहरूद्वारा सिद्ध हुने यज्ञ पनि छन्, तर जुन यज्ञ श्रीकृष्णले भन्नुभएको छ तिनीहरूको तुलनामा भौतिक यज्ञ अत्यन्त थोरै हुन्छ भने तपाईं त्यो यज्ञ किन गर्नु हुन्न जसको परिणाम थोरै छैन? त्यो यज्ञ किन गर्नु हुन्न जसको विधि गीतामा छ? जबकि श्रीकृष्णले यसमाथि धेरै जोर दिनुभएको छ कि यही शास्त्र–विधि हो। जसले यस शास्त्र–विधिलाई त्यागेर नाममात्रको यज्ञ गर्दछ अर्थात् यज्ञको नाम दिइएको छ, यज्ञ छँदै छैन, यस्तो यज्ञ गर्दछ उनीहरूले यज्ञ गर्दैन बरू परमात्मासंग द्वेष गर्छन्। भगवान्प्राप्तिको कुरा त परै जाओस् उल्टो दुश्मनी हुन गयो, त्यो पनि भगवान्संग! फेरि त बाँच्न असम्भव छ।

जसले गीतोक्त विधिद्वारा यज्ञ गर्दैन, योगेश्वर भन्नुहुन्छ कि यस्ता नराधमहरूलाई, क्रूरकर्मीहरू र पापाचारीहरूलाई म अपवित्र नरकमा खसाल्छु, पटक–पटक असुरी योनिहरूमा खसाल्छु, यो नै नरक हो न कि पातालमा कतै नरकको खाल्टो खनिएको छ। यसप्रकार श्रीकृष्णद्वारा निर्धारित यज्ञमा गाईको दूध–घीउ लेखिएको छैन, हो! गो–संयमद्वारा पाइने रस अवश्य प्राप्त हुन्छ। गो–संयम भएपछि सनातन विदित हुन थाल्दछ। यसैकारण गो–रक्षा हाम्रो सनातन धर्म हो। गाई–गोरु पाल्नु न त गो–रक्षा हो, न सनातन धर्म।

वेदमा पनि गाईको नाइटो छेड़ेर यज्ञ गर्ने कुरा लेखिएको छ। गाईलाई निरस पारेर उसलाई दुहुने कुरा भनिएको छ– **'निरस्य रसं गविषो दुहन्ति' (ऋग्वेद, १०/७६/७)** यही कुरा गोस्वामीजी पनि भन्नुहुन्छ– **'जिति पवन मन गो निरस करि मुनि ध्यान कबहुँक पावहीं।'** गोलाई निरस गरेपछि नै भगवान् ध्यानमा आउनु हुन्छ। के 'गो' माने गाई? होइन, अर्को ठाउँमा भन्नु हुन्छ– **'निरस्य इन्द्रियादिकं यान्ति ते गतिं स्वकं'**– इन्द्रियहरूलाई निरस गरेपछि स्वयंको स्थिति, स्वरूपमा स्थिति पाइन्छ। 'गो'को अर्थ गाई हुन्छ होला, तर आत्माको सद्गतिको लागि, परमात्माको प्राप्तिको सन्दर्भमा 'गो'को अर्थ मनसमेत इन्द्रियहरू नै हो, पशु गाई कदापि होइन। **'गच्छन्ति विषयानि इति गावः'**– जो विषयहरूमा गमन गर्दछ, त्यो गाई हो अर्थात् इन्द्रियहरू।

यिनीहरूलाई विषयहरूबाट मोड़ेर परमात्मामा लगाउनु छ। यही त साधना हो। वेदमा छ कि '**शूरो न गोषु तिष्ठति**' (**ऋग्वेद, ९/१६/६**) अर्थात् शूरवीर त्यही हो जो इन्द्रियहरूमा रमण गर्दैन। गाईको पूजाबाट परमगतिको विधान कम से कम वेदमा त छँदै छैन, र कहीं पनि छैन।

* कव्य त्यसलाई भनिन्छ जो कागहरूलाई ख्वाइन्छ। मान्यता छ कि त्यसो गर्दा पितृ तृप्त हुन्छन्; तर योगेश्वर श्रीकृष्णको मान्यता केही अर्कै छ। गीताको अध्याय १५मा वहाँ भन्नुहुन्छ कि अर्जुन! गन्धको स्थानबाट वायुले जसरी गन्धलाई अपहरण गरेर लैजान्छ, ठीक त्यसरी नै भूतादिकहरूका स्वामी यो जीवात्माले जुन शरीरलाई त्याग्दछ त्यस शरीरबाट इन्द्रियहरू र मनद्वारा गरिएको व्यापारलाई लिएर अर्को शरीरमा प्रवेश गर्छ र अर्को शरीरमा फेरि इन्द्रियहरूद्वारा विषयहरूको सेवन गर्दछ।

दोस्रो अध्यायमा भन्नुहुन्छ कि '**वासांसि जीर्णानि यथा विहाय**'- जस्तो तपाईं-हामीले पुरानो लुगा फेरेर नयाँ लगाउँछ, यसै प्रकार आत्माले शरीररूपी वस्त्रलाई फेर्दछ। वस्त्र फेर्नेवाला जिउँदै छ भने कव्य कसलाई दिन्छौं? यता शरीर छुट्यो, उता पायो; बीचमा कुनै विराम छैन, कुनै फाटो छैन, कुनै नरक छैन, जसमा पितृले पर्खेर बसिरहेका छन्; त्यसो भए तपाईं कसलाई तृप्त गरिरहनु भएको छ? आत्मा जहाँ पनि गयो, जुन नयाँ शरीरमा गयो, त्यहाँ पनि भोग छँदैछ भने तृप्त कसलाई गर्छौं? त्यस आत्माको तृप्ति जब पनि हुनेछ, मानव-शरीरमा नै हुनेछ, कव्यबाट होइन। यसकारण जब अर्जुनले 'लुप्त पिण्डोदकक्रिया'को भय देखायो, तब योगेश्वरले यसलाई अज्ञान ठहऱ्याउनु भयो कि '**कुतस्त्वा कश्मलमिदं विषमे समुपस्थितम्।**' (**गीता, २/२**)। पूर्वजहरूको निमित्त जो दान-पुण्य गरिन्छ त्यो श्रद्धा-निवेदन मात्र हो। तपाईंले चाहे जति सुकै दान-पुण्य गरिन्छ त्यो श्रद्धा-निवेदन मात्र हो। तपाईंले चाहे जति सुकै दान-पुण्य गरे पनि यसबाट उनीहरूको तृप्ति कसरी हुन्छ? कागलाई खुवाएर तृप्ति, त्यो पनि मानिसको- गीताले यस्तो कुनै पनि अन्धविश्वासको समर्थन गर्दैन।

* लेख्नुहुन्छ कि हव्य-कव्य मात्रै होइन, गाईले मानिसहरूलाई धर्म, अर्थ, काम र मोक्ष दिन्छे, लोक र परलोक दिन्छे, यसैकारण धर्म हो। तर हेरौं रामचरितमानसले के भन्छ?-

बरषा रितु रघुपति भगति, तुलसी सालि सुदास।
राम नाम बर बरन जुग, सावन भादव मास।।
(मानस, १/१९)

रघुपतिको भक्ति नै वर्षाऋतु हो, प्रभुको दास धान हो। रामनामको दुई अक्षर साउन र भाद्रका महिना हुन् अर्थात् भक्तको तृप्ति यसै नामबाट हुनेछ, गाईबाट होइन।

आखर मधुर मनोहर दोऊ।
बरन विलोचन जन जिय जोऊ।। (मानस, १/१९/१)
सुमिरत सुलभ सुखद सब काहू।
लोक लाहु परलोक निबाहू।।

रामको नाम–सुमिरन गर्नाले लोकमा समृद्धि र परलोकमा परम सुखको व्यवस्था पाइन्छ। यो रामनामको महिमा हो, गाईको होइन– **'सब जगु ताहि अनल ते ताता। जो रघुवीर विमुख सुनु भ्राता।।' (मानस, ३/८)** जो भगवान्‌बाट विमुख छ त्यसको लागि सम्पूर्ण संसार आगोभन्दा पनि बढ़ी जलाउनेवाला हुन्छ। सुखको त कुरै नगरौं।

अन्धकार बरु रबिहिं नसावै।
राम बिमुख न जीव सुख पावै।। (मानस, ७/१२१/१८)

एक परमात्मा बाहेक अन्त कतै पनि सुख छँदै छैन भने कसैले कहाँबाट पाउँछ?

वहाँले भन्नुहुन्छ कि गाईले मोक्ष दिन्छे, गौ माताले पार लगाउने छिन् जबकि गोस्वामीजी भन्नुहुन्छ–

रामचन्द्र के भजन बिनु, जो पद चह निर्बान।
ग्यानवन्त अपि सो नर, पसु बिन पूँछ विषान।।
(मानस, ७/७८ क)

भगवान्‌को भजनको बिना यदि कसैले मोक्षको आशा गर्दछ भने उसले आफूलाई ज्ञानी भन्दै गरोस्, तर गोस्वामीजीको शब्दहरूमा ऊ बिना सींग–पुच्छरको पशु हो, मानिस होइन। योभन्दा बढ़ी गोस्वामीजी के भन्ने?

बारि मथे घृत होय बरु, सिकता ते बरु तेल।
बिन हरि भजन न भव तरिअ, यह सिद्धान्त अपेल।।
(मानस, ७/१२२ क)

* विद्वान लेखकको अर्को तर्क छ कि वाल्मीकि रामायणमा मारीचले रामलाई धर्मको विग्रह बताए, व्यासले श्रीकृष्णलाई धर्म भने। किनकि गाई, ब्राह्मण, सति इत्यादि भगवान्को नै शरीर हुन्, यस न्यायद्वारा पनि गाई धर्म भयो।

यति धेरै तर्कशास्त्र पढ़ने के जरूरत छ कि विष्णुस्वरूपा हुन् यसकारण धर्म हो, धारण गर्दछे त्यसकारण धर्म हो? वाल्मीकि र व्यासले जे-जे भने त्यसलाई जस्ताको त्यस्तै किन मान्नु हुन्न कि राम र कृष्ण धर्मको स्वरूप हो। अव्यक्त भावलाई प्राप्त गरेका महापुरुष वास्तवमा धर्मको विग्रह हुन्छ। गाईलाई त धर्मको विग्रह भनेन, फेरि ताना-तान गरेर गाईतिर किन भाग्नु हुन्छ? लाग्दछ कि भावुकताको आवरणमा कुनै रूढ़िले मस्तिष्कमा घर बनाएर बसेको छ।

* लेख्नुहुन्छ कि गाई, ब्राह्मण, वेद, सति, सत्यवादी, लोभरहित र दानी पुरुषले पृथ्वीलाई धारण गर्छन् र जसले धारण गर्दछ त्यो धर्म हो। अतः गाई धर्म हो। तर होइन, पृथ्वीलाई गाईले धारण गरेको छैन। पृथ्वी ग्रहहरूको परस्पर आकर्षण शक्तिद्वारा टिकेको छ। सबै मिलेर धारण गर्दथे भने एक्लै गाईको यशोगान किन? पहिले सूर्यको रथमा घोड़ाहरू जोतिन्थे, चन्द्रमालाई मृगछालाको चोट लाग्थ्यो, उत्तरी ध्रुवदेखि दक्षिणी ध्रुवसम्मको पृथ्वी गाई बनेर दौड़िन्थ्यो, अब यस्ता पौराणिक कल्पनाहरूको दिन गइसक्यो। अन्तरिक्षको खोजीको साथै पौराणिक मान्यताहरूको विसर्जन दिन आएको छ कि पृथ्वीलाई कुनै गाईले धारण गरेर राखेको छ। वास्तवमा लोभरहित पुरुष, दानी पुरुष, सत्यवादी पुरुष, बुद्धिजीवि वर्ग वा गाई- यी सबै मिलेर सामाजिक व्यवस्थालाई धारण गर्छन् र व्यवस्थाहरू न त शाश्वत सनातन हुन्छन् र न धर्म। यिनीहरू मध्ये अधिकांशको महत्व अब समाप्तप्राय भएको छ किनकि यिनीहरूभन्दा पनि राम्रा व्यवस्थाहरू आइसकेका छन्।

* लेखक महोदयले भन्नुहुन्छ कि अथर्ववेद (९/१/४)मा गाईहरूलाई **'माता रुद्राणां दुहिता वसूनां स्वसा आदित्यानाम्'** भनिएको छ अर्थात्

गाई रुद्रहरूको आमा, वसुहरूको पुत्री र आदित्यहरूको बहिनी हो। जसले सबैलाई रुवाउँछ त्यसलाई रुद्र भनिन्छ। गाईलाई मानेनौं भने एकादश रुद्रले तिमीलाई रुवाउँनेछ। यस्तो छ भने उनीहरूलाई किन रुवाउँदैन जसले गाई काट्छन्? लेख्नुहुन्छ, वसु धनका देवता हुन्। गाईलाई मानेनौं भने वसुले तिमीलाई निर्धन बनाई दिनेछ। जबकि भारतका केही प्रदेशहरूलाई छोड़ेर अधिकांश विश्व गो–मासाहारी छ। बीफ (गो–मांस)को लागि ठूला–ठूला फार्म खुलेका छन्। दूधारु गाई अलग, भोजनवाला गाई अलग, जसरी मत्स्यपालन गर्दछन्। पच्चीस लीटरभन्दा कम दूध दिने गाईहरू भोजनको लागि काम आउँछिन्। पच्चीसदेखि साठी लिटर दूध दिने गाईहरू पालिन्छन्। विश्वभरिलाई दूधको पाउडर सप्लाई गर्छन्। उनीहरूको घर तीस–तीस तल्लाका छन्, गाईहरूको हेरचाह हेलिकप्टरबाट गर्दछन्। न त धनको अभाव छ, न वसुहरूले निर्धन बनाए, न रुद्रले नै दण्ड दिए। जसरी अशिक्षित र सोझा–सोझा जनतालाई ओझा (धामी–भाक्री)हरूले आतंकित गर्छन् कि भूत यहाँबाट आएको छ, बच! एउटा कुखुरा देऊ, एक बोतल रक्सी देऊ– यो धम्कि पनि धेर थोर यस्तै हो। स्वतन्त्रता भन्दा पूर्व, जबकि भारतमा शिक्षाको प्रतिशत थोरै थियो, गाईहरूप्रतिको यो मोह धेरै थियो, उनीहरूको पूजा हुने गर्दथ्यो। त्यस समय छानाको स्थानमा टायलको छाना पनि थिएन, इतिहास उठाएर हेरौं। वसुहरूले किन धनवान बनाई दिएनन्?

आदित्यहरूको बहिनी पनि विचारणीय छ। अदितिका छोराहरू द्वादश आदित्य हुन्, जसमा विष्णु पनि छ। दिति, अदिति, विनिता इत्यादि कश्यपका बाह्र रानीहरू थिए। दितिबाट दानव, अदितिबाट देवता, विनिताबाट पशु–पक्षी उत्पन्न भए। यस नाताले गाई आदित्यहरूको बहिनी भइन्। तर आदित्यहरूको मात्रै किन, त्यसो भए असुरहरूको पनि बहिनी हुनु पर्दछ; किनकि पिता त एउटै थियो।

* भन्नुहुन्छ कि गाई आमा हो, यस्तो वेदमा लेखेको छ। गौरवको कुरा हो! तपाईंको आमा हो भने रक्षा गर्नुहोस्; तर वेदमा यो कहाँ लेखेको छ कि गाई सनातन धर्म हो, उसको पूजा गर? वेदमा लेखिएको छ कि गाई माता हो भने वेदमा यो पनि लेखिएको छ कि उसको पति को हो? अथर्ववेदको नवम

काण्डको चतुर्थ सूक्त ऋषभ सूक्त हो, जसको दोस्रो र चौथो मन्त्रमा साँढ़ेलाई **'पिता वत्सानां पतिरघ्नानाम्'** अर्थात् गाईको पति र बाच्छाहरूको पिता भनिएको छ। तब के साँढ़ेलाई पिता मानेर पूज्ने? गाईलाई मात्र किन, ऋग्वेद (१०/६२/३१)मा पृथ्वीलाई माता भनिएको छ, (१०/६४/६)मा जललाई माता भनिएको छ, यजुर्वेद (१२/७८)मा **'औषधीरिति मातरः'**- औषधिहरूलाई माता भनिएको छ, तब के यिनीहरूको पूजा गर्ने? यसैप्रकार मानसमा छ- **'जनु मारेसी गुरु बाँभन गाई।'** यिनीहरूको विशेष महत्त्व छ, हुनु पनि पर्दछ। धेरै किसिमका वस्तुहरूको महत्त्व छ। पिताको महत्त्व छ, भाई-बहिनीको महत्त्व छ, गाईको पनि महत्त्व छ। जो वस्तु विकासमा सहयोगी हुन्छ, उसैको महत्त्व हुन्छ। जस्तो कि आजकल बिजुलीको ठूलो महत्त्व छ, राष्ट्रिय सम्पत्ति हो। आविष्कारहरूको महत्त्व बढ़ने-घटने भई नै रहन्छ, तर यसले गर्दा कुनै वस्तु धर्म हुन जाँदैन।

* वेदमा त यो पनि लेखेको छ कि अत्यन्त झुठो बोल्नेहरूलाई, मारपीट र तोड़फोड़ गर्नेहरूलाई, घमण्डीहरूलाई, हे राजन्! त्यसै प्रकार छेड़ी हाल जसरी कूदने गाईलाई लात्तीले र हात्तीलाई एड़ीले हिर्काउने गरिन्छ। (अथर्ववेद, ८/६/१७)। यसै प्रकार ऋग्वेदमा छ- **'रजिष्ठया रज्या पश्वः आ गोस्तू तूर्षति पर्यग्रं दुवस्यु' (१०/१०१/१२)** अर्थात् जसरी सेवकले गाई इत्यादि पशुको नाकमा डोरी लगाएर, उसलाई दुःख दिंदै अगाड़ि लैजान्छ .....। यस ऋचामा गाईलाई पशु भनियो र त्यसको स्याहार-सम्भारको लागि एउटा व्यवस्था दिइयो, न कि यस्तो गर्नु कुनै धर्म हो।

भखरै लंकामा भारतको शान्ति सेना गएको थियो। त्यहाँ 'लिट्टे'को सैनिकले भन्दथे- जय लंका माता! यहाँ हामी भन्छौं- भारत माता! कतै भन्दछन्- गंगा माता! अमेरिकामा आमेजन नदीलाई पिता भनिन्छ। यी त मानिसले दिएका मान्यताहरू हुन्। उपाधि कसैले पनि पाउन सक्छ- जसरी आजकल मदर टेरेसाले पाएकी छिन्। हरेक पादरीलाई अंग्रेजहरूले फादर भन्दछन्। हिरोशिमामा बम खसेपछि त्यसलाई फेरि बसाउने प्रयासमा उनान्तीस बच्चाहरू जन्माउने मातालाई त्यहाँ मदरलैण्डको उपाधिबाट विभूषित गरियो। अतः परिवर्तनशील सामाजिक व्यवस्थाको बारेमा कुनै पनि लेखा-पढ़ि हरेक

देश र हरेक समयको लागि उपयोगी हुन सक्दैन। त्यसको पछि लाग्यो भने विकसित देशहरू भन्दा हजारौं वर्ष पछाड़ि त्यसै युगमा पुग्नेछौं– जब मोरपंखले भोजपत्रमा लेख्ने गरिन्थ्यो, लकड़ीहरूलाई रगड़ेर, दुईवटा काठहरूलाई घोटेर आगो वाल्थे; त्यसको संग्रहको व्यवस्था पनि थिएन जस्तो कि भर्खरै महाभारतकालसम्म थियो, एउटा ब्राह्मणको अरणि लिएर मृग भाग्यो तब युधिष्ठिरले त्यसको पछि–पछि लाग्यो।

आजकल महाभारतलाई दूरदर्शनमा प्रस्तुत गर्ने निर्माता निर्देश श्री बी. आर. चोपड़ाले एक साक्षात्कारमा भनेको छ कि उनलाई पात्रहरूको भेष–भूषालाई लिएर असुविधाको सामना गर्नु परिरहेको छ किनकि त्यस बेलाका मानिसहरू सिलाएको वस्त्र लगाउँदैन्थे, टाँक लगाउँदैन्थे, किनकि पहिले सियो र टाँक दुबै हाड़बाट बन्थ्यो। बटन (टाँक) शब्द अंग्रेजी भाषाको हो। भलै हामी यो गफ लगाउँछौं कि आधुनिक कम्प्यूटर, राकेट वा परमाणु बमहरूको सूत्र वेदमा छन्, तर पुरातत्वको प्राचिनतम उत्खननहरूमा पनि वायुयान त के साइकिलको पनि अवशेष भेटिदैन। वैदिककालदेखि पछि हुने पूर्वजहरूको शोधलाई नकार्नु अन्याय मात्र होइन घृष्टताको पराकाष्ठा पनि हो कि उपयोग त हामी भैंसीको गर्ने तर गुण चाहिं गाईको गाउने। उपयोग ट्रेक्टरको गर्ने, गीत गोरुको गाउने, रासायनिक मलहरू बिना जीवनयापन चल्न नसक्ने तर महिमा गोबरको गाउने। गाईको लागि नाराबाजी गर्नेहरू मध्ये कति जना यस्ता छन् जसले त्यस्तो गोरुहरूलाई बसाएर खुवाएका छन्, जसले आजीवन उसको खेत जोतेको छ? बिरले कुनै गोरु किसानको दैलोमा मरेको होला। वृद्ध भन्दा वृद्ध गोरुलाई सय–पचास रुपियाँमा बेच्नेहरूले के त्यस्तो गोरुसंग पिछा छुटाएका होइन? के उनीहरू जान्दैनन् कि लैजानेले त्यसलाई के गर्नेछ?

* आचार्य प्रवरले लेख्नुहुन्छ कि गाई पवित्र छ। त्यसोभए अपवित्र को छ? के भैंसी अपवित्र छ? धेरैजसो मानिसहरू गाईको दूध पिउदैनन् किनकि गाईले अभक्ष्य खान्छे जबकि भैंसी बरू मर्छ तर अभक्ष्य खादैन। कसले भन्छ गाई पवित्र छ र भैंसी अपवित्र? पराशर स्मृतिको छैंठो अध्यायमा छ कि अन्नलाई गाई वा कुकुरले सुंघने मात्रले पनि अपवित्र हुन्छ। गोस्वामीजी भन्नु हुन्छ– **'सोइ पावन सोइ सुभग शरीरा। जो तनु पाइ भजिअ रघुबीरा।।'**

(मानस, ७/९५/२) भजन गर्नेवाला शरीर पवित्र छ, यो आचार्य भन्दछ कि गाई पवित्र छ। गोस्वामीजी भन्नुहुन्छ जो सुकै किन नहोस्, भगवान्को **'नाम लेत पावन परम, होत भुवन विख्यात।'** यो आचार्यले भन्नुहुन्छ कि गोमूत्र परम पवित्र!

* भन्नुहुन्छ कि गाईको गोबरले लिप्ने काम हुन्थ्यो, गोबरमा लक्ष्मीको वास हुन्छ, यसकारण गाईको पूजा गर्नु पर्छ। लिपाई जरूर हुन्थ्यो। धेरैदिनसम्म भारतका मानिसहरूको त्यसबाट कम चल्यो, आदरको वस्तु हो। तर किन लिपाई हुने गर्दथ्यो? त्यस समयसम्म सीमेन्टको आविष्कार भएको थिएन। धूलो र फोहरलाई शान्त गर्नको लागि यही आविष्कार सुलभ थियो। गाईको महिमाको गायन गर्नेहरू पनि सम्पन्न परिवारहरू–जस्तै सीमेन्ट, संगमरमर, मुजैक र एयर कंडीशनमा बस्न मन पराउँछन्। त्यसमाथि गोबरले लिपेको सहन गर्न सक्दैन, भाषण चाहे जो दिउन्। सम्पन्न परिवारहरूको बीचमा यदि एउटा–दुइटा कच्चा घर गोबरबाट लिपेको देखियो भने ठूला मानिसहरूको आँखा त्यसमा लागेको हुन्छ कि पन्द्रह–पच्चीस हजार दिएर त्यसलाई पनि किनौं। कसले भन्छ गोबरमा लक्ष्मीको निवास छ? गोबरको लिपाई आजकल दरिद्रताको निशानी हो, गरीबीको नाङ्गो नाच हो। गोबरले लिपेको घरमा कसैले पनि बस्न चाहँदैन, मुजैक सबैलाई राम्रो लाग्छ, तर गर्ने के! विवशता हो उनीहरूको, जो अहिले पनि लिपिरहेका छन्।

अनुसुइयाको एउटा किसानले भन्ने गर्दथ्यो कि हाम्रो गोरुको पुच्छरमा बेर्रा (जौ, चना, गेहुँ)को निवास छ। उसको आशय थियो के धेरै बेर्रा गोबरको देन हो। यसै प्रकार गोबरमा लक्ष्मीको निवास तब थियो जब युरिया, डाई, पोटाश, कैलशियम इत्यादि मलहरूको आविष्कार भएको थिएन, अनाजको माध्यम गोबर थियो। त्यस समयमा अन्न धन थियो, गो धन थियो, औद्योगिक क्रान्ति भएको थिएन, कल–कारखाना थिएनन्। यसैकारण त्यस जमानामा गोबरमा लक्ष्मीको निवास थियो तर आज छैन। आज लक्ष्मीको निवास इक्सपोर्ट–इम्पोर्टमा छ, स्मगलिंगमा छ। गाईको पुच्छर छोड़ेर लक्ष्मी आजकल फाइव स्टार होटलहरूमा बस्न थालेकि छिन्।

आचार्यको यो कथन पनि ग्राह्य छैन कि गाईले वर प्राप्त गरेकी छिन्, यसकारण उसको मललाई पनि गोबर भनिन्छ। हुन त गाईलाई श्राप पनि प्राप्त छ, तापनि आचार्यको यो तर्क विचारणीय छ कि गोबर नामकरण किन भयो? भैंसबर किन होइन, शुकरबर किन होइन, कुकुरबर किन होइन, गदहबर किन होइन? गाई श्रेष्ठ छ त्यसैले त गोबर नाम पायो।

वास्तवमा यस्तो कुनै कुरा होइन। सभ्यताको आरम्भदेखि नै मानव बुद्धिले गाईमा अनेक उपयोगी वस्तुहरूको खोजी गरेको थियो। गाईको खोजी पहिले भयो, यसकारण त्यस्तै वस्तुहरू अन्त पनि पाएपछि तिनीहरूलाई पनि त्यही नाम दिइयो। गाईलाई गोठमा बाँधिन्थ्यो। गोठ अर्थात् गाईहरूको समूह, तिनीहरूका घेरा। आज कुनै पनि वस्तुको परिक्रमालाई गोठने भनिन्छ। आज राजस्थानमा गोठ सामूहिक पिकनिकलाई भनिन्छ जहाँ मानिसहरू लिटी र चटनी खान्छन्। गाईको व्यवस्थामा विचार–विमर्शको लागि मानिसहरू एकत्र हुन्थे भने त्यसलाई गोष्ठी भन्थे। आज साना–तिना सम्मेलनलाई गोष्ठी भन्ने गरिन्छ– जस्तै कवि–गोष्ठी। के कविहरू गाईको बारेमा नै विचार–विमर्श गर्दछन्? होइन भने कवि–गोष्ठी किन भनिन्छ? गाईको वंशलाई गोत्र भनिन्थ्यो, आज यो शब्द मानव वंशको लागि प्रयुक्त हुन लागेको छ। हराएको गाईको खोजलाई गवेषणा भनिन्थ्यो, आज प्रत्येक खोजीको लागि यही नाम दिने गरिन्छ। गाईमाथी दृष्टि राख्नको लागि प्रयुक्त झ्याललाई गवाक्ष भनिन्थ्यो, आज प्रत्येक झ्याललाई गवाक्ष भनिन्छ, जबकि गाईको रेखदेख गर्नको लागि यसको प्रयोग हराएर गयो। धेरै गाई भएको प्रदेशलाई गोकुल भनियो। जस्तो कि बौद्ध विहार धेरै भएको हुनाले भारतको एउटा प्रदेशको नाम नै बिहार हुन गयो। जुनप्रकार बिहार राज्यमा बिहार बाहेक पनि धेरै थोक छ, बरू बौद्ध बिहार नै थोरै छन्। आजकल गोकुलमा गाई नगण्य मात्रामा छन्, भैंसी धेरै छन् तापनि त्यसलाई गोकुल नै भनिन्छ। त्यसैप्रकार भैंसीको मललाई पनि गोबर भनिन्छ भने आश्चर्य किन? कर्मकाण्डमा यदि कसैले भन्छ कि गाईको गोबर त पाइएन, तब पण्डितले भन्छन् भैंसीको गोबर नै ल्याऊ। काशीमा त भैंसीको गोबरबाट पनि काम चल्दछ।

* यसैप्रकार यो भन्नु पनि विवेकसम्मत हुँदैन कि गाईको विकारलाई गव्य भनिन्छ। तब त कागको विकारलाई कव्य भन्नु पर्दछ, जसको उपयोग

पितृहरूको लागि अनुपयोगी हुनेछ। लेख्नुहुन्छ कि गाईबाट नै पंचगव्य बन्दछ, अरू कुनै पशुबाट बन्दैन। सोच्ने कुरा यो छ कि गाई संसारमा सबैतिर पाइन्छ, तर पंचगव्यको आविष्कार र प्रयोग भारतसम्म मात्रै किन सीमित छ? भारतमा पनि मात्र ब्राह्मणहरूमा र ब्राह्मणहरूमा पनि मात्र पुरोहितहरूले पंचगव्य बनाउँछन्। यदि यो कुनै उपयोगी आविष्कार भएको भए विश्वभरिमा यसको उपयोग हुने थियो। जस्तो टेलिविजनको प्रयोग सबैले गरिरहेका छन्, गाईको दूधको पाउडर, मक्खनको टिकिया, गोबर–गैसको सबैतिर प्रयोग हुन्छ। पंचगव्यको प्रयोग अशुद्ध व्यक्ति अथवा वस्तुलाई शुद्ध गर्नमा भएको कुरा केही–केही स्मृतिहरूमा उल्लेख छ, जस्तै– कसैले गाई बाँध्यो र घाँटीमा डोरी सहित त्यो मऱ्यो भने गाईको हत्याको पाप बाँधनेवालालाई लाग्दछ। अब शुद्धिको लागि उसले गाईको दूध, दही, घीउ, मल र मूत्र मिलाएर पीओस्, यही पंचगव्य हो। गोमूत्रमा जौ उमालेर खाओस्, गाई चराओस्, गाई दान गरोस्। यो कुनै आविष्कार होइन, टोटका थियो, रूढ़ि थियो, गाईको सुरक्षाको प्रयास पनि थियो। तर आज यी विधानहरूलाई मान्नेहरूले जति ठोकुवा गरे पनि यिनीहरूलाई कसैले पनि मान्दैन। गाई–गोरु आज पनि मर्दछन्, तर गो–हत्याको प्रायश्चित रूपमा भीख माँग्ने, गौशालामा सुत्ने, पंचगव्य पीउने वा गोमूत्रमा जौ उमालेर खाने गरेको कतै पनि देखिंदैन। प्रत्येक जीवको मृत्यु वा हत्यामा धेरै दान–दक्षिणा लिने कुनै वर्ग–विशेषको त्यस युग–जमानाको जीविका थियो, जसलाई मान्नु आज संभव छैन र कसैले मानेको पनि छैन।

मल–मूत्रको आयुर्वेदिक प्रयोगमा गाईको साथै अरू पशु–पक्षीहरूको पनि स्थान छ। कुनै चराको विष्टाले खटिरालाई फुटाई दिन्छ भने बाखो र गैंडाको मूत्रको आफ्नो प्रयोग छ। भारतका भूतपूर्व प्रधानमन्त्रीले त पिसाबको साहसिक प्रयोग गरे। अतः यो कथन पनि अतिशयोक्ति नै हुनेछ कि मात्र गाईको मल–मूत्र उपयोगी हुन्छ।

* यस्तै अतिशयोक्ति विद्वान लेखकले त्यहाँ पनि गर्नु हुन्छ जहाँ वहाँले भन्नुभएको छ कि गाई त आमाभन्दा पनि ठूली हुन् किनकि आमाले धेरै सेवा लिन्छिन्, अन्न खान्छिन् जबकि गाईले घाँस–भूसा खाएर नै संतोष गर्छिन्। पशु त हो नि, के मालपुवा खुवाउने विचार छ? भन्नुहुन्छ आमाले एक साल

दूध पिलाउँ छिन्, गाईले आजीवन दूध पिलाउँ छिन्। यदि गाई यति नै प्रिय भएको भए कष्टमा बुढ़ो व्यक्तिले पनि 'ऐया आमा' न भनेर 'ऐया गैया' भन्थ्यो होला, तर यस्तो कुनै कुरा हुँदैन। भनाई छ कि '**हरिअर खेती गाभन गाय। तब जानो जब मुख में जाय।।**' केही गरी बाच्छो मऱ्यो भने दूधको कुनै भरोसा छैन र दूध छ भने 'दुधारु गाय की चार लात' त्यसमाथि सहनु पर्दछ। रुखा–सुखा खाने गाईले सयग्राम भन्दा बढ़ी दूध पनि दिंदैन। यति थोरै मात्राको दूध, जसमा पहिलो अधिकार बाच्छोको हुन्छ, एक थोपा पनि उसले पाउँदैन, यो देखेर गाँधीजीले गाईको दूध पिउन बन्द गरिदिनु भएको थियो, वहाँले बाख्रा पाल्नु भएको थियो, तापनि विश्वमा वन्दनीय बापू कहलाउनु भयो। ईसाले भेड़ा चराउनु हुन्थ्यो, मुहम्मदले बाख्रा, तर ईश्वरीय ज्ञानको आलोक पाउनमा वहाँहरूलाई कुनै बाधा भएन, यद्यपि वहाँहरूले गो–सेवा गर्नु भएको थिएन।

जीवनभरिको के कुरा गर्ने, गाईले पाँच–छः महिनाभन्दा बढ़ी दूध दिंदैन, बदली रहनु पर्दछ। गाईको दूधमा बढी मात्रामा घिउ पनि हुँदैन। यदि भैंसी चार हजारमा पाइन्छ भने त्यति नै दूध दिने गाई दुई हजारमा पाइन्छ। भैंसीलाई घरभित्र बाँधिन्छ भने गाईलाई खेतमा पनि कसैले वास्ता गर्दैन। भनिन्छ गाईको दूध नवजात शिशुको लागि पिउने काम आउँछ, जब आमाको दूध पनि काम आउँदैन, तर त्योभन्दा पनि पहिले शिशुले श्वासमा आक्सीजन लिन थाल्दछ र जीवनभरि लिई रहन्छ भने के आक्सीजन धर्म हुन गयो?

यसप्रकार वहाँको सम्पूर्ण पुस्तिकामा गाई कि त वस्तु हो कि त देवता। वस्तु हो भने रक्षा गर्नुस्। आफ्नो वस्तुको रक्षा कसले गर्दैन? उसको लागि संकट कसले सहदैन? तर वस्तुको उपयोग बढ्छ–घट्छ। घर कच्चा थियो, त्यसबेला लिप्नुको लागि गोबरको उपयोग थियो, पक्का भयो अब आवश्यकता रहेन। मलको लागि गोबर आवश्यक थियो तर यूरिया र डाई आएपछि गोबरको प्रयोग घट्न थाल्यो। जुनप्रकार भैंसीको खोजीबाट गाईको मूल्य घट्यो, त्यसै प्रकार जर्सी इत्यादिको समक्ष भैंसीहरूको अवमूल्यन संभव छ, यद्यपि जर्सी इत्यादि गाई हुँदै होइन, क्रास हुन्, वर्णसंकर हुन्। अतः वस्तुको रूपमा गाईको उपयोग घटिरहेको छ। तापनि वस्तु हो भने राम्रो प्रकारले रक्षा गर्नुस्।

रह्यो कुरा गाईका देवता हुनुमा! हुन त ऐतरेय उपनिषद्को अनुसार गाईको शरीरमा कुनै देवता छँदै छैन। तापनि यदि गाई देवताहरूको बहिनी, आमा वा पूरा देवसमूह नै भए पनि के भयो र? जस्तो सृष्टिमा सबै जीव छन् त्यस्तै नै देवता पनि छन्। उनीहरू पनि '**भव प्रवाह संतत हम परे**'– जन्म–मृत्युको प्रवाहमा सधैं बग्नेवाला हुन्। '**अग जग जीव नाग नर देवा। नाथ सकल जग काल कलेवा।।**'– देवता पनि कालको जलपान सामग्री मात्र हुन्। हामीले ती जलपान सामग्रीसंग प्रार्थना किन गर्ने, "जुन कालले तिमीलाई खान बसेको छ, त्यसैबाट हामीलाई बचाऊ।" ऊ समक्ष भएको भए स्वयं बच्दैन थियो? '**स्वर्गउ स्वल्प अन्त दुखदाई।**' नहुष स्वर्गबाट खसेपछि अजिङ्गर बन्यो। '**मनुज देह सुर साधु सराहत।**'– सराहना मानव–तनको हुन्छ, गाई–तनको होइन। देवताहरू भन्दा पनि बढ़ी एउटा वस्तु तपाईंसंग छ, त्यो हो मानव तन। यो सुर–दुर्लभ छ र यो तपाईंले पाउनुभएको छ। फेरि तपाईं कुन देवता वा गाई–गोरुबाट आशावान हुनुहुन्छ। गोस्वामीजीले भन्नुहुन्छ–

काहे फिरत मूढ़ मन धायो।
तजि हरि चरन सरोज सुधारस रविकर जल लय लायो।
त्रिजग देव नर असुर अपर जग योनि सकल भ्रमि आयो।।
(विनयपत्रिका, १९९)

अर्थात् मूर्ख मन! कहाँ दौड़िरहेका छौ? भगवान्को चरणको अमृत छोड़ेर मृगतृष्णाको पछि किन दौड़िरहेका छौ? मृगतृष्णा के हो? देवादि शरीर! र तिमी देवता भएर फर्कि सकेका छौ? तिमी देवता भइसकेका छौ, त्यहाँ शान्ति छैन।

भगवान् रामको अनुसार भवसागरबाट पार हुने एउटै उपाय छ कि '**नर तनु भव बारिधि कहँ बेरो।**' **(मानस, ७/४३/७)** तरने उपाय नर–तनमा छ, गाई कुनै उपाय होइन।

* भन्नुहुन्छ– गाई विष्णुस्वरूपा हो, तापनि त्यो परमश्रेय वा कल्याणको साधन त होइन। गाई सृष्टि–संचालनको अन्तर्गत छिन्, सृष्टिभन्दा बाहिर होइन। त्यो परम प्रभुको लागि मनु तपस्या गरिरहेको थियो, '**सम्भु बिरंचि विष्नु भगवाना। उपजहिं जासु अंस ते नाना।।**' **(मानस, १/१४३/६)** पूर्ण पराक्रम–

बाट होइन बरू जसको अंश मात्रले अनन्त ब्रह्मा, अनन्त विष्णु र अनन्त शंकर पैदा हुन्छन्, त्यो कल्याणस्वरूप परमात्मा यी विष्णुभन्दा धेरै अगाड़ि छ। किष्किन्धामा श्रीरामको परिचय लिने प्रसंगमा हनुमानले सोधे– '**की तुम्ह तीन देव महँ कोऊ। नर नारायण की तुम्ह दोऊ।। जग कारन तारन भव, भंजन धरनी भार। की तुम्ह अखिल भुवनपति, लीन्ह मनुज अवतार।।**' (**मानस, ४/१**) अर्थात् तीन देव कोही अर्कै हुन्, नर–नारायण अर्कै हुन् र अखिल भुवनपति कोही अर्कै हुन्। कतै '**अगणित रवि शशि शिव चतुरानन।**' त्यो परमात्माबाट निस्किरहेका छन् भने कतै '**विष्नुकोटि सम पालनकर्ता।**' (**मानस, ७/९१/६**) एक रामको उपासनामा जोर दिइएको छ।

ब्रह्मा, विष्णु, महेश तथा अरू देवी–देवताहरूको श्रेष्ठता पौराणिक कल्पनाको उपज हो। अवतारवादको जो क्षीण रेखा वैदिक साहित्यमा छ र जति सरलताको साथ भनिएको छ, रामायण र महाभारत कालसम्म आउँदा पूर्णतः विकसित भएको छ। वैदिक युगमा प्रजापति र इन्द्रका विशेषताहरू विस्तारै–विस्तारै विष्णुमा स्थापित गरियो र महाभारतपछि सृजित पुराणहरूमा साम्प्रदायिक पूर्वाग्रहको कारण एक–एक देवी वा देवताबाट अनेकानेक अरू देवता निस्किएका देखिन्छन्। गोस्वामीजीले पनि त्यसै शैलीको प्रयोग गर्नु हुन्छ; तर 'एक परमात्मानै पूज्य हुन्'को वैदिक धारणा वहाँको सम्पूर्ण काव्यको केन्द्रबिन्दु हो। यद्यपि वाल्मीकि रामायण र महाभारत दुबै संकलन ग्रन्थ मानिएका छन्, कयौं शताब्दिहरूसम्म त्यसको आकारको विस्तार हुँदै रह्यो, तापनि रामायणको अवतारवाद महाभारतको नै एउटा अंग हो। पुरुषसूक्तको अनुसार गाई सृष्टिको नै एउटा अंग हो।

तस्मादश्वा अजायन्त ये के चोभयादतः।
गावो हि जज्ञिरे तस्मात् तस्माज्जाता अजावयः।।

(**ऋग्वेद, १०/९७/८–१०**)

उनै परमपुरुष परमात्माबाट घोड़ाहरू उत्पन्न भए। माथी–तल दाँतवाला पशुहरू उत्पन्न भए। गाईहरू उत्पन्न भइन्। उनैबाट बाख्रा तथा भेंडाहरू उत्पन्न भए। जस्तो सबै पशु त्यस्तै नै गाई पनि हो, विष्णुस्वरूपा होइन र विष्णु पनि अविनाशी परमात्मा होइन।

* रामचरित मानसको घोषणा छ कि भवरोगको मात्र एउटा औषधि छ–

सद्गुर बेद बचन बिस्वासा। संजम यह न बिषय कै आसा।।
रघुपति भगति सजीवन मूरी। अनूपान श्रद्धा मति पूरी।।
एहि विधि भलेहिं सो रोग नसाहीं। नाहिं त जतन कोटि नहिं जाहीं।।

(मानस, ७/१२१/६-८)

यसबाहेक जब अरू कुनै बाटो छँदै छैन भने तपाईं अर्को यत्न किन गर्नुहुन्छ? दाहिने–देब्रे यत्न गर्नुस्, करोड़ यत्न गर्नुस्, गाईलाई ब्रह्मा–विष्णु मान्नुस् वा भैंसीलाई मान्नुस्, यसले के हुन्छ? यो त भटकाव हो, सम्प्रदायहरूको झमेला हो, जसमा कल्याण कदापि छैन।

* वेदको निर्णय छ, नारायण ऋषिद्वारा प्रसारित पुरुषसूक्तको निर्णय छ कि त्यो अविनाशी परमात्मा हजारौं हात, खुट्टा र मुखवाला हुनुहुन्छ। एक्लो वहाँ नै सबैतिर व्याप्त हुनुहुन्छ। वहाँको तेजको अंश मात्रले चराचर जगत्को उत्पत्ति भएको हो। ब्रह्माले यज्ञद्वारा उनलाई नै हृदय–देशमा पाए, इन्द्रले वहाँलाई नै देखे। अनादि कालदेखि पूर्व मनीषिहरूले मानस यज्ञद्वारा जसलाई पाए त्यो अविनाशी तत्त्व वहाँ नै हो। वहाँलाई नजानिकन अमर हुने अरू कुनै बाटो छैन, अन्त कतै मुक्ति छैन, कतै शान्ति छैन, फेरि गाईको नश्वर शरीरमा तपाईंले कुनचाहिं मुक्ति खोजि रहनुभएको छ?

* लेखक महोदयलाई ठूलो दुःख छ कि कलियुगमा दुष्टहरू सुखी छन् र सज्जनहरूले कष्ट पाउँछन्। सुनिन्छ वहाँ मानसको अध्येता पनि हुनुहुन्छ। वहाँलाई यो पनि थाहा छैन कि युग के हुन्छ? कहिलेबाट शुरू हुन्छ र कहाँ रहन्छ? मानसमा नै छ कि '**बुध जुग धर्म जानि मन माहीं।**' **(मानस, ७/१०३/६)** विवेकी पुरुषले युगलाई मनको अन्तरालमा जान्दछन्। बाहिर न कहीं युग छ, न हुनेछ। कलि वा सत्ययुग जसलाई आउनु छ, तपाईंको हृदयमा आउनेछ। तपाईंले चाहेर आउँदैन। जब राममाया क्रियाशील हुन्छ तब आउँछ। '**नित जुग धर्म होहिं सब केरे। हृदय राम माया के प्रेरे।।**' **(मानस, ७/१०३/१)** जस्तो कि '**तामस बहुत रजोगुन थोरा। कलि प्रभाव विरोध चहुँ ओरा।।**' **(मानस, ७/१०३/५)** मनको अन्तरालमा तामसी गुणहरू बढ़ी छ, अलिकति रजोगुण आयो भने व्यक्तिको साधना कलियुगीन हुन्छ।

यस स्तरमा चारैतिर बैर–विरोध उसको स्वभावमा हुनेछ। अतः युग साधकको आन्तरिक क्षमताको कसी हो। यदि कलियुग आज कतै बाहिर छ भने सात्विक कसैले हुनु नपर्ने।

* अन्तमा आँत्तिएर आचार्यजी भन्नुहुन्छ कि जसले श्रुति, स्मृति र पुराणहरूलाई मान्दैन उसलाई केही पनि भन्नु जंगलमा रुने जस्तो छ। श्रुति माने वेद, जो संख्यामा चार भनिन्छ। शास्त्रहरू छःवटा छन्– सांख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त। जसलाई मानिसहरूले नजाने पनि शास्त्रको प्रशंसा गर्छन्। यी शास्त्रहरूबाट अलग सयकड़ौं पुराण र उपपुराण छन् जसमध्ये अठार पुराण धेरै प्रचलित छन्। मनु इत्यादिको स्मृतिहरूलाई धर्मशास्त्र पनि भनिन्छ जो संख्यामा सयकड़ौं छन्। अब म यो आरोपको समीक्षामा आउँछ कि के म वेद–शास्त्र केही मान्दछु कि मान्दिन?

मान्यता छ कि पहिले सबै शास्त्रहरू मौखिक थिए। शिष्य–परम्परामा घोकाउने गरिन्थ्यो, जसलाई सर्वप्रथम वेदव्यासले लिपिबद्ध गर्नुभयो। जसमा चारवटा वेद, वेदान्त, भागवत, महाभारत र त्यसैको एक अध्यायको रूपमा गीता पनि छ। अन्तमा वहाँले विचार गर्नुभयो कि मैले यति धेरै लेखिदिए कि मानिसले एक–दुई जन्मसम्म पढ्दै रहे पनि उसले एउटा निर्णयमा पुग्न सक्दैन। त्यसैकारण व्यासले स्वयं निर्णय दिनुभयो कि '**गीता सुगीता कर्तव्या किमन्यैः शास्त्रविस्तरैः।**' गीता नै धर्मशास्त्र हो। एक अध्यायको रूपमा जसले यसलाई लेख्नुभयो, त्यही महर्षिले आफैले यो एक अध्यायलाई शास्त्र मान्नुभयो, मात्र यसैको पालनमा जोर दिनुभयो। यहाँसम्म कि वेद र अरू ग्रन्थहरूतिर संकेतसम्म गर्नु भएन, जबकि वहाँले नै यी आर्षग्रन्थहरूको संकलन गर्नुभएको थियो। यतिमात्र होइन, भगवान् श्रीकृष्णले पनि समर्थन दिनुभयो कि यो पूर्ण शास्त्र हो– '**इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ।**' अर्थात् यो गोपनीय शास्त्र मद्वारा भनियो। गीता शास्त्र हो। यसलाई आचरणमा ढाल्नेवाला कृतकृत्य हुनजान्छ। तर यस शास्त्रमा बताइएको विधिलाई त्यागेर जसले मनमानी आचरण गर्दछ उसको लागि न सुख छ, न समृद्धि र न शान्ति। अतः हाम्रो–तपाईंको, मानव मात्रको शुद्ध शास्त्र गीता हो जसमा पुरुषोत्तम परमात्मालाई छोड़ेर अरू कसैको पूजाको निर्देश छैन।

तापनि यो जिज्ञासा रहि नै रहन्छ कि वास्तवमा श्रुतिमा के लेखेको छ कि आचार्य भन्नुहुन्छ जो श्रुति, स्मृति, पुराण मान्दैन उसलाई केही भन्नु जंगलमा रुनु जस्तो हो। हुन त विशाल वैदिक वाङ्मयलाई यस सानो निबन्धमा बुझाउन सकिंदैन, तापनि त्यसको सम्पूर्णांश प्रत्येकले जान्नु पर्दछ। वेदको पुरुष–सूक्तको चर्चा यस लेखमा भैसकेका छ। त्यस्तै एउटा अर्को सूक्त हिरण्यगर्भ सूक्त अथर्ववेदमा छ। यसमा भनिएको छ कि त्यो परमात्मा '**भूतस्य जातः पतिरेक आसीत्**'– सबै प्राणिहरूको एक्लो मालिक हो। उसैले पृथ्वी र अन्तरिक्षलाई धारण गरिराखेको छ। त्यसबाहेक '**कस्मै देवाय हविषा विधेम्**'– कुन देवताको लागि हविको विधान गरुँ? यसप्रकार एक परमात्मामा निष्ठा वेदको प्रधान लक्ष्य हो।

वेदपछि उपनिषद् साहित्यको महत्व छ। आउनुस्, हेरौं उपनिषद्हरूको आशय के छ–

तमेव धीरो विज्ञाय प्रज्ञां कुर्वीत ब्राह्मणः।
नानुध्यायाद् बहूञ्छब्दान् वाचो विग्लापनँ हि तदिति।।

(बृहदारण्यकोपनिषद्, ४/४/२१)

बृहदारण्यक उपनिषद्को अनुसार बुद्धिमान ब्राह्मणले परमात्मालाई जान्नको लागि उसैमा बुद्धिलाई लगाउनु, अरू अनेकौं प्रकारका व्यर्थ शब्दहरूतिर ध्यान न दिनु किनकि त्यो त वाणीको अपव्यय मात्र हो।

यसैप्रकार मुण्डकोपनिषद् हेरौं–

यस्मिन् द्यौः पृथिवी चान्तरिक्षमोतं मनः सह प्राणैश्च सर्वैः।
तमेवैकं जानथ आत्मानमन्या वाचो विमुंचथामृतस्यैष सेतुः।।

(मुण्डकोपनिषद्, २/२/५)

अर्थात् जसमा स्वर्ग, पृथ्वी र तिनीहरूको बीचको आकाश तथा सम्पूर्ण प्राणहरू समेत मन गाँसिएको छ, त्यही एक '**आत्मानं जानथ**'– आत्मालाई जान। '**अन्याः वाचः**' अर्थात् अरू सबै कुरालाई '**विमुंचथ**'– बिलकुल छोड़ी देऊ। '**अमृतस्य एषः सेतुः**'– अमृतको यो नै सेतु हो।

कठोपनिषद्मा छ कि '**सर्वे वेदा यत्पदमामनन्ति**'– सबै वेदले त्यो परमेश्वरको प्रतिपादन गर्दछन् (१/२/१५)। यसप्रकार उपनिषद्को पनि सार

सर्वस्व गीतामा भगवान् भन्नुहुन्छ '**वेदैश्च सर्वैरहमेव वेद्यः**' (१५/१५)– सबै वेदहरूद्वारा जान्ने योग्य म नै हुँ। गीताले त्यही भन्छ जो वेदमा छ अर्थात् एक परमात्माको चिन्तन। यही गोस्वामीजी पनि भन्नुहुन्छ–

नीति निपुन सोई परम सयाना। श्रुति सिद्धान्त नीक तेहिं जाना।।
सोइ कबि कोबिद सोइ रनधीरा। जो छल छाड़ि भजइ रघुबीरा।।

(मानस, ७/१२६/३-४)

श्रुतिको सिद्धान्त उसले राम्ररी जानेको छ, जसको मन भगवान् श्रीरामको चरणमा अनुरक्त छ। '**श्रुति सिद्धान्त इहइ उरगारी। राम भजिअ सब काज बिसारी।।**' (**मानस, ७/१२२/२**)। श्रुतिको सिद्धान्त यही हो कि रामलाई भज, एकमात्र रामलाई भज, यसबाहेक प्रत्येक कार्यलाई बिर्सिदेउ। एक परमात्माको स्थानमा गाईको पूजा श्रुति सिद्धान्त होइन। उपनिषद्ले भन्दैन, गीताले भन्दैन, मानसले भन्दैन; तापनि भन्नुहुन्छ कि श्रुति मान्दैन। तुलसीदासजी भन्नुहुन्छ– 'रामलाई भज'; तुलसी पीठाधीश्वर भन्नुहुन्छ– 'गाईलाई भज'।

* अब आउनुस्, पुराणलाई हेरौं। किंवदन्ती छ कि अठार पुराणहरूलाई पनि व्यासले नै लेख्नुभयो। लाग्दछ व्यास कुनै उपाधि हो, जस्तो कि आजका कथावाचकहरूलाई भनिन्छ वा 'व्यासोवाच' भन्ने कुनै शैली छ; किनकि सबैतिर एक परमात्मामा आस्था दृढ़ गराउने व्यासजीले स्कन्द पुराणमा भन्नुहुन्छ कि शिव ठूला हुन्। राम, कृष्ण, ब्रह्मा, विष्णु, सबै देवी–देवता वहाँका नोकर–चाकर हुन्। त्यही व्यासजीले विष्णु पुराणमा भन्नुहुन्छ कि गल्ती भयो, विष्णु ठूला हुन्। देवीपुराणमा भन्नुहुन्छ कि देवीहरू नै सबै थोक हुन्, उनीहरूको सामुन्ने ब्रह्मा, विष्णु, महेश सबै तुच्छ छन्। होइन, होइन, इन्द्र शाश्वत हुन्, त कहीं सूर्य ठूला हुन्। लाग्दछ कि पुराणको व्यासले निर्णय गर्न सकिरहनु भएको छैन। एक परमात्माबाहेक कोही पुजनीय छैन– यस्तो घोषना गर्ने व्यासजीलाई के भएको छ?

पुराणहरूको एउटा उदाहरण नै पर्याप्त हुनेछ। शिव पुराणमा छ कि एक पटक ब्रह्माजी विष्णुकहाँ पुग्नुभयो। कड़केर बोल्नुभयो, हेर! म सबैको पिता हुँ, सबैभन्दा ठूलो हुँ, भगवान् हुँ, मलाई प्रणाम गर। विष्णुले भने कि मेरो नाभिबाट कमल र कमलबाट तिमी उत्पन्न भयौ, मलाई प्रणाम गर। म भगवान्

हुँ। वाद–विवाद हातपातको स्थितिमा बदलियो। अस्त्र–शस्त्रहरू निस्के। यस झगड़ाको रमिता हेर्ने देवताहरूले शिवलाई सूचना दिए कि दुबै जना मर्न–मार्नलाई तत्पर छन्। तब शिवले ती दुबैको बीचमा यो खम्बा खड़ा गरिदिए–शिवलिंग। लड़ाई रोकियो। दुबैले भने, हामी दुबैको बीचमा यो खम्बा कहाँबाट आयो? हिंड पत्ता लगाउँ। ब्रह्मा हाँस बनेर त्यसको उचाई नाप्न उड़े र विष्णु शुंगुर बनेर हजारौं वर्षसम्म पृथ्वीको खुदाई गर्दै रहे, जबकि शुंगुर प्वाल खन्ने जन्तु पनि होइन।

उता ब्रह्माजीले एउटा केतकीको फूल झूठो गवाहीको लागि पाए, जसरी आजकल मानिसहरू चकबन्दीमा गर्दछन्। विष्णुलाई भने कि मैले पत्ता लगाएँ। तब विष्णुले प्रणाम गरे। दुबै आपसमा भिड़ेको थिए कि शंकरजीले ब्रह्माको पाँच सिरहरू मध्ये एकलाई काटि दिए। विष्णुले बीच–बचाउ गरे कि न म भगवान्, न यो भगवान् बरू जसले जीत्यो, त्यही भगवान्। भगवान्लाई भगवत्ताको बोध छैन। जो स्वयंसिद्ध छ, सहज छ, माने पनि नमाने पनि छ। तपाईंले माने पनि नमाने पनि भगवान्मा घट–बढ़ हुँदैन। **'विधि न बनाये, हरि आप बनि आये।'** तर यहाँ तीन–तीन दाबेदार आपसमा लड़ाई गरिरहेका छन् मानौं कि एम.एल.ए.को इलेक्सन हो। लाग्दछ कि यो त्यो जमानाका राजाहरू तथा सामन्तहरूको झगड़ा हो।

शैव सम्प्रदायको पुराणहरूमा छ कि शिवभक्तले रामभक्तलाई मार्‍यो भने उसको एक्काइस पीढ़ि तर्ने छन्। के यो मान्ने लायक कुरो हो? भन्नुहुन्छ–जो पुराण मान्दैन त्यसलाई केही भन्नु जंगलमा रुनु जस्तो हो। यसमा मान्ने लायक के छ? शैव, वैष्णव, शाक्त, सौर तथा गाणपत्य सम्प्रदायहरूको रक्तरंजित इतिहासलाई मान लिउँ। शिवगीतामा छ कि जब रावणले सीताको हरण गर्‍यो तब अगस्त्य मुनिसंग दीक्षा लिएर राम शिवाराधनमा संलग्न हुनुभयो। शिव प्रकट हुनुभयो, तब राम काँप्न थाल्नुभयो। देख्नुभयो कि ब्रह्मा–विष्णु, सबै देवताहरू हात जोड़ेर शिवको सामुन्ने आइरहेका छन्। रामको भक्तिबाट प्रसन्न भएर शिवले भन्नुभयो कि राम! न डराऊ, सबै राक्षस मेरो मुखमा आइसकेका छन्। तिमी निमित्त मात्र भएर संग्राम गर। कीर्ति पाउने छौ। 'इति श्रीशिवगीता–सूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे शिवराघव सम्वादे रामाय वरप्रदानम् नाम

पंचमोध्यायः।।' भन्नु पर्ने आवश्यकता छैन कि भगवान् श्रीकृष्णको गीताको पंक्तिहरूमा आफ्नो कुरा मिसाएर शिवगीता बनाइयो र मूल गीताको आशयबाट टाढ़ा उभिए। यसैप्रकार प्रत्येक सम्प्रदायले अरू देवताहरूको निन्दा र आफ्नो प्रशंसामा पुराण लेख्दै गए। अनेक साम्प्रदायिक उपनिषद् पनि लेखिए, जस्तै गणपत्युनिषद्, कृष्णोपनिषद्, रामोपनिषद्, नारायणोपनिषद्, सूर्योपनिषद्, सावित्र्युपनिषद्, राधोपनिषद्, सीतोपनिषद्, रुद्रोपनिषद्; र यहाँसम्म कि अल्लोपनिषद्। यसप्रकार मन्त्रद्रष्टा ऋषिहरूको वाणीहरूलाई बिगारी, बङ्ग्याई आफ्नोतिरबाट केही मिसाएर यस्तो बनाइयो कि वास्तविकता त्यसको बीचमा दबेर गएको छ। जनसाधारणको लागि त साँच्चि नै धेरै ठूलो समस्या छ कि परस्पर विरोधी अनेकानेक ग्रन्थहरूको बीचमा कसलाई मान्ने र कसलाई न मान्ने? त्यसमाथी यो घूर्की कि वेद, पुराण, स्मृति र शास्त्र मान्दैनौ!

यसकारण विनयपत्रिकामा गोस्वामी तुलसीदासजी भन्नुहुन्छ कि '**बहुमत सुनि बहु पंथ पुराननि जहाँ तहाँ झगरो सो।**' (१७३) अनेकौं मत सुनियो (जबकि वेदको एउटै मत छ) पुराणहरूमा धेरै पंथ छन्। यी जहाँ–तहाँ एक आपसमा झगड़ा छन्। '**गुरु कह्यो राम भजन नीको मोहिं लगत, राज–डगरो सो**'– गुरुदेवले भन्नुभयो कि एकमात्र रामको भजन गर, यो नै मलाई राम्रो लाग्यो, यो राजमार्ग जस्तै छ। कल्पना गर्नुहोस्, गोस्वामीजीको समयको राजमार्ग! त्यो सम्राट अकबरको शासनकाल थियो। त्यस युग–जमानाको दुर्गम बाटाहरूको तुलनामा राजमार्ग! जहाँ राजा हिंड्दा फूल बिछ्याउने गरिन्थ्यो, अत्तर छर्किन्थ्यो, न लामखुटे, न झिंगा, न कसैसंग सोध्नु पर्ने र न कुनै बाटो बिराउने डर! यस्तो नै हो एक परमात्माको भजन।

यसैलाई मानसमा लेख्नुहुन्छ कि '**दम्भिन्ह निज मत कल्पि करि, प्रकट कियो बहुपंथ।**' (७/९७)– दम्भिहरूले धेरै पंथ प्रकट गरेका छन्। विनयपत्रिकामा भन्नुहुन्छ, '**बहुपंथ पुराननि**'– पुराणहरूले धेरै पंथ प्रकट गरिदिए। अतः यिनै पुराणपंथिहरूलाई गोस्वामीजीले दम्भी भन्नुभयो। आजकल शिक्षित वर्गले प्राचीन रूढ़िहरूमाथी औंला ठड्याउँदा निरक्षर आचार्यगणहरूले झूठो भन्ने गर्दछन्, "राम राम! घोर कलियुग आयो! धर्म–कर्म कसरी हुन्छ?" '**मारग सोइ जा कहुँ जोइ भावा।**' (**मानस**, ७/९७/३) कलियुगमा न

यस्तो भन्ने नै छन्। तर गोस्वामीजीको आक्रोश स्पष्ट रूपले उनीहरूप्रति छ जसले एउटा वैदिक मार्गको स्थानमा बहुपंथ प्रकट गरिदिए। वेद भन्छ, '**नान्यः पन्था विद्यतेऽयनाय**'– यो एउटा मार्गबाहेक अर्को कुनै पंथ नै छैन। पुराणले भन्दछ– धेरै नै पंथ; तापनि तपाईं भन्नुहुन्छ कि पुराण मान्दैनौ।

धर्मको तथाकथित ठेकेदार, यिनै पुराणपन्थिहरूले स्मृतिहरूको नामले कानून बनाएर अधिकांश जनतालाई शिक्षाबाट वञ्चित राखे। केही गरी कसैले पढ़ी हाल्यो भने उसको जिब्रो काटिदिनु, सुन्यो भने कानमा काँच पगालेर भरी दिनु तापनि कसैले सच्चाई भनिदियो भने त्यसलाई अलग सम्प्रदाय घोषित गरेर सनातन धर्मबाट निष्कासित गरिदियो। गौतम बुद्धले भन्नुभयो कि रात्रिको पछिल्लो प्रहरमा मैले त्यस अविनाशी पदलाई प्राप्त गरें, जसलाई पूर्वमा भएका ऋषिहरूले प्राप्त गरेका थिए। मैले सर्वज्ञता प्राप्त गरे। ठीक त्यही कुरा जो गीतामा श्रीकृष्णले भन्नुभएको छ कि आत्मा सर्वज्ञ छ, अविनाशी छ। भने कि यिनी त बौद्ध हुन्। महावीर स्वामीले भन्यो, आत्मा अजर–अमर छ। इन्द्रियसंयम गर। तीर्थ बाहिर छैन, तीर्थस्वरूप कुनै तीर्थंकर महापुरुषको सेवा गर र उनले भनेको बाटोमा हिड़– यी त्रिरत्नहरूको पालना गर, त्यसपछि आत्मालाई जान्नेछौ– साँचो कुरा बताउँदा भन्न थाले, यो त जैन हो। कसैले नांगो तलवार लिएर पछ्याउँदा, सामुन्नेको जैन मन्दिरमा गएर प्राणरक्षा हुने भए पनि टाउको दिनु तर जैन मन्दिरमा न जानु। बौद्ध स्तूप वा बौद्ध विहारमा गयो भने धर्मनष्ट हुनेछ। जबकि महावीरले पनि त्यही भन्छ जो गीताले भन्छ कि आत्मा नै शाश्वत छ, सत्य छ। काश्मीरदेखि प्रयागसम्म आर्यावर्त हो, रहने योग्य छ। बाँकी स्थान बस्नेहरूले यहाँ बस्नेहरूसंग धर्म सिक्नु पर्दछ; किनकि ब्राह्मण धर्म यहाँ संगठित थियो र यसबाहेक बिहार इत्यादि जो बुद्ध र महावीर स्वामीको स्थल छ– भन्दछ कि त्यो म्लेच्छ देश हो।

कबीरले साँचो कुरो भन्दा यसले वेद पढ़ेको छैन भनेर भनियो– मुर्ख छ, कबीरपन्थी हो। दयानन्दले वेद लिए तब भने आर्यसमाजी हो। नानकले साँचो भने कि '**सिमरहु जासु बिसम्भर एकै**'– विश्वको भरण–पोषण गर्नेवाला एक परमात्मा हो, उसैको सुमिरण गर, तब भने सिख हो। ईसाले भने 'परमात्मा एक छ, त्यसैमा सुख छ, शान्ति छ, अनन्त जीवन छ। संसारभरिको मानिसहरू!

मेरो नजिक आऊ। तिमीहरूले पनि अनन्त जीवन पाउने छौ।' तब भने– 'यीशू मसीहले' पढ़ाइरहेको छ, बहकाइरहेको छ। मुहम्मदले भने कि 'खुदा (भगवान्) जर्रे–जर्रे (सर्वत्र, सबैतिर)मा छ, तिम्रो दिल (मन) भित्रको प्रत्येक हरकत देखिरहेको छ, ऊभन्दा ठूलो कोही छैन, ऊबाहेक कोही पूज्यनीय छैन।'– तब भने म्लेच्छ हो। यद्यपि यी सबै महापुरुषहरूको पछि आज एक–एक सम्प्रदाय बनेको छ जसमा कुरीतिहरू धेरै जोड़िएका छन्, तर मूलरूपले यी विचार–धाराहरूको प्रवर्तक उपर्युक्त सबै महापुरुषहरूले त्यही एउटा कुरा भनेको छन् जसको खोजी सर्वप्रथम तपाईंको वैदिक ऋषिहरूले गरे– '**शृण्वन्तु विश्वे अमृतस्य पुत्राः।**'– अमृत अंश विश्वभरिका मानिसहरू हो! सुन! मैले प्रकाशस्वरूप त्यस परमात्मालाई जानिसकेको छु। एकमात्र त्यसैलाई जानेर मृत्युबाट बच्न सकिन्छ। यसबाहेक अरू कुनै बाटो छैन।

धर्म एक छ र मानवमात्रलाई एकताको सूत्रमा बाँध्छ। एक ईश्वर, एक नाम, एक धाम, एक प्रार्थनास्थल, एक शास्त्र, एक महापुरुषको स्थानमा आजका समाज विभाजित हुँदै गइरहेका छन्। क्रियाको नाममा वेदद्वारा निर्धारित र यी सबैको सम्पूर्णांश श्रीकृष्णोक्त गीताद्वारा निर्धारित नियत कर्मलाई छोड़ेर, सत्यलाई छोड़ेर बाँकी सबै थोक गर्दछन्। हालसालै समाचार पत्रहरूमा छापिएको थियो कि एक व्यक्ति बीस वर्षदेखि काँढ़ामाथी सुती रहेको छ। सोध्नुस्– किन? तब भन्छ– भजन गरिरहेको छु। कोही सूर्यतिर हेरिरहेको छ भने पनि भजन गरिरहेको छ। कोही एउटा खुट्टाले मात्र उभिरहेको छ भने भजन गरिरहेको छ। कोही नाक थिचीरहेको छ, त कसैले कानमा औंला हाली रहेको छ। भन्दछ– यो नै भजन हो। कसरी भजन गर्ने भनेर सोध्यो भने भन्छ कि टाउको तल गरेर खड़ा होऊ। त्यसो गर्न सकेन भने गुदामार्गद्वारा पानी तान। न कुनै साधना निश्चित हुन सक्यो र न कुनै लक्ष्य। तापनि धर्माचार्यले भन्नुहुन्छ कि जो वेद–पुराण मान्दैन ऊसंग केही भन्नु बेकार छ। के वेद–पुराणमा यी सबै लेखेको छ? जे सुकै भन, जे सुकै गर अनि भनि देउ वेदमा लेखेको छ। वेदलाई बदनाम गर्न, वेद–पुराणको नाममा भ्रान्तिहरू सृजना गरेर जनताको भयादोहन गर्न अब छोड़।

भन्छ कि शास्त्रलाई मान। कुनचाहिं शास्त्र मान्ने? रामचरितमानसबाट भन्यो भने भन्नुहुन्छ– वाल्मीकिले त यस्तो लेखेको छ। त्यहाँबाट भन्यो भने

भन्नुहुन्छ– गीतामा त यस्तो लेखेको छ। गीताको सही अर्थ भन्यो भने भन्नुहुन्छ– वेदमा त यस्तो छ। वेदको कुरा गरौं भने भन्ने छ गरुड़ पुराणमा यस्तो लेखेको छ। तपाईंले शास्त्र कहाँ मान्नुहुन्छ? जुन महर्षिले वेद लेखे, अधिकांश शास्त्रहरू लेखे, उनले भन्दछ कि गीता शास्त्र हो, त्यसैलाई मान, तपाईं भन्नुहुन्छ– स्मृति मान! त्यो पनि एउटा होइन सत्ययुगको लागि मनुस्मृति, द्वापरको लागि शंखस्मृति, त्रेताको लागि गौतम स्मृति र कलियुगको लागि पाराशर स्मृति प्रमाण हो। तापनि अरू सयकड़ौं स्मृतिहरू छन्। थाहा छैन कुन युगको लागि ती लेखिएको हुन्?

लेख्नुहुन्छ– स्मृतिहरू वेदकै व्याख्या हुन्, त्यसैकारण यसलाई प्रमाण मान! वेद प्रमाण रहेन, गीता प्रमाण होइन, राम–कृष्ण प्रमाण रहेन, कलियुगमा स्मृति प्रमाण हुन गयो। भन्छ कि जो वेदमा छ, त्यही स्मृतिमा छ। यसैकारण एकपल्ट हेरौं कि स्मृतिहरूमा के छ? याज्ञवलक्य स्मृति (२०६/२०७)मा उभ्यतोमुखी गोदानको वर्णन छ कि गाई ब्याउँदा जब बाच्छोको खुट्टा र टाउको निस्किरहेको हुन्छ त्यो बेला गाईको मुख एकातिर र बाच्छोको मुख अर्कोतिर हुन्छ। त्यस बेला गोदान गर्दा गाई र बाच्छोको शरीरमा हुने साढ़े तीन–तीन करोड़ रौं बराबर युगहरूसम्म स्वर्गमा बस्न पाइन्छ। वाराह पुराणको एक सय बाह्र अध्यायमा तथा अग्नि पुराणको (२१०/३३)मा यो दानको महिमा लेखिएको छ। विचार गर्नुहोस् कि जुन परिवारको बच्चाहरूले ठूलो आशा लिएर गाई ब्याउने प्रतिक्षा गरिरहेका छन्, त्यो समय आयो, तब स्वर्गको ठेक्का लिएर धर्मको ठेकेदार आइपुगे। मंत्र पढेर गाई हाँकेर लगि हाले। बच्चाहरूलाई एक दिन दूध पनि खान दिएन। स्वर्ग कहिले मिल्नेछ थाहा छैन, तर पूरा परिवारलाई नरक त यिनीहरू आउँदा खेरी नै भैहाल्यो। तापनि भन्नुहुन्छ कि जो स्मृतिहरूमा छ, त्यही वेदमा छ। के यही वेदमा लेखेको छ?

पाराशर स्मृतिमा लेखेको छ कि यो स्मृति दुइटा उद्देश्यले (१/३६) बनाइएको छ– (१) ब्राह्मणहरूको हितको लागि र (२) धर्मको स्थापनाको लागि। जब यत्ति कै लागि लेखिएको छ भने जसको हित हुन्छ उसले पढ़ोस्। सबैले किन मान्नु पर्‍यो? यो स्मृतिले कुन धर्मको स्थापना गर्न लागिरहेको छ? लेख्छ, शूद्रले यदि ब्राह्मणको सेवा छोड़ेर कुनै अरू कार्य गरेमा उसले नरक जानु पर्दछ (२/१९)। गाईको दूध पिएमा, वेदको एक वाक्य विचार मात्र गर्नाले शूद्रले निश्चय नै नरक जानु पर्दछ। यो सनातन धर्म हो (१/७३–७४)।

शूद्रले सारहीन अन्न खानु पर्दछ। शूद्रको घरको दूध, दही, घिउ, मह, गुड़ इत्यादि ब्राह्मणले खान सक्दछ; तर शूद्रको घरमा नखानु, नदीको छेउमा लगेर खानु। वेद–वेदांग जान्ने पाराशर ऋषिले यो व्यवस्था दिएको छ। जब वेद–वेदांगमा यही लेखिएको छ भने भगवान्‌ले नै बचाउलान्। लाग्दछ ऋषिहरूको नाममा यी स्मृतिहरू लेखेर धूर्तहरूले वेदलाई पनि बिगारेका छन्। यसकारण गीतामा श्रीकृष्णले 'वेदवादरताः' भनेर मानिसहरूलाई सम्झाउनु भयो कि जसले संसार–वृक्षलाई त्यसको मूल परमात्मा सहित जान्दछ, उही वेदवित् हो (गीता, १५/१)। पोथी पढ़ नेलाई श्रीकृष्णले वेदज्ञ भन्नु भएन जबकि वहाँको समयमा पनि यी पुस्तकहरूलाई कण्ठस्थ गर्ने श्रुतिधर कहलाउने मानिसहरू थिए। श्रीकृष्णले तिनीहरूकहाँ जाने सल्लाह दिनु भएन बरू तत्त्वदर्शी महात्माकहाँ जान सल्लाह दिनुभयो– '**तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया। उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिस्तत्त्वदर्शिनः।।**' (**गीता, ४/३४**) यति मात्र होइन बरू वहाँले यो पनि भन्नुभयो कि तत्त्व के हो र तत्त्वदर्शिता के हो? त्यस तत्त्वलाई जान्ने विधि के हो? जसको पाँच–पच्चीस तत्त्वको गणनामा तपाईं कतै भौंतारी न हाल्नुस्। योगेश्वर श्रीकृष्णले गीतामा वैदिक साधनालाई नै यति क्रमबद्ध तरिकाले भन्नु भएको छ कि भट्किने कुनै गुंजाइस वहाँले छोड्नु भएको छैन। तापनि भन्छ– जंगलमा रुनु जस्तो हो।

तिनै स्मृतिहरूले साठी प्रतिशत भन्दा पनि बढ़ी समाजलाई शूद्र घोषित गरेर न कहिल्यै राम्ररी खान–पिउन दिए, न कमाउन दिए; किनकि कमायो भने ब्राह्मणलाई सताउने छ। यदि कुनै प्रकारले उसले कमायो भने यज्ञ गर्ने नामबाट त्यसलाई लूट। उसले कहिल्यै पढ़न नपाओस्। शिक्षित र तिरस्कृत बनाएर राख। मन्दिरमा जान नपाओस्, भने परमात्मालाई टिटनेस हुनेछ। बनारसमा गयो, तब त्यस मन्दिरको शंकरजी मर्नुभयो। धर्माचार्यहरूले अर्को मन्दिर बनाए कि यसमा शंकरजी शुद्ध हुनुहुन्छ, त्यस मन्दिरको शंकर अशुद्ध हुनुहुन्छ।

कसले भन्छ कि काशी विद्वानहरूको शहर हो? जुन काशीमा भगवान् शिवले रामचरित मानसलाई सत्यम् शिवम् सुन्दरम् भनेर प्रमाणित गर्नुभयो त्यसै मानसमा छ कि कागभुशुण्डिजी आफ्नो पहिलो शूद्र शरीरमा हुँदा उज्जैन जानुभयो, तब वैदिक ब्राह्मण गुरुले उनलाई शिवको मन्त्र दिए। उनी शिव–मन्दिरमा बसेर जप गरिरहेको थियो। त्यस मन्दिरको शिवजी शूद्रको प्रवेशले

गर्दा मरेन बरू गुरुको अपमानको लागि श्राप दिए, आशीर्वाद प्रदान गरे; जबकि स्मृतिहरूमा छ कि वेदवाक्यमा विचारमात्रले शूद्र नरकमा जान्छ। गीतामा भगवान् भन्नुहुन्छ कि स्त्री, पुरुष, वैश्य, शूद्र, ब्राह्मण अथवा कुनै पनि पापयोनिवाला होस्, मेरो शरणमा रहेर परमगति प्राप्त गर्दछ। अत्यन्त दुराचारीले पनि अनन्य भावले अर्थात् अन्य न– गाई–गोरु, देवी–देवता, भूत–भवानी, नागनाथ–साँपनाथ कसैलाई पनि न भजेर मात्र मलाई भज्दछ त्यो साधु मान्ने योग्य छ; किनकि त्यसले सही निर्णयको साथ लागेको छ। त्यो चाँड़ै धर्मात्मा हुनजान्छ। यो हो गीताको धर्मात्मा। गीताको दृष्टिमा शूद्र पनि धर्मात्मा बन्न सक्छ। स्मृतिमा छ कि शूद्रलाई निश्चित नै नरक हुनेछ। गीता भन्छ कि स्त्रीहरूले पनि भगवान्को भक्ति गरुन्, तर स्मृतिहरू भन्छन्– स्त्रीहरूले पतिको मात्र भक्ति गरुन्, पतिको अनुमति छैन भने भगवान्को भक्ति कहिल्यै पनि न गरुन्, यदि गर्छिन् भने आफ्नो पतिलाई अल्पायु बनाउछिन् तथा मरेपछि नरकमा जान्छिन्। (पाराशर स्मृति, ४/१७) तापनि भन्छ स्मृतिलाई मान।

स्मृतिमा लेखेको छ कि थोरै अन्नलाई काग–कुकुरले जूठो गरिदियो वा गाई–गधाले सुंघे भने त्यो अन्नको त्याग गरिदिनु। तर वेदवेदांगका जानकार पाराशर मुनिले भने कि अन्न धेरै छ भने फ्याक्नु हुँदैन। जतिमा च्याल लागेको छ, त्यति फ्याकि दिनु, बाँकी अन्नलाई सुनको पानीले धोएर, आगोमा तपाएर तथा ब्राह्मणद्वारा वेदध्वनिले शुद्ध हुन्छ (पारा., ६/७१–७४)। अमेरिकाको गहुँ भारतमा न आएको भए मानिसहरू भोकै मर्थे, तर यसप्रकारको शुद्धि कसैले गरेनन्। तापनि भन्छ कि स्मृति मान।

कुवा अथवा तलाउको पानी यदि दुषित भयो भने त्यसबाट सय घैंटा जल बाहिर फ्याकेर पंचगव्य हाल्नाले शुद्ध हुन्छ (पारा., ७/५)। आज कोही पनि पंचगव्य हाल्दैन। क्लोरिन, पोटास इत्यादि केमिकल्सहरू आइसकेका छन्। पंचगव्य हाल्नाले त हैजाका कीटाणुहरूलाई भोजन मिल्छ। यसकारण पहिले गाउँका गाउँ हैजाले साफ हुन्थे। लेखेको छ– ब्राह्मण–हत्याको दुइगुना पाप गर्भपात गराउँदा लाग्छ, त्यस स्त्रीको त्याग गरिदिनु पर्छ (४/२०) जबकि आजकल सिलाई मसिन इनाममा दिने गरिन्छ। गर्भपात मात्रै होइन बन्ध्याकरणको लक्ष पुरा भएन भने तलब रोकिन्छ, पदोन्नति हुँदैन। वास्तवमा यो व्यवस्था हो, धर्म होइन।

तपाईंको मनमा धेरै बेरदेखि एउटा प्रश्न उठी रहेको होला कि पुराणहरूमा, स्मृतिहरूमा मान्ने लायक केही छ कि छैन? हेर्नुहोस्, बुद्धिजीवि वर्गले सधैं नै समाजमा शासन गर्छ। उनीहरूद्वारा निर्मित त्यस जमानाको नियम–कानून, रहन–सहन यी स्मृतिहरूमा लेखिएका छन्। यी प्राचीन व्यवस्थाहरू थिए। आफ्नो विकासको इतिहास हेर्नको लागि तिनीहरूको रहन जरूरी छ, तर त्यस जमानाको कानूनलाई, त्यस युगको सभ्यतालाई वर्तमान समाजमा थोप्नु कहाँको न्याय हो? रह्यो यिनीहरूबाट केही लिने कुरा, तपाईं पनि त्यही ग्रहण गर्नुहोस् जो गोस्वामी तुलसीदासजीले ग्रहण गर्नुभएको छ– '**श्रुति पुराण सब ग्रन्थ कहाहीं। रघुपति भजन बिना सुख नाहीं।।**' यी पुराणहरूमा जे सुकै लेखेको होस्, तर गोस्वामीजी त्यसलाई हेर्नु पनि हुन्न। '**नाना पुराण निगमागम सम्मत।**'– एउटा मात्र कुरा वहाँलाई देखा पर्छ कि एकमात्र परमात्मा नै सम्पूर्ण सुखहरूको स्रोत हो। 'रघुपति भजन' बिना कतै सुख छँदै छैन र तुलसी पीठाधीश्वर भन्नुहुन्छ– गाइले सुख दिन्छे। 'वेद मत शोधि, शोधि शोधि कै पुराण सब' गोस्वामीजीले वेद पढ्नु भयो, पुराणहरूलाई मथ्नु भयो, लिने लायक कुरा एउटा भेटियो कि '**रघुपति भजन बिना सुख नाहीं।**'

* आचार्यले आफ्नो पुस्तिकामा लेख्नुहुन्छ कि भारतीय संस्कृतिमा पशु पनि पूजिन्छ, जस्तै गणेशको प्रतीक हात्तीलाई पूज्छन्, शंकरको प्रतीक मानेर नीलकण्ठ पूजिन्छन्, त्यसैप्रकार गाईलाई पनि विष्णुको सजीव प्रतिमा मानेर उसको समर्थन गऱ्यो भने के आपत्ति छ? '**सीय राममय सब जग जानी। करउँ प्रनाम जोरि युग पानी।।**' **(मानस, १/७/२)**

हेर्नुस्, जति सजिलोसंग मानिसहरूले यो पंक्ति भन्ने गर्दछन्, त्यति सजिलो कुरा छैन। पूज्य परमहंसजी महाराज (गुरुदेव)ले भन्नुहुन्थ्यो कि साधनाकालमा एउटा स्तर यस्तो पनि आउँछ, महाराजजीलाई पनि आएको थियो कि जड़–चेतनमा सबैतिर इष्ट देखा पर्न लाग्छ। यही देखेर महाराजजीले केही दिनको लागि दातुन गर्न बन्द गर्नुभएको थियो। वहाँलाई महसुस हुन्थ्यो कि जसरी रौं उखाल्दा शरीरलाई कष्ट हुन्छ त्यसरी नै रुखलाई पनि हुन्छ होला। यसैकारण दातुन केही दिन भएन। तर यो पनि बीचको एउटा अवस्था हो। अगाड़ि गएपछि यो पनि एउटा अज्ञान नै भएको प्रमाणित हुन्छ। यस्तो लाग्छ कि

साधकले **'जहँ तहँ देख धरे धनु बाना' (मानस, २/१३०/७)** भगवान् नै सर्वत्र देखा पर्न थाल्छ। गोस्वामीजीको शब्दमा **'उमा जे राम चरन रत, बिगत काम मद क्रोध। निज प्रभुमय देखहिं जगत, केहिं सन करहिं बिरोध।।' (मानस, ७/१२२ ख)** जब साधनाको त्यही क्रियामा लागेर, रामको चरणमा आसक्ति मात्र शेष रहन्छ, काम-मद-क्रोध शान्त हुन जान्छन्, मात्र यस्ता स्थिति भएका व्यक्तिहरूले जगत्लाई सीयराममय देख्न सक्छ। अरू सबैले न त देख्छन्, न जान्दछन्, भनेर मात्र जगत् सीयराममय देखिंदैन। जान्नु केही अरू छ र मान्नु केही अरू छ।

पशु-पक्षिहरूको पूजा हाम्रो संस्कृति होइन विभाजन हो उदारता होइन, आत्मघात हो। यो पुराण र स्मृतिकालीन विकृति हो, न कि भारतीय संस्कृति। यो बीचमा आएको एउटा भँवर हो, न कि स्वच्छ धारा। शिक्षालाई बन्दी बनाएर स्मृतिहरूले मानव समाजलाई मूर्ख बनाएर राखे र फेरि रुखलाई पूज, ढुङ्गा पूज, भूत पूज, साँप पूज- जे-जे मन पऱ्यो, सोझा-साझा जनतालाई भय देखाएर मान्न लगाए कि नीममा शीतलामाई, महुवामा वृत्रासुर, बरको रुखमा ब्रह्म, गाई जस्तै पीपलमा पूरा देवलोक- 'पात्रे पात्रे देवनाम्'- पात-पातमा देवता, बिफरमा शीतला- यसप्रकार विधाताको सृष्टिलाई, नश्वर आकारहरूलाई हजारौं तरीकाले पूज्न लगाए। यी सबै वाममार्ग हो, न कि भारतीय संस्कृति।

हाम्रो संस्कृति भगवान् श्रीरामद्वारा प्रदत्त छ, भगवान् श्रीकृष्ण प्रदत्त छ। परम प्रभु श्रीरामले अयोध्याको विशाल जनसभालाई सम्बोधित गर्दै भन्नुभयो कि यदि परलोक चाहन्छौ अथवा यहीं सुख र समृद्धि चाहन्छौ भने मेरो कुरा ध्यानले सुन, हृदयमा दृढ़तापूर्वक ग्रहण गर। यी दुबै कुराको लागि एउटै बाटो छ, गरीब-धनी सबैको लागि सुलभ बाटो छ। कुन? 'भगति मोरि'- मेरो भक्ति गर। न सीताको, न हनुमानको, न गाईको, न भैंसीको, मात्र मेरो भक्ति गर।

जौं परलोक इहाँ सुख चहहू। सुनि मम वचन हृदयँ दृढ़ गहहू।।
सुलभ सुखद मारग यह भाई। भगति मोरि पुरान श्रुति गाई।।

(मानस, ७/४४/१-२)

यही पुराण र श्रुतिहरूले गायन गरेका छन्। एक परमात्माको भक्ति हाम्रो संस्कृतिको पहिलो चरण हो र अर्को चरणमा छ त्यो सामाजिक मर्यादा जसलाई

रामले स्थापित गर्नुभयो– भाईसंग भाईको कर्तव्य, पिता–पुत्रको कर्तव्य, मित्र–शत्रु एवं समाजको प्रति दायित्व बोध! भारतीय संस्कृति यति नै त हो।

यसप्रकार योगेश्वर श्रीकृष्णले गीतामा भन्नुभयो कि आत्मा नै शाश्वत हो, अविनाशी हो, अमृत–स्वरूप हो, त्यही सनातन हो। हामीहरू को हौं? आत्माको उपासक; गाईको होइन, देवी–देवताको होइन, ईंट–ढुङ्गाको होइन। यदि आत्मालाई विदित गर्ने क्रिया गर्नु हुन्न भने तपाईं सनातनधर्मी कसरी? आत्मालाई विदित गर्ने जुन क्रिया योगेश्वर श्रीकृष्ण भन्नुहुन्छ, त्यसमा गाईको पूजा त छैन? **'यान्ति ब्रह्म सनातनम्'**– आत्मा, परमात्मा, भगवान्, ब्रह्म सबै पर्यायवाची शब्दहरू हुन्। श्रीकृष्णले पनि त्यही एक परमात्माको पूजा गर्न भन्नुहुन्छ। यो नै भारतीय संस्कृतिको प्रथम पक्ष हो र योगेश्वर श्रीकृष्णले कसरी मित्रको रथ हाँके, दुःखीहरूलाई कसरी अपनाए, उनमा कस्तो संगठन–कौशल थियो; सफल, समृद्ध र जीवन्त शैली– यो हो हाम्रो संस्कृतिको अर्को पक्ष। काग पूज्नु, लाटोकसेरो पूज्नु– यो हाम्रो संस्कृति होइन, बीचमा आएको एउटा कुरीति हो।

यिनै कुरीतिहरूको देन हो सोमवारको दिन शंकरको व्रत, मंगलवार हनुमानको पूजा, बुधवार गणेशजीको पूजा, वृहस्पतिवार वृहस्पति भगवान्को पूजा, शुक्रवार सन्तोषी माताको व्रत, शनिवार शनि ग्रहको शान्ति र रविवार सूर्योपासना हुन्छ। भन्छन्– भारतीय संस्कृति हो। सातवटै दिन सात देवताहरूको पूजाको लागि बाँडिएको छ। पूरा जिन्दगीभरि भगवान्को लागि सोच्नै कुनै दिन नै बचेन। कतै एक्लो उपासना, कतै युगल सरकारको उपासना हुन्छ भने कतै पाँच–पाँच देवताहरूको एकसाथै उपासना। भन्दछ– यो भारतको समन्वयवादी संस्कृति छ। यो संस्कृति होइन, यो त विकृति हो।

भन्नुहुन्छ– जाति–व्यवस्था भारतीय संस्कृति हो। सोझै किन भन्नु हुन्न कि आपसी फुट भारतीय संस्कृति हो! पहिला त यी स्मृति–पुराणहरूले पूरा संसारलाई चार वर्णहरूमा बाँडे, जस अनुसार ब्राह्मणले सरस्वती देवीको, क्षत्रियहरूले दुर्गाको, वैश्यहरूले लक्ष्मीको र शूद्रहरूले कालीको पूजा गर्नुहुन्छ। भगवान्को कतै नामै छैन, भन्नुहुन्छ– यो भारतीय संस्कृति हो। कायस्थले चित्रगुप्तको पूजा गरुन्, कामीले विश्वकर्मा जयन्ति मनाउन्, डूमहरूले वाल्मीकि जयन्ती मनाउन्– भगवान्को पूजाको लागि कसैको आदेश नै छैन, जबकि राम–कृष्णको आदेशानुसार एक परमात्माबाहेक अरू कसैलाई पूज्ने विधान नै छैन।

यी पुराणपंथिहरूको अनुसार सम्पूर्ण ऋद्धि–सिद्धिको दाता गणेश हुन् र सम्पूर्ण ज्ञानको देवी सरस्वती हुन्। मानिसलाई अरू के चाहियो? कि त ज्ञान अथवा समृद्धि! यी दुबै गणेश र सरस्वतीबाट पाइन्छ भने भगवान्को आवश्यकता नै कहाँ रहन्छ? के यही हो भारतीय संस्कृति? हरेक तिथिको लागि अलग–अलग व्रत, प्रत्येक नक्षत्रको अलग–अलग व्रत। भन्दछ– द्वितीयामा अशुन्य शयन व्रत गर्नुपर्छ जसले गर्दा जसरी विष्णुको ओछ्यानमा सधैं लक्ष्मी बस्दछिन्, त्यसैप्रकार यस व्रतलाई गर्नाले पुरुषको ओछ्यान स्त्रीले र स्त्रीको ओछ्यान पुरुषले कहिल्यै खाली हुँदैन। के यही हो संयम–प्रधान भारतीय संस्कृति? श्रुति भन्छ– **'यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति'**, यहाँ प्रलोभन दिन्छ कि ओछ्यान खाली रहने छैन। यो संस्कृति होइन, विषय लोलुपहरूद्वारा जोड़िएको विकृति हो, उनकै कृति हो।

यति स्पष्ट र प्रशस्त भारतीय संस्कृति हुँदा पनि मानिसहरू नश्वर शरीरहरूको पूजामा भटके। यो पुराणहरू र स्मृतिहरूको देन हो, बरू यो भन्नु सच्चाईको धेरै नजिक हुनेछ कि यी ग्रन्थहरूलाई विकृत बनाउनेहरूको षड्यन्त्र हो। श्रीकृष्ण भन्नुहुन्छ कि मात्र एक परमात्माको अस्तित्व छ, बाँकी कसैको अस्तित्व छँदै छैन। अस्तित्वको पूजा गर्नेवाला आस्तिक छ, बाँकी कसैको पूज्नेवाला नास्तिक हो, तापनि धेरै जसो आचार्यहरू अन्जानमै अस्तित्वविहीन देवी–देवता, पशु–पक्षी इत्यादि नश्वर शरीरहरूको पूजामा लागेका छन्। मज्झिम निकायमा छ कि महात्मा बुद्धको समयमा कुकरव्रती, गोव्रती अनेक सम्प्रदाय भारतमा थिए। कोही केशकम्बल थिए अर्थात् कपाललाई बढ़ाएर कम्बलको काम लिन्थे भने केही जो सुकै गर्नेलाई नै भजन मान्थे। कुकुर जस्तै रहनेवाला कुकरव्रति थिए। गोव्रतीको बारेमा गौतम बुद्धसंग सोधे कि, "भन्ते! हाम्रो यो साथी वर्षौंदेखि गाई जस्तै हिंडदै–डुल्दै, मुखबाट बाँ–बाँ गर्दै, नादमा मुख हालेर खान्छ र टाउकोले खुजल्याउँछ। गाईको बानीबेहोरालाई यसले आफूमा पूर्णरूपले ढालेको छ। भन्नुहोस्! यसको के गति हुनेछ?" गौतमले भन्नुभयो– यो कुरा न सोधेको भए राम्रो हुन्थ्यो। धेरै आग्रह गर्दा बुद्धले भन्नुभयो कि जो गाईको नै चिन्तन गर्दै रहन्छ, त्यसको एउटै क्रियालाई ढाल्नमा तन्मय हुन्छ भने निःसन्देह त्यसले अर्को जन्म गाईको लिनु पर्नेछ। जब मृगको चिन्तन गर्दा

जड़ भरतलाई मृग बन्नु पऱ्यो भने गौतम बुद्धले के गलत भन्नुभयो? यसैप्रकार एउटा ब्राह्मण सात सय बाच्छी, सात सय बाख्रा, सात सय भेंडाको बलि दिएर भगवान्‌लाई प्रसन्न गर्न चाहन्थ्यो, बुद्धले उसलाई सम्झाई–बुझाई गरेर रोके। त्यो नै वहाँको शिष्य महाकश्यप भए।

तात्पर्य यो हो कि एक परमात्माबाहेक अन्त कतै पनि श्रद्धालाई छर्नु न त धर्म हो र भारतीय संस्कृति। तापनि केही जगद्‌गुरुले देवीको पूजा बताउँछ, भने केही जगद्‌गुरुले विष्णुको, केही गाईको। चार–चार मानिसहरूको संगठन छ, तर लेख्छन् जगद्‌गुरु! भारतमा यस समयमा सयकड़ौं जगद्‌गुरु छन्, जबकि जगत् एउटै छ। आदि शंकराचार्यले 'एको ब्रह्म द्वितीयो नास्ति'को उपदेश दिनुभयो, तर वहाँको गद्दीमा बस्ने शंकराचार्यहरूले भूत–भवानी आदि सबैको स्तुतिमा यति लेखिदिए कि आदि शंकराचार्यको सिद्धान्त नै लुक्यो। यसैप्रकार गोस्वामी तुलसीदासजीले भन्नुभयो कि कोही पनि किन नहोस्, '**तरई न बिनु सेये मम स्वामी।**' तर उनको गद्दीमा बस्नेले भन्दछ कि गाईले तारी दिनेछ।

यी आचार्य प्रवरहरूलाई आफूमाथि तथा समाजमाथि दया आउनु पर्दछ कि जुन प्रपंचलाई छोड़ेर विरक्त भए, त्यही जाति–पाति, सम्पत्तिको पुष्टिमा आफ्नो जीवन गुमाई रहेका छन्। ब्राह्मण नै भगवान्‌को अधिकारी हो, ब्राह्मणको लागि नै भगवान्‌को अवतार हुन्छ– यस्तो भनेर उनीहरू आजको शिक्षित समाजमा हाँसोको पात्र बन्दै गइरहेका छन्। रातभरि कथा त भन्दछन् रामायणको– '**रामहिं सुमिरिअ गाइअ रामहिं**' (**मानस, ७/१२९/६**), तर बिहान पूजा गर्छन्– '**गणानां त्वां गणपतिँ हवामहे।**', '**या देवी सर्वभूतेषु छायारूपेण संस्थिता, मायारूपेण संस्थिता।**' थाहा छैन कुन–कुन चालीसा पढ्न थाल्छन्।

अतः बन्धुहरू! एक परमात्माको सुमिरण गर्नुहोस्, यही धर्म हो। ती परमप्रभुको यद्यपि कुनै नाम छैन, कुनै रूप छैन तापनि साधनाकालमा सम्बोधनको लागि भारतीय मनीषिहरूले उनलाई पुरुषोत्तम, ब्रह्म, भगवान्, आत्मा इत्यादि नामहरूबाट अभिहित गरेका छन्। परमात्माको अभिप्राय सर्वत्र व्याप्त त्यसै सार्वभौम सत्तासंग छ जो कुनै देश–विशेष, काल–विशेष, जाति–

विशेष, सम्प्रदाय–विशेषबाट बिल्कुलै अतीत होस्, बरू समान रूपले सबैको होस्, भलै भाषा–भेदबाट उसलाई कोही गौड अथवा अल्लाह भनुन्। जसरी जल, आब, पानी, वाटर इत्यादि भिन्न–भिन्न नामबाट पनि एउटै वस्तु प्राप्त हुन्छ, त्यस्तै भिन्न–भिन्न भाषाहरूको नाम पनि उनै एक परमार्थ सत्ताको पर्याय हुन्छ, अनुवाद मात्र हो। प्राप्तिवाला हरेक महापुरुष एउटै कुरा भन्छ कि परमात्मा एउटै छ। उसको सोधको स्थल हृदय हो र विधि हो मनसमेत इन्द्रियहरूलाई त्यस परमात्मामा लगाउनु। मानव मात्रको यति नै धर्म हो, यही भारतीय संस्कृति हो र यही मोक्षको उपाय पनि हो। अतः तपाईं–हामी एकमात्र वहाँकै आराधनामा संलग्न होऔं जसमा कल्याण निहित छ। गोस्वामीजी भन्नुहुन्छ–

वाक्य ज्ञान अत्यन्त विपुन भव पार न पावै कोई।
निशि गृह मध्य दीप की बातन्ह तम निवृत्त नहिं होई।।
जब लगि नहिं निज हृदि प्रकाश अरु विषय आश मन माहीं।
तुलसीदास तब लगि जग योनि भ्रमत सपनेहु सुख नाहीं।।

(विनयपत्रिका, १२३)

खोक्रो व्याख्यानबाजीले केही हुँदैन। पहिले विषयबाट आसक्ति हटाउनोस् र केही यस्तो गर्नुहोस् कि तपाईंको हृदयमा त्यो प्रकाशरूप परमात्मा जागृत होस्, जसको अनुभूति तपाईंको पूर्वजहरूले, वैदिक ऋषिहरूले गरेका छन्।

कसरी जागृत हुन्छ त्यो प्रकाश? गोस्वामीजी भन्नुहुन्छ– '**श्रीगुर पद नख मनि गन ज्योती। सुमिरत दिव्य दृष्टि हियँ होती।।**' उपनिषद्ले भन्छ '**तद्विज्ञानार्थं स गुरुमेवाभिगच्छेत्**' **(मुण्डकोपनिषद्, १/२/१२)** अतः निर्धारित क्रियामा लाग, यो नै भारतीय संस्कृति हो।

अन्तमा हामी आभारी छौं तपाईं सबैको जसले मनयोगले यस पुस्तिकालाई पढ्नमा आफ्नो बहुमुल्य समय दिनुभयो, साथै आभारी छौं चित्रकुटको महाराज प्रज्ञाचक्षुजीको, जसले आफ्नो चित्तको गाँठोलाई खोलेर समाजलाई सनातन धर्म सम्बन्धमा केही भन्ने र जान्ने अवसर दिनुभयो।

।। भन्नुहोस् गुरुदेव भगवान्को जय ।।

सती

त्यस परमपुरुष परमात्मासंग, शाश्वत सत्यसंग जसको स्वभाव जोड़िएको छ, त्यो सती हो। जो सत्य–परायण छ, त्यसलाई सती भनिन्छ। सती– यो शब्द स्त्रीलिंगीय छ, त्यसकारण कालान्तरमा उभय प्रयोग खुम्चिएर स्त्रीहरूसंग जोड़िन गयो।

– स्वामी अड़गड़ानन्द

(कार्तिक पूर्णिमा, ५ नवम्बर, १९८७को पवित्र पर्वमा त्यागी आश्रम, बिराँव कोट– वाराणसीको वार्षिक समारोहमा स्वामी श्री अड़गड़ानन्दजीद्वारा 'सती' विषयक भ्रामक प्रश्नको रहस्योद्घाटन।)

राजस्थानमा जयपुरको नजिक देवराला ग्राममा अठार वर्ष की रूपकुँवर आफ्नो पतिको शवको साथ चितामा जीवित जलेको घटनापछि सती–प्रथा भारतको बहुचर्चित समस्या बनेको छ। यसप्रकार जल्नुको दुई उद्देश्य बताइएका छन् – एक त यो कि पतिको साथ जल्दा अर्को जन्ममा पनि त्यही पति पाइन्छ र अर्को भावना हो कि त्यसरी जल्दा पति–पत्नी दुबैले सोझै परमगति पाउँछन्; तर दुबै कुरा कुनै समयको रूढ़िको देन हो।

महाकाव्य र पुराणहरूमा तीन–चार प्रकारका सतीहरूको उल्लेख पाइन्छ– एक त अत्यन्त उत्तम कोटिका सतीहरू छिन्, जसको पति कहिल्यै मरेनन्। अर्का थरी ती हुन् जसले पतिका आदेशहरूमा विचार गरिन्, उचित ठाने भने मानिन्, ठानेनन् भने मानेनन् र तिनीहरू पनि परम सती भइन्। तेस्रो थरी ती हुन् जसले एकभन्दा धेरै पतिहरूको वरण गरेर पनि सती कहलाइन्। चौथो कुनै श्रेणी छैन बरू एउटा विशेष भ्रान्ति छ कि पतिको साथै जल्नेहरू नै सच्चा सती हुन्। त्यसो भए त जो आमा–दिदी बहिनीहरू त्यसरी जल्दैनन्, उनीहरूलाई के भन्ने?

* माता अनसूइया, नर्बदा, सावित्री इत्यादि अति उच्चकोटिका सतीहरू हुन्। उनीहरूले जस्तो सुकै आदेश पाउँदा पनि त्यसको पालना गरे, जस्तै– भयंकर अकालको स्थितिमा जब कि टाढा–टाढासम्म पानीको हरेक स्रोत

सुखिसकेको थियो, पति को आज्ञामा अनसूइया पानी लिन निस्किन्, मंदाकिनीको निरन्तर बग्ने स्रोत प्रवाहित हुन गयो। एक परमात्माको भजनद्वारा ती माताहरूले त्यो क्षमता अर्जित गरेकी थिइन् कि '**जो इच्छा करिहउ मन माहीं। हरि प्रसाद कछु दुर्लभ नाहीं।।**' **(मानस, ७/११३/४)** भगवान्ले नै उनीहरूको इच्छा पुरा गरिदिने गर्थे। संसारको कुनै पनि इच्छित वस्तु उनीहरूको इच्छाको विरुद्ध कसैले पनि (यहाँसम्म कि कालले पनि) उनीहरूबाट खोस्न सक्दैनथे। त्यो भजनको नै प्रभाव थियो कि सावित्री र नर्बदाले आफ्नो पतिलाई मृत्युबाट बचाए। सीता पनि यसै कोटिकी थिइन्। रावणले सीतालाई मायाले निर्मित रामको काटिएको टाउको देखायो, तब सीता शोकविह्वल भएर भनिन् कि अवश्य नै मबाट कुनै भूल भयो होला, नत्र म जीवित हुँदा–हुँदै तपाईं मारिनु हुन्नथ्यो। यस्ता सतीहरूका पति मर्दै मरेनन्, तर यो साधनाको उत्कृष्ट अवस्था हो, तिनीहरू यसै स्तरका थिए। पतिको शवको साथ अनसूइया, नर्बदा अथवा सावित्री जलेर मरेको उल्लेख पाइँदैन।

श्रीरामचरित मानसमा छ कि '**सती सिरोमनि सिय गुन गाथा।**' **(१/४१/७)** साधारण र मध्यम श्रेणिको होइन, सीता सतीहरूको शिरोमणि थिइन्। उनको चरित्र हेरौं। जब राम वन जान लाग्नुभयो सीता साथमा जानलाई तयार भइन्। माता कौशल्याले भनिन् – राम! तिमी आफैले सीतालाई सम्झाऊ। यदि यिनी घरमा बसिन् भने तिम्रो पिता सुखको साथ बाँच्ने छ, मलाई पनि सहारा हुन्थ्यो। श्रीरामले माताको परितोष गरे र '**मातु समीप कहत सकुचाहीं। बोले समउ समुझि मन माहीं।।**' **(मानस, २/६०/१)** आमाको अगाड़ि नयाँ बुहारीसंग वार्तालाप गर्नमा श्रीरामलाई लाज लागिरहेको थियो (हिजो आज हुँदैन) तापनि देख्नुभयो कि समयको माँग छ कि सबैको सामुने नै सम्झाउनु उचित हुन्छ। केही गरी सीताले मानेन भने मानिसहरूले यही भन्नेछन् कि संगै लैजाने रामको पनि मन थियो। अतः भने कि राजकुमारी! मेरो शिक्षा सुन। अर्को कुनै पनि विचार मनमा ल्याउदै न ल्याउ बरू–

आपन मोर नीक जौं चहहू। बचनु हमार मानि गृह रहहू।।
आयसु मोर सासु सेवकाई। सब बिधि भामिनी भवन भलाई।।

(रामचरित मानस, २/६०/३-४)

आफ्नो मात्र होइन, मेरो पनि हित चाहन्छौ, भने मैले भनेको मान र घरमा बस। मेरो आज्ञा छ कि सासुको सेवा गर। भवनमा बस्दा नै तिम्रो कल्याण हुन्छ; तर यो सुनेर सीताको आँखा रसायो। खुट्टाको औंलाले जमीन कोत्रिन थालिन्। भनिन् –

दीन्हि प्रानपति मोहि सिख सोई। जेहि बिधि मोर परमहित होई।।
मैं पुनि समुझि दीखि मन माहीं। पिय बियोग सम दुखु जग नाहीं।।
(मानस, २/६३/६-७)

तपाईंले त्यही शिक्षा दिनुभयो जसमा मेरो हित छ। किनकि यस्तो अवसर न कहिल्यै कौशल्याको सामुन्ने आएको थियो, न त रामलाई नै यस्तो अनुभव हुन सक्दथ्यो। अतः सीताको अनुसंधान थियो कि पति–वियोग जस्तो संसारमा कुनै दुःख नै छैन।

भोग रोग सम भूषन भारू। जम जातना सरिस संसारू।।
प्राननाथ तुम्ह बिनु जग माहीं। मो कहुँ सुखद कतहुँ कछु नाहीं।।
(मानस, २/६४/५-६)

तपाईं बिना भोग रोग हो, आभूषण भार हो, कतैं केही पनि सुखद छँदैं छैन। अतः पतिको स्पष्ट आदेशमा पनि सीताले विचार गरिन् र साथमा लागि रहिन्।

सुमन्तले वनमा पुऱ्याएर फर्कन लागे, तब पिताको संदेश सुनाए कि सीता फर्केर आई भने म बाँच्ने थिए। त्यसैकारण तिम्रो र रामको कर्तव्य हो कि संझाई–बुझाई सीतालाई फर्काउ, तब '**पितु संदेसु सुनि कृपा निधाना। सियहि दीन्ह सिख कोटि बिधाना।।**' (**मानस, २/९६/२**) करोड़ौं उदाहरणहरू दिएर सम्झाउनुभयो कि '**सासु ससुर गुर प्रिय परिवारू। फिरहु त सब कर मिटै खभारू।।**' (**मानस, २/९६/३**) यदि तिमी फर्किन्छ्यौ भने सासु, ससुरा, गुरु, प्रियजन र राज्यका जनताहरू यी सबैको शोक समाप्त हुन्थ्यो। करोड़ौं विधिले सम्झाउनुभयो। जबकि करोड़सम्म गणना गर्दा–गर्दै दुई दिन लाग्नेछ, आजकल दस–पन्द्र लाखको मतगणनामा नै दिन बिती हाल्छ। यति धेरै सम्झाउनुभयो, तर सीता मानिनन् र आफ्नो परामर्श दिइन्–

प्रभु करुनामय परम बिबेकी।

तनु तजि रहति छाँह किमि छेंकी।। (मानस, २/९६/५)

सीता अयोध्याबाट हिड़ी सकेकी थिइन्। आधा बाटो पार गरिसकेकि थिइन्। अतः साधिकार भनिन् कि आज तपाईंले यो के गरिरहनु भएको छ? तपाईं त परम विवेकी हुनुहुन्छ? तपाईंलाई के भयो? के छायालाई शरीरबाट अलग गर्न सकिन्छ? के चन्द्रमाबाट चाँदनीलाई अलग गर्न सकिन्छ? रामसंग प्रश्न गर्न थालिन्। **'पतिहिं प्रेममय बिनय सुनाई।' (मानस, २/९५/७)** पतिलाई प्रेमपूर्ण विनय सुनाइन् र फर्किनन्।

तेस्रो प्रकरण वनवासकालको छ। राम पंचवटीमा निवास गरिरहनु भएको थियो। एउटा सुनको मृग देखियो। सीताले रामलाई प्रेरित गरिन् कि यसलाई कि त जीवित समातेर ल्याउनु होस्, वनवासपछि अयोध्यामा रनिवासको शोभा बढ़ाउने छ अथवा यसलाई मृत नै ल्याउनु होस्, यसको छालाले म कुटीर सजाउनेछु। बाल्मीकि रामायण, अरण्यकाण्डको त्रियालिसौं सर्गमा छ कि सीताले भनिन् – "यद्यपि नारीले आदेश दिनु हुन्न, यो भयंकर आफू खुशी आचरण हो र साध्वी स्त्रीहरूको लागि यो उचित मानिएको छैन तथापि यो जन्तुको शरीरले मेरो मनमा आश्चर्य उत्पन्न गरिदिएको छ। अतः तपाईं चाँड़ै जानुहोस्।" यहाँ आफ्नो आवश्यकताहरूको लागि सीताले हठ पनि गर्न थाल्दछिन्।

अन्तमा गएर रावण मारियो। सीता अयोध्या फर्किन्, तब एउटा धोबीले आरोप लगायो। मुद्दालाई बलियो बनाउनको लागि अथवा भूलले उसले आफ्नो पत्नीलाई पनि घरबाट निकाली दियो। लोकहितको लागि रामले सीतालाई वनमा पठाई दिनुभयो। महर्षि वाल्मीकिको प्रयासहरूबाट जब सीताको लोकापवाद मेटियो, तब जनसभाको बीचमा रामले स्वीकार गर्नुभयो कि सीताले एकपटक अग्नि–परीक्षा दिएर आफ्नो निर्दोषताको प्रमाण दिएकी थिइन्, जसले गर्दा मैले उनलाई स्वीकार गरेको थिएँ, तर जनमतले गर्दा विवश भएर मैले उनको त्याग गर्नु पऱ्यो। अब सबैको सामुन्नेमा सीताले फेरि परीक्षा दिउन्, म उनलाई साथमा राख्न सक्छु। राम चाहनु हुन्थ्यो कि परीक्षा दिएपछि सीताले उनको सिंहासनको शोभा बढाउने छिन्, तर रामले हेर्दा–हेर्दै सीता पृथ्वीमा प्रवेश गरिन्।

भनिन्छ कि पृथ्वीको भित्रबाट एउटा सिंहासन निस्कियो, सीतालाई बसायो र लिएर गये। वास्तवमा यो कविहरूको कथा–शैली हो। प्रायः जति पनि महात्माहरू भएका छन्, भनिन्छ कि उनीहरू सबैको लागि विमान आएको थियो। मीरा हेर्दा–हेर्दै श्रीकृष्णको मूर्तिमा विलीन भइन्, सन्त कवि तुकारामले इन्द्रायणी नदीमा डुबेर शरीर त्यागी दिए, तर भनिन्छ आकाशबाट विमान ओर्ले र उनलाई लिएर गयो; जबकि पृथ्वीको गर्भमा न कतै पाताल छ, न आकाशमा नै कुनै लोक (वैकुण्ठ) बसेको छ, न त्यहाँ विमानहरूको कुनै व्यवस्था छ, न कुनै आविष्कार, न कुनै उपयोग। अतः आरम्भदेखि अन्तसम्म सीताले विचारपूर्वक निर्णय लिइन्। जुन कुरा उचित थिए, त्यसलाई राम्ररी जस्ताको त्यस्तै मानिन्, तर सबै होइन, तापनि **'सती सिरोमनि सिय गुन गाथा।' (मानस, १/४१/७)** सीता सती थिइन्, किन?

सुनु सीता तव नाम, सुमिरि नारि पतिव्रत करिहिं।
तोहि प्रान प्रिय राम, कहिउँ कथा संसार हित।।

(मानस, ३/५ ख)

पतिव्रता स्त्रीहरूले तिम्रो पदचिन्हहरूको अनुकरण गर्ने छिन्, किनकि **'तोहि प्रान प्रिय राम'**– राम तिमीलाई प्राणहरूको समान प्रिय छ। वास्तवमा उनीहरू नै सती हुन् जसको श्रद्धा एकमात्र परमात्माको चरणहरूमा केन्द्रित छ। परमात्मा नै सत्य हो। जो यस सत्यसंग संयुक्त, त्यही सती हो।

गोस्वामीजीले भन्नुहुन्छ कि **'धर्म न दूसर सत्य समाना।'** सत्य के हो? तब भने, **'ब्यापक एकु ब्रह्म अबिनासी। सत चेतन घन आनन्द रासी।।' (मानस, १/२२/६)** त्यो सबैतिर व्यापक छ। एक छ, यदि दुई भयो भने संसार बस्नेछ, फेरि त सृष्टि हुनजान्छ। भगवान् कस्तो? अतः एक छ, सबैभन्दा ठूलो छ। उसको कहिल्यै बिनास हुँदैन। त्यो नै सत्य हो। एक परमात्मा नै सत्य हो। **'अस प्रभु हृदयँ अछत अबिकारी।' (मानस, १/२२/७)** त्यो परमात्मा हृदयदेशमा निवास गर्दछ। उनको मनन–चिन्तनमा जसले समय दिन्छ, त्यो वास्तवमा सत्पथमा छ, सती हो। सीतामा यही विशेष गुण थियो कि राम उनको परम प्रिय थियो। यसकारण सीता सती थिइन्, होइन भने आज पनि स्त्रीहरू राम्ररी आदेश–परामर्श दिन्छिन्, त्यसै अनुसार आचरण

गर्दछिन् र बिना कारण लांक्षित हुँदा धरतीमा समाहित हुन्छिन्, कसैले मट्टीतेल छर्कि हाल्छिन्, पंखामा झुण्डि हाल्छिन्, तर यो सती हुने मापदण्ड होइन। सीताको सतीत्व पतिसंग मर्नेको देन थिएन।

सीताले रामलाई प्राण समान यसकारण मानेकी थिइनन् किनकि रामसंग उनको विवाह भएको थियो; बरू त्यस सत्यको लागि मानेकी थिइन् जसको अभिव्यक्ति बृहदारण्य उपनिषद्को दोस्रो अध्याय, चतुर्थ ब्राह्मणको पाँचौं मन्त्रमा महर्षि याज्ञवल्क्यद्वारा मैत्रेयीलाई भनिएको छ, ''**न वा अरे पत्युः कामाय पतिः प्रियो भवति, आत्मनस्तु कामाय पतिः प्रियो भवति। न वा अरे जायायै कामाय जाया प्रिया भवति, आत्मनस्तु कामाय जाया प्रिया भवति। न वा अरे सर्वस्य कामाय सर्वं प्रियं भवति, आत्मनस्तु कामाय सर्वं प्रियं भवति।**'' अर्थात् ए मैत्रेयी! पतिको लागि पति प्यारो हुँदैन, आत्माको लागि पति प्यारो हुन्छ। स्त्रीको प्रयोजनको लागि स्त्री प्रिया हुँदैन, आत्माको लागि नै स्त्री प्रिय हुन्छ। आत्माको प्रयोजनको लागि सबै थोक प्रिय हुन्छ। यसैलाई गोस्वामीजीले सरल शब्दहरूमा व्यक्त गरे कि '**पूजनीय प्रिय परम जहाँ ते। सब मानिअहिं राम के नाते।**' पतिको नाताले होइन रामको नाताले मान्नु होस्।

नाते नेह राम के मनियत सुहृद सुसेव्य जहाँ लौं।
अंजन कहाँ आँख जेहि फुटे, बहुतक कहौं कहाँ लौं।।

(विनयपत्रिका)

सच्चाई त यो हो कि त्यो एक परमात्मा नै सबैका वास्तविक पति हुन्। वेदमा छ कि (**हिरण्यगर्भः समवर्तताग्रे भूतस्य जातः पतिरेक आसीत्।**) सबै भूतप्राणिहरूको वहाँ नै एक पति हुन्। पत माने मर्यादा (इज्जत)। पटक–पटक गर्भवासको योनिहरूको चक्कर काट्नु, मल–मूत्र–पीपले मुछिएका योनिहरू भएर जानु, योभन्दा ठूलो कुनचाहिं बेइज्जती हुन सक्छ? यसबाट बचेर निर्मल रूप प्रदान गर्नमा जो समर्थ छ, त्यो एकमात्र भगवान् हो। त्यसैकारण महापुरुषले ईश्वरलाई पति भनेर सम्बोधित गरे र उसैको सम्झनामा एउटा सांसारिक नातालाई पनि त्यही नाम दिए। भोजराज राणाको मृत्युमा मीरालाई सती हुनको लागि भनियो, तब उनले इनकार गरिन् र भनिन् –

ऐसे पति को क्या बरूँ, जो जनमे मरि जाय।
मीरा अविनाशी बच्यौ, चुड़लो अमर हो जाय।।

मीराले मात्रै होइन, पुरुष महानुभावहरूले पनि ईश्वरलाई पति मानेका छन्, चाहे त्यो सन्त कबीर हुन् अथवा सन्तकवि गोस्वामी तुलसीदास। ऋष्यमूक पर्वतमा वटुको भेष धारण गरेको हनुमानलाई श्रीरामले जब भन्नु भयो कि तिमी मलाई लक्ष्मणभन्दा दोब्बर प्रिय छौ, तब '**देखि पवनसुत पति अनुकूला। हृदयँ हरष बीती सब सूला।।**' (**मानस, ४/३/१**) हनुमानले पतिलाई अनुकुल जाने। हनुमान वानर जातिको एउटा पुरुष थियो, कुनै स्त्री होइन, तर उसले पतिलाई अनुकूल जाने। वास्तवमा पति त्यो हो जसले अनन्त योनिहरूबाट उद्धार गरेर तपाईंलाई यस्तो जीवन दिन्छ जो अनन्त छ, यस्तो शान्ति दिन्छ जो असीम छ। यस्तो मात्र एक परमात्माले नै दिन सक्छ, यसैकारण ऊ नै एकमात्र सच्चा पति हो, स्वामी हो।

त्यो परमात्मा कण-कणमा व्याप्त छ- यस्तो सुन्ने गरिन्छ, तब के हामीले रुखको पूजा गर्ने? माटोको ध्यान गर्ने? त्यो परमात्मालाई समात्ने विधि के हो? उनलाई प्राप्त गर्ने एउटै साधन छ- त्यस परमभावलाई प्राप्त गरेको, अव्यक्तको स्पर्श गरेर अव्यक्त स्थितिवाला महापुरुष (सद्गुरु)को शरण जाने, वहाँ बिना त्यो परमात्मामा प्रवेश पाउन सकिंदैन। यस्तै निर्णय छ तपाईंको गीताको, रामचरितमानसको र प्रत्येक प्राप्तिवाला महापुरुषहरूको। परमात्मा यदि परमधाम छ भने वहाँमा प्रवेशको ढोका सद्गुरु हो। त्यसैकारण, हुनत पत राख्नेवाला पति परमात्मा नै हुन्, तर साधनामा प्रवेशदेखि पूर्तिपर्यन्त सद्गुरु नै त्यो परमात्माको विधि हुन्, वहाँ नै परमात्माको साँचो हुन्। वहाँले नै त्यसको युक्ति बताउनु हुन्छ, वहाँ नै पत राख्नेवाला छ, यसकारण वहाँ नै पति पनि हुन्। यसकारण अनसूयाले भनिन् -

मातु पिता भ्राता हितकारी। मितप्रद सब सुनु राजकुमारी।।
अमित दानि भर्ता बैदेही। अधम सो नारि जो सेव न तेही।।

(मानस, ३/४/५-६)

माता-पिता, दाजु-भाई इत्यादिले एक सीमासम्म मात्रै हित गर्नेवाला छन्; तर असीम दान, अनन्त दान जुन कहिल्यै घट्दैन यस्तो शाश्वत दान

दिनेवाला त पति नै हुन्। विचार गर्नुहोस् कि मरणधर्मा, अस्तित्वविहीन, ससीम सांसारिक पतिले कस्तो असीम दान देला? माँग र पूर्तिको नियमानुसार कहिले काहीं समाजमा केटीहरूको महत्व बढ्छ भने कहिले केटाहरूको। यिनीहरूलाई एक–आपसमा सम्बन्ध जोड्नेवाला शब्द हो– सम्भोग। जब दुबैले एक अर्कालाई समान भोग गर्दछन् भने कोही बढ़ी र कोही कम कस्तो? मीराले त लौकिक पतिलाई मान्दै मानेकी थिइन्, भन्छिन्–

झूठ सुहाग जगत का सजनी, होय होय मिट जासी।
मैं तो इक अविनाशी बरूँगी, जाहि काल नहिं खासी।।

वास्तवमा बाहिर कुनै पति छैन। असीम र अनन्त एउटा मात्र परमात्मा छ, उनी नै पति हुन्। तर त्यो त केन्द्र हो, लक्ष्य हो, अन्तिम परिणाम हो। साधनाको आरम्भदेखि पूर्तिपर्यन्त आत्मासंग अभिन्न भएर साधकलाई आफूसंग लैजाने सद्गुरु नै पति हुन्। यसैकारण–

बृद्ध रोग बस जड़ धनहीना। अंध बधिर क्रोधी अति दीना।।
ऐसेहु पतिकर किएँ अपमाना। नारि पाव जमपुर दुख नाना।।
(रामचरित मानस, ३/४/८-९)

कसैले वृद्धावस्थामा उपलब्धि पायो भने त्यो महापुरुष अत्यन्त जर्जर वृद्ध हुन सक्छ, रोगी हुन सक्छ। जस्तै– रामकृष्ण परमहंसलाई क्यान्सर थियो, हाम्रो गुरु महाराजको गुरु सत्संगी महाराज लँगड़ो हुनुहुन्थ्यो। दत्तात्रेय उन्मत्त र पिशाच जस्तै बस्नु हुन्थ्यो (जड़भरत जस्तै)। जरूरी छैन कि उनी सिंहासनमा बस्नु हुन्छ। हुन सक्छ कि उनी धुलोमा पल्टिन अभ्यस्त हुनु होला। काशीका हरिहर बाबा नेत्रहीन हुँदा–हुँदै पनि आफ्नो समयको पूर्ण महापुरुष थिए। दयानन्द सरस्वतीका गुरु बिरजानन्दजी पनि प्रज्ञाचक्षु थिए। वास्तवमा गुरु शरीर हुँदैन। **'नास्ति तत्त्वो गुरोः परम्'** जो परमतत्व परमात्माको दर्शन, स्पर्श र प्रवेशवाला छ, जसलाई तत्त्व विदित छ र उसको रहनीवाला छ, गुरुत्व उनको अन्तरालमा हुन्छ। यसैकारण साधनकालमा त्यो सद्गुरु नै पति हुन्। वहाँ जुनसुकै भेषमा भए पनि, उनको अपमान गर्नु हुँदैन। शाश्वततिर लैजाने यी कर्णधारहरूद्वारा नै पतको रक्षा हुन्छ। यिनको अपमान गर्दा यमपुरमा नाना

प्रकारका दुःख भोग्नु पर्छ। यसप्रकार सीता–अनसूया वार्ताको 'पति' रहस्यात्मक छ, आध्यात्मिक छ।

शास्त्रको रचना दुई दृष्टिहरूबाट गरिन्छ– एक त घटित घटनाहरूको इतिहासलाई कायम राख्नु जसबाट मानिसहरू पूर्वजहरूद्वारा निर्धारित मर्यादामा हिड्नु सकुन् र अर्को पक्ष हो अध्यात्म, जसले प्रकृतिको द्वन्द्वबाट निकालेर आत्माको आधिपत्य दिलाउन सक्छ। आज सबैमाथी मायाको आधिपत्य छ। यस मायाको पकड़बाट निकालेर जसले ईश्वर–पथमा हिड़ाउन् सक्दछ र आत्माको आधिपत्य दिलाउन सक्दछ, त्यसैको नाम अध्यात्म हो, जसमा प्रतीकहरूको माध्यमले आन्तरिक स्थितिको बोध गराइन्छ। महापुरुषहरूले मनको अमूर्त भावहरूको समीकरण ऐतिहासिक घटनाहरूसंग मिलाएका छन्, अमूर्तलाई मूर्त उदाहरणद्वारा बुझाउने कृपा गरेका छन्। अहिलेसम्म तपाईंले ऐतिहासिक दृष्टिले हेर्नुभयो। अब आध्यात्मिक परिवेशमा राम–कथा र सती–प्रसंग हेर्नुहोस्, जो आरम्भ हुन्छ योगरूपी जनकपुरबाट। चित्तको चंचलताको क्रम नै चाप हो, ध्यान नै धनुष हो। शुद्ध ध्यान जब लाग्दछ तब चित्तको चंचलताको क्रम टुट्छ। चित्तचढ़रूपी चापलाई तोड़ने वित्तिकै ध्यानको स्थिति बनेन आउँछ। तब शक्तिरूपी सीता, जो तपाईंको हृदयमा लुकेकी छिन् तपाईंको त्यो शक्ति योगको यस स्तरमा तपाईंसंग संयुक्त हुने छिन्। शक्तिको संचार, शक्तिसंग सम्बन्ध हुनजान्छ।

राम वनमा गएर सीतालाई आदेश दिनुभयो–

सुनहु प्रिया ब्रत रुचिर सुसीला। मैं कछु करबि ललित नर लीला।।
तुम्ह पावक महुँ करहु निवासा। जब लगि करौं निसाचर नासा।।
(मानस, ३/२३/१-२)

म अब विलक्षण नरलीला गर्न गइरहेको छु। जबसम्म यो नरलीला पूर्ण हुँदैन, तिमी आगोमा निवास गर। 'नरलीला' के हो? के स्टेजमा खेल्ने खाले रामलीला? होइन, '**निसाचर नासा**'– निशाचरहरूको नाश नै 'नरलीला' हो।

निशा? '**एहिं जग जामिनि जागहिं जोगी।**' **(मानस, २/९२/३)** जगत् नै एउटा रात्रि हो। '**या निशा सर्वभूतानाम्**'– यो संसार नै भयंकर रात्रि हो। यस रात्रितिर हामी सबैलाई प्रेरित गर्दछ– मोहरूपी रावण, क्रोधरूपी

कुम्भकरण, लोभरूपी नरान्तक, प्रकृतिरूपी सूपनखा– यिनीहरूले यो जगत्‌रूपी रात्रितिर लगाउँछन्, यसकारण यिनीहरू नै निशाचर हुन्। जबसम्म म यी विकारहरूको अन्त गर्दिन, तबसम्म शक्तिरूपी सीतालाई बाहिर देख्न पाइने छैन। तबसम्म योगाग्निमा प्रसुप्त भएर बस्छिन्। जसो–जसो योगको अनुष्ठान गर्दै जानु हुनेछ, त्यसो–त्यसो त्यो शक्ति प्रस्फुटित हुँदै जानेछ।

एक समय आयो, जब सबै निशाचरहरू मरे। अन्तमा एक्लै रावण जब हिंड्यो, तब अपार सेना लिएर हिंड्यो। कुम्भकर्ण, घननाद इत्यादि दुर्धर्ष योद्धाहरू त मरिसकेका थिए, अपार अझै जीवित नै छन्? यिनीहरू कहाँबाट आए? वास्तवमा मोहरूपी रावण! '**मोह सकल ब्याधिन्ह कर मूला। तिन्ह ते पुनि उपजहिं बहु सूला।।**' (**मानस, ७/१२०/२९**) मोह सम्पूर्ण व्याधिहरूको जरा हो, जसबाट अनन्त दुःखहरूको सृष्टि हुन्छ। यसैकारण सबै थोक काटिए पछि पनि यदि जरा विद्यमान छ भने शाखा–प्रशाखा, पातहरू, फूलहरू सबै थोक पलाएर आउनेछन्। यसैप्रकार सम्पूर्ण विकार समाप्त भए पनि यदि मोह बाँकी छ भने त्यसको अन्तरालमा काम, क्रोध, लोभ, मद–मत्सर, राग–द्वेष इत्यादि सबै विकार प्रसुप्त हुन्छन्। यसैकारण रावण हिंड्दा अपार सेना लिएर हिंड्यो र जब शान्त भयो तब '**रहा न कुल कोउ रोवनिहारा।**' (**मानस, ६/१०३/१०**) तत्क्षण अग्नि प्रज्वलित भयो। फेरि सीता प्रकट भइन्।

सबैतिर रामको साम्राज्य फैलियो– '**राम राज बैठे त्रैलोका। हरषित भये गये सब सोका।।**' (**मानस, ७/१९/७**) जन्म र मृत्युसम्मको शोक मेटियो। लवकुश उत्पन्न भए। एक परमात्मामा लव लाग्यो। अब अन्त कतै पनि आसक्ति रहेन भने शक्तिको उपयोग के रह्यो? त्यसपछि सीता फेरि पृथ्वीमा विलीन भइन्। वास्तवमा '**धड़ धरती का एकै लेखा। जो बाहर सो भीतर देखा।।**' यस स्तरमा शक्तिरूपी सीता शरीररूपी पृथ्वीमा प्रसुप्त हुन्छिन्। योगीको भित्र नै रहन्छिन्, मर्दैन, अन्त कतै पनि जादैन, तर स्वयं त्यो योगीको लागि उनको उपयोग केही पनि हुँदैन। राम पनि सरयूमा शान्त हुनजान्छ। परमात्माको अनुभवी सूत्रपात्‌को स्वयंको लागि कुनै उपयोग हुँदैन, तर लोकहितको लागि हुन्छ, यसैकारण राम पनि सधैं रहन्छ। यजनले पूर्ण श्वासक्रिया नै सरयू हो, राम त्यसैमा सधैं विद्यमान रहन्छ। यसकारण सम्पूर्ण रामायण

यौगिक शब्द–कोष हो। हाम्रो–तपाईंको अन्तःकरणमा घटित हुने घटनाहरूको चित्रण हो, क्षेत्र–क्षेत्रज्ञको लड़ाई हो, तर सद्गुरुको अन्तस्प्रेरणाद्वारा यसको सूत्रपात् हुन्छ। त्यसै अनुसार हिंडेर त्यो सत्यलाई पाउने विधान छ। भजन शरीरले गर्दैन बरू इष्टोन्मुखी प्रवृत्तिले गर्दछ, यो नै नारी हो। यो सत्यसंग संयुक्त छ भने सती हो। अतः त्यस सत्यको लागि प्रयत्नशील स्त्री–पुरुष कुनै पनि साधक नै साँचो सती हो।

संसारबाट विरक्त योग–संन्यासमा प्रयत्नशील पुरुषलाई 'यति' र यसै योग–साधनामा दीक्षित स्त्रीहरूलाई 'सती' भन्ने परम्परा थियो। आज पनि पूज्य महावीर स्वामीका अनुयायिहरूमा यो नियम यथावत् छ कि विरक्त स्त्रीहरूलाई सती भनिन्छ। यति र सती दुबैको लागि नियम–संयमको पालन तथा दुबैको क्षमता पनि एउटै छ। उखान छ कि '**जती सतीका बोलबाला।**' मानसमा दुबैको एक जस्तो चिनारी छ– '**डगइ न संभु सरासन कैसे। कामी बचन सती मनु जैसे।।**' **(मानस, १/२५०/२)** दस हजार राजा एकै साथ उठे, तर धनुष उठ्न सकेन, जस्तो कि सतीको मनमा काम–विकार उठ्दैन। अर्को अवसर छ, जब अंगदको पाँउ उठेन तब यी महापुरुषले भने कि '**कोटि बिघ्न ते संत कर मन जिमि नीति न त्याग।**' **(मानस, ६/३४ ख)**– जसरी काममयी करोड़ौं विघ्न–बाधाहरूबाट पनि सन्तको मन चलायमान हुँदैन। दुबै स्थलहरूमा सती र सन्तको मनको समानतालाई बताइएको छ। अतः सत्पथमा प्रयत्नशील स्त्रीहरू सती कहलाइन्, जल्नु उनीहरूको मापदण्ड थिएन।

* दोस्रो कोटिको सती नारीहरूमा महारानी मदालसाको नाम उल्लेखनीय छ। महाराज ऋतुध्वज (कुवलयाश्व)संग उनले यो शर्तमा विवाह गरिन् कि मैले जे सुकै गरे पनि तपाईंले साथ दिनु पर्दछ। क्रमशः उनका तीन पुत्र भए, मदालसाले ती तीनवटैलाई 'शुद्धोऽसि', 'बुद्धोऽसि', 'निरंजनोऽसि' भनेर ब्रह्म–विद्याको उपदेश दिएर जंगलको बाटो लगाई दिइन्।

समाजको वात्सल्य, स्नेह र प्रेमले पूर्ण नाताको के अस्तित्व छ? यस सन्दर्भमा सती मदालसाले आफ्नो पुत्रहरूलाई सम्झाउँदै बताएकी थिइन् कि–

तातेति किञ्चित् तनयेति किञ्चित् अम्बेति किञ्चित् दयितेति किञ्चित्।
ममेति किञ्चिन्नममेति किञ्चित् त्वं भूतसंघं बहुमानयेथा।।

यो पिता हो, यो पुत्र हो, प्रिय स्त्री, प्रिय पति– यी सम्बोधनहरू नश्वर शरीरको व्यवहार चलाउने नाम हो। '**शुद्धोऽसि रे तात न तेऽस्ति नाम।**'– तिम्रो कुनै नाम छैन। तिमी त शुद्ध, अविनाशी, अजर, अमर, आत्मा छ। विचार गर्नुहोस्, जब यी सबै नाताहरू नश्वर छन्, व्यवहार मात्र चलाउँछन्, तब यी नश्वर नाताहरूको लागि कोही सती किन हुन्छे?

आमा मदालसाले राजा र मंत्रीहरूको अत्यन्त अनुरोधमा आफ्नो चौथो सन्तान अलर्कलाई नाममात्रको राजनैतिक शिक्षा दिइन्, तर आफ्नो मूल शिक्षा आत्मज्ञानबाट उसलाई वंचित राखिनन्। एउटा ताबीज (अंगूठी)मा केही उपदेश अलर्कको लागि लेखिन्। मंत्रीहरूलाई निर्देशन दिइन् कि जब यसमाथि महान संकट आइपर्नेछ, कोही पनि सहायक बाँकी रहने छैन, त्यसबेला यसलाई ताबीजको याद दिलाउनु। राजामाथी पनि रानीको सद्विद्याको प्रभाव पऱ्यो। उनीहरू दुबैजना पूर्ण ब्रह्मचर्य व्रतको पालन गर्दै वनतिर लागे।

कालान्तरमा अलर्कको संन्यासी अग्रज सुबाहुले काशी नरेशको सहायताले पिताको राज्यमा आफ्नो अधिकार खोजे। अलर्कको सेना पराजित भयो। राज्यकोष खाली भयो। कोही पनि सहायक नभए पछि मंत्रीहरूले मदालसाको औंठीको सम्झना गराए, जसमा संसारको निरसता र परमात्मालाई नै सुख–शान्तिको स्रोत भनिएको थियो, जसको प्राप्तिको स्रोत सत्संग हो। ती निर्देशहरूमा हिड़ेर भगवान् दत्तात्रेयको कृपाबाट अलर्क, सुबाहु र काशी नरेशले पनि परमशान्तिलाई वरण गरे।

यस्तो थियो सती मदालसाको सत्यनिष्ठा। पतिले अनुनय–विनय गर्दा पनि उनले अलर्कलाई सत्यबाट वंचित राखिनन्। एक परमात्माको प्रति कृतसंकल्प भएको कारणले उनी महासती कहलाइन्। त्यो सत्यसंग जसको चित्तवृत्ति संयुक्त छ, त्यो सती हो।

* तेस्रो श्रेणी आउँछ, तारा, मन्दोदरी, द्रौपदी, कुन्ती र अहिल्याको। यिनीहरूलाई पंचकन्या भनिन्छ। यस्तो लाग्छ कि यिनीहरू यति प्रभावशाली कुलका थिइन् कि यिनीहरूको बारेमा केही भन्ने कविहरूको हिम्मत नै भएन, त्यसैले पवित्र कन्या, पंच कन्या, सती इत्यादि भन्दै गए कि यी पाँचैले चाहे जति विवाह गरुन्, सधैं कन्या रहिरहने छिन् अथवा पाँच पतिसम्म

उनीहरूलाई क्षम्य थिए। अग्निको समक्ष वेदी बनाएर घुम्ने वैदिक बाध्यता पनि यिनीहरूको लागि थिएन। द्रौपदीका पाँच पति थिए। विवाहभन्दा अगाड़ि नै कर्णको आमा बनेकी कुन्तीले आफ्नो पति पाण्डुको निर्देशनमा तीन देवताहरूलाई आह्वान गरेर पाँचको संख्या पूरा गरिन्। मन्दोदरी रावण र विभीषणसम्म नै सीमित रहिन् र तारा बालि–सुग्रीवसम्म। अहिल्याले दोस्रो माथि पाइला राख्दा श्राप पाइन्। पतिव्रताले त हरेक पतिलाई बराबर मान्दछिन्। महाभारतमा कथा आउँछ कि पाण्डव द्रौपदीलाई लिएर हिमालयबाट स्वर्गतिर बढ़े। अकस्मात् भीमले देखे कि द्रौपदी हिउँमा पग्लिन लागिन्। हतास भएर उनले युधिष्ठिरसंग सोधे– "राजन्! द्रौपदी किन गली रहेकी छिन्?" तब धर्मराजले भने कि सुन्दरताको कारण नकुललाई यसले धेरै चाहन्थिन्, यसै पापले यो गली रहेकी छिन्। के पतिव्रताले कुनै पतिलाई सानो र कुनैलाई ठूलो मान्दछे? मान्दछे भने पाप हो। अहिल्याले पनि अर्को पतिलाई मानेकी थिइन्। मानौं कि जानेर नै विचलित भइन्, तापनि इन्द्रलाई गौतमभन्दा कम किन मान्थिन्? तापनि श्राप पाइन्।

वास्तवमा यस्तो केही पनि होइन। यो त राम्रो भयो कि पंचकन्याहरूको आरक्षण समाप्त गरियो कि अब छैंठो कुनै पंचकन्या हुने छैनन्। एकल विवाह, बहु–विवाह, अनेक पति अथवा पत्नी राख्नु सामाजिक व्यवस्थाहरू हुन्। यो संग त्यस सतीत्वको केही पनि लिनु–दिनु छैन। महाभारतको आदिपर्वमा पाण्डुले कुन्तीलाई बताए कि पहिले स्त्रीहरू स्वच्छन्द जीवन व्यतीत गर्दथिन्। आरुणि, उद्दालकको पुत्र श्वेतकेतुले यसको विरोध गरे, एउटा व्यवस्था दिए, त्यसबेला देखि विवाहको प्रथा चल्न थाल्यो। यस कथामा सत्यको अंश जति भए पनि, बहुपति समाजको अस्तित्वलाई नकार्न सकिंदैन। यदि जल्नु नै सतीको मापदण्ड हो भने यस्ता स्त्रीहरूले यस सौभाग्यबाट वंचित हुनु पर्ने छ।

द्रौपदी, कुन्ती, अहिल्या, तारा र मन्दोदरी सती हुनुमा मूल कारण थियो– एक परमात्मामा दृढ़ संकल्प, प्रगाढ़ लगाव। ताराले बालिलाई, मन्दोदरीले रावणलाई जुन उपदेश दिइन्, त्यो कुनै महात्माभन्दा कम छैन। कुन्तीमा यस्तो निष्ठा थियो कि उसले जहिले पनि भगवान्को स्मरण गरिन्, वहाँ आउनुभयो। चीर हरणको समयमा पाँच–पाँच पतिले पनि द्रौपदीको रक्षा गर्न सकेनन्, तब

भगवान्‌ले रक्षा गर्नुभयो। यी सबैलाई आपत परेको बेलामा भगवान्‌ले मात्र सहायता गर्नुभयो। अहिल्याले मुक्ति भगवान्‌बाट पाइन्। उसको श्रद्धामा यति ठोस बल थियो कि परमात्मालाई उनीकहाँ जानै पर्‍यो। ती सबै त्यस सत्यमा स्थित थिए, यसैकारण सती कहलाइए।

भगवान् रामको अनुसार नर–तन एउटा दुर्लभ शरीर हो, जसको उपयोग भवसागरबाट तर्नमा छ, परमात्मालाई यसै शरीरबाट विदित गर्नमा छ। यो शरीर देवताहरूलाई पनि दुर्लभ छ। कुनै लाशको पछि लागेर जलाएर यो अमुल्य शरीरलाई खेर न फालौं, जुन काम गर्नको लागि यो शरीर पाइएको छ त्यसको लागि यत्न गरौं, फेरि यो चाँड़ै पाइने छैन।

साहसी स्त्रीहरूको शौर्य–गाथा

* आजकल समाजमा सतीको जुन अर्थ बहुचर्चित छ, जसको लागि झगड़ा हुन्छ, आचार्य प्रवरहरूले केही–न–केही भन्ने गर्नुहुन्छ अर्थात् पतिको साथ चितारोहण, यस तथाकथित कोटिमा माद्रीको नाम उल्लेखनीय छ। उनले पाण्डुबाहेक अश्विनी कुमारहरूलाई पनि आह्वान गरेकी थिइन्, जसबाट नकुल–सहदेव उत्पन्न भए। पाण्डुको मृत्युको कारण आफूलाई मानेर, ग्लानिवश उनले पाण्डुको साथ चितारोहण पनि गरिन्, तर पछि शास्त्रकारहरूले उनलाई सती भनेनन्। लेखिएको छ, **''तत्रैनं चिताग्निस्थं माद्री समन्वारूरोह।'' (आदिपर्व, ९५/६५)**। अर्थात् माद्री आफ्नो पतिको साथ चिताको अग्निमा चढिन्, तर सती भनियो कुन्तीलाई। वास्तवमा जब हामीले कहिले कांही मोहजालमा परेर मनको सन्तुलन बिगार्छौं, तब जे पनि गर्ने गर्दछौं, आफ्नो कृत्यको महिमा–मण्डित गर्न र त्यसको औचित्य सिद्ध गर्ने प्रयास पनि गर्ने–गराउने गर्छौं। माद्रीले पनि त्यही गरिन्।

* महाराजा दक्षको एउटा छोरीको नाम नै सती थियो।

प्रथम दच्छ गृह तव अवतारा। सती नाम तब रहा तुम्हारा।।
दच्छ जग्य तव भा अपमाना। तुम अति क्रोध तजे तब प्राना।।

(मानस, ७/५५/२–३)

उनले विवाह शंकरजीसंग भएको थियो। शंकरजीको आदेशहरूको अवहेलना गरेर जसले रामको परीक्षा लिइन्, आफ्नो अपमानको प्रतिशोध

लिनको लागि पिताले गरेको यज्ञमा जलेर मरिन्, तर शंकरजीको साथमा गइनन्। पुरुषले पनि स्त्रीहरूको लागि प्राण दिने गरेको देखिएको छ। प्रेम-विवाहको असफलतामा पनि यस पागलपनको कारण रहेको छ। स्वामिभक्तिमा धेरै पुरुषहरू पनि पुरुषहरूको लागि जलेका छन्; जस्तो कि 'हर्षचरित'मा छ कि हर्षका पिता प्रभाकरवर्धनको मृत्युमा थुप्रै मित्रहरू, मन्त्रिहरू र दासहरूले आफूलाई मारे। 'राजतरंगिणी' (७/१३८०)मा छ कि एउटी आमाले आफ्नो पुत्रको साथ सती भइन्। यहाँ जरूरी छैन कि सती हुनलाई पतिको साथमा नै जलुन्। धेरै सम्भव छ कि प्राणत्यागको लागि जुन स्त्रीहरूले दक्षकन्या सतीको विधिको अनुकरण गरे, गिज्याउनको लागि उनीहरूलाई पनि सती भनिएको होला। वास्तवमा सती त कुनै विरलै हुन्छ, उनको अभावमा यी नाममात्रका सतीहरूलाई नै समाजले सतीको रूपमा चिने।

* जलेर परमगति पाउने तरीका स्त्रीमात्रमा लागु हुँदैन किनकि भारत बाहिर अधिकांश देशहरूमा स्वच्छन्द विचरण जस्तो छ। जबसम्म मन लाग्यो संगै बस्यो, जब मन लाग्यो अलग भयो। स्त्री-पुरुष दुबैको तीन-तीन, चार-चार विवाह एउटा सामान्य कुरा हो। ईसाईहरूमा त यस्तै छ। इस्लाममा पनि स्त्री एउटा वस्तु हो। तलाक, इद्दत, निकाह र मुताहको छूट छ। बहुपत्नीकता, बहुभर्तृकता तथा पुनर्विवाह रहेसम्म यी समाजहरूमा सतीत्व सम्भव छैन।

कुरा रह्यो भारतमा! यहाँको समाज ठोस रूपले चार वर्णहरूमा बाँडिएको छ, जसमध्ये शूद्रको स्त्री चारवटै वर्णहरूको लागि उपभोगको वस्तु हो। वशिष्ठ धर्मसूत्र (१८/१८)को अनुसार, ऊ आमोद-प्रमोदको लागि नै हुन्छे। उसलाई पतिव्रत धारण गर्ने अवसर नै कहिले दिइयो? जंगली जनजातिहरूमा मातृ सत्तात्मक परिवार हुन्छ। कुमायूँ-गढ़वाल मण्डलमा पनि यस्तो छ कि एक स्त्रीको कैयौं पति हुन्छन्। ऊ कसको मृत्युमा जलोस्? याज्ञवल्क्य स्मृतिको टीकाकार विश्वरूपले भनेका छन् कि शूद्र स्त्रीले चितारोहण पनि गर्न सक्दैन। उनीहरूको समाजमा विधवा विवाह, पुनर्विवाह प्रचलित छ। उनीहरूका पति कहिल्यै मर्दैनन्, एउटा मऱ्यो भने अर्को तैयार भइहाल्छ। अतः सती हुने प्रश्न नै उठ्दैन।

वैश्यहरूमा पनि ससम्मान विधवा विवाह हुन्छ। एउटा पति मऱ्यो भने अर्को विवाह स्वाभाविक हुन्छ। अतः जलेर मर्ने प्रश्न त्यहाँ पनि छैन किनकि पति ज्यूँदो छ। अपरादित्यले अंगिरा, पैठीनसि इत्यादि धर्मशास्त्रकारहरूलाई उद्धृत गरेर भनेका छन् कि ब्राह्मण विधवाको लागि सती हुन मनाहि छ। विधवा पुनर्विवाहको लागि वेदमा पुनर्भू शब्द मात्र छैन बरू अथर्ववेद (५/१७/७–९)मा छ– **'उत यत् पतयो दश स्त्रियाः पूर्वे अब्राह्मणाः ब्रह्मा चेत हस्तमग्रहीत् स एव पतिरेकधा। ब्राह्मण एव पतिर्न राजन्यो न वैश्यः।।'** अर्थात् यदि कुनै स्त्रीले पहिले दस अब्राह्मण पति गरे पनि अन्तमा कुनै ब्राह्मणले उसको पाणिग्रहण गऱ्यो भने ब्राह्मण नै उसको वास्तविक पति हुन्छ, न कि क्षत्रिय वा वैश्य। पाराशर स्मृतिमा त यहाँसम्म छूट दिइएको छ (अध्याय १०/६६) कि यदि ब्राह्मणकी पत्नी घर छोड़ेर कतै एक्लै जाने गर्छिन् र सय पुरुषहरूको नजिक गएर फर्केर आई भने सगोत्रिहरूद्वारा यस्तो स्त्रीको बहिष्कार गर्नु पर्दछ। पतिगृहमा गएपछि पनि त्यो घर उसैको मानिन्छ, जसकहाँ ऊ आउने–जाने गर्दछिन्। यसबाट स्पष्ट हुन्छ कि उनान्सय पुरुषको नजिक गएसम्म उसको बहिष्कार हुने छैन, तब ऊ किन जल्छे? महाभारत युद्धमा ब्राह्मण द्रोणाचार्यको मृत्युपछि उनकी पत्नी कृपी सती भइनन्।

प्रथाको रूपमा स्त्रीहरू जल्नेको आरम्भ क्षत्रियहरूबाट भयो, जो परिस्थितिजन्य थियो; किनकि विजयी राजाले विजित राजाहरू र शूरवीरहरूका पत्नीहरूसंग भयंकर प्रतिशोध लिन्थे, तिनीहरूलाई बन्दी बनाएर लिएर जान्थे। राजपूतहरूले जब देखे कि जुन मर्यादाको रक्षाको लागि उनीहरू लड़िरहेका छन्, पराजय पछि उनीहरूले स्त्रीहरूले र साना बच्चाहरू समेतको आहुति चितामा दिन थाले। जन्मको समयमा नै कन्याहरूको हत्या हुन थाल्यो। यस्ता कैयौं घटनाहरू भएपछि क्षत्राणिहरूले भने कि तपाईं वीर हुनुहुन्छ भने हामी पनि वीरांगना हौं, तपाईं हाम्रो चिन्ता न गर्नुहोस्। तपाईंले वीरगति पाउनुभयो भने हामी आफै चितारोहण गर्नेछौं। यसप्रकार सामूहिक जौहर वा व्यक्तिगत जल्ने प्रथा चल्यो। एकपटक जब यो प्रथाले जरा हाल्यो, तब व्यवस्थाकारहरूले यसलाई सत्पथ घोषित गरेर प्रथालाई बलियो बनाए (राजाहरूको विरोध कसले गर्ने?) र जलेपछि पाइने पुण्यहरूको ताँती लगाई दिए।

विचारणीय छ कि जब अरू कसैको लागि जल्ने विधान छैन भने यी क्षत्रियहरूलाई नै नष्ट गर्नमा किन लागेका छन्? तपाईंहरू सबैको सुरक्षाको लागि टाउको दिंदा-दिंदा जो अल्पसंख्यक हुन गए, उनीहरू कै आँखामा धर्मको पट्टी बाँधेर किन भ्रमित पारिन्छ?

* राजा-महाराजा जस्तो उच्चवर्गबाट जब यो प्रथा व्यापक रूपमा निस्कियो, तब जनसामान्यमा पनि यसको जता-ततै प्रभाव पऱ्यो। राजस्थानपछि स्त्रीहरू जल्ने धेरै घटनाहरू बंगालमा भए; किनकि कुलीन परिवारहरूमा विवाह गर्ने इच्छा त्यहाँ यति धेरै थियो कि मृत्युको खाटमा सुतेको बुढ़ो धनाढ्यले पनि सिन्दुरदान गर्दथ्यो। एक-एक धनाढ्यको पत्नीहरूको संख्या सैकड़ौंसम्म पुग्दथे। बंगालमा उत्तराधिकार 'दायभाग्' नामक पुस्तकबाट निर्धारित हुन्छ, जसमा पुत्रहीन विधवालाई पनि सम्पत्तिमा पतिको बराबरको अधिकार थियो। यसकारण पति मर्दा परिवारवालाहरूले पत्नीको पतिभक्तिको यति मनगढ़न्त प्रशंसा गर्ने गर्दथे कि ऊ चितामा भस्म हुने गर्दथि।

* विधवाका परिवारवाला मात्र होइन, बरू यसलाई धर्म घोषित गर्ने व्यवस्थाकारहरू पनि सम्पत्ति-मोहको भावनाबाट ग्रस्त थिए। गरुड़ पुराणमा छ कि चितारोहणको लागि जाने स्त्रीले पहिले ब्राह्मणहरूलाई दान दिउन्, फेरि देवमन्दिरमा गएर आफ्नो सम्पूर्ण आभूषण अर्पण गरि दिउन्। (१०/३६-४०) वृहद्नारदीय पुराणमा छ कि रजस्वला भएकी स्थितिमा स्त्रीले पतिको चितामा चढ्नु हुँदैन; तर १७९० ई.मा लिखित धर्मसिन्धुमा छ कि यदि मासिक धर्मको पहिलो दिन हो भने तीसवटा गाई, दोस्रो दिन हो भने बीसवटा गाई र तेस्रो दिन हो भने दसवटा गाई दान गऱ्यो भने ब्राह्मणले त्यो स्त्रीलाई शुद्ध घोषित गर्न सक्छ र उसले त्यही दिन चितारोहण गर्न सक्छे। अतः यी कुनै धार्मिक विधान होइन, बरू शोषणको विधान हो। सती चौताराहरूबाट चल्ने जीविका पनि कम प्रेरक छैन।

* विश्वभरिमा स्त्रीहरूको शोषणको लामो इतिहास रहेको छ, स्त्रीलाई जलाएर मार्नु त्यसको अभिव्यक्ति मात्र हो। ईसाई विचारधारामा आठौं शताब्दीसम्म पादरीहरूमा यो प्रश्नमाथि मतभेद थियो कि स्त्रीहरूमा आत्मा हुन्छ कि हुदैन, किनकि ईश्वरले स्त्रीहरूको निर्माण पुरुषको छातीको कोमल

करङ्गहरूबाट गरेका हुन्। इस्लाममा पनि स्त्री–पुरुषको बिचमा समानता कहाँ छ र, जहाँ एक पुरुषले कैयौं पत्नी राख्न सक्छ? उनीहरूलाई खेत जस्तो मानिएको छ, नमाज उनीहरूको कानमा न परोस्, उनीहरू मस्जिदमा पस्न न पाउन्। धर्मलाई अफीम मान्ने केहि साम्यवादी देशहरूमा स्त्री–पुरुषमा नै साम्य छैन, उनीहरूलाई मताधिकार प्राप्त छैन। संसारमा सबैतिर स्त्रीहरूलाई कुनै न कुनै रूपमा यातनाहरू भोग्नु परेको छ। एक्लो भारतमा नै उनीहरूले पुरुषहरूको बराबर सम्मान पाए। भगवान् शिव अर्द्धनारीश्वर हुनुहुन्छ अर्थात् त्यो ब्रह्मले अर्ध नारी र पुरुषलाई मिलाएर संसारको सृजन गर्दछ। यो अवश्य हो कि समयको साथ केही विकृतिहरू भारतमा पनि आएका छन् ; जस्तै – चितालाई अग्नि दिनको लागि पुरुषको अनिवार्यता किन? स्त्रीले पनि यो अवसर पाउनु पर्छ। यसैप्रकार मुक्तिको लागि पिण्डदान र पिण्डदानको लागि पुत्रको अनिवार्यता, पुत्रको लागि भ्रूण–परीक्षण, पुत्र–जन्ममा विशेष समारोह, दाइजो इत्यादि प्रथाहरू मानवताको नाममा कलंक हुन्। विधवाले सामाजिक बहिष्कार खेप्नु पर्दछ, अमंगलको प्रतीक मानिन्छे, तर विधुरको कुनै तिरस्कार वा सामाजिक बहिष्कार हुँदैन। विधुरको विलासी जीवन पनि क्षम्य छ, तर विधवाले सुख–शान्तिसंग बाँच्ने अधिकार पनि गुमाउँछे। विधवाहरू नै अनाथ किन हुन्छिन्? महाभारत आदिपर्वमा छ कि एकचक्रा नगरीमा राक्षसबाट आतंकित एउटी ब्राह्मणी विधवा हुने आशंकाले विलाप गरिरहेकी थिई कि जुनप्रकारले पृथ्वीमा भएको मासुको टुक्रामाथी पक्षीहरूले झम्टिन्छन्, त्यसैप्रकारले पतिहीन स्त्रीमाथी पुरुषहरूले झम्टिन्छन्।

* यसप्रकार स्त्रीहरू तब जल्दथे जब तिनीहरूको सतीत्वमाथी संकट थियो, धर्माचरण बाधा थियो; किनकि धर्माचरणको एकमात्र शत्रु काम हो। गीतामा छ– '**काम एष क्रोध एष।**' इन्द्रिय संयमको साथ सधैं तपस्याको व्रत लिएकी वेदवतीले जब देखिन् कि महाबली रावणले उसको कपालहरूलाई समाती हाल्यो, तब धर्माचरण सुरक्षित न भएको बुझेर उसले ती कपालहरूलाई काटेर आफ्नो शरीरलाई दाह गरिन्। दीर्घकालसम्म इन्द्रिय संयमको साथ निरन्तर चिन्तनद्वारा जसले त्यस सत्यको लागि मनलाई वशमा गर्नमा लागेको छ, यस व्रतको निर्वाहमा यदि बाधा उत्पन्न हुन्छ भने सत्यले बचाउको लागि

साधकहरूले शरीरको त्याग नै श्रेष्ठ मानेका छन्, चाहे त्यो पुरुष होस् वा नारी। महिलाहरूको लागि एउटा बलात्कारिक विघ्न पुरुषहरूको भन्दा बढ़ी छ, यसकारण माताहरूले एक निश्चित क्षमता आउनुभन्दा पूर्वसम्म घरमा नै बसेर भजन गर्ने विधान छ। पतित हुनुभन्दा शरीर-त्याग राम्रो हो। यसैलाई लक्ष्य गरेर पूज्य गुरुदेव भन्ने गर्नुहुन्थ्यो, "हो! साधु हुनु र मर्नु बराबर हो।" '**साधन कठिन न मन कर टेका।**'- साधन कठिन हुँदैन, मनको टेक दृढ़ हुनु पर्दछ। यही कुरा ईसाले भन्ने गर्दथे- यदि तिम्रो हात, पाउ वा आँखाले तिमीलाई ठक्कर खुवाउँछन् भने यिनीहरूलाई काटेर अलग गरिदेउ, तिम्रो लागि राम्रो हुन्छ कि यी अंगहरू बिना नै राम्रो जीवन बिताउ। यी अंगहरूको साथ बाँचेर के लाभ, यदि यिनै अंगहरूको कारण तिमीले अनन्तकालसम्म नरकमा जानु परोस् (मरकुस, ९/४३-४७)। अतः वेदवतीले अग्नि-प्रवेश गरिन्, तर जलेर उनले मोक्ष पाइनन् बरू जन्म लिनु पर्‍यो। जहाँबाट साधन छुटेको थियो, त्यहाँबाट फेरि आरम्भ गर्नु पर्‍यो। अर्को जन्ममा उनी नै सीता कहलाइन्। त्यस शाश्वत सत्यमाथि दृढ़ निष्ठावान भएको र जन्म-जन्ममा सधैं साधना परायण भएकी हुनाले रामलाई प्राप्त गरिन्।

शरीर दिएर पनि सत्यलाई सुरक्षित राख्ने गौरवशाली परम्परा रहेको छ; तर प्रथा, प्रथा हो धर्म होइन। प्रथा परिस्थितिजन्य हुन्छ, जबकि धर्म शाश्वत हुन्छ। आमाहरूले जुन परिस्थितिहरूमा यस्तो बलिदान देखाए, आज त्यस्ता परिस्थितिहरू छैनन्। अतः हरेक प्रथालाई पूर्वजहरूको थाती मानेर त्यसलाई जस्ताको त्यस्तै अपनाउनु कुनै बुद्धिमानी होइन। त्यस समयमा त्यही जरूरी थियो, तर अब त्यसको आवश्यकता रहेन - यो बुझेर हामीले श्रद्धापूर्वक यो प्रथालाई विसर्जन गर्न सक्छौं र यसको विसर्जनको दिन आएको पनि छ।

वेद

चारवटै वेदमा पतिको साथ जलेर मरेकी एउटा पनि स्त्रीको नाम छैन, न कतै सती शब्द आएको छ, र न कतै स्त्रीहरूको लागि पतिको साथ जल्नुलाई धर्म भनिएको छ; बरू यसको विपरीत वेदको निर्णय छ कि एकमात्र परमात्मालाई विदित न गरिकन जन्म-मृत्युबाट बच्ने अरू कुनै बाटो छँदै छैन। विश्वभरिको लागि, स्त्री-पुरुष सबैको लागि एउटै बाटो छ- परमात्माको

भजन। गार्गी–जस्ती विदुषी नारीहरूले यसै परमात्माको शोधलाई श्रेयतर मानिन्, उनले विवाह नै गरिनन्। पतिको साथ जल्नु वेदसम्मत भएको भए त्यस समयकी यी विदुषी नारीहरूले यो स्वर्ण अवसरलाई गुमाउने थिएनन्। मैत्रेयीलाई पनि उसको पति याज्ञवल्क्यले अविनाशी आत्मालाई नै विदित गर्ने बहुमूल्य परामर्श दिए, जल्नको लागि होइन। अपला, विश्ववारा, घोषा कोही पनि त जलेनन्।

रामचरितमानस

रामचरितमानसमा भगवान् श्रीरामले भन्नुभयो कि '**पुरुष नपुंसक नारि वा जीव चराचर कोइ।**'– यिनीहरू मध्ये कोही पनि होस्, जसले सम्पूर्ण भावहरूले मलाई भज्दछ– '**सर्वभाव भज कपट तजि, मोहि परम प्रिय सोइ।**'– ऊ मेरो परमप्रिय हुन्छ।

गोस्वामीजीको निर्णय छ कि–

बारि मथे घृत होय बरु, सिकता ते बरु तेल।
बिनु हरिभजन न भव तरिअ, यह सिद्धान्त अपेल।।

(मानस, ७/१२२ क)

अकाट्य सिद्धान्त छ कि हरि को भजन बिना कसैले पनि भावसागर पार गर्नै सक्दैन। तर यहाँ अनेकौं तरीकाहरू मानिसहरूले निकालेका छन्, जो सबका–सब भव नै पार गराउने दावा गर्दछन्, जसमध्ये एक उपाय पतिको शवसंगै स्त्री जल्नु पनि हो। त्यसो भए त वेद झुठो छ, गोस्वामी तुलसीदास झुठो छ, श्रीराम, श्रीकृष्णको वाणी पनि झुठो छ; तर यस्तो केही पनि होइन। परमात्मासम्मको दूरी पार गर्ने, भवसागर पार गर्ने अरू कुनै क्रिया छँदै छैन, क्रिया एउटै थियो, एउटै छ र एउटै रहनेछ– मात्र एक परमात्माको भजन।

रामायण

वाल्मीकि रामायणमा छ कि दशरथको मृत्युमा कौशल्या शोक–विकल भएर कैकयीसंग भन्छिन् कि एक पतिव्रता जस्तो म पनि पतिको शरीरलाई आलिंगन गरेर चिताको आगोमा प्रवेश गर्छु। तर आदिकवि लेख्नुहुन्छ कि जब दशरथको चितालाई आगो लगाइयो, त्यसपछि उनका रानीहरू बुढ़ो रक्षकहरू–द्वारा घेरिएका शिविकाहरू र रथहरूमा चढ़ेर नगरबाट निस्किए, श्मशानमा

गएर चिताको परिक्रमा गरे, फेरि सवारी चढ़ेर सरयू छेउमा ओर्लिए र दशरथलाई जलांजलि दिए, जल्न त एउटा पनि जलेनन्। अतः पतिव्रताको आशय मात्र एक पतिमा निष्ठा हुनुमा छ, जीवनभरि सुख–दुःखमा एक अर्कालाई सघाउनुमा छ। आगोमा जल्ने कुरा एउटा परिस्थिति र शोकजनित उद्‌गार हो। कतै–कतै जल्ने घटना हुने पनि गर्दथ्यो; तर यसले धर्मको मान्यता कहिल्यै पनि पाएन। तेह्रौं दिन अस्थि–संचयको समयमा भरत र शत्रुघ्न पनि, यसैप्रकार आफ्नो पिताको स्मृतिले विह्वल भएर अग्निमा हामफालेर प्राण दिन तयार भए। तब सुमन्तले उनीहरूलाई संझाई–बुझाई शान्त पारे। केही गरी उनीहरूले यस्तो गरेको भए पनि के यो धर्म हुने थियो? यो पनि शोकजनित व्यवहार नै हुने थियो।

* बालिको मृत्युपछि ताराले पतिको साथ जल्ने निश्चय गरिसकेकी थिइन्। हनुमानले उसलाई सम्झाएर हारी सकेको थियो, सुग्रीव पनि प्रज्वलित अग्निमा आमफाल्न चाहन्थे, तर मर्यादा पुरुषोत्तम श्रीरामले ती दुबैलाई सम्झाई–बुझाई प्राण त्याग्नबाट रोक्नुभयो। यदि जीवित जल्नु नै धर्म हुने भए श्रीरामले किन रोक्नुभयो? धर्मको रक्षाको लागि, मृत्युलोकका प्राणिहरूलाई शिक्षा दिनको लागि नै वहाँ आउनुभएको थियो। यस प्रथाको मौन समर्थन पनि वहाँले गर्नु भएन। आजकलका धर्माचार्यले भन्दछन् कि सती हुनु पर्दछ र त्यस समयका धर्माचार्य वशिष्ठ इत्यादिले रोकेका थिए, धर्मको धुरी भरतले सम्झाएका थिए। यदि यो सत्य भएको भए के ती महापुरुषले सहमति दिने थिएनन्? वाल्मीकि रामायणको अनुशीलनबाट स्पष्ट हुन्छ कि श्रीरामको प्रभाव जहाँ–जहाँ स्थापित हुँदै गयो, वहाँले यस्तो अमानवीय घटना हुन दिनु भएन।

रामचरितमानसमा पनि छ कि भगवान्‌ले तारालाई सम्झाए–

छिति जल पावक गगन समीरा।

पंच रचित अति अधम सरीरा।। (मानस, ४/१०/१४)

अर्थात् शरीर पाँच तत्त्वहरूबाट बनेको छ र नाशवान् छ। यदि यस शरीरको लागि रोई रहेकी छ्यौ भने बेकार छ; किनकि शरीर तिम्रो अगाड़ि अझै पनि छ, र जो निस्कियो त्यस जीवात्माको लागि शोक गर्छौ भने व्यर्थ छ किनकि त्यही त एउटा शाश्वत छ, अमृत छ, अशोच्य छ। ठीक त्यही कुरा जो

गीतामा श्रीकृष्ण भन्नुहुन्छ। अतः तपाईं–हाम्रो पूर्वजहरूले मृत शरीरलाई कहिल्यै पनि महत्त्व दिएनन्, यसकारण त्यसको दाह–संस्कारको प्रथा छ। गाड़ने, मजार बनाउने, पिरामिड बनाउने वा ममी बनाएर त्यसलाई सुरक्षित राख्ने विधान स्वीकार गरिएन।

* महासती अनसूयाले सीताको आचरणको प्रशंसा गर्दै भनिन् कि तिमी जस्तो जो सती स्त्रीहरू छन् (राम जीवित हुँदै सीता सती छिन्, यस प्रकारका सती स्त्रीहरू) उनीहरू उत्तम गुणहरूबाट युक्त भएर पुण्य–कर्ममा संलग्न रहन्छिन्। अतः तिमी सतीधर्मको पालना गर, आफ्नो स्वामीको सहधर्मिणी बन। अनसूयाले पतिसंग जल्ने उपदेश दिइनन् बरू पतिको धर्मको भागीदार बन्नु पर्दछ भनिन्। के थियो रामको धर्म? चित्रकूटमा श्रीरामले भरतसंग भन्नुभएको थियो कि पिताजीले जीर्ण मानव शरीरको परित्याग गरेर दैवी सम्पद् अर्जित गर्नुभएको छ, जसले ब्रह्मलोकमा विहार गराउँछ। मानिसमा श्रेष्ठ भरत! पूज्य पिताजीको शुभ आचरणहरूमाथि दृष्टिपात् गरेर तिमीले आफ्नो धार्मिक स्वभावद्वारा आत्माको उन्नतिको लागि प्रयत्न गर। अतः आत्माको उन्नति गर्नु नै धर्म हो। ठीक यही कुरा श्रीकृष्णले भन्नुहुन्छ कि आत्मालाई अधोगतिमा लिएर न जाऊ किनकि आत्मा नै सत्य हो। अतः जो यस सत्यमा आरूढ़ रहन्छ (सत्य मात्र परमात्मा हो), जो परमात्मामा निष्ठावान रहन्छ, त्यही सच्चा सती हो। जल्ने कार्यलाई रामले न त सती भने, न धर्म।

गीता

वेदहरूको सम्पूर्णांश उपनिषद् र उपनिषद्हरूको पनि सम्पूर्णांश साक्षात् योगेश्वर श्रीकृष्णको वाणी गीता (अध्याय २/१६)मा छ कि असत् वस्तुको अस्तित्व छैन र सत्यको तीनवटै कालमा अभाव छैन। सत्य के हो? भन्नु हुन्छ– "अर्जुन! आत्मा नै सत्य हो। आत्मा, परमात्मा, ईश्वर, भगवान् वा परब्रह्म इत्यादि एक अर्काका पर्याय हुन्। आत्मा नै शाश्वत हो, आत्मा सनातन हो। हामी के छौं? सनातनधर्मी! सनातन को हो? आत्मा! अब यदि हामीले त्यस आत्मपथलाई जान्दैनौं, त्यस आत्मालाई विदित गर्ने क्रिया जान्दैनौं भने कसरी सनातनधर्मी भयौं? सिद्ध छ कि हामी अहिले धर्मका पिपासु मात्र छौं, तर धर्मलाई जान्दैनौं। अहिलेसम्म त्यसको समीप पनि पुगेका छैनौं। पतिको

साथ जल्नु सनातन धर्म होइन बरू आत्मालाई जान्ने निर्धारित क्रियाको आचरण नै सनातन धर्म हो।

* गीता (अध्याय २, श्लोक १८)को अनुसार– आत्मा सनातन हो र भूतादिहरूको सम्पूर्ण शरीर नाशवान् छन्, शरीरको कुनै अस्तित्व छैन। (२/१३) त्यो मूढ़बुद्धि हो जसले शरीरहरूको लागि परिश्रम गर्दछन् किनकि शरीर नाशवान् छ, यसलाई रोक्न सकिंदैन। अब यस नश्वर शरीरको लागि कसैले आफ्नो शरीरलाई त्याग दिन्छ भने उसले सत्यको लागि त त्यागेको होइन, सनातन परमात्माको पथमा त त्यागेको होइन। अस्तित्वविहीन, अशाश्वतको लागि प्राण त्याग्नेवालाले शाश्वत धाम कसरी प्राप्त गर्ला?

* **'वासांसि जीर्णानि यथा विहाय'** (गीता, अध्याय २, श्लोक २२) जसरी पुराना वस्त्रहरूलाई त्यागेर हामी–तपाईंले नयाँ वस्त्र धारण गर्दछौं (वस्त्र फेर्ने वाला जीवित छ, वस्त्र फाटेपछि पनि तपाईं जीवित हुनुहुन्छ।) ठीक यसैप्रकार आत्माले मात्र वस्त्र फेर्दछ भने सधैं जीवित यस आत्मालाई छोड़ेर एउटा वस्त्रको लागि जलेर मर्दा सनातन, शाश्वत धाम कसरी पाइनेछ? सनातनलाई पाउने विधि यो होइन।

* आत्मा सबैमा छ भने कसलाई खोज्ने? योगेश्वर भन्नुहुन्छ कि हुनत आत्मा अजर–अमर शाश्वत नै छ, तर (गीता, अध्याय २ श्लोक २५) आत्मा अचिन्त्य छ। जबसम्म चित्त र चित्तको लहर छ तबसम्म आत्माको अनुभूति हुँदैन, यसै चित्तको निरोधको लागि इन्द्रिय संयमको पालन गरिन्छ। इन्द्रिय संयमको साथै चित्त अचल स्थिर भएपछि जब अन्तिम संस्कारहरूको पनि शमन हुन्छ तब तत्क्षण जो शेष बच्दछ त्यसैको नाम आत्मा, परमात्मा हो। अर्को जन्महरूमा वा कुनै कल्पित स्वर्गमा पतिको साथ विहारको कामना जसमा अझै शेष छ भने सिद्ध छ कि न त अहिलेसम्म उसको चित्त निरुद्ध छ र यस्तो विषमतामा परमगति नै हुन्छ?

* गीता, अध्याय १४ श्लोक १८मा छ कि तामसी गुणहरूको कार्यकालमा शरीर त्याग्नेवालाले पशु–पक्षी, कीरा–फट्याङ्ग्रा इत्यादि अधम योनिहरूलाई प्राप्त गर्दछ, सात्विक गुणवाला उन्नत योनिमा जान्छ। योनि पाउँछ, मोक्ष होइन। राजसी गुणप्रधान व्यक्तिले मध्यम शरीर प्राप्त गर्दछ। मानिसहरू

उचित–अनुचित साधनहरूद्वारा आफ्नो गृहस्थीमा नै लागेका छन्, ईश्वर–चिन्तन गरेका छैनन्, उनीहरूको वृत्तिहरू सात्विक, राजस वा तामस– कहीं न कहीं अल्झेको अवश्य छ। जो जस्तो परिस्थितिमा हुन्छ, त्यस्तै नै योनि प्राप्त गर्नेछ। मानौं, यदि कोही पशु हुन गयो। नहुष इन्द्र–पदबाट खसेपछि अजिङ्गर भयो। रामको समयको कलिंजर र विरक्त गद्दीधारिहरूको यो हालत छ भने कि सामान्य मानिसले पशुयोनि पायो भने के को आश्चर्य? मानी लिउँ कोही पशु भयो र उसको पछि लाग्नेले पतिलोकमा जानु छ, परमगति त पाइएन उसको लोक भयो पशुयोनि, जहाँ न कोही कसैको पति छ, न पत्नी। त्यहाँ त उन्मुक्त विचरण छ। के उसको सतीत्व सुरक्षित भयो?

* गीतामा नै छ कि '**यं यं वापि स्मरन्भावं त्यजत्यन्ते कलेवरम्। तं तमेवैति कौन्तेय सदां तद्भाव भावितः।।' (अध्याय ८, श्लोक ६)** अन्तिम समयमा जसले जसको स्मरण गर्दै शरीर त्याग्छ, त्यसै योनिलाई प्राप्त गर्दछ। मृग शावकको चिन्तन गर्ने महर्षि जड़भरतलाई मृग–शरीर प्राप्त भयो। यसै प्रकार पुरुषको स्मरण गर्दै जलेर मर्ने स्त्री अर्को जन्ममा पुरुष बन्नेछ। पुरुषको पति कसरी? अतः जलेर मर्नु एउटा भ्रम हो।

* योगेश्वर भन्नुहुन्छ कि (गीता, ८/५) अर्जुन! जसले मेरो स्मरण गर्दै शरीर त्याग्छ, साक्षात् मेरो स्वरूप प्राप्त गर्दछ; जहाँबाट पछि फर्केर आवागमनमा आउनु पर्दैन। त्यसो हो भने मोक्ष निकै सस्ता वस्तु हो। जन्मभरि मस्ती गरौं, मर्ने बेलामा भगवान्को स्मरन गरौंला; तर लगत्तै अर्को श्लोकमा श्रीकृष्ण भन्नु हुन्छ– होइन, '**सदा तद्भाव भावितः**'– प्राय त्यही चिन्तन जबरजस्ति उत्पन्न भएर आउँछ, जसको जीवनमा प्रयोग धेरै गरेको हुन्छ। यसकारण अर्जुन! तिमी आजदेखि नै (भोली कहिल्यै आउँदैन), अहिलेदेखि नै मेरो चिन्तन गर। अतः आवागमनरहित परमगतिको बाटो के हो? परमात्माको निरन्तर चिन्तन! चितामा जलेर परमगति गीताले भन्दैन। जीवनभरि पतिपरायण वृन्दाले जलन्धरको पतिलोक पनि प्राप्त गर्न सकिनन्। बरू, जसले पतिव्रतमा बाधा पुऱ्यायो, त्यही विष्णुको साथ पाइन्, जलन्धरको होइन।

* शरीर धारण गर्ने सम्बन्धमा गीताको निर्णय छ कि शरीरबाट उत्क्रमण गर्ने बेलामा जीवात्माले मनसमेत पाँचवटै ज्ञानेन्द्रियहरूद्वारा जीवनभरि गरिएको

क्रियाकलापजन्य संस्कारहरूको अनुरूप नयाँ शरीर धारण गर्दछ। त्यसैकारण आ–आफ्नो संस्कारहरूको अनुरूप पति–पत्नीले तथा उनीहरूको परिवार–वालाहरूले भिन्न–भिन्न शरीरको प्राप्ति गर्ने धेरै सम्भावना छ।

* महाभारत जस्तो युद्धकाव्यमा, जो रक्तरंजित इतिहासले भरिएको छ, स्त्रीहरू जलेर मर्ने प्रतिशत नगण्य छ। स्त्री–पर्वमा छ कि कौरव–पाण्डव पक्षको वीरहरूको पत्नीहरू जलेनन्, अर्जुनले उनीहरूलाई लिएर हस्तिनापुर फर्किरहेका थिए कि बाटैमा भीलहरूले ती स्त्रीहरूलाई समातेर राखे– **'भीलन लूटी गोपिका, वही अर्जुन वही बान।'**

* गीतामा छ कि युद्धको परिणाम नरसंहारपछि कुलका स्त्रीहरू दुषित हुने आशंकाबाट अर्जुन व्याकुल थियो (गीता, १/४१)। यदि ती सबै पतिको साथमा जल्ने भएको भए अर्जुन यति चिन्तन किन हुन्थे। आश्चर्य छ कि जुन सती–प्रथाद्वारा परमगति पाइन्छ, गीता–जस्तो धर्मशास्त्रमा त्यसको चर्चासम्म गरिएको छैन।

* गीता अध्याय ९ श्लोक ३२मा छ कि स्त्री, वैश्य, शूद्रादि तथा पाप योनिवाला जो कोही पनि हुन्, ती सबै मेरो आश्रित भएर परमगतिलाई प्राप्त गर्दछन्। अर्थात् एक परमात्मालाई नै भज्ने विधान सबैको लागि छ। यस्तो होइन कि स्त्रीको निमित्त कुनै अर्को विधान र पुरुषको लागि कुनै अर्को। त्यही एक परमात्मालाई भज्ने पुरुष र स्त्रीको लागि एउटै विधान निर्धारित छ।

* अध्याय ८/१२–१३मा छ कि मनलाई हृदयदेशमा निरोध गरेर जुन पुरुषले शरीर त्याग गर्दछ, उसले परमगति प्राप्त गर्दछ। अर्थात् पहिले मनको निरोध हुन्छ, फेरि परमगति, यही तरीका हो। यहाँ मनको निरोध गरिएको, पहिले शरीरलाई नै जलाइयो भने परमगति कसरी पाउने? साधनको धाम जुन शरीर पाइएको थियो त्यो पनि जलाइयो। जिउँदो–खाँदो परिवारमा एक्कासी कोही मऱ्यो, आमोद–प्रमोदमा जीवन बिताउने स्त्री चितामा चढ़िन्, जुन मनले जल्नु पर्दथ्यो त्यसको संयम त गरिएन, जलाइयो देव–दुर्लभ मानव शरीरलाई। अनन्त योनिहरूको चक्कर काटेर कहिले हो कुन्नि यो साधन गर्ने शरीर पाइनेछ? योभन्दा ठूलो क्षति के होला? अतः सबैले एक परमात्माको सुमिरन गर्नु पर्छ।

स्मृति

सती प्रथालाई बढ़ाई–चढ़ाई गरे स्मृतिकारहरूले। पाराशर स्मृतिमा छ कि जो स्त्री पति मरेपछि संयमपूर्वक दिन बिताउँछे, ऊ मरेपछि स्वर्ग जान्छे; तर जो पतिको साथ प्राण त्यागेर उसको अनुगमन गर्छे, उसले मानिस शरीरमा हुने साढ़े तीन करोड़ रौं बराबरको वर्षसम्म स्वर्गमा वास गर्छे। जसरी सपेराले सर्पलाई उसको प्वालबाट जबरजस्ती निकाल्छ, त्यस्तै सतीले आफ्नो पतिलाई खोजेर स्वर्गमा पनि पतिसंग विहार गर्दे। स्पष्ट छ कि यस स्मृतिकारलाई विधवाको संयमित जीवन पनि मनपर्छ, तर प्राण त्याग्ने स्त्री विशेष हुन्छे, किनकि उसले स्वर्गमा पति सहवास गर्छे। विधवाको पुनर्विवाह स्मृतिकारहरूलाई मान्य छैन, किनकि उसको शुद्धि असम्भव छ।

यसै स्मृतिको चौथो अध्यायमा छ कि जो ब्राह्मणले अनिच्छाले पतितहरूसंग पाँच, दस, बाह्र अथवा एक महीना, दुई महिना, ६ महिना वा बढ़ीमा एक वर्षसम्म निवास गऱ्यो भने उनको शुद्धि सम्भव छ, जसमा गो–मुत्रमा पकाइएको जौ खानु र तप्तकृच्छ व्रत राख्नु पर्दछ; तर यदि एक वर्ष भन्दा एक दिन पनि बढ़ी उनीहरूको बीचमा बस्यो भने उसको शुद्धिको कुनै उपाय रहँदैन। ऊ त्यस्तै हुन्छ जसको बीचमा ऊ बसेको हुन्छ। आज ब्राह्मणहरूका बच्चाहरू यूरोप र अमेरिकामा जान्छन्, अढाई–तीन वर्षमा फर्किन्छन्। दुबई इत्यादि खाड़ी देशहरूमा घुस दिएर पनि सर्विस पाउन, मुसलमानहरूको बीचमा बस्न, खान–पिउन मन पराउँछन्, नाम समेत फेर्छन्, कोही कोही त त्यहीं अन्तर्जातीय विवाह गरेर फर्किन्छन्। व्यवस्था नभए पनि ती ब्राह्मणहरू आज शुद्ध भए, कुनै धर्माचार्यले उनीहरूमाथी औंला उठाउने साहससम्म पनि गर्न सक्दैनन् भने आमाहरूलाई जलाउनमा नै किन गौरव मान्दछन्?

मनुस्मृतिको दसौं अध्यायमा छ कि ब्राह्मण पिता र शूद्र जातिको स्त्रीबाट निषाद वा मल्लाह उत्पन्न हुन्छ भने उसले डुङ्गा चलाओस् र माछाको व्यवसाय गरोस्। विचारणीय छ कि पृथ्वीको तीन भागमा जल भरिएको छ। यति धेरै नदीहरू, तालहरू र समुद्रहरू छन्। यी सबै स्थानहरूमा माछा पालन व्यवसाय, विशाल नेभी विभागको संचालन एक–दुई ब्राह्मणहरूको आकस्मिक भूलबाट उत्पन्न सन्तानबाट संभव छैन। यी विभागहरूले ठूलो मात्रामा छुट दिनु पर्ने हुन्छ जसले गर्दा उनीहरूले निषादहरूको संख्या बढाउन्।

यसप्रकार क्षत्रिय र ब्राह्मणी कन्याबाट उत्पन्न पुत्र सूतले घोड़ाहरू र रथहरूको कार्य हेरुन्। प्राचीन नरेशहरूसंग चतुरंगिणी सेना हुन्थ्यो, जसमा लाखौं रथहरूको देखभाल पचीस–पचास सूत पैदा गरेर हुन सक्दैन थियो। शूद्र र ब्राह्मणीको समागमबाट उत्पन्न चाण्डालले राज्यहरूमा कसाईको काम गर्दथ्यो। जेल विभाग उसको अधिनमा थियो। जुन वर्ण/वर्णसंकरको लागि जो कार्य निर्धारित थियो, त्यसलाई अरू वर्णवालाहरूले गर्न सक्दैनथे, नत्र भने यसै स्मृतिमा छ कि राजाले उसलाई निर्धन गरेर देशबाट निकाली दिउन्। तपाईं विचार गर्नुहोस् कि उपर्युक्त विभाग राज्यका प्रमुख अंगहरू हुन् र यिनीहरूलाई चलाउने यदि कुनै व्यवस्था थियो भने कोही सती कसरी हुन सक्छे? यस्तो अवस्थामा पातिव्रत धर्म कहिलेसम्म सुरक्षित रहन सक्ला?

प्राचीन समाजमा वर्णसंकर उत्पन्न गर्ने छुटको प्रमाण पनि पाइन्छ। यति मात्र होइन, जुन माता–पिताहरूले अर्को वर्णसंग सहवास गरे, उनीहरूले दण्डको त कुरै छोड़ौं, अपमान पनि झेल्नु परेन; बरू उनीहरूबाट उत्पन्न भएका निर्दोष बच्चाहरूलाई नै दोषी ठहराइए। त्यसैले उनीहरूले गाउँको बाहिर बस्नु पर्दथ्यो, माटोको भाँडामा खानु पर्दथ्यो र मुर्दाबाट फुकालेको वस्त्र लगाउनु पर्दथ्यो, रुखको मुनि कहिले यता त कहिले कता बस्नु पर्दथ्यो। मनुस्मृति भन्छ कि शुद्ध हृदय भएका ब्राह्मणहरूले यस्तो व्यवस्था दिएका छन्। भूल आमा–बाबुले गरे र पुस्तौंसम्म दण्ड बच्चाहरूलाई दिने। धिक्कार छ यस्तो व्यवस्थालाई!

निष्कर्ष

सती–प्रथा धर्म हो कि होइन? यो जान्नको लागि आवश्यक छ कि सबैजनाले धर्मको सही परिभाषा जानुन् कि मात्र एक परमात्मासंग सम्बन्ध जोड़नु नै धर्म हो, किनकि उनी नै सम्पूर्ण सुख तथा शाश्वत शक्तिका केन्द्र हुन्। उनी छन् त सबैतिर छ, तर उनलाई खोज्ने स्थल प्रत्येक स्त्री–पुरुषको हृदय भित्र नै छ– बाहिर कतै पनि छँदै छैन। वेदको पुरुष–सूक्तको घोषना छ कि दैवी सम्पद्लाई हृदयमा ओराल्ने पूर्व महापुरुषहरूले मानस यज्ञादि साधनहरूद्वारा शरीरमा स्थित जुन पुरुषलाई जानेका थिए, ब्रह्माले जसको स्तुति गरेका थिए, इन्द्रले जसलाई सबैतिर व्याप्त देखेका थिए, त्यस परम पुरुषलाई जसले जान्दछ उसले यही यसै जन्ममा अमृतपद प्राप्त गर्दछ। यसबाहेक अमर हुने

अरू कुनै मार्ग छैन। '**यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन**' (ऋग्वेद, १०/९०/१–१६) दैवी गुणसम्पन्न पुरुषहरूले यज्ञस्वरूप महापुरुषलाई लक्ष्य बनाएर उनीहरूको पूजा गरे। यही धर्म हो।

अतः वेद अनुसार धर्म के हो? त्यही एक परमपुरुषलाई जान्नु! जान्नको लागि के गर्नु पर्दछ? मानसिक यज्ञ, मनको निरोध! त्यो हुन्छ कसरी? हरेक ऋतुमा त्यही एक परमात्माको चिन्तनबाट, यज्ञस्वरूप महापुरुषद्वारा मात्र! यति नै धर्म हो। यही सत्पथ हो। यसमा हिड्ने नै सती हो। यो स्थिति जीवित अवस्थामा नै पाइन्छ। जलेर वा मरेर होइन।

ठीक यही गीताको निर्णय छ कि '**इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः।**'– ती पुरुषहरूले जीवित अवस्थामा नै सम्पूर्ण संसार जिते, जसको मन समत्वमा स्थित छ। '**निर्दोष हि समं ब्रह्म**'– त्यो ब्रह्म निर्दोष र सम छ र साधकको मन पनि निर्दोष र सम स्थितिवाला भयो। समान गुणधर्मवाला हुनाले '**तस्माद् ब्रह्मणि ते स्थिताः।।**' (**गीता, ५/१९**)– ऊ ब्रह्ममा स्थित हुनजान्छ। त्यसो भए ब्रह्ममा स्थिति कहिले पाइन्छ? जब संसाररूपी शत्रु जित्नमा आउँछ। संसार कहिले जित्नमा आउँछ? जब मनको निरोध हुनजान्छ। '**महा अजय संसार रिपु, जीति सकइ सो बीर।**'।

प्राप्तिवाला हरेक महापुरुषले मनलाई जित्ने कुरा गरेका छन्। '**मनः एव मनुष्याणां कारणं बन्धमोक्षयोः।**' (**मानस, ५/१९**)– मानिसहरूको मुक्ति र बन्धनको कारण मन हो, त्यसैले जबसम्म मन ज्यूँदो छ तबसम्म शरीर जलाउन वा नजलाउनाले के हुन्छ? मनको निरोधको लागि नै साधन–भजन गरिन्छ; तर शरीर जलाउनाले न त मनको निरोध हुने देखिएको–सुनिएको छ र न यो भजनको कुनै विधि नै हो।

संसारभरिका मानिसहरूले भजनको नाममा केही न केही गरिरहेकै हुन्छन्, जस्तै मानिसहरू बिहानै उठेर नुहाई–धुवाई गरी सूर्यलाई, पीपललाई वा कतै जल चढाउँछन्, धुप–दीप गर्दछन्, कुनै श्लोक वा चालीसा पढ्छन्। स्त्रीहरू डीहबाबा, चौरा माई, सती माई, अनेकौं रुख–बिरुवा अथवा तलाउहरूलाई पूज्दछिन्, जसमा सामग्री र आसन (मुद्रा)को भिन्नता रहन्छ, जस्तो कि कोही एउटा खुट्टा उचालेर पूजा गर्दछ, कसैले सुतेर गर्छ भने कोही बसेर गर्छ। थरि–

थरिका पूजन–सामग्री र नैवेद्यमा पशु–पक्षी तथा स्त्री–पुरुषको पनि बलि चढ़ाएर समृद्धिको साथै परमधाम पाउने प्रयास गर्दछन्।

यसैप्रकार गृहत्याग पछि कसैले एक दण्डलाई, कसैले तीन दण्डलाई मोक्षको उपाय मान्दछन्। कसैले चन्दन पोत्नेको, कसैले स्नान गर्नेको, कसैले मुण्डनको, कसैले कुण्डलको र कसैले विभूतिको महत्त्व बताउँछन्। यी सन्त–भेषहरू त्याग र तपस्याको नै संकेत हुन्। सत्यप्रति हामीबाट लिइएको व्रतको चिनारी हो। पोशाक सत्यको नै हो, तर यो साधन होइन– यो मात्र फाउण्डेशन (जग) हो।

जैन साहित्यमा यसको आशय बुझाउँदै एउटा रोचक कथा भनिएको छ कि भगवान् महावीर आफ्नो पूर्वजन्ममा सम्राट भरतको पुत्र मरीचिको रूपमा थियो। कठोर साधनाबाट विचलित हुँदा उनले सोचे कि म मन, वचन र शरीरको विकारहरूबाट युक्त छु, अतः यसको प्रतीकको रूपमा त्रिदण्ड धारण गर्नेछु। म तपस्याको आचरणले सुशोभित छैन, अतः आफ्नो कमीको बोध गरीराख्नको लागि चन्दन लगाउने गर्नेछु। मोहको प्रतीकको रूपमा छाता धारण गर्नेछु। राग–द्वेषबाट दूषित छु, अतः गेरुआ रंगको वस्त्र धारण गर्नेछु। मेरो अन्तःकरण पवित्र छैन, यसलाई याद राख्नको लागि दिनमा तीन पटक स्नान गर्नेछु। वास्तवमा भेष प्रतिज्ञालाई सधैं याद दिलाउनको लागि हो। भेषले सत्साधनमा लगाउँछ, तर भेष नै सत्साधन होइन। यस भेषमा वा कुनै पनि भेष–कुभेषमा जुन सत्साधन गर्नु पर्दछ, त्यो गुरुहरूको विद्या एउटै हो, जसमा धेरै साधनाहरू छैनन्। **'व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन।' (गीता, २/४१)**– त्यो क्रिया एउटा नै छ। त्यसलाई महापुरुषहरूबाट प्राप्त गर्नु पर्दछ र यी बाहिरी आचरणहरू, नुहाउनु–धुनु इत्यादि न त धर्म हो न अधर्म। विकार मनमा छ भने शरीर धोएर के हुन्छ? भजन कुनै यस्तो क्रिया हो जसबाट मनको धुलाई हुन्छ, जसबाट संसारमा फैलिएको मन विस्तारै–विस्तारै खुम्चिन थाल्दछ, जसबाट मनको निरोध हुन्छ। मनगढ़न्त जे गरे पनि मन रोकिंदैन। **'साधन करिअ विचार हीन मन शुद्ध होय नहिं तैसे।'** (विनयपत्रिका)।

मनको निरोधको लागि वेदले भनेको छ– परमात्माको सधैं चिन्तन। **'ग्रीष्म इध्मः शरद्धवि'**– ग्रीष्म–शरद्–वसन्त हरेक ऋतुमा, सधैं चिन्तनद्वारा

जब मनको संकल्प–विकल्प शान्त हुनजान्छ र यस शान्त मनको पनि जब विलय हुन्छ, तब जुन तत्त्व पाइन्छ त्यसैको नाम मोक्ष हो, परमगति हो, परमधाम हो। मनको निरोधको लागि जसले यत्न गरेकै छैन भने शरीर जलाएर मोक्ष कसरी पाउला?

वायु जस्तो चंचल मनको निग्रहलाई कठिन मान्ने अर्जुनलाई योगेश्वर श्रीकृष्णले गीताको छैठौं अध्यायको अन्तमा एउटा सजिलो उपाय भन्नुभयो कि भक्ति गर, '**श्रद्धावान् भजते यो माम् स मे युक्ततमो मतः।**' त्यो भक्तिको आरम्भ हो कि हृदयमा जो परमात्मा छ, त्यसमा (सद्गुरुमा) श्रद्धावान् होऊ। अरू कसैको पनि अस्तित्व छैन, वहाँ नै एक शाश्वत हुन्, वहाँ नै सत्य हुन्, वहाँ नै अविनाशी हुन्, वहाँ नै परमतत्त्व हुन्, वहाँलाई आफ्नो जीवनको उद्देश्य बनाऊ र त्यसपछि उनको प्राप्तिको जुन साधनहरू छन्, जसको नाम दैवी सम्पद् हो, ती गुणहरूलाई हृदयमा अर्जित गर। इन्द्रियहरूको बहिर्मुखी प्रवाहलाई '**संयमाग्निषु जुह्वति**'– संयमरूपी अग्निमा हवन गर। विषयोत्तेजक शब्दहरूको आशयलाई वैराग्योत्तेजक भावहरूमा बदलेर त्यसबाट बच। सम्पूर्ण इन्द्रियहरूको व्यापारहरूलाई ईश्वरीय आदेशहरूको आलोकमा संयमित गर।

साथै आवश्यक छ नाम–जप, जसको उकालो–ओह्रालो श्वासमा छ। श्वासको साथै यदि नाम–जपको क्षमता छैन भने आरम्भमा माला, औंला वा नाड़ीको स्पन्दनहरूको सहाराले पनि कोही–कोही नाम–जपको लागि अनुबन्धित हुन्छन्। तर चाँड़ै नै श्वासमा सुरत लाग्न प्रारम्भ हुन्छ, त्यसपछि माला वा कुनै बाहिरी उपकरणको आवश्यकता समाप्त हुन्छ, तब श्वासद्वारा नै जप्नु पर्दछ। श्वास कहिले भित्र गयो त्यसलाई हेर, कहिले बाहिर आयो त्यसलाई हेर, कति बेरसम्म बाहिर रुक्यो त्यसलाई जान, त्यसपछि श्वास भित्र जान लाग्यो भने त्यो श्वासद्वारा नाम जपाउ, जानकारी बिना एउटा पनि श्वास खाली न जाओस्। सुरतलाई त्यस श्वासमा लगाउ, श्वासमा उठ्ने शब्दलाई समात, श्वासले नाम बाहेक अरू केही भन्दै भन्दैन। प्रारम्भमा जब हामीले सुन्न लाग्दछौं, तब नाम देखिंदैन (सुनिदैन), सन्न–सन्न, साँय–साँय मात्र सुनिन्छ; तर बैखरी, मध्यमाको स्तरपछि पश्यन्तिको स्तर आउँदा–आउँदै यो नाम श्वासमा ढल्दछ। यसप्रकार श्वासद्वारा नाम जप गर्नु पर्दछ, जसलाई श्रीकृष्णले प्राणापान भन्नुभयो। गौतम

बुद्धले यसैलाई 'अनापानसती' भनेर सम्बोधित गर्नुभयो। यस्तो गर्दा प्राणहरूको याम अर्थात् निरोध हुनजान्छ। अब न भित्रबाट कुनै संकल्प उठ्छ, न बाहिरी वायुमण्डलको संकल्प भित्र प्रवेश हुन पाउँछ। यसैको नाम प्राणायाम हो, यही मनको पूर्ण निरोधावस्था हो र निरुद्ध मन पनि जब विलय हुन्छ तब भक्तिको, भजनको, यज्ञको परिणाम निस्किन्छ। **'यज्ञशिष्टामृतभुजो यान्ति ब्रह्म सनातनम्।' (गीता, ४/३१)**– यज्ञको पूर्तिकालमा, यज्ञले जसको रचना गर्दछ, त्यस ज्ञानामृतको पान गर्ने योगीले शाश्वत–सनातन ब्रह्म परमात्मामा प्रवेश पाउँछ।

प्रारम्भदेखि परिणामसम्म संक्षेपमा, सूत्रहरूमा जम्मा यति नै हो भजनको विधि। यही हो यज्ञ। योग–साधना पनि यही हो। परमात्मामा विलय गराउने यस क्रियालाई योगेश्वर श्रीकृष्णले यज्ञ भनेर सम्बोधित गर्नुभएको छ। संसारको संयोग–वियोगबाट रहित अविनाशी परमात्माको प्राप्तिको जुन क्रिया छ, त्यसैलाई (वेदले पनि) यज्ञ भनेर सम्बोधित गरेको छ, यसै विधिद्वारा हिड्नेमा जोर दियो। चेतावनी पनि दियो कि यसप्रकारको यज्ञविहीन स्त्री–पुरुषको लागि यो मानव शरीर पनि सुलभ छैन, भने उसको लागि परलोक कसरी सुखद हुन सक्ला?

योगेश्वर श्रीकृष्णले यस विधिद्वारा भजन गर्नको लागि बड़ो प्रोत्साहन दिनुभयो कि कसैले यस विधिहरू मध्येबाट केही पनि गर्दछ भने ऊ भजनको ज्ञाता हो, उसले यज्ञलाई जान्दछ– फरक यति मात्र छ कि कोही आरम्भिक स्तरमा छ, कोही बिचमा छ, भने कोही उन्नत अवस्थामा छ। अध्याय ४, श्लोक २४ देखि ३१ सम्म ८ श्लोकहरूमा तथा चौध भागमा विधि प्रस्तुत गर्नु भएको छ।

सबैतिरबाट साँगुरिएर त्यो एक परमात्मामा श्रद्धा केन्द्रित भयो भने, त्यही क्षणबाट भजनको शुरुवात हुन्छ, त्यहींबाट तपाईंले भजनको पहिलो पाइला राम्ररी उठाउनु भएको छ, धर्मलाई नजाने पनि तपाईंले धर्मको बाटो समात्नु भएको छ। योगेश्वर श्रीकृष्ण भन्नुहुन्छ– **'मयि चानन्य योगेन भक्तिरव्यभिचारिणी।' (गीता, १३/१०)**– भक्ति अव्यभिचारिणी हुनु पर्दछ, अनन्य भावले मसंग जोड़िएको हुनु पर्दछ। जसलाई महापुरुषहरूले

सती भने, त्यसै भक्तिलाई अव्यभिचारिणी भनेर सम्बोधित गरियो। यही हो सतीको लागि योगेश्वर श्रीकृष्णको सम्बोधन। स्त्रीहरूको प्रदूषणको जुन आशंकाबाट अर्जुन व्याकुल थियो, योगेश्वरले त्यसलाई अज्ञान भन्नुभयो र भन्नुभयो कि प्राप्तिवाला महापुरुषले यदि आफूभन्दा पछिका साधकहरूलाई भजनको बाटोमा लगाउँदैन, आफूले गर्दै उनीहरूबाट गराएन भने, पछिका साधकहरूले उनको देखा–सिकी गरेर क्रिया छोड्ने छन्। सीधै वहाँ–जस्तो, प्राप्तिवाला महापुरुष–जस्तो भएको ढोंग गर्न थाल्छन्। भजन–पथमा आएका यस विकृतिलाई योगेश्वर वर्णसंकर भन्नुहुन्छ। महापुरुषको दृष्टिमा ईश्वरप्राप्तिको लागि निर्धारित उपर्युक्त क्रियाबाहेक जे–जसो पनि गरिन्छ त्यो समाजमा संस्कार सृजनको उपाय हो, व्यवस्था हो– धर्म होइन। धर्मको नाममा समाजमा भयंकर भ्रान्तिहरूको सृजन भएको छ, जसमा सती–प्रथा पनि एक हो।

अयोध्याको जनसभामा भगवान् श्रीरामले सम्झाउनु भयो, जसको उल्लेख रामचरित मानसमा छ। त्यस सभामा **'गुर द्विज पुरवासी सब आये।' (मानस, ७/४२/१)**– सद्गृहस्थ आश्रम बस्नेहरू पनि आएका थिए। मानव शरीरको नश्वरताको वर्णन गरेर भगवान्ले भन्नुभयो कि यदि परलोक चाहन्छौ अथवा यसै जीवनमा सबै प्रकारका सुख चाहन्छौ भने दुबैको लागि मात्र एउटै बाटो छ **'भगति मोरि'**– मेरो भक्ति गर। **'भगति मोरि पुरान श्रुति गाई।' (मानस, ७/४४/२)**– मेरो नै भक्तिको गायन पुराणमा छ, मेरै भक्तिको गायन वेदमा छ। अतः एक परमात्मामा निष्ठा भक्तिको बलियो चरण छ। **'भक्ति सुतंत्र सकल सुखखानी। बिनु सत्संग न पावहिं प्रानी।।' (मानस, ७/४४/५)** एक परमात्मामा श्रद्धा दृढ़ पार्नको लागि आरम्भ हुन्छ सन्तहरूको सेवन! सन्त सबै राम्रा छन्, तर यदि उनीहरूले एक परमात्मालाई छोड़ेर अरू देवी–देवताहरूको भजन गराउँछन्, अनेक स्थानमा श्रद्धा बाँड्न लगाउँछन् भने अझै उनीहरू आफैं छरिएका सन्त हुन्। समय व्यतीत भएपछि उनीहरूले पनि एक परमात्माको बाटोमा आउनै पर्ने हुन्छ। एक परमात्मा प्रति निष्ठा नै सतीको लक्षण हो।

एक परमात्माको स्थानमा कहिले यता कहिले उता, कहिले यसो कहिले उसो गर्दा–गर्दै विस्तारै–विस्तारै तपाईं–हामी यति तल खसि सक्यौं कि झार–

फुँक, पशुबलि र टुना–मुनामा फस्न गयौं। जब सबै भगवान्को नै अंग हुन् भने भूत पनि होलान्, त्यो भए गर न पूजा। यो भयंकर भ्रान्तिको अन्तिम चरण हो। गोस्वामी तुलसीदासजी **'जे परिहरि हरिहर चरण, भजहिं भूत गन घोर।' (मानस, २/१६७)** भनेर यसको निन्दा गरे, तापनि मानिसहरू झार–फुँक गराउँछन्, रामायण पनि पढ्छन्। सोझी–साझी आमाहरूलाई आतंकित गरेर, झर्को मानेर, मनोवैज्ञानिक दबाब दिएर यस्तो गर्नको लागि बाध्य गरिन्छ। फुर्काउनको लागि उनीहरूको प्रशंसा पनि गर्छन् कि महिलाहरूले गर्दा नै त धर्म–कर्म टिकेको छ। महिलाहरू चाँड़ै नै झुक्किन्छिन्; किनकि आजसम्म उनीहरूलाई शिक्षाबाट वंचित राखिएको छ। धर्मशास्त्र सुन्ने विधान उनीहरूको लागि थिएन। आजसम्म उनीहरूलाई यसरी बाँधेर राखियो कि पिंजड़ा भित्र नै रहिरहे। पतिको इच्छा भएन भने खाना पनि न खाने, धर्म पनि न गर्ने। उनीहरूलाई सच्चाईबाट पनि वंचित राखियो। भूत–भवानी, पीपल, रुख–पात, डीह, चौतारा, पुत्रलाई जीवित पार्ने देवी, जे जति पनि उनीहरूलाई सिकाइयो त्यसैलाई धर्म मानेर उनीहरू व्रत–उपवास गर्न थाले वा हलुवा चढ़ाउन थाले; यो भूलावा हो, धोखा हो। महिलाहरूले भूलेर पनि यी भ्रान्तिहरूको पछि लाग्नु हुँदैन, न त डराउनु पर्दछ; किनकि सृष्टिमा यस्तो कुनै भूत छैन, जो मानिसभन्दा बलियो छ। भूतको अर्थ हुन्छ प्राणी– **'ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति।' (गीता)**।

अतः महिलाहरूले कहिल्यै पनि धामी–झाँक्री, भूत–भवानी, टुना–मुना इत्यादिलाई मान्नु हुँदैन। यो केही पनि होइन, मात्र वाममार्ग हो। जसमा अधिकांश देवता शाकाहारी छन् तर उनीहरूका पत्नी देवीहरूलाई मासाहारी घोषित गरेर उदरपूर्तिको साधन जुटाइएका छन्। महिलाहरूले जान्नु पर्दछ कि स्त्री–पुरुष सबैको लागि भजनको एउटै बाटो छ। तपाईं–हाम्रो, संसारमा सबैको शास्त्र गीता हो। तपाईं गीता, रामायण अथवा मूल वेद नै हेर्नुहोस्, ती सबैको आदेश मात्र यति छ कि अविनाशी तत्व मात्र परमात्मा नै हुन्। उनै एकको प्रति पूर्ण श्रद्धाको साथ समर्पित होऔं।

त्यस जनसभामा भगवान् श्रीरामले यसकारण एक परमात्माप्रतिको निष्ठालाई भक्तिको आरम्भ भन्नुभयो; किनकि भक्ति आरम्भ गर्नको लागि न त

कुनै योगको आवश्यकता छ न यज्ञ, जप, तप र उपवासको। शुरू-शुरूमा अहिले यति मात्र जरूरी छ कि '**सरल सुभाव न मन कुटिलाई। जथा लाभ सन्तोष सदाई।।**' (**मानस, ७/४५/२**) यति मात्र प्रयास गर्नुछ कि सरल स्वभाव होस्, मनमा कुटिलता न होस्। यो मनलाई नै सोझो गर्नुछ, सम गर्नुछ। जे-जसो लाभ हुन्छ त्यसैमा सधैं सन्तोष राख्नुस्। '**मोर दास कहाइ नर आसा। करइ त कहहु कहा विस्बासा।।**' (**मानस, ७/४५/३**)- मेरो दास कहलाउछौ र अरूको आशा पनि गर्दछौ, भने तपाईं नै विचार गर्नुहोस् उसले मेरो विश्वास नै के गऱ्यो? त्यो भक्त होइन। त्यसपछि भन्नुभयो कि उसले कसैसित दुश्मनि नगरोस्, लड़ाई-झगड़ा नगरोस्, सत्यको अनुयायीहरूको संगत गरोस्, मेरो नाम-जपमा अनुरक्त, ममता, मद र मोहको त्याग गरेपछि यसको परिणाममा पाइने सुखलाई उसैले जान्दछ जसले परमानन्द राशि प्राप्त गरेको छ। यहाँ भगवान्ले भन्नुभयो कि एक परमात्मामा दृढ़ श्रद्धा र नाम-जपमा सधैं संलग्नता। यतिले नै तपाईंको प्रवेश भजनको सही बाटोमा हुनजानेछ।

अर्को किसिमले यही भक्ति नौ खुड़किलाहरूमा श्रीरामचरितमानसमा शबरीलाई भगवान् श्रीरामले सुनाउनुभयो जसको शुरुवातको पहिलो चरण हो सन्तहरूको संगत- '**प्रथम भगति सन्तन्ह कर संगा।**' (**मानस, ३/३४/८**) सन्तहरूको सान्निध्यबाट परमात्मा सम्बन्धित कथा-प्रसंग पाइनेछ। जब राम्ररी बुझ्न थालिन्छ, हृदयको पर्दा पखालिन्छ, तब '**गुरुपद पंकज सेवा तीसरि भगति अमान।**' (**मानस, ३/३५**) गुरुबाट वहाँको विद्या पाइनेछ, त्यसलाई धारण गर्नु नै गुण-गायन हो, यही चौथो भक्ति हो। फेरि पाँचौं स्तर आउँछ- त्यस स्तरको नामको सधैं जप। '**मन्त्र जाप मम दृढ़ विस्बासा।**' (**मानस, ३/३५/१**) एक परमात्मामा नै दृढ़ विश्वास होस्, तब '**बिरति बहु करमा**' (**मानस, ३/३५/२**) घर-गृहस्थीको धेरै-जसो कर्महरूको जिम्मेदारीहरूलाई विस्तारै-विस्तारै त्याग गर, उत्तराधिकारी (भावी अधिकारी)लाई सुम्पिदै जाऊ। यसबाट कर्ममा विरक्ति आउन थाल्दछ, घर छोड्ने जरूरत छैन। यसको परिणाम निस्किन्छ सातौं स्तरको भक्ति- '**सातवँ सम मोहिं मय जग देखा।**' (**मानस, ३/३५/३**)- सबैतिर ईश्वरको संचार देखिनेछ; तर सर्वाधिक संचार देखिन्छ सन्तमा। संसार मेरो बराबर, तर

सन्त मभन्दा ठूलो अर्थात् संसारभन्दा ठूलो छ। '**आठवँ जथा लाभ सन्तोषा। सपनेहुँ नहिं देखइ पर दोषा।।**' (**मानस, ३/३५/४**) परमात्माको सम्बन्धि दोष हेर्नु हुँदैन र अन्तिम स्तर आउँछ कि '**नवम सरल सब सन छल हीना। मम भरोस हियँ हरष न दीना।।**' (**मानस, ३/३५/५**) सरल स्वभाव होस्, केही पनि पाउनु छ भने मेरो भरोसा गरोस्, कुनै अरूको होइन– यही भजन हो, यही भक्तिको पथ हो। यी मध्येबाट एउटा पनि स्तर जसले धारण गर्दछ भने उसले भक्ति–पथमा प्रवेश पाउँछ। ठीक त्यही कुरा, जुन गीतामा श्रीकृष्णले भन्नुहुन्छ कि यी सबै यज्ञका जानकार हुन्।

कसैले सन्त कबीरसंग सोध्यो कि भजन के हो, भक्ति के हो? तब धेरै कम शब्दहरूमा वहाँले भन्नुभयो कि '**भजन भगति हरि नाम है।**' फेरि सोधियो कि नामबाहेक जुन व्यक्तिले अरू क्रियाहरू गर्दछन् के त्यो भजन होइन? कबीर भन्नुहुन्छ, होइन '**दूजा दुःख अपार**'– त्यो त अपार दुःखको कारण हो, भजन होइन। '**मनसा वाचा कर्मना, कबीर सुमिरन सार।**' एक परमात्माको सुमिरन नै भजन हो। यी सबैको निष्कर्षबाट एउटै कुरा पाइन्छ कि एक परमात्मालाई आफ्नो जीवन–उद्देश्य बनाउनाले, नाम–जपद्वारा विस्तारै–विस्तारै दैवी सम्पद् अर्जित गरेर आचरण गर्नाले तपाईंको आत्मामाथी जुन पर्दा छ त्यो हलुका हुनेछ, तब तपाईंकै आत्मा रथी भएर भन्ने छ कि कतातिर जाने? तपाईंको सद्गुरु को हुनुहुन्छ? जब सद्गुरु नै पाउनु भयो भने संशय–भ्रम मेटि हाल्नेछ; फेरि त सर्वाङ्गीण समर्पणको साथ हिड़नु पर्छ तर त्यो सद्गुरुलाई न खोज, पहिले यसलाई खोज। एक परमात्माप्रति श्रद्धालाई खोज, नाम जपलाई खोज, दैवी सम्पद्को गुणहरूलाई आफूमा खोजी गर। यिनीहरूको पुण्य–पुरुषार्थले स्वतः तपाईंलाई सद्गुरुसंग भेटाई दिनेछ। यस पथमा सबैभन्दा कम यदि कुनै वस्तुको आवश्यकता छ भने त्यो हो सद्गुरुलाई खोज्ने कुरा। उनलाई खोज्नुको नै कुपरिणाम हो कि आज सद्गुरुहरूको लाइन लागेको छ। तर सन्त वा सद्गुरु जुन दृष्टिद्वारा चिनिन्छन्, त्यो दृष्टि पुण्यमयी हुन्छ। अतः पहिले एक परमात्मामा निष्ठाद्वारा, नाम–जपद्वारा, शुभ आचरणहरूद्वारा, आप्तपुरुषको सेवा भजनको सबैभन्दा सुगम उपाय हो यिनको सेवा द्वारा, मात्र आफ्नो परिश्रमको कमाईद्वारा सादा जीवन–निर्वाह, स्त्रीहरूप्रति आमा–

दीदी-बहिनीको दृष्टि, ईमानदारी, सच्चाई, सरलता, आफ्नो छिमेकीको हित इत्यादि शुभ आचरणहरूद्वारा पुण्य अर्जित गर। जुन दिन त्यो पुण्य आवश्यकता बमोजिम हुनेछ, सन्त वा सद्गुरु चिनिने छन्, आफै आएर भेट्नु हुनेछ- **'पुन्य पुंज बिनु मिलहिं न सन्ता।' (मानस, ७/४४/६)**

यसको विपरीत आचरण गर्नाले तपाईं-हामी परमात्माबाट टाढ़ा हुँदै जानेछौं, जो तपाईंको आफ्नो अपूरणीय क्षति हो। स्त्री होस् वा पुरुष, जबसम्म उसले परमात्मालाई आफूबाट बाहिर बसेको मान्दै रहनेछ, जबसम्म उसले अनुभव गर्न थाल्दैन कि हृदयभित्र बसेको परमात्माले उसको प्रत्येक विचार सम्मलाई हेरिरहेको छ (जसको परिणाम संस्कार-रूपमा उसैले भोग्नु पर्नेछ) तबसम्म ऊ आत्मानुशासित हुन सक्दैन। मात्र आत्मानुशासित व्यक्ति नै सच्चा सती हो र त्यसैले रूढ़िबाट क्षतिग्रस्त समाजको जीर्णोद्धारको सत्साहस गर्न सक्दछ।

अतः महिलाहरूले तिनै आदर्शहरूलाई अपनाउनु पर्दछ जस्तो कि महासती अनसूया, सीता, मदालसा वा मीराले तपाईंलाई गर्न भन्नुभएको छ। यी सबैको आदेश मात्र यति नै छ कि एक परमात्मालाई श्रद्धाले समात, आफूलाई विस्तारै-विस्तारै समर्पित गर, उनलाई पाउने प्रयत्न गर। विपति सम्पत्ति हुन जानेछ, दुःख सुखमा बदलिने छ र ती प्रभुले नै कृपा गर्नुभयो भने टाउकोमाथि पहाड़ खस्न लागेको भए पनि धूलोको कण हुन जानेछ। तपाईंले गरेर त हेर्नुहोस्।

विषम परिस्थितिहरूमा आफ्नो उज्ज्वल चरित्रको रक्षाको लागि जे पनि गर्न सकिन्छ। इज्जतको रक्षाको लागि यस अमूल्य शरीरको अन्त पनि गर्न सकिन्छ- तर मुक्तिको लागि होइन। यसले कल्याण कदापि हुँदैन, धर्म कदापि हुँदैन। पतिको लाशको साथ पत्नीको चितारोहण गर्ने कुरा बिना कारण पछि लागेको एउटा रूढ़ि मात्र हो, यसबाहेक अरू केही पनि होइन।

विचार-विमर्शको लागि श्री परमहंस आश्रम, शक्तेषगढ़ (चुनार-राजगढ़ रोड), मिर्जापुर (उ.प्र.) तपाईंलाई सहर्ष आमन्त्रित गर्दछ।

।। भन्नुहोस् श्री सद्गुरुदेव भगवान्को जय।।

अवतारको अनन्त विधान एवं अधिकारीको लागि संभव

> अवतार योगीको अन्तस्थलमा नै हुन्छ। देश, जाति र काल-विशेषमा प्रभुको अवतरणको परिकल्पना भ्रममात्र हो। प्रकिया-विशेषद्वारा अनुभवी महापुरुषको माध्यमले योगीको अन्तःप्रदेशमा परमात्म-तत्त्वको अनुभूति हुन्छ।
>
> - स्वामी अड़गड़ानन्द

कबीर र अवतार

सन्तो! आवै जाय सो माया।।
है प्रतिपाल काल नहिं वाके, ना कहुँ गया न आया।।१।।

का मकसूद मच्छ कछ होना, शंखासुर न संहारा।
है दयाल द्रोह नहीं वाके, कहहु कौन को मारा।।२।।

वै कर्त्ता नहिं बराह कहावे, धरणि धर्यो नहिं भारा।
ई सब काम साहेब के नाहिं, झूठ कहैं संसारा।।३।।

सिरजनहार न ब्याही सीता, जल पाषाण नही बंधा।
वै रघुनाथ एककै सुमिरै, जो सुमिरै सो अंधा।।४।।

वै कर्त्ता नहिं भये निकलंकी, नहिं कालिंगहि मारा।
ई छल बल सब माया कीन्हा, जत सत्त सब टारा।।५।।

दश अवतार ईश्वरी माया, कर्त्ता कै जिन पूजा।
कहहिं कबीर सुनो हो संतो, उपजै खपै सो दूजा।।६।।

(बीजक, शब्द प्रकरण, शब्द ८)

उपर्युक्त पदमा दृष्टि पर्ने वित्तिकै यस्तो लाग्छ कि यसमा अवतारहरूको पूर्णतः खण्डन गरिएको छ; तर सन्त कबीरले यथार्थलाई परिलक्षित गर्दै स्पष्ट भनेका छन् कि दस अवतार ईश्वर होइन, बरु ईश्वरीय तत्त्वको आरम्भदेखि

पराकाष्ठासम्म ईश्वर प्रसारिणी विशद् धाराहरू हुन– **'दश अवतार ईश्वरी माया।'**– दश अवतार अधिकारी जनहरूलाई ईश्वरमा प्रवेश दिलाउने माया हो। त्यस ईश्वर तत्त्वमा प्रवेशको साथै पुरुष त्यही परमात्म–स्वरूपले भरिभराउ हुन्छ। यसको परमबोध पूर्णत्व प्रदायिनी परिणाम हो।

कबीरको चिन्तनको नाम 'राम' थियो–

राम न रमसि कवन दण्ड लागा।
मरि जइबे का करिबे अभागा।।

वहाँले प्रेरणाको शब्दमा भन्नुभयो कि रामको भजन किन गर्दैनौ–

कबीर और जाने नहीं, एक राम नाम की आसा।

'अवतारको अनन्त विधान एवं अधिकारीको लागि संभव'– यो रचनाले अवतार–सम्बन्धी भ्रान्तिहरूको निराकरण, त्यसको मौलिक अवधारणाहरूको शास्त्रसम्मत विशुद्ध स्वरूप प्रस्तुत गर्दछ। यस कृतिको प्रतिपाद्य विषय अनन्त अवतारहरूको सम्यक् वैज्ञानिक व्याख्या प्रस्तुत गर्नु हो। यस कृतिको मौलिकता यस तथ्यको घोषना हो कि अवतार योगीको अंतस्थलमा नै हुन्छ। देश, जाति एवं काल–विशेषमा प्रभुको अवतरणको परिकल्पना भ्रम मात्र हो। प्रक्रिया–विशेषद्वारा अनुभवी महापुरुषको माध्यमले योगीलाई अन्तःप्रदेशमा परमात्म–तत्त्वको अनूभूति हुने गर्दछ। साधकको अन्तःकरणमा नै प्रभुको प्राकट्य हुन्छ। अधिकारीको लागि नै आज एवं सधैं अवतारको विधान छ।

मनःदेशमा अवतारको अवधारणाको पवित्रतम सन्देश लिएर यो आर्षग्रन्थ आफैले आत्मदर्शनको उपलब्धि, यौगिक प्रक्रियाको सन्दर्भमा अभिव्यक्त गर्दछ। आत्मामा परमात्माको अनुभूति नै यस महानतम ग्रन्थको मूल विषय हो। मीन, कच्छप, वराह, नृसिंह इत्यादि अनेकानेक अवतारहरू इष्टदेवको संस्पर्श एवं अभिन्नताको समयमा हृदय–देशमा अभिव्यक्त हुने गर्दछ। कृष्णावतार पनि आत्माको नै सत्, चेतन एवं आनन्दघन अवस्थाको निर्देशक हो। संक्षेपमा, कृतित्वको विवेचन पाठकहरूको अन्तरालमा प्रेरणात्मक स्रोतको सृर्जन मात्र हो; किनकि विवेच्य वस्तुको सम्बन्ध मन–वाणीभन्दा बिल्कुलै पर छ।

।। ॐ।।

कच्छपावतार : सागर-मन्थन

दोहा- भव सागर मन्थन करि, रतन कह्यो सब देख।
तेरह विष की बेलि हैं, अमिय पदारथ एक।।१।।

भावार्थ- चिन्तनको भावधारामा, एकसमयको अनुभूति हो, भवसागर मन्थन गरियो, जसको परिणामस्वरूप उपलब्ध तेन्ह रत्नहरू विषको वृद्धि गर्ने लता जस्ता छन्। मात्र अमृत नै यस्तो विलक्षण पदार्थ हो जसमा अनेकता छैन, जो एकदमै अद्वितीय र अनुपमेय छ।

दोहा- भवनिधि मन्थन कथा सुनि, सन्तन मन दुख चैन।
लखि तेरह दुख विपुल भे, एक अमिय लखि चैन।।२।।

भावार्थ- संसार-सागर-मन्थनको मानसिक उपलब्धिको यस कथालाई सुनेर सन्त-महात्माहरूको भाव-पटलमा सुख र दुःखको द्वन्द्वात्मक तनाव स्पष्ट हुन लाग्यो। तेन्ह रत्नहरूले सांसारिकताको राम्रा-नराम्रा स्थितिहरूको नै चित्रण गर्दछन्। तिनीहरूको प्रसार देखेर दुःखात्मक मनोमालिन्यको भाव भई नै रह्यो। चिन्मय आभ्यन्तरिक शान्ति उत्पन्न गर्ने अमृतलाई देखेर सन्तहरूको मनमा सुखात्मक अनुभूति तरंगित हुन लाग्छ जसको सुपरिणाम परमकल्याण हो।

दोहा- तेरह रत्न जग जीविका, विकसित भोग बिलास।
क्षण सुखकर परिणाम तन, जग जोनी की रास।।३।।

भावार्थ- तेन्ह रत्नहरूले संसारमा जीवलाई अनेक योनिहरूमा, अनेकौं भोग-विलासको सुखहरूको विस्तार गरेर घुमाई रहन्छ। जहाँसम्म मृगतृष्णाको विस्तार छ, प्राणीहरूको विलासिताको सीमा छ, त्यसको प्रोत्साहनको क्रियात्मक प्रभावशीलता यिनै तेन्ह रत्नहरूको क्षणिक चमत्कारिताको दुष्परिणाम हो। आकर्षणका अनेकौं साधनहरूको बीचमा जीव जन्म र मृत्युको चक्रमा भटकी रहन्छ। सागर-मन्थनको तारतम्यता प्राप्त त्रयोदश रत्न अरू योनिहरूलाई समूर्त गर्ने अक्षय भण्डार हो, जसको चम्किलो आकर्षणमा जीव आवागमनको धारामा छटपटाई रहन्छ।

चौपाई- तेरह रत्न मिले दुःख मानी।
जतन प्रगट अमृत रस खानी।।१।।

भावार्थ- मन्थनको अविराम प्रयत्नशीलताको परिणाम यो भयो कि एक–दुई गरेर तेह्रवटा रत्नहरू पाइयो, तर सुखको सान्निध्य पाइएन, दुःखको ग्लानि भई रह्यो। प्रयत्न चलि रह्यो। दृढ़ संकल्प र निष्ठाको सुपरिणाम यो भयो कि मानसमा अमृतको स्रोत फुट्यो। यो अटूट प्रवाह चित्तको त्यस सूक्ष्मतम भूमिकाबाट प्रकट भएको छ, जहाँ यसको अलौकिक खानि अनादि कालदेखि छ।

टिप्पणी- *निष्ठापूर्ण प्रयत्नको परिणाम जो अमृतको रूपमा प्रकट भयो, त्यसबाट स्पष्ट हुन्छ कि साधकले पूर्तिपर्यन्त चिन्तन छोड्नु हुँदैन किनकि चिन्तन शृंङ्खलाको क्रम टुट्यो भने पार्थिवताको धुरीमा घुमाउने तेह्रहरू रत्न फेरि प्रभावशील हुन थाल्दछन्। यसप्रकार जीव पहिले–जस्तो सांसारिकताको उत्थान–पतनमा परेर देहाभिमानले ग्रसित रहन्छ।*

यह तन विष की बेलरी, गुरु अमृत की खान।
शीश दिए सतगुरु मिले, तो भी सस्ता जान।। (सन्त कबीर)

निरन्तर प्रयत्नशील साधकले मन्थनको प्रक्रियाको बिचमा अमृत पदार्थको उत्पत्तिको अलौकिकताको आभास प्राप्त गर्न थाल्दछ।

चौपाई- अमिय बिलोकि सुखी पर काजा।
सकल लोक भव संशय भाजा।।२।।

भावार्थ- दिव्य पदार्थ अमृतको दिग्दर्शन हुने वित्तिकै मानव चिन्तनको अनन्यतामा भावविभोर भएर पूर्णतः सुखको सागरमा डुबकी लगाउन थाल्छ। भौतिकताभन्दा पर जीवनी शक्तिको संचार गर्ने आत्मतत्त्वको सान्निध्य प्राप्त गरेर परमात्म–तत्त्वतिर उन्मुख हुने आशातीत सफलता साधकलाई उपलब्ध हुनजान्छ। मृत्युलोक, परलोक आदि अलौकिक आनन्द प्रदायक लोकहरूप्रति जो दिव्य कल्पनाहरू हुन्छन्, ती सबैको यस उपलब्धिको साथै समाप्ति हुन्छ।

नाना प्रकारका भ्रमपूर्ण सन्देहास्पद विचारधाराहरूको पनि मानस पटलमा विलय हुनजान्छ। यसप्रकार यस दिव्य पीयूष रसको आभ्यन्तरिक वृष्टिबाट पूर्ण स्थैर्य प्राप्त गरेर चित्तवृत्तिहरू अनन्त शान्तिको सागरमा समाहित भएर परमात्म–तत्त्वसंग अभिन्नताको स्थितिमा लय हुनजान्छ–

जेहि जाने जग जाइ हेराई।

जागे यथा सपन भ्रम जाई।। (मानस)

लगनशील पथिक जागृतिकालमा लक्ष्यमा लीन हुनजान्छ।

चौपाई- अमिय भोक्ताहू मिटि जाई।

तब पूरित परमारथ खाई।।३।।

भावार्थ- क्रमशील आभ्यन्तरिक उपलब्धिको परिणामकारक अमृत रसको पान गर्ने भजनानन्दी पनि जब शाश्वत सत्तामा समाहित हुनजान्छ, तब यथार्थमा परमार्थ पथमा अवरोध उत्पन्न गर्ने खाल्टोको गहराई पनि परिपूर्ण हुनजान्छ।

टिप्पणी- *यो साधकको आत्मिक उपलब्धिको त्यही चरम सीमा हो, जसको निरूपण कबीरले यसप्रकार गरेको छ–*

अवधू वेगम देश है मेरा।

जहाँ पहुँच फिर हंस न आवे, भवसागर की धारा।।

तहाँ न मायाकृत प्रपंच यह, लोक कुटुम्ब परिवारा।।

त्यो त्यही स्थिति हो जहाँ पुगेर नारदजीको वीणाले मधुर स्वर पाएको छ, जहाँ प्रलयंकर भगवान् शंकरको डमरूमा डिमडिमको आवाज भएको छ, जहाँ मर्यादा पुरुषोत्तम भगवान् श्रीरामले रावणमाथि विजय पाएको छ। कहाँसम्म भनौं, गीताको दिव्यज्ञान यसै भावभूमिको उपज हो, जहाँ खोज्नेवाला नै लक्ष्यमा हराउँछ।

चौपाई- आत्म दरश अमृत सुधि सोई।

अवर कहैं जन सुध बुध खोई।।४।।

भावार्थ- खोजीकर्त्तालाई जब आत्मानुभूति हुन्छ, तब यो स्पष्ट हुन लाग्छ कि अमृतवर्षाको अलौकिक बेलाको अभ्युदय भएको छ। यो नै अमृतरसको खोजी हो। यदि कुनै पथिकले यस आत्म–साक्षात्कारको प्रक्रियाको वर्णन कुनै अलग ढंगले गर्दछ भने उसको विषयमा यो निर्णय लिई हाल्नु पर्छ कि ऊ चिन्तन–पथबाट भ्रमित भएर बुद्धि–विवेक हराई सकेको छ अथवा आफ्नो लक्ष्यबाट वंचित भएर कुनै मायाको चमत्कारबाट ठगिएको छ।

दोहा- अमिय पदारथ अपर नहिं, मृत सारा जप भोग।
भजन पूर्तिकाल महँ, अमिय आत्म संयोग।।४।।

भावार्थ- आत्मानुभूतिभन्दा छुटै अमृतको कतै पनि उपलब्धि छैन। जबकि यौगिक चिन्तनदेखि जहाँसम्म सम्पूर्ण भोगहरूको विस्तार छ, सबै नश्वरताको गुणले युक्त छन् भने बाहिर खोज्दा त्यो अमृत रत्न कसरी पाउन सकिन्छ? जो सुकैले पनि त्यसको रसानुभूतिको आनन्द प्राप्त गरेका छन्, त्यो आत्म–साक्षात्कारको रूपमा नै। भजनको पूर्तिकालमा त्यस अमृत तत्त्वको संयोग हुने गर्दछ।

चौपाई- तेहि प्रगटत सर मन्थन पूरा।
मिलहि तबै वितरित हरि रूरा।।५।।

भावार्थ- दिव्य अमृत रत्नमा आत्मा र परमात्माको मिश्रण भएपछि मानव मृत्युबाट पार हुनजान्छ। ठीक यसै अवस्थामा सागर–मंथनको यौगिक प्रक्रिया पूर्ण हुन्छ र त्यो अलौकिक ब्रह्मले यसै शरीरमा आफ्नो व्यापक सचेतनताको प्रसार गर्दै अन्तःकक्षलाई प्रकाशले भरिदिन्छ। तर त्यस रत्नको अनुभूति त्यसै क्षणमा हुन्छ जब अमृतमय भगवान् आफै सारथी बनेर उसको संचालन गर्दै पीयूष बाँड़ने गर्छ अर्थात् साधकमा रथी बनेर खड़ा हुन्छ।

टिप्पणी– *तुलसीदासजी भनेको छ–*

सोई जानइ जेहि देहु जनाई। जानत तुम्हहि तुम्हइ होइ जाई।।
तुम्हरिहि कृपा तुम्हहि रघुनन्दन। जानहिं भगत भगत उर चन्दन।।

(मानस, २/१२६/३-४)

स्पष्ट छ कि उनको कृपाबिना चिन्तन प्रक्रियामा धेरै श्रम गरेपछि पनि त्यो आवागमनबाट मुक्त गर्ने परम अमृत तत्त्व उपलब्ध हुँदैन। हो, साधन कहिल्यै पनि व्यर्थ जादैन, समयको प्रतिक्षा गर्नुहोस्।

चौपाई- यह रूपक परमारथ माहीं।
विषय भोग रत कर थिति नाहीं।।६।।

भावार्थ- परमार्थ पथ भित्र नै यो सागर–मन्थनको रूपक छ। यस्ता मानव जो विषयात्मक भोगहरूमा आसक्त छन् वा चिन्तन पथलाई बुझेर केही

गर्नको लागि प्रयत्न पनि गर्दछन्, तर वासनाहरूलाई प्राथमिकता दिएर परम कल्याणलाई गौण गरिदिन्छन्, ती हीन मनोबल भएका साधकहरूको बुद्धि सागर–मन्थनको यस आध्यात्मिक धारामा थाक्दछ। यस्ता पुरुषहरूमा अधिकारको कमी, क्षमताको अभाव बुझ्नु पर्दछ।

चौपाई– विषय भोग तजि जो जन जागा।
उर अभिषेक हरी संग लागा।।७।।

भावार्थ– जो पुरुषले मनसमेत इन्द्रियहरूबाट वासनाहरूको त्याग गरेर 'या निशा सर्वभूतानाम्' यसप्रकारले अन्ध्यारोले भरिएको रातमा जागृत अवस्थालाई प्राप्त गर्छ, उसको हृदयको अभिषेक परमपिता परमेश्वरसंग निर्धारित हुनजान्छ। लगनमा लक्ष्य अंकित भएपछि प्रयत्नशील साधकको आत्मा ब्रह्माभिषिक्त भएर कृपारूपी मोतीहरूलाई बटुल्दै मनरूपी मानसरोवरमा निमग्न रहन्छ।

चौपाई– मन तन इन्द्रिय संयम होई।
कूर्म अंग इव हृदया गोई।।८।।

भावार्थ– मानवको बाहिरी परिकल्पनाहरूको जहाँसम्म दौड़ छ, त्यसलाई मायाको अधोमुखी विस्तार नै सम्झिनु पर्दछ। मायिक धरातलबाट माथि सुदूर अनन्तमा उठेर परम लक्ष्यको प्राप्ति गर्नको लागि जसको मनरूपी चरा व्याकुल छ, उसले मनसमेत इन्द्रियहरूको बाहिरी प्रसारलाई संयत गर्नु पर्दछ। यसप्रकार इन्द्रियसमेत मनलाई जसले मायावी स्पर्शहरूबाट संयमित गर्दछ, उसको आभ्यन्तरिक प्रकोष्ठमा कूर्मावतारको स्थिति उत्पन्न हुन्छ। कछुवाले आफ्नो जीवनको प्रतिकूल सूईंको पाउने वित्तिकै टाउको सहित आफ्नो खुट्टाहरूलाई खुम्च्याएर जसरी लुकाउँछ, ठीक त्यसरी नै एउटा साधकले पनि मनसमेत सम्पूर्ण इन्द्रियहरूलाई हृदय–देशमा कछुवा–जस्तै समेट्छ। त्यसै क्षण ईश्वरको अवतारको विधान छ।

दोहा– ता क्षण प्रगटे परम प्रभु, परम प्रकाश पुनीत।
कूर्मा कृत इन्द्रिय मना, तब हरि राखी नीत।।५।।

भावार्थ– तत्काल त्यो परमप्रभु जो दिव्य प्रकाशस्वरूप र पूर्णतया पवित्र छ, प्रकट हुन्छ। यो पीयूष प्रगटीकरण योगीको हृदय–देशमा हुन्छ। जब पथिकले मनसमेत इन्द्रियहरूलाई हृदयको अन्तरालमा समाहित गर्दछ, तब

हरि उसको मानसमा अनुभूतिको रूपमा जागृत भएर त्यस मन्थन चिन्तन नीतिको विस्तार गर्दै, सम्झाउनु हुन्छ। परमपूज्य गुरुदेव भगवान्ले भन्ने गर्नु हुन्थ्यो– "मलाई भगवान्ले बताउनु हुन्छ।"

चौपाई– एहि विधि कूर्म अवतार बखाना।
बिनु संयम के कबहुँ न जाना।।९।।

भावार्थ– जसले कछुवा जस्तै मनसमेत इन्द्रियहरूलाई वासनाहरूबाट पूर्णरूपेण समेट्छ, हरिले उसैको साथ दिनुहुन्छ। आत्मसंयम बाहेक यो गोप्य रहस्यात्मक अवतारको कथासंग अवगत हुन असम्भव छ।

चौपाई– मन इन्द्रिय कूर्माकृत जानी।
प्रगटहिं हरि अगणित गुणखानी।।१० क।।
कूर्माकार भई जब इन्द्री।
विश्ववास प्रगटे हरि जिन्द्री।।१० ख।।

भावार्थ– जब मनसमेत सम्पूर्ण इन्द्रियहरू कूर्मको आकारमा आउँन्छिन् र बाहिरी विषयहरूको दौड़लाई रोकेर अन्तमुर्खी प्रवाहित हुन्छिन्, त्यही समयमा विश्वको कण–कणमा निवास गर्ने अपार गुणहरूले विभूषित प्रभु प्रकट हुन थाल्नु हुन्छ।

टिप्पणी– *परमात्माले सम्पूर्ण अन्तर्देशलाई प्रकाशित गरिदिनु हुन्छ।*

हुआ प्रकाश तमोमय मग में। मिला मुझे तत्क्षण तूँ जग में।।
तेरा हुआ बोध पग पग में। मिटा सकल अज्ञान।।
खोज में हुआ वृथा हैरान। यही पर था तू हे भगवान।।

गुरुदेव भगवान्को वाणीमा यही स्थितिलाई हेरौं–

जलत जलत ऐसी जली, जाको आर न पार।
ईश्वर जीव ब्रह्म अरू माया, फूँक दियो संसार।।
करूँ अब किसकी तल्लासी? लावनी सुन बारहमासी।।

शब्दार्थ– जिन्द्री = जीवनदाता।

चौपाई– सोई कच्छप जन मन गहि राखा।
मन अविचल मन्दराचल शाखा।।११।।

भावार्थ– त्यो कछुवा, जसको उत्पत्ति इन्द्रियहरूको समाहित कालमा हुन्छ, त्यही परमप्रभुले साधकको मनलाई पूर्णतः घेरेर राख्नु हुन्छ। मनको यसै स्थिति–विशेषको स्थिरताको प्रतीकात्मक स्वरूपलाई 'मन्दराचल'संग तुलना गरिएको छ। पर्वत शब्दको पर्याय भूधरबाट पनि यसै अचलताको लक्षण परिलक्षित हुन्छ।

चौपाई– अचल करत मन साधत जाहीं।
तिन पर सिन्धु सकल जरि जाहीं।।१२।।

भावार्थ– त्यो परमदयालु प्रभुले प्रयत्नशील मनलाई साधनाको सही जानकारी दिंदै, त्यसलाई विशिष्ट युक्तिद्वारा साध्दै–सपार्दै अचल गर्नुहुन्छ। यस्तो साधकहरूको अगाड़ि संसार–सागरको सम्पूर्ण बाहिरी प्रवृत्तिहरू उत्तेजित हुने गर्दछन्। अचलतातिर अग्रसर पथिकप्रति माया ईर्ष्यालु हुन्छे, अतः त्यो मायाविनीले अनेक चमत्कारिक आकृतिहरूको प्रलोभात्मक प्रभावमा पारेर लक्ष्योन्मुख साधकको पथमा अवरोध उपस्थित गराउँछे।

चौपाई– स्वाँस सुरति संग बिषय डुबावत।
तब हरि कच्छ रूप बिधि पावत।।१३।।

भावार्थ– श्वास र सुरतिको संगति गरेर जब विषयात्मक वेगले साधकलाई संसार–सागरमा डुबाउने प्रयत्न गर्दछ, तब व्याकुलताको भँवरमा फँसेको साधकले कल्याणको लागि कराउने गर्दछ। यस्तो परिस्थितिमा तत्क्षण त्यो प्रभुले इन्द्रियहरूको निरोधकाल एवं कूर्माकार स्थितिमा अन्तर्देशमा प्रगट भएर लीला–प्रसार गर्दछ। वास्तवमा कछुवा स्वरूपको प्रगटीकरण संयमको कसौटीमा जोरदिनु हो।

चौपाई– कर परसे मन गिरि सम गाढ़ा।
सिन्धु पैठ हरि परस प्रगाढ़ा।।१४।।

भावार्थ– सर्वप्रथम साधकको हृदयमा हरि जागृत भएर मनको स्पर्श गरेर त्यसलाई पर्वत समान स्थिर गरिदिन्छ, अर्कोतिर संसार–सागरमा उसलाई सुरक्षित राख्नको लागि आफ्नो आभाद्वारा योगक्षेमको आश्वासन दिन्छ। गोस्वामी तुलसीदासजीले प्रभुको सहज कृपाको दिग्दर्शन यी शब्दहरूद्वारा गरेका छन्–

करउ सदा तिन्हकै रखवारी।
जिमि बालक राखइ महतारी।। (मानस, ३/४२/५)

चौपाई- सो मन अचल हेतु सुर संगा।
स्वाँस वासुकी नाग सुरंगा।।१५।।

भावार्थ- भगवान्को कृपापात्र, यस्तो साधकको मनले विरह–वैराग्य र अनुरागको साथै दैवी सम्पदाको संग्रह गरेर मनको पूर्ण स्थिरतारूपी मन्दराचलको उत्पत्ति गर्दछ। श्वास नै वासुकी नाग हो। समुद्र मन्थन भन्दा पहिले यही श्वास सांसारिक योनिहरूको प्रसार गर्दछे तथा मायिक विकारहरूको विष ओकल्दै निरन्तर जीवात्माहरूलाई टोक्दै रहन्छे। यसैकारण यसलाई सर्पको संज्ञा प्रदान गरिएको छ। तर चिन्तनको सूक्ष्म भावभूमिमा पुग्ने वित्तिकै यही श्वास–प्रश्वासको प्रक्रिया निर्दोष एवं सम हुनजान्छ, तब ईश्वरबाट स्वरूपको निरन्तर वाहिनी भएको कारणले यसलाई वासुकीको अलंकरणले विभूषित गरिने गरिन्छ। श्वास–प्रश्वासको निरन्तर चिन्तन निम्नलिखित पंक्तिहरूमा हेर्नुहोस्–

जागत में सुमिरन करे, सोवत में लव लाय।
सहजों एक रस ह्वै रहे, तार टूटि ना जाय।।

चौपाई- दैव निवास वासुकी स्वाँसा।
स्वर संग मथा सिन्धु हरि पासा।।१६।।

भावार्थ- परमदेव परमात्माको निवास श्वासमा छ, यसकारण स्वर नै वासुकी हो। यसै स्वरको माध्यमले संसार–सागरको मंथन हुन्छ, तर यो मंथन तब मात्रै सम्भव हुन्छ जब हरि अन्तर्प्रेरकको रूपमा साथमा हुन्छ। त्यसैले तुलसीदासजीले पनि भनेका छन्– **'सो जानइ जेहिं देहु जनाई।' (मानस, २/१२६/३)**

चौपाई- देवासुर मन की परमीती।
मन मरणोत्तर छाँड़त नीती।।१७।।

भावार्थ- दैवी एवं आसुरी प्रवृत्तिहरू नै मनका सीमाहरू हुन्। मन मेटिने वित्तिकै दुबै प्रवृत्तिहरूले आफ्नो कार्यकलाप बन्द गरिदिन्छिन्। जबसम्म मनमा एउटा पनि संकल्पको लहर तरंगित हुन्छ, तबसम्म यो जीवित नै रहन्छिन्।

चौपाई– मन संकल्प करत जग माहीं।
रूप मिलत जन दुविधा जाहीं।।१८।।

भावार्थ– मनको चंचलता गणनाभन्दा पर छ। जहाँसम्म संसारको विस्तार छ, त्यहाँसम्म मनका संकल्पहरूको पनि प्रसार छ। गोस्वामीजीले पनि यही भन्नुहुन्छ–

गो गोचर जहँ लगि मन जाई।
सो सब माया जानेहु भाई।। (मानस, ३/१४/३)

सूरदासजीले पनि यस्तै नै विचार व्यक्त गर्नुहुन्छ–

यह माया भ्रम जाल कहावै, सूर स्याम सिगरो।
अबकी बेर नाथ मोहि तारो, नहीं पन जात टरो।।

तर मनको तरंगमा अचलताको उत्पत्ति भएपछि, परम प्रभुको स्वरूपको प्रतिबिम्ब पाउने वित्तिकै साधकको दुविधा सधैं–सधैंको लागि समाप्त हुनजान्छ।

दोहा– दैवी सम्पत्ति राम की, आसुरि सम्पत्ति काम।
लक्ष्य विरोधी दुहुन का, स्वर संग आठो याम।।६।।

भावार्थ– दैवी सम्पत्तिले रामतिर एवं आसुरी सम्पत्तिले कामतिर उत्प्रेरित गर्दछ। यी दुबै परस्पर विरोधी सम्पत्तिहरू प्रकृतिकै हुन्। एकले संसार–सागरमा डुबाउँछ भने अर्कोले संसार–सागरबाट पार गराउँछ। दुबै रात–दिन श्वाससंग संघर्षरत छन्।

चौपाई– मन्दराचल मन श्वास लपेटी।
खैंचत दुहुँ दिसि भवजल पैठी।।१९।।

भावार्थ– प्रवृत्तिहरूको स्थिरतामा यो मन नै मन्दराचल पर्वत हो जसको वरपर चेतनताको संचार गर्ने श्वास डोरी–जस्तै लपेटिएको छ। अनन्त सागरको जलको मन्थनकालमा आसुरी सम्पत्तिले आफूतिर तान्दछ भने दैवी सम्पद्ले पनि श्वासलाई आफूतिर उन्मुख गर्ने प्रयास गर्दछ। दुबै दलहरूको संघर्षको क्षेत्र साधकको अन्तःकरण नै हो।

चौपाई– दैवी सम्पद् देव मिलाहीं।
उरप्रेरक संग निजबल नाहीं।।२०।।

भावार्थ– दैवी सम्पदाले त्यो परमदेव परमात्मासंग मिलाउँछ, तर यस दैवी सम्पदाको साथै त्यो प्रेरक महापुरुष रहनु परम आवश्यक छ। उरप्रेरकको रूपमा महापुरुषले साधकको अन्तर्देशमा प्रविष्ट भएर पथिकलाई गन्तव्यतिर लिएर जान्छ, हुनत प्रेरक बिना दैवी सम्पदाको आफ्नो कुनै बल हुँदैन। यो कुरा अवश्य हो–

पुन्य पुञ्ज बिनु मिलहिं न सन्ता।
सत संगति संसृति कर अन्ता।। (मानस, ७/४४/६)

उपर्युक्त दैवी सम्पत्तिले जुन देवसंग भेट गराउँछ, त्यही देवलाई यहाँ अमिय पदार्थले सम्बोधित गरिएको छ।

चौपाई– अमिय पदारथ परम प्रकासा।
भक्त देव गति आसुर नासा।।२१।।

भावार्थ– मृत्युभन्दा पर अमिय पदार्थ नै परमदेव हुन्, जसको दिव्यालोकले सम्पूर्ण संसार प्रकाशित भैरहेको छ। यसै अमृततत्त्वको गरिमाले भक्त देवत्वको कोटिमा पुग्छ तथा उसको मानस–पटलबाट संसारको मिथ्या प्रपंचहरूमा धकेल्ने आसुरी सम्पदाको सधैं–सधैंको लागि विनाश हुनजान्छ।

कबीरको वाणीमा पनि उक्त आशय द्रष्टव्य छ–

पाहन फोरि गंग एक निकसी, चहुँ दिसि पानी पानी।
तेहि पानी दुइ पर्वत डुबे, दरिया लहर समानी।।

नोट– *चौपाई २१मा उल्लेखित 'देव'को तात्पर्य परमदेव परमात्मा हो। अब आसुरी सम्पद्को कार्य–विस्तार हेरौं–*

चौपाई– आसुरी सम्पद् भोग जगत के।
उर अन्तर नित साल भगत के।।२२।।

भावार्थ– आसुरी सम्पद्ले सांसारिक भोग–विलासका साधनहरूको विस्तार गर्दछ। साधारण मानिसहरूको के कुरा, यो भक्तहरूको हृदय प्रकोष्ठमा कीला–जस्तो सधैं घोची रहन्छ।

यही प्रचण्ड सेनातिर संत प्रवर तुलसीदासजीले यसप्रकारले उल्लेख गरेका छन् –

ब्यापि रह्यो संसार महँ, माया कटक प्रचण्ड।
सेनापति कामादि भट, दम्भ कपट पाखण्ड।।
(मानस, ७/७१ क)

ग्यानी तापस सूर कबि, कोबिद गुन आगार।
केहि कै लोभ बिडम्बना, कीन्हिं न एहिं संसार।।
(मानस, ७/७० क)

तात तीनि अति प्रबल खल, काम क्रोध अरू लोभ।
मुनि विज्ञान धाम मन, करहिं निमिष महुँ क्षोभ।।
(मानस, ३/३८ क)

चौपाई- ऋद्धि सिद्धि लगि आसुरि बासा।
सदा नचावत देख तमासा।।२३।।

भावार्थ- ऋद्धि–सिद्धिसम्म पनि आसुरी सम्पत्तिको निवास हुन्छ। यसले राम्रा–राम्रा साधकहरूलाई पनि प्रलोभनद्वारा चमत्कृत गरेर नचाई दिन्छ र आफै छेउमा उभिएर मुस्कुराउँदै बस्छिन्।

माया मायापतिको वशमा रहन्छे। वहाँकै महान कृपाको आड़मा रहने कुनै बिरलै साधकले यसबाट बचेर प्रभुलाई बुझ्न सक्दछ, अरू सबै त मायाका बच्चाहरू हुन् –

ज्ञान अखण्ड एक सीता बर। माया वस्य जीव सचराचर।। (मानस)

चौपाई- दोउ प्रवृत्ति महँ माया बासा।
एक ईस बल एक उदासा।।२४।।

भावार्थ- दुबै प्रवृत्तिहरूमा मायाको निवास छ। एउटा विद्याको क्षेत्रकी हो– दैवी सम्पदा, जो ईश्वरद्वारा प्रेरित हुन्छे। अर्को आसुरी सम्पत्ति हो जो अविद्याको क्षेत्रमा विषयात्मक प्रसार गर्दछे।

गोस्वामी तुलसीदासजीको विचार उल्लेखनीय छ–

एक दुष्ट अतिसय दुख रूपा। जा बस जीव परा भव कूपा।।
एक रचइ जग गुन बस जाकें। प्रभु प्रेरित नहिं निज बल ताकें।।
(मानस, ३/१४/५-६)

चौपाई- महा प्रबल आसुर बल संगा।
माया नाचत नाच अभंगा।।२५।।

भावार्थ- माया आसुरी शक्तिहरूबाट शक्तिमती भएर पूर्ण प्रवेगको साथ साधकलाई लक्ष्यबाट विचलित गरिदिन्छे। चमत्कारिक आकर्षणहरूबाट असावधान पथिकहरूलाई लोभ्याउँदै र नचाउँदै रहन्छे। यो मायावी प्रसार सहजै नियन्त्रित गर्न सकिंदैन, यसैकारणले यसलाई अभंग, अभेद्य तथा दुर्जयको संज्ञा प्रदान गरिएको छ।

चौपाई- सो माया मिटती जिय संगा।
ईस मिले जिय रूप अभंगा।।२६।।

भावार्थ- यो दुर्जय मायाले जीवात्माको पछि लाग्न त्यो बेला छोड्छे जब उसको अन्तर्देशबाट जीवगत संस्कारहरूको पूर्णतः समाप्ति हुनजान्छ। आत्मा ईश्वरको विशुद्ध स्वरूप हो। संसारमा आउने वित्तिकै त्यसमा विषयात्मक संस्कारहरूको रंग यति बावलो हुनजान्छ कि जीवात्मा र परमात्माको बीचको दूरी असीमित हुनजान्छ।

गोस्वामीजीले लेखेका छन् –

ईस्वर अंस जीव अबिनासी। चेतन अमल सहज सुखरासी।।
सो मायाबस भयउ गोसाईं। बँध्यो कीर मरकट की नाईं।।
जड़ चेतनहि ग्रन्थि परि गई। जदपि मृषा छूटत कठिनई।।
(मानस, ७/११६/२-४)

तर कुनै अन्तर्प्रेरकको कृपाबाट मायाको यो मैलो संयमको साबुनले धोएपछि, यो जीवात्मा ईश्वरमा स्वरूप विलय गर्दै उनैको साथमा अखण्ड स्थिति प्राप्त गर्दछ।

चौपाई- प्रथमहिं संयम सँग कर बासा।
तिमि तिमि दातव रूप प्रकासा।।२७।।

भावार्थ- उपर्युक्त उपलब्धिको लागि सर्वप्रथम सकलेन्द्रिय संयम अनिवार्य छ। संयमको साथ–साथै साधकमा दातवको प्रकाश खिलेर आउँछ।

शब्दार्थ- अदृश्य सत्ताबाट प्रदत्त वास्तविक प्रकाश, अलौकिक प्रकाश पुञ्जलाई दातवको संज्ञाद्वारा सम्बोधित गरिएको छ।

चौपाई- स्वाँस सुरत संग देव प्रकासा।
असुर अनी प्रथमहिं गहि स्वाँसा।।२८।।

भावार्थ- संयमको तात्पर्य मन र इन्द्रियहरूको श्वास र सुरतको प्रक्रियाद्वारा पूर्ण निरोधावस्थालाई प्राप्त गर्नु हो। श्वास र सुरतको संयोगले दैवी सम्पत्तिको मानसमा प्रकाश हुन्छ। यो पनि ध्यानेय छ कि आसुरी सम्पत्तिले यस श्वासको क्रियालाई पहिले देखि नै आफ्नो अधीनमा गरिराखेको छ।

दोहा- एक संग दोउ दल चले, खींच भाव अनुरूप।
निज भावन में बिंध रहें, उर महँ कच्छ अनूप।।७।।

भावार्थ- श्वास–प्रश्वासको उतार–चढ़ावमा दुबै दलले आ–आफ्नोतिर तान्छन्। आसुरी सम्पत्तिले काम, क्रोध, लोभ, मोह इत्यादि अधोमुखी प्राकृतिक जड़तातिर तान्दछ भने दैवी सम्पद्ले शम, दम, नियम, संयम शाश्वत सत्तातिर आकृष्ट गर्दछन्। यी दुबैलाई आफ्नो कार्यक्षेत्रमा प्रवृत्त गर्ने आधार त्यही हरि हुन् जसको आश्रयमा संसार–सागरको मन्थन चली रहन्छ।

चौपाई- प्रथम सिन्धु मँह शंख[१] अनूपा।
करत निनाद विजय अनुरूपा।।२९।।

भावार्थ- चिन्तनक्रममा धारावाही गति प्राप्त भएपछि मंथनको प्रथम परिणाम दिव्य शंखको उत्पत्ति हुन्छ जसको घोषना हो कि अब पथिक देश–काल र परिस्थितिबाट अजेय भएर निरन्तर शान्तिको खोजीमा सफल हुनेछ। यस उपलब्धिबाट साधकमा नयाँ उत्साह, विश्वास र दृढ़ताको उत्पत्ति हुन्छ।

चौपाई- हय[२] असवार विवेकी बाना।
मन हय रूप सो चढ़त सयाना।।३०।।

भावार्थ- विजयको घोषनाको सूत्रपात् हुन वित्तिकै साधकले विवेकलाई नै आफ्नो लगाम बनाउँछ। निरन्तर भागी रहने उसको अश्वरूपी मनमा आत्मज्ञानको स्थिरता सवार हुनजान्छ। कबीरले पनि अश्वासीन हुने क्रियालाई एक विशेष उपलब्धि मान्नु भएको छ।

एक बार हरि घोड़ा भये, ब्रह्मा भये लगाम।
चाँद सुरुज रबिका भये, चढ़ि गये चतुर सुजान।।

नोट– *शास्त्रहरूमा गतिलाई अश्वशक्ति र स्थायी बललाई हातीको बलसंग नाप्ने प्रथा छ। सूर्यको रथमा पनि घोड़ाहरू जोतिएको कल्पना गरिएको छ। यसप्रकार 'अश्व' चंचलता एवं गतिशीलताको प्रतीक हो। संसार–सागर मन्थनको अर्को उपलब्धि मनको घोड़ामा ज्ञानको सवारी हुनु हो।*

चौपाई– अब जन मन सन चढ़ी खुमारी।
चढ़ि डोलत सुख सागर भारी।।३१।।

भावार्थ– जब साधकले मनमाथी नियन्त्रण पाउँछ, तब चिन्तनको नशा तथा भजनको मस्तीबाट उसको अन्तर्देश परिपूर्ण हुनजान्छ। यस अलौकिक नशामा चढ़ेको पथिक सुखमा डुब्कि लगाई रहन्छ, यद्यपि संसार–सागरको विस्तार समाप्त भएको छैन।

कबीरदासजीले ब्रह्मानन्दको प्रेम–रसको नशाको चित्रण यसप्रकारले गर्नुभएको छ–

हरि रस पीया जाणिये, कबहुँ न जाइ खुमारि।
मैं मंता घूमत रहै, नाहीं तन की सारि।।
कबिरा प्याला प्रेम का, अन्तर लिया लगाय।
रोम रोम में रमि रहा, और अमल क्या खाय।।

हरिरस पानको पहिचान हो कि त्यसको नशा स्थायी रहोस्। यस्तो मानिस नशाले मातेकी हात्ति–जस्तो खान–पानको फिक्री नगरीकन, शरीरबाट उदासीन भएर घुमि रहन्छ।

चौपाई– धनुष[३] बाण कर साधत ध्याना।
लखा न काहू असुर उताना।।३२।।

भावार्थ– यस्तो नशाबाट साधकले ध्यानको मूल्यांकन गर्ने तथा लक्ष्यमा लगातार लगन लगाउने क्षमता प्राप्त गर्दछ। ध्यान नै धनुष हो। यो अन्तर्मनको स्थितिको प्रतीकात्मक स्वरूप हो जो बाहिरी आँखाले देख्न सकिंदैन। ध्यानको स्थिरताको प्रभाव यति प्रबल हुन्छ कि उसको विवेकमयी तिखो बाणहरूको प्रहारबाट आहत भएर आसुरी प्रवृत्तिहरू निष्प्राण हुन्छिन्।

चौपाई– चिद् बिलास संसृति सर पूरा।
एहि भवनिधि कहँ मथहिं जे सूरा।।३३।।

भावार्थ– चिद्विलास जगत् नै आवागमनको लहरहरूले तरंगित परिपूर्ण सागर हो। यौगिक प्रक्रियाद्वारा यसको मंथन गरेर जुन बिरलै पथिकले आफूभित्र रहेको स्वात्मस्वरूपको खोजी गर्दछ, त्यही साँचो शूरवीर हो।

टिप्पणी– *लौकिक आँखाहरूले देखा नपर्ने संसार–सागरमा असहनीय दुःखका असंख्य तरंगित भैरहेका छन्। फीजैफीजले भरिएका मायिक आकर्षणहरूको बिचमा जीव सिन्का–जस्तो छटपटाई रहेको छ; तर सशक्त आत्माहरू आफ्नो अंशीतिर निरन्तर प्रयत्नशील रहन्छन्। जहाँबाट साधकको सूक्ष्म पकड़ आरम्भ हुन्छ, भवसिन्धु सुक्न थाल्दछ। यसकारण महर्षि पतञ्जलि र भगवान् श्रीकृष्णले चित्त निरोधमा विशेष जोर दिनुभएको छ। त्यस अवस्थाको चित्रण कबीरको साखीमा हेरौं–*

मैं मन्ता अबिगत रता, अकलप आसातीत।
राम अमिल माता रहै, जीवत मुकति अतीत।।

भक्तले जीवनकालमा नै मुक्ति प्राप्त गर्दछ। बौद्ध दर्शनमा पनि यस्तै मान्यता छ।

चौपाई– चिद् बिलास जिन सागर साधा।
ते हरि रूप भये निरबाधा।।३४।।

भावार्थ– जसले चिद्विलास जगत्लाई साधेर, अनेक कामनाहरूले तरंगित संसार–सागरको मन्थन गर्न सक्दछ, ऊ नै व्यष्टिको सीमाबाट उपराम भएर हरि स्वरूप हुनजान्छ। अणु नै विभु हुनजान्छ। यस्तो स्थितिका मानिसहरू नै सधैं–सधैंको लागि मायिक बन्धनहरूबाट मुक्त हुन सक्दछन्। यदि अलिकति पनि मन बाहिरतिर उन्मुख छ भने मायाले ठोकर दिई हाल्छ।

चौपाई– नारद मन महँ माया त्यागी।
भये अवतार तो लाग अभागी।।३५।।

भावार्थ– देवर्षि नारदले माया त्यागेर अवतारको कोटिमा प्रवेश गर्ने लागेको थियो कि एकातिरबाट अभागिनी मायाकी लहरहरू प्रवाहित भई नै हाल्यो। तात्पर्य यो हो कि इष्टबाट थोरै पनि दुरी छ तबसम्म खतरा छ, मायाले संधि पाउने वित्तिकै आक्रमण गरि हाल्छे।

चौपाई- पतञ्जली स्वर सिन्धु सँभाला।
योग दरस समरथ सम शाला।।३६।।

भावार्थ- महर्षि पतञ्जलिले स्वरमा स्थिरता प्राप्त गर्नुभयो र संसार–सागरको शोध गरेर योग प्रत्यक्षीकरणद्वारा परमात्मस्वरूपलाई प्रकट गर्नमा समर्थ हुनुभयो। ईश्वरको प्रत्यक्ष दर्शन गरेर वहाँ भविष्यमा आउने पीढ़िहरूको लागि उदाहरण तथा समत्वज्ञानको पाठशालाको गुरु हुनुभयो।

चौपाई- रामचरित मानस कर दाता।
नर हरि रूप राम सुख दाता।।३७।।

भावार्थ- मनमा भगवान् श्रीरामको जुन चरित्र प्रसारित छ, त्यो पनि एक प्रकारको सागर–मन्थन हो। त्यसलाई चरितार्थ गर्ने भगवान् श्रीरामको पनि यही देन छ कि मानसको अन्तरालमा चिन्तन गरेर नरबाट हरि एवं स्वयं श्रीरामको स्वरूपलाई प्राप्त गर्न सकिन्छ। त्यो जो सुकैलाई प्राप्त भएको छ, आभ्यन्तरिक चिन्तनको प्रक्रियाद्वारा नै प्राप्त भएको छ।

चौपाई- जानत हरी हरी होइ जाई।
मन जीते बिनु लखा न भाई।।३८।।

भावार्थ- चिन्तनशील पथिकले आध्यात्मिक उपलब्धिको चोटिमा पुगेर अन्तर्देशमा अलौकिक विभूतिलाई प्रत्यक्ष गर्ने वित्तिकै तत्क्षण ऊ प्रभुको रूप हुनजान्छ। तर मनको निरोधबिना हरिको विश्वव्यापी सत्तामा प्रवेश गर्न असम्भव छ।

गीतामा भगवान् श्रीकृष्ण भन्नुहुन्छ–

असंयतात्मना योगो दुष्प्राप इति मे मतिः।
वश्यात्मना तु यतता शक्योऽवाप्तुमुपायतः।। (६/३६)

मनलाई वशमा गर्न न सक्नेहरूको लागि योग दुष्प्राप्य छ। यसलाई निरन्तर अभ्यास एवं तीव्र वैराग्यद्वारा नै वशमा गर्न सकिन्छ।

असंशयं महाबाहो मनो दुर्निग्रहं चलम्।
अभ्यासेन तु कौन्तेय वैराग्येण च गृह्यते।। (६/३५)

दोहा- सब सन्तन की जीत में, एक अनोखी बात।
मन सागर हरि में मिले, एक अमिय रस मात।।८।।

भावार्थ– सम्पूर्ण सन्त–महात्माहरूको जीत अर्थात् उपलब्धिकालमा प्रकृतिको अन्त भएपछि एउटै परिणाम पाइन्छ– मनमा संचारित संसार–सागर विलीन हुने वित्तिकै एकमात्र रस अमृतको आविर्भाव हुन्छ जसले चिन्तनशील भाविकहरूलाई माता–जस्तो पालन–पोषण गर्दछ। यति मात्र होइन, त्यो पीयूष–प्रेमी स्वयं अमृतमय हुनजान्छ।

कबीरले पनि भन्नुभएको छ कि आत्माले परमात्मालाई खोज्दा–खोज्दै आफू स्वयं नै हरायो। नूनको आकृतिले समुद्रको गहिराई नाप्दा–नाप्दै आफू स्वयं नै समुद्रमा मिसिएर हरायो–

हेरत हेरत हे सखी, रहा कबीर हेराय।
बूँद समानी समुद्र में, सो कत हेरी जाय।।
लाली मेरे लाल की, जित देखूँ तित लाल।
लाली देखन मैं चली, मैं भी हो गई लाल।।

चौपाई– कृष्ण निजानन्द लखि बाढ़ा।
जहँ सिन्धु तहँ हरि रस गाढ़ा।।३९।।

भावार्थ– योगेश्वर श्रीकृष्णले जब आत्मानन्दमा निमग्न भएर आफ्नो स्वरूपको अवलोकन गर्नुभयो, तब स्वयं समष्टिमा समाहित भएर सर्वव्यापक हुनुभयो। परिणामस्वरूप जहाँ अपार भवसिन्धु थियो त्यहाँ प्रगाढ़ ब्रह्मपीयूषको स्थान बन्न गयो।

टिप्पणी– *ठीक यस्तै स्थिति पूज्य महाराजजीको पनि छ। लेखकलाई प्रारम्भमा यसमा विश्वास नहुँदा एक दिन बिहानै स्वप्न–संकेतमा एउटा सुयोग विप्रको दर्शन भयो। मैले अगाड़ि बढ्दै सोधें कि मेरो गुरु महाराज कस्तो हुनुहुन्छ? तब वहाँले भन्नुभयो कि महापुरुषहरूमा जुन लक्षणहरू हुँदै आएको छ र जुन हुनु पर्दछ ती सबै लक्षणहरू वहाँमा विद्यमान छ। तपाईंको गुरु महाराज वहाँ नै हुनुहुन्छ। त्यस दिनदेखि श्री महाराजजीप्रति पूर्ण विश्वासभयो र एक्कासी पथ–संचालनरूपी प्रमाण पनि पाउन थाले। मानसमा पार्वतीलाई पनि सपनामा दुई विप्रहरूले आशिर्वाद दिएको प्रसंगलाई स्मरण गरेर साधनामा नयाँ उत्साह उत्पन्नभयो। एक–दुई अरू अनुभवी सूत्रहरूको संकेतबाट उपर्युक्त प्रारम्भिक भ्रम निर्मूल हुन गयो।*

तर यो विधान रहेको छ कि सधैं अधिकारीहरूको अगाड़ि नै महापुरुषको त्यो स्वरूप प्रकाशित भएको छ। उदाहरणार्थ अर्जुन इत्यादिले नै वहाँलाई 'शिष्यस्तेऽहं'को रूपमा देखे, शिशुपाल इत्यादिले त वहाँलाई गाली नै गरे। यसैप्रकार पूज्य गुरुदेवलाई चिन्नेहरूको संख्या धेरै थिएन। जसले पनि वहाँलाई चिन्यो, आन्तरिक अनुभवहरूद्वारा नै चिनेको थियो। द्रष्टव्य छ अग्रलिखित चौपाई–

चौपाई– सोइ स्वरूप गुरुवर छबि राखी।
आज अनेक सन्त सुर साखी।।४०।।

भावार्थ– जस्तो स्वरूप योगेश्वर श्रीकृष्णको थियो, त्यस्तै आभा परमपूज्य श्री गुरुदेव भगवान्‌को छविमा पनि थियो। वहाँ पनि दिव्य अपार्थिव लक्षणहरूद्वारा आलोकित पुण्य उज्ज्वल विभूति हुनुहुन्थ्यो र आज पनि त्यसै प्रकारले भाविकहरूलाई अलौकिक छविको दिग्दर्शन गराई रहनु भएको छ। प्रत्यक्षदर्शी सन्त आज पनि यस तथ्यको सुस्पष्ट प्रमाण हुन्।

टिप्पणी– *गीतामा भगवान् श्रीकृष्णले अर्जुनसंग भन्नुहुन्छ कि "अर्जुन! मलाई कर्मले बाँध्दैन किनकि कर्मको परिणाममा मेरो स्पृहा छैन। मैले जसमा स्थिति पाउनु थियो, मैले पाइसकेको छु र मलाई यस स्वरूपबाट जसले जान्दछ उसलाई पनि कर्मले बाँध्दैन।" यही बुझेर मोक्षको इच्छा राख्ने पुरुषहरूले कर्मको आचरण प्रारम्भ गरे कि वहाँलाई जानेर म पनि वहाँ–जस्तो हुनेछु। महापुरुषहरूको यस महान् उपलब्धिलाई देखेर भाविकले पनि प्रार्थना गर्दछ। "त्यस अवस्थालाई जानेर म पनि वहाँकै स्वरूप हुनेछु।" प्रार्थना गर्नुको मूल कारण यही हो।*

चौपाई– हम बिलपत तेहिं बेरियाँ काली।
संस्कार गति काल कुचाली।।४१।।

भावार्थ– उपलब्धिको भावभूमिमा रिक्तताको अनुभव भएको हुनाले आज हामी पनि त्यही उपलब्धिको लागि व्याकुल छौं, तर भोलि त्यही क्षण आउने छ, जब हामी पनि आनन्दघन हुनेछौं। साक्षात्कारको दूरी बढ्ने एकमात्र कारण कुसंस्कारहरूको कुचक्रलाई नै बुझ्नु पर्दछ। (व्याकुलता मिलनको अनुभूतिको बलियो कारण हो। अतः साधकले पनि यसै आशाबाट निरन्तर चिन्तनमा मग्न भएर सुस्केरा गरी रहन्छ।)

कबीरको व्याकुलता–विदग्धता हेरौं–

जीभणियाँ छाले पड़े, नाम पुकारि पुकारि।
आँखणियाँ जाले पड़े, पंथ निहारि निहारि।।

नैना नीझर लाइया, रहट बहै निसि जाम।
पपिहा ज्यौं पिव पिव करौं, कबहि मिलहुगे राम।।

विरहकी साक्षात् प्रतिमूर्ति मीराको व्याकुलता कति मार्मिक छ–

तुम देखा बिनु कल न पड़त है, तलफि तलफि जिय जासी।

चौपाई– आज मिले जग नाथ सराहा।
मन टूटे हरि कृपण कराहा।।४२।।

भावार्थ– व्याकुलताको अन्तरालमा डुबुकी लगाउँदा–लगाउँदै जब कुनै पथिकले आत्मसाक्षात्कार गर्दछ, तब सम्पूर्ण संसारमा प्रभुकृपाको प्रसार देखा पर्न थाल्दछ; तर संघर्षमा यदि कुनै दीनको हृदय निराशामा टूट्यो भने उसले परम उदार प्रभुलाई कृपण स्वभावको मान्न थाल्छ।

गोस्वामीजी पनि भन्नुभएको छ–

यद्यपि नाथ उचित न होत अस, प्रभु सन करउँ ढिठाई।
तुलसीदास सीदत निसिदिन, देखत तुम्हारि निठुराई।।

चौपाई– बालक की गति एक अनोखी।
हरि तजि कतहुँ न मना मनोखी।।४३।।

भावार्थ– बच्चा–जस्तै साधकको समर्पण एकनिष्ठ हुने गर्दछ। उसले अरू कुनै पनि देवी–देवतासंग कुनै प्रकारको कामना गर्दैन।

विशेष– एउटै इष्टमा निष्ठा भक्तवर सूरदासजीको शब्दहरूमा हेरौं–

मेरो मन अनत कहाँ सुख पावै।
जैसे उड़ि जहाज को पंछी, फिरि जहाज पर आवै।।
कमल नयन को छाँडि महातम, और देव को ध्यावै।।
परम गंग को छाँड़ि पियासो, दुरमति कूप खनावै।।
जिन मधुकर अम्बुज रस चाख्यो, क्यों करील फल भावै।।
सूरदास प्रभु कामधेनु तजि, छेरि कौन दुहावै।।

'मानस'मा भगवती उमा र सप्तर्षिहरूको सम्वादले यस प्रसंगमाथी राम्ररी प्रकाश पार्दछ। अपर्णाको निष्ठा हेरौं–

महादेव अवगुन भवन, बिष्नु सकल गुन धाम।
जेहि कर मन रम जाहि सन, तेहि तेही सन काम।।

(मानस, १/८०)

स्वयं गोस्वामीजीको एक इष्टप्रति निष्ठा हेरौं–

जौ तुम तजहुं न भजौं आन प्रभु, यह प्रमान पन मोरे।
सरग नरक सुरपुर नरपुर, जहँ तहँ रघुवीर निहोरे।।

मीराको प्रतिज्ञा सुनौं–

मेरे तो गिरधर गोपाल, दूसरो न कोई।

भगवान् श्रीकृष्णकी अनन्य उपासिका गोपिकाहरू उद्धवलाई उत्तर दिन्छिन्–

ऊधौ! मन न भयो दस बीस।
एक रह्यो सो गयो स्याम संग, को आराधै ईस।।

लेखकले पनि यस्तै संकल्प गरेर भाव–निधि गुरुदेव भगवान्को गुरुतामाथी विश्वस्त छ।

चौपाई- जन पूरण हरि रूप बिलोकी।
तो कत रोवत व्यर्थ बिसोकी।।४४।।

भावार्थ- लेखककहाँ धेरै–जसो भाविक यस्ता पनि आउँछन् जसले भन्ने गर्दछन् कि तपाईं त पूर्ण हुनुभयो, तपाईं ब्रह्म–जस्तै प्रशान्त, आनन्दघन हुनुहुन्छ, यस्तो मैले अनुभवमा देखेको छु। भाविकको यो कथन सुनेर लेखकको व्याकुलता अझै बढ्छ कि यदि 'अड़गड़'ले हरिको रूप देखि नै सकेको छ भने यो रुनु–धुनु, मानसिक अशान्ति किन भई रहेको छ।

गोस्वामीजी श्रीरामचरित मानसमा उपलब्धिपछिको स्थितिको वर्णन गर्दै भन्नुहुन्छ–

राम भगति चिन्तामनि सुन्दर। बसइ गरुड़ जाके उर अन्तर।।
परम प्रकास रूप दिन राती। नहिं कछु चहिअ दिआ घृत बाती।।

मोह दरिद्र निकट नहिं आवा। लोभ बात नहिं ताहिं बुझावा।।

(मानस, ७/११९/२-४)

व्यापहिं मानस रोग न भारी। जिन्ह के बस सब जीव दुखारी।।

(मानस, ७/११९/८)

यस्तो स्थिति अहिलेसम्म त आएको छैन? अतः अहिले लेखक उपर्युक्त उपाधिहरूबाट अझ बढ़ि व्याकुल हुनजान्छ।

नोट- *जब कुनै योगाभ्यासी साधकले ब्रह्मको अनुभूतिको धेरै नजिक पुग्दछ भने धेरै–जसो पुण्यात्मा, श्रद्धासम्पन्न भाविकहरूलाई उनको स्वरूपमा भगवान्को अनुभूति हुन्छ। यद्यपि त्यस साधकको चिन्मय ब्रह्ममा प्रवेश केही समय पछि हुनेछ। तर यस्तो अवस्थाको साधकमा पनि भक्तहरूको, पथिकहरूको कल्याण–सृजन गर्ने पूर्ण क्षमता हुन्छ।*

चौपाई- अब तुम नाथ क्षमा कर राजा।
पूर मिले हरि परम अकाजा।।४५।।

भावार्थ- हे प्रभु! म दीन भाविकको जन्मान्तरहरूको पाप–रहस्यहरूलाई क्षमा गरिदिनु होस्। शाश्वत र परिपूर्ण स्थितिवाला भएर र साधकलाई भेटेपछि पनि यदि तपाईंले कृपावृष्टि गर्नु हुन्न भने यो ढिलाईले गर्दा साधकको व्याकुलता अझै बढ्न जान्छ।

चौपाई- एहि विधि सोच रहा मन लाजा।
कपट किए तन परम अकाजा।।४६।।

भावार्थ- यसैप्रकारले मनमा दुःख भई रहन्छ। वाणीद्वारा व्यक्त गर्नमा लाज लाग्दछ र यदि अझैसम्म प्राप्ति न हुनुको दुर्बलता मानिसहरूसंग लुकाइन्छ भने मन कपटको हीनताले संकुचित हुन थाल्दछ, किनकि दुःखको अलिकति पनि उपस्थिति परमप्रभुलाई मान्य छैन। मानसमा भगवान्को श्रीमुखको वाणी हेरौं–

निर्मल मन जन सो मोहिं पावा। मोहिं कपट छल छिद्र न भावा।।

कपटको भावनालाई संगालेर राख्नाले महान क्षति हुने संभावना छ कि कतै लक्ष्यबाट टाढा हुन नजाओस्, अतः जे–जति पनि छ सबै तिम्रो हो,

तिमिबाट अलग केही पनि छैन। यस दीनजनको अन्तर्कोष परम प्रभुलाई नै समर्पित छ–

मेरा मुझमें कछु नहीं, जो कछु है सब तोर।
तेरा तुझको सौंपते, क्या लागत है मोर।।

अन्तर्यामी श्री गुरुदेव भगवान्‌बाट केही लुकेको छैन। विश्वास छ कि राम्रो–नराम्रो जे–जस्तो पनि छु, वहाँ कै छु। गोस्वामी तुलसीदासजीले पनि यही निवेदन आफ्नो इष्ट भगवान् श्रीरामप्रति गर्नुभएको थियो–

कहँ लगि कहौं कुचाल कृपानिधि, जानत हौ गति जन की।
तुलसीदास परिहरहु दुसह दुःख, करहु लाज निज पन की।।

चौपाई– जन सोचत हरि रूप बिसोका।
हरि मिले जग को केहिं रोका।।४७।।

भावार्थ– व्याकुलताले व्यथित जनभित्र जबसम्म अलिकति पनि प्रकृतिको लहर हुन्छ, तबसम्म उसले सोची रहन्छ र चिन्तित रहन्छ। वास्तवमा जन नै चिन्तक हुन्छ। हरिको स्वरूप त चिन्तारहित, अशोक छ। न अघि कुनै चिन्ता रहन्छ जसलाई सोच्ने र न पछि कुनै चिन्ता रहन्छ जसको लागि शोक गर्ने। अगाड़ि कुनै सत्ता छँदै छैन भने कसले कसलाई रोक्नेछ? तर त्यो अदृश्य सत्ता परमात्माले रोक लगाउनु भएको छ, यो नै यस दीनजनको व्याकुलताको कारण हो। वास्तवमा अनुभवले काल र कर्मको नै परिभाषा दिन्छ।

चौपाई– तो कत अनुभव काल घिरा सा।
जन बिचलित कत देख तमासा।।४८।।

भावार्थ– यदि प्रभु प्राप्त भई सक्नु भएको छ र दीनजनले जब शाश्वत स्वरूपमा समाहित भई सकेको छ भने अनुभव काल–कर्मद्वारा घेरिएको किन हुन्छ? जब जन बिछोड़को समुद्रमा व्याकुलताको तरंगबाट विचलित भइरहेको हुन्छ, तब पनि तपाईं उसको उपलब्धिहरूको परिहास हेर्दै किन आनन्द लिई रहनु भएको छ? तपाईंको लीलाको रंगस्थलमा अभिनय गर्दा–गर्दै पात्र हतास भई रहेको छ। हे लीलाधर! सुखान्त नाटकको पर्दा कहिले हट्‌नेछ?

दोहा– पत राखो पत रावरी, जो पत राखी हेत।
अब की ऐसन रूप दे, पुनि दाता ना लेत।।९।।

भावार्थ– हे प्रभु! प्रार्थना गर्दछु कि अब यस दीनजनको मर्यादा बचाउनु होस्। त्यसो गर्दा तपाईंको मर्यादाको विस्तार हुनेछ। हे अखिलेश्वर! मर्यादाको तपाईं नै एकमात्र कारण हुनुहुन्छ। यस पटक यो दासलाई त्यही रूप प्रदान गर्नुहोस् जसले गर्दा तपाईं दाताको रूपमा मबाट अलग रहन न सकून् र म ग्रहणकर्ताको रूपमा बाँकी न रहुँ।

श्री गुरुदेव भगवान्को वाणीमा यस स्थितिको प्रस्फुटन यसप्रकार भएको छ–

जलत जलत ऐसी जली, जाको आर न पार।
ईश्वर जीव ब्रह्म अरू माया, फूँक दियो संसार।
करूँ अब किसकी तल्लासी। लावनी सुन बारहमासी।।

यस्तो निर्विकल्प अभिन्नताको महापुरुष सहज समाधिमा लीन रहन्छ–

संतो! सहज समाधि भली।
आँख न मूदूँ कान न रुधूँ, काया कष्ट न धारूँ।
उघरे नैना साहब देखूँ, सुन्दर बदन निहारूँ।। (कबीर)

दोहा– ऐसी दाता दात दे, मिट जाये तव मोर।
ईस अंस ना ब्रह्म की, सक्ती साधन छोर।।१०।।

भावार्थ– हे सर्वशक्तिमान्! यस्तो सर्वोच्च उपलब्धि गराई दिनुहोस् जसले मेरो र तपाईंको बीचको फरक समाप्त हुन जाओस्। न ईश अंश जीवात्मा नै रहन जाओस्, न अंशी ब्रह्म नै अलग रहन जाओस्। न योग रहोस्, न बन्धन रहोस्, न बन्धन छुटाउनेवाला नै अलग रहोस्।

चौपाई– अब लगि कहेउँ आपन कदराई।
बिकल ब्यथित बिलपत सुरराई।।४९ क।।
पुनि सागर मन्थन कर लीला।
प्रगटउँ सत्य शान्ति सुख सीला।।४९ ख।।

भावार्थ– अहिलेसम्म आफ्नो विकलता एवं प्रभुको परम उदारताको चित्रण गरियो, अब फेरि सागर–मन्थनको लीलालाई क्रमशील गरिदैछ जसको परिमाण शाश्वत शान्ति र सुख हो।

चौपाई– जिमि जिमि सागर मन्थन कीना।
रतन प्रगट पर शूल नवीना।।४९ ग।।

भावार्थ– जसो–जसो सागरको चिन्तन गर्दै गयौ, त्यसो–त्यसो रत्न प्रगट हुँदै गए। तर नया परिवेशमा कष्टदायी शूल पनि उत्पन्न भएर सामुन्ने आउन थाल्यो; किनकि मूल रतन 'अमृत तत्त्व' अझै प्रगट भएको छैन।

मन्थनको क्रिया लगातार चलि रह्यो। शूल निवृत्तिको साधन पनि सुलभ हुन थाल्यो। त्यसपछि त शूलहरूको साथ–साथै शूल निदान गर्ने धन्वन्तरि नाम रत्नको प्रगटीकरण भयो।

चौपाई– प्रगट धनवन्तरि[४] हर बहु शूला।
करे करावत रोग अमूला।।५०।।

भावार्थ– आध्यात्मिक सम्पत्ति नै स्थिर सम्पत्ति हो। धन्वन्तरिको तात्पर्य हो धन र वन्तरि अर्थात् त्यो अलौकिक आध्यात्मिक सम्पत्तिको अन्तरालमा प्रवेश पाउन थाल्यो। यस रत्नको परिमाणस्वरूप उत्तरोत्तर रोगहरूको नाश हुन थाल्यो। अब विचारणीय प्रकरण यो हो कि रोगको स्वरूप कस्तो छ? हेर्नुहोस्–

चौपाई– जनम मरण भव रोग अपारा।
तेहिं जड़ काटत देत सहारा।।५१।।

भावार्थ– जन्म–मृत्युको अपार शृंखला नै भवरोग हो। त्यसलाई समूल विनष्ट गर्दै उक्त रत्नले पथिकलाई सहारा दिन्छ।

चौपाई– हरि प्रेरित संग निज बल नाहीं।
प्रेरि चलावहिं संग न जाहीं।।५२।।

भावार्थ– 'धन्वन्तरि' आत्मिक सम्पत्तिमा प्रवेश गराउनको लागि मात्र सहायक हुन्छ। यसको सहयोगले साधकको भवरोग एवं विषयात्मक विस्तारको निरोध हुन्छ, तर यसबाट पूर्णरूपले निवृत्ति हुँदैन। उर–प्रेरकको बलद्वारा नै यो रत्नले पथिकहरूलाई भवरोगबाट बचाउने गर्दछ। पार हुने बेलासम्म त्यो (धन्वन्तरि) पनि अलग हुनजान्छ। न रोग रहनेछ, न इलाज।

चौपाई– माया महँ गति रहनि अकासा।
अमित रोग माया कर नासा।।५३।।

भावार्थ– यो धन्वन्तरिको गति मायामा हुन्छ अर्थात् यसको प्रवेशपछि पनि योगीको गति मायाको अन्तर्गत नै हुन्छ। यद्यपि त्यो परिष्कृत हुन्छ, त्यसको पकड़ आकाशवत् छ। अगणित रोगमयी मायाको विनाश गर्नु यसको कार्य हो, जसको जानकारीहरू प्रेरकको आधारवाला हुन्छ।

चौपाई– श्रुति शाखा अवतार अनूपा।
माया बल नहिं मति अनुरूपा।।५४।।

भावार्थ– श्रुतिमा वर्णित शाखा–अवतार अनुपम प्रभुको पवित्र लीलाको नै विस्तार हो, जुन चित्त–सागरमा मन्थनद्वारा प्रगट हुन्छ। यसमा न मायाको बल हुन्छ र न बुद्धिको नै।

मायापतिको प्रेरणाको स्फुरण भएपछि माया कमजोर हुनजान्छिन् –

'मायापति कहँ जे भजहिं माया चेरी होई।'

राम भगति निरुपम निरुपाधी। बसइ जासु उर सदा अबाधी।।
तेहिं विलोकि माया सकुचाई। करि न सकइ कछु निज प्रभुताई।।

चौपाई– मानस रोग पीर जग रोगी।
हरि करुणा पर जागत जोगी।।५५।।

भावार्थ– यो मानस रोग हो, जसबाट पीड़ित सम्पूर्ण संसार नै रोगी छ। प्रभुको अनुकम्पाले नै योगी जागृत हुन्छ अर्थात् वहाँकै द्रवित करुणाले योगी जाग्दछ। (जाग्नुको तात्पर्य सांसारिक प्रपंचबाट सावधान हुनु हो।)

गोस्वामी तुलसीदासजीको मानसमा उपर्युक्त भाव हेर्नुहोस् –

मानस रोग कछुक मैं गाये। हहिं सबके लखि बिरलेन्ह पाये।।
मोह निसाँ सबु सोवनिहारा। देखिअ सपन अनेक प्रकारा।।
एहि जग जामिनि जागहिं जोगी। परमारथी प्रपंच बियोगी।।
जानिअ तबहिं जीव जग जागा। जब सब बिषय बिलास बिरागा।।

(मानस, २/९२/४)

चौपाई– पूरे सत्गुरु पुर बसि राखें।
ब्रह्म मिले ब्रह्महि गुण भाखें।।५६।।

भावार्थ– जो पूर्ण महापुरुष छ, जो गुरुत्वको स्थितिवाला छ, वहाँलाई

नै हृदयमा बसाएर पूर्णरूपले समातेर राख। यही आन्तरिक पकड़ ब्रह्मको उपलब्धिको परिणाम बन्दछ। गुरुमा पूर्णरूपले आश्रित शिष्यले आफूभित्र विस्तारै–विस्तारै गुरुको गुरुताको विकास गर्दै ब्रह्मको ज्ञाता हुनजान्छ। यस्तो गुरुत्वको जानकारी राख्ने पथिकले ब्रह्मको गुणधर्महरूलाई प्रत्यक्ष गर्दै त्यसै स्वरूपमा स्थिर हुनजान्छ।

चौपाई- सद्गुरु खोज खबर नहिं पाहीं।
ते भटकहिं आनहिं भटकाहीं।।५७।।

भावार्थ- जुन पुरुषहरूले यस्ता सद्गुरुहरूको खोजी गरेका छैनन्, उनीहरू चिन्तन–पथमा व्यर्थ नै श्रम गर्दछन्। यस्ता व्यक्तिहरू आफू त भौतारि नै रहेका हुन्छन्, अरूलाई पनि चिन्तन–पथबाट भ्रमित गर्नको लागि गुरुताको भेष लगाएर संसारमा दौड़ि रहेका छन्।

टिप्पणी- *कबीर साहबले पनि भन्नुहुन्छ कि अन्धोले अन्धोलाई कसरी बाटो देखाउन सक्छ–*

जाको गुरु है आन्हरा, चेला खरा निरन्ध।
अंधहि अन्धन्ह ठेलिया, दोऊ कूप परन्त।।
बिन देखे वा देश की, बात कहै सो कूर।
आपै खारी खात है, बेचत फिरै कपूर।।

स्पष्ट छ कि गुरु नै शाश्वत सत्ताको प्रत्यक्ष अनुभूति गराउने एकमात्र आधार हुन्। आफ्नो साधनावस्थामा गुरुको महत्त्वको निरूपण गर्दै कबीरदासजीले पनि भन्नुहुन्छ–

मैं भी भागा जाइया, लोक वेद के साथ।
आगे से सतगुरु मिल्या, दीपक दीन्हा हाथ।।
दीपक दीन्हा तेल भरि, बाती दई अघट्ट।
पूरा किया बेसाहुणाँ, बहुरि न आवौं हट्ट।।

गुरुको महान अनुकम्पाबाट नै वहाँले आवागमनबाट मुक्त हुनु भएको छ।

चौपाई- जप तप होम क्रिया कृत नाना।
करि जे मानत स्वयं सयाना।।५८ क।।

ते अल्पज्ञ भ्रमहिं युग नाना।
गुरु बिनु नाशत ज्ञान व ध्याना।।५८ ख।।

भावार्थ– जप, तप, होम, यज्ञ र नाना प्रकारका यौगिक क्रियाहरूको चमत्कारपूर्ण अभ्यास गरेर जुन साधकले आफूलाई ठूलो जानकार भन्ठान्छ, ऊ अल्पज्ञ र ढोंगी हो। यसप्रकारको जड़ताले अरूको त के कुरा गरौं, राम्रो साधकमा पनि जरा जमाउने गर्दछ। वास्तवमा जसले सद्गुरुको अन्तर्प्रेरणा प्राप्त गरेको छैन, त्यस्ता साधकद्वारा सम्पादित ध्यान, ज्ञानले लक्ष्यसम्म पुग्न सक्दैन र अर्थशून्य रहनजान्छ।

साधारण मानिसको के गणना गर्ने? शंकर र ब्रह्माको स्थितिसम्म पुगेका पथिकहरूको अगाड़ि पनि तुलसीदासजीले प्रश्नवाचक चिन्ह लगाउनु भएको छ–

गुर बिनु भव निधि तरइ न कोई। जो बिरंचि संकर सम होई।।

कबीरले स्पष्ट घोषणा गर्नुभएको छ कि हृदयको अज्ञानतालाई समाप्त गरेर दिव्यचक्षु प्रदान गर्ने सद्गुरु नै हुन्, जसको प्रकाशमा ब्रह्मदर्शन सम्भव हुन्छ–

सतगुरु की महिमा अनंत, अनंत किया उपकार।
लोचन अनंत उघारिया, अनंत दिखावन हार।।

यो अकाट्य सत्य हो कि सद्गुरु बिना न कसैको आत्मानुभूति भएको छ, न हुनेछ।

दोहा– सतगुरु पूरा सूरमा, तहँ मन जूझ अनेक।
जनम कोटि की पोटली, पाप कटै हरि देख।।११।।

भावार्थ– वास्तवमा सद्गुरु नै प्रकृतिको काल–कर्मको अन्त गर्ने हुन्। त्यसैले वहाँ नै पूरा शूरवीर हुनुहुन्छ। सद्गुरुलाई मनले समातेर अनेकौं मानवहरू संघर्ष गरी रहन्छन्। वहाँले त्यस्ता मानवहरूको हेरचाह गर्दै उनीहरूको अन्तर्देशबाट जागृत भएर आत्मोत्कर्षको अनुभवात्मक निर्देश दिने गर्नुहुन्छ। वहाँकै कृपाले करोड़ौं जन्मको पापले भरिएको पोको हराएर जान्छ। पापहरूको पूर्ण समाप्ति भएपछि त्यो परम पवित्र प्रभु प्रकट हुन्छ; जसको अलौकिक कृपाले करोडौं जन्महरूको पापहरूको क्षय हुनजान्छ। वहाँको वीरता र हेरचाह गराईमा सन्देह नै के छ र?

गोस्वामीजीले पनि वहाँको कृपाको स्मरण गर्नुहुन्छ–

जाकी कृपा लवलेस ते, मतिमन्द तुलसीदासहूँ।
पायो परम विश्राम, राम समान प्रभु नाहीं कहूँ।।

(मानस, ७/१२९ छन्द)

चौपाई- जिमि हरि साधि संयोग निवारा।
तिमि करुणा निधि उर विस्तारा।।५९।।

भावार्थ- जसो–जसो हरिले साध्य वस्तुलाई परमात्मासंग संयोगको लागि सपार्नु हुन्छ (प्रकृतिको द्वन्द्वबाट इष्टतिर क्रमशः प्रवाहित गर्नुहुन्छ) त्यसो–त्यसो क्रमशः करुणा सागर प्रभुले साधकको हृदयभित्र आफ्नो स्वरूपको विस्तार गर्नुहुन्छ। जसो–जसो त्यो हरिले आफ्नो स्वरूपको विस्तार गर्नुहुन्छ, त्यसै अनुपातमा कल्पवृक्षको ठीक मुनि साधकले स्थान पाउँदै जान्छ। अब विचारणीय छ कि कस्तो सुपरिणाम प्रगतिशील पथिकको मानसमा प्रगट हुन्छ–

चौपाई- उर विस्तारित जिमि जिमि काया।
तिमि तिमि कल्पवृक्ष[५] तरु छाया।।६०।।

भावार्थ- यस शरीरमा नै कल्पवृक्षको रहस्य लुकेको छ। साधनमा नै साध्य र लगनमा नै लक्ष्यको ऐश्वर्य समाहित छ। कल्पवृक्ष कुनै रूखको नाम होइन, जसको मुनि बसेपछि कायाकल्प हुनजान्छ।

टिप्पणी- *'मानस'मा अंगदले रावणको बुद्धिमाथी आश्चर्य गर्दै सोधेका थिए–*

राम मनुज कस रे सठ बंगा। धन्वी काम नदी पुनि गंगा।।
पसु सुरधेनु कल्पतरु रूखा। अन्न दान अरु रस पीयूषा।।

(मानस, ६/२५/५-६)

वास्तवमा साधकको हृदयमा जसो–जसो प्रभुको संचार हुन्छ, त्यसो–त्यसो त्यस साधकलाई कल्पवृक्षको छायाँ प्राप्त हुँदै जानेछ। क्रमशः आसक्तिहरूको प्रबलता समाप्त हुन थाल्दछ र यसप्रकार काया (शरीर)को कक्षमा नै कल्पतरुको प्रस्फुटन हुनजान्छ। यसै दिव्य रूखको चर्चा कबीरले पनि गर्नुभएको छ–

तरुवर तासु बिलम्बिए, बारह मास फलन्त।
शीतल छाया गहर फल, पंछी केलि करन्त।।

दाता पनि यस्तो भेटियोस् जसले गर्दा फेरि अरू कसैसंग माग्न नपरोस्। कृपा पनि पाइयो भने त्यस्तो कृपानिधिको, जसको शीतल छायाँ मुनि यो जीवात्मा स्थायी प्रशान्तिमा निमग्न हुन सकोस्।

चौपाई- कायाकल्प होत प्रति स्वाँसा।
जग जोनी कर होत बिनासा।।६१।।

भावार्थ- नश्वर संसारमा, चराचर सबै प्रकृतिमा उत्पन्न काल, कर्म, स्वभाव गुणले ग्रसित भएको कारणले निर्बल तथा रोगी छन्। प्रकृतिको श्रेष्ठतम प्राणी मानव पनि यिनीहरूबाट पिरोलिएका छन्। ऊ पनि विवश भएर मर्ने–बाँच्ने गरी रहन्छ। तर जसले यसबाट निस्केर शरीरको कल्प गर्दछ, उसले मृत्युको गुणधर्मबाट माथी उठेर अविनाशी हुन सक्नेछ। जसो–जसो सुरतले श्वासमा टिक्न प्रारम्भ गर्दछ, त्यसो–त्यसो शरीरको प्रतिक्षण कल्प हुँदै जानेछ।

चौपाई- सत्य कल्पतरु हरि की धारा।
नित्य सुखद जीवन दातारा।।६२।।

भावार्थ- वास्तवमा कल्पवृक्ष हरिको प्रभाव नै हो। उसको कल्याणमयी शीतल छायाँले परम सुखद एवं मांगलिक फल प्रदान गर्दछ। यसको अनुभूति भएपछि व्याधिहरूको अन्त हुन्छ र स्थायी शान्तिको जीवन–स्रोत प्रवाहित हुनु थाल्दछ। क्रमागत प्रगतिशीलताको काँखबाट साधकको कामनाहरूलाई परिपूर्ण गर्ने कामधेनुको प्रगटीकरण हुन्छ।

चौपाई- कामधेनु[६] बस पूरन कामा।
मन इच्छित फल प्रगटे ठामा।।६३।।

भावार्थ- उत्तरोत्तर विकासोन्मुख साधकको समक्ष एउटा यस्तो स्थिति आउँछ, जब उसको सम्पूर्ण कामनाहरू एक्कासी सम्भव हुन लाग्छ। मनोवाञ्छित फल प्रदान गर्ने तात्कालिक क्षमता अन्तर्देशको नै एक विशिष्ट उपलब्धि हो, कुनै बाहिरी कल्पना होइन।

चौपाई- योगक्षेम भजनानन्दकारी।
गो गति संयम गो सुखकारी।।६४।।

भावार्थ– त्यो कामधेनु योगको रक्षा र भजनको आनन्दलाई प्रसारित गर्दछे। यसको उत्पत्ति 'गो' गति अर्थात् इन्द्रियहरूको गति पूर्ण संयमित भएपछि मात्र हुन्छ। पूर्ण निरोधावस्थामा पुगेपछि यही इन्द्रियहरू मनोवांछित फल प्रदान गर्ने कामधेनु बन्दछिन्। कामधेनु कुनै गाई होइन जसको थुनबाट कामनाहरूको पुर्ति गर्ने अस्वाभाविक दुधधाराको स्राव हुने गर्दछ।

चौपाई– इन्द्रिय बिषय संग मिटि जाई।
तब कामेच्छित गो सुखदाई।।६५।।

भावार्थ– इन्द्रिय र त्यसको विषयहरूको संयोग जब पूर्णतया मेटिन्छ, विषय ग्रहणको भावनाको विलय हुनजान्छ, तब इच्छित कामनाहरूको पूर्तिगर्ने सधैं सुखद गो, कामधेनु प्रकट हुन्छे।

टिप्पणी– *कागभुशुण्डिजीलाई पनि यस्तो नै आशिर्वाद प्राप्त थियो, जसको उल्लेख मानसमा गोस्वामीजीले पनि गर्नुभएको छ–*

जो इच्छा करिहउ मन माहीं। हरि प्रसाद कछु दुर्लभ नाहीं।।

जब इष्टको कृपा भई नै हाल्यो भने इच्छाहरूको पूर्ति स्वतः हुन थाल्दछ। यो कुरा बेग्लै छ कि त्यस समयमा साधकको आफ्नो कुनै इच्छा नै रहँदैन। ऊ त प्रभुको हातको यन्त्र बन्न जान्छ।

चौपाई– तेहिं प्रभाव आसा जग नाहीं।
हरि रँग पूर प्रगट मिल जाहीं।।६६।।

भावार्थ– त्यस कामधेनुको प्रभाव नै यति विलक्षण छ कि जगत्का जति पनि दुषित कल्पनाहरू छन् तिनीहरू मानस पटलमा निर्दोष हुन जान्छन्। मात्र अभौतिक कामनाहरू प्रगट भएर पथिकलाई परमात्माको स्वरूपको अनुभूति गराउन लाग्दछिन् र साधकको अन्तःस्थल हरिको रंगमा रंगिन्छ।

चौपाई– कामधेनु संगत सुखकारी।
राम नाम मणि[७] प्रगट पसारी।।६७।।

भावार्थ– कामधेनुको संगति पाएपछि राम–नाम मणिको प्रगट प्रसार हुन थाल्छ।

यसै राम–नाम मणिको परिचय सन्त तुलसीदासको वाणीबाट पनि व्यक्त भएको छ–

राम नाम मनिदीप धरु, जीह देहरीं द्वार।
तुलसी भीतर बाहेरहुँ, जौं चाहसि उजियार।। (मानस, १/३१)

मणि भनिने राम नामको सम्बन्ध परावाणीको प्रवेशकालमा नै सम्भव हुन्छ।

चौपाई- परावाणी परसत परतीती।
मणि प्रगटे सत संसृति जीती।।६८।।

भावार्थ- चिन्तनको उत्कर्षमा परावाणीको स्पर्शकालमा राम नामको प्रादुर्भाव हुन्छ। यो विलक्षण ज्योतिर्मयी अपार्थिव मणि प्रगट हुने वित्तिकै साधकलाई स्वरूपको अनुभूति हुन थाल्दछ। त्यसपछि आत्मोन्नतिको यस चरम सिमानामा पुग्ने साधकको लागि यो एक पटक होइन; सयकड़ौं पटक निश्चितताको साथ निर्विवादरूपले भन्न सकिन्छ कि ऊ आवागमनको बन्धनबाट पार हुन सक्दछ अर्थात् यस उपलिब्धपछि साधक पार हुने सुनिश्चित छ, यस्तो कुनै बाधा छैन जसले उसलाई पार हुनबाट रोक्न सक्दछ। परावाणीको स्पर्शकालमा राम–नाम मणिको प्रगटीकरण निश्चय नै आवागमनको सिमानाको समाप्ति हो। अब हेर्नु छ कि यस मणिलाई कसरी प्राप्त गर्ने?

दोहा- बैखरि चिन्तन मध्यमा, मिले न मणिक उदोत।
पश्यन्ती परसत कछुक, परावाणि मणि ज्योत।।१२।।

भावार्थ- बैखरी र मध्यमाको स्पर्शकालसम्म त्यस मणिको प्रकाश परिलक्षित हुँदैन। पश्यन्तीको स्पर्श हुने वित्तिकै त्यसको प्रकाशको अलिकति आभास हुन थाल्दछ र परावाणीको प्रवेशको साथ–साथै त्यो मणि पूर्णतः प्रकाशित हुनजान्छ।

चौपाई- शब्द अनादि ईश रुख पाई।
प्रगट सुनत जग मति नसाई।।६९।।

शब्दार्थ- मति = त्रिगुणात्मिका माया।

भावार्थ- त्यो शब्द अनादि छ र ईश्वरको संकेत पाएर मात्रै स्पष्ट सुन्न सकिन्छ। त्यस शब्दबाट अन्तःकरण गुन्जायमान हुने वित्तिकै त्यसको जयघोषबाट यो त्रिगुणात्मिका माया विनष्ट हुनजान्छ, जो संसारमा जन्मदिने एकमात्र कारण हो।

चौपाई– सो मणि जदपि सुप्त सब पाहीं।
बिनु प्रेरक उर प्रगटत नाहीं।।७०।।

भावार्थ– यद्यपि त्यो मणि प्रत्येक मानवको अन्तर्देशमा सुतेको अवस्थामा रहेको हुन्छ, तर उर–प्रेरकको कृपाबिना त्यो देखा असम्भव छ। सद्गुरु एवं परमात्मा एक अर्काका पर्याय हुन्।

गोस्वामीजीको वाणीसंग तुलना गरौं–

सो मणि जदपि प्रगट जग अहई। राम कृपा बिनु कोउ नहिं लहई।।

चौपाई– प्रेरक हो परतीति बधावै।
तेहि प्रतीति मध मणि सुख पावै।।७१।।

भावार्थ– जब इष्ट प्रेरक भएर सम्झाउनु हुन्छ र हृदयबाट विश्वास जागृत गराउनु हुन्छ, तब मात्र त्यस प्रतीतिको माध्यमबाट पथिकले त्यस पवित्र मणिको सुख प्राप्त गर्न सक्दछ। वास्तवमा यस मणिको घटी–बढ़ी श्वासमा नै केन्द्रित हुन्छ, जसलाई चिन्तनको सर्वोच्च सफलताद्वारा नै जान्न सकिन्छ।

चौपाई– अति सूक्ष्म जो मणि सुख पावै।
श्री[८] विस्तारित असुर रिझावै।।७२।।

भावार्थ– जब मन अत्यन्त सूक्ष्म भएर श्वासमा उठ्ने शब्दलाई समात्छ, तब मात्र यस मणिको सुख पाइन्छ। यस्तो अवस्था प्रत्यक्ष भएपछि 'श्री'–लक्ष्मी आदि उपलब्धिहरूको पनि निरोध हुन्छ, जसमा आसुरी सम्पदा भएकाहरूले विश्वास गर्दछन्। साधकले त मौलिक रूपले यसको स्पर्श गरेर निर्लिप्त एवं अनासक्त रहन्छ। जसको भित्र आसुरी तत्त्वहरूको अलिकति पनि वेग रहन्छ, उनीहरू यी चमत्कारिक उपलब्धीहरूबाट रिझिन्छन्।

चौपाई– तत् सागर सुख समृद्धि ज्योति।
हरि प्रतिबिम्ब प्रभा सुख श्रोती।।७३।।

भावार्थ– त्यो लक्ष्मी चिन्तन–धाराको बिचमा त्यसै सागरको भित्रबाट सुख–समृद्धि वर्षाउने प्रभाको रूपमा प्रगट हुन्छिन्। यो ईश्वरको प्रतिछाया नै हो। यो चमत्कारिक छटाको रूपमा उत्पन्न भएर सुखदायिनी स्रोत बनेर प्रवाहित हुन थाल्छिन्।

चौपाई– तेहि लखि भक्तन मिटी निरासा।
अमृत बिन जग कौन निवासा।।७४।।

भावार्थ– लक्ष्मीको सूत्रपात्ले भक्तको हृदयबाट निराशालाई मेटाई दिन्छ। ऊ यस उपलब्धिको साथै विश्वस्त हुनजान्छ कि मृत्युभन्दा परको सत्ता अमृत यदि अनुभूतिको धरातलमा अवतरित छैन भने संसारमा यस्तो कुन निवास छ, जहाँ सुख प्राप्त हुन सक्छ? अतः लक्ष्मीको उपलब्धिबाट साधकमा नयाँ उत्साहको संचार हुनजान्छ।

चौपाई– श्री प्रभा आभा हरि केरी।
भक्त हृदय प्रभु राशि बिखेरी।।७५।।

भावार्थ– त्यो लक्ष्मी उनै प्रभुको प्रभा, आभा र विभूति हुन्। परम प्रभुभित्र जुन विशेष गुणहरू पाइन्छन्, यस आभाले वहाँ कै प्रसार प्रगट गर्दछ। यसले भक्तको हृदयमा प्रभुको स्थायी धनराशिलाई फैलाई रहन्छ।

चौपाई– प्रभु महिमा जो अजर अबाधी।
जन उर दर्शन पर सुख साधी।।७६।।

भावार्थ– त्यो परात्पर ब्रह्मका विशेष विभूतिहरू– अजरत्व, अमरत्व, सर्वशक्तिमत्ता, सर्वज्ञता, चिन्मयता इत्यादिको प्रसार यो प्रभाले भक्तको हृदयाकाशमा गरी नै रहन्छिन्। उसले प्रभुको परम कल्याणमयी पथलाई सम्भाल्दै सजिलो गर्छिन्।

चौपाई– आसुर सम्पत्ति सकल विभाजन।
क्षण प्रगटी रम्भा[९] सुख छाजन।।७७।।

भावार्थ– उपर्युक्त साधनको प्रभावस्वरूप क्रमशील विकासोन्मुखी चिन्तन पटलबाट नाशवान आसुरी सम्पत्तिको पूर्ण विभाजन हुन्छ। आसुरी सम्पदाको विभाजन हुने वितिकै क्षणिक सुखप्रदायिनी रम्भाको प्रगट प्रभावले चकमक हुन थाल्दछ। यस प्रखर ज्योतिको स्नेहिल स्पन्दनशीलताको स्फुरण नै भाविकको हृदयमा बाधा उत्पन्न गर्ने एउटा आवरण हो। संसारमा पर्दा सामुन्ने लगाइन्छ, तर उर्ध्वरेता साधकको लागि भित्र नै पर्दा हुने गर्दछ। जसको चित्तवृत्तिमा त्यस चमत्कारिक विक्षेपको आवरण पर्न जान्छ, उसको भावी प्रगतिको मार्ग अवरुद्ध हुनजान्छ।

चौपाई- विषय वासना करत कामना।
ते जन पावत विषय वामना।।७८।।

भावार्थ- यस्ता भक्तहरू जो भजन त गर्छन्, तर जसको मनमा सांसारिक विषयहरूको कामनाहरू लुकिरहेको हुन्छ, उनीहरू रम्भा आदि बाहिरी विषयहरूलाई पाए भने, उनीहरूद्वारा नै प्रभावित हुन्छन्।

विचारणीय छ कि भजनमा पनि सकामताले पछि लाग्न छोड्दैन। जो यसबाट बच्दछ, उसले पूर्णत्वलाई प्राप्त गर्दछ।

दोहा- रत्न प्रगट दुइ सिन्धु में, छोड़ बन्ध अलगाव।
एक उबारे जगत सों, दूसर बन्धन ताव।।१३।।

भावार्थ- वास्तवमा दुई पृथक्–पृथक् गुणधर्मवाला रत्न, खोजी गर्ने चिन्तन धारामा, भवसिन्धुको अन्तरालबाट प्रगट भएर साधकको अगाड़ि आउछन्, जसमध्ये केही त मायिक प्रवृत्तिहरूमा बाध्नेवाला छन् र केही मायाको बन्धनहरूलाई तोड्दै ईश्वरमा प्रवेश दिलाउनेवाला छन्। (एक प्रकारको रत्न संसारबाट बचाउनेवाला छन् जसमा कामधेनु, कल्पवृक्ष, चन्द्रमा, अमृत आदि विशेष रूपले उल्लेखनीय छन् र अर्का थरी ती हुन् जसमा सांसारिक प्रवृत्तिहरूमा आबद्ध गर्ने तत्परता भईरहन्छ, उदाहरणार्थ– गज, वारुणी, रम्भा, विष इत्यादि विचारणीय छन्। यिनीहरूको आवरणबाट रहित साधकले नै लक्ष्यको प्राप्ति गर्न सक्दछ।)

चौपाई- विषय आसरत भजन सकामा।
ता उर रत्न बाम बिधि जामा।।७९।।

भावार्थ- ऋद्धिहरू, सिद्धिहरू, मान–सम्मान इत्यादिको आशापूर्ण भावनाहरू पनि विषयात्मक आसक्तिको परिभाषाको अन्तर्गत नै आउँछन्। जो भक्त विषय कामनाहरूमा आसक्त छ, यस्तो पथिकको हृदयमा विपरीत गुणधर्मवाला यी बाहिरी रत्नहरू उत्पन्न हुन्छन् तथा प्रसार पाउँछन्, जसले बाहिरी प्रवृत्तिहरूप्रति सम्मान जागृत गर्दछ। यद्यपि भावहरू सबैको हृदयमा उत्पन्न हुन्छन्, तर जो निष्काम छ उसको अन्तर्देशमा यिनीहरू निष्क्रिय हुन जान्छन्।

चौपाई- रम्भा सबल शत्रु गति बामा।
विषय आस धुत रत्न ललामा।।८०।।

भावार्थ– उपरोक्त अभिव्यक्त भएका सांसारिक प्रसार गर्ने प्रवृत्तिहरू मध्ये रम्भाको आविर्भाव सशक्त शत्रुको रूपमा हुने गर्दछ, जसको गति लक्ष्यको विपरीत, सधैं बहिर्मुखी नै हुन्छ। संसारमा जुन मानिसहरूले विषयको नशामा होश–हवाश गुमाउँछन्, उनीहरूको लागि यो एउटा आश्चर्य लाग्दो मनोहर रत्न हो।

चौपाई– रम्भा उरबसी अतुल मैनका।
जन उर अँकुरे सुजस लैनका।।८१।।

भावार्थ– रम्भा समय–समयमा अनेक नामहरूले साधकहरूको जीवनमा आएकी छिन्। उर्वशी, अतुला, मेनका सबै यसैका विशेषणहरू हुन्, जसले भक्तको मनभित्र अंकुर उत्पन्न गराउने तथा सुयशको नाश गराउने खालकी छिन्।

जुन पथिकहरूलाई इष्टले बचाउँछन्, उनीहरू नै यसबाट बच्न सक्छन्, बाँकी अरूले मायाको बजारमा लुटिन्छन्। गोस्वामीजीले साँच्चै नै भन्नुभएको–

धरा न काहू धीर, सब के मन मनसिज हरे।
जे राखे रघुबीर, ते उबरे तेहि काल महुँ।।

(मानस, १/८५)

चौपाई– लोक दृष्टि महँ सुन्दर साजा।
भक्त फँसावन परम अकाजा।।८२।।

भावार्थ– लोकदृष्टिमा यो सुन्दर ताम–झाम हो; तर भक्ति–पथमा जसले प्रवेश गर्न चाहन्छन्, ती साधकहरूको लागि यो ठूलो पथ–अवरोध हो। सोझा–साझा भक्तहरूलाई फँसाउने खाले यी जालहरू परम तत्त्वबाट अलग गराउनेवाला हुन्। यिनीहरूको प्रतिक्रियाको परिणामस्वरूप पथिकहरूले अनिष्टकारी असम्भावनाहरूको शिकार हुने गर्दछ। उदाहरणको लागि शृंगी इत्यादि महर्षिहरूको कथानक द्रष्टव्य छ–

चौपाई– शृंगी पराशर कर गहि मारा।
विश्वामित्र बिलखि विस्तारा।।८३।।

भावार्थ– शृंगि ऋषि, महर्षि पराशर इत्यादिलाई जबरजस्ती समातेर यस मायाविनीले पथबाट वंचित गरिदिइन्। विश्वामित्र बड़ो साहसी थिए, जो कहिले पनि बाधाहरूको परवाह गर्दैनथे, तर वहाँ पनि अन्तमा गएर मेनकाबाट

प्रभावित हुनुभयो। रुँदै–कराउँदै वहाँले यसको विस्तारको प्रबलतालाई स्वीकार गरे। यद्यपि उनले फेरि अथक परिश्रम गरेर यसबाट बचेर आफ्नो लक्ष्य प्राप्त गरे। तर एकपटक त यस मायाले उनको चित्तवृत्तिहरूलाई झक्झकाएर उनलाई बलजफती पथबाट वंचित गरी नै हालिन्।

चौपाई– भजन प्रवेश करत विस्तारा।
धैर्यवन्त प्रभु केर सहारा।।८४।।

भावार्थ– मूलतः भजनमा प्रवेशको साथै मायाविनी शक्तिहरू रम्भा, मेनका इत्यादिको विस्तार हुन्छ। यौगिक उपलब्धिमा निश्चयात्मक पथ एउटै छ, त्यही एकतामा अनेकताको पूर्णरूपले विलय गरेपछि शाश्वत शान्ति र सुखको स्रोत खुल्न सक्दछ। जो स्वाभाविक धैर्यवान छ, जो प्रभुको सहारामा नै हिड्नेवाला छ, उनीहरू सबै खाले बाधाहरूबाट बच्दछ।

चौपाई– जेहिं जन लगन लगी इक ओरा।
तेहिं चिन्तत मति कबहुँ न भोरा।।८५।।

भावार्थ– जुन भक्तको विश्व अन्तर्यामी प्रभुमा एकनिष्ठ दृष्टि छ, उसले प्रभुबाहेक रम्भादि अरू वस्तुहरूमाथी सपनामा पनि दृष्टि हाल्दैन। यस्ता भक्तहरू पूर्णरूपले त्यसै सर्वेश्वरमा आश्रित रहँदै भूलेर पनि मायाविनी प्रलोभनहरूबाट प्रभावित हुँदैन।

चौपाई– तेहि संगत मन काम कुरूपा।
गज[१०] प्रगटा सोइ काम स्वरूपा।।८६।।

भावार्थ– रम्भा इत्यादिको संगतिबाट मनमा काम इच्छाको संचार हुन् थाल्दछ। त्योसंग संयुक्त भएपछि साधकको सुक्ष्म शरीरमा कुरूपता आउँछ। हात्ती कामको प्रतीक हो।

समुद्र मंथनको पौराणिक कथानकमा यसै हात्तीलाई ऐरावत नामले संबोधित गरिएको छ।

चौपाई– गज प्रतीक कामातुर मनसा।
मन मदमत्त फिरइ गज तनसा।।८७।।

भावार्थ– वास्तवमा गजको प्रगटीकरण मनको काम उन्मुखी प्रवाह हो। जब मन कामको नशामा मातिएर उताउलो हुनलाग्छ, तब यसले भजन–

चिन्तनको अंकुशलाई पनि मान्दैन। भगवत् अनुरागको बन्धनलाई पनि मातिएर भाँचि दिन्छ। सत्कर्महरूको खम्बालाई उखालेर फ्याकि दिन्छ। सांसारिक वासनाहरूमा विचलित हुने बिलासी मनको स्थिति मातिएको हात्ती–जस्तै हुन्छ। यस वृत्तिको निष्ठुर प्रहारबाट साधक व्याकुल भएर छट्पटाउन लाग्छ। तर यस्तो समयमा पनि इष्टदेवले कृपामयी सहारा प्रदान गरेर सोझा पथिकहरूलाई कुकर्मको कामरूपी हिलोमा हामफाल्नबाट बचाउनु हुन्छ।

परम प्रभु विष्णुले आफ्नो प्रिय भक्त नारदको लागि यही त गर्नुभयो–

जेहि बिधि होइहि परम हित, नारद सुनहु तुम्हार।
सोई हम करब न आन कछु, बचन न मृषा हमार।।

(मानस, १/१३२)

नारदको रक्षा त भइहाल्यो, तर यसको पश्चाताप उनलाई धेरै दिनसम्म रह्यो। जब प्रभुसंग फेरि भेटभयो तब सोधी नै हाले कि तपाईंले मलाई विवाह गर्नबाट किन रोक्नुभयो? प्रभुले सम्झाउनुभयो–

सुनु मुनि तोहि कहउँ सह रोसा। भजहिं जे मोहि तजि सकल भरोसा।।
करउँ सदा तिन्हकै रखवारी। जिमि बालक राखइ महतारी।।

(मानस, ३/४२/४–५)

दोहा– काम कला मन विह्वला, युक्ति न लागत एक।
क्षण सुख चित चंचल करे, बचे जे विमल विवेक।।१४।।

भावार्थ– कामले प्रेरित मन विषयहरूबाट व्याकुल हुनजान्छ। उसको पागलपन यति बढ्छ कि शम, दम, नियम, ज्ञान, वैराग्य इत्यादि एउटा पनि युक्तिले काम गर्दैन। चित्त यति चंचल हुन्छ कि सुरतिको डोरी पनि हल्लिन थाल्छ। यस्तो स्थितिमा विशुद्ध विवेकको साथै ब्रह्मको आश्रित रहने पुरुष नै बच्न सक्दछन्।

कबीर साहबले उनीहरूलाई नै सुरक्षित घोषित गर्नुभयो जो सबैतिर रमण गर्ने र रामसंग स्नेहले संयुक्त हुन्छ–

नारी काली नागिनी, तीनों लोक मझार।
राम सनेहि बचि गये, खाये सब संसार।।

चौपाई– विषयासक्त मन्द मति पापी।
अन्ध आयु सुख वारुणि[११] व्यापी।।८८।।

भावार्थ– विषयहरूमा आसक्त भएर जो मुर्ख नशामा अन्धो हुन्छ, त्यो क्षणिक समयको सुख–लालसाको वारुणिबाट ग्रसित हुन्छ। यस वारुणिको नशाले संयमपूर्ण पथलाई अवरुद्ध गरिदिन्छ।

सन्तप्रवर तुलसीदासजीले पनि यस तथ्यको प्रकाशन गर्नुहुन्छ–

मोह न अन्ध कीन्ह केहि केही। को जग काम नचाव न जेही।।

चौपाई– शुभ अरु अशुभ पुण्य दिन राती।
पाप कहे जे जग जगमाती।।८९।।

भावार्थ– शुभ र अशुभ, पाप र पुण्य, दिन र रातको द्वन्द्वात्मक चक्रले पापहरूको प्रसार गर्दछ तथा जीवलाई संसारमा तानेर ल्याउँछ। यिनीहरूमा फँसेका जीवहरू संसारमा अनेक योनिहरूमा भौतारिंदै व्याकुल रहने गर्दछ।

चौपाई– सकल विश्व समृद्धि दुःख भारा।
हेतु जनम जिय काल पसारा।।९०।।

भावार्थ– विश्वका सम्पुर्ण समृद्धिहरू दुःखको भारलाई नै बढ़ाउनेवाला छन्। यिनीहरूमा प्रगति गर्नाले भौतिकताको भारमा अलिकति पनि कमी आउने सम्भावना छैन। सांसारिक कामनाहरू नै जन्म–मृत्युका कारण हुन्, जसको प्रभावले सबैतिर सबै जीवहरूको लागि कालको विकरालताको व्यापक प्रसार भैरहेको छ।

चौपाई– सकल सृष्टि सुख–दुःख संसारा।
जहँ लगि जन्म विलय व्यवहारा।।९१।।

भावार्थ– जहाँसम्म जन्म र मृत्युको सीमा छ, चराचर जीव यसै कालचक्रमा पिसिंदै चिच्याई रहेका छन्। जन्म लिएपछि जबसम्म कसैले निरन्तर आत्मचिन्तन गर्दै आफूलाई परम प्रभुमा स्थित गर्दैन, तबसम्म '**जनमत मरत दुसह दुःख होई**'को अनिवार्यताबाट मुक्त हुन सक्दैन। सम्पूर्ण सृष्टिमा सुख–दुःखको विस्तार गर्ने सम्पूर्ण सम्भावनाहरूको केन्द्र यो संसार नै हो।

चौपाई– यह विष[१२] संसृति दैव चलाया।
विष काया शंकर गहि खाया।।९२।।

भावार्थ– यो आवागमन नै विष हो। भाग्यको आश्रित हिड्ने सम्पूर्ण संसार नै विषको विस्तार हो। यस शरीरमा नै विषयरूपी विष प्रवाहित छ, जसलाई शंकरजीले बलजफती नियन्त्रित गरेर खाई हाल्नुभयो।

चौपाई– शंक मिटे तब शंकर रूपा।
जहँ लगि संसृति शंक स्वरूपा।।९३।।

भावार्थ– सम्पूर्ण शंकाहरूको नाश भएपछि शंकरको स्थितिको उपलब्धि हुन्छ। जहाँसम्म संसारको विस्तार छ, त्यहाँसम्म शंकास्पद तर्कहरूको विस्तार नै बुझ्नु पर्दछ।

अतः मन पूर्ण संयमित, स्थिर र तर्कशून्य भएपछि नै 'शिव' स्वरूपको अनुभूति संभव हुन्छ।

चौपाई– सो स्वरूप भजनानन्द आसा।
परसि परम सुख रूप उदासा।।९४।।

भावार्थ– भजनानन्दको माध्यमबाट नै त्यस शिवस्वरूपको आशा गर्न सकिन्छ। परमतत्त्व परमात्माको दर्शन एवं स्पर्शको साथै त्यो सधैं रहने सुख, परम उदासीन शंकर स्वरूपको उपलब्धि हुन्छ।

चौपाई– तेहिं स्वरूप प्रगटे विष खोया।
विष पियूष मय सहजहि सोया।।९५।।

भावार्थ– त्यो शिवस्वरूप प्रगट हुने वित्तिकै विष विलीन भएर अमृतमा परिवर्तित हुन्छ र साधक सहज स्वाभाविक परात्पर सुखमा निमग्न हुन्छ अर्थात् यस स्थितिपछि आवागमनको क्रम सधैं–सधैंको लागि समाप्त हुन जान्छ र आत्मा स्थायी सहज अवस्थामा लय हुन्छ। अब प्रश्न छ कि त्यस अमृतको उत्पत्ति कसरी र कहाँबाट हुन्छ?

चौपाई– शशि[१३] पीयूष संगत सुखकारी।
जन जानत पद परस भिखारी।।९६।।

भावार्थ– चन्द्रमा र अमृतको संगति सधैं–सुखदायी हुन्छ। जसको हृदय प्रदेशमा यस अवस्थाको प्रगट संचार हुन्छ, त्यही भक्तले जान्दछ र यस अवस्थाको स्पर्श गर्ने वित्तिकै तत्क्षण भिखारी अर्थात् शंकर हुनजान्छ।

शब्दार्थ- भिखारी = जुन महापुरुषहरूको सामुन्ने परमतत्त्वको माँग रहँदैन, उनी परम भिखारी हुन्। यही स्वरूप शंकरजीको पनि थियो र सद्गुरुदेव परमहंसजीको पनि थियो।

चौपाई- मन ही शशि थिर परसि अकाशा।
ब्रह्म पियूष[१४] गहत भव नाशा।।९७।।

भावार्थ- आकाशको स्पर्श गरेर जब मन त्यहीं स्थिर हुनजान्छ, तब यस्तो शून्यमा पुगेको मन नै चन्द्रमा हो। श्रुतिमा पनि 'चन्द्रमा मनसो जातः'बाट यहि तथ्यको पुष्टि हुन्छ। गोस्वामीजीले पनि '**मन ससि चित्त महान।**' **(मानस, ६/१५ क)** भनेर प्रमाणित गर्नुभएको छ। यस्तो मनले नै त्यस ब्रह्मस्वरूप अमृतको पान गर्नेछ। त्यसले निरन्तर यस आन्तरिक भावको रसास्वादन गर्दै जान्छ, जसको परिणामस्वरूप मायिक व्याधिहरूको जन्म-जन्मान्तरदेखि चली आएको बन्धन टूट्न थाल्दछ। यसप्रकार क्रमशः कूटस्थ अमृतमय मन, काल र कर्मको सीमानाबाट निवृत्त हुनजान्छ।

चौपाई- जे काया नश्वर गति त्यागी।
चरत अकाश स्वाँस सँग लागि।।९८।।

भावार्थ- '**कोउ अवकास कि नभ बिनु पावइ।**' आकाश भनिन्छ पोललाई, शुन्यलाई। तात्पर्य यो हो कि त्यस शून्यको स्पर्श गरेर चंचल मनले अवकाश पाउँछ। जब यसले शरीरको सम्बन्ध छोड़ेर आकाशमा स्थायित्व लिन्छ र ईश्वराभिमुख भएर श्वास-प्रश्वासको माध्यमद्वारा त्यस शून्यमा प्रवाहित रहन्छ।

दोहा- ईश संग जग भास ना, शून्य सुरा दरसात।
ते चित चंदा अमर संग, निशि दिन पिय बरसात।।१५।।

भावार्थ- तब ईश्वरको यस्तो संगति हुनजान्छ, जहाँ संसारको आभास हुँदैन, सुराको गति आकाशमा प्रवाहित हुन थाल्दछ। यस्तो आकाशवत् चित्त नै चन्द्रमा कहलाउँछ। यस्तो मन देवत्व प्रदायिनी अमर प्रवाहसंग संयुक्त रहन्छ, जसको परिणाम रात-दिन धारावाही रूपमा परम प्रियतम परमात्मालाई देखाउँदै एवं बसाउँदै रहन्छ अर्थात् परमात्मा सम्बन्धि जानकारी दिई रहन्छ।

यस तत्त्वको निरूपण संत कबीरदासको वाणीमा यसप्रकार भएको छ-

रस गगन गुफा से अजर झरै।
बिनु बाजा झंकार उठे तहँ, समुझि परै जब ध्यान धरै।।
बिना ताल तहाँ कमल फुलाने, तेहिं चढ़ि हंसा केलि करै।।
बिना चाँद उजियारी छिटकी, जहँ-तहँ हंसा नजर परै।।

चौपाई- अजर अमर प्रभु पिय पहिचाना।
दैवी संग बिन काहू न जाना।।९९।।

भावार्थ- जो प्रभु अजर–अमर र शाश्वत छ, वहाँ नै मेरो जीवन अधार प्रियतम हुन्, यो दृढ़ विश्वास चेतन चित्तमा प्रविष्ट हुनजान्छ। तर यस पहिचानको लागि दैवी सम्पत्तिको संग्रह अपेक्षित हुन्छ। यदि उसको साहचर्य पाएन भने त्यो शाश्वत प्रत्यक्ष दर्शनमा आउँदैन। अतः यस दैवी सम्पत्तिको लागि प्रयास गरौं।

चौपाई- मथा सिन्धु जग हरि की छाया।
शुभाशुभम् जग रतन निकाया।।१००।।

भावार्थ- जब कुनै पथिक प्रभुको कृपापात्र बन्दछ, तब वहाँ कै छत्र–छायाँमा समुद्र–मन्थन गर्दछ। यस भवसिन्धुको मन्थन गर्ने र त्यसको अन्तरालमा अमृत उपलब्धिको कुनै अर्को पद्धति छैन। यस मन्थन क्रियाको प्रारम्भ भएपछि क्रमशः शुभाशुभ रत्नहरूको उत्पत्ति हुन थाल्दछ, जसमध्ये केही यस्ता विलक्षण छन्, जसलाई सामान्य आँखाहरूले देख्न सकिंदैन र न बुद्धिले थाहा पाउन सकिन्छ। ती अलौकिक उपलब्धिहरूको सीमाना शरीरको पकड़भन्दा बाहिर छ। त्यो त मात्र ईश्वरीय आदेशहरूको आवाजको पकड़द्वारा नै सम्भव हुन्छ।

चौपाई- सब संयोग देखि मन छोभा।
अमिय परस रत्नाकर सोभा।।१०१।।

भावार्थ- यसप्रकार धेरै रत्नहरूको संयोगमा पनि मनमा क्षोभ र चिन्ताको वृद्धि भई नै रह्यो किनकि अमृतको उपलब्धिको अभाव छ। अमृतको स्पर्श प्राप्त हुने वित्तिकै रत्नाकरको शोभा बढ्छ। चित्त निरन्तर शान्तिमा समाहित हुन्छ। वास्तवमा अमृत बिना रत्नाकरको शोभा कहाँ छ र? अतः अरू उपलब्धिहरू पछि पनि हलचल भई नै रहन्छ। यसमाथी द्रष्टव्य छ अर्को चौपाई–

चौपाई- पुनि सागर महँ हलचल रारी।
अमृत बिन भव दुःखद सुरारी।।१०२।।

भावार्थ– अमृतको अभावमा फेरि सागरमा हलचल यथावत् रह्यो, किनकि अमृतको उपलब्धि बिना स्थिरता कसरी हुन्छ? अमृतको अभावमा अरू उपलब्धिहरूमा पनि आवागमनमा लाने एवं देवत्व प्रदायिनी दैवी सम्पत्तिको ह्रास गर्ने आसुरी सम्पदाको विद्यमानता हुन्छ। प्रश्न उठ्छ कि अमृत के हो?

चौपाई– अमृतमय प्रभु परम आतमा।
चिदाकाश परतीति आत्मा।।१०३।।

भावार्थ– अमृतमा स्वयं व्याप्त परम प्रभु नै अमृत हुन्। चित्त जब आकाशवत् हुनजान्छ, तब मात्र त्यस आत्मतत्त्वको साक्षात्कार संभव हुन्छ। चित्तको निरोध गर्नेखाले त्यो अन्तरंग साधना–पद्धति नै त्यसको प्राप्तिको माध्यम हो।

चौपाई– सो अमृत रस दूसर नाहीं।
परस प्रभात सिन्धु भरि जाहिं।।१०४।।

भावार्थ– त्यो अमृत रस आत्माबाहेक अर्को केही पनि होइन। आत्मतत्त्वको स्पर्श गर्ने वित्तिकै यो जीवात्मा स्वयं प्रकाशस्वरूप हुनजान्छ। जब पथिकको अन्तर्देशमा त्यो आत्मतत्त्व प्रकाशित हुन्छ, तब भवसिन्धुको विस्तार समाप्त हुनजान्छ। त्रिगुणात्मिका प्रकृतिको प्रभाव पनि सम्पूर्ण मायिक अनर्थहरूको साथै पुरुषमा विलीन हुनजान्छ।

चौपाई– जन हरि परसत हरि के रूपा।
अमृत मय जन परसि स्वरूपा।।१०५।।

भावार्थ– त्यस अमृतमय परमात्माको स्पर्श पाउने वित्तिकै भक्त हरि स्वरूप हुनजान्छ। अतः जीवात्मा स्वतः परमात्मामा परिवर्तित हुन्छ। त्यस स्वरूपमा विलीन हुने क्रमशील क्षमता प्राप्त गरेको आत्मा अरूलाई अमरता प्रदान गर्न सक्षम हुनजान्छिन्। अमृत र आत्माको संयोगले नै पुण्यात्मा पथिकहरूलाई परमात्माको परम स्वरूपमा लिन गराई दिन्छ। संत कबीर यस स्थितिको दिग्दर्शन गराउँदै भन्नुहुन्छ–

अवधू! बेगम देश हमारा।
जहाँ पहुँच फिर हंस न आवै, भवसागर की धारा।।

चौपाई– तेहिं क्षण अन्तर ध्यान हरीशा।
को बिलगाव जीव अरू ईशा।।१०६।।

भावार्थ– यस विलयको साथै, त्यो आत्म–प्रेरक जो साधकको साथै पूर्ति हुञ्जेल चली रहन्छ, अन्तर्ध्यान हुन्छ। साधकलाई सहज स्वरूपको प्राप्ति हुन्छ। यस्तो स्थितिमा जीव र ईश्वरको अलगाव कसले गर्ने। अंश अंशीमा लीन भएर पूर्ण हुन गयो। अब उसको पृथक्करण सम्भव छैन। यो स्थिति अनिर्वचनीय हो। यही अवतारको देन र पराकाष्ठा हो। पुनः क्रियाको मूलतिर संकेत गरिएको छ–

चौपाई– गुरुवर रूप धरा उर माहीं।
दीर्घकाल निज जतन कराहीं।।१०७।।

भावार्थ– सत्य स्वरूपस्थ सबैतिर व्यापक जो सद्गुरु हुन्, उनकै स्वरूपलाई सुरतिले समातेर हृदयमा धारण गर्नु उनको प्राप्तिको मूल साधन हो। त्यो रूप सजिलोसंग पकड़मा आउँदैन। यसैकारण यस दिशामा निरन्तर प्रयत्न गरिरहनु पर्दछ।

चौपाई– परसत पद उर प्रेरक जागा।
तब सागर सिधि सब दुःख भागा।।१०८।।

भावार्थ– हृदयमा सुतेको प्रभु प्रेरक भएर जब जागृत हुन्छ र साधकको हेरचाह गर्ने जिम्मा आफ्नो हातमा लिन्छ, तब भवसागर मन्थन क्रियाको जागृति एवं पूर्ण सफलता पाइन्छ। चारैतिर सफलताको अनुभूति भएपछि संसार–सिन्धुमा सम्पूर्ण रत्नहरूको उत्पत्ति हुन्छ, साथै सम्पुर्ण दुःखहरूको अन्त हुन्छ। ईश्वरको प्रेमवर्षाले आत्मा भिज्दछ।

दोहा– सागर मन्थन जोग जन, जन जीवन आभास।
गुरुवर की सुधि ना मिली, पुनि जग नरक निवास।।१६।।

भावार्थ– उपर्युक्त सद्गुरुलाई मनले समाएर नै भक्तजनले सागर–मन्थनको योग्यता प्राप्त गर्दछन्। तत्क्षण भक्त र भगवान्को अनन्यताको आभास प्रदर्शित हुन थाल्दछ। यदि यस्तो साधकलाई कुनै सद्गुरुको कृपा प्राप्त छैन भने फेरि यस नारकीय जगतको बन्धनमा निवास गर्नु पर्दछ।

गुरुको यसै पवित्र महानताको प्रतिपादन गर्दै कबीरले गोविन्दभन्दा पनि पहिले गुरुकृपालाई निरूपित गर्नुभएको छ।

गुरु गोविन्द दोऊ खड़े, काके लागूँ पाय।
बलिहारी गुरु आपने, गोविन्द दियो बताय।।

चौपाई- योग प्रभाव ईश अवतारा।
विषय प्रभावित तन विस्तारा।।१०९।।

भावार्थ- योगको प्रभावले नै त्यो ईश्वर एवं अन्तर्प्रेरक कछुवाको अवतार हुन्छ। विषयासक्त पुरुषले पनि उत्कट श्रद्धा एवं हृदयको भावहरूद्वारा वहाँलाई देख्न सक्दछ। हो, यो प्रसंग अलग छ कि त्यस अवतरणको शुरूदेखि अन्तसम्म मूल माध्यम सद्गुरु नै हुन्। योगको सूक्ष्म जागृतिको एकमात्र माध्यम सद्गुरु नै हुन्, यो सधैं अकाट्य सिद्धान्तको रूपमा अवस्थित छ।

यसको उद्गमको लागि सद्गुरुको कृपा अपेक्षित छ। उदाहरणार्थ 'मानस'मा धनुष–यज्ञको प्रकरण उल्लेखनीय छ। यज्ञशालामा उपस्थित देश–देशान्तरका प्रबल पराक्रमी राजाहरूले आ–आफ्ना इष्टदेवहरूको स्मरण गरेर धनुष उठाउनमा आफ्नो क्षमताको प्रदर्शन गरे; तर उठाउनु तोड्नु त टाढ़ाको कुरा हो, उनीहरूले धनुषलाई तिल बराबर पनि हल्लाउन–डुलाउन सकेनन्।

परिकर बाँधि उठे अकुलाई। चले इष्टदेवन्ह सिर नाई।।

(मानस, १/२४९/६)

रहउ चढाउब तोरब भाई। तिल भर भूमि न सके छोड़ाई।।

(मानस, १/२५१/२)

उनीहरूले उठाउन कसरी सकुन्? उनीहरूको प्रयास त कामनाहरूले भरिएको थियो–

डगइ न संभु सरासनु कैसे। कामी बचन सती मन जैसे।।
सब नृप भये जोगु उपहासी। जैसे बिनु बिराग संन्यासी।।

(मानस, १/२५०/२-३)

तर सद्गुरुको पवित्र आज्ञाको अधिनमा रहने भगवान् श्रीरामले सहजै भवचापको खण्डन गरिदियो–

गुरुहि प्रनामु मनहिं मन कीन्हा। अति लाघवँ उठाय धनु लीन्हा।।

(मानस, १/२६०/५)

तेहि क्षण राम मध्य धनु तोरा। भरे भुवन धूनि घोर कठोरा।।

(मानस, १/२६०/८)

चित्तको चंचलता टुट्ने वित्तिकै चेतनाको स्वरूप प्रष्ट भएर व्यष्टिलाई समष्टिमा लय गरिदिन्छ।

सम्बन्ध– विषयी मानिसहरूले पनि भावहरूको उच्चताले त्यस ऊँचाईलाई पार गर्न सक्दछन्, तर पराभक्तिद्वारा प्रत्यक्ष स्थितिको रूपमा एउटा ज्ञानी भक्तले नै चाख्न पाउँछ। पराभक्तिको पराकाष्ठामा त्यस ज्ञानगरिमा प्रदायक, चरमोत्कृष्ट स्थितिको विधान छ। यसको लागि हेरौं–

चौपाई– कच्छप हरि अवतार कहानी।
भक्ति प्रभाव लखत विज्ञानी।।११०।।

भावार्थ– कछुवा अवतार सम्पूर्ण सृष्टिमा चेतनाको संचार गर्ने त्यो हरिको आफ्नै कथा हो। पराभक्तिको अवस्थामा ज्ञानीजनले त्यस स्वरूपको आभास पाउँछ। ईश्वरको प्रत्यक्ष जानकारीको नाम ज्ञान हो। जो भक्तिमयी विमल बुद्धिबाट प्रेरित छ, त्यो नै त्यस ज्ञानको कसीमा खरा उत्रिन्छ।

जबसम्म पूर्वजन्मको पुण्य र पुरुषार्थ जागृत हुँदैन, हृदय–देशमा सद्गुरुको सहारा प्राप्त हुँदैन, तबसम्म परम पवित्र कछुवा अवतार सम्भव हुँदैन। गोस्वामीजीको अर्द्धाली हेरौं–

पुन्य पुन्ज बिनु मिलहिं न सन्ता। सत संगति संसृति कर अन्ता।।

चौपाई– सब दिन सबहिं काल विधि पूरी।
योग युक्ति अनुराग न दूरी।।१११।।

भावार्थ– हरेक देश, काल र परिस्थितिमा यस अवतारको विधि सधैं एकरस एवं पूर्ण छ किनकि एकमात्र इष्टको अनुरूप राग नै अनुराग कहलाउँछ। युगधर्मको कुनै पनि प्रभाव उसको अगाड़ि क्रियाशील हुँदैन। योगयुक्ति र अनुरागको त्रिवेणी यदि अन्तःकरणमा प्रवाहित छ भने परम प्रभुले प्रगट हुने विधान छ; तर युक्तिले त्यही बेला काम गर्दछ, जब अनुरागपूर्ण हृदयमा कुनै अनुभवी गुरुबाट निर्देशन प्राप्त हुने गर्दछ।

चौपाई– समरथ सम करि जग हरि राखा।
ईस अनीस न जीवन भाखा।।११२।।

भावार्थ– यो सफलता स्वरूपस्थ महापुरुषको कृपामाथि नै केन्द्रित छ, जब उनको चरण–रज ध्यानको पकड़मा आउँछ, तब यो उपलब्धि सम्भव

हुन्छ। हरिको नामसंग समत्व स्थापित गराउने त्यही सद्गुरु हुन् जसको ज्ञान–प्रकाशले द्वैतको अन्धकार मेटिन जान्छ। सद्गुरुको प्रकाश–दर्शनले नै ईश्वर, अनीश्वर, माया, ब्रह्मादिको द्वन्द्व समाप्त हुन्छ र साधकले त्यही अनिर्वचनीय स्थिति प्राप्त गर्दछ।

चौपाई- तिन प्रगटा भव हरण सहारा।
अनायास गहि बाँह उबारा।।११३।।

भावार्थ- ब्रह्मवेत्ता समर्थ सद्गुरुले नै भव–भयलाई समाप्त गर्न सक्नु हुन्छ। परम कृपालु उर–प्रेरकले नै अधिकारीको पाखुरा समाउनु हुन्छ। वहाँकै सहारामा आश्रित पथिक यस अथाह भवसागरबाट विस्तारै–विस्तारै पार हुनजान्छ।

चौपाई- जन उर सम्भव विमल कहानी।
दरस परस जे आज्ञा मानी।।११४।।

भावार्थ- जो हरिप्रति समर्पित भएर मात्र वहाँको प्राप्तिको लागि दुखी छ, यस्ता भक्तजनहरूको हृदयमा नै अवतारको सूत्रपात् हुन्छ। यो अन्तर्देशमा हुने विवेकमयी विमल कथा हो। त्यस स्वरूपको दर्शन एवं आदेश त्यही पुरुषको लागि हुन्छ, जो आज्ञाकारी छ र निरन्तर प्रयत्नशील रहन्छ।

चौपाई- आज्ञा की विधि दूसर नाहीं।
उर अन्दर हरि सर्व सुनाहीं।।११५।।

भावार्थ- पथिकको आत्मामा प्रभु जागृत भएर त्यहीबाट शब्द संचार गर्दै उसलाई सम्झाउने–बुझाउने गर्नुहुन्छ। यसैप्रकारले क्रमशः स्थितिहरूबाट अवगत गराउँदै पथिकलाई वहाँले आफ्नो स्वरूपमा उभ्याई दिनुहुन्छ। जब वहाँ आत्मासंग अभिन्न बन्नु हुन्छ, तब प्रकृतिको प्रत्येक वस्तुको माध्यमले बोल्न थाल्नु हुन्छ।

यी चर्चाहरू सुनेपछि मैले पूज्य गुरुदेव भगवान्संग सोधें, के भगवान् पनि कुरा गर्नुहुन्छ? श्री गुरुदेवजीले बताउनुभयो, "हाँ हो! भगवान् त घण्टौं कुरा गर्नुहुन्छ। ध्यान गर्ने गर। तिमीसंग पनि बोल्नु हुनेछ।"

वास्तवमा यसबाहेक आज्ञापालनको कुनै अर्को विधान छैन। मात्र अन्तर्देशमा हरिको जागृत भएपछि यो आदेश साधकले पालन गर्न थाल्छ।

चौपाई- ऐसे हरि जो बोलत नाहीं।
साधन श्रम सुख उर महँ नाहीं।।११६।।

भावार्थ- यदि यस्तो गुरुत्व भएको प्रभुले अन्तर्मनमा प्रगट भएर मार्गदर्शन गर्नु हुन्न भने सोझा–साझा पथिकहरूको मन हताश हुन थाल्छ। जबसम्म साधनाको मूल्यांकन परमेश्वरको दिग्दर्शनको रूपमा हुँदैन, तबसम्म साधकलाई त्यो साधना भार प्रतीत हुन्छ र उसको दिन सुखसंग बित्दैन।

चौपाई- सतगुरु छबि राखहु उर अंतर।
अनुभव गम्य ज्ञान गुण मन्तर।।११७।।

भावार्थ- परम कृपालु सद्गुरुको तत्त्वदर्शी स्वरूपलाई हृदयमा आसीन गराउनुस्; अनुभवमा वहाँद्वारा दिइने निर्देशहरूलाई आधार बनाएर अगाड़ि बढ्नुस्। केही दिनको आन्तरिक शुद्धिको परिणामस्वरूप स्वयं पथिकलाई सत्यको खोजी गर्ने बुद्धि, ज्ञान र गुणहरूको मंत्र दिने समर्थ पुरुषहरूको अनुभवगम्य श्रेणीमा उसलाई खड़ा गरिदिन्छ।

चौपाई- प्रथम प्रवेश मिलहिं गुरु माहीं।
जे अनुभव पर राह धराहीं।।११८।।

भावार्थ- यस परम प्राप्तिवाला चिन्तन पथमा सर्वप्रथम सद्गुरुको नै सहारा प्राप्त हुन्छ, जसले पुर्ति हुञ्जेल पथिकको अंतस्थलमा प्रविष्ट गरेर पंथ–संचालन गर्नुहुन्छ। वहाँले अनुभवद्वारा साधकको मनमा नै प्रेरणाको उपदेश दिएर उसलाई परम पथमा लगाई रहनु हुन्छ। परमार्थ पथलाई पार गर्ने एकमात्र गुरु नै मूल आधार हुनुहुन्छ।

गुरुको कृपाको प्रभाव नै यति विलक्षण हुन्छ कि शिष्य कृपापात्र बन्ने वित्तिकै आत्मोन्नतिको शिखरमा पुग्दछ। यिनै चरणहरूको पवित्र रज विवेक चक्षुहरूलाई विमल गर्नको लागि अपरिहार्य हुन्छ। संत तुलसीदासजीको शब्दहरूमा हेर्नुहोस् –

गुरु पद रज मृद मंजुल अंजन। नयन अमिअ दृग दोष बिभंजन।।
तेहिं करि बिमल बिबेक बिलोचन। बरनउँ राम चरित भव मोचन।।
(मानस, १/१/२-३)

गुरु के बचन प्रतीति न जेहीं। सपनेहुँ सुगम न सुख सिधि तेहीं।।

दोहा– गुरु रूठे पर हरि नहीं, गुरु नहीं रूठन योग।
गहि राखे उर बिच में, उर अवतरिया भोग।।१७।।

भावार्थ– यदि यस्तो सद्गुरुलाई मनको जड़ताको कारण पथिकले सम्हाल्न सकेन्, र वहाँ रिसाउनुभयो भने हरिले पनि यस्तो अवस्था भएको असतर्क साधकलाई सहारा दिनु हुन्न र यदि केही गरी गुरुले सहारा दिन समाप्त गरिदिनुभयो भने यस्तो अवस्थामा हरि रहनु हुन्न, तर महत्वपूर्ण कुरा के छ भने गुरु कहिल्यै पनि रिसाउनु हुन्न। वहाँले प्रायः दीनका त्रुटिहरूलाई समाहित गर्नुहुन्छ। वहाँले पथिकको मानसिक प्रवाहलाई हृदयमा रोकेर राख्नु हुन्छ। यति मात्र होइन, उसको हृदय–देशमा त्यो अवतारको क्रिया–कलापहरूको विस्तार गर्दै प्रेम–प्रसाद वितरित गर्नुहुन्छ।

दोहा– विमल विवेक विरति मति, जे सतगुरु आधीन।
ते जन पावन आत्मा, परमानन्द प्रवीन।।१८ क।।
वहाँ न जनमे ना मरे, ना वहिं कलि विस्तार।
व्यापक ब्रह्म स्वरूप सोइ, स्वात्म सृष्टि निस्तार।।१८ ख।।

भावार्थ– जुन पवित्र बुद्धिवाला विरक्त साधकले आफ्नो सुरतिको डोरीलाई सद्गुरुको चरणहरूमा बाँधेर राख्दछ, त्यो प्रवीण जनले आफ्नो आत्मालाई परमात्मामा लीन गरेर परमानन्दमा सधैंको लागि निमग्न हुनजान्छ। त्यहाँ न जन्म छ, न मृत्यु, न सुख छ, न दुःख; यो देशमा न यमराजको पहुँच छ र कलियुगको विस्तार छ। यस्तो अवस्थामा पुगेको साधक स्वात्म–सृष्टिलाई परमात्माको रंगमा रंगिएर व्यापक ब्रह्मको शाश्वत रूपमा स्वयं स्थिर हुनजान्छ।

सोरठा– विमल भोग अवतार, तहँ यम कलि कर गम नहीं।
सपदि उतारे पार, विपद पुकारे नर हरी।।१।।

भावार्थ– त्यो अवतारको भोग बिल्कुल निर्दोष एवं निर्मल हुन्छ। त्यहाँ कलियुग र यमराजको गति मेटिन जान्छ। उपर्युक्त जागृति यदि हुन्छ भने त्यो अवतरित सत्ता (भगवान्)ले चाँड़ै र निश्चित रूपले पार उतार्नु हुन्छ। सांसारिक विषयहरूमा जसलाई विपत्तिको ज्ञान हुन्छ र जसले असह्य विपदाहरूबाट डराएर त्यो प्रभुलाई बोलाउँछ, यस्ता भाग्यशाली नरहरूको लागि त्यो हरिको प्राकट्यको विधान छ।

सोरठा- संस्कार दे साथ, तब गुरु की महिमा बनी।
सब के समरथ राम, तेही बल सब जीवन धनी।।२।।

भावार्थ- धेरै जन्महरूको शुभ संस्कारहरू जब प्रकट भएर साथ दिन्छ, तब मात्र हामी परम दयालु गुरुको शरण पाउँछौं। वास्तवमा सबैको आत्मामा त्यो परम समर्थ रामको स्वरूप लुकेको छ। त्यही रामको आभ्यन्तरिक आश्रय प्राप्त गरेका आत्माहरू यस संसारमा भएर पनि धनवान छन्। प्रत्येक मानवले त्यसलाई प्रत्यक्ष गर्नको लागि अधिकारयुक्त छ। यदि गुरुको अलिकति पनि सहारा उसले प्राप्त गऱ्यो भने केही जन्महरूको हेर–फेरमा निर्बल पथिकले साधन–क्रमबाट संयुक्त भएर स्व–स्वरूपमा प्रवेश पाउँछ।

नोट- *सागर–मंथनको उपलब्धि चौध रत्न – १. शंख, २. घोड़ा, ३. घनुष, ४. धन्वन्तरि, ५. कल्पवृक्ष, ६. कामधेनु, ७. मणि, ८. श्री, ९. रम्भा, १०. हात्ति, ११. वारुणि, १२. विष, १३. शशि, १४. अमृत।*

।। ॐ।।

मत्स्यावतार

जीव–जगत्का अनेक थरीका सत्यहरू, रहस्यहरू एवं सिद्धान्तहरूलाई कथा–कहानीको माध्यमले व्यक्त गर्ने परम्परा अतिप्राचीन हो। सामान्यदेखि ठूला–ठूला कुराहरूसम्मलाई कथाहरूको आधार बनाइएको छ। कारण स्पष्ट छ– कथा–कहानीको प्रभाव मानव मस्तिष्कमा धेरै पर्दछ। सृष्टि–विकासको साथ–साथै मानवको सम्बन्ध कथा–साहित्यसंग जोड़िएको छ। कहानी भन्ने–सुन्ने उसको प्रवृत्ति रहेको छ। अतः उसको चेतनालाई प्रभावित गर्ने यो सशक्त साधन बनेको छ र कहानीको स्वरूपमा परिवर्तन हुँदै आए पनि त्यसको प्रभाव यथावत् हुन्छ।

आत्मतत्त्वदर्शी, तपोधन महात्माहरूले पनि गूढ़भन्दा पनि अतिगूढ़ तत्त्वहरू, सृष्टिका रहस्यहरू एवं ब्रह्मको सत्तालाई आफ्नै अनुभूतिहरूको प्रकाशमा यी माध्यमहरूद्वारा व्यक्त गरेका छन्। उनीहरूले परमार्थ पथलाई सजिलो गर्नको लागि विभिन्न प्रकारका कथाहरूको रचना गरे र घटनाहरूको मौलिक सृजन गरे। रूपकहरू र प्रतीकहरूको सहाराले अध्यात्म तत्त्वलाई हाम्रो सामुन्नेमा राखे। गूढ़ कुराहरूको विवेचन कथाको माध्यमले गरेमा सरल, सरस एवं हृदयग्राही हुनजान्छ, यसकारण महात्माहरूले अध्यात्म क्षेत्रमा यसलाई अपनाए।

जुन तपःपूत मनीषिहरूले यी कथाहरूको रचना गर्नुभयो, वहाँहरूको लक्ष्य परमार्थ पथलाई सजिलो गर्नु थियो। वहाँहरूले अध्यात्मलाई सामुन्नेमा राख्नुभएको थियो। कालान्तरमा यी कथाहरूको उपयोग लौकिक उपलब्धिहरूको लागि हुन थाल्यो र तिनीहरूको भित्रको महानतम उद्देश्य दबिन गयो अर्थात् ती कथाहरू भित्रको रहस्यहरूतिर ध्यान गएन।

मत्स्यावतारको रहस्यलाई बुझ्नुभन्दा पहिले एउटा प्राचीन कथालाई उदाहरणको रूपमा ग्रहण गरेर उपर्युक्त कुराहरूको जाँच तथा विषयक्रमलाई स्थिर गर्नु उचित हुनेछ। महाराज परीक्षित एउटा महात्माको श्रापबाट प्रपीड़ित भए। व्यासपुत्र अवधूत शुकदेवको कृपा–प्रसादले 'भागवत' उनले सुन्न पाए। राजाको कल्याण भयो। कालान्तरमा भागवत–कथन पण्डितहरूको पेशा बन्न गयो र कथाको रहस्य गौण हुन गयो। केही समयपछि एउटा अर्को राजाले

कल्याणको इच्छा गरे। सयकड़ौं विद्वानहरूले राजाको कल्याण हुनको लागि कथाको व्यवस्था आरम्भ गरे। राजाले कथाका सामग्रीहरू, द्रव्य आदि जुटाए र कथा सुन्न थाले। कथा समाप्त भयो तर उनको कल्याण भएन– हर्ष, शोक, भय आदि भई नै रह्यो। आशा, तृष्णाको वेग यथावत् रह्यो। राजालाई बड़ो क्रोध आयो। उनलाई लाग्यो कि पण्डितहरूले उनीसंग षड्यन्त्र रचेका रहेछन्। उनले पण्डितहरूलाई जेलमा हालि दिए ताकि उनीहरूले फेरि यस्तो षड्यन्त्र गर्न नसकून् र यसको प्रसार नहोस्। राजाले पटक–पटक कथा सुने तर कल्याण भएन। यो अवश्य भयो कि जेलमा विद्वान पण्डितहरूको संख्या बढ्न थाल्यो। अन्तमा इच्छा नहुँदा पनि राजाले कुलगुरु (पुरोहित)बाट कथा सुने। पुरोहितले कथा समाप्त गरेपछि उनी पनि जेलमा पुगे। पुरोहितको पुत्रले पिताको बारेमा समाचार सुन्यो। ऊ राजाकहाँ पुग्यो र भन्यो– "राजन् ! म तपाईंको कल्याणको लागि प्रयत्न गर्नेछु। तपाईं एक घण्टाको लागि आफ्नो राज्य मलाई दिनुहोस्।" राजाले बालकको कुरा माने, आफ्नो राजपोशाक उतारे तथा सिंहासनको तल गएर बसे। अब सिंहासनमा पुरोहित–पुत्र विराजमान थियो। उसले मन्त्रीसंग भन्यो– "यस भूतपूर्व राजालाई खम्बामा बाँधि देऊ।" मन्त्रीले आज्ञाको पालन गऱ्यो। सिंहासनारूढ़ बालकले अर्को आदेश दियो– "फलानो नाम भएको पण्डित (आफ्नो पिताको नाम)लाई जेलबाट बाहिर निकाल र राजाको नजिकैको खम्बामा बाँधि देऊ।" त्यस्तै गरियो। पुरोहितलाई बड़ो क्रोध आयो– राजाले पागलपनमा हामी ब्राह्मणहरूलाई जेलमा बन्द गरायो, उसको छोराले पनि सनकीमा उसलाई बाँध्न लगायो। ऊ केहि समयसम्म बोली रह्यो। जब ऊ शान्त भयो तब बालकले भन्यो– "पुरोहितजी! राजा साहबको बन्धन खोली दिनुहोस्।" "तँ पागल भइस् कि क्या हो! देख्दैनस् म बाँधिएको छु, हात खुट्टा पनि हल्लाउन सक्दिन, राजाको बन्धन कसरी खोल्न सक्छु।"– पण्डित झोक्किए।

बालक फेरि बोल्यो– "ठीक छ राजन् ! तपाईं नै पुरोहितजीलाई खोल दिनुहोस्। तपाईं राजा भई सक्नु भएको छ। कुनै युक्ति लगाउनु होस्।"

"विप्र बालक! म पनि बाँधिएको छु, म कसरी खोल्न सक्छु।"– राजाले उत्तर दिए।

अन्तमा बालकले मन्त्रीहरूलाई दुबैको डोरी खोल्ने आज्ञा दियो। समयमै कार्य पूरा भयो। राजा फेरि आफ्नो सिंहासनमा गएर बसे। त्यसपछि ब्राह्मण बालकले भन्यो– "राजन्! जब पण्डित आफै मोहको बन्धनमा बाँधिएको छ, रात–दिन घर–परिवारको लागि राम्रा–नराम्रा कर्म गर्दछ, मायाको फन्दामा जकड़िएको छ भने तपाईंलाई कसरी बन्धन–मुक्त गर्न सक्दछ। जुन शुकदेवबाट कथा सुनेर राजाको कल्याण भएको थियो, उनी परमविरक्त महापुरुष थिए। तपाईं पनि कुनै विरक्त महापुरुषबाट कथा सुन्नुहोस् र कल्याणको पात्र बन्नुहोस्।

त्यसै समयदेखि राजा विरक्त महापुरुषको खोजीमा लागे। यस कहानीबाट 'पूर्ण प्राप्तिवाला महापुरुष'को खोजको प्रेरणा पाइन्छ, र यसै कुराको यसमा निर्देशन छ, तर विरलै मानिसले यस पक्षमाथी विचार गर्छ। यो एउटा कथा मात्र बनेर रहेको छ। यसैप्रकार अवतार–सम्बन्धी कथाहरू पनि छन्। त्यो परम प्रभुलाई कसरी प्राप्त गर्ने, व्यापक ब्रह्मको अवतार आफूभित्र कसरी होस् – यिनीहरूसंग सम्बन्धित उपायहरू तथा साधनहरूलाई मनीषिहरूले कथामा पिरोलेका छन्।

मत्स्यावतार पनि एउटा शुद्ध रूपक हो। समुद्रबाट एउटा सानो माछा निस्कियो र स्वायंभुव मनुलाई भन्यो– "हाम्रो कुलको मर्यादा छ कि ठूलो र बलियो माछाले सानो र दुर्बल माछालाई खाने गर्दछ। तपाईं मेरो रक्षा गर्नु होस्।" चराचरका राजा मनुले उसलाई घैंटोमा राखे। थोरै समयमा नै त्यो स्थान साँगुरो भयो। त्यसपछि मनुले त्यसलाई ठूलो तलाउमा राखेर पालन–पोषन गर्नुभयो। त्यहाँ पनि माछाको निरन्तर बुद्धिले त्यो स्थान पनि साँगुरो देखिन थालियो, तब मनुले माछालाई गंगाजीको विस्तृत धारामा प्रवाहित गरिदिनुभयो। गंगाको स्थान पनि साँगुरो भएपछि महाराज मनुले त्यसलाई समुद्रमा गएर छोड़ि दिनुभयो र व्यवस्थामा संलग्न रहनुभयो।

समुद्रमा प्रवेश गरेपछि माछाले भन्यो– "राजन् ! अब म बाधारहित बस्नेछु। महाप्रलयको समय आइसकेको छ। तपाईं एउटा डुङ्गामा सृष्टिको कल्याणकारी बीउ तथा सप्तर्षिहरूलाई लिएर सबै प्रकारको चिन्ता छोड़ेर बस्नुहोस्। तपाईंले डुङ्गाको बलियो डोरीलाई मेरो टाउको ऋङ्गमा बाँधी दिनुहोस्। चराचर समेत त्रैलोकको नाशगर्नेवाला त्यो महाकाल प्रकट भएपछि म तपाईंलाई निर्दोष, अजर, अमर, शाश्वत स्थिति प्रदान गरेर पूर्णतामा स्थित गरिदिनेछु।"

मनुले यस्तै गरे। तब त्यो माछाले हजार वर्षसम्म मनुलाई परमार्थको उपदेश दिंदै निरन्तर चलि रह्यो। कथामा भनिएको छ कि त्यो माछाको गति प्रकृतिको तीव्रतम गति भएको प्राणीहरू वा माध्यमहरू भन्दा पनि बढ़ी थियो। अर्थात् वायु, प्रकाश इत्यादिको गतिभन्दा पनि त्यसको गति बढ़ी थियो। त्यो गतिले हिड़ेर माछाले डुङ्गालाई हिमालयसम्म पुऱ्यायो र मनुले त्यस डुङ्गालाई हिमालयको सर्वोच्च शिखरमा बाँधी दिए। माछाले राजालाई फेरि आश्वस्त गऱ्यो र ऊ अदृश्य भयो। थोरै समयमा महाप्रलयको त्यो दृश्य शाश्वत शान्तिमा बदलियो। मनुले फेरि परम कल्याणकारी ती बीउहरूलाई जता–ततै छर्के र ती बीउहरू अंकुरित भए।

मनु – मन नै मनु हो, जो आफू नै सृष्टिको रचयिता हो। जुन महापुरुषहरूले यस मनलाई वशमा गरे उनीहरूले संसारको क्रमलाई नै रोके। '**मन ही आये जगत बनाके, ऊँच-नीच तन पाया रे।**'

यो संसार नै समुद्र हो, जसमा अनन्त योनिहरूको क्रम छ। मन र इन्द्रियहरूको अधोमुखी अनन्त प्रवृत्तिहरू छन्। यिनीहरू नै अथाह खाल्टा तथा खाड़िहरू हुन्। मन एवं इन्द्रियहरूको ऊर्ध्वमुखी प्रवृत्तिबाट निर्मलता, निवृत्ति संभव हुन्छ। अधिकांश प्रवृत्तिहरूले संसार–सागरमा नै फसाउँछन्, तर कुनै समयमा '**राम भक्ति जल मम मन मीना।**' वाला इष्टोन्मुखी प्रवृत्ति प्रगट हुन्छ, जो भक्तिरसमा सुख मान्नेवाला छिन्। यही मानसिक प्रवृत्ति माछा हो। भजनको थोरै प्रवृत्तिलाई मायिक प्रवृत्तिहरूले खाई दिने गर्दछन्, मेटी दिने गर्दछन्। त्यसैले त्यो दुर्बल माछाले मनुसंग आफ्नो रक्षाको लागि निवेदन गऱ्यो। ठीक यसैप्रकारको स्थिति भक्तको हृदयको हुन्छ। इष्टोन्मुखी प्रवृत्ति जागृत हुने वित्तिकै भावविभोर भक्तले आफ्नो मनसंग नै आफ्नो रक्षाको लागि निवेदन गर्दछ– "हे मन! अनन्त मायिक मनोवृत्तिहरू (बहुमत्स्यहरू)बाट बचेर यो थोरै यथार्थ लगन जागृति भएको छ। यस मन्तव्य (मत्स्य)को रक्षा–व्यवस्था गर।"

रक्षा–कार्यको प्रथम चरणमा मनुले यस इष्टमयी प्रवृत्तिलाई घैंटोमा राख्दछ। घट भनिन्छ हृदयलाई! अर्थात् उसले यस प्रवृत्तिलाई हृदयमा नै व्यवस्थित ढंगले प्रवाहित गरिदिन्छ। हृदयमा धेरै समयसम्मको सफल

प्रयोगबाट यो मत्स्य (मनोवृत्ति) पुष्ट हुनजान्छ र जब त्यागरूपी तलाउमा राखेर त्यागको पूर्णतालाई प्राप्त गराई दिन्छ र पुरुषलाई त्यागप्रधान बनाई दिन्छ। त्याग–पालनको प्रक्रिया ठोस भइसक्यो, त्यसमा अब कुनै अपूर्णता छैन। जसको संकेत 'तलाउको कुना–कुनासम्ममा त्यो माछाले ठसाठस भरियो।" संग मेल खान्छ।

प्रयोगात्मक प्रवेशबाट मनःस्थलमा ज्ञानको प्रस्फुटन हुनजान्छ। '**ज्ञान गंगा नहाले प्यारे मना!**' मनुको सहयोगले अर्थात् मनको पुरा सहयोगले, बिना 'लीकेज' त्यो मत्स्यरूपी मनोवृत्ति ज्ञानमा प्रवाहित हुनजान्छ र ज्ञानको व्यापकताको साथै क्षीर सागरमा प्रवेश गरेर त्यसैको रूप लिन्छ। यो क्षीर–सागर ईश्वरको विहार, निवास–स्थान हो। सम्झि राख्नुहोस्, यता संसार–सागर छ, उता क्षीर सागर ईश्वरको स्वरूप नै छ। संसार–सागरको त सीमाना छ, तर ईश्वरमय सागरको सीमाना छैन, त्यो त अनन्त छ। ईश्वरको निवासको व्यापक उपलब्धिमा मनोवृत्तिले पनि पूर्णता प्राप्त गरेर अचल हुन्छ। इष्टोन्मुखी प्रवृत्ति त्यस सागरको संयोगले ईश्वरमयताको लहररूपमा परिवर्तित हुन्छ जसमा तीनवटै लोकहरूको सामान्य आधार एवं प्रसारण केन्द्र पृथ्वी डुब्दछ अर्थात् संस्कारहरू उम्रिने हृदयस्थल डुब्दछ।

माछाको कृपा–प्रसादरूपी प्रेरणाले उपलब्ध डुङ्गामा सप्तर्षिहरूलाई राखेर मनु आफू पनि बसे। क्रमशः सातवटा भूमिकाहरूमा ऋषित्वको उपलब्धि नै सप्तर्षि हो। योग–चिन्तनको सातैवटा भूमिकाहरूमा ऋषित्व प्राप्त गर्ने पुरुष नै नियमको कसीमा चढ्दछ, नियम नै नौका (डुङ्गा) हो। शुभाशुभको अंत गर्ने खाले यस नियममा हिड्नु तथा योगका सातवटै अतिसूक्ष्म भूमिकाहरूमा ऋषित्व प्राप्त गर्नु 'उर–प्रेरक' त्यो प्रभुको देन हो। मनको इष्ट चिन्तनमयी प्रवृत्तिमा प्रेरकको स्थानमा स्वयं भगवान् नै अवतरित भएर उभिनु हुन्छ। भजन कसैले जति गरोस् तर जबसम्म परमात्माले इष्टमयी प्रवृत्तिको संचालन गर्दैन तथा आफ्नो स्थितिहरूमा ढाल्दैन, तबसम्म त्यो ब्रह्मलाई बुझ्न सकिंदैन। अर्थात् मानसिक प्रवृत्तिहरूमा सबैतिर प्रेरकको रूपमा इष्ट अवतरित हुनु अनिवार्य छ तथा त्यही मत्स्य (माछा) हो। मानसिक प्रवृत्तिको प्रतीक त्यो मत्स्य परमात्म–स्वरूपमा संचालित छ, यसकारण अवतार कहलाउँछ।

प्रेरकको रूपमा अवतरित त्यो प्रभु कुनै अनुरागीलाई लिएर हिड्दछ भने हजारौं मानसिक प्रवृत्तिहरूमा जुन रसहरूको संचार भएको हुन्छ, जबसम्म त्यसको अंत हुँदैन, तबसम्म त्यो हिड्दछ। यात्राकालमा त्यो इष्ट मत्स्यले निरन्तर ब्रह्मको उपदेश दिई रह्यो अर्थात् त्यो इष्टले नै अनुरागीलाई पटक-पटक उपदेश दिई रहन्छ। तब मात्र बुझ्नमा आउँछ- त्यो नै वास्तविक उपदेश हो। प्रायः श्री महाराजजीले यसैमा जोर दिने गर्नुहुन्थ्यो- "हो! भगवान् पढ़ाया करत हैं। मोके भगवान् पढ़ावत हैं, तोहूँ के पढ़इहैं।" (भगवान्ले पढ़ाउने गर्नु हुन्छ, मलाई भगवान्ले पढ़ाउने गर्नुहुन्छ, तिमीलाई पनि पढ़ाउनु हुनेछ।) अर्थात् आफ्नो स्थिति बुझाउने गर्नुहुन्छ। मानसिक हजारौं प्रवृत्तिहरूको अंत गरेर त्यसो आराध्यले त्यस डुङ्गालाई हिमालयको शिखरमा बाँधि दिनुभयो अर्थात् मानसिक शुभाशुभमा संचालित सम्पूर्ण प्रवृत्तिहरूको यात्रा पार गरेपछि जो अचल, शाश्वत ब्रह्म छ, उसैको काखमा आएर बाधिन्छ। हिमालय ब्रह्मको द्योतक हो। यस हिमालयलाई अचल स्थिर देखेर ब्रह्मको वास्तविक अचलतिर संकेत गरिएको छ। हिमालय शान्त र शीतल ब्रह्मको प्रतीक हो। सबैतिर ब्रह्ममयता आएको थियो, देखिएको थियो तर देख्नेवाला त्यो साधक अलग खड़ा छ, यसकारण विलिनताको अन्तिम स्थिति, हिमालयको अन्तिम स्पर्श र त्यसमा बाँधिनु हो। हिमालय अचल, शान्त, शीतल एवं स्थिर कुनै सत्ता हो जसलाई ब्रह्म भनेर सम्बोधित गरिएको छ- त्यसमा पूर्ण विलय हुनुछ। वास्तवमा त्यो अचल ब्रह्ममा पूर्ण स्थिति भएपछि अर्थात् त्यसमा समाहित भएपछि त्यो प्रेरक पनि अदृश्य हुनजान्छ; किनकि अब कुनै अलग सत्ता छँदै छैन, यसकारण कसलाई प्रेरणा दिने?

सुरसरि मिले सो पावन कैसे।
ईस अनीसहि अन्तर जैसे।। (मानस)

यस एकत्वमा द्रष्टा पनि अलग छैन। यसकारण त्यो प्रलयकालीन दृश्य पनि समाप्त भयो। याद राख्नुहोस्, ब्रह्ममयता नै जड़-चेतन समेत सम्पूर्ण सृष्टिलाई नष्टगर्ने महाप्रलय हो। ब्रह्ममा स्थिर भएपछि सृष्टि र ब्रह्म दुबै रहँदैनन्। त्यो कैवल्यस्वरूप महापुरुष मात्र बाँकी हुन्छ, जसमा-

'ईश्वर ब्रह्म जीव अरु माया, फूँक दियो संसार।'
'बिना ईंधन के परकासी।.....' (लावनी)

जसमा वहाँ नै स्वयं प्रकाशस्वरूप र प्रकाशक छ। यस्तो महापुरुषसंग सृष्टिको कल्याणकारी बीउ हुन्छ। जुन परमकल्याण गर्नेवाला छ, पतनको बीउ उनीसंग हुँदैन। कल्याणको विधान सधैं यस परमको स्थितिले पूर्ण सद्‌गुरुहरूद्वारा सम्भव हुँदै आएको छ, जसको प्रतिपादन यस कथामा छ। हिमालयमा बाँधिए पछि अर्थात् अन्तिम स्थितिमा मनु महाराजले कल्याणकारी निर्दोष बीउहरूलाई फैलाउनुभयो– यस्तो नै मान्यता छ। जो आफू कल्याण स्वरूपमा स्थित छ, आफ्नो कल्याण गरिसकेको छ, उसैले अरू पुरुषहरूको कल्याण–सम्पादन गर्न सक्छ।

नोट–

१. *यस कार्यको प्रवृत्तिकालमा मनुको नाम सत्यव्रत भएको थियो। किनकि मनका असत्य र सत्य दुबै प्रवृत्तिहरू मनको अन्तरालमा छन्। तर साधक जब इष्टतिर बढ्न लाग्दछ, तब उसको असत्य प्रवृत्तिहरू दबिन्छिन्, सत्यव्रतको प्रवृत्तिहरू बलियो हुन जान्छिन्।*

२. *नियम नै नौका (डुङ्गा) हो जो सुरतिको डोरी तथा श्वासको तारहरूद्वारा इष्टमयी मनोवृत्ति (मत्स्य)मा बाँधिएको हुन्छ। यस्तो प्रवृत्तिको अन्तरालमा इष्ट स्वयं अवतरित भएर गतिमान प्रवाह प्रदान गर्दछ, यसकारण अवतार छ। यो अवतारको निम्नतम स्वरूप हो, आरम्भको बिन्दु हो– जसमा संचालित भएर अवतारले पूर्णत्व पाउँछ। जहिले पनि कसैले पाएको छ भने यसै रूपमा पाएको छ।*

३. **अवतार**– *वास्तवमा परम कल्याणकारी मनोवृत्तिलाई तब मात्र बुझ्न सकिन्छ, जब ईश्वरको अवतार हुन्छ।*

'मन बस होइ तबहिं, जब प्रेरक प्रभु बरजे।' (मानस)

भजन कसैले लाख गरोस्, तर त्यो कल्याणकारी भजन हुँदैन, जबसम्म त्यो प्रभुको आविर्भाव हुँदैन। त्यो प्रेरकबाट संचालित भएपछि अनुरागी पथिकको गति सबैभन्दा तेज र सबैभन्दा पहिले पुग्नेवाला, सीधै लक्ष्यमा पुग्नेवाला हुनजान्छ, जसको मान्यता सधैं रहेको छ। हामी सबैको लागि आज पनि विद्यमान छ।

।। ॐ।।

वराह अवतार

हिरण्याक्ष– प्राचीन वैदिक भाषामा हिरण्य भनिन्छ सूक्ष्म शरीरलाई। ब्रह्मादेखि जति पनि वस्तुहरू संसारमा छन्, हिरण्यगर्भ कहलाउँछन्। यसमा जन्म–जन्मान्तरको संस्कारहरूको 'रील' छ, जो मनको अन्तरालमा स्थित संसार हो। '**तुलसीदास कह चिद्विलास जग बूझत बूझत बूझै।**' तुलसीदासजी भन्नुहुन्छ कि चित्तको विलास नै जगत् हो। अक्ष भनिन्छ दृष्टिलाई। यसप्रकार संसारमयी दृष्टि हिरण्याक्ष हो। यो नै सम्पूर्ण मायाको मूल, आसुरी प्रवृत्तिहरूको उद्गम हो। यसैकारण हिरण्याक्ष राक्षस हो, जसले यस शरीररूपी पृथ्वीलाई मल–मूत्र, रक्त–पीपले संयुक्त चराचरमा स्थित यी गर्भवासका योनिहरूमा फ्याकि राखेको छ। यस जीवात्माको दुर्गन्धले भरिएको पतन तलाउबाट तबसम्म उद्धार हुँदैन जबसम्म त्यो ब्रह्मको पथ सुलभ हुँदैन। यसकारण पूर्वका महापुरुषहरूले बुझाइएका कयौं तरीकाहरू मध्ये एउटा तरीका प्रस्तुत छ– वराह अवतार!

वराह– 'व'को अर्थ हो त्यो परमात्मा र 'राह'को अर्थ हुन्छ बाटो। ब्रह्मको बाटौ नै वराह हो। त्यो भगवान् जबसम्म हाम्रो साधनामा ओर्लनु हुन्न, तबसम्म त्यो ब्रह्ममा स्थिति गराउने पथ एवं भजनको आरम्भ हुँदैन। पूज्य परमहंस महाराजजीको उपदेश छ कि जहाँ साधक उभिएको छ, त्यहाँ त्यो प्रभु द्रवित भएर जबसम्म ओर्लदैन, मनलाई समातेर नियन्त्रित गर्दैन, तबसम्म भजन (ब्रह्मपथ)को आरम्भ नै हुँदैन। भजन भगवान्ले गराउनु हुन्छ। क्रमशः लागेर आफ्नो तद्रूप उभ्याई दिन्छ, जहाँ मल–मूत्र आवरण हुँदैन। मल–मूत्रले बेरिएको यो शरीर तथा अनन्त योनिका खानिहरू प्रकृति पुरुषत्वमा विलीन हुनजान्छे, त्यसैलाई स्पष्ट गरिएको छ कि वराहले त्यस मल–मूत्र, रक्तले भरिएको योनिहरूमा विस्तृत प्रकृतिलाई उदरस्थ गरे र मात्र निर्मल प्रकाश विकसित हुने वित्तिकै अन्तर्ध्यान भयो। त्यो परमात्माले साधनामा ढलेर पूर्णरूपले लाग्ने र आज्ञापालनमा तत्पर भाविकलाई बराबर आफूमा नै समाहित गरिरहन्छ। जुन क्षण भाविकले पूर्णरूपले समाहित हुन्छ, ठीक त्यही क्षण निरुद्ध चित्तमा

परमात्मा सनातन भनिने परब्रह्म विकसित हुनजान्छ। यो जीवात्मा परमात्मा नै हुनजान्छ। प्राप्त हुने योग्य कुनै परमात्मा अलिकति पनि बाँकी रहँदैन, न आफूमा अलिकति पनि त्रुटि बाँकी रहन्छ। उसले सनातन, शाश्वत, सबैतिर व्यापक, अजर, अमर, अपरिवर्तनशील सत्तालाई नै प्राप्त गर्दछ, यसप्रकार त्यो शाश्वत सत्ता पूर्ण हुनजान्छ। यसकारण यो अवतार र अवतारको उपाय हो। श्रद्धालु, विरह–वैराग्यसंग युक्त र सद्गुरु कृपाश्रयी प्रत्येक मानवको लागि अवतारको विधान हुन्छ।

नोट– *प्राप्ति गरेपछि त्यो अलग हुँदैन – स्वयंमा नै प्रवेश गर्छ।– **'कै जाने जिउ आपना कैरे जानै पीव।'**– कि त उसले स्वयं जान्दछ, जसभित्र यो जागृति आयो अथवा अर्को भगवान्ले जान्दछ। उसले जानेको अवश्य हुन्छ, तर अरूलाई देखाउन सक्दैन। यो स्थिति अनुभवगम्य छ। ऊ अनिर्वचनीय र अलख छ। जसलाई आफ्नो बनाउँछ, उसलाई आफ्नो बनाएर अन्तर्ध्यान हुन्छ। **'सो केवल भगतन हित लागी'** हुन्छ।*

प्रयत्न गरी रहनुस्। सफलता सधैं सम्भव छ। यसमा यो सुविधा पनि छ कि अलिकति पनि साधनले अनेक जन्मसम्म लगाएर कल्याणमा स्थित गर्दछ। जो हिड़ि रहन्छ, ऊ अवश्य नै पुग्दछ।

।।ॐ।।

नरसिंह अवतार

जन्मकर्म च मे दिव्यमेवं यो वेत्ति तत्त्वतः।

त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुनः।। (गीता, ४/९)

अर्जुन! मेरो जन्म, कर्म अलौकिक छ। लौकिकको अर्थ हो ठोस रूपमा हुनु– जसलाई चर्म–चक्षुहरूले हेर्न सकिन्छ, बुद्धिले बुझ्न सकिन्छ। अलौकिकको अर्थ हो जसलाई यी मन–बुद्धिले देख्न सकिंदैन। तत्त्वदर्शी महात्माले नै उनलाई देख्न सक्दछ। जसले वास्तवमा देख्दछ, उसले शरीरलाई त्यागेर फेरि आवागमनमा आउँदैन। उसले मलाई (भगवान्‌लाई) प्राप्त गर्दछ। तब त जुन मानिसहरू आँखा गाड़ेर बसेका छन् कि अवतार भएपछि हेरौंला, उनीहरू ठूलो भूलमा छन्। कारण कि करोडौंमा एक जनाले तत्त्वदर्शी हुने विधान छ।

नरसिंह अवतार– 'नर'– यो मरणधर्मा मानवले कसरी स्वयंको उपलब्धि अर्थात् परब्रह्मको प्राप्तिपछि हिरण्यगर्भ र काललाई काटेर अदृश्य सत्‌स्वरूप सिंह हुनजान्छ, जो प्रकृतिको जंगलहरूमा सबैतिर अभय छ र शरणागत भएका, दैवी सम्पद्‌ले संचालित पुरुषहरूको अभयदाता हो। प्रेमद्वारा यस्तो हुन्छ। यसैको रूपक यो प्राचीन कथा हो। यो अलख पुरुषको उपलब्धिको माध्यम हो, यसैकारण मनीषिहरूले यसलाई अवतार भनेका छन्। यसमा नरको नारायणसंग वास्तविक सम्बन्ध हुन्छ, अतः नर–नारायणको संज्ञा पनि दिइएको छ। त्यसै कथालाई यहाँ नरले सिंहको सत्ता धारण गरेको संज्ञा दिइएको छ।

प्रेम नै प्रह्लाद हो। हिरण्याकुश– हिरण्य अंकुश। हिरण्यगर्भ भनिन्छ ब्रह्माको सम्पूर्ण सृष्टिलाई अर्थात् चराचर जगत्‌लाई, अंकुश भनिन्छ त्यस सृष्टि–क्रमको शूललाई, जसमा जन्म–मृत्युको असहनीय यातनाहरू हुन्छन्। यसैलाई अर्को शब्दमा हामी काल–क्रम भन्दछौं। यो हिरण्यगर्भको अंकुश (शूल)ले सधैं प्रकृतिमा नै विश्वास दिलाउँछ। यसले भगवत् तत्त्वबाट विमुख गर्ने गर्दछ। हिरण्यगर्भ अर्थात् ब्रह्माको प्रपंचको साथै उत्पन्न अविद्या होलिका हो, जसले निरन्तर विषयाग्निमा डुब्की लगाउँछे। यसले विषय स्पर्शको साथ–

साथै आफ्नो रूपलाई बलियो बनाउँछ र प्रभुमाथी विश्वास गर्ने जीवहरूलाई जलाउने गर्दछ। यसै विधि-प्रपंच हिरण्यगर्भमा दैवी प्रवृत्ति पनि छ। देवर्षि नारद (कल्याण-पथमा सहयोग गर्ने सद्गुरु)को उपदेशले हिरण्याकुशबाट शासित दैवी प्रवृत्तिमा प्रेमको प्रस्फुटन भयो। प्रेम नै प्रह्लाद हो। प्रेम जागृत हुने वित्तिकै यो हिरण्य अंकुश काल-क्रममा बाधक बनेर खंड-खंड हुनजान्छ। '**गृह कारज नाना जंजाला। ते अति दुर्गम शैल बिसाला।।**' मोहयुक्त स्वजनहरूको जो जाल हुन्छ, त्यसैले द्वैतको विशाल आवरण तयार गर्दछ। यही दुर्गम शैल हो। हिरण्याकुश (काल-क्रमको बंधन)ले यसै पहाड़बाट प्रह्लादलाई खसाल्दछ। आज तपाईं भजन शुरू गर्नुभयो भने भोली बिघ्नै-बिघ्न आउँछ। त्यसको चपेटामा परेर प्रेमको डोरी टुट्न जान्छ। समुद्रमा फ्याकिन्छ- संसार नै समुद्र हो, अतः आवागमनको अथाह समुद्रमा फ्याकि दिन्छ। आफ्नी बहिनी होलिकाद्वारा बलजफती समातेर अग्निमा राखी दिन्छ। होलिका अविद्याको प्रतीक हो। एउटै अन्तःकरणमा अविद्या एवं प्रेमको प्रसार छ, यसकारण यसले सधैं प्रेमीलाई पथबाट अलग गरेर जलाउने गर्दछे। अविद्या धेरै पुरानो छ र प्रेम सत्-पुरुषहरूको संसर्गले नया प्रस्फुटन भएको हुन्छ।

यो अविद्याले विषयाग्निमा प्रेमलाई समेट्छ, तर इष्टको संरक्षणमा प्रेमको सूत्रपात् भएको छ भने अविद्या आफै जल्दछे; किनकि वास्तविक प्रेम जहाँ रहन्छ त्यहाँ अविद्याजन्य कृत्यहरूमा आसक्ति हुँदैन। हात्तिहरूबाट कुल्चिन लगाइन्छ- '**मन मतंग माने नहीं।**' मन जब काम वासनाहरूसंग युक्त हुन्छ, तब नशामा अन्धो भएको हात्ति-जस्तो दुर्जय हुनजान्छ, दुविधामा पारी दिन्छ जसको मूलमा त्यही हिरण्याकुश, हिरण्य अंकुरण छ। मनमा प्रस्फुटित भएर दुर्जय कामको चपेटामा पारी दिन्छ। तर प्रेमलाई इष्टको वरदहस्त छ भने ऊ पार हुनजान्छ। अन्तमा माया आफै उभेर सामुन्ने आउँछिन्। जब ग्रन्थि छुट्ने समय आउँछ, तब माया विकराल रूप धारण गरेर उभिने गर्दछिन्। '**छोरत ग्रन्थि जानि खगराया। विघ्न अनेक करइ तब माया।।**'

खम्बा प्रज्वलित छ र असाध्यै मसिनो कमिलाको बच्चा खम्बामा चढ़ेको छ। मार्ने इच्छाले निशाचर अहिले पनि उभिएको छ। स्थिर श्वास नै खम्बा हो। प्रेमले संचालित स्वरले इष्टको रूपमा स्थायित्व प्राप्त गर्दछ, तब

यही स्थायित्व स्तम्भ (खम्बा) कहलाउँछ र चित्त मसिनो कमिला–जस्तो पूर्णतया विलीन स्थितिकालमा बिल्कुल सूक्ष्म हुनजान्छ। त्यस समयमा त्यही नै श्वासारूढ़ कहलाउँछ। स्तम्भारूढ़ अग्नि दुई प्रकारका हुन्छन् – विषयाग्नि र ज्ञानाग्नि। '**ज्ञानाग्नि दग्धकर्माणम्**' ज्ञानाग्निले ईश्वरमा प्रवेश दिलाउँछे, कल्याण गर्दछे र विषयाग्निले जलाउँछे तथा ईश्वरबाट विमुख मायामा अल्झाउँछे। जुन समयमा यो चित्तरूपी कमिलाले स्थिर श्वासको स्थिति प्राप्त गर्दछ र स्वर योगाग्निले प्रज्वलित हुनजान्छ, तत्क्षण त्यो परमात्मा–जस्तो छ, जुन अलौकिक विभूतिहरूले युक्त छ, प्रकट हुन्छ। त्यो परमात्म–स्वरूप प्रकट हुने वित्तिकै आसुरी प्रवृत्तिहरूको मूल उद्‌गम हिरण्य अंकुश, कालको फाँसीको क्रम नै टुट्न जान्छ, हिरण्याकुशको मृत्युले यसैतिर संकेत गर्दछ। यसै उपलब्धिलाई अवतार भनिन्छ। श्वासको स्थितिकालमा जीवात्माले स्व–स्वरूप पाएर सिंह हुनजान्छ। कालक्रम र आसुरी प्रवृत्तिहरूमा पिसिने दुर्बल जीवले प्रेमद्वारा पूर्णत्वको लक्ष्य प्राप्त गरेर हिरण्यगर्भ कालको क्रमलाई पूर्णरूपले काटेर शाश्वत स्वरूप– जसले सबैलाई संरक्षण दिने गर्दछ, त्यसबाट भरिभराउ हुन जान्छ। यो अदृश्य सत्तालाई प्रकट गर्ने युक्ति हो; जसमा हिरण्याकुश– ब्रह्माका महत् योनिहरूमा नियोजित शूल अर्थात् कालको क्रम, अवतारको लागि उत्प्रेरक हुन्छ। प्रेमद्वारा अवतारको उत्पत्ति हुन्छ। अलग–अलग महापुरुषहरूले विभिन्न समयहरूमा वातावरण, स्थिति एवं परिस्थिति अनुसारको भिन्दा–भिन्दै रूपक प्रस्तुत गरेका छन्।

'**नाद रंध्रः सः नारदः।**' नारद एउटा सद्‌गुरु हो। नाद रंध्रको प्राप्तिवाला कुनै महापुरुषलाई प्राप्त गर्नुहोस् र आफ्नो हृदयमा स्थित दैवी प्रवृत्ति (दैवी सम्पत्ति)लाई बलियो बनाउनुस् जसबाट निर्दोष प्रेम उत्पन्न हुन सकोस्। विरह–वैराग्यको उत्पत्तिकालमा तपाईंले त्यस सिंह–स्वरूपको बाटो समात्न सक्नु हुन्छ। स्वरको प्रवाह ज्ञानाग्निले भरिभराउ, स्थिर भएपछि चित्तको यस्तो पूर्ण निरोधकालमा दर्शन निश्चित छ। यो स्थिति सधैं रहनेवाला छ। योग्यताद्वारा सबै समयमा संभव हुन्छ। बाहिरी रूपहरूमा अवतार न त कहिल्यै भएको थियो, न आज छ। यस्तो कुनै उल्लेख शास्त्रहरूमा पनि पाइँदैन।

।।ॐ।।

अजामिल उद्धार

यो आत्माको उद्धार हो, जसलाई महापुरुषहरूले प्रत्येक मानवको लागि उपयोगी एउटा कथाको रूप दिएका थिए। समय बितेपछि भाषाहरू, रहन–सहन र प्रवृत्तिहरूको परिवर्तन भएकोले पहिलेका कथाहरू धमिलो, विवादको विषय बन्न जान्छन्। यस्ता विषम परिस्थितिहरूमा महापुरुषहरूलाई नयाँ रूप दिएर बुझाउनु पर्ने हुन्छ, जबकि उद्देश्य एउटै छ। अब तपाईंको सामुन्ने आत्मकल्याणको युक्ति बताउने योग्य एउटा कथा छ– अजामिल उद्धार। अज– अमल अर्थात् अजर, अमर, निर्दोष आत्मा नै अजामिल हो। 'गो' इन्द्रियहरूको समुदायको नाम हो, जसले सम्पूर्ण वासनाहरूको भार वहन गर्दछिन्। 'खाद्य अखाद्यहि खाई'– जसले गर्ने योग्य र नगर्ने योग्य सबै थोक गर्दछिन् र आ–आफ्ना विषय खोज्दछिन्। यी इन्द्रियहरू नै गणिका हुन्। यी इन्द्रियहरू दश–एगारह भागमा बाँडिएकि छिन्, तर सबैलाई मिलाएर विषय वासनाको संग्रहमा एउटैबाट संचालित छिन्। मन नै सबैका मूल हुन् र यसले नै भोग गर्दछ। यो अजर–अमर निर्दोष आत्मा गणिका (गो)को अधिनमा छ। लवरूपी लड़का (बच्चा) भयो। एउटा महापुरुष नारद, नाद रन्ध्रको स्थितिवाला महापुरुष उपदेश दियो र त्यो परम कल्याणमय नारायणप्रति लगन जागृत भयो।

यो इन्द्रिय समुदाय (गणिका)–माया, मानवको भार वहन गर्नेले पनि विषयहरूबाट खम्चिएर मनमा जुन सुरत छ त्यस सुरतिरूपी सुगालाई 'नारायण' पढ़ाउन थाल्छ। यी इन्द्रियहरू पनि भजनमा सहयोग गर्न थाल्दछिन्। तापनि इष्ट प्राप्त हुनमा यदि एक इन्चको पनि दुरी छ भने गणिकाले साथै बसे पनि भ्रममा पारी रहन्छिन्। धेरै दिनसम्मको अभ्यासको फलस्वरूप मनको मृत्यु हुने समय आयो र सुरति र नारायण शब्द तद्रूप भयो। यो मनको विलिन हुने समय नै मानवको वास्तविक मृत्यु हो। '**मन आपै ही जगत बनाके ऊँच-नीच तन पाया।**'– वास्तवमा मन नै संसारको निर्माता हो। मनमाथी विजय प्राप्त नगरीकन संसारबाट कसैले पनि छुटकारा पाएको छैन। जब सबै वासनाहरूलाई बिर्सेर मनद्वारा सुरतको डोरी नारायणसंग जोड़िन्छ, तब तत्काल यमराजको बन्धन काटिन्छ र जो विश्वको भरन–पोषन गर्ने परमात्मा हो, त्यसको कल्याणकारी सूत्रहरूमा बाँधिएर कल्याणस्वरूप हुनजान्छ। विष्णुको दुत आएर लिएर जानुले यसैको संकेत गर्दछ। हरेक मानवको यही अवस्था छ, जो हरेक क्षण उद्धार चाहन्छ। त्यसको लागि यो साधन क्रममा परिवर्तित भएर सहायक हुनजान्छ र कल्याणको लागि समयानुकूल अवस्थाको अनुसार उपयोगी र पर्याप्त पथ हो। ।।ॐ।।

गजराजको उद्धार

मन मतंग मानै नहीं, जब लगि खता न खाय।
जैसे विधवा नारी कोउ, गर्भ रहे पछताय।।

महापुरुषहरूले मनलाई कामनाहरूमा लिप्त, पशु–जस्तो आचरणमा प्रवृत्त, महान् सनकी र कठिनताले वशमा हुनेवाला देखेर एउटा नशाले मातिएको हात्तिको संज्ञा दिएका छन्। गोस्वामी तुलसीदासजीले पनि भन्नुभएको छ–

मन करि विषय अनल बन जरई।
होइ सुखी जौं एहि सर परई।।

मनरूपी हात्ति निरन्तर विषय अग्निमा जल्दछ, यदि ब्रह्मरसले भरिएको भक्तिको तलाउमा पऱ्यो भने सुखि हुनेछ। यो नशामा अन्धो मन नै पुरुषको अन्तरालमा हात्ति हो जो आवागमनमा परेको छ, संसार सागरमा परेको छ, प्रार्थना गरिरहेको छ। असहनीय पीड़ाको रूप प्रत्यक्ष भएको छ। अब गजले छुट्कारा चाहन्छ। ऊ नाम–जप जान्दछ, अतः नाममा अनुरक्त छ। यदि मानौं कि ऊ पशु थियो, तब योगेश्वर श्रीकृष्ण र गोस्वामी तुलसीदास इत्यादि सम्पूर्ण महात्माहरूको वाणी नै गलत हुनेछ। '**कर्मानुबन्धीनि मनुष्यलोके**'– योगेश्वर श्रीकृष्णको अनुसार मानव–योनिमा कर्म अनुसार बाँध्नेवाला अहंता र ममतारूपी जराहरू तल र माथि सबैतिर फैलिएका छन्। बाँकी सबै योनिहरू मात्र भोग भोग्नका लागि हुन्। पशु इत्यादि योनिहरू पूर्ण निवृत्तिका अधिकारी हुँदैनन्। गोस्वामीजीले भन्नुभएको छ–

नर तनु भव बारिधि कहँ बेरो। सन्मुख मरुत अनुग्रह मेरो।।
बड़ें भाग मानुष तनु पावा। सुर दुर्लभ सब ग्रंथन्हि गावा।।
साधन धाम मोच्छ कर द्वारा। पाइ न जेहिं परलोक सँवारा।।
सो परत्र दुख पावइ, सिर धुनि धुनि पछताय।
कालहि कर्महि ईश्वरहि, मिथ्या दोष लगाय।।

यसप्रकार मानव–शरीर नै साधनको लागि उपयुक्त छ।

मनुज देह सुर साधु सराहत, सो सनेह सिय पी के।

मानव शरीरको सुर–साधुले गुण गाउने गर्दछन्; किनकि कल्याणकारी प्रभुको चरणहरूमा प्रेम यसै शरीरमा संभव छ। गिद्धराज, कागभुशुण्डि, वानर हनुमान, भालू जामवन्त यी सबै सन्तहरूका नाम हुन्। यी अनन्य भक्तहरूले भजनको पूर्ति वा रक्षाको लागि कुभेष बनाएर बसेका थिए–

किए कुवेष साधु सनमानू। जिमि जग जामवन्त हनुमानू।।

यी सन्तहरूले भक्तिको रक्षाको लागि नै भेष बनाएर बस्दथे, पशु थिएनन्।

गोही कालको प्रतीक हो। संसारको स्वरूप देखाउँदै गोस्वामीजी भन्नुहुन्छ–

रविकर नीर बसै तेहिं अन्दर, मकर रूप तेहिं माहीं।
बदनहीन सो ग्रसै चराचर, पान करन जे जाहीं।।

संसार मृगतृष्णाको सागर हो, जसमा एउटा मगर (गोही) बस्दछ। त्यो मगरको शरीर छैन तापनि चराचरलाई ग्रसेको छ। काल नै मगर हो जसले चराचरलाई पस्केको थाल बनाएर लगातार ग्रसने कार्य प्रारम्भ गरेको छ। संसार–सागरको तलमा फँसेको एवं गोहीबाट स्वाभाविक ग्रसेको मन जबसम्म आफ्नो शक्तिले लड्छ तबसम्म कालको बन्धन कट्दैन, तर जब ऊ मन–वचन–कर्मले आफ्नो बलमाथिको भरोसालाई त्यागेर ईश्वरमाथि निर्भर हुन्छ र चिन्तनको पकड़, स्थिति एक नाम मात्र बाँकी रहन्छ, तब मन नाममा समाहित हुन्छ। यस निरोधको साथै परमात्मा आफै ओर्लेर आउँछ र सबैतिर प्रसारित त्यो मगर (गोही), कालको अन्त गरेर यस्तो भक्तको उद्धार गर्छ। यस भव–सरितामा बग्दै गरेको मानवको वास्तवमा यही औषधी हो, जो सृष्टिबाट उद्धारको सधैं प्रयोगात्मक विधि–विशेष एवं मानवको लागि सधैं कल्याणको प्रशस्त पथ हो। सृष्टिमा उत्पन्न पुरुषको मनःस्थिति उपर्युक्त परिवेशमा गजको जस्तै हुन्छ तथा छुट्कारा पाउनको लागि छटपटाहट पनि यसै प्रकारको हुनेछ। मोक्ष पनि प्रभु–दर्शनको साथ संभव हुन्छ।

यस संघर्षमा एउटा विशेषता यो पनि थियो कि हजारौं वर्षसम्म मन (गज)ले आफै लड्यो र अन्तमा उसले प्रभुलाई पुकार्‍यो। ऊ जीवित कसरी थियो? पानीमा खुराक कहाँबाट पाउँदथ्यो?

वास्तवमा यो मनको निरोधको एउटा युक्ति हो। चित्त हजारौं प्रवृत्तिहरूमा प्रवाहित छ, कुनै न कुनै खुराफात गरी रहन्छ। जब हजारौं प्रवृत्तिहरूको निरोध भयो, चित्त एक चिन्तनमा समाहित एवं तद्रूप भएर मेटियो, त्यही बेला विष्णु (विश्वमा अणु सत्ता परमात्मा) प्रकट भएर बन्धन काटेर समाहित गर्छ, यो उद्धार हो। प्रभुले सर्वस्वको हरण गरेर आफ्नो स्वरूपको स्थिति प्रदान गर्दछ, यसैकारण ती अवतारहरू मध्येको एउटा यो पनि 'हरि' अवतार हो।

।।ॐ।।

अवतारको विस्तृत दर्शन

१- 'महापुरुष'

योगी अवतारको प्रवेश हो, र मात्र योगी नै अवतार विशेषको प्रगटीकरण तथा विस्तारको मूल माध्यम हुन्छ। अधिकारीको लागि परमात्माबाट निःसृत अलौकिक अवतरणको आरम्भ यिनै महापुरुषहरूद्वारा हुँदै आएको छ। परमको दिग्दर्शनवाला यी तपोधन सद्गुरुहरूबाट संचालित हुँदै, साधन-क्रमले सम्पूर्ण प्राणिहरूमा स्थित आत्माको साक्षात्कार गर्दै, जबसम्म सबैको मूलभूत परमात्म-स्वरूपमा समाहित हुँदैन, तबसम्म योगी माध्यम भई रहन्छ। वास्तवमा यस्तो योगी नै अवतारको प्रवेश एवं विस्तृत परमात्माको प्रकाशहरूको संचार हो। यदि महापुरुषको संयोग भित्रबाट भएन भने भगवान् तथा अवतार नामको कुनै वस्तुको सृजना एवं विकास असंभव हुन्छ।

भगवान् कहिल्यै पनि नष्ट हुँदैन। उनी त सबैको जीवनधारामा व्यवस्थित एवं अपरिवर्तनशील सत्ता हुन्, जो कहिल्यै नष्ट हुँदैन। उनको विद्यमानता त सधैं एवं सबैतिर छ; तर मानिसको उपभोगको लागि होइन। परमात्मा एवं वहाँबाट निःसृत वाणीको प्रसारणको एकमात्र माध्यम तत्त्वस्थित महापुरुष हुन्। ब्रह्ममय यस्तो महापुरुष यद्यपि अवतारको कार्यक्षेत्रको पकड़बाट बिल्कुलै निष्काम एवं पर हुन्छ, तथापि अरू (नर) पुरुषहरूको अन्तःकरणमा अवतारको अलौकिक एवं चमत्कारपूर्ण कल्याण-सृजन गर्नको लागि पथ-प्रदर्शक बन्दछन्।

यस सन्दर्भमा कबीरको जीवनीबाट एउटा उदाहरण प्रस्तुत गरिएको छ- एक समय कबीरको भक्ति-भावना एवं हृदय-वेदनाबाट उत्प्रेरित भएर गुरु र गोविन्द दुबै उनको समक्ष प्रकट भए (यो योगको पराकाष्ठा हो)। केही समयको लागि कबीर विचाराधीन भए कि दण्डवत् कसलाई गरूँ?

बलिहारी गुरुदेव की, जिन गोविन्द दियो लखाय।

यस्तो विचार गरेर पहिले उनले आफूलाई गुरुदेवमा अर्पित गरे किनकि वहाँकै कृपा–प्रसादबाट परब्रह्मको दिग्दर्शन सम्भव भयो र कबीरले तत्क्षण त्यसै रूपमा प्रवेश पाए।

तहाँ न ईश्वर जीव न माया, पूजक पूज्य न चेरो।

त्यहाँ न ईश्वर छ, न जीव छ र न माया नै छ। त्यहाँ न कोही पूजने योग्य छ र न सानो–तिनो सेवा टहल गर्नेवाला शिष्य नै छ। तब के बच्यो? '**अवधू बेगम देश है मेरा।**' त्यो अगम्य र अथाह छ। त्यही त मेरो स्वरूप र देश हो।

यस्ता निर्लेप उपलब्धि भएका महापुरुषले त्यस परम चेतनाको उपलब्धिको सूत्रपात् गर्दछ, जो अवतारको परिवेशमा आउँछन्। वहाँद्वारा उत्पन्न हुने परमात्माको पवित्र संचालिका शक्तिको नाम अवतार हो। ती महापुरुषले साधकको अन्तर्जगत्मा परमात्माको पवित्र शक्तिहरूको संचारको उत्तरोत्तर विकसित गर्दै, सबैतिर ब्रह्ममयता प्रदान गर्दै, उसको अस्तित्व मेटाएर अन्तर्ध्यान हुन्छ, त्यसपछि त्यो योगी साधक रहँदैन, बरू मानव मात्रमा एउटै स्वरूप, शाश्वत सत्ता, प्रभुको नै प्रतिरूप देखा पर्छ। यसै स्थिति–विशेषमा सन्त कबीर थिए।

(यस्तो महापुरुषले शरीरलाई इच्छानुरूप चलाउने गर्दछ, जस्तै काकभुशुण्डि, कबीर, श्रीराम, श्रीकृष्ण इत्यादि महात्माहरूको जीवनबाट प्रमाणित हुन्छ। योग–विशेषको पराकाष्ठावाला प्रत्येक महापुरुषको यस्तै स्वरूप हो।)

महाप्रलयमा पनि जसको नाश हुँदैन, ती काकभुशुण्डिजीले गरुड़को सन्देह निवारण गर्दै भने कि "शरीरको त्याग गर्नु अथवा राखि राख्नु मेरो इच्छामा निर्भर गर्दछ।"

तजउँ न तन निज इच्छा मरना। तन बिनु भजन बेद नहिं बरना।।

अनुसुइया आश्रम स्थिति श्री श्री १००८ पूज्य परमहंसजी महाराज सत्संगमा यो प्रसंग आउँदा प्रायः भन्ने गर्नुहुन्थ्यो कि, "हो! अब मलाई मर्नु छैन। यमराज र मायाको बन्धन टुटि सक्यो, कालको फाँसि कटि सक्यो।

भगवान्‌ले नै मलाई निवृत्ति दिनुभएको छ। हो, कसैले गोली हान्यो शरीर त्याग दिन्छु। वाणीको चोट सबैभन्दा ठूलो चोट हो। साधकहरूको मुखबाट वाणी निस्कियो भने म बुझ्नेछु कि अब यिनीहरूलाई मेरो आवश्यकता छैन, तब शरीर त्याग दिनेछु।" अन्तमा मबाट हेलचक्रयाइमा निस्केको शब्दहरूलाई माध्यम बनाएर दुई–चार पटक वहाँले दोहोऱ्याउनु भयो कि, "बोलि कस्तो छ, गोलि जस्तो लाग्दछ। म कसरी भनौं, प्वाल पार्दै गइरहेको छ।" यस्तो भनेर हाँस्नुभयो र मौन हुनुभयो तथा उपदेश दिन थाल्नुभयो। चार दिवसीय लगातारको सत्संगमा सम्पूर्ण साधनपरायण पथिकहरूलाई सम्बोधित गरेर यस साधनीय उक्तिमाथि जोर दिनुभयो–

राम राम राम जीह जौ लौं तू न जपिहै।
तौ लौं तूँ कहूँ जाय तिहूँ ताप तपिहै।।

जबसम्म रामको नाम जीह अर्थात् जिब्रोले तिमीहरूले जप्दैन, तबसम्म जहाँ गए पनि यी तापहरूले पछि लाग्द छोड़ने छैनन्। महसूस हुनेछ कि यो इन्द्र हो, यसले माथी बसेको छ, म तल बसेको छु। यसप्रकार मनमा ताप भई रहन्छ। यसकारण सधैं जप गर र श्वासमा दृष्टि राख, र ठीक पाँचौं दिन समाधिको मुद्रामा पंचतत्त्वले निर्मित यस पार्थिव शरीरलाई परित्याग गरिदिनुभयो।

।।ॐ।।

२. श्रीकृष्ण परिचय

महायोगेश्वर श्रीकृष्ण पनि यसै स्थितिसंग संयुक्त एक महापुरुष हुनुहुन्छ। वहाँले स्वयं आफ्नो परिचय योग अमृत प्रसारिणी वाणी 'गीता' शास्त्रमा दिनुभएको छ, जसको तात्पर्य हो कि श्रीकृष्ण एक योगप्रदाता महापुरुष हुनुहुन्छ। महर्षि व्यासले पनि यसको समर्थन स्पष्ट वाणीमा यथार्थतः परम पुरुषको परिवेशमा गर्नुभएको छ। तर सूर, चैतन्य, जयदेव इत्यादि धेरैजसो रसिक भक्तहरू एवं कविहरूले विभिन्न भाषा तथा भावहरूमा योगेश्वर श्रीकृष्णको पवित्र चरित्रलाई उद्धृत गर्दै भगवत्ताको पुष्टि गरेका छन्। योगक्रियाको जागृतिद्वारा प्रत्येक साधकले त्यो महान ऐश्वर्यसम्पन्न पुरुषहरूलाई यसै परिवेशमा पाएका छन्। उनीहरूलाई परात्पर ब्रह्म, परमात्माको अवतार भनेका छन्। हुन त यथार्थतः सत्य त्यही हो जो योगेश्वर श्रीकृष्णको वाणीद्वारा निःसृत भएको छ। योगेश्वर श्रीकृष्णको पवित्र मुखबाट प्रसारित एवं निःसृत वाणी गीताबाट विदित हुन्छ कि वहाँ आत्मस्थित महापुरुष हुनुहुन्छ। भक्त अर्जुनको कल्याणको सम्पादन गर्दै वहाँले आफ्नो शाश्वत वाणीद्वारा अनेक भ्रान्तिहरूको निवारण गर्नुभयो, जस्तो- सनातन, शाश्वत, अजर, अमर आत्मा तथा परमात्माको भेद र स्थिति, वर्ण-व्यवस्था तथा वर्णसंकरको स्वरूप; कर्म तथा अकर्म, ज्ञानमार्ग तथा योगमार्गको कर्मको विश्लेषण, मानवका दुई रूप, यज्ञ तथा कर्मको अभिन्न प्रणाली इत्यादि। यसको साथै वहाँले आफ्नो वास्तविक स्वरूपबाट पनि अवगत गराउनुभयो। हे अर्जुन! म पनि एक महापुरुष-जस्तो अवस्था-विशेष भएको हुँ। परमात्म-तत्त्वमयी स्थितिवाला महापुरुषको विशेषताहरू (जस्तै आत्मामा नै तृप्त, अभिन्न तथा परिपूर्ण, पवित्रता) संग तुलना गर्दै स्पष्ट शैलीमा भन्नुभयो कि म एक महापुरुष हुँ। जस्तो कि गीताको अध्याय ३मा श्लोक १६देखि २३सम्म (क्रियात्मक तथा बोधगम्य शैलीमा हृदयंगम गर्नुहोस्) द्रष्टव्य छ-

"जो पुरुष मबाट निर्धारित गरिएका यज्ञ-कर्मलाई गर्दैन, त्यो पापायु पुरुष व्यर्थैमा बाँच्दछ; तर जो पुरुष आत्माले परिपूर्ण, सन्तुष्ट तथा तृप्त छ र

आत्मरत छ, उसले कहिल्यै पनि कर्महरू गर्नु पर्ने आवश्यकता छैन। त्यो पुरुषले यो कर्म-विशेष गर्नाले न कुनै लाभ हुन्छ र छोड्नाले न कुनै हानि नै हुन्छ। तर यस आत्मवत् स्थिति-विशेषलाई कर्मबिना कसैले पाउन सक्दैन। जनक इत्यादि महर्षिगणहरूले पनि यसै कर्म-विशेषलाई गरेर नै परमसिद्धि (नैष्कर्म्य)लाई प्राप्त गरे। यस्ता महापुरुष लोकशिक्षा एवं आफूभन्दा पछिका मानिसहरू हितको शुभेच्छाले कर्ममा लाग्दछन्। कौन्तेय! मलाई प्राप्त हुने योग्य कुनै पनि वस्तु अब अप्राप्त छैन, तापनि पछिका मानिसहरूको हितको इच्छाले म पनि राम्रो प्रकारले कर्ममा लाग्दछु। यदि मैले सावधान भएर कर्ममा लागिन भने यो सम्पूर्ण प्रजा (समाज) नै वर्णसंकर तथा नष्ट-भ्रष्ट हुनेछ र म यी प्रजाहरूलाई नष्ट गर्नेवाला दोषी बन्नेछु।"

टिप्पणी- *प्रत्येक जीवात्माको शुद्ध वर्ण एवं उसको आकृति परब्रह्म परमात्मा नै हो, जुन आत्मा एवं परमात्माको संयोग भएपछि सम्भव हुन्छ। अतः त्यो यज्ञ-कर्म विस्मृत भयो भने पुरुष वर्णसंकरताको खाल्टोमा पुग्दछ। त्यस कर्म-विशेष एवं यज्ञ-कर्मको जागृतिले पूर्ण महापुरुषसंग सम्बन्ध राख्दै प्रवाहको रूप लिन्छ।*

वास्तवमा मानव-मष्तिष्क एउटा नियम-विशेषले आबद्ध छ। सम्मानित महापुरुषले जुन आचरण कार्यरूपले प्रमाणित गरेर जान्छ त्यसैको उसले अनुसरण गर्दछ। यसकारण महापुरुषहरूले स्वयंको लागि अलिकति पनि आवश्यकता नभए पनि पछिका मानिसहरूको मार्गदर्शनको लागि राम्रो प्रकारले यज्ञ-कर्म गरून् र उनीहरूबाट गराउन्। उनले अज्ञानीहरूको क्रियामा भ्रम उत्पन्न गराउनु हुँदैन।

स्पष्ट छ कि श्रीकृष्णले आत्मस्थित महापुरुषसंग तुलना गर्दै आफ्नो परिचय दिनुभयो कि म एउटा महापुरुष हुँ। वहाँले भन्नुहुन्छ कि "मेरो लागि कुनै कर्म आवश्यक छैन।" यसै प्रकार- "स्वरूपमा स्थित, आत्मामा नै सन्तुष्ट पुरुषको लागि कर्म आवश्यक छैन, म पनि पछिका मानिसहरूको हितको इच्छाले कर्म गर्दछु। ती महापुरुषहरूले पनि पछिका मानिसहरूको कल्याणार्थ नै कर्म गर्दछन् एवं पछिका मानिसहरूको हितको इच्छाले नै आराधना गर्दछन्।" कर्मको अर्थ आराधना हो।

अध्याय ९को ११ देखि १५ श्लोकसम्म तथा अध्याय ७मा ब्रह्मविद्याको परिचय विज्ञानसहित दिंदै, स्वयं सबैभन्दा अलग स्थित भएर पनि यौगिक प्रभावद्वारा सबैको सम्पर्कमा रहने परिचय दिंदै भन्नुभयो कि दोष–दृष्टि भएकाहरूले मलाई यस्तो न मानेर आफ्नो उल्टो कल्पना गर्ने गर्छन्। सबै प्राणीहरूका महान् ईश्वर, मेरो यस्तो स्थिति अथवा परम भावलाई न जान्ने मूर्ख मानिसहरूले मलाई तुच्छ भनेर बोलाउँदछन्। मानिस शरीरको आधारवाला हुनाले म महान् आत्मालाई साधारण मानिस मान्दछन्। यस्तो भन्नेहरू व्यर्थ आशा, व्यर्थ कर्म र व्यर्थ ज्ञानवाला तथा भ्रमित चित्तवाला पुरुषहरूले मोहित गर्ने आसुरी तथा राक्षसी वृत्ति धारण गरेका हुन्छन्; तर हे अर्जुन! दैवी प्रकृति र यथार्थ दृष्टिवाला जो महात्माजन छन्; उनीहरूले सनातन, अविनाशी बुझेर अनन्यभावले मलाई भज्दछन्। हेर्नुहोस्, यहाँ स्वयं भगवान्ले मानिस–शरीरभित्र रहने आफ्नो मानसिक गतिलाई महान् ईशत्वमा तथा परमतत्त्वमा स्थित बताउँदै स्पष्ट गरि दिनुभयो कि म एक योगी हुँ। योगी पनि शरीरको नै आश्रित स्थित रहन्छ र म पनि शरीरको नै आधारमा छु।

गीताको समाप्तिमा एकाग्रचित्त संजयले भगवत्तत्त्वलाई अक्षरशः बुझे र त्यसैको प्रभावले आफूलाई कृतार्थ तथा परलोकवासी पनि बनाए। त्यही संजयले भगवान् श्रीकृष्णको पूरा–पूरा परिचय 'योगेश्वर श्रीकृष्ण' एवं योगैश्वर्यले अलंकृत गर्दै दिए। जो स्वयं योगी हो र योग प्रदान गर्ने जसमा क्षमता छ, त्यसलाई योगेश्वर भनिन्छ। महाभारतको समाप्तिमा फेरि गीताको विषयमा चर्चा हुँदा योगेश्वर श्रीकृष्णले भन्नुभयो कि "मैले त बिर्सि सकें" अर्जुनलाई पनि अब त्यसको स्मरण थिएन; किनकि पूर्णता पाएपछि वस्तु–स्थितिको साथ साधनीय जानकारीहरू पनि त्यस पूर्णत्वको परम आनन्दमा तद्रूप, तत्त्व स्वरूप नै हुनजान्छ; तर अरूको लागि विधान छ। संजयले बिर्सेको थिएन। उनले स्पष्ट रूपले भगवान्को परिचय दिंदै भने–

यत्र योगेश्वरः कृष्णो यत्र पार्थो धनुर्धरः।
तत्र श्रीर्विजयो भूतिर्ध्रुवा नीतिर्मतिर्मम।।

'योगेश्वर' अर्थात् योगको ईश्वर, जसले योगमाथि स्वामित्व प्राप्त गरेको छ। यो नै पूर्णता तथा पूर्ण योगीको लक्षण हो। यसकारण भगवान्ले भन्नुभयो

कि "महात्माहरूको शरण जाऊ। वहाँहरूलाई राम्ररी दण्डवत् प्रणाम गरेर, वहाँहरूको नियमको अनुकरण गर, जसबाट वहाँहरू प्रसन्न हुन सकोस्। वहाँहरूको लागि आफूलाई हवन गरिदेऊ। वहाँहरूले तत्त्वलाई जानेको हुनाले तिमीलाई पनि त्यही तत्त्वको उपदेश दिनुहुन्छ र तिमीलाई आफ्नो तत्त्वतिर तान्नुहुन्छ।" अनुरागी नै अर्जुन हो र ती महापुरुषलाई थाहा छ कि आज यो अनुरागी मेरो शरणमा छ, तर दुई सय वर्षपछि (भविष्यमा) जो अनुरागी हुनेछन् उनीहरू कसको शरणमा जानेछन् ? अतः कुनै योगेश्वरको शरणमा जाऊ, किनकि श्रीकृष्ण योगेश्वर थिए।

श्रीकृष्णले भविष्यमा आउने पीढ़ि, योग-परम्पराको एवं हुनेवाला साधकहरूको पूरा ध्यान आफ्नो शास्त्रमा राख्नुभएको छ, जस्तो कि वहाँले भन्नुभएको छ कि मेरो लागि कुनै कर्म बाँकी छैन, तापनि पछिका मानिसहरूको हितको इच्छाले कर्म गर्दछु। यसैप्रकार तत्त्वदर्शी योगीको लागि पनि कुनै कर्म बाँकी रहँदैन, तापनि पछिका मानिसहरूलाई मार्गमा चलाउनको निमित्त ऊ कर्ममा लाग्दछ।

नोट- *योगेश्वर श्रीकृष्णले आराधनालाई नै कर्म मान्नु हुन्छ।*

महापुरुष स्वयंमा पूर्ण, अवतारको ज्ञाता तथा पूर्ण ब्रह्ममयी स्थितिवाला हुन्छन्। उनीहरू शरीर पटक्कै होइनन्। हो, जब शरीरको जीवनकाल बाँकी रहन्छ र योगीको योग-साधनले मूलको स्पर्श गर्दछ, तब यस्तो ब्रह्ममयी स्थिति सम्भव हुन्छ। यस्तो पुरुष परमात्मामा सधैं समाहित, सधैं परमको दिग्दर्शन गरेर परमभावमा स्थित परमात्माको स्वरूप हुन्छ। तर यस शाश्वत सत्ताको पवित्र विधान एवं विशेषता सधैं रहिआएको छ कि त्यो परमात्माको परमभावको प्रगटीकरण नर-शरीरको आधारवाला छ।

नोट- *मानवहरूमा नर एक स्थिति विशेष हो, स्त्री-पुरुष जो कोही पनि नर हुन सक्दछ। नर-शरीरमा आत्मासंग जागृत भएर अवतारको भूमिकामा परमात्माको प्रसारित हुनु, यस्ता महापुरुषहरूद्वारा नै सम्भव हुन्छ।*

यस्तो स्थितिवाला महापुरुषहरूको संरक्षणले, समर्पित मानवमात्रको अन्तःकरणमा क्रमशः विभिन्न आश्चर्यहरूलाई प्रकट गर्दै, अवतरणको बिचका स्थितिहरूबाट अवगत गराउँदै, अजर-अमर-शाश्वत ब्रह्मको प्रत्यक्ष दिग्दर्शनको

साथै अवतारको परम पवित्र स्थितिबाट अलंकृत गर्दछ। यो क्रम सधैं रहि रहने छ, अतः अवतार अनन्त कालसम्म अनन्त नर शरीरमा भई नै रहनेछ– महापुरुषहरूको पवित्र जीवनबाट यही जानकारी पाइन्छ।

आत्माले परिपूर्ण, परमात्म–स्वरूप, महान् तपोधन सद्गुरुहरूद्वारा त्यस परमात्माको अवतारको विधान छ। महापुरुषहरू शाश्वत स्वरूप, अजर–अमर स्थितिले परिपूर्ण तथा त्योभन्दा पनि पर बेगम, अनिर्वचनीय रूप–राशिले अलंकृत हुँदा पनि भाविक भक्तहरूको परमबोधको लागि नै अवतारको सृजन गर्दछन्। मानवले वहाँबाट अलग भयो भने अवतारजनित तृप्तिको स्रोत पाइँदैन, यसैकारण ती परमहंस स्वरूप महानतम् पुरुषहरूको सधैं आवश्यकताको पुष्टिको लागि महापुरुषहरूको अन्तःस्थलमा अवतारको अभिव्यक्ति भएको छ। वहाँ परमात्माद्वारा कार्यरूप दिलाउने परमस्रोतका माध्यम हुन्।

योगेश्वर श्रीकृष्णले स्वरूप स्थित महापुरुषहरूको चरित्रसंग आफ्नो समानता देखाउँदै आफ्नो परिचय दिनुभयो– "म पनि एउटा महापुरुष हुँ तथा कालभन्दा पर परमभावमा स्थित छु।" अतः श्रीकृष्ण शाश्वत सत्तामा स्थित महापुरुष हुनुहुन्छ, तर शास्त्रको वाणीमा अवतारले सम्बोधित हुनुभयो। ठीक यसैप्रकार आत्मामा परमात्माको दिग्दर्शन पाउने प्रत्येक महापुरुष श्रीकृष्णको अनुरूप स्थितिवाला हुन्छन्। यद्यपि आदि शंकराचार्यपछि केहि रूढ़िगत प्रचलनहरूले अवतारहरूलाई चौबीसको संख्या दिएर वास्तविकता प्रदर्शित गर्ने भावनामा विराम लगाइयो, तथापि वास्तविक स्थितिवाला मनीषिहरूमाथी यसले कुनै प्रभाव पारेन, जस्तो कि कबीर, नानक, चैतन्य, रामकृष्ण परमहंस इत्यादिको जीवन–वृत्तमा पाइन्छ। ती पहिलेभन्दा अलग चौबीस अवतारहरूमा पनि मत्स्य, वराह, कच्छप, नरसिंह, गजेन्द्र उद्धार इत्यादि पाँच–छः अवतारहरू बाहेक प्रायः महात्माहरूले नै अवतरित विभूतिहरूको श्रेय प्राप्त गरेका छन्। उदाहरणार्थ– महर्षि कपिल, सनक, सनन्दन, सनातन, सनत्कुमार तथा नारद सबै अवतार हुन्। प्रह्लादको लागि अवतारको प्रसारण पूर्णतः नारदको देन थियो।

नोट– *जसले प्रकृतिको सम्पूर्ण जलिरहेको वातावरणबाट रक्षा गर्दै, भक्त प्रह्लादलाई आफ्नो काँखमा उठाउनुभयो।*

अवधूत महर्षि दत्तात्रेय तथा अवधूत ऋषभदेव ती २४ अवतारहरू मध्ये अवतार–विशेष हुनुहुन्थ्यो। ती महापुरुषहरूमा यति क्षमता थियो कि कुनै पनि वर्ण–व्यवस्थाको प्राणी किन नहोस्, अधिकारको स्थिति पाउने वित्तिकै भाविक भक्तहरूको अन्तःकरणमा स्वयंलाई जागृत गराउन सक्नु हुन्थ्यो।

नोट– *१. स्वयंको तात्पर्य योगेश्वर श्रीकृष्ण इत्यादि महापुरुषहरूको अनुसार त्यो महापुरुष र परमात्मा एक अर्काका पर्याय हुन्।*

२. ऋषभदेवमा श्रद्धा राख्ने प्राणी मात्र शुद्ध सनातन धर्मी हुन्। ऋषभदेव सनातन धर्मको अवतार विशेष हुन्, अरू होइन। यो जैन हो, यो बौद्ध हो, सनातनधर्मी हो– इत्यादि मत–मतान्तरको भेदभाव मायाले हाल्छिन् (मायिक देन हो)। जबसम्म जीव छ, झगड़ा गर्नु स्वभाव हो।

परशुराम, वामन तथा बुद्ध पनि अवतार विशेष हुन्। अधिकांश विश्वमा चर्चित बुद्ध, साधनाका विभिन्न भूमिकाहरूमा लागेर मनको निर्बीज अवस्थामा निज स्वरूपको दर्शन तथा व्यापक अहंको साक्षात् गरेर बोध भएपछि बुद्ध कहलाइए। ठीक यही उपलब्धि महामानवेतर महापुरुष भगवान् वामन तथा परशुरामजीको छ।

नोट– *१. सिद्धार्थ (बुद्ध)को जन्म राजपरिवारमा भएको थियो। जन्मेपछि ज्योतिषिहरूले भनेका थिए कि यिनमा त योगीको लक्षण छन्। यस घोषनाको साथै माता–पिताले बालकलाई सत्पुरुषहरूबाट बचाउने चेष्टा गरे। प्रायः भजनको सम्भावना देखेर माता–पिताले मोहवश यस्तै व्यवस्था गर्ने गर्दछन्। रोग, वृद्धावस्थाको कम्पन, मृत्युको ताण्डव देखेर सिद्धार्थले बाल–बच्चालाई छोड़ेर अर्धरात्रिमा सत्यको खोजीमा निस्के। प्रायः भगवान्को प्रत्येक तीव्र अनुरागी अथवा योग–संस्कारयुक्त, योगभ्रष्ट मानवको सामुन्नेमा यस्तै स्थिति आउने गर्दछ। सिद्धार्थ साधनामा प्रवृत्त भए। उनले 'संन्यास', 'त्याग' पथको अनुकरण गरे र परम विवेकी कहलाइए। तर परमशान्तिमा मात्र कहानी बनेर रह्यो। सिद्धार्थले आफ्नो साधनामा हठलाई स्थान दिए एवं व्याकुलता–पूरित हृदयले निरन्तर साधना गर्न थाले। परमको पिपासावाला यो साधना सफलताको कारण बन्यो, बुद्धले आफ्नो अन्तःकरणमा परम चेतनको प्रतिबिम्ब पाए। पूज्य गुरुदेव भगवान्ले भन्ने गर्नु हुन्थ्यो, "विरह–वैराग्य बिना त्यो सत्य (शाश्वत*

प्रभु) भेटिदैनन्। अधिकांश महापुरुषहरूले विषम परिस्थितिहरूमा नै परम-पथमा लागेर त्यस शाश्वत सत्यलाई पाएका छन्।

२. गौतम बुद्ध पनि चौबीस अवतारहरू मध्ये एउटा हुन्। उनको सेवा गर्नेवाला सनातन धर्मबाट अलग छैनन्। प्रत्येक सनातन धर्मको पराकाष्ठा, शाश्वत दिग्दर्शनको परिणाम, स्वरूपको बोध बुद्ध हो। मात्र भाषा-भेद हो, वास्तवमा बौद्धले सनातन महासत्यको पिपासा राख्दछ।

प्रश्नोत्तरीमा आचार्य शंकर पनि भन्नुहुन्छ-

'बौद्धाद्धिको यस्तु विमुक्तिहेतुः।'

यो शाश्वत परब्रह्म नै सर्वोपरि सत्ता-विशेष हो। साधनको परिणामस्वरूप यी शुभाशुभ भन्दा परको स्थितिवाला अनन्यतम महापुरुष आत्मतत्त्वको विकलता हुनेहरूको लागि परात्पर ब्रह्मको अवतार प्रसारिणी अलौकिक कलाको रूपमा सबै युगहरूमा प्रमाणित भएका छन्। जसको प्रामाणिकता निरपेक्ष तथा शाश्वत सत्य हो। उनै विशिष्ट परमात्म-तत्त्ववेत्ता पुरुषहरूमा महात्मा हंस, महर्षि व्यास, आदि राजा पृथु (राजयोगको आदि प्रणेता), यज्ञ (परमात्मा प्रेरकको रूपमा आत्माबाट प्रसारित भएर जसरी चराचर जगत्को अस्तित्वलाई जलाएर शाश्वत रूपमा परिलक्षित हुनजान्छ, त्यो ब्रह्म यज्ञजनित उपक्रम) पनि अवतारको प्रतिष्ठा हो, जो शाश्वत सत्यको उत्प्रेरक हो।

यही अवतार मत्स्य, कच्छपादिको क्रियात्मक शृंखलामा पाइन्छ। हयग्रीव तथा नर-नारायण पनि उनै (श्रीकृष्ण, ऋषभ आदि) अवतरित विभूतिहरूको पवित्र परम्परामा छ। प्राचीन लेखन-शैलीका यी अवतारहरू एवं त्यसपछि पूर्णत्व प्राप्ति गरेका सत्पुरुषहरूमा कुनै पनि प्रकारको फरक छैन। तर अन्तर्दृष्टिहीन (आत्माको भाषा न बुझ्नेहरू), वाणीको विलासिता एवं काल्पनिक विचार राख्नेहरूले मात्र चौबीस अवतारहरूलाई रूढिगत भ्रान्तिहरूका बाँधेको छ। वास्तविकतासंग यसको कुनै सम्बन्ध छैन। सधैंदेखि विधान यो छ कि आत्मतृप्त, आत्मस्थ, विदितात्मा पुरुषहरूमा सधैं त्यस्तो क्षमता विद्यमान हुन्छ, जसबाट भाविकहरूमा परमात्माको पिपासा तथा विशुद्ध लगन जागृत हुने वित्तिकै ती महापुरुषले अवतारको प्रत्यक्ष प्रकाश तथा प्रभुको निरन्तर पीयूष-धाराको कृपा-प्रसाद दिने गर्नुहुन्छ।

प्रकारान्तरले अवतार दुइवटा छन्– एउटा व्यापक ब्रह्मलाई शून्यावस्थाबाट जागृत गरेर अवतारको प्रक्रिया–श्रेणीबाट लग्दै, परममा निरोध गरेर स्थायी प्रकाशले प्रकाशित गर्नेवाला अवतार–प्रेरक हुन्। अर्को, अवतारद्वारा प्राप्त हुने स्थितिहरूको अवलोकन हो। अर्को शब्दमा, यी अवतारहरूमा एउटा त ब्रह्मस्वरूप महापुरुष हुन्छ, जो शरीरमा आश्रित रहेर पनि परमशान्त तथा सम हुन्छ, यस्तो महापुरुष जागृति प्रदान गर्ने अवतारहरूको प्रेरक र जन्मदाता हुन्छ।

अर्को प्रकारका अवतार ती हुन्, जो कथा–प्रसंगको रूपमा पाइन्छन्, जसको व्यक्तिगत स्वरूप छैन, जस्तो– मत्स्य, वराह, कच्छप, यज्ञ, गजेन्द्र उद्धारक हरि एवं नरसिंह इत्यादि। यिनीहरूको कुनै बाहिरी स्थायी आकार छैन। विचारकालमा पनि यी चित्रित हुँदैनन्। यिनीहरू अवतारको क्रियात्मक विश्लेषण हो। यी सबै बाहिरी प्राणीहरूको विषय होइनन्, बरू हृदय–देशमा उत्पन्न हुने परमात्माको वास्तविक प्रतिबिम्ब हो, जसको प्रभाव र प्रसार साधकले सोझै आफ्नो हृदयभित्र पाउँछ। उनको कार्यक्षेत्र विस्तृत छ तथा योगको माध्यमले योगानुशासित पुरुषको लागि नै पूर्णरूपेण सम्भव हुन्छ। भाविकहरूलाई स्वयं (कैवल्यपद)को अनुभूति गराउनको लागि उनले सार्वभौम स्थित आत्मालाई साक्षात् गराउँछ तथा जबसम्म साधकलाई शाश्वत सत्तामा उभिन लगाउँदैन, तबसम्म उत्तरोत्तर स्थितिहरूलाई उठाउँदै, शुभ वचन बोल्दै, उत्तरोत्तर अलौकिक शक्तिहरूद्वारा साधकको मनलाई खेलाउँदै, मनको अन्तराललाई गति दिंदै, सुहृद्को भार वहन गर्दछ।

मानस शीर्षस्थ अविनाशी स्वरूप श्रीराम पनि यसै परिधिमा हुनहुन्छ जो अलौकिक मर्यादाको स्रष्टा, अनिर्वचनीय सत्ताको प्रसार–विशेष हुनुहुन्छ।

महापुरुषको सम्बन्धमा उपर्युक्त वास्तविकता सत्यको प्रेरक, सृजक तथा महापुरुषको बोधक हो। योग–पराकाष्ठाको परिणामस्वरूप ज्ञानामृतको भोक्ता (जुन पुरुषहरूको लागि प्राप्त हुने योग्य परमात्मा अप्राप्त छैन) सहज प्राप्त परात्पर ब्रह्मसंग अभिन्न हुन्छ। यस्तो साकार अवस्थावाला कैवल्यधाम, चिन्मय पुरुषले, शाश्वतको सादृश्यद्वारा अवतारको प्रकाशन गर्दछ। यसै विशेष अवस्थावाला पुरुषमा सद्गुरुको विशेषण पाइन्छ। यी आत्मस्थित ब्रह्मवेत्ताहरूमा शाश्वत, अनिर्वचनीय, अलखको अवतरणको प्रवाह संयोग मात्रले हुने गर्दछ।

हृदयले उनको स्पर्श गर्ने वित्तिकै उनको संरक्षण पाउन थालिन्छ। ती महापुरुषले प्रयास नगरे पनि शाश्वत अवतरणको यो प्रवाह भाववश्यताले स्वतः हुने गर्दछ; किनकि वहाँ अभिन्न हुनुहुन्छ। महापुरुषले आफ्नो पहिचान आफैले दिने गर्दछ। यो कुरो भिन्दै छ कि यसलाई उनले अनेकौं जन्मदेखि दिंदै आएको छ वा अब दिनेछ अथवा स्वयंद्वारा प्रेरित गराउनेछ। पुण्यवृद्धि गरेर अधिकारीको स्थिति प्राप्त गर्नु तपाईंको उत्तरदायित्व एवं कार्य हो।

यो बौद्धिक विषय होइन, अतः कल्पनाहरूको प्रवाहले वहाँलाई जान्न-बुझ्न सकिंदैन। त्यो आनन्दानुभूति त इष्ट जागृत भएपछि तथा हृदय-देशमा इष्ट द्रवित भएपछि मात्रै सम्भव हुन्छ। प्रारम्भमा पूज्य गुरुदेव भगवान्को मुखारविन्दबाट निःसृत उपदेशहरूलाई सुनेर म अन्यौलमा पर्ने गर्दथे। आजभन्दा पहिले मनमा यो कुरा आउँदैन थियो कि भगवान्ले पनि अदृश्य रूपले बोल्छ तथा संभाल गर्दछ।

एकपटक श्रीगुरुदेव भगवान्ले भन्नुभएको थियो- "मलाई भगवान्ले पढ़ाउने गर्नुहुन्छ। यो शरीरले पढ़े-लेखेको छैन। आत्माले अंग्रेजी पनि बोल्दछ र म सुन्ने र बुझ्ने गर्दछु, मलाई कहीं कतै शंका लाग्या भने भगवान्ले उत्तर दिनु हुन्छ।" (अर्थात् संकल्पहरूको साथमा रहने गर्नुहुन्छ। संकल्पहरू पछाड़ि आउँछ, वहाँ अगाड़ि नै हिड्नु हुन्छ।) यदि म पतित हुन चाहे पनि हुन पाउँदिनँ, भगवान्ले मलाई पतित हुन दिनु हुन्न।

यस बारेमा मैले निवेदनको स्वरमा सोधें कि प्रभु! के भगवान् पनि बोल्नु हुन्छ? तब भन्नुभयो, "हाँ हो! तिमीसंग पनि बोल्नु हुनेछ, किन आत्तिन्छौ, दिनहरू मात्र बित्न देऊ।" त्यसपछि गुरुदेव भगवान्ले भन्नुभयो- भगवान्ले भक्तको संचालन जबसम्म गर्न थाल्नु हुन्न, तबसम्म भगवत्-पथको आरम्भ नै हुँदैन। साधकले जो पार लगाउँछ, त्यो उनै आराध्यको देन हो। अतः वहाँ सधैं साथमा रहेर संचालन गर्ने गर्नुहुन्छ। यसप्रकार पूज्य गुरुदेव भगवान् श्रीपरमहंसजीले सक्रिय शैलीमा क्रमशः अवतारको प्रकाशमा प्रवेश दिलाउने तथा त्यसमा व्यापक स्थितिको साथै अवतार शान्त हुने, समत्वमा विलय जस्तो हुने, भक्तको स्थितिमा मिल्नेलाई स्वीकार गर्नुहुन्थ्यो- अर्थात् भक्तको विलीनीकरणपछि परमको स्पर्शको साथै अवतारको स्थितिमा परिवर्तित भएर

त्यो अवतरित सत्ता पनि अलग रहँदैन, बरू यस्तो पुरुषमा भित्र, बाहिर तथा सबैतिर सहज परमात्मा नै परिपूर्ण रहने गर्दछ।

नोट– *यो अवतार अधिकारको योग्यतावाला कुनै विरलै योगीको हृदयमा हुन्छ। अतः प्रथम चरणमा अत्यन्त सूक्ष्म परिवेशमा साधनालाई सद्गुरुले प्रस्फुटित गर्दै तथा क्रमशः कण–कण (सर्वत्र)मा स्थित सबै प्राणीहरूमा समाहित आत्मस्वरूपको दर्शन गराउँदै, सबैभित्र अनादि मूल अनिर्वचनीय ब्रह्म 'अहम्'को स्थितिमा नियुक्त गरेर आफू–जस्तै आत्ममयी स्थिति प्रदान गरिदिन्छ। उसैले सम्पूर्ण भूमिकाहरूको दिग्दर्शन गराउँदै विश्ववास, परम चेतन भगवान्को अलौकिक क्षेत्रमा द्रष्टा जीवात्मालाई सहज स्वरूपको स्थिति दिंदै, यो स्थितिमा आफू पनि प्रतिष्ठित रहन्छ। अतः अवतार कुनै–कुनै योगीको हृदयको वस्तु हो। त्यो सद्गुरु पनि विरलै हुन्छ जसले जीवलाई जागृत गर्दछ। अतः नर–शरीर अर्थात् शुद्ध हृदयको अधिकारीको स्थिति प्राप्त गर्नुस्। तीव्र अनुरागीको लागि अवतारको मान्यता सबै युगहरूमा समान रूपले छ।*

'सो केवल भगतन हित लागी।'

'राम भक्त हित नर तन धारी।'

भक्तको शरीर नै नर–शरीर हो। भक्तको हितको लागि भगवान्ले भक्तको त्यो शरीरलाई ग्रहण गर्नुहुन्छ, जसको मनःस्थलमा मायारूपी नारीको प्रभाव हुँदैन। योगेश्वर श्रीकृष्णको वाणी गीता (अध्याय ४)मा दृष्टिपात् गर्दा स्वभावतः स्पष्ट हुन्छ कि अवतार कुनै यौगिक प्रक्रियामा हुने परमतत्त्व परमात्माको प्रकाशको प्रसारण हो, अतः त्यो कृपा (आराधना)को जागृतिपछि मात्र सर्वसुलभ हुन्छ। योगमा निश्चित क्रिया एउटै छ। यस सन्दर्भमा अनेक टीकाहरूमा एवं मतान्तरहरूमा न लागेर अक्षरशः अब त्यो (योग–ऐश्वर्यसम्पन्न) श्रीकृष्णको वाणी हेरौं।

।।ॐ शान्तिः शान्तिः शान्तिः।।

३. श्रीकृष्णको शब्दहरूमा 'अवतार'

अर्जुनले यसप्रकार प्रश्न गरेपछि कि– "**अपरं भवतो जन्म परं जन्म विवस्वतः।**" अर्थात् हे श्रीकृष्ण! तपाईंको जन्म त अहिले भएको छ, जबकि सूर्यको जन्म त सुदूरकालमा धेरै पहिले भएको थियो। अतः तपाईंले कल्पको आदिमा यस अविनाशी योगबारे सूर्यलाई भन्नुभएको थियो– यस विषम कालको कसरी विश्वास गरूँ? यस सन्दर्भमा योगेश्वर श्रीकृष्णले आफ्नो अवतारमाथी प्रकाश पार्दै भन्नुभयो कि–

'बहूनि मे व्यतीतानि जन्मानि तव चार्जुन।'

अर्थात् तिम्रो र मेरौ कैयौं जन्म धेरै पहिले देखि हुँदै आएको छन्, तर हे परंतप! (जो आफूले गरेको प्रणबाट पछि हट्दैन) ती सबैलाई तिमीले जान्दैनौ (अर्थात् अवतार तथा अवतार प्रकरण बारे जान्दैनौ) र म ती सम्पूर्ण अवतारहरूलाई जान्दछु।

सम्बन्ध– भगवान् श्रीकृष्णको कथनानुसार वहाँको धेरै जन्म अर्थात् अवतार भइसकेका छन् अर्थात् ठीक यसै स्थितिका अनेक महापुरुष भैसकेका छन्। यहाँ अवतारको लागि बहुवचन यसै अभिप्रायले प्रयोग गरिएको छ। श्रीकृष्णको शब्दहरूमा अवतार धेरै छन् अर्थात् असंख्य, अनन्त अवतारहरूको विधान छ। मानसको 'प्रति ब्रह्माण्ड राम अवतारा'बाट पनि सीधा प्रकाश पर्दछ। अतः केही पुराणहरूमा 'अवतार' चौबिस नै हुन्छन्– यस्तो मान्यताले स्वतन्त्र सत्तालाई पनि संख्याबद्ध गरिदिन्छ। वास्तवमा कुनै कालमा सत्यको नामले कल्पनाको प्रसारबाट असत्य पूजित भैसकेको थियो। यो त्यही भ्रामक विचारको परिणाम हो।

योगेश्वर श्रीकृष्णका ती अवतारहरू अलौकिक छन्–

अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन्।

प्रकृतिं स्वामधिष्ठाय संभवाम्यात्ममायया।। (गीता, ४/६)

अर्थात् म अव्ययात्मा (अविनाशी स्वरूप), अजन्मा भए पनि तथा सबै प्राणिहरूको ईश्वर एवं मूल प्राणहरूमा प्रवाहित भए पनि आत्ममयी स्थिति

दिलाउने यौगिक प्रक्रियाद्वारा आफ्नो त्रिगुणमयी प्रकृतिका कार्यहरूलाई स्वाधीन गरेर प्रकट हुने गर्दछु। 'आत्ममाया' आत्मालाई साक्षात् गराउने सधैं गोपनीय ब्रह्मविद्याको नाम हो। यो आत्मामा पूर्ण प्रवेश दिलाउनमा सक्षम छ। आत्मतिर लैजाने आत्ममायाकै अर्को नाम योगमाया हो।

नोट- *गीताको सातौं अध्याय (श्लोक २५)मा श्रीकृष्णले भन्नुभएको छ कि "म आफ्नो योगमायाले ढाकिएको हुनाले सबैलाई प्रत्यक्ष हुँदैन। अतः आसुरी सम्पत्तिवाला अज्ञानीले म अविनाशीलाई नचिनेर तुच्छ तथा साधारण मानिस ठान्दछन्। जबसम्म योग पराकाष्ठामा पुग्दैन, तबसम्म भगवान् पूर्णरूपेण विदित हुँदैन। पहिले मायाको पर्दा थियो, अब योगको पनि एउटा पर्दा छ, जसले त्यस शाश्वत स्वरूपलाई ढाकेर राखेको छ। अतः यस गोपनीय आत्ममयी प्रक्रिया-विशेषद्वारा प्रकृतिको पूर्ण नियन्त्रण काल आएपछि त्यो शाश्वतको दर्शनको विधान छ। पूर्णता एवं पराकाष्ठाको स्थितिको लागि नै यो विधान छ।*

सम्बन्ध- आत्मिक प्रक्रियाको पूर्तिकालमा महापुरुषले पूर्णरूपेण प्रकट हुँदै भक्तको आत्मामा प्रवाहित भएर शाश्वत स्वरूप प्रदान गरिदिन्छ। यसप्रकार अवतारको सृजनको माध्यम महापुरुष हुन्। तर कुन चाहिं यस्तो कारण-विशेष छ जसले गर्दा त्यो प्रभु अवतरित हुन्छ? यसमा योगेश्वर श्रीकृष्ण भन्नुहुन्छ-

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम्।। (गीता, ४/७)

अर्थात् हे अर्जुन! जब-जब धर्म (परमात्मा)को लागि ग्लानि हुन्छ, हृदय भयंकर ग्लानिले अभिभूत हुन्छ (जस्तो कि रामचरितमानसमा महाराज मनुलाई भएको छ- '**हृदय बहुत दुःख लाग।**') र अधर्म अर्थात् काम, क्रोध, तृष्णा इत्यादि साधकको हृदयमा वृद्धि हुन लाग्दछ, साधकले प्रयत्न गर्दा पनि ती विकारहरूबाट पार पाउन सक्दैन, परमात्म-धर्मको लागि ग्लानिको बहुमत हुनजान्छ, प्राप्तिको लागि अन्तःकरण ग्लानिले पूर्ण एवं अतालिन थाल्छ- तब म आफ्नो स्वरूपलाई रच्न थाल्दछु।

नोट- *यो यौगिक हृदयको वस्तु हो।*

सम्बन्ध- उपरोक्त सूत्रमा उल्लेखित अधर्मका ग्रन्थिहरूबाट पार नपाउँदा एवं धर्म (परमात्मा)को लागि आतुरी भएपछि अन्तरंग पुकारको साथै वहाँको

प्रकट हुने विधान छ। यो अव्यक्तको अवतरणको कारण–विशेष छ; तर त्यो अवतार कुन कार्यको पूर्तिको लागि हुन्छ?

यहाँ योगेश्वर श्रीकृष्णको वाणी हेर्नुहोस्–

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम्।

धर्मसंस्थापनार्थाय संभावामि युगे युगे।। (गीता, ४/८)

साध्य वस्तु, त्यस विभूतिलाई सम्भव गर्ने विवेक, वैराग्य, इन्द्रियहरूको दमन, शम–दम, ध्यान–चिन्तन एवं भजनको प्रवृत्ति 'साधूनाम्' कहलाउँछ। यिनीहरूको पालनमा श्रम त धेरै नै गर्नु पर्दछ, तर सफलता पाइँदैन। अविद्याबाट उत्पन्न जघन्य विकारहरू दूषित कर्म 'दुष्कृताम्' कहलाउँछ।

नोट– *काम, क्रोध, लोभ, मोह, मद, मत्सर इत्यादिले मानवलाई बाहिरी प्रवृत्ति प्रदान गर्दछन्। यी मानव–अन्तःकरणमा प्रसुप्तावस्थामा रहन्छन् र संग–दोष पाएर जागृत हुने गर्दछन्। यिनीहरू जब जागृत हुन्छन्, दूषितलाई क्रियान्वित गर्दछन्। यिनीहरू नै दुष्कृतहरूको मूल उद्गम हो, 'दुष्कृताम्' हो।*

यी दुष्कृताम्लाई विनाश गर्नको लागि र धर्मको स्थापना अर्थात् स्थायित्व दिनको लागि म युग–युगमा प्रकट हुन्छु। भगवान्को प्राप्ति वा अवतारको विषयमा कुनै पनि युग अनुकूल अथवा बाधक हुँदैन।

सम्बन्ध– जस्तो कि उपर्युक्त श्लोकहरूमा योगेश्वर श्रीकृष्णले पुष्टि गर्नु भयो कि वहाँको अवतार 'धर्म संस्थापनार्थाय' हुने गर्दछ। अतः धर्म के हो? '**धारयति इति धर्मः**' अर्थात् जसले सबैलाई धारण गरेको छ, त्यही धर्म कहलाउँछ। सबैलाई धारण गर्ने त्यो ब्रह्म सनातन छ– '**यान्ति ब्रह्म सनातनम्**' **(गीता, ४/३१)**। अतः धर्म कहलाउनेवाला त्यो एकमात्र सनातन धर्म हो। फेरि सनातन के हो?

योगेश्वर श्रीकृष्ण भन्नुहुन्छ–

अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च।

नित्य सर्वगतः स्थाणुरचलोऽयं सनातनः।। (गीता, २/२४)

अर्थात् यो आत्मा नै अपरिवर्तनशील, नित्यस्वरूप, न सुक्रे, न जल्ने, न गल्ने, न प्वाल पार्न सकिने, नित्य, सर्वव्यापक, अचल र सनातन छ। यस स्थानमा श्रीकृष्णको शब्दहरूमा एकमात्र आत्मा नै शाश्वत तथा सनातन छ।

अतः यसै आत्मालाई साक्षात् जान्नु हाम्रो तथा मानव–मात्रको लागि धर्म हो। तर अजर–अमर, शाश्वत तथा सर्वव्यापक गुणधर्मवाला आत्मा यदि सबैमा छ भने फेरि खोज्ने कसलाई?

यसको उत्तरमा योगेश्वर श्रीकृष्ण भन्नुहुन्छ कि आत्मालाई यी विभूतिहरूले युक्त मात्र तत्त्वदर्शीहरूले देखे। साधारण मानिसहरूले आत्माका यी गुणहरू देख्न सक्दैनन्। धेरैजसो शोक, सन्ताप र मृत्युको कारण माया नै देखिन्छ। श्रीकृष्ण भन्नुहुन्छ–

जन्मकर्म च मे दिव्यमेवं यो वेत्ति तत्त्वतः।
त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुन।। (गीता, ४/९)

अर्थात् मेरो त्यो जन्म, कर्म दिव्य एवं अलौकिक छ। उपरोक्त अलौकिक विभूतिहरूले युक्त मलाई जसले जान्दछ, त्यो तत्त्वदर्शी हो (अर्थात् तत्त्वदर्शीको लागि जानकारीको विधान छ)। मेरो जानकारी पछि शरीरको परित्याग गर्नेवालाले पुनर्जन्म लिनु पर्दैन, ममा नै स्थित रहन्छ।

नोट– *अवतार त हुन्छ, तर लाखौं मानिसहरू मध्येबाट केही तत्त्वदर्शी पुरुषहरूले मात्र उसलाई देखेको छ। मात्र तत्त्वदर्शीको लागि अवतार–दर्शनको आदर्शको मान्यता छ। हुन त त्यस तत्त्वको स्पन्दन सम्पूर्ण जगत्को मानव मात्रमा समान नै छ तथा अविभाजित रूप एवं प्रसुप्तावस्थामा निरन्तर फरफराउँछ तापनि कुनै तत्त्वस्थित महापुरुषद्वारा उसको जागृति तथा अवतरणको शाश्वत विधान छ।*

अब ती मानिसहरू मध्ये तिनीहरू पूर्णरूपले भ्रान्तिमा छन्, जसको धारणा छ कि यस पटक कुमारी कन्याबाट अथवा फलानो प्रकारले अवतार हुनेछ। यसप्रकारका अनेक मान्यताहरू प्रचलित छन् र हुँदै गर्नेछन्। तर सनातन धर्म एवं त्यसको प्रगटीकरणको विधान–विशेष, पूर्वकालदेखि जुन महानतम पुरुष, स्वरूपस्थ महापुरुषहरूको देन हो, त्यसमा यस्ता भ्रान्तिमूलक विचारहरूको कुनै ठाउँ छैन। परमको प्राप्तिको लागि तपाईं परमतत्त्व स्थित एवं स्वरूपस्थ महापुरुषको खोजी गर्नुहोस्, जो पुण्य–पुरुषार्थबाट नै हुनेछ। तब मात्र तपाईं अवतार दर्शनको महान गरिमाको लागि सुपात्र बन्न सक्नु हुनेछ।

।।ॐ शान्तिः शान्तिः शान्तिः।।

उपसंहार

ईश्वर सर्वशक्तिमान, सर्वव्यापी र अन्तर्यामी छन्। यस त्रिगुणात्मिका सृष्टिको प्रसार वहाँकै लीलामयी दृष्टिको विस्तार हो। संसार एउटा रंगमंचीय कला हो, जहाँ चराचर जीव द्वन्द्वात्मक भूमिकामा लीलाधरको निर्देशनमा अभिनय गरिरहेका छन्। **'शुभ अरु अशुभ करम फल दाता।'** उनी एक छ, तर अनेक रूपमा व्यवहार गर्दै, आफ्नो मायाको विस्तार गरेर सबैलाई नचाई रहेको छ। सुख–दुःख, लाभ–हानि, जय–पराजय र जीवन–मृत्युको चपेटबाट सबैजना व्याकुल छन्। यस भवसिन्धुका लहरहरू यति विकराल छन् कि तिनीहरूको आघातहरूले जीवात्माहरू छटपटाइरहेका छन्, किनारा खोजिरहेका छन्, तर अन्धकारमा कहाँ किनारा पाउने? यही अथाह संसार–सागर मन्थनको यौगिक प्रक्रिया साधकको मानसिक धरातलमा घटित हुन्छ। जब मन र इन्द्रियहरूलाई समेटेर कुनै पथिक पूर्णतः सद्गुरुको अधिन हुनजान्छ, तब संयमित मन र इन्द्रियहरूको परिणामस्वरूप उसको अन्तःकरणमा नै कच्छप अवतार हुन्छ। क्रमागत साधनात्मक उपलब्धिहरूको विशिष्टिहरूमा प्रवेश गर्दै, प्रगतिशील साधकले भवसिन्धु मन्थनको अन्तरालमा त्यस अमृत तत्त्वलाई प्रत्यक्ष पाउँदछ, जसको अनुभूतिले तत्क्षण शाश्वत सत्तामा लीन गरेर उसलाई सधैं–सधैंको लागि आवागमनबाट मुक्त गरिदिन्छ, लीलाधरको लीला समेटिन्छ र स्वरूप स्पष्ट भएर सामुन्नेमा आउँछ। साधकको रौं–रौंबाट ध्वनि उठ्न थाल्दछ–

हम न मरब मरिहैं संसारा। हमका मिल्यों जियावन हारा।।

ठीक, त्यसै प्रकार देश–कालको परिवर्तनहरूको साथै विभिन्न कथाहरूको रूपमा ब्रह्मविद् पुरुषहरूको वेदमयी वाणीद्वारा सत्य एवं परमको अवतरणको शाश्वत, अटुट विधान छ। कथा अनेक छन्, तर मूलवस्तु एउटै छ। संसार परिवर्तनशील छ। सहस्राब्दिहरूको अतीत, त्यसको मध्यकाल तथा यो वर्तमान पनि अतीतको गर्भमा विलीन हुनेछ। प्रायः प्रत्येक सय–दुईसय वर्षको अन्तरले भाषा एवं त्यसको अभिप्रायको सूक्ष्म ग्रन्थिहरूमा ठूलो परिवर्तन आउने गर्दछ। अतः भविष्यको मानवको कस्तो बोल–चाल हुनेछ, यो कल्पनातीत छ। युग–युगान्तर देखि बदलिएको परिस्थिति एवं घटनाक्रमले मानव–मस्तिष्क घायल जस्तो भएको हुन्छ। यही कारण हो कि ऊ महापुरुषहरूको वचनामृतमा निहित मूल भावहरूबाट विस्तारै–विस्तारै टाढ़ा हुँदै जान्छ।

उपर्युक्त विषम परिस्थितिहरूमा पहिले नै उल्लेख भएका अवतारहरूका जागृति एवं उनीहरूको कार्य–प्रणालीको रूपक ब्रह्मविद् मनीषिहरूद्वारा प्रस्तुत हुँदै आएको छ। भाषा–शैली एवं प्रसंगको भिन्नता भए पनि मानव–अन्तस्थलमा उनीहरूको मौलिक उपलब्धि समान छ। उपनिषद्को कथन छ कि साधन परायण हजारौं पुरुषहरू मध्येबाट त्यसैले त्यो आत्मतत्त्वको स्थिति प्राप्त गर्न सक्दछ, जसको चयन परमात्मा स्वयंले गर्दछ। यो आत्मा न त प्रवचनले, न विशिष्ट बुद्धिले र न बहुश्रुत भएर नै प्राप्त हुन सक्दछ। अतः मानव–मात्रमा परम अधिकारीलाई अन्तःकरणबाट सहयोग प्रदान गर्नु, साथी–जस्तै उसको हात समातेर प्रकृतिभन्दा परको पुरुष, परमतत्त्वसम्मको पथ पार गराई दिनु, उसलाई शाश्वतको सर्वव्यापी स्वरूपमा स्थित गराई दिनु– यही अवतारको केन्द्र–बिन्दु हो।

यद्यपि मानव–मात्रको अन्तःकरणमा त्यो परमतत्त्व सधैं विद्यमान छ, तथापि उसलाई त्यसैले जान्दछु जसमा ऊ वास्तवमा जागृत छ। जागरणको यौगिक प्रक्रियाको लागि साधकले मनसहित इन्द्रियहरूलाई समेटेर (एकत्रित गरेर) परमात्माको प्राप्तिको अभिलाषालाई बलियो बनाउनु पर्दछ एवं तत्त्वदर्शी महापुरुषको प्राप्तिको लागि पुण्यार्जन गर्दै निरन्तर संलग्न रहनु पर्दछ। प्रयत्नशील भाविकहरूको लागि त्यो अलौकिक इष्ट–वचनामृत, इष्ट–योगक्षेम पूर्णरूपले संभव हुन्छ।

यो कुनै कल्पना होइन, बरू परम चेतनको विधान, अनादि सत्य एवं शाश्वत अनुकरणीय छ। यसै तात्त्विक परिवेशमा चौबीस अथवा असंख्य अवतारहरूको क्रियात्मक प्रसार महापुरुषहरूको कृपाबाट प्राप्त गर्नुहोस्। महापुरुषको प्राप्तिमा म यहाँ फेरि जोर दिन्छु। उनको यथासंभव सेवा, सान्निध्य तथा वचनामृतलाई हृदयपूरित मनले समाउनुस्; कालान्तरमा त्यो परमतृप्ति संभव हुन सक्नेछ। साधन–पथमा यदि धेरै चल्न सकिएन भने 'गुरुर्वाक्यम् सतत् गेयम्'को अनुसार श्रीगुरुदेवभगवान्को वचनामृतको अवलोकन अनुशीलन गरिरहनु पर्दछ।

ध्यानमूलं गुरोर्मूर्ति, पूजामूलं गुरोर्पदम्।
मंत्रमूलं गुरोर्वाक्यम् मोक्षमूलं गुरोः कृपा।।

।।ॐ शान्तिः शान्तिः शान्तिः।।

एक भाविकको प्रश्न

***प्रश्न-** महाराजजी! यस पुस्तकमा तपाईंले भन्नुभएको छ कि ''अवतार पिण्डहरूमा हुन सक्तैन बरू उसले कुनै शरीरलाई ग्रहण गर्दछ, यस कारणले पिण्डवाला हो।'' चौबीस अवतारहरूमा धेरै जसो महापुरुष छन् जसले साधनाको माध्यमबाट अवतारको स्थिति प्राप्त गरेका छन्। तर भगवान् श्रीराम एवं श्रीकृष्णको जीवनमा त बाल्यकाल देखि नै अलौकिक लीलाहरूको समावेश पाइन्छ जसमा साधना माध्यम होइन। के श्रीराम-श्रीकृष्ण अरू अवतारहरू भन्दा विशेष थिए?*

उत्तर- हेर्नुहोस्, महाभारत-युद्धको प्रारम्भमा युधिष्ठिर जय-पराजयको चिन्ताले युद्धबाट तर्किन थाले। तब अर्जुनले उनलाई सम्झाए- राजन्! यी श्रीकृष्ण जता रहन्छ, त्यता नै विजय हुन्छ- यस्तो नारदजीले भनेको छ। श्रीकृष्ण विगत छः जन्महरूदेखि महापुरुष हुँदै आएको छ। एक जन्ममा उनले प्रभास क्षेत्रका स्थानीय जनतालाई उपदेश दिए। एक कल्पमा उनी 'यत्र सायं-गृहं' मुनिको भेषमा विचरण गर्ने गर्दथे, अर्थात् दिनभर हिड्दा-हिड्दा जहाँ साँझ पर्दथ्यो, रात्री त्यहीं निवास गर्दथे। कल्पको आशय यहाँ जन्म हो। एक कल्पमा वहाँले पुष्कर तीर्थमा बाह्र वर्षसम्म एउटा खुट्टामा उभेर यज्ञ गरे। एउटा खुट्टाको तात्पर्य हो एक टेक, एक लक्ष्यमाथि दृढ रहनु। एक कल्पमा उनी बद्रिकाश्रममा घोर तपस्यामा संलग्न रहे र यस कल्पमा उनी साक्षात् परमात्माको रूपमा छन्। राजन्! श्रीकृष्ण तपाईंको पक्षमा छ, अतः तपाईंको विजय अवश्यंभावी छ।

यसप्रकार श्रीकृष्ण अघिल्ला छः जन्महरूदेखि साधना गरिरहनु भएको थियो। वास्तवमा '**अनेकजन्मसंसिद्धः ततो याति परां गतिम्।**' योगीले लगातार प्रयत्न गर्दै अनेक जन्महरूको सिद्धिपछि परमगतिलाई पाउँछ (गीता, ६/४५) धेरैजसो महात्मा भजन गर्दा-गर्दै महाविदेहावस्थामा पुग्छ, तर आफ्नो अन्तःकरणमा त्यस परम चेतनको अनुभूति प्राप्त गर्नुभन्दा पहिले नै शरीरको समय समाप्त हुन्छ, भने उनीहरू मुक्त हुँदैनन्; उनीहरूलाई जन्म लिनु पर्छ।

उनको उपलब्धिमा साधना माध्यम हुँदैन बरू जन्म लिनु नै माध्यम हुन्छ। यस्तो योगी 'भव प्रत्यय योगी' कहलाउँछन्– '**भव प्रत्ययो विदेह प्रकृति लयानाम्**' (पातञ्जल योगदर्शन, समाधिपाद १९) विदेह र प्रकृतिलयहरूलाई जन्मै देखि उपलब्धि हुन्छ। श्रीकृष्ण ठीक यसै स्तरका महापुरुष हुनुहुन्थ्यो। रामको पनि यही स्वरूप हो।

भारत मात्र होइन बरू विश्वमा नै जसलाई अवतार मानियो सबै मानिस नै थिए। साधारण मानिस जस्तो उनीहरूले पनि जन्म लिए, त्यसैगरी उनीहरूको पनि पालन–पोषण भयो। तर भजनको क्रियात्मक पथमा हिड़ेर उनीहरूले लक्ष्य प्राप्त गरे। त्यसपछि समाजले उनीहरूलाई अवतारको रूपमा चिने। गौतम बुद्ध राजाको छोरा थिए, ईसा एउटा गड़ेरियाको छोरा थिए भने हजरत मुहम्मद साधारण व्यापारी थिए। राम–कृष्णभन्दा उनीहरू कुन अर्थमा घटी छन् ? आज एक्लै बौद्धहरूको संख्या राम–कृष्णका अनुयायीहरू भन्दा डेढ़ गुना छन्। गौतमलाई उनीहरू त्यति नै सम्मान दिन्छन् जति मान्यता राम वा श्रीकृष्णलाई केही हिन्दू दिन्छन्। तर सुविज्ञ हिन्दू एउटै दृष्टिबाट हेर्छ। हुन त बुद्ध पनि चौबीस अवतारहरू मध्ये एउटा तथा हिन्दूधर्मको नै शुद्ध विभूति हुन्।

साधनाको सही बाटोमा लागेर यो जीवात्मा क्रमशः उत्थान गर्दा–गर्दै त्यस परमको स्पर्श पाउँछ जसको यो अंश हो। वास्तवमा भगवान् जब अपनाउनु हुन्छ तब आफूमा विलय गर्नुहुन्छ। प्रत्येक अवतार यस्तै हुन्छ। तत्त्वस्थित जति पनि महापुरुषहरूलाई अवतार भनिएको छ, सबैले साधन–पथबाट गुज्रिनु परेको छ। श्रीकृष्ण इत्यादिले यस जन्ममा श्रम गरेनन्, तर साधना–क्रम उनको पूर्वजन्महरूमा पाइन्छ। उपलब्धि र क्षमताको दृष्टिले सबै अवतार र तत्त्वदर्शी महात्मा एउटै स्तरका हुन्छन्; किनकि त्यो परमात्मा एउटै छ। यसकारण प्राप्तिकालमा सबै महापुरुषहरूलाई एक–जस्तो अनुभूति भयो र सबैले त्यस सत्तामा समान रूपले अलंकृत भए। तिमीले महापुरुषको निरन्तर संगत गर्नु पर्छ जसबाट क्रियात्मक पद्धतिलाई हृदयंगम गर्न सक्छौ, तब फेरि सन्देह हुने छैन।

।।ॐ।।

आस्तिकताको नाममा.....

जो नश्वरहरूको पछि भौंतारिरहेको छ, नश्वरहरूको पूजा गर्छ, त्यही नास्तिक हो। जो अस्तित्वको उपासक छ, जो एकमात्र परमात्माप्रति श्रद्धावान् छ, त्यही आस्तिक हो।

श्री परमहंस आश्रम, जगतानन्दबाट प्रकाशित पुस्तिकाहरूमा (विशेषकर 'वर्ण–व्यवस्था', 'पशु गाई धर्म होइन', 'सनातन धर्म'माथि) आक्षेप गर्दै वाराणसीका श्री मस्तरामजीले एउटा विरोध पुस्तिका 'नास्तिकहरू देखि सावधान' नामक शीर्षक दिएर प्रकाशित गर्नुभएको छ। पुस्तिकामा वहाँले लेख्नुभएको छ कि जाति–पाँति नै सनातन धर्म हो– यो वेदमा लेखिएको छ। जसले संस्कृत र वेदको अध्ययन गरेका छैन, उसले धर्मलाई जान्न सक्दैन। वेदका रक्षक ब्राह्मण हुन्, यसैकारण ब्राह्मणहरूको रक्षा गर्नको लागि भगवान्ले अवतार लिनुहुन्छ। वेदमा यज्ञको आवश्यकतामाथी जोर दिइएको छ, यज्ञमा पंचगव्यको लागि गाई जरूरी छ, यसैकारण गाई धर्म हो।.... इत्यादि।

यस कथनहरूलाई विचार बिन्दु बनाउनुभन्दा पहिले लेखक महोदयको भाषा–शैलीको बारेमा दुई शब्द भन्नु अप्रासंगिक हुने छैन होला। परम्परागत रूपले कठिन भाषा र लामो भूमिका बाँधेपछि वहाँले जुन प्रश्न उठाउनुभएको छ, तिनीहरूलाई प्रश्नको संज्ञादिनु पनि अनुचित हुनेछ; किनकि वहाँको लेखनमा सिद्धान्तगत आपत्तिहरू धेरै कम छन्, व्यक्तिगत कटूक्तिहरू नै धेरै छन्। वहाँले पूज्य परमहंसजी र वहाँका शिष्यहरू कस्ता छन् र लेखकको गुरु कस्तो हुनुहुन्थ्यो भन्ने सन्दर्भमा धेरै परिश्रम गर्नुभएको छ।

लेखक महोदयले ठाउँ–ठाउँमा याद दिलाउनुभएको छ कि परमहंसजीले गाँजा पिउने गर्नुहुन्थ्यो। म तपाईंलाई भन्न चाहन्छु कि वहाँको लागि गाँजा औषधिको रूपमा थियो। आफ्नो कुनै शिष्यलाई वहाँले गाँजा पिउन सिकाउनु भएन। प्राप्तिपछि महापुरुषको कर्म अशुक्ल र अकृष्ण हुनजान्छ। गीतामा छ–

आपूर्यमाणमचल प्रतिष्ठं समुद्रमापः प्रविशन्ति यद्वत्।
तद्वत्कामा यं प्रविशन्ति सर्वे स शान्तिमाप्नोति न कामकामी।।

(गीता, २/७०)

अर्थात् भयङ्कर वेगले बग्ने हजारौं नदीहरू हरहराउँदै ठूलो वेगले समुद्रमा खस्दछन्, तर समुद्रलाई न एक इञ्च माथि उठाउन सक्छन् र न तल नै झार्न सक्छन् बरू त्यसैमा समाहित हुनजान्छन्। ठीक यसैप्रकार स्थितप्रज्ञ महापुरुषप्रति सम्पूर्ण भोगहरू त्यत्तिकै वेगले आउँछन्, तर वहाँमा नै समाहित हुन्छन्। यस्तो समुद्रवत् स्थितप्रज्ञ महापुरुष परमहंसजीको नाम बदनाम गर्न खोज्नु आफूलाई नै कलंकित पार्नु हो। ठीक यसैप्रकार करपात्रीजीलाई हामी सबैले पूर्ण आदर गर्दछौं। प्रयागदेखि काशीसम्म डेढ़ वर्षसम्म निराधार विचरणको दौरान मात्र हत्केलामा अटाउने अलिकति भोजनमा निर्वाह गरेर 'करपात्री'ले ख्याति अर्जित गर्नुभयो। वहाँ त्यागी, विरक्त, निस्पृह र सरल महात्मा हुनुहुन्थ्यो। कर्मकाण्ड र गद्दीहरूको वकालत वहाँबाट गराइएको थियो, वहाँको कुनै दोष थिएन। लेखक महोदयले यस्तो महापुरुषको नामलाई विवादको घेरामा किन ल्यानु भएको? जुन बेला परमहंसजीले करपात्रीजीलाई चित्रकूटमा रामराज्य परिषदीय दलगत राजनीतिमा न जानको लागि सुझाव दिनुभएको थियो, त्यस समयमा करपात्रीजी उमेरमा परमहंसजीका बच्चा–जस्तो हुनुहुन्थ्यो। महाराजजीसंग वहाँलाई भन्ने–सुन्ने–सम्झाउने बुझाउने पूरा अधिकार थियो। महान व्यक्तिहरूको कुरा हो, त्यसलाई तपाईंले आफ्नो लागि अपमानजनक कसरी ठान्नु भयो? मात्र यति घटनाको कारणले पूर्वाग्रहग्रस्त हुनु हुँदैन।

यसप्रकार कृतिको समीक्षामा लेखकको नामलाई बाङ्गो–टिङ्गो गरेर सम्बोधित गर्नु समीक्षाको कुन मान्य नियमको अन्तर्गतमा पर्दछ? यस्तो गरेर विद्वान लेखकले (सुनेको छु कि वहाँ वेदान्ताचार्य पनि हुनुहुन्छ), सामान्य शिष्टाचारको स्थानमा वैचारिक छोटोपनको नै परिचय दिनुभएको छ? '**जो रहे करवा वही बहे टोंटी**'। (जोकालो हुन्छ, उसले नै कालो भाषा बोल्छ)। त्यो महाशयले जुन विशेषण वा भाषाको प्रयोग गर्नुभएको छ, त्यो सन्तहरू वा विद्वानहरूको भाषा–जस्तो लाग्दैन। आदि शंकराचार्यजीले भन्नुभएको थियो– 'जयति परमहंसो मुक्तिभावं समेति' र यो सज्जनको वाक्य छ– 'वाह रे परमहंसी पोपलीला!' मजाको कुरा त यो छ कि वहाँले आफूलाई काशी विद्वत्परिषदको

अध्यक्ष पनि मान्नु भएको छ। अतः व्यक्तिपरक मूल्यांकनलाई यहीं विराम दिएर हामी प्रकरणमा आउँछौं।

आश्रमबाट प्रकाशित पुस्तिकाहरूमा धर्मको नाममा प्रचलित रूढ़िहरूको खण्डन गरिएको छ; तर यो लेखक महोदयले 'व्यवसायात्मिका बुद्धि.....' श्लोकमा विपक्षीहरूको अर्थलाई पनि हाम्रो मत मानेर भूल गर्नुभएको छ। हाम्रो दुर्भाग्य हो कि यति स्पष्ट कुरालाई पनि वहाँले बुझ्न सक्नु भएन। वहाँले पुस्तिकाहरूमा जति पनि आपत्तिहरू उठाउनु भएको छ, ती सबैको उत्तर पर्याप्त विस्तारपूर्वक तिनै पुस्तिकाहरूमा छन्। यस्तो लाग्दछ कि वहाँले ती पुस्तिकाहरूलाई शुरूदेखि अन्तसम्म पढ्नु नै भएको छैन– यदि पढ्नु भएको छ भने सम्पूर्ण पुस्तिकामा जति पनि प्रमाणहरू दिइएका छन्, संदर्भसहित ती सबैको खण्डन गर्नु पर्ने थियो। वहाँले बताउनु पर्दथ्यो कि मेरो कुन चाहिं कथन वेदको कुन ऋचाहरूको विरुद्धमा छन् र मैले जुन ऋचाहरूको उल्लेख गरेको छ, के त्यो वेदमा छैनन्?

आरम्भमा नै एउटा स्पष्टीकरण आवश्यक छ। लेखकलाई यो भ्रम छ कि जुन धर्मको चर्चा मैले गरेको छु त्यो म अथवा मेरो गुरुदेवभन्दा पहिले थिएन, जस्तो कि हामीले कुनै नयाँ धर्म चलाउन गई रहेका छौं। जबकि यस्तो कुरो होइन। हामी त भन्छौं कि संसारभरिका मानिसहरूको धर्म एउटै छ– सनातन धर्म। कस्तो हाम्रो? कस्तो तपाईंको? कस्तो सम्प्रदाय? कस्तो नयाँ? कस्तो पुरानो? हामी ठीक त्यही चाहन्छौं जस्तो वैदिक ऋषिहरूले बताएका थिए, जो उपनिषद्मा छ, भगवान् शिव, भगवान् राम र भगवान् श्रीकृष्णले जसलाई दृढ़ बनाउनुभएको थियो। गीतामा वहाँले आफ्नोतिरबाट केही पनि भन्नुभएको छैन। अध्याय तेह्रमा वहाँले भन्नुहुन्छ–

ऋषिभिर्बहुधा गीतं छन्दोभिर्विविधैः पृथक्।
ब्रह्मसूत्रपदैश्चैव हेतुमद्भिर्विनिश्चितैः।। (गीता, १३/४)

जो ऋषिहरूद्वारा भनियो, जो वेदमा छन्, जो ब्रह्मसूत्रका पदहरूमा छन् ती सबै एक्लो गीतामा छ। महात्मा बुद्ध, महावीर, मूसा, ईसा, मुहम्मद, कबीर र नानक– यी सबैका मूल शिक्षा, सबैको धर्म एउटै छ, कतै कुनै फरक छैन। धर्मलाई यसै शुद्ध रूपमा जन–जनलाई बताउनु हाम्रो उद्देश्य हो।

धर्म सधैंदेखि एउटा नै छ। त्यसमा कुरीतिहरूको समावेशले जब सामाजिक विषमता बढ्न जान्छ, तब कुनै महापुरुषले त्यसलाई समताको धरातलमा ल्याई दिन्छ। समानता दिन्छन्, यसकारण सम्प्रदाय कहलाउँछन्। सम्प्रदाय कुनै नयाँ धर्म होइन बरू विकृतिहरूको परिमार्जनको एउटा संगठित प्रयास मात्र हो। मानवको दुर्भाग्य हो कि जब कसैले साँचो कुरा बताउन चाहे, तब परोपजीविहरूले त्यसलाई नयाँ भनेर समाजलाई सत्यसंग परिचित गराउन दिएनन्। उनीहरूलाई यो भय थियो कि साँचो कुरा थाहा पाए भने उनीहरूको रोजी–रोटी खोसिने छ। उनीहरूको भय इन्द्रको भय–जस्तै अकारण छ, जसको बारेमा गोस्वामीजीले भन्नुभएको छ–

सूख हाड़ लै भाग सठ, स्वान निरखि मृगराज।
छीनि लेइ जनि जानि जड़, तिमि सुरपतिहिं न लाज।।

(मानस, १/१२५)

* सर्वप्रथम त वहाँको शीर्षक नै आपत्तिजनक छ, जसमा वहाँले हामी सबैलाई नास्तिक भनेर फतवा जारी गर्नु (आरोप लगाउनु) भएको छ। आस्तिकता र नास्तिकताको सम्बन्धमा वहाँको मापदण्ड चाहे जे–जस्तो भए पनि, भगवान् श्रीकृष्णोक्त गीतामा छ कि अर्जुन! असत् वस्तुको अस्तित्व छैन र सत्को तीनवटै कालहरूमा अभाव छैन। आत्मा नै सत्य हो र भूतादिहरूको शरीर नाशवान छ, यिनीहरू छँदै छैनन्। यस परिभाषा अनुसार जो अस्तित्वको उपासक छ, जो सत्को उपासक छ, जो एकमात्र परमात्माप्रति श्रद्धावान छ, ऊ नै आस्तिक हो र जो नश्वरको पछि भौंतारिरहेको छ, ऊ नास्तिक हो। **'आब्रह्मभुवनाल्लोकाः पुनरावर्तिनोऽर्जुन।' (गीता, ८/१६)** ब्रह्मा र ब्रह्माबाट उत्पन्न सृष्टि, सूर्य, चन्द्रमा, पृथ्वी, जल, अग्नि, आकाश, रुख–विरुवा इत्यादि नश्वरहरूको जसले पूजा गर्दछ, नास्तिक हो। यी नश्वर कलेवरहरूको पछाड़ि जो भौंतारिरहेको छ, जसले यिनीहरूमा समय दिइरहेको छ, यिनीहरूलाई सन्तुष्ट गर्नमा लागि रहेको छ, ऊ नास्तिक हो। लेखक महोदयले पुनर्विचार गर्नु पर्‍यो कि आश्रमीय साहित्यमा एक परमात्माको उपासनामाथि जोर दिइएको छ अथवा छैन?

* लेखकले सनातन धर्मका महान प्रचारकहरूमा कुमारिलभट्ट, शंकराचार्य र उदयनाचार्यको नाम लिनुभएको छ र आफूलाई उनीहरूको उत्तराधिकारी मान्नु भएको छ। उनीहरू मध्ये उदयनाचार्यजीलाई कति जना मानिसहरूले चिनेका छन्? जन–समाजले यो नामको कुनै व्यक्ति, उनको जीवन–कृतित्व अथवा कुनै देनसंग परिचित छैन्।

अब रह्यो कुरो कुमारिलभट्टको ! भनिन्छ कि धेरै दिनसम्म उनी बौद्धहरूसंग बसे, तर मानिसहरूले उनलाई यसकारण चिन्दछन् कि आचार्य शंकरले कर्मकाण्डको विरोधमा उनीसंग शास्त्रार्थ गर्न गएका थिए। त्यही आचार्य शंकरको गद्दीबाट तपाईं कुमारिलको, शंकरका विरोधीहरूको समर्थन गरिरहनु भएको छ? त्यस समयमा कुमारिल भट्टले प्रयागमा भूसको आगोमा आफ्नो शरीरलाई हठ गरेर जलाई रहेको थियो। उसले आचार्य शंकरलाई आफ्नो शिष्य मण्डन मिश्रसंग शास्त्रार्थ गर्न भने र आफू चाहिं जले। कुमारिलसंग शंकरको शास्त्रार्थ हुँदै भएन भने उनलाई आचार्य शंकरको समर्थक अथवा सनातनका प्रचारकहरूमा कहिले देखि गनिन थालियो?

आचार्य शंकर जुन सिद्धान्तको लागि प्रसिद्ध छ, त्यो हो '**ब्रह्म सत्य जगन्मिथ्या**'। वहाँको श्लोक हो–

आब्रह्मस्तम्बपर्यन्तं सर्वं मायामयं जगत्।
सत्यं सत्यं पुनर्सत्यं हरेर्नामैव केवलम्।।

अर्थात् ब्रह्मादेखि कीरा–फट्याङ्ग्रासम्म सम्पूर्ण जगत् नश्वर छ। यसमा सत्य छ, मात्र हरि र हरिको नाम। यसकारण 'करतल भिक्षा तरुतल बास' गर्नु परे तापनि 'भज गोविन्दम्' एक परमात्माको भजनमा जोर दिनुभयो। उनकै गद्दीबाट तपाईंले करोड़ौं देवी–देवताको पूजा गर्न भनी रहनु भएको छ। आचार्य शंकरले भन्नुभयो कि 'न मे जातिभेदः', यता लेखक महोदयले जाति–पातिलाई नै धर्म भनि रहनु भएको छ। न त रामले आफ्नो नामको साथमा सिंह जोड़नु भयो, न त कृष्णले यादव। के आचार्य शंकरले आफूलाई तिवारी अथवा शुक्ला भन्नुभयो।

कर्मकाण्डहरूको विषयमा आदि शंकराचार्यजीले भन्नुभयो–

कुरुते गंगासागर गमनं, व्रत परिपालनमथवा दानम्।
ज्ञानविहीनं सर्वमतेन, मुक्तिर्नभवति जन्म शतेन।।

अर्थात् गंगा मात्रै होइन गंगासागरसम्मको तीर्थयात्राहरूको यात्रा गर्नाले, व्रत अथवा दानबाट पनि केही हुनेवाला छैन। हरेक प्रकारले यो निर्विवाद छ कि आत्मज्ञान बिना मुक्ति हुँदैन। यो आचार्यश्रीको मत हो र वहाँकै गद्दीमा बसेर तपाईंहरू सबैले कर्मकाण्डको वकालत गरिरहनु भएको छ।

भन्ने गरिन्छ कि बत्तीस वर्षको अल्पायुमा आचार्य शंकरको हत्या गरिएको थियो। वहाँले पाँच हजार उत्कृष्ट कर्मकाण्डिहरूलाई पराजित गर्नुभएको थियो, त्यस बेलाको परम्परा अनुसार ती सबैले आचार्य शंकरको शिष्यत्व स्वीकार गर्नु परेको थियो। भलै उनीहरू निरूतर भएका थिए, तर उनीहरूको दिल–दिमाग ती कर्मकाण्डहरूबाट मुक्त हुन सकेको थिएन, जसलाई उनीहरूले आजीवन गर्दै आई रहेका थिए। दिग्विजय गर्नमा व्यस्त आचार्य शंकरको नजिकमा रहने अथवा वहाँसंग प्रशिक्षण प्राप्त गर्ने सौभाग्य उनीहरूले पाएका थिएनन्। यस्तो लाग्दछ कि उनीहरूले शिष्यत्वको अभिनय मात्र गरेका थिए। यही कारण हो कि आचार्य शंकरको महाप्रयाण हुने वित्तिकै वहाँकै गद्दीहरूबाट कर्मकाण्ड समर्थक श्लोक र आचार्य शंकरको नामबाट गीता र उपनिषद्हरूको भाष्य लेखिन थालियो।

कस्तो अन्तर्विरोध छ कि जुन महापुरुषले 'एको ब्रह्म'को घोषणा गरि रहेको थियो, वहाँकै नामले विभिन्न देवी–देवताहरूको स्तुतिहरू प्रचलित छन्। जुन महापुरुषले भने– "**कः पूजनीयः शिवतत्त्वनिष्ठः।**" पूज्यनीय को छ? आचार्य भन्नुहुन्छ कि शिवतत्त्वमा स्थित कुनै महापुरुष! तर आज आफूलाई त्यही महापुरुषको शिष्य बताएर कसैले गाई–साँढ़ेको पूजा गर्न सिकाई रहेको छ भने कसैले संध्या–गायत्रीको। जुन आचार्यले "**किं कर्म यत्प्रीतिकरे मुरारे**' भनेर एउटा मात्रै सहज कर्म बताउनुभयो, तर वहाँकै गीताभाष्यमा कर्मलाई पाँच प्रकारले प्रस्तुत गरिएको छ। यी दुई मध्ये कुनलाई पूज्य आचार्यको कृति मान्ने, कसलाई न मान्ने?

स्पष्ट छ कि विरक्त महापुरुषहरूको ठाउँ जब उनका साधनारहित अधकल्चा शिष्यहरूले ग्रहण गर्न थाल्छन्, तब साधना त उनीहरूसंग हुँदै हुँदैन, आफ्ना पूर्व गृहस्थ जीवनका मान्यताहरूबाट पनि मुक्त हुन सकेको हुँदैनन्, यसैकारण वास्तविक क्रियाको स्थानमा उनीहरूले अनन्त क्रियाहरूको प्रचार गर्न थाल्छन्। यो उनीहरू कै देन हो कि एक धर्मको ठाउँमा अनेक

विपरीत धर्महरू देखा पर्न थाल्दछ, जो कालान्तरमा झगड़ाको कारण बन्दछ। आचार्यहरूसंग अनुरोध छ कि पूज्य गुरुजनलाई गलत ढंगले प्रस्तुत गरेर वहाँहरूप्रति अश्रद्धाको भावना उत्पन्न नगराउनुस्।

* लेखकलाई यो भ्रम भएको छ कि वेदलाई मान्ने र उसको बारेमा प्रामाणिक रूपमा जे पनि भन्न सक्ने ठेक्का वहाँले नै पाउनु भएको छ। वेद एकलै वहाँको मात्र होइन, बरू मानव-मात्रको सम्पत्ति हो। परमात्माको खोजीको पहिलो विवरण वैदिक ऋषिहरूबाट पाइएको छ। भगवान् श्रीकृष्ण भन्नुहुन्छ कि एक परमात्माको नै अस्तित्व छ। अतः परमात्माको शोध-ग्रन्थ वेदलाई कसले नकार्न सक्दछ। वेदको महत्व यसकारण छ कि उसले शाश्वत सत्य परमात्मालाई बलियो बनाउँछ। तर जुन कुरा वेदमा छैन, त्यसलाई पनि 'वेदमा छ- वेदमा छ' यस्तो भनेर सोझा-साझा श्रद्धालु जनतालाई डर देखाएर दुहने काम नगर्नुस्। अब हरेक कुरालाई धर्म भनेर मान्न लगाउनुको कुनै औचित्य छैन, किनकि भारत अब साक्षर भैसकेको छ।

लेखकको दावा छ कि वेदमा मिति लेखिएको छैन वा कुनै व्यक्तिले वेदलाई बनाएको छैन, यसकारण वेद सनातन छ। सनातनको यो कस्तो खाले लक्षण हो? मिति लेख्न बिर्सियो भने कृति सनातन बन्छ? अंग्रेज इतिहासकारहरूले यसैकारण भन्दछन् कि भारतका मानिसहरूले इतिहास लेख्न जान्दैन थिए। प्राचीन भारतीय वस्तुहरूको मिति निर्धारण अरू देशहरूमा पाइने त्यस्तै खालका वस्तुहरूसंग तुलना गरेर गर्ने प्रयास चलिरहेको छ। मिति न लेखिएको कारणले कुनै वस्तु न त प्राचीन हुनजान्छ र न यसबाट वस्तुको गौरव नै बढ्दछ।

जब वेद नै लेखकको मुख्यग्रन्थ हो भने वहाँले आफ्नो प्रवचनहरूमा जनतालाई वेदका ऋचाहरू र संस्कृतमा नै त्यसको अर्थ भन्नुभए धेरै राम्रो हुन्थ्यो; किनकि वेद जान्ने त टाढाको कुरो हो, अधिकांश जनताले यी पुस्तकहरूलाई देखेका पनि छैनन् र देख्न पनि सक्दैनन्, किनकि लेखकको भनाई अनुसार वेद हेर्ने र पढ्ने अधिकार सबैलाई छँदै छैन। म वहाँसंग सोध्न चाहन्छु कि जुन पुस्तकमाथि वहाँहरूले घेरा हालेर बस्नुभएको छ, वहाँहरूको अनुसार जुन पुस्तकलाई न घोकीकन कसैल पनि मोक्ष पाउन सक्दैन, वहाँहरूबाट अनुमोदित पाराशर स्मृतिहरूमा छ कि वेदको एक वाक्य मात्र पढ़े पनि शूद्रले नरकमा जानु पर्दछ। यो पुस्तक हो कि नरकको ढोका? अपवर्गको साधिका

हो कि नरकको आरक्षण? वेद त शंकराचार्यजीभन्दा पनि धेरै पहिलेदेखि छ। यसमाथि शंकराचार्यजीको एकाधिकार अथवा तपाईंहरूको कब्जा कहिले देखि हुन गयो? शंकराचार्यजीभन्दा पहिलेको सनातन धर्म के थियो? के आदि शंकराचार्यको मत नै सनातन हो जो वि. सं. ८४५ देखि ८७७ सम्म अस्तित्वमा हुनु हुन्थ्यो।

लेखकको दावा छ कि वेद मोक्षको ढोका हो; तर भगवान् श्रीकृष्णले यो कुरा मान्नु हुन्न। गीतामा छ कि '**त्रैगुण्य विषया वेदा निस्त्रैगुण्यो भवार्जुन।**' (२/४५) अर्थात् वेदले तीनवटा गुणसम्म मात्रै प्रकाश पार्दछ। योभन्दा पछिको विषय–वस्तु यसले जान्दैन। अर्जुन! तिमी तीनवटै गुणहरूभन्दा माथि उठ। सत्य वस्तु आत्मा हो, त्यसमा स्थिति प्राप्त गर। जो तीनवटा गुणहरूसम्म मात्र सीमित छ, त्यो मोक्षको ढोका कसरी हुन सक्छ?

त्यसो भए के वेदको कुनै महत्त्व छैन? श्रीकृष्ण भन्नुहुन्छ कि महत्त्व छ, तर एक सीमासम्म मात्रै। कति छ? यसको बारेमा भन्नुहुन्छ–

यावानर्थ उदपाने सर्वतः संप्लुतोदके।
तावान्सर्वेषु वेदेषु ब्राह्मणस्य विजानतः।। (गीता, २/४६)

अर्थात् चारैतिरबाट टनाटन भरिएको स्वच्छ जलाशय प्राप्त भएपछि खाल्टो इत्यादि सानो–तिनो जलाशयहरूको जति उपयोग रहन्छ, त्यत्तिनै ब्रह्मलाई जान्ने ब्राह्मणको वेदहरूसंग रहन्छ। योगेश्वर श्रीकृष्णले 'वेद–वेद' भनि कराउने मान्छेहरूलाई 'वेदवादरता' भनेर निन्दा गर्नुभएको छ। (हेर्नुस्, गीता, २/४१–४४)

भगवत्पथमा वेद कहाँसम्म सहायक हुन्छ? पुस्तकहरूको कति उपयोग छ? योगेश्वर श्रीकृष्ण भन्नुहुन्छ कि कुनै उपयोग छैन। यिनीहरू सहायक होइनन् बरू बाधक छन् –

श्रुतिविप्रतिपन्ना ते यदा स्थास्यति निश्चला।
समाधवचला बुद्धिस्तदा योगमवाप्स्यसि।। (गीता, २/५३)

अर्थात् वेदवाक्यहरू सुनेर विचलित भएको तिम्रो बुद्धि जब स्थिर हुनेछ, तब तिमीले योग प्राप्त गर्नेछौ। यहाँ श्रीकृष्ण भन्नुहुन्छ कि वेदवाक्यहरू सुनेर बुद्धि विचलित हुनजान्छ।

मानौं कि वेदहरूमा वर्णित धर्मको पालन यदि कसैले गरी नै हाल्यो भने उसले के पाउँनेछ? योगेश्वर श्रीकृष्ण भन्नुहुन्छ– '**एवं त्रयीधर्ममनुप्रपन्ना गतागतं कामकामा लभन्ते।' (गीता, ९/२०)**। भन्नुहुन्छ कि वेदहरूमा भनिएको धर्मको पालन गर्नेहरूले '**गतागतं लभन्ते**'– आवागमनमा फर्केर आइरहन्छन्, यसैलाई आदि शंकराचार्यले '**पुनरपि जननं पुनरपि मरणं पुनरपि जननी जठरे शयनम्**' भनेर सावधान गर्नुभएको छ।

के वेदको अध्ययन अथवा वेदान्त वाक्यहरूको श्रवण गर्नाले ईश्वरलाई देख्न सकिन्छ? योगेश्वर श्रीकृष्णको निर्णय सुन्नु होस्– अर्जुन! म न त वेदले, न यज्ञले, न अध्ययनले, न दानले, न अनेक क्रियाहरूले र न उग्र तपहरूले देखिन सक्दछु। तर हे परंतप! अनन्य भक्तिद्वारा म देखिने मात्र होईन बरू तत्त्वसमेत जान्न र प्रवेश गर्नको लागि पनि सुलभ हुन्छ (गीता, ११/४८, ५४)।

यी उदाहरणहरूबाट यस्तो लाग्दछ कि भगवान् श्रीकृष्णले वेदलाई मान्नु हुन्न, तर यस्तो कुरा होइन। वहाँले जुन वेदलाई मान्नु हुन्छ, त्यो यी चारवटै वेदहरूभन्दा अलग्गै कुनै वेद हो–

उर्ध्वमूलमधःशाखमश्वत्थं प्राहुरव्ययम्।
छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित्।। (गीता, १५/१)

माथि उत्कृष्ट परमात्मा नै जसको मूल र तल प्रकृतिसम्म जसका शाखा–प्रशाखाहरू छन् – यो संसारलाई यस्तो एउटा अविनाशी रुख भनिएको छ। वेद यसका पातहरू हुन्। जसले यस संसार–रुखलाई जान्दछ अर्थात् जसले प्रकृतिसमेत परमात्मालाई जान्दछ, ऊ वेदवित् हो। त्यसपछि भन्नुहुन्छ– माथि र तल सबैतिर यसका जराहरू र हांगा–विंगाहरू छन् अर्थात् परमात्मा र प्रकृति सबैतिर छन्। हरेक व्यक्तिमा परमात्माको निवास छ। अतः जुन क्षणदेखि ऊ अनन्य भावले परमात्मामा श्रद्धावान हुन्छ, तत्क्षण त्यो परमात्मा त्यसमा जागृत हुनजान्छ, त्यसलाई जानकारी प्रदान गर्न थाल्छ; यो नै वेद हो, पुस्तकहरू वेद होइनन्। यस वेदलाई भगवान्ले नै पढ़ाउनु हुन्छ। त्यो विधि आज पनि यस्तै छ र सधैं यस्तो नै रहनेछ। यसै अर्थमा वेद अपौरुषेय छ। यसै अर्थमा वेद परमात्माको निःश्वास हो, यस्तो होइन कि परमात्मा कुनै पातमा पल्टिएर आराम गरिरहेको छ र उनको श्वसन क्रियाले वेद लेखिन गयो।

वेद जसका पातहरू हुन्, यस्तो सुविरूढ़मूल अश्वत्थको पूजा गर्ने होइन बरू '**असंगशस्त्रेण दृढेन छित्त्वा**'– असंगरूपी शस्त्रले यस रुखलाई काट्नु पर्नेछ। तपाईं असंग हुनु भयो भने कस्तो चाहिं वैदिक अनुष्ठान, कस्तो कर्मकाण्ड गर्नु हुनेछ? कुनै कर्मकाण्ड होइन, '**ततः तत्परिमार्गितव्यं**'– त्यस परमपदको खोजी गर्नु पर्दछ।

अध्याय पन्द्रमा नै भगवान्ले भन्नुहुन्छ कि–

सर्वस्य चाहं हृदि सन्निविष्टो मत्तः स्मृतिर्ज्ञानमपोहनं च।
वेदैश्च सर्वैरहमेव वेद्यो वेदान्तकृद्वेदविदेव चाहम्।। (१५/१५)

अर्जुन! म सबैको हृदयमा स्थित छु। मबाट नै स्मृति, ज्ञान, तर्कशक्ति हुन्छ। जान्नु पर्ने सबै वस्तुहरूमा म नै जान्न योग्य छु र जब जानकारी हुन्छ तब म नै वेदान्तको कर्त्ता र म नै वेदवित् अर्थात् वेदलाई जान्नेवाला हुँ। भर्खरै पहिलो श्लोकमा भन्नुभएको थियो कि जसले जान्दछ, ऊ वेदवित् हो, यहाँ भन्नुहुन्छ म पनि वेदवित् हुँ। जस्तो त्यो जान्नेवाला, त्यस्तै श्रीकृष्ण वेदवित् हो। परमात्माको ज्ञान हुनु नै वेदको अन्त वा वेदान्त हो, न कि उपनिषद् वा महर्षि बादरायणको नामबाट प्रचलित उत्तरमीमांसा वेदान्त हो। एकमात्र परमात्माको स्मरणलाई नै योगेश्वरले स्मृति मान्छ, न कि मनु वा कपिलको स्मृतिलाई। अतः यस प्रलापको कुनै औचित्य छैन कि म वेद मान्दिन। म पनि वेदलाई त्यत्ति नै र त्यही रूपमा मान्दछु, जुन रूपमा र जति मात्रमा योगेश्वर श्रीकृष्णको गीता तथा अरू उपनिषद्हरूमा छ।

* लेखकले राम्रै सम्झना गराउनुभयो कि म श्रौत र स्मार्तको फरक जान्दिन। वहाँले भन्नुहुन्छ कि स्मार्तहरू वेद पनि मान्दछन्। तब त श्रौतहरूले स्मृति पनि मान्दछन् होलान्? त्यसो भए दुबैमा फरक नै के छ र? जुन धर्मसूत्रहरू–स्मृतिहरू–पुराणहरूलाई तपाईं मान्नु हुन्छ, म त्यसैबाट उदाहरण दिन चाहन्छु कि पहिले श्रौत र स्मार्त कसलाई भनिन्थ्यो?

दाराग्निसम्बन्धमिज्या श्रौतस्य लक्षणम्।
स्मार्तो वर्णमाश्रमाचारो यमैश्च नियमैर्युतः।।

श्रौतभित्र ती कृत्यहरू आउँछन् जसको नाम वेदमा छ र विधि–विधानहरू संहिता–ग्रन्थहरू तथा ब्राह्मण ग्रन्थहरूमा छन्; जस्तो– अग्निहरूको स्थापना,

दर्श पौर्णमासादि यज्ञ, सोमकृत्य इत्यादि। स्मार्तभित्र ती कृत्यहरू आउँछन्, जो स्मृतिहरूमा छन् तथा वर्णाश्रम आचार–विचारसंग सम्बन्धित छन्–

अग्न्याधान पूर्वकोऽधीत प्रत्यक्षवेदमूलो दर्शपौर्णमासादि श्रौतः।

अनुमित परोक्ष शाखामूलः शौचाचमनादिः स्मार्तः।।

रमाइलो कुरा त यो छ कि सबै स्मृतिहरूको जरा वेदमा खोज्ने प्रयास गरिन्छ र जुन आचरणको सम्बन्धमा वेदमा कतै केही पनि भेटिदैन त्यसको लागि यस्तो भनेर आँखामा छारो हाल्छन् कि यस सम्बन्धमा कुनै श्रुति थियो होला जो अब हराई सकेको छ।

यहाँ म यो पनि रहस्योद्घाटन गर्न चाहन्छु कि लेखकले यस्तो किन लेख्नुभएको छ कि स्मार्तानामले वेदलाई मान्दछन्। यस्तो यसकारण भन्नुहुन्छ कि स्मार्तानाम सम्प्रदाय आदि शंकराचार्यबाट प्रवर्तित भएको भनिएको छ। शंकराचार्यजीभन्दा पहिले यो नामको कुनै संगठित सम्प्रदाय थिएन। स्मार्तानाममा पंचवेदोपासना (विष्णु, शिव, गणेश, शक्ति र सूर्य को पूजा) अनिवार्य छ। कस्तो घत लाग्दो कुरा छ कि जुन महापुरुषले भन्नुभएको थियो– '**एको ब्रह्म द्वितीयो नास्ति**' (श्रुतिमा छ 'एकं सत्', वेदान्तमा छ 'एको देवो') तापनि त्यस शंकराचार्य कै सुयोग्य शिष्यले पंचदेवको प्रचार गरिरहनु भएको छ, जबकि पंचदेव हुँदै हुँदैनन्, पंच त महाभूत हुन्छन्। क्षिति–जल–पावक–गगन–समीर यिनीहरूलाई वा ग्रहहरू–उपग्रहहरूलाई जल चढ़ाउनु, पहाड़ र रुखहरूको पूजा कुनै विधि नै होइनन्। केही गरी फल पाई हाले पनि श्रीकृष्ण भन्नुहुन्छ त्यो फल नष्ट भएर जान्छ र पुज्नेवाला पनि नष्ट भएर जान्छ। त्यो भए जब गर्नु नै छ भने त्यो विधिद्वारा पूजा किन नगर्ने, जसको न त फल नष्ट हुन्छ र न पुज्नेवाला नष्ट हुन्छ– '**न मे भक्तः प्रणश्यति**'। शैव, वैष्णव र शाक्त सम्प्रदायहरूलाई आचार्य शंकरले खण्डन गर्नुभएको थियो, आजका स्मार्तहरू त्यसैको पूजा गरिरहेको छन्। श्रौत–स्मार्त विशेषज्ञ लेखक महोदय कृपया यो भन्नुहोस् कि श्रुतिसम्मत एक परमात्माको पूजा गलत हो वा स्मार्तहरूको पंचदेवोपासना गलत हो?

* यसै प्रकार महाराज मनु वा मनुस्मृतिको निन्दा गर्ने मेरो अभिप्राय होइन किनकि वहाँको धर्मशास्त्र जुन रूपमा उपलब्ध छ त्यसमा धेरै कुरा

थप–घट गरेर परिवर्तन गरिएको छ। नारद स्मृतिमा छ कि मनुको धर्मशास्त्रको संक्षेपण र परिवर्द्धन नारद, मार्कण्डेय र सुमति भार्गवले गरे। कैयौं स्मृतिहरूमा मनुका जुन श्लोकहरू उल्लेखित छन्, आजकलको मनुस्मृतिमा ती श्लोकहरू देखिदैनन्। हेमाद्रिले भनेका छन् कि मनुको शास्त्रलाई भृगु, नारद, वृहस्पति र अंगिराले आ–आफ्नो ढंगले प्रस्तुत गरे। अनुश्रुति छ कि वर्तमानमा भएका सबै स्मृतिहरू पुष्यमित्र शुंगको शासनकालमा लेखिएका छन्। यसको पुष्टि स्वयं मनुस्मृतिबाट पनि हुन्छ; जस्तो कि यसमा यवन, कम्बोज, शक, पहलव र चीनीहरूको नाम छ (१०/४४) जसको उल्लेख मौर्य सम्राट अशोकको शिलालेखहरूमा छ, योभन्दा पहिले कतै छैन। अतः यी स्मृतिहरू मौर्य शासनकाल पछिका हुन्।

यहाँ मैले एउटा स्पष्टीकरण दिनुछ। यस प्रकरणमा अथवा अरू ठाउँमा अनेक आधुनिक कृतिहरूबाट उदाहरण दिइएका छन्। यसको अर्थ यो होइन कि म सम्पूर्ण ग्रन्थसंग सहमत छु। यसको यो आशय पनि निकाल्नु हुँदैन कि मैले आफूलाई काम लाग्ने पंक्तिहरू लिई हार्ले र बाँकी विचारहरूलाई त्यागेर बाँचे। उदाहरण त म लेखकको विरोध–पुस्तिकाबाट पनि दिने गर्दछु, त्यसो भए के म तिनीहरूलाई मान्ने गर्दछु? तपाईंहरूको उचित कुरालाई मात्र मान्दछु। जहाँ आवश्यक हुन्छ, समीक्षा गर्नु पर्ने हुन्छ। वहाँको वा वहाँको जस्तै अरू विचारहरूको खोक्रोपनालाई देखाउनको लागि अथवा त्यस्ता तर्कहरूमा रहेको अन्तर्विरोधलाई बताउनको लागि पनि उदाहरण दिने गरिन्छ र कतै–कतै उदाहरण दिनु मात्र भाव–साम्यको लागि हुने गर्दछ। यसको यो पनि आशय होइन कि म कुनै पुस्तकको प्रमाण मान्दैन। सम्पूर्ण रूपले म श्रीमद्भगवद्गीतालाई प्रमाण मान्दछु। म यो पनि मान्दछु कि गुरुको एउटा पनि वाक्य पाइयो भने त्यो करोड़ौं शास्त्रहरूभन्दा बढ़ि हुन्छ र साधन आरम्भ भएपछि प्रभुले जुन आन्तरिक निर्देशन दिनु हुन्छ, जसलाई मनीषिहरूले स्वानुभवको संज्ञा दिएका छन्, त्यो सबै बाहिरी प्रमाणहरूभन्दा ठूलो हुन्छ, त्यसपछि पुस्तकको कुनै सहयोग आवश्यक हुँदैन। क्रियामा लागेपछि गीता, सद्गुरु र आन्तरिक निर्देशनहरूमा कतै केही पनि विरोधाभास छैन। परमात्मा अपरिवर्तनशील छन्। करोड़ौं वर्षपछि पनि जब उनले निर्णय दिन्छ भने एकै थरीको नै दिनेछ।

पोथी मात्र प्रमाण होइन। सन्त कबीर भन्नुहुन्छ– **'तूँ कहता कागद की लेखी, मैं कहता आँखिन की देखि, तेरा मेरा मनवा कैसे एक होय।'**

पूज्य गुरुदेव भन्ने गर्नु हुन्थ्यो कि साधन लेख्नमा आउँदैन। लेख्नै सकिदैन। भजन भगवान्ले गराउनु हुन्छ, हृदयसंग रथी बन्नु हुन्छ। मार्गदर्शन गर्न लाग्नु हुन्छ। वहाँको त्यो आज्ञाको पालन नै भजन हो। त्यो सबै शास्त्रहरूभन्दा ठूलो हुन्छ, विधि–निषेधहरूभन्दा पर हुन्छ, तर लेखक महोदयको बाध्यता छ कि वहाँ जुन सम्प्रदायसंग टाँसिनु भएको छ त्यहाँ वेदबाहेक स्वानुभवको लागि कुनै स्थान नै छैन। वेदको पनि त्यही अर्थ स्वीकार गर्नुहुन्छ जुन वहाँको साम्प्रदायिकको व्याख्या छ। श्री रामानुजाचार्यको व्याख्या वहाँलाई स्वीकार्य छैन। पाश्चात्य विद्वानहरूमा मैक्समूलर, कीथ, मैकडानल, रास, जॉली इत्यादिको भाष्य तथा स्वामी दयानन्द वा सातवलेकर इत्यादि भारतीय विद्वानहरूले वेदको जुन अर्थ लगाएका छन्, त्यो वहाँलाई मान्न छैन।

वहाँले ईश्वरीय संकेत, अन्तःप्रेरणा, अनुभव वा ईश्वरीय आदेश जस्तो कुरा पनि स्वीकार गर्न सक्नु हुन्न किनकि यसो गर्दा वहाँको आधारशिला नै भासिनेछ। '**निज निज मुखन कहीं निज होनी।**', '**कवि उर अजिर नचावहिं बानी।**', '**उर प्रेरक रघुबंस बिभूषन।**', '**उमा कहउँ मैं अनुभव अपना।**', '**उभय घरी महँ सब देखा।**', '**निज अनुभव अब कहउँ खगेसा।**' **(मानस)** इत्यादि स्वानुभव प्रमाणको कुनै व्याख्या यिनीहरूसंग छैन। जति वेदमा लेखिएको छ त्यति नै सत्य हो, जति बाइबलमा छ त्यति नै सत्य हो। संकीर्णता, कट्टरता, साम्प्रदायिकता अरू के हुन्छ र? भन्ने गरिन्छ कि कुनै सेनापतिले सिकन्दरियाको विशाल पुस्तकालय यो भनेर जलाई दियो कि यदि यी पुस्तकहरू कुरानभन्दा फरक छ भने त्यो कुफ्र (पाप) हो र यदि यसमा त्यही सबै लेखिएको छ जो कुरानमा छ भने यति सबै पढ्ने के जरूरत छ? कुरान त छँदै छ नि! यस्तो भावुकता न त प्रशंसनीय छ र अनुकरणीय छ? पुस्तक जुनसुकै भए पनि पूजाको वस्तु होइन, माइल स्टोन (मीलको ढुङ्गा) जस्तै हो, हेऱ्यो र बाटोमा अगाड़ि बढ्यो। अतः अब हामी फेरि मनुस्मृतितिर फर्कौं।

यो स्मृति कुनै सत्ययुगको रचना होइन। ती मनुले पनि यसलाई लेखेको होइन, जसको लागि मानसमा छ कि '**स्वायंभू मनु अरु सतरूपा। जिन्ह तें भैं नरसृष्टि अनूपा।।**' **(मानस, १/१४१/१)** वहाँलाई आदिपुरुष मानिन्छ र जब भगवान्ले वरदान दिनुभयो तब यस्तो भन्नुभयो– '**कश्यप अदिति महातप कीन्हा।**' सम्पूर्ण सृष्टि कश्यप र अदितिबाट उत्पन्न भएको मानिन्छ।

यसप्रकार मनु–शतरुपा, कश्यप–अदिति आदिपुरुष हुन्, एकै हुन्। यिनीहरूका सन्तानहरू हुन् देवता र दानव, सुर र असुर, आर्य र दस्यु, जसको वर्णन वेदमा छ। आरम्भमा यी दुई जातिहरूको उल्लेख पाइन्छ। यसपछि यक्ष र रक्ष जातिहरूको वर्णन पाइन्छ, गन्धर्व र किन्नरहरूको चर्चा छ र बाल्मीकि रामायणसम्ममा मंडूर हैहय, गज, वानर, ऋक्ष, गृद्ध इत्यादि मानव जातिहरूको वर्णन पाइन्छ। जामवन्त राम्रो ज्योतिषी थिए; हनुमानले सुसंस्कृत परिमार्जित भाषा बोल्दथे। त्यो बेलासम्म यी जातिहरू नै थिए तर मनुस्मृतिमा जुन कहार, केवट, सुनार, तेली, लुहार, झल्ल, मल्ल, लिच्छिवि जातिहरूको विवरण पाइन्छ, ती सबै आधुनिक हुन्। बढ़ीमा यो स्मृति महाभारतकालभन्दा पछिका हुन् किनकि यिनीहरू मध्येका केही नामहरू तथा शक–यवन–कम्बोज–द्रविड़–दरद–खस–किरात जातिहरूको वर्णन महाभारतभन्दा पहिलेका कुनै ग्रन्थमा छैनन्। यस्तो लाग्दछ कि वर्तमान मनुस्मृति र वर्तमान महाभारत दुबैमा परिवर्तन भएको छ।

महाभारत कालसम्म भैंसी र राङ्गो जंगली जानवर थिए। त्यसबाट दूध दुहिन पनि सकिन्छ– यसको कल्पनासम्म पनि थिएन। महाभारतमा भेंडा, बाख्रा, गाई, गदही, उँटसम्मको दूधको चर्चा छ तर भैंसीको दूधको खोजी भएको थिएन। तर मनुस्मृतिमा छ कि जंगली पशुहरूमा भैंसीलाई दुहिन सकिन्छ। यस्तो लाग्दछ कि त्यस बेला भैंसीको धर–पकड़ शुरू भई सकेको थियो जस्तो आजकल अफ्रिकामा मृगको दूध निकाल्ने, मृगको डेरी–फार्महरू बनेका छन्; भारतमा अझसम्म यस्तो भएको छैन। यसबाट पनि यो स्पष्ट हुन्छ कि मनुको नाममा जुन स्मृति उपलब्ध र त्यो कुनै सत्ययुगमा लेखिएको थिएन। यस पुस्तकको मनु कथाको काल्पनिक पात्र जस्तै हुन्, जस्तो कि कालिदासको मेघदूत।

यस प्रदूषित मनुस्मृतिमा महाराज मनुको वास्तविक विचारहरूको झल्को पनि कतै–कतै छ, जो गीताको अनुरूप छ, जस्तो कि अध्याय दुईमा छ कि वेदमा वर्णित हवन यज्ञादि क्रियाहरूको फल नष्ट भएर जान्छ तर ओंकारको कहिल्यै नाश हुँदैन। दर्श पौर्णमासादि विधि यज्ञहरूभन्दा चारवटा पवित्र यज्ञहरू (पितृकर्म, हवन, बलि, वैश्वदेव) ठूलो र यी सबै भन्दा जप–यज्ञ सोह्र गुना ठूलो छ (१/८४–८६), जसलाई लेखकले जुठो चाट्ने जस्तो संज्ञा दिनु भएको छ।

अध्याय चारमा मनुका प्रशस्त विचारहरू उल्लेखित छन्, जुन गीताको अनुकृति हो; त्यही शैली, त्यही शब्द कि यज्ञशास्त्रका जानकार मानिसहरू ऋषियज्ञ (वेदाध्ययन), देवयज्ञ (होम), भूतयज्ञ (बलि), नृयज्ञ (अतिथि सेवा) र पितृयज्ञ (तर्पण) जस्ता महायज्ञहरूलाई नगरेर सधैं ज्ञानेन्द्रियहरूमा विषयहरूको हवन गरेर यी यज्ञहरूलाई सम्पादन गर्दछन्। गीताको पनि चौथो अध्यायमा 'जुह्वति' लेखिएका कयौं श्लोकहरू छन्।

लेखकले मनुको यस उक्तिको दुरुपयोग गर्नुभएको छ कि सम्पूर्ण क्रियाहरूको अन्तर्भाव ईश्वरको उपासनामा छ (१२/८७) र आफ्नो मनले क्रियाहरू बनाउनमा लाग्नुभएको छ। लेखकले लेख्नुभएको छ कि सनातन धर्ममा क्रियाको त्यति महिमा छैन जति भावनाको छ। साधारण क्रिया पनि राम्रो भावले गरियो भने त्यो धर्म हो र भावनाको अनुसार फल दिन्छ, जस्तो कि गाई पशु योनिमा भए पनि यदि उसको पूजा गरियो भने उसले तपाईंलाई तारी दिने छिन्, तर यी निष्कर्षहरूको मनुसंग कुनै सम्बन्ध छैन। अत्यन्त राम्रो भावनाले सर्पलाई समात्नुस्, त्यसले टोकी हाल्छ। भावनाको लागि आधार पनि प्रशस्त हुनु पर्दछ।

जुन क्रियाहरूको अन्तर्भाव ईश्वरको उपासनामा हुने गर्दछ, मनुले ती छःवटै क्रियाहरूलाई गन्ती गराउनु भएको छ कि वेदाभ्यास, तपस्या, ज्ञान, इन्द्रिहरूको संयम, अहिंसा र गुरुसेवा; तर आत्मज्ञानलाई यी सबैभन्दा श्रेष्ठ मानिएको छ किनकि त्यो सबै विद्याहरूमा श्रेष्ठ छ र त्यसैबाट अमृततत्त्वको प्राप्ति हुन्छ (१२/८३-८५)। मनुले गन्ती गराउनुभयो छःवटा, तर रचना गर्दछन् सयवटा र मनुको विपरीत एउटा हास्यास्पद तर्क दिन्छन् कि यी पंक्तिहरूमा कर्मकाण्डको निन्दा होइन बरू आत्मज्ञानको प्रशंसा छ। अर्थात् कसैको प्रशंसा गर्नु छ भने अरूको निन्दा गर्न सकिन्छ। यसै तर्कको सहारा लिएर लेखक महोदय र वहाँको समूहले भन्दछन् कि जुन प्रसंगहरूमा वेदादिको तुच्छता भनिएको छ त्यो वेदको निन्दा होइन बरू भक्तिको महिमा वा आत्मज्ञानको महानता सूचित गर्नको लागि लेखिएका हुन्। त्यसो भए लेखकले यो पनि मान्नु पर्दछ कि वेदमा भक्ति वा आत्मज्ञान छँदै छैन। यो त औषधिको महिमा बताउनको लागि कुपथ्यलाई प्रोत्साहन दिने जस्तो कुरा भयो।

समस्याको जरामा स्वयं वेदहरू छन् जसका ९६ हजार मन्त्र कर्मकाण्ड र अन्तिम चार हजार मन्त्र ज्ञानपरक भनिएका छन्, जसमा कर्मकाण्डहरूको खोक्रोपना देखाइएको छ, अतएव दुबै भाग एक अर्काका विरुद्ध छन्। यसको लागि आदि शंकराचार्यले यो समाधान दिनुहुन्छ कि कर्मकाण्ड त्यसको लागि हो जो अविद्याको पासोमा बाँधिएको छ र ज्ञानपरक उद्‌बोधन त्यसको लागि हो जसले यी कर्महरूको खोक्रोपनालाई जानी सकेको छ र यिनीहरूभन्दा माथि उठ्नको लागि प्रयत्नशील छ। मीमांसालाई मान्नेहरू वेदको ब्राह्मण भाग (कर्मकाण्ड)लाई प्रधान मान्दछन् र उपनिषद् भएको हिस्सालाई महत्व दिंदैनन्। उनीहरूको भनाई छ कि यी कर्मकाण्डहरू गरिसकेपछि त्यो योग्यता स्वतः आउँछ। रामानुज भन्नुहुन्छ कि दुबै भाग सबैको लागि हुन्। हरेक प्रकारका कर्मकाण्ड पनि गरियोस् तर गीताको निष्काम भावले! कुनै अनुष्ठान फलको कामनाले न गरियोस्। यसप्रकार वेदको सम्बन्धमा अनेक परस्पर विरोधी सिद्धान्तहरू प्रचलित छन्। यस सम्बन्धमा गोस्वामी तुलसीदासजीले पनि आफ्नो विचार दिनुभएको छ– '**श्रुति पुरान बहु कहे उपाई। छुट न अधिक अधिक अरुझाई।।**' यिनीहरू त कुनै उपाय नै होइनन्। त्यसो भए के गर्ने? गोस्वामजी भन्नुहुन्छ, '**गुरु कह्यो राम भजन मोहिं नीकों लगत राज डगरो सो।' (विनयपत्रिका)।**

मनुस्मृतिमा नै लेखिएको छ कि जुन स्मृतिहरू वेदभन्दा बाहिर छन्, जुन कुतर्कयुक्त छन् ती सबै परलोकको लागि निष्फल हुन्छन्। यस कथनबाट स्पष्ट छ कि धेरैजसो स्मृतिहरू वेदका विपरीत छन्। जन साधारणलाई जानकारी दिनु पर्दछ कि त्यस्ता स्मृतिहरू कुन–कुन हुन्? अतः कुनै कथनलाई स्मृतिमा लेखिएको हुनाले मात्र मान्न सकिंदैन। यिनीहरूले कपिलको स्मृतिलाई वेदभन्दा बाहिर घोषित गर्छन्, जसको लागि गीतामा भगवान् भन्नुहुन्छ कि सिद्धहरूमा म कपिल हुँ, उनी मेरो विभुति हुन्। यम–नियमलाई लेखक महोदयले पनि स्वीकार गर्नुहुन्छ, तर सांख्य र योगदर्शनलाई वेदमूलक मान्नु हुन्न।

* लेखकको दावा छ कि जसले वेद पढ़ेको छैन उसले धर्मलाई जान्न सक्दैन, त्यसलाई धर्मको बारेमा केही पनि भन्ने के अधिकार छ? ब्रह्म–वेदान्तैकवेद्य छ अर्थात् ब्रह्मलाई वेदान्तद्वारा मात्र जान्न सकिन्छ। लेखक महोदय त वेदान्ताचार्य हुनुहुन्छ; जान्नु भयो ब्रह्मलाई? अर्कोतिर वहाँले यो पनि लेख्नु

भएको छ कि शबरी, रैदास आदि सबै सन्तहरू ब्रह्मलाई जान्नेवाला भए। वेद न पढ़िकन यिनीहरू कसरी ब्रह्मज्ञ भए? शबरीले कुन चाहिं वेद पढ़ेकी थिइन्? रामकृष्ण परमहंसजीले कहिले वेद पढ्नु भयो? रैदासलाई भगवान्ले सन्त बनाउनुभएको थियो। सनातन धर्मका ठेकेदारहरूले त पाइला–पाइलामा उनको विरोध नै गरेका थिए। आज पनि कतिजना धर्माचार्यले आफूकहाँ रविदास जयन्ती मनाउँछन्? बढ़ीमा बिचरा केही हरिजनहरू खजड़ी–मजीरा बजाएर वहाँको संझना गर्ने गर्दछन् वा सरकारी प्रसारणहरूमा वहाँको नाम केही सुनिन्छ।

सन्त रविदासको त कुरै छोडौं, काशीका वासिन्दाहरूले गोस्वामी तुलसीदासजीलाई पनि आरामले बस्न दिएनन् जसको अन्तर्साक्ष्य वहाँको दोहावलीमा छ–

वासर ढासनि के ढका, रजनी चहुँ दिसि चोर।

संकर निजपुर राखिये, चितै सुलोचन कोर।। (दोहा०, २३९)

अर्थात् दिउँसो काशीका ठगहरूको धक्का–मुक्की र रातमा चोरहरूको उपद्रव छ। हे शंकरजी! कृपा गरेर आफ्नो नगरीमा यिनीहरूबाट मेरो रक्षा गर्नुहोस्। वहाँको दोष के थियो? यति मात्र कि वहाँले देववाणी संस्कृतको स्थानमा जनभाषा हिन्दीलाई अपनाउनु भएको थियो। वहाँको विचार थियो कि भगवान्को लागि भाषाको महत्व हुँदैन, प्रेमको महत्व हुन्छ–

का भाषा का संस्कृत, प्रेम चाहिये साँच।

काम जु आवै कामरी, का लै करे कुमाच।। (दोहा०, ५७२)

यसको विपरीत लेखकले अंग्रेजीको उदाहरण दिएर भन्न चाहनु भएको छ कि 'संस्कृत इज द सिम्बल ऑफ इण्डियन कल्चर एण्ड सिविलाइजेशन।' वहाँलाई पछुतो छ कि म यति संस्कृत जान्दिन कि श्लोक गढ़न सकुँ। हुन त म कुनै भाषाको समर्थक वा विरोधी होइन। भाषा त विचार प्रकाशनको माध्यम मात्र हो। तर कुनै भाषा पवित्र छ, कुनै अपवित्र– यो वर्गीकरण असंगत छ। यो पनि ईमान्दारी होइन कि हामी कुरा गर्छौं हिन्दीमा, जीवन–यापन गर्छौं हिन्दीले, तर गुनगान गाउने संस्कृतको।

धर्म–जस्तै संस्कृत भाषालाई पनि एक वर्गले आफ्नो समूहसम्म सीमित गरे। आज दशमी हो भने भोली एकादशी नै हुनेछ– तपाईंले यस्तो भन्न सक्नु

हुन्न। पण्डितकहाँ जानै पर्दछ। यही कारण हो कि मानिसहरूले अंग्रेजी डेटबाट काम चलाउने लागे। यसै प्रकार अदालतमा उर्दू प्रचलनमा आयो, हिन्दी छ, मानिसहरू अरू–अरू भाषाहरूबाट काम चलाउन लागे। यी भाषाहरूले राष्ट्रीय भाषा बन्ने गौरव पाए र सबै भाषाहरूको जननी संस्कृत, तपाईंको देववाणी, लेखकको अनुसार परमात्मा जुन भाषामा बोल्नु हुन्छ त्यो वाणी, भारतीय संविधानमा संरक्षण पाएर पनि पुरानो र मृतभाषाको रूपमा अन्तिम साँस गनी रहेको छ। बच्चाहरू धेरै शुल्क तिर्नु परे पनि बोर्डिङ्ग स्कूलहरूमा पढ्छन्, हिन्दी–अंग्रेजी स्कूलहरूमा पढ्छन्; तर कुनै पनि अभिभावकले छात्रवृत्ति, भोजन–वस्त्रादिको सुविधा पाउँदा पनि आफ्नो बच्चालाई संस्कृत विद्यालयहरूमा पढ़ाउन मन पराउँदैनन्।

वैज्ञानिक आविष्कारहरूको वर्णन यस भाषामा छ– यस्तो त भन्न सकिंदैन तर यो नियम संस्कृतमा अवश्य छ कि कसले मन्दिरमा जान सक्छ, कसले जान सक्तैन? कसले घर बनाउन सक्छ, कसले बनाउन सक्दैन? कसले सम्पत्ति राख्न सक्छ, कसले सक्तैन? ऐतरेय ब्राह्मण (जसलाई भगवती श्रुति मानिएको छ)मा छ कि–

शूद्रो अन्यस्य प्रेष्यः कामोत्थाप्यः यथाकाम वध्यः। (३५/३)

अर्थात् शूद्र अरूबाट अनुशासित हुन्छ। ऊ कसैको आज्ञाले नै उठ्छ–बस्छ, उसलाई जुनसुकै बेला पीट्न सकिन्छ– यस्ता नियमहरू संस्कृतमा अवश्य छन्। मानिस–मानिसमा घृणाको बिउ छर्ने खालको, कर्मकाण्डहरूमा समाजलाई जान्नेवाला भाषा पनि त संस्कृत नै हो।

गोस्वामी तुलसीदासजीले यस्ता कर्मकाण्डहरूको समर्थन न गरेर एक भगवान् रामको भक्तिमाथि जोर दिनुभएको थियो। वहाँ काशीमा बस्नु हुन्थ्यो, त्यहाँ मुक्ति पाउनको लागि केही मान्छेहरूले आफूलाई आराले चिर्दथे। त्यसो त काशीमा देहान्तको ठूलो माहात्म्य बताइएको छ तर यो कुरालाई न त सन्त कबीरले स्वीकार गर्नुभयो र न गोस्वामी तुलसीदासजीले। गोस्वामीजीको अनुसार–

काशी बिधि बस तनु तजे, हठि तनु तजे प्रयाग।
तुलसी जो फल सो सुलभ, राम नाम अनुराग।। (दोहावली)

कर्मकाण्डीहरूले तुलसीदासजीले काठको माला धारण गर्नेवाला भन्दथे, ज्ञानमार्गीहरूले वहाँलाई ज्ञानविहीन भन्ने गर्दथे र उपासनामार्गीहरूले पनि वहाँलाई अपनाउन तैयार थिएनन्।

करमठ कठमलिया कहै, ज्ञानी ज्ञान विहीन।
तुलसी त्रिपथ बिहाइगो, राम दुआरे दीन।। (दोहावली)

भजनको नाममा कयौं मार्ग प्रचलित छन्, जस्तै– कर्मकाण्ड, ज्ञानमार्ग, उपासना मार्ग इत्यादि; जबकि भजनमा कुनै दस–बीस मार्ग हुँदैन। भजन स्वयंमा एउटा मार्ग हो, मात्र एउटा आचरण हो– दीनतापूर्वक एक परमात्माको स्मरणमा लाग्नु। यही योगेश्वर श्रीकृष्णको पनि निर्णय छ कि योगमा निर्धारित क्रिया एउटै छ र जसले भजनको नाममा अनेक क्रियाहरू गर्दछन्, तिनीहरू अविवेकी छन्। (गीता, २/४१)

* लेखकले अन्तःकरणको शुद्धि तथा आत्मदर्शनको लागि यज्ञ, यज्ञोपवीत, ब्रह्मस्वरूपा संध्या–गायत्री, सूर्यार्घ, दान, प्राणायाम, यम, नियमादि र सत्यनारायणको कथासम्मको उपयोग भन्नुभएको छ। यिनीहरूबाट अहिंसा, सत्य इत्यादि यम तथा शौच स्वाध्यादि नियम त अन्तःकरणलाई शुद्ध गर्न सक्छन्, किनकी यी क्रियाहरू मानसिक छन्, स्मृतिको साथ यी क्रियाहरूलाई गर्नाले मनको निरोध हुन्छ, होइन भने माला त अभ्यासले गर्दा पनि घुमि रहन सक्दछ–

माला यो कर में फिरे, जीभ फिरे मुख माहिं।
मनवा तो चहुँ दिसि फिरे, यह तो सुमिरन नाहिं।। (कबीर)

अतः यी मानसिक क्रियाहरूमा पनि परमात्माको सधैं स्मृति जरूरी छ तब मात्र आत्मशुद्धि सम्भव छ। तर बाहिर वेदी बनाएर, यताको वस्तु उठाएर उता राख्नाले वा अग्निमा केही जलाउनाले मनको निरोध कसरी हुनेछ? प्रवृत्तिमूलक क्रियाहरूले मनको निरोध आजसम्म कसैको न भयो र न हुनेछ। मनको संयमको लागि एकान्त देशको सेवन, चारैतिरबाट खुम्चेर परमात्माको ध्यानमा लाग्नु अपरिहार्य छ। यो आत्मदर्शनको विधि हो। सूर्यलाई जलदिनु आत्मदर्शनको विधि होइन। सूर्यलाई त्यस युग जमानामा जल दिइन्थ्यो, जब सातवटा घोड़ाहरू भएको रथमा सवार भएर उदयाचलदेखि अस्ताचलसम्मको

सीमित यात्रा गर्दा–गर्दा पसीनाले लथपथ हुन्थे र जब उनकी पत्नी उनको तेज सहन सक्तिन् थिइन्, जसलाई उदयको समयमा राक्षसहरूले चारैतिरबाट घेर्थे, अब यी पौराणिक रूपकहरूमा निहित सत्यलाई कसैले भन्दैन, मानिसहरूको रुचि यिनीहरूमा रहेन। अब सूर्यलाई जल पियाएर वा जलाशयहरूलाई दीप देखाएर आत्मदर्शनको आशा न गरौं। सनातनको नाममा विश्वका मानिसहरूलाई के तपाईं यही सिकाउन चाहनु हुन्छ?

सत्यनारायण व्रतमा दुई–चारवटा बेमतलबका कथाहरूको माध्यमले श्रोताको मनमा अलिकति यो कुरा बसे पनि कि 'सत्य एव नारायणः' अर्थात् एक परमात्मा नै सत्य हो, त्यस बेलासम्म कथा नै समाप्त हुन्छ। यो त भनिदैन कि त्यो परमात्माको प्राप्तिको लागि आचरण कहाँबाट आरम्भ गर्ने? जसमा क्रिया भनिएकै छैन त्यस कथाको के उपयोग? रह्यो कुरा यज्ञोपवीत र गायत्रीबाट शुद्ध हुने। यस सम्बन्धमा आश्रमको एउटा पुस्तिकामा विस्तारपूर्वक द्रष्टव्य छ। यहाँ मात्र यति भन्न चाहन्छु कि आत्मशुद्धिको यो तरीका के मात्र हिन्दूहरूसम्म सीमित छ; किनकि विश्वका अरू मानिसहरूलाई तपाईंले हिन्दू बनाउनु हुन्न, तपाईंको अनुसार त्यो त भगवान्ले नै बनाउन सक्छ र हिन्दूहरूमा पनि मात्र तीस प्रतिशत मानिसहरूलाई यज्ञोपवीत र गायत्रीबाट शुद्ध हुने अधिकार छ। बाँकी सत्तरी प्रतिशत शूद्रहरू तथा विश्वका सबै मानिसहरूले आत्मशुद्धिको लागि अर्को बाटो खोज्नु पर्नेछ।

विश्वका मानव मात्रलाई कुनै भेदभाव बिना वेदका ऋषिले आह्वान गर्नु हुन्छ, '**शृण्वन्तु विश्वे अमृतस्य पुत्राः।**' कुनै भेदभाव बिना योगेश्वर श्रीकृष्ण सबैको लागि आत्मदर्शनको एउटा मात्र विधि भन्नुहुन्छ भने तपाईंले छुट्टै किन रचना गरिरहनु भएको छ? के भगवान् राम–कृष्ण–शिव यी विधिहरूसंग परिचित थिएन जुन तपाईंले बताई रहनु भएको छ? गीतामा पाइला–पाइलामा वर्णित यस विधिलाई तपाईंले किन मान्नु हुन्न–

सर्वद्वाराणि संयम्य मनो हृदि निरुध्य च।
मूर्ध्न्याधायात्मनः प्राणमास्थितो योगधारणाम्।।
ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन्।
यः प्रयाति त्यजन्देहं स याति परमां गतिम्।। (८/१२–१३)

अर्थात् इन्द्रियहरूलाई सबैतिरबाट समेटेर, मनलाई हृदय–देशमा स्थिर गरेर प्राण अर्थात् अन्तःकरणको व्यापारलाई मस्तिष्कमा निरोध गरेर 'ओम्' जो ब्रह्मको परिचायक छ त्यसको उच्चारण गर, जप गर र ध्यान मेरो गर– कुनै महापुरुषको गर। अध्याय छःमा भन्नुहुन्छ कि अन्तःकरणको शुद्धिको लागि मेरो ध्यान गर (६/१२–१४)। अध्याय अठारहमा आत्मदर्शनको विधि बताउनु हुन्छ कि शुद्ध बुद्धिले एकान्त–देशको सेवन, युक्ताहार–विहार, शब्दादिक विषयहरूको त्याग तथा ध्यानयोगको परायण भएर वैराग्यको आश्रय लिउन् (१८/५२)। जब महापुरुषले आफै विधि बताएका छन् भने त्यो बाहेक नयाँ–नयाँ विधिहरू रच्नु जनतालाई भ्रममा पारेर उनीहरूबाट दक्षिणा लिने उपक्रम मात्र हो।

* गोस्वामीजीको बिल्कुल स्पष्ट विचार छ कि–

मति कीरति गति भूति भलाई। जब जेहिं जतन जहाँ जेहिं पाई।।
सो जानब सतसंग प्रभाऊ। लोकहुँ बेद न आन उपाऊ।।
(मानस, बालकाण्ड, २/५–६)

अर्थात् सद्बुद्धि, कीर्ति, परमगति, ऐश्वर्य र कल्याण– यति वस्तुहरूलाई जसले पनि पाए त्यसलाई सत्संगको परिणाम जान्नु पर्छ। यिनीहरूको प्राप्तिको अर्को कुनै उपाय न वेदमा छ, न लोकमा। जब कल्याणको अर्को कुनै उपाय वेदमा छैन भने गाई र ब्राह्मणको पूजाबाट परमगति कुन वेदबाट सिद्ध गरि रहनु भएको छ? जुन कुरा वेदमा तपाईंलाई देखा परिरहेको छ, के ती कुराहरू गोस्वामीजीलाई देखा परेको थिएनन्? वेद–विरोधी तपाईं हुनुहुन्छ अथवा गोस्वामीजी जसले लेख्नुभएको छ कि–

श्रुति पुरान बहु कहे उपाई।
छूट न अधिक अधिक अरुझाई।।

तब त तपाईंले वहाँलाई पनि भन्नु हुनेछ– '**चलत कुपंथ बेद मग छाँड़े।**' **(मानस, १/११/२)**

'**अतुलित महिमा वेद की, तुलसी कियो विचार।**' गोस्वामीजी म अथवा तपाईंभन्दा पनि धेरै वेदलाई मान्नु हुन्थ्यो, जान्नु हुन्थ्यो। वेदमा कुनै कुरा लेखिएको भए पनि गोस्वामीजीको विचार छ कि–

श्रुति सिद्धान्त इहइ उरगारी।
भजिअ राम सब काज बिसारी।। (मानस, ७/१२२/२)

वेद मात्र होइन, सबै पुराणहरू बरू सबै ग्रन्थहरूको सारांश मात्र यति छ–

श्रुति पुरान सब ग्रन्थ कहाहीं।
रघुपति भगति बिनु सुख नाहीं।। (मानस, ७/१२१/१४)

सबैतिरबाट खुम्चिएर एक परमात्मामा श्रद्धाको स्थिरीकरण, यही वैदिक अवधारणा हो–

सब कर मत खगनायक एहा।
करिअ राम पद पंकज नेहा।। (मानस, १/१२१/१३)

तब तपाईं कहिले काहिं देवीको पूजातिर भाग्नु हुन्छ, त कहिले काहिं लक्षचण्डी यज्ञतिर।

कृपया स्पष्ट उत्तर दिनुहोस् कि वेदको आशयलाई उज्जैनको त्यो विप्रले जानेको थियो, जो वेदको विधिले नै शिव–पूजा गर्थे, जसले शूद्रलाई शिव–मन्त्र दिएको थियो– **'एक बार हर मन्दिर, जपत रहेउँ शिव नाम।' (मानस, ७/१०६ क)** त्यो शूद्र शिव मन्दिरमा पसेर बसेको थियो अथवा आजका मानिसहरू वेदको आशयलाई जान्दछन् जसले शूद्रले प्रवेश गरेपछि काशीमा शंकरजीको अर्को मन्दिर बनाए, जो भन्छ– 'धर्मको जय होस्।'– तर मन्दिरमा न जानु! गएनन् भने धर्म कहाँबाट सिक्छन्? 'प्राणिहरूमा सद्भावना होस्'– तर हामीलाई न छुनु! यो कस्तो सद्भावना हो? सर्पले छुनु हुँदैन, बिच्छीले छुनु हुँदैन, तर मानिसले मानिसलाई स्पर्श न गरून्? 'विश्वको कल्याण होस्'– तर समुद्र पारी न जानु!

धर्मको नाममा लोक र वेदमा वर्णित क्रियाहरूको मूल्यांकन पनि गोस्वामीजीले गर्नुभएको छ–

तीर्थाटन साधन समुदाई। जोग बिराग ग्यान निपुनाई।।
नाना कर्म धर्म ब्रत दाना। संयम दम जप तप मख नाना।।
भूत दया द्विज गुर सेवकाई। बिद्या बिनय बिबेक बड़ाई।।
जहँ लगि साधन वेद बखानी। सबकर फल हरि भगति भवानी।।
(रामचरित मानस, ७/१२५/४–७)

वेदवर्णित यी सबै साधनाहरूको फल '**हरि भगति**' र '**सो रघुनाथ भगति श्रुति गाई**'– श्रुतिमा एक परमात्माको भक्तिको गायन भएको छ; तर भक्ति कहाँ पाइनेछ? यी साधनहरूमा? पुस्तकहरूमा? भन्नुहुन्छ, होइन–

भगति तात अनुपम सुख मूला। मिलइ जो संत होहिं अनुकूला।।

'**धर्म से बिरति**'– धर्म वैराग्य प्रधान हो। '**निज निज धरम निरत श्रुति नीति।**' श्रुतिको नीतिमा आ–आफ्नो धर्मको अनुसार चल्नेको परिणाम भन्नुहुन्छ– '**एहि कर फल पुनि बिषय बिरागा।**'। मुख्य ध्येय यी कर्मकाण्ड–हरूलाई गर्नु होइन, मनमा विषयहरूप्रति वैराग्य ल्याउनु हो, यसपछि भगवान्को चरणहरूमा समर्पण–पूर्ण विरक्ति।

सम्पूर्ण रामचरितमानसमा गोस्वामीजीले एउटै कर्ममा जोर दिनुभयो, तर तपाईं घुमी–फिरी अनेक क्रियाहरूको वकालत अवश्य गर्नु हुनेछ। कहिले भन्नु हुनेछ कि यो त सत्संगतिको महिमामा भनिएको छ, कर्मकाण्डको निन्दामा होइन, कहिले भक्तिको महिमाको वर्णन मानेर फेरि अनेक क्रियाहरूतिर भाग्नु हुनेछ। गोस्वामीजीको स्पष्ट आदेश हेरौं–

नर बिबिध कर्म अधर्म बहुमत सोकप्रद सब त्यागहू।
बिस्वास करि कह दास तुलसी राम पद अनुरागहू।।

(मानस, ३/३५ छन्द)

लेखकको आरोप छ कि गीताको आफूखुशी अर्थ लगाउँछु; तर गोस्वामीजीको भाषा त सजिलो हिन्दीमा छ। यसलाई त सबै बुझ्दछन्। यहाँ गोस्वामीजी भन्नुहुन्छ कि अनेकौं कर्म, अनेकौं मत– यी सबै अधर्म हुन् र 'अधर्मको नाश होस्'– यो त लेखकले पनि भन्छ। यिनीहरू शोकप्रद छन्, यिनीहरूको त्याग गर। फेरि गर्ने के? मात्र एउटा कर्म– श्रीरामजीको चरणहरूमा प्रेम।

लेखकको पुस्तिकाको उपशीर्षक हो– 'चलत कुपंथ बेद मग छाँड़े'। तर वहाँले स्पष्ट गर्नु भएन कि गोस्वामीजी वेद–मग कसलाई भन्नुहुन्छ र कुपंथ के हो? आउनु होस्, गोस्वामीजीको शब्दहरूमा नै हेरौं–

श्रुति सम्मत हरि भक्ति पथ, संजुत बिरति बिबेक।
तेहिं न चलहिं नर मोहबस, कल्पहिं पंथ अनेक।।

(मानस, ७/१०० ख)

श्रुतिसम्मत पथ के हो? के लेखकको गाई भक्ति? ब्राह्मण भक्ति? संध्या गायत्री? सत्यनारायण भक्ति? सूर्य–भक्ति वा कुन चाहिं भक्ति श्रुतिसम्मत छ? गोस्वामीजी भन्नुहुन्छ– मात्र हरिभक्ति! एकमात्र परमात्माको भक्ति! यही वेदपथ हो र एउटा मात्र पथ हो। **'नान्यः पन्था विद्यतेऽयनाय।'**– कुनै अर्को मार्ग छँदै छैन। यस एकबाहेक जो अनेक पथ, अनेक साधन, अनेक बाटोहरूको कल्पना गर्छन्, गोस्वामीजीको अनुसार तिनीहरू नै कुपंथी हुन्। विचार गर्नुहोस् कि 'चलत कुपंथ'को अर्द्धाली कहाँ लाग्नेछ? गोस्वामीजीले यसको प्रयोग आफ्नो दीनता निवेदनको सन्दर्भमा गर्नुभएको थियो। वहाँ आफूमा दोष खोज्नु हुन्थ्यो, तर वहाँको मानसको कथावाचन गर्ने केही विद्वानहरूले यसलाई अरुमाथि नै थोपार्ने उद्योग गरिरहेका छन्।

* लेखकले यो कुरालाई धेरै तुल दिनुभएको छ कि 'जन्मना जायते शूद्रः' वाला श्लोक अत्रिस्मृतिको होइन, मैले कसरी भनी दिएँ? अतः वहाँको जानकारीको लागि म यति अरू भन्न चाहन्छु कि अत्रिस्मृति अहिलेसम्म मौखिक तथा कतै–कतै हस्तलिखित रूपमा छ र त्यसको श्लोकसंख्याको बारेमा पनि मतैक्य छैन। अत्रिको नामले यो श्लोक कुनै महात्माले नै भनेका थिए। तर यो स्मृति मुद्रित रूपमा देखिको छैन अतः यस श्लोकलाई समीक्षाबाट अलग गर्न सकिन्छ। तर यति मात्र कुराले के जन्मना जाति–व्यवस्था प्रमाणित भयो र? यसै क्रममा वहाँले ध्यान दिलाउनु भएको छ कि ब्रह्म शब्दबाट ब्रह्मज्ञ बन्छ, ब्राह्मण बन्न सक्दैन, वहाँले कसरी लेखी दिनुभयो? म फेरि भन्न चाहन्छु कि अथर्ववेदमा ब्रह्म शब्द ब्राह्मणको अर्थमा आएको छ, जस्तो कि– **'ब्रह्म च क्षत्रं च न बिभीतो नरिष्यतः।'** (२/१५/४)। तैत्तिरीय ब्राह्मणमा पनि छ कि– **'ब्रह्म वै ब्राह्मणः क्षत्रं राजन्यः।'** (३/९/१४)।

आश्चर्य छ कि यति खोतल्न सक्ने लेखक महोदय आफू पनि एउटा दोहा रचनु भएको छ, त्यो पनि गोस्वामी तुलसीदासजीको नाममा– 'ब्रह्म ज्ञान जाना नहीं, कर्म दिया छिटकाय। सो नर पाँवर मूढ़ हैं, पुनि पुनि नरकहि जाय।।'

अत्रि त अत्यन्त प्राचीन ऋषि थिए। वहाँको रचनाहरूको बारेमा मतभेद हुन सक्छ, तर गोस्वामीजीको कृति त हरेक मानिसहरूको मुखमा छ। वहाँको नाममा यत्रो ठूलो झुठ देववाणी, कल्पद्रुम भनिने संस्कृतको यस भनाईलाई चरितार्थ गरिदिन्छ कि–

खलः सर्षपमात्राणि परछिद्राणि पश्यति।
आत्मानस्तु बिल्वमात्राणि पश्यन्नपि न पश्यति।।

लेखक यसकारणले पनि उदास हुनुहुन्छ कि जसले व्याकरण पढ़ेको छैन त्यसले धर्मलाई बुझ्न सक्दैन। यहाँ म लेखकसंग सहमत छैन; किनकि ईश्वरानुभूति भएका अधिकांश महापुरुषहरू पार्थिव शिक्षामा शून्य थिए। व्याकरण जुन सूत्रहरूमा आधारित छन्, भनिन्छ कि ती सूत्रहरू भगवान् शंकरको डमरुबाट निस्केको हुन्। त्यो डमरुले कुन चाहीं व्याकरण पढ़ेको थियो? कठोपनिषद्को यस मन्त्रको अर्थ कसरी लगाउनु हुनेछ कि–

नायमात्मा प्रवचनेन लभ्यो न मेधया न बहुना श्रुतेन। (३/२/३)

ब्रह्मविद्याको लागि शिक्षा र व्याकरणको कति उपयोग छ, यसमाथी मुण्डक उपनिषद्मा विचार गरिएको छ। यस उपनिषद्को आरम्भमा नै एउटा कथा छ कि शौनक नामको एउटा प्रसिद्ध मुनि थिए। उनी एउटा धेरै ठूलो विश्वविद्यालयका कुलपति थिए। पुराणहरूमा लेखिएको छ कि वहाँको निर्देशनमा अठ्ठासी हजार ऋषिहरू पढ्थे। ब्रह्मविद्या जान्नको लागि उनीहरू महर्षि अंगिराको शरणमा गए। (विचार गर्नुहोस् कि यदि यो विद्या किताबहरूमा भएको भए उनीहरू किन जान्थे?)

महर्षि अंगिराले उनीहरूलाई भन्नुभयो कि विद्या दुई प्रकारका हुन्छन् – एउटा परा र अर्को अपरा। यिनीहरूमा ऋग्वेद, यजुर्वेद, अथर्ववेद, शिक्षा, कला, व्याकरण, निरुक्त, छन्द र ज्योतिष– यी सबै अपरा विद्या हुन्; तर जसबाट त्यो परमात्मालाई जानिन्छ त्यो परा विद्या हो।

लेखक महोदयले आफ्नो पुस्तकको पृष्ठ ८ संग भिड़ाएर हेरोस्, जहाँ वहाँले लेख्नुभएको छ कि व्याकरण, ज्योतिष, शिक्षा, निरुक्त र कल्पसहित वेदको अध्ययन गर्नु पर्छ। जबकि मुण्डक उपनिषद्को ऋषि भन्नुहुन्छ कि ब्रह्मलाई जान्नको लागि न त व्याकरण जरूरी छ, न शिक्षा। गम्भीर कुरा त यो छ कि जुन वेदलाई तपाईंले मीमांसकहरू जस्तै स्वतः प्रमाण अथवा परतः प्रमाण सिद्ध गर्ने माथापच्चीमा लाग्नु भएको छ, त्यो महर्षिले चारवटै वेदलाई पनि काटी दिए। के लेखक महोदयले वहाँलाई पनि नास्तिक भन्ने धृष्टता गर्नु हुनेछ? यो मुण्डक ती एकादश उपनिषद्हरू मध्येका एउटा हो जसलाई आदि शंकराचार्यले सयकड़ौं उपनिषद्हरू मध्येबाट छानेको थियो।

ठीक यसै प्रकारको कथा छान्दोग्य उपनिषद्मा छ। सनत्कुमारकहाँ नारदजी आउनुभयो। प्रार्थना गर्नुभयो कि भगवन्! उपदेश दिनुहोस्। '**अधीहि भगव इति होपससाद सनत्कुमारं नारदः स त ँ होवाच यद् वेत्थ तेन मोपसीद ततस्त उर्ध्वं वक्ष्यामीति। स होवाचऋग्वेदं भगवोऽध्येमि यजुर्वेद ँ सामवेदं आथर्वणं चतुर्थमितिहासपुराणं पंचम वेदानां वेदं पित्र्यं, राशिं दैवं निधिं वाकोवाक्यमेकायनं देवविद्यां ब्रह्मविद्यां भूतविद्यां क्षत्रविद्यां नक्षत्रविद्यां सर्पदेवजन ँ विद्यामेतद् भगवोऽध्येमि सोऽहं भगवो मन्त्रविदेवास्मि नात्मविच्छुत ँ ह्येव मे भगद्रूशेभ्यस्तरति शोकमात्मविदिति। सोऽहं भगवः शोचामि तं मा भगवाच्छोकस्य पारं तारयतु।**' यहाँ नारदजीले वेद–व्याकरणादिलाई आत्मज्ञानको लागि अनुपयुक्त बताउनुभयो। सनत्कुमारजीले वहाँलाई भन्नुभयो कि यी सबै वाणीका विषयहरू हुन्। योभन्दा पनि अगाड़ि मन छ, बुद्धि छ, भगवान् योभन्दा पनि माथी हुनुहुन्छ। ध्यानद्वारा वहाँलाई पाउन सकिन्छ। वहाँ पंच महाभूतहरूभन्दा माथी प्राणको पनि प्राण हुन्, भूमा हुन्, अमृत हुन्, सबैतिर हुन्, आत्मा हुन्। सातौं अध्यायमा वर्णित यस स्पष्ट कारणबाट बच्नको लागि लेखक महोदयले तर्क दिनुहुन्छ कि यो कथन वेदादि शास्त्रहरूको तुच्छता बताउनको लागि होइन, आत्मज्ञानको महत्वलाई सूचित गर्नका लागि लेखिएका हुन्। अतः व्याकरण घोक्नेवालाहरूको लागि आदिशंकरको विचार हेरौं–

भज गोविन्दं भज गोविन्दं भज गोविन्दं मूढमते।
प्राप्ते सन्निहिते मरणे न हि न हि रक्षति डुकृञ्करणे।।

यति स्पष्ट चेतावनीलाई पनि के लेखक महोदय भन्न सक्नु हुन्छ कि यो व्याकरणको तुच्छता बताउनको लागि होइन, मृत्युको महिमा बताउनको लागि भनिएको हो? व्याकरण घोक्नेहरूलाई शंकराचार्यजीले 'मूढमते' भन्नुभयो, कति हप्काउनु भएको छ कि मृत्यु आउँदा व्याकरणका सूत्रहरू घोकेको काम आउँदैन तापनि तपाईं व्याकरणको वकालत गरिरहनु भएको छ, व्याकरण घोकाएर आत्मज्ञान दिई रहनु भएको छ। आदि शंकराचार्यजीले जुन–जुन कुराहरूलाई मनाही गर्नुभएको थियो, यस्तो लाग्दछ कि वहाँको स्वघोषित पीठाधीश्वर लेखक महोदयले ती सबै कुरा गर्न लागि पर्नु भएको छ। यदि सन्त कबीरको कुरा भनौं कि '**पोथी पढ़ि पढ़ि जग मुआ**' मात्र मृत्यु हात लाग्छ

तब तपाईं भन्नुहुन्छ कि वहाँ त '**कलम गह्यो नहिं हाथ**' मध्येका हुनुहुन्थ्यो। अतः तपाईंले गोस्वामी तुलसीदासजीको सल्लाहमाथी विचार गर्नुस् –

वाक्य ज्ञान अत्यन्त निपुन भव पार न पावै कोई।
निशि गृह मध्य दीप की बातन्ह तम निवृत्त नहिं होई।।
जब लगि नहिं निज हृदि प्रकास अरु विषय आश मन माहीं।
तुलसीदास तब लगि जग जोनि भ्रमत सपनेहु सुख नाहीं।।

(विनय पत्रिका, १२३)

यसकारण बन्धुहरू! मानव तनको सार्थकता तब छ जब तपाईंले यस्तो केही यत्न गर्नुहोस् कि हृदयमा प्रकाश उत्पन्न होस्। पन्छिएर निस्कनको लागि यो तर्क न दिनुहोला कि यो त हृदय प्रकाशको प्रशंसामा भनिएको छ, वाक्यज्ञानको तुच्छता बताउनको लागि होइन। कसैले मनाही रहेको छ कि यस डुङ्गामा प्वाल छ, नयाँ बलियो डुङ्गामा बस्नुहोस्।– यस्तो भनेर पुरानो डुङ्गामा न बस्नु होला कि यो त नयाँ डुङ्गाको प्रशंसामा भनिरहेको छ।

संस्कृत र व्याकरण जान्ने दावा गर्ने यो लेखक महाशयले आफ्नो पुस्तिकाको पृष्ठ १२मा '**तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ**'को अर्थ लेख्नुभएको छ कि धर्म–अधर्म, पुण्य–पाप, कार्य–अकार्य सबैको निर्णयमा वेद नै प्रमाण हुन्। यस श्लोकांशको के यही अर्थ हुन्छ? यसमा वेद शब्द कुन संस्कृत शब्दको अर्थ हो? के शास्त्रको अर्थ वेद हुन्छ?

अध्याय १५को अन्तमा योगेश्वरले स्वयं भन्नुभयो कि शास्त्रसंग वहाँको आशय के हो? गीता शास्त्र हो– '**इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ।**' **(१५/२०)** र अध्याय सोह्रको उपरोक्त श्लोकांशमा भन्नुहुन्छ कि कर्तव्य र अकर्तव्यको व्यवस्थामा तिम्रो लागि शास्त्र नै प्रमाण छ, तापनि तपाईं शास्त्रको नाममा वेदतिर किन भाग्नु हुन्छ, विशेषतः त्यस अवस्थामा जबकि वक्ताले आफै आफ्नो शास्त्र भनिरहेको छ।

जुन महापुरुषले वेदहरूको संकलन गर्नुभयो, त्यो व्यासजीले वेदलाई शास्त्र भन्नु भएन, वहाँको नामले प्रचारित मीमांसा वा वेदान्तलाई शास्त्र भन्नु भएन, जसलाई छः शास्त्रहरूमा गन्ती गर्ने गरिन्छ, तापनि शास्त्रको नाममा तपाईं यता–उता किन भाग्नु हुन्छ? महाभारत भीष्म पर्वको त्रिचालिसौं अध्यायमा

व्यासजीले लेख्नुभएको छ– 'गीता सुगीता कर्तव्या', कतै तपाईंले यसलाई गीताको स्तुति न मान्नु होला। अरू शास्त्रहरूको संग्रहलाई अनावश्यक भन्नुभयो– 'किमन्यै शास्त्रविस्तरैः'। हुन त अनेक शास्त्र होला तर 'सर्वशास्त्रमयी गीता' भनेर व्यासजीले आफ्नो निर्णायक मत दिनुभयो, तापनि तपाईंले गीतालाई आफ्नो शास्त्र किन मान्नु हुन्न? वेदको नाम लिएर त्यस वेदान्त दर्शनतिर किन भाग्नु हुन्छ जसको पहिलो अध्यायमा नै धर्म बताइएको छ कि शूद्रलाई ब्रह्मविद्या वा वेदाध्ययनको अधिकार छैन र प्रमाण दिइएको छ स्मृतिहरूको– **श्रवणाध्ययनादि प्रतिषेधात् स्मृतेश्च। (१/३/३८)**

आदि शंकराचार्यजीले पनि अनेक धर्मग्रन्थहरू मध्ये गीताको नै नाम लिनुभएको छ, '**गेयं गीता नाम सहस्रं**'– गायन योग्य गीता नै छ। सहस्र नामको अर्थ विष्णु सहस्रनामको पुस्तक होइन बरू त्यस परमात्माका हजारौं असंख्य नाम छन्, तीमध्ये कुनै नामको गायन (जप)। '**भगवद्गीता किञ्चितधीता**' जसले गीतालाई अलिकति मात्र पढ़े, अगाड़ि भन्नुहुन्छ कि यमले उसलाई के गर्न सक्छ? पढ्नको लागि यदि कुनै ग्रन्थको वहाँले सिफारिस गर्नुभयो त्यो थियो गीता। तपाईं पनि वहाँको निर्देशनलाई मान्नु होस् र गीतालाई नै धर्मशास्त्र घोषित गरेर एकताको सूत्रधार बन्नुहोस्।

* विद्वन्प्रवरको तर्क छ कि वेदमा यज्ञहरूको वर्णन छ जसलाई गर्नु धर्म हो। यहाँ म लेखकका शब्दहरूलाई उद्धृत गर्न चाहन्छु जसले गर्दा यज्ञ सम्बन्धि वहाँको अवधारणा स्पष्ट हुन सकोस्। वहाँले लेख्नुहुन्छ कि यज्ञ विहित र अविहित दुई प्रकारका हुन्छन्। अविहित यज्ञ ती सबै हुन जसलाई जीवनमा हामी गर्दै रहन्छौं, जस्तै– मुखमा गाँस हाल्नु, पिठोमा पानी हाल्नु इत्यादि; तर विहित यज्ञ त्यो हो जसमा मंत्रोच्चारणपूर्वक अग्निमा आहुति हालिन्छ। त्यो आहुति सूर्यमण्डलमा जान्छ। सूर्यमण्डलबाट वर्षाद्वारा वनस्पतिहरूमा, अन्नमा र प्राणिहरूको वीर्यमा आउँछिन्, त्यसैबाट प्राणिहरूको उत्पत्ति हुन्छ। यसप्रकार यो सृष्टि–चक्र चल्छ। .....अग्निहोत्र, दर्शपौर्णमास, लक्षाहुति यज्ञहरूमा गाईको दुध–दही, घिउ–गोबर तथा मुत्रसम्मको जरूरत हुन्छ। यदि वेदशास्त्रानुमोदित धार्मिक यज्ञहरूमा गाईबाट उत्पन्न पंचगव्यको अपरिहार्य महत्व छ भने गाईलाई धर्म मान्नुमा के आपत्ति छ?

आपत्ति त केही पनि छैन, म मानी पनि लिन्थे, तर यज्ञमा पंचगव्यको प्रयोग हुनाले गाई धर्म भयो भने यज्ञमा त धेरै वस्तुहरूको प्रयोग हुन्छ। यज्ञमा समिधाको प्रयोग हुन्छ भने रुखलाई धर्म मान्ने? जौ, तिल, दसांगको पनि प्रयोग हुन्छ, तिनीहरूलाई धर्म किन मान्दैनौ? यज्ञमा महको प्रयोग हुन्छ, भने मौरीलाई धर्म मान्नमा के आपत्ति छ? गाईबाट पाँच मात्र होइन, कयौं वस्तुहरू प्राप्त हुन्छन्– गोबर, मुत्र र दुध। दुधको नै रूपान्तरण दही र घीउ हो, पनीर पनि बनाउन सकिन्छ। यी त त्यसका प्रयोग हुन्। त्यसको छाला र हाड़सम्मको उपयोग छ तर पंचगव्य जस्तो विशिष्ट आविष्कारको चर्चा गीतामा त कतै पनि छैन। गाईको दूध निःसंदेह पौष्टिक छ, आधा किलो पनि दुध दिने गाई संरक्षणीय छ। शिशुहरूको रूपमा भोलीको भारत यिनीहरूमा नै निर्भर छ। यसलाई राष्ट्रीय पशु घोषित गर्नु पर्छ; तर त्यसलाई धर्मस्वरूपा न बनाउनु होस् किनकि तपाईंको पाराशर स्मृतिमा लेखिएको छ कि शूद्र यदि कपिला गाईको दुध पिउँछ भने नरकमा जानेछ। सत्तरी प्रतिशत बच्चाहरूको लागि गाई नरकदात्री भइन्, जसको लागि धर्मस्वरूपा हुँदो हो उसले जानोस्। आश्रमको पुस्तिकामा मैले गाईको उपयोगिताबाट इन्कार गरेको छैन। मैले अस्वीकार गरेको छु उसको धार्मिकतालाई, गाईको पुच्छर समातेर वैतरणी पार गराउने कुप्रथालाई। आश्रमको त्यस पुस्तिकामा यो पनि लेखिएको छैन कि 'गो' शब्दको अर्थ सबैतिर इन्द्रिय नै हुन्छ। त्यस पुस्तिकामा छ कि मानसमा सतरी पटक गाई र उसको पर्यायहरूको प्रयोग छ, जसमा सत्रह पटक गाई पशुरूपमा उदाहरण मात्र छ, तेरह पटक मूल्यवान् सम्पत्तिको रूपमा छ र चालीस पटक 'गो' शब्द इन्द्रिय अर्थमा प्रयुक्त भएको छ। भगवान् अवतार लिनु हुन्छ तर कुनै पशुको लागि होइन बरू अमलात्मा भक्तहरूको सकलेन्द्रिय संयमको लागि।

पिठोमा पानी मिलाउनु, मुखमा गाँस हाल्नु वा अग्निमा कुनै वस्तु जलाउनु– यो कुन चाहिं यज्ञ हो? गीतामा योगेश्वर श्रीकृष्णले एउटै यज्ञका तेरह–चौदहवटा क्रियाहरूलाई अध्याय चारमा बताउनुभयो तर उपरोक्त यज्ञहरूको उल्लेखसम्म पनि छैन। यस्तो लाग्दछ कि योगेश्वर श्रीकृष्णलाई अग्निहोत्र दर्शपौर्णमासादि यज्ञबारे थाहा थिएन होइन भने वहाँ गीतामा यसको उल्लेख अवश्य गर्नुहुन्थ्यो। योगेश्वरले जुन यज्ञलाई बताउनुभएको छ त्यस बाहेक नाममात्रको यज्ञलाई, जो यज्ञ होइन, तर मानिसहरूले यज्ञको नाम दिई

राखेको छन्, यस्ता यज्ञ गर्नेहरूलाई क्रूरकर्मी, नराधम र पापाचारी भनिएको छ र अध्याय सोह्रमा छ कि यस्ता दम्भिहरूलाई वहाँले पटक-पटक आसुरी र अधम योनिहरूमा खसाल्नु हुन्छ (गीता, १६/१७-१९)।

यस वैज्ञानिक युगमा शहरहरूको फोहर अग्निमा नै जलाइन्छ। तब के यो यज्ञ भयो? अग्निमा स्वाहा बोल्नाले बादल होइन कार्बन-डाई-आक्साइड बन्छ। यसबाट वायु शुद्ध हुने होइन बरू प्रदूषण फैलिन्छ। त्यो धुवाँ न सूर्यसम्म पुग्न सक्छ र न त यसबाट पानी पर्नमा कुनै सहयोग मिल्छ। लेखकद्वारा दिइएको व्याख्याहरूबाट यस्तो लाग्दछ कि वेद परमात्माको निःश्वास वा परमात्माको कृति पनि होइन; किनकि सृष्टिको रचयितालाई यति ज्ञान त हुनु पर्छ कि बादल कसरी बन्छ? यदि यज्ञको धुँवाबाट नै सृष्टिक्रम चल्दछ भने जुन देशहरूमा यज्ञ भएनन्, त्यहाँ कुन धुँवाबाट सृष्टि चलिरहेको छ? यहाँको सृष्टिलाई त तपाईंले चलाई रहनु भएको छ (धुवाँ गरेर), त्यहाँ कसले सृष्टि चलाई रहेको छ? र मंत्र पनि के छ? त्यस युग-जमानाको प्रचलित भाषामा गरिएको गद्यात्मक अथवा पद्यात्मक प्रार्थनाहरू। अतः गीताको प्रमाण दिएर जुन यज्ञहरूलाई लेखकले पृष्ठ तेरहमा गन्ती गराउनुभयो, ती यज्ञहरू गीतामा छँदै छैन। वहाँले लेख्नुभएको छ कि 'गीतामा श्रौत-स्मार्त यज्ञहरूलाई मात्र यज्ञ भनिएको छैन बरू चौदह प्रकारका यज्ञलाई सम्झिनु पर्छ। गीतामा जुन चौदह प्रकारका यज्ञहरूको वर्णन छ यदि लेखकले तिनीहरूलाई लेखी दिएको भए सबैलाई स्पष्ट हुन्थ्यो कि यी सबै यज्ञहरूमा बाहिरको कुनै वस्तु लाग्दैन, सबै यज्ञ मानसिक हुन्। लेखकले लेबल (शीर्षक) लगाउनुभयो गीताको तर त्यसभित्र वस्तु आफ्नो कुतर्कले भरिदिनुभयो।

जुन श्रौत-स्मार्त यज्ञहरूमाथी लेखकले जोर दिनुभएको छ तिनीहरू मध्ये वैदिक इष्टिलाई आजको समाजले जान्दा पनि जान्दैनन्। वेदका केही शब्दहरूलाई यज्ञार्थक मानेर त्यसको विधि-विधानको लागि कयौं संहिताहरू, कयौं आरण्यक, कल्पग्रन्थ (श्रौत-सूत्रादि) र ब्राह्मण ग्रन्थ (शतपथ, ऐतरेय, ताड्य, गोपथ इत्यादि) लेखिएका छन् र यिनीहरूलाई पनि चारवटै वेदहरूको बराबर मानेका छन्। यिनीहरूमा वर्णित सबै यज्ञहरूमा प्रमुख छन् सात प्रकारका सोमयज्ञ- अग्निष्टोम, अत्यग्निष्टोम, उक्थ, षोडशी, वाजपेय, अतिरात्र र अप्तोयमि। यी सबैमा सोह्र-सोह्रवटा पुरोहितहरू लाग्छन्, जसको दक्षिणा छ

सहस्र गाईहरूको दान। राजसूय यज्ञको दक्षिणा दुई लाख चालिस हजार गाईहरू हुन्। सौत्रामणि यज्ञमा रक्सीको आहुति र पशुहरूको बलि दिइन्छ। अश्वमेध यज्ञमा पटरानी मृत घोड़ाको छेउमा पल्टिन्छे र सबै पुरोहितहरूका रानीहरू र तिनका नवयुवती दासिहरूसंग अश्लील भाषामा गालिहरू गर्ने ठट्यौलीको खेल हुन्छ।

यी यज्ञहरू बाहेक प्रत्येक ऋतुको संधिमा तीन–चार चातुर्मास्य– जस्तै वैश्वदेव, वरुण प्रघास, साकमेघ र शुनासीरीय; प्रत्येक नयाँ फसललाई खानु भन्दा पहिले आग्रयण यज्ञ, निरूढ पशुबन्ध अर्थात् आन्द्रा निकालिएको पशुको आहुति, वर्षा गराउनुको लागि बादलहरू जस्तो कालो कपड़ा लगाएर 'कारीरिष्ट', सुरक्षापूर्ण यात्राको लागि 'संज्ञानी', पुत्रको लागि 'पुत्रकामेष्टि'; सात प्रकारका हविर्यज्ञ जसमा अग्न्याधान, अग्निहोत्र, दर्श अर्थात् अमावस्याको दिन गरिने यज्ञ, पौर्णमास इत्यादि यज्ञ आजीवन गरिरहने आदेश दिइएको छ। प्रत्येक यज्ञमा जरूरी छ पुरोहितहरूद्वारा यजमानको पत्नीको सन्नहन! त्यो पनि त्यस विधिले, जसलाई न खेल्नु नै उचित हुनेछ।

धेरैजसो यज्ञ एकाह अर्थात् एक दिनमा सम्पन्न हुन्छन्, जस्तै– विश्वजित, जसमा सम्पूर्ण सम्पत्तिको दान गर्नु पर्ने हुन्छ। गोसव यज्ञमा यजमानलाई एक वर्षसम्म पशु–जस्तै जल पिउने, पशु–जस्तै भोजन गर्ने, आमा–दिदी, बहिनी छोरी सबैसंग पशुसमान पारिवारिक व्यवहार गर्नु पर्छ। 'शुन कर्णेग्निष्टोम' यज्ञमा यजमान आफ्नो सबै वस्तुहरू पुरोहितहरूलाई सुम्पेर स्वर्गको निमित्त अग्निमा प्रवेश गर्छ। कुनै यज्ञ तीन दिन, कुनै दस दिन, केही बाह्र दिन, एक वर्ष, सय–सय वर्ष र केही हजार–हजार वर्षसम्म चल्नेवाला छन्, जसमा समापनको पूर्वसंध्यामा सबै स्त्री–पुरुष प्रजापतिको प्रसन्नताको लागि सामूहिक रूपले मैथुन कर्ममा प्रवृत्त हुन्छन् जसलाई महाव्रत भनिएको छ।

यी नै हुन् अग्निहोत्रादि, दर्शपौर्णमासादि, श्रौत–स्मार्त यज्ञ, जसलाई लेखक महोदय वेदको नाममा श्रद्धालु जनताको घाँटीमा झुन्ड्याउन चाहनु हुन्छ; तर विज्ञजनहरूसंग मेरो निवेदन छ कि वेदमा यज्ञको यस्तो स्वरूप छैन। पुरुष–सूक्तमा जुन मानसिक यज्ञको कल्पना छ, त्यही र त्यति नै गीतामा छ। वेदको नाममा अनेक प्रकारका यज्ञहरूको सृजन पछिवालाहरूको देन हो। हजारौं वर्षहरूदेखि समाजमा यिनीहरू मध्येबाट कुनै यज्ञ देखिएको छैन।

कसैले यिनीहरूलाई गर्दैन, गर्न पनि चाहँदैन। यदि यी यज्ञहरू प्रचलनमा रहेको भए आज यो अड़कल लगाउने जरूरत पर्दैनथ्यो कि सोम कुन चाहिं जड़ी–बुटीको नाम हो? कहाँ पाइन्छ? विद्वान लेखक महोदयले जुन यज्ञहरूको सिफारिश गरिरहनु भएको छ तीमध्ये कुनै एउटा यज्ञको सम्पूर्ण विधि–विधान लेखेर प्रकाशित गरिदिनु भएको भए वेद–वेद भनेर कराउनेहरूको उत्साहको परीक्षा हुन्थ्यो। जनताले पनि थाहा पाउँथे कि कसले यी विधानहरूको कति पालन गर्न सक्छ र स्वयं लेखक महोदयले यी विधिहरूबाट कुन चाहिं यज्ञ गरिसक्नु भएको छ वा गर्नुहुन्छ?

जुन यज्ञहरूलाई कसैले गर्दैन, यति जटिलताहरू छन् कि कसैले गर्न पनि सक्दैन, अनेक शब्दहरूको अर्थ विस्मृत भई सके, यस्ता यज्ञहरूको उपयोगिता मूल्यांकन गर्दै मुण्डक उपनिषद्को ऋषि भन्नुहुन्छ कि स्वर्गको प्राप्तिको लोभमा मानिसहरू यी यज्ञहरूलाई गर्छन्; तर त्यसका क्रियाहरूमा अलिकति पनि भूल भयो भने यी यज्ञहरूले त्यस अग्निहोत्रीको सातवटै पुण्य–लोकहरूको नाश गरिदिन्छन्। यी यज्ञहरूको परिणाम यस्तो छ।

यसै उपनिषद्मा यी यज्ञहरूको व्यर्थता बताउनुहुन्छ कि निश्चय नै यी अठारह प्रकारका यज्ञ–डुङ्गाहरू बलिया छैनन्। यी यज्ञहरूमा जुन कर्महरू बताइएका छन्, ती निम्नकोटिका हुन्। जसले यिनीहरूलाई नै कल्याणको मार्ग भन्दछन्, जसले यिनीहरूको प्रशंसा गर्छन्, ती मूढ़ हुन् र तिनीहरू पटक–पटक जरा र मृत्युलाई नै प्राप्त हुँदै रहने छन् (१/२/७)।

कतै केहिं गुंजाईश निकाल्न न सकून् यसैकारण यस्ता मुर्खहरूलाई दशौं मंत्रमा फेरि सचेत गर्नुहुन्छ कि इष्ट र पूर्त कर्महरूलाई श्रेष्ठ मान्नेहरू 'प्रमूढा' अर्थात् विशेषरूपले मूढ छन्। यिनीहरू श्रेय जान्दैनन्। तिनीहरू कल्पित स्वर्गमा यिनीहरूको फल भोगेर यस मानिस शरीर वा यसभन्दा पनि अत्यन्त हीन योनिहरूमा प्रवेश पाउँछन् (१/२/१०)। आश्चर्य छ कि अद्वैतलाई लक्ष्य मान्नेले स्वर्गको अस्तित्वलाई स्वीकार गर्छ र त्यसैको प्राप्तिको लागि कर्मकाण्डहरूको वकालत गर्छ। राम्रो त यो हुन्थ्यो कि वास्तविक यज्ञ बताइयोस् जस्तो कि गीतामा छ। त्यसमा हवन पनि छ– श्वासको प्रश्वासमा हवन, संकल्पहरूको हवन। त्यस यज्ञको परिणाम मोक्ष छ जसलाई शरीर छँदै प्राप्त गर्नुछ। त्यस यज्ञलाई गर्ने अधिकार मानवमात्रलाई छ। भौतिक द्रव्यहरूबाट

सम्पन्न हुने यज्ञलाई योगेश्वरले अत्यल्प भन्नुभयो, तुच्छ भन्नुभयो, तपाईं त्यो यज्ञ किन गर्नु हुन्न जसको परिणाम अनन्त छ?

* लेखकले जाति–व्यवस्थालाई गीताबाट सिद्ध गर्ने हास्यास्पद प्रयास गर्नुभएको छ, किनकि वेद र गीताको वर्ण आजको जाति–व्यवस्था होइन। वर्णको अर्थ हो रंग वा आकृति, जस्तो कि ऋग्वेदको प्रथम मण्डलमा छ। वेदमा दैवी वर्ण, असुर वर्ण, 'कृष्णं च वर्णं अरुणं च', 'उभौ वर्णौ'– दुई वर्ण मानिए। वर्ण शब्द गुणवाचक हो। भजनको क्षमता नाप्ने इकाई हो, तर जाति शब्दमा छ– जन्मबाट निर्धारण, विवाह र खानपानमा छुआछूतको विचार, जीविकाको निर्धारित व्यवसाय, व्यवसाय–भेदले धेरैजसो उपजातिहरू, ऊँच–नीचको भावना र जातीय पंचायतहरू। वेदमा वर्ण शब्दको यी अर्थहरूमा प्रयोग कतै पनि छैन र जुन पुरुष सूक्तमा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रको चर्चा छ, मजाको कुरा त यो छ कि त्यहाँ वर्ण शब्दको प्रयोग नै छैन।

गीताको 'अन्तवन्त इमे देहा'को विरुद्ध लेखकले भन्नुभएको छ कि शरीर नाशवान भए पनि समष्टिमा नाशवान छैन। वहाँले यो पनि भन्नु पर्थ्यो कि के समष्टिमा ब्राह्मण र शूद्रको बँटवारा पनि हुन्छ?

समान प्रसवात्मिका जातिः। समान नस्लको समान सन्तान उत्पन्न गर्नेहरूको एउटा जाति मानिन्छ, जस्तै– कुकुरले कुकुरनीको साथ नै आफ्नै–जस्तो प्रजनन गर्न सक्छ। बाख्रीबाट कुकुर उत्पन्न हुँदैन। यसप्रकार कुकुर बेग्लै जाति हो, बाख्री बेग्लै जाति हो। न्यायदर्शनको यो सूत्र–जस्तै गोस्वामी तुलसीदासजी पनि भन्नुहुन्छ '**बड़े भाग मानुष तनु पावा।**' मानव तन एउटा जाति हो। ब्राह्मण तन र क्षत्रिय तन होइन, मात्र मानुष तन पर्याप्त छ। ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र त आन्तरिक योग्यताका डिग्रिहरू थिए, जसको प्रयोग व्यवस्थाकारहरूले सामाजिक स्तरीकरणको लागि पनि गरेर एउटा भ्रम उत्पन्न गरिदिए। बाहिर वर्ण हुँदै हुँदैन।

लेखक महोदय आफ्नो पुस्तिकाको पृष्ठ दुई–तीनको पुनरावलोकन गर्ने कृपा गर्नुहोस्, जहाँ वहाँले लेख्नुभएको छ कि शम, दम, तप, शौच, आर्जव, ज्ञान, विज्ञान, आस्तिक्य ब्राह्मणको स्वाभाविक कर्महरू हुन्, उपार्जित होइनन् तथा परिचर्या शूद्रको स्वाभाविक कर्म हो, उपार्जित होइन। विचार र कार्य गुणहरूको अधिन हुन्छन्। यिनै गुणहरूको आधारमा सम्बन्धित वर्णहरूमा

जन्म हुन्छ। जसले जुन शरीरबाट उत्पन्न भयो त्यही उसको जाति भयो। परिष्कार मनको हुन्छ तनको होइन अर्थात् लाखौं राम्रो वा नराम्रो कर्म गरे पनि जाति बदलिदैन। त्यो त शरीर बदल्ने बेलामा गुण–संस्कार देखेर भगवान्ले फेरि त्यस्तै जातिमा जन्म दिनु हुनेछ।

यहाँ गीताको अठारहौं अध्यायको जुन श्लोकलाई लिइएको छ, त्यसको त्यो अर्थ होइन जो लेखकले दिनुभएको छ। श्लोकमा 'ब्रह्मकर्म स्वभावजम्', 'क्षात्रं कर्म स्वभावजम्', 'वैश्यकर्म स्वभावजम्' र 'शूद्रास्यापि स्वभावजम्।'के स्वभावजम्को अर्थ स्वाभाविक हुन्छ 'उपार्जित हुँदैन'। यो वाक्यांश श्लोकमा कुन शब्दको अर्थ हो? स्वभावजम्को अर्थ हुन्छ स्वभावबाट उत्पन्न। समासान्त 'ज'को अर्थ हुन्छ जायमान, उत्पन्न भएको, उद्भुद, जस्तै– जलज, अण्डज इत्यादि। फेरि वहाँ–जस्तो धुरन्तर विद्वानबाट यस्तो भूल कसरी भयो?

हामी यसमाथि विचार गर्न चाहन्छौं कि लेखकले स्वभावबाट उत्पन्नको स्थानमा जानि–बुझि स्वाभाविक किन लेख्नुभयो र 'उपार्जित होइन' किन जोड्नु भयो? वहाँ भन्न चाहनु हुन्छ कि स्वाभाविक अर्थात् जन्मजात, जन्मको साथ–साथै जसको निर्धारण भयो, जसलाई बदल्न सकिंदैन, जस्तै प्रकाश सूर्यको सहज गुण हो, अर्जित होइन। बल्नु अग्निको सहज गुण हो, अर्जित होइन।

यस प्रकरणमा लेखकले ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रको कर्म त बताए, तर यी श्लोकहरूभन्दा पहिलेको एउटा श्लोक छोड़ दिनुभयो जसमा भनिएको छ कि ब्राह्मण, क्षत्रिय, वैश्य वा शूद्रको कर्म कसरी निर्धारित हुन्छ? कुनै प्रकरण जहाँबाट आरम्भ हुन्छ त्यहाँबाट लिनु पर्छ। प्रमाणबाट भाग्ने काम कहिलेसम्म गर्नुहुन्छ? त्यो श्लोक यसप्रकार छ–

ब्राह्मण क्षत्रियविशां शूद्राणां च परंतप।

कर्माणि प्रविभक्तानि स्वभाव प्रभवैर्गुणैः।। (गीता, १८/४१)

'स्वभाव प्रभवैः'को के अर्थ हुन्छ? त्यही जो 'स्वभावजम्'को हुन्छ। 'प्रभव'को अर्थ हुन्छ– उत्पन्न हुनेवाला। जन्मले होइन, स्वभावले उत्पन्न। स्वभावले उत्पन्न गुणहरूद्वारा यी चारवटैका कर्म बाँड़िएका छन्। बाँड़िने मापदण्ड हो गुण र बाँड़िएको वस्तु हो कर्म। '**कर्माणि प्रविभक्तानि**'– कर्म बाँड़िएका छन्, न कि मानिस?

स्वभाव बदलिंदै रहन्छ, यदि स्वभाव कहिल्यै बदलिन सकिंदैन भने मानव–तनको सार्थकता नै के छ र? यदि यो जन्मबाटै निर्धारित हुने भए त्यस जातिमा उत्पन्न हुने सबै मानिसहरूमा एक समान गुण पाइन्थ्यो होला, जस्तै–सबै ब्राह्मण ज्ञान–विज्ञान सम्पन्न हुन्थे; तर यस्तो पाइँदैन। मनुस्मृतिमा लेखिएको छ कि मात्र जातिको नाममा बाँच्नेवाला र मात्र नामले ब्राह्मण भनिनेवाला ब्राह्मण पनि राजाको पक्षबाट धर्मको प्रवक्ता हुन सक्छ, तर शूद्र कहिल्यै हुन सक्दैन (८/२०) किन? जातिमा जन्म यदि स्वभावले बनेका गुणहरूको आधारमा भगवान्‌ले दिनुभएको थियो भने निर्धारित कर्म त्यसबाट किन भएन? के भगवान्‌बाट पनि भूल हुन्छ?

वास्तवमा यस्तो केही पनि होइन। स्वभाव र गुणहरूमा परिवर्तन गर्नु प्रत्येक मानिसको वशमा छ। महर्षि बन्नमा वाल्मीकिको स्वभाव नै बदलिएको थियो। तुलसीदास स्वभाव बदल्नाले नै गोस्वामी बन्नुभयो। योगेश्वर श्रीकृष्ण पनि स्वभाव र गुणलाई परिवर्तनशील मान्नु हुन्छ। गीताको अध्याय चौदहमा छ–

रजस्तमश्चाभिभूय सत्त्वं भवति भारत।
रजः सत्त्वं तमश्चैव तमः सत्त्वं रजस्तथा।। (गीता, १४/१०)

अर्थात् रजोगुण र तमोगुणलाई दबाएर सत्त्वगुण बढ्छ। सत्त्व र रजलाई दबाएर तमोगुण र सत् र तमोगुणलाई दबाएर रजोगुण बढ्छ। अर्थात् तीनवटै गुणहरूमध्ये कुनैलाई पनि घटाउन–बढाउन सकिन्छ। गुणहरूको परिवर्तन हुन्छ।

बीसौं श्लोकमा भन्नुहुन्छ कि पुरुष शरीरको उत्पत्तिको कारणरूप यी तीनवटै गुणहरूलाई नाघेर जन्म–मृत्युबाट मुक्त भएर अमृततत्त्वलाई प्राप्त हुन्छ।

स्पष्ट छ कि गुणहरूलाई बदल्न सकिन्छ, यिनीहरूभन्दा माथि पनि उठ्न सकिन्छ बरू गुणहरूबाट पार हुनको लागि नै मानव–तन पाइएको छ। गुणहरूबाट पारहुने तरीका भगवान् स्वयं बताउनुहुन्छ–

मां च योऽव्यभिचारेण भक्तियोगेन सेवते।
स गुणन्समतीत्यैतान्ब्रह्मभूयाय कल्पते।। (गीता, १४/२६)

अर्जुन! जो कोही पनि अव्यभिचारिणी अर्थात् अनन्य भावले भक्तिपूर्वक मेरो स्मरण गर्छ, त्यसले यी तीनवटै गुणहरूलाई राम्ररी नाघ्छ र ब्रह्मलाई प्राप्त गर्ने योग्य हुन्छ।

जब यसै शरीरमा, यसै जीवनमा तीनवटै गुणहरू बदल्न सकिन्छ भने वर्ण किन बदलिदैन? गुणमाथि नै वर्ण आधारित थियो। अतः एकै जन्ममा प्रत्येक व्यक्तिले क्रमशः शूद्रबाट वैश्य, वैश्यबाट क्षत्रिय, क्षत्रियबाट ब्राह्मण बन्न सक्छ र अव्यभिचारिणी भक्तिद्वारा गुणहरूलाई पार गरेर आदि शंकराचार्य जस्तै उद्घोष गर्न सक्छ कि '**न ब्राह्मणो न क्षत्रियः न वैश्यो न शूद्रश्चिदानन्द रूपो शिवो केवलोऽहम्।**' त्यो तीनवटै गुणहरू र त्यसबाट उत्पन्न चारवटै वर्णहरूभन्दा माथि उठेर स्वरूपको स्थिति प्राप्त गर्छ।

योगदर्शनकारले पनि स्वभावलाई परिवर्तनशील मान्दछ। '**वृत्ति सारूप्यमितरत्र**'– जस्तो वृत्ति, जस्तो स्वभाव, त्यस्तै पुरुष। मानिसले जस्तो गर्छ त्यही त्यसको स्वभाव बन्छ। अंग्रेजीमा छ कि 'स्टाइल इज द मैन हिमसेल्फ।' पूज्य महाराजजी भन्ने गर्नुहुन्थ्यो, '**गुण स्वभाव त्यागे बिना दुर्लभ परमानन्द।**' सिद्ध छ कि गुण र स्वभावलाई बदलिन सकिन्छ; त्याग्न पनि सकिन्छ। अतः वर्णमा परिवर्तन स्वतःसिद्ध छ।

लेखकको अनुसार पूर्वजन्महरूको कर्मजन्य संस्कारहरू, त्यसबाट उत्पन्न गुणहरूलाई देखेर भगवान्ले ब्राह्मण, क्षत्रिय, वैश्य वा शूद्रको शरीरमा जन्म दिनुहुन्छ। विचारणीय छ कि यसप्रकारले न त ईसाई जन्मिन्छ, न मुसलमान जन्मिन्छ, न पारसी, जैन, बौद्ध वा सिख नै यसप्रकारले जन्म लिन्छ। के सृष्टि भरिमा मात्र भारत र भारतमा पनि मुट्ठीभरि हिन्दूहरूलाई यी चार जातिहरूमा जन्माउनको लागि भगवान्को कुनै बेग्लै व्यवस्था छ?

आफ्नो पुस्तिकाको पृष्ठ दुइमा लेखकले लेख्नुभएको छ कि तमोगुणको प्रधानताले शूद्रको रचना गर्नुभयो, जो गीताको विरुद्ध छ; किनकि तमोगुणको बढ़ोतरी हुँदा मूढ़योनिहरूमा, कीरा–फट्याङ्ग्रा इत्यादि तिर्यक् योनिहरूमा जन्म पाइन्छ (१४/१५–१८)। यदि तमोगुणको बढ़ोतरीमा मर्नेवाला भारतको शूद्र नै बन्न लागे भने कीरा–फट्याङ्ग्रा को बन्नेछ? त्यसो भयो भने सृष्टिको एउटा अंग अधुरो नै रहने छ।

गीताको अध्याय ४/३१मा छ कि यज्ञ न गर्नेवालाहरूले मानव शरीर नै पाउँदैन, यो लोक पाइँदैन र लेखक महोदयले शूद्रलाई यज्ञको अधिकार मान्नु हुन्न भने शूद्र कसरी उत्पन्न भए र पछि यी विचराहरूलाई मानिस तन पनि

कसरी मिल्नेछ? जैमिनीको पूर्वमीमांसामा छ कि अग्निहोत्र र वैदिक यज्ञहरूको लागि शूद्रको अधिकार छैन। तैत्तिरीय संहितामा छ– **शूद्रो मनुष्याणां अश्वं पशूनां..... तस्माच्छूद्रो यज्ञेनऽवक्लृप्तः'** (७/१/१-६)। जस्तो पशुहरूमा घोड़ा छ त्यस्तै मानिसहरूमा शूद्र हुन्। शूद्रहरू यज्ञको योग्य छैनन्। ताण्ड्य महाब्राह्मणमा लेखेको छ।

तस्माच्छूद्र बहुपशुरयज्ञियो विदेवो नहि तं काचन देवतान्व सृज्यन्त तस्मात्पादावनेज्यं नाति वर्धते पत्तो हि सृष्टः। (६/१/११)

अर्थात् शूद्रसंग धेरै पशुहरू भए पनि शूद्र यज्ञ गर्ने योग्य हुँदैन। ऊ देवविहीन हो, उसको लागि कुनै देवताको रचना भएको छैन; किनकि उसको उत्पत्ति खुट्टाबाट भएको हो।

यस्तो छ तपाईंको वैदिक साहित्य। के यही भगवती श्रुति हो? के यही अपौरुषेय व्यवस्था हो? होइन, श्रुति यो होइन। श्रुतिको आशय भगवान् श्रीकृष्णले जान्नु भएको थियो। गीताको अध्याय ९/३२ संग तुलना गरौं, जहाँ भगवान्ले भन्नुहुन्छ कि स्त्री, पुरुष, वैश्य, शूद्रादि अथवा कुनै पापयोनि नै किन न हुन् मेरो शरण भएर परमगतिलाई नै प्राप्त हुन्छ। यहाँ शूद्रलाई शरण दिने देवता पनि छ, भजनको एकनासको समान अधिकार सबैलाई छ र परिणाममा एकै खालको परमगतिको विधान सबैको लागि छ। भगवान्ले कुनै भेदभाव बनाउनु भएन।

लेखकको दावा छ कि स्मृतिहरूमा वा प्राचीन ग्रन्थहरूमा कुनै पनि जातिसंग पक्षपात गरिएको छैन। आउनुहोस् हेरौं कि यस पंक्तिमा कतिको सत्यता छ? वैश्यहरूको लागि तैत्तिरीय संहितामा छ, '**वैश्यो मनुष्याणां गावः पशूनां तस्मात्त आघाअन्नधानादध्य सृज्यन्त तस्माद् भूयांसोऽन्येभ्यः।'** (७/१/१/५) अर्थात् मानिसहरूमा वैश्य र पशुहरूमा गाई अरूको लागि उपभोगका वस्तुहरू हुन्। उनीहरूलाई भोजनको उद्देश्यले उत्पन्न गरिएको हो, यसै कारणले संख्यामा धेरै छन्।

क्षत्रियहरूले कुनै कार्य आरम्भ गर्नुभन्दा पूर्व कुनै ब्राह्मणबाट आज्ञा लिनु पर्दछ। एउटा ब्राह्मण राजा बिना रहन सक्दछ, तर ब्राह्मण बिना एउटा राजाले काम चलाउन सक्दैन। मनुस्मृतिमा छ कि दस वर्षको ब्राह्मण र सय वर्षको क्षत्रिय दुबैलाई पिता–पुत्र सम्झिनु पर्दछ, दुबैमध्ये ब्राह्मण पिता हो, पूज्य हो (२/१३५)।

अब ती सुविधाहरूको पनि अवलोकन गरौं, लेखकको अनुसार जसको लागि मनुस्मृतिमा उल्लेख भएको बताउनुहुन्छ, '**जन्मना ब्राह्मणो ज्ञेयः**' अर्थात् ब्राह्मण जन्मले हुन्छ; किनकि मानिसहरूले प्रश्न गर्न सक्छन् कि तपाईंको आचरण? तब एउटै उपाय छ कि म जन्मले नै ब्राह्मण भएको छु। तैत्तिरीय संहितामा छ कि ब्राह्मण यस्तो देवता हो जसलाई हामीले प्रत्यक्ष देख्न सक्दछौं। शतपथ ब्राह्मणमा लेखिएको छ कि देवता दुई प्रकारका हुन्छन्। देवता त देवता नै हुन्, ब्राह्मण पनि जसले पवित्र ज्ञानको अर्जन गर्दछ र पढ़ाउँछ, मानव देवता हुन् (४/१/४/६)। मनुस्मृतिमा छ कि यदि ब्राह्मणले चोरी नै गरे तापनि धार्मिक राजाले उसलाई दण्ड न दिउन्; किनकि राजाको मूर्खताले नै त्यो ब्राह्मण भोकले कष्ट पाई रहेको छ। दण्डको स्थानमा राजाले उसको परिवारको भरण–पोषणको लागि राज्यबाट वित्तीय व्यवस्था गरीदिनु पर्दछ (११/२१–२२)। अर्का अध्यायहरूमा छ कि ब्राह्मणले कुनै पनि जातिको स्त्रीलाई राख्न सक्दछ; तर कुनै अर्को जातिले ब्राह्मण कन्यासंग विवाह गऱ्यो भने दोष हुन्छ। मंत्रहरूले शुद्ध गरेर ब्राह्मणले मासु पनि खान–पिउन सक्दछ, त्यो देव–भोजन हो, सनातन विधि हो (५/३६)।

मनुस्मृतिमा छ कि सम्पूर्ण संसारको स्वामी ब्राह्मण हुन्छ (१/९४)। के संसारको अर्थ मात्र भारत हुन्छ? संसारका कतिवटा देशले ब्राह्मणलाई आफ्नो स्वामी मान्छन्? लेखिएको छ कि चोरहरूबाट असुल गरिएको धन र भूईंमा गाड़िएको धनको आधा भाग ब्राह्मणहरूको हुन्छ (८/३७–३८)। यज्ञको लागि ब्राह्मणले कसैको पनि धन लुट्न सक्दछ (११/२६)। तर जुन पापात्माले ब्राह्मणको धन हरन गर्दछ, उसले मरेपछि गिद्धहरूले छोड़ेको घृणित पदार्थ खानु पर्नेछ। यो कुनै वर्गको सुरक्षा–व्यवस्था होइन भने के हो? के यस्तो पनि धर्म हुन्छ?

लेखकले आपत्ति जनाउनु भएको छ कि स्मृतिहरूलाई तपाईंले कानून वा व्यवस्था कसरी भन्नुभयो? यो त सनातन धर्म हो। तपाईं नै विचार गर्नुस् कि जुन नियमहरूद्वारा मानिसको खाने–पिउने, विवाह–व्रतबन्ध, रहन–सहन, पढ़ाई–लेखाई, धर्मपुत्र पाल्ने, व्यवसायहरूको निर्धारण, सम्झौता, मुद्दाहरू, सम्पत्तिको दण्ड, राज्यले दिने गरेको हुन्छ, त्यो कानून होइन, व्यवस्था होइन

भने अरू के हो? जसले मानिसको बाहिरी क्रिया–कलापहरूको नियन्त्रण हुन्छ, जसलाई राज्यले लागू गर्दछ, त्यो कानून होइन भने अरू के हो? धर्म आन्तरिक अनुशासनको नियम हो।

लेखकले सफाई दिनुभएको छ कि दण्ड दिने प्रश्नमा मनुस्मृतिमा शूद्रहरूको तुलनामा ब्राह्मणहरूप्रतिको नियम कम कठोर छैन; किनकि त्यसमा लेखिएको छ कि ब्राह्मणले यदि रक्सी पिउँछ भने उसलाई उम्लीरहेको रक्सी न मरुञ्जेल ख्वाई राख्नु पर्दछ (११/९०)। तर तपाईंले विचार गर्नुभयो भने पाउनु हुन्छ कि यो कुनै सजाय नै होइन। यसप्रकारले एउटा पनि मानिस दण्डित भएको प्रमाण इतिहासमा छैन। तपाईंले विचार गर्नुभयो कि किन? किनकि यो यस्तो दण्ड हो जसलाई कहिल्यै पनि दिन सकिंदैन। रक्सी, स्पिरिट तथा पेट्रोल यस्ता पदार्थ हुन् जसलाई कहिल्यै पनि उमाल्न सकिंदैन। यिनीहरू उड़ेर जान्छन्, जल्छन्, यिनीहरूमा आगो लागि हाल्छ। आज पनि धेरै ब्राह्मणहरूले रक्सीको सेवन गर्दछन्, रक्सीको सरकारी ठेक्का लिन्छन् तर उनीहरूलाई यो सजाय दिएर सनातन धर्मको पालन हुन्छ भनेर कसैले सोच्न पनि सक्दैन।

फेरि यस्तो धम्की किन? यसको पछाड़ि पनि एउटा कारण छ। सुविधाहरूले सम्पन्न ब्राह्मणहरूमध्ये कसैले रक्सीको नशामा कतै यस्ता षड्यन्त्रहरूको भण्डाफोड़ न गरुन् जसले गर्दा पुरै जातिको अहित हुन् जाओस्, त्यसैले त्यो एउटा ब्राह्मणलाई नै मार्नेसम्मको सतर्कता राखिएको छ। अतः यो पनि सुरक्षाको प्रबन्ध मात्र हो न कि स्मृतिकारहरूको उदारता अथवा निष्पक्षता। त्यसैकारण यी स्मृतिहरू सबैलाई देखाउन निषेध छ। पाराशर स्मृतिमा छ कि यो स्मृति विशेष गरेर ब्राह्मणहरूको हितको लागि लेखिएको छ। मनुस्मृतिमा छ कि यसलाई त्यही ब्राह्मणलाई देखाउनु जसको गर्भाधानदेखि सबै संस्कार भएको छ र जसले चितासम्मको संस्कारहरूको मंत्र जानेको छ; किनकि जसले यति घोकेको छ उसलाई प्रमाणहरूको जरूरत छ, सपोर्ट र बैंकिंगको जरूरत छ, मात्र उसैलाई देखाइयोस्।

विचारणीय छ कि एउटा मुसलमानले आफ्नो छोरालाई दस–बाह्र वर्षको उमेरसम्म कुरान घोकाएर हाफिज बनाई दिन्छ, विवाहमा कुरान र रहल दाइजोमा दिन्छ, ईसाईले दैनिक प्रार्थनाहरूमा पृष्ठ–पृष्ठ पढ़ाएर बाइबल कण्ठस्थ गराई

दिन्छ। धर्मनिरपेक्ष भनिने अमेरिकाको होटलहरूका प्रत्येक कोठामा, पत्र–पत्रिकाहरूको नाममा मात्र एउटा किताब राखिएको हुन्छ– त्यो हो बाइबल। र भारतीय धर्माचार्यहरूको दूरदर्शिता (?) हेरौं कि आफ्नो ग्रन्थहरू कसैलाई न देखाउनु। शास्त्र हाम्रो र हामीले हेर्न न हुने?

आउनुहोस्, शूद्रहरूको स्थिति पनि हेरौं। लेखक महोदयले भन्नुहुन्छ कि सनातन धर्म शूद्रहरूको लागि वरदान हो। तर कुनै पनि शूद्र तपाईंको यो वरदान लिनको लागि तैयार छैन। वरदानमा के छ? यो छ कि शूद्रको नाम घृणायुक्त राख्नु पर्दछ (२/३९), उनीहरू रुखको मुनि बसुन्, माटोको भाँड़ोमा खाउन्। शूद्रको आफ्नो केही पनि हुँदैन। धन पाएर शूद्रले ब्राह्मणलाई नै सताउनेछ, यसकारण शूद्रको धन ब्राह्मणले निर्धक्क लिन सक्छ (मनु., ८/४१७)। मनुस्मृतिमा छ कि '**एषः धर्मविधिः**'– यो धर्मविधि हो। यही धर्म हो भने कुन शूद्रले यसलाई मान्छ?

मनुस्मृतिको दशौं अध्यायमा छ कि जीवन–निर्वाहको लागि शूद्र अरू जातिहरूको सेवा गर्न सक्छ; तर स्वर्गको लागि लोक र परलोक दुबैको लागि उसले ब्राह्मणको नै सेवा गरोस्। ब्राह्मणले त्यस शूद्रलाई जुठो अन्न, सारहीन अन्न खानको लागि देओस्, पुरानो वस्त्र, फाटेको ओढ्ने र बिछौना दिनु पर्छ। यस्तो व्यवस्थामा रहेर जब शूद्रले यो ख्याति अर्जित गर्छ कि बड़ो राम्रो सेवक छ, तब त्यो स्वर्ग जान्छ।

लेखेको छ कि ब्रह्माले ब्राह्मणको सेवाको लागि नै शूद्रको सृष्टि गरेको हो– '**दास्यायैव हि सृष्टोऽसौ ब्राह्मणस्य स्वयं भुवा।**' आज शूद्रहरू नै सेवा लिइरहेका छन्। ब्रह्माको आज्ञाको विपरीत आज शूद्रहरू राम्रो लुगा लगाउँछन्, खान्छन् र रहन्छन्। उनीहरूलाई फेरि रुखहरू मुनि बस्न, फाटेको पुरानो लुगा लगाउन बाध्य गर्न सकिंदैन।

लेखक महोदयको तर्क थियो कि शूद्रलाई अध्ययनले कुनै लाभ मिल्नेवाला छैन भने उनीहरू निरर्थक किन पढ्ने छन्? आज उनीहरू प्रत्येक किताब पढ़िसकेका छन्। भारतको संविधान बनाई दिए। स्मृतिहरूको अनुसार शूद्रलाई कहिल्यै न्यायकर्ता हुनु हुँदैनथ्यो, आज उनीहरू न्यायाधीश छन्। शासनमा भाग लिनेको लागि चुनाव लड़े, पासवान इत्यादि धेरै मतले विजयी

भए। रूढ़िवादी, संकुचित, अन्ध परम्पराहरू धराशायी भए, तर केही मानिसहरू अझसम्म पनि प्रतिगामी अवशेषहरूसंग टाँसिएर बसेका छन्। भन्दछन्– जाति धर्म हो। यसै व्यवस्थाको संगसंगै हिड़ने आश्रमीय व्यवस्था पनि थियो, त्यसलाई पुनर्जीवित गर्ने कुनै चिन्ता छैन। यदि जाति–व्यवस्था नै सनातन थियो भने घर किन छोड़े? संन्यासी किन भए?

आज शूद्रहरू आन्दोलन गरिरहेको छन् कि सवर्ण जातिहरू आर्य हुन्, भारत बाहिरबाट आएका छन्, उनीहरूले भारतबाट बाहिर जानु पर्छ। मौर्य, कुर्मी–जस्तै कयौं वैश्य जातिहरूले ब्राह्मणहरूको पुज्यतालाई तिलाञ्जलि दिए। अधिकांश ब्राह्मण पनि जन्मजात पूज्यताको पक्षमा छैन। क्षत्रिय सोच्न लागेका छन् कि के गर्ने? फेरि कति हिन्दूहरू जाति–व्यवस्थालाई धर्म मान्नको लागि तपाईंको साथमा छन्? धेर–थोर उनीहरूभन्दा पनि कम मानिसहरू तपाईंको साथमा रहेका छन्, जसलाई तपाईंले मुट्ठीभरि मुसलमान भन्नुहुन्छ। घृणामूलक व्यवस्थाहरूलाई पढ़ेर शूद्र यति भौंतारिए कि उनीहरू बौद्ध, ईसाई, मुसलमान वा जे पनि बन्दै गइरहेका छन्– जहाँ उनीहरूलाई समानताको प्रलोभन दिइने गरिएको छ। पहिले यी जानेहरूलाई आश्वस्त गर्नुस्, यिनीहरूलाई सन्तोष दिनुस्, त्यसपछि आफ्नो पूज्यता मान्न लगाउनु होला; किनकि जब हिन्दू नै रहेनन् भने कसले तपाईंलाई पण्डित भनेछन्? '**अर्ध तजहिं बुध सरबस जाता।**'– युगद्रष्टा गोस्वामीजीको यस सल्लाहमाथी विचार गरौं–

जलचर वृन्द जाल अन्तरगत, होत सिमटि इक पासा।
एकहिं एक खात लालच बस, नहिं जानत निज नासा।।

(विनयपत्रिका, ९२)

भनिन्छ कि लंकाको लड़ाईको मैदानमा जब लक्ष्मणलाई शक्ति लाग्यो र सुषेण वैद्यको विश्वसनीयतामा कसैले सन्देह व्यक्त गऱ्यो, तब रामले भन्नु भयो कि सुषेण वैद्य हो र वैद्य धर्मविमुख हुन सक्दैन। यसै प्रकार धर्माचार्यहरूसंग मेरो निवेदन छ कि भारतका यी सोझा–साझा निरक्षर जनताहरू वहाँहरूसंग आशावान छन्। उनीहरूलाई गलत न बताइयोस्, पथभ्रष्ट न गरियोस्। यसैप्रकार ब्राह्मण बन्धुहरूले पनि सोच्नु पर्छ कि उनीहरू त्यस्ता ऋषिहरूका वंशज हुन्

जसले समाजको नेतृत्व गरेका थिए। त्यही गौरवशाली परम्पराको साथ उनीहरूले सामाजिक विघटनलाई बचाउनको लागि प्रस्तुत हुन पर्छ।

लेखक महोदयले केही प्रश्न उठाएर धार्मिक भ्रान्तिहरूको निराकरणमा एउटा अवसर प्रदान गर्नुभयो, यस अर्थमा हामी वहाँको आभारी छौं। यदि कुनै बिन्दुलाई मैले सम्झाउन सकेको छैन भने कुनै पनि बेला आश्रममा पाल्नु होला। यति नजिक भए पनि आफै न आएर, हुलाकद्वारा विरोध–पुस्तिका पठाउने द्राविणी प्राणायामको के आवश्यकता थियो?

रह्यो कुरा तपाईंबाट शास्त्रार्थको आह्वानको, तब घरमा बसेर शास्त्रार्थको कुरा गर्नु तपाईंलाई शोभा दिंदैन। शास्त्रार्थ परायण जुन आदि शंकराचार्यको तपाईं नक्कल गर्न चाहनु हुन्छ वहाँ भारतभरि आफै पैदल घुमेर शास्त्रार्थ गर्नुहुन्थ्यो। फेरि, आजकल मौखिक वाद–विवादभन्दा लिखित प्रश्नोत्तर धेरै प्रामाणिक मानिन्छ र मौखिक शास्त्रार्थको स्थानमा यो बाटो स्वयं तपाईंले रोज्नु भएको छ भने शास्त्रार्थको धौंस किन? यदि आमुन्ने–सामुन्ने प्रश्न–परिप्रश्न नै गर्नु छ भने आफ्नो टोलबाट अलिकति बाहिर निस्कौं। दिल्ली, कलकत्ता, बम्बई, मद्रास, कश्मीर–जस्ता स्थलहरूमा यसको आयोजन राखौं। निर्णायकहरूको पैनलमा हरेक जातिका विद्वानहरू, प्रोफेसरहरू, कुलपतिहरू, राजनेताहरूलाई साक्षी राखौं जसलाई यस धर्ममा रहनु छ, जसलाई यस धर्ममा बाँच्नु छ, उनीहरूको उपस्थितिमा नै शास्त्रार्थ गर्न उचित हुनेछ। त्यसको एक सुनिश्चित रूपरेखा प्रकाशित गरौं। यदि शंका–समाधान मात्रै गर्नु छ भने कुनै बेला आश्रममा पाल्नु होस्, सधैं स्वागत छ।

।। भन्नुहोस् श्री सद्गुरुदेव भगवान्को जय ।।

वेदहरूको नाममा.....

ऋचो अक्षरे परमे व्योमन् यस्मिन् देवा अधिविश्वे निषेदुः।
यस्तन्न वेद किमृचा करिष्यति य इत्तद विदुस्त इमे समासते।।

(ऋग्वेद, १/१६४/३९)

सबै ऋचाहरू परम अविनाशी अक्षरमा स्थित छन्, जसमा सम्पूर्ण देवता पनि स्थित छन्। जसले त्यस अविनाशीलाई जान्दैन, त्यसको लागि ऋचाले के गर्छ? जसले त्यसलाई जान्दछ, त्यसै अविनाशीमा प्रवेश पाउँछ।

श्री परमहंस आश्रम–जगतानन्दद्वारा प्रकाशित केही पुस्तिकाहरूमाथी आक्षेप गर्दै वाराणसीका श्री मस्तराम बाबाले 'नास्तिकों से सावधान' (नास्तिकताहरू देखि सावधान) नामक पुस्तिका प्रेषित गर्नुभएको थियो, जसको समाधानको प्रयास 'आस्तिकता के नाम पर.....' (आस्तिकताहरूको नाममा....) पुस्तिकाद्वारा गरिएको थियो; तर 'नहले पर दहला' (भाग–१) नामक वहाँको एउटा पुस्तिका फेरि हेर्न पाइएको छ। सत्परामर्शको लागि वहाँको यस पुस्तिकामाथी पनि सम्यक् विचार अपेक्षित छ।

वहाँको पुस्तिकाको उपशीर्षक छ– 'गड़बड़ सम्प्रदायको छीछालेदर'। यस्तो वीभत्स नामकरण गर्नमा वहाँलाई धेरै विद्वता खर्च गर्नु पर्‍यो होला। प्रथम पृष्ठमा नै एउटा श्लोक छ, जसमा वहाँले आफ्नो वेदान्तलाई सिंह जस्तो तथा अरू शास्त्रहरूलाई स्याल जस्तो भएको प्रमाण–पत्र दिनुभएको छ। आश्चर्य छ कि जात–पात, छुआछुत, कर्मकाण्ड र पंचदेवको पक्षलिने महानुभावलाई अद्वैत वेदान्तसंग के मतलब?

वेदान्त स्वयंमा एउटा सम्प्रदाय बनेर रहेको छ। यसका दशवटाभन्दा बढी उप–सम्प्रदायहरू छन्। बादरायणको ब्रह्मसूत्रको माध्वाचार्यजीले जुन अर्थ लगाउनुभयो, निम्बार्कले जुन अर्थ लगाउनुभयो– त्यो द्वैताद्वैत, बल्लभाचार्यजीले जुन अर्थ लगाउनुभयो– शुद्धाद्वैत, रामानुजाचार्यजीले त्यही सूत्रहरूमा पढ्नुभयो–

विशिष्टाद्वैत, पण्डित श्रीकण्ठले त्यही सूत्रहरूबाट निकाल्नु भयो– शैव विशिष्टाद्वैत, पण्डित श्रीपतिको अर्थ– वीरशैव विशिष्टाद्वैत, विज्ञान भिक्षुले देख्नुभयो– अविभागाद्वैत, शंकराचार्यजीले व्याख्या गर्नुभयो– निर्विशेषाद्वैत, त्यही सूत्रहरूमा भाष्कराचार्यजीले पढ्नुभयो– भेदाभेद, भने बलदेवजीको अर्थ अचिन्त्य–भेदाभेद भनिन्छ। आचार्यजीले आफ्नो पहिचान बताउनुहोस् कि यिनीहरू मध्ये वहाँ को हुनुहुन्छ? वेदान्तवादी हुनाले यी दसवटै सिंह–जस्ता हुन् वा वहाँ एक्लै? यिनीहरू मध्ये कुनै एउटा सत्य हो वा सबै?

सज्जनहरूले विचार गर्नुभयो भने पाउनु हुनेछ कि वेदमा द्वैत–अद्वैतको झगड़ा नै छैन। वेदमा छ– **'तदन्तरस्य सर्वस्य तदु सर्वस्यास्य बाह्यतः।'** अर्थात् त्यो परमात्मा सबैको भित्र पनि छ र बाहिर पनि छ भने त्यसबाहेक अरू वस्तु र अरू वस्तु उसको अस्तित्व बिना कहाँ रहन सक्छ? त्यस्तै गरी अनिर्वचनीय माया र माया विशिष्ट चेतनबिना त्यस व्यापकको अस्तित्व नै कहाँ रहन सक्दछ र ऊबिना व्याप्य कसको व्यापक हुन सक्दछ? अतः यस्तो कुनै अद्वैतवादी छैन जसले अनिर्वचनीय जस्तो कुनै वस्तु र मायामोहित जीव जस्तो एउटा पदार्थलाई अनादि मान्दैन र यस्तो कुनै द्वैतवादी छैन जसले तीनवटै पदार्थहरूलाई व्याप्य व्यापक भावले एउटै मान्दैन। यसप्रकार अनिर्वचनीय माया र माया विशिष्ट चेतनलाई अनादि मानेपछि तथा दुबैमा परमात्माको सर्वत्र उपस्थिति, व्यापक मानिसकेपछि द्वैत–अद्वैतमा केही पनि फरक रहँदैन। वैदिकहरूमा द्वैत–अद्वैत सम्प्रदायहरूको सृष्टि नै अवैदिक छ। अतः विद्वान् लेखकको यो तर्क कि 'एकं ब्रह्म द्वितीयो नास्ति' बाधानुबाधित वृत्तिले शंकराचार्य जस्तो कुनै विरलै प्रपंचदर्शीसम्म नै सीमित छ, सामान्यजनहरूको लागि त द्वैत नै हो– अद्वैतको व्याख्या ग्राह्य प्रतीत हुँदैन।

आदि शंकराचार्यजीको नाममा प्रचलित भाष्यहरूलाई आधार मान्ने केही विद्वानहरूले वहाँको आलोचना गरेका छन्; जबकि यी विचारहरू वहाँकै हुन् वा वहाँको गद्दीमा बस्ने पछिल्ला आचार्यहरूको देन हो– यो विचार–विमर्शको विषय हो। मेरो त यो पनि विचार छ कि दशनामी संन्यासीहरूको संगठन आदि शंकराचार्यजीले गर्नुभएको थिएन; किनकि मान्यता छ कि आदि शंकराचार्यजीका शिष्य पद्मपादद्वारा तीर्थ र आश्रम शाखा चल्यो। यसै प्रकार हस्तामलकजीका शिष्य वन र अरण्य कहलाइए। त्रोटकाचार्यजीका शिष्य

गिरी, पर्वत र सागर कहलाइए तथा सुरेश्वराचार्यजीका शिष्य सरस्वती, भारती तथा पुरी भए। सशस्त्र मुसलमान फकीरहरूको कारणले यी दशनामिहरूको गुम्न लागेको संख्यालाई पुरा गर्नको लागि स्वामी मधुसूदन सरस्वतीजीले क्षत्रियहरू तथा वैश्यहरू मध्येबाट सतनामी संन्यासीहरूलाई दीक्षित गर्नुभयो, जसको उपद्रवहरूको वर्णनले इतिहास भरिएको छ। जुन एउटा अद्वैतमा यति धेरै द्वैत छ, त्यहाँ एकतामूलक सजिलो विचारधारालाई पनि साम्प्रदायिक भनियो भने आश्चर्य के?

शंकराचार्यको भाष्यसहित एकादश उपनिषद्, गीता तथा ब्रह्मसूत्र आधुनिक वेदान्त दर्शनका आधार हुन्। यी तीनवटैलाई प्रस्थानत्रयी भनिएको छ र यो नाम बौद्धहरूको नक्कल हो। वेदान्त वा ब्रह्मसूत्र अथवा उत्तर मीमांसा वेदव्यासद्वारा रचिएको भनिन्छ, जसले गीतालाई पनि लिपिबद्ध गरेका हुन्। यस दर्शनमा उपनिषद्हरूलाई श्रुति र गीतालाई स्मृति बनाउनमा ठूलो जोर दिइएको छ।

गीता १३/४मा लेखिएको छ कि क्षेत्र–क्षेत्रज्ञको विभाजन ब्रह्मसूत्रको पदहरूमा पनि छ। ब्रह्मसूत्रको पुष्टि गीताबाट गरिन्छ; तर यहाँ गीताको पुष्टिमा ब्रह्मसूत्रको नाम लिइएको छ। अतः विचारणीय छ कि गीताभन्दा पहिले ब्रह्मसूत्र थियो अथवा ब्रह्मसूत्रभन्दा पहिले गीता अथवा दुबै नै अनादि हुन्। शांकर भाष्यकारको अनुसार जुन वाक्यहरूद्वारा ब्रह्म पाइन्छ, ती सबै ब्रह्मसूत्र हुन् (हुन त यो कथन नै असंगत छ तापनि यदि यस्तो भए पनि) त्यसो हो भने उत्तर मीमांसाको सूत्रहरूलाई मात्रै ब्रह्मसूत्र मान्ने मोह किन?

वेदान्त दर्शनमा विश्वविख्यात सांख्ययोगादि शास्त्रहरूलाई स्मृति भनिएको छ, शास्त्र होइन र त्यसको खण्डन गरिएको छ। योगदर्शनमाथी महर्षि व्यासको भाष्य नै किन गर्नुहुन्थ्यो? के यसबाट यस्तो लाग्दैन कि योगको खण्डन गर्ने वेदान्त दर्शन ती महर्षि व्यासको रचना होइन।

यसै प्रकार आदि शंकराचार्यजीको नामले प्रचलित शारीरिक भाष्यमा छ– **'या तु श्रुतिः कपिलस्य ज्ञानातिशयं प्रदर्शयन्ती प्रदर्शिता न तया श्रुतिविरुद्धमपि कपिलं मतं श्रद्धातुं शक्यम् कपिलमिति श्रुतिसामान्यमात्रत्वात् अन्यस्य च कपिलस्य सगरपुत्राणां प्रतप्तुर्वासुदेव नाम्नः स्मरणात्।'(२/१/१/१)** अर्थात् श्रुतिमा जुन अत्यन्त ज्ञानी कपिलको

वर्णन छ त्यस श्रुतिविरूद्ध कपिल मतमाथी श्रद्धा गर्न सकिंदैन; किनकी उपनिषद्मा वर्णित कपिल र सांख्यस्मृति प्रणेता कपिल दुबैमा मात्र शब्द सादृश्य छ। यज्ञीको घोड़ाको रक्षाको लागि नियुक्त सगर पुत्रहरूलाई श्रापले जलाउने एउटा अर्को कपिल पनि स्मृतिहरूमा प्रसिद्ध छ; तर उनको असली नाम वासुदेव थियो।

उक्त उदाहरणको भाष्यकारको आशय छ कि कपिल धेरै थिए। जुन कपिलको सांख्यस्मृति (? शास्त्र) छन् ती मान्न लायक छैनन्। मान्न लायक त्यो वैदिक छ जसको कुनै साहित्य पाइदैन। गीताको भाष्यमा भाष्यकार महोदय 'सिद्धहरूमा कपिलमुनि म हुँ' (१०/२६) कुन्नि कुन कपिललाई भगवान्को विभूति मानेका छन्? मस्तरामजीको अनुसार वेदान्तबाहेक अरू शास्त्र (सांख्य, योग, वैशेषिक इत्यादि) स्याल जस्ता हुन्। कपिल स्याल जस्तो हुन् र व्यासजी सिंह जस्तो। धन्य छ तपाईंको अतुलनीय बुद्धि, जसले यी महानुभावहरूलाई तौलिने काम गऱ्यो।

ब्रह्मसूत्र व्यासजीले लेखेको भए बौद्धहरूको सिद्धान्तको खण्डन त्यसमा हुँदैन्थ्यो। तर वेदान्त दर्शन (२/२/९८)मा बौद्ध सम्प्रदायहरूको खण्डन छ। महाभारतकालीन वेदव्यासजीको डेढ़ हजार वर्षपछि भगवान् बुद्धको जन्म भयो र वहाँभन्दा पनि चार सय वर्षपछि बौद्धहरूमा सम्प्रदाय विभाजन भयो, जसको काल–निर्धारण बौद्ध संगतिहरू तथा देश–विदेशका बौद्ध विवरणहरूबाट प्रमाणित छ। यस्तो दशामा यी सूत्रहरूलाई महर्षि व्यासकृत मान्न सकिदैन। हो, कृत्रिम व्यासहरूको रचना हो भने कुनै आपत्ति छैन। अब यस हास्यापद तर्कमा पनि कुनै दम छैन कि बौद्ध धर्म धेरै पुरानो हो; यति पुरानो कि लंकाका राजा रावणलाई त्रेता युगमा बुद्धले उपदेश दिनुभएको थियो। आजको बच्चा–बच्चाले पनि जान्दछ कि लंकामा बौद्धधर्मको प्रचार सम्राट अशोकको पुत्र महेन्द्र तथा पुत्री संघमित्राको देन हो।

मस्तरामको पुस्तिकाको मुखपृष्ठमा नै मनुस्मृतिको सूत्रवाक्य 'नास्तिको वेदनिन्दकः' लेखिएको छ। तर नास्तिकताको यो परिभाषा सर्वमान्य छैन। विश्वका अनेक पुस्तकहरूले आफूलाई ईश्वरप्रणीत घोषित गर्छन्, वेद अथवा कुनै अरू पुस्तकको समर्थनको आशा गर्दैनन्, त्यसो भए त सबैले एक

अर्कालाई नास्तिक, काफिर अथवा जे पनि भन्ने गर्दछन्। पाणिनीले नास्तिक शब्दको अर्को व्युत्पत्ति बताएको छ– '**अस्ति नास्ति दिष्टं मतिः**' (४/४/६०) अर्थात् 'परलोक छैन'– यस्तो जसको मति छ, ऊ नास्तिक हो। नास्तिक शब्द गाली गर्नको लागि पनि प्रयुक्त हुन्छ। आफूलाई वैदिक भन्ने सम्प्रदायले एक अर्कालाई नास्तिक तथा अवैदिक भन्दै आएका छन्। शांकर भाष्यकारहरूले वैष्णव मतलाई अवैदिक भने (२/२/४२–४५), तब धेरैले उनीहरूको मायावादलाई नै अवैदिक भनेका छन्, प्रच्छन्न बौद्धको उपाधि जस्तो अलंकरण उनीहरूले पनि प्राप्त गरेका छन्।

आश्रमको पुस्तिका 'आस्तिकताको नाममा.....'मा आस्तिकता–नास्तिकताको विस्तृत चर्चा छ; तर त्यसलाई न देखेको जस्तो गरेर मस्तरामले मनुस्मृतिको उक्त सूत्रवाक्यद्वारा यो देखाउन चाहनु भएको छ कि आश्रमीय प्रकाशनमा वेदको अनादर छ, जबकि त्यही प्रकाशनलाई पढ़ेर सबैले राम्ररी जानेका छन् कि हामी वेदविरोधी कहिल्यै पनि थिएनौं, न छौं। वेदको नाममा शोषण, अन्धश्रद्धा अथवा गलत व्याख्याहरूको विरोधी अवश्य छौं।

यस सम्बन्धमा छान्दोग्य उपनिषद्मा एउटा कथा छ। एकपटक देवराज इन्द्र र असुरहरूको राजा विरोचन आत्मालाई जान्ने इच्छाले प्रजापतिकहाँ पुगे। गुरुले जे भन्नुभयो, इन्द्रले त्यसमाथी मनन–चिन्तन गरे। समाधान भएपछि प्रश्न–परिप्रश्न र तपस्याद्वारा ऊ सत्यसम्म पुग्यो, जबकि विरोचनको समझमा पहिलो पटक जे–जस्तो उल्टो–सुल्टो आयो त्यसैलाई सिद्धान्त मानेर असुरहरूमा प्रचार गर्न थाल्यो। यहींबाट उपनिषद्हरूको आरम्भ भयो। यस कथाबाट दुई–तीन कुराहरू स्पष्ट हुन्छन्। पहिलो त यो कि भगवत्पथमा अन्धविश्वासको कुनै मूल्य छैन। अर्को– साधन, भजन–क्रियामा न लागीकन मात्र पढ़ेर–सुनेर सत्यसम्म पुग्न सकिदैन र तेस्रो यो कि सबै उपनिषद् कल्याणकारी छैनन्। उपनिषद्हरूको रूपमा आसुरी विद्या पनि छन्, प्रक्षिप्त अंश पनि छन्।

वेदान्तिहरूको जगत् मिथ्याको आदर्श गीताको स्वभाववालाहरूसंग मिल्दछ कि '**असत्यमप्रतिष्ठं ते जगदाहुरनीश्वरम्।**' (१६/८) यसैप्रकार '**अहं ब्रह्मास्मि**' घोक्नेहरू तथा गीताको '**ईश्वरोऽहमहं भोगी**' (१६/१४)को समानता देखेर धेरैजसो मानिसहरूले वेदान्तलाई असुर उपनिषद्को परिमार्जित संस्करण भन्दछन्।

व्यासजीले पनि वेदको नाममा प्रचलित कुरीतिहरूबाट सावधान गर्नु भएको छ–

सुरा मत्स्यान्मधुमांसमासवं कृसरौदनम्।
धूर्तै प्रवर्तितं ह्येतन्नैतद् वेदेषु कल्पितम्।।

(महाभारत, शान्तिपर्व, २६५/९)

अर्थात् यज्ञहरूमा मासु–रक्सी आदिको प्रचलन धूर्तहरूको देन हो। वेदहरूमा यिनीहरूको कल्पनासम्म पनि छैन।

मस्तरामको प्रश्न छ कि के चार वेदबाहेक अरू पनि कुनै वेद हुन्छ? कति राम्रो हुने थियो यदि वहाँले पनि वेदलाई चारवटा नै मान्न सक्नु हुन्थ्यो। वहाँले त गोपथ ब्राह्मणलाई पनि वेद भन्नुहुन्छ, शतपथ र ऐतरेयलाई पनि वेद मान्न हुन्छ, एघार उपनिषद्हरूलाई पनि वेद मान्नु हुन्छ। बाँकी उपनिषद्हरूलाई पनि वेद भन्ने नैतिक साहस वहाँमा छैन।

'आस्तिकताको नाममा.....' नामक पुस्तिकामा वेदको आशय र उपयोगितामाथी पर्याप्त प्रकाशपारी सकिएको छ, ती सबैको पुनरावृत्ति न गरेर भन्न चाहन्छु कि वेद पुस्तक होइन। प्राचीनकालमा 'वेद' शब्दको ठूलो महत्त्व थियो, यसैकारण अनेकौं पुस्तकहरू वेदको नामले नै भनियो। यसकारण 'मन्त्रब्राह्मणर्योवेदनामधेयम्'– मन्त्र र ब्राह्मणग्रन्थ दुबै वेद नामले भनिन्थे। मंत्रमा ऋग्वेद, सामवेद र अथर्ववेद आउँछन् तथा ब्राह्मणग्रन्थ ऐतरेय अथवा आश्वलायन, कौशीतकी अथवा सांख्यायन, शतपथ, पञ्चविंश, षडविंश, गोपथ इत्यादि दसौं छन्।

महर्षि जैमिनी, सायण इत्यादिले स्थान–स्थानमा लेखेका छन् कि ब्राह्मणग्रन्थ मन्त्रहरूको अर्थात् उक्त चारवटै वेदहरूको व्याख्या हो, मूल त संहिता अथवा मन्त्र हो, जसलाई व्यासजीले चार वेदको रूपमा संकलित गर्नु भयो, तापनि एक–दुईवटा सम्प्रदायहरूले यी बीसवटै पुस्तकहरूलाई वेद भन्दछन्। गोपथ ब्राह्मणमा यी चारबाहेक पाँच अरू वेदहरूको वर्णन छ– **'सर्पवेदं पिशाचवेदं असुरवेदं इतिहासवेदं पुराणवेदमिति' (१/१०)** अझ भनौं भने इतिहास पनि वेद, पुराण पनि वेद छन्। छान्दोग्य उपनिषद्को सातौं अध्यायको प्रथम खण्डमा इतिहास–पुराणलाई पाचौं वेद र वेदहरूको

पनि वेद व्याकरणलाई भनिएको छ। यी बाहेक नाट्यवेद, आयुर्वेद, धनुर्वेद, गन्धर्ववेद तथा महाभारतलाई पाचौं वेद भनिन्छ। यी सम्पूर्ण प्रकरणमा वेदको अर्थ मौलिक शिक्षा छ। वेदको सही आशय भगवान् श्रीकृष्णको गीताको पन्ध्रौं अध्यायमा छ कि जसले संसार–रुखलाई त्यसको मूल परमात्मासहित जान्दछ, अर्को शब्दमा प्रकृतिलाई परमात्मासहित जान्दछ, ऊ वेदवित् हो। वेद नामले प्रचलित ठेली घोक्नेहरूलाई श्रीकृष्णले वेदवित् भन्नु भएन। यस्तै विचार 'आस्तिकताको नाममा.....' नामकरण भएको पुस्तिकामा पृष्ठ ११देखि १४सम्म छ। माननीयले त्यसलाई अर्को अर्थमा न लिनुहोस्। वेद शब्द ज्ञानवाचक छ र श्रीकृष्णको शब्दहरूमा, '**तत्स्वयं योग संसिद्धिकाले आत्मनि विन्दति।**'– त्यो ज्ञान योगको पूर्णावस्थामा आफ्नो अन्तरात्मामा नै विदित हुन्छ। योगको क्रिया सम्पादित न गरीकन बाहिर ज्ञान अथवा वेद जस्तो कुनै वस्तु छैन।

भगवान्ले जे–जसो बताउनु हुन्छ, साधकको लागि त्यो करोड़ौं शास्त्रहरू भन्दा पनि ठूलो हुन्छ। ईश्वरप्रदत्त त्यस ज्ञानको प्रकाशमा उसले पुस्तकहरूमा लेखिएका कुराको जाँच गर्दछ र हेर्दछ कि जुन अनुभूति उसलाई भइरहेको छ, ऊभन्दा पहिलेका ऋषिहरूलाई पनि भएको थियो। यसको पुष्टिको लागि नै प्रवचनहरू, पुस्तकहरूको उपयोग छ। यसकारण श्रीकृष्णले अर्जुनसंग भन्नुभयो कि तत्त्वदर्शीहरूले तिमीलाई ज्ञानको उपदेश दिने छन्। ज्ञानको लागि तत्त्वदर्शीकहाँ जाने विधान छ। पुस्तक अथवा वाद–विवाद कुनै विधान होइन, बरू पुस्तककहाँ जानु नै भ्रान्ति हो। भगवान् बुद्धले पुस्तकलाई प्रमाण न मानेर पनि आफूलाई यसै अर्थमा वेदगू (वेदज्ञ) भन्नुहुन्थ्यो।

* 'ज्ञान' शब्दको चर्चा भएको बेला बाबाजीको यस आरोपमाथी पनि विचार गरौं कि वेदको अर्थ ज्ञान, वेदान्तको अर्थ ज्ञानको अन्त; तब के ज्ञानको पनि अन्त हुन्छ? 'सत्यं ज्ञानं अनन्तं ब्रह्म!' ज्ञान अथवा आत्माको अन्त पनि मान्नु हुन्छ र ज्ञानी पनि बन्नु हुन्छ? अन्त देहको हुन्छ, ज्ञान त अनन्त हुन्छ।''..... इत्यादि 'नास्तिकहरू देखि सावधान' पृष्ठ १४।

यहाँ मस्तरामजीले तैत्तिरीय उपनिषद्को ब्रह्मानंद बल्लीमा वर्णित 'सत्यं ज्ञानं अनन्तं ब्रह्म'को उदाहरण दिनुभएको छ। वहाँले यस सम्बन्धमा आफ्नो सम्प्रदायको व्याख्या शांकरभाष्य यदि पढ़नु भएको भए यस्तो आरोप लगाउने

भूल कदापि गर्नु हुने थिएन। शांकर भाष्यकारले लेख्नुभएको छ– '**सत्यादि शब्दा न परस्परं सम्बन्ध्यते परार्थत्वात्। विशेष्यार्था हि ते। अथ एकैको विशेषण शब्द परस्परं निरपेक्षो ब्रह्म शब्देन सत्यं ब्रह्म, ज्ञानं ब्रह्मानन्तं ब्रह्मेति।**' अर्थात् सत्यादि शब्द परार्थ हुने हुनाले परस्पर सम्बन्धित हुँदैनन्। यिनीहरू त विशेष्यको लागि नै हुन्छन्। अतः तिनीहरूमध्ये प्रत्येक विशेषण शब्दले एक अर्काको आशा न गरेर 'ब्रह्म सत्य हो', 'ब्रह्म ज्ञान हो', 'ब्रह्म अनन्त छ'– यसप्रकार ब्रह्म शब्दसंग सम्बन्धित छन्। यसै प्रकार सत् शब्दको प्रयोग गीतामा पनि छ। ज्ञान अनन्त नै हुन्छ– यस्तो निर्णय दिंदा के विद्वत्प्रवरले अन्वयव्यतिरेक बिर्सिनु भयो? के रामचरितमानसमा वहाँले यो देख्नुभएन कि '**उपजइ बिनसइ ज्ञान जिमि पाइ कुसंग सुसंग।**' ज्ञान उत्पन्न हुन्छ र नष्ट पनि हुन्छ।

वास्तवमा प्रत्येक गुणका दुई सीमाहरू हुन्छन्– एक आरम्भिक अवस्था र अर्को पराकाष्ठा। गीतामा स्थान–स्थानमा छ कि– 'ज्ञानहरूमा पनि उत्तम ज्ञान म तिम्रो लागि भन्नेछु।', 'ज्ञानीजन (तत्त्वदर्शी)ले तिमीलाई ज्ञानको उपदेश दिनेछन्।' यहाँ साधकको लागि ज्ञानको प्रवेशिका हो, बीजारोपण हो र जहाँ ज्ञानाग्निमा सबै कर्म जल्दछन् त्यहाँ ज्ञानको अन्त हुन्छ। जसलाई जान्नु थियो जानि हाल्यो, अगाड़ि कुनै श्रेष्ठ सत्ता छैन भने कसलाई खोज्ने? कसको लागि कर्म गर्ने? जसलाई जान्नु थियो त्यो पनि अब भिन्न रहेन– यहाँ ज्ञानको पराकाष्ठा हुन्छ र त्योभन्दा पनि अगाड़िको अवस्थामा ब्रह्म अनिर्वचनीय हुन्छ। गीताको सत्–असत् सम्बन्धि वर्णनहरूमा मस्तरामलाई जुन विरोधाभास देखियो त्यो द्वन्द्वात्मक जगत्को कारण हो र जहाँ त्यो ब्रह्म न सत् छ, न असत्; त्यो अनिर्वचनीय स्थिति हो, अनुभवगम्य हुन्छ। कुनै पनि पुस्तकमा त्यसको वर्णनको कुनै तरीका नै छैन। पुस्तकले त मात्र त्यहाँसम्मको औंला निर्देश गरेर 'नेति–नेति' भनेर त्यसको अगाधतालाई नै व्यक्त गर्न सक्दछ।

जबसम्म त्यो प्रभुले साधकको हृदयसंग रथी भएर मार्गदर्शन गर्न लाग्नु हुन्न, तबसम्म निवृत्ति दिलाउने खालको भजन आरम्भ नै हुँदैन। त्यो विद्या भगवान्ले पढ़ाउनु हुन्छ। मस्तरामले यसको अर्थ यो लगाउनु भयो कि महाराजजी भगवान्को अनुमतिबाट मात्रै बोल्नु हुन्छ। यस्तो दावा त महाराजजीले कतै गर्नुभएको छैन। वहाँको भनाईको सोझो अर्थ यो हो कि भगवान् साधकसंग

बोल्नु हुन्छ। धेरै जनासंग बोल्नु भएको छ, कसैसंग पनि बोल्न सक्नु हुन्छ, वहाँलाई बोल्नुभन्दा पहिले कसैसंग आदेश लिने बाध्यता के छ? यस्तो पनि त होइन कि वहाँले कुनै युगमा बोल्नु भएको थियो र अब वहाँले बोल्न बन्द गर्नुभएको छ?

साधक र त्यो परम प्रभुको कुराकानी नै साधनाको आकर्षण हो, साधकको पूँजी हो। यो नै साधकको वेद हो। नश्वर संसारमा यो नै ध्रुवसत्य हो; तर यो नितान्त आवश्यक व्यक्तिगत र गोपनीय हुने गर्दछ। अनुरागी–विरही साधकहरूको उत्साह बढ़ाउनको लागि पूज्य गुरुदेव महाराजले यस पक्षतिर संकेत गरिदिने गर्नुहुन्थ्यो। अरूमा भएको यस अवस्थाको खोजीको सट्टामा आफूमा प्रभुकृपा प्रकट हुनको लागि प्रार्थना गर्नु धेरै उपादेय हुनेछ।

* आश्रमको पुस्तिकाहरूमा वेदको बारेमा छ कि "परमात्माको शोधको पहिलो विवरण वैदिक ऋषिहरूबाट पाइएको छ। भगवान् श्रीकृष्ण भन्नुहुन्छ कि एक परमात्माको नै अस्तित्व छ। अतः परमात्माको शोधग्रन्थ वेदलाई कसले नकार्न सक्दछ? वेदको महत्त्व यसकारण छ कि त्यसले शाश्वत सत्य परमात्मालाई दृढ़ाउँछ।" यस कथनमा आपत्तिजनक कुरा केही पनि थिएन, तर मान्यवरले अर्थको अनर्थ लगाएर माथिका पंक्तिहरूलाई न देखेको जस्तो गरेर अन्तिम पंक्तिको अभिधात्मक अर्थ लगाउँदै सोध्नुभएको छ कि "के परमात्मा कमजोर हुनुभयो जो वेदले वहाँलाई दृढ़ बनाउँछ? के वेद सीमेन्ट हो र परमात्मा खम्बा हो कि सीमेन्टले बलियो बनाउने छ।" पृष्ठ १०।

मस्तरामले आफै न्यायपूर्वक समीक्षा गरुन् कि उपर्युक्त पंक्तिहरूबाट के यही अर्थ निस्केर आउँछ? अन्तिम वाक्यलाई यदि स्वतन्त्र रूपले लिए पनि शाश्वत शब्दलाई तपाईंले किन छोड्नु भयो? के शाश्वतमा सीमेन्ट लाग्छ? अभिधा बाहेक लक्षणा र व्यञ्जना पनि हुने गर्दछ। भनाई छ कि बुद्धिमा ढुङ्गा पऱ्यो, तब के कसैले साँच्चिकै ढुङ्गा खोज्न थाल्छ? उद्धृत पंक्तिको आशय यति मात्र थियो– शाश्वत सत्य मात्र परमात्मा हो र वेदले त्यस एकप्रति हाम्रो श्रद्धालाई स्थिरीकरण गर्दछ। तपाईं–हाम्रो श्रद्धालाई दृढ़ गर्छन्। अतः मस्तरामको यो आरोप पनि अकारण छ।

मस्तराम पनि विद्वान हुनुहुन्छ– यसमा दुईटा राय छैन; किनकि वहाँलाई लाग्दछ कि गीताको अर्थ कि वहाँले जान्नुभएको छ अथवा वहाँको प्रथम

कक्षाको विद्यार्थी! शांकरभाष्यमा छ– **'तद् इदं गीताशास्त्रं समस्त वेदार्थ सारसंग्रहभूतं दुर्विज्ञेयार्थम्'**– अर्थात् यो गीताशास्त्र सम्पूर्ण वेदार्थ (उपनिषद्हरू)को सारसंग्रहरूप र यसको अर्थ बुझ्नलाई अत्यन्त कठिन छ। शांकर भाष्यकारको लागि गीता कठिन थियो र वहाँको स्वयंभू पीठाधीश्वरको लागि हातमा अम्ला जस्तो छ– यो प्रसन्नताको कुरो हो।

मस्तरामले एउटा राम्रो तर्क दिनुभएको छ कि "शंकरजीको डमरूले व्याकरण पढ़ेको थिएन; तर शंकरजी त ज्ञान–निधान हुनुहुन्छ। महत्त्व हारमोनियमको होइन, त्यसलाई बजाउनेवालाको हुन्छ (पृष्ठ १०)।"– यस्तो भनेर मस्तरामले महाराजजीको कुरालाई नै पुष्ट गर्नुभएको छ। मैले पनि त यही भन्न खोजेको हो कि महिमा वेदको होइन बरू बोल्नेवाला परमात्माको हो। जो परमात्मा पहिले बोल्नुभएको थियो, के आज बोल्न सक्नु हुन्न?

कुनै एउटा महापुरुष अथवा एक्लो पुस्तक नै ज्ञानको केन्द्र हुने भए, ईश्वरबाट ओर्लेको भए, विभिन्न महापुरुषहरूलाई समय–समयमा आउने र छुट्टै ग्रन्थ लेख्ने आवश्यकता नै पर्दैन थियो। एकमात्र त्यसैबाट विश्वभरिको काम चली हाल्थ्यो; तर पुस्तक कुनै माध्यम होइन। माध्यम जीवन्त हुनु पर्दछ, चेतन हुनु पर्दछ साधकको समकालीन हुनु पर्दछ। यसैकारण विश्वका सबै धर्मले 'गुरुको अनिवार्यता' स्वीकार गरेका छन्। पुस्तकबिना पनि काम चल्न सक्दछ। जड़ भरत, गौतम बुद्ध, मीरा, सन्त कबीर, रामकृष्ण परमहंसजी इत्यादि अनेकौंको पुस्तकबिना पनि काम चल्यो, संस्कृत ज्ञानको बिना पनि काम चल्यो, व्याकरण–ज्ञानको बिना पनि काम चल्यो, तर गुरु बिना काम चल्ने छैन।

यसै अर्थमा सन्त कबीर भन्नुहुन्छ– **'पोथी पढ़ि पढ़ि जग मुआ, पण्डित भया न कोय।'** यही योगेश्वर श्रीकृष्णले भन्नुभयो कि **'एवं त्रयीधर्ममनुप्रपन्ना गतागतं कामकामा लभन्ते।'** अर्थात् तीनवटै वेदहरूका अनेकानेक धार्मिक क्रियाहरूमा अनुरक्त पुरुष आवागमनमा परी नै रहन्छन्, तब यो अर्थको कारणले मस्तराम रिसाउनुभयो, लेखेको छ कि महाराजजीले 'कामकामा' शब्द छोड़ी दिनुभएको छ। यहाँ वेदको निन्दा होइन सकामी पुरुषहरूको निन्दा छ, इत्यादि।

महाराजजीले 'बाबावाक्यं प्रमाणं' मानी लिन्थे, वेद शब्दबाट वहाँलाई कुनै एलर्जी छैन। महाराजजीले त वेदप्रति गीतोक्त धारणाको स्पष्टीकरण गर्नु भएको थियो। वेद शब्दसम्म सीमित छ, जबकि परमात्मा अनिर्वचनीय छ, शब्दहरूमा आउनै सक्दैन। यस प्रसंगमा मस्तरामले 'श्रुति विप्रतिपन्ना' वाला गीताको श्लोक जानी-जानी छोड़ी दिनुभयो, जसमा भगवान् श्रीकृष्णले भन्नु भएको छ कि वेद-वाक्यहरू सुनेर विचलित भएको तिम्रो बुद्धि जब अचल स्थिर हुनेछ, तब तिमीले योगलाई प्राप्त गर्नेछौ। भगवान् श्रीकृष्ण जस्तै विचार वेदको सम्बन्धमा छान्दोग्य उपनिषद्कारको पनि छ-

देवा वै मृत्योर्बिभ्यतस्त्रयीं विद्यां प्राविश्ँस्ते
छन्दोभिरच्छादयन्यदेभिरच्छादयँस्तच्छन्दसां छन्दस्त्वम्।
तानु तत्र मृत्युर्यथा मत्स्यमुदके परिपश्येदेवं पर्यपश्यदृचि साम्नि यजुषि।
ते नु वित्वोर्ध्वा ऋचः साम्नो यजुषः स्वरमेव प्राविशन्। (१/४/२-३)

अर्थात् मृत्युबाट डराएका देवताहरूले ऋक्, यजुः र सामरूप तीनवटै वेदहरूमा प्रवेश गरे। उनीहरूले गायत्री इत्यादि छन्दहरूलाई आफ्नो कवच बनाए; तर जसरी माछा समात्ने माझीले जलभित्र पनि माछालाई देख्दछ, त्यसै प्रकार देवताहरूलाई मृत्युले ती ऋक्, साम र यजुर्वेदको मंत्रहरूको ओटमा देखे। त्यहाँ पनि उसले यिनीहरूको पछि लाग्न छोड़ेन। देवताहरूले पनि यो कुरा थाहा पाएर ऋक्, साम र यजुर्वेदको मंत्रहरूभन्दा माथि उठेर स्वरमा अर्थात् ओंकारमा प्रवेश गरे। त्यस ॐको आश्रय लिएर देवताहरू अमर र निर्भय हुन गए।

स्पष्ट छ कि वेदहरूको आश्रित रहनेहरूलाई मृत्युले कहिल्यै पनि छोड्दैन, आवागमन लागि नै रहेको हुन्छ र यही गीतामा देखाउँदा मस्तरामले आकाशलाई टाउकोमा उठाउनुभयो। जुन कुरा छान्दोग्यकारले भने, त्यही श्री गुरुनानकले पनि भन्नुभएको छ- 'एक ओंकार सतगुरु प्रसादि।'- एक ओंकार नै सत्य हो, तर त्यो पनि सद्गुरुको कृपा-प्रसाद नै हो। सद्गुरुको देन हो।

वेदको घोषणा छ-

ऋचो अक्षरे परमे व्योमन् यस्मिन् देवा अधिविश्वे निषेदुः।
यस्तन्न वेद किमृचा करिष्यति य इत्तद विदुस्त इमे समासते।।
(ऋग्वेद, १/१६४/३९)

अर्थात् सबै ऋचाहरू परम अविनाशी अक्षरमा स्थित छन्, जसमा सम्पूर्ण देवता पनि स्थित छन्। जसले त्यो अविनाशीलाई जान्दैन, त्यसलाई ऋचाले के गर्न सक्छ? जसले त्यसलाई जान्दछ, त्यसले त्यही अविनाशीमा प्रवेश पाउँछ।

'नायमात्मा प्रवचनेन लभ्यः'को सन्दर्भमा मस्तरामले सोधेको छ कि यदि प्रवचनद्वारा आत्मा प्राप्त हुँदैन भने शिष्यहरूलाई प्रवचन उपदेश किन गर्नुहुन्छ? के आफ्नो पसल चलाउनको लागि प्रवचन–उपदेश गर्नुहुन्छ? मस्तराम धन्य छन् जसले प्रवचनको यस्तो उपयोग पनि जान्नु हुन्छ। हमीले त अथर्ववेदको कुरा भन्नुभएको छ–

यत्र देवा ब्रह्मविदो ब्रह्म जेष्ठमुपासते

यो वै तान् विद्यात् प्रत्यक्षं स ब्रह्म वेदिता स्यात्। (१०/७/२४)

अर्थात् जहाँ ब्रह्मविद्ले ब्रह्मको उपासना गर्छन्, त्यहाँ गएर जुन मुमुक्षुले वहाँलाई जान्दछ, त्यो ब्रह्म हुनजान्छ, ब्रह्मनिष्ठ हुनजान्छ। यस मन्त्रमा ब्रह्मविद्हरूको सत्संग आवश्यक भनिएको छ। '**उत्तिष्ठत जाग्रत प्राप्य वरान्निबोधत**' **(कठो., १/३/१४)** यस उपनिषद् वाक्यको पनि यही आशय हो। तैत्तिरीयोपनिषद्मा छ– '**अथ यदि ते कर्मविचिकित्सा वा वृत्तविचिकित्सा वा स्यात्। ये तत्र ब्राह्मणाः सम्मदर्शिनः। युक्ता अयुक्ताः। अलूक्षा धर्मकामाः स्युः। यथा ते तत्र वर्तेरन्। तथा तत्र वर्तेथाः। (१/११)** अर्थात् यदि तिमीलाई कर्मको बारेमा अथवा सदाचारको बारेमा कुनै शंका छ भने त्यहाँ जो उत्तम विचारवाला, परामर्श दिनमा कुशल तथा योगमा दक्ष ब्रह्मनिष्ठ छ; वहाँले जुन प्रकारले त्यहाँ व्यवहार गर्दछ, तिमीले पनि त्यस्तै व्यवहार गर्नु पर्दछ। अगाड़ि लेख्नुहुन्छ, यही आदेश हो, यही उपदेश हो, यही वेदहरूको रहस्य हो, यही अनुशासन हो। यसैप्रकारले तिमीले पनि अनुष्ठान गर्नु पर्दछ। तैत्तिरीयको यस वर्णनले आचार्यश्रीलाई यो स्पष्ट भयो होला कि उपदेशको परम्परा रहिआएको छ, त्यसको उपयोग शंका–समाधानमा हुन्छ; तर यसबाट आत्मा विदित हुँदैन। किंहुबहुना कठ एवं मुण्डकोपनिषद्को 'नायमात्मा प्रवचनेन लभ्यो' र उपदेशमा कुनै विरोधाभास छैन।

* '**नाहं वेदैर्न तपसा न दानेन चेज्यया।**' **(गीता, ११/५३)** भगवान्ले भन्नुभयो कि मलाई वेद, तप, दान अथवा यज्ञद्वारा देख्न सकिदैन

भने मस्तरामले अर्थ लगाउने भएको छ कि भगवान्को आशय हो कि भक्तिको साथ वेदाध्ययन, भक्तिको साथ यज्ञ, भक्तिको साथ तप र भक्तिको साथ दानादिद्वारा म देखिन् सक्छु। प्रश्न उठ्छ कि भक्ति समावेश गर्नाले के सबै क्रियाहरू प्रशंसनीय बन्न जान्छन्?

यस महत्त्वपूर्ण प्रश्नलाई गीता शास्त्रमा तीन पटक उठाइएको छ। अध्याय दुईमा छ कि यस योगमा निर्धारित क्रिया एउटै छ। अविवेकीहरूको बुद्धि अनेक शाखाहरू भएको हुन्छ, यसकारण उनीहरूले अनन्त क्रियाहरूको रचना गर्दछन्। यस्ता मानिसहरूले आफू पनि बाटो विराएका हुन्छन् र अरूलाई पनि बाटो विराउन लगाउँछन्।

सोह्रो अध्यायमा छ कि आसुरी स्वभाववाला **'यजन्ते नाम यज्ञैस्ते दम्भेनाविधिपूर्वकम्।' (गीता, १६/१७)** शास्त्रविधिबाट रहित नाममात्रको यज्ञहरूले (यज्ञ होइन तर यज्ञको नाम दिइएका छन्, यस्ता यज्ञहरूले) दम्भपूर्वक यजन गर्छन्, यज्ञको नाममा केही न केही गरि नै रहन्छन्, योगेश्वरले भन्नुहुन्छ– तिनीहरू नै मानिसहरूमा अधम हुन्, पापयोनि हुन्।

अध्याय सत्रको आरम्भमा अर्जुनले सोध्छ कि जो मानिस शास्त्रविधिलाई छोड़ेर तर श्रद्धा–भक्तिसहित यजन गर्छन्, उनीहरूले कस्तो गति पाउँछन्? भगवान् भन्नुहुन्छ कि शास्त्रविधिलाई त्यागेर भजनेवाला सात्विक पुरुषले देवताहरूलाई, राजसी पुरुषले यक्ष–राक्षसहरूलाई र तामसी पुरुषहरूले भूत–प्रेतहरूलाई पूज्दछन्, यहाँसम्म कि घोर तप तप्छन्, तर उनीहरू सबैले म परमात्माबाट दूरी नै उत्पन्न गर्दछन्, न कि भज्छन्। यी सबैलाई तिमीले असुर जान। स्पष्ट छ कि शास्त्र अविहित भक्तिको कुनै मूल्य छैन।

भगवान्ले गीतामा शास्त्र पनि बताउनुभयो र विधि पनि बताउनुभयो, यसकारण यी दुबैको नाममा पनि भाग्ने कुनै गुञ्जाइस छैन। यदि शास्त्रको मतलब वेदान्त शास्त्र, मीमांसा शास्त्र, न्याय शास्त्र अथवा शास्त्रको नाममा भगवान्को आशय रहेको होला– गरुड़ पुराण अथवा पाराशर स्मृति?– यस्तो केही पनि होइन। भगवान्ले आफै भन्नुभएको छ कि शास्त्र कुन हो–

इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ।
एतद्बुद्ध्वा बुद्धिमान्स्यात्कृतकृत्यश्च भारत।। (गीता, १५/२०)

हे अनघ! यो अत्यन्त गोपनीय शास्त्र मबाट भनियो। कुन? यही गीता! योगेश्वरको यति नै वाणी आफैमा पूर्णशास्त्र हो। वेद, शास्त्र, पुराणहरूको संकलनकर्ताको यसैमा सम्मति छ कि '**किमन्यै शास्त्रविस्तरैः**'। अतः शास्त्रको नाममा मात्र गीता लिउँ। यो विश्वभरका मानिस मात्रको अतर्क्य शास्त्र हो। अब विधि पनि योगेश्वर श्रीकृष्णको शब्दहरूमा सुनौं–

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम्।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानव।।

(गीता, १८/४६)

जुन परमात्माबाट सबै भूतहरूको (हिन्दू, मुसलमान, यहूदी, ईसाई सबैको) उत्पत्ति भएको छ, जसबाट यो सम्पूर्ण जगत् व्याप्त छ, त्यस एक परमात्मालाई आफ्नो स्वभावले उत्पन्न कर्मले अर्चन गरेर मानिसले परमसिद्धि प्राप्त गर्दछ। अतः मात्र एक परमात्माको पूजन नै विधि हो– एकदेशीय, एकवर्गीय देवी–देवताहरूको पूजन कुनै विधि होइन।

आचार्यप्रवरले लेख्नुभएको छ कि तत्त्वदर्शीको लागि वैदिक कर्मकाण्डको उपयोग भलै न होस्, तर के भारतका सबै मानिसहरू पूर्ण ज्ञानी छन्? उनीहरूको लागि विधि–निषेध अथवा आचार–संहिता केही मान्नु हुन्छ कि मान्नु हुन्न? ग्रन्थ सर्वजन हिताय लेखिन्छ भने कर्मको निन्दा किन? पृष्ठ दुईमा लेख्नुभएको छ कि वैदिक कर्मकाण्डबाट जीवनमा उपासना आउँछ, उपासनाबाट अमृत (ज्ञान) र ज्ञानबाट मोक्ष हुन्छ। मात्र उपासना होइन, मात्र कर्म होइन बरू दुबै साथ–साथै गर्नु पर्दछ। निष्काम भावले गरिने साधारण कर्म पनि दिव्य बन्दछ। निष्कामकर्म अन्तःकरणको शुद्धिको साधन हो। इत्यादि।

आचार्यश्रीका यी वाक्यहरूको अवलोकनबाट कर्मप्रति वहाँको अत्यन्त धमिलो धारणा परिलक्षित हुन्छ। वहाँ उपासनालाई कर्म मान्नु हुन्न बरू उपासना र कर्मलाई अलग–अलग बताउनु हुन्छ। वहाँ विधि–निषेध अथवा आचार–संहितालाई कर्म मान्नु हुन्छ, कर्मकाण्डलाई कर्म मान्नु हुन्छ र बाँच्ने–खाने हरेक क्रियामा सकाम र निष्कामको भूमिका पनि रचि सक्नुभएको छ, त्यसलाई अन्तःकरणको शुद्धिको साधन मान्नुभएको छ। योगेश्वर श्रीकृष्णले कर्म नबताएको भए तपाईं–हामी जे पनि गथ्यौं। जे–सुकै गर्नेलाई गीताले कर्म भन्दैन। न त

अमृतको अर्थ ज्ञान हुन्छ र न कर्मकाण्ड कुनै उपासना हो; किनकि वेदको त्यो विभागलाई जसले यज्ञीय कृत्यहरू तथा तिनीहरूको फलसंग सम्बन्ध राख्दछ, कर्मकाण्ड भनिन्छ। वैदिक यज्ञहरूलाई तपाईंले पृष्ठ १३मा नकार्नु भयो, फेरि कुन चाहिं कर्मकाण्डलाई तपाईं गराउन चाहनु हुन्छ?

आउनुहोस्, गीताको प्रकाशमा कर्मलाई सम्झिने प्रयास गरौं। सर्वप्रथम वास्तविकता त यही हो कि गीतामा निष्काम कर्म भने शब्द नै छैन। मनोवैज्ञानिकहरूको दावा छ कि कुनै कर्म निष्काम हुँदैन। योगी पनि ईश्वरको कामना लिएर भजनमा प्रवृत्त हुन्छन्। यस शब्दको सही प्रयोग मात्र भजन-क्षेत्रमा छ कि भजन गर्नु पर्दछ, यस विश्वासको साथ कि यसको परिणाम निश्चित शुभ हुनेछ, यसकारण यसको फल प्रभुमाथि छोड़ि दिनु पर्दछ। मन भगवान्लाई नै दिनुभयो भने फलको कामना कसले गर्नेछ?

कर्मको विशेषता बताउँदै श्रीकृष्ण गीतामा भन्नुहुन्छ कि-

१. '**व्यवसायात्मिक बुद्धिरेकेह कुरुनन्दन।**'- यस कर्ममा निश्चयात्मक क्रिया एउटै छ। अविवेकीहरूको बुद्धि अनन्तशाखाहरू भएको हुन्छ, यसकारण उनीहरू कर्मका नाममा अनन्त क्रियाहरूको विस्तार गर्ने गर्छन्।

२. '**नियतं कुरु कर्म त्वं**'- अर्जुन! तिमीले नियत गरिएको कर्मलाई गर। अर्थात् क्रियाहरू धेरै छन्, तिनीहरू कर्म होइनन्। गीतामा नियत कर्म गर्ने कुरा भनिएको छ।

३. '**शरीरयात्रापि च ते न प्रसिद्धयेदकर्मणः।**' (३/८) कर्म कुनै यस्तो विधि हो जसले जन्म-जन्मदेखि हिड़ेर आईरहेको आत्माको शरीर-यात्रालाई अन्त गरिदिन्छ? कयौं विद्वानले शरीर-यात्राको अर्थ जीवन-निर्वाह गर्दछन्; तर श्रीकृष्णले गीतामा नै यस्तो विचारको खण्डन गर्नुभएको छ कि जो शरीरको लागि पच्दछन्, परिश्रम गर्दछन्, उनीहरू पापी हुन्। शरीर-यात्राको अर्थ हो शरीर धारण गर्नु, जन्म लिनु। तपाईं विचार गर्नुहोस् कि कुन चाहिं कर्म गर्नाले अर्को जन्म लिनु पर्दैन?

४. त्यो कुन चाहिं नियत कर्म हो? श्रीकृष्णले स्पष्ट गर्नुभएको छ- '**यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः।**' (**गीता, ३/९**) अर्जुन! यज्ञको प्रक्रिया नै कर्म हो। यसबाहेक तपाईं-हामी जे जति गर्दछौं, यसै लोकको

बन्धन हो, न कि कर्म। धेरै जसो व्याख्याकारहरूले यज्ञको नाममा '**यज्ञो वै विष्णु**'- विष्णुको निमित्त गरिने कर्म भन्छन् भने कसैले '**यज्ञो वै ब्रह्म**'- ब्रह्म नै यज्ञ हो भन्छन्, कसैले '**आत्मा वै यज्ञः**'- आत्मा नै यज्ञ हो भन्छन् भने कसैले '**यज्ञौ वै श्रेष्ठतमं कर्म**'- श्रेष्ठतम कर्म नै यज्ञ हो- यस्तो अर्थ गर्छन् तर आफ्नो मनले क्रियाहरू रच्न थाल्दछन्, जबकि यज्ञको नाममा कतै भाग्ने कुनै गुंजाइस नै छैन, किनकि अध्याय ४मा श्रीकृष्णले एउटै यज्ञका तेह्र-चौध खुड़किलाहरूको वर्णन गर्नुभयो, जुन प्राण-अपान (श्वास-प्रश्वास) द्वारा, ध्यानद्वारा, चिन्तन र इन्द्रिय-संयमद्वारा हुने गर्दछ। यी यज्ञहरूमा बाहिरको कुनै वस्तु लाग्दैन। श्रीकृष्णले स्पष्ट गरिदिनु भएको छ कि भौतिक द्रव्यहरूबाट हुनेवाला यज्ञ पनि छन् तर तिनीहरूको फल अत्यल्प हुन्छ, चाहे तपाईंको करोड़ौंको यज्ञ किन न गर्नुहोस्।

५. कर्मको सम्बन्धमा भ्रान्तिहरू श्रीकृष्णको समयमा पनि थियो। गीताको अध्याय ४/१६मा वहाँ भन्नुहुन्छ कि कर्म के हो? अकर्म के हो?- यस विषयमा विद्वानहरूमा पनि भ्रम छ, यसकारण म तिमीलाई कर्मको विषयमा विशेष रूपले बताउनेछ, जसलाई जानेर तिमी अशुभ संसार-बन्धनबाट छुट्ने छौ। भर्खरै भनि सक्नुभएको छ कि यज्ञबाहेक जे जति गरिन्छ, त्यसबाट बन्धन तैयार हुन्छ। तर कर्म त्यही हो जसले संसार-बन्धनबाट छुटकारा दिलाओस्। तपाईं आफैले निर्णय लिनुहोस् कि कुन चाहिं कर्म गर्नाले भव-बन्धन काटिनेछ? निष्कामभावले नोकरी गर्नाले? पूज्यश्रीले 'नहले पर दहला'को पृष्ठ २मा लेख्नुभएको छ कि 'रातमा दुई-दुई बजेसम्म जाग्नु, उठने वित्तिकै चिया-बिस्कुट खानु, अखबार पढ़नु, स्वरूपलाई बिर्सी रहनु यी सबै मृत्यु हो। यस मृत्युबाट बच्नको लागि वैदिक कर्म गर्नुस्।' वहाँको आशय हो कि समयमा सुत्नु, नुहाई-धुवाई गरेर, मन्त्र पढ़ेर खानु; तर बिस्कुट खाने न खानेसंग गीताको कर्मको कुनै सम्बन्ध छैन। मन्त्र पढ़ेर नुहाउनु गीताको कर्म होइन। विचार गरौं कि गीताले कसलाई कर्म भन्दछे?

६. '**तदर्थं कर्म कौन्तेय मुक्तसङ्गः समाचर।**' (३/९)- नियत कर्मलाई नै तदर्थ कर्म अथवा यज्ञार्थ कर्म भनिएको छ। यसैलाई 'कार्यम् कर्म', 'पुण्य कर्म' र 'शास्त्र विधानोक्त कर्म' पनि भनिएको छ। भिन्दै कुनै पुण्य

कर्म गीतामा छैन। पुण्यको नाममा संसारमा जति पनि कार्य गरिन्छन्, सामाजिक व्यवस्थाहरू हुन्। गीतामा पुण्यकर्म एउटै छ– आराधना!

यस तदर्थ कर्मलाई संगदोषबाट अलग रहेर गर्नु पर्दछ। भर्तृहरिको अनुभव छ– '**दौर्मन्त्र्यान्नृपतिर्विनश्यति यतिः सङ्गात्।**' यही कुरा मानसमा पनि छ– '**संग ते जती, कुमंत्र ते राजा।**' ऋग्वेदमा छ– '**उपह्वरे गिरीर्णा सङ्गमे च नदीनाम्। धिया विप्रो अजायत।**' (**८/६/२८**) पहाड़का गुफाहरूमा तथा नदीहरूको संगमा ध्यानादिबाट विप्रत्वको जन्म हुन्छ। गीतामा स्थान–स्थानमा एकान्त–सेवनमाथी जोर दिनुभएको छ। एकान्तमा कुन चाहिं कर्म गरिन्छ?

७. **यस्य सर्वे समारम्भाः कामसङ्कल्पवर्जिताः।**
ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः।। (गीता, ४/१९)

जुन सुकै व्यक्तिले पनि सम्पूर्णताको साथ आरम्भ गरेको कर्म यति सूक्ष्म हुन गयो कि कामना र संकल्पबाट शून्य भयो, त्यस समय ज्ञानाग्निमा कर्म सधैंको लागि जल्दछ। त्यसपछि कर्म गर्ने आवश्यकता नै रहने छैन। स्पष्ट छ कि गीताको नियत कर्मले व्यक्तिले संकल्पहरूको निरोध गरिदिन्छ। सांसारिक कुनै पनि कर्मले, कुनै पनि विधि–निषेधले, कुनै पनि आचार–संहिताले, कुनै पनि कर्मकाण्डले संकल्पशून्यता आउँछ भने गर्नुहोस्। '**मिटै कि काम अगिनि तुलसी कह विषय भोग बहु घी ते।**'

८. आठौं अध्यायको आरम्भमा नै अर्जुनको प्रश्न थियो कि भगवन्! कर्मको पूर्णता कहिले हुन्छ? भगवान्ले भन्नुभयो– '**भूतभावोद्भवकरो विसर्गः कर्मसंज्ञितः।**'– प्राणिहरूका ती भाव, जसबाट केही न केही रचना हुन्छ, तिनीहरूमा विसर्ग लाग्नु, तिनीहरू रोकिनु कर्मको पूर्णता हो। संकल्पहरू रोकिनु नै कर्मको पराकाष्ठा हो।

९. गीता १६/२२मा भन्नुहुन्छ– काम, क्रोध, लोभ नरकका तीनवटा ढोकाहरू हुन्। यिनीहरूको त्याग गरेपछि नै त्यो कर्म आरम्भ हुन्छ, जसबाट परम गतिको प्राप्ति हुन्छ। आचार्यश्री विचार गर्नुहोस् कि कुन कर्मले परमगतिको प्राप्ति हुन्छ र कुन कर्मले पितृलोक प्राप्त हुन्छ। गीताले कसलाई कर्म भनेको छ?

१०. गीता १७/२७मा छ– '**कर्म चैव तदर्थीयं सदित्येवाभिधीयते।**' त्यस परमात्माको लागि नियत गरिएको कर्म नै सत्य हो। मानसमा पनि यही छ– '**सत हरिभजन जगत सब सपना।**'

योगेश्वर श्रीकृष्णले यत्तिका जोर दिंदा पनि आचार्यश्रीले त्यस नियत कर्मलाई न मानेर उल्टो–पुल्टो कल्पना गर्नुहुन्छ कि संसारमा जे जति पनि गरिन्छ, त्यो कर्म हो। केही पनि त्याग गर्न जरूरी छैन, मात्र फलको कामना नगर, भैहाल्यो निष्काम कर्मयोग! कति भ्रान्तिपूर्ण धारणाहरू छन्? भन्नुहुन्छ– जे पनि गर नारायणलाई अर्पण गर– भैहाल्यो समर्पण योग; तर यो समर्पण होइन। योगदर्शनकार भन्नुहुन्छ कि '**समाधिसिद्धिरीश्वर प्रणिधानात्।**' ईश्वरलाई समर्पण गर्नाले समाधि सिद्ध हुन्छ। समर्पणको परिणाम हो समाधि। समर्पणले संकल्पशून्यता आउँछ। मनले नै कामना गर्दछ। त्यसै मनलाई समर्पण गरिदियो भने कसले कामना गर्छ? मनमा सधैं प्रभुको चिन्तन गर्नाले निष्कामता स्वतः हुनजान्छ। कामनाहरूलाई रोक्नाले अथवा भनि दिनाले मात्र कि नारायणलाई अर्पण गरें– कामना कहिल्यै रोकिने छैन। त्यो जहिले पनि रोकिन्छ इष्टको चिन्तनले नै रोकिन्छ। नोकरी गर्नेहरू भन्छन् कि म त कर्तव्य ठानेर साहेबको आदेशको पालना गर्छु, मेरो आफ्नो कुनै कामना छैन। निष्काम कर्मयोग त मैले आफ्नो जीवनमा ढालेको छु। कर्म थाहा नै छैन भने जति भन्नुभएको छ त्यति नै मान्नु होस्। तर व्यक्तिले मान्न सक्दैन। पुर्खौं देखिको अनेक रीतिरिवाज, पूजा–पद्धतिहरूले मस्तिष्कलाई समाएको छ। बाहिरी वस्तुहरूलाई बेचेर केहीगरी तपाईं–हामी भाग्न पनि सक्दछौं; तर पूर्वाग्रहग्रस्त विचारहरू, कुसंस्कारहरू मस्तिष्कमा साथ–साथै हिड्दछन्। टाउको काटेर कसैले अलग त गर्न सक्दैन। यही विवशता आचार्यश्रीको पनि साथमा छ। नियत कर्मलाई छोड़ेर वहाँले यति क्रियाहरू देखाई दिनुभयो कि गीतोक्त कर्मले आफ्नो पहिचान नै गुमायो।

* मान्यवरले लेख्नुभएको छ कि धर्म शब्द दुई अर्थमा प्रयुक्त हुन्छन्– एउटा निवृत्तिपरक र अर्को प्रवृत्तिपरक। विधिपरक पुण्यलाई, व्रतलाई, दानलाई सामाजिक अभ्युन्नतिको लागि हामी धारण गरौं। (पृष्ठ २०) विधि निषेधात्मक धर्म जीवनलाई नियन्त्रित र व्यवस्थित गर्दछ, नचाहिदो क्रियाकलापको शोधन गर्दछ। (पृष्ठ १८)

जब धर्म नै दुई प्रकारको हुनगयो भने अधर्म कसलाई भन्ने? अधर्म कति प्रकारका होलान्? बीसौं पृष्ठमा मस्तराम लेख्नुहुन्छ कि जसले गल्ति गर्नबाट रोक्दछ, त्यसको नाम धर्म हो। सरकारका सबै कानूनले गल्ति गर्नबाट रोक्दछ तब के ती सबै धर्म हुन गए? धर्मलाई विधि–निषेधात्मक भनिएको छैन बरू कर्मलाई विधि–निषेधात्मक भनिएको छ– **'विधि निषेधमय कलिमल हरनी। करम कथा रवि नंदिनि बरनी।।'** विधि–निषेध त सड़कको नियमहरूमा पनि छ कि देब्रेबाट हिंड़, दाहिनेबाट न हिंड़– त्यसो भए के यो धर्म भयो? अत्यन्त उपयोगी हुँदा–हुँदै पनि यो विधि–निषेध न त धर्म हो न गीताको नियत कर्म। प्राचीन ग्रन्थहरूमा शौच, दन्तधावन, स्नान, भोजन, निन्द्रा, जागरण, विवाह, नियोग इत्यादि विधि–निषेधहरूका लामो चर्चाहरू छन्। यी त्यस बेलाका राष्ट्रिय कानून हुन्, जीवनलाई नियन्त्रित–व्यवस्थित गर्छ, नचाहिने क्रियाकलापहरूको शोधन पनि गर्छ तापनि यी नियमहरू धर्म होइनन्। यी मात्र स्वास्थ्य, स्वच्छता, अधिकार तथा सदाचारका नियम हुन्। यिनीहरूभन्दा पनि अधिकांशको लागि उन्नत आविष्कार जन–जीवनमा प्रचलित भएका छन्। साबुन–तेललाई छोड़ेर आज कति मानिसहरू स्नानको लागि माटो अथवा अंगराग लगाउनको लागि तयार छन्? उपयोगी–अनुपयोगी प्राचीन सबै नियमहरूलाई अकारण नै धर्म भनेर मान्न लगाउनुको आजको शिक्षित समाजमा कुनै औचित्य छैन।

धर्मको प्रयोजन बताउँदै मस्तरामले श्रीमद्भागवतको निम्नलिखित श्लोकको उदाहरण दिनुभएको छ–

धर्मस्यह्यापवर्ग्यस्य नार्थोऽर्थापकल्पते।
नार्थस्य धर्मैकान्तस्य कामो लाभाय हि स्मृति।। (१/२/९)

आचार्यजीले यसको अर्थ लेख्नुभएको छ, "कतैं अनुचित धनमा हामी अल्झी न हालौं, यदि अल्झियो भने छुटाउनेवाला धर्म हो।" (पृष्ठ १९) आश्चर्य छ कि यस्तो अर्थ एउटा वेदान्ताचार्यले लगाउनु भएको छ। आजकल अनुचित धनमा फँसेपछि छुटाउने काम इनकम टैक्सका वकीलहरूले गर्दछन्, तब त आजको धर्म पनि तिनीहरू सबै हुन्।

प्रस्तुत श्लोकहरूको सही अर्थ यसप्रकार छ– 'धर्मको फल हो मोक्ष। त्यसको सार्थकता अर्थप्राप्तिमा छैन। अर्थ मात्र धर्मको लागि हो। भोग–

विलास धनको सार्थकता होइन।' आफ्नो निष्कर्ष निकाल्दा मस्तरामले भागवतका कयौं प्रसंगहरूलाई नदेखेको जस्तो गर्नुभएको छ। दोस्रो स्कन्धको दोस्रो श्लोकमा छ– वेदहरूको वर्णन-शैली नै यसप्रकारको छ कि मानिसहरूको बुद्धि स्वर्ग आदि निरर्थक नामहरूको चक्करमा फस्न जान्छ। जीवले सुखको वासनाले गर्दा स्वप्न जस्तो देख्दै भट्किन लाग्दछ; तर यस माया लोकमा कतै पनि त्यसलाई सच्चा सुखको प्राप्ति हुँदैन।' आश्चर्य छ! मस्तरामले यो श्लोक देखेन?

धर्मको विशुद्ध स्वरूप गीतामा द्रष्टव्य छ। अध्याय २/१६-२९मा भगवान् श्रीकृष्णको अनुसार असत् वस्तुको अस्तित्व छैन र सत्को कहिल्यै अभाव हुँदैन। परमात्मा नै सत् हुन् तर उनी अचिन्त्य पनि हुन्। जबसम्म चित्त र चित्तको तरंग छ तबसम्म उनलाई देख्न सकिदैन। चित्तको निरोध गरेर त्यो परमात्मालाई पाउने विधिको नाम कर्म हो। यस कर्मलाई कार्यरूप दिनु धर्म हो अर्थात् प्रभुसंग मिलन गराइदिने क्रियामा हिड्नु नै धर्म हो।

गीता, २/४०मा छ कि यस कार्यरूपी धर्मको अलिकति साधनले पनि जन्म-मृत्युको महान् भयबाट उद्धार गराउने वाला हुन्छ अर्थात् यस कर्मलाई गर्नु नै धर्म हो।

यस नियत कर्म (साधन-पथ)लाई साधकको स्वभावमा उपलब्ध क्षमतानुसार चार भागहरूमा बाँडिएको छ। कर्मलाई बुझेर मानिसले जबदेखि आरम्भ गर्दछ, त्यस आरम्भिक अवस्थामा ऊ शूद्र हो, क्रमशः विधि पकड़मा आयो भने ऊ नै वैश्य हो। प्रकृतिको संघर्ष खेप्ने क्षमता र शौर्य आएपछि ऊ नै क्षत्रिय र ब्रह्मको तद्रूप हुने योग्यताहरू (ज्ञान-विज्ञानादि) आएपछि ऊ नै ब्राह्मण हो।

गीता १८/४६-४७मा भन्नुहुन्छ कि स्वभावमा पाइने क्षमताको अनुसार कर्ममा लाग्नु स्वधर्म हो। हलुका भए पनि स्वभावले उपलब्ध स्वधर्म श्रेयस्कर हुन्छ। तर क्षमता अर्जित नगरिकन अरूको उन्नत धर्मको देखासिकी गर्नु हानिकारक हुन्छ। स्वधर्ममा मृत्यु पनि कल्याणकारी हुन्छ। जहाँबाट साधन छुटेको थियो त्यहींबाट फेरि आरम्भ हुनेछ। खुड़किला अनुसार हिड़ेर, त्यसले परमसिद्धि अविनाशी पद प्राप्त गर्नेछ।

जुन परमात्माबाट सबै प्राणिहरूको उत्पत्ति भएको छ, जो सबैतिर व्याप्त छ, स्वभावले उत्पन्न क्षमता अनुसार उनलाई राम्रो प्रकारले पूजेर मानवले परमसिद्धि प्राप्त गर्दछ– अर्थात् निश्चित विधिद्वारा एक परमात्माको चिन्तन नै धर्म हो।

धर्म गर्ने अधिकार कसलाई छ? योगेश्वरले भन्नुभयो कि अत्यन्त दुराचारीले पनि यदि अनन्य भावले अर्थात् अरू कसैलाई नभजेर मात्र मलाई भज्दछ भने ऊ चाँड़ै धर्मात्मा हुनजान्छ, उसको आत्मा धर्मसंग संयुक्त हुनजान्छ। अतः श्रीकृष्णको अनुसार धर्मात्मा त्यो हो जो एक परमात्मासंग अनन्य निष्ठाको साथ लागेको छ। धर्मात्मा त्यो हो जो एक परमात्माको प्राप्तिको लागि नियत कर्मको आचरण गर्दछ। धर्मात्मा त्यो हो जो स्वभावले नियत भएको क्षमता अनुसार परमात्माको शोधमा संलग्न छ।

अन्तमा भन्नुहुन्छ– अर्जुन! सम्पूर्ण धर्मको चिन्ता छोड़ेर एकमात्र मेरो शरणमा आउ। अतः एक परमात्माप्रति समर्पित व्यक्ति नै धार्मिक हो। एक परमात्मामा श्रद्धा स्थिर गर्नु नै धर्म हो। त्यस एक परमात्माको प्राप्तिको निश्चित क्रियालाई गर्नु नै धर्म हो। यस स्थितिलाई प्राप्त महापुरुष, आत्मतृप्त महापुरुषहरूको सिद्धान्त नै सृष्टिमा एकमात्र धर्म हो। उनको शरणमा जानु पर्दछ कि ती महापुरुषहरूले कसरी परमात्मालाई पाए? कुन मार्गबाट हिड़े? उनीहरू सबैको मार्ग सधैं नै एउटै छ। त्यस मार्गबाट हिड्नु धर्म हो।

धर्म मानिसको आचरणको वस्तु हो र त्यो आचरण निर्धारित छ, नियत छ। त्यसबाहेक मनमानी, जे मन लाग्यो त्यही गर्नु धर्म होइन, चाहे त्यो धर्मको नाममा नै किन नगरियोस्? यसमा निश्चयात्मक क्रिया एउटै छ। इन्द्रियहरू, जो विषयहरूतिर दौड़ि रहन्छ, त्यसलाई संयत गरेर इष्टतिर मोड्नु छ। इन्द्रियहरूको चेष्टा र मनको व्यापारलाई संयमित गरेर आत्मातिर प्रवाहित गर्नु छ। (४/२७)। यस संयमको लागि गीतामा स्थान–स्थानमा उपायहरू बताइएका छन्– एकान्त सेवन, स्वल्पाहार, ब्रह्मचर्य, ॐको जप, सद्गुरुको ध्यान– यी सबै गर्नु धर्म हो र गीतामा प्राप्त निर्विवाद, सजिलो, क्रमबद्ध र पूर्ण साधनलाई छोड़ेर ग्रन्थहरूको नाममा यता–उति भाग्नु धर्म होइन।

कतै लेखिएको भए पनि कुनै कुरालाई आँखा चिम्लेर मान्नु विवेक सम्मत हुँदैन। अतः वेदको नाममा दशौंवटा ब्राह्मण ग्रन्थ, आरण्यक, सयकड़ौं

उपनिषद्, वेदान्त अथवा अरू शास्त्रहरू तथा सयकड़ौं स्मृतिहरूलाई अपौरुषेय वा ईश्वरप्रणीत भनेर मान्न लगाउनु श्रद्धाको दुरुपयोग हो। मानिसहरूले देखे कि अपौरुषेय भनेपछि ग्रन्थको महत्व बढ्छ, त्यसैले प्रत्येक साहित्यलाई अपौरुषेय भन्न थाले। बृहदारण्यक उपनिषद्मा छ कि ऋक्, यजुः, साम, अथर्व, इतिहास, पुराण, उपनिषद्, श्लोक, सूत्र, व्याख्यान, अनुव्याख्यान इत्यादि सबै ईश्वरका निःश्वास हुन् र अपौरुषेय हुन्। (बृहद., २/४/१०) यसप्रकार मत्स्यपुराणमा भगवान् मत्स्य भन्नुहुन्छ–

पुराणं सर्वशास्त्राणां प्रथमं ब्रह्मणा स्मृतम्।
अनन्तरं च वक्त्रेभ्यो वेदाश्च विनिर्गतः।। (५३/३)

अर्थात् सबैभन्दा पहिले ब्रह्माले पुराण बनाउनुभयो र त्यसपछि वेदको रचना गर्नुभयो। पुराणमा लेखिएको भए भने के मानी हाल्नु पर्दछ? पाँचौं–छैठौं श्लोकमा मत्स्य भगवान्ले भन्नुहुन्छ कि सबैजना नष्ट भएपछि मैले नै अश्वरूपले व्याकरणादि छःवटै अंगहरू सहित चारवटै वेद, पुराण, न्यायशास्त्र, मीमांसा र धर्मशास्त्रको संकलन गरेको थिएँ। बृहदारण्यक (६/२/१३) तथा छान्दोग्य (५/८/१–२)मा यज्ञको लागि दिइएको अश्लील उपमालाई अपौरुषेय भन्नु पर्ने के औचित्य छ? सामवेद गायनको उपमा छान्दोग्य उपनिषद्मा हेरौं–

उपमन्त्रयते स हिंकारो ज्ञपयते स प्रस्तावः स्त्रिया सह शेते स उदगीथः प्रतिस्त्री सह शेते स प्रतिहारः कालं गच्छति तन्निधनं पारं गच्छति तन्निधनमेतद्वामदेव्यं मिथुने प्रोतम्।

स य एवमेतद्वामदेव्यं मिथुने प्रोतं वेद मिथुनी भवति, मिथुनान्मिथुनात्प्रजायते सर्वमायुरेतिज्योग्जीवति महान्प्रजया पशुभिर्भवति महान्कीर्त्या न काञ्चन परिहरेत्तव्द्व्रतम्।। (२/१३/१–२)

अर्थात् स्त्री–पुरुषको परस्पर संकेत हिंकार हो, सहमति प्रस्ताव हो, एउटै पलंगमा संग–संगै सुत्नु उद्गीथ हो..... इत्यादि। यहाँ सामवेद गायनको तुलना मैथुनसंग गरिएको छ। **न कांचन परिहरेत् तत व्रतम्**– अर्थात् कुनै पनि स्त्रीलाई छोड्नु हुँदैन– यही व्रत हो। शांकर भाष्यकारले यसको अर्थ गरेको छ– '**न कांचन कांचदपि स्त्रियं स्वात्मतल्प प्राप्तां न परिहरेत समागमार्थनाम्**' अर्थात् समागम चाहने जो आफ्नो ओछ्यानमा आएकी छिन्, यस्तो कुनै पनि स्त्रीलाई न छोड़नु। के यो नै भगवति श्रुति हो?

छान्दोग्य उपनिषद्मा छ, '**चन्द्र इव राहोर्मुखात् प्रमुक्ष्य।**' (**८/१३/१**)- जसरी चन्द्रमा राहुको मुखबाट छुट्दछ। चन्द्रमालाई राहुले खान्छ र फेरि ओकली दिन्छ। के सृष्टिकर्तालाई आफ्नो सृष्टिको बारेमा थाहा छैन कि ग्रहण कसरी लाग्दछ?

बृहदारण्यकमा छ, '**कस्मिन्नु खल्वादित्यलोका ओताश्च प्रोताश्चेति चन्द्रलोकेषु गार्गीति**' (३/६/१) गार्गीले सोधेकी थिइन् कि सूर्यलोक कसमा स्थित छ? याज्ञवल्क्यले जवाफ दिए- चन्द्रलोकमा! यहाँ चन्द्रलोकलाई सूर्यलोकभन्दा ठूलो अर्थात् सूर्यलाई चन्द्रमाबाट निस्किएको भनियो। ऋषिहरूका यस वाद-विवादलाई के भगवान्को वाणी भन्नु जरूरी छ?

आदरणीय मस्तरामको हठ त्यहाँ पनि हेर्न लायक छ जहाँ वहाँले अझै पनि भन्नुहुन्छ कि बादल यज्ञको धुवाँबाट बन्दछ। आफ्नो पक्ष बलियो बनाउनको लागि वहाँले महाकवि कालिदास तथा पूज्य उड़िया बाबाको उदाहरण पनि दिनुहुन्छ। बादल त जसरी बन्दछ त्यसरी नै बन्दै गर्नेछ, के यी महानुभावहरूको नाम लिंदैमा त्यसको निर्माण-क्रियामा परिवर्तन भैहाल्छ?

बादल बनाउनको लागि आचार्यश्री वेद, उपनिषद्, पुराण र स्मृतिबाट ओर्लेर कालिदासजीसम्म पुग्नुभयो। अलिकति अझै अगाड़ि बढ्नु भएको भर वहाँलाई श्री प्रभुदत्त ब्रह्मचारीको चैतन्य चरितावली प्रथम खण्ड, अनेक ग्रन्थहरू तथा वामन शिवराम आप्टेको संस्कृत-हिन्दी कोशमा स्मृति धर्मशास्त्रको रूपमा उद्धृत '**जन्मना जायते शूद्रं.....**' वाला श्लोक पनि पाउनु हुन्थ्यो होला।

कालिदासजीको एउटा अर्को वर्णनलाई लिउँ। लोकालोक नामक एउटा पर्वत छ जसले पृथ्वीलाई चारैतिरबाट घेरेको छ। पृथ्वीका सात द्वीप छन्। सातौं द्वीपको पनि बाहिर एउटा पर्वत छ। त्यसको पारी पट्टी अन्ध्यारै अन्ध्यारो छ र यसको वारिसम्म मात्र सूर्यको प्रकाश पुग्दछ। अतः यो पर्वतले अन्धकार र प्रकाशलाई अलग छुट्याउँछ। कालिदासजीले यस पर्वतको विषयमा भन्नु भएको छ- **प्रकाशश्चाप्रकाशश्च लोकालोक इवाचलः** (**रघुवंश, १/६८**)। महाकविसंग कविसत्य पनि हुन्छ। चकोरले आगो खान्छ- यो कविसत्य हो। हाँसले मानसरोवरको मोती टिप्छ- यो पनि कविसत्य हो। कविसंग उक्ति वैचित्र्य हुन्छ, वाग् विदग्धता हुन्छ, काव्य हुन्छ, त्यसबाट रसानुभूतिको आशा हुन्छ, न कि वैज्ञानिक परीक्षणको।

यसैप्रकार सन्तसित ऋषिसत्य हुन्छ, योगपरक शब्द हुन्छ। श्रीरामकृष्ण परमहंसजीले भन्नुभयो कि 'गीता गीता' दुई–चार चोटी दोहऱ्याउँदा 'तागी तागी' अर्थात् त्यागी बन्दछ। अतः गीताको सार त्याग हो। अब तपाईंले सोध्नु होला कि यो कस्तो विधि हो? जबकि वहाँले गीताको सही आशय भन्नुभयो।

सन्तहरूले भनाईको भावमा विचार गर्दछन्। सन्तकहाँ तपाईं व्याकरण, छन्द अथवा निरुक्त सिक्न जानु हुन्न। अतः कुन शब्दमा कहाँ उपसर्ग, कहाँ प्रत्यय, कहाँ कृत र कहाँ तद्धित हुन्छ– यसको समाधान शिक्षाविद्को क्षेत्रको वस्तु हो, धर्म त्यसको रणांगन कदापि होइन।

सन्त इनसाइक्लोपीडिया पनि हुँदैन। कुनै ग्रन्थलाई घोक्नु भगवत्पथमा अनिवार्य पनि छैन। कति पुस्तकहरू लेखिए र कति अझै पनि मौखिक, हस्तलिखित प्राप्य अथवा अप्राप्य छन्। लगनशील साधकको लागि यस प्रश्नको पनि कुनै उपयोग छैन। साथै यस प्रश्नलाई फेरि सोधेर म पूज्यश्रीलाई संकोचमा मार्न चाहनन् कि 'नास्तिकों.....' वाला पुस्तिकामा गोस्वामी तुलसीदासजीको नाममा यो दोहा वहाँले कहिले रचनुभयो– 'ब्रह्म ज्ञान जाना नहीं, कर्म दिया छटकाय। सो नर पाँवर मूढ़ है, पुनि पुनि नरकहि जाय।।'

छान्दोग्य उपनिषद्मा छ कि– हे सोम्य! राजकर्मचारीले पुरुषलाई हाथ बाँधेर ल्याउँछ र भन्छ कि यसले चोरी गरेको छ। राजाले फलामको फर्सा तताएर उसको हातमा राख्न लगाउँछ। यदि ऊ साँच्चि नै चोर हो भने हात जल्दछ (८/१३/१)। आचार्यश्री स्वयंले निर्णय गर्नुहोस् कि अज्ञानमा आधारित यस प्रथालाई अपौरुषेय भनेर कति मानिसहरूलाई यसको पालन गर्न लगाउन सक्नु हुन्छ? निर्दोष हुँदा–हुँदै पनि के वहाँ स्वयम् यस्तो परीक्षणहरूको लागि प्रस्तुत हुन सक्नुहुन्छ? के यी वाणीहरू अपौरुषेय हुन्?

जुन प्रकारले यी आर्षग्रन्थहरूमा प्रक्षिप्त अंश छन्, त्यसै प्रकार यिनीहरूको भाष्यमा पनि प्रदूषण स्पष्ट छ। उदाहरणको लागि चौधौं शताब्दीमा विजय नगरका राजा बुक्कका दीवान (प्रधानमंत्री) सायणाचार्यले पण्डितहरूको सहायताले वेदहरू र ब्राह्मण ग्रन्थहरूको भाष्य गरे। त्यसपछि उबट र उबटपछि महीधर भए, जसले सायण र उबटलाई आधार मानेर वेदहरूको भाष्य गरे। यहाँ प्रस्तुत छ यजुर्वेदको तेइसौं अध्यायको उन्नाइसौं कण्डिका–

गणनां त्वा गणपतिँ्हवामहे प्रियानां त्वा प्रियपतिँ्हवामहे निधीनां त्वा निधिपतिँ्हवामहे वसो मम। आहमजानि गर्भधमा त्वमजासि गर्भधम्।

यसको भाष्य गर्दै महीधर लेख्नुहुन्छ– '**अस्मिन् मंत्रे गणपति शब्दादश्वो बाजी ग्रहीतव्य इति। तद्यथा महिषी यजमानस्य पत्नी, यज्ञशालायां पश्यतां सर्वेषामृत्विजामश्वसमीपे शेते शयानां सत्याह, हे अश्व! गर्भधं गर्भं दधाति, गर्भधं गर्भधारकं रेतः, अहं आ अजानि आकृष्य क्षिपामि त्वं च गर्भधं रेतः आ अजासि आकृष्य क्षिपसि।**' आशय यो छ कि यजमानको पत्नी यज्ञगराउने पण्डितको सामुन्ने घोड़ाको नजिक सुतोस् र त्यसबाट गर्भधारण गराउनको लागि भनोस्।

सायणाचार्य जी ऋग्वेद प्रथम मण्डलको सूक्त चौबीसदेखि तीससम्मको भाष्यमा शुनःशेपको कथा लेखेर वेदहरूमा नरबलिको भयंकर उदाहरण देखाएको छ र शुनःशेपको अर्थ 'शुन इव शेपः यस्य' अर्थात् कुकुरको..... गरेको छ।

वहाँकै शैलीमा आचार्यवरले आफ्नो पुस्तिकाको पृष्ठ बाह्रमा वेदहरूमा जाति देखाउनको लागि आपस्तम्ब धर्मसूत्र, शतपथ ब्राह्मण, ऐतरेय ब्राह्मण, पातंजल योगदर्शन, तैत्तिरीय आरण्यक तथा निरुक्तको उदाहरण दिनुभएको छ, तर चार वेदहरू बाहेक यी ग्रन्थहरू पनि के वेद हुन्? यी उदाहरणहरूको जातिपरक अर्थ लगाएर श्रीमन्ले विद्वताको दुरुपयोग नै गर्नुभएको छ। उदाहरणको लागि पातञ्जल योगदर्शनबाट तपाईंले दिएको उदाहरण '**सतीमूले तद्विपाको जात्यायुर्भोगाः**' नामक सूत्रमा जाति शब्दको अर्थ भारतमा प्रचलित जाति–व्यवस्था होइन। साधनपादको यस तेह्रौं सूत्रको पहिले बाह्रौं सूत्रमा छ कि वासनाहरूको फल वर्तमान तथा आउनेवाला जन्महरूमा भोग्नु पर्दछ। तेह्रौं सूत्रमा यही फल जाति, आयु र भोग हो– भनिएको छ। जातिको अर्थ यहाँ जन्म हो। मानिस, पशु, कीरा–फट्याङ्ग्रा आदि योनिहरूमा जन्म जाति हो। धेरै समयसम्म जीवको एउटा शरीरसंग सम्बन्ध आयु हो। इन्द्रियहरूको रूप–रसादिक विषयहरू भोग हुन्। यसै योगशास्त्रको कैवल्यपादको अर्को सूत्र छ– '**जात्यन्तरपरिणामः प्रकृत्यापूरात्।**' अर्थात् प्रकृति पूर्ण भएपछि एक जाति अर्को जातिमा बदलिन्छ। भारतको जाति–व्यवस्थामा यो लक्षण कहाँ पाइन्छ र?

ठीक यही कुरा भागवतको नवम स्कन्ध, द्वितीय अध्यायको श्लोकहरूमा छ कि मनुपुत्र धृष्टबाट धार्ष्टय नामक क्षत्रिय भए, जो अन्तमा यसै शरीरबाट ब्राह्मण बने। मनुपुत्र नरिष्यन्तबाट चित्रसेन, उनीबाट ऋक्ष, ऋक्षबाट मीटवान, उनीबाट कूर्च, उनीबाट इन्द्रसेन, उनीबाट बीहिहोत्र, उनीबाट सत्यश्रवा, उनीबाट उरुश्रवा, उनीबाट देवदत्त, उनीबाट अग्निवेश्य नामक पुत्र भए; जसबाट ब्राह्मणहरूको अग्निवेश्यायन गोत्र चल्यो। चतुर्थ स्कन्धको चौधौं-पन्ध्रौं अध्यायमा ब्राह्मणहरूद्वारा पुत्रहीन राजा वेनको तिघ्राबाट निषाद र भुजाहरूबाट पृथु र अर्चिको उत्पत्तिको वर्णन छ, जसले एक-आपसमा विवाह गरे। कहाँ गयो त्यो भनाई कि ब्राह्मण विराट्को मुखबाट उत्पन्न भए? स्कन्ध तीनको बाह्रौं अध्यायमा ब्रह्माका पुत्र मरीची आदि ऋषिहरूले सरस्वती सम्बन्धि आसक्तिको लागि वहाँलाई झपारेका थिए कि तपाईंभन्दा पूर्ववर्ती कुनै पनि ब्रह्माले यस्तो संकल्प गरेका थिएनन्? स्पष्ट छ कि ब्रह्मा पनि व्यवस्थाकार मात्र हुन्, उनीभन्दा पहिले पनि सृष्टि थियो।

आश्रमको पुस्तिकामा छ कि झल्ल, मल्ल, लिच्छिवी जातिहरू जसको वर्णन मनुस्मृतिमा छ, महाभारतकाल पछिका हुन् भने सुहृदवर आचार्यजीले यजुर्वेदका केही शब्दहरूको साम्य जातिहरूसंग मिलाएर वेदमा जाति-प्रथा रेखांकित गर्न आवश्यक श्रम गर्नुभएको छ। यी शब्दहरूलाई जातिसूचक मान्ने धेरै भाष्यकारले शुक्ल यर्जुवेदको तीसौं अध्यायलाई विभिन्न जातिका व्यक्तिहरूको बलि चढ़ाउने नरमेध यज्ञको वर्णन मान्नु हुन्छ। अतः सम्पूर्ण तीसौं अध्यायमा विचार गर्नु पर्ने हुन्छ, जसमा कुल २२ मन्त्र छन्। पहिलो मंत्रमा ईश्वरसंग सत्कर्मको प्रेरणाको लागि प्रार्थना गरिएको छ। अर्को प्रसिद्ध गायत्री मंत्र छ, जसमा सबैतिर व्याप्त एक परमात्माप्रति समर्पण छ। तेस्रो मन्त्रमा खराबीहरूबाट टाढा रहने तथा सत्पथमा चलाउने प्रार्थना छ तथा चौथोदेखि बाइसौं मन्त्रसम्म शिक्षा दिइएको छ कि उत्तम रहन-सहन एवं कल्याणको लागि मानिसले के गर्नु पर्दछ।

यजुर्वेदको उपयुक्त मंत्रहरूमा एक सय चौरासी प्रकारका ज्ञान-विज्ञान, कला-कौशलको वर्णन छ। मस्तरामजीको भनाई अनुसार यिनीहरूमा छत्तीस शब्द जातिसूचक छन् भने बाँकी एक सय अड्चालिस शब्दहरूको के हुन्छ होला? यिनै मंत्रहरूमा छ '**योगाय योक्तारम्**'- योगको लागि योगीलाई,

'प्रियाय प्रियवादिनम्'– प्रेमको लागि प्रिय वक्तालाई, **'सन्धये जारम्'**– सम्झौताको लागि वृद्ध व्यक्तिलाई, **'क्षेमाय विमोक्तारम्'**– कल्याणको लागि मुक्तिदातालाई, **'भूत्यै जागरणम्'**– उन्नतिको लागि जागरणलाई, **'वृद्धयै अपगल्भम्'**– अभ्युदयको लागि गर्वहीनतालाई वरण गर्नु पर्दछ। यी मन्त्रहरूमा प्रयुक्त मुक्तिदाता अथवा योगी कुनै जाति होइन। वृद्ध कुनै जाति होइन। जागरण, गर्वहीनता इत्यादि पनि कुनै जाति होइनन्।

यी मन्त्रहरूमा नरमेध देख्ने मानिसहरू 'ब्राह्मणे ब्राह्मणम् आलभते'को अर्थ लगाउँछन् कि ज्ञानको लागि ब्राह्मणको बलि चढ़ाउनु पर्दछ। यहाँ 'आलभ'को अर्थ हनन गर्नु उचित हुँदैन बरू आशय हुन्छ कि ज्ञानको लागि ज्ञानीको संगमा जानु पर्दछ, उसको आश्रय लिनु पर्दछ, ऊप्रति समर्पित हुनु पर्छ। यो त वर्णन–शैलीको चमत्कार हो कि जसले ब्राह्मणको विद्या लिन चाहन्छ उसले आफ्नो मस्तक काटेर ब्राह्मणको मस्तिष्क लेओस्, आफ्नो मस्तिष्कको रूढ़िहरूको त्याग गरेर विचारहरूलाई आफूमा ढालोस्। यही सन्त कबीरले भन्नुहुन्छ– **'यह तो घर है प्रेम का, खाला का घर नाहिं। सीस काटि चरननि धरै, तब पैठे घर माहिं।।'** विद्वतजनहरूसंग अनुरोध छ कि यी मन्त्रहरूमा धेरै विचार गर्नुहोस् तथा यिनीहरूको जातिवाचक तथा नरमेधवाचक सन्दर्भ न रचनु होस्।

यस्तै असंगत अर्थ गीताको **'धर्माविरुद्धो भूतेषु कामोऽस्मि भरतर्षभ।'** (७/११)को पनि हेर्न पाइन्छ कि धर्मानुकूल काम अर्थात् ऋतुकालमा आफ्नो पत्नीसंग पुत्र उत्पत्तिको लागि मैथुन गर्नु धर्म हो– **'ऋतौ च मैथुनं धर्म्यं पुत्रोत्पत्ति निमित्ततः।'** वहाँले भन्नुहुन्छ कि यस्तो आज्ञा तैत्तिरीय उपनिषद्को शिक्षावल्लीको नवम तथा एकादश अनुवाक्मा छ। यसकारण यस्तो नगर्दा पाप लाग्दछ। शांकर भाष्यकारको अनुसार प्राणिहरूका जुन कामना शास्त्रको अविरुद्ध छ, जस्तै– देह धारण मात्रको लागि आवश्यक खानु–पीउनु, विषयभोग गर्नु यति भगवान्को आज्ञा हो। गीतामा छ धर्म अविरुद्ध, यिनले गरीदिए शास्त्र अविरुद्ध। देह धारण मात्रको लागि आवश्यक खाने–पीउने, विषयभोग गर्ने कुरा आफ्नो मनले जोड़ी दिए। त्यसो भए सबै दरिद्रहरू जसले जसो–तसो देह धारण मात्रको लागि भोजन–वस्त्र पनि जुटाउन सक्दैनन्–भगवान्का विभूति हुन्? हुनसक्छ यसैकारण भगवान्लाई दीनबन्धु अथवा दरिद्र नारायण भनिएको होला।

यदि गीताको यही अर्थ हो भने यो भन्दा ठूलो अनर्थ के होला? यसको त सोझो अर्थ हो कि परमधर्म हो परमात्मा। उसको अविरुद्ध अर्थात् अनुकूल कामना अर्थात् परमात्माको प्राप्तिको कामना पनि भगवान्को देन हो। कामनाहरू सबै नराम्रा हुन्छन्, मात्र एउटालाई छोड़ेर र त्यो हो एक परमात्मालाई प्राप्त गर्ने इच्छा। भगवान्ले गीतामा भन्नुहुन्छ– '**माम् इच्छाप्तुम्**'– धनंजय! मेरो प्राप्तुको इच्छा गर।

यसै प्रकार कर्मको मनोरंजक व्याख्या गीताको तथाकथित शांकर भाष्यमा हेरौं। अध्याय ३/१४मा लेख्नुहुन्छ '**ऋत्विग्यजमानयोः च व्यापारः कर्म**' ऋत्विक र यजमानको व्यापारको नाम कर्म हो, यस कर्मबाट यज्ञको उत्पत्ति हुन्छ। अध्याय ४/१२मा लेख्नुहुन्छ कि वर्ण र आश्रम कर्म हुन्– '**मानुषे लोके वर्णाश्रमादि कर्माधिकारं**' जबकि गीतामा आश्रम–व्यवस्था जस्तो कुनै शब्द आएको छैन। अध्याय ८/३मा भाष्यकार महोदयले लेख्नुहुन्छ– '**देवतोद्देशेन चरु पुरोडशादिः द्रव्यस्य परित्यागः स एष विसर्ग लक्षणो यज्ञः कर्मसंज्ञित एतस्माद् हि बीजभूताय वृष्ट्यादि क्रमेण स्थावरं जंगमानि भूतानि उद्भवन्ति।**' अर्थात् देवताको उद्देश्यले चरु पुरोडश आदि हवन गर्न योग्य वस्तुहरूको त्यागरूपी यज्ञ कर्म नामबाट हुन्छ भनिन्छ, जसले गर्दा वृष्टि आदिको क्रममा सम्पूर्ण प्राणी उत्पन्न हुन्छन्। स्पष्ट छ कि यी भाष्यकार महोदयले जसलाई कर्म र यज्ञ भने, गीतामा त्यो छँदै छैन।

भाष्यकारले मनोगत भाव तैत्तिरीय उपनिषद्को शिक्षावल्लीको एघारौं अनुवाक्मा प्रष्टसंग देखिएको छ। त्यहाँ छ– '**ये के चास्मच्छ्रेयांसो ब्राह्मणः तेषां त्वयासनेन प्रश्वसितव्यम्**' अर्थात् हामीमध्ये जो श्रेयमार्गी ब्राह्मण छन् ती सबैलाई तिमीले आसनादिद्वारा सत्कार गर्नु पर्दछ। यिनको शांकरभाष्य हेरौं– '**ये के च विशेषिता आचार्यत्वादि धर्मेरस्मदस्मतः श्रेयांसः। प्रशस्यतरास्ते च ब्राह्मणा, न क्षत्रियादयः तेषामासनेनासन दानादिना त्वया प्रश्वसितव्यम्**' कि आचार्य इत्यादि धर्महरूको कारण जो कोही हामी भन्दा श्रेष्ठ हुन् र ब्राह्मण पनि हुन्– क्षत्रिय आदि होइनन्, उनीहरूलाई नै आसनादिद्वारा सत्कार गर्नु पर्दछ।

पूज्य आदि शंकराचार्यजीको नामले प्रचलित यी भाष्यहरूलाई देखेर नै स्वामी विवेकानन्दजीले वहाँप्रति भन्नुभयो– "शंकरको बुद्धि छुराको धार जस्तो

तीखो थियो। वहाँ विचारक हुनुहुन्थ्यो र पण्डित पनि। तर वहाँमा गहिरो उदारता थिएन र यस्तो अनुमान गर्न सकिन्छ कि वहाँको हृदय पनि त्यस्तै प्रकारको थियो। यसबाहेक वहाँमा ब्राह्मणत्वको अभिमान धेरै थियो। एउटा दक्षिणी पुरोहित जस्तै ब्राह्मण हुनुहुन्थ्यो अरू केही पनि होइन? आफ्नो वेदान्त भाष्यमा कस्तो बहादुरीको साथ समर्थन गर्नुभएको छ कि ब्राह्मणबाहेक अरू जातिहरूलाई ब्रह्मज्ञान हुन सक्दैन। वहाँको विचारको के प्रशंसा गरूँ? विदुरको उल्लेख गर्दै वहाँले भन्नुभएको छ कि पूर्वजन्ममा ब्राह्मण–शरीर भएको कारणले उनी (विदुर) ब्रह्मज्ञ भएका थिए। त्यसो भए, यदि आजकल कुनै शूद्रले ब्रह्मज्ञान प्राप्त गऱ्यो भने के शंकरको मतानुसार भन्नु पर्ला कि पूर्वजन्ममा ऊ ब्राह्मण थियो? ब्राह्मणत्वलाई लिएर यस्तो खींचातानी गर्नु पर्ने के प्रयोजन? फेरि वहाँको हृदय हेरौ, शास्त्रार्थमा पराजित गरेर कयौं बौद्ध श्रमणहरूलाई आगोमा फालेर मार्नुभयो। शंकराचार्यका यी कार्यहरू संकीर्ण दीवानापनबाट निस्केको पागलपन बाहेक अरू के हुन सक्दछ?....."(विवेकानन्द साहित्य, खण्ड ६, पृष्ठ ८१–८२)

वास्तवमा वेद तथा महापुरुषहरूको नामबाट प्रचारित भाष्यहरूमा अनेक प्रक्षिप्त अंश छन्, अतः ती आदरणीय पूर्वजहरूको नाम प्रचार गर्नुभन्दा वहाँहरूबाट मूल उपदेश लिएर आफ्नो र समाजको उन्नति गर्दै अगाड़ि बढ्ने प्रयास नै श्रेयतर हुन्छ। जुन जातिले आत्मचिन्तनलाई छोड़ेर ग्रन्थहरूसंग टाँसिएर बस्दछ, त्यसमाथि मुर्दाहरूले शासन गर्दछन्। त्यो जीवन्त रहन सक्दैन। सुविज्ञ–जनहरूसंग विनम्र निवेदन छ कि वेदको नाममा आतंक फैलाएर घृणित स्वार्थ साधने काम बन्द गर्नुहोस्।

पहिले सनातनको नाममा छुआछुत धर्म थियो। कसैलाई छुँदाखेरी, कसैको हातले छोएको पानी पिउनाले, उसको हातले पकाएको एक गाँस भात खानाले धर्म नष्ट भएको मानिन्थ्यो। कुनै बेला देववाणी संस्कृतलाई छोड़ेर ग्रामीण भाषामा शास्त्ररचना गर्नु अधर्म थियो। कुनै बेला समुद्र पारीको यात्रा गर्नु अधर्म थियो। यसको लागि कति जनालाई धर्मबाट बहिष्कृत गरियो। आज त ठूल्ठूला धर्माचार्यहरूले बिमारी हुँदा अरूको रगत चढाउँछन्। सबैले सबैलाई छोए, सबैको साथमा खाए। कुनै धर्म–बहिष्कृत हुँदैन।

सबै थोक गरेर धर्मको नाममा बचेको छ– गाई। त्यसको धार्मिकता प्रमाणित गर्न न सक्दा मस्तरामले नाम दिनुभयो स्वामी दयानन्दजीको र उदाहरण

दिनुभयो कि १८५७ ई.को क्रान्ति गाईको बोसोको कारण भएको थियो तथा सिखहरूको कूका आन्दोलन गाईको सुरक्षाको लागि भएको थियो। सन् सन्ताउनको स्वतन्त्रता संग्राममा प्रयोग त सुंगुरको बोसोको पनि भएको थियो भने के सुंगुर धर्म भयो? कति भ्रान्ति छ, हिन्दूहरूको लागि शूकरावतार भगवान् हुन्, तर मुसलमानको लागि हराम। धर्मको राजनीतिक उपयोग गर्दा खेरी यस्तो नै हुने गर्दछ। कहिले रोटीको लागि क्रान्ति भएको छ भने कहिले टैक्स दिने–नदिने प्रश्नमा। योसंग धर्मको के मतलब? गाईलाई धर्म भन्नको लागि मस्तरामले सिखहरूलाई प्रमाण मान्नु हुन्छ, तर जुन आदर्शमा सिखधर्म टिकेको छ, जस्तो– एक ईश्वरको भावना, मूर्तिपूजाको निःसारता, वर्ण–व्यवस्थाको व्यर्थता, यी सबैतिरबाट मस्तरामले आँखा चिम्लिनु भएको छ। गुरुनानकका प्रधान शिष्य मरदाना मुसलमान थिए; तर मस्तरामले यी आदर्शको अनुकरण गर्न सक्नु हुन्न।

कूका आन्दोलनको नेता भाई रामसिंहको जन्म सन् १८२४ ई.मा भैणी नगर जिल्ला लुधियानामा भएको थियो। युवावस्थामा वहाँ महाराजा रणजीत सिंहको सेनामा रही सक्नु भएको थियो। वहाँका अनुयायीलाई नामधारी वा कूका भनिन्छ। कूकाको अर्थ हो कूक गर्नेवाला। यस पंथका अनुयायीहरूले आराधनाको समयमा टाउको हल्लाउने र कराउने गर्दछन्, अन्तमा 'सत् श्री अकाल' भनेर भावावेशमा पनि आउँछन्। आरम्भमा यो पंथ पुरोहितहरूको कर्मकाण्ड र सामाजिक विसंगतिको विरोधमा बन्यो, तर पछि गएर यो अंग्रेजहरूको विरुद्ध स्वतन्त्रता प्राप्तिको आन्दोलन बन्न गयो। रामसिंहजीले पंजाब प्रान्तलाई २२ जिल्लाहरूमा विभाजन गरेर आफ्नो पक्षबाट अध्यक्ष बनाए तथा अंग्रेजी स्कूल, रेल, तार, डाक र अदालतहरूको बहिष्कार गराएर आफ्नो निजी प्रबन्ध बनाए। उनका अनुयायीहरू खद्दर लगाउँथे। उनीहरू गो–वधको विरुद्ध थिए। उनका अनुयायीहरूबाट कसाईहरूको हत्या गरिंदा गुरु रामदासजीलाई रंगुन (काला पानी) पठाइयो, जहाँ १८८५ ई.मा उनको देहान्त भयो। यस सम्पूर्ण प्रकरणबाट यो निष्कर्ष निकाल्नु कहाँसम्म उचित हुन्छ कि गाई सनातन धर्म हो?

यसैप्रकार स्वामी दयानन्दजीको स्मरणको लागि मस्तरामजी साधुवादको पात्र हुनु हुन्छ, तर दयानन्दजीले पनि 'गो करुणानिधि' नामक पुस्तिका गो–

हत्याको विरुद्ध लेख्नुभएको छ। गाईको धार्मिकता अथवा पुच्छर समातेर वैतरणी पार गराउने ढोंगको समर्थन दयानन्दजीको कुनै पनि पुस्तिकामा छैन। आश्रमको पुस्तिकाहरूमा पनि गाईको उपयोगिता तथा गोवंशको संवर्धनमाथि जोर दिइएको छ। अतः अकारण यो दुष्प्रचार किन कि हामी गाई विरोधी छौं।

गाईधर्म खोज्दा–खोज्दै बाबाजी दयानन्दजीको 'गो करुणानिधि'सम्म जानुभयो तर आश्चर्य छ कि 'शंकराचार्यजीको हत्या गरिएको थियो'– यो प्रकरण स्वामी दयानन्दजीको विख्यात ग्रन्थ 'सत्यार्थ प्रकाश'मा वहाँले किन देख्नु भएन? बाबाजीको शब्दावली हेर्नुहोस्– "शंकराचार्यजीको हत्या गरियो यो कुरा अड़गड़ानन्दजीले मात्र थाहा पाउनु भएको छ, अरू कसैले थाहा पाएको छैन? कसरी न जानुन्! ईश्वरले ट्रंककालद्वारा वहाँलाई नै सूचित गर्नु भएको थियो भने अरूले कसरी जान्न सक्छ? कुनै अर्द्ध–पागल व्यक्तिले नै यस्तो लेख्न सक्छ।"

अब प्रस्तुत छ 'सत्यार्थ प्रकाश'को एकादश समुल्लासको शंकराचार्यजीको हत्याको सम्बन्धमा स्वामी दयानन्दजीको विचार– "जैनहरूका जति पनि फुटेका मूर्तिहरू निस्केका छन् ती सबै शंकराचार्यको समयमा फुटेका थिए। जैनहरूको मन्दिर शंकराचार्य र सुधन्वा राजाले भत्काएका होइन किनकि त्यहाँ पाठशाला गराउने इच्छा थियो। यत्तिकैमा दुई जैन, खाली भनाई मात्र वेदमत तर भित्रबाट कट्टर जैन अर्थात् कपटमुनी थिए, शंकराचार्यजी उनीहरूसंग अति प्रसन्न हुनुहुन्थ्यो। ती दुबैले अवसर पाएर शंकराचार्यलाई यस्तो विषयुक्त वस्तु ख्वाए कि वहाँको भोक मन्द भयो, शरीरमा घाउ–खटिरा आयो र छः महीना भित्र शरीर छुट्यो।" जहर दिएर मारेकोलाई हत्या न भनेर के सद्गति भनिन्छ? सद्गति दिन प्रयासमा आजकल ब्रह्मरन्ध्रलाई हथौड़ाले हानेर हत्या गर्ने प्रथा पनि निस्केको छ। यो कुन शास्त्रमा लेखिएको छ? 'ऊसर मरन विदेश ताहू पर कुछ और.....' कुनै बेला काशीमा आरीले चिर्नु मुक्तिदायक मानिन्थ्यो भने कुनै बेला प्रयागमा वरको रूखबाट हाम्फालेर प्राण दिनुलाई मोक्षदायक मानिन्थ्यो; जसलाई अंग्रेजहरूले समाप्त गरिदिएपछि धर्मको नाममा क्रान्ति भयो। तुलना गर्नुहोस् ती महान संतसंग जसले यस्ता आडम्बरहरूलाई लत्याई दिए– **'जो काशी तन तजै कबीरा रामहिं कौन निहोरा।'** आदि शंकराचार्यजीको पनि यस्तै एउटा श्लोक पाइन्छ–

सम्पूर्ण जगदेव नन्दनवनं सर्वेऽपि कल्पद्रुमा
गांगंवारि समस्तवारिनिवहाः पुण्याः समस्ताः क्रियाः।
वाचः प्राकृत संस्कृताः श्रुतिशिरो वाराणसी मेदिनी
सर्वावस्थिरस्य वस्तुविषया दृष्टे परब्रह्मणि।।

भाव यो हो कि जसले त्यस परमब्रह्मको साक्षात्कार गरिसकेको छ, उसको लागि सम्पूर्ण जगत् नै नन्दन वन हो, सम्पूर्ण वृक्ष कल्पवृक्ष हो, उसको वाणी प्राकृत होस् अथवा संस्कृत– वेदको सारभूत हो, उसको लागि सम्पूर्ण भूमण्डल काशीक्षेत्र हो, सम्पूर्ण जल गंगाजल हो; अरू पनि त्यसका जुन–जुन चेष्टाहरू छन्, सबै परमार्थमयी नै हुन्छन्।

* आश्रमको पुस्तिकामा थियो कि परमात्मा एउटै छ। अतः पंचदेवोपासना गीता शास्त्र अनुसार छैन, तब आचार्यजीले उत्तर दिनुभएको छ कि शंकराचार्यजीले पंचदेव स्तोत्र बनाउनुभएको थियो जो धेरै नै प्रसिद्ध छ। किन? शंकराचार्यजीले दस देवस्तोत्र बनाउनु भएको भए के दस देवता हुने थिए? 'बाबा वाक्यं प्रमाणं' भनेर कति मानिसहरूलाई मान्न लगाउनु हुन्छ? बृहदारण्यक उपनिषद्को तृतीय अध्याय, नवम ब्राह्मणमा याज्ञवल्क्य र शकल्यको संवाद नै देवताहरूको गणनालाई लिएर भएको छ, जसमा एक देवता, डेढ़ देवता, तीन देवता, छः देवता, तैंतीस देवता र तीन हजार छः सय देवताहरूको गणना छ, सबका सब देवता मनभित्र बताइएका छन्; तर पंचदेवको वर्णन त्यहाँ पनि छैन। पंचदेवोपासना भूतकालमा धर्मको नाममा विभाजित भएका मानिसहरूलाई संगठित गर्ने, एक गर्ने एउटा सत्प्रयास मात्र थियो।

* बाबा मस्तरामजीले लेख्नुभएको छ– 'सनातन धर्म स्वाभाविक छ र अरू मतहरूमा फँस्नु विकार हो।' यसको स्थानमा वहाँले लेख्नु पर्थ्यो कि धर्म स्वाभाविक छ र मानव मात्रको लागि एक छ। कस्तो हाम्रो? कस्तो तपाईंको? कस्तो अरूको? धर्मको साथ सनातन शब्द लगाएर त्यसलाई सम्प्रदाय बनाई दिनु पनि शंकराचार्यहरूकै देन हो।

फेरि वहाँले लेख्नुभएको छ कि "अनार्यजुष्ट, अमर्यादित, अशास्त्रीय वर्णाश्रम विरोधी आचार–विचार भएकोले गड़बड़ सम्प्रदाय पनि विकार हो।" सुधीजनहरूले बुझ्नु भयो होला कि मस्तरामजी गीताबाट यो विशेषण त

लिनुभयो तर उचित प्रयोग गर्न सक्नु भएन। गीतामा छ कि अर्जुन लड्न चाहँदैन थिए। उनले तर्क दिएको थियो कि यस्तो युद्धबाट कुलक्षय हुनेछ, कुलका स्त्रीहरू प्रदूषित हुनेछिन्, वर्णसंकर उत्पन्न हुनेछ, पिण्डोदक क्रिया लुप्त हुनेछ। यो प्रश्न एक्लो अर्जुनको होइन, सम्पूर्ण समाजको प्रश्न हो। अधिकांश मानिसहरू जस्तै अर्जुन पनि धर्मको नाममा केही न केही मान्दथे र गर्दथे तथा तिनकै रक्षाको लागि प्राण दिन तत्पर थिए। तर भगवान्ले अर्जुनका यी विचारलाई कश्मल अर्थात् फोहर, पापपूर्ण, 'अज्ञान' ठहराउनुभयो–

कुतस्त्वा कश्मलमिदं विषमे समुपस्थितम्।

अनार्यजुष्टमस्वर्ग्यमकीर्तिकरमर्जुन।। (गीता, २/२)

अर्जुनले भनेको थियो– 'सनातन जातिधर्म', 'सनातन कुलधर्म', 'पिण्डा–पानी धर्म'; तब भगवान्ले यी सबैलाई 'अनार्यजुष्टम्' भन्नुभयो। आश्रम–धर्म गीतामा कतै छैन, जातिधर्म भयो अनार्यजुष्टम्, फेरि तपाईं जात–पाँत, ऊँच–नीच, छुआछूत, मंदिर–मस्जिद, त्यसमा पस्ने–नपस्ने कुन गीताबाट सिद्ध गरी रहनु भएको छ? गीता–जस्तो उदार ग्रन्थमा यी संकीर्णताहरूको लागि कुनै स्थान छैन। गीतामा अर्जुनको एकमात्र लक्ष्य छ– श्रेयको प्राप्ति।

* आश्रमका पुस्तिकाहरूबाट अधुरो अथवा बाङ्गो–टिङ्गो उदाहरण दिएर पूज्यश्रीले यो भन्ने अवसर दिनुभएको छ कि वहाँको हृदयपक्ष पनि हामी सबैको साथमा छैन। आश्रमको पुस्तिकामा छ कि मात्र ग्रन्थ प्रमाण होइन; तर बाबाजीले मात्र शब्दलाई छोड़ेर घोषित गर्नुभयो कि म ग्रन्थ प्रमाणलाई मान्दिन। गाईवाला पुस्तिकामा छ कि मानिसमा गाई वा त्यसको पर्याय कति पटक उदाहरणको रूपमा छ, कति पटक दान इत्यादि वस्तुको रूपमा छ र कति पटक यो इन्द्रियहरूको अर्थमा प्रयुक्त भएको छ; तर नास्तिकतावाला पुस्तिकामा धर्मात्माजीले लेख्नुभयो कि गाई शब्दको अर्थ हामी इन्द्रियको लागि मात्र प्रयोग गर्छौं।

यसैप्रकार वेदको कर्मकाण्ड र ज्ञानकाण्डको बारेमा कयौं आचार्यहरूको दृष्टिकोणहरूको चर्चा आश्रमको पुस्तिकामा छ; तर महात्माजीले ती मतहरूलाई भ्रमवश आश्रमको मत मान्नु भयो र कैयौं पृष्ठसम्म त्यसको खण्डन गर्दै जानु भयो। नास्तिकतावाला पुस्तिकामा महात्माजीले '**व्यवसायात्मिका बुद्धि....**'

वाला श्लोकबारे अरूको विचारहरूलाई पनि हाम्रो विचार मान्नु भयो र आस्तिकतावाला पुस्तिकामा यद्यपि महात्माजीलाई यस भूलको बारेमा सम्झना दिलाइयो तापनि 'नहला पे दहला'मा वहाँले त्यसलाई हाम्रो मत मान्नबाट विरत हुन भएन्।

महात्माजी सर्वतन्त्र स्वतन्त्र हुनुहुन्छ, समर्थ हुनुहुन्छ, यसकारण आफूले लेखेको कुराबाट कोल्टो फेर्नु हुन्छ। भन्नुहुन्छ कि वहाँले व्याकरण–ज्ञानमाथी कतै पनि जोर दिनुभएको छैन, वेदको लागि मात्र लेख्नुभएको हो। यद्यपि वहाँको यस भनाईमा पनि विरोधाभास छ, किनकि बिना व्याकरण ज्ञानको अध्ययन कसरी हुन्छ। तापनि वहाँले नास्तिकवाला आफ्नो पुस्तिकाको पृष्ठ ट, पृष्ठ चार इत्यादिको पुनरावलोकन गर्नु पर्दछ जहाँ वहाँले व्याकरण, ज्योतिष, इत्यादि षडंग सहित वेद पढ़नको लागि भन्नु भएको छ। यस्तै वहाँले यज्ञहरूको लागि पनि भन्नुभएको छ कि त्यो जरूरी छैन। पृष्ठ १२–१३मा वहाँले लेख्नु भएको छ कि ज्योतिष्टोम वाजपेय राजसूय यज्ञ यस समयमा भईरहेको छैन, हुन पनि सक्दैन र अनिवार्य पनि छैन।

कतै–कतै यी महात्मन्ले सुधार्नको लागि केही बताउनु चाहनु भयो, तर जब बताउनुभयो तब आश्रमीय विचारहरूको नै अनुवाद गरीदिनु भयो। उदाहरणको लागि पूज्यश्रीलाई दुःख थियो कि भगवान्ले महाराजजीलाई श्रौत र स्मार्तको फरक किन बताउनु भएन? करुणाले द्रवीभूत भएर महात्माजीले फरक भन्नुभयो, स्वतः र परतः प्रमाण थियो। तर आस्तिकतावाला पुस्तिकाको पृष्ठ १६मा यो पहिले नै लेखिसकिएको छ– '**प्रत्यक्ष वेदमूलो दर्शपौर्णमासादि श्रौतः। अनुमित शाखामूलः शौचमाचनादि स्मार्तः।**' महात्माजीले यस बाहेक अरू के बताउनुभएको छ? महाराजजीले संस्कृतको उदाहरण दिनुभयो र तपाईंले त्यसैको हिन्दी अनुवाद गर्नुभयो। यो त भाषा–शैलीगत भेद हो भावगत होइन। पद्म पुराणको उत्तर खण्डमा यसैलाई अर्को शब्दहरूमा भनिएको छ कि वेद र ब्राह्मण–ग्रन्थहरूमा बताइएको पूजालाई श्रौत भनिन्छ, वाशिष्ठी पद्धति अनुसार गरिने पूजालाई स्मार्त भनिन्छ तथा पांचरात्रमा बताइएको विधानलाई आगम भनिन्छ। अब यसलाई के भन्नुहुन्छ? जब लिखित तथ्यहरूमा तपाईं यति धाँधली गर्न सक्नु हुन्छ, निराधार आरोप लगाउन सक्नु हुन्छ भने मौखिकको त भगवान् नै मालिक हो।

अन्तमा यज्ञ–सम्बन्धी प्रकरणमाथी विचार अपेक्षित छ। 'नहला पर दहला' पुस्तिकामा आचार्यप्रवरले लेख्नुभएको छ कि वैदिक यज्ञ यस समयमा भईरहेको छैन, हुन पनि सक्दैन। लाखौंको दक्षिणावाला यो यज्ञ भारत–जस्तो दरिद्र देशको लागि हुँदा पनि होइन, जहाँको सुन विदेश गईरहेको छ। यिनीहरूको अनिवार्यता कतै पनि शास्त्रहरूमा दिइएका छैनन्। अनिवार्य त पंचयज्ञ हो जसमा कसैले आक्षेप गर्न सक्दैन। इत्यादि..... (पृष्ठ १२–१३)।

यी वाक्यहरूको समीक्षाको पूर्व मस्तराम बाबाजीको नास्तिकतावाला पुस्तिकाको अवलोकन आवश्यक छ, जसमा पृष्ठ १४मा वहाँ स्वयंले श्रौत यज्ञ, स्मार्तयज्ञ, गीताको चौध प्रकारको यज्ञ, अग्निहोत्र, दर्शपौर्णमास तथा लक्षाहुत यज्ञहरू गर्नु धर्म भनी सक्नु भएको छ। आश्रमको पुस्तिकाहरूमा वैदिक यज्ञहरूको जटिल विधि–विधान बताइयो, तब वहाँले लेख्नुभयो कि वैदिक यज्ञ जरूरी छैन। एकातिर भन्नुहुन्छ– वेद जान्न जरूरी छ, यहाँ भन्नुहुन्छ– यज्ञवाला भाग जरूरी छैन। लाखौको दक्षिणाबिना वैदिक यज्ञ हुन सक्दैन। कस्तो भ्रान्ति हो? विचारणीय छ कि के अब यज्ञ गर्न जरूरी छैन? वैदिक यज्ञ कुनै सत्युगको लागि नै थियो?

यदि आचार्यश्रीको यो भनाई मानौं भने ती अनेक मंत्रहरूको के हुन्छ जसमा यज्ञ गर्न जरूरी छ, भनिएको छ। वेदले यज्ञ गर्ने आज्ञा दिन्छ। '**यावज्जीव अग्निहोत्र, यावज्जीवं दर्शपौर्णमासाभ्याम् यजेत्।**' वशिष्ठ धर्मसूत्र उपनिषद्मा छ कि तीन वैदिक अग्निहरू (आवाहनीय, गार्हपत्य र दक्षिणाग्नि) प्रज्वलित गर्नु र त्यसमा दर्श, पौर्णमास, अग्रयण इष्टि, चातुर्मास्य, पशु एवं सोमयज्ञ गर्नु अनिवार्य छ। यी तीन अग्निहरूलाई त्रेता पनि भनिन्छ। यीबाहेक भोजन बनाउने अग्निलाई लौकिक अग्नि तथा सभ्य मानिसहरूको घरमा जाड़ो हटाउने अग्निलाई साभ्य अग्नि भनिन्छ। जसको घरमा यो पंचाग्नि रहन्छ उसलाई पंक्ति पवित्र ब्राह्मण भनिन्छ। कति भ्रान्ति छ?

यी कर्मकाण्डहरू भन्दा अलग यज्ञको विशुद्ध स्वरूप वेद तथा तदनुसार गीतामा छ। यो पनि छ कि जसले यज्ञ गर्दैन उसको लागि मानिस शरीर, लोक–परलोक केही पनि हुँदैन र मस्तराम बाबाजी लेख्नुहुन्छ कि अनिवार्य छैन। जबकि गीतामा छ यज्ञ, दान र तप कुनै पनि अवस्थामा त्याग्ने योग्य

छैन। यो अवश्य हो कि गीताको यज्ञ स्वाहा बोल्ने यज्ञ होइन बरू मन र इन्द्रियहरूद्वारा हुनेवाला हो, एकान्त स्थानमा शान्तिपूर्वक बसेर एक्लै गर्ने खालको हो। बाहिरका वस्तुहरू त्यसमा लाग्दैन। धनी–गरीबको त्यसमा फरक हुँदैन। हिन्दू, मुसलमान, ईसाई, पारसी, यहूदी जो भए पनि गीतोक्त यज्ञमा प्राणिमात्रको अधिकार एक समान छ।

मस्तरामजीको शब्दमा अब वैदिक यज्ञ अनिवार्य रहेन, अनिवार्य हुन गयो पंच महायज्ञ! वैदिक यज्ञ त विचरा यज्ञ नै रह्न गयो, ती महायज्ञ भई सकेको छ, अतः यस बारेमा पनि विचार गरी हालौं। पहिलो कुरो त यही छ कि पंचयज्ञ शब्द वेदमा छैन, उत्तरकालीन व्यवस्थाकारहरूको व्यवस्था हो। भन्नुहुन्छ कि पंचयज्ञहरूलाई नित्य गर्नु पर्ने आज्ञा छ, तर नित्य त धेरै कर्महरू गरिन्छ, जस्तै– मैत्र कर्म (मल–मूत्रत्याग), दन्तधावन, स्नान इत्यादि; त के यिनीहरू धर्म भए? यी सबै स्वास्थ्य एवं स्वच्छताका नियमहरू हुन्, यिनीहरूलाई धर्म भन्ने लोभको अब त समाप्ति गर्नुहोस्।

जुन पाँचलाई महायज्ञ भनिन्छ, तिनीहरूको बारेमा स्मृतिग्रन्थहरूमा लेखिएको छ कि वेदको अध्ययन र अध्यापन ब्रह्मयज्ञ हो। देवताको नाम लिएर 'स्वाहा' शब्द बोल्दै अग्निमा हवि हाल्नु देवयज्ञ हो। आजकल होम इत्यादिको कार्य केमिकल अगरबत्तिहरूबाट पनि हुन्छ। तर्पण पितृयज्ञ हो। पाकेको भोजनको एक अंश निकाल्ने भूतयज्ञ वा बलि वैश्वदेव हो तथा अतिथि–पूजन नृयज्ञ हो।

सूत्र र स्मृतिग्रन्थहरूमा यी पाँच यज्ञहरूको अनिवार्यताका कारणहरू भनिएका छन् कि प्रत्येक गृहस्थले १. चुल्हो, २. जाँतो, ३. कूचो, ४. ओखल–मूसल, नाङ्गलो, ५. जलको लागि घैंटा राख्ने स्थलको प्रयोग गर्दछ। यी पाँचवटै स्थानहरूमा हिंसा हुने गर्दछ जसबाट बच्नको लागि यी पाँच महायज्ञहरूलाई गर्नु पर्दछ। हारीति धर्मसूत्रलाई श्रद्धापूर्वक सुन्ने प्रयास गर्नुहोस् जसका केही अंशहरूको अनुवाद यसप्रकार छ–

"अब हामी सूनाहरूको व्याख्या गर्छौं। यिनीहरूलाई सूना यसकारणले भनिन्छ कि चल–अचल प्राणिहरूको हत्या गर्दछ। पहिलो सूना त्यो हो जो एक्कासी जलमा प्रवेश गर्नाले, जलमा डुबकी लगाउनाले, जलमा थपथपाउनाले,

वस्त्रले न छानीकन पानी पिउनाले, गाड़ीहरू चलाउनाले हत्या हुने गर्दछ। अर्को त्यो हो जो अन्धकारमा यता–उति हिड्दा जानी–नजानीकन कीरा–माकुरालाई कुल्चिनाले हत्या हुन्छ....." इत्यादि।

भन्नु पर्ने आवश्यकता छैन कि यो व्यवस्थाले जीवनको प्रत्येक क्रियालाई हत्या घोषित गरेर, सोझा–साझा जनतालाई आतंकित गरेर दान लिने क्षेत्रलाई विस्तृत बनाउने योजना मात्र हो। यसको यो पनि अर्थ लाग्दछ कि जुन मानिसहरूले यी पाँच हत्यास्थलहरूबाट काम लिदैनन्, उनीहरूको लागि पंचयज्ञ बेकार छ। खानेपानी संस्थाका धाराहरूको नजिक जलघैंटाहरूको प्रयोग कम हुँदै गएको छ। नदीहरू–तलाउहरूमा स्नान गर्ने प्रचलन कम भई सकेको छ। ओखल, मूसल, जाँतो, कति घरहरूमा छन्? यदि पंच–यज्ञहरू गर्ने यिनै कारणहरू थिए भने यी कारणहरूलाई समाप्त भएको नै सम्झिनु होस्।

वास्तविकता यो छ कि यी पंचयज्ञहरू सजिलो वैदिक यज्ञको नाममा कर्मकाण्डहरू पसेको प्रतिक्रियामा बनाइएका हुन्। कठिन क्रियाहरू गर्न न सक्दा प्रत्येक मानवलाई यज्ञ गरेको सन्तोष दिलाउनु यसका व्यवस्थापकहरूको उद्देश्य थियो। यी पाँच कर्तव्यहरूमा व्यावसायिक पुरोहित र धेरै दक्षिणाको प्रश्न छैन, वेदमंत्र पढ्ने–नपढ्ने अधिकारको प्रश्न छैन, ब्राह्मण र शूद्रको प्रश्न छैन। वैदिक यज्ञहरूको प्रेरणा हो– स्वर्ग, सम्पत्ति, पुत्र आदिको कामना जबकि पंचयज्ञद्वारा प्रयास छ सम्पूर्ण विश्वप्रति आफ्ना कर्तव्यहरूको पालन! अग्निमा एउटा समिधा दिएर पनि तपाईं–हामी परमात्माप्रति श्रद्धा–निवेदन गर्न सक्छौं, वायुमण्डल शुद्ध गर्न सक्छौं, एक–दुई श्लोक मात्र पढ़ेर प्राचीन ऋषि–साहित्य एवं संस्कृतिप्रति कृतज्ञता व्यक्त गर्न सक्छौं, एक अंजली जलले पूर्वजको प्रिय स्मृतिलाई जीवन्त राख्न सक्छौं, भोजनको एक गाँसबाट असक्त मानिसहरू, पशु–पक्षी, कीरा–माकुराहरूप्रति मानवको बढ़ी दायित्वको बोध गर्न सक्दछौं। यसकारण ऋषिहरूले भनेका थिए– जो एक्लै खान्छ, पाप खान्छ। त्यस युग–जमानामा यातायातको साधन विकसित थिएन। धेरै मात्रामा भोजन वस्त्र लिएर पैदल यात्रा गर्नु सम्पूर्ण समाजको लागि एउटा समस्या थियो। यस असुविधालाई हटाउनको लागि तथा विचरणशील महात्माहरूको व्यवस्थाको लागि मनीषिहरूले अतिथि सत्कारलाई पनि कुनै कर्मकाण्डभन्दा कम मानेका थिएनन्।

पंचयज्ञ नामबाट प्रचलित यी व्यवस्थाहरूमा इतिहास छ, कृतज्ञता ज्ञापन छ, सम्मान छ, प्रिय स्मृति छ, सहिष्णुता एवं उदारता पनि छ; तर यसलाई रूढ़ी वा ढोंग बनाउनु धर्म कदापि होइन। सुविज्ञजनहरूसंग अनुरोध छ कि धर्म शब्दलाई त्यस मूल रूपमा नै रहन दिउँ जो विश्वभरिका मानवमात्रका लागि एक छ, जसको निर्धारित क्रियाको वर्णन भगवान् श्रीकृष्णको गीतामा छ।

संसारभरिका मानिसहरू (उनी जुनसुकै धर्मको भए पनि)ले विचार गऱ्यो भने यस्तो पाउँछ कि वहाँहरूका विभिन्न महापुरुषहरूले सत्यका जुन किरणहरूसंग वहाँहरूको परिचय गराउनु भएको छ, ती सबै एक्लो गीतामा पहिलेदेखि नै देदीप्यमान छन्। यो देखेर गीताप्रति उनीहरूको आदर तथा विश्वास अझै पनि बढ्नु पर्दछ कि जे जति वहाँहरूका महापुरुषहरूले भन्ने अवसर पाउनु भएन, ती सबै गीतामा शुद्ध रूपले संकलित तथा सुरक्षित छन्। गीता वहाँहरूको अधूरो खोजी–क्रमलाई पूर्णतातिर लैजाने अमूल्य निधि हो। कालभेदको कारणले सबै धर्म तथा तिनीहरूका व्याख्याहरूमा विकृतिहरू पनि आएका छन् र ती सबैको समाधान हो– 'यथार्थ गीता'।

विश्वमा अर्को कुनै धर्मशास्त्र छैन जसमा परमात्माको खोजीमा लागेको व्यक्तिको उपयोगी साधनहरूको, सावधानिहरूको एउटै स्थानमा यति क्रमबद्ध वर्णन छ, जस्तो गीतामा छ। विश्वमा पनि धर्मग्रन्थहरू छन्, सबै मिलेर गीताद्वारा निरूपित सत्यको टाढाको प्रतिध्वनि मात्र हुन्। सत्यलाई वास्तविकताले देख्नु छ, नजिकबाट हेर्नु छ, ठीक–ठीक जान्नु छ भने गीताको प्रकाशमा हेरौं।

गीता तपाईंको हो, तपाईंको लागि हो। यसको अपमान गर्नु तपाईंको आफ्नै अपूरणीय क्षति हो। यो धर्मको परिमार्जित पुस्तक हो, प्राचीन पुस्तक हो। पछि त्यही ईश्वर मूसामा बोले, ईसामा बोले, महावीर, बुद्ध, मुहम्मद, नानक र कबीरमा बोले; तर गीता त परमात्माको पहिलो आवाज हो। यसको आदर गरेर तपाईं खुदाको पहिलो आवाजको आदर गरिरहनु भएको छ।

गीताको सन्देश ईमानदारहरूको लागि मात्र होइन, दुराचारिहरूको लागि पनि हो। इजरायलिहरूको लागि मात्र होइन बरू विश्वभरिका मानिसहरूको लागि हो। संसारका अनेक धर्मग्रन्थहरूमा भविष्यवाणिहरू छन्, जादू–टोना छन्, सामाजिक व्यवस्थाहरू छन्, ईश्वरबाट गरिएका उपकारहरूका विवरण

छन्, चमत्कारहरूको चम्किलोपना छ; जसमाथी आधुनिक विज्ञानले प्रश्नचिन्ह लगाउँदै आइरहेको छ, तर गीताको सिद्धान्तहरू नितान्त आध्यात्मिक छन्, निर्विवाद छन्। कुनै धर्मग्रन्थमा ईश्वरले छिन्–छिन्मा, कुरा–कुरामा हजारौं स्वर्ग र नरकको चेतावनी दिने गरेको देखिन्छ भने कुनैमा राम्रो फसलहरूको, भोगको प्रलोभन; तर गीतामा परमात्मा तपाईंसंग अन्तरंग मित्रजस्तो भेंट गर्छ, परामर्श दिन्छ, तपाईंको नजिक आउँछ र अन्ततः आफू–जस्तै बनाउँछ अतः धर्मको क्षेत्रमा यस महान ग्रन्थबाट प्रेरणा लिनुस् र परमात्मासंग एकता स्थापित गर्ने दिशामा अग्रसर हुनुहोस्।

गीताको बारेमा पूज्य श्री मस्तरामजीलाई कुनै सन्देह छैन; तर यी प्रश्नहरूलाई वहाँले जगतको हितको लागि उठाउनुभयो र तपाईं सबैले धैर्यपूर्वक यसलाई पढ्नु भयो, सुन्नु भयो, यस अर्थमा म विनयावत छु।

।। भन्नुहोस् गुरुदेव भगवान्को जय।।

दान

दक्षिणावन्तो अमृतं भजन्ते। दक्षिणावन्तः प्रतिरन्त आयुः।
दानीले अमृत प्राप्त गर्छ। दानी दीर्घायु हुन्छ।

- ऋग्वेद (१/१२५/६)

प्रगट चारि पद धर्म के, कलि महँ एक प्रधान।
येन केन विधि दीन्हे, दान करइ कल्यान।।

यद्यपि सत्य, तप, दया र दान धर्मका चारवटा चरणहरू छन्; तर साधनाको प्रवेशिकामा दान नै श्रेयतर छ। दान परमात्मातिर छ। दान संसारलाई छोड्न सिकाउँछ। जुन दिनदेखि तपाईं सानो मात्र पनि दान गर्नुहुन्छ त्यस दिन संसारलाई कुनै न कुनै मात्रामा त्याग्नु हुन्छ। सज्जन अथवा महात्माहरू विस्तारै-विस्तारै सबै कुरा त्यागी दिन्छन्। दानमा गरीब-धनिको प्रश्न हुँदैन। समय-समयमा अनेक राजा महाराजाहरूले पनि आफ्नो वैभवको त्याग गरे। शान्ति न पाएपछि इन्द्रिय संयम गरे, तिनीहरूका भोगलाई त्याग गरे, मनलाई संयत गरे। जुन क्षण मन राम्ररी समर्पित भयो, अचल स्थिर भयो र समाप्त भयो, तत्क्षण ईश्वरको पाए। दान आवागमनबाट मुक्तितिरको पहिलो पाइला हो, यसकारण दान प्रत्येक अवस्थामा कल्याणकारी हुन्छ- **'येन केन विधि दीन्हे, दान करइ कल्यान।'- (रामचरित मानस, ७/१०३ ख)** जुनसुकै प्रकारले दान गरे पनि त्यसले कल्याण नै गर्दछ।

अर्काको भलाईमा जुन दिइन्छ, त्यो दान हो। प्रत्येक मानिसको कर्तव्य छ कि उसको छिमेकी भोकै न सुतोस्। इतिहासमा यस्ता कथाहरू धेरै मात्रामा उपलब्ध छन् जब प्राकृतिक प्रकोपहरू- अतिवृष्टि, अनावृष्टि, भूकम्प इत्यादिको आपदामा सम्पन्न व्यक्तिहरूले आफ्नो सर्वस्व दिएर प्राणीहरूको रक्षा गरे। यस सन्दर्भमा राजा रन्तिदेवको कीर्तिमान आज पनि प्रासंगिक छ, जसले खड़ेरी परेको बेला आफ्नो अन्न भण्डार, राजकीय भण्डार प्रजाजनहरूलाई समर्पित गरेपछि आफू पनि चालीस दिनसम्म अन्न ग्रहण गरेन। वहाँको मान्यता थियो

कि प्रजा पुत्र–जस्तो हुन्छ, प्राण समान हुन्छ। यदि प्रजा भोकै मरिरहेको छ भने म कसरी अन्न ग्रहण गरूँ? दानीले अरूको प्राणहरूलाई आफ्नो–जस्तो सम्झन्छ, अलिकति पनि आफूभन्दा बेग्लै देख्दैन। वास्तवमा त्यही सच्चा दानी हो, त्यसैले दान गर्न सक्छ, सबैले गर्न सक्दैन।

दानमा देखावटीपना हुनु हुँदैन होइन भने त्यसले आफ्नो फल यहीं पायो। यस्तो दानबाट उसले समाजमा प्रतिष्ठा चाहेको थियो, मिल्यो। दान गोपनीय क्रिया हो। श्रीकृष्ण र सुदामाको कथाले केही यस्तै आदर्श संगालेर राखेको छ। बालसखा सुदामा श्रीकृष्णको भागबाट अलिकति चना चोरेर खाए। दुष्परिणाम यो निस्कियो कि सुदामाले बुढ़ेसकालसम्म दरिद्रताको जीवन बिताउनु पऱ्यो। सुदामा भक्त थियो, तपस्वी थियो। भिक्षान्नबाट जीवनयापन गर्दथे, तर स्वाभिमानी थियो। एक दिन उनकी पत्नीले कुनै प्रकारले अनुनय–विनय गरेर उनलाई श्रीकृष्णकहाँ सहायताको लागि पठाई नै दिइन्। दीन–हीन अवस्थामा सुदामा द्वारिका पुगे। द्वारपालले सुदामाको परिचय दियो–

सीस पगा न झगा तन पै, प्रभु जाने को आहि बसै केहि ग्रामा।
धोती फटी सी लटी दुपटी, अरु पाय उपानह की नहिं सामा।।
द्वार खड़ो द्विज दुर्बल एक, रह्यो चकि सो बसुधा अभिरामा।
पूछत दीनदयाल को धाम, बतावत आपनो नाम सुदामा।।

– नरोत्तमदास

सुदामाको नाम सुन्ने वित्तिकै श्रीकृष्ण उठ्नु भयो, राजकीय कार्य रोकियो। लड़दै, पड़दै, दौड़दै सुदामाको नजिक पुग्नुभयो, वहाँलाई छातिमा लगाउनुभयो। सुदामाको अवस्था देखेर रून थाल्नुभयो। उनलाई उठाएर आफ्नो सिंहासनमा ल्याएर बसाउनु भयो। आँसुहरूले सुदामाको चरण धुनुभयो। आफ्नो महलमा राख्नुभयो। स्वागत–सत्कार गर्नुभयो र त्यो दिन पनि आयो जब श्रीकृष्णले सुदामालाई भावपूर्वक विदाई गर्नुभयो, टाढासम्म पुऱ्याउनुभयो, अंगालो मारेर प्रेमपूर्वक विदा गर्नुभयो।

सुदामाले देखे कि न त उनको कुर्ता बदल्यो र न लगौंटी बदल्यो। दुपट्टा जुन पुरानो भएर घोटिदा–घोटिदा अलिकति मात्र बाँकी रहेको थियो, त्यो पनि जस्तोको त्यस्तै रह्यो। मनमा पश्चाताप गर्न लागे कि अकारण नै आएँ। विचारहरूमा

हराएका सुदामा आफ्नो गाउँ आए। उनको झोपड़ी त्यहाँ थिएन। त्यहाँ कुनै महल टल्कि रहेको थियो। सुदामाकी पत्नी दास–दासिहरूबाट घेरिएर महलबाट निस्किन् र भनिन् कि अब यो सबै तपाईंको हो। झोपड़ीको स्थानमा सुदामापुरी नै बस्यो। यता द्वारिकापुरी उता यति धेरै दिनुभयो कि सुदामापुरी नै बन्यो। श्रीकृष्णले सुदामालाई आफ्नो समानान्तर स्थिति प्रदान गर्नुभयो। त्यहाँका मानिसहरू पनि त्यसै वैभवका साथ जीवनयापन गर्न लागे, जस्तो द्वारिकाका नागरिकहरू सुविधासम्पन्न थिए। श्रीकृष्णको आफ्नो धाम त समुद्रमा डुब्यो, तर सुदामापुरी बाँकी रह्यो। वहाँले सुदामालाई भन्नु पनि भएन कि मैले तिमीलाई केही दिई रहेको छु, तर सर्वस्व दिनुभयो। दान गोपनीय नै फलीभूत हुन्छ।

भाग्यवान याचकहरूको श्रेणीमा महाराज मनुको पनि नाम आउँछ। उनी चक्रवर्ती नरेश थिए, विश्वका स्रष्टा थिए; तर उनलाई पनि महान दुःख थियो। एउटा कमी खट्किन्थ्यो कि जीवन भजनबिना नै बित्न चाहन्छ। घरबाट निस्के, नैमिषारण्य गए, ऋषिहरूसंग भेटे, साधन–क्रमको जानकारी गरे र भजनमा लागे। उनको मान्यता थियो कि ब्रह्मा–विष्णु–महेश जसको अंशबाट उत्पन्न हुन्छन्, यस्तो प्रभु पनि सेवकको वशमा हुन्छ भने मेरो अभिलाषा अवश्य पूरा गर्नु हुनेछ। मनु सर्वस्व दिएर प्रभुको प्रभुता चाहन्थे, वहाँको दर्शन चाहन्थे। मनले प्रभुमा समर्पण गरे। चित्तको निरोध हुन लाग्यो। भगवान्ले सुनवाई गर्नुभयो, आकाशवाणी भयो कि मलाई महादानी सम्झेर निर्धक भएर वरदान माग। मनुले निवेदन गरे, उनले मात्र प्रभुलाई नै मागे। अतः यदि माँग्नु नै छ भने भगवान्संग माँग्नु पर्छ। वहाँ महादानी हुनुहुन्छ। भगवान्लाई नै मागी हाल। भगवान् आउनुभयो भने वहाँको भगवत्ता, वहाँको विभूति, आलोक, ऐश्वर्य सबै थोक तपाईंको वरिपरि रहने छ। यसकारण प्रभुदर्शनबाहेक अरू कुनै पनि तुच्छ कामना गर्नु हुँदैन।

सृष्टिमा दान दुई प्रकारका छन्– आध्यात्मिक र भौतिक। भौतिक दानको पनि तीन–चारवटा अंगहरू छन्, जस्तै– विद्यादान वा भिक्षादान, स्वास्थ्य दान, अन्नदान– जसमा आवासादि सबै थोक आउँछन्। चौथो श्रमदान वा सेवा छ। भौतिक दानहरूमा सर्वोपरि दान विद्याको दान छ। **'अन्नेन क्षणिक तृप्तिः विद्या यावज्जीवनम्।'**– अन्नले क्षणिक तृप्ति दिन्छ; तर शिक्षा जीवनभरिको सम्बल हो। सन्त–महात्माहरू, धनि व्यक्तिहरू तथा सरकारद्वारा

विद्यालयहरूको स्थापना गरिन्छ। यदि कसैलाई शिक्षा दिइयो भने त्यसैको माध्यमले उसले सद्बुद्धि, सम्मान, अन्न, वस्त्र सबै कुरा पाउँछ। जीवनको लागि आवश्यक सम्पूर्ण स्रोत उसको लागि खुल्छन्। विद्याहीन देश आदिवासी कहलाउँछ, जस्तै– अफ्रिका। विद्वानहरूको माँझमा अशिक्षितहरूको त्यही स्थिति हुन्छ, जस्तो हाँसहरूको माँझमा कागको हुन्छ। काग आफू पनि फोहरी रहन्छ र आफ्ना बच्चाहरूलाई पनि त्यही ख्वाउँछ, त्यही सिकाउँछ। यसकारण श्रेष्ठ सामाजिक संरचनाको लागि विद्यादान सर्वोपरि छ।

स्वास्थ्य दान– उत्तम स्वास्थ लौकिक तथा पारलौकिक उपलब्धिहरूको आधारशिला हो। दुःखबाट छटपटाई रहेको व्यक्तिको लागि पहिलो आवश्यकता उसलाई निरोग गर्नु हो। कष्ट दूर गर्नु धेरै ठूलो दान हो। यसकारण अनेक समाजसेवीहरूले मानव सेवालाई ईश्वर–सेवाको समकक्ष घोषित गरेर पीड़ित मानवताको उद्धारको लागि अस्पतालहरूको स्थापना गरे। स्वामी विवेकानन्दजीले यस्तो एउटा मिशन नै बनाई दिनुभयो। मानवमा ईश्वरसम्मको शोधको संभावना निहित देखेर अनेक मनीषिहरूले आजीवन स्वास्थ्य दान दिने व्रत नै लिए। राकफेलर फाउण्डेशन जस्ता धर्मार्थ संस्थाहरू दानदाताहरूकै सौजन्यले विश्वभरिमा कार्यरत छन्, केही रोग निरोधक टीकाहरू यसै सन्दर्भमा लगाउने गरिएका छन्। तर जति सुकै कष्ट दूर गरे पनि यस शरीरलाई एक दिन त जानु नै छ। मृत्युरूपी दुःखको निवारण यो स्वास्थ्य दानले अथवा कुनै पनि भौतिक दानहरूले सम्भव छैन त्यसैले अरू भौतिक दानहरू– जस्तै स्वास्थ्य दान पनि एउटा सीमासम्म नै उपयोगी हुन्छ।

अन्न दान– 'अन्न दान अरु रस पीयूषा।'– रामचरितमानसकारले अन्नदानको महिमाको बारेमा भन्नुभएको छ कि अन्न सामान्य दान होइन, बरू जीवन हो। भोकले छटपटाई रहेको आत्मालाई यसले तत्काल जीवन प्रदान गर्छ, त्यसलाई मृत्युबाट निकाल्छ। अन्न शरीरको ईंधन हो। अन्नबिना शरीर चल्दैन, यसकारण योभन्दा श्रेष्ठ दान अरू केही पनि छैन, तर यो अन्नले सधैं–सधैंको लागि कसैको प्राण रक्षा त गर्न सक्दैन। आयु पूरा भएपछि अन्न भए पनि मानिसहरू मर्छन्। अन्तमा विद्या पनि काम आउँदैन। यस्तो परिस्थितिमा योभन्दा पनि श्रेष्ठ दान अभयदान हो। **'दानं परं किं त्वभयं सदैव।' (शंकराचार्य)**। भय प्रकृतिमा छ, परमात्मामा छैन, परमात्मा नै अभय छ।

शरणागतको रक्षा गर्नु सर्वोपरि दान हो; तर प्रकृतिको द्वन्द्वहरूबाट निकालेर मात्र परमात्मामा प्रवेश गराई दिनु यो योगीहरूको दान हो। जहाँ पूर्णरूपले मानिस अभय हुन्छ।

आध्यात्मिक दान- यो योगीको क्षेत्रको वस्तु हो। अरू कसैले यो दान दिन सक्दैन। प्रकृतिको आधिपत्यमा सबै जीवहरू छटपटाई रहेका छन्, त्यसको अधिकृत भूमिमा छन्। त्यसको नियन्त्रणबाट निकालेर आत्माको आधिपत्य दिलाउनेलाई अध्यात्म भनिन्छ। जुन पुरुषको लागि आत्मा विदित छ, जो आत्माले भरिभराउ र त्यसैमा स्थित छ, त्यो महापुरुष योगी हो र त्यसैले यो आध्यात्मिक दान दिन सक्छ। भगवान् बुद्ध, महर्षि नारद इत्यादि यसै स्तरका दाता थिए। झोपड़ीमा बस्नेदेखि राजदरबारमा बस्ने धेरैजसो चक्रवर्ती राजकुमारहरूसम्मलाई नारदजीले ब्रह्मतत्त्वसम्म पुऱ्याउनु भयो। प्रचेताका दश हजार राजकुमारहरू, दक्ष प्रजापतिका छोराहरू, भक्त प्रह्लाद, भक्त ध्रुव, पार्वती र सीतासमेत सबैका गुरु नारद थिए। कुम्भकर्ण-जस्तो राक्षसलाई पनि उपदेश दिने समय वहाँले निकाली हाल्नुभयो र परमात्मातिर बढाई दिनुभयो (रावणलाई उसले भन्यो, '**नारद मोहि ज्ञान जो कहा। कहतेउँ तोहि समय निरवहा।।**') प्रत्येक महापुरुषको यही भूमिका हुने गर्छ।

सती अनुसुइया आश्रमका पूज्य श्री परमहंसजी महाराज यसै स्तरको महापुरुष हुनुहुन्थ्यो। धेरैजना साधक वहाँको शरणमा पुगे। महाराजजीले उनीहरूको लागि जीवनोपयोगी व्यवस्था दिनुभयो तथा उनीहरूलाई अनन्त जीवनतिर बढाई दिनुभयो। स्वामी सच्चिदानन्दजी महाराज धारकुण्डीतिर संकेत गर्दै एकपटक वहाँले भन्नुभएको थियो कि जसलाई तिमीहरू धेरै ठूलो संझन्छौ, यो जब मकहाँ आएको थियो तब भगवान्ले भन्नुभयो कि यसको आयु छः महिना मात्र बाँकी छ। यसलाई जीवन मैले दिएको हो, स्थिति मैले दिएको हो। यो जे जस्तो छ, मैले बनाएको हो।

गुरु महाराजले मतिर पनि फर्किनुभयो। भन्न लाग्नुभयो, जीवन त तिम्रो पनि धेरै कम छ, आयु छँदै छैन। जबकि मेरो शरीर त्यसबेला पहलवानहरू जस्तो थियो, त्यसैले महाराजजीको घुमाउरो वाणी मेरो समझमा आएन।

महाराजजीको शरणमा आएको अढाई वर्षपछि म बिरामी परे। शरीर अस्थिपंजर-जस्तो भयो। अनुभवमा एउटा दृश्य देखा पऱ्यो। चार-छः जना

परिचित मानिसहरू मसंग प्रेमले भेंटे र घोर जंगलमा लिएर गए। त्यहाँ एउटा विशाल शस्त्रागार देखियो जसको ढोका लगभग १५-२० फीट चौड़ा थियो। हामी सबैले ढोकामा पुग्ने वित्तिकै ढोका आफै खुल्यो। भित्र शस्त्रले चमक कोठा टल्कि रहेको थियो। सबैजना भित्र प्रवेश गर्ने वित्तिकै ढोका बन्द भयो। साथमा आउनेहरूले एउटा-एउटा अस्त्र उठाए। तिनीहरूले एक-आपसमा भने, "अब के हेर्छौं, तुरुन्त यसलाई मारदेउ।" उनीहरूको शस्त्र मेरो नजिक हुँदै आइरहेको थियो। म विचार गरिरहेको थिएँ कि यस पटक बाँच्न सकें भने यति भजन गर्नेछु कि यिनीहरूको पकड़मा आउने छैन। उनीहरूसंग अनुनय-विनय गर्न लागे कि एउटा मात्र अवसर अरू देउ, मात्र एक पटक छोड़ देउ। तर मेरो निवेदनको उनीहरूमाथि केही प्रभाव परेन। उनीहरू बढ्दै आइरहेका थिए। जब उनीहरू नजिक आई पुगे, तब एक्कासी उनीहरू पछि हट्न लागे। ढोका अलग हुन लाग्यो, टाढा गएर खस्यो। मैले उनीहरूलाई भनें कि म अकारण तिमीहरूसंग विनय गरिरहेको थिएँ, डराईरहेको थिएँ। भर्खरै, हिजो मात्रै महाराजजीको छड़ी मलाई लागेको थियो। अब तिमीहरूले मलाई मार्न सक्दैनौं। बिहान महाराजजीलाई बताएपछि वहाँले भन्नुभयो- बेटा! होनी टल्यो। तिमीसंग त आयु नै थिएन। अब तिमी निरन्तर भजन गर, अब न चुक्नु। '**मंत्र महामणि विषय ब्याल के। मेटन कठिन कुअंक भाल के।।**' आफ्नो भजनको प्रभावले भाग्यको असाध्य कुअंक पनि मेटिन्छन्, महापुरुष आफ्नो इच्छाले मेटाई दिन्छ। हाम्रो श्रद्धा नै उताबाट कृपा बनेर फर्किन्छ र फलदायिनी हुन्छ।

पूज्य महाराजजी भन्ने गर्नुहुन्थ्यो- "हो! संसारमा सबैजना दानी नै बनेका छन्, तर असली दानी म हुँ। म मोक्ष दिन्छु। सत्पुरुषहरू-जस्तो संसारमा कुनै दानी छैन।" महाराजजी धेरैलाई जीवन दिनुभयो, साधना दिनुभयो र अनन्त जीवन, शाश्वत स्वरूपतिर बढाई दिनुभयो, जुन आज पनि महाराजजीको कीर्तिको प्रामाणिक हस्ताक्षर हुन्।

योगीप्रदत्त यस सर्वोत्कृष्ट दानलाई पाउनको लागि साधकले एउटा दान गर्नु पर्छ- त्यो हो मनको दान, मन-क्रम-वचनले समर्पण। यदि गुरुले भन्नुहुन्छ कि यो आँपको रुख हो, त्यो बबुलको रुख भए पनि तपाईं भन्नुस् कि यो आँप कै रुख हो। आँपको नै फल पाइन्छ। तपाईं वर्तमान देखिरहनु भएको छ, त्यो महापुरुषले अगाड़ि के हुनेवाला छ, त्यसलाई देख्नुहुन्छ। वहाँले भविष्यको

संरचना देखिरहनु भएको छ। यसैले गुरुको वचनहरूमा कहिले पनि गुञ्जाइस, बङ्ग्याउने काम अथवा घट–बढ़ गर्नु हुँदैन। यस्तो समर्पित साधकले शीघ्र प्राप्ति गर्दछ।

यस सम्बन्धमा राजर्षि जनकको कथा अनुश्रुतिहरूमा छ। महाराज जनक पूर्वजन्मका क्रियाशील योगी थिए। योगको संस्कार उनमा प्रबल थियो, यसकारण राजकीय वैभव उनलाई सुखद प्रतीत हुँदैनथ्यो। उनले एउटा स्वप्न देखे, जसबाट उनलाई घबराहट भयो। विद्वानहरूलाई बोलाएर उनले प्रश्न गरे कि मैले जुन स्वप्नमा देखें त्यो सत्य हो अथवा जसलाई बाहिर देखिरहेको छु, त्यो सत्य हो? सबैले आ–आफ्नो तरीकाले उत्तर दिए; तर त्यसबाट प्रश्नको समाधान न भएको देखेर राजाले ती सबैलाई जेलमा बन्द गरिदिए। वर्षौंसम्म यस्तै भइराख्यो। राजाको व्याकुलता बढ्यो। विद्वान बनेर दरबारमा जानको लागि कोही तयार हुँदैनथ्यो।

अन्तमा जनकको दरबारमा अष्टावक्रजी पाल्नुभयो। उनलाई देखेर जनकको पुरै सभा हाँस्न लागे। जब सबैको हाँसो समाप्त भयो, अष्टावक्र पनि हाँस्न थाल्नुभयो। हाँसी नै रहनुभयो। जनकलाई यस्तो लाग्यो कि यो पागल त होइन? सोध्न लागे, "ऋषिवर! तपाईंले किन हाँस्नु भयो?" अष्टावक्रले भन्नुभयो, "पहिले त तपाईंहरू हाँस्नुभएको थियो, अतः पहिले तपाईंहरू नै भन्नुहोस् कि किन हाँस्नुभयो?" दरबारीयाहरूले बताए कि ठूल्ठूला विद्वान रूपवानले जुन प्रश्नलाई सुल्झाउन सकेन, त्यस प्रश्नलाई सुल्झाउन तपाईंलाई आएको देखेर सबैलाई हाँसो आयो। तपाईंको दाँत पछिल्तिर गइरहेका छन्, आँखा उल्टिएको छ, हात–खुट्टा बाङ्गो छन्। तपाईंको आकृति देखेर सबैले हाँसे।" ऋषिले भन्नुभयो– "राजन्! मलाई पनि यसकारण हाँसो आयो कि यो विद्वानहरूको सभा होइन बरू सार्कीहरूको सभा हो। बाहिरी छालाको पारखी नै यहाँ छन्। के आत्माको दाँत माथितिर छन् ? आँखा निस्केको र खुट्टा पछिल्तिर छ? शरीर त बस्ने एउटा घर हो। यसको आश्रय लिएर हामीले आत्माको सोध गर्नु पर्छ।" दरबारमा सन्नाटा फैलियो।

राजाले आफ्नो प्रश्न राखे। अष्टावक्रले भन्नुभयो, "राजन्! केही दान दिनुस्।" राजाले भन्नुभयो– तपाईं एक हजार गाई लिनुहोस्। ऋषिले सोध्नुभयो, "बस, यत्ति मात्र।" राजाले बीस हजार सींग सुनले बेरिएका गाईहरूलाई दिने

प्रस्ताव गरे। ऋषिले आग्रह गर्नुभयो कि यसभन्दा पनि ठूलो कुनै आफ्नो वस्तु दिनुहोस्। राजाले आधा राज्य दिने प्रस्ताव गरे। अष्टावक्र झर्को मान्दै भन्नुभयो, "कहिले गाई दान, त कहिले राज्य दान! के यो राज्य तिम्रो हो? तिमीभन्दा पहिले यहाँको राजा को थियो? तिमीपछि यो अर्काको हुनेछ भने यो तिम्रो कसरी भयो? कुनै आफ्नो वस्तु देउ।" जनकको समझमा केही पनि आएन, तब भने, "भगवन्! केही याद दिलाउनुहोस्!" ऋषिले भन्नुभयो, "आफ्नो मनलाई दान गर।"

जनकले तुरुन्त आफ्नो मनको संकल्प गरिदिनुभयो। ती महापुरुष एकातिर बस्नुभयो, ध्यानमा लाग्नुभयो। जनक उभिइ नै रहनु भयो। सोच्न थाल्नुभयो– यसलाई माँगे अनुसारको दान दिएँ; तर यसले मलाई बस्नको लागि पनि भनेन र न त मेरो प्रश्नको उत्तर दियो। जनक रिसाउन थाल्नु भयो, तब ध्यान आयो कि मैले मनको नै दान गरेको थिएँ, तब यो क्रोध कसले गरिरहेको छ? यस्तो लाग्छ कि मन अझै मसंगै छ। जसलाई दिएको छु त्यही महात्माको मनन यसले गर्नु पर्छ। जनक बस्नुभयो, मुनिको ध्यान गर्न लागे। साँझ हुने बेलासम्म जनकको समाधि लाग्यो। त्यस अवस्थामा त्यो महापुरुषले जनकको हृदयमा बतायो कि सपनामा तिमीले भिखारी बनेर घुम्नु अथवा ब्यूझेपछि सिंहासनमा बस्नु, यीमध्ये कुनै पनि सत्य होइन। सत्य हो परमात्मा। प्रयत्न गर र प्राप्त गर। यसप्रकारले सद्गुरुप्रति अन्तःकरणको समर्पण साधकको सच्चा दान हो।

दानवीरहरूको सूचिमा महर्षि दधीचिको नाम ठूलो आदरले लिने गरिन्छ। भनिन्छ कि वहाँले देवताहरूको रक्षाको लागि आफ्नो हाड़हरू समेतको दान दिएका थिए। महर्षिको सम्पूर्ण कहानी आध्यात्मिक रूपक हो। वहाँ यस्तो महापुरुष हुनुहुन्थ्यो जसका वृत्तिहरू ध्यानमा अचल स्थिर भएको थियो। '**अस्थिमात्र होइ रहेउ शरीरा।**' यस्तो अवस्थामा साधकबाट नै पार लाग्छ। हुन त यसको व्यवस्था सबैभित्र छ। यसको लागि साधकले लगनशील, दृढ़ टेकवाला हुनु पर्छ। यस्तै कथा राजा हरिश्चन्दको पनि छ। यी सम्पूर्ण आध्यात्मिक कथाहरूको एउटै आशय छ कि–

रेग जारो में बगुलों के सिवा कुछ भी नहीं।
साया ये अब्रे गुरेजाँ से हमें लेना भी क्या?

घोर मरुभूमिमा तातो बालुवाको उड़दै गरेका चक्रवातहरू बाहेक अरू केही पनि छैन। चारैतिरबाट पोल्दै गरेको भीषण गर्मीमा चक्रवातहरूसंग यता–उता उड़दै गरेका बादलहरूको ज्यान लिने छायाँले के वास्तवमा शीतलता प्रदान गर्न सक्छन्? वास्तवमा सम्पूर्ण संसार नै एउटा बल्दै गरेको मरुभूमि हो। यसमा पिता–पुत्र, पति–पत्नी, मित्रहरू तथा सम्बन्धिहरूको छाया, विद्या–स्वास्थ्य, अन्नादिको विस्तृत भण्डार, अपार सम्पत्ति, सुखदिने सम्पूर्ण साधनहरू बालुवाले भरिएका आँधिहरूको बिचमा भाग्दै गरेका साना–तिना बादलहरूबाट प्राप्त शीतलता भन्दा बढ़ी छैन। छायाँ पाउने आशा गर्नले बालुवाको थुप्रोमा दबेर मर्छ। '**कल जो बैठा मंच पर आज मसाने दीख।**' संसार यति नश्वर छ तापनि मोहको यति गहिरो आकर्षण छ कि मानिसहरू एक पल पनि यसबाट अलग हुन सक्दैनन्। यसको नश्वरता देखाउँदै सहज स्वरूपतिर बढाई दिनु त्यस सच्चा दानीको देन हो जसलाई त्यस भगवताको बोध हो। रामचरितमानसमा छ–

सोई सर्वग्य गुनी सोइ ज्ञाता। सोइ महि मण्डित पण्डित दाता।।
धर्म परायन सोइ कुल त्राता। राम चरन जाकर मन राता।।

त्यो धर्मज्ञ हो, धर्मको विशेषज्ञ हो, त्यो गुणी हो, ज्ञाता हो– सबै थोक जान्दछ, पृथ्वीमा त्यही सम्मानित छ, त्यही पण्डित र दाता छ– उसैसंग दिने योग्य केही छ। जो संग हुन्छ, त्यसैले दिन पनि सक्छ। को? '**राम चरन जाकर मन राता।**'– परमात्माको चरण कमलहरूमा जसको मन अनुरक्त छ, यस्ता योगी सन्त नै वास्तविक दानदाता हुन्। एकातिर परमात्मा महादानी, अर्कोतिर यी सन्त दानी! यस्ता सत्पुरुषहरूको सान्निध्य प्राप्त गर्नुस्; तर जसले एक ईश्वरलाई छोड़ेर अनेक स्थलहरूमा श्रद्धाको विकेन्द्रीकरण गर्नमा लागेका छन्, त्यो त ईश्वर–पथमा आएको एउटा भँवर मात्र हो।

दान सद्गृहस्थ आश्रमको शोभा हो। अतिथि सत्कार पनि दानको अन्तर्गत आउँछ। एकपटक जोधपुरको महाराजाको एउटा प्रबल शत्रु उनको राज्यको सीमाबाट हिड्यो। राजालाई सूचना मिल्यो, तब उनले पछ्याउन लाग्यो। बालुवाको थुप्रोहरूबाट भाग्दै, तिर्खाले छटपटाउँदै ऊ एउटा घरमा पुग्यो र भन्यो– मलाई भयंकर तिर्खा लागेको छ, पानी ख्वाएर मेरो प्राणको रक्षा गर। संयोगले त्यो घर महाराजको विश्वस्त सरदारको थियो। सरदारले पनि चिन्यो;

तर पानी पियायो, दुध पियायो, स्वागत गऱ्यो र बाटो देखाउँदै तुरुन्त विदा पनि गरिदियो। केही छिनमा शत्रुलाई खोज्दै महाराजा पनि त्यहाँ आईपुगे। सरदारसंग त्यस शत्रुको बारेमा सोधे; तर सरदारलाई मौन देखेर भने– "अतिथि सम्झेर तिमीले उसलाई जान दियौ; तर म खोज्छु।" राजा जान लागे, तब सरदारले पनि तलवार उठायो र ऊँटमा सवार भएर राजाको सहायताको लागि निस्के, किनकि शत्रु बलियो थियो। यसप्रकार ढोकामा आएको शत्रुलाई पनि अबध्य माननु, शरणागतलाई जीवन–दान दिनु, अतिथि सत्कार गर्नु पनि दानको एउटा प्रमुख अंग हो।

महाराज हर्षको समयमा चीनको यात्री ह्वेनसांग बौद्ध धर्मको अनुशीलन गर्न भारत आए। पर्यटनको क्रममा उनले मानिसहरूसंग सोधे कि यहाँ भोजनको व्यवस्था के छ र कहाँ पाइन्छ? जोसंग सोधिएको थियो उसैले भन्यो, "भद्र! तपाईंको स्वागत छ।" सम्मानपूर्वक आफ्नो घर लिएर गयो, भोजन गरायो र विदा गऱ्यो। यस्तै निःशुल्क व्यवस्था उसलाई प्रत्येक स्थानमा मिल्दै गयो। भोजन र जल उनलाई सबैतिर भेटियो। आदरको साथ भेटियो, मीठो बोली मिल्यो– यो पनि एउटा दान हो। अन्तमा ह्वेनसांगले आफ्नो यात्रा–वृतान्तमा लेख्यो कि भारतका मानिसहरू अतिथि सत्कारमा एक अर्काको बाजी लगाउँछन्। यिनीहरूको वाणी धेरै मिठो छ। वास्तवमा भारत देवभूमि हो। यहाँ मानिसहरू होइन, देवताहरू बस्छन्। सद्गृहस्थहरूले सधैं यसको विचार राख्नु पर्छ र कुनै भिक्षु अथवा भोकाएको व्यक्तिलाई ख्वाएर मात्र आफूले भोजन गर्नमा प्रसन्नताको अनुभूति गर्नु पर्छ।

सद्गृहस्थ दानवीरहरूमा कर्णको नाम आउँछ। उनको दानका तीनवटा कथाहरू प्रसिद्ध छन्। एकपटक उनले आफ्नो महलको सबै ढोकाहरू भाँचेर दान दियो, अर्को कवच–कुण्डल दिनु र तेस्रो मरणासन्न अवस्थामा दाँतको स्वर्ण निकालेर दान गर्नु। सबैभन्दा पहिले हेरौं काष्ठोपकरण भाँच्ने घटना। श्रीकृष्ण कर्णको दानवीरताको चर्चा अर्जुनको समक्ष गरिरहनु हुन्थ्यो कि कर्ण तिमी धन्य छौ, तिम्रो दान धन्य छ। सुन्दा–सुन्दा अर्जुनको कान नै पाक्यो। एक दिन जब असहनीय भयो, तब उनले भने– "भगवन्! तपाईं सधैं कर्णको नै प्रशंसा गर्नुहुन्छ। के तपाईं कृपा गरेर बताउन सक्नु हुन्छ कि युधिष्ठिर दाजु कुन दृष्टिले कर्णभन्दा कम हुनुहुन्छ? कर्णले त धुर्तहरूलाई सहयोग गर्छ,

उसको भनाई अनुसार चल्छ, जबकि युधिष्ठिरमा यस्तो कुनै दोष पनि छैन। महाराज युधिष्ठिर आफ्नो सम्पूर्ण राज्य दानमा दिन सक्नु हुन्छ। कसैले माग्यो भने प्राण पनि दिन सक्नु हुन्छ। वहाँ धर्मात्मा हुनुहुन्छ। श्रीकृष्णले भन्नुभयो कि यस प्रश्नको उत्तर कुनै बेला मौका पाएपछि दिनेछु। अब वहाँले यसको चर्चा नै बन्द गरिदिनुभयो।

केही समयपछि जब श्रीकृष्णले देख्नुभयो कि अर्जुनले यस प्रकरणलाई बिर्सि सकेको छ, तब वहाँले गोप्यरूपले एउटा योजना बनाउनुभयो। वर्षाको दिन थियो। लगातार पानी परी रहेको थियो। श्रीकृष्णले शहरका सम्पूर्ण व्यापारीहरूलाई गोपनीय सूचना पठाएर एउटा व्यवस्था दिनुभयो। सबै व्यापारीहरूको चन्दनको दाउरा बाहिर पानीमा राख्न लगाउनुभयो। घरभित्रका चन्दनका दाउराहरूको व्यवस्था गरी गोप्य ठाउँमा राख्न लगाउनुभयो। तब वहाँले भेष बदलेर अर्जुनसंग मन बहलाउनको लागि कतै घुम्न जाने इच्छा व्यक्त गर्नुभयो, जसलाई अर्जुनले सहर्ष स्वीकार गऱ्यो। दुबैले साधुको भेष बनाए र भिक्षाटन गर्न निस्के।

सर्वप्रथम दुबैजना महाराज युधिष्ठिरको महलमा पुगे, "नारायण हरि" भन्न लागे। युधिष्ठिरले उनीहरूलाई सन्त सम्झेर सोधे, "भगवन्! के आदेश छ?" विप्र देवताले भने, "राजन्! हामी स्वयंपाकी छौं। आफ्नै हातले बनाएर खान्छौं। त्यसमा पनि हाम्रो व्रत छ कि वर्षाकालमा चन्दनको सुखेको दाउराले नै भोजन बनाउँछौं।" युधिष्ठिरले भने, "चन्दनको तुरुन्तै व्यवस्था हुन्छ; तपाईंहरू विराजमान हुनुहोस्।" दुबैजना बसे। युधिष्ठिरले चन्दनको दाउरा खोज्न लगाए, तर महलमा पाइएन। पूरा शहरमा नोकरहरूलाई दौड़ाए। रथहरूमा बसेर टाढा–टाढासम्म खोजी गरियो। सुखेको चन्दनको दाउरा कतै पाइएन्। युधिष्ठिर उदास र चिन्तित भएर खोजी गरी फर्केका नोकरहरूलाई हेरी रहेको थियो। केही बोल्न सकी रहेको थिएन्। यत्तिकैमा श्रीकृष्णले भन्नुभयो, "केही छैन राजन्! हामी अन्तै भिक्षा गर्नेछौं।" दुबैजना उठेर गए। युधिष्ठिर हेर्दै रहे।

त्यहाँबाट निस्केर भगवान्ले कर्णको महलमा पुग्नुभयो। कर्ण खड़ाभयो, साष्टांग दण्डवत गरे, भोजनको लागि निवेदन गरे। श्रीकृष्णले त्यही सर्त यहाँ पनि दोहराउनुभयो। यहाँ पनि सम्पूर्ण रथ शहरको परिक्रमा गरेर फर्किए; नोकरहरूले भने– चन्दनको दाउराके त के कुरा, त्यसको एउटा बोक्रा पनि

सुखेको भेटिएन। कर्णले तुरुन्त धनुष–बाण उठायो। बाण चलाए, ढोकाको चौखट खस्यो। ठूलो पलंगमा हाने; फेरि झ्याल, ढोका सबै भाँचे। चंदनको सुकेको दाउराको थुप्रो लगाई दियो र भन्यो, "भगवन्! तपाईंहरू जीवनभरि मलाई सेवा गर्ने मौका दिनुहोस् र सुकेको चन्दनको दाउराले नै भोजन बनाउनु होस्।" ती विप्रहरूलाई धेरै के खानु–पिउनु थियो? एक–दुइवटा रोटी बनाए र खान–पान गरेर निस्के।

बेलुकिपख अर्जुन र श्रीकृष्ण स्वाभाविक भेषमा युधिष्ठिरकहाँ पुगे, तब युधिष्ठिर तकियामा घोप्टो परेर रोई रहेको थियो। वैद्य, मंत्री, परिवारका सबै सदस्यहरू छेउमा उभिएका थिए; तर युधिष्ठिरले कसैसंग केही पनि भन्न सकि राख्नु भएको थिएन। कण्ठ अवरुद्ध हुन्थ्यो, आँसु झर्न बन्द भई रहेको थिएन। श्रीकृष्णले सोध्नुभयो कि जस्तो कुन चाहिं कष्ट आयो? युधिष्ठिरले भन्यो, "कृष्ण! मात्र एउटा कुरा भन। मलाई याद किन आएन? यी महलहरूमा आगो किन लाग्दैन? कर्णभन्दा सयकड़ौं गुना बढ़ी चन्दनका काठ उपकरणहरू मसंग छन्, मलाई याद किन आएन? कर्णले ती भिक्षुहरूलाई भिक्षा गराई दिन र म अभागीले गराउन सकिनँ। बताउ कृष्ण मलाई याद किन आएन?" श्रीकृष्णले भन्नुभयो कि जुन कुरा हृदयमा हुन्छ, त्यही समयमा याद आउँछ। जसले यो सोचेर दान अथवा कुनै कर्म गर्छ कि शास्त्रमा लेखेको छ, नीतिले भन्छ, गर्नु पर्छ– यस्तो सोचेर जसले गर्छ, त्यसलाई समयमा याद आउँदैन। तर दान कर्णको हृदयमा बस्छ, यसकारण उसलाई समयमा याद आयो।

सूर्यले पटक–पटक कर्णलाई सावधान गरेको थियो कि कवच र कुण्डल दिनाले प्राण संकटमा आउनेछ, तर कर्णले प्राणहरूको मोह छोड़ेर आफ्नो शरीर चिरेर तिनीहरूको पनि दान गरे र दानवीर कहलाए। युद्धभूमिमा घायल कर्ण जब अन्तिम साँस गनी रहेको थियो, श्रीकृष्ण भेष बदलेर उसको दानवीरताको परीक्षा लिन त्यहाँ पनि पुग्नुभयो। त्यस बेला पनि कर्णले आफ्नो दाँत भाँचेर दान दियो, जसमा सुन लागेको थियो। कर्णले भने, दिने लायक के छ?– कर्णलाई सधैं स्मरण रहन्थ्यो। श्रीकृष्णले भन्नुभयो– यो सुन त जुठो छ। कर्णले बाण हानेर पृथ्वीबाट जलस्रोत उत्पन्न गरे। दाँत धोएर श्रीकृष्णलाई अर्पित गरे। प्रसन्न भएर भगवान्ले उनलाई आफ्नो धाम प्रदान गरे। अतः हरेक परिस्थितिमा हृदयले गरिएको दानले कल्याण गर्छ।

दानको सम्बन्धमा योगेश्वर श्रीकृष्णले गीतामा धेरै प्रकाश पार्नुभएको छ। भगवान्‌को निर्देश छ कि यज्ञ, दान र तपरूप क्रियाहरू त्याग्ने योग्य छैनन्। यी क्रियाहरू मनीषिहरूलाई पनि पवित्र गर्ने खालका छन्। अतः दान कुनै पनि परिस्थितिमा त्याग्ने योग्य छैन।

गीताको सत्रौं अध्यायमा भगवान् श्रीकृष्णले भन्नुभयो कि दान तीन प्रकारका हुन्छन्– सात्विक, राजस र तामस। '**दातव्यमिति यद्दानं**'– दानदिनु नै कर्तव्य हो– यस भावनाले जुन दान देश, काल र सत्पात्र प्राप्त हुँदा बदलामा उपकारको भावनाबाट रहित भएर दिइन्छ, त्यो दानलाई सात्विक भनिएको छ– (१७/२०)। जुन दान क्लेशपूर्वक अर्थात् दिन मिल्दैन, तर दिनु नै परेको छ तथा प्रत्युपकारको भावनाले कि यो गऱ्यो भने यो मिल्नेछ अथवा पहिले फलको उद्देश्य बनाएर त्यसपछि दिइन्छ, त्यो दानलाई राजस भनिएको छ (१७/२१)। जुन दान सत्कार नगरीकन अथवा तिरस्कारपूर्वक झर्को मार्नेर, अयोग्य देशकालमा अनाधिकारीहरूलाई दिइन्छ, त्यो दानलाई तामस भनिएको छ। तर हो यो पनि दान नै। तर जसले देह–गेह इत्यादि सबैको ममत्वलाई छोड़ेर एकमात्र इष्टमा नै निर्भर छ, त्यसको लागि दानको विधान अरू पनि उन्नत छ। त्यो हो सर्वस्वको समर्पण, सम्पूर्ण भावनाहरूबाट अलग भएर मनको समर्पण; जस्तो कि श्रीकृष्णले भन्नुभएको छ, ''**मय्येव मन आधत्स्व।**'' **(१२/८)** ममा मनलाई लगाउ। अतः दान नितान्त आवश्यक छ।

सो धन धन्य प्रथम गति जाकी।

धन्य पुन्य रत मति सोइ पाकी।। (मानस, ७/१२६/७)

गोस्वामी तुलसीदासजी भन्नुहुन्छ कि त्यो धन धन्य हो, जो सत्कर्ममा काम आउँछ। भोकाएकोलाई भोजन र प्यास लागेकोलाई पानी दिनमा त कहिल्यै चुक्नु हुन्न। सद्‌गृहस्थ आश्रमको यो दायित्व छ कि ढोकाबाट कोही भोकै न जाउन्। अरूलाई ख्वाएर नै खानु पर्छ। जुन दिन कुनै अतिथि आउँदैन थियो, पूर्वजहरूलाई दुःख हुन्थ्यो। कुनै सुपात्र भिक्षुलाई ख्वाएर नै खानु उनीहरूको संस्कृति थियो।

'**दानं परं किं सुपात्र दत्तं**'– दान त्यही श्रेष्ठ हो जो सुपात्रलाई दिइन्छ। कुपात्रलाई दान दिनाले दाता पनि नष्ट हुन्छ। दानको महिमा देखेर धेरैजसो

जातिहरू पनि दान लिनेवाला बने। केही जातिहरूले त दानलाई नै जीविकाको साधन बनाए। कतै देवता देखाएर, कतै चमत्कारहरूको प्रदर्शन गरेर, कतै स्वर्गको प्रलोभन दिएर, कतै प्रायश्चितको भय देखाएर दानको क्षेत्र बढ़ाउनु र त्यसलाई प्राप्त गर्नु उनीहरूको उद्योग बन्यो। महापात्रहरूको घरमा बुहारी आउँछे, यदि त्यो वर्ष उसको यजमानहरूमा कोही मरेन भने, भन्छन् बुहारी दरिद्र नारायण छ। यदि दस–बारहजना यजमानहरू स्वर्गवास भए, दस–बारहवटा गद्दा–तकिया–खाट पाइयो भने, भन्छन् कि बुहारी के छ, साक्षात् लक्ष्मी आइन्। यो दानको दुरुपयोग हो। शहरहरूमा बच्चाहरूको अपहरण गरेर, उनीहरूको हात–खुट्टाको शल्यक्रिया गरेर, उनीहरूलाई विकलांग बनाई दिन्छन्, भीख माँग्ने योग्य आकृति बनाई दिन्छन्। उनीहरूलाई ट्रकमा भरेर लैजान्छन्, चौबाटो–चौबाटोमा बसाई दिन्छन्। यस्ता बालकहरू दिनभरि बाबुजी–बाबुजी भनेर माग्दै रहन्छन् बेलुकिपख ट्रक आउँछ, उनीहरूलाई भनेर लैजान्छ। यस्तो धन्दा चलाउनेहरूले त्यस पैसाले क्लब अटेण्ड गर्छन्। बम्बई–जस्तो महानगरहरूमा भिक्षा माग्ने ठाउँको लागि पेश्की रकम दिनु पर्छ। आपसमा पेश्कीको लेन–देन गर्छन्। भीख माग्नेहरूलाई दानदिनु अकर्मण्यतालाई बढ़ावा दिनु हो र कुनै पनि विकासोन्मुख राष्ट्रको लागि अभिशाप हुन सक्छ।

अतः दान आवश्यक भएकोलाई नै दिनु पर्छ जो साँच्चै नै भोको छ। ईश्वर–चिन्तनमा लागेको संन्यासी दानको सर्वोत्कृष्ट पात्र हो। राम्रो परिवार छोड़ेर जो भगवान्को लागि समर्पित भयो, त्यो दानको प्रथम अधिकारी हो; किनकि आठ घण्टा बसेर उसले भोजनदाताको लागि भजन गर्छ। यदि त्यसले योभन्दा बढ़ी भजन गर्छ भने त्यो नै उसको आफ्नो हुन्छ। यस्ता भिक्षुहरूलाई भोजन गराउनु, जो भजनमा तल्लीन रहन्छ, सर्वोपरि दान हो। धेरैजसो भिक्षुहरूको यस सम्बन्धमा कठोर व्रत पनि हुन्छ कि नमागीकन कसैले ख्वाई दियो भने मात्र खान्छु। हाम्रो गुरुदेव भगवान्ले पनि पेटको लागि कहिल्यै भिक्षा माग्नु भएन। वहाँको विश्वास थियो कि साधु बन्ने वहाँले कहिल्यै कल्पनासम्म पनि गर्नु भएन। घर–परिवारसंग धेरै न प्रेम थियो; तर आकाशवाणिहरूको माध्यमले जब वहाँलाई भगवान्ले साधु बनाई दिनुभयो, तब भोजनको व्यवस्था पनि भगवान्ले नै गर्नु हुनेछ। भगवान्ले त्यस्तो गर्नु पनि हुन्थ्यो। निराधार विचरणको क्रममा कसैलाई सपनामा देखिन्थ्यो कि यो महात्मालाई भोजन गराउ, कहिले

काहिं कसैलाई आकाशवाणि हुन्थ्यो अथवा अनायास प्रेरण हुन्थ्यो र ऊ भोजन लिएर हाजिर हुन्थ्यो। तापनि दुई उपवास त पटक-पटकको घटना थियो; तर तेस्रो दिन कोही न कोही भोजन गराई दिन्थ्यो। सच्चा सन्त भगवान्को अन्तरंग हुन्छ। भगवान्को संकेत बिना, उनीहरू एक पाइला पनि हिड्न सक्दैनन्। साधुसेवाको व्रती पुरुषहरूलाई यस्ता सन्तहरूलाई ख्वाउने-पिआउनेको सौभाग्य अनायास नै मिल्न जान्छ। निर्मल सन्त मानिस मात्रमा आफ्नो नै आत्माको संचार देख्छ। उनीहरू विश्वात्मा हुन्छन्। उनीहरूलाई ख्वाउनु विश्वलाई भोजन गराए जस्तो हुन्छ। संसार त धेरै ठूलो छ; तर भगवान्ले त्यसैबाट दान पनि दिन लगाउनु हुन्छ जसको कल्याण हुनुछ। यसकारण सत्पुरुषहरूको सेवामा कहिल्यै चुक्नु हुँदैन।

दानको महिमा वैदिककालदेखि अहिलेसम्म विद्यमान छ। त्यसपछि यस पृथ्वीमा जहाँ पनि धर्मको अंकुर फूट्यो, दानलाई सर्वोपरि स्थान दिइयो। भारतीय आर्य संस्कृतिका सबै संगठन सनातन, बौद्ध, जैन, सिख इत्यादि तथा पारसी, ताओ, ईसाई, मुसलमान र विश्वका सबै साना-ठूला धार्मिक संगठनहरूको सूत्रधारहरू दानमा विश्वास गर्छन्। सबै आफ्नो आम्दानीको एक निश्चित अंश मन्दिर, मस्जिद, गुरुद्वारा, चर्च इत्यादि सम्पूर्ण देवस्थानहरू, पूजा-प्रार्थनास्थलहरू तथा लोककल्याण केन्द्रहरूमा दान गर्छन्, जसको सदुपयोग ईश-भजन अथवा मानव-सेवामा हुन्छ।

दान सार्वभौम हो र प्रत्येक महापुरुषले यसलाई हृदयको आँखाले देखेका छन्। दानबाट नै मोक्षमार्ग निस्किन्छ। यसकारण प्रत्येक महापुरुषले दान सम्बन्धमा व्यवस्था दिनुभयो। बुद्धले भन्नुभयो- जो भिक्षुहरूलाई दान गर्छ, त्यसले मलाई ख्वाउँछ। भगवान्ले भन्नुभयो- जसले भक्तहरूलाई ख्वाउँछ, त्यसले मलाई ख्वाउँछ। ईसाले भन्नुभयो- जो भिक्षुहरूलाई अन्न, वस्त्र दिन्छ, उसले मलाई दिनेछ। यी सबै महापुरुषहरूको उपदेशहरूमा सन्तहरूप्रति गरिएको दानको ठूलो महत्त्व छ।

जा दिन सन्त पाहुने आवत।
तीरथ कोटि स्नान किये फल तैसेइ दरसन पावत।।

।।ॐ शान्तिः शान्तिः शान्तिः।।

पूज्य श्री स्वामीजी द्वारा विरचित
ज्ञान-गंगा
(साधनापरक दोहाहरू)

मत्स्यपालिका सूद्र तन, छाया छुए न कोय।
काम शत्रु की मार से, पारासर रह रोय।।१।।

भावार्थ- यस दोहामा महापुरुषले संकेत गरेका छन् कि मत्स्यपालिका अर्थात् माछाको पोषण गर्ने मछोदरी त्यस जाति की थिइन् जसको छाया छुनु पनि निषेध थियो। मानससंग तुलना गर्नुहोस्- '**जासु छाँह छुई लेइअ सींचा।**' केवट-प्रकरणमा आउँछ कि जसको छाया पनि छुँदा स्नान गर्नु पर्दछ, मछोदरी पनि यसै अछुत जातिकी थिइन्; तर कामरूपी दुर्जय शत्रुको मारले महर्षि पराशर पनि विचलित भए र आफ्नो तपस्या गुमाए। परिणाम तलको दोहामा हेर्नुहोस्-

पाणिग्रहण की सुधि नहीं, प्रगटा बालक एक।
मत्स्यपालिका सुअन का, ब्रह्म प्रकास अनेक।।२।।

भावार्थ- वैदिक अथवा लौकिक कुनै पनि विधानद्वारा महर्षि पराशर र मछोदरीको विवाह भएको थिएन, तर मत्स्यपालिका त्यो बालिकाले एउटा बालक व्यासलाई जन्म दिइन्, जसका अनेकानेक ब्रह्म प्रकाशनहरू छन्, जस्तै- चारवटा वेद, छः शास्त्र, अठार पुराण, महाभारत इत्यादि। त्यही व्यास ब्रह्मर्षि भयो।

उरवशी उर में बसी, बरबस जीवन जोग।
गुर वसिष्ठ विद् ब्रह्मकी, जननि शुभाशुभ भोग।।३।।

भावार्थ- यस दोहामा महापुरुषले उर्वशीको कथातिर संकेत गरेको छ। उर्वशी, रम्भा, मेनका इत्यादि वेश्याहरूका विभिन्न श्रेणीहरू हुन्। उदाहरणार्थ, जसले दृष्टि पने वित्तिकै हृदयमा स्थान बनाउछे, त्यो 'उर्वशी' हो। दृष्टि पर्ने वित्तिकै जसले काम-वासनाको संचार गराई दिन्छे, त्यो 'मेनका' हो। जसको मन चट्टान-जस्तो स्थिर छ- यस्तो स्थिर चित्तवालाहरूलाई पनि पल्टाउन सक्ने 'रम्भा' हो। (ठूला-ठूला चट्टानहरूलाई फलामको जुन छड़ले पल्टाउने गरिन्छ, त्यसलाई रम्भा भनिन्छ।) यस प्रकार उर्वशी पनि तिनीहरू कै एउटा

श्रेणी विशेष थिइन् जसले '**बरबस जीवन भोग**' अर्थात् जबरदस्ती सोझा–साझा मानिसहरूको संयोग प्राप्त गर्दथी, त्यही गुरु वशिष्ठ की जननी भइन् जसबाट शुभ अथवा अशुभ कुनै पनि वासना बाँकी बचेको थिएन। तापनि महर्षि वशिष्ठको विप्र–स्थितिमाथि कसैलाई कुनै सन्देह थिएन।

गाधि सुअन तप कारने, पहुँचे अवध सुधाम।
सम राजा कुल छात्र तनु, पावा द्विजका ठाम।।४।।

भावार्थ– यो चौथो दोहामा महापुरुषको संकेत छ कि 'गाधि सुवन' अर्थात् महाराजा गाधिका तपस्वी पुत्र विश्वामित्र तपको सुरक्षाको लागि एक पटक अवध पुगे। उनी राजा दशरथका समानान्तरीय नरेश थिए र कुलमा पनि समान क्षत्रिय थिए; तर '**पावा द्विज का ठाम**'– जब विश्वामित्रले राम र लक्ष्मणको माग गर्नुभयो, तब महाराज दशरथले शोक गर्दै भने–

चौथेपन पायउ सुत चारी। विप्र वचन नहिं कहेउ विचारी।।

चक्रवर्ती दशरथजीले राम्ररी जान्दथे कि विश्वामित्र क्षत्रिय हुन् तापनि उनलाई विप्र भनेर सम्बोधित गरे। अतः उनको विप्रत्वमा पनि कुनै फाटो थिएन। अर्को दोहामा विप्रत्वको माध्यम हेर्नुहोस्।

क्षत्रि जाति अभिमान युत, गणनायक भूपाल।
योग निष्ठ रत कर्म कृत, मानस विप्र मराल।।५।।

भावार्थ– 'क्षत्रि जाति अभिमान युत'– त्यो विश्वामित्र जातिले क्षत्रिय र स्वाभिमानी थियो, उनी गणतन्त्रका नायक भूपाल हुनुहुन्थ्यो; तर अनुरागपूरित हृदयले योगाचरण गरेको फलस्वरूप मनःस्थितिले 'विप्र मराल' अर्थात् विप्रश्रेष्ठ भए।

भील जाति करनी कुटिल, धर्म सुना नहिं कान।
सद्गुरु के कारन मिला, विप्र रूप सनमान।।६।।

भावार्थ– महर्षि वाल्मीकि जातिले भील र करनीले चाण्डाल थिए, जसको धर्मको बारेमा कानले पनि सुनेको थिएन तर उनी पनि सद्गुरुको विशिष्ट कृपाले सम्मानित भए।

भगवान् श्रीराम वनवासको समयमा विचरण गर्दै जब वाल्मीकि आश्रममा पुग्नुभयो, तब त्यो ब्रह्मर्षिको चरणमा टाउको निहुराएर सादर प्रणाम गर्नुभयो।

तब '**आसिरबादु विप्रवर दीन्हा**'– ती विप्रश्रेष्ठले आशीर्वाद दिए। अतः वाल्मीकिको विप्र वरेण्यतामा कुनै सन्देह थिएन– '**बालमीकि भये ब्रह्म समाना।**'

राजसूय यज्ञ कारने, पहुँचे विप्र अनेक।
स्वपच रूप में विप्र एक, राजत विमल विवेक।।७।।

भावार्थ– धर्मराज युधिष्ठिरले एक समयमा राजसूय यज्ञको दीक्षा लिए। बड़ो धूमधामसंग त्यसको व्यवस्था हुन लाग्यो। तब महारानी द्रौपदीले भगवान् श्रीकृष्णसंग यज्ञको सफलताको पहिचानको बारेमा प्रश्न गरिन्। श्रीकृष्णले भन्नुभयो कि सर्वोपरि ब्रह्मर्षिले जुन समय तिम्रो आँगनमा भोजन गर्नु हुनेछ, त्यस समयमा आकाशमा घण्टाको ध्वनि हुनेछ, त्यही यज्ञको सफलताको प्रमाण हुनेछ। व्यास इत्यादि अनेक महर्षिहरूले प्रसाद पाए, तर घण्टाको ध्वनि भएन र तब महाभागा कृष्णाले श्रीकृष्णसंग यसको कारण सोधिन्। योगेश्वर श्रीकृष्णले ध्यानद्वारा हेरेर भन्नुभयो कि एउटा महर्षि जो फलानो ठाउँमा बस्नुहुन्छ, अझै आउनुभएको छैन। भीमले उनलाई त्याउनमा असफल भयो। फेरि भगवान्को प्रिय भक्त र सखा अर्जुनले वहाँलाई कुनै प्रकारले ल्याए। प्रसाद लिने बेलामा त्यो महात्माले द्रौपदीद्वारा विशेष श्रमले बनाइएका छप्पन्न प्रकारका व्यंजनहरूलाई एकै ठाउँमा मिसाई दिए, जसले गर्दा द्रौपदीको मनमा अलिकता अश्रद्धा उब्जियो कि मेरो यति परिश्रमलाई अब यो महात्माले कसरी जान्न सक्छ?

घण्टाको ध्वनि त्यसपछि पनि भएन, तब द्रौपदीले श्रीकृष्णसंग फेरि निवेदन गरिन् कि भगवन्! अब घण्टा किन बजेन? भगवान् श्रीकृष्णले भन्नुभयो कि कसैको मनमा अश्रद्धा भयो होला। द्रौपदीको मनबाट अश्रद्धा निस्किने वित्तिकै आकाशमा घण्टा बज्यो। प्रस्तुत दोहामा यसै प्रसंगतिर संकेत गरिएको छ कि युधिष्ठिरको राजसूय यज्ञमा अनेकौं महर्षिहरूले भोजन गरे, तर घण्टा बजेन। तब डोम सुपा भगतको रूपमा एउटा विप्र आएर विराजमान भए, जसको दर्शन र सेवाको साथै सफलता मिल्यो।

अब भीलहरूको घरमा उत्पन्न हुने ब्रह्मर्षि, डोमको शरीरवाला पनि ब्रह्मर्षि, क्षत्रिय पनि ब्रह्मर्षि, र वशिष्ठ जो जन्मले कुलीन थिएन, उनी पनि ब्रह्मर्षि, मछोदरीको पुत्र पनि विप्रश्रेष्ठ– त्यसो भए वास्तवमा विप्रको स्वरूप के हो? विप्रत्वको उपलब्धिको मूल माध्यम के हो? के यो जन्मले प्राप्त हुने

उपाधि हो अथवा कुनै यौगिक क्रियाको परिणाम? यस बारेमा अन्तिम निर्णय महापुरुषले आठौं दोहामा दिनुहुन्छ–

चार वरण चित दे चले, चेतन पथ निष्काम।
प्रथम चरण में सूद्र है, विद्वत् उर परिणाम।।८।।

भावार्थ– 'चार वरण चित दे चले'– यदि तपाईले चारवटै वर्णको योग्यता प्राप्त गर्नुछ भने परम चेतन परमात्माको पथ– जो निष्काम कर्मयोग हो, त्यसमा चित्त लगाएर हिड्नु होस्। योगको प्रथम चरणमा अर्थात् साधनको प्रवेशकालमा पुरुषले शूद्रको श्रेणी प्राप्त गर्दछ र '**विद्वत् उर परिणाम**' अर्थात् जब हृदयमा त्यो परिणाम घोषित हुनजान्छ, तब ऊ विप्र (ज्ञाता) हुन्छ, वत् (जस्तै) हुनजान्छ। वैश्यको उल्लेख अब आउने दोहामा हेर्नुहोस्–

आतम धन जिन सम्पति, मायिक चित जंजार।
मति संयम रति रात में, वैश्य विधी का सार।।९।।

भावार्थ– आत्मिक धन नै स्थिर सम्पत्ति हो। एकपटक यो जति मात्रामा प्राप्त गरिन्छ, त्यो कहिल्यै नष्ट हुँदैन। त्यसले निश्चय नै कल्याण गर्दछ, यसैकारण त्यो निज धन हो। मायिक धन त चित्तको जंजाल हो। मायाको महानतम् उपलब्धिहरू पनि चित्तको लागि बन्धन र जाल हुन्। '**मति संयम रति राम में**' अर्थात् संयमित बुद्धि राख्दै श्रीरामको चरणहरूमा अनुराग तथा प्रयत्न रहोस्, यही वैश्यको विशेष लक्षण हुन्। यसै सम्बन्धमा अर्को दोहा द्रष्टव्य छ–

राजस गुण वश विपुल में, स्वलप सत्व तम धार।
गो संयम रत आत्मा, समन वैश्य व्यवहार।।१०।।

भावार्थ– राजसी गुण विशेष होस्, केही तामसी तथा केही सात्त्विक गुण पनि कार्यरत होस्, 'गो संयम' अर्थात् इन्द्रियहरूको संयम तथा आत्म–चिन्तनमा अनुरक्ति होस्, मनको शमन– यो वैश्य स्तरको विधि–विशेष हो।

बुध करणी सो होत है, वरण व्यवस्था जोग।
पुण्य पुंज सतसंगति, राम कर्म संयोग।।११।।

भावार्थ– विवेकी पुरुषले रात–दिन कर्तव्य गरेर वर्ण–व्यवस्थाको योग्य हुनजान्छ। पूर्वजन्मको पुण्यपुंज र सत्संगको प्रभावले त्यस राममा प्रवेश गराउने कर्म (विशेष आराधना) अर्थात् त्यो यौगिक क्रियाको संयोग हुने गर्दछ, जसद्वारा राम पाइन्छ।

क्षात्र

सत्व विपुल कछु राजसी, ईस कर्म मन लीन।
मति संघर्षन शान्त में, क्षात्रवन्त मन कीन।।१२।।

भावार्थ– सत्त्व गुण विशेष मात्रामा होस् र राजसी गुणको केही अंश भई रहोस् '**ईस कर्म मन लीन**' अर्थात् ईश्वर–चिन्तनमा मन तल्लीन रहोस्, ईश्वरको उपलब्धि गराउने यौगिक कर्ममा मन लागि रहोस्, शान्त ब्रह्मको लागि बुद्धिमा संघर्ष भई रहोस्– यही वास्तविक युद्ध हो र यही क्षत्रित्वको लक्षण हो।

करम से काटे काल को, कर्म से सूद्र प्रवीन।
कर्म से क्षत्री विप्र है, विप्र ब्रह्म में लीन।।१३।।

भावार्थ– 'करम से काटे काल को'– कर्मद्वारा काललाई काट्न सकिन्छ, कालको फाँसी कट्दछ। कर्मद्वारा शूद्र पनि वैश्यको स्थितिमा दक्ष हुन सक्दछ। कर्मद्वारा क्षत्रिय विप्र हुनजान्छ र विप्रले त्यो परात्पर ब्रह्ममा विलय प्राप्त गर्दछ जहाँ '**न ब्राह्मणो न क्षत्रियो न वैश्यः न शूद्रश्चिदानन्दरूपो शिवो केवलोऽहम्**' बाँकी रहन्छ। प्रश्न उठछ कि त्यो कर्मको स्वरूप के हो?

कर्म के हो?

मन काया करनी करै, हरि माया टकसार।
आतम अनुभव सोध में, प्रगट करम का सार।।१४।।

भावार्थ– मन–क्रम–वचनले कर्म गर्नुस्। '**हरि माया टकसार**'– भगवान्को माया, योगमाया, आत्ममाया एक अर्काका पर्याय हुन्। यो भगवान्को माया नै कर्म गर्ने क्षेत्र हो। मायामा नै कर्म गर्न सकिन्छ, यसबाट अलग गर्न सकिन्न। आत्माको अनुभव गराउन सक्नेको संरक्षणमा नै कर्मको वास्तविक रूप प्रकट हुने गर्दछ। यसैको पूरक अगाड़ि दोहा हो।

काय वचन मन लग रहे, आतम पथ व्यापार।
कोटि विघ्न ते ना फिरे, मनवा शुभ संचार।।१५।।

भावार्थ– मन–कर्म–वचनले आत्मिक व्यापारमा तल्लीन हुनुस्। करोड़ौं विघ्न उपस्थित हुँदा पनि मन शुभ संकल्पहरूबाट चलायमान नहोस्।

काय वचन मन लग रहे, आतम पथ व्यापार।
सो कर्ता विद् कर्म से, सो गुरु गीता सार।।१६।।

भावार्थ– मन, कर्म र वचनले जो आत्मदर्शनको व्यापारमा संलग्न रहन्छ, ऊ नै कर्महरूको कर्ता हो, ऊ नै कर्मको सही ज्ञाता हो। यो नै सद्गुरु र गीता इत्यादि शास्त्रहरूको सार हो। श्रीकृष्णले जुन कर्ममाथि पटक–पटक जोर दिनुभयो, त्यो कर्म हो– आराधना।

'आत्माको अनुभूति गराउने कर्म नै वास्तविक कर्म हो'– मात्र यति कुरा मानि लिनाले पनि काम चल्दैन। यसलाई कार्यरूप दिनको लागि भाव र प्रेम मूल माध्यम हुन्। यस बारेमा अर्को दोहा हेरौं–

ज्ञान कर्म में ना मिले, अनुपम उर स्वर रूप।
प्रियतम की सुधि तब मिले, प्रेम भाव अनुरूप।।१७।।

भावार्थ– मात्र ज्ञान र कर्मद्वारा, उपमारहित, स्वर–रूपमा त्यो प्रभु भेटिदैन्। त्यो प्रियतमको उपलब्धि तब मात्र संभव हुन्छ जब '**प्रेम भाव अनुरूप**' अर्थात् जब प्रेम र भाव त्यो इष्टको तद्रूप नै प्रवाहित हुन्छन्। यस कर्मको बारेमा महापुरुषको दृष्टि र अन्तिम निर्णय हेरौं।

हरि पथ पावन कर्म है, करै जे पावन अंग।
तेहि बिनु करनी कहत जे, भव बन्धन का रंग।।१८।।

भावार्थ– भगवान्को पथ नै पवित्र कर्म हो। जसले त्यो पथमा लाग्दछ, उसको (स्थूल, सूक्ष्म र कारण– तीनवटै) शरीरमा पवित्र सत्ताको संचार हुन्छ। जो त्यो क्रियाबारे अनभिज्ञ हुँदा–हुँदै पनि भन्दछ– 'म कर्म गर्छु', उसको मस्तिष्क भवबन्धनको रंगले रंगिएको बुझ्नु होस्।

शिक्षा

मानव तन का फल महा, प्रभु गुरु दर्शन सीख।
बिनु दरसन के मानवा, जुग जुग मागे भीख।।१९।।

भावार्थ– प्रभु र सद्गुरुको दर्शन, वहाँहरूको शिक्षा अनुसारको आचरण नै मानव–तनको महानतम फल हो। जसलाई त्यो दर्शन र प्रशिक्षणको उपलब्धि हुन सकेन, उसले जन्म–जन्मान्तरसम्म मगन्ते नै हुनु पर्नेछ र पशु–पक्षी योनिहरूमा

पनि उसले इन्द्रिय तृप्तिका अतृप्त याचनाहरू लिएर भौंतारि रहन्छ। यसैकारण निम्नलिखित दोहाहरूको चेतावनीमा ध्यान दिनुस्–

धन सम्पत्ति सुत संग में, नित नव उमगत बोध।
जिगर रोग कुसमय पड़े, सच्ची सीख विरोध।।२०।।

भावार्थ– पर्याप्त धन छ, सम्पत्तिहरूको भन्डार भरेको छ, पुत्र–नातिहरू पनि छन्, जसको माध्यमले दिनहुँ नयाँ बोध प्रगट भई रहेको हुन्छ। तर हृदय रोग अथवा असाध्य रोगहरू कुसमयमा आउँदा खेरी '**सच्ची सीख विरोध**'– वास्तविक शिक्षा पाइन्छ कि सबै विरोधी छन्, आफ्नो कोही छैन। जसले आँखा गाड़ेर पर्खेर बस्दथे, उनीहरूको मुखबाट पनि अपशब्द नै निस्किन्छ।

मन पंछी फन्दे पड़ा, निकलत हरि की डोर।
सद्गुरु सेवन डोर है, परसि तमिस्त्रा भोर।।२१।।

भावार्थ– मनरूपी पक्षी तृष्णाको भयंकर फंदामा परेको छ। भगवान्संग डोरी लाग्यो भने पार हुनेछ। तर वहाँ त देखा पर्नु हुन्न, वहाँसंग कसरी डोरी लागोस्? तब भन्नुहुन्छ, '**सद्गुरु सेवन डोर**'– सद्गुरुको सेवाले नै वहाँसंग डोरी लाग्न संभव हुन्छ। यौगिक क्रियाको सेवन मनले हुन लागेपछि भयंकर अन्ध्यारोरूपी मायाको प्रपंच ईश्वरीय भोर (बिहान)मा परिवर्तित हुन्छ। परम चेतन स्वयं प्रकाशरूप हो। माया त नश्वर अंधकारको प्रतीक हो।

नर कहँ माया नारि है, नारी कहँ नर होत।
संग दोष बिलगावते, जो चाहो निज जोत।।२२।।

भावार्थ– नरको लागि नारी माया हो, नारीको लागि नर माया हो, अतः यदि आत्मानुभूति, आत्मदर्शनको चाहना छ भने संगदोषबाट अलग भएर बस।

भगवत् पथ की रोक है, काम परस्पर भोग।
मन क्रम तृस्ना के तजे, जन पावे सहयोग।।२३।।

भावार्थ– भगवत्पथका विशेष बाधाहरू हुन्– काम र इन्द्रियहरूको पारस्परिक भोग वासनाहरू। मन, कर्म, वचनले जसले तृष्णाको त्याग गर्दछ, त्यही जनले ईश्वरको पूर्ण सहयोग पाउँछ। यस तृष्णा एवं आशाबाट कोही बिरलैले नै अभ्यासद्वारा छुटकारा पाउँछ।

दीख सबल मुख झुर्रियाँ, दीख नयन द्युति हीन।
कंचन वपु विलसन भई, देखि आस नवीन।।२४।।

भावार्थ– सम्पूर्ण सम्पन्नता र सुख प्राप्त व्यक्तिको मुखमा पनि चाउरी परेको देखिन्छ, नेत्र ज्योतिहीन हुन्छ, कंचन कायाको विनाश हुन्छ; तापनि **'देखि आस नवीन'–** आशामा अझै नवीनता बनी रहन्छ। यो वस्तु संयोगले नष्ट हुँदैन बरू उत्तरोत्तर बढ्दै जान्छ। यसको विनासको एउटा मात्र उपाय चिन्तन हो।

भजन करन में भय लगे, सत् त्याग सुख होय।
करम कामना से करै, काल धरोहर सोय।।२५।।

भावार्थ– भजन गर्नमा डर लाग्दछ र सत्यलाई त्यागेर असत्मा प्रवृत्त हुनमा यो मनले परम सुख मान्दछ। केही कर्म (आराधना) गऱ्यो भने भयंकर कामनाको साथ गर्दछ कि हे भगवन् ! फलानो कार्यको नै पूर्ति होस्। यस्तो पुरुष **'काल धरोहर होय'–** कालको धरोहर अर्थात् 'फिक्सड डिपोजिट' हो। अतः कामनाहरूको पूर्णरूपले त्याग गरेर ईश्वर–चिंतन गर्नु पर्दछ। यदि भजन प्रारम्भ गरिसकेको छ भने कल्याण निश्चित हुनेछ। फेरि कामना कस्तो?

पल–पल शिक्षा देत है, मन मन्दिर इक तार।
भक्तन के सिर भार जो, नाथ लगावे पार।।२६।।

भावार्थ– योगस्थिति प्राप्त गर्ने मूल साँचो हो कि भगवान्ले सुनवाई गरोस् र धैर्य गर्न लगाओस्। यसै सन्दर्भमा महापुरुषले भन्नुभएको छ कि **'पल पल शिक्षा देत है, मन मन्दिर इक तार'–** मनको अन्तरालमा इष्टले प्रतिपल शिक्षा दिई रहन्छ। यति मात्र होइन बरू भक्तको टाउकोमा जुन भारी छ, त्यो नाथले आफैं नै पार लगाउन थाल्दछ। अतः भक्तिभावको आश्रय लिनुस्।

बाहर झगड़े होत हैं, जीत न देखी कोय।
अन्तर जग की आत्मा, माया के संग रोय।।२७।।

भावार्थ– दुनियामा झगड़ा भई रहन्छ, तर जीत कसैको हुँदैन। जसले त्यसमा जितेको मानिन्छ वास्तविक विजय उसको पनि भएको हुँदैन। यस संघर्षमा अन्तर्देशस्थित आत्मा मायिक द्वन्द्वमा नै प्रवेश पाउँछ। जो जसलाई

जति दबाउँछ, परिणामतः उसले त्यति नै दबिनु पर्दछ। अतः मायिक संघर्ष जन्म-जन्मान्तरसम्म लिने बदला हो, जसमा कल्याण संभव छैन।

आतम तृप्ति एक में, बिना गुरु ना सीख।
छत्रपति के पद लहे, तबहूँ दुखिया दीख।।२८।।

भावार्थ- आत्माको शाश्वत, संशयरहित तृप्ति सर्वशक्तिमान् परब्रह्म परमात्मामा नै छ। सद्गुरु बिना परमप्रभुलाई संभव बनाउने शिक्षाको प्राप्ति हुनु असम्भव हुन्छ। आत्म-उपलब्धि हुन नसकेकाहरूलाई छत्रपति-जस्तो ठूलो पद पाए पनि दुःखले डढेको, कराउँदै गरेको देखियो।

आशा तृष्णा पूर्ति महँ, चिन्ता चंगुल सीख।
जिनकी तूति जगत् में, अन्त कड़ाही दीख।।२९।।

भावार्थ- एउटा आशाको पूर्तिले अनन्त आशाहरूलाई जन्म दिन्छ- '**जिमि प्रतिलाभ लोभ अधिकाई।**' आशा र तृष्णाले नै मानव चिन्ताको पकड़मा जाकिंदै जान्छ। विश्वविख्यात मानिसहरू, जसको धाक, रवाफ सम्पूर्ण सृष्टिमा चल्दथ्यो उनीहरू पनि यिनै कामनाहरूको कारण अन्तमा गएर कालको कराईमा परे।

सत् त्रेता कलि द्वैत युग, माया गुण कृति धार।
साधन रत मन से कटें, लघु बड़ गुण व्यापार।।३०।।

भावार्थ- दोहामा महापुरुषले युगधर्मको बारेमा विचार गरेको छ। सत्ययुग, त्रेता, द्वापर, कलियुग सबै मायाद्वारा नै नियन्त्रित तीनवटै गुणहरूको विशेष प्रसार हुन्। साधनामा अनुरक्त मनद्वारा यी साना-ठूला गुणहरूको कार्य विस्तारै-विस्तारै टारिदै एवं काटिदै जान्छ।

ज्यो सुरत गुरु संग से, चढ़े शून्य की सोध।
त्यो तस युग बदले लखे, तीन त्याग सत् बोध।।३१।।

भावार्थ- जसो-जसो सुरतिले सद्गुरुको संगतिले शून्यको शोधमा चढ्दै जान्छ (शून्यको शोध संकल्प-विकल्पबाट रहित मनको रहनी अर्थात् एउटा स्थिति विशेष हो जसमा विशिष्ट अवकाश हुन्छ, जसलाई चिदाकाश भनिन्छ।) त्यसो-त्यसो क्रमशः युगधर्म बदलिंदै जान्छन्। कलि, द्वापर, त्रेताको विस्तारै-विस्तारै त्याग एवं सत्यको जानकारी हुँदै जान्छ।

सदा रहत युग लोक में, दैवी सम्पति योग।
साधन सों कलुषित कटे, क्षण-क्षण सत् संयोग।।३२।।

भावार्थ- सबै युग सधैं यसै लोकमा रहन्छन्। दैवी सम्पद्को संयोगले साधना, आराधना, चिन्तन क्रियाको प्रवृत्तिले पापपरायण युगहरूको प्रभाव कम हुँदै जान्छ र त्यसै अनुपातमा सत्यको संयोग प्राप्त हुँदै जान्छ।

सन्तदृष्टिमा नारी

संतन के चित्त पैठ के, लखा दीख सब मात।
की भगिनी समदर्स है, की पुत्री सम गात।।३३।।

भावार्थ- सन्तहरूको चित्तमा पसेर हेरियो कि नारीप्रति वहाँहरूको जब–जब पनि दृष्टि पर्दछ, उनीहरूमा आमाको दर्शन भयो अथवा बहिनी अथवा छोरी–जस्तो उनीहरूको अंग प्रतीत भए। साधनामा अनुरक्त व्यक्तिले उनीहरूलाई यसै दृष्टिले हेर्दछ।

पूरे सतपुरुषन लखा, जहँ तहँ प्रभु का रूप।
आँखि लबालब परम है, कहाँ समावे कूप।।३४।।

भावार्थ- तर पूर्ण महापुरुषले '**जहँ तहँ प्रभु का रूप**' अर्थात् जता पनि दृष्टि पर्दछ, प्रभुलाई नै देख्दछ। जो परममा स्थित छ, त्यसले त्यही परमाराध्यलाई नै सबैतिर देख्दछ। '**आँखि लबालब परम है**'- त्यो प्रभु नै सबैतिर परिपूर्ण छ, अर्को दृष्टि नै छैन भने जगत्का कुत्सित विचारहरूको प्रश्न नै उठ्दैन।

दरसत परसत ही थका, माया बल मन मौन।
तत्क्षण अन्तर में मिला, अड़गड़ अवधू तौन।।३५।।

भावार्थ- जसबाट आँखा पूर्णरूपले भरिएको छ, त्यो आराध्यको दर्शनको फल बताउँदै प्रस्तुत दोहामा भन्नुहुन्छ- '**दरसत परसत ही थका**' त्यो परमतत्त्वको दर्शन, स्पर्श पाउने वित्तिकै मायाको बल थाकेर शान्त हुनजान्छ र मन त्यही स्वरूपमा तन्मय हुनजान्छ। मनको पूर्णरूपले निरोधको अवस्थामा साधक अन्तर्देशमा स्थित परमात्म–स्वरूपमा मिल्न जान्छ। यही अवधूतको वास्तविक एवं शाश्वत स्वरूप हो, जसको आरम्भ नाम र रूपबाट नै हुन्छ।

येन केन विधि अन्त में, संकल्प हरि के होय।
भजन भाव पावन करे, मनुज रहे सुख सोय।।३६।।

भावार्थ– प्रयत्न यो रहोस् कि जुनसुकै प्रकारले भए पनि अन्तिम क्षणमा मन भगवान्को रूपमा स्थित हुन जाओस्। '**भजन भाव पावन करे**'– वास्तवमा भजन भावले नै पूर्ण पवित्रता प्रदान गर्दछ, जुन पवित्रतामा मानिसले ईश्वरको स्वरूपमा आराम गर्दछ।

भगवत्–पथका पथिकहरूमा प्रायः निन्दाले व्यग्रता आउने गर्दछ। यसबाट बच्न तथा निन्दकसंग पनि साधनात्मक सहयोग प्राप्त गर्न महापुरुषले अगाड़िका दोहाहरूमा निर्देश दिनुभएको छ।

निन्दकसंग मित्र व्यवहार

बिन वेतन ड्यूटी करै, सच्ची आठो याम।
हरि कृपा निन्दक मिला, भूल बतावै थाम।।३७।।

भावार्थ– निन्दक तलब बिना नै आठौं पहर सच्चा ड्यूटी दिने हितैषी हो। हरिकृपाले नै त्यस्तो निन्दक पाइन्छ, जसले बाटो रोकी–रोकी भूलहरूसंग अवगत गराई रहन्छ। यदि उसले तपाईसंग प्रत्यक्ष भन्न सक्दैन भने मानिसहरूमा नै त्यसको प्रचार गरिरहन्छ कि यसमा यो दोष छ। बस, दोषहरूको निराकरन गर्दै जानुस्।

ऐसे अनुपम नाथ हैं, निन्दक के तन पैठ।
गुण संग्रहि अवगुण कथै, भजन भरोसे बैठ।।३८।।

भावार्थ– भगवान् यति अनुपम हुनुहुन्छ कि निन्दकमा प्रवेश गरेर गुणहरूको संग्रह गर्नुहुन्छ र अवगुणहरूलाई बताउने गर्नुहुन्छ, जसको उद्देश्य यो हो कि त्रुटिहरूलाई बुझ र भजनको भरोसा लिएर तिनीहरूको निवारणमा संलग्न होउ।

हरि दया कर हित करैं, निन्दक प्रगटे पास।
जो तव त्रुटि ना मिलै, निन्दक करै प्रकास।।३९।।

भावार्थ– भगवान् जब असीम दयाले द्रवित हुन्छ र हृदयबाट हित चाहनु हुन्छ भने कुनै निन्दकलाई नजिकै प्रकट गरिदिनुहुन्छ। '**जो तव त्रुटि**

ना मिले'– पथिकले आफ्ना जुन भूलहरूलाई देख्न सकिरहेको थिएन, निन्दकले त्यसलाई पनि प्रकाशमा ल्याई दिन्छ। त्यसलाई बुझेर त्यसको निराकरण गर्दै क्रियामा संलग्न होउ।

जनमो जग के शिखर पर, या पृथ्वी तल माहि।
हरि सुमिरे सुख शान्ति है, अनल अन्त मरि जाहि।।४०।।

भावार्थ– चाहे जगत्को शीर्षस्थ स्थानमा महाराजाधिराजको रूपमा जन्म भएको होस् अथवा **'पृथ्वी तल माहिं'–** धेरै निम्न कोटिमा जन्म भएको होस्, जसले हरिको स्मरण गर्दछ उसैको लागि शान्ति र शाश्वत सुखको विधान छ होइन भने त्यो त्रय तापहरू, विषयानलको पुतली मात्र भएर शेष रहन्छ।

मन करणी लौ जगत है, जनमत रहै अनेक।
चक्षु मिले गुरु गोद में, जहँ देखा तहँ एक।।४१।।

भावार्थ– मनको जहाँसम्म दौड़ हुन्छ, त्यहींसम्म जगत् छ। यसै परिधिमा अनेकानेक जन्म भई रहन्छन्; तर जब हृदयमा त्यस ईश्वरको दृष्टिको संचार हुनजान्छ, तब **'गुरु गोद में'–** सद्गुरुको परिवेशमा उनको रहनी पाउँछ। त्यस रूपमा जहाँ पनि दृष्टि पऱ्यो, सबै एकै स्वरूपमा देखा पऱ्यो।

सतपुरुषों की सोध में, माया बची न राम।
मन की मनसा के मिटे, सहज न व्यापै काम।।४२।।

भावार्थ– सत्पुरुषहरू र अनन्य भक्तहरूको शोधमा न त माया मायाको रूपमा बच्दछ र न राम नै अलग रहनु हुन्छ। त्यस सहज स्वरूपको कामनाहरूको प्रसार कहिल्यै सम्भव हुँदैन।

सबसे न्यारा रहत है, कबहुँ न छाँड़ै साथ।
प्रभा प्रसारण हौं मिला, तो कत व्यापै रात।।४३।।

भावार्थ– यस्तो पुरुष सबैसंग निर्लेप एवं एक्लै रहन्छ। जब त्यो चराचरका प्रकाशक 'प्रभा प्रसारण' संगमा आएर मिल्यो **'तो कत व्यापि रात'–** फेरि जगत्रूपी रात्रिले उसलाई आवृत्त गर्न सक्दैन।

अभिनय कारण ही लखै, माया मौलिक जीव।
आयु दिन में चेतिये, जन प्रति पालै पीव।।४४।।

भावार्थ– यो दुस्तर मायाले ईश्वरको मौलिक अंश जीवात्मालाई आफ्नो अभिनयको लागि फँसाउने गर्दछे। जुन मानवले आफ्नो आयुको रहँदा–रहँदै चेत हुन्छ, त्यस्तो भाविक भक्तको प्रतिपालन प्रभुले अवश्य गर्नुहुन्छ, जसको परिणाम परम कल्याण हुन्छ।

माया अभिनय कारने, कटक संभारे धाय।
काम क्रोध अंधियार भट, मोह धरातल जाय।।४५।।

भावार्थ– आफ्नो स्वभावगत अभिनयको लागि पथिकहरूको व्यवधानको रूपमा मायाले आफ्नो सेनाको संचार गर्दछे। काम, क्रोध, लोभ इत्यादि योद्धाहरूको साथमा मोहको संचार गरेर सम्पूर्ण अन्तःकरणलाई ढाकेर यसले नारकीय परिणाहरूको सृजन गर्दछे।

वीर विजेता बाबला, सब जग त्यागी राग।
विकल विरह अनुभव निरत, ताहि सलोने भाग।।४६।।

भावार्थ– जो पुरुष वीर, विजयको आशा गर्ने, अनुराग निरत एवं विरही छ, कामनाहरूको त्याग गरेर अनुभवमा अनुरक्त छ, उनीहरूको लागि माया कल्याणकारिणी बन्दछे– यस्तो पुरुषको भाग्य सराहनीय छ।

वीर विजेता मानवा, जब जग त्यागी राग।
रे मन तन जर्जर भया, चोंच सँवारे काग।।४७।।

भावार्थ– त्यो नै वीर, विजेता मानव हो जसले सम्पूर्ण जगत्को आसक्तिहरूको त्याग गर्न सक्दछ। तर भक्तले अझ पनि आफूलाई धिक्कार्छ कि रे मन! '**तन जर्जर भया**' अर्थात् यो शरीर जराजीर्ण भई सकेको छ जसको लागि श्मशानका कौवाहरूले चोंच तयार पारेर बसेका छन्, तापनि तिमीलाई होस छैन?

भावको महत्त्व

भाव हरि के पद सुने, भावे प्रीतम पाय।
अड़गड़ मन भावी मिटै, जो मन भाव समाय।।४८।।

भावार्थ– भावले नै हरि–पथहरूको श्रवण गराउँछ। भावले नै त्यो परम प्रियतमको उपलब्धि सम्भव हुन्छ। '**भावे विद्यते देवाः**'– भावमा

यस्तो क्षमता छ कि अदृश्य परमात्मालाई पनि प्रकट गराउँछ। पूर्णत्व प्राप्त महापुरुषहरू भन्छन् कि मन यदि भावमा स्थित भयो भने उसको भित्रको भावी (संस्कार) पनि मेटिन्छ।

सद्गुरु महिमा

सद्गुरु प्रेरित में फले, पत राखे करतार।
अड़गड़ मनसा गरब हैं, क्यों कर उतारे भार।।४९।।

भावार्थ– वास्तवमा चिन्तन–पथको सफलता सद्गुरुको अंतस्प्रेरणाद्वारा नै संभव हुन्छ। यस प्रेरणाको बलमा प्रभुले भाविकको लाज (पत) राखी दिनुहुन्छ। हो, यदि मनमा गर्व छ भने संसृतिको भार कसरी हट्नेछ?

स्वर्ण सुमेर केहि काम के, जहँ के तहँ अनमोल।
मलय प्रशंसत हौं फिरों, बासत ढाक ककोल।।५०।।

शब्दार्थ– *ककोल = करील।*

भावार्थ– सुनको सुमेरु पर्वतको के उपयोग छ? जहाँ छ त्यहीसम्मको लागि अनमोल हुन सक्दछ। म त त्यस मलयगिरिको प्रशंसा गर्दछु जसले ढाक र करीललाई पनि सुगंधित गरिदिन्छ। वास्तवमा सन्त यति उपकारी हुन्छ नै।

माया–दल

बिना इष्ट जीते नहीं, नख सिख इन्द्री भूत।
किये कल्पना कब लहे, बाँझ सलोना पूत।।५१।।

भावार्थ– इष्टको कृपाबिना, मात्र ब्रह्मज्ञानको कथनले, नदेखि टुपोसम्मका भौतिक संस्कारहरूमाथी आधिपत्य हुँदैन। कल्पना मात्र गर्नाले बाँझले कहिल्यै राम्रो पुत्र प्राप्त गर्न सकेको छ? अतः साधना एवं त्यसको पूर्ति गराउने सद्गुरु दुबै नै आवश्यक छन्।

आसिस अन्तर में सदा, दात दीन्हि मुनिराई।
'अड़गड़' अन्तर ना फले, कैसे छूटे काई।।५२।।

भावार्थ– एउटा साधकको अवस्थाको बारेमा महापुरुषले संकेत गर्नुहुन्छ कि '**दात दीन्हि मुनिराई**' अर्थात् गुरुदेव अन्तर्देशबाट आशीर्वादको रूपमा

विशिष्ट वस्तु दिने गर्नुहुन्छ; तर यदि मनमा लगनको साथ पकड़ छैन, आदेशहरूको पालन हुँदैन भने संचित रहेको त्यो काई (मैल) कसरी छुटला?

माया बिल्ली सब कहे, हरि दिल्ली का ताज।
दिल दिल्ली अब सून है, अड़गड़ बिल्ली राज।।५३।।

भावार्थ- 'माया बिल्ली सब कहे'- सन्तहरूले मायालाई प्रायः बिरालोको संज्ञा दिएका छन्। लोकोक्ति पनि छ- **'बहुतै बचायो बिलारि चहै झपटी।'** यसै गरी हरिलाई पनि दिलरूपी दिल्लीको सिरताज भनिन्छ। तर यदि दिलको दिल्लीमा मायालाई सिंहासनासीन गरायौं भने भगवान्लाई कहाँ बसाउँछौ?

ढूँढ़त आनन खोल के, इन्द्री दस जहँ भोग।
तहँ तहँ मोह विशेष में, 'अड़गड़' मानस रोग।।५४।।

भावार्थ- जहाँ पनि इन्द्रियहरूका भोग छन्, दसवटै इन्द्रियहरू आफ्नो मुख खोलेर त्यहाँ–त्यहाँ दौड़िन्छन् र त्यसको उपभोग गर्ने प्रयत्न गर्दछिन्। इन्द्रियहरूले जहाँ–जहाँ भोग गर्दछन्, **'तहँ तहँ मोह विशेष'-** त्यहीं–त्यहीं विशेष लगाव हुन जान्छ। महापुरुषहरू भन्छन् कि यो नै मानसको भयंकर रोग हो। वास्तवमा भोग र भोगसंग इन्द्रियहरूको लगाव नै मोहको मूल कारण हो।

लोभ न देखे मात को, तात न जानन जोग।
सुहृद नीति वह ना लखे, 'अड़गड़' लोलुप भोग।।५५।।

भावार्थ- जब मस्तिष्क लोभाक्रान्त हुनजान्छ, तब माता–पिताको सम्बन्ध बिर्सिन्छ। मित्रता एवं नीतिलाई पनि त्यो पुरुषले त्याग दिन्छ।

मदमाता मनवां फिरे, लखे न आखिर अन्त।
अहंकार बल अन्त में, माया रोके संत।।५६।।

भावार्थ- अहंकारले मात्तिएर यो मन यता–उति भौंतारी रहन्छ र यसरी भौंतारिनुको परिणाम सर्वनाशतिर हेर्न पनि दिंदैन। वास्तवमा अहंकार नै यस्तो शत्रु हो जसको माध्यमले मायाले सन्तहरूलाई रोक्के गर्दछे र उनीहरूलाई पथभ्रष्ट पनि गरिदिन्छे।

घर त्यागे वन वन फिरे, मदन समाया बान।
छूट समाधि फूट चित, अनल कीट सम जान।।५७।।

भावार्थ- घर-गृहस्थी छोड्नेवाला, वन-वन ईश्वर चिन्तनमा निरन्तर प्रयत्नशील साधकहरूमा पनि जब '**मदन समाया बान**'- कामको दूषित संचार हुन्छ, तब चित्तको एकाग्रता समाप्त हुन्छ, समाधि टुट्न जान्छ, यो मन टुकीको कीरा-पुतलीहरू जस्तै तुच्छ हुनजान्छ। फेरि त्यसले भजन गर्न सक्तैन।

सूर हते संकट करे, माया तोषत धीर।
सुख समृद्धि की वासना, वेधि जीव इक तीर।।५८।।

भावार्थ- कुनै शूरवीरले यदि आक्रमण गर्दछ भने पहिले सचेत गर्दछ, संकटको आभास पहिले नै हुन थाल्दछ; तर जब मायाले प्रहार गर्दछे, तब धैर्य बाध्न लगाउँछिन्। सुख-समृद्धिको वासनारूपी एउटै तीरले अमर सत्तातिर उन्मुख जीवलाई छेड़ेर खसाली दिन्छ। गोस्वामीजीले पनि यही भन्नुहुन्छ-

जोगी तापस सूर कबि कोविद गुन आगार।
केहिं के लोभ विडम्बना, कीन्ह न एहि संसार।।

गृह-परिवार

'अड़गड़' भय लज्जा करी, आज वो कायर दीख।
काम कुसुम की मार से, लगे न साँची सीख।।५९।।

भावार्थ- देखिन्छ कि कुनै सुशिक्षित बालकले आफूभन्दा ठूलो मानिसहरूसंग भय एवं दुषित विचारहरूसंग लाज मान्दछ, तर कुनै बेला त्यो नै घोर कायर र लक्षणहीन देखिन्छ। यसको कारण हो- '**काम कुसुम की मार से, लगे न साँची सीख।**' अर्थात् कामको प्रहार नै यस्तो छ कि साँचो अर्ति लागु नै हुँदैन। अतः बच्चाहरूको लागि सत्पुरुषहरूको सत्संग अति महत्त्वपूर्ण छ।

काम करावे सो करे, रोक भगत की सीख।
त्रयतापों की ज्वाल में, मन पतंग की भीख।।६०।।

भावार्थ- काम एउटा यस्तो नशा हो कि पुरुषले त्यही गर्दछ जुन कामले गराउँछ। त्यसको चपेटामा फँसेपछि त्यसले भक्तिमा रोक लगाई दिन्छ। '**त्रयतापों की ज्वाल में, मन पतंग की भीख।**'को तात्पर्य यो हो कि मन

त्रयतापहरूको रापमा डढ़दै गरे पनि पुतलीहरू जस्तो विषयरूपी रापको नै कामना गर्न लाग्दछ।

अमित बार आतम हता, चारों जुग में धाक।
कुम्भकरन 'अड़गड़' मिला, सत योजन की नाक।।६१।।

भावार्थ– अनन्त चोटी जसले आत्माको हत्या गरेका छन्, चारवटै युगहरूमा जसको धाक रहेको छ, महापुरुषले भन्छ कि त्यो क्रोधरूपी दुर्जेय कुम्भकर्ण पनि आयो जो, **'शत योजन की नाक'–** युगौदेखि अर्जित आफ्नो मर्यादालाई मेट्नमा संलग्न रहेको छ। नाक मर्यादाको प्रतीक हो।

आतम हन करतूत का, क्रोध पसारा तार।
सोवत में सहसा जगे, सद्गुरु पथ सो पार।।६२।।

भावार्थ– क्रोधको महिमाको दिग्दर्शन गराउँदै महापुरुषले संकेत गर्दछ कि आत्महत्याको करतूतहरूमा क्रोधले नै आफ्नो नाली–बेली फैलाएको हुन्छ। क्रोध सधैं रहँदैन बरू मनभित्र सुती रहेको हुन्छ। प्रतिकूल स्वभाव प्राप्त हुने वित्तिकै यो जागृत हुन्छ। जो पुरुष सद्गुरुहरूको पथको पथिक छ, त्यसले नै क्रोधबाट छुटकारा पाउँछ, अरुले होइन।

भजन भाव संगत करी, दुर्बल लखा न कोइ।
अगम पूर्तिकाल में, सबल संत मति होइ।।६३।।

भावार्थ– भजन र भावको संगति गरेर कोही पनि पुरुष दुर्बल रहँदैन। शबरीले आफूलाई अत्यन्त दुर्बल, अधमभन्दा पनि अधम ठान्ने गर्दथिन्, तर एउटा यस्तो समय आयो कि भगवान् श्रीरामचन्द्रजीले उनलाई दर्शन दिनुभयो र उनी सर्वतोभावेन सबल हुन गइन्। त्यो अगम्य तत्त्वको पूर्तिकालमा पुरुष सबल एवं सन्तमत हुनजान्छ।

क्रोधहिं तन कम्पन लगे, क्रोध मिलावे छार।
आतमहन बहुकाण्ड में, देखा क्रोध अपार।।६४।।

भावार्थ– क्रोधले शरीर काँप्न थाल्छ र क्रोधले नै यसलाई माटोमा मिलाई दिन्छ। आत्महननको विस्तृत काण्डहरूमा **'देखा क्रोध अपार'–** क्रोधको नै अपार प्रभाव देखा पर्छ।

मत्सर तृष्णा तोय में, विकसित व्यथा अनन्त।
ईर्षा अन्तर जीव में, अहर्निशि माया तंत।।६५।।

भावार्थ- 'मत्सर तृष्णा तोय में' तृष्णारूपी जलमा मत्सरको सधैं स्थिति रहन्छ जसले अनन्त भोगहरूलाई विकसित गरीरहन्छे। यदि जीवको मनभित्र ईर्ष्या छ भने यसले दिन–रात मायाको नै सूत्रपात् गर्दछ।

मत्सर तृस्ना तोय में, विकसित विपुल विलास।
जब लगि व्यापी जीव में, तब लगि रुके न स्वांस।।६६।।

भावार्थ- तृष्णारूपी जलमा मत्सरको संचार हुन्छ, जसले विभिन्न भोग–विलासहरूको विकास गर्दछ। जबसम्म त्यो जीवहरूमा व्याप्त छ, तबसम्म श्वासको गति रोकिदैन।

बिना संकल्प सून्य है, स्वाँस चरै ना माय।
सर्वरूप सुधि आतमा, अन्दर प्रगटे काय।।६७।।

भावार्थ- संकल्प र विकल्पबाट रहित मनको अवस्था नै शून्य कहलाउँछ। त्यस समयमा यो श्वास मायाको चिन्तन गर्दैन, त्यस समय सबैतिर व्याप्त आत्माको संचार यसै शरीरमा परिलक्षित हुनजान्छ। साधनकालको दुःखको बारेमा महापुरुषले प्रकाश पार्दै अग्रलिखित दोहाहरूमा आश्वासन दिनुभएको छ।

जग अँधियारी एक थी, हरि अँधियारी ठाट।
चक्षु चौपट बाँध के, कौश कहे चल बाट।।६८।।

शब्दार्थ- *कौश = कोसनु, कुनै भूलमा पटक–पटक गालि गर्नु।*

भावार्थ- यो पथमा आउने एउटा विशिष्ट झंझट यस प्रकार छ- **'जग अँधियारी एक थी, हरि अँधियारी ठाट।'**- जगत्को द्वन्द्व त पहिले देखि नै थियो, हरिबाट पाइने प्रारम्भिक निर्देश पनि धमिलो हुने गर्दछ। धमिलोपनको नै आवरण यस पथमा पनि रहेको छ। आँखाहरूमा त चारतहमा पर्दा बाँधि दिएको छ र अब गालि गरेर भन्छन् कि बाटो हिड़, बाटो हिड़। बिचरा कसरी हिड़ोस्? यस्तो बाधा हुँदा पनि स्रष्टा, आराध्य साथमा नै रहन्छ। अतः निर्धक्क रहनु पर्दछ।

नीति संग्रह

बाँझहि व्यापित चपल मति, कुष्टी कुपित अधीर।
निर्वन्सी 'अड़गड़' लखा, व्याकुल गृह की पीर।।६९।।

भावार्थ– बाँझहरूमा वासनात्मक चंचलता धेरै हुन्छ। कुष्टरोगीलाई क्रोध धेरै हुन्छ। यसैगरी सन्तान नभएकाहरू गृहस्थीको प्रबन्ध गर्नमा विशेष व्याकुल देखिन्छन्।

परम आतमा दरस की, एक अनूठी रीत।
पथिकन में जेहिं हरि गहे, तिन्हे मिले अलिखीत।।७०।।

भावार्थ– परमात्माको दर्शनको एउटा विलक्षण रीति यो छ कि हजारौं पथिकहरू मध्येबाट जुन पथिकलाई त्यो प्रभु स्वयंले स्वीकार गर्नुहुन्छ **'तिन्हे मिले अलिखीत'–** त्यसले मात्र त्यो तत्त्व प्राप्त गर्दछ, जसलाई देखेर वर्णन गर्न सकिदैन।

बहुश्रुत वाणी ना मिले, गहनि मिले भगवान्।
विपुल बुद्धि सो ना मिले, मिले वो जतन करान।।७१।।

भावार्थ– धेरै सुनेर, बोलेर, प्रचनन गरेर त्यो प्रभुलाई पाउन सकिदैन। त्यो पथको गहिरो तत्त्वको जानकारी क्रियाको पकड़द्वारा नै पाइन्छ। विस्तृत बुद्धिद्वारा पनि त्यो पकड़मा आउँदैन। त्यसलाई मात्र उसैले पाउँछ जो प्रयत्नशील छ। योगेश्वर श्रीकृष्णले पनि यही भन्नुहुन्छ कि अर्जुन! यत्न गरेर नै योगीजनले त्यसलाई प्राप्त गर्दछन्।

आतुर कोटिन संत में, जिन्ह कहँ पकड़ा राम।
करणी सफल बखानिये, विनु स्त्रम पावहिं धाम।।७२।।

भावार्थ– करोड़ौं पथिकहरू मध्येबाट जसको हात समातेर भगवान् आफैले चलाउन थाल्नु हुन्छ, उसको **'करनी सफल बखानिये'–** तब मात्र चिन्तनको पूर्ण सफलता संभव हुन्छ। यस्तो संरक्षकद्वारा संचालित साधकले अरू कुनै श्रमबिना नै परमधामको उपलब्धि हासिल गर्दछ।

शत्रु

कुटिल कर्म ही शत्रु है, आतम हने दुकाम।
महामित्र इक राम है, 'अड़गड़' करनी थाम।।७३।।

भावार्थ– कुटिल कर्म नै शत्रु हो। दुषित कुकृत्य नै आत्माको हत्या हो। महानतम सहायक एकमात्र राम हुन्। यदि त्यो रामको आवश्यकता छ भने करनीलाई मनको अन्तरालमा रोक्ने प्रयत्न गर्नुस्।

महाशत्रु ग्रह धाम है, महामित्र सम राम।
'अड़गड़' काया के रहे, सद्गुरु के पद थाम।।७४।।

भावार्थ– महान शत्रु गृह र धाम हुन्; किनकि गृह–प्रपंचहरूलाई नै मनले ग्रहण गर्दछ। परम हितैषी एकमात्र राम हुन्। अतः महापुरुषहरूको सल्लाह छ कि शरीर रहँदै सद्गुरुको चरणहरूलाई मनमा स्थान दिनुस्।

सुख सो उपजत राग है दुख से उपजे द्वेष।
'अड़गड़' यहि संसार के, सुख दुःख हैं परदेस।।७५।।

भावार्थ– अनुकूल पदार्थहरूको उपलब्धि सुखको प्रतीति हुन्छ, त्यसबाट राग उत्पन्न हुन्छ। यसको विपरीत प्रतिकूल पदार्थहरूको उपलब्धि दुःखको अनुभूति हुन्छ जसबाट द्वेष उत्पन्न हुन्छ। राग–द्वेषको उद्गम भएको कारण सुख–दुःख परदेश हुन्, हाम्रो धाम हुन सक्दैन।

सुरत डोर की संग में, गगन महल में जीव।
'अड़गड़' का घर अन्त में, जहँ जन जीव न पीव।।७६।।

भावार्थ– इष्टहरूको चरणहरूमा जब श्वास–प्रश्वासको डोरी लाग्दछ, तब '**सुरत डोर के संग में, गगन महल में जीव।**'– यो जीवात्मा आकाशवत् हुनजान्छ। त्यो महापुरुषको घर त्यही अनन्तमा छ, जहाँ जन, भक्त, जीव र पीवको संज्ञा समाप्त हुनजान्छ।

मन ज्योति अधिकार है, मन माया बिसरात।
'अड़गड़' तिन्हको पार है, जहँ मन दीन्हा साथ।।७७।।

भावार्थ– मन प्रकाशको अधिकारी हो। मायाको झंझटमा यो मनले सत्पथलाई बिर्सिन्छ। त्यसै पुरुषहरूको लक्ष्य पूर्णतः प्राप्त हुन्छ जसको मनले चिन्तन–पथमा साथ दिन्छ। अतः मनलाई बाटोमा (सत्पथ) लगाउनुहोस्।।।ॐ।।

दोहा-संग्रह

अड़गड़ करनी करि गये, सब जग ऊसर रूप।
जे 'अड़गड़' अवधूत हैं, सारे जग का भूप।।

'अड़गड़' करनी करि गये, जग भया ऊसर एक।
स्वयं शरीरा जल गया, बचा न एक अनेक।।

बिना इष्ट जीते नहिं, नख सिख इन्द्री जाल।
भूतऽरु भविता में स्त्रवे, मनवाँ विष बौछाल।।

सूरत सों गुरु मूरती, स्वाँसा मा सत् नाम।
उर अंदर देखत रहे, अनुभव सारे काम।।

जेहि घट सद्गुरु पूर है, सो सब साँचा जान।
ज्यों ज्यों ध्यावे रूप को, त्यो हरि काटे काम।।

पुण्य पुरातन साथ दे, पुरुष चले गुरु ग्राम।
जग की दुविधा मेट के, पहुँचे हरि के धाम।।

योग अगिनि की परत में, छिपा अमिट भगवान।
'अड़गड़' सद्गुरु सेव बिनु, योग तरंगित तान।।

भावार्थ- त्यो अपरिवर्तनशील अलख भगवान् योगानलको सूक्ष्म लहरीमा लुकेको छ, जो सद्गुरुको सेवाद्वारा नै प्रत्यक्ष हुन सक्दछ। यदि उपर्युक्त योग्यता छैन भने योग जादुगरहरूको तमाशा मात्र हो।

युग विधि आगी जगत में, तारन मारन भेद।
'अड़गड़' करनी एक में, एक बढ़ावे खेद।।

भावार्थ- अग्नि दुई प्रकारका हुन्छन् – एक तारनेवाला (पार लगाउने) योगानल, अर्को मार्नेवाला विषयानल। योगाग्निले परमात्माको दिग्दर्शन गराउँदै पूर्ण निवृत्ति प्रदान गर्दछ, जसमा त्यो 'अड़गड़' करनी (अवधूत करनी) छ। विषयाग्नि परिणाममा दुःखवर्द्धक हुन्छ।

योग अगिनि सद्गुरु कृपा, जागत मन के बीच।
'अड़गड़' सद्गुरु ना मिला, भजन जल्पना कीच।।

भावार्थ– सद्गुरुको कृपा–प्रसादले नै मानव मनको अन्तरालमा योगाग्नि जागृत हुने गर्दछ। यदि सद्गुरु भेटिएन भने भजन त हुनेछ, तर रुने–कराउने हुँदै रहनेछ। त्यसले निवृत्ति हुन असंभव छ। हो, योगमा प्रवेश गर्नमा यो सहायक अवश्य हुन्छ।

त्रय तापों की ज्वाल से, जलते सकल जहान।
'अड़गड़' वे भी ना बचे, जिन्हें अनूपम भान।।

भावार्थ– दैहिक, दैविक र भौतिक तापहरूको ज्वालामा सबै जना समान रूपले दग्ध भई रहेका छन्; कसैको पनि निवृत्ति हुँदैन। अवधूतको स्थितिवाला सन्तले भन्छ कि जुन मान्छेले निरूपम बौद्धिक स्तरको उपलब्धि हासिल गर्दछ, ऊ पनि यस ज्वालाबाट बच्न सकेन।

मन बुद्धि गति भान एक, परम रूप अनजान।
'अड़गड़' मन तद्रूप जे, पावा पूर समान।।

भावार्थ– मन र बुद्धिको गतिबाट मात्र लौकिक विषयहरूको आभास पाइन्छ, तर त्यो परमतत्त्व त मन–बुद्धिको कल्पनाभन्दा बिल्कुलै पर छ। अतः मन र बुद्धि त्योसंग एकदमै अनजान रहन्छ। अवधूत–स्थिति प्राप्त सन्तहरूले भन्दछ कि जसले मन, मानसिक प्रवृत्तिहरूलाई एकत्रित गरेर इष्टको समरूप छ, परमको स्वरूपमा जसको सुरति (मनको दृष्टि) लागेको छ, त्यस्तो अवस्था भएको भाविकले नै पूर्णमा समाहित भएर इष्टको समानान्तर स्वरूप प्राप्त गर्दछ।

मन युक्ती सों ही रुके, माला टालो लाख।
सद्गुरु प्रेरक आत्मा, मानव का बल खाख।।

भावार्थ– मनको निरोध यस योगयुक्तिको जागृति भएपछि मात्र संभव हुन्छ। चित्तवृत्ति निरोधका अरू उपायहरू योग–प्रवेशिकामा सहायक मात्र हुन्छ। त्यसले मनको पूर्ण निरोध असम्भव छ। जब सद्गुरुले साधकको आत्मासंग अभिन्न भएर प्रेरकको कार्य गर्न थाल्छ तब मात्र त्यस योगयुक्तिमा पूर्णता सम्भव हुन्छ। यस प्रक्रियामा इष्टप्रेरित साधकको अहं विनष्ट हुनजान्छ।

अन्दर का आदेश धर, चलता साधक शूर।
बिन सद्‌गुरु 'अड़गड़' नहीं, निशि दिन प्रेरक नूर।।

भावार्थ– अन्तर्जगत्‌को आदेश समातेर साहसी साधकले पवित्र पथमा हिड्‌दछ, तर दिन–रातकी प्रेरिका त्यो आभा बिना सद्‌गुरु प्राप्त हुनु असम्भव छ– यो अवधूतको स्थिति प्राप्त महापुरुषको भनाई हो।

भजन करत हैं हरि स्वयं, 'अड़गड़' का है साथ।
चलता बँध कर डोर में, डोर हरि के हाथ।।

भावार्थ– वास्तवमा भजन स्वयं हरिले नै गराउनु हुन्छ। अवधूतहरूले भन्दछन् कि त्यो प्रभु साथमा रहन्छ। त्यो पथिक वहाँ कै डोरीमा बाँधिएर, यंत्र बनेर हिड्‌दछ। जीवनको क्रियाकलाप इष्टको हातमा सुम्पेर ऊ निश्चिन्त हुनजान्छ।

अब प्रति बन्धन हू कटा, आज्ञा पालन केर।
'अड़गड़' वे रूठत नहीं, अन्त दरश में देर।।

भावार्थ– यस चिन्तन्–पथमा एउटा यस्तो पनि समय आउँछ जहाँ आज्ञा–पालनको प्रतिबन्ध पनि हटेर जान्छ। साधनाको यस अवस्था–विशेषमा अति वात्सल्यको भावावेशमा इष्ट आज्ञा–पालन न गर्दा खेरी पनि रिसाउनु हुन्न। यद्यपि अझैसम्म उसले दर्शन पाएको छैन। तर यस्तो अवस्थामा प्रभुको दर्शन अहिले नै हुन्छ कि एक छिनपछि हुनेछ– यस्तो आभास पाइन्छ। यो स्तर साधक र स्वामीको बीचमा अनुकूलता तथा वात्सल्यको हुन्छ।

जवन लोक में जन खड़ा, 'अड़गड़' मिलना आश।
उर अन्दर संचार ना, कटे न माया पाश।।

भावार्थ– प्रकृतिको जुन स्तरमा साधकले मिलनको आशा लिएर बसेको छ, त्यही स्तरमा ओर्लेर इष्ट आफैले हृदय देशमा समाहित भएर जबसम्म अनुभवको संचार गर्नु हुन्न, तबसम्म प्रकृतिबाट उत्पन्न फाँसीको उन्मूलन संभव छैन अर्थात् त्यो क्रियाको शुरुआत प्रत्यक्ष प्रेरणाद्वारा हुन्छ, जो दर्शनको प्रारम्भिक परिधि हो।

अलख निरंजन ना लखे, जन के आरत भाव।
उर अन्दर संचार ना, 'अड़गड़' डूबी नाव।।

भावार्थ– भवसागरको भयंकर तरङ्गको घात–प्रतिघातले त्रस्त शरीररूपी डुङ्गामा बसेको जीव डुब्ने भयले दुखी भएर रक्षाको लागि जब प्रभुसंग प्रार्थना गर्छ र त्यसको दुखित आवाजले द्रवित भएर जबसम्म त्यो पथिकको हृदयमा कर्णाधार बनेर अवतरित हुँदैन, तबसम्म जीवनको डुङ्गालाई डुबेको सम्झ अर्थात् डुङ्गामा माझीले स्थान ग्रहण गरेन।

गरभवास की राह में, खड़ा अकेला जीव।
समरथ सारण न मिला, तो नहिं पावे पीव।।

संकेत– प्रकृति क्षेत्रमा स्थित जीव पनि गर्भवासको शृङ्खलामा नै बाँधिएका हुन्।

जेहि दलदल में हो खड़ा, तहाँ न उतरे राम।
परमधाम हरि छाड़िके, जन नहिं लेते नाम।।
तब लगि साधक शूल है, एक सहारा नाम।
चक्षु रोपित साधना, डगर भुलाना धाम।।

संकेत– मनको आँखामा जबसम्म वहाँ विराजमान हुनुहुन्न्, तबसम्म साधकले परमको बाटो बिर्सि सकेको छ, यस्तो बुझ्नु पर्दछ।

भजन करो रति राम में, ध्यान धरो निरबाध।
जेहि दिन हरि आदर करे, तेहिं दिन पूरी साध।।
ध्यान धरे सेवा करे, वंदन आठो याम।
सद्गुण हरि आदर बिना, कबहुँ न आवे काम।।

।। ॐ ।।

प्रेरक दोहाहरू

उर प्रेरक नित सँग में, छन संशय छन जान।
जब लगि हरि सुमिरे नहीं, अनुभव में अज्ञान।।

भावार्थ- अनुरागी साधकको जागृति स्तरदेखि जब उरप्रेरक प्रभु सधैं साथमा रहन् थाल्नु हुन्छ, तत्क्षण शंका भयो भने ज्ञानको प्रकाशमा साधकको समाधान हुन थाल्छ। उरप्रेरक प्रभु संकल्पहरू एवं शंकाहरू उठ्नुभन्दा पहिले नै साधकमा विद्यमान रहनु हुन्छ र साधकका शंकाहरूको समाधान, कुतर्कहरूको निवारण हुन थाल्छ। हो, यदि साधकले यी जानकारीहरूको अनुसार आफ्नो साधना अथवा चिन्तनमा प्रवृत्त हुँदैन भने उसको अनुभवमा अज्ञानको प्रवेश हुन लाग्छ।

आपदा काटन उतरे, बीच न राखे कोय।
अनत कहीं अवतार ना, परम आतमा सोय।।

भावार्थ- पथिकको आपदा-जीवात्मभावको संकीर्णतालाई समाप्त गर्नको लागि नै इष्टले उसको हृदय-देशमा अवतरित हुन्छ तथा साधकसंग अलिकति पनि केही लुकाएर राख्नु हुन्न। जुन आत्मामा वहाँ विदित हुनुहुन्छ, त्यो नै परमात्मा हो, अन्त कतै पनि अवतारको प्रादुर्भाव हुँदैन।

प्रेरक बन रस्ता चले, जो कोई सेवक होय।
स्वयं सीस चरनन धरे, दास कहावे सोय।।

भावार्थ- यदि कोही सेवक छ भने स्वयं प्रभु नै प्रेरक बनेर भक्तको बाटो पूर्ण गराउनु हुन्छ। हो, त्यो प्रेरणा पाउनको लागि सर्वतोभावेन पूर्ण समर्पणको विधान छ।

चेतो अपने आप में, छोड़ो मन की माख।
मत मतिया अभिमान है, भजन मिलानी खाख।।

देवता

सभी जगत के देवता, जोर लगावे जाय।
जब लगि सतगुरु सीख ना, मूरख गोता खाय।।

प्रथम सीढ़ी के देवता, अवसि लगावे पार।
आगे सीढ़ी अनत की, गुरु महिमा आधार।।

देवन पूजा एक तक, अरथ पाय बस बोल।
मन चाहो परतत्वको, सतगुरु संगत डोल।।

भावार्थ- देवी–देवताहरूको पूजा साधनाको प्रारम्भिक स्तर हो। यो पूजाले सिद्धि र सम्पत्ति दिलाएर अब पुरा भइसक्यो भनी दिन्छ अर्थात् त्यो भन्दा परको परमतत्त्वको दिग्दर्शन गराउन उसको क्षमताभन्दा बाहिरको कुरा हो। अतः यदि अन्तर्मनले परमतत्त्वलाई चाहन्छौ भने सद्गुरुको संगत गर्न हिड़। उनको निर्देशनहरूमा, संकेतहरूमा हिड़, त्यसको पालन गर।

देवी देवता सत्य हैं, आधी दूरी अन्त।
आगे सत्गुरु एक हैं, काटत बाधा जन्तु।।

शब्दार्थ- *जन्तु = क्षुद्र मायिक जीवनको बाधा।*

भजन भरोसे एक लगि, अब हरि साधा मौन।
जन बन्दन गति ना मिले, बन्धन काटे कौन।।

करता धरता आप हैं, संत कहत कर जोर।
जहँ गुरु प्रेरक ना मिला, अन्ध मचावे शोर।।

प्रभुवर पूरा करत हैं, उज्जवल पूरा खेत।
जग अँधियारी तब मिटे, मन उजियारी लेत।।

चेतावनी

विष विषया के गर्त में, विष ही विष चिल्लाय।
मन संतुलन मिट गया, सीख कहाँ ठहराय।।

मदमाते ऐंठे फिरैं, विजय आश दिन रात।
अन्त समय पछतावना, रहा न सँग कोउ साथ।।

विषयानल में है पड़ा, जलता आठो याम।
क्षण भंगुर सुख कारने, टूटा हरि का धाम।।

आशा ऐसा जाल है, फँसे सयाने आय।
श्रृंगी की परतीति ना, गुरु रहे विलमाय।।

शब्दार्थ- *विमलाय = पछुतो गर्दै सहने र सन्तोष गरेर।*

जब लगि हरि नहिं आदरे, करम कटे न कोट।
हरि अनुशासन ना मिली, भजन भाव में खोट।।
भोले बालक भक्त हैं, आज्ञा सहें न भार।
माता सम पालन करें, हरि संभाले सार।।

संकेत- भक्तको सजावट, संभार, उसको योगक्षेमलाई स्वयं भगवान्‌ले नै निर्वाह गर्नुहुन्छ। भक्तमा निहित सार–तत्त्वको सुरक्षा, त्यसलाई यत्नको साथ राख्ने कार्य स्वयं भगवान्‌ले नै गर्नुहुन्छ।

अष्ट अंग के मूल में, शम दम संयम नींव।
सुरत जो साधा मूल में, 'अड़गड़' पावे पीव।।

साधनाको आरम्भ

जेहिं क्षण हरि लीला करैं, कारण करैं जन हेत।
सब जन ज्वाला पलक में, कटै लगे हरि हेत।।

भावार्थ- साधनात्मक जीवनको जुन क्षणमा हरिले लीला गर्न चाहनु हुन्छ, तत्क्षण जनहितमा त्यस्तै कारणको संरचना गर्नुहुन्छ, जस्तो– गोस्वामी तुलसीदास र राजा भर्तृहरिको लागि स्त्री, गौतम बुद्धको लागि वृद्धावस्था, शव, रोग इत्यादि र परमहंसजी महाराज तथा कयौं अरू महापुरुषहरूको लागि आकाशवाणी तथा अनेकौंको लागि स्वप्न संदेश इत्यादि। लीलाधरको लीला–विस्तारका अनन्त कारणहरू मध्ये निम्नलिखित तीन कारणहरू मुख्य छन्–

अ. कसैबाट प्रताड़ित हुँदा अथवा मान–मर्यादाको समाप्ति भएमा,

ब. कुनै डरलाग्दो दृश्यको उपस्थितिबाट तथा

स. ईश्वरको मूल आदेश– आकाशवाणी, स्वप्न इत्यादिबाट।

प्रभुको कृपा–प्रसारले भक्तलाई पछ्याई रहेका रापहरू पलभरमा काटिन्छन् र ऊ हरिको प्राप्ति गर्नमा लाग्दछ।

पल छिन करुना करत ही, रुचे न जग की रीत।
सगे सम्बन्धि अस लगें, मरण काल की चीत।।

भावार्थ- पलभरको लागि मात्र भए पनि यदि कसैमाथि प्रभु-करुणाको उपलब्धि भयो भने त्यसलाई जगत्को रीति-रिवाज, लौकिक व्यवहार राम्रो लाग्दैन। नाता-गोताहरू मृत्यु-जस्तो लाग्दछ।

जो अनुरागा अंग में, नख सिख व्यापी मूर।
राति दिवस ना लखि पड़े, हरि हित लड़े जरूर।।

भावार्थ- साधकको शरीरमा अनुराग आयो, नङ्गदेखि टुपोसम्म त्यो जड़ी आएपछि त्यो अनुरागी रात-दिनको चिन्ता नगरीकन परम हितैषी हरिलाई पाउनको लागि अवश्य नै निरन्तर संघर्षरत हुनजान्छ। मनसमेत इन्द्रियहरूको विषय-प्रवाहलाई निरोध गर्नको लागि र त्यसलाई इष्टमा विलय गर्नको लागि प्रयत्नशील हुन्छ।

जो अनुरागा अंग चढ़े, रुचे न सुख की रीत।
पागलपन मन प्रीति में, अजब अनोखी रीत।।

भावार्थ- यदि केहीगरी अनुरागले अंगहरूमा सबैतिर छायो भने सांसारिक सुख-सुविधाहरू र रीति-रिवाजहरूमा रुचि हुँदैन। यस्तो अनुरागी पथिकले विचित्र, विलक्षण रीति पाउँछ जसले गर्दा उसको शरीरमा पागलपन र मनमा प्रीति समाहित हुनजान्छ।

जो अनुरागा अंग चढ़े, सुने न काहू बात।
शीत वात आतप सहे, संग रहे दीन जात।।

भावार्थ- यदि केहीगरी अनुरागको धारा शरीरमा प्रवाहित भयो भने भाविकले अरू कसैको कुरा सुन्दैन। उसले जाड़ो-हवा-गर्मी सबै थोक सहन गर्दै रात-दिन प्रभुसँग नै रहन्छ।

जो अनुरागा अंग चढ़े, भागे रुदन कराय।
हरि के सुमिरन सुख मिले, जग के देखि डराय।।

अनुरागी के उर बसे, देखनहारा साथ।
सदा सँभाले बाल ज्यों, करैं करावैं नाथ।।

अनुरागी के उर बसे, तुष्ट रुष्ट दरसात।
हरि परतीती जिन तजा, काहू न पूछी बात।।

भय तथा अभय

डर करनी डर परम पद, डर बिनु नरकहि जाय।
सहज प्रीति के कारने, हरि संग डरि डरि जाय।।

भावार्थ– भयको जागृतिले नै वास्तविक सत्क्रिया पार लाग्दछ, होइन भने मानिसहरू वासनाको एक–एक थोपामा डुबी रहन्छन्। भयबाट नै परमपदको सुराग पाइन्छ, यसैबाट परम पदसम्मको दूरी तय हुन्छ तथा त्यसै स्वरूपमा विलय हुन्छ। डरबिना नर अधोगतितिर उन्मुख हुन्छ, अतः हरिसँग सधैं डराई रहनु पर्दछ। यस्तो भयले नै पूर्ण अभय 'अकुतोभय'को स्थिति दिलाउँछ।

केवल जन हरि सों डरे, तन मन साधत सार।
जा दिन हरि सों ना डरे, गर्भवास का भार।।

भावार्थ– सार–तत्त्वको साधनामा तन–मनले लागेको जन नै भगवान्‌संग डराउँछ। जुन दिन इन्द्रिय र विषयहरूको प्रवाहमा उसको मनबाट हरिको डर बगेर जान्छ, तत्काल ऊ साधन–विमुख भएर गर्भवासको भारीले थिचिन्छ अर्थात् पतनोन्मुख भएर प्रकृति क्षेत्रमा जन्म–मृत्युप्रधान जीव बन्न जान्छ।

जा दिन सद्‌गुरु डर गया, मिटा गर्व में ज्ञान।
दर दर भटका गर्भ में, कउआ हरि जन जान।।

भावार्थ– जुन दिन सद्‌गुरुको भय समाप्त हुन्छ, त्यसै बेला बौद्धिक उपलब्धिको अभिमानको प्रभावमा कल्याणकारी ज्ञान समाप्त हुनजान्छ। यसकारण भगवान्‌को भक्त कागभुशुण्डिजीले पनि विभिन्न योनिको गर्भवासमा भौंतारिनु पऱ्यो।

सब कोई डरता काल सों, मंझ महल लेइ जाय।
एकरस जो हरि सों डरे, एकरस रूप कहाय।।

चेतावनी

जान माल रक्षा करन, सकल सलोने संग।
बिना गुरु के ज्ञान रंग, सकल सहारा भंग।।

भावार्थ– ज्यान–मालको रक्षा गर्ने सबै माध्यम र प्रिय परिवार साथमा

छन्, तर यदि गुरुको भित्रको रंग चढ़ेको छैन भने यी क्षणभंगुर आश्रयहरूद्वारा कल्याण हुनेवाला छैन, यिनीहरूबाट पूर्णताको उपलब्धि असम्भव छ।

ईश्वर माया संग नहीं, जो जन पावा नन्द।
निरभय निशि दिन अछत तन, कटा मलिन मन फंद।।

भय भीतर में मर गया, जब गति अगिनी जोग।
सद्गुरु शरणागत नहीं, क्यों काटे भव रोग।।

भावार्थ– जब त्यो अलख, आवाङ्मनसगोचर पुरुषसँग गति सम्बन्ध एवं संयोग हुन्छ, तब अन्तर्मनको भय सधैं–सधैंको लागि मेटिन्छ। यदि पूर्ण अनुभवी सद्गुरुको शरणागति उपलब्ध भएन भने भवरोगको अन्त हुँदैन? अर्थात् पूर्ण सद्गुरुको अभावमा भवरोगबाट निवृत्तिको विधान छैन।

मुक्ति निरभयानन्द में, भुक्ति भय में भोग।
सूक्ति सनेहा खपत है, हरि गुरु संगति जोग।।

शब्दार्थ– *मुक्ति = भव–बन्धनबाट छुटकारा, भुक्ति = भोग पदार्थ, सूक्ति = वेदहरूका सूक्तिहरू।*

करम र करनी के हो?

सद्गुरु की मुक्ती महा, करम से पावे जीव।
काम क्रोध त्यागे बिना, करम अरम्भ न सीव।।

भावार्थ– सद्गुरुकृपाले सुलभ महान् मुक्तिलाई जीवात्माले आराधनाबाट नै प्राप्त गर्दछ। काम, क्रोध, मोहादिको परित्यागबिना यस कर्मको आरम्भ हुँदैन र न त्यो कैवल्यधाम शिवमा प्रवेश नै पाइन्छ। प्रश्न उठ्छ कि कर्म के हो?

करम एक आराधना, पल पल रीझत राम।
करम एक संशय नहीं, स्वांस सुमिरिनो नाम।।

भावार्थ– कर्म के हो? त्यो सत्यको आराधना! वास्तविक कर्म आराधना नै हो, जस्तो कि गीतामा पनि भनिएको छ। जसले क्षण–क्षण रामलाई प्रसन्न पार्दछ। वास्तवमा शंका मेटाउने कर्म एउटा मात्र छ– जो कुनै महापुरुषको कृपाले प्राप्त हुन्छ। त्यो कर्म हो– स्वाँस सुमिरनी।

ब्रह्मचर्य 'मन जयबाट'

ब्रह्मचर्य विधि दोय में, तन संयम मन लीन।
एक में बस इन्द्रिय करै, दो में ब्रह्म चलीन।।

व्याख्या– ब्रह्मचर्य–पालनमा दुई विधानहरूको विशेष महत्त्व छ– शरीरको संयम तथा मन ब्रह्ममा लीन हुँदै रहनु, कानका प्वालहरूद्वारा विषयवर्द्धक संगीतमा रस लिनु, हातले कोमल कामोत्तेजक स्पर्श गर्नु तथा अर्कोतिर जननेन्द्रिय नियन्त्रणको कुरा सोच्नु परस्पर विरोधी, असंगत तथा बिल्कुलै असंभव छ। यो त जमेको घीउलाई आगोको नजिकमा राख्नु जस्तो हो। अतः सर्वप्रथम मातिएका सम्पूर्ण इन्द्रियहरूलाई विषय–वासनाहरूबाट समेटेर केन्द्रित गर्नु पर्दछ। त्यसपछि पूर्ण हृदयले ब्रह्मको आचरणमा मनलाई प्रवृत्त गर्ने विधान छ। विस्तारै–विस्तारै साधकमा जब ब्रह्मको कृपा–प्रसाद प्रकाशित भएपछि कामादिको प्रभाव स्वतः समाप्त भएर जानेछ। पूज्य श्री गुरुदेव भगवान्‌ले यस विषयमा भन्ने गर्नु हुन्थ्यो कि तीन–चार वर्षको बालक र स्वरूपस्थ महापुरुष समान मनःस्थितिवाला हुन्छन्– "हो, शरीर मात्र ठूलो छ, तर मानसिक स्थिति ठीक त्यस्तै हुन्छ जस्तो अबोध बालकको हुने गर्दछ।" जुन प्रकारले त्यो अबोध शिशुमा हामी कामको कल्पना गर्न सक्दैनौ, त्यसै प्रकार स्वरूपस्थ महापुरुष पनि विकाररहित हुन्छ। यसै भावको विस्तार अग्रलिखित दोहाहरूमा छ।

प्रमथ प्रबल इन्द्रिय महा, ममता मेटो धाय।
सब इन्द्रिय संयम करै, तौ ब्रह्मचर्य कहाय।।

सब इन्द्रिय विषया चरै, खान पान रस भोग।
जननेन्द्रिय रोका चहै, मूरख मलीन कुजोग।।

मन से इन्द्रिय वश करै, मन से जनन निरोध।
मन से शुभ सरिता चढ़ै, मन संग मिटे विरोध।।

शब्दार्थ– *जनन = जननेन्द्रिय, विरोध = मायिक विरोध।*

भजन पूर्ति काल में, हरि प्रगटे मन लीन।
सतम अंश मनवा चले, तो पुनि साधन कीन।।

साधन श्रम करते बना, पता न पाया धाम।
था हताश हर फंद में, पत राखी घनश्याम।।

भावार्थ– साधन साधकले नै गर्नु पर्दछ, तर इष्टको नजिकको केही स्तर यस्तो पनि छ जहाँ साधनाको गति छैन किनकि भगवान् मन–बुद्धिभन्दा पर हुनुहुन्छ। मन–बुद्धिको निरोधसम्म त साधकले हिड्दछ तर अगाड़ि केही यस्तो बाटो छ जहाँ इष्टदेवले नै घुमाई–फिराई गरेर आफ्नो स्वरूपको बोध गराउनु हुन्छ। यही तथ्य प्रस्तुत दोहाले उद्घाटित गर्दछ कि जहाँ साधनले श्रम त गरे, तर धामको पत्तो लाग्न सकेन। जब चिन्तनको प्रत्येक प्रयासबाट साधक हरेस हुन्छ, तब भगवान्ले नै उसको साधनको लाज राख्दछ र उसलाई पूर्णता प्रदान गरेर स्वरूप बोध गराउनु हुन्छ।

स्वयं हरि ने बन्द किया, साध्य समेटी चित्त।
अब हम रूखे रेड़ ज्यों, विकल रहो भयभीत।।

भावार्थ– साधनामा एउटा स्तर यस्तो पनि आउँछ जब हरिले साधन बन्द गराई दिनुहुन्छ र आफू देखा पनि पर्नु हुन्न्। त्यस समयमा साधकको अवस्था सुकेको रेड़ (अरण्डी) जस्तो हुन्छ। प्रभुको अनुपस्थितिमा ऊ व्याकुल हुनजान्छ।

।।ॐ।।

अनुभवका अनन्त शाखाहरू छन्
जसमा चार मुख्य छन्

अनुभव अवतारी कहे, जन हित हो अवतार।
हरि जन अन्दर बोलते, समझे सुरत संभार।।
अनुभव सो संगति करै, अनुभव से जप जोग।
जो अनुभव अरजी सुने, अवसि मिटे भव रोग।।

भावार्थ– भक्तको परमकल्याणको कामनाले भगवान् नै आत्मासंग अभिन्न भएर, आत्मप्रसारित भएर अनुभवहरूको सूत्रपात् गर्नुहुन्छ। त्यो हरि स्वयं भक्तको हृदयबाट बोल्नु हुन्छ, सुरतको हेरचाह गर्दै रहनु हुन्छ।

अनुभव गुरु की बात है, हृदय बसे दिन रात।
पलक पलक अरु स्वांस में, विपुल भेद दरसात।।
अनुभव वाणी राम की, बिना ज्ञान का ज्ञान।
ताते गुरुवर कह गये, अनुभव है विज्ञान।।

भावार्थ– अनुभव त्यो सर्वत्र रमण गर्ने परात्पर ब्रह्मको प्रकाश हो, त्यो प्रभुको वाणी हो। यो बिना ज्ञानको ज्ञान तथा विज्ञान हो। यसले विषय–वस्तुहरूको संयोगले प्राप्त विशाल बुद्धिको अपेक्षा गर्दैन, यसैकारण तत्त्वदर्शी सद्गुरु महर्षिहरूको ऋतम्भरा प्रज्ञाले यी अनुभवहरूलाई विज्ञानको विशिष्ट संज्ञाले विभूषित गरेका छन्।

भव माने भव धार है, अनु माने कर अन्त।
ताते अनुभव नाम धर, सन्त सँभारे कन्त।।

भावार्थ– अनुभव शब्द दुई शब्दहरूको संयोगले निर्मित छ– अनु तथा भव। 'भव'को तात्पर्य संसृतिको विकृत धाराप्रवाह तथा 'अनु'को अर्थ तिनीहरूको अन्त हुनु हो। यसप्रकार आवागमनको अन्त अनुभव संचारले अनुप्राणित भएर साधकले त्यस कन्तलाई प्राप्त गर्दछ।

केवल कन्त हरि रूप हैं, सबका मूल एकन्त।
मन गोचर गति ना मिले, अनुभव साधे सन्त।।

अनुभव सों हरि देखिये, अनुभव संगति कन्त।
अनुभव सो इन्द्रिय तके, सुख दुख में भरमन्त।।
अनुभव केवल पथ चले, जेहि विधि प्रकटै सोय।
कहु संसारी बूझ में, फँसे विकल केहि रोय।।
अनुभव धार अनन्त की, साधन की गति चार।
जाहिं न गुरु सो लखि पड़े, क्यों कर बेड़ा पार।।
साधन के सुख मूल में, निराकरण कर भूति।
अंग न अनुभूति चढ़ी, साधन रंग न दूति।।

शब्दार्थ- *दूति = द्वैत।*

स्वप्न-सुरा सम्बन्धि अनुभव

प्रथम अनुभव स्वपन में, बोले शुभ परतीति।
प्रकट सराहै रूप को, प्रकटे माया जीति।।
शुभाशुभम् नित लखि पड़े, भावी प्रकटे सोय।
सपना सम सपना नहीं, जहाँ जगत रह रोय।।

अंग-स्पन्दन

स्वप्नसँग मिल्दो-जुल्दो अंग-स्फुरन अर्को प्रकारको अनुभव हो जसलाई स्थूल सुरा-सम्बन्धि अनुभव भनिन्छ। अंग-फरफराउनु सद्गुरुको आदेशको शृंखला नै हो। यसबाट पनि साधकलाई व्यवस्थित सहयोग मिल्छ। हो, साधकले यो ध्यान राख्नु पर्छ कि अंग-स्पन्दनले इन्द्रिय तथा तिनीहरूको विषयहरूको कामना नगरौं। ती अनुभवहरूको उपयोग इष्टले देखाएको विस्तृत पथमा गरोस्।

स्थूलसुरा-सम्बन्धि अनुभव

लगी लपेटी अनुभवी, अंग फड़कनी रीत।
पल पल में परतीति दे, सब तन फड़की भीत।।
सब अंग सिहरत हरि चले, चलते बात बतात।
फड़कत है फल देत है, निष्फल किरिया जात।।

दैवी आसुरी सम्पती, युद्ध चला अरराय।
फड़कन में सब लखि पड़े, दास रहे सुख पाय।।
पूरा सद्गुरु सेव कर, निरदेशन चलि जाय।
ये दोनों प्रकटे प्रथम, आगे राह निकाय।।

सुषुप्ति सुरा–सम्बन्धी अनुभव

स्थूल र स्वप्न सुरासँग सम्बन्धित अनुभवहरू सद्गुरुको सेवा, वहाँको निर्देशानुसारको अलिकति मात्र साधन गर्नाले आरम्भ हुनजान्छ, तर सुषुप्ति सुरा–सम्बन्धि अनुभव लामो समयको अभ्यासको फलस्वरूप जब मनको डोरी इष्टसँग लाग्न थाल्दछ, तब आरम्भ हुन्छ अर्थात् त्यो क्रियात्मक अनुभव हो। समसुरा–सम्बन्धी अनुभव इष्टको नजिकको क्षेत्रमा हुन्छ।

सुषुप्ति अवस्था

शुभ में सोये सन्त जन, भजे तैल की धार।
सुषुप्तावस्था प्रकट तन, जागत सुरत अधार।।
गहरी निद्रा सोवते, स्वप्न न आया कोय।
भ्रमवश सुषुप्ति कहत हैं, अन्त चले सब रोय।।

भावार्थ– सांसारिक मानिसहरू गहिरो निद्रामा यति अचेत भएर सुत्छन् जहाँ अलिकति पनि स्वप्नको आभास हुँदैन। भ्रमवश मानिसहरूले यसलाई नै सुषुप्ति मान्दछन् तर अन्तमा सबै थोक गुमाएर प्रस्थान गर्दछन्। सुषुप्ति अवस्था कुनै साधनामा लागेको योगीले निरन्तरको अभ्यासपछि उपलब्ध गर्दछ। यदि मात्र गहिरो निद्रालाई नै सुषुप्ति भन्ने हो भने अत्यन्त स्थूल बुद्धिले कार्यरत किसान एवं श्रमिकहरूलाई यो सहज रूपले नै प्राप्त हुन्छ; तर वास्तविकता यो होइन।

कृषक परिश्रम करत है, स्वप्न न दरसे कोय।
योग युक्ति काहू मिले, गाढ़ नींद ना होय।।

भावार्थ– शारीरिक श्रमको अधिकताले किसानहरूलाई यति गहिरो निद्रा लाग्दछ कि उनीहरूले सपना देख्दैनन्। सुत्ने वित्तिकै एउटै निद्रामा बिहान भई हाल्छ, बीचमा कुनै होस रहँदैन। तर वास्तविक सुषुप्ति योग–युक्तिको

माध्यमद्वारा कुनै प्रयासशील विरलै साधकले नै प्राप्त गर्दछ। सामान्य किसानहरूको गहिरो निद्रालाई सुषुप्ति मान्नु अनुचित हुन्छ।

सुषुप्ति सुरा–सम्बन्धि अनुभव

भजन करत बहु काल तक, सुरति डोर लगि जाय।
तब प्रकटे सुषुप्ति में, अनुभव नित्य तराय।।

भावार्थ– भजन–चिन्तनको दीर्घकालीन अभ्यासको परिणामस्वरूप सुरतको डोरी इष्टसंग लाग्दछ, तब सुषुप्ति अवस्था प्रत्यक्ष हुने गर्दछ। यस अवस्थाको अनुभव सधैं सत्य तथा पार गराउने खालको हुन्छ। यो निद्राको अवस्था कदापि होइन।

जग से सुरत खींच के, प्रभु में सुरत प्रवीन।
ता छन अनुभव सुप्ति की, प्रगटे देख नवीन।।
देह भान मिट जाय तो, मन सोवै तन देख।
अनुभव ऐसे में मिले, सुषुप्त सुरा की लेख।।

भावार्थ– निरन्तर अभ्यासरत पथिकहरूमा भजन गर्दा–गर्दा जब देहको अध्यास समाप्त भएर मन इष्ट स्वरूपमा विलिन हुन जाओस् र शरीरमा निद्रा पनि न होस्, अर्थात् शरीर जागृत रहन्छ, यस्तो अवस्थामा पाइने अनुभव सुषुप्ति–सुरा कहलाउँछ।

तन की निद्रा जग लखे, मन की निद्रा सन्त।
मन सोवत में लखि पड़े, सुप्ति सुरा का तन्त।।।

शब्दार्थ– *तन्त = निष्कर्ष।*

सुप्त सुरा में जो मिले, सृजन विसृजन सार।
कबहुँ न झूठा होत है, संत चले निरधार।।

सम–सुरतकालको अनुभव

सम सुरत सम ब्रह्म बिनु, उपजे ना परतीति।
जो कछु ब्रह्म लखि पड़े, सरबस मिटे अनीति।।

सब बोले सब सुनत है, समदरसी जन एक।
ऐसी वाणी अन्त की, हरिजन विमल विवेक।।
बैठे लेटे चालते, करत सकल व्यवहार।
सत् सों डोरी यों लगे, कबहूँ न टूटे तार।।

भावार्थ– वास्तवमा योगीको कर्म अशुक्ल र अकृष्ण हुन्छन्। उनीहरूद्वारा सम्पादित हुने कर्महरूको न शुभ परिणाम हुन्छ र न त्यसबाट अशुभ संस्कार नै हुने गर्दछ। उनीहरू ब्रह्मको समकक्ष नै हुन्छन्। यसै स्थितिको दिग्दर्शन यस दोहामा छ कि बस्दा, पल्टिदा, हिड़दा तथा सम्पूर्ण व्यवहार गर्दा–गर्दै पनि सत्यसंग सुरतको डोरी यसप्रकारले लागोस् कि कहिल्यै पनि नटुटोस्।

ऐसी करनी जब मिले, जन मन पूरा सार।
सब जन में देखत रहे, सम सुरा उस पार।।

भावार्थ– जब शुभाशुभबाट निर्लेप क्रिया एवं यसप्रकारको निर्लेप करनी प्राप्त हुन्छ, तब भक्तको मनमा त्यो सारतत्व पूर्णरूपेण प्रसारित हुन्छ। यस्तो पुरुष चराचर जगत्को द्रष्टा मात्र हो। त्यो सबैतिर सम छ अर्थात् सम–सुरा प्रकृतिभन्दा पारी एवं परमात्माको सामञ्जस्यको परिचायक हुन्छ।

सम सुरा तबही मिले, तन मन पूरा लीन।
अनुभव सद्गुरु रूप है, शरण गये परवीन।।
हरि उर अन्तर उतरे, बिसरे ना बल जोर।
जहँ माया मृत वाहिनी, तहँ हरि व्यापा मोर।।

भावना

भली सुहासिन भावना, भरण करे जन हेत।
आठ पहर आहें ढुरे, भली बुरी कहि देत।।
धीर बधावें भावना, आफत में सन्तोष।
जो हरि कबहुँक रूठते, लपकि चलावे पोष।।
हरि तोषन जन औषधी, घट घट में परसार।
भजन भावना मिट गई, चौरासी की धार।।

करुणामय हरि देत हैं, अविरल भाव अलेख।
एक चरण तजि आस ना, तूँ क्यों सारत भेष।।
हरि तोषन जब औषधी, हर उर में परसार।
भावहीन सब बह गये, भव सरिता की धार।।
भाव सकल बाधा हरे, जो मन चित से होय।
भाव ही कृपा करत है, लौटन में हरि होय।।

भावार्थ- 'भाववस्य भगवान सुख निधान करुना अयन।' हृदयको बलियो भावले सम्पूर्ण बाधाहरूको हरण गर्दछ। सच्चा मनको भाव नै कृपाको कारण हो, कर्ता हो। त्यही भाव हरि–पदको स्पर्श गरेर फर्कने वित्तिकै साधकलाई हरिको स्थितिसंग अलंकृत गर्दछ।

भाव भरत बाधा कटे, पलट कृपा को रूप।
भाव हीन मृत लोक में, नीच पड़े भव कूप।।

भावार्थ- हृदय पूर्णतः भावपूरित हुने वित्तिकै सम्पूर्ण बाधाहरूको अन्त हुन थाल्छ। हाम्रो भाव नै इष्टको कृपाको रूपमा फर्किन्छ। भावहीन व्यक्ति यस मृत्युलोकमा भवकूपको पथिक हो।

जन के बस में भाव है, भाव वस्य भगवान।
भाव ही मुक्ति देत है, भाव संभारे ज्ञान।।

भावार्थ- बढ़ी बोल्नेवाला, बढ़ी सुननेवाला र उपदेशक जस्ता बौद्धिक ज्ञानी पनि परमको उपलब्धि सरितामा डुब्की लगाउने गर्दछन्। यदि सद्गुरुको विशिष्ट क्रिया हृदयलाई छेड़ेर साधकमा प्रवाहित भएन भने ज्ञानमा पनि अज्ञान विद्यमान छ– यस्तो सम्झिनु पर्दछ।

ज्ञान

ज्ञानी गोता खात है, ध्यानी धूसर ध्यान।
जो सद्गुरु बेधे नहीं, ज्ञानहुँ में अज्ञान।।
हरि दर्शन पर ज्ञान है, जो कहुँ परगट होय।
प्रत्यक्ष दर्शन ना मिला, तो सब अंधक होय।।

भावार्थ– इष्टको प्रत्यक्ष दर्शनको साथै पाइने जानकारीको नाम ज्ञान हो। हो, यदि यस्तो विदित भयो भने परम सौभाग्य हो। यदि त्यस परमतत्त्वको प्रत्यक्षानुभूति भएन भने सबैजना अन्ध्यारोका बटुवा हुन्।

दरसन पूरा ज्ञान है, बुद्धिमता अज्ञान।
साधन का श्रम चलत है, केहि पर करै गुमान।।

संकेत– साधन–कालमा कोही पनि छैन, ज्ञानको लागि प्रयास मात्र हो।

सब कुछ श्रोता सुन गया, बाकी पूरी राह।
'अड़गड़' हरि पथ पूर ना, कथा सुनावे काह।।
साध मिटी साधन मिटा, जब देखा निज रुप।
अब कहु भिन्न कि एक में, कहाँ पड़े भव कूप।।

अजामिल एवं गणिका

गुरु सन ए अनुभव सुनी, रूपक कथा अनेक।
नाम अजामिल जीव संग, नचनी इन्द्रि अनेक।।
ज्ञानवन्त गणिका बिना, पूर न पाया कोय।
जेहिं घट गणिका अज तरे, संत मता है सोय।।

शब्दार्थ– *अज = अजामिल।*

घट अन्दर गज गणिका, अजामिल एक ओर।
जब नारायण लखि पड़े, गणिक करै बर जोर।।

भावार्थ– हृदयभित्र नै गज छ, गणिका छ, एकातिर अजामिल पनि छ। जब नारायण एवं इष्टोन्मुखी वृत्ति हुन थाल्छ, तब यी इन्द्रियहरूले जबरजस्ति विषयहरूतिर मनलाई आकर्षित गर्न थाल्दछन्।

शब्दार्थ– *गणिका = गो, इन्द्रिय।*

गणिका गो रस हो लखे, हरि रस लखे तो रोय।
अब गो गमनी कवन विधि, रोके नारायण कोय।।
अजर अमर जो आत्मा, विधि गणिका गो बीच।
नारायण की लगन ना, कौन छुड़ावे कीच।।

संकेत– अजर–अमर आत्मा नै नारायणको प्रतीक हो।

अजर अमर जो आत्मा, अजामिल की रेख।
फँसा गणिक भव जाल में, फंद छोड़ जो देख।।

भावार्थ– अजर–अमर आत्मा नै अजामिलको विचार–प्रवाह हो। त्यो गणिका अर्थात् मनसमेत इन्द्रियहरू भवजालमा बलपूर्वक, हठपूर्वक फँसेको छ। त्यो पासोबाट त्यसले मात्र बच्न सक्दछ जसले त्यो सत्यको दिग्दर्शन गरिसकेको छ।

नारायण लौ लगत ही, प्रगटे पावन ज्ञान।
यम फंदा भव भागि गा, सत प्रगटत परवान।।

संकेत– भगवान्प्रति लगनको आविर्भाव हुनु नै छोराको जन्म हो। भगवान्मा हार्दिक लगन लाग्यो भने भव–बाधाको अन्त तथा सर्वरूपको प्राप्ति हुन्छ।

'अड़गड़' उल्टे नाम की, महिमा है सब कोय।
जप गति अजपा में ढले, उलटा जाने सोय।।

नाम रूप दोउ संग है, हरि दर्शन का पोत।
तेहिं चिन्ते बहु भेद में, प्रकटे लीला स्त्रोत।।

नाम रूप उर जागते, उपजत लीला श्याम।
लीलाधर परसत मिले, जन को जीवन धाम।।

नाम जपे से नीचहू, परम धाम सिरमौर।
'अड़गड़' ते नर धन्य हैं, जिन्ह कहँ राम सरोर।।

।।ॐ।।

शास्त्र-सार

- सम्पूर्ण सृष्टिमा धर्म एउटै हो- अमृत-तत्वको प्राप्ति, सधैं रहि रहने शाश्वत शान्ति, अनन्त सुख र त्यसको आरम्भ छ परमात्मामा श्रद्धा।

- सत्य एकमात्र परमात्मा हो। जसले यस सत्यलाई बलियो बनाउदैन, त्यो धर्म होइन् । यदि धर्ममा यो सच्चाई छैन भने जीवन पनि निरर्थक भएर जान्छ।

- जुन व्यक्तिले एक परमात्मामा श्रद्धा र ॐ अथवा राम अथवा जुन त्यस परमात्माको परिचायक हो, यस्तो कुनै एउटा नामको स्मरण गर्दछ ऊ धर्मलाई न जान्ने पनि शुद्ध धार्मिक हो।

- जुन शाश्वत छ, अपरिवर्तनशील छ, सनातन छ, त्यो धर्म हो र जुन आज छ तर भोली रहने छैन, नश्वर छ त्यो अधर्म हो।

- विश्वमा धर्म एउटै छ। शाश्वत एकमात्र परमात्मालाई प्राप्त गर्ने यत्न नै धर्म हो। परमात्मा पनि यदि दुइवटा छन् भने उसको लागि अर्को सृष्टि चाहिन्छ, उसलाई व्याप्त हुनको लागि, बस्नको लागि।

ॐ

श्री परमहंस स्वामी अड़गड़ानन्दजी आश्रम ट्रस्ट

न्यू अपोलो एस्टेट, गाला नं 5, मोगरा लेन (रेलवे सबवे के पास), अंधेरी (पूर्व), मुम्बई – 400069

फोन - (022) 28255300 • ई-मेल - contact@yatharthgeeta.com • वेबसाइट - www.yatharthgeeta.com